# त्रिभुवन विश्वविद्यालयको इतिहास
## (वि.सं.२०१६-२०३९)

(भाग-१)

प्रा.भवेश्वर पंगेनी (विद्यावारिधि)

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ, नेपाल
वि.सं. २०७६

T.U. Central Library of Nepal Cataloguing - in - Publication Data

पंगेनी, भवेश्वर

त्रिभुवन विश्वविद्यालयको इतिहास : वि. सं. २०१६-२०३९ / भवेश्वर पंगेनी. - काठमाडौं : त्रिभुवन विश्वविद्यालय, २०७६ वि.

xxviii, ९३४ पृ.: सचित्र

नोट : भाग - १

सन्दर्भग्रन्थसूची : पृ. ८८७-९३४

ISBN 978-9937- 0-6199-5

१. त्रिभुवन विश्वविद्यालय - इतिहास I. शीर्षक

378.0095496

P291t dc 23 201907674

---

**पुस्तक :** त्रिभुवन विश्वविद्यालयको इतिहास
(वि.सं.२०१६-२०३९)
(भाग- १)

**लेखक :** प्रा.डा. भवेश्वर पंगेनी

**प्रकाशक :** त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ, नेपाल

**प्रकाशन मिति :** २०७६ असार

**सर्वाधिकार :** त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

**ISBN:** 978-9937-0-6199-5

**मूल्य :** रु. ८००/–

**मुद्रण :** त्रिभुवन विश्वविद्यालय छापाखाना
कीर्तिपुर, काठमाडौँ ।

त्रिभुवन विश्वविद्यालय
# उपकुलपतिको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या च.नं.

# मन्तव्य

## उपकुलपति प्राध्यापक डा. तीर्थराज खनियाँ

"कुनै पनि देशको विकास र सभ्यता बुझ्नलाई त्यहाँको विश्वविद्यालय हेर्नु पर्दछ" भन्ने विद्वानहरूको भनाई तथा विश्वविद्यालयको प्राध्यापन सेवामा संलग्न भएपछि विभिन्न हैसियतमा प्राप्त गरेको अनुभव एवम् शिक्षाबाट मेरा मनामा जुनसुकै संस्थाको गतिविधिका बारेमा लिखत सामग्री प्रकाशित हुनु पर्दछ, जसबाट पछिल्लो पुस्ताले ज्ञान आर्जन गरी भावि दिशानिर्देश गर्न सक्दछन् भन्ने विचार आउने गर्दछ । यो नै इतिहास लेखन तथा इतिहासबाट लिने महत्त्वपूर्ण शिक्षा पनि हो ।

नेपालमा गुणस्तरीय उच्च शिक्षाको विकास र विस्तारमा अढाइ दशकजति एकलै तथा बिगत छ दशकदेखि 'त्रिभुवन विश्वविद्यालय' ले महत्त्वपूर्ण योगदान गर्दै आएको तथा वर्तमानमा नेपालका सबैजसो जिल्लामा कार्यक्रम (क्याम्पस) सञ्चालन गर्दै आएको छ । मुलुकलगायत विश्वमा प्रतिपादित ज्ञान, दर्शन तथा सीप सिकाउने त्रिभुवन विश्वविद्यालय भने आफ्नो बिगत अर्थात् इतिहासका बारेमा जानकारी चाहने अध्येता, अनुसन्धाता तथा पाठकका लागि बिरानो भएको जस्तो अनुभूत हुन्थ्यो ।

चार वर्ष अगाडि वर्तमान हैसियतमा सेव गर्ने अवसर प्राप्त भएपछि भने आफ्नै संस्थाका बारेमा विस्तृत तथा आधिकारिक जानकारी दिने सामग्री तयार गर्नु पर्दछ भन्ने दृढता बढ्यो । यस क्रममा त्रिभुवन विश्वविद्यालयको इतिहास लेखनको उपयुक्त विद्वान् प्राध्यापक डा. भवेश्वर पंगेनी भएको र निजबाट लेखाउँदा उपयुक्त हुने कुरा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति श्रद्धेय गुरु श्री केदारभक्त माथेमाज्यूको

सल्लाह अनुसार पदबहाली भएको चौथो महिनामा नै इतिहास विषयका प्राध्यापकको संयोजकत्वमा त्रिभुवन विश्वविद्यालयको इतिहास लेखनका लागि 'इतिहास लेखन समिति' गठन गरिएको थियो । यद्यपि समितिका संयोजकले पदबाट राजिनामा दिएकाले समितिलाई पुनर्गठन गरी सोही समितिका सहसंयोजक इतिहास केन्द्रीय विभाग, कीर्तिपुरका प्राध्यापक डा. भवेश्वर पंगेनीको संयोजकत्वमा एक ५ सदस्यीय इतिहास लेखन समिति गठन गरियो । तीन वर्षजतिको समयावधिमा समेत समितिबाट लेखन कार्य गरिएको जानकारी प्राप्त हुन सकेन ।

विश्वविद्यालयको इतिहास लेखन आजको आवश्यकता हो भन्ने दृढताका साथ उक्त समितिले गरेका कार्यहरूकै आधारमा विश्वविद्यालयको इतिहास लेखन कार्य सम्पन्न गर्न गत वर्ष अर्थात् २०७५ साल कार्तिक महिनाको दोस्रो हप्ता पूर्व संयोजक प्राध्यापक पंगेनीलाई 'एकल सदस्यको रूपमा' जिम्मेवारी दिइयो ।

२०७२ साल चैत्र महिनामा इतिहास लेखन समितिको संयोजक नियुक्त भएदेखि प्राध्यापक पंगेनीले विश्वविद्यालयको इतिहास लेखन सामग्री सङ्कलनका लागि विश्वविद्यालय कार्यकारी परिषद्, सूचना शाखा, त्रिभुवन विश्वविद्यालय पुस्तकालयलगायतमा निरन्तर रूपमा लागिरहेको कुरा सम्बद्ध शाखाबाट सूचना प्राप्त भएको थियो । त्यतिमात्र नभएर पटक पटकको भेटमा विश्वविद्यालयको इतिहास लेखनका क्रममा व्यक्तिगत रूपमा उहाँले सङ्कलन गर्नुभएका महत्त्वपूर्ण सामग्री एवम् तयार भएका मसौदा परिच्छदहरू हेर्ने तथा अध्ययन गर्ने कामसमेत गरेको थिएँ । पंगेनीजीको सोही मिहिनेत एवम् अनुसन्धान कार्यको निरन्तरताका कारण विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालयको इतिहास लेखनको एकल जिम्मेवारी उहाँलाई दिएको हो । विश्वविद्यालयले दिएको महत्त्वपूर्ण एवम् कठिन जिम्मेवारीलाई पंगेनीजीले बडो मिहिन एवम् सूक्ष्म अनुसन्धानका साथ बहन गर्दै लेख्नु भएको **'त्रिभुवन विश्वविद्यालयको इतिहास (वि.सं.२०१६-२०३९) (भाग-१)'** का रूपमा हाम्रा सामु राखिदिनु भएको छ ।

प्रत्येक वर्ष स्वदेशी/विदेशी विद्यार्थी एवम् अनुसन्धातालाई ज्ञान तथा सीप सिकाउने गरिमामय संस्था त्रिभुवन विश्वविद्यालयका बारेमा अभिलेखिकरण गर्ने, तिनको व्यवस्थापन एवम् संरक्षण गर्ने तथा तिनलाई अध्येता/अनुसन्धाताको पहुँचसम्म पुऱ्याउने कार्यतर्फ हामीले उचीत ध्यान पुऱ्याउन नसकेको देखिन्छ । यहाँसम्म कि विश्वविद्यालय सम्बद्ध विभिन्न निकाय (कार्यकारी परिषद्, विश्वविद्यालय सभा, प्राज्ञिक परिषद्, परीक्षासँग सम्बद्ध निकाय, पाठ्यक्रम, सङ्काय डीन, अनुसन्धान केन्द्र, विभागीय प्रमुख, आर्थिक, प्रशासनिक, प्राज्ञिक क्षेत्र आदि) ले गरेका निर्णयका माइन्यूटसमेत सुव्यवस्थित गर्न नसकेको अवस्था छ । यसतर्फ सम्बद्ध निकाय सचेत हुनु जरुरी छ । त्यस्तै विश्वविद्यालयको इतिहास लेखनका लागि गठन गरिएको उल्लिखित समितिका संयोजक तथा एकल सदस्यले विश्वविद्यालयका बारेमा अझ सूक्ष्म अध्ययनको आवश्यकता दर्शाउँदै माग गर्नु भएको कमसेकम भारतको नयाँ दिल्ली स्थित 'Indian National Archive' मा अध्ययन गर्ने, विश्वविद्यालयका पूर्व तथा वर्तमान पदाधिकारीहरूसँग सम्बद्ध विषयमा साक्षात्कार गर्नेलगायत आवश्यक न्यूनतम भौतिक सहयोग उपलब्ध गराउनु पर्ने विषय आवश्यक रहेको अनुभूत गरे तापनि भारतको पटना विश्वविद्यालय जाने व्यवस्था बाहेक उल्लिखित सहयोग पुऱ्याउन सफल भइन । यस्तो परिवेशमा पनि प्राध्यापक पंगेनीले सूक्ष्म अनुसन्धान गरी त्रिभुवन विश्वविद्यालयको इतिहास लेख्नु भएको छ । यसनिम्ति विद्वान इतिहासकार पंगेनीजीलाई हार्दिकता पूर्वक बधाइ ज्ञापन गर्दछु ।

स्थापनाको तयारीदेखी वर्तमान अर्थात् २०७६ सालसम्म विश्वविद्यालयको इतिहास तयार गर्नु आजको आवश्यकता हो । यद्यपि मुलुकका सबैजसो जिल्लासम्म फैलिएको ठूलो, सम्मानित एवम् पुरानो संस्थाको सूक्ष्म अनुसन्धान गरी एउटै भागमा सम्पूर्ण इतिहास लेख्न सम्भव हुने कुरै भएन । अझ डा. पंगेनीले महत्त्वपूर्ण रहेका स-साना सन्दर्भलाई समेत विश्वविद्यालयको आधिकारिक दस्तावेजका आधारमा लेख्नु भएकाले २०३९ सालसम्मको समयावधिलाई 'भाग-१' मा समेट्दा नै प्रस्तुत ग्रन्थ ९५० पृष्ठ माथि पुगिसेको छ । यसमा नेपालमा उच्च

शिक्षाको विकास, विश्वविद्यालय स्थापना प्रयास, विश्वविद्यालय स्थल छनोट, भौतिक संरचना, विश्वविद्यालयमा सञ्चालित प्राज्ञिक कार्य, पाठ्यक्रम, परीक्षा व्यवस्था, दीक्षान्त समारोह, पुस्तकालय, सम्बन्धन प्रदान, नियुक्ति जस्ता विषयका अतिरिक्त विश्वविद्यालय ऐन, नियम, उच्च शिक्षाप्रति सरकारी दृष्टिकोण, विश्वविद्यालय प्रति सरकारी व्यवहार, विश्वविद्यालय प्रति विभिन्न आयोगको दृष्टिकोण आदि विषयलाई अनुसन्धानमूलक रूपमा चर्चा गरिएको छ । पुस्तक त्रिभुवन विश्वविद्यालयको अढाइ दशक जतिको इतिहासका साथै विश्वविद्यालय सम्बन्धी महत्त्वपूर्ण कार्यका बारेमा जानकारी दिने दस्तावेजसमेत हो । यसले नेपालमा उच्च शिक्षा एवम् त्रिभुवन विश्वविद्यालयका सम्बन्धमा अनुसन्धान गर्ने अनुसन्धाता, अध्येता, उच्च शिक्षा क्षेत्रका योजनाकार एवम् जिज्ञाशु पाठकलाई यथेष्ठ सहयोगी बन्ने कुरामा म विश्वस्त छु ।

प्रस्तुत कृति इतिहासकार डा. पंगेनीले लेख्नु भएको विश्वविद्यालयको इतिहासको पहिलो भाग हो भने यसैगरी क्रमशः दोस्रो, तेस्रो भागसमेत लेख्नु विश्वविद्यालयका लागि अपरिहर्य देखिन्छ । यस अवसरमा त्रिभुवन विश्वविद्यालयको इतिहास दोस्रो भाग (२०३९ सालपछिको इतिहास) लेख्ने कार्यलाई जारी राख्न विश्वविद्यालयका उपकुलपतिका हैसियतमा म प्रयत्नरत रहने वचनवद्धता जाहेर गर्दछु ।

प्रस्तुत पुस्तक लेखन तथा प्रकाशनका क्रममा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्का सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरूको पूर्ण सहयोग एवं समर्थन रहेको छ । यस निम्ति उहाँहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा विश्वविद्यालयको अनुरोधलाई सहर्ष स्वीकार गरी यस्तो महत्त्वपूर्ण ग्रन्थ लेखेर सघाउ पुऱ्याउने इतिहासविद् प्राध्यापक डा. भवेश्वर पंगेनीप्रति धन्यवाद ज्ञापन गर्दै अर्को भागमा समेत यस्तै सहयोगको अपेक्षा राख्दछु । धन्यवाद !

त्रिभुवन विश्वविद्याल ६० औं वार्षिक दिवस
२०७५ साल असार २५ गते बुधवार

प्रा.डा. तीर्थराज खनिया
उपकुलपति
त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या च.नं.

# मन्तव्य

**शिक्षाध्यक्ष प्रा.डा. सुधा त्रिपाठी**

हामीले शताब्दीयौं पुराना शिलालेखहरू पढ्न पाएका छौं, वर्तमानमा अस्तित्वमा नरहेका लिपि एवम् संस्कृतिका पनि परिचय पाएका छौं । कतिपय इतिहास अक्षरमा कुँदिएका छन् भने कतिपय इतिहास चित्रमा कुँदिएका छन् । भग्नावशेषहरूमा पुरिएका अनेकन् इतिहासहरू तिनका उत्खननका क्रममा नखोजीकन पनि भेटिएका छन् । उहिल्यै लोप भएका डायनोसर आदिले नजानीकनै जीवावशेषका रूपमा इतिहास साँचेका छन् । मानिसले पनि चाहने मुख्य कुरा भनेको इतिहासको संरक्षण नै हो । यही इतिहास राख्न ऊ 'छोरा' जन्माउन चाहन्छ, किनभने उसैलाई नै वंशपरम्परा धान्ने भनौं वा वंशको इतिहास बचाइराख्ने जिम्मेवारी मिलेको छ । वंशको इतिहास कायम राख्ने जिम्मेवारी नभएकोले 'छोरी' मूल्यहीन छ तापनि उसको 'गर्भ' विना त 'छोरो' एक्लैले त्यो इतिहास जोगाउन सक्तैन । पितृवंशको इतिहासको जगेर्नाका लागि यति योगदान भएर पनि जसरी जगत्मा 'छोरी' जातिको कदर छैन त्यसैगरी अभिलिखित इतिहासविना त्रिभुवन विश्वविद्यालयको पनि योगदान हराउन सक्छ ।

त्रिविको ६० वर्ष लामो जीवनकालमा आजसम्म पनि यसको इतिहासको अभिरेखाङ्कनतर्फ कसैको ध्यान नजानु त्यति धेरै सुखद् कुरा अवश्य पनि होइन । जसरी नालन्दा आदिको इतिहास अन्य सन्दर्भमा बाँचेको छ त्यसरी त यस विश्वविद्यालयको इतिहास पनि बाँच्ला तर २१ औं शताब्दीका हामी बुद्धिजीवीले त्यतिमै चित्त बुझाउनु निश्चय नै सही चिन्तन मान्न सकिँदैन । अरूले कृपा गरेर लेखिदिएको/भनिदिएको इतिहास र आफैले लेखेको इतिहासमा भिन्नता हुन्छ नै । अझै पनि

हामीसँग विश्वविद्यालय स्थापना हुँदाको समयका व्यक्तिहरू पनि हुनुहुन्छ, इतिहास सङ्कलनका लागि दस्तावेज पनि मेहनत गरेर खोजी पस्दा नभेटिने भइसकेका छैनन् । त्यसैले त्रिविको इतिहास लेखनका लागि अझै पनि बितिनसकेको ठानेरनै हामी यसतर्फ प्रवृत्त भयौं । अझै ढिला गऱ्यौं भने ती सामग्री फेरि नभेटिन पनि सक्छन् । पञ्चायत कालमा यस विश्वविद्यालयको स्थापना भयो । त्यो पनि आफ्ना दिवङ्गत श्रीमान्को इच्छा पूरा गर्न राजा त्रिभुवनका कान्ति र ईश्वरी नामका दुईवटी रानीहरूले आ-आफ्ना थैलीका पेवा पैसा लगानी गरी राजाकै नाममा 'त्रिभुवन विश्वविद्यालय' नामकरण गरी नेपालमा शिक्षाको प्रकाश छरेका थिए । यस विश्वविद्यालयको स्थापनाभन्दा पूर्व खुलेका कलेजहरूलाई पनि यसैका छातामुनि समेटेर यसलाई चौतारीको वरवृक्षका रूपमा उभ्याइयो । पञ्चायतकालका अन्त्यतिर यसलाई चोइट्याउने क्रमको थालनी भयो महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेपाल संस्कृत विश्वविद्यालय)को स्थापना गरेर । त्यसपछि प्रजातन्त्र-लोकतन्त्र-गणतन्त्रकाल भने यस विश्वविद्यालयका लागि बाढी र पहिरो जस्तो सावित भइरहेको कुरा कसैले ढाँटेर ढाँटिनेवाला छैन । नेपाल खुला विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय बाहेक अरू जति पनि विश्वविद्यालयको स्थापना भएको छ ती यसकै हाड/ छाला/ मासु/ रगतमा खडा भएका छन् । तिनमा चलेका कार्यक्रम पनि हाम्रै छन्, छिटो पदोन्नति र बढी सुविधा पाउने लोभमा हाम्रै जनशक्ति त्यहाँ पुगेका छन् । सरकारहरूले त्रिविलाई झगडामा धकेलेका छन् र हाम्रो ऊर्जाको फजुल खर्च भइरहेको छ । नयाँ विश्वविद्यालयको बिरूवा नयाँ अवधारणासहित बाँझो फोरेर रोपिनुपर्नेमा पैतृक सम्पत्तिको अंशवण्डा गरेझैं गरिएको छ । माकुराका बच्चाले पहिला आफ्नो माऊलाई खाएर मात्र अन्यत्र आहारा खोज्छ । हाम्रा अन्य विश्वविद्यालय पनि माकुराका बच्चा जस्तै छन् । यसैले अब त्रिविले माकुराका माऊ र बच्चाको इतिहास पनि नलेखी नहुने भएको छ । यस इतिहासभित्र त्रिविलाई माकुराको माऊमा रूपान्तरण गर्नेहरूका कथा पनि अवश्य लेखिने छन् । कम्तिमा पनि पछि आउने पुस्ताहरुले हाम्रा आजका व्यथालाई कथाका रूपमा पढ्ने छन् ।

इतिहास भनेको समयको माटामा फुलेको फूल मात्र नभएर समयका निधारमा लागेको लाहाछाप पनि हो र समयका मुटुमा कोत्रिएको घाउ पनि हो । यसलाई कुन रूपमा लिने भन्ने कुरा पाठकका दृष्टिकोण र स्तरमा निर्भर गर्छ । जेहोस् प्रा.डा.भवेश्वर पंगेनीजीले हाम्रो सपनालाई साकार पारिदिनुभएको छ । हाल एक खण्ड मात्र तयार भएकाले त्यसैको प्रकाशन गरेका छौं । निकट भविष्यमा बाँकी अंश तयार हुनेछ भन्ने कुरामा हामी भवेश्वरजीकै भर परेका छौं । यस पुस्तकलाई हामीले अध्ययन नगरी उहाँले जे जस्तो रूपमा उपलब्ध गराउनु भयो सोही रूपमा प्रकाशन गरेका छौं । म उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सुधा त्रिपाठी

प्रा.डा.सुधा त्रिपाठी
शिक्षाध्यक्ष
त्रिभुवन विश्वविद्यालय

**त्रिभुवन विश्वविद्यालय**
**रजिष्ट्रारको कार्यालय**
**कीर्तिपुर, काठमाडौं, नेपाल**

पत्र संख्या च.नं.

# मन्तव्य

## रजिष्ट्रार डिल्ली राम उप्रेती

त्रिभुवन विश्वविद्यालयको इतिहास र व्यवस्थापनका सूक्ष्म र महत्त्वपूर्ण पक्षहरू समेटेर तयार गरिएको अनुसन्धामूलक ग्रन्थ **त्रिभुवन विश्वविद्यालयको इतिहास (२०१६-२०३९)** को प्रकाशन हुन लागेकोमा मलाई ज्यादै खुसी लागेको छ । विश्वविद्यालयले ६० औँ वार्षिकोत्सव मनाइरहँदा उच्च शिक्षाको ऐतिहासिक पृष्ठभूमि, त्रिभुवन विश्वविद्यालयको स्थापना, विस्तार र विकास, शैक्षिक व्यवस्थापन, प्राज्ञिक र व्यवस्थापकीय कार्य, भौतिक पूर्वाधार, शैक्षिक विकास र तिनमा आवश्यक सुधारको प्रयास लगायतका विषयवस्तु समेटेर तयार गरिएको यो प्रकाशनले विश्वविद्यालयको इतिहासका बारेमा आधिकारिक एवम् सूक्ष्म जानकारी प्रदान गर्दछ भन्ने मैले ठानेको छु । नेपालको उच्च शिक्षामा ८० प्रतिशत भन्दा बढी योगदान गर्ने त्रिवि आफैले चाहिं आफ्नो गन्तव्य कसरी तय गरेको छ भन्ने खोतल्न चाहने जिज्ञासुलाई यो प्रकाशन महत्त्वपूर्ण हुनेछ ।

इतिहास विषयका प्राध्यापक डा. भवेश्वर पंगेनीद्वारा लिखित प्रस्तुत ग्रन्थको पहिलो अध्यायमा नेपालमा उच्च शिक्षाको ऐतिहासिक पृष्ठभूमिको जानकारी दिइएको छ भने दोस्रोमा त्रिभुवन विश्वविद्यालय विकासको प्रथम चरण (वि.सं.२०१६-२०२८) मा भएका शैक्षिक, प्राज्ञिक, नीतिगत, प्रशासकीय, भौतिक तथा पूर्वाधार विकाससँग सम्बन्धित विविध आयामहरूलाई समेटिएको छ । त्यसै गरी 'राष्ट्रिय शिक्षा पद्धतिको योजनाको एक दशक (२०२९-२०३९)' शीर्षकको तेस्रो अध्यायमा सो समयावधिमा विश्वविद्यालय कसरी अगाडि बढेको थियो भन्ने विषयलाई उजागर गरिएको छ ।

प्रस्तुत प्रकाशन तयार गर्ने क्रममा इतिहासकार पंगेनीले त्रिविका विभिन्न निकायका निर्णय, विश्वविद्यालय ऐन, नियम तथा नेपाल सरकारका योजनाका साथै उच्च शिक्षासँग सम्बद्ध विभिन्न समयमा गठन गरिएका आयोग/समितिका प्रतिवेदनहरू पनि सूक्ष्म रूपमा अध्ययन गर्नु भएको देखिन्छ । त्यस्तै यस क्रममा प्रा.पंगेनीले विश्वविद्यालयका बारेमा प्रकाशित सामग्रीसमेत अध्ययन गरी तिनका आधारमा नै यो अनुसन्धानमूलक ग्रन्थ तयार गरेको देख्न सकिन्छ ।

यस प्रकाशनले नेपालको पहिलो एवम् प्रतिष्ठित एकमात्र विश्वविद्यालय **त्रिभुवन विश्वविद्यालय** को स्थापना प्रयासका साथै विश्वविद्यालयका २३ वर्षका विविध क्षेत्रका गतिविधिका बारेमा बिस्तृत एवम् आधिकारिक जानकारी प्रदान गर्ने भएकोले अनुसन्धानकर्ता, योजनाविद्का साथै पाठक वर्गलाई धेरै महत्त्वपूर्ण हुन्छ भन्ने मैले विश्वास लिएको छु ।

अन्तमा विश्वविद्यालयको आग्रहलाई स्वीकारेर लामो समयको अनुसन्धानबाट इतिहासविद् प्रा.पंगेनीले तयार गर्नु भएको महत्त्वपूर्ण यस कृति प्रकाशन गर्ने अवसर जुटेकोमा विश्वविद्यालका तर्फबाट इतिहासकार प्रति आभार प्रकट गर्दछु । यस अवसरमा प्रा.पंगेनीको पाण्डुलिपि प्रकाशन गर्ने कार्यसँग प्रत्यक्ष/परोक्ष रूपमा सम्बद्ध हुनुभएका सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

डिल्ली राम उप्रेती
रजिष्ट्रार
त्रिभुवन विश्वविद्यालय

# इतिहासको इतिहास

"If you don’t know history, then you don’t know anything.
You are leaf that doesn’t know it is part of a tree."
-Michael Crichton

त्रिभुवन विश्वविद्यालय सेवामा प्रवेशपछि कीर्तिपुरको अध्यवसायका क्रममा अध्ययन, अध्यापन तथा अनुसन्धानका मार्गमा लागिपरेरै दुई दशकजति ‘त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय’ मा मेरो समय बित्यो होला । इतिहास केन्द्रीय विभाग, कीर्तिपुरमा प्राध्यापन कार्य थालनी गरेको चौथो वर्ष अर्थात् २०४९ सालमा प्रकाशित पहिलो पुस्तकलाई ‘मदन पुरस्कार’ बाट सम्मानित गरिनु मेरा लागि गौरवको विषय नै भयो । पुस्तकालयमा अध्ययनका क्रममा विविध अनुसन्धानमूलक ग्रन्थ एवम् लेखहरू प्रकाशित गर्ने मौका मलाई मिलेको थियो ।

अध्ययनका सिलसिलामा पुस्तकालयमा कार्यरत मित्रहरूसँगको वार्तालापमा पुस्तकालयको नाम कसरी ‘केन्द्रीय पुस्तकालय’ रहेको ? त्रिभुवन विश्वविद्यालय पुस्तकालयको स्थापना नै कीर्तिपुरमा भएको हो र ? पुस्तकालय भित्र रहेका तत्कालीन ‘उड/सिंह कलेक्सन’ भनेको को हो र के हो ? ‘माइक्रोफिल्म, माइक्रोफिस’ सेवाको थालनी कसरी कहिलेदेखि हुन थाल्यो ? भन्ने कुरा सामान्य जस्ता लाग्ने तर मेरा लागि जिज्ञासाको विषय बन्यो र यस बारेमा पनि सहज जानकारी पाउन नसकिने अवस्था रह्यो । सोही परिवेशमा पुस्तकालयको स्थापना, त्रिभुवन विश्वविद्यालयले विभिन्न समयमा पुस्तकालय सञ्चालनका लागि तर्जुमा गरेका ऐन, नियम र विनियम, पुस्तकालयमा सञ्चालन भएका प्रमुख कार्य, पुस्तक सङ्कलन जस्ता सामान्य जानकारीसम्म पनि सार्वजनिक गर्नसके पुस्तकालयका बारेमा रुचि राख्ने पाठकलाई केही मद्दत पुग्ने थियो भन्ने भावना मेरा मनमा आएको हो । अझ पुस्तकालयको मिहिन इतिहास कोर्न सके झन्

उपलब्धिमूलक हुन्थ्यो भन्ने लाग्दथ्यो । आखिरमा विज्ञानको इतिहास, कम्प्युटरको इतिहास, अझ इ-मेल, इन्टरनेटको इतिहास, रेडियो, टेलिभिजनको इतिहास, बम-बारुद तथा तोपको इतिहास लेखिएका छन्/लेख्नु पर्दछ भने आफ्नै संस्थाअन्तर्गतको 'पुस्तकालय' को इतिहास कोर्नु पर्दछ भन्ने दृढता पनि मेरा मनमा आएको थियो । त्यति मात्र नभएर इतिहास केन्द्रीय विभागमा प्राध्यापनरत एक वेतनजीवी मात्र नभई आफ्ना लागि यो एउटा दायित्वसमेत भएको अनुभूत मेरा लागि लेखनमा लाग्ने उर्जा बनेको थियो । यद्यपि यसका लागि आवश्यक सामग्री तथा साधन कसरी जुटाउने भन्ने पनि स्पष्ट थिएन । मनका यी भावका साथ २०६७ सालको थालनीमा तत्कालीन लाइब्रेरियनसँग भेट गरेको थिएँ । उहाँले मेरा विचारलाई ज्यादै उत्साहपूर्वक लिनाका साथै लेखनमा आवश्यक सहयोग पाएकाले नै आफ्नो अनुसन्धानमूलक एघारौँ कृतिका रूपमा २०६८ सालमा 'केन्द्रीय पुस्तकालयका पाँच दशक (वि.सं. २०१६-२०६६)' नामक ग्रन्थ त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयबाट प्रकाशित भएको हो ।

उच्च शिक्षाका लागि स्थापना भएको एक मात्र विश्वविद्यालय 'त्रिभुवन विश्वविद्यालय' एकलैले अढाइ दशकसम्म मुलुकभरमा उच्च शिक्षाका क्षेत्रमा उल्लेख्य योगदान गरेको हो । यसपछि क्रमशः विभिन्न विश्वविद्यालयहरू सञ्चालनमा आएका भए पनि आजपर्यन्त सम्बद्ध सङ्काय, अध्ययन संस्थान, अनुसन्धान केन्द्र मुलुकभर कार्यरत रहेका छन् । उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको ठुलै भाग यससँग आवद्ध रहेको कुरा जगजाहेर नै छ । अझ पाँच दर्जनबढी आङ्गिक क्याम्पस तथा १०६१ जति सम्बन्धन प्राप्त क्याम्पस सञ्चालन गर्दै रहेको त्रिभुवन विश्वविद्यालय मुलुकमा बृहत् संस्थाका रूपमा क्रियाशील रहेको छ । यसअन्तर्गतका सङ्काय, अध्ययन संस्थान, अनुसन्धान केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, डीन कार्यालयलगायतको छुट्टाछुट्टै रूपमा मिहिन अनुसन्धान गर्न सकेमा विश्वविद्यालयको यथार्थ इतिहासलाई प्रकाशन गर्न पाइन्थ्यो भन्ने मनमा आइरहने हुनाले उपकुलपतिलगायत सम्बद्ध पदाधिकारीहरूसँग अनौपचारिक भेटमा पटक पटक प्रसङ्ग उठाउने कार्यलाई मैले निरन्तरता दिँदै आएको हुँ । त्यसो त त्यस्ता सन्दर्भमा त्रिभुवन विश्वविद्यालयको

विस्तृत रूपमा इतिहास लेख्न पाए इतिहास विषयको प्राध्यापकसमेतका हैसियतमा आफ्नो दायित्व केही हदसम्म हल्का हुने थियो भन्ने दृढ इच्छाले मनलाई उद्वेलित गर्दै आएको विषय पनि यहाँ स्मरण गर्न चाहन्छु ।

पृष्ठभूमिगत यही सन्दर्भमा 'त्रिभुवन विश्वविद्यालय सभा तथा कार्यकारी परिषद्को सचिवालय' का कार्यकारी सचिवको हस्ताक्षरयुक्त त्रिभुवन विश्वविद्यालय समन्वय महाशाखाका नाममा लेखिएको एउटा पत्रको फोटोकपी प्रति मेरा हातमा पऱ्यो । २०७१ साल चैत्र १७ गते लेखिएको चलानी नं. ७१३/०७१/०७२ उल्लेख गरिएको सो पत्रमा 'त्रि.वि.कार्यकारी परिषद्को मिति २०७१/११/२८ को वैठकको निर्णय नं. २२१४ को निर्णय त्यस कार्यालयसँग सम्बद्ध भएकोले आवश्यक कार्यार्थ पठाएको व्यहोरा अनुरोध गर्दछु' उल्लेख गर्दै निर्णयमा 'त्रिभुवन विश्वविद्यालयको स्थापनादेखि वर्तमानसम्म अनुसन्धानमूलक इतिहास लेखन आवश्यक भएकोले त्रि.वि.कार्यकारी परिषद्ले तोकेअनुसार पारिश्रमिक पाउने गरी देहायअनुसार प्रस्तावित विषयहरू समेटी "त्रिभुवन विश्वविद्यालय अतीत र वर्तमान" शीर्षकमा २०७२ साल आषाढ मसान्तसम्म त्रिभुवन विश्वविद्यालयको इतिहास लेखी बुझाउन देहायअनुसार इतिहास लेखन समिति गठन गर्ने निर्णय भयो..."। दुई सदस्यीय समितिमा आफूलाई सदस्य बनाइएको रहेछ ।

विश्वविद्यालयको इतिहास लेख्नका लागि कार्यकारी परिषद्बाट उक्त निर्णय भएकामा इतिहासका अनुसन्धाताका दृष्टिसमेतले म ज्यादै उत्साहित भएको थिएँ जुन स्वाभाविक नै होला । सम्भवतः यो निर्णयपछि पटक पटकको भेटमा उपकुलपतिज्यूले इतिहास लेख्नका लागि जिज्ञासा राख्ने गरे तापनि उक्त निर्णयलाई कार्यान्वयन गर्नेतर्फ लागेको पाइएन भने विश्वविद्यालयको गरिमामय कार्यकारी परिषद्को उक्त निर्णयका सम्बन्धमा के भयो ? किन निर्णय कार्यान्वयन हुन सकेन भन्ने जस्ता जिज्ञासा आजका दिनमासमेत मनमा रहेको छ । स्मरणीय के पनि छ भने इतिहास लेखन कार्यलाई अगाडि बढाउनका लागि अनौपचारिक भेटमा विश्वविद्यालयका उपकुलपतिले पटक पटक आग्रह गर्दासमेत उक्त निर्णय कार्यान्वयन हुन नसक्नाको पछाडिका कारण सम्बद्ध अधिकारीलाई नै

जानकारी होला । त्यसपछि भने विश्वविद्यालयको इतिहास लेखन सन्दर्भ सम्बद्ध पदाधिकारी समक्ष उठाइएन ।

२०७२ साल माघ महिनाको अन्त्यतिर त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयबाट २०७२ साल पौष ६ गते (च.नं. १७८/०७२) मा उपकुलपतिज्यूको हस्ताक्षरयुक्त एउटा पत्र फेला पऱ्यो । पत्रमा "...संयोजकत्वमा देहायका सदस्यहरू रहेको इतिहास लेखन समिति गठन गरिएको छ । देहायअनुसार प्रस्तावित विषयहरू समेटी 'त्रिभुवन विश्वविद्यालय अतीत र वर्तमान' शीर्षकमा २०७३ साल आषाढ मसान्तसम्म त्रि.वि.को इतिहास लेखन प्रतिवेदन तयार गरी पेस गरी सहयोग गरिदिनु हुन अनुरोध गर्दछु" उल्लेख गरिएको थियो । पाँच सदस्यीय यस समितिमा आफूलाई 'सहसंयोजक' उल्लेख गरिएको थियो । कुनै किसिमको सल्लाह एवम् जानकारीबिना नै समिति गठन गरिएकामा आश्चर्य लागे तापनि उपकुलपतिज्यूको पहल देख्दा अब भने आफूले लामो समयदेखि चाहेको विश्वविद्यालयको इतिहास लेखन कार्य पूरा हुने भयो भन्ने ठानेर मेरो मन फुरुङ्ग बनेको थियो । त्यसैले पत्र प्राप्त हुनासाथ समितिका संयोजक एवम् अन्य परिचित कतिपय सदस्यलाई टेलिफोनबाट सूचना दिने कामसमेत गरेँ । फलस्वरूप पत्र प्राप्त गरेको एक हप्ताजतिमा समितिको पहिलो वैठक भयो जसमा आपसमा परिचयका साथै इतिहास लेखनका लागि मानसिक रूपमा तयार रहने सल्लाह गरियो । यो सन्दर्भ २०७२ साल फागुन महिनाको पहिलो हप्ताको हो ।

२०७२ साल फागुन २७ (च.नं. ३०१/०७२/०७३) को त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयको उपकुलपतिज्यूको हस्ताक्षरयुक्त अर्को एउटा पत्र प्राप्त भयो । "समिति गठन गरिएको बारे" विषयको पत्रमा "कार्यकारी परिषद्को मिति २०७२/११/२० को निर्णय नं. ३७४ बमोजिम तपाईँको संयोजकत्वमा देहायका सदस्यहरू रहेको इतिहास लेखन समिति पुनर्गठन गरिएको छ । निम्नानुसारको प्रस्तावित विषयहरू समेटी "त्रिभुवन विश्वविद्यालय अतीत र वर्तमान" शीर्षकमा २०७३ साल आषाढ मसान्तसम्म त्रि.वि.को इतिहास लेखन प्रतिवेदन पेस गर्नु हुन अनुरोध गर्दछु" उल्लेख थियो ।

आफू इतिहास विषयको विद्यार्थी/अनुसन्धाता भएकाले होला विश्वविद्यालयको इतिहासमा त्रिभुवन विश्वविद्यालय स्थापना पूर्व उच्च शिक्षा दिने संस्थाको स्थापना एवम् सञ्चालन, मुलुकमा विश्वविद्यालय स्थापनाका प्रयास, त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व सञ्चालनमा रहेका अङ्ग्रेजी तथा संस्कृत शिक्षा दिने उच्च शैक्षिक संस्था (क्याम्पस, महाविद्यालय) को स्थापना, सम्बन्धन प्राप्त विश्वविद्यालय, पाठ्यक्रम, परीक्षा तथा नतिजा प्रकाशन प्रणाली, भौतिक संरचनाको व्यवस्थापन, विद्यार्थी/शिक्षकको व्यवस्थापन आदि विषयको सूक्ष्म अनुसन्धान हुनुपर्ने धारणा रहेको छ । त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व सञ्चालनमा रहेका कलेज खासगरी त्रिचन्द्रलगायत अन्य कलेज, राजकीय संस्कृत महाविद्यालयलगायत अन्य महाविद्यालयको प्रत्यक्ष सम्बन्ध भारतको 'पटना विश्वविद्यालय', 'संस्कृत महाविद्यालय-बनारस विश्वविद्यालय', 'विहार विश्वविद्यालय', दिल्ली विश्वविद्यालयलगायतसँग भएकाले तद्तद् विश्वविद्यालयसँग पुस्तकालय तथा दिल्लीस्थित 'भारतीय राष्ट्रिय अभिलेखालय' मा तीन/चार हप्ता अध्ययन गर्न सकेका खण्डमा नेपालमा उच्च शिक्षाको इतिहासका बारे सामान्यतया अन्यत्र नपाइने सामग्री फेला पार्न सकिने थियो । त्यस्तै त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व मोफसलमा सञ्चालनमा रहेका क्याम्पसको स्थापना एवम् सञ्चालन सम्बन्धी महत्त्वपूर्ण सूचना पाउन सक्ने अवस्था थियो । यसै परिवेशमा संयोजकका हैसियतमा आफूले उपकुलपतिज्यूको अनौपचारिक सल्लाहमा २०७३/१२/१५ मा रजिस्ट्रारज्यूका नाममा (दर्ता नं. ९०५/ २०७३/१२/१५) तथा २०७४ वैशाख ५ गते उपकुलपति, रेक्टर तथा रजिस्ट्रार कार्यालयमा 'इतिहास लेखन सम्बन्धी सूचना सङ्कलन बारे' विषयमा लिखित रूपमा अनुरोध गरिएको थियो ।

इतिहास लेखन समितिले विभिन्न मितिमा एक दर्जन जति वैठक बसी इतिहास लेखनको रूपरेखाका बारेमा छलफल गरी रुचिअनुसार सदस्यहरूलाई विषयको जिम्मेवारी बाँडफाँड गरिएको थियो । यद्यपि लेखन कार्य भने अगाडि बढेको पाइएन ।

अर्कातर्फ कलेज स्थापना र सञ्चालन तथा सम्बन्धन दिने कार्य र वर्तमान अवस्थाका बारेमा यथाशक्य बिस्तृत जानकारी उपलब्ध गराउनका लागि सम्पूर्ण आङ्गिक क्याम्पसका प्रमुखका नाममा २०७३ साल भाद्र २९ गते (च.नं. १०२/०७३,०७४) मा तथा सोही विषयमा २०७३ साल चैत्र ४ गतेका दिन कार्यकारी निर्देशक, विभागीय प्रमुख, महाशाखा प्रमुख, परीक्षा नियन्त्रक तथा डीनहरूका नाममासमेत त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयबाट पत्राचार गरियो । त्यस्तै इतिहास लेखनका क्रममा आवश्यक न्यूनतम साधन उपलब्ध गराउनका लागि संयोजकका तर्फबाट आफूले २०७३ मंसिर १३ गते (दर्ता नं. ४८७/०७३/८/१३) द्वारा उपकुलपतिज्यू समक्ष लिखित अनुरोध गरिएको थियो यद्यपि यस विषयमा कारवाही हुन सकेन । त्यस्तै कमसे कम विश्वविद्यालयसँग प्रत्यक्ष संलग्न हुने उपकुलपति, रेक्टर, रजिस्ट्रार, कार्यकारी परिषद्, सेवा आयोग, परीक्षा नियन्त्रण कार्यालय, अध्ययन संस्थान, अनुसन्धान केन्द्रलगायतसँग सम्बद्ध पूर्व तथा वर्तमान पदाधिकारीसँग भेटेर जानकारी लिने योजनासमेत बनाएको भए तापनि आफ्नो सो चाहनासमेत मनमा खुम्च्याउनु पर्‍यो ।

इतिहास लेखन सन्दर्भ चलेको तेस्रो वर्ष २०७५ साल कार्तिक २८ गते (च.नं. १६२/०७५/०७६) उपकुलपतिज्यूको हस्ताक्षरयुक्त एउटा पत्र फेला पर्‍यो । 'जिम्मेवारी दिइएको वारे' विषयको सो पत्रमा "त्रि.वि.को विविध विषयहरूमा अध्ययन-अनुसन्धान गरी "त्रिभुवन विश्वविद्यालय अतीत र वर्तमान" शीर्षकको इतिहास लेखन प्रतिवेदन तयार गर्न तपाईंको संयोजकत्वमा गठित समितिलाई २०७४/११/१० गतेको त्रि.वि.कार्यकारी परिषद्को निर्णयानुसार समितिले गरेका कार्यहरूको विवरणसहितको प्रतिवेदन माग गरिएकोमा कार्यकारी परिषद्को मिति २०७५/७/१२ गतेको निर्णयानुसार हालसम्म भएका कार्यहरूको आधारमा थप अध्ययन अनुसन्धान गरी उल्लेखित शीर्षकमा इतिहास लेखन कार्य सम्पन्न गर्न एकल सदस्यको रूपमा तपाइँलाई पुनः जिम्मेवारी दिइएको छ । अतः तपाइँको संयोजकत्वमा गठित समितिले गरेका कार्यहरूकै आधारमा त्रि.वि.को इतिहास लेखन कार्य सम्पन्न गर्नुहुन अनुरोध छ" उल्लेख गरिएको थियो । इतिहास लेखन समिति गठन तथा पुनर्गठन गर्नुपर्ने

परिवेश किन आयो भन्ने आफ्नो सरोकारको विषय नभएकाले त्यसतर्फ ध्यान नै दिनु परेन भने विश्वविद्यालयको इतिहास लेखन कार्यको एकल सदस्यको दायित्व आफ्नै काँधमा आएपछि म अझै सचेत हुनु स्वाभाविक नै थियो ।

माथि प्रस्तुत गरिएका प्रयासबाट सूचना सङ्कलन नभएपछि स्थापनादेखि विश्वविद्यालयसँग प्रत्यक्ष तथा अप्रत्यक्ष सम्बद्ध व्यक्तित्वहरूबाट लिखित/मौखिक सूचनाका साथै दुर्लभ सामग्री/तस्बिर प्राप्त हुने अपेक्षाका साथ विश्वविद्यालयद्वारा “ऐतिहासिक महत्त्वका सूचना उपलब्ध गराई दिनेबारे अत्यन्त जरुरी सूचना’ प्रकाशित गराइयो । सूचना २०७५ साल माघ १८ गते ‘गोरखापत्र’ सोही १९ गते ‘कान्तिपुर’, January 31, 2019 मा ‘the Kathmandu post’ तथा ‘त्रिभुवन विश्वविद्यालय बुलेटिन’ (वर्ष-५१, अङ्क-६, २०७५ साल पौष, पृ. ९) मा प्रकाशित गरिएको थियो । यद्यपि कतैबाट एउटा सूचनासमेत फेला पार्न सकिएन । त्यस्तै विश्वविद्यालय स्थापना पूर्व सञ्चालनमा रहेका राजधानी बाहिरका घटिमा पनि १० वटा विभिन्न क्याम्पसमा पुग्न पाए त्यस बखतका अप्राप्य सूचना फेला पार्न सकिने आशामा २०७५ साल माघ १६ देखि २०७५ साल फागुन ६ गतेसम्म भ्रमणका लागि पुनः दोस्रो पटक २०७५ साल माघ ७ गतेका दिन लिखित अनुरोध गरिएको थियो । यस सन्दर्भमा रजिस्ट्रारको कार्यालयको च.नं. ५०९१, मिति २०७५ साल फागुन ६ गते आफ्नो नाममा लेखिएको ‘काज स्वीकृत गरिएको बारे’ विषयको एउटा पत्र फेला पऱ्यो जसमा आफूले अनुरोध गरेको मितिको अन्तिम दिनभन्दा एक महिना पछिको काज स्वीकृत गरिएको रहेछ जुन मेरा लागि अनुपयुक्त रह्यो । यसबाट मनमा शिथिलता आउनु स्वाभाविक विषय नै बन्यो ।

विश्वविद्यालयको इतिहास लेखनको सन्दर्भ उठेदेखि (तीन वर्षदेखि) व्यक्तिगत रूपमा सूचना सङ्कलनमा निरन्तर जुटिरहेको छु । माथि उल्लेख भइसकेको छ कि आफूले विभिन्न निकाय/अङ्गबाट भएका निर्णय, सरकारी निकायका निर्णय/योजना तथा सम्बद्ध आयोग/समितिका प्रतिवेदन, विश्वविद्यालयका प्रकाशनलगायतबाट मात्र यथार्थ एवम्

आधिकारिक सूचना प्राप्त गर्न सकिन्छ भन्ने विश्वासका साथ तिनकै खोजीमा लागिपरेको हुँ । यस क्रममा त्रिभुवन विश्वविद्यालय सभा तथा कार्यकारी परिषद् सचिवालयमा उपलब्ध भएका सामग्रीको अध्ययन गर्ने अवसर मिलेको थियो । चार महिनाजति निरन्तर रूपमा ती सामग्री अध्ययन गर्न सघाउने सचिवालय परिवारका साथै विशेषतः शाखा अधिकृत ऋषेश्वरमान राजभण्डारीबाट महत्त्वपूर्ण सहयोग प्राप्त भएको हो । त्रिभुवन विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखाको अभिलेखालयमा रहेका सबैजसो 'त्रिभुवन विश्वविद्यालय बुलेटिन' अध्ययन गर्ने अवसर सो शाखाले प्रदान गरेको हो । त्यस्तै विशेषतः उच्च शिक्षा सम्बन्धी विभिन्न प्रतिवेदन, ऐनलगायत प्रकाशित सामग्री त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा प्राप्त भएका हुन् ।

विश्वविद्यालयको इतिहास लेखनका लागि 'एकल सदस्य' को जिम्मेवारी प्राप्त भएपछि समेत उल्लिखित परिवेशमा यस कार्यमा जुट्न त्यति जाँगर नभए तापनि दायित्वबोध भने थियो । फलस्वरूप विश्वविद्यालयको इतिहास मिहिन एवम् अनुसन्धानमूलक रूपमा लेख्नु पर्दछ भन्ने भावनाका साथ पहिलो चरणमा प्रस्तुत '**त्रिभुवन विश्वविद्यालयको इतिहास (वि.सं. २०१६-२०३९**)' को '**भाग-१**' ग्रन्थ लेखिएको हो । सम्बद्ध विषयको सूचनालाई यथाशक्य चर्चा गरिएकाले विश्वविद्यालयको विस्तृत इतिहास एउटै भागमा नअट्नु स्वाभाविक नै हो । त्यसैले यसलाई विभिन्न भागमा लेख्न वाञ्छनीय हुने देखिएकाले थालनीका रूपमा प्रस्तुत पहिलो खण्ड तयार गरियो ।

प्रस्तुत ग्रन्थलाई मुख्यतः तीन परिच्छेदमा विभाजन गरिएको छ, जसमा 'नेपालमा उच्च शिक्षाः ऐतिहासिक पृष्ठभूमि', 'त्रिभुवन विश्वविद्यालयः प्रथम चरण (२०१६-२०२८)' र 'राष्ट्रिय शिक्षा पद्धतिको योजनाका एक दशक (२०२९-२०३९)' छन् । दोस्रो तथा तेस्रो परिच्छेदमा सो समधावधिको प्राज्ञिक कार्य, पाठ्यक्रम, परीक्षा पद्धति, दीक्षान्त समारोह, पुस्तकालय, सम्बन्धन, जमिनको व्यवस्थापन, भौतिक संरचना निर्माणलगायत विषयमा प्राप्त सामग्रीका आधारमा चर्चा गरिएको छ । ठुलो संस्था भएकाले त्रिभुवन विश्वविद्यालयका बारेमा प्रकाशित

सूचनासमेत यथेष्ट हुन सक्दछ । यद्यपि विश्वविद्यालयबाट प्राप्त सामग्रीलाई यस ग्रन्थमा प्रमुख स्रोतका रूपमा प्रयोग गरिएको छ । विश्वविद्यालयको निर्णयहरूमा प्रयोग गरिएका कतिपय शब्दावली एवम् विशेषण यथावत् प्रयोग भएका छन् ।

यो विश्वविद्यालयको इतिहासका साथै आधिकारीक सूचना संलग्न गरिएको ग्रन्थ भएकाले सो सम्बन्धमा अध्येताको आ-आफ्नै दृष्टिकोण हुने ठानेर 'उपसंहार' दिइएको छैन ।

यथाशक्य प्रयास गरिए तापनि उल्लिखित विभिन्न कारणहरूबाट कतिपय महत्त्वपूर्ण सामग्री जुटाउन नसकिएको परिवेशमा विश्वविद्यालय भित्र सहज रूपमा उपलव्ध भएका सामग्रीमध्ये प्रस्तुत ग्रन्थमा समावेश गर्न नसकिएका विभिन्न सामग्रीसमेत रहेका छन् । त्यस्तै लेखनमा समयको अत्यधिक चापका कारण विषय समायोजन, भाषिक शुद्धि, टङ्कन तथा प्रस्तुतिमा समेत छुट हुन सक्छ । त्रिभुवन विश्वविद्यालयको इतिहास श्रृङ्खलाको यो पहिलो भाग हो । यसको प्रकाशनपछि पनि त्रिभुवन विश्वविद्यालयको इतिहास लेखनको क्रमलाई आफूले निरन्तरता दिने कुरा यहाँ स्मरण गर्न चाहन्छु ।

विश्वविद्यालयको इतिहास लेख्नु पर्दछ भन्ने दृढताका साथ सूचना सङ्कलनमा जुटे तापनि त्यत्ति उत्साह नभएको अवस्थामा उपकुलपतिज्यूबाट प्राप्त प्रेरणा एवम् आवश्यक सहयोगको वचनवद्धताबाट नै प्रस्तुत ग्रन्थ प्रकाशनमा आउन सकेको हो । यस निम्ति उपकुलपति प्रा.डा.तीर्थराज खनियाज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यस्तै त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. सुधा त्रिपाठी तथा रजिष्ट्रार श्री डिल्लीराम उप्रेतीज्यूको सहयोगका निम्ति आभार व्यक्त गर्दछु । यस ग्रन्थका लागि सामग्री अध्ययन गर्ने व्यवस्था मिलाइदिने त्रिभुवन विश्वविद्यालय सभा तथा कार्यकारी परिषद् सचिवालय, त्रिभुवन विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखा तथा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय परिवारमा आभार व्यक्त गर्दछु । त्यस्तै प्रस्तुत कृतिको आवरण सज्जा तथा डिजाइनमा सघाउने त्रिवि

छापाखानाका मित्र द्वय राम शरण देवकोटा र सुभाष खत्रीका साथै प्रकाशन कार्यमा सम्बद्ध सबैलाई धन्यबाद छ ।

सामग्री सङ्कलनदेखि पाण्डुलिपि तयार गर्ने क्रममा छोरी द्वय डा.श्रद्धा तथा सुश्री स्रष्टा एवम् जीवन सँगिनी श्रीमती निमा पंगेनीको निरन्तर सहयोग रहेको छ । उनीहरूको सहयोगबिना यस रूपमा ग्रन्थ तयार हुने थिएन । यस निम्ति उनीहरूप्रति ऋणी छु ।

बढो धैर्य एवम् मिहिनेतबाट प्रस्तुत ग्रन्थ तयार भएको हो । नेपालमा उच्च शिक्षाको थालनी, विकास, विश्वविद्यालय स्थापनाको पहल, त्रिभुवन विश्वविद्यालयको स्थापना एवम् यसको २३ वर्ष जतिको इतिहासलाई मिहिन तथा सूक्ष्मरूपमा लेखिएको अनुसन्धानमूलक प्रस्तुत ग्रन्थबाट नेपालमा उच्च शिक्षा तथा त्रिभुवन विश्वविद्यालयको इतिहासका अनुसन्धाता, अध्येता, पाठक एवम् योजनाविद्समेतले महत्त्वपूर्ण तथा आधिकारिक सूचना प्राप्त गर्न सक्ने छन् । 'त्रिभुवन विश्वविद्यालयको इतिहास (पहिलो भाग)' पुस्तक विश्वविद्यालयको इतिहास मात्र नभएर विश्वविद्यालयसँग सम्बद्ध अप्रकाशित सूचना सम्प्रेषण गर्ने अभिलेख पनि हो । यही सन्दर्भ नै प्रस्तुत ग्रन्थको महत्त्व एवम् औचित्य ठानेको छु । अस्तुः

डा.भवेश्वर पंगेनी

(*प्राध्यापक, इतिहास*)

शिवालय मार्ग, ट्याङ्लाफाँट

कीर्तिपुर, काठमाडौँ

२०७६ साल असार ।

Email-bs_pangeni@yahoo.com

# विषय सूची

**मन्तव्य**

**उपकुलपति प्रा.डा. तीर्थराज खनिया** i-iv

**शिक्षाध्यक्ष प्रा.डा. सुधा त्रिपाठी** v-vii

**रजिष्ट्रार डिल्ली राम उप्रेती** ix-x

**भूमिका : इतिहासको इतिहास** xi-xx

*पहिलो : परिच्छेद*

**नेपालमा उच्च शिक्षाः ऐतिहासिक पृष्ठभूमि** **१-१३८**

परिचय

शिक्षा सम्बन्धी इस्तिहार

त्रिचन्द्र कलेज

विश्वविद्यालय स्थापनाको पहिलो प्रयास

विश्वविद्यालय स्थापनाका प्रयास (२००७-२०१६)

लिखतमा पहिलो उपकुलपति

शिक्षक शिक्षण कार्यक्रम

त्रिभुवन विश्वविद्यालय कमिसन

विश्वविद्यालय निर्माण स्थल

प्रस्तावित त्रिभुवन विश्वविद्यालय

भवन निर्माण

विविध सन्दर्भ

*दोस्रो : परिच्छेद*

**त्रिभुवन विश्वविद्यालयः प्रथम चरण (२०१६-२०२८)** **१३९-५२८**

**प्राज्ञिक कार्य** **१४०-२५६**

परिचय

त्रिभुवन विश्वविद्यालय ऐन

सरकारी योजनामा उच्च शिक्षा

त्रिभुवन विश्वविद्यालय
विभिन्न बोर्ड/समिति
कक्षा सञ्चालन
विश्वविद्यालयको पहिलो वर्ष
कीर्तिपुरमा पठन पाठन
यातायात व्यवस्था
संस्कृत तथा संस्कृति विषय
पटना विश्वविद्यालयको सिलेवस
कक्षा कोठा
वार्षिक क्यालेण्डर
पठन-पाठन
विद्यार्थी भर्ना
अनुसन्धान
एम.एड.कक्षा सञ्चालन
विविध सन्दर्भ
**पाठ्यक्रम, परीक्षा र दीक्षान्त समारोह** **२५७-३३६**
**पाठ्यक्रम** **२५७-२६८**
परिचय
पटना विश्वविद्यालयको पाठ्यक्रम
सिलेवस कमिटी
संस्कृत पाठ्यक्रम
ल्याटिन र जर्मन भाषा
अङ्ग्रेजी विषय
इतिहास विषयको पाठ्यपुस्तक
पञ्चायत विषय
नेपाल परिचय
**परीक्षा व्यवस्था** **२६९-३०९**
परिचय

परीक्षा व्यवस्थापन
परीक्षा बोर्ड/समिति
परीक्षा सञ्चालन
पहिलो परीक्षा
प्राइभेट परीक्षा
परीक्षा र पटना विश्वविद्यालय
सप्लिमेन्टरी परीक्षा
परीक्षा सम्बन्धी नयाँ व्यवस्था
परीक्षा सम्बन्धी विविध

**दीक्षान्त समारोह** **३१०-३३६**
परिचय
पहिलो दीक्षान्त समारोह
दोस्रो-बाह्रौं दीक्षान्त समारोह

**पुस्तकालय** **३३७-३६०**
परिचय
सेन्ट्रल लाइब्रेरी
विश्वविद्यालय पुस्तकालय
लाइब्रेरी कमिटी
पुस्तकालय सम्बन्धी नयाँ व्यवस्था
लाइब्रेरी दरबन्दी
लाइब्रेरियन, असिष्टेन्ट लाइब्रेरियन
प्राविधिक पद
सरकारी प्रकाशन
तालिम
पुस्तक अस्वीकृत
डकुमेण्टेसन सेण्टर

**सम्बन्धन** **३६१-४१६**
परिचय

सञ्चालनमा रहेका कलेज
विश्वविद्यालयको सम्बन्धन
विदेशी विश्वविद्यालयलाई मान्यता
समकक्षता
आर्थिक सहायता वितरण
राजदरबारमा शाखा कलेज
**नियुक्ति** ४१७-४६८
परिचय
शिक्षक व्यवस्थापन
सेलेक्सन कमिटी
युनिभर्सिटी सर्भिस कमिसन
सरकारी शिक्षक
मित्र राष्ट्रबाट शिक्षक झिकाउने प्रयास
भिजिटिङ प्रोफेसर
अनरेरी प्राध्यापक
कोलम्बो प्लानका शिक्षक
दरबन्दी
एजुकेसन विभाग
शिक्षक विवरण
पदाधिकारी
कर्मचारी व्यवस्थापन
**जमिन तथा भौतिक संरचना** ४६९-५२८
**जमिन** ४६९-४९४
परिचय
जमिन अधिग्रहण
जमिन सम्बन्धी प्रतिवेदन र सरकारी निर्णय
जग्गाधनीको अनुरोध
जमिनको तिरो

प्रोपर्टी म्यानेजमेन्ट अफिस
मोहियानी हक
हर्टिकल्चर सब स्टेसन
**भौतिक संरचना** **४९५-५२८**
परिचय
सरकारी गेष्टहाउस
विकास बोर्ड
योजना समिति
भवन निर्माण कमिटी
भवन निर्माण कार्य
यातायात सेवा
थिसेन हाउस
आर्थिक सहयोगको अपील
*तेस्रो : परिच्छेद*
**राष्ट्रिय शिक्षा पद्धतिको योजनाको एक दशक** (२०२९-२०३९) **५२९-८८६**
**प्राज्ञिक कार्य** **५३०-७४०**
परिचय
नीतिगत रूपमा नयाँ शिक्षा योजना
राष्ट्रिय शिक्षा समिति
त्रिभुवन विश्वविद्यालय ऐन, नियम
योजनामा उच्च शिक्षा
सरकारी दृष्टिमा विश्वविद्यालय
शाही आयोग
विश्वविद्यालय सभा तथा कार्यकारिणी समिति
इन्स्टिच्यूटमा प्रथम डीन
क्याम्पस विद्यार्थी परिषद्
विद्यार्थी भर्ना र कक्षा सञ्चालन
राष्ट्रिय विकास सेवा

अञ्चल शिक्षा समिति
अध्ययनमा नयाँ व्यवस्था
विद्वत् वृत्ति
स्नातकोत्तर तह सञ्चालन
कीर्तिपुर बहुमुखी क्याम्पस
विद्यार्थी आन्दोलन
पब्लिक क्याम्पस सञ्चालन अनुमति
चिनियाँ विद्यार्थी
क्याम्पस तथा विद्यार्थी विवरण (२०३६-०३८)
**पाठ्यक्रम, परीक्षा र दीक्षान्त समारोह** **७४१-८०२**
**पाठ्यक्रम** **७४१-७४९**
परिचय
नयाँ व्यवस्था
पाठ्यक्रम, पाठ्याँश र पाठ्यभार
पाठ्यक्रम विकासमा संस्थागत प्रयास
वैकल्पिक अङ्ग्रेजी
विद्यापरिषद्
**परीक्षा व्यवस्था** **७५०-७९२**
परिचय
परीक्षामा नयाँ पद्धति
परीक्षा व्यवस्थामा परिमार्जन
पुरानो पद्धतिको परीक्षा परिणाम
नयाँ पद्धतिमा पहिलो परीक्षा
परीक्षा समिति
प्रवेश परीक्षा
प्रतिवेदनमा परीक्षा सन्दर्भ
परीक्षा नियन्त्रण कार्यालय
वार्षिक परीक्षा प्रणाली

निर्वतन (विथड्रल)
प्राईभेट परीक्षा
उत्तर पुस्तिका धुल्याउने
सिनियर क्याम्ब्रीजका विद्यार्थी
परीक्षा वर्ष निर्धारण
**दीक्षान्त समारोह** ७९३-८०२
परिचय
एघारौं दीक्षान्त समारोह
बाह्रौं दीक्षान्त समारोह
दीक्षान्त समारोहसम्बन्धी नयाँ व्यवस्था
तेह्रौँ दीक्षान्त समारोह
चौधौँ-सत्रौँ दीक्षान्त समारोह
सम्मानार्थ उपाधि
दीक्षान्त कार्यक्रम
**पुस्तकालय** ८०३-८३८
परिचय
एड्हक लाईब्रेरी कमिटी
विश्वविद्यालय पुस्तकालय
केन्द्रीय पुस्तकालय
क्षेत्रीय पुस्तकालय
नेपाल राष्ट्रिय पुस्तक विकास समिति
दीर्घकालीन कार्यक्रम
पञ्चवर्षीय योजना
पुस्तक सङ्कलन
**सम्बन्धन तथा नियुक्ति** ८३९-८८६
**सम्बन्धन** ८३९-८५९
परिचय
विश्वविद्यालयसँग सम्बद्ध कलेज
विश्वविद्यालयको स्वीकृति

निजी क्षेत्रमा क्याम्पस
स्नातक तहको स्वीकृति
पहिलो विज्ञान क्याम्पस

**नियुक्ति** ८६०-८७२

परिचय
विश्वविद्यालय सेवा आयोग
डीन/सहायक डीन
विषय समिति
सरकारी शिक्षक/कर्मचारी
नियुक्ति प्रक्रिया
सेवा-शर्त
स्थायी शिक्षक

**विविध सन्दर्भ** ८७३-८८५

वीरेन्द्र शुभराज्याभिषेक उद्यान
डेरी, पोल्ट्र र तरकारी उत्पादन गरिने
मतदान गर्न चन्दा रकममा कटौति
पुस्तकालयमा कामगर्न आह्वान
इटन छात्रवृत्ति
नयाँ नामकरण
शिक्षा विकासका निम्ति सहयोग
विक्री भण्डार
पुस्तक प्रकाशन
सिमरा पिपराको जमिन

**सन्दर्भ सामग्री** ८८७-९३४

*पहिलो : परिच्छेद*

# नेपालमा उच्च शिक्षा: ऐतिहासिक पृष्ठभूमि

*पहिलो : परिच्छेद*

# नेपालमा उच्च शिक्षाः ऐतिहासिक पृष्ठभूमि

"What is history ?
An echo of the past in the future;
a reflex from the future on the past."

-Victor Hugo

## परिचय

नेपाल भूमि प्राचीन कालदेखि नै आध्यात्मिक ज्ञानको केन्द्र, मन्त्रद्रष्टा ऋषिमुनिहरूको साधनास्थल तथा तपस्वीहरूको तपोभूमीका रूपमा प्रतिष्ठित रहेको देखिन्छ । महिर्षि याज्ञवल्क्य, पुराण र महाभारतका रचयिता वेदव्यासजस्ता दार्शनिक, विद्वान र आध्यात्मज्ञानको साधना गर्ने गार्गी जस्ता विदुषीहरूले यस भूभागलाई चिन्तन केन्द्र बनाएका थिए । गायत्रीमन्त्रका द्रष्टा कौशिकले नेपालको पूर्वी भागमा बग्ने कोशी नदीको तटलाई आफ्नो साधनास्थल बनाएका थिए भने गण्डकीको तटमा मीमांसादर्शनका निर्माता जैमिति र जडभरतले तपस्या गरेका थिए । त्यस्तै कौञ्चवधबाट शोकाकुल वाल्मीकिको कवित्वशक्ति यसै क्षेत्रमा प्रस्फुटित भएको हो । व्याकरणशास्त्रका प्रवर्तक महर्षि पाणिनिको तपःस्थल र कर्मक्षेत्र एवम् शान्तिका अग्रदूत भगवान बुद्धले यसै धरामा जन्म लिएर विश्वलाई नै अहिंसा, परस्पर मैत्री, सत्यवादिता, करुणा आदिको पाठ पढाएको एथार्थता हाम्रासामु रहेको छ ।

तिनै ऋषिमुनिहरूले विभिन्न कालखण्डमा यसै पुण्यभूमीमा बसेर पठन पाठन तथा सिर्जना/लेखनकार्य गरेका थिए । यस क्रममा विद्वानहरूले घरआँगन, आश्रम, धार्मिक स्थल, मठमन्दिर, गुम्बाविहार, पाटीपौवालगायतबाट आ-आफ्ना ज्ञानलाई अर्को पुस्तामा हस्तान्तरण गर्दै आएका थिए । यही परम्पराको विकसित रूप नै पाठशाला-पाकशाला,

स्कूल, कलेज तथा विश्वविद्यालय बन्न गए जुन व्यक्तिगत प्रयासबाट थालनी गरिएको भए तापनि क्रमशः राज्यको आवश्यकताबमोजिम संस्थागत स्वरूप धारण गर्दै आएको हो ।

नेपालको इतिहासको मध्यकालसम्म विशेषतः धार्मिक एवम् नैतिक शिक्षाको प्रचार प्रसार भए तापनि आवश्यकताअनुसार आधुनिक अर्थात् अङ्ग्रेजी शिक्षाको अध्ययनसमेत थालनी हुन गयो । आधुनिक कालको थालनीतिर नै नेपालमा शिक्षाको इतिहास अध्ययन गर्दा जनरल भीमसेन थापाले परम्परागत शिक्षाका अतिरिक्त अङ्ग्रेजी शिक्षा दिनु पर्ने आवश्यकता बोध गरेको देखिन्छ ।[१] खासगरी भारतमा ब्रिटिश इष्ट इण्डिया कम्पनीको नियन्त्रण हुँदै जाँदा उनीहरूको व्यवस्था बुझ्न तथा वर्ता गर्नका लागि पनि नेपालमा अङ्ग्रेजी शिक्षाको आवश्यकता महशुस हुन गएको हो । सुगौली सन्धि (१९७२ साल) पछि नेपालमा आउने ब्रिटिश रेसिडेन्टसँगको व्यावहार एवम् पत्राचारका लागि सरकारी क्षेत्रमासमेत अङ्ग्रेजी शिक्षाको आवश्यकता पर्न गयो । फलस्वरूप जनरल भीमसेन थापाले हिन्दू परम्परामा हुर्केका तथा अङ्ग्रेजी विषयका विद्वान् प्रायः भारत

---

१ नेपालको राजनीतिक इतिहासमा स-साना राज्यहरू (काठमाडौँ उपत्यकाका तीन मल्ल राज्य, पाल्पा, तनहुँ तथा पूर्वी नेपालका तीन सेन राज्यहरू, गोरखा, मुस्ताङ, बाइसे-चौविसे) लाई गोरखा राज्यका राजा पृथ्वीनारायण शाहले विजय गर्दै एकीकृत बृहद् नेपाल निर्माण कार्यको थालनी गरेका थिए । उनले काठमाडौँ राज्यअन्तर्गत पर्ने 'त्रिशुली-नुवाकोट' क्षेत्रलाई विजयगरेपछि थालनी भएको नेपालको एकीकरण कार्यलाई अगाडि बढाउँदै क्रमशः मकवानपुर, कान्तिपुर (काठमाडौँ), ललितपुर, भादगाउँ (भक्तपुर, विजयपुर र चौदण्डिसमेत नेपालका शक्तिशाली एवम् सम्पन्न प्रमुख ६ राज्यहरू स्थायी रूपमा विजय गरेका थिए । पृथ्वीनारायण शाहले थालनी गरेको एकीकरण अभियानलाई उनका उत्तराधीकारीले अगाडि बढाउँदै नेपाललाई पूर्वमा मेची तथा पश्चिममा सतलजसम्म पुऱ्याउन सफल भएका थिए । नेपालको इतिहास अध्ययन सहजताका लागि काल विभाजन गर्ने क्रममा राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाको अन्तिम राज्य भादगाउँ विजय गरेको वर्ष सन् १७६८ (वि.सं. १८२५) भन्दा अगाडिलाई 'मध्यकाल' तथा सोदेखि पछिको समयलाई 'आधुनिककाल' भनिएको हो ।

बङ्गालका शिक्षक झिकाउने काम गरेका थिए । यसै परिवेशमा नेपालको पहिलो 'प्राइमिनिष्टर एण्ड कम्याण्डर इन चीफ' जनरल माथवरसिंह थापाले सन् १८३५ मा आफ्ना छोराहरूलाई पटनाको सरकारी स्कूलमा भर्ना गर्न सम्बन्धितसँग अनुरोध गरेको भन्ने पाइन्छ ।[२]

जङ्गबहादुरले सन् १८५३ मा थापाथली दरबार परिसरमा एउटा नयाँ स्कूल स्थापना गरे जहाँ अङ्ग्रेजी, बङ्गाली, हिन्दी, संस्कृत, इतिहास, भूगोल, गणित जस्ता विषयका शिक्षकलाई पढाउन लगाइयो । पछि यो स्कूललाई थापाथली दरबार परिसरमा रहेको चार बुर्जा दरबारमा सारिएको देखिन्छ । यो नै दरबार स्कूलको पूर्वरूप थियो । जङ्गबहादुरको समयमा नेपालभर ५० भन्दा बढी शिक्षकहरू विभिन्न शैक्षिक संस्थामा आवद्ध भएको पाइन्छ ।[३] यस प्रकार उनको समयमा काठमाडौँमा अङ्ग्रेजी, संस्कृत, बौद्ध धर्म सम्बन्धी पढाइ भएको देखिन्छ । त्यसो त जङ्गबहादुरले नै कतिपयलाई छात्रवृत्तिमा कलकत्तामा पढ्न पठाएका पनि थिए । यसबाट राणाशासक आफ्ना सन्तानलाई पश्चिमी शिक्षासमेत दिन चाहन्थे भने सर्वसाधारणलाई यो सुविधा सम्भावना नै नभएको स्पष्ट हुन्छ । त्यसो त कतिपय हुनेखाने परिवारमा व्यक्तिगत रूपमा पण्डित राखेर आफ्ना सन्तानलाई घरमा नै पढाउने कार्य परम्परागत रूपमा चलिआएको पनि थियो ।

केही समय संस्कृत शिक्षाको निर्देशक बनेका जङ्गबहादुरका छोरा जितजंगले पशुपति क्षेत्र राजराजेश्वरी नजिक एउटा पाठशाला स्थापना गरी पण्डित विष्णुहरि रिमाललाई अध्यापक बनाएको देखिन्छ ।[४] दाजु वीरशमशेरलाई 'प्राइमिनिष्टर' तथा 'श्री ३ महाराजा' बनाउन जीवनलाई

---

२ Ghana Shyam Rizal, *History of Education in Nepal(1851-1951),* A Dissertation submitted to the Faculty of Humanities and Social Sciences Tribhuvan University in Fulfilment of the Requirement for the Degree of Doctor of Philosophy, 1987 AD., p. 37.

३ *Ibid*, p. 45.

४ मुरलीपुत्र, "जितजंग", *नेपाली,* वि.सं. २०३०, वैशाख-असार, पृ. ९-१० ।

जोखिममा राखी काका प्राइमिनिष्टर रणोद्दिपसिंहमाथि गोली चलाउने खड्गशमशेर र उनीहरूकै भाइ चन्द्रशमशेरले कलकत्ताबाट सन् १८८० र १८८४ मा Entrance Exam उत्तीर्ण गरेका थिए । सो परीक्षा उत्तीर्ण गर्ने उनीहरू द्वय नै राणापरिवारमा पहिलो मानिन्छन् ।

प्राइमिनिष्टर रणोद्दीपसिंहको समयमा थापाथली दरबार परिसरमा सञ्चालन हुँदै आएको स्कूललाई रानीपोखरी क्षेत्रमा सार्नुका साथै कलकत्ता विश्वविद्यालयबाट सम्बन्धन दिलाइएको थियो । थापाथली दरबारमा स्थापना गरिएका कारण रानीपोखरी छेउमा सारिए तापनि यसको नाम 'दरबार स्कूल' नै राखियो । १९१० सालमा स्थापित त्यस स्कूलमा राणा परिवारका अतिरिक्त उनका निकटस्थ भाइ-भारदारका छोराहरूले पढ्न पाउने व्यवस्था गरेको पाइन्छ । १९६७ सालसम्म दरबार हाईस्कूललाई कलकत्ता विश्वविद्यालयबाट सम्बन्धन मिलेको थियो । त्यसपछि भने पटना विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको यस स्कूलले १९९२ सालमा काठमाडौँमा नै एस.एल.सी.परीक्षा सञ्चालन गर्ने खख्तियारी पाएको देखिन्छ ।[५] त्यस्तै यस स्कूलमा शुरुमा कलकत्ता विश्वविद्यालय त्यसपछि पटना विश्वविद्यालयको पाठ्यक्रम लागू रह्यो ।[६] सोही दरबार स्कूल सञ्चालन रहेको भवनमा प्राइमिनिष्टरले संस्कृत पाठशाला स्थापना एवम् सञ्चालन गराएका थिए । प्राइमिनिष्टर वीरशमशेरले शिक्षाको विकासका क्रममा स्रेस्ता पाठशाला, तीनधारा पाकशाला तथा वीरपुस्तकालय स्थापना गरे ।

प्राइमिनिष्टर देवशमशेरले सन् १९०१ मा राष्ट्रिय शिक्षा नीतिको घोषणा गरेका थिए जसको उद्देश्य सबैलाई शिक्षा दिनु भन्ने थियो । भनिन्छ उनले ३०० स्कूल स्थापना गर्ने योजना बनाएका थिए । उनले कुनै समूदायले ५० जना विद्यार्थी जम्मा गरेका खण्डमा सरकारले १ जना

---

५ विश्वबन्धु थापा (अध्यक्ष), *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट,* वि.सं. २०१८, पृ. ८ ।

६ गोपीनाथ शर्मा, *नेपालमा शिक्षाको इतिहास (भाग १),* काठमाडौँ: मकालु प्रकाशन गृह, २०६९ (दोस्रो संस्करण), पृ. ११ ।

अध्यापक (पण्डित) व्यवस्था गरिदिने तथा ५२ जना विद्यार्थी पुऱ्याएमा २ जना सरकारी पण्डितका अतिरिक्त पाठ्यपुस्तक एवम् आवश्यक शैक्षिक सामग्री उपलव्ध गराउने निर्देशन दिएका थिए । ३०० स्कूल स्थापना गर्ने योजना बनाए तापनि देवशमशेरको समयमा ३७ स्कूलहरू स्थापना गरेको भन्ने पनि पाइन्छ । त्यसो त देवशमशेरले नेपाली भाषाका १६ स्कूलका साथै ३ छात्रा स्कूलसमेत स्थापना गरेको देखिन्छ । चन्द्रशमशेरले सन् १९०२ मा केही युवालाई प्राविधिक शिक्षाका लागि जापान पनि पठाएका थिए । उनले नेपालमा ८४ स्कूल र पाठशाला स्थापना गरे जहाँ संस्कृत, नेपाली, हिन्दी, अङ्ग्रेजी विषय पढाइन्थ्यो । त्यस्तै असहाय, अनाथ एवम् गरिब विद्यार्थीका लागि उनले पाल्पाको रिडीका साथै जनकपुर र हनुमाननगरमा आवासीय सरकारी पाठशाला स्थापना गरिदिएका थिए ।[७]

संस्कृत शिक्षाको सन्दर्भमा नेपालको मिथिला क्षेत्रको मटिहानीमा १९२० सालमा भोजनसहितको आवासीय संस्कृत पाठशाला खुल्यो भने यसको १४ वर्षपछिमात्र १९३४ सालमा राजधानी काठमाडौँमा रानीपोखरी संस्कृत पाठशाला र १९४२ सालमा तीनधारा छात्रावासको स्थापना भयो । १९५८ सालमा पश्चिम नेपालको पोखरामा स्थापना गरिएको संस्कृत पाठशाला यो क्षेत्रको पहिलो थियो भने यसको ९ वर्षपछि १९५९ सालमा स्थापित रिडीको संस्कृत पाठशाला यस भेगको दोस्रो तथा मानवतावादी बझाङेराजा जयपृथ्वीबहादुर सिंहद्वारा १९६० सालमा बझाङमा स्थापना गरिएको 'सत्य संस्कृतपाठशाला' लाई तेस्रो संस्कृत पाठशाला तथा व्याकरण, साहित्य, कर्मकाण्ड, ज्योतिष र गणित विषयहरू पढाउने गरी १९७२ सालमा पाल्पामा स्थापना गरिएको भाषापाठशाला चौथो औपचारिक शिक्षा दिने पाठशाला थियो । यसपछि अर्घाखाँचीको खिदिम पोखराथोकमा हरिहर गौतमद्वारा स्थापित विद्यालय (त्रिभुजपाठशाला) पाँचौं शैक्षिक संस्थाका रूपमा योगदान गर्दै आएको पाइन्छ ।[८] यहाँ उल्लेख्य के पनि

---

७ Rizal, *Opcit*, p. 70, 75.

८ माधवप्रसाद गौतम (सम्पा.), *महामना हरिहरगौतम स्मृतिग्रन्थ,* काठमाडौँ: दधिराम मरासिनी स्मृति प्रतिष्ठान, वि.सं. २०६५, पृ. ५६-५७ ।

देखिन्छ भने १९३२ सालमा नै पूर्वी नेपालको भोजपुर जिल्लामा रहेको दिङ्लामा 'श्रीआवाल व्रह्मचारी प्रडीतज्यू षडानन्द उपाध्या' ले एउटा पाठशाला स्थापना एवम् सञ्चालन गरेका थिए ।[९]

१९५८ सालमा एकै पटक ७५ वटा भाषा पाठशालाहरू खोलेपछि नेपालमा संस्थागत रूपमा संस्कृत शिक्षाको प्रचार-प्रसारमा तीव्रता आउनु स्वाभाविकै हो । रानीपोखरी प्रधान पाठशालामा १९७३ सालदेखि शास्त्री र आचार्य तहको अध्यापन गराई परीक्षा दिन अनौपचारिक रूपमा बनारस पठाउने गरिन्थ्यो । १९९० सालदेखि यस पाठशालामा विभिन्न विषयका शिक्षकहरू नियुक्त गरी औपचारिक रूपमा नै उच्च शिक्षाको अध्यापन आरम्भ गरियो । तर परीक्षा भने अनौपचारिक नै थियो । यसको अर्को वर्ष १९९१ सालमा नेपालमा एस.एल.सी. परीक्षा सञ्चालन गर्ने व्यवस्था भयो ।[१०]

२००८ सालमा राजकीय संस्कृत महाविद्यालयको स्थापना गरियो । यसै वर्ष धरानमा निजीस्तरमा पिण्डेश्वर महाविद्यालय, २०११ सालमा दाङमा जनता संस्कृत महाविद्यालय स्थापना भयो । त्यसो त जनकपुर, मटिहानी, कलैया, तौलिहवा आदिका संस्कृत प्रधान पाठशालाहरूमा पनि शास्त्री र आचार्य तहसम्म पठनपाठन गराई परीक्षाको निम्ति बनारस नै पठाइन्थ्यो ।[११]

---

[९] *बालागुरु षडानन्द सम्बन्धी अभिलेख तथा कागजात,* काठमाडौँ: आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान, वि.सं. २०७०, पृ. २१ ।

[१०] राष्ट्रिय शिक्षा आयोग, *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन: २०४९,* काठमाडौँ: राष्ट्रिय शिक्षा आयोग, वि.सं. २०४९, पृ ३५ । (शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री गोविन्दराज जोशीको अध्यक्षताको १६ सदस्यीय यस आयोगमा शिक्षाविद्, दुई विश्वविद्यालय (त्रिभुवन र महेन्द्र संस्कृत) का उपकुलपतिहरू, राष्ट्रिय योजना आयोगका सदस्य, शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव, राष्ट्रिय शिक्षा समितिका सदस्यलगायत संलग्न गरिएको थियो)

[११] *ऐजन,* पृ ८७-८८ ।

## शिक्षा सम्बन्धी इस्तिहार

उच्च शिक्षाको आधारका रूपमा स्कूल शिक्षाको विस्तार नभएसम्म कलेजमा विद्यार्थीको संख्या नहुने यथार्थतालाई ध्यानमा राखेको नपाइए तापनि प्राइमिनिष्टर जुद्धशमशेरले स्कूल शिक्षाका लागि महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । यस क्रममा उनले १९९३ सालमा 'शिक्षा बोर्ड' गठन गरेका थिए । यसै बोर्डको सिफारिसका आधारमा 'पास जाँचअड्डा' सम्बन्धी नयाँ सनद पनि जारी गरियो । त्यस्तै प्राइभेट (निजी) स्कूल स्थापना, व्यवस्थापन तथा सञ्चालनमा सरकारले चासो लिएको देखिन्छ । यसै सन्दर्भमा सर्वसाधारणलाई निजी स्कूल स्थापना र सञ्चालन गर्ने अख्तियारी दिइएको थियो । त्यसो त सोही इस्तिहारद्वारा त्यस्ता निजी स्कूल स्थापना र सञ्चालनका लागि पनि निश्चित प्रक्रियाका साथै नियमसमेत तर्जुमा गरियो । मुलुकमा व्यक्तिगत/सामूहिक रूपमा निजी स्कूल स्थापना एवम् सञ्चालका क्षेत्रमा राणाकालमा नै भएको यो प्रयास उल्लेख्य देखिन्छ । अझ निजी स्कूल स्थापना गर्ने कार्यको थालनीका लागि सरकारले १९९६ साल माघ ८ गते रोज १ का दिन एउटा इस्तिहार नै जारी गरेको थियो ।[१२]

> *"आगे नेपाल राजभरका भलाद्मी रैती दुनियाँहरू के यथोचित उप्रान्त विद्याको उन्नति प्रचार गर्नालाई सदर मोफसलसमेत ठाउँ- ठाउँमा दुनियाँकातर्फबाट प्राइवेट स्कूल खडा गर्न इच्छा हुनेले सो खोल्नलाई सरकारतर्फबाट सहायतासमेत बक्सिने गरी रुल मिलाई स्कूलको उन्नति गर्ना निमित्त ९५/१२/२८/२ मा स्कूलको नियमको दफा खोली खड्गनिशाना रिपोर्ट सदर भएको हुनाले सो स्कूलको नियम तिमीहरूलाई थाहा होओस् भन्नाको निमित्त यो इस्तिहार जारी गरिबक्सेको*

---

१२ नारायण झा, *नेपालको शैक्षिक दर्पण,* प्रकाशन स्थान अनुल्लिखित, श्रीमती जगतारिणीदेवी झा, वि.सं. २०४४, पृ. २२-३० ।

*छ । सो बमोजिम विद्याका प्रचार गर्ने गराउने काम गर...”*

नेपालको शैक्षिक इतिहासमा सम्भवतः उल्लिखित इस्तिहारले नै प्राथमिक खण्ड कक्षा १-३, मध्यम खण्ड कक्षा ४-७ र उच्च खण्ड कक्षा ८-१० गरी तीन तहमा विभाजन गरेको हो । त्यस्तै शिक्षा विभागबाट प्रकाशित पाठ्यक्रम तथा पाठ्यपुस्तक पढाउने, कक्षा सञ्चालन हुनेसमय/घण्टा निश्चित गर्ने (प्राथमिक तहमा चार घण्टा र अन्य तहमा पाँच घण्टा नघटाई बिहान ९.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म पढाउनु पर्ने), कक्षामा निश्चित संख्या भन्दा बढी विद्यार्थी राख्न नपाइने (कक्षा ९ र १० मा ५०, कक्षा ५-८ मा ४० र कक्षा १-४मा ३२ जना) आदि जस्ता नियम कार्यान्वयन गर्न निर्देशन दिइयो । सो इस्तिहारमा विद्यार्थीबाट शुल्क उठाउने दर, शिक्षकको नियुक्ति र सुविधा, स्कूललाई सरकारी सहायता उपलब्ध गराउने व्यवस्था, स्कूल सञ्चालक समितिको गठन तथा यसको काम, सरकारबाट स्कूलको निरीक्षण गर्ने पद्धति, कक्षा उत्तीर्ण गराउने आधार, अर्को स्कूलमा विद्यार्थीको सरुवा/भर्ना गर्ने नियम आदि बिस्तृत रूपमा स्पष्ट पारियो ।

यसरी निजी स्तरलाई नयाँ स्कूल खोल्न र सञ्चालन गर्न दिइए तापनि विद्यार्थी तथा शिक्षकहरू भने कुनै किसिमको संस्थामा संलग्न हुन नहुने कुरालाई कडाइका साथ लागू गर्नुपर्ने भयो । त्यस्तै स्कूल सञ्चालन गर्न सरकारी सहायता पाएको पाँच वर्षभित्र कुनै पनि कारणले बन्द गर्नु नपर्ने कुराको कबुलियत भने स्कूल खोल्न चाहने दरखास्तवाला तथा पछि सञ्चालक समितिले कबुलियत गर्नु पर्दथ्यो । आवश्यकताअनुसार गौंडा, गढी र गोश्वारा (जिल्ला) का बडाहाकिमलगायत शिक्षा विभागका डाइरेक्टरले यस्ता स्कूलको निरीक्षण गर्ने वा गर्न लगाउने व्यवस्था भयो ।

राणाकालीन शैक्षिक इतिहासमा यो इस्तिहार निकै महत्त्वपूर्ण मानिन्छ । यसैका आधारमा काठमाडौंलगायत मुलुकका विभिन्न ठाउँमा निजी स्कूलहरू स्थापना र सञ्चालन हुन गए भने पछिल्ला दिनमा नयाँ स्कूल स्थापनाका लागि पनि सोही इस्तिहारलाई आधार मानेको देखिन्छ ।

यहाँ उल्लेख्य के छ भने शैक्षिक संस्थालाई व्यवस्थित गर्नुका साथै मुलुकको शैक्षिक प्रशासन सञ्चालनका लागि राणाकालको मध्यतिरदेखि विभिन्न नयाँ अड्डाहरू स्थापना एवम् सञ्चालन गरिएका थिए । यसरी खडा गरिएका शैक्षिक क्रियाकलापसँग सम्बद्ध अड्डाहरूमा 'केटाकेटी पढाउने किताब तर्जुमा अड्डा-वि.सं.१९६०', 'स्रेस्ता पाठशाला-१९६२', 'जाँचपास अड्डा-१९६९', 'गोरखा भाषा प्रकाशिनी समिति-१९७०', 'पाठशाला बन्दोबस्त इन्स्पेक्टरी अफिस-१९७७', 'सिभिल मेडिकल स्कूल-१९९०', 'एस.एल.सी. बोर्ड-१९९०', 'शिक्षा बोर्ड-१९९३' थिए । बिक्रमको २००० सालमा बनारस हिन्दू विश्वविद्यालयमा 'नेपाल चेयर' को स्थापना भएको थियो । १९८९ सालको इन्ट्रान्स परीक्षा दिन कलकत्ता जानुपर्ने भए तापनि अर्को वर्ष अर्थात् १९९० सालमा नेपाली विद्यार्थीले सो परीक्षा (एस.एल.सी.) नेपाल (काठमाडौँ) मा नै दिन पाएका थिए । यस परिवेशमा राणाशासनको अन्त्यतिर आइपुग्दा अर्थात २००६ सालमा नेपालमा शैक्षिक संस्थाको अवस्था यस प्रकार देखिन्छ; [१३]

| | **सरकारी** | **सरकारी सहायता प्राप्त** |
|---|---|---|
| कलेज | १ | - |
| हाईस्कूल | ४ | १८ |
| मिडिल स्कूल | २ | २० |
| आधार शिक्षा तालीम केन्द्र | १ | प्राइमरी स्कूल १८ |

## त्रिचन्द्र कलेज

सन् १९१९ मे ३ मा भारत सरकारले एउटा निर्णयद्वारा नेपालको हाईस्कूल (दरबार हाई स्कूल) का प्राइभेट उमेदवार (विद्यार्थी) तथा पर्वतीय (सम्भवतः नेपाली तथा भारतको वर्तमान उत्तराञ्चल क्षेत्र एवम् दार्जलिङ्गलगायत क्षेत्रमा बसोबास गर्ने नेपाली भाषी) क्षेत्रकालाई भर्नाकुलर

[१३] शर्मा, पाद टिप्पणी नं. ६, पृ. ४-६, १० ।

भाषामा परीक्षा दिने व्यवस्था गरिदिएको थियो ।[१४] उल्लेख्य के छ भने नेपालको हाईस्कूलका प्राइभेट परीक्षार्थी तथा पर्वतीयलाई भारत सरकारले सन् १९१९ मे ३ मा भर्नाकुलर भाषामा परीक्षा दिने व्यवस्था गरिएको सन्दर्भ पटना विश्वविद्यालय सिण्डिकेटको सन् १९१९ नोभेम्बर ४ को निर्णय नं. ३७ मा उल्लेख पाइन्छ ।[१५]

यस क्रममा प्राइमिनिष्टर चन्द्रशमशेरले पटना विश्वविद्यालयलाई सन् १९१९ सेप्टेम्बर ९ मा एउटा पत्र लेखेको पाइन्छ । पत्रमा नेपाल हाईस्कूल र प्रस्तावित नेपाल कलेजका विद्यार्थीहरू पटना विश्वविद्यालयको परीक्षामा सामेल गर्ने सन्दर्भ परेको थियो । सो सन्दर्भमा विश्वविद्यालय सिण्डिकेटले नेपाल हाईस्कूल र प्रस्तावित कलेजका विद्यार्थीहरूलाई प्राइमिनिष्टरको पत्रानुसार केही शर्तमा पटना विश्वविद्यालयको परीक्षामा भर्ना गराइने निर्णय थियो । त्यस्तै आई.एस्सी. कोर्सका सम्बन्धमा भने छुट्टै छलफल गर्नुपर्ने निर्णय गरियो ।[१६] सिण्डिकेटले यो निर्णय गरे तापनि

---

[१४] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः निर्णय नं. ३७, सन् १९१९ नोभेम्बर ४, पृ. ३७ ।
त्रिचन्द्र कलेज तथा त्रिभुवन विश्वविद्यालयको पटना विश्वविद्यालयसँग सम्बन्धका बारेमा अध्ययन गर्न २०७३ साल मंसिर-पौष महिनामा पटना विश्वविद्यालय, पटना विश्वविद्यालय पुस्तकालय, पटना स्थित ल कलेज पुस्तकालय, विहार स्टेट आर्काइभ्सलगायतमा अध्ययन गरिएको थियो । यस क्रममा पटना स्थित पटना विश्वविद्यालय पुस्तकालयमा केही 'पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट*' अध्ययन गर्ने अवसर मिलेको थियो । पुस्तकका प्रकाशित रहेका ती 'मिनट्स' मध्ये केहीमा त्रिचन्द्र कलेका सम्बन्धमा भएका निर्णय तथा पत्राचारको सन्दर्भ पनि परेको पाइन्छ । त्रिचन्द्र कलेजका सम्बन्धमा पटना विश्वविद्यालयसँगको पत्राचार तथा निर्णयमध्ये प्राप्त सामग्रीको फोटोकपी लेखकको सङ्कलनमा रहेको छ । यी सूचना सङ्कलनमा त्रिभुवन विश्वविद्यालय कर्मचारी प्रशासन महाशाखाका उपप्रशासक विष्णुप्रसाद अर्यालका साथ सहकार्य भएको थियो ।

[१५] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९१९ नोभेम्बर ४, निर्णय, पृ. ३७ ।

[१६] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः निर्णय नं. १७५, १९१९ सेप्टेम्बर २४ ।

त्यस्ता शर्तहरू के राखिएका थिए भन्ने सामग्री भने फेला परेको छैन । यी सन्दर्भहरू त्रिचन्द्र कलेज स्थापना पूर्वका हुन् ।

त्रिभुवन-चन्द्र कलेज १९७५ साल भदौ १२ गते स्थापना गरिएको थियो । स्थापनाका बखत त्यहाँ आइ.ए. मात्र सञ्चालन गरियो भने पछि विज्ञान विषय पनि पढाइयो ।[१७] पठनपाठन भने अर्को वर्ष अर्थात् १९७६ साल भदौ ५ गतेदेखि थालनी भएको भनिन्छ । थालनीमा आई.ए.मा संस्कृत, इतिहास र दर्शन एवम् अनिवार्य अङ्ग्रेजी र नेपाली तथा आई.एस्सी.मा भौतिकशास्त्र, रसायनशास्त्र र गणित विषय समावेश गरिएको देखिन्छ । १९८१ सालदेखि बी.ए.का कक्षाहरू सञ्चालन गरिए ।[१८]

कलेजमा आई. एस्सी तहमा विद्यार्थी भर्नाका सम्बन्धमा नेपालका मुख्य सचिवले पटना विश्वविद्यालयका उपकुलपतिका नाममा एउटा पत्र पठाएका थिए । सन् १९१९ सेप्टेम्बर ९ मा लेखिएको सो पत्रका सम्बन्धमा पटना विश्वविद्यालय सिण्डिकेटको सन् १९१९ जुलाई २५ को वैठकमा प्रस्ताव नं. १४६ का रूपमा पेश गरिएको थियो । यस सम्बन्धमा कलेजको प्रयोगशाला, प्रयोगशालाका निम्ति आवश्यक रसायनलगायत फर्निचरको अवस्था तथा तीनको आपूर्ति योजनाका बारेमा विस्तृत जानकारी उपलव्ध गराउन पटना विश्वविद्यालयका उपकुलपतिलाई सिण्डिकेटले निर्देशन दिएको थियो ।[१९] सोही निर्णयका आधारमा भएको पत्राचारबाट त्रिचन्द्र कलेजका प्रिन्सिपलले पटना विश्वविद्यालयलाई १९२२ जुन २७ मा एउटा पत्र लेखेको पाइन्छ । पत्रका साथमा उनले विज्ञानका उपकरण, रसायन, प्रयोगशालाको योजना र कर्मचारीको सूचीसमेत पेश गरेका थिए । प्रिन्सिपलको त्यसै विवरणलाई आधार बनाएर पटना विश्वविद्यालयले ती

---

[१७] Rizal, Opcit, p. 94-95.

[१८] शिव ढकाल, *अभिलेखका पानाहरू,* प्रकाशन मिति अनुल्लिखित, श्रीमती निता घिमिरे र श्रीमति मन ढकाल, वि.सं. २०६१, पृ. २१५-२१७ ।

[१९] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः निर्णय नं. १४६, सन् १९१९ जुलाई २५, पृ. ३७ ।

सूची तथा योजनाको परीक्षण एवम् अनुगमन गर्न ए. टी. मुखर्जि र ए. एस. खानलाई अनुरोध गरिएको कुरा १९२२ अगस्त ३ मा निर्णय भएको थियो ।[२०]

निरीक्षक द्वय मुखर्जि र खानले दिएको प्रतिवेदनअनुसार कलेजको प्रयोगशालामा एउटा ग्यास लाइन जोड्नु पर्ने कुरा १९२२ अक्टोवर १४ को सिण्डिकेट वैठकबाट निर्णय भयो ।[२१]

यसरी आवश्यक तयारीपछि मात्र विश्वविद्यालयले त्रिचन्द्र कलेजमा विज्ञान विषयको अध्ययनको अनुमति दिएको देखिन्छ । प्रथम समूहका विद्यार्थीहरूले सन् १९२२ मा मात्र पहिलोपटक परीक्षा दिएको तथा प्रारम्भमा आई.ए. र आई.एस्सी. मात्र पठन-पाठन गरिएको पाइन्छ । कक्षा सञ्चालनको सन्दर्भलाई नै उठाउँदा त्रिचन्द्र कलेजमा सन् १९२४ मा बी.ए. र १९४८ मा बी.एस्सी. पढाई भएको थियो ।[२२]

प्राइमिनिष्टर चन्द्रशमशेरले शिक्षाका क्षेत्रमा गरेको महत्त्वपूर्ण कार्य 'त्रिचन्द्र कलेज' को स्थापना गर्नु हो जसबाट पहिलो पल्ट नेपालमा नै उच्च शिक्षा अध्ययनको थालनी हुन गयो । यसका साथै उनले इञ्जीनियरिङ्ग, फरेष्ट रेञ्जर, चिकित्साशास्त्र, वाणिज्य तथा कानून विषय अध्ययनका भारतका विभिन्न विश्वविद्यालयमा विद्यार्थीहरू पठाउने गरेको पाइन्छ । उल्लिखित विषय अध्ययनका लागि भारतका रूड्की, बनारस, बम्बै तथा कलकत्तास्तिथ विश्वविद्यालयमा सरकारी सुविधाका साथमा उच्च शिक्षाका लागि पठाउने गर्दथे । यसरी प्राबिधिक विषयमा उच्च

---

[२०] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः सन् १९२२ अगस्त ३, निर्णय नं. ६, पृ. २४ ।

[२१] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९२२ अक्टोवर १४, निर्णय नं. २, पृ. ६७ ।

[२२] ढकाल, पृ.२४१- २४४ ।

शिक्षाका लागि पठाइने व्यक्तिमा सामान्यतया निकटस्थ उच्च पदस्थ भारदारका छोरा भएको पाइन्छ ।[२३]

पटना कलेजमा अध्ययन अनुमति

त्रिचन्द्र कलेजमा अध्ययनरत कतिपय विद्यार्थीले पटना विश्वविद्यालय, पटनामा अध्ययन गर्ने चाहना पनि राखेको पाइन्छ । सन् १९२५ मा त्रिचन्द्र कलेजका विद्यार्थी जगतबिक्रम राणाले पटना स्थित बी. एन. कलेज (यो कलेज पटना विश्वविद्यालयअन्तर्गत पर्दथ्यो) मा दोस्रो वर्ष (इण्टरमिडिएट दोस्रो वर्ष) मा अध्ययन गर्नका निम्ति निवेदन दिएका थिए । राणाको निवेदनका सम्बन्धमा पटना विश्वविद्यालय सिण्डिकेटले १९२५ अक्टोबर २७ का दिन एउटा निर्णय गरेको थियो । निर्णयअनुसार निजलाई बी. एन. कलेजको दोस्रो वर्षमा अध्ययन गर्न अनुमति दिनाका साथै प्राइवेट विद्यार्थीका रूपमा आई.ए. परीक्षामा सामेल हुनसमेत अनुमति दिइएको थियो ।[२४] त्रिचन्द्र कलेज, काठमाडौँमा नै इण्टरमिडिएट तहमा पठन पाठन हुँदै गरेको अवस्थामा सोही तहको अध्यनका लागि राणालाई किन पटना जानु पऱ्यो तथा राणा जस्तै अन्य कति नेपाली विद्यार्थी अध्ययनार्थ पटना गएका थिए भन्ने जस्ता जानकारी दिने सामग्री भने फेला परेको छैन । त्यसैले सो सम्बन्धमा अझ अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

त्रिचन्द्र कलेजमा परीक्षा सञ्चालन

पटना विश्वविद्यालयले सन् १९२९ को परीक्षा सञ्चालनका लागि त्रिचन्द्र कलेज, काठमाडौँमा परीक्षा केन्द्र स्थापना गर्न स्वीकृति दिएको

---

[२३] भवेश्वर पंगेनी, "चन्द्रशमशेरका पालामा भारतमा पठाइएका विद्यार्थीहरूको छात्रवृत्ति सम्बन्धी व्यवस्था", *प्राचीन नेपाल,* संख्या-१४५, २०५७ साल असार, पृ. ३३-४९ । यस लेखमा चन्द्रशमशेरले अध्ययन गर्न पठाएका विद्यार्थीको पढाई, उनीहरूलाई उपलब्ध गराइएको छात्रवृत्तिलगायतसँग सम्बन्धीत एक दर्जन अप्रकाशित सरकारी कागजपत्रसमेत दिइएको छ ।

[२४] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९२५ अक्टोबर २७, निर्णय नं. १७५, पृ. ५६ ।

देखिन्छ । कलेजले कलेज (काठमाडौँ) मा नै परीक्षा केन्द्र स्थापनाका लागि अनुमति माग्दै आउने क्रममा पटना विश्वविद्यालयले सन् १९२८ डिसेम्बर २४ का दिन एउटा टेलिग्राम मार्फत् सन् १९२९ देखि म्याट्रिकुलेसन, इन्टरमिडिएट आर्टस् र ब्याचलर अफ आर्टस् तहको परीक्षाको केन्द्र काठमाडौँ (त्रिचन्द्र कलेज) मा स्थापना गर्ने स्वीकृति दिएको पाइन्छ । यद्यपि विज्ञान विषयको परीक्षा भने तत्काल त्रिचन्द्र कलेजमा सञ्चालन गर्ने अनुमति दिइएन । परीक्षा सञ्चालन एवम् निरीक्षणका लागि एक जना उपयुक्त अफिसर पनि विश्वविद्यालयले काठमाडौँ पठाउने भयो । यसरी पठाइएको अफिसरले नै सन् १९२९ पछि इन्टरमिडिएट तहमा विज्ञान विषयको परीक्षा केन्द्र स्थापना गर्ने विषयमा कलेजको प्रयोगशालाको निरीक्षण गर्नाका साथै आवश्यक सुझाव दिने कुरासमेत उक्त टेलिग्राम मार्फत् विश्वविद्यालयले सूचित गरेको थियो । यो सन्दर्भलाई उल्लेख गर्दै नेपालका प्राइमिनिष्टरले पनि सन् १९२९ मे १६ का दिन नेपाल स्थित ब्रिटिश इन्भ्वायका नाममा एउटा पत्र लेखेको पाइन्छ । यस क्रममा सन् १९२९ मे १७ का दिन पटना विश्वविद्यालयका असिस्टेन्ट रजिष्ट्रारले नेपालका 'डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सन' का नाममा एउटा पत्र लेखी सोही वर्षदेखि काठमाडौँमा नै केन्द्र स्थापना गरी म्याट्रिकुलेसन, आई.ए. र बी.ए. तहको परीक्षा सञ्चालन गर्ने, जहाँसम्म आई.एस्सी.तहको परीक्षा हो सो भने यथावत् पटनामा नै गर्ने निर्णय भएको जानकारी दिइयो । परीक्षा सञ्चालनका लागि विश्वविद्यालयले नियुक्त गरेको सुपरिन्टेन्डेन्टलाई नेपाल सरकारले आवश्यक आर्थिक एवम् भौतिक सहयोग गर्नुपर्ने कुरा पनि पत्रमा उल्लेख गरियो ।[२५]

त्रिचन्द्र कलेज, काठमाडौँ नेपालमा विश्वविद्यालयअन्तर्गतका परीक्षा सञ्चालन र निरीक्षण गर्न पटना विश्वविद्यालयले निरीक्षकहरू पठाउने गर्दथ्यो । यसरी काठमाडौँ आउने निरीक्षकलगायतको पारिश्रमिक भने विश्वविद्यालयले तोकेअनुसार त्रिचन्द्र कलेजले नै भुक्तानी गर्नु पर्दथ्यो । परीक्षा निरीक्षण गरेको पारिश्रमिक वारेको पटना

---

[२५] ढकाल, पृ.२४५-२४८ ।

विश्वविद्यालयका रजिष्ट्रारको टिप्पणीका सम्बन्धमा विश्वविद्यालयको नियमअनुसार भ्रमण भत्ताका अतिरिक्त नेपालमा खटाइएका निरीक्षकहरूलाई अतिरिक्त रु. १५०/- दिनु पर्ने कुरा १९२९ अगस्त १७ को सिण्डिकेटको निर्णय नं. ५५ मा उल्लेख गरियो ।[२६]

नेपाली विषय

कक्षा सञ्चालन भएपछि त्रिचन्द्र कलेज तथा सरकारका तर्फबाट नेपाली लगायत विषय पठन पाठनका लागि विश्वविद्यालयसँग अनुमति माग गरिएको थियो । यसका लागि दरबार हाईस्कूलका हेड मास्टर तथा पब्लिक इस्ट्रक्सन, शिक्षा विभाग, काठमाडौँका डाइरेक्टरहरूले पटना विश्वविद्यालयलाई पत्र लेख्ने काम गरेका थिए । यस पत्रमा दरबार हाईस्कूलका हेडमास्टरले पटना विश्वविद्यालयका रजिष्ट्रारका नाममा सन् १९३० नोभेम्बर ७ का दिन तथा पब्लिक इस्ट्रक्सन, शिक्षा विभाग, काठमाडौँका डाइरेक्टर मेजर जनरल मृगेन्द्र शमशेरले १९३१ अप्रिल १७ का दिन भाइस चान्सलरका नाममा पत्रहरू लेखेर त्यस विश्वविद्यालयले त्रिचन्द्र कलेज तथा दरबार हाईस्कूललाई नेपाली भाषामा इतिहास, भूगोल तथा Classics विषयहरूमा पढाउन र परीक्षा दिन मान्यता दिलाउन अनुरोध गरिएको थियो । डाइरेक्टरको पत्रमा कलकत्ता विश्वविद्यालयले सोही उद्देश्यका लागि नेपाली भाषालाई मान्यता दिएको सन्दर्भ पनि उठाइएको थियो ।[२७]

विद्यार्थी

त्रिचन्द्र कलेजबाट पहिलो पटक आई.ए. मा ६ जना तथा आई. एस्सी. मा ३ जना तथा बी. ए. मा ३ र बी. ए. अनर्समा १ जना विद्यार्थी सामेल भएको जानकारी पाइन्छ । यो सन्दर्भ सन् १९३२ डिसेम्बर २१ मा पटना विश्वविद्यालय, पटनाका एसिस्टेन्ट रजिष्ट्रार रायबहादुर कमला

---

[२६] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९२९ अगस्त १७, निर्णय नं. ५५, पृ. २७ ।

[२७] ढकाल, पृ.२४१-२४४ ।

प्रसादले त्रिचन्द्र कलेजका प्रिन्सिपलको नाममा लेखेको पत्रमा उल्लेख गरिएको छ ।[२८] त्रिचन्द्र कलेजमा आई.ए., आई.एस्सी. तथा बी.ए., बी.ए. अनर्स परीक्षा थालनी भएपछि परीक्षामा संलग्न हुने विद्यार्थीको संख्या त्यति उत्साहजनक देखिँदैन । १९२२ देखि १९३२ सम्म आई. ए. परीक्षामा सामेल हुने सबैभन्दा बढी विद्यार्थी १० र सबै भन्दा कम १ जना र आई. एस्सी. मा सबै भन्दा बढी ५ र कम ३ देखिन्छन् । त्यस्तै १९२६ देखि १९३२ सम्म बी. ए. परीक्षा दिनेमा सबै भन्दा बढी १२ र कम २ जना त्यस्तै बी. ए. अनर्समा सबै भन्दा बढी २ र कम १ जना देखिन्छन् । त्यसो त अनर्समा तीन वर्षसम्म एक जना पनि विद्यार्थी नभएको देखिन्छ ।[२९] यो विवरण कलेज सञ्चालनको प्रारम्भिक वर्षको हो ।

म्याट्रिकुलेसन परीक्षा

थालनीमा नेपालमा कलकत्ता विश्वविद्यालयबाट मात्र म्याट्रिकुलेसन परीक्षा सञ्चालन गरिँदै आएको थियो । कलकत्ता भन्दा नजिक पर्ने पटनामा विश्वविद्यालय सञ्चालनमा आइसकेकाले उक्त परीक्षा सञ्चालनको कार्य त्यहाँबाट गरिएमा नेपाली विद्यार्थीलाई सहज हुने थियो । सोही यथार्थता बुझेर नै नेपालको पब्लिक इस्ट्रक्सन विभागका डाइरेक्टरले त्यसतर्फ प्रयास गरेका थिए । यस क्रममा डाइरेक्टरले सन् १९३५ जुलाई २२ मा पटना विश्वविद्यालयमा एउटा पत्र लेखेको देखिन्छ । पत्रअनुसार पटना विश्वविद्यालयको म्याट्रिकुलेसन परीक्षाको मान्यतालाई स्थायी गरिदिनका लागि अनुरोध गरिएको थियो ।[३०] सोही अनुरोधका सम्बन्धमा १९३५ जुलाई ३१ मा कलकत्ता विश्वविद्यालयका रजिष्ट्रारले एउटा पत्रद्वारा पटना विश्वविद्यालयको म्याट्रिकुलेसन परीक्षालाई कलकत्ता विश्वविद्यालयको म्याट्रिकुलेसन परीक्षा सरह मान्यता दिएको जनाइएको थियो । यद्यपि कलकत्ता विश्वविद्यालयमा अनिवार्य गरिएका विषय लिएर

---

२८ *ऐजन,* पृ.२४१- २४४ ।

२९ *ऐजन,* पृ. ३४५ ।

३० पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९३५, सेप्टेम्बर १४, निर्णय नं. १४५, पृ. ८९ ।

पटना विश्वविद्यालयबाट उत्तीर्ण गरेका विद्यार्थी मात्र इन्टरमिडिएट कक्षामा भर्नाका लागि योग्य हुने कुरासमेत जानकारी गराइएको थियो । त्यसो त यस्ता कुनै एउटा विषयमा उत्तीर्ण हुन नसकेका विद्यार्थीलाई पनि इन्टरमिडियट कोर्स अध्ययन गर्न अस्थायी अनुमति दिइने भयो । तर दुई वर्ष भित्रमा सो विषय उत्तीर्ण हुन नसकेका खण्डमा भने दुई वर्ष पछि हुने विश्वविद्यालयको परीक्षामा सामेल हुने अनुमति नदिइने स्पष्ट पारियो ।[३१] यो सन्दर्भ पटना विश्वविद्यालय स्थापनाको डेढ दशक जति पछिको हो ।

शिक्षक व्यवस्थापन

त्रिचन्द्र कलेजमा पठन पाठन गर्नका लागि नेपालमा शिक्षकको अभाव थियो । नेपालमा उपलब्ध नभएका शिक्षकका लागि भारतीयमा निर्भर रहनु पर्ने धेरै पछिसम्मको अवस्था थियो भने तत्कालका लागि यो बाध्यात्मक स्थिति थियो । त्यसो त भारतीय शिक्षकहरू त्यति सहजताका साथ नेपालमा आउन पनि रुची राख्दैनथे । त्यस्तो अवस्थामा नेपाल सरकारले भारतीय शिक्षकलाई आकर्षित गर्नका लागि केही व्यवस्था गरिदिएको पाइन्छ । यस क्रममा उनीहरूलाई भारतीय रूपैयामा मासिक तलब दिने, शिक्षकको पद स्थायी गर्ने र २० वर्षपछि तलबको छ खण्डको एक खण्ड पेन्सन उपलब्ध गराउने, फर्निचर नलगाइएको आवास सुविधा उपलब्ध गराउने, हिउँदमा २ महिना तलबी बिदा दिने, भारतबाट पहिलो पल्ट सेवामा आउँदा परिवारलाईसमेत दोस्रो श्रेणीको यात्रा सुविधालगायत सुविधा दिइने व्यवस्था गरियो । उल्लिखित सुविधा भने सन् १९४९ तिरको हो । त्यस बखत नेपालमा आउन चाहने भारतीय शिक्षकलाई नियुक्त पूर्व नै उल्लिखित सुविधा दिइने कुराको जानकारी गराइन्थ्यो । यस क्रममा नेपालका शिक्षा डाइरेक्टर मेजर जनरल मृगेन्द्रशमशेर राणाले सन् १९४९ मार्च २५ मा काठमाडौँबाट भारत उत्तर प्रदेशका शिवशंकर सिंह (एम.एस्सी) का नाममा एउटा पत्र लेखेको पाइन्छ । सिंहले जुलोजी विषयको लेक्चरर पदमा नियुक्तिका लागि आवेदन दिएकाले जवाफमा यो

[३१] पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटना: १९३५ सेप्टेम्बर १४, निर्णय नं. १४६, पृ. ८९ ।

पत्र लेखिएको देखिन्छ ।[३२] यो सन्दर्भ त्रिचन्द्र कलेज स्थापनाको तीन दशक तीरको हो । कलेजको थालनीमा शिक्षकहरूलाई के कस्तो सुविधा दिइएको थियो भन्ने जानकारी दिने सामग्री भने फेला परेको छैन ।

त्रिचन्द्र कलेजका सम्बन्धमा नै नेपालका अधिकारीहरूले समय समयमा आवश्यकताअनुसार पटना विश्वविद्यालयका उपकुलपतिका नाममा पत्रहरू लेखेको पाइन्छ । खासगरी राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापना कालमा लेखिएका पत्रलाई पटना विश्वविद्यालय सिण्डिकेटको वैठकको निर्णयमा उल्लेख गरिएका छन् ।

सन् १९५५ सम्म त्रिचन्द्र कलेजका अतिरिक्त राजधानी काठमाडौँलगायत मुलुकका विभिन्न क्षेत्रमा थुप्रै कलेजहरू स्थापना एवम् सञ्चालनमा आइसकेका थिए । सोही परिप्रेक्षमा नेपाल सरकारका शिक्षा तथा विदेश विभागका मन्त्रीले सन् १९५५ फेब्रुअरी ६ का दिन पटना विश्वविद्यालयका उपकुलपतिका नाममा एउटा पत्र लेखेको पाइन्छ । पत्रमा नेपालमा सञ्चालित अन्य कलेजका विद्यार्थीलाई पटना विश्वविद्यालयको आई.ए., आई.एस्सी., बी.ए. र बी.एस्सी.परीक्षामा सामेल गराउन अनुरोध गरिएको थियो । त्यतिमात्र नभएर पटना विश्वविद्यालयको काठमाडौँ केन्द्रमा नेपालका अन्य परीक्षार्थीहरूलाई पनि आई.कम., बी.कम. र ल (कानून) विषयका परीक्षामा सामेल हुन स्वीकृति दिनका लागि पनि अनुरोध गरियो । सो अनुरोधअनुसार पटना विश्वविद्यालय सिण्डिकेटको १९५५ फेब्रुअरी १४ को वैठकको निर्णय नं. २५६ बाट अनुमति दिइएको थियो ।[३३]

उल्लेख्य के देखिन्छ भने कलेज स्थापना पूर्व नेपालमा २ जना मेडिकल ग्रयाजुएट, २ जना ग्रयाजुएट इन्जिनियर र १५ जना जति बी.ए. उपाधिप्राप्त व्यक्ति थिए ।

---

[३२] ढकाल, पृ. १५७-१५८ ।

[३३] पटना युनिवर्सिटी, मिनट्स अफ द सिण्डिकेट, पटनाः *१९५४-५५*, १९५५ फेब्रुअरी १४ (अर्डिनरी मिटिङ), निर्णय नं.२५६, पृ. ६७१ ।

१९७५ सालमा स्थापित त्रिभुवन-चन्द्र कलेजलाई १९८१ सालमा 'त्रिचन्द्र कलेज' नामकरण गरियो । प्रारम्भमा यसमा कलासम्बन्धी ६ विषय-गणित, तर्कशास्त्र, इतिहास र तिनौटा भाषा मात्र थिए । प्रथम वर्षमा जम्मा २ जना छात्र भएको यस कलेजका प्रिन्सिपल मैत्र थिए । १९७७ सालमा यसमा विज्ञानका कक्षाहरू थपिए । प्रथम वर्षमा विज्ञानमा जम्मा ३ जना छात्र थिए । १९८१ मा बी.ए.का कक्षा, २००४ मा बायोलजी र भूगोल, २००५ मा बी.एस्सी.का कक्षा, २०११ मा आइ.कम.र बी.कम.का कक्षा खुलेकाले यो कलेजमा कला, विज्ञान र वाणिज्यका विषय सञ्चालन भए । २००९ सालसम्म यहाँ केबल छात्रहरूलाई मात्र प्रवेश दिइन्थ्यो भने २०१२ सालदेखि सहशिक्षाको थालनी भयो ।[३४] त्यस्तै यहाँ विश्वविद्यालयअन्तर्गतका परीक्षा सञ्चालन र निरीक्षण गर्न पटना विश्वविद्यालयले निरीक्षकहरू पठाउने गर्दथ्यो । विश्वविद्यालयले सबैजसो विषय आफ्नो पाठ्यक्रमअनुसार पढाउन लाउँथ्यो भने परीक्षा सञ्चालन एवम् परीक्षाफल प्रकाशन पनि आफै गर्दथ्यो । यो व्यवस्था त्रिभुवन विश्वविद्यालय सञ्चालन हुनुपूर्व अर्थात् २०१६ सालसम्म यथावत् रह्यो ।

शास्त्री र आचार्य परीक्षा

"...शास्त्री र आचार्य कक्षाको परीक्षाको निमित्त विद्यार्थीहरूले बनारससम्म जानुपर्ने भइरहेकोमा २००५ सालदेखि उच्च कक्षासम्मको पढाइ र परीक्षासमेत यहीँ हुने प्रबन्ध भयो । संस्कृत विद्यालय खडा गर्ने बारेको योजना पनि निकासाको निमित्त चाडै नै जाहेर हुने भएको छ" ।[३५] यो निर्णयबाट अब भने उल्लिखित परीक्षाका लागि नेपाली विद्यार्थी भारतमा जानु पर्ने बाध्यताको अन्त्य भयो ।

## विश्वविद्यालय स्थापनाको पहिलो प्रयास

नेपालमा विश्वविद्यालय स्थापनाका लागि पहिलो प्रयास २००५ सालमा भएको थियो । प्राइमिनिष्टर मोहनशमशेरले उच्च शिक्षाको पठन

---

[३४] थापा, पृ.८ ।

[३५] *गोरखापत्र,* भाग-५०, २००६ साल माघ २१ गते ।

पाठन तथा अनुसन्धानका लागि एउटा विश्वविद्यालय स्थापना गर्ने प्रयास गरेका थिए । विश्वविद्यालय स्थापनाको तयारीका निम्ति सोही वर्षको भदौ महिनामा एउटा समिति 'विश्वविद्यालय योजना सभा' गठन गरिएको कुरा सरकारी विज्ञप्तिमार्फत् सार्वजनिक गरिएको थियो । शिक्षा विभागका डाइरेक्टर जनरल मृगेन्द्रशमशेर राणाको सभापतित्वमा २५ सदस्य रहेको 'विश्वविद्यालय योजना सभा' मा उद्योग विभागका डाइरेक्टर जनरल विजयशमशेरलाई उपसभापति बनाइयो भने लेफ्टिनेण्ट कर्णेल सुवर्णशमशेर, नायब बडागुरुज्यू हेमराज पण्डित, गुरु नयनराज, मेजर कर्णेल वालकृष्ण शमशेर, लेफ्टिनेण्ट कर्णेलहरू खड्गनरसिं राणा, यज्ञबहादुर बस्नेत, सूर्यजङ्ग थापा, अङ्ग्रेजी फाँटका जितेन्द्रबहादुर शाह, उद्योगका गुञ्जमानसिं, सहायक प्रिन्सिपल रुद्रराज पाण्डेय, सरदार नरेन्द्रमणि आदि, डा.सिद्धिमणि आदि, मिर सुब्बा भीमबहादुर पाँडे, प्रोफेसरहरू हृषिकेश शाह, सुधीरकुमार राय चौधरी, क्षितीशचन्द्र चक्रवर्ती, आशुतोष सेन, आशुतोष गंगुली, भवनाथ उपाध्याय, हेडमाष्टर बोधविक्रम अधिकारी, सुब्बाहरू प्रयागराज पाण्डेय र वेदनाथ तथा पण्डित देवरात विद्यावाचस्पतिलाई सदस्य बनाइयो ।[३६]

शिक्षा विभागका डाइरेक्टर जनरल मृगेन्द्रशमशेरको अध्यक्षतामा गठन गरिएको योजना सभामा विभिन्न सरकारी विभागका डाइरेक्टर, विभागीय प्रमुखका अतिरिक्त चिकित्सक, इञ्जिनीयर, त्रिचन्द्र कलेज तथा दरबार स्कूलका प्रोफेसर, हेडमास्टर, शिक्षक, ऐन/वेदका विद्वानहरूलाई संलग्न गरिएको थियो । २५ सदस्य रहेको सभामा आधाभन्दा बढी स्नातकोत्तर (एम.ए.) उत्तीर्ण गरेका विद्वानहरू थिए भने गुरु हेमराज

[३६] क. *गोरखापत्र,* भाग-४८, २००५ साल भाद्र १० गते ।
ख. *नेपाल शिक्षा,* काठमाडौँ: आधार साहित्य समिति, संख्या-१, ठेली-१, वि.सं. २००५ आश्विन १५, पृ.६-८ ।

पण्डित, वालकृष्ण शमशेर जस्ता विद्वानलाईसमेत समावेश गरिएको थियो ।[३७]

विश्वविद्यालय सभा सम्बन्धी नियमहरू, विश्वविद्यालयको रूप, विश्वविद्यालयमा पढाइ र परीक्षाको माध्यम, सहशिक्षा विषय, विश्वविद्यालयमा अनुसन्धानको स्थान र उपसमितिको निर्णय' विषय समावेश गरी २००५ साल भदौ १२ गतेका दिन सदस्यहरूलाई 'सरस्वती सदन' मा सोही १४ गते हुने वैठकमा उपस्थितिका लागि विश्वविद्यालय योजना सभाका सेक्रेटरीका नामबाट सूचना जारी गरियो ।[३८]

सभाको पहिलो वैठकले शिक्षाको माध्यम नेपाली भाषा गर्ने लक्ष राखे तापनि यो भाषा सबल र सर्वाङ्गपूर्ण भै नसकेको ठहर गर्दै अङ्ग्रेजी भाषा पनि माध्यमका रूपमा राख्ने कुराको निधो गरेको देखिन्छ ।[३९] विश्वविद्यालमा शिक्षण गरिने भाषालाई लिएर नेपाली शिक्षित समुदायमा निकै मतमतान्तर भएको पाइन्छ । यसै विषयमा सरकारी अखबार गोरखापत्रले 'शिक्षाको माध्यम नेपाली' शीर्षक दिएर भारतीय विश्वविद्यालयमा शिक्षाको माध्यमको सम्बन्धमा निर्णय गर्न नियुक्त समितिको सिफारिसअनुसार शिक्षा मन्त्रीले विश्वविद्यालयका अधिकारीहरू र प्रन्तीय सरकारहरूलाई 'इण्टरमिडियटभन्दा माथिका कक्षाहरूमा क्रमशः अङ्ग्रेजीको स्थानमा राजभाषा, प्रन्तीय भाषा अथवा प्रादेशिक भाषाको माध्यममा शिक्षा दिइयोस्' उल्लेख गरेको सन्दर्भ उठाएको छ । यसै सन्दर्भमा नेपालमा भने नेपाली भाषा राजभाषा भएकाले यसलाई नै पढाईको माध्यम बनाउनु पर्ने कुरालाई जोड दिइएको पाइन्छ ।[४०]

---

[३७] भवेश्वर पंगेनी, "त्रिभुवन विश्वविद्यालय स्थापना सन्दर्भ र पहिलो दीक्षान्त समारोह", *त्रिभुवन विश्वविद्यालयः दीक्षान्त भाषणहरूको सङ्ग्रह (२०१७-२०७४)*, काठमाडौँः त्रिभुवन विश्वविद्यालय, वि.सं. २०७५, पृ. xxvi-xxxix ।

[३८] *गोरखापत्र*, भाग-४८, २००५ साल भदौ १२ गते ।

[३९] *गोरखापत्र*, भाग-४८, २००५ साल भदौ २२ गते सोमबार ।

[४०] *गोरखापत्र*, भाग-४८, २००५ साल भदौ २६ शुक्रबार ।

कमिसनको मनसायमुताविक विश्वविद्यालयमा प्रवेश चाहनेले म्याट्रिक कक्षाको ३ वर्ष अगाडिको कक्षादेखि नै अङ्ग्रेजी विषय लिनु पर्ने, फलस्वरूप विश्वविद्यालयमा प्रवेश गर्ने विद्यार्थीले ६ वर्षसम्म राष्ट्रभाषा पढ्ने समय पाउने भएकाले क्रमशः त्यस्ता भाषा सबल हुने अवसर पाउँछन् भन्ने कमिशनको धारणा पाइन्छ ।[४१] त्यस्तै सह-शिक्षा, विश्वविद्यालयको पदाधिकारीमा योग्यतम व्यक्तिको चयन, सरकारबाट छात्रवृत्तिको व्यवस्था आदि हुनुपर्ने पनि प्रतिवेदनमा उल्लेख गरिएको देखिन्छ ।

विश्वविद्यालयमा कुन भाषालाई माध्यम बनाउने भन्ने सन्दर्भमा भारत सरकारले डा.सर्वपल्ली राधाकृष्णनको अध्यक्षतामा सन् १९४८ नोभेम्बर १ मा गठन गरेको कमिसनले १९४९ जून महिनासम्म प्रतिवेदन पेश गर्ने अपेक्षा लिइएको थियो ।[४२] सोहीअनुसार डा.सर्वपल्ली राधाकृष्णनको अध्यक्षताको विश्वविद्यालय कमिशनले २००५ साल भदौ ८ गतेका दिन प्राइमिनिष्टर पण्डित जवाहरलाल नेहरूसमक्ष अध्ययन प्रतिवेदन पेश गरेको रहेछ । सो अवसरमा डा. राधाकृष्णनले प्रतिवेदनमा "...पढाइको माध्यम क्रमैसँग प्रादेशिक भाषा हुनुपर्ने, पढाइको स्तर यथास्थित कायम राख्नाका निमित्त अङ्ग्रेजीको माध्यम परिवर्तन कालमा राख्नैपर्ने, अङ्ग्रेजीको माध्यम हटाउने अवधि नतोकिएको, शिक्षासम्बन्धी सुधारमा टेक्निकल ज्ञानको विकास, पोष्ट ग्रेजुएट अनुसन्धानका निम्ति उपयुक्त प्रबन्ध, कारखानाका कर्मचारीलाई कामसिक्न रात्रीका विश्वविद्यालय स्थापना, गाउँहरूमा शान्तिनिकेतन ढाँचाको विश्वविद्यालयको स्थापना, गरीब विद्यार्थीलाई आर्थिक मद्दत, भिन्न भिन्न

---

४१ *नेपाल शिक्षा* (नेपाल शिक्षा विभागको मासिक मुखपत्रिका), काठमाडौँः आधार साहित्य समिति, ठेली-२, संख्या-१, वि.सं. २००६ आश्विन १५, पृ. १-५ ।

४२ *गोरखापत्र,* भाग-४८, २००५ साल असोज २१ गते ।

धर्मको अध्ययन गर्नामा कुनै वाधा नदिने (तर प्रचार गर्ने हो भने हुन सक्तैन)..." जस्ता विषय समावेश गरिएको रहेछ ।[४३]

सोही सिफारिसका सकारात्मक सन्दर्भलाई नेपालको विश्वविद्यालय सभाले पनि अवलम्बन गर्नु उपयुक्त हुने बौद्धिक विमर्शमा आएको पाइन्छ, जुन सकारात्मक पक्ष पनि हो ।

विश्वविद्यालय योजना सभाले काम गर्दैरहँदा प्राइमिनिष्टर मोहनशमशेरबाट देशमा उच्च शिक्षाको प्रचार गराई राष्ट्रलाई सभ्य र सम्पन्न बनाउने मनसायबाट जम्मा भा.रु. ५,००,०००/- (पाँच लाख) खर्चले आउदो २००७ सालदेखि एउटा विश्वविद्यालय खडागर्ने प्रबन्ध गरेको र यसैको सहाराबाट देशका दुनियाँले विदेशको कठिनाई केही बेहोर्नु नपरी स्वदेशमै बसी डाक्टर, इञ्जिनीयर, भूगर्भबेत्ता आदि उपाधि लिई देशलाई सुसम्पन्न बनाउने काममा छात्रछात्राहरूले विशेष चाख लिने अपेक्षा गरेको पाइन्छ ।[४४]

विश्वविद्यालय योजना सभाले उपसमितिहरू गठनगर्नु अगाडि प्रारम्भिक छलफल तथा निर्णयका लागि देहायका विषय निर्धारण गरेको देखिन्छ;

- क कुन छाँटको विश्वविद्यालय उपयोगी र सुगम हुने (केवल तालुकी (Affiliating) वा पढाउनेसमेत (Teaching), इन्टरमिडियट बोर्ड राख्ने वा सो कामसमेत विश्वविद्यालयले गर्ने तथा इन्टरमिडियटको पढाइ नै खारेज गरी स्कूल र विश्वविद्यालय मात्र राख्ने ?
- ख विश्वविद्यालयको स्वरूप (पढाइमा पाश्चात्य उपयोगी विषय कुनै नछाडी हाम्रो आदर्शमा विशेष जोड दिने वा अरू विश्वविद्यालयको अनुकरण गर्ने)

---

[४३] *गोरखापत्र,* भाग-४८, २००५ साल भदौ १३ गते ।

[४४] *गोरखापत्र,* २००६ साल माघ १७ गते सोमबार ।

ग   पढाइ र परीक्षाको माध्यम (अङ्ग्रेजी वा नेपाली)

घ   कुन कक्षासम्म सहशिक्षा गराउने

सभाले विभिन्न उपसमिति मार्फत् उल्लिखित विषयको टुङ्गो लगाउने योजना बनाएको थियो । यसका लागि देहायका उपसमिति गठन गरियो;

विषय उपसमिति

क विश्वविद्यालय स्थापना हुनाका साथसाथै पढाइने विषयहरू

ख कति समयमा कुन कुन विषयहरू थप्दै जाने

ग विभिन्न विषयमा विशेषज्ञहरूको बेग्लाबेग्लै बोर्ड कायमगरी पाठ्यक्रमको रूपरेखा तयार पार्ने

धार्मिक र संस्कृत शिक्षा उपसमिति

क पाठ्यक्रममा संस्कृत र धार्मिक शिक्षाको स्थान

ख धार्मिक शिक्षाको पाठ्यक्रम

विश्वविद्यालय स्थान र भवन उपसमिति

क कुन ठाउँमा विश्वविद्यालय बन्ने

ख कुन किसिमका भवन निर्माण गर्ने

विश्वविद्यालय संस्था उपसमिति

क नेपालमा कुन किसिमको अध्ययन आवश्यक रहेको

ख कुन संस्थामा कति कति सदस्य संलग्न गर्नुपर्ने

छात्रहितकारी थप विषय उपसमिति

क मुलुकको कामको निमित्त अहिले नै तालीम नदिई नहुने विषयहरू

ख पछि बढाउँदै लैजाने विषयहरू

आर्थिक उपसमिति

क मोटामोटी अङ्क- सालबसाली र पटके

ख किफायत गर्ने युक्ति

ग आम्दानीको उपाय के/कति

विस्तृत छलफलपछि राष्ट्रभाषा नेपालीलाई नै माध्यम गराउने अन्तिम उद्देश्य लिने निर्णय भएको देखिन्छ । यद्यपि केही वर्षसम्म अङ्ग्रेजी भाषामा पठन पाठन गर्ने सिफारिस गरियो । सो समयभित्र योग्य शिक्षक र उनीहरूले लेखेका पुस्तकहरू पनि तयार पार्न सकिनाका साथै कुनै नेपाली राजकीय विद्वतपरिषद् (Nepali Royal Academy) जस्तो संस्था गठन गरी नेपाली भाषा उत्थानमा लाग्नु पर्ने ठहर रहेको थियो । अनुभवका लागि तत्काल १२ वर्षसम्म सहशिक्षा गराउन उपयुक्त देखिए तापनि यो विषय सरकारद्वारा नै निर्णय गरिनु उपयुक्त हुने ठहर गरियो । विश्वविद्यालय खडा भएपछि अनुसन्धान विभागसमेत खडा गरिनु पर्ने राय व्यक्त भयो ।

२००५ साल चैत्र २६ गते रोज ६ मा लेफ्टिनेण्ट कर्णेल सुवर्णशमशेर राणाको सभापतित्वमा बसेको विश्वविद्यालय योजनासभा उपसमितिले विभिन्न विषयहरूको पाठ्यक्रमको रूपरेखा तयार गर्न संयोजकहरू तोकेको थियो । संयोजकहरूले २००६ साल वैशाख महिनाको मध्यतिरसम्ममा आफ्नो प्रतिवेदन पेश गर्ने विश्वाससमेत लिइएको देखिन्छ । यसरी संयोजकको दायित्व दिइएका व्यक्तिमा बालकृष्ण शमशेर-नेपाली, चित्रकारी र मूर्तिकला, क्षितीशचन्द्र-अङ्ग्रेजी, प्रो.कुलनाथ-फ्रेन्च र जर्मन, रुद्रराज पाण्डेय-इतिहास र पुरातन वस्तुशास्त्र, प्रो.साम्बदेव-अर्थशास्त्र, सुवर्णशमशेर-राजनीति, प्रो.सुधीर कुमार-तर्कशास्त्र, दर्शन र मनोविज्ञान, वासुदेव-हिन्दी र उर्दु, नयनराज-संस्कृत र पाली, गंगादत्त-संगीत र नर्तन, जगतबहादुर-भूगोल, आशुतोष गंगुली-गणित, नरेन्द्रबहादुर-व्यापार, आशुतोष सेन-भौतिकशास्त्र, प्रसन्नमान

रसायनशास्त्र, ब्राम्हीदत्त-प्राणीशास्त्र, खड्गनरसिं-भूगर्वशास्त्र र पद्मदत्त-वनविज्ञान थिए ।[४५]

विश्वविद्यालयको स्वरूप

विश्वविद्यालय निवासस्थान सहितको (Residential) हुने र यसले अरू कलेजहरूलाई पनि गाभ्ने किसिमको बनाउने योजना बनाइयो । थालनीमा विश्वविद्यालयमा ज्यादै महत्त्व दिनु पर्ने विषयहरूलाई मात्र स्थान दिएर पछि अनुकूल समय पाउने वित्तिकै विषय र विभाग थप्दै जानु श्रेयस्कर ठहरियो ।

पठन पाठन विषय

विश्वविद्यालय सभाले पनि ३५ विषयलाई २६ समूह गरी स्थान दिएको पाइन्छ । यी विषयका निम्ति कला, विज्ञान तथा ऐनलाई क्रमैसित एक एकओटा फ्याकल्टी दिने ठहरियो । चिकित्सा, कृषि तथा विश्वकर्मा विद्याका निम्ति पनि तुरुन्त जति हुन सक्तछ त्यति गर्ने बारेको ठहर गरियो ।

माथि गठन गरिएका विषय समितिका संयोजकहरूले निर्धारित समय अर्थात् २००६ साल वैशाख १५ गतेसम्ममा आ-आफ्ना विषयको पाठ्यक्रमको रूपरेखा पेश गरेको र सो उपर २००६ साल जेठको २ गतेको वैठकमा विस्तृत रूपमा छलफल एवम् आवश्यक संशोधनसमेत गरिएको थियो ।[४६]

विश्वविद्यालय निर्माण स्थल

विश्वविद्यालय स्थान उपसमितिले बिजेश्वरीदेखी साङ्ला फुटुङसम्म अथवा कपनदेखि गोकर्णसम्मको जमिनमा भरसक अरूलाई

---

४५ *नेपाल शिक्षा,* आधार शिक्षा, नेपाल शिक्षा विभागको मुखपत्रिका, ठेली-१, संख्या-१०, २००६ साल असार १५, पृ. ४४ ।

४६ *नेपाली शिक्षा,* अङ्क-२,४, ९, वि.सं. २००६, पृ. २८-३०, ८०-८१ र ३०५-३०९, ३६५-३६७ ।

मर्का नपर्ने गरी इञ्जिनीयरबाट सर्भे गराएर निर्माण गर्ने प्रस्ताव पेश गरेको थियो । यसै सन्दर्भमा सभाको बैठकमा छलफल हुँदा कतिले बिजेश्वरीदेखि साङ्ला फुटुङ् अथवा कपनदेखि गोकर्णसम्मको जमिन भन्दा त वासस्थानसमेतको विश्वविद्यालय हुनाले अलि टाढै भए पनि नगरकोटको डाँडो बेस होला, सो नभए नागरजुन अथवा गोदावरी पनि बेस होला भन्ने राय पेश गरे । तर नगरकोटसम्म विश्वविद्यालय स्थापति गर्ने कुरामा कसैको पनि सहमति भएन ।

भक्तपुर, पाटन र काठमाडौँका विद्यार्थी पनि आ-आफ्ना साइकल इत्यादिका सवारीमा जानसक्ने तथा कम खर्चले मोटर जाने सडक तयार हुनसक्ने जमिन उपयुक्त हुन्छ भन्ने सबैको ठहर रह्यो । त्यस कारण कपनको जमिन नै उपयुक्त भएको भनाइ पनि देखियो । फेरी तारेभीरबाट पशुपतिसम्म मूल फुटेर आएको पानीलाई ८ इञ्चको पाइपमा कपन पुऱ्याउन जम्मा रु. १६,०००/- (सोह्र हजार) लाग्ने एस्टिमेट गरिएको रहेछ । समयको महँगीले दोब्बरै खर्च लागे तापनि पानी असाध्य जाती हुनाले त्यो पानी कपनमा ल्याउनुपर्ने र विश्वविद्यालय निर्माणका लागि उपसमितिको राय बमोजिम इञ्जिनीयर तथा डाक्टरहरू पठाउने ठहर गरियो ।

विश्वविद्यालय योजना सभाको सभा

डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनको संख्या ९०९९ को सूचनाबमोजिम २००६ साल साउन १९ गते रोज ४ का दिन सरस्वती सदनमा विश्वविद्यालय योजना सभाको सभामा छलफल गर्न तपसिलका प्रस्ताव राखिएका थिए;

१ विश्वविद्यालयमा अध्ययन हुने विषयमा अहिले नै सबैमा पढाइको बन्दोबस्त गर्ने वा अहिले मिल्न सक्ने जति विषयमा मात्र पढाइ शुरु गर्ने र अन्य विषयमा अहिले अनुसन्धानित निबन्ध (Thesis) द्वारा डिग्री दिने बन्दोवस्त मिलाई अनुकूल परेका बखत पढाइको प्रबन्ध गरिदिने ।

२ विश्वविद्यालय स्थान, उपसमितिको यसैसाथ पठाइएको रिपोट उपर राय प्रकट गर्ने ।

३ कृषिविद्या उपसमितिले उनीहरूको योजना तपसील बमोजिम गर्ने विचार प्रकट गरे:

क अनुसन्धान केन्द्र तराईमा कतै स्थापना गर्ने र खर्च सबै त्यही विभागबाट हुने ।

ख पढाइ विषय सबै विश्वविद्यालयले नै गर्ने ।

यसबाट पढाइ र अुनसन्धान साथसाथै चल्ने फाइदा नपाइने भएकाले छलफल गरी एक मिल्ने योजना ठेगान गर्ने ।

१ विश्वविद्यालय स्थापना गर्ने काममा विदेशबाट प्रोफेसरहरू ल्याउनु सबभन्दा बढता खर्च हुन जाने, यस क्रममा एक विषयलाई मैन्हावारी ४/५ हजार लाग्ने देखियो । त्यस हिसाबले सबै विषयलाई ८/१० लाख तलबमात्र लाग्ने देखियो । त्यसो भएमा यतिका खर्च लगाएर युनिभर्सिटी खडा गर्नु उचित छ कि छैन भन्ने कुरा उठ्न सक्तछ । तर भारतका विश्वविद्यालयहरूमा हिन्दी, बङ्गाली इत्यादि भाषा रहने भएको हुनाले नेपालमा पनि आफ्नो भाषाको प्राधान्य भएको विश्वविद्यालय नभई नहुने भएको हो । अहिले केही वर्षलाई हिन्दुस्थानमा पनि अङ्ग्रेजी नै रहने कुरा चलिरहेको छ । तसर्थ किफायतसाथ आफूलाई सुहाउँदो एउटा विश्वविद्यालय खोल्नु हाम्रो मुख्य ताक हुनुपर्दछ ।

२ यसैबीचमा भारत सरकारबाट वैज्ञानिक र सांस्कृतिक शिष्टमण्डल यहाँ आयो । तिनीहरूले पनि अहिलेको समयमा यहाँ विश्वविद्यालय खोल्दा ज्यादै खर्च लाग्ने स्पष्ट देखे । अतएव अहिलेलाई यहाँ बी.ए.र बी.एस्सीसम्म कलेजमा पढाइ भएकै सरह एम.ए.को पढाइका निम्ति पनि यहाँकै मानिसहरूबाट सजिलैसँग जे जति विषयमा पढाइ हुन सक्तछ त्यति राख्ने, बाँकीमा अहिलेलाई अनुसन्धान पद्धति चलाउने भन्ने राय गरे ।

३ पटना विश्वविद्यालयका भूतपूर्व भाइसचान्सलरले पनि बी.ए. र बी.एस्सी. मा सबैजसो विषय राख्ने एम.ए., एम.एस्सी. मा तत्काल मूल विषयहरूको अध्ययन, अनि अरूमा अनुसन्धान पद्धति राख्ने सल्लाह दिएका रहेछन् ।

तत्कालाई हाम्रो विश्वविद्यालयमा सबै विषय राखेर निर्वाह छैन, चाहिएका विषयलाई छोड्न पनि हुन्न । विश्वविद्यालय एउटा अत्यन्त आवश्यक संस्था हुनाले सानै रूपमा भए पनि विश्वविद्यालयको सस्थापना हुनुपर्छ । यसमा आफ्नो मुलुकको अवस्थाको पनि विचार राख्नुपर्दछ । त्यसैले शुरुमा २/३ विषय मात्र लिएर काम थाल्न बेस होला जस्तो लाग्दछ भन्ने विषयको उठान भएको देखिन्छ ।

खर्चका सम्बन्धमा भारतमा ५५ वर्ष पुगी अवकाश लिएका प्रोफेसरहरूबाट ६० वर्षको उमेरसम्म राम्ररी काम लिन सकिने तर पेन्सनवाला त्यस्ता प्रोफेसरलाई ५ वर्षको लागि ठेक्काका हिसाबले अलि किफायतमा काममा लगाउन सकिने सम्भावना भएको तथा यस कार्यमा त्यहाँका विश्वविद्यालयका भाइस चान्सलरहरूले पनि मद्दत गर्ने आवश्वासन दिएकाले सो पनि कम खर्चमा विश्वविद्यालय थालनी गर्ने एउटा उपाय ठानिएको देखिन्छ ।

विश्वविद्यालय योजना सभाले विश्वविद्यालयका लागि ठाउँको चयन, विषयको निर्धारण, पढाइको माध्यम अर्थात् भाषालगायत नयाँ विश्वविद्यालय स्थापना र सञ्चालनका लागि डेढ वर्षजति निरन्तर रूपमा आवश्यक गृहकार्य गर्दै आएको थियो । यस क्रममा अध्यक्षले विभिन्न देशका विश्वविद्यालयको अध्ययन भ्रमण गर्नुका साथै कतिपय भारतीय विश्वविद्यालयका उपकुलपतिहरूसँग सहयोगको आदान-प्रदानको प्रसङ्ग पनि उठाएको देखिन्छ ।

समग्रमा सभालाई विश्वविद्यालय स्थापनाका लागि आवश्यक आधारभूत विषयमा महत्त्वपूर्ण सुझाव प्रतिवेदनका रूपमा पेश गर्ने अख्तियारी दिइएको थियो । यस्ता विषयमा विश्वविद्यालय केवल तालुकी (Affilating) वा पढाउने समेत (Teaching), इन्टरमिडिएट बोर्ड राख्ने

वा सो कामसमेत विश्वविद्यालयले गर्ने, इन्टरमिडिएट पढाइ नै खारेज गरी स्कूल र विश्वविद्यालय मात्र सञ्चालन राख्ने जस्ता थिए । त्यस्तै विश्वविद्यालयलाई नेपाली पन दिने वा अन्य विश्वविद्यालयको अनुकरण गर्ने, पढाइ र परीक्षाको माध्यम अङ्ग्रेजी वा नेपाली गर्ने, कुन कक्षासम्म सहशिक्षा गराउने तथा अनुसन्धानका लागि शुरुदेखि नै प्रबन्ध गर्ने वा पछिमात्र भन्ने जस्ता विषयमा विश्वविद्यालय सभालाई सुझाव दिन भनिएको थियो । यी विषयमा सुझाव दिनका लागि सरकारले गोरखापत्र अखबारद्वारा सर्वसाधारणलाईसमेत सार्वजनिक रूपमा आग्रह गरेको थियो ।

विश्वविद्यालय स्थापना एवम् सञ्चालनका सम्बन्धमा आवश्यक सुझाव दिन गठन गरिएका विभिन्न उपसमिति तथा विश्वविद्यालय सभाले सक्रियताका साथ काम गरेका थिए भने प्राइमिनिष्टरले २००८ सालदेखि विश्वविद्यालय सञ्चालनमा ल्याउने घोषणासमेत गरेका थिए । प्राइमिनष्टरका तर्फबाट तयारीका लागि आवश्यक पर्ने रकम रु. ५,००,०००/- (पाँच लाख) निकाशा गर्ने निर्देशनसमेत दिइएको थियो ।

सभाले द्रुत गतिमा काम गर्दैरहँदा २००७ सालको राजनीतिक परिवर्तनका कारण विश्वविद्यालय स्थापना गर्ने पहिलो प्रयास सफल हुन सकेन । यद्यपि विश्वविद्यालयमा पठन पाठनको भाषा, विश्वविद्यालय स्थापना गर्ने स्थानको परिवेश, विश्वविद्यालयमा पठन पाठनका विषय, विश्वविद्यालय सञ्चालन विधि आदिका बारेमा विस्तृत रूपमा छलफल गरिएकाले तत्कालका लागि नभए तापनि भविष्यमा विश्वविद्यालय स्थापना गर्नका लागि विश्वविद्यालय योजना सभाको प्रतिवेदन महत्त्वपूर्ण सामग्री बन्न गएको पाइन्छ ।

## विश्वविद्यालय स्थापनाका प्रयास (२००७-२०१६)

२००७ सालको राजनीतिक परिवर्तनले नेपाली समाजमा खुल्ला तथा प्रजातान्त्रिक परिवेश ल्याइदियो । लामो समयदेखिको दमनबाट मुक्त भएको समाजमा शैक्षिक चेतनाको लहर नै फैलियो । फलस्वरूप स्कूल, कलेज स्थापना एवम् सञ्चालनको होड नै थालनी भयो । यसै परिवेशमा

सरकारले पनि मुलुकभर शिक्षाको विकासका लीग विभिन्न प्रयासहरू गरेको थियो । यस क्रममा राष्ट्रिय स्तरमा नै सरकारले विभिन्न समिति, आयोग गठन गरी तिनको सुझावसमेतका आधारमा शिक्षा नीति निर्धारण गर्नाका साथै उच्च शिक्षाका लागि विश्वविद्यालय स्थापनाको प्रयास पनि भए । सोही परिवेशमा २०१२ सालमा 'त्रिभुवन विश्वविद्यालय कमिसन' को गठन भयो । कमिसनको प्रयासका कारण नै २०१६ सालमा नेपालमा पहिलो विश्वविद्यालय 'त्रिभुवन विश्वविद्यालय' स्थापना भएको हो । यहाँ तिनै प्रयासका बारेमा सामान्य चर्चा गरिएको छ ।

शिक्षा समिति

राणाशासनको अन्त्य र प्रजातान्त्रिक सरकारको गठनबाट नेपालमा खुला परिवेश आएको हो । फलस्वरूप शिक्षा विकासका लागि पनि स्थानीयका साथै सरकारले पनि प्रयास गर्नलागे । यसै क्रममा मुलुकमा कस्तो किसिमको शैक्षिक संस्थाद्वारा के कस्तो शिक्षा दिने हो भनी राष्ट्रिय शैक्षिक नीति निर्माणका लागि उपयुक्त प्रतिवेदन पेश गर्न समिति/आयोग गठन गर्ने क्रम चल्न गयो । यसरी शिक्षालाई व्यवस्थित रूप दिन सरकारले २००९ सालमा "शिक्षा समिति" गठन गरेको थियो । यस समितिले शिक्षा मन्त्रालयलाई शिक्षासम्बन्धी भइरहेका सुविधाहरूको जाँच गरेर नेपालमा देशव्यापी राष्ट्रिय शिक्षाको योजना तयार पार्नका लागि राष्ट्रिय शिक्षा योजना आयोग नियुक्त गर्न सिफारिश गरेको थियो । सोही सिफारिसका आधारमा २०११ सालमा 'नेपाल राष्ट्रिय शिक्षा आयोग' गठन गरियो ।[४७]

---

[४७] क राष्ट्रिय शिक्षा आयोग, *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनः २०४९,* काठमाडौंः राष्ट्रिय शिक्षा आयोग, वि.सं. २०४९, पृ १ ।

ख रुद्रराज पाण्डे (सम्पा.),*नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण,* काठमाडौंः कलेज अफ एजुकेसन, सन् १९५६, पृ २ । पुरातत्व विभागका डाइरेक्टर सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा गठन गरिएको ४६ सदस्य रहेको आयोगमा इतिहास शिरोमणि बाबुराम आचार्य, प्राध्यापक यदुनाथ खनाल, शिक्षा सचिव रामप्रसाद मानन्धर, शारदाप्रसाद उपाध्याय, त्रैलोक्यनाथ उप्रेती (शिक्षा उप सचिव, आयोगका सचिव र कोषाध्यक्ष), शिक्षा मन्त्री डिल्लीरमण रेग्मी,

सरदार रुद्रराज पाण्डे (पाण्डे २००५ सालमा गठन गरिएको 'विश्वविद्यालय योजना सभा' का सदस्यसमेत थिए) को सभापतित्वमा नेपालका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने ४६ जना सदस्य रहेको आयोगले २०११ साल चैत्र ९ गतेदेखि काम थालेको थियो ।

सिद्धान्ततः कलेज खोल्न अनुमति दिने निर्णय गरी यस सम्बन्धमा विस्तृत योजना तयार गरिएको हो । यद्यपि विश्वविद्यालय नभएसम्म डिग्री दिन पाइँदैन भन्ने धारणाका कारण नयाँ कलेज खोल्न अनुमति दिने कुरा तत्काल अगाडि बढ्न सकेन । त्यस्तैमा शिक्षा मन्त्री डिल्लीरमण रेग्मीको कार्यकालमा अमेरिकाको ओरेगन विश्वविद्यालयका School of Education का प्रोफेसर डा.ह्यु बर्नाड उड र अमेरिकाको United States Operations Mission (USOM) का डाइरेक्टर पर्ल डब्लु रोजसमेतको सल्लाहमा तयार पारिएको शिक्षा सम्बन्धी परियोजनालाई मन्त्रिमण्डलले स्वीकृति दिएपछि संयुक्त शिक्षा परियोजना लागू भएको थियो । यहाँ उल्लेख्य के देखिन्छ भने नेपालले २०१० साल माघमा यू.एस.ओ.एम. सँग पहिलो शिक्षा योजनाका लागि मो. रु. २,०४,८००/- को र २०११ साल जेठ महिनामा दोस्रो शिक्षा योजनाका लागि मो.रु. ७,३२,१००/- को सम्झौता गरेको थियो । सम्झौताअनुसार यू.एस.ओ.एम.ले

---

डा.ह्यूग.बी.उड (प्राध्यापक, ओरेगन विश्वविद्यालय, फुलब्राइट योजनाअन्तर्गत माध्यमिक शिक्षाको पुनर्गठनमा निरीक्षक र प्रधानाध्यापकहरू तयार पार्ने काम लिएर एक वर्षलाई भारत आएका थिए । २०१० साल चैत्र महिनामा राष्ट्रिय शिक्षा योजना आयोगको उद्घाटनलाई भारतमा संयुक्त राज्य शैक्षिक संस्थाबाट नेपाल खटिएका थिए), बालकृष्ण समका अतिरिक्त विभिन्न विभागका डाइरेक्टर, महाविद्यालय-विद्यालयका प्रिन्सिपल, कलेजका प्राध्यापक, महिला अस्पतालका हेड, नेपाल भाषा प्रकाशिनी समितिका अध्यक्ष, विभिन्न स्कूलका हेड मास्टर तथा विभिन्न विभागका कर्मचारीहरूलाई समावेश गरिएको थियो । यो विवरणमा आयोगमा संलग्न गरिएका सबै सदस्यको पदका साथ नाम दिइएको छ । आयोगमा पुष्कर शमशेर, लवबहादुर कपिल, गोपीनाथ अर्थाल र सागरमणि आ.दी.लाई अनुवादकका रूपमा राखिएको थियो । *ऐजन,* पृ. २५२, २७३-२७५ ।

नेपाल सरकारसँग संयुक्त रूपमा काम गर्नुपर्ने व्यवस्था गरियो ।[४८] त्यसका लागि श्री ५ को सरकारका तर्फबाट एकजना र अमेरिकी सरकारका तर्फबाट एकजना गरी दुईजना संयुक्त डाइरेक्टर राख्ने क्रममा नेपालका तर्फबाट त्रैलोक्यनाथ उप्रेती र अमेरिकाका तर्फबाट पर्ल डब्लु रोज डाइरेक्टर बनाइए । यो निर्णयगर्ने समयसम्म त्रिपुरवर सिंह शिक्षामन्त्री थिए । सन् १९५४ देखि सुरु भएको यो परियोजना १९६० सम्म ६ वर्षको अवधि मात्र रह्यो ।[४९] यो कार्यक्रम सुरु गरेपछि शिक्षाका सम्बन्धमा नेपाली जनताको भावना बुझ्न नेपाल राष्ट्रिय शिक्षा आयोग गठन गरिएको भन्ने पाइन्छ । आयोगले नेपालमा पहिलो पटक व्यवस्थित रूपमा शिक्षा योजनाको सुरुवात गर्ने काम गऱ्यो ।

परियोजनाले नयाँ वातावरणमा धमाधम खुलेका स्कूलमा तालीमप्राप्त शिक्षकको आवश्यकता पूर्तिका लागि शिक्षकलाई छोटो अवधिको नर्मल स्कूल तालीम ३ देखि ९ महिनासम्मको सञ्चालनसमेत गऱ्यो । त्यस्तै स्कूल शिक्षाका साथै कलेज अफ एजुकेसन पनि सुरु गर्ने कुरा भयो । यस क्रममा प्राध्यापकहरू तयार गर्नका लागि अमेरिकामा अध्ययन गर्न पठाउने निर्णय गरियो । त्यस बखत एम.ए. उत्तीर्ण गरेका कृष्णराज अर्याल र भुवनलाल जोशी दुईजना मात्र रहेछन् । अध्ययन गर्न जानका लागि छानिनेमा उनीहरू दुई जनाका अतिरिक्त दीर्घमान श्रेष्ठ, रामप्रसाद तण्डुकार, श्यामध्वज जोशी, नरेन्द्र बस्नेत, रामसुन्दर श्रेष्ठ र त्रैलोक्यनाथ उप्रेती ८ जना नेपाली थिए । यो कार्यबाट मुलुकमा एउटा उच्च शिक्षका लागि विश्वविद्यालय स्थापनाको आवश्यकतालाई अझ तड्कारो बनायो । यसै परिवेशमा विश्वविद्यालय स्थापनाका लागि आवश्यक अध्ययन भइरहेको थियो । विश्वविद्यालयको नेतृत्व गर्नेहरूको एउटा टिम नै तयार पारिएको थियो । यस क्रममा भावी उपकुलपतिमा यदुनाथ खनाल, रेक्टरमा अमृतप्रसाद प्रधान र रजिष्ट्रारमा जगतबहादुर

---

[४८] पाण्डे (सम्पा.), *ऐजन,* पृ.२५३, २५४ ।

[४९] त्रैलोक्यनाथ उप्रेती, *विगतका पाना,* प्रकाशन स्थान अनुल्लिखित, श्रीमती सत्यवती उप्रेती, वि.सं. २०६१, पृ.८४-९१ ।

सिंह बुढाथोकीलाई ल्याउने उद्देश्यका साथ अध्ययनका लागि विदेश पठाइएको देखिन्छ । उनीहरू आवश्यक अध्ययन गरी फर्किसकेका थिए । त्यस्तै अमेरिकी सल्लाहकारले भवनका लागि राणाहरूको दरबार किन्ने प्रस्ताव गरेका थिए । फलस्वरूप महाराजगञ्जस्थित लक्ष्मीनिवास र शीतलनिवास पनि हेरेको देखिन्छ ।[५०]

आयोगले शिक्षा देशव्यापी हुने, शिक्षा राष्ट्रिय हुने, शिक्षा निःशुल्क हुने र शिक्षाको अवधि बेग्लाबेग्लै हुने कुरालाई सैद्धान्तिक रूपमा स्वीकारेको थियो । जहाँसम्म उच्च शिक्षाको सन्दर्भ हो आयोगले उच्च शिक्षाको व्यवस्था राष्ट्रिय विश्वविद्यालयको मातहतमा हुने, कलेज तथा उच्चमाध्यमिक शिक्षण संस्थाहरूले मुलुकमा उच्चस्तरका नेतृत्वको विकास गर्नलाई प्रयोगात्मक, व्यवसायी र रोजगारी शिक्षा दिने, विद्यमान कलेजहरू विश्वविद्यालयको मातहतमा व्यवस्थित गरिने, आवश्यकताअनुसार काठमाडौँ तथा भरमुलुकमा नयाँ कलेजको स्थापना गरिने र विशेष तालीम दिनाका निम्ति प्राथमिक र माध्यमिक शिक्षालाई उच्च शिक्षाको जालोले ढाक्ने भन्ने सिफारिश गरेको थियो । सञ्चालनमा रहेका कलेजहरूलाई दुई, तीन वर्षभित्रमा विश्वविद्यालय संगठनको रूप दिनुपर्ने र सन् १९६५ सम्ममा पूर्ण विश्वविद्यालय भइसक्नु पर्दछ भन्ने आयोगले सुझाव दिएको देखिन्छ । त्यस्तै उच्च शिक्षाका लागि १६ देखि २२ वर्ष उमेर तोकियो ।[५१]

उच्च शिक्षा

प्रतिवेदनमा हरेक वर्ष सयकडौँ विद्यार्थीहरू उच्च शिक्षाका निम्ति भारतका विभिन्न विश्वविद्यालयहरूमा जानु पर्ने भएकाले उनीहरूलाई प्रशस्त असुविधा तथा खर्च हुने, एउटा विश्वविद्यालय नभएसम्म नेपालले विभिन्न जीवनमार्गमा सँधै अगुवाहरूको अभाव सहनुपर्ने, यहाँ प्रशस्त मात्रामा आवश्यक पर्ने दक्ष जनशक्ति (शासक, चिकित्सक, यान्त्रिक, वकील, प्राध्यापक इत्यादि) लाई भारतीय विश्वविद्यालयहरूमा शिक्षा

[५०] *ऐजन,* पृ. ९१-९२ ।

[५१] पाण्डे (सम्पा.), पृ ९०-९७ ।

दिलाएर आपूर्ति गर्न अप्ठेरोपर्ने भएकाले आयोगले नेपालमा सकेसम्म चाँडो एउटा विश्वविद्यालयको स्थापना हुनै पर्ने तथा विश्वविद्यालयको शिक्षालाई विस्तृत राष्ट्रिय आदर्श र उद्देश्यहरूले युक्त पार्नु आवश्यक भएको ठहर गरेको थियो । त्यस्तै विद्यालयोत्तर शिक्षालाई एउटै प्रबन्धीय संस्थाअन्तर्गत पारेर एक केन्द्रबाट नेपालका सबै महाविद्यालयहरू सञ्चालन गर्ने, हरेक महाविद्यालय आवश्यकताअनुसार आफ्ना वरिपरिका क्षेत्रमा फैलिंदै जाने र यी स्थायी वा अस्थायी जे जस्ता भए तापनि आफ्ना छुट्टै महाविद्यालय र विश्वविद्यालयको निरीक्षणमा रहने, तर हरेक अवस्थामा काठमाडौंदेखि बाहिरका कामको निर्देशन राष्ट्रिय विश्वविद्यालयसित सम्बन्धित महाविद्यालयहरूबाट हुने तथा प्रत्येक महाविद्यालयले मुलुकलाई सांस्कृतिक, वैज्ञानिक, औद्योगिक, आर्थिक हरेक प्रकारबाट सम्पन्न गराउने विस्तृत अनुसन्धानिक कार्यक्रम दिनु पर्ने आयोगले सिफारिस गरेको थियो ।

आयोगको धारणामा सकेसम्म महाविद्यालयहरूलाई एउटै घेराभित्र वा नजीक राख्न सके एउटै साझा पुस्तकालय, कार्यालय, रजिष्ट्रारको अफिस र संयुक्त छात्र निरीक्षण आदिमा कम खर्चबाट धेरै सुविधा प्राप्त गर्न सकिने उपाय सुझाइएको थियो । त्यति मात्र नभएर यसले आगामी केही समयलाई विश्वविद्यालयमा १५०० देखि १८०० छात्रसंख्या हुनुपर्ने कुरामासमेत जोड दिएको थियो ।

आयोगले तत्कालका लागि सरकारी अतिथि गृहको रूपमा चलन गरिएको शीतलनिवास जस्तो घर राष्ट्रिय विश्वविद्यालयको भव्य उद्घाटनलाई सुहाउँदो भएको, यो भवन कृषि क्षेत्रको नजीक उपयुक्त ठाउँमा रहेको, यसमा छात्रावास बनाउन मिल्ने घरहरू भएको, अध्ययन कक्षाका लागि ठूलाठूला र कार्यालय (विश्वविद्यालयका अड्डा) का लागि स-साना कोठाहरू भएको, सभा सम्मेलनलाई ठूलो वैठक कोठा भएको, पुस्तकालयलाई बुइगल भएको, पौडी पोखरी र आवश्यक परेमा घरहरू थप्न ठाउँसमेत भएको, यसमा संरक्षणका लागि गुठीसमेत भएका राम्रा राम्रा चउर रहेको तथा आवश्यक परेमा आसपासमै ठूलाठूला घरहरूसहितका जमिन पाइन सकिने ज्यादै उपयुक्त, सुव्यवस्थित र

सरकारको मातहतमा रहेकाले सजिलै उपलव्ध हुनसक्ने अवस्थामा रहेकाले आयोगले राष्ट्रिय विश्वविद्यालयका लागि चाँडै नै यो घर अर्पण गर्न सरकारमा शिफारिससमेत गरेको थियो । कदाचित् यो भवन प्राप्त हुन नसकेमा अनुकूल ठाउँ खोज्ने प्रयत्न गर्नुपर्ने कुरालाई आयोगले हृदयङ्गम गरेको पाइन्छ ।

प्रतिवेदनमा विश्वविद्यालयको प्रबन्धीय नियन्त्रण, विश्वविद्यालयको अर्थ प्रबन्ध, महाविद्यालयहरू, सामान्य कला र विज्ञान महाविद्यालय, कानून महाविद्यालय, शिक्षक महाविद्यालय, बहुकलासम्बन्धी संस्था, कृषि र वन महाविद्यालय, गृहविज्ञान, औषधी र दन्त, परिचर्या तथा अन्य महाविद्यालयका सम्बन्धमा विस्तृत रूपमा अध्ययन गरी सिफारिस गरेको देखिन्छ । विश्वविद्यालय निर्माण, आयोगको स्थापना र विश्वविद्यालयका प्रधान कर्मचारीहरूको शिक्षाका निम्ति विदेशी सहायता (यू.एस.ओ.एम.) दिने कुरा भएकाले विश्वविद्यालयको कार्यपरिणतिको आरम्भ स्वरूप यो सहायता तुरुन्त स्वीकार गर्नुपर्ने तथा उपकुलपतिको नाम निर्देशका लागि मन्त्रिमण्डलबाट विशेष समिति वा उच्च शिक्षा उपसमिति गठन गरी त्यसबाट छानिएका व्यक्तिको मन्त्रिमण्डलबाट नियुक्ति सदर गरिनुपर्ने र यसरी नियुक्त भएका उपकुलपतिको सिफारिशमा रजिष्ट्रार, कार्यप्रबन्धक, छात्राध्यक्ष र शिक्षाध्यक्षको नियुक्ति पनि मन्त्रिमण्डलबाट नै सदर गर्नुपर्ने शिफारिस गरियो ।[५२]

जहाँसम्म विदेशी सहायता, दानअन्तर्गत ६ देखि १२ महिनाको शिक्षाका निम्ति पाँच जनाको दललाई समुद्रपार पठाउनुपर्ने, उनीहरूले आधुनिक विश्वविद्यालयहरूमा गएर विश्वविद्यालय घर, व्यवस्था, पाठ्यावली, छात्र-कर्मचारी प्रबन्ध, अर्थ, साधारण व्यवस्था, कर्मचारी, घर र जमीनको सुरक्षा तथा विश्वविद्यालयको सञ्चालनसँग सम्बन्धित अन्य

[५२] *ऐजन,* पृ. १४०-१६० ।

अनेकौ समस्याहरूको अध्ययन गर्नुपर्ने प्रावधान पनि प्रतिवेदनमा उल्लेख गरियो । प्रतिवेदनमा आयोगका सुझाव यस प्रकार रहे;[५३]

- राष्ट्रिय विश्वविद्यालय शिक्षा प्रणालिको एक अत्यावश्यक अङ्ग छ र तुरन्त स्थापना हुनुपर्ने,
- विश्वविद्यालयका मुख्य मुख्य काम-प्रमाणित गर्नु, रेखदेख राख्नु, महाविद्यालयहरूमा उचीत सम्बन्ध गराउनु, शिक्षण, अनुसन्धान र प्रसार तथा क्षेत्रीय कार्यसहितको जनसेवा गर्नुपर्ने,
- नेपाल राष्ट्रिय विश्वविद्यालयले यी सारा कार्तव्य पूरा गर्नुपर्ने तथा यो गर्न उसका सारा महाविद्यालयहरूलाई यथासम्भव एउटै गोश्वारा परिधिभित्र राख्नुपर्ने,
- काठमाडौँमा कुनै ठूलाठूला महलहरू पाइन सकिने हुनाले विश्वविद्यालयका निम्ति एक अनुकूल स्थान र घर तुरुन्त पाउनुपर्ने, तत्काल सरकारी अतिथिगृहको रूपमा कहिले काहीँमात्र उपयोग गरिने शीतलनिवास विश्वविद्यालयका निम्ति आदर्श प्रारम्भिक स्थान हुनसक्ने,
- प्रबन्धीय तरिकाबाट विश्वविद्यालयले राजनैतिक प्रभावबाट बिलकुल मुक्त रही अन्य शैक्षिक कारवाईसित निकटतम सम्बन्ध राख्नुपर्ने तथा यसको पूर्तिका निम्ति शिक्षामन्त्रीको अवैतनिक कुलपतित्वमा शिक्षा समितिको मातहत उच्च शिक्षा उपसमितिको हातमा नियन्त्रण रहनुपर्ने,
- उपसमितिले नियुक्त गर्ने विश्वविद्यालयका कार्यकारी अधिकारीहरूमा उपकुलपति, छात्राध्यक्ष, शिक्षाध्यक्ष, कार्यप्रबन्धक र रजिष्ट्रार रहने,
- आन्तरिक प्रबन्धमा कार्यकारी अधिकारीहरूले एक संसदबाट सहायित हुनुपर्छ । यो संसद महाविद्यालयका प्रधान र

[५३] *ऐजन,* पृ १६१-१६३ ।

प्रतिनिधि विभाग सदस्यहरू, सिङ्गै विश्वविद्यालय विभाग र आ-आफ्ना महाविद्यालयहरूमा विभिन्न महाविद्यालयका विभागहरूद्वारा निर्मित हुनुपर्ने,

- विश्वविद्यालय र मातहतका महाविद्यालयहरूले प्रधान पाठशालीय पाठ्यावलीलाई आफ्नो ढाँचामा ढाल्ने प्रयत्न नगरी तिनीहरूले विशिष्ट महाविद्यालयहरूका निम्ति आवश्यकतानुसार विशेष योग्यता परीक्षा सहित विश्वविद्यालयका लागि एक सामान्य प्रवेशिका चालू गर्नुपर्ने,
- अन्तिम परीक्षामा कम महत्त्व राख्न र छात्र कार्यक्रममा बढ्ता परिवर्तनीयता दिन वुद्धिमान छात्र-कार्यसिद्ध आधुनिक शास्त्रीय गणना तथा विश्वविद्यालयको एउटै रजिष्ट्रारको मातहतमा छात्र प्रगतिका विधियुक्त केन्द्रभूत शास्त्रीय पास-प्रणाली खडा गर्नुपर्ने,
- नवीन प्रयोगमा मिल्दो गराउन शिक्षा प्रणालिमा सुधार हुनुपर्ने तथा नयाँ शैक्षिक साधानहरू उपयोग गर्दै ज्ञानका सामग्री र प्रणालिहरूको अनेक प्रकार कुञ्जी हुनुपर्ने,
- अध्ययन र अनुसन्धानको केन्द्रका रूपमा एक विशाल केन्द्रीय पुस्तकालयको स्थापना हुनुपपर्ने । निजी संग्रहहरूलाई पनि सकेसम्म चाँडो यस पुस्तकालयमा गाभ्ने प्रयत्न गर्दै सम्पूर्ण किसिमका शैक्षिक साधन र अनुसन्धानका उपकरणहरूसमेत रहने गरी पुस्तकालयलाई बढाउनु पर्ने,
- विश्वविद्यालयमा मौखिक र लिखित शिक्षाको माध्यम नेपाली गराउनु पर्ने भए तापनि संसारका विकासहरूसित दाँजिनु पर्ने भएकाले केही वर्षका निम्ति मात्र होइन आगामी वर्षौंसम्मलाई हिन्दी र अङ्ग्रेजीमा वाचनको योग्यता अत्यावश्यक पर्ने,
- चन्दा जम्मा गर्ने कामहरूमा मद्दत गर्ने एक विशेष समिति राख्नुपर्ने,

- त्रिचन्द्र कलेजे सामान्य कला र महाविद्यालयको सत्व बन्नुपर्ने । महिला महाविद्यालय, रात्रि महाविद्यालय र संस्कृत महाविद्यालय (त्रिचन्द्र कलेज) मा समावेश गरिनु पर्ने, यसमा कार्य विज्ञान र प्रशासन, स्वास्थ्य र व्यायाम, शिक्षा, ललितकला र संगीत तथा संस्कृत अध्ययनका नयाँ विभागहरू थप्दै विस्तारै पाठ्यक्रम र अनुसन्धान पनि यसको नियमित कार्यक्रमको अङ्ग हुनुपर्ने,
- कानून महाविद्याल (ल कलेज) कायम रहनुपर्ने,
- प्रारम्भिक, माध्यमिक र महाविद्यालयको शिक्षकहरूलाई शिक्षा दिनाका लागि २०१३ सालसम्ममा शिक्षक शिक्षण महाविद्यालयको स्थापना हुनुपर्ने,
- इन्जिनीयरिङ्ग, कृषि, खानि, लघु उद्योग र हस्तशिल्पहरूमा शिक्षा दिन २०१३/०१४ सालसम्ममा बहुकला विषयक संस्था स्थापना गर्नु पर्ने,
- पाकविद्या, वस्त्र, घर सजाउने इत्यादिमा महिला ग्रामविकास कार्यकर्ता, प्रधान पाठशालीय शिक्षक र अरूहरूलाई अल्पकालीन तथा उपाधिक्रमद्वारा शिक्षा दिन गृहविज्ञान महाविद्यालय खडा गरिनु पर्ने,
- ज्यादै खाँचो भएका वैद्य र दन्तचिकित्सकहरू तालीम गर्न सकेसम्म छिटो एउटा आयुर्वेद-दन्त महाविद्यालय स्थापना गर्नु पर्ने,
- परिचर्याको क्षेत्रमा परिचारक र परिचारिकाहरूको अभावलाई हटाउन परिचर्यामा उप-महाविद्यालयी र महाविद्यालयी पाठ्यक्रम दिने र प्रधान पाठशालीय पाठ्यक्रमको रेखदेख गर्ने परिचर्या महाविद्यालयको स्थापना गर्नु पर्ने तथा
- समुद्रपारका मुलुकहरूमा शिक्षा हासिल गर्न पठाइने विश्वविद्यालयका पाँच जना मुख्य कर्मचारीहरू छान्ने, विश्वविद्यालयका लागि स्थान र घरहरू रोज्न, विश्वविद्यालयको व्यवस्था स्थापना गर्न, वैदेशिक सहायताका

निम्ति प्रस्तावहरू तयार पार्न र त्यसपछि नेपाल राष्ट्रिय विश्वविद्यालयको काम चालु गर्न उच्च शिक्षामा एक उपसमिति अथवा विशेष समिति तत्काल नियुक्ति गरिनु पर्ने आवश्यकतालाई औँल्याइयो ।

आयोगले विश्वविद्यालयको ऐनका सम्बन्धमा पनि प्रतिवेदनमा यस प्रकार बुँदाहरू समावेश गरेको देखिन्छ;[५४]

राष्ट्रिय शिक्षा समितिको मातहतमा विश्वविद्यालयको रेखदेख राख्न उच्च शिक्षाको एक उपसमितिको स्थापना गर्ने, उपकुलपति र अन्य बन्दोबस्ती कर्मचारीहरू नियुक्त गर्ने, विश्वविद्यालयका निम्ति स्थान र आवश्यक भवनहरू प्राप्त गर्ने, अरूलाई वृद्धि-कार्य वा शाखा महाविद्यालयको रूपमा मानेर (सामान्य कला महाविद्यालयहरू जस्ता) एकै किसिमका सारा संस्थाहरूले मूल महाविद्यालयको रूपले गठित हुनैपर्ने नियमका साथ भइराखेका महाविद्यालयहरूको विश्वविद्यालय निर्माण गर्ने, विद्यमान महाविद्यालयलाई मातृसंस्था र नयाँलाई सोझै विश्वविद्यालयको मातहतमा राखेर आवश्कयताअनुसार नयाँ महाविद्यालयहरूको स्थापना गर्ने र अत्यावश्यक ठाउँमा तरुणहरूलाई यो पेशामा प्रवृत्त हुन प्रोत्साहन दिन शिक्षकहरूको महाविद्यालय र शिक्षक शिक्षणलाई विशेष सहायताको व्यवस्था गर्नुपर्ने सिफारिस गरियो ।

प्रतिवेदनको पाचौँ सिफारिसमा उच्च शिक्षाको सन्दर्भमा “*...यो आयोग उन्नत साहित्य र विज्ञान, कृषि र वन, शिक्षक शिक्षण, ऐन कानून, परिचर्या, औषधि र दन्त विद्या, गृहविज्ञान, विविध कला र आवश्यकताअनुसार अन्य क्षेत्रहरूका महाविद्यालयहरूले युक्त एउटा राष्ट्रिय विश्वविद्यालयको तत्काल स्थापना गर्न सिफारिश गर्दछ । यो कार्यले विदेशी प्रमाणको हाम्रो अबलम्बनलाई टुटाएर नेपालमा उच्च शिक्षालाई प्रतिष्ठा दिनेछ । यसले राम्रो नेतृत्व र एकीकरणद्वारा अहिले भइराखेका महाविद्यालयहरूलाई बलियो तुल्याएर नयाँ महाविद्यालयहरूको स्थापनामा नियन्त्रण राख्ने छ । विश्वविद्यालय संगठनलाई लाग्ने वास्तविक थप खर्च*

---

[५४] *ऐजन,* पृ २३५, २४२-२४८ ।

*उपेक्षा गर्न सकिने मात्रामा हुनेछ भन्ने आयोगलाई विश्वास छ । हामी विश्वविद्यालय राखी वा नराखी, उच्च शिक्षाको खर्च त बढ्ने छ र बढ्नै पनि पर्छ, तर अहिलेको बेग्लै संस्थाको अधीनमा भन्दा विश्वविद्यालयको अधीनमा वृद्धिको राम्रो योजना र नियन्त्रण गर्न सकिन्छ ।*

*आयोगको विचारमा एउटा ठोस आनुसन्धानिक कार्यक्रमले युक्त, व्यापक अध्ययनक्रमबाट मुलुकको प्रत्येक गाउँमा पुगेर विश्वविद्यालय केन्द्रमा 'माउ' महाविद्यालयहरूका मातहतका 'साना महाविद्यालयहरू' द्वारा राष्ट्रको हरेक क्षेत्रलाई ढाक्ने केन्द्र पारेर एकै घेराभित्र अवस्थित एक खँदिलो शिक्षण विश्वविद्यालय हुनुपर्छ । विश्वविद्यालयले राजनैतिक प्रभावबाट बिलकुल अलग रहनुपर्छ तर सामान्य पाठशाला प्रणालिसित घनिष्ठ सम्बन्ध राख्नुपर्छ । प्रजातान्त्रिक प्रणाली यसको शासन हुनुपर्छ र माध्यमिक शिक्षलाई पनि यही सुविधा दिनुपर्छ । सामान्य शिक्षाले व्यवसायिक महाविद्यालहरूलाई उपयोगी भएर सामान्य कला र विज्ञान महाविद्यालयले विश्वविद्यालयको धुरी बन्नुपर्छ । (व्यापार शिक्षा, संगीत, ललितकला इत्यादि) चाखका कुनै क्षेत्रहरूलाई ती बलिया भएर बेग्लै महाविद्यालयका योग्य नभई प्रारम्भिक अवस्थामा रहिन्जेल यसले पोस्नुपर्दछ..."* उल्लेख गरियो ।

सिफारिसको अन्त्य अर्थात् नं. १४ मा "*...शिक्षा मन्त्रालयमा यो विवरण पेश भएपछि वर्तमान राष्ट्रिय समिति अथवा खास यस कामलाई नियुक्त गरिएको शैक्षिक संस्थालाई यस विवरणमा गरिएका सुझाउ र सिफारिशहरूलाई कार्यान्वित गर्न चाहिँदो व्यवस्था मिलाउन सम्पूर्ण जिम्मेदारी सुम्पनुपर्छ..."* उल्लेख गरियो ।

समग्रमा 'नेपाल राष्ट्रिय शिक्षा आयोग' ले काठमाडौँ उपत्यकालगायत तराई, पूर्वी र पश्चिम पहाडका ८ ठाउँमा गएर तथा ३२ जिल्लाका बडाहाकिम, सबैजसो पञ्चायत, पुलिस चौकी, स्कूल इन्सपेक्टरलगायत विभिन्न १४ अड्डाहरूमा प्रश्नावली पठाएर प्राप्त सूचनाका आधारमा दुई वर्ष जतिमा विश्वविद्यालयका साथै विभिन्न तहका स्कूलहरू स्थापना एवम् सञ्चालनका बारेमा विस्तृत प्रतिवेदन तयार गरी

सरकार समक्ष पेश गरेको थियो । प्रस्तुत प्रतिवेदनबाट मुलुकमा विश्वविद्यालय स्थापनाका लागि उल्लेख्य सूचना प्राप्त हुनगयो ।

## लिखतमा पहिलो उपकुलपति

२००७ साल चैत्र २५ गते कविवर केदारमान व्यथितको सभापतित्वमा वीरगञ्जको स्थानीय त्रिजुद्ध हाइस्कूलमा बसेको भेलाले पहिलो विश्वविद्यालय स्थापना गर्ने सोच राखी त्यसको नाम 'नेपाल राष्ट्रिय विद्यापीठ' राखेको रहेछ । बैठकले तेजबहादुर अमात्यलाई सभापति, मदनमणि दीक्षितलाई उपसभापति, जीवनेश्वर मिश्रलाई रजिष्ट्रार नियुक्त गर्‍यो भने व्यापार एवम् उद्योग मन्त्री गणेशमान सिंहलाई कुलपतिमा बस्न आग्रह गरेको थियो । यसको केहीपछि अर्थात् २०१० साल वैशाख १३ गतेका दिन कुलपति गणेशमान सिंहको विशेष सुझावमा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई प्रथम उपकुलपति छनोट गरियो ।

उपकुलपतिका रूपमा देवकोटा २०१४ साल जेठ २ गतेका दिन उपाधि वितरण र दीक्षान्त समारोहमा संलग्न भएको देखिन्छ । त्यस बखत विद्यापीठलाई सरकारले प्रवेशिका स्तरसम्मको मान्यता दिएको रहेछ । सो अवसरमा उपकुलपतिले विशारद, साहित्यरत्न तथा विद्यालंकारका निम्ति पनि निकट भविष्यमा सरकारी या विश्वविद्यालीय मान्यता लिने प्रतिवद्धता व्यक्त गरेका थिए । त्यस्तै तत्कालीन शिक्षामन्त्री वालचन्द्र शर्माद्वारा पटना विश्वविद्यालयको आई.ए. र वी.ए.सरह विशारद र साहित्यरत्न परीक्षा सञ्चालन रहोस् र देशमा विश्वविद्यालयको स्थापना भएपछि यी दुई विषयबारे विचार हुनेछ भन्ने निर्णय दिएका रहेछन् ।[५५]

२०१४ साल साउन ११ गतेका दिन डा.के.आई.सिंह (कुवर इन्द्रजित सिंह) को प्रधानमन्त्रीत्वमा एउटा मन्त्रिमण्डल गठन गरिएको थियो । सो ११ सदस्यीय मन्त्रिमण्डलमा लक्ष्मीप्रसाद देवकोटालाई समावेश

---

[५५] चन्द्र किशोर, "पहिलो विश्वविद्यालयका पहिला उपकुलपतिः लक्ष्मीप्रसाद देवकोटा", *गोरखापत्र (शनिवारीय परिशिष्ट),* २०५६ कात्तिक २० गते शनिवार, पृ. ग ।

गरी 'शिक्षा र स्वयत्तशासन' मन्त्रालयको जिम्मा दिइएको थियो ।[५६] देवकोटाको माथि उल्लिखित सन्दर्भ मन्त्री बन्नु भन्दा १० हप्ताजति पहिले भएको कुरा स्मरणीय छ ।

त्यस्तै माथि उल्लेख गरिएअनुसार विद्यापीठलाई 'विश्वविद्यालय' उल्लेख गरिएको भने फेला परेको छैन ।

२००७ सालमा स्थापित विद्यापीठमा शिक्षा मन्त्रालयको २०१३ साल चैत्र अन्त्यतिरको पत्रानुसार परीक्षा सञ्चालन कार्य चालू राखिएको देखिन्छ । विद्यापीठ दुई छुट्टाछुट्टै समिति एउटा कार्यकारिणी समिति र अर्को शिक्षण केन्द्र समिति बाट सञ्चालन गरिएको थियो । कार्यकारिणी समितिमा एक/एक जना कुलपति र उपकुलपति तथा दुई जना सहायक कुलपति रहने व्यवस्था गरियो । त्यस्तै एक जना कोषाध्यक्ष, एक जना रजिष्ट्रार (कुलमन्त्री) का अतिरिक्त आठ जना सदस्य राखेको पाइन्छ । त्यस्तै शिक्षण केन्द्र समितिमा पर्सा जिल्ला पञ्चायतका सभापतिलाई नै सभापति बनाइयो भने सचिव, कोषाध्यक्ष एक/एक जनाका साथै आठ जना सदस्य रहने व्यवस्था गरियो । पछिल्लो समय अर्थात् २०२४ सालतिर विद्यापीठमा कृष्णबहादुर मानन्धरलाई उपकुलपति बनाइएको देखिन्छ ।

विद्यापीठद्वारा प्रवेशिका (एस.एल.सी.), विशारद (आई.ए.), साहित्यरत्न (बी.ए.) तथा विद्यालंकार (विद्यावारिधि) परीक्षाहरू सञ्चालन गरिन्थ्यो भन्ने भनाइ पनि पाइन्छ । सम्भवतः नेपालको शैक्षिक इतिहासमा विद्यालंकार (Ph.D. विद्यावारिधि) डिग्री गराउने पहिलो शैक्षिक संस्था यो नै देखिन्छ यद्यपि यसको यथार्थताका बारेमा विस्तृत अनुसन्धान गर्नु पर्ने देखिन्छ । विद्यापीठमा २००९ सालमा सात जना परीक्षार्थी विद्यालंकार परीक्षामा सम्मिलित भए तापनि एक जना पनि उत्तीर्ण नभएको भन्ने भनाइ छ । त्यस्तै २०२४ सालतिर विद्यापीठका साहित्यरत्न समुत्तीर्ण केही व्यक्तिहरू विद्यालंकार उपाधिका निम्ति 'प्रौढ प्रबन्ध' (Thesis) लेख्न एवम् त्यसमा अनुसन्धान गर्न खोजेको भन्ने भनाइसमेत पाइन्छ । विद्यापीठको

---

[५६] भवेश्वर पंगेनी, *डा.के.आई.सिंह र नेपालको राजनीति (वि.सं. २००७-२०१७),* नयाँदिल्ली: एड्रोयट पब्लिसर्स, सन् २००५, पृ. २८७-२८९ ।

प्रकाशनमा "...विद्यालंकारका नियमहरूलाई निम्न लिखित सज्जनद्वारा काठमाडौँका विद्वानहरूको गोष्ठीमा स्वीकृति दिइएको छ, जसका लागि उहाँहरूप्रति विद्यापीठ कृतज्ञता ज्ञापन गर्दछ..." उल्लेख गरी विद्वानहरूको नाम दिइएको छ । यसरी स्वीकृति दिने व्यक्तित्वमा महाकवी लक्ष्मीप्रसाद देवकोटा, कवि तथा नाटककार वालकृष्ण सम, कवि सिद्धिचरण श्रेष्ठ, कवि चित्तधर हृदय, श्री महानन्द सापकोटा, श्री खड्गमान मल्ल एम.ए., डा.नारायणबहादुर एम.ए., पिएच.डी., श्री कैलाशराम श्रेष्ठ (साहित्यरत्न) तथा रजिष्ट्रार श्री जीवनेश्वर मिश्रको नाम उल्लेख गरिएको पाइन्छ ।[५७] यसबाट उल्लिखित विद्वानद्वारा स्वीकृत गरिएपछि कुनै अनुसन्धाताले 'विद्यालंकार' को उपाधी पाउने जस्तो देखिन्छ । यति हुँदाहुँदै पनि क-कसले सो उपाधी हासिल गरेका थिए भन्ने विद्यापीठको प्रकाशनसमेतमा पाइँदैन । त्यस्तै त्यस्ता विषयलाई कुन निकायबाट सम्बन्धन एवम् मान्यता दिइएको थियो भन्नेसमेत स्पष्ट छैन ।

समग्रमा सरकारबाट भर्खरै प्रवेशिका स्तरको मान्यता प्राप्त गरेको विद्यापीठलाई विश्वविद्यालय र आफूलाई उपकुलपति उल्लेख गर्नुबाट देवकोटाले सो विद्यापीठलाई भविष्यमा विश्वविद्यालयका रूपमा देख्न चाहेको जस्तो देखिन्छ । यद्यपि यसका बारेमा अझ विस्तृत अध्ययन गर्नुपर्ने देखिन्छ । साथै विश्वविद्यालयसँग विद्यापीठको पत्राचारका बारेमा यथास्थानमा चर्चा गरिएको छ ।

### शिक्षक शिक्षण कार्यक्रम

राणाकालमा नै स्कूलमा व्यवसायीक शिक्षा दिनका लागि शिक्षकहरूलाई तालीममा सहभागी गराउनु पर्ने आवश्यकता महशुस गरिएको देखिन्छ । सम्भवतः सोही उद्देश्यले सरकारले २००३ सालमा

---

[५७] कृष्णप्रसाद पराजुली (सम्पा.), *नेपाल राष्ट्रिय विद्यापीठ,* तेस्रो सँगालो, २०२५ साल वर्षा, पृ. ३१-४१ । यस बखत विद्यापीठले साहित्यरत्न, विशारदलगायत परीक्षा सञ्चालन गरेको थियो । २०२४ सालको परीक्षाको नतिजा भने 'श्रीमान् सहायक उपकुलपतिज्यूको आदेशानुसार प्रकाशित गरिएको छ' भन्ने सूचनाका साथ प्रकाशन गरिएको थियो ।

मुलुकमा सर्वप्रथम 'आधार स्कूल' स्थापना गर्ने योजना बनाएको थियो । सोही वर्ष शिक्षा विभागअन्तर्गत 'आधार शिक्षा गोश्वारा' नामको नयाँ अड्डा खडा गरी सोही अड्डाले आधार स्कूलहरू हेर्ने व्यवस्था मिलाइएको थियो । आधार स्कूललाई प्राथमिक कक्षा १-३, माध्यमिक कक्षा ४-५ र उच्च आधार शिक्षा कक्षा ६-८ गरी तीन तहमा विभाजन गरियो ।

आधार शिक्षाको योजनाअनुसार ६ जना स्नातकलाई भारतको पटना ट्रेनिङ स्कूलमा अध्ययनका लागि पठाइयो । उनीहरू शिक्षा हासिल गरी काठमाडौं फर्केपछि २००३ सालमा सर्वप्रथम एउटा आधार-शिक्षण केन्द्र स्थापित गरियो ।[५८] २००३ सालको योजनाअनुसार अर्को वर्ष अर्थात् २००४ साल जेठ १० गतेका दिन काठमाडौंको ताहाचलमा नेपाल अधिराज्यका विभिन्न ठाउँमा स्थापना गरिने आधार स्कूलमा पढाउने शिक्षक तयार गर्न पहिलो 'शिक्षक शिक्षण केन्द्र' स्थापना गरियो । यससँगै २००४ साल असोजमा मुलुकका विभिन्न १४ ठाउँमा १/१ वटा आधार स्कूल सञ्चालनको स्वीकृति दिइयो ।[५९] फलस्वरूप काठमाडौं उपत्यका बाहिर पाल्पा, धनकुटा, दार्चुला, डोटी, डडेलधुरा, पोखरा, बनेपा, भीमफेदी, वीरगञ्ज र जनकपुरमा आधार स्कूल स्थापनाको स्वीकृति दिइएको देखिन्छ । २००९ सालमा उच्च आधार शिक्षामा अङ्ग्रेजी विषय नराखेर नै उद्योग विषय (Crafts) थप गरी म्याट्रिक बराबरको तह मानिएको थियो । समयको मागअनुसार २०१२ सालदेखि सबै आधार स्कूलहरू अङ्ग्रेजी स्कूलमा परिणत गरिएका थिए । उल्लेख्य के छ भने आधार-शिक्षामा किताबी ज्ञानभन्दा कार्यमूलक शिक्षातर्फ बढी जोड दिइयो । जीवनको सर्वाङ्गीण विकास यस शिक्षाको लक्ष्य थियो । यस शिक्षाअन्तर्गत सामान्य

---

५८ झा, पृ. ३६ ।

५९ भवेश्वर पंगेनी, *शिक्षाको इतिहास,* काठमाडौं: शहीद स्मारक कलेज, वि.सं. २०७३, पृ. ८१-८२ ।

विषयहरूका अतिरिक्त कताई-बुनाई काष्ठकार्य र कृषि आदि विषयहरूको शिक्षातर्फ विशेष व्यवस्था गरिएको थियो ।[६०]

उल्लेख्य के छ भने भारत स्वतन्त्र भएपछि 'हिन्दूस्तान तालीम संघ सेवाग्राम' मध्यप्रदेश, भारतबाट प्रकाशित आधार शिक्षाको पाठ्यक्रममा आधारित मसौदा पाठ्यक्रम शिक्षा विभागबाट प्रकाशन गरेर नेपालमा आधार शिक्षा व्यापक रूपमा सञ्चालन गरिएको देखिन्छ ।[६१]

शिक्षक शिक्षण केन्द्रको तालीममा उपत्यका भित्रका प्रत्येक स्कूलबाट एक एक शिक्षकलाई आधार शिक्षक शिक्षण केन्द्र खुलेदेखि २०१० सालसम्म समावेश गरिएको थियो । फलस्वरूप ४०० जतिले आधार शिक्षक शिक्षण केन्द्रबाट तालीम हासिल गरेका थिए । २००६ सालको शैक्षिक सत्रदेखि आधार शिक्षा तालीम प्राप्त एक/एक शिक्षक उपत्यका बाहिरका जिल्लामा रहेका पब्लिक हाईस्कूलमा नियुक्त गरी पदस्थापना गर्ने काम भयो । पब्लिक स्कूलमा पनि सरकारी शिक्षकको दरबन्दी कायम गरी आधार शिक्षा तालीम प्राप्त शिक्षकलाई नियुक्त गरिन्थ्यो । त्यति मात्र नभएर सञ्चालक समितिले नियुक्त गरेका पब्लिक स्कूलका शिक्षकले आधार शिक्षक शिक्षण केन्द्रमा तालीम हासिल गरी आफ्नै स्कूलमा फर्कन चाहने शिक्षकलाई पनि सरकारी दरबन्दीमा राख्ने व्यवस्था मिलाइयो । फलस्वरूप यस्ता शिक्षकको तलब अब आधार शिक्षा फाँटबाट निकाशा गरिने भयो । सरकारी शिक्षण संस्थानहरूको खर्च प्रायः गुठीको आम्दानी तथा बचत रकमबाट चल्दथ्यो । त्यस्तै आधार शिक्षा अधिराज्यभर लागू गर्ने क्रममा पब्लिक स्कूलका शिक्षकलाई आधार शिक्षण केन्द्रबाट तालीम दिइ साविक स्कूलमा फिर्ता पठाउँदा ती शिक्षकको दरबन्दी पनि सरकारी दरबन्दीमा मिलान गरिन्थ्यो ।[६२]

---

[६०] झा, पृ. ३६ ।

[६१] शर्मा, पाद टिप्पणी नं. ६, पृ. ९०, १४८-१५४ ।

[६२] *ऐजन,* पृ. ६,८ ।

२००९ सालमा आधार स्कूलको पाँचौ कक्षा उत्तीर्ण गरेका अथवा सरकारबाट स्वीकृत अङ्ग्रेजी स्कूलबाट सातौं कक्षा उत्तिर्ण गरी आठौं कक्षामा कमसेकम लगातार वर्ष दिनसम्म पढेका विद्यार्थीले लेखा र ऐन श्रेस्ता मात्रै परीक्षा दिई मध्यमा उत्तीर्ण हुने मौका पाउने व्यवस्था गरियो । एस.एल.सी.परीक्षा र संस्कृतमा मध्यमा उत्तीर्ण गर्ने विद्यार्थीले ऐन श्रेस्ता जाँच दिएर उत्तीर्ण भएमा मध्यमा तह उत्तीर्ण भएको प्रमाणपत्र दिइन्थ्यो ।[६३] आधार शिक्षाको उद्देश्य विद्यार्थीलाई व्यावसायीक क्षिक्षा दिनुका साथै सो विषयमा तालीमप्राप्त शिक्षक तयार गर्नु पनि देखिन्छ । अझ भन्ने हो भने नेपालमा शिक्षक शिक्षण कार्य (अर्थात् शिक्षाशास्त्र विषयको पठन पाठन) को थालनी यहीँदेखि भएको पाइन्छ । यद्यपि यो कार्य केबल आधार शिक्षासँगमात्र सम्बद्ध भएकाले पठन पाठनका अन्य विषय/शिक्षामा भने लागू हुने भएन । त्यसैले समस्त स्कूल स्तरमा तालीम प्राप्त शिक्षकद्वारा सिकाइका काम गराउनुपर्ने आवश्यकता भएको थियो । यही परिवेशमा श्री ५ को सरकारले संयुक्त राज्य अमेरिकी सरकारको सहयोगमा सन् १९५४ मा नेपालमा 'शिक्षक शिक्षण कार्यक्रम' का लागि दुवै सरकारद्वारा एउटा स्वीकृति पत्रमा हस्ताक्षर गरिएको थियो । सोही पत्रका आधारमा यहीँदेखि शिक्षक शिक्षण कार्यक्रम सञ्चालनमा आएको पाइन्छ । यो कार्यक्रमलाई दिल्ली विश्वविद्यालयको Central Institution of Education सँग सम्पर्क स्थापना गर्दा उसले यहाँका बी.एड. स्नातकहरूलाई एम.एड.डिग्रीका लागि प्रवेश दिने इच्छा जनाएको रहेछ ।[६४]

सन् १९५६ सेप्टेम्बर ९ का दिन नेपाल सरकार र संयुक्त राज्य सरकार बीच एउटा सम्झौता गरियो । सम्झौतामा नेपालमा राष्ट्रिय विश्वविद्यालय स्थापना नहुँदासम्म अन्तरिम समयसम्मका लागि Bachelor of Education डिग्री (जुन डिग्री अरू व्याचलर डिग्रीको

---

[६३] झा, पृ. ३६ ।

[६४] "कलेज अफ एजुकेसनमा दीक्षान्त समारोह", *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अंक-१, २०१५ साल वैशाख, पृ. ३-९ ।

बराबर सम्भिmइने छ) र कम तालीमका निम्ति उपयुक्त प्रमाणपत्र तथा अधिकार पत्र (Diploma) प्रदान गर्न College of Education लाई अधिकृत मानिएको पाइन्छ ।[६५]

College of Education को बी.एड. डिग्रीलगायत विभिन्न बोर्ड तथा विश्वविद्यालयको डिग्री तथा परीक्षालाई दिल्ली विश्वविद्यालयले स्वीकृत गरेको कुरा जनाउ गर्दै उक्त विश्वविद्यालयको कार्यबाहक रजिष्ट्रारले सन् १९५८ (२०१५) अगस्त २७ का दिन एउटा पत्र लेखेको पाइन्छ । पत्रमा 'अगस्त ७, १९५८ (२०१५) मा बसेको वैठकमा एकेडेमिक काउन्सिलले स्वीकार गरेको विश्वविद्यालय र बार्डको डिग्री र परीक्षाको सूची उल्लेख गर्दै दिल्ली विश्वविद्यालयले College of Education, काठमाडौँ, नेपालको B.Ed. Diploma लाई B.Ed. Digree सरह मानेको थियो । सोही पत्रद्वारा भारतका विक्रम युनिभर्सिटी, जम्मु-काश्मीर, उत्कल, गुजरात, जवलपुर, आन्ध्र र सेन्ट्रल बोर्ड अफ सेकेण्डरी एजुकेसन, अजमेरका उच्च माध्यमिकदेखि स्नातकोत्तर तहसम्मका परीक्षालाई स्वीकृति दिएको थियो ।[६६] यो स्वीकृतिबाट नेपालमा त्रिभुवन विश्वविद्यालय स्थापनाको चरणमा रहेका बखत नै दिल्ली विश्वविद्यालयले College of Education लाई मान्यता दिएको देखिन्छ ।

## भावी विश्वविद्यालयको स्वरूप

नेपालमा स्कूल तथा विश्वविद्यालय स्थापनाका सम्बन्धमा सल्लाह दिनका लागि अमेरिकाको ओरेगन राज्यको उच्च शिक्षा प्रणालिका अवकाश प्राप्त कुलपति डा. चार्ल्स डी. वार्न नेपाल आएका थिए । त्रिभुवन विश्वविद्यालय कमिसन गठन भई कार्य सम्पादन गर्दै रहँदा डा. वार्नले नेपालका लागि कस्तो विश्वविद्यालय उपयुक्त हुन्छ भन्ने विषयमा आफ्नो दृष्टिकोण सार्वजनिक गरेको पाइन्छ । यस क्रममा उनले केही अगाडि

---

६५ "कलेज अफ एजुकेसनको ऐतिहासिक पृष्ठभूमि", *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अंक-१, २०१५ साल वैशाख, पृ. १९-२९ ।

६६ *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अंक-७, २०१५ कार्तिक, पृ. २६-२७ ।

गठन गरिएको 'नेपाल राष्ट्रिय शिक्षा आयोग' को सिफारिसलाई लागू गर्नुपर्ने कुरालाई जोड दिँदै देहायका विषयहरू उठाएको देखिन्छ;[६७]

- विश्वविद्यालय स्थापनाका लागि एउटा विस्तृत चार्टर आवश्यक छ जसअनुसार विश्वविद्यालयका कार्यको हेरचाह गर्ने व्यवस्थापन गर्ने तथा उच्च शिक्षा एवम् हाईस्कूलसम्म प्रबन्ध मिलाउने एउटा अवयव (सिनेट) को व्यवस्था गर्नुपर्ने, चार्टर तयार हुनु भन्दा पहिलेको अन्तरिम कालका लागि विश्वविद्यालय आयोगलाई उच्च शिक्षालयहरूको रूप मिलाउन अधिकार दिइनुपर्ने,
- विश्वविद्यालय आयोगले ठूला प्रशासकिय अधिकारीवर्ग (कुलपति, रजिष्ट्रार, शिक्षकहरू) को सञ्चालनद्वारा आयोगलाई विश्वविद्यालय संगठन, पाठ्यक्रम निर्माण र सञ्चालनमा रहेका शिक्षालयहरूलाई सुसंगठन गर्न मद्दत गर्नुपर्ने जसका लागि तीन जना मानिसहरू यस पदहरूका लागि अमेरिकाबाट शिक्षा पाई फर्किसकेको,
- जन कल्याण चाहने नागरिकहरूसँग चन्दा उठाई भवन निर्माण र विश्वविद्यालयका अरू योजनाहरू सफलीभूत बनाउनुपर्ने,
- त्रिचन्द्र कलेज, नारी कलेज, रात्रि कलेज, संस्कृत कलेज र माध्यमिक कलेजहरूलाई एकीकरण गरी विज्ञान र कलाका कलेजहरू बनाई आई.एस्सी., आई.ए. पाठ्यक्रमहरू ठिक बनाई नयाँ विश्वविद्यालयमा मिलाएर यिनै माध्यमिक कलेजहरूले बि.ए.र आई.एस्सी. पाठ्यक्रम पनि दिने हुनु पर्ने,
- माध्यमिक कलेजहरू विशवविद्यालयको अधिकार क्षेत्र भित्र ल्याउनु पर्ने,

---

[६७] चार्ल्स डी.वर्न, "नेपालको लागि कस्तो युनिभर्सिटी", *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-१, अंक-५, २०१४ भाद्र, पृ. २६-३३ ।

- नयाँ शिक्षक शिक्षण कलेज, कमर्स डिपार्टमेण्ट र कानून कलेजलाई विश्वविद्यालयको परिधिमा सारिनु पर्ने र यी नै व्यवसायिक शिक्षाको एकै अङ्ग हुनुपर्ने,
- भविष्यमा एउटा केन्द्रीय पुस्तकालयको संगठन गर्ने तथा यसैद्वारा सबै पुस्तकालयमा पुस्तकहरूको एकीकरण गरी काम ल्याउनुपर्ने, यस्तो गर्न व्यक्तिगत पुस्तकालयहरूको दान र पुस्तकालयलाई चाहिने साधनहरू विदेशी सहायताको रूपैयाँबाट किन्नु पर्ने,
- राष्ट्रिय शैक्षिक योजना आयोगले नेपालको विश्वविद्यालयलाई सुहाउने पाठ्यक्रम तयार गरी सरकारलाई बुझाइसकेको तथा
- नेपालको विश्वविद्यालयबाट अध्ययन सकेका नेताहरूबाट देशको सञ्चालन हुनु पर्ने जसले गर्दा देशको आवश्यकता, स्वतन्त्रता र मान्य नागरिकको पैदाइसका लागि आवश्यक रहेको ।

उल्लिखित समिति एवम् व्यक्तिबाट विश्वविद्यालय स्थापनाका निम्ति प्राप्त प्रतिवेदन तथा विचारलाई कार्यान्वयन गर्ने कुनै संयन्त्र बनिसकेको थिएन । यद्यपि नेपाल सरकारले विभिन्न समिति गठन गरी विश्वविद्यालयीय शिक्षाका लागि आवश्यक अध्ययन गराउँदै गर्दा यस कार्यमा सघाउन संयुक्त राज्य अमेरिकी सरकारबाट विज्ञविद्वानसमेत आएर सहकार्य गरेको सन्दर्भ माथि उल्लेख भइसकेको छ । यसरी दुवै देशबीचको संयुक्त कार्यक्रमअन्तर्गत विश्वविद्यालयको काम अगाडि बढाउँदा भारत सरकारले पनि नेपालको शिक्षामा सहयोग गर्ने प्रस्ताव गऱ्यो । फलस्वरूप उच्च शिक्षामा भारतीय र प्राथमिक शिक्षामा अमेरिकी सहयोग लिने भन्ने भएको भनाइ पाइन्छ ।[६८] यसरी विश्वविद्यालय स्थापनाको काम अन्तिम चरणतिर पुग्दैगर्दा स्विट्जरलैंडको ज्युरिचमा उपचारका क्रममा २०११ साल फागुन ३० गते राजा त्रिभुवनको मृत्यु हुन गयो । उनको २०११

[६८] उप्रेती, पृ. ९२ ।

साल चैत्र ४ गतेका दिन काठमाडौँ आर्यघाटमा दाहसंस्कार गरियो ।[६९] फलस्वरूप तत्कालका लागि विश्वविद्यालय स्थापना गर्ने कार्य अगाडि बढ्न सकेन । यद्यपि राजा त्रिभुवनको समयमा नै मुलुकमा विश्वविद्यालय स्थापना गर्ने कार्य अगाडि बढेको देखिन्छ ।

त्यस बखत विश्वविद्यालयको नामका बारेमा कुनै सार्वजनिक गरिएको पाइँदैन । यसै सन्दर्भमा अर्को एउटा भनाइ पनि पाइन्छ । राजा त्रिभुवनको मृत्यु पश्चात एक दिन मुमा बडामहारानीद्वयले त्रिभुवन सरकारका नाममा केही गर्न चाहेको र त्यस्तो कार्य के हुन सक्ला भनी सोधेको जवाफमा त्रिभुवन सरकारका नाममा विश्वविद्यालय स्थापना भएमा ठूलो कृति हुने विचार व्यक्त गरेको भनाइ पनि सार्वजनिक पाइन्छ ।[७०]

## त्रिभुवन विश्वविद्यालय कमिसन

माथिका दुई भनाइका बारेमा यथार्थ जानकारी मिल्ने सामग्री फेला नपरेकाले सो सम्बन्धमा किटानका साथ भन्न सकिने अवस्था रहेन । यद्यपि स्वर्गीय श्री ५ त्रिभुवनको वार्षिक श्राद्ध दिवसको पुण्यतिथिमा श्री ५ मुमा बडामहारनीहरूबाट २०१२ साल चैत्र १८ का दिन 'त्रिभुवन विश्वविद्यालय सभा' को घोषणा भएको थियो । सो अवसरमा श्री ५ मुमा बडामहारानीहरूबाट देशवासीका नाममा यस प्रकार शुभ सन्देश दिइएको थियो;[७१]

[६९] गृष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण,* काठमाडौँः ध्रुवबहादुर देवकोटा, वि.सं. २०३६ (द्वितीयावृत्ति), पृ.२८९-२९० ।

[७०] दयारामभक्त माथेमा, *अनुभव र अनुभूति,* काठमाडौँः दया फाउण्डेसन, वि.सं. २०७३, पृ. २८४-२८६ । २००१ सालदेखि राजदरबार सेवाको थालनी गरेका माथेमा २००७ सालदेखि राजा त्रिभुवनको प्रमुख सहयोगी तथा सल्लाहकार भएका थिए । २०१८ सालमा सेवाबाट अवकाश लिएका माथेमालाई राजा त्रिभुवनको मृत्युपछि मुमाबडामहारानीहरू सम्बन्धी कार्य सम्पादन गर्ने लिखित अख्तियारी दिइएको देखिन्छ (*ऐजन,* पृ. २३६) ।

[७१] *गोरखापत्र,* वर्ष-५५, संख्या-१४०, २०१२ साल चैत्र २० गते सोमबार ।

*"...तपाईंहरू सबैलाई विदितै छ कि कुनै पनि देशको सर्वतोन्मुखी विकास तथा कल्याणको निम्ति शिक्षा नै प्राथमिक आधार र आवश्यक मानिएको छ । सोही कुरा हाम्रा परम पुज्य स्वर्गीय श्री ५ महाराजाधिराजका हृदयमा पनि अन्य विकासका योजनाहरूसँग प्रमुख भै रहेको थियो, तर समय प्रतिकुल भएकोले मौसूफको बाहुलीबाट यो देशलाई सुहाउँदो विश्वविद्यालयको स्थापना गर्ने दिव्य अभिलाषा पूर्ण हुन पाएन । मौसूफको असामयिक तथा आकस्मिक स्वर्गारोहण गर्दा मौसूफका अभिलाषाहरू पूर्ण गर्ने संपूर्ण अभिभारा अब तपाईं हामीमा आई परेको छ ।*

*आज मौसूफको वर्ष दिनको पुण्य तिथिमा त्यो दिव्य अभिलाषा कार्यान्वित गर्ना निमित्त श्री त्रिभुवन विश्वविद्यालयको स्थापना हामी दुवैबाट हुन लागेको छ भन्ने तपाईंहरूलाई सुनाउन पाउँदा हामीलाई अति हर्ष लागेको छ । उक्त विश्वविद्यालय सम्बन्धी प्रारंभिक कार्यगर्न एउटा कमिशनको गठन भएको छ र सदस्यहरूको अनुरोधमा कमिसनको सभापतित्व हामीले स्वीकार गरेका छौं । विश्वविद्यालयका निमित्त आवश्यक जमिनको ठेगाना छिटै लागि यसको केही प्रारम्भिक कामहरू व्यवस्थित हुनासाथ भवनको शिलान्यास पनि हुनेछ । उक्त योजनाको निमित्त चाहिने प्रारंभिक खर्च पनि हामीले नै गर्ने भएका छौं ।*

*यो महान् एवं शुभकार्यलाई सफल बनाउन छोरा नानी श्री ५ महेन्द्रले पनि पूर्ण सहयोग गरेका छन् र नेपाल सरकारले पनि सहयोग दिने भएको छ । साथै देशमा हुने महान् कार्यहरूमा देशवासीकै सहयोग कत्तिको महत्त्वपूर्ण र आवश्यक हुन्छ सो विचार राखि, तपाईंहरू सबैसंग*

*यथाशक्य सहयोगको आशा एवं विश्वास हामीले राखेका छौं । हाम्रो कार्यलाई श्री पशुपतिनाथले सफल बनाउन् भन्ने हाम्रो हार्दिक कामना छ ...”*

त्रिभुवन विश्वविद्यालय कमिसनको अध्यक्षता जेठी राजमाता कान्ति राज्यलक्ष्मी तथा उपाध्यक्षता कान्छी राजमाता ईश्वरी राज्यलक्ष्मी शाहबाट गरिएको थियो । कमिसनमा अधिराजकुमारद्वय श्री ५ माहिला अधिराजकुमार हिमालय तथा श्री ५ कान्छा अधिराजकुमार बसुन्धराका अतिरिक्त सरदार हंसमान सिंह (राजाका प्रिन्सिपल सेक्रेटरी), शारदाप्रसाद उपाध्याय (डाइरेक्टर, शिक्षा विभाग), खड्गनरसिं राणा, प्रिन्सिपल भैरवबहादुर प्रधान, कवि लक्ष्मीप्रसाद देवकोटा र सचिवमा परासरनारायण सुवाललाई संलग्न गरियो ।[७२]

मुमा बडामहारानीहरूको उक्त कदमप्रति तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यले खुशी प्रकट गर्दै विश्वविद्यालय स्थापनाको महान काममा सरकारले तत्परताका साथ पूर्ण सहयोग गर्ने विश्वास दिलाएका थिए । त्यस्तै सो अवसरमा शिक्षामन्त्री वालचन्द्र शर्माले ‘स्वर्गीय श्री ५ बाट प्रजातन्त्रको पहिलो कदम उठाइबक्सेको थियो । अहिले श्री ५ मुमा बडामहारानीहरूबाट यस प्रकारको महत्त्वपूर्ण अनुस्थानको जगबसाली प्रजातन्त्रको दोस्रो कदम उठाइबक्सेको छ’ भनेका थिए ।

त्रिभुवन विश्वविद्यालय सभा घोषणा कार्यक्रम टुँडिखेलमा भएको थियो जहाँ शिक्षामन्त्रीले श्री ५ मुमा बडामहारानीहरूबाट बक्सेको सन्देश स्वर्गीय श्री ५ त्रिभुवनको श्रद्धाञ्जली सभामा पढेर सुनाएका थिए । ‘त्रिभुवन श्रद्धाञ्जली समिति’ को तत्वावधानमा आयोजित उक्त सभाको अध्यक्ष जनरल केशरशमशेरबाट भएको थियो । सो समारोहमा प्रधानमन्त्री टंकप्रसाद आचार्यका साथै विदेशमन्त्री, अर्थमन्त्री, शिक्षामन्त्री, कानूनमन्त्री, बृटिश राजदूत, प्रधान सेनापति, फिल्ड मार्शल रुद्रशमशेर, विभिन्न राजनैतिक तथा सामाजिक पार्टीका नेताहरूका अतिरिक्त हजारौं

---

[७२] “त्रिभुवन विश्वविद्यालयको स्थापनाकाल भन्दा अघि नेपालको शैक्षिक अवस्था”, *त्रिभुवन विश्वविद्यालयः एक झलक,* त्रिभुवन विश्वविद्यालय बुलेटिन विशेषाङ्क, वि.सं. २०४०, पृ. ३-५ ।

व्यक्तिको उपस्थिति थियो । प्रधानमन्त्री टंकप्रसाद आचार्य, शिक्षामन्त्री बालचन्द्र शर्मा, नेपाली कांग्रेसका अध्यक्ष सुवर्णशमशेर, होराप्रसाद जोशी, काशीप्रसाद श्रीवास्तव, समितिका सेक्रेटरी खड्गमानसिंह, काठमाडौँ नगरपालिकाका अध्यक्ष अष्टमंगल र श्री पूर्णवहादुरले मन्तव्य व्यक्त गरेका थिए ।[७३]

कमिसनको कार्य प्रणाली

गठन हुनासाथ त्रिभुवन विश्वविद्यालय कमिसनले द्रुत गतिमा काम थालेको थियो । गठन गरिएको पाचौँ दिन नै नारायणहिटी दरबारमा बसेको कमिसनको पहिलो वैठकले कमिसनको कार्य प्रणालीको आधार तयार गरेको थियो । यस क्रममा अनौपचारिक वैठकमा सभापतिको चुनाव नगरी काम चालु गर्ने, औपचारिक (फरमल) वैठकमा श्री ५ मुमा बडामहारानीहरूको सभापतित्वमा हुने, मौसुफहरूको अनुपस्थितमा श्री ५ अधिराजकुमारहरूको सभापतित्वमा हुने, औपचारिक वैठकमा सुझावहरू विचार विमर्स सकेपछि बहुमतबाट ठहर हुने, अनौपचारिक वैठकको सूचनामा अजेण्डा पनि सम्मिलित गर्ने, खर्च निकाशा गर्ने काम श्री ५ मुमा बडामहारानीहरूको बाहुलिबाट हुने, कमिसनको खर्च सम्मतिबाट वा सभापतिबाट विशेषज्ञ वा प्रतिष्ठित व्यक्तिहरू विशेष कामका लागि कमिसनको छलफलमा सम्मितिल गर्ने वा सल्लाहकारको रूपमा बोलाउने, औपचारिक वैठकका निर्णयहरू सभापतिको सम्मतिबाट मात्र पास हुने, वैठकमा सुझाव पेसगर्ने र विभिन्न पक्ष लिनेहरूको नाउँ नदिइ अन्तिम निर्णयको मात्र रेकर्ड राख्ने भन्ने जस्ता निर्णय गरिएको थियो ।[७४]

त्यस्तै यसको छैठौँ दिन पनि दोस्रो वैठक बसेको थियो । यसमा विश्वविद्यालय स्थापनाको तयारी गर्ने कामका लागि नेपाल सरकारका तर्फबाट विभिन्न किसिमका अधिकार पाउनु पर्ने कमिसनको ठहर रह्यो । यस्ता अधिकारमा विश्वविद्यालयको योजना स्थापना र सञ्चालन गर्न नेपाल सरकारका मन्त्रालय र विभागबाट आवश्यकताअनुसार

---

[७३] *गोरखापत्र,* वर्ष-५५, संख्या-१४०, २०१२ साल चैत्र २० गते सोमबार ।

[७४] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१२ साल चैत्र २३ गतेको निर्णय ।

कमिसनलाई सहयोग र मद्दत दिइनुपर्ने, विश्वविद्यालयका निम्ति आवश्यक स्वदेशी र विदेशी सहायताका लागि कमिसनले सरोकारी सरकार वा संस्था, गुठी तथा व्यक्तिहरूसँग सम्पर्क राखी सहायता प्राप्तगर्ने र विश्वविद्यालयका लागि चाहिने वैदेशिक सहायता लिँदा शर्तनामा सहि गर्नु परेमा नेपाल सरकारको परराष्ट्र विभाग वा सरोकारी विभागको सहयोग प्राप्त हुनुपर्ने उल्लेख गरिएको थियो ।[७५]

भर्खरै काम थालेकाले पुस्तक र मसलन्द खर्चलाई तत्कालका लागि नगद भारु. १,०००/- र मोरु. १,०००/- का साथै टाइपिष्ट-१, ल्कर्क-१ र पियन-३ आवश्यक परेको कमिसनको ठहर थियो । पहिलो पल्ट विश्वविद्यालय स्थापना गर्ने तयारी गरिएकाले सो सम्बन्धी सुझावहरूका लागि सबैसँग अपिल गर्ने निर्णय गरिएको थियो ।

कमिसनको गठन पूर्व नै भावी विश्वविद्यालयको नाम 'श्री त्रिभुवन विश्वविद्यालय' रहने निधो भएको भन्दै त्यसको तयारीका लागि गठन गरिएको कमिसनको नाम 'श्री त्रिभुवन विश्वविद्यालय कमिसन' राख्नु उचीत भएको वैठकले ठहर गरेको थियो । सरदार हंसमान सिंह, डाइरेक्टर खड्गनरसिं राणा, प्रिन्सिपल भैरवबहादुर प्रधान, लक्ष्मीप्रसाद देवकोटा, डा.परासरनारायण सुवाल (सेक्रेटरी) को उपस्थिति रहेको कमिसको वैठकको अन्त्यमा उल्लिखित सबै विषय सम्बन्धी सुझावहरू श्री ५ मुमा बडामहारानीहरूका हजुरमा जाहेर गर्ने निर्णय गरियो ।

कमिसनको वैठकका सम्बन्धमा उल्लेख्य के देखिन्छ भने सुरुका अनौपचारिक केही वैठक नारायणहिटी राजदरबारमा बसे तापनि बाँकी सबैजसो त्रिपुरेश्वर स्थित ३ नं. गेस्टहाउसमा बसेको थियो । मुमा बडामहारानीहरूको अनुपस्थितिमा एउटा वैठक श्री ५ महेन्द्रको अध्यक्षतामा नारायणहिटी राजदरबारमा बसेको थियो भने केही वैठकहरू श्री ५ माहिला अधिराजकुमार हिमालयको निवास ताहाचल दरबारमा बसेको थियो । त्यस्तै एक पटक भने प्रधानमन्त्री टंकप्रसाद आचार्यको

[७५] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१२ साल चैत्र २९ गतेको निर्णय ।

निवास कमलपोखरीमा मन्त्रिमण्डल तथा कमिसनको संयुक्त वैठक बसेको थियो ।

औपचारिक तथा अनौपचारिक गरी कमिसनको वैठक दुई किसिमबाट बसेको पाइन्छ । विश्वविद्यालयसँग सम्बद्ध विविध विषयमा छलफल एवम् निर्णय गर्नका लागि कमिसनका सदस्य एवम् अवश्यक अन्य विज्ञ/व्यक्तिहरूसँग पटक पटक सल्लाह/सुझाव लिएर सो सम्बन्धमा वैठकबाट निर्णय लिइन्थ्यो । त्यस्ता निर्णयहरूका बारेमा जानकारी दिनाका साथै सल्लाह लिनका लागि श्री ५ मुमाबडामहारानीहरू, श्री ५ वा श्री ५ माहिला अधिराजकुमारसँग औपचारिक वैठक बसी ती निर्णयलाई अन्तिम रूप दिएर कार्यान्वयन गरिन्थ्यो । कमिसनको औपचारिक वैठकका लागि अनौपचारिक वैठकले लिखित रूपमा एजेण्डा तय गर्दथ्यो ।

कमिसनको पहिलो औपचारिक वैठक २०१३ साल वैशाख १ गतेका दिन नारायणहिटी राजदरबारमा श्री ५ मुमाबडामहारानीहरूको अध्यक्षतामा भएको थियो । वैठकको सुरुमा सरदार हंसमान सिंहद्वारा श्री ५ मुमाबडामहारानीहरू समक्ष विश्वविद्यालय कमिसनका सदस्यहरूको परिचय गराइएको थियो । सो अवसरमा सदस्यहरूले विश्वविद्यालयका सम्बन्धमा व्यक्तिगत राय राखेका थिए । यस क्रममा लक्ष्मीप्रसाद देवकोटाको भनाइ यस प्रकार रह्यो;[७६]

> *"स्वर्गीय श्री ५ त्रिभुवनबाट गरिबक्सीएको असिम बलिदानद्वारा नेपालमा प्रजातन्त्र प्रादुर्भाव भयो । प्रजातन्त्र वहांको स्वच्छ हृदयको दिव्य अभिलाषा थियो, तथा त्यसको सफलता पनि यस प्रजातन्त्रका दाता भनि संझि दुनियाँ अरू आँखामा भरि भरि आँशु लिइ वहाँलाई संझिदै छ । तर दिव्य अभिलाषाहरू कहिल्यै मर्दैनन् । वहाँको यस अभिलाषा पूर्तिका लागि जो श्री ५ मुमाबडामहारानीहरूबाट यो त्रिभुवन विश्वविद्यालय*

[७६] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल वैशाख १ गतेको निर्णय ।

*स्थापना गर्नाका लागि यो त्रिभुवन विश्वविद्याल आयोग खडा गरिबक्स्यो, त्यसले समस्त नेपाल देशमा एक विशाल आनन्दको लहर उत्पन्न हुन गएको छ । देश निर्माणका निमित्त ज्ञानको उज्यालो फैलाउने अत्यन्त आवश्यक पहिला कदम हो । विश्वविद्यालय जस्तो सबभन्दा महत्त्वपूर्ण विषय नै छानि बक्सेकोमा मेरो हृदयको दंडवत चढाउँछु । यो सरकारहरूको छात्र जात्रु (?) को प्रतिभा हो । यस आयोगमा हामी जति छौं तिनले अरू विशेषज्ञ तथा विद्वानहरू पनि प्रसस्त संख्यामा आफ्नो सहायताका लागि बोलाइ समिति उपसमितिहरू धेरै बनाएर, विषयहरूको वर्गीकरण गरेर, यो महान कार्यलाई शीघ्र र सुचारु रूपले चालुगर्नु पर्नेछ । सर्व प्रथम यस विश्वविद्यालयका लागि एक स्थलको निर्णय गरी शिलान्यासको कार्य सम्पन्न गर्नुछ ...यो यूनिवर्सिटीको स्थापष्ना श्री ५ राजमाताका सुपुत्र हाम्रा अबका राष्ट्रपिता श्री ५ महेन्द्रको शुभ राज्याभिषेकको ताजको कोहिनुर हिरा संझनु । एक एकाडेमि राख्न पाए, यो विश्वविद्यालयको सहायक समेत भइ, दोस्रो ठूलो हिरा थपिन जाने थियो । यसै महत्त्वपूर्ण महाकार्यहरू, औद्योगिक कारखानाहरू, कृषि प्रबक (?) पनि खुलेर राज्याभिषेकका सच्चा टोस (?) किरणहरू भएर छरिउन् भन्ने मेरो बबसंतसरका प्रारंभको शुभसन्देश चढाउँछु । अन्त्यमा यस दिव्य कार्यका निमित्त श्री ५ राजमाताहरूमा धन्यवादको प्रस्ताव चढाउँछु"*

वैठकमा त्रिभुवन विश्वविद्यालय कमिसनको विधान पेश गरिएको थियो ।[७७]

[७७] *गोरखापत्र*, वर्ष-५६, संख्या-२, २०१३ साल वैशाख ४ गते सोमबार ।

उक्त औपचारिक वैठकले सरकारबाट विश्वविद्यालयलाई के कति आर्थिक मद्दत प्राप्त हुन सक्दछ भन्ने जानकारी लिनका लागि नेपाल सरकारलाई पत्र लेख्ने निर्णय गरेको थियो । त्यस्तै मुमा बडामहारानीहरू नेपाल बाहिर भएका बखत श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवलाई कमिसनको सभापतित्वमा मानोनित गरिएको थियो । यसको अर्को दिनको वैठकबाट विश्वविद्यालय स्थापना सम्बन्धी कार्य शीघ्रतासाथ सुचारु रूपले चलाउन विभिन्न कमिटीहरू खडा गर्ने ठहर गरियो ।

विश्वविद्यालय सम्बन्धी विषय अध्ययन/जानकारीका लागि कमिसनका सदस्यहरू विदेश भ्रमण गर्नुपर्ने कुरालाई पनि वैठकले निर्णय गरेको थियो भने यु.एस.ओ.एम.का विश्वविद्यालय विशेषज्ञ डा.चार्ल्स डी.वर्गलाई अनौपचारिक रूपमा वैठकमा बोलाएर आवश्यक सल्लाह, सुझाव लिने पनि निर्णय भएको थियो । त्यतिमात्र नभएर विश्वविद्यालयका बारेमा जनतासँग सुझाव लिनुका साथै कमिसनको छाप बनाउने र डिजाइनका लागि चन्द्रमान मास्केसँग सम्पर्क राख्ने काम भयो ।

माथिका अनौपचारिक निर्णयका सम्बन्धमा राजदरबारमा श्री ५ महेन्द्रको सभापतित्वमा कमिसनको वैठक बसेको थियो । वैठकले त्रिभुवन विश्वविद्यालयको स्थापनाका देहायअनुसार विभिन्न कमिटीहरू गठन गरेको थियो;[७८]

| | |
|---|---|
| श्री डाइरेक्टर खड्गनरसिंह राणा<br>भवन निर्माण कमिटी | अध्यक्ष |
| श्री डाइरेक्टर शारदा प्रसाद<br>शिक्षण पद्दति र निर्माण कमिटी | अध्यक्ष |
| श्री प्रिन्सिपल भैरव बहादुर<br>पुस्तकालय कमिटी | अध्यक्ष |

[७८] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल वैशाख ११ गतेको निर्णय ।

श्री लक्ष्मी प्रसाद देवकोटा र प्रिन्सिपल भैरव बहादुर अध्यक्ष
मसौदा कानुन कमिटी

श्री डाक्टर परासर नारायण अध्यक्ष
साधन कमिटी

यद्यपि अर्थ कमिटीको अध्यक्ष, सदस्य र कोषाध्यक्षका बारेमा श्री ५ मुमा बडामहारानीहरूबाट निर्णय गरिने तथा अर्थ कमिटीसँग सम्पर्कका लागि कमिसनका तर्फबाट हंसमान सिंहको नाम सिफारिस गरियो । उपरोक्त पाँच कमिटीका लागि छुट्टाछुट्टै निर्देशक सिद्धान्तहरूका साथै ती कमिटीका लागि सिफारिस गरिएका व्यक्तिको विवरणसमेत टुङ्गो लगाइएको थियो । यसरी तय गरिएका नाममा भवन निर्माण कमिटीका लागि १४, पुस्तकालय कमिटीका लागि ३७, साधन कमिटीका लागि १२ जना सहयोगी तय गरियो ।[७९]

त्यस्तै यु.एस.ओ.एम.का विश्वविद्यालय विषेशज्ञ डा चार्ल्स डि.बर्नलाई अनौपचारिक रूपमा बोलाएर सुझाव लिइने भयो । जहाँसम्म जनतासँग विश्वविद्यालय बारेमा सुझावहरू लिने सन्दर्भ हो यसका लागि कमिसनले यस प्रकार सार्वजनिक सूचना प्रकाशन गऱ्यो;[८०]

> *"...युगको माग र प्रेरणा मुताविक नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापना गर्ने वारे कमिसन खडा भई कार्यहरू शुरु भइरहेको सबैमा विदित भएको छ । यस महत्त्वपूर्ण कामको लागि नेपालको जनता, विशेषतः शिक्षित वर्ग तथा विशेषज्ञहरूको सहयोग हुनु परम आवश्यक कुरा छ । यस त्रिभुवन विश्वविद्यालय कमिसनले हाल स्थापना हुन लागेको उक्त विश्वविद्यालयको निमित्त विशेष चाख हुने व्यक्तिहरूबाट आवश्यक र सहयोगी सुझावहरू पाउने आशा गर्दछ ।*

[७९] त्रिभुवन विश्वविद्यालय कमिसनको माइन्यूट, २०१२ चैत्र २०१३ पौष ।

[८०] *गोरखापत्र*, वर्ष-५६, संख्या-५, २०१३ साल वैशाख १३ गते बुधबार ।

*उपर्युक्त सुझावहरू सेक्रेटरी त्रिभुवन विश्वविद्यालय कमिसन अफिसर राजदरबार काठमाडौं मा यथाशीघ्र पठाई दिनु भएमा यस कमिसनले सहर्ष स्वागत गर्ने छ"*

उक्त सूचनाबमोजिम कतिपय व्यक्तिहरूले आफ्ना राय, सुझावहरू कमिसनलाई पठाएको पनि पाइन्छ, यद्यपि विश्वविद्यालय सम्बद्ध कस्ता सुझाव प्राप्त भएका थिए भन्ने जानकारी भने प्राप्त छैन । यसै सन्दर्भमा कमिसनले एउटा सार्वजनिक सूचनाद्वारा विश्वविद्यालय सम्बन्धी सुझाउ पठाउनेहरूलाई धन्यवाद व्यक्त गर्दै उपयोगी सुझावहरू २०१३ साल भदौ १५ गतेभित्रमात्र पेशगर्न आग्रह गरेको थियो ।[८१]

सोही बैठकले कमिसनको छाप अङ्ग्रेजी 'टि (T) अक्षरमा त्रिभुवन विश्वविद्यालय कमिसन २०१३' अङ्कित हुने ठहर गऱ्यो ।

यसका अतिरिक्त स्वर्गीय श्री ५ त्रिभुवनको जन्म तिथी (२०१४) सालमा विश्वविद्यालय औपचारिक रूपमा खुल्ने प्रबन्ध मिलाउने, विश्वविद्यालय सम्बन्धी जानकारी र अध्ययनका लागि विदेश भ्रमण गर्ने कार्यक्रम बनाउने जस्ता महत्त्वपूर्ण निर्णय गरिएका थिए ।

सल्लाहकार

त्रिभुवन विश्वविद्यालय कमिसनले विषयानुसार विज्ञबाट सल्लाह लिने कार्यलाई महत्त्व दिएको देखिन्छ । यस क्रममा २०१३ साल जेठ १२ का दिन नारायणहिटी राजदरबारमा आयोजित अनौपचारिक वैठकमा यु.एस.ओ.एम.का हाइयर एजुकेसनल अडभाइजर डाक्टर चार्ल्स डि. वरनससँग सम्बद्ध विषयमा सल्लाह लिइएको थियो । वैठकको शुरुमा डा.वरनसले त्रिभुवन विश्वविद्यालयको स्थापनाका लागि आवश्यक मद्दत र सेवा गर्ने तत्परता प्रकट गर्दै बारम्बार नेपाललाई सुहाउँदो विश्वविद्यालय स्थापना गर्न उपयुक्त हुने कुरालाई जोड दिएका थिए । विश्वविद्यालयको

---

[८१] *गोरखापत्र*, वर्ष-५६, संख्या-४७, २०१३ साल श्रावण २४ वुधवार ।

गठन, यसले अवलम्बन गर्ने नीति र सञ्चालनका सम्बन्धमा उपयुक्त हुनसक्ने भएकाले डा.वरनसको मुख्य सल्लाह यहाँ दिइएको छ;[८२]

- विद्यमान त्रिभुवन विश्वविद्यालय कमिसन नै स्थायी हुन सक्दछ ।
- मन्त्रीहरू कमिसनमा भएमा कमिसनको काममा नेपाल सरकारसँग सम्पर्क राख्न सजिलो हुने भए तापनि वास्तवमा विश्वविद्यालयको सञ्चालनमा मन्त्रीहरू रहनाले खराब हुने सम्भावना पनि धेरै छ । कुनै देशमा पनि विश्वविद्यालयको सञ्चालनमा मन्त्रीहरूलाई स्थान दिइँदैन । किनभने तिनीहरू आखिर पोलिटिसियन हुन् र विश्वविद्यालय पोलिटिक्सबाट अलग र माथि हुनु पर्दछ । नेपालमा विश्वविद्यालयको स्थापनार्थ काम सजिलो होला भन्ने अभिप्रायले मात्र यस्तो सुझाव दिएको हो । तर मन्त्रीहरू स्थायी कमिसनमा नरहनु नै उपयुक्त हुन्छ ।
- टिचिङ्ग स्टाफको काम केबल प्राज्ञिक मात्र हुने हुँदा विश्वविद्यालयको प्रशासनमा तिनीहरूले हात हाल्नु हुँदैन । उनीहरूलाई संलग्न गराएमा विश्वविद्यालय एउटा राजनीतिक लडाई स्थल हुन जानेछ । विश्वविद्यालयको नीति कमिसनले निर्धारित गर्ने र त्यसलाई भाइस चान्सलरबाट कार्यान्वयन गर्ने हो । तर एकाडेमिक कुराहरू फ्याकल्टि, सिनेटबाट भाइस चान्सलर मार्फत स्वीकृतिका लागि मात्र कमिसनमा पेश हुने हो ।
- विश्वविद्यालय सञ्चालनमा सरकारी प्रतिनिधि राख्नु विश्वविद्यालयको स्वतन्त्रतामा हात लगाउनु हुनेछ । जहाँसम्म हुन सक्दछ विश्वविद्यालयको प्रशासन एक स्वतन्त्र संस्थालाई नै सुम्पिनु पर्दछ । नेपाल सरकारले विश्वविद्यालयलाई मद्दत गर्नु परेमा एउटा सरकारी कमिसन

[८२] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ जेठ १२ गतेको निर्णय ।

खडा गरी विश्वविद्यालयलाई सरकारबाट के कति मद्दत चाहिन्छ वा चाहिँदैन भन्ने कुरा निर्णय गर्न सक्दछ ।

- विश्वविद्यालय विधानको आधारमा चल्नु पर्दछ तर नेपाल सरकार पनि हाल अन्तरिम विधानमा चलिरहेको हुनाले हाल विश्वविद्यालय विधानको आधारमा हुनसक्दैन । हाललाई विश्वविद्यालय लालमोहरको आधारमा सञ्चालित हुनु पर्दछ । कमिसनका सदस्यहरू श्री ५ महाराजधिराजबाट मानोनित हुनु पर्दछ । नेपाल सरकारको विधान तयार भइ लागू भएपछि सदस्यहरूको नियुक्ति लोकसभा या निम्नस्तरका कुनै सरकारी अङ्गबाट स्वीकृत हुन सक्दछ ।
- कमिसनका सदस्यहरू शिक्षा प्रति विशेष चाख भएको र सो लागि तालिम पनि पाएको हुनु पर्दछ । तिनीहरू स्वतन्त्र र उदार विचारका हुनु पर्दछ । जागिरको निम्ति मात्र कमिसनमा आउन खोज्ने हुनु हुँदैन ।
- भाइस चान्सलरको पद म्यादी रहनु मनासिव देखिँदैन । म्यादी रहेमा भाइस चान्सलर जसरी हुन्छ आफ्नो पदको म्याद बढाउने तिर मात्र लागि विश्वविद्यालयको काममा त्रुटी गर्ने छ । सो पदमा भाइस चान्सलरले काम राम्रो गरेसम्म साल वसाली हुनु पर्दछ । कमिसनको विचारमा भाइस चान्सलरबाट काम राम्रो नभएमा तुरुन्त पदच्युत गरिदिनु पर्दछ । तर भाइस चान्सलरलाई आफ्नो काम देखाउने मौका कमिसनले दिनु पर्दछ ।
- कमिसनले दोस्रो पटक पनि डा.वारनससँग छलफल गऱ्यो । २०१३ साल साउन १० गतेका दिन त्रिपुरेश्वर नं. ३ गेष्टहाउसमा बसेको कमिसनको वैठकमा डा.वारनसले नेपाल सरकारको कुनै सम्बन्ध नदेखिएको तथा सरकारका कुनै मन्त्री वा सचिवले प्रतिनिधित्व नगरेकाले त्रिभुवन विश्वविद्यालय कमिसन एउटा व्यक्तिगत निकाय मात्र रहेको देखिनाले विश्वविद्यालय स्थापना गर्न सरकारबाट कुनै अधिकार पाएको नदेखिएको, कमिसनबाट अनुरोध गरिएको

क्याम्पस प्लान आफ्नो देशबाट मगाउन तथा यु.एस.ओ.एम.बाट कुनै किसिमको सहायता प्राप्त हुन नसक्ने कुरा डा.वरनसले वैठकमा स्पष्ट पारेका थिए ।

कमिसनले सरकारी मान्यता पाई विश्वविद्यालय स्थापना हुने जमिन प्राप्त भए सो जमिन नै काउन्टर पार्टका रूपमा यु.एस.ओ.एम.ले मान्ने अथवा सरकारबाट वा अरू कुनै व्यक्ति वा संस्थाबाट प्रारम्भिक खर्चका लागि केही रकम आएमा पनि मानिने उनको धारणा थियो । विश्वविद्यालय जस्तो स्थायी कार्य अरू कुनै हुन नसक्ने भएकाले अमेरिकी सरकार नेपालमा विश्वविद्यालय स्थापना कार्यमा निकै रुची लिएको कुरा डा.वारनसले जानकारी गराए । अर्को एउटा वैठकमा फोर्ड फाउन्डेसनका विश्वविद्यालय विशेषज्ञ डा.च्याम्पिएन एफ.वार्ड.ले पनि कमिसनलाई सरकारी मान्यता प्राप्त भएमा कमिसनको विश्वविद्यालय स्थापनार्थ रकमको अभावका कारण काममा अडकाउ परेमा आफ्नो संस्था (फोर्ड फाउन्डेसन) ले मद्दत दिने कुरा स्पष्ट पारेका थिए ।[८३]

कमिसनको वैधता

अमेरिकी सल्लाहकार डा.वारनस तथा डा. वार्डले त्रिभुवन विश्वविद्यालय कमिसन वैध नभएका कारण आफ्नो सरकारले कुनै किसिमको सहयोग गर्न नसक्ने जानकारी गराएपछि सो सम्बन्धमा कमिसन गम्भीर हुनगयो । फलस्वरूप यसले त्रिभुवन विश्वविद्यालय स्थापनार्थ आवश्यक पर्ने अधिकारपत्र शीघ्रातिशीघ्र तर्जुमा गरी सरकारमा पेश गऱ्यो । त्यस्तै विश्वविद्यालयको 'अधिकार पत्र' 'शाही चार्टर' का रूपमा हुनु पर्दछ भन्दै कमिसनले तर्जुमा गरेको अधिकार पत्र सम्बन्धी सुझाव स्वीकृतिका लागि श्री ५ महाराजधिराज समक्ष पेश गरेको देखिन्छ । त्यतिमात्र नभएर विश्वविद्यालय स्थापना र सञ्चालनका लागि आवश्यक अधिकार, सहुलियत र मद्दत प्राप्त गर्नका लागि नेपाल

---

[८३] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल श्रावण १६ गतेको वैठकको निर्णय ।

सरकारको मान्यता प्राप्तगर्नु आवश्यक भएकाले संलग्न बिन्तिपत्र र लालमोहरको मसौदा स्वीकृतिका लागि श्री ५ मा पेश गरियो;[८४]

*"विश्वविद्यालय अधिकार पत्र*

*श्री ५ महाराजधिराजको हजूरमा,*

*गत २०१२ साल चैत्र १८ गतेको श्री ५ मुमा बडा महारानीहरूबाट भएको घोषणा बमोजिम त्रिभुवन विश्वविद्यालय कमिसन खडा भइ नेपालमा विश्वविद्यालयको स्थापनार्थ काम गरिरहेकोले नेपाल सरकारबाट यस महान कार्यको लागि हर किसिमको सहयोग गर्नुको साथै अहिलेलाई यही विश्वविद्यालयको स्थापना भएमा मुलुकमा भए रहेको अभावको पूर्ति हुने भएकोले नेपाल सरकारको तर्फबाट अहिलेसम्म विश्वविद्यालय खडा गर्ने सम्बन्धमा जे जति काम काज भै रहेको तथा हुन लागेको छ सो सबै कुरा यसै कमिसनमा केन्द्रीभूत गरी दिँदा नेपाल सरकार-विशेषतः शिक्षा विभागको विश्वविद्यालय खडा गर्ने कामको ठूलो अभिभारा यही कमिसनले जिम्मा लिनुको साथै यस कमिसनलाई आफ्नो काम काज गर्नलाई सुविधा भइ काम सुचारु रूपले चल्ने हुनेछ । अतः यो त्रिभुवन विश्वविद्यालय कमिसनलाई नेपाल सरकारबाट मान्यता प्राप्त नहुँदा काममा अगाडि बढ्नलाई वाधा पर्ने भएकाले यस कमिसनलाई चाहिने अधिकार बारे लालमोहरको मसौदा तयार गरी सरकारको हजुरमा पेश गरेका छौं जो हुकुम् ।*

---

[८४] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल श्रावण १५ गतेको वैठकको निर्णय ।

*सदा सेवक*
*सेक्रेटरी, त्रिभुवन विश्वविद्यालय कमिसन*
*श्री ५ महाराजधिराजको प्रसस्ती................*
*आगे त्रिभुवन विश्वविद्यालय कमिसन के.................*
*नेपालमा विश्वविद्यालयको स्थापना गर्नको लागि पटक पटक प्रयास भै रहेकोमा यस महान कार्यको लागि गत २०१२ साल चैत्र १८ गते श्री ५ मुमा बडा महारानीहरूबाट भएको घोषणा मुताविक निम्न लिखित सदस्यहरू राखी गठन भएको त्रिभुवन विश्वविद्यालय कमिसनलाई हामीबाट स्वीकृति बक्सेका छौं*

| | |
|---|---|
| *श्री ५ मुमा ज्येष्ठ बडा महारानी* | *सभापति* |
| *श्री ५ मुमा कान्छा बडा महारानी* | *उपसभापति* |
| *श्री ५ भाइ माहिला अधिराजकुमार* | *शाही सदस्य* |
| *श्री ५ भाइ कान्छा अधिराजकुमार* | *शाही सदस्य* |
| *श्री सरदार हंस मान सिं* | *सदस्य* |
| *श्री डाइरेक्टर खडग नरसिंह राणा* | *सदस्य* |
| *श्री डाइरेक्टर शारदा प्रसाद उपाध्याय* | *सदस्य* |
| *श्री प्रिन्सिपल भैरव बहादुर प्रधान* | *सदस्य* |
| *श्री लक्ष्मीप्रसाद देवकोटा* | *सदस्य* |
| *श्री डा.परासर नारायण सुवाल* | *सेक्रेटरी* |

*माथी गठन भएको त्रिभुवन विश्वविद्यालय कमिसनका सदस्यहरूको थपघट हेरफेर खाली भएमा नयाँ नियुक्ति समेत गर्ने काम श्री सभापतिबाट गरिबक्से बमोजिम गर्नु...*

*त्रिभुवन विश्वविद्यालयको लागि आएको चलअचल संपत्तिको रखन धरन चलन यही कमिसनले गर्नु । सो सबै गर्नालाई श्री सभापतिबाट मनोनित गरिबक्सेको व्यक्ति वा व्यक्तिहरूबाट गर्नु गराउनु..."*

त्रिभुवन विश्वविद्यालय कमिसनलाई दिने अधिकार पत्रका सम्बन्धमा २०१३ साल भदौ १ गतेका दिन श्री ५ मा जाहेर गरिएको भए तापनि मन्त्रिमण्डलको २०१३ साल असोज ९ गतेको निर्णयअनुसार प्रमुख सेक्रेटरीलाई पत्रद्वारा २०१३ साल भदौ १८ को मन्त्रिमण्डल वैठकबाट कमिसनलाई सुम्पेबमोजिमका काम गर्दै गएमा कुनै वैधानिक वाधा नदेखिएको तथा कुनै बाधा पर्न आएमा नियम बनाइ पेश गरेका खण्डमा सरकारबाट स्वीकृत हुने नै हुनाले अहिलेलाई लालमोहर गरिहाल्नु आवश्यक नदेखिएको, कमिसनलाई सरकारले मान्यता दिई पूर्ण सहयोगको वचन दिएकै छ भन्ने निर्णय पास भएकोमा सो निर्णय सरकारी विज्ञप्तीको रूपमा प्रकाश भएमा कमिसनको काम सुचारु रूपले चल्ने हुनाले उक्त निर्णय सम्बन्धी केही विषय प्रकाश गरिदिन अनुरोध गरिएको थियो । यस्ता विषयमा कमिसनलाई कार्यभार सुम्पेबमोजिम कार्य गर्दै जाँदा कुनै वैधानिक बाधा पर्न आएमा नियम बनाइ पेश गरेमा सरकारबाट स्वीकृत हुने, कमिसनलाई सरकारले मान्यता दिइ पूर्ण सहयोगको वचन दिएको र विश्वविद्यालयको कामका निम्ति कमिसनले देशी र विदेशी सहायता लिने काम गर्न सक्ने छ भन्ने समावेश गरिएका थिए ।

कमिसनलाई विदेशी सहायतसमेतको आवश्यकता परेको सन्दर्भमा श्री ५ को सरकार पनि गम्भीर भएको देखिन्छ । फलस्वरूप सरकारकातर्फबाट एउटा सूचना सार्वजनिक गरियो । सूचनामा "...श्री ५ मुमा बडामहारानीहरूबाट श्री त्रिभुवन विश्वविद्यालयको स्थापनाको सिलसिलामा खडा गरिबक्सेको कमिसनको कार्य सुचारुरूपले चलोस् र मुलुकका निम्ति एउटा आवश्यक कुराको सकेसम्म चाँडो निर्माण होस् भन्ने मनसायले सरकारद्वारा विदेश स्थित नेपाली दूतावास तथा देशभित्रका सम्बन्धित विभागहरूलाई सो आदर्श कार्य पुरा गराउन भई परिआउने काममा यथाशीघ्र सक्रिय सहयोग गर्ने आदेश दिइएको छ" उल्लेख

गरियो । गोरखापत्रमा सूचनालाई "त्रिभुवन विश्वविद्यालय कमिसनलाई सक्रिय सहयोग दिइयोस्: दूतावास र देशका सम्बन्धित विभागलाई सरकारी आदेश" शीर्षक दिइयो ।[८५]

संस्थागत अधिकारका सम्बन्धमा अझै पनि स्पष्ट हुन नसकेकाले नै प्रधानमन्त्रीको निवासस्थान कमलपोखरीमा २०१३ साल कार्तिक १७ गतेका दिन दिउँसो सरकारका तर्फबाट प्रधानमन्त्री, शिक्षामन्त्री, सरकारका सचिव तथा कमिसनका तर्फबाट डाइरेक्टर खड्गनर्सिं राणा, डाइरेक्टर शारदाप्रसाद, प्रिन्सिपल भैरवबहादुर, लक्ष्मीप्रसाद देवकोटा र डाक्टर परासरनारायण सुवालको उपस्थितीमा वैठक बसेको थियो । वैठकमा कमिसनले गरेका र गर्ने योजना बनाएका कामको जानकारी गराइनु स्वाभाविकै थियो । गरिसकेको कामहरू र योजनाहरूको सारांश मन्त्रीहरूमा बोध गराइयो । वैठकमा मन्त्रिमण्डलले कमिसनलाई सरकारी तवरमा नियुक्ति होस् भनि श्री ५ महाराजधिराज समक्ष सिफारिस गर्ने निर्णय भयो । विश्वविद्यालयको काममा नेपाल सरकारको रूपैया खर्च हुने र धेरै सरकारी विभागहरूको मद्दत र सहयोग आवश्यक हुने भएकोले कमिसनमा सरकारी व्यक्ति वा व्यक्तिहरू रहनु पर्दछ भन्ने प्रधानमन्त्रीबाट सुझाव दिइएको थियो । यसको जवाफमा कमिसनको सदस्य हुनुपर्ने कमिसनको अनुरोधलाई प्रधानमन्त्रीले सहर्ष स्वीकारेका थिए । यसरी विश्वविद्यालय कमिसनको सदस्य भएमा चन्दा सङ्कलन समितिको अध्यक्ष भइ काम गर्नमा कुनै अप्ठेरो नपर्नेसमेत प्रधानमन्त्रीले बताएका थिए ।[८६] यस वैठकमा नै प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा शिक्षामन्त्री वालचन्द्र शर्मा, अर्थ तथा योजना विकासमन्त्री सरदार गुञ्जमान सिंह, फिल्ड मार्शल केशरशमशेर राणालगायत संलग्न पाँच सदस्यीय 'त्रिभुवन विश्वविद्यालय चन्दा सङ्कलन समिति' गठन गरियो ।[८७]

---

[८५] *गोरखापत्र,* वर्ष-५६, संख्या-५१, २०१३ साल भाद्र २ शुक्रवार ।

[८६] *गोरखापत्र,* वर्ष-५६, संख्या-९४, २०१३ साल पौष ७ गते शुक्रवार ।

[८७] *गोरखापत्र,* वर्ष-५६, संख्या-९७, २०१३ साल पौष १४ शुक्रवार ।

आर्थिक सहायताका सैद्धान्तिक पक्ष

कमिसनले विश्वविद्यालयका निम्ति अन्तर्देशीय या अन्तर्राष्ट्रिय क्षेत्रबाट आर्थिक वा अन्य प्रकारको सहायताको माग गर्ने विषयमा आधारभूत सिद्धान्त तय गरेको थियो । जसमा त्रिभुवन विश्वविद्यालय कमिसनको मूल उद्देश्य या पूर्ण स्वतन्त्रतामा अवाञ्छनीय वाधा पर्न नहुने, आर्थिक सहायता सङ्कलनका लागि आवश्यक सरकारी या गैह्र सरकारी उचीत व्यक्तिको सहयोग लिने, नेपालका धनवान्, राजारजौटा या वैभवशाली संस्था या व्यक्तिसँग मिलेर कमिसनका सदस्यले आर्थिक सहायताका लागि अपिल गर्ने, कमिसनले चन्दा पत्रहरू बनाइ नियमानुसार नाम र अङ्क उल्लेख गरी दाताको अभिलेख तयार गर्ने, विश्वविद्यालयका लागि श्री ५ को सरकारसँग बजेटको अंशमा वार्षिक रूपमा वा एकमुष्ट कति उपलव्ध गराउने हो सो तोक्न अनुरोध गर्ने, भारत तथा अन्य मित्र राष्ट्रहरूसँग आर्थिकलगायत सहायताका लागि विशेष महत्त्व दिई भेट तथा लेखापढीद्वारा कबुल लिन बन्दोबस्त गर्ने, राष्ट्रसंघको सदस्य भएकाले पनि सम्बन्धित मुलुकसँग सहयोग प्राप्तीका लागि विशेष ध्यान पुऱ्याउने, अन्य मुलुकसँग सहयोग लिनका लागि श्री ५ को सरकार परराष्ट्र विभाग तथा शिक्षा विभागसँग समन्वय गर्ने र सहायताको याचनार्थ एक शिष्टमण्डल वा मण्डलहरू स्वदेशीय या अन्तर्देशीय क्षेत्रमा पठाउने विषयमा ध्यान पुऱ्याउनु पर्ने विषयलाई महत्त्व दिइएको थियो । आर्थिक एवम् भौतिक सुविधाका अतिरिक्त पुस्तकालयका लागि आवश्यक पर्ने सहयोगको निर्धारण गरी त्यसका लागि आह्वान गर्ने कार्य पनि कमिसनबाट भएको थियो ।[८८]

विश्वविद्यालयका लागि आर्थिक सहायता प्राप्तगर्ने सम्बन्धमा उल्लिखित सिद्धान्तका आधारमा कमिसनले आर्थिक सहयोग प्राप्तीका सन्दर्भ बसेको वैठकले सर्वप्रथम सरकारबाट दिइने सहयोगको टुङ्गो लगाउनु पर्ने कुरालाई जोड दिएको थियो । यस क्रममा सरकारले वार्षिक रु. १०,००,०००/- (दश लाख) तथा पटके खर्च रु. ८० लाख उपलब्ध

[८८] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल जेठ ८ गते वैठकको निर्णय ।

गराउनुपर्ने ठहर गरियो । यसका अतिरिक्त डा. वरनसले कमिसनको वैधताका सम्बन्धमा उठाएको सन्दर्भलाई जोडदार रूपमा उठाउने काम गरेको देखिन्छ । फलस्वरूप कमिसनले पहिलो पटक स्पष्ट रूपमा 'नेपाल सरकारबाट विश्वविद्यालयका लागि लालमोहरी अधिकारपत्र प्रदान हुनु पर्दछ' भन्ने विषय उठाएको हो ।

त्यस्तै त्रिभुवन विश्वविद्यालय चन्दा सङ्कलन समितिका अध्यक्षले आम तवरमा त्रिभुवन विश्वविद्यालयका लागि चन्दा प्रदान गर्न अपिल गर्ने तथा प्राप्त चन्दादाताको नामावली प्रकाशनका लागि अध्यक्षले महिनावारी कमिसनमा पठाउनु उपयुक्त हुने कमिसनको सल्लाह थियो । चन्दाका रूपमा नगद रकम प्राप्त भएमा त्यसलाई त्रिभुवन विश्वविद्यालय कोषको नाममा नेपाल बैंकमा अध्यक्षले नै जम्मा गर्ने तथा अचल सम्पत्ति र अरू चल सम्पत्ति प्राप्त भएमा सोको व्यवस्थापन कमिसनबाट हुने भयो । यसरी प्राप्त हुने चन्दा विश्वविद्यालय कमिसनको नीति विरुद्ध देखिएमा ग्रहण गर्नु पहिले नै चन्दा समितिका अध्यक्षले कमिसनसँग सम्पर्क राख्नुपर्ने प्रावधान राखियो साथै कमिसनसँगको सम्पर्क तथा समितिको मद्दत र सहयोगका लागि कमिसनको सेक्रेटरीलाई लियाजोंका रूपमा काम गर्न भनियो ।

कमिसनको विस्तार

कमिसनले विद्यमान कमिसनमा केही मन्त्री तथा सेक्रेटरीहरू मनोनित भई विस्तार हुन उचीत ठहराएकाले सो सम्बन्धमा सभापति समक्ष जाहेर गरेको थियो । यसरी जाहेर गर्ने विषयमा वैठकले त्रिभुवन विश्वविद्यालय कमिसनमा सरकारतर्फबाट केही मिनिष्टर अथवा सेक्रेटरीहरू मनोनित गर्ने, त्रिभुवन विश्वविद्यालयको कार्य पूर्ण गर्नलाई सरकार र सरकारी विभागहरूबाट परिआएको कार्यहरूमा कुनै बाधा पर्न आएमा प्राथमिकता दिइ कार्य सम्पन्न गर्नका लागि सबै विभागमा एकदम कडा सर्कुलर पठाइ दिने, त्रिभुवन विश्वविद्यालयको काम सम्पन्न गर्न कमिसनलाई विशेष अधिकार दिने र कमिसनलाई परि आएका कार्यहरूमा विभागमा अनुरोध गरी कार्यान्वित गराउने अधिकारयुक्त बनाउनु पर्ने विषय जाहेर गरेको देखिन्छ । यसैगरी वैठकले विश्वविद्यालय कमिसनले

बनाएका मसौदाहरू सरकारमा पेश गर्ने, कमिसनको रूप र अधिकार निर्णय हुन आएअनुसार नियमावली र कार्यविधिहरू बनाउने तथा स्वदेश र परदेशबाटसमेत चन्दा, दान, मद्दत सङ्कलन गरी विश्वविद्याल कमिसनले विश्वविद्यालय निर्माणमा खर्च गर्ने जस्ता महत्त्वपूर्ण निर्णय गरेको थियो ।

नेपालमा शिक्षा विकासका लागि संयुक्त राज्य अमेरिकाको संलग्नता रहँदै आएको र एउटा विश्वविद्यालय स्थापनाका लागि तयारीसमेत भएको सन्दर्भमा त्रिभुवन विश्वविद्यालय कमिसनले पहिलो पल्ट विश्वविद्यालय सञ्चालनको परामर्शका लागि कोलम्बो ल्पानअन्तर्गत भारत र बेलायतबाट विशेषज्ञ बोलाउनु पर्ने निर्णय गऱ्यो । त्यतिमात्र नभएर कोलम्बोल्पानअन्तर्गत आएका विशेषज्ञहरूलाई नेपाल सरकारबाट नेपालमा रहँदा बसोबास र यातायातको बन्दोबस्त मात्र भए पुग्ने तथा यु.यस.ओ.एम. तर्फबाट विशेषज्ञ काठमाडौँ मै उपस्थित रहेको भनी अमेरिकी नभई भारतीय र बेलायती नमूनामा विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने नीति लिएको स्पष्ट हुन्छ ।[८९]

समग्रमा कमिसनले त्रिभुवन विश्वविद्यालय स्थापनाका लागि अवाश्यक व्यवस्थापनका कार्यहरू तदारुखताका साथ सम्पादन गरेको थियो । यद्यपि 'त्रिभुवन विश्वविद्यालय कमिसन' गठन भएपछि यसले आफूहरूले विश्वविद्यालय स्थापनाका लागि गर्दैरहेको संयुक्त परियोजना (नेपाल र अमेरिकाबीचको) द्वारा बनाइएका योजनालाई मन नपराएका कारण सो योजना ओझेलमा परेको त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति त्रैलोक्यनाथ उप्रेतीको भनाइ छ ।[९०] त्यसो त कमिसनले

---

[८९] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल जेठ ३० गतेको वैठकको निर्णय ।

[९०] उप्रेती, पृ. ९२-९३ ।

नेपालमा भएका विदेशी विशेषज्ञहरूलाई कमिसनको आवश्यकताअनुसार सल्लाहका लागि बोलाउने काम गरेको थियो ।[९१]

## विश्वविद्यालय निर्माण स्थल

.विश्वविद्यालय कस्तो भौगोलिक क्षेत्रमा स्थापना गर्ने भन्ने विषयमा २००५ सालमा गठन गरिएको विश्वविद्यालय सभाले एउटा मापदण्ड तय गरेको सन्दर्भ माथि परिसकेको छ । त्यसपछिका समिति एवम् आयोगहरूले पनि सो सम्बन्धमा मोटामोटी खाका तयार गरेको पाइन्छ ।

ठाउँ छनोट

त्रिभुवन विश्वविद्यालय कमिसनले विश्वविद्यालय स्थापना गरिने जमिनका बारेमा केही आधार तयार गरेको थियो । यसमा मुख्यतः (१) सुन्दर हृदय, शान्तिप्रद र स्वास्थकर स्थल, (२) शहरबाट १५ मिनेटजति साइकलले पुग्न सकिने दुरी, (३) यातायातको सुलभता, (४) यथेष्ट पानीको उपलब्धता, (५) बिजुली, सडक सहज एवम् कम खर्चमा व्यवस्थापन गर्न सकिने, (५) आवश्यकताअनुसार विश्वविद्यालय क्षेत्र विस्तार गर्न सकिने र (६) काठमाडौँ उपत्यकाका तीनवटै सहरलाई पायक पर्ने स्थललाई कमिसनले प्राथमिकता दिएको थियो ।

तिनै छ विषयहरूलाई आधार बनाएर त्रिभुवन विश्वविद्याल कमिसन गठन हुनासाथ यसका सदस्यहरूले जमिन खोजी गर्न लागेको देखिन्छ । यसै क्रममा नारायणहिटी राजदरबारमा २०१२ साल चैत्र २३ गतेका दिन बसेको कमिसनको पहिलो अनौपचारिक वैठकले छाउनी (स्वयम्भू) क्षेत्रको जमिन सबै भन्दा बढि पाएक पर्ने ठहर गरी त्यहाँ नै विश्वविद्यालय निर्माण गर्न सिफारिस गरेको थियो । यद्यपि २०१३ साल वैशाख १ गतेका दिन श्री ५ मुमा बडामहारानीहरूसमेतको उपस्थितिमा भएको पहिलो औपचारिक वैठक भन्दा अगाडि नै कमिसनका सदस्यहरूले

[९१] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार २३ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालयका लागि लुभुमा जमिन निरीक्षण गरिसकेको देखिन्छ । त्यसैले सो वैठकमा परिचयका क्रममा लक्ष्मीप्रसाद देवकोटाले लुभुको जमिनका सम्बन्धमा आफ्नो दृष्टिकोण यस प्रकार पेश गरेका थिए;[९२]

*लुभु इलाकाको जमिन*

*"स्व.त्रिभुवनको बलिदानबाट प्रजातन्त्रको प्रादुर्भाव भएको, उहाँको अभिलाशा प्राप्तिका लागि श्री ५ मुमा बडा महारानीहरूबाट देश निर्माणका लागि ज्ञानको उज्यालो फैलाउने पहिलो कदमका रूपमा त्रिभुनव विश्वविद्यालय स्थापना गर्ने योजनाका साथ त्रिभुवन विश्वविद्यालय आयोग गठन गरिनु महत्त्वपूर्ण कार्य भएको जमिन सर्व प्रथम विश्वविद्यालयका लागि एउटा ठाउँको निर्णय गरी शिलान्यासको कार्य गर्नु आवश्यक रहेको आयोगका केही सदस्यहरू लुभुमा एउटा जमिनको निरीक्षण गर्दा लागेको कुरा यस प्रकार छः*

*श्री ५ राजमाताहरूबाट यस जमिनलाई आखिरी निर्णय गरीबक्सेका खण्डमा हामीले विरोध गर्ने ताकत या मनसाय हुनसक्ने छैन । यद्यपि विश्वविद्यालयलाई आवश्यक पर्ने जमिन कस्तो ठाउँमा हुनु पर्दछ भन्ने मलाई लागेको;*

*सुन्दर हृदय, शान्तिप्रद स्थल, स्वास्थकर भइ शहरबाट केही १५ मिनेटजति साइकलले पुग्न सकिने दुरिमा रहेको ठाउँ हुनु पर्दछ । पानी र पानी वरपरको अभाव पुरा छ भने म त त्यस ठाउँलाई मंजुरी गर्न सक्तिन । हामीले लुभु सुन्दर, शान्त स्वास्थकर पायौं तर पानि र*

---

[९२] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल वैशाख १ गतेको औपचारिक वैठकमा पेश गरिएको विचार ।

*पावरको अभाव हुने जस्तो ठान्यौं र दूरि पनि ज्यादा भए जस्तो लाग्यो । दूरी ज्यादा हुनाले सडक, बस सर्भिस, पानी, विजुली इत्यादिको नयाँ सिर्जना गर्नु पर्दा ज्यादाजसो पैसा प्रारंम्भिक या अनावश्यक विषयमा पर्न जान्छ र पछिको संचालन र संरक्षण अर्थाभावले शिथिल होला भन्ने आशंका पर्दछ । पानी पावर विषयमा त इन्जिनियरको दृष्टिले हेरिनु पर्दछ, र यस्ता एक साथी हामी बिचमा पनि हुनु हुन्छ । वहाँले पनि निरीक्षण गरी यस विषयको रिपोर्ट पेश गरे हामी निर्णय गर्न सक्ने थियौं । फेरी पावर पानीको तथा यातायातको या निवासको खर्च ज्यादा भएमा गरिब निम्न स्तरका विद्यार्थीहरूलाई उच्चस्तरको शिक्षा अहिले झैं अप्राप्य हुन जान्छ । धनिवर्गका छोरा त अहिले पनि बाहिर पढ्न सक्तछन्, सकि रहेछन् । निम्नस्तरलाई उत्थान गर्न सक्नु आधुनिक प्रजातन्त्रको सफलता संझिनु पर्दछ । काठमांडु, पाटन तथा भादगाउँ तिनै शहरबाट यो स्थल टाढा देखियो । विलकुल रेजिडेन्सियल युनिवर्सिटी बने यो ठाउँ बेसछ । तर अहिले त्यसो गर्न सिमित अर्थका दृष्टिले तथा बन्दोबस्ती मुसकिलिले, आफिलिएटरी टंत्र ( तन्त्र ?) शुरुमा अपनाउन पर्ला जस्तो देखिन्छ । यदि इन्जिनियरको रिपोर्टले पानी, पावरको अभाव देखाउन्न भन्ने, मेरोतर्फबाट मुख्य बाधा हट्ने छ । तर खर्च करिब २५ लाख बढी हुन आउँछ, नजिक या(?) बनाएकोमा खर्च भएको भन्दा अरू ठाउँ निरीक्षण गर्न सकेका छैनौं । सायद स्वयम्भू स्थल या थापाथली या महाराजगंज या गोकर्ण पट्टी पनि ठाउँ जंचिन सक्छ कि भने जस्तो लाग्दछ ।*

*यो यूनिवर्सिटीको स्थापना श्री ५ राजमाताका सुपुत्र हाम्रा अबका राष्ट्रपिता श्री ५ महेन्द्रको शुभ राज्याभिषेकको ताजको 'काहेनुर हिरा' संझनु । एक*

एकाडेमि राख्न पाए, यो विश्वविद्यालयको सहायक समेत भई, दोस्रो ठूलो हिरा थपिन जाने थियो । यसै महत्त्वपूर्ण महाकार्यहरू, औद्योगिक कारखानाहरू, कृषि प्रबक(?) पनि खुलेर राज्याभिषेकका सच्चा ठोस किरणहरू भएर छरिउन् भन्ने मेरो बबसंतसर(?) का प्रारंभको शुभ संदेश चढाउँछु "

लुभु जमिन बारे कमिसनको रिपोर्ट

काठमाडौँ उपत्यकामा विश्वविद्याल राखिने स्थानका निमित्त निम्नलिखित आवश्यकताहरू तथा आधारहरू हामीले महसुस गरेको छौं...

"अधिकांश उच्च कक्षाका विद्यार्थीहरू वर्तमान अवस्थामा विशेषतः काठमाडौँ र त्यसपछि पाटनमा नै केन्द्रीत भएको देखिन्छन् । अन्दाजी ६० प्रतिशत अहिलेलाई काठमाडौँ क्षेत्रबाट नै आउने देखिन्छ । शेष ४० प्रतिशत नेपालका पाटन, भक्तपुर, पाहाड, मदेस लगायत अन्य स्थलबाट आउने बुझिन्छ । त्यस कारण यस उपत्यकामा काठमाडौ शहरबाट बाञ्छनीय दूरतामा विश्वविद्यालय रहुन धेरै राम्रो र उपयोगी बुझिन्छ । विश्वविद्याल शहरकै केन्द्रमा स्थापना गर्न उचित हुँदैन । शहरबाट साइकलमा अन्दाजी १५/२० मिनेटसम्म सजिलैसँग पुगिने सिमाना अन्तर्गत रहनु पर्दछ । त्यस भन्दा ज्यादा दूरी भएका खण्डमा विद्यार्थी तथा अध्यापक वर्गलाई धेरै कष्ट सहनु पर्ने छ । पूरा रेजिडेन्सियल विश्वविद्यालय खडा गर्न अर्थ तथा बन्दोबस्तको समेत प्रशस्त जोड पर्ने हुनाले हालको अवस्थामा मिश्रीत ढंगको विश्वविद्यालय नै खडा गरी प्रगतिशिल तवरले विकास गर्नु पर्नेछ । अधिकांश विद्यार्थी आर्थिक दूरावास्थामा भएकाले सकभर यातायात, अध्ययन तथा निवासको

खर्च कम गर्नु नै कल्याणकारी बुझिन्छ । यो कुराहरूको खर्च ज्यादा हुन गएका खण्डमा निम्नस्तरका जनताले उच्च शिक्षा हासिल गर्न अझ कठिनै रहने छ ।

स्थान वा अरू किसिमको पानीको राम्रो बन्दोबस्त भएको अथवा कम खर्चमा हुनसक्ने किसिमको ठाउँ हुनु पर्दछ । बिजुली बत्ति र पावरका निमित्त सुगमसँग ल्याउन सकिने हुनु पर्दछ । यो दुई चिजको निमित्त अतिसय वा नितान्त अभाव भएको ठाउँ काम लाग्दैन ।

शहरबाट ज्यादा टाढा रहेको ठाउँमा घरहरू निर्माण गर्नाका लागि यातायात, सामग्री, पानी र पावरको खर्च दूरताको अनुपातमा बढ्छ । त्यसकारण प्रथमिक खर्च यस्तर्फ ज्यादा लागि स्थायी कोषबाट प्रसस्त प्राथमिक शोषण गर्दछ । हालको अवस्थामा दूरताको कारणले ज्यादा प्राथमिक व्यय गर्नाले विश्वविद्यालयको भविष्यको सुचारु सन्चालनमा धक्का पर्न जानेछ । साथै ज्यादा दूर भएमा सडकको काममा प्रसस्त खर्च लाग्ने छ ।

यी सब कुरा दृष्टिकोणमा राखी ०१२/१२/२९ मा निरीक्षण गरेको लुभुको जमिन उच्च, स्वस्थकर, सुन्दर शाहिप्रद तथा विस्तार हुन सक्ने देखिए तापनि

काठमाडौँ शहरबाट कष्टदायक दुरतामा रहेको बुझिन्छ । जस्ले गर्दा दिन दिनै घरबाट जाने विद्यार्थी वा अध्यापकलाई जान मुस्किल पर्दछ । विश्वविद्यालय बस सर्भिस राखेका खण्डमा पनि यातायात र प्रबन्धको खर्चको ठुलो भार उठाउनु पर्ने देखिन्छ ।

पानी र पावरको निमित्त पाइ परेको जस्तो देखिएन । यस्कारण नै यो जमिनको सम्भावना बहुत कम देखिन्छ ।

*रिक्त तथा दुरस्थलमा बिल्कुलै नयाँ जमा गर्नुपर्ने हुनाले प्राथमिक व्यय ज्यादा बढी मात्रामा हुनेछ । त्यस्तै प्रबन्धको कठिनाइहरू धेरै पर्दछ ।*

*तिनै शहरबाट टाढा देखिन्छ ।*

*लामो सडको निर्माणको खर्च पर्दछ । तथा पेट्रोलको खर्च पनि बढेर जानेछ ।*

*अति प्रसस्त खर्च लगाएर पुरा रेसिडेन्सियल विश्वविद्यालय बनाएका खण्डमा मात्रै यो जमिन उपयोगी ठहरिन सक्दछ । तर प्राथमिक व्यय ज्यादै पर्ने हुनाले र पर्याप्त अर्थ र साधनको अभाव पर्न गएका खण्डमा सूचारु रूपले चालु राख्न पछि अति कष्टपरि भयंकर शिथिलता आउला भन्ने आशंका छ । विश्वविद्यालय खालि रेसिडेन्सियल मात्र भएमा अध्ययन, निवास र यातायातको खर्च प्रसस्त हुनाले कारणले पनि छात्र संख्या कम होला जस्तो देखिन्छ । त्यस्तै भारतीय विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयका बीचमा यस्तरफको खर्च उस्तरफको भन्दा निकै कम नभए नेपाली छात्रहरू यस्तरफ आकर्षित नभई उस्तरफ आकर्षित हुने सम्भावना छ खर्च ज्यादा पर्न गएमा उच्च शिक्षा हालको जस्तै निम्न स्तरलाई पहुँच बाहिरको विषय हुनेछ । टाढा भएमा सबैलाई पढ्ने मौका कम मिल्नेछ"*

२०१३ साल वैशाख १ गतेको वैठकमा श्री ५ मुमा बडामहारानीहरूको हुकमले २०१३ साल वैशाख २ गतेका दिन लुभुको जमिन निरीक्षणपछि वैठकमा सो सम्बन्धमा पुनः प्रतिवेदन पेश गरिएको थियो, जसमा देहायका सन्दर्भ समावेश गरिएको पाइन्छ;

*"जमिनको निरीक्षण विशेषतः पानीको बन्दोवस्तको दृष्टिकोणबाट गरिएको । लुभुं वरिपरी खास गरेर*

*गोदावरीखोला पूर्वका सबै जमिनहरूमा पानी विशेष अभाव भएको कुरा उक्त स्थानमा जनताले प्रकट गरे । नजिकैका ढुंगेमति, गोपालडोल, सुंगरे, श्रींगमति इत्यादि खोलाहरूमा वार्षादमा मात्र पानी हुने बुझियो । राजखोलाको पानी पनि बलियो देखिएन । नजदिकमा अरू पानीको मुहान अरू तिनैवटा मात्र भएको बुझिन्छ र सो मुहानका पानि लुभुं जमिनलाई प्राप्त हुन सक्दछ सक्दैन भन्ने कुराहरू निम्निलिखित छन् ।*

*गोदावरी (नौधारा)-गोदावरी नौधारा लुभुं जमिनबाट अन्दाजी ३.५(?) टाढा छ र लुभुं जमिनभन्दा केही उच्चा स्थानमा रहेको देखिन्छ । तेर्सो पाइप लइन लगाएमा पानी प्राप्य हुन सकिन्छ । सो गर्नाके ८ इञ्च पाइपको लागि खर्च एक माइलको मोरु ४ लाख अन्दाजी गरिन्छ । पाइप लाइन तेर्सो गरि ल्याउन परेमा पाइप लाइनको लम्बाइ अन्दाजी ३ माइल होला भन्ने बुझिन्छ र सो जम्माको खर्च अन्दाजी मोरु १२ लाख अनुमानत छ । तर गोदावरी (नौधारा) को पानी तलका धेरै खेतहरूमा लगाइ राखेको बुझिन्छ ।*

*गुण्डुमती- यो खोलाको मुहान लुभुं जमिनको उत्तर-पूव कुनामा अन्दाजी १.५ माइल टाढा रहेछ । खोला बाह्रै महिना नसुक्ने रहेछ । तर यहाँ पनि पाइप लाइन लगाउँदा अन्दाजी मोरु ८ लाखको खर्च अनुमानित गरिन्छ । सो खोलाको पानी थिमी र गौचर हवाइ अड्डाका आसपासका जमिनको सिंचाइलाई लैजानलाई बाँधको काम भइरहेको बुझिन्छ ।*

*व्याबर मुहान-यो मुहान लुभुं जमिनको ३ माइल टाढा पूर्व-दक्षिण कुनामा छ । तर यो मुहान पहाडको पल्लापट्टी परेकोले पानी ल्याउनलाई प्रसस्त रूपैया र*

*साधनको जरुरत हुनेछ । अन्दाजी २ माइल लामो सुरुंग भित्रबाट पाइप लाइन ल्याउन पर्ने देखिन्छ ।*

*ट्युबवेलको बारेमा सो जमिनको राम्रो जियोलोजिकल सर्भे नभएसम्म केही अन्दाजी गर्न सकिएन । तर सो जमिनको बनावट विचार गर्दा ट्युबवेललाई पनि निकै गहिरोमा जानु पर्ने सम्भावना छ । नजदिकका इनारहरूमा पानी ज्यादै कम रहेको देखियो र गाउँलेहरूको भनाइ अनुसार एक इनारमा सुखाको सिजनमा एक मुट्ठी(?) मात्र पानी आउँदछ"*

यसैबीच कमिसनका सदस्यहरूले पुनः छाउनी इलाकाको जमिनको पनि निरीक्षण गरेको देखिन्छ । पहिलो बैठकमा नै यो जमिन विश्वविद्यालय स्थापनाका लागि उपयुक्त हुने ठहर गरेको कमिसनले यस पटक देहायका बुँदाका आधारमा २०१३ साल वैशाख २७ गतेका दिन लिखित प्रतिवेदन पेश गरेको थियो । त्यसै गरी सोही मितिमा कमिसनले महाराजगञ्ज स्थित जमिनकोसमेत प्रतिवेदन पेश गरेको थियो जसलाई याहाँ दिइएको छ;[९३]

*छाउनी इलाकाको जमिन*

*"म्युजियमबाट स्वयम्भुनाथ जाने सडकदेखि पश्चिम, स्वयम्भूनाथबाट सीतपाइला जाने बाटोदेखि दक्षिण, म्युजियमबाट बाहिटी भइ सीतापाइला जाने बाटोको उत्तरको इलाकामा निरीक्षण गरेको स्थान स्वास्थकर, सुन्दर र शान्तिप्रद तथा उक्त स्थानको पश्चिमपट्टी चाहिने मात्रामा विस्तार हुन सकिने देखियो । यो स्थानको पूर्व सिमाना छाउनीको चउर भएको र स्थान केही उच्चा भएकोले शहरको दृश्य राम्रो देखिन्छ ।*

---

[९३] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल वैशाख २७ गतेको बैठकमा पेश गरिएको प्रतिवेदन ।

यो स्थान हनुमानढोकाबाट एक माइल मात्र टाढा भए पनि शहर र वस्तीबाट बाहिर अलग्गै रहेकोले विश्वविद्यालयको निम्ति योग्य र सुहाउँदो छ । अधिकांश विद्यार्थीहरू भएको केन्द्र काठमाडौँ र पाटनको यो केन्द्र स्थानमा छ । विद्यार्थीहरूको आवत जावत पैदल तथा साइकलबाट सजिलै छ ।

किम्डोल, स्वयम्भूनाथ, सरस्वतिथान र दहचोकको काखमा परेको र पवित्र र आध्यात्मिक वातावरणको साथै ऐतिहासिक प्राचीनता भएको स्थान छ । बगलैमा शिक्षण संस्थाको एक अनिवार्य अंग म्युजियम समेत भएकोले यसबाट पनि एक आवश्यकताको पूर्ति हुने छ ।

विश्वविद्यालयको स्थितिका निमित्त सुहाउँदो समथर जमिनको साथ साथै केही उच्चा निचा परेको जमिन र त्यसको साथ साथै खोलानाला समेत भएको जमिन छ । यस्तो स्थानमा भवन निर्माण तथा दृश्यपटीथ (?) स्थापत्यकलाको निमित्त र स्वास्थ र प्रकृतिक रमणीयताका निमित्त लाई समेत उपयोगी ठाउँ छ ।

भवन निर्माणको सामग्रीहरू प्रसस्त मात्रामा उपलब्ध छ ।

जमिन टारी खेत छ र धेरैजसो सरकारीया रैकर जस्तो बुझिन्छ ।

पानीको हकमा ट्युबवेलबाट सजिलैसँग पानी लिन सकिन्छ र कुलोबाट पनि सजिलै कम खर्चमा पानीको प्रबन्ध गर्न सकिने देखियो । कुलोको पानी ल्याउँदा जनतालाई मर्का पर्ने कुरा केही देखिएन बरु छहरेको पानी मिसाएर ल्याएमा स्वयम्भूनाथदेखि कालिमाटी इलाकाका जमिनमा प्रशस्त मात्रामा पानीको प्रबन्ध भई जनतालाई ठूलो फाइदा हुने देखियो ।

पावरको हकमा बारुदखानासम्म हाइटेन्सन सप्लाई भइ राखेको र म्यूजियमसम्म पनि पुऱ्याइ राखेकोले विजुलीको प्रबन्ध सुगमैसँग हुन सक्दछ ।

ताहचल दरबारबाट करिब एक माइलजति दुरीमा भएको यो साथै हाल छाउनीमा रहेको व्यारेकबाट पनि अलग रहेको र छाउनी गौचर र किम्डोल विहारलाई पनि केही धक्का नपर्ने देखिन्छ ।

यो जमिनको भित्र सरकारी घरहरू चार वटा परेको छ । यि घरहरू पुराना र भत्केका या जिर्ण अवस्थामा भएका र विशेष तवरले उपयोग नगरिएको बुझिन्छ । सरकारी घरहरू बाहेक जनताका तिन वटा साना पक्की घरहरू पर्दछन् ।

यो स्थानमा जाने बाटाहरू जनकेन्द्रबाट सुगम, सस्तो र प्रबन्ध देखिन्छ । राम्रो बाटा लागि शीघ्र रकम खर्चमा प्रबन्ध गर्न सकिन्छ ।

यातायातको प्रबन्ध हाल देखिने भएकोले सप्लाई र डिष्ट्रिव्यूसनको सालाना खर्चमा किफायति हुने देखिन्छ"

## महाराजगञ्ज इलाकाको जमिन

"लक्ष्मी निवासको उत्तर, बाँसबारी जाने बाटोको पूर्व बाँसबारीको दक्षिण र पूर्वी खोल्सोको पश्चिम चार किल्लाको जमिन अन्दाजी ४०० रोपनी जमिन विश्वविद्यालयको स्थितिका लागि केही मात्रामा उपयुक्त देखिन्छ । जमिन टारी छ र अधिकांश जमिन श्री मोहन शम्सेर ज.ब.रा. तथा सरकारीया रैकर जमिन पर्दछ ।

दृश्य, पानी र स्थितिको दृष्टिले छाउनीको जमिन भन्दा केही मात्रामा कम उपयोगी देखिन्छ । हनुमान ढोकाबाट २.५ माइल टाढा छ र पाटनबाट विशेष टाढा छ ।

*यो स्थानमा ट्युबवेलको संभावना कम देखिन्छ । हाल कलधाराको सप्लाई भन्दा बढता पानी लिन सकिने संभावना छैन । यो कलधाराको पानी विश्वविद्यालयलाई लिन परेमा शहरमा मर्का पर्ने देखिन्छ ।*

*पाँच वटा ठुलै घरहरू र पक्की कच्ची गरेर अन्दाजी २० वटा घरहरू यो जमिनमा पर्दछ । तर शितलनिवास र लक्ष्मीनिवास एउटासम्म विश्वविद्यालयको लागि दानमा आएमा यहाँ काम प्रारम्भ गर्न सजिलो र सुचारु रूपले हुने संभव देखिन्छ ।*

*पावर सप्लाइ सुगमसँग प्रबन्ध हुन सक्दछ"*

लुभु, महाराजगञ्ज तथा छाउनी स्थित उल्लिखित जमिनहरूको निरीक्षण भ्रमण तथा सो सम्बन्धमा प्रतिवेदन पेश गरेपछि पनि कमिसन कुन ठाउँमा विश्वविद्यालय स्थापना गर्न उपयुक्त हुन्छ भन्ने विषयमा निष्कर्षमा पुग्न सकेको थिएन । यस्तैमा श्री ५ मुमा जेठा बडामहारानीको अध्यक्षतामा २०१३ साल असार १४ गते नारायणहिटी राजदरबारमा बसेको औपचारिक वैठकले पनि सोको टुङ्गो लगाउने कार्य गरेन । यद्यपि यस वैठकमा विश्वविद्यालयलाई जमिन चाहिने हुनाले लुभुको जमिन विश्वविद्यालयको कार्यमा राखिदिने र कमिसनबाट रोजिएको जमिनमा त्रिभुवन विश्वविद्यालय निर्माण गर्ने निर्णय गरियो । यस क्रममा कमिसनले माग गरेबमोजिम जमिनको सट्टा भर्ना गर्नका लागि लुभुको जमिन नपुग हुन आएमा नपुग जति नेपाल सरकारतर्फबाट राख्न लगाउनेसमेत निर्णय गरियो । जहाँसम्म ललितपुर लुभुस्थित जमिनको सन्दर्भमा श्री ५ मुमा बडामहारानीहरूबाट सो ३७५ रोपनी नीजि विर्ता जमिन त्रिभुवन विश्वविद्यालयका लागि चन्दा स्वरूप दिइएको थियो ।[९४]

जमिन खोज्ने क्रमलाई कमिसनले अझ पनि निरन्तरता दिएको थियो । यस क्रममा कीर्तिपुर स्थित 'ट्याङ्गलाटार' को जमिन पनि

---

[९४] *गोरखापत्र*, वर्ष-५६, संख्या-३२, २०१३ साल असार ११ गते सोमबार ।

विश्वविद्यालय निर्माणका लागि प्रस्तावित रहेको देखिन्छ । यसरी काठमाडौं स्थित महाराजगञ्ज र छाउनी, ललितपुर स्थित लुभु, तथा कीर्तिपुर ट्याङ्गलाटार चार ठाउँका जमिनमध्ये कुन चाहीँ उपयुक्त छ भन्ने प्रतिवेदन पेश गर्नका लागि २०१३ साल असार २१ गतेको वैठकबाट कमिसनले विशेषज्ञहरू सम्मिलित एउटा एड-हक कमिटी गठन गर्‍यो जुन यस प्रकार थियो;[९५]

विशेषज्ञको एड-हक कमिटी

| | |
|---|---|
| १ डा.रघुबर | डाइरेक्टर, पब्लिक हेल्थ |
| २ डा.भीमबहादुर | मेडिकल अफिस, शिक्षा विभाग |
| ३ श्री कुल रत्न | डाइरेक्टर, पब्लिक वर्क्स |
| ४ श्री सुरेन्द्रशमशेर | सेक्रेटरी, यातायात मन्त्रालय |
| ५ श्री यज्ञबहादुर बस्नेत | डाइरेक्टर, विजुली विभाग |
| ६ श्री चन्द्रमान मास्के | क्युरेटर, नेपाल म्युजियम |
| ७ श्री ज्यानबहादुर | डाइरेक्टर, हवाइ विभाग |

खड्गनरसिं राणालाई कमिटीको अध्यक्ष बनाइयो । कमिटीलाई विश्वविद्यालय स्थापनाका लागि उल्लिखितमध्ये कुनचाहीँ ल्पट सबभन्दा स्वास्थ्यकर र रमणीय छ, ट्याङ्गलाटारको कुनचाहीँ ल्पटमा विश्वविद्यालय रहनु उचित छ, कुनचाहीँ ल्पटमा बिजुली, पानी र बाटोको प्रबन्धका लागि सुबिधा होला, बिजुली, पानी र बाटोहरूको मसौदा योजना तथा विश्वविद्यालयको 'ले आउट' ल्पानसमेत तयार गर्ने अख्तियारी दिइयो । यस क्रममा आवश्यकता परेका खण्डमा USOM र Indian Add कार्यक्रममा आएका विशेषज्ञहरूको सल्लाहसमेत लिइने कुरा कमिसनले स्पष्ट गरेको थियो । यसका साथै USOM का डा. वरनसलाई कमिसनका सेक्रेटरी परासरनारायण सुवालले २०१३ साल असार २६ गते कीर्तिपुरको जमिन

---

[९५] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार २१ गतेको वैठकको निर्णय ।

देखाउन लगेका थिए । जमिन अवलोकन गर्दा सो सम्बन्धमा डा.वरनसको प्रतिक्रियालाई सुवालले अर्को दिन अपरन्ह बसेको कमिसनको वैठकमा यस प्रकार प्रकाश पारेका थिए;[९६]

*कीर्तिपुर ट्याङ्गलाटार जमिन*

*"डा.बरनस जमिन देखेर प्रभावित भए । उनले शहरबाट नजिक, उच्चो, उधारो जमिन, नदिको किनार भएको, इत्यादि कारणले गर्दा विश्वविद्यालय स्थापनाको लागि ज्यादै उत्तम भएको राय दिए । नेपालको पहिलो विश्वविद्यालय यही त्रिभुवन विश्वविद्यालय हुने भएको र धेरै विदेशी सरकारहरू त्यसका लागि मद्दत र गुहार गर्न तयार भइ राखेको छ । हाल यु.एस.ओ.एम.बाट धेरै कुराहरूको लागि मद्दत दिइ राखेका छन् । त्यस्ता कलमहरूमध्ये विश्वविद्यालयमा रहन लायकका कुराहरू जस्तो-टिचर्स ट्रेनिङ कलेज, एग्रीकल्चरल कलेज, मेडिकल कलेज (हस्पिटल विभाग बाहेक), नुसन्धान केन्द्र इत्यादिको लागि पनि जमिनको बन्दोबस्त अहिले चाँडै विश्वविद्यालयको स्थानको साथ नै तोकिनु पर्दछ । सो भएमा उक्त कामहरूको लागि चाहिने भवन र साधनहरूको बन्दोबस्त गर्न यु.एस.ओ.एम. तयार छ । यि सबै कुराहरू पनि विश्वविद्यालमा रहने र पछि धेरै कुराहरूको विस्तार पनि हुने नै भएकोले हाललाई चार सय एकड जमिनको कम्पाउण्ड छुट्याउनु पर्दछ ।*

*ट्यांगलाटारको वागमती किनारदेखि माथि कीर्तिपुर गाउँसम्मको कम्पाउण्ड हुनु पर्दछ । सबभन्दा तल र सबभन्दा माथिका जमिनहरू कृषि वा वस्तुको लागि छाडि कीर्तिपुर जाने बाटोको पहिलो रुख भएको मन्चमा*

[९६] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार २७ गतेको वैठकमा पेश गरिएको जमिन सम्बन्धी विवरण ।

*अध्ययनका भवनहरू र दोश्रो रुख भएको मन्चमा होस्टेल र क्वाटरहरू बन्न उत्तम देखिन्छ । तर यि कुराहरूको निधो गर्नका लागि चाहिने सल्लाहको निमित्त अमेरिकाबाट क्याम्पस प्लानर मगाउन सकिन्छ । वागमतिको पारी पट्टी भएको जमिन खासगरी पुलदेखिको दक्षिणको वारि पनि विश्वविद्यालयकै मातहतमा राखी छोडनाले दृश्यको लागि लाभदायक हुने छ"*

त्यति मात्र नभएर अमेरिकामा नेपाली विद्यार्थीहरूको तालिम सकाएर फर्केका डा.उड पनि सो जमिन हेर्न गएका थिए । उनले पनि डा.वरनसको उल्लिखित कुरामा जोड दिँदै विश्वविद्यालय स्थापनाका लागि ट्याङ्गलाटार अति उत्तम भएको प्रतिक्रिया दिएको सन्दर्भ सुवालले जानकारी दिएका थिए ।

यसरी अमेरिकी सल्लाहकार द्वयबाट विश्वविद्यालयका लागि ट्याङ्गलाटार जमिन उपयुक्त भएको प्रतिवेदन प्राप्त भएपछि कमिसनले पनि सोही जमिनका बारेमा विस्तृत अध्ययनको क्रम थालनी गऱ्यो । यस क्रममा कीर्तिपुर इलाकाको नक्साङ्कनका लागि योजना विकास मन्त्रालय; कीर्तिपुर ट्याङ्गलाटारको जमिन वागमती, कीर्तिपुरबाट बल्खु हुँदै कालिमाटी निस्कने मुलबाटो, कीर्तिपुर र भाजङ्गलको भित्र पर्ने जमिनसमेतको मोहिहरूको लगत खडा गर्नका लागि अर्थ मन्त्रालय र माललाई; दूधपोखरीको पानी सप्लाई बारे पब्लिक वर्क्स मन्त्रालयलाई; हात्ती वनमा रुख लगाउनका लागि वन मन्त्रालयलाई र कीर्तिपुर इलाकाको जियोलोजिकल स्ट्रक्चरको सर्भे गर्नका लागि योजना र विकास मन्त्रालयलाई पत्र लेखियो ।

वाघभैरव रक्षा संघले कीर्तिपुर ट्याङ्गलाटारमा विश्वविद्यालय स्थापना गर्ने योजनालाई स्वागत गरी सुझाव र मांगहरू पेश गरेकोमा कमिसनले धन्यवाद दिँदै उक्त संघको अध्यक्षलाई बोलाएर कुरा गर्ने निर्णय गरियो । त्यस्तै सोही साउन २४ गतेका दिन 'पाँगा देश सुरक्षा समिति' का अध्यक्ष हरीगोविन्दसँग कमिसनका सदस्यहरूले सो सम्बन्धमा कुरा गरेका थिए । उनले किसानहरूलाई मर्का नपरोस् र यहाँका जनताले

विश्वविद्यालय स्थापनाको कार्यबाट फाइदा उठाउन सक्ने प्रबन्ध होस् भन्ने कुरा राखेका थिए । सो अवसरमा हरीगोविन्दले पाँगामा विश्वविद्यालय स्थापना गर्ने योजना भएमा उक्त स्थानका जनताले सक्रियतासाथ सहयोग दिने कुरामा कमिसनलाई आश्वस्त पारेका थिए ।

अर्कातिर कीर्तिपुर इलाकाको जमिन धनी र मोहीको लगत कीर्तिपुर मालबाट तयार हुन नसक्ने भन्ने माल अड्डाका हाकिमले भनेको हुनाले सो लगत सर्भे गरेमा मात्र तयार हुनसक्ने देखिएकोले अर्थ, मालपोत मन्त्रालयलाई अनुरोध गरियो । त्यस्तै पाँगा देश सुरक्षा समितिको अनुरोधमा कमिसनले पाँगाको जमिन निरीक्षण गरेको थियो । सो क्रममा भाजङ्गल, चोभार जाँदा, नागाउँ बाटो, नगाउँ र कीर्तिपुर सिमाना भित्रको करिब ४०० रोपनीको समथर जमिन रहेको तथा सो जमिन ट्याङ्लाटार भन्दा केही उँचाइ भए तापनि शहर (काठमाडौँ) बाट बढता टाढा रहेको र बिजुली पानी इत्यादी भने ट्याङ्गलाटारको अवस्था भए तापनि बिस्तार गर्नु परेमा जमिन नभएको कमिसनको ठहर रह्यो । यसै क्रममा कमिसनले वाघभैरव रक्षा संघको २०१३ साल साउन २९ गतेको पत्रानुसार संघको रचनात्मक कार्यका लागि धन्यवाद दिँदै उनीहरूको मागका सम्बन्धमा सभापतिमा जाहेर गर्ने आश्वासनसमेत दिइयो ।[९७]

यहाँसम्म आइपुग्दा कमिसनले विभिन्न आधारमा अध्ययन/अवलोकन/मूल्याङ्कन गर्दा कीर्तिपुर स्थित ट्याङ्गलाटार जमिन विश्वविद्यालयका लागि उपयुक्त ठहर गरिसकेको देखिन्छ । यद्यपि यो क्षेत्रमा विश्वविद्यालय स्थापना गर्ने भन्ने कुराको थालनी कहाँबाट कसरी कहिले भएको थियो भन्ने सम्बन्धमा प्रकाश पार्ने सामग्री भने फेला परेको छैन । जेहोस् ट्याङ्गलाटारको जमिन नै उपयुक्त हुने ठहर भएपछि सो सम्बन्धमा सम्बद्ध निकायलाई आवश्यक सहयोग गर्नका लागि पत्राचार गरिसकेको चर्चा भइसकेको छ । यस क्रममा त्रिभुवन विश्वविद्यालयका निम्ति कमिसनले कीर्तिपुर ट्याङ्गलाटारको जमिन सिफारिस गरेको हुँदा

---

[९७] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन १८-१९ गतेको वैठकको निर्णय ।

कीर्तिपुर इलाका वाग्मती, बल्खु खोला, कीर्तिपुरबाट कालिमाटी जाने मुलबाटो र कीर्तिपुर भाजङ्गल यति ४ चार किल्ला भित्रको जमिन सर्कारबाट विश्वविद्यालयलाई प्राप्त होस् भन्दै सो जमिन बारे हाललाई नेपाल सर्कारबाट निम्न लिखित व्यवस्था यथाशीघ्र हुनु पर्ने निर्णय गरिएको थियो;[९८]

- उल्लिखित चार किल्ला भित्रको जमिनको तुरुन्त सर्भेको काम सकिना साथै उक्त चार किल्ला भित्रमध्ये १००० (एक हजार) रोपनी जमिन तोकि त्रिभुवन विश्वविद्यालयको नाममा रजिष्टर्ड गरिदिने गरी हाललाई कीर्तिपुर ट्याङ्गलाटारको माथि चार किल्ला भित्रको जमिनमध्ये १००० रोपनी नेपाल सर्कारतर्फबाट त्रिभुवन विश्वविद्यालयका लागि प्रदान गरिने भएको छ भन्ने घोषणा हुनुपर्ने,
- सो १००० रोपनी जमिनमध्ये पर्न आउने केही विर्ता र गुठी जमिनहरूको सट्टा भर्ना गर्ने प्रबन्ध हुनुपर्ने,
- सो १००० रोपनी जमिन कमाइ रहेका मोहीहरूलाई अन्यत्र जमिन सट्टा दिइ अथवा सर्कारी नियमबमोजिम मुआवजा दिइ निजहरूलाई मर्का नपर्ने व्यवस्था गर्नुपर्ने,
- त्रिभुवन विश्वविद्यालयको नाममा रजिष्टर्ड हुने माथि लेखिएका चार किल्ला भित्रको १००० रोपनी जमिनमा विश्वविद्यालय सम्बन्धी काममा बाहेक अरू कुनै कामका लागि कसैले पनि घर बनाउन तथा खरिद बिक्री गर्न नपाउने गर्नलाई चाहिने अर्डिनेन्स तुरुन्त जारी गर्ने र सो अर्डिनेन्सको अवधि आवश्यक ऐन पास गर्नु पर्ने र
- त्रिभुवन विश्वविद्यालयका लागि आवश्यक भवनहरू बनाउने काम यही हिउँदको शुरुमा नै थाल्नु पर्ने जरुरी भएकाले माथि निवेदन गरेको जमिन बारेको काममा नेपाल सर्कारबाट पूर्ण

[९८] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असोज १३ र १५ गतेको वैठकको निर्णय ।

सहयोग पाएमा कमिसनको विश्वविद्यालय शीघ्र स्थापनाको कार्यमा बाधा पर्ने थिएन ।

सम्भवतः कमिसनको यो अनुरोधपछि २०१३ साल कार्तिक १८ गते बिहान प्रधानमन्त्रीद्वारा ट्याङ्गलाटार फाँटको निरीक्षण भएको थियो । सो अवसरमा जमिनका मोही र धनीहरूको क्षती पूर्ति बारे वाघभैरव रक्षा संघबाट पेश भएका मागहरू मानासिव नै देखिएकाले यसको पूर्तिका लागि नेपाल सरकारबाट चाहिने प्रबन्धका लागि कमिसनतर्फबाट अनुरोध गरिएको थियो । ट्याङ्गलाटार जमिनमा विश्वविद्यालय स्थापना गर्न उपयुक्त हुने कुरामा प्रधानमन्त्रीसमेत विश्वस्त भएपछि मात्र सरकारकातर्फबाट सो सम्बन्धमा एउटा सार्वजनिक सूचना जारी गरियो । 'त्रिभुवन विश्वविद्यालय कीर्तिपुरका वरपर बनाउने निर्णय' शीर्षकमा प्रकाशित सूचना यस प्रकार छ;[९९]

> *"काठमाडौँ मार्ग १० गते*
>
> *त्रिभुवन विश्वविद्यालयको स्थापनाको लागि काठमाडौँ उपत्यकाको कीर्तिपुर नजिकै स्थान निश्चित गरिएको छ ।*
>
> *प्रकाशित सूचना अनुसार उक्त विश्वविद्यालयको स्थापना वागमती नदीदेखि पश्चिमको कीर्तिपुरदेखि कालिमाटी पुग्ने बाटो पूर्व पाँगा जाने नयाँ बाटो भाजङ्गल र कीर्तिपुरदेखि उत्तर तथा बल्खु खोलादेखि दक्षिण यति ४ किल्लाभित्र हुने भएको छ ।*
>
> *सूचनामा विश्वविद्यालयको निमित्त लिइने जमिनमा पर्ने जमिनधनी र मोही समेतलाई विश्वविद्यालयको इमारत बनाउन र पछि (३अस्पष्ट) लिने काममा समेत सकभर योग्यता अनुसार प्राथमिकता दिइने छ र अरू कुराको पनि हुनेसम्मको सुविधा हुने छ भन्ने जनाइएको छ ।*

[९९] *गोरखापत्र*, वर्ष-५६, संख्या-८६, २०१३ साल मंसिर १३ गते वुधवार ।

*जमिनको क्षतिपूर्ति सम्बन्धी कुराको निमित्त ३५ दिनभित्र कीर्तिपुर मालमा हाजिर हुन अनुरोध पनि गरिएको छ"*

ट्याङ्गलाटारको जमिनका मोही तथा जमिन धनीलाई अप्ठेरो नपरोस् भन्ने सम्बन्धमा कमिसनका बैठकहरूमा पटक पटक सन्दर्भ उठाइएको देखिन्छ । यस क्रममा २०१३ साल मंसिर १४ गतेको अनौपचारिक बैठकमा कमिसनका सदस्यहरू र बासु पासालगायत विश्वविद्यालय स्थापनाको बिरोध गर्ने कीर्तिपुरका सात जवान व्यक्तिहरूका बिचमा छलफल भएको थियो । छलफलमा उनीहरूले विश्वविद्यालय स्थापनाको विरोध गरेको नभै आफ्नो हक र जीविकाका लागि मात्र आवाज उठाएको कमिसनको धारणा थियो । बासु पासालगायतले नेपाल सरकारको उचीत कार्यवाहीको आश्वासनमा जनताको विश्वास नभएकाले जमिन कब्जा हुनुभन्दा पहिले नै क्षतिपूर्तिको निधो गर्नुपर्ने, क्षतिपूर्ति उपलब्ध गराउनुपूर्व निर्माण कार्य थालिने छैन भन्ने कमिसनबाट आश्वासन प्राप्त भएमा सर्भे नापिको काममा पनि कीर्तिपुरका जनताले विरोध नगर्ने आशय व्यक्त गरेका थिए । क्षतिपूर्ति बारे कीर्तिपुरका जनताबाट उचीत मागको लगत आवस् भन्ने कमिसनको अनुरोधमा कीर्तिपुरका जनताहरू भेलागरी सबैको राय सल्लाह लिएर मागको लगत यथाशीघ्र पेश गरिने कुरा पनि सो अवसरमा व्यक्त भए । अन्त्यमा उक्त मागको लगत प्राप्त भएमा यसरी नै कमिसनका सदस्यहरू र कीर्तिपुरका जनताबीच छलफल गर्ने निर्णय गरिएको थियो ।

उक्त निर्णयसमेतलाई मध्यनजर राख्दै सरकारले विश्वविद्यालयका लागि आवश्यक पर्ने जमिनको चौकिल्ला खोली सूचना प्रकाश भएपछि त्यसभित्र सरकारको इजाजत बेगर नयाँ घर बनाउन र कसैलाई कुनै प्रकारबाट लिने-दिने नगर्नसमेत सार्वजनिक सूचना जारी गऱ्यो । श्री ५ को सरकार गृहमन्त्रालयबाट प्रकाशित गरिएको सो सूचना यस प्रकार रह्यो;[१००]

---

१०० *गोरखापत्र,* वर्ष-५६, संख्या-८७, २०१३ साल मार्ग १५ शुक्रवार ।

*“मुलुकको सर्वतोमुखि विकासको सिलसिलामा नेपालमा शिक्षाको विकास गर्नका लागि र नेपालका जनताका मागको पूर्ति गर्न बन्न लागेको विश्वविद्यालय स्थापना गर्ने निर्णय भई उक्त विश्वविद्यालय कुन ठाउँमा राखे ठीक पर्ला भनी निरीक्षण भएकोमा काठमाडौँ सहरबाट दक्षिण पश्चिम स्थित तल दफा १ मा लेखिएको चार किल्ला भित्र पर्ने जमिन उत्तम ठहरिन आई सोही ठाउँमा विश्वविद्याल रहने निश्चय भई सकेकाले लेखिएका चार किल्लाभित्र पर्ने सबै जमिनका घरका धनीलाई जमिन अधीन गोश्वाराका ५ नम्बर बमोजिम दिइने मोल तोक्ने कामका निमित्त कारवाई भै रहेको सो कामसक्न केही समय लाग्नजाने र हाल विश्वविद्यालयको काम शुरुगरी हालको निमित्त लेखिएका चारकिल्ला भित्रको जमिनमध्येबाट रैकर जमिन करीव रोपनी ५०० पाँचसय तुरुन्तै सरकारले विश्वविद्यालयको निमित्त लिने भएको हुँदा देहायबमोजिम सूचना जारी गरिएको छः*

१. त्रिभुवन विश्वविद्यालका निमित्त लिइने भएको जमिनको चारकिल्ला:

   वागमती नदीदेखि पश्चिम कीर्तिपुरबाट कालीमाटी पुग्ने बाटो

   ऐ. पूर्व पाँगाजाने नयाँ बाटो भाजङ्गल र कीर्तिपुर

   ऐ उत्तर बल्खु खोला

   ऐ दक्षिण बल्खु खोला

२. दफा १ बमोजिम सरकारबाट लिइने भएको जमिनमा यो सूचना प्रकाश भएपछि नयाँ घर बनाउन र सरकारको इजाजत बेगर अरू कसैलाई कुनै प्रकारबाट लिने दिने गर्न हुँदैन ।

३. विश्वविद्यालयको निमित्त लिइने जमिनमा पर्ने जमिनका धनी र मोही समेतलाई विश्वविद्यालयको इमारत बनाउने र पछि स्टाफमा लिने काममा समेत सकभर योग्यतानुसार प्राथमिकता दिइने छ र अन्य कुराको पनि हुनेसम्मको सुविधा दिइने छ ।

४. दफा १ मा लेखिएका चार किल्लाभित्रको जमिन कारणवश तुरुन्तै विक्रीगर्ने वा भोग दृष्टिमा राख्नुपर्ने हुन आएमा सरकारलाई नै बिक्री गर्नु पर्नेछ ।

५. जमिनवालालाई सरकारबाट दिने भएको क्षतिपूर्ति सम्बन्धी कुराको र जमिनको तिरो काट्ने सम्बन्धी कुराको निर्णय गर्नाको लागि आफआफ्नो जमिनको नापी खेतमा नम्बरी, रसिद र जमिन आफ्नु हकको हो भन्ने देखिने अरू जो भयाका कागज प्रमाण समेत लिई सूचना जारी भएका मितिले ३५ दिन भित्र कीर्तिपुर मालमा हाजीर हुन आउनु"

ट्याङ्गलाटारका जमिनधनी र मोही किसानका मागका सम्बन्धमा सकारात्मक रूपमा काम गरेको सन्दर्भ कमिसनले वैठकमा नै उठायो (२०१३/८/१८/२) । यस क्रममा विश्वविद्यालय स्थापना गर्ने ठाउँमा जमिन हरण हुने भएका धनी र मोहीहरूलाई उचीत क्षतिपूर्ति प्रबन्ध गर्नलाई कमिसन शुरुदेखि नै तत्पर रहेकाले सम्बद्ध जनतालाई हानी तथा मर्का नपरोस् भन्ने नै कमिसनको उद्देश्य रहेको स्पष्ट गरियो । जमिन हरण हुने भएका धनी र मोहीहरूसँग सोधपुछ गरेर मात्र कस्तो र कुन किसिमसँग क्षतिपूर्ति गर्ने हो भन्ने नीति निर्धारित गर्नुलाई कमिसनले उचीत ठहराएकाले यसै सिलसिलामा कीर्तिपुर वाघभैरव रक्षा संघलाई कमिसनबाट मिति २०१३/७/७/३ र २०१३/७/२०/२ मा पत्र पनि लेखिसकेको र विश्वविद्यालय स्थापनाको यस महान कार्यमा जमिन पर्ने मोही र धनीहरूलाई हानी नोक्सानी नहुने गरी उचीत क्षतिपूर्तिको

बन्दोबस्तका लागि त्रिभुवन विश्वविद्यालय कमिसनले कार्वाही गरिरहेको कुरा वैठकको निर्णयमा नै उल्लेख गरियो । त्यति मात्र नभएर वैठकले कीर्तिपुरका जनतालाई आवश्वासनका निम्ति अरू कुराहरू प्रकाशित गर्नु उचीत देखिएकाले सोका लागि श्री ५ मुमा बडा महारानीहरू समक्ष जाहेर गर्ने निर्णय भयो ।

विवादरहित रूपमा जमिन उपलब्ध गराई यथाशीघ्र निर्माण कार्यलाई अगाडि बढाउन कमिसनले निरन्तर प्रयास गरेको थियो । यस क्रममा कमिसनले मिति २०१३/८/२५/२ मा नेपाल सरकारबाट त्रिभुवन विश्वविद्यालयलाई चाहिने जमिन वितरण गर्न कमिसन खटाउने आदेश भएको सन्दर्भलाई वैठकमा छलफलको विषय बनाइयो । त्यस्तै उक्त 'भूमि जाँच कमिसन' मा त्रिभुवन विश्वविद्यालय कमिसनको पनि प्रतिनिधित्व रहेकोमा जमिन हरण हुने भएका मानिसहरूको अभिप्राय बुझि तिनीहरूलाई हानी नपर्ने गरी नेपाल सरकारबाट यथाशीघ्र उचीत क्षतिपूर्ति प्रबन्ध हवस् र जमिन अधिग्रहणको काम शान्त वातावरणमा हुन पावस् भन्ने कमिसनको ध्येय उक्त भूमि जाँच कमिसनलाई बोध गराइने भयो । यसका अतिरिक्त विश्वविद्यालय भूमि जाँच कमिसनमा प्रतिनिधित्व गर्न त्रिभुवन विश्वविद्यालय कमिसनका तर्फबाट सदस्य लक्ष्मीप्रसाद देवकोटालाई पठाउने तय गरियो ।

यसरी जमिन छुट्याउने र जाँच गर्ने सम्बन्धमा अर्थ, मालपोत मन्त्रालयको मिति २०१३/८/२७ को सूचनामाथि विचार गर्दा उक्त जमिनमा नाप जाँच गर्ने सीमाना विश्वविद्यालय कमिसनले छुट्याइ दिनु पर्ने भएकाले त्यसका लागि कमिसनका सदस्यहरू र इञ्जिनीयर कुल रत्न पनि भूमि जाँच कमिसनका साथ कीर्तिपुर जाने निर्णय गरियो । यसै निर्णयका आधारमा अर्थ, मालपोत मन्त्रालयबाट पनि यस प्रकार विज्ञप्ति जारी गरियो;[१०१]

> *"मुलुकको सर्वतोमुखी विकास तथा सार्वजनिक हितको निमित्त जनताको माग अनुसार स्थापना हुने भएको*

---

[१०१] *गोरखापत्र,* वर्ष-५६, संख्या-९१, २०१३ साल मंसिर २९ गते शुक्रवार ।

*त्रिभुवन विश्वविद्यालय बनाउनको निमित्त लिइने भएको निम्नलिखित ४ किल्ला भित्रको जमिनको विषय सो जमिनमा घर बनाउन तथा सरकारी इजाजत बेगर लिन दिन नहुने तर तुरुन्त बिक्रीगर्न परेमा सरकारलाई नै बिक्री गर्ने जमिन पर्ने धनी वा मोहीहरूलाई योजना अनुसार विश्वविद्यालय सम्बन्धको काममा प्राथमिकता दिने तथा क्षतिपूर्ति समेत विषय गृहमन्त्रालय मार्फत प्रकाश भएको सूचनाद्वारा सबै कुरा ज्ञात गरिसक्नु भएको होला ।*

*विश्वविद्यालयको निमित्त निम्नलिखित ४ किल्लाभित्रका जमिनमध्येको रोपनी ५०० पाँच सय जतिको आवश्यकता परेको उक्त कामको निमित्त छुट्याउनु पर्ने भएको जमिन सर्भे जाँचगरी जमिन अनुसार क्षतिपूर्ति समेतको सुझाव पेशगर्ने सम्बन्धमा निकासा सदर अनुसार अर्थ, मालपोत मन्त्रालय अन्तर्गत अध्यक्ष श्री गोविन्दलालजीका तत्वावधानमा १ कमिसन हालै खटिने भएको छ । उक्त काममा जमिन पर्ने भएका जमिनधनी तथा मोही सरजमिनहरू समेतले कमिसन सरजमिनमा आउने प्रतिक्षामा रही सरजमिनमा आउनासाथ विश्वविद्यालयको निमित्त लिइने भएको जमिनभित्र आफ्नो जमिन पत्रहरूले विर्ता, गुठी, रैकर समेत विषय आफ्ना भएको सवुद प्रमाण समेत ली सरजमिनको काममा कुनै कुराको गतिरोध नपारी सरजमिन गराउन यो विज्ञप्ति प्रकाश गरिएको छ ।*

*कदाचित्त सरजमिन जाँचको समयमा उपस्थित हुनु भै आफ्ना सवुदको साथ लेखाई देखाई गर्नु नभएमा कमिसनले विश्वविद्यालयको निमित्त चाहिने जमिनको सर्भेगरी छुट्याउने छ । पछि यस विषयमा कसैको उजुरी रहेन छैन ।*

*वागमतीदेखि पश्चिम कीर्तिपुरदेखि कालीमाटी जाने बाटोदेखि पूर्व*

*पाँगाजाने नयाँ बाटो भाजङ्गल र कीर्तिपुरदेखि उत्तर*

*सरजमिन हुने दिन ०१३ पौष २ गते"*

विश्वविद्यालय निर्माणका लागि माथि उल्लिखित चौकिल्ला भित्रको जमिन लिने भएपछि त्रिभुवन विश्वविद्यालय कमिसनका तर्फबाट नै 'सरकारी सूचना' भनी जमिनको मुआवजा वितरणका सम्बन्धमा सार्वजनिक सूचना जारी गरियो जसमा जमिनका मोही तथा धनीहरूले यथाशीघ्र मुआवजा पाउन् भनी आफ्नो निस्सा, प्रमाणका साथ त्रिभुवन विश्वविद्यालय कमिसन अफिसमा पेश गर्न आह्वान गरियो ।[१०२]

विशेषज्ञ समिति

२०१२ साल चैत्र १८ गते त्रिभुवन विश्वविद्यालय कमिसनको गठन गरिएको थियो । कमिसनका सम्पूर्ण प्रारम्भिक खर्च श्री ५ मुमा बडा महारानीहरूबाट भयो । कमिसनको अनुरोधमा श्री ५ को सरकारले विशेषज्ञलाई सम्मिलित गरी एउटा सब कमिटी गठन गऱ्यो । सरदार यदुनाथ खनालको अध्यक्षताको समितिमा डा.एच.बी.उड, कोलम्बो प्लानअन्तर्गत भारतीय प्रोफेसर डी.ठाकुर, डा.आर.भी.रामकृष्ण, मिष्टर एच.कुमिन तथा डा.परासर नारायण सुवाललाई कमिटीमा सामेल गरियो ।[१०३]

जमिनको मुआवजा

विश्वविद्यालय निर्माण स्थलका निम्ति विभिन्न ठाउँको नीरिक्षणपछि विशेषज्ञहरूको सल्लाहअनुसार कीर्तिपुर स्थित ट्याङ्गलाटार छनोट गरिएको सन्दर्भ माथि परिसकेको छ । कमिसनको अनुरोधमा श्री ५

[१०२] *गोरखापत्र,* वर्ष-५६, संख्या-१३१, २०१३ साल चैत्र १४ गते बुधबार ।

[१०३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट, २०२०/४/२०-२०२१/३/३१, (१-२०३), परिच्छेद १३ ।

को सरकार अर्थ मन्त्रालयले २०१३ साल साउन २८ गते वागमती, बल्खुखोला, कीर्तिपुरबाट कालिमाटी जाने मुल बाटो, कीर्तिपुर र भाजंगल सीमाना भएको जमिनको सर्भे गर्ने आदेश दियो । सर्भे गर्दा रैतीहरूको कडा विरोध भयो र आखिरमा श्री ५ को सरकारले विज्ञप्ति निकाली रैकरको मोहीलाई रु. ३००/- देखि ४००/- सम्म तथा विर्ता जमिनको हकमा विर्तावाललाई रु. ५००/- देखि ६००/- सम्म र विर्ताको मोहीलाई रैकरको मोही सरह मुआवजा दिने निर्णय गऱ्यो । साथै श्री ५ को सरकारबाट 'पछि सोध भर्ना गर्ने गरी' जमिनको मुआवजा तिर्नका लागि विश्वविद्यालयलाई केही रकमसमेत उपलब्ध गराइएको थियो ।

उल्लिखित सीमाना भित्रको जमिन विश्वविद्यालयका निम्ति आवश्यक हुने कमिसनले निर्णय गरेको थियो । त्यसैले उक्त जमिन रोक्का गर्न अनुरोध गरिए तापनि तत्काल आवश्यक जमिनको सर्भे गर्दा २५५६ रोपनी देखिन आएकाले कमिसनले सो सबै जमिनको मुआवजा तत्कालै उपलब्ध गराउने निर्णय गरेको थियो । यद्यपि कमिसनको कार्यकाल २०१६ साल असार महिनासम्म जम्मा रकम रु. २२,२६,५००/- (बाइस लाख छब्बिस हजार पाँच सय) मात्र मुआवजा वितरण गरिएको देखिन्छ ।[१०४]

विश्वविद्यालय निर्माणका लागि तोकिएको चार किल्ला भित्र जमिन पर्ने सबैलाई आवश्यक निस्सा, प्रमाण, कागजादका साथ निर्धारित स्थान र समयमा सर्जमिन एवम् मुआवजा रकम बुझिलिन उपस्थित हुनका लागि कमिसन तथा श्री ५ को सरकारका विभिन्न निकायबाट सबैलाई थाहा होस् भन्नका निमित्त ठाउँ ठाउँमा म्याद टाँस्ने, रेडियो र गोरखापत्रद्वारा जानकारी गराउने कार्य भए तापनि सम्बद्ध मानिसहरू उपस्थित भएनन् । त्यसैले श्री ५ को सरकार विर्ता फाँटबाट सोही प्रयोजनका लागि पून: सूचना टाँसगर्ने तथा रेडियो र गोरखापत्रमा प्रकाशित गर्ने काम गरियो । यस पटक भने सो म्याद टाँसेको ७ सात दिन भित्र लेखिएबमोजिम आफ्ना हकभोगको निस्सा प्रमाणसमेत सरजमिनमा

---

[१०४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट, २०२०/४/२०-२०२१/३/३१, (१-२०३), परिच्छेद १३ ।

हाजीर भै जमिन नापजाँच गर्न लगाई जमिनको मोल सट्टा भर्ना लिन नआएमा जमिनको मुआवजा, सट्टा भर्ना र अरू कुनै कुराको उजूरसमेत नलाग्ने सूचना गरियो ।[१०५]

मुआवजा रकमको सट्टामा जमिन नै लिन चाहनेलाई दिनु पर्दछ भन्ने कमिसनको दृढता थियो । त्यसैले लुभुमा रहेको मुमा बडामहारानीहरूको विर्ता जमिन सो प्रयोजनका लागि पनि प्रयोग गर्न सकिने भनिकन घोषणा गरिएको सन्दर्भ माथि परिसकेको छ । यसका अतिरिक्त सम्भवत: कतिपय जमिनवालाले जमिनको माग गरेका कारण सरकारले कीर्तिपुर वा अन्यत्र कतै उपयुक्त जमिन खरिद गरी उपलब्ध गराउने योजना बनाएको थियो । यसै सन्दर्भमा २०१४ साल कार्तिक महिनाको अन्त्यतिर जमिन खरिद गर्नका लागि एउटा सार्वजनिक सूचना प्रकाशित गरियो । सूचनामा विश्वविद्यालय बनाउने ठाउँमा दुनियाँको गुठी, विर्ता परेकोमा खरिद गरी सट्टा भर्ना दिनु भन्ने आदेश भई आएकोले सो बमोजिम दिनलाई कीर्तिपुर इलाकाका वा अरू ठाउँको जमिन खरिद गर्नु परेकोले जमिन विक्री गर्न इच्छा हुनेहरूले आफ्ना नाममा भएको सवूद प्रमाणसमेत राखी रोपनी १ को कति दरले बिक्री गर्ने हो स्पष्ट उल्लेख गरी रीतपूर्वकको दरखास्त विर्ता फाँटमा सूचना प्रकाश भएको १५ दिन भित्र दिन भनियो ।[१०६]

यसरी सूचना जारी गरिए तापनि सो सम्बन्धमा जमिनवालाहरूले त्यति ध्यान दिएको देखिँदैन । सूचनाअनुसार कतिपय जमिनवालाहरू मुआवजा लिन तथा आवश्यक सल्लाह गर्नसमेत कमिसन कार्यालयमा नआएको देखिन्छ । यसबाट कीर्तिपुरको ट्याङ्गलाटारमा विश्वविद्यालय राख्ने विषयमा जमिनवालाहरूबीच विवादसमेत भएको भन्ने उल्लेख

---

[१०५] *गोरखापत्र,* वर्ष-५७, संख्या-१८, २०१४ साल जेठ १४ गते सोमबार ।

[१०६] *गोरखापत्र,* वर्ष-५७, संख्या-८४, २०१४ साल कार्तिक २८ गते वुधबार ।

पाइन्छ ।[१०७] यसै परिवेशमा कमिसनको एउटा 'टिपोट' मा 'कीर्तिपुर जनतासँगको कुराकानी बारे रिपोर्ट' भनी जमिन विवादका सम्बन्धमा सम्बद्ध जमिनवालाहरूलाई छलफल गर्न बोलाइए तापनि उनीहरूले वास्ता नगरेको कुरा टिपोटमा यस प्रकार उल्लेख पाइन्छ;

> *" ... विश्वविद्यालय भवन निर्माण इत्यादि कामको लागि कीर्तिपुरका केही जनतालाई २०१४/४/२५ का दिन दिउसो १ बजे त्रिभुवन विश्वविद्यालय कमिसन अफिसमा बोलाई सोही ठाउँमा नै उक्त विश्वविद्यालय स्थापना गर्नुपर्ने भएकाले जमिन पर्ने हरूलाई यस बारे केही मनासीव परिमर्का अझै केही भएमा कमिसनको तर्फबाट सरकारमा सिफारिस साथ पेश गर्ने भन्ने कुरा संझाउँदा निज जमिनवालाहरूबाट २०१४/३/२४/१ मा सरकार तर्फबाट कीर्तिपुरका जनताहरूको जनमत लिन गएको कमिटीमा नै जमिनवालाहरूको राय पेश भै सकेकोले हाल विशेष भनी रहनु पर्ने केही छैन, सोही वारे चांडो निर्णय होस, उक्त ठाउँमा विश्वविद्यालय राख्ने हो भने हामीले के भनूँ ? भन्ने जवाफ भयो । नीज जमिनवालाहरूसँग निजहरूको जमिन लिइने भएकोमा मोआब्जा वारे केही थप माग गर्नुपर्ने तथा अरू सुविधा चाहिने छ कि भनी सोधनी भएकोमा निजहरूले मोआब्जा कम वेशी भन्ने कुरा र अरू किसीमको सहुलियत तर्फ केही वार्ता नगरी उठेर गए ..."*

यसबाट जमिनवालाहरूसँग कुरा मिल्न नसकेको स्पष्ट हुन्छ । यसै परिवेशमा कमिसनले विश्वविद्यालयका निम्ति सूचनामा तोकिएको चार किल्ला भित्रको जमिन तुरुन्तै कब्जा गर्नुपर्ने भएकाले सो कब्जा

---

[१०७] वासुपासा, *फर्केर हेर्दा,* पासा प्रकाशन, वि.सं.२०५५ (द्वितीय संस्करण), पृ. १६५-१७५ ।

गर्नलाई चाहिने प्रबन्ध तुरुन्तै गरिदिनका लागि लेखि आएकाले उक्त जमिनमा तुरुन्तै (बाली काटिएपछि) निर्माणको काम शुरुहुने भएकाले २०१५ सालदेखि केही खेती नगर्न सूचना जारी गरिएको थियो । यो सूचना प्रकाशन गर्दागर्दै पनि कसैले खेती गरी पछि नोक्सान पर्न गयो भने सो नोक्सानीमासमेत कुनै उजूर नलाग्ने कुरा सूचित गरियो ।[१०८]

स्मरणीय के देखिन्छ भने तत्काल भवन निर्माण नहुने जमिनमा चाहीं साविकबमोजिम कूत तिर्ने गरी बाली लगाउने हक भोगचलन गरि आएकै किसानलाई दिइएको थियो । यद्यपि सो जमिनमा कुनै किसिमका घर आदि बनाउन नपाइने कुरा पनि सरकारले सार्वजनिक गरेको थियो ।[१०९]

विश्वविद्यालयलाई जमिन प्रदान

विश्वविद्यालयलाई जमिन दिने सम्बन्धमा छलफल चल्दै रहँदा कीर्तिपुरका हीरानन्द जोशीले त्रिभुवन विश्वविद्यालय निर्माणका लागि छुट्याइएको जमिनभित्र परेको आफ्नो जमिनको तीन खण्डको एक खण्ड चन्दा स्वरूप दिने र बाँकी चाहीँ अरूले पाएसरह क्षतिपूर्ति लिई दिने इच्छा व्यक्तगर्दै त्रिभुवन विश्वविद्यालय कमिसनका अध्यक्षको नाममा एउटा पत्र लेखेका थिए । पत्रमा *"नेपालको सर्वतोमुखी विकासका लागि जनताको हितलाई ध्यानमा राखीवक्सी श्री ५ मुमा बडामहारानीहरूबाट उठाइबक्सेको कदम अनुसार त्रिभुवन विश्वविद्यालयको निर्माण यस कीर्तिपुर मै हुने भो रे भन्ने कुरा सन्दा बहुतै खुसी लाग्यो । यस खुसियालीमा म तपाईसँग सविनय अनुरोध गर्दछुकी त्रिभुवन विश्वविद्यालयको निमित्त लिइएको कम्पाउन्ड भित्र परेको मेरो जमिनमा नापी गर्न पठाई दिनुहोला । नापीबाट ठहर हुन आएको जमिनमध्ये तीन खण्डको एक खण्ड जमिन त्रिभुवन विश्वविद्यालय निर्माण कार्यमा चन्दाको रूपमा प्रदान गर्दैछु जुन कि तपाईबाट स्वीकार गर्नुहोला भन्ने आशा*

---

[१०८] *गोरखापत्र,* वर्ष-५८, संख्या-१०, २०१५ साल वैशाख २५ गते वुधबार ।

[१०९] *गोरखापत्र,* वर्ष-५७, संख्या-६५, २०१४ साल भदौ ३१ गते सोमबार ।

*गर्दछु । बाँकी रहेको तीन खण्डमध्ये दुई खण्ड जमिनको हकमा अरू जमिन धनीहरूले क्षतिपूर्ति वारे पाउने मुआवजा वमोजिम पाएमा मलाई मञ्जुर छ...”* उल्लेख गरियो ।[११०] यसको चार महिनापछि कीर्तिपुर जोशीननी निवासी निज जोशीले त्रिभुवन विश्वविद्यालय बनाउने ठाउँमा परेको आफ्नो जम्मा तीन रोपनी ५ आना एक पैसा जमिनमध्ये आधा विश्वविद्यालयलाई चन्दा स्वरूप र बाँकीमा निर्धारित भएको मुआवजाबमोजिम रूपैयाँ लिने गरी दिएका थिए ।[१११]

## प्रस्तावित त्रिभुवन विश्वविद्यालय

कमिसनको पहिलो औपचारिक वैठकमा श्री ५ मुमा बडामहारनीहरूलगायतका समक्ष विश्वविद्यालय कमिसनका सदस्यहरूको परिचय गराइनुका साथै सदस्यहरूलाई विश्वविद्यालय स्थापनाका सम्बन्धमा आ-आफ्नो धारणा राख्न लगाइएको थियो । वैठकका क्रममा कमिसनका सदस्य लक्ष्मीप्रसाद देवकोटाले स्वर्गीय राजा त्रिभुवनको बलिदानबाट प्रजातन्त्रको प्रादुर्भाव भएको, उहाँको अभिलाशा प्राप्तिका लागि श्री ५ मुमा बडामहारानीहरूबाट देश निर्माणका लागि ज्ञानको उज्यालो फैलाउने पहिलो कदमका रूपमा त्रिभुवन विश्वविद्यालय स्थापना गर्ने योजनाका साथ त्रिभुवन विश्वविद्यालय आयोग गठन गरिनु महत्त्वपूर्ण कार्य भएको सन्दर्भ उठाउँदै वर्तमान सदस्यहरूका अतिरिक्त विशेषज्ञ तथा विद्वानहरू संलग्न गरी समिति, उपसमितिहरू गठन गरेर विषयहरूको वर्गिकरणका साथ विश्वविद्यालय निर्माणको महान कार्यलाई शीघ्र चालु गर्नुपर्ने आवश्यकता रहेको विचार व्यक्त गरेका थिए ।

कमिसनले शुरुदेखि नै कस्तो किसिमको विश्वविद्यालय सञ्चालन गर्ने भन्ने बारेमा गहनताका साथ अध्ययन गरेको थियो । यसै क्रममा पहिलो वैठकमा नै त्रिभुवन विश्वविद्यालयमा शुरुमा आर्टस्, साइन्स र ल तीन फ्याकल्टीहरू खडा गरी वि.ए., बि.एस्सी., अनर्स, एम.ए. र एम.

---

[११०] *गोरखापत्र*, वर्ष-५६, संख्या-१३४, २०१३ साल चैत्र २१ गते वुधबार ।

[१११] *गोरखापत्र*, वर्ष-५७, संख्या-४१, २०१४ साल साउन २५ गते शुक्रबार ।

एस्सी. कक्षाहरू चालुगर्ने योजना बनाएको थियो । यसपछि मात्र क्रमशः इन्जिनीयरिङ्, एग्रीकल्चर, फरेष्ट्री, माइनिङ, मेडिसिन आदिको फ्याकल्टीहरू सञ्चालन गर्ने तयारी गरेको थियो । कमिसनले आर्टस्, साइन्स र ल फ्याकल्टीका विषयहरू र सोका लागि चाहिने स्टाफको संख्या र खर्च सहितको विवरण तयार गरेको थियो । काम छिटो र सहज बनाउनका लागि अर्थ, भवन निर्माण, शिक्षण पद्धति र निर्माण, पुस्तकालय, मसौदा कानून र साधन कमिटीहरू गठन गरिए । त्यस्तै कमिसनले विश्वविद्यालय सम्बन्धी विविध जानकारी र अध्ययनका लागि विदेश भ्रमण गर्नुपर्ने विषयलाई प्राथमिकतामा राखेको थियो ।

उल्लिखित विषयहरू पठन पाठनका लागि शिक्षण स्टाफ-प्रोफेसर, रीडर, लेक्चरर र इन्ट्रक्टर; प्रशासन स्टाफ-भाइस चान्सलर, रजिष्ट्रार, लाइब्रेरियन, सेन्ट्रल स्टोर सुपरिन्टेन्डेन्ट, भाइस चान्सलर पि.ए., युनिभर्सिटी अफिस सुपरिन्टेन्डेन्ट, हेड ल्कर्क, क्यारियर, मेकानिक्स, ल्कर्क टाइपिष्ट तथा पियन/टहलुवा निर्धारण गरिएको थियो । त्यस्तै कला विषयअन्तर्गत अङ्ग्रेजी, पोलिटिक्स, इकनोमिक्स, हिस्ट्री, फिलोसफी, साइकलोजी, एजुकेसन, कमर्स, संस्कृत, नेपाली, हिन्दी, नेवारी र उर्दु जम्मा १३ विषय पढाउनका लागि प्रोफेसर-१०, रीडर-१०, लेक्चरर-२४ र इन्स्ट्रकटर-११ समेत जम्मा ५५ जना आवश्यक हुने आँकलन गरियो । त्यस्तै साइन्सअन्तर्गत माथेमेटिक्स, फिजिक्स, केमिष्ट्रि, बोटानी, जुलोजी, जियोलोजी र जोग्राफी जम्मा ७ विषयका लागि प्रोफेसर-७, रीडर-७, लेक्चरर-१५, इन्स्ट्रकटर-१३ र ल्याब एसिष्टेन्ट-९ समेत जम्मा ५१ जना आवश्यक हुने आँकलन गरियो । यसैगरी कानूनका लागि प्रोफेसर-१, रीडर-१ र लेक्चरर-२ जना आवश्यक हुने देखियो । समग्रमा उल्लिखित विषयहरू पढाउनका लागि एक वर्षमा देहायअनुसार खर्च हुने आँकलन गरियो;

| विषय | जना | सालाखाल वर्ष १ के रु. |
|---|---|---|
| १ आर्टस् विषयका स्टाफ खर्च | ५५ | ३,५९,७००/- |
| २ साइन्स ,, | ५१ | २,६७,५००/- |

| | | | |
|---|---|---|---|
| ३ ल | ,, | ४ | ३०,३००/- |
| ४ लाइब्रेरी सम्बन्धी कर्मचारी खर्च | | ६ | १४,९७६/- |
| ५ प्रशासन सम्बन्धी कर्मचारी खर्च | | २८ | ७१,५२०/- |
| ६ वैठकहरूको भत्ता खर्च र परीक्षा | | - | ५५,०००/- |
| ७ पुस्तकालय खर्च | | - | ५०,०००/- |
| जम्मा वार्षिक खर्च रकम रु. | | | ८,४८,९९६/- |

(आठ लाख अडचालीस हजार नौ सय छयानब्बे मात्र)

त्रिभुवन विश्वविद्यालयको निर्माणका साथै आवश्यक प्रशासकीय एवम् शिक्षणात्मक पदका लागि सुयोग्य व्यक्तिहरूलाई तालिम दिन नेपाल सरकार, विभिन्न राष्ट्र तथा संस्थाबाट प्राप्त भएका वा हुनसक्ने उच्च शिक्षाका छात्रवृत्तिहरू बारे कमिसनले विषयको आवश्यकता र अवधि जनाएर सिफारिस गरेअनुसार शिक्षा मन्त्रालयमा छात्रवृत्ति प्रबन्ध गर्नका लागि अनुरोध गरियो । यस क्रममा विश्वविद्यालयको प्रशासन र शिक्षण पद्धतिका विशेषज्ञहरू केही हप्ताका लागि भारत र ब्रिटेनबाट बोलाएर विश्वविद्यालयका लागि प्राध्यापकहरूको तालिमको प्रबन्ध गर्ने व्यवस्था पनि भएको देखिन्छ ।

कमिसनबाट विश्वविद्यालयका केही विषयका प्रध्यापकहरूको तालिम बारे कोलम्बो प्लानअन्तर्गत छात्रवृत्ति माग गरियो भने शिक्षा मन्त्रालयबाट पनि यसका लागि माग गरिएको बुझिएकाले दोहोरो पर्न जाँदा कमिसनको काम सजिलो गर्नका लागि विश्वविद्यालयका प्राध्यापकहरूको तालीम तथा विश्वविद्यालयका लागि आवश्यक मालसामान सम्बन्धी सबै कामहरू कमिसनले नै गर्नु वैठकले उचीत ठहरायो ।

विश्वविद्यालयका बारेमा अध्ययन भ्रमणका लागि कमिसनले भारतका विभिन्न विश्वविद्यालय एवम् शिक्षण केन्द्रको भ्रमण गर्नुपर्ने आवश्यकता महशुस गरेको थियो । यस सन्दर्भमा गहन अध्ययनपछि कमिसनले भारतका १० विश्वविद्यालयहरू पटना, पुना, बनारस, दिल्ली,

सागर, मैसुर, बम्बै, बरोडा, मद्रास र कलकत्ता विश्वविद्यालयका अतिरिक्त नेसनल केमिकल ल्याबोरेटरी र मिलिटरी अकाडेमी, नेसनल फिजिकल ल्याबोरेटोरी, इन्डियन स्टाण्डर्ड इन्स्टिच्यूट, एग्रिकल्चर इन्स्टिच्यूट, सेन्ट्रल इन्स्टिच्यूट, इन्डियन इन्स्टिच्यूट अफ साइन्स, सिचपुर जादब इन्जिनियरिङ कलेज, विश्व भारती (शान्ती निकेतन), खरगपुर इन्स्टिच्यूट तथा कलकत्ता मेडिकल कलेजको भ्रमण गर्नुपर्ने भएकाले यसका लागि ४५ दिनजति लाग्ने अनुमान गरियो ।

विश्वविद्यालयहरूको अध्ययनका क्रममा नेपालमा सञ्चालनमा रहेका कलेज तथा भारत स्थित पटना विश्वविद्यालयबीचको सम्बन्ध, यहाँ सञ्चालनमा रहेका कलेजहरूको एफिलिएट गरिएका छन् अथवा कुनै किसिमको एग्रीमेन्टबाट चलेका छन् भन्ने जस्तो जानकारीका लागि शिक्षा मन्त्रालयसँग जानकारी लिने काम भयो ।

विश्वविद्यालय स्थापनाको योजना गर्दा विश्वविद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीहरूको शिक्षण स्तर विचार गर्नु आवश्यक थियो । यसै सिलसिलामा शिक्षा मन्त्रालयबाट नेपाल सरकारको प्राइमरी, मिडिल र सेकेन्डेरी शिक्षा प्रणाली र सञ्चालनमा रहेका पाठ्यक्रम तथा निकट भविष्यमा परिवर्तन/संशोधन गर्ने योजना भए सोसमेत यथार्थ जानकारी शिक्षा मन्त्रालयबाट लिने काम भयो । यसै सन्दर्भमा नेपालका कलेजहरूको सम्बन्ध पटना युनिभर्सिटीसँग भइरहेकाले अब चाँडैनै त्रिभुवन विश्वविद्यालयले तत्कालका लागि एफिलिएटिङ युनिभर्सिटीको काम गर्नुपर्ने भएकाले यस बारे विशेष राय सल्लाह लिन तथा विशेष जानकारी गर्नलाई कमिसनका सदस्यहरूमध्ये दुई जनालाई एक हप्ताका लागि पटना पठाउनु पर्ने कमिसनले निर्णय गऱ्यो ।[११२]

कमिसनका सदस्य सरदार हंसमान सिं विदेशतर्फ जाने भएकाले अनुकूल परेमा विदेशी शिक्षण संस्थाहरू बारे शिक्षा सम्बन्धी निरीक्षण गर्ने कुराहरू (१) शिक्षण संस्थाको आर्थिक बन्दोबस्त-आय र व्ययको अन्दाज (२) शिक्षण संस्थामा बसोबासको प्रबन्ध-छात्राबास, अध्यापकको क्वार्टर

[११२] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल भदौ १५ गते वैठकको निर्णय ।

इत्यादि नीतिहरूमा आजकलको युगको सुविधाहरू (३) शिक्षण पद्धति र शिक्षण विषयहरू (४) शिक्षण संस्थाहरूको उद्देश्य र (५) शिक्षण संस्थाको विधान र प्रशासकीय नियमहरू), शिक्षण संस्थाका उच्च पदाधिकारीहरूसँग त्रिभुवन विश्वविद्यालय बारे सम्पर्क राख्ने तथा शिक्षण संस्थाहरूको क्यालेण्डर, क्याटलग र अरू लिटरेचरहरू ठाउँठाउँबाट नेपालमा पठाउने बन्दोबस्त गर्नेलगायत कमिसनको विदेशी संस्थाहरूसँग सम्बन्ध स्थापना गर्ने वातावरण बनाउनसमेत कमिसनले अनुरोध गरेको थियो ।

**एफिलिएटिङ विश्वविद्यालय**

त्रिभुवन विश्वविद्यालय कमिसनले काम थालनी गर्दादेखि नै विश्वविद्यालयलाई 'एफिलिएटिङ' विश्वविद्यालय बनाउने योजना बनाएको थियो । आयोगले त्रिभुवन विश्वविद्यालय स्थापना गरी काम शुरु गर्नका लागी सर्व प्रथम एफिलिएटिङ युनिभर्सिटीको रूपमा खडा गरेर नेपाल भित्रका कलेजहरूको परीक्षा लिने काम गर्नुपर्ने हुँदा विदेशका विश्वविद्यालयहरूबाट मान्यता प्राप्त गर्न अति जरुरी रहेको महशुस गरेको थियो । यसका लागि नेपालका विद्यमान कलेजहरूको परीक्षा लिने इत्यादि काम पटना विश्वविद्यालयबाट भइरहेको र नेपालका कलेजहरूको उक्त विश्वविद्यालयसँग नै सम्बन्ध भइरहेकाले त्रिभुवन विश्वविद्यालयलाई मान्यता प्राप्त गर्ने बारेमा सर्वप्रथम पटना विश्वविद्यालयसँग सम्पर्क राख्नु अत्यावश्यक भएको कमिसनले ठहर गर्‍यो । यसबारे पत्र व्यवहारबाट यथार्थ कुरा भइ काम चाँडो हुन नसक्ने हुँदा कमिसनतर्फबाट एक दुई जना सदस्यहरू पटना गई विश्वविद्यालयका सरोकारी उच्च पदाधिकारीहरूसँग भेटेर नै कुराकानी गर्नु आवश्यक थियो । त्रिभुवन विश्वविद्यालयका लागि मान्यता प्राप्त गर्न के कति कुरा गर्नु पर्दछ सो कुराको विशेष जानकारी गर्न साथै तत्काल एफिलिएटिङ युनिभर्सिटी मात्र खडा गर्नलाई त्यहाँका विशेषज्ञहरूको राय सल्लाहसमेत लिने काम गर्न एक हप्ताका लागि पठाउन सकेमा कमिसनको काममा धेरै सुविधा हुनेछ भन्ने बेहोरा सभापतिका समक्ष जाहेर गरियो ।[११३] यसै प्रयासबाट

[११३] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल भदौ १२ गते वैठकको निर्णय ।

विश्वविद्यालय कमिसनका पाँच जना सदस्यहरू बनारस हिन्दू विश्वविद्यालयबाट भारतका विभिन्न विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानको अध्ययन भ्रमण गरेका थिए । यस क्रममा सम्बद्ध विश्वविद्यालयका अधिकारीहरूसँग आवश्यक छलफलसमेत गरियो ।[११४]

यसका साथै एफिलिएटिङ विश्वविद्यालय शुरु गर्नका लागि भाइस चान्सलर, कोषाध्यक्ष, रजिष्ट्रार र अफिस सम्बन्धी सुपरिन्टेन्डेन्ट ल्कर्क जस्ता अफिसर र स्टाफ राख्नु पर्ने आवश्यकता रहेको पनि कमिसनले ठहर गरेको थियो । त्यस्तै एफिलिएटिङ् विश्वविद्यालय चालु गर्न तत्काल कमिसनको वैठक भइरहेकै त्रिपुरेश्वर स्थित ६ नं. गेष्ट हाउस दुई वर्षका लागि पूर्ण रूपमा कमिसनको मातहतमा राख्नसमेत आग्रह गरिएको थियो । यस प्रकार कमिसनले अनौपचारिक वैठकहरूबाट त्रिभुवन विश्वविद्यालयलाई पहिले एफिलिएटिङ विश्वविद्यालय बनाउने र साथ साथै टिचिङ र रेजिडेन्सियल बनाउने कार्यविधी र कार्यक्रमसमेत पास गऱ्यो । यसरी कमिसनले एफिलिएटिङ युनिभर्सिटीका लागि आवश्यक पर्ने स्टाफ, सामान, खर्च इत्यादिको लगत तयार गरेको थियो ।

यस क्रममा त्रिभुवन विश्वविद्यालयलाई एफिटिएटिङ विश्वविद्यालयको रूपमा चलाउँदा लाग्ने खर्चहरू र आम्दानीको लगत तयार भयो । सो लगतअनसार साल बसाली खर्च मोरु १,२८,०००/-(एक लाख अट्ठाइस हजार) तथा पटके खर्च मोरु. ९०,०००/-(नब्बे हजार) र आम्दानीको हकमा साल बसाली मोरु ९०,०००/-(नब्बे हजार) अनुमानित रहेको बेहोरा सभापतिका समक्ष जाहेर गरियो ।

## पुस्तकालय

पुस्तकालय स्थापनाको सामूहिक प्रयास

आधुनिक शिक्षाको विकासका लागि सरकारले २०११ सालमा गठन गरेको शिक्षा समितिले शैक्षिक क्षेत्रमा पुस्तकालय सेवको आवश्यकतालाईसमेत विशेष महत्त्व दिएको थियो । सरकारलाई दिएको

---

[११४] *गोरखापत्र,* वर्ष-५७, संख्या-१२८, २०१४ साल फागुन १७ गते शुक्रबार ।

प्रतिवेदनमा यसले अध्ययन तथा अनुसन्धानका लागि केन्द्रमा एउटा सबल केन्द्रीय पुस्तकालय स्थापना गर्नुपर्नेमा जोड दिएको देखिन्छ । सम्भवतः प्रतिवेदनका आधारमा काठमाडौँमा एउटा केन्द्रीय पुस्तकालय स्थापना गर्न नेपाल सरकार तथा संयुक्त राज्य अमेरिकाको Agency for International Development-AID बिच एउटा सम्झौता भयो । त्यसैका आधारमा डा. ई .अब्ल्यु. इरिक्सनको नेतृत्वमा सन् १९५९ जुन १ (२०१६ साल जेठ महिनाको मध्यतिर) मा काठमाडौँको लालदरबारमा 'सेण्ट्रल लाइब्रेरी'[११५] स्थापना गरियो । पुस्तकालय स्थापनाका लागि USAID अन्तर्गत US Library का सल्लाहकार John L. Hafenrichter को प्रयास पनि उल्लेख्य रहेको देखिन्छ ।[११६] उद्घाटनका बखत राजा महेन्द्रले यो पुस्तकालयलाई the nucleus for the Tribhuvan University Library भन्ने टिप्पणी गरेको भन्ने पनि पाइन्छ ।[११७] पुस्तकालयमा दैनिक १०-१२ जना पाठक अध्ययनका लागि जाने गर्दथे ।[११८] यहाँ स्मरणीय के पनि देखिन्छ भने केन्द्रीयपुस्तकालयको सहायतार्थ कलेज अफ एजुकेसनका विद्यार्थीद्वारा लेखिएको 'समस्या' शीर्षकको नाटक सिंहदरबार नाचघरमा प्रदर्शन गरिएको थियो ।[११९]

---

[११५] 'लाइब्रेरी' को नेपाली रूप 'पुस्तकालय' भए तापनि यहाँ सम्बद्ध लिखतमा उल्लेख भएको शब्दावली प्रयोग गरिएकाले कतै 'लाइब्रेरी' र कतै 'पुस्तकालय' लेखिएको छ । यसबाट भावमा फरक नपर्ने विश्वास लिइएको छ ।

[११६] वालफ्रेड इरिक्सन, "लाइब्रेरिज इन नेपाल", *विल्सन लाइब्रेरी बुलेटिन, न्यू योर्कः भोलम-३५, सन् १९६१, पृ. ४४८ ।*

[११७] ह्युग बी.उड, *नेपाल डायरी,* ओरेगनः अमेरिकन नेपाल एजुकेसन फाउण्डेसन, सन् १९८७, पृ. ३२७ ।

[११८] भवेश्वर पंगेनी, *केन्द्रीय पुस्तकालयका पाँच दशह (वि.सं. २०१६-२०६६),* त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, वि.सं. २०६८, पृ. १३२-१४२ ।

[११९] *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अंक-५, २०१५ भाद्र, पृ. २९-३० ।

नेपालका सबैजसो कलेजका छात्रहरू तथा स्टाफहरूको उपयोगका निम्ति एउटा 'केन्द्रीय पुस्तकालय' स्थापना गर्ने उद्देश्यबाट विभिन्न कलेजको प्रतिनिधित्व गराएर एउटा समिति गठन गरिएको थियो । यो पुस्तकालयबाट काठमाडौँ उपत्यका बाहिरका कलेजहरूले एक पटकमा छ देखि बाह्र महिनाका निम्ति सयौं पुस्तक सापट लिन पाउने योजना बनाइएको देखिन्छ । समितिमा देहायका कलेजका प्रिन्सिपलहरू संलग्न रहेका थिए ।[१२०]

| **प्रिन्सिपल** | **सम्बद्ध कलेज** |
|---|---|
| ए.गंगुली | त्रिचन्द्र कलेज |
| पी.पी.लोहनी | पब्लिक साइन्स कलेज |
| बी.बी.प्रधान | दरबार इन्टर कलेज |
| श्रीमती के.के.सिन्हा | पद्मकन्या कलेज |
| यस.डी.पन्त | नेपाल नेशनल कलेज |
| यस.यम.शर्मा | संस्कृत कलेज |
| आर.आर.पन्त | नेपाल ल कलेज |
| डी.आर.बज्राचार्य | पाटन इन्टरमिडिएट कलेज |
| यम.बी.मानन्धर | ठाकुरराम कलेज |
| यम.बी.श्रेष्ठ | धनकुटा कलेज |
| गंगाधर दत्त | जनकपुर इन्टर कलेज |
| यन.पी.अर्याल | मोरंग कलेज |
| यम.पी.रिजाल | महेन्द्र कलेज |

[१२०] ह्यु.बी.उड र अरू, *नेपालमा शैक्षिक प्रगतिको ६ वर्ष (श्री ५ को सरकार शिक्षा मन्त्रालय र युनाइटेड स्टेट अपरेसन मिसनको निम्ति काम गरिरहेको ओरेगन विश्वविद्यालयको सामुहिक प्रयासबाट विकास गरिएको योजनाको एक विवरण सन् १९५३-१९५९)*, काठमाडौँ: प्रकाशन विभाग, कलेज अफ एजुकेसन, सन् १९५९, पृ. ४७, ७० ।

त्रिभुवन विश्वविद्यालय कमिसनले कार्य सञ्चालन गर्नासाथ यसका सदस्य तथा पुस्तकालय कमिटीका अध्यक्ष प्रिन्सिपल भैरवबहादुरलाई पुस्तकालय व्यवस्थापनको जिम्मा दिइएको थियो । बिस्तृत अध्ययनपछि उनले कमिसनको २०१३ साल असार २१ गतेको अनौपचारिक वैठकमा पुस्तकालय कमिटीमा संलग्न गर्न उपयुक्त हुने व्यक्तिहरूको नाम प्रस्ताव गरेका थिए । 'लाइब्रेरी कमिटी' का नाममा साहित्य, सामाजिक, फुटकर र विज्ञान विभागहरूमा देहायका व्यक्तिलाई कमिटीमा संलग्न गरिएको थियो ।[१२१]

लाइब्रेरी कमिटी

***१ साहित्य विषय***

अङ्ग्रेजी

| | |
|---|---|
| १ श्री रेणुलाल | नारायणहिटी दरबार |
| २ श्री कृष्ण राज | त्रिचन्द्र कलेज |
| ३ श्री यदुनाथ | कालधारा |
| ४ श्री सूर्यबहादुर | त्रिचन्द्र कलेज |

नेपाली

| | |
|---|---|
| १ तीर्थ प्रसाद | कन्या कलेज |
| २ श्री इश्वरी बराल | कन्या कलेज |
| ४ श्री पुष्कर शमशेर | ने.भा.प्र.समिति, भद्रकाली |
| ५ श्री माधव प्रसाद घिमिरे | |

संस्कृत

| | |
|---|---|
| १ श्री गोकुल चन्द | त्रिचन्द्र कलेज |
| २ श्री हरिनाथ खनाल | त्रिचन्द्र कलेज |
| ३ श्री पढम प्रसाद | संस्कृत महाविद्यालय, पुतली सडक |

[१२१] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३/३/२१/४ का दिन ३ नं. गेष्ट हाउस त्रिपुरेश्वरमा बसेको अनौपचारिक वैठकमा भएको निर्णय ।

हिन्दी

| | |
|---|---|
| १ श्री खड्गमान मल्ल | पब्लिक सर्भिस कमिसन |

नेपाल भाषा

| | |
|---|---|
| १ श्री सत्य मोहन जोशी | सेंसस अफिस, गद्दी दर्बार अगाडि |
| २ श्री रत्नध्वज जोशी | ऐ |
| ३ श्री चित्तधर | तुछें गल्ली रक्तकाली |
| ४ श्री जगनमान बैद्य | पाटन, टुलगनखेल |

उर्दु

| | |
|---|---|
| १ मोलबी | दरबार हाईस्कूल |

## *२ सामाजिक विज्ञान विषय*

इतिहास

| | |
|---|---|
| १ श्री गोकुल चन्द्र | त्रिचन्द्र कलेज |
| २ श्री गोविन्द बहादुर | झोछें, |
| ३ श्री कमला कुमारी सिन्हा | पद्मकन्या कलेज |
| ४ श्री लक्ष्मी राणा | ऐ |
| ५ श्री हित नारायण झा | त्रिचन्द्र कलेज |

इकनमिक्स

| | |
|---|---|
| १ श्री साम्बदेव पाण्डे | त्रिचन्द्र कलेज |
| २ श्री ऐश्वर्य लाल | पाटन इन्टर कलेज |
| ३ श्री यादवप्रसाद पन्त | त्रिचन्द्र कलेज |

पलिटिक्स

| | |
|---|---|
| १ श्री गेहराज | दरबार इन्टर कलेज |
| २ श्री प्रद्युम्नलाल | पद्मकन्या कलेज |
| ३ श्री अंगुर बाबा | ऐ |
| ४ श्री बासुदेव मल्ल | संस्कृत महाविद्यालय, पुतली सडक |

फिलोसफि र साइकोलोजी

| | |
|---|---|
| १ श्री गोदत्त मान | त्रिचन्द्र कलेज |

२ श्री राम लक्षमण प्रसाद रौनियार इन्द्रचोक
३ श्री पुरुषोत्तमराज जोशी

सोसियलोजी

| | |
|---|---|
| १ श्री शारदा शर्मा | नक्साल |
| २ श्री सुशिला सिन्हा | पद्मकन्या कलेज |

### *३ फुटकर विषय*

ल

| | |
|---|---|
| १ श्री रामराज पन्त | त्रिचन्द्र कलेज |
| २ श्री रत्नबहादुर विष्ट | सर्वोच्च न्यायालय |
| ३ श्री नयनबहादुर | कानून मन्त्रालय |

कमर्स

| | |
|---|---|
| १ श्री इश्वरीलाल श्रेष्ठ | त्रिचन्द्र कलेज |
| २ श्री रामप्रसाद श्रेष्ठ | ऐ |
| ३ श्री गोपालमान | ऐ |

लाइब्रेरी

| | |
|---|---|
| १ श्री पूर्ण प्रसाद | त्रिचन्द्र कलेज |
| २ श्री लाइब्रेरियन | अमेरिकन लाइब्रेरी |
| ३ श्री लाइब्रेरियन | बिटिश रिडिङ रुम |
| ४ श्री लाइब्रेरियन | नेपाल भारत संस्कृत(?) केन्द्र |
| ५ श्री चौ. फत्यजंग शाह | वीर लाइब्रेरी |

### *४ साइन्स विषय*

| | |
|---|---|
| १ श्री सुरेन्द्र सिंह | त्रिचन्द्र कलेज |
| २ श्री अमृत प्रसाद | ऐ |
| ३ श्री शंकरप्रसाद प्रधान | ऐ |
| ४ श्री विजयशंकर सुक्ला | ऐ |

| | |
|---|---|
| ५ श्री शिवशंकर सिंह | ऐ |
| ६ श्री चिरंजीविलाल | नेपाल ब्यूरो अफ माइन्स |
| ७ श्री बलराम जोशी | त्रिचन्द्र कलेज |
| ८ श्री अमृतराज शाक्य | ऐ |
| ९ श्री डामिनी शाह | विशालनगर |
| १० श्री नारायण बहादुर | त्रिचन्द्र कलेज |
| ११ श्री धूप रत्न | ठहिटी, खाबाहाल |
| १२ श्री मित्र नाथ | डिल्लीबजार |
| १३ श्री केशव देव | त्रिचन्द्र कलेज |
| १४ श्री आशुतोष गंगुली | ऐ |

उल्लिखित विद्वानहरूलाई संलग्न गरिनुबाट कमिसनले विश्वविद्यालय पुस्तकालयलाई प्रमुख प्राथमिकतामा राखी स्तरीय एवम् व्यापक बनाउने नीति लिएको देखिन्छ । विश्वविद्यालय स्थापनाको तयारीका क्रममा कमिसनको एउटा समूह भारतका विभिन्न विश्वविद्यालयको अध्ययन भ्रमणमा गएको थियो । फर्केपछि कमिसनका एक जना सदस्य पब्लिक साइन्स कलेजका प्राध्यापक ध्रुवमानसिंह अमात्यले त्रिचन्द्र कलेजको पुस्तकालय भन्दा विश्वविद्यालयको पुस्तकालय छुट्टै भवनमा व्यवस्थित रूपमा स्थापना र सञ्चालन गर्नुपर्ने कुरामा निकै जोड दिएका थिए ।[१२२]

विश्वविद्यालय स्थापनाका महत्त्वपूर्ण पूर्वाधारमध्ये एउटा पुस्तकालय पनि हो । त्रिभुवन विश्वविद्यालय कमिसनले कामको थालनी गर्दा नै शुरुमा यस विश्वविद्यालयमा आर्टस्, साइन्स र ल तीन फ्याकल्टीहरू खडा गरी वि.ए., बि.एस्सी., अनर्स, एम.ए. र एम. एस्सी. कक्षाहरू चालुगर्ने योजना बनाएको सन्दर्भ माथि परिसकेको छ । सोही दृष्टिबाट कमिसनले विषयविज्ञ संलग्न एउटा पुस्तकालय कमिटी गठन गर्‍यो । यसरी गठन गरिएको पुस्तकालय कमिटीले सम्बन्धित विषयका

[१२२] ध्रुवमानसिंह अमात्य, "लिम्प्स अफ इण्डियन युनिभर्सिटी", *एजुकेसनल क्वाटर्ली,* भोलम-२, नं.-२, सन् जुन १९५८, पृ. ७४-८६ ।

लागि पाठ्यक्रमअनुसारका महत्त्वपूर्ण पुस्तकहरूको छनोट गर्ने तथा पुस्तकालय व्यवस्थापनको काम गर्ने कमिसनले अपेक्षा लिएको थियो ।[१२३]

## त्रिभुवन विश्वविद्यालय चार्टर

विश्वविद्यालय सञ्चालनका लागि चार्टर पनि त्यत्तिकै महत्त्वपूर्ण आधार हो । यसै विषयलाई हृदयङ्गम गरी कमिसनले प्रारम्भदेखि नै चार्टर निर्माणमा सक्रियता देखाएको थियो । कमिसनको अनौपचारिक वैठकमा चर्चा, छलफल एवम् निर्णयलाई औपचारिक वैठकमा छलफल गरी चाहिँदो थपघटका साथ सभापति समक्ष जाहेर गर्ने तथा औपचारिक वैठकमा आवश्यक छलफल र थपघटपछि शाही स्वीकृतिका लागि श्री ५ महाराजाधिराज समक्ष पेश गरेपछि मात्र सम्बद्ध निकायबाट चार्टर/ऐनलाई आधिकारिकता दिइने भएकाले धेरै पटकको प्रस्ताव/निर्णयलाई संशोधनपछि मात्र २०१६ सालमा 'त्रिभुवन विश्वविद्यालय ऐन' जारि गरिएको हो । यहाँ थालनीदेखि विश्वविद्यालयलाई के कस्तो रूपमा सञ्चालन गर्ने तथा कस्तो संरचनामा राख्ने प्रयास गर्दै अन्त्यमा त्यस अवस्थामा राखिएको रहेछ भन्ने झलक मिल्ने भएकाले सो सम्बन्धमा चर्चा गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय कमिसनले चार्टर तर्जुमा गर्दा केही सामान्य सिद्धन्तलाई अङ्गिकार गरेको देखिन्छ । यस क्रममा विश्वविद्यालयको अधिकार पत्रको मूल सिद्धान्त मुलुकको विधानअनुसार हुनु अति आवश्यक भएको आयोगको ठहर रह्यो । नेपाल सरकारको विधानसभा वा त्यस्तै कुनै सभाबाट मुलुकको विधान निर्णय हुन अरू समय लाग्ने भएकाले भावी हुने विधान यस्तो हुन सक्तछ भन्ने कमिसनले अनुमान गर्नुका साथै तत्कालीन परिस्थितिलाई पनि सुहाउँदो र विश्वविद्यालय जस्तो स्वतन्त्र, अटोनोमस संस्थालाई उचीत अधिकार पत्रको तर्जुमा गर्नु पर्ने आयोगले दायित्व महशुस गरेको थियो । त्यस्तै कमिसनले प्रजातान्त्रिक सिद्धान्त अपनाउनु उत्तम ठान्नेर ब्रिटिश

[१२३] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार २१ गतेको वैठकको निर्णय ।

प्रजातन्त्रको ढाँचामा नेपाललाई सुहाउँदो किसिमको अधिकार पत्र तर्जुमा गर्ने लक्षका साथ यो चार्टर तयार गरेको देखिन्छ ।[१२४]

राणाशासनको अन्त्यपछि प्रजातन्त्रको स्थापनाका क्रममा रहेको नेपाल 'अन्तरिम शासन विधान-२००७' र सोको संशोधनका आधारमा सञ्चालन हुँदैगरेकाले मुलुकले अझ कस्तो शासन व्यवस्था अङ्गाल्ने हो भन्ने स्पष्ट भइसकेको थिएन । यस परिवेशमा कमिसनलाई विश्वविद्यालयको चार्टर तर्जुमा गर्नका लागि पनि स्पष्ट दिशानिर्देश भएको पाइँदैन । त्यसै कारण यसका सदस्यहरूले माथि उल्लिखित परिधिभित्र रहेर चर्टर तर्जुमा गरेको देखिन्छ । कमिसनका सदस्यहरू, शाहीसदस्यहरू, उपसभापति तथा सभापति; शिक्षा मन्त्रालयका पदाधिकारी, शिक्षामन्त्री, प्रधानमन्त्री तथा श्री ५ महेन्द्रका दृष्टिमा विश्वविद्यालय सञ्चालन सम्बन्धी दृष्टिकोण फरक फरक रहन सक्ने परिवेशमा चार्टर तर्जुमा गर्नु कमिसनका सदस्यहरूलाई ठूलै चुनौती रहेको थियो । त्यसैले त एउटै विषयमाथि पटक पटक संशोधन गरिए तापनि अन्त्यमा 'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' मा कमिसनले शिफारिस नगरेका थुप्रै सन्दर्भ परेको देखिन्छ । जेहोस् सो ऐनको खाका तयार गर्ने कार्यमा कमिसनको उल्लेख्य योगदान रह्यो ।

कमिसनले थालनीमा नै 'विश्वविद्यालय एक्ट' र 'चार्टर' तर्जुमा गर्ने दायित्व प्रिन्सिपल भैरवबहादुरलाई दिएको देखिन्छ । फलस्वरूप कमिसनको २०१३ साल जेठ ८ गतेको अनौपचारिक वैठकमा नै निजले तर्जुमा गरेको एक्ट र चार्टरको कपीहरू अध्ययनका लागि सदस्यहरूमा सर्कुलेट गरे पछि विचार विमर्स गरेर मात्र मसौदालाई कानून कमिटीमा राखियो । यहाँ उल्लेख्य सन्दर्भ के छ भने गठन गरिएको एक महिना जतिमा नै भैरवबहादुरले आवश्यक तयारीकासाथ वैठक सामू 'त्रिभुवन विश्वविद्यालय एक्ट, चार्टर' पेश गर्नुबाट  कमिसनका सदस्यले कति लगनकासाथ काम गरेका रहेछन् भन्ने स्पष्ट हुन्छ । जेहोस् यसरी पेश

---

[१२४] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन २ गतेको वैठकको निर्णय ।

गरिएको एक्ट र चार्टरको मसौदालाई पटक पटक परिमार्जन गरिएको देखिन्छ ।

विश्वविद्यालयका लागि तर्जुमा गर्नुपर्ने चर्टर, एक्टलगायतले समस्त विषयलाई समेट्नु पर्ने भएकाले कमिसनले विषयविज्ञलगायत भारतका कतिपय विश्वविद्यालयका चर्टर, एक्टको अध्ययन गर्नु परेको थियो । त्यस्तै अनौपचारिक वैठकहरूमा पटक पटक यस्ता विषयमा छलफल गरी औपचारिक वैठकले स्वीकृति दिने काम निरन्तर गरियो । समग्रमा कमिसनले तयार गरेको ऐनलाई नै त्रिभुवन विश्वविद्यालय ऐन बनाइएको देखिन्छ । यद्यपि यसका सम्बन्धमा विभिन्न वैठकहरूमा विभिन्न किसिमबाट तिनको तयारी एवम् छलफल गरिएको थियो । यहाँ उदाहरणका लागि ती विषयलाई चर्चा गरिएको छ ।

कमिसनको ताहचल दरबारमा २०१३ साल असार २३ गतेको सातौँ औपचारिक वैठकमा पहिलो पल्ट चार्टर एवम् एक्टका केही सन्दर्भलाई निर्णय नै गरियो जसमा विश्वविद्यालयका कलेजहरूको प्रिन्सिपलहरू सिण्डिकेटको एक्स अफिसियो मेम्बर हुने, पहिलो दर्जाका एफिलिएटेड कलेजहरूका कर्मचारी बाहेक सिनेट मेम्बरमध्ये तीन जना प्रतिनिधिहरू सिण्डिकेटका लागि सिनेटले छान्ने, विद्यमान विश्वविद्यालय कमिसनबाट ३ देखि ५ सम्मको संख्यामा चान्सलरबाट सिण्डिकेटमा मनोनित हुने, सिनेट वा सिण्डिकेटको एक्स अफिसियो मेम्बरहरू साधारण मेम्बर हुने, पहिलो सिण्डिकेटको अवधि ३ वर्षको हुने भन्ने जस्ता विषय परेका थिए । त्यसै बखत विश्वविद्यालयको ध्येय, प्रियमबललाई हेरफेर गरी नेपाली भाषामा लेख्नका लागि कमिसनले लक्ष्मीप्रसाद देवकोटालाई जिम्मेवारी दिएको थियो ।

त्यस्तै विश्वविद्यालयलाई रु. पाँच लाख र सो भन्दा बढी चन्दा आएमा दाताहरूमधयेबाट दुई जना प्रतिनिधि सिनेटमा लिने तर पाँच लाखभन्दा कम र दुई लाखसम्म आएमा एक जनामात्र प्रतिनिधि हुने । दुई लाखभन्दा कम चन्दा आएमा चन्दा दाताहरूको प्रतिनिधि नरहने, पहिले घोषित हुने सिनेट पाँच वर्षका लागि हुने, पहिला चान्सलर सात वर्षका लागि हुने, पहिला भाइस चान्सलर ६ वर्षका लागि हुने, पहिलो सिनेट

अन्दाजी ५० जवानको हुने, सिनेटको वैठक वर्षको दुई पटक हुने, तत्काल नेपालमा सञ्चालनमा रहेका पहिला दर्जाका कलेजहरूको प्रिन्सिपलहरूलाई सिनेटको एक्स अफिसियो सदस्य बनाउने, नेपालमा भएका इन्टरमिडिएट कलेजहरूमध्ये ५ वर्ष चलिसकेका कलेजहरूको प्रिन्सिपलहरू सिनेटको सदस्य बनाउने, शिक्षा र विश्वविद्यालय सम्बन्धी विषयमा विशिष्ट सेवा गर्ने स्वदेशी या विदेशी प्रतिष्ठितहरूलाई सिनेटको अनररी फेलोज बनाउने । यस्ता फेलोजको संख्या ५ भन्दा बढी नरहने तथा तिनीहरूलाई मतदान दिने अधिकार नदिने, तत्काल खडा भएको विश्वविद्यालय कमिसनका शाही सदस्यहरू र सेक्रेटरीसमेत सदस्यहरू सबै सिनेटको सदस्य हुने, ओरिएन्टर अर्निगबाट एक जना सिनेटको सिफारिसमा चान्सलरबाट सिनेटको मेम्बर मनोनित हुने, विश्वविद्यालयका डिनहरू, विभागका हेडहरू तथा रजिष्ट्रार सिनेटको मेम्बर हुने, वाणिज्य र उद्योगबाट दुई जना सिनेटको सिफारिसमा चान्सलरबाट सिनेटको मेम्बर मनोनित हुने भन्ने जस्ता विषयलाई पनि समेटिएको थियो ।

माथि नै उल्लेख भइसकेको छ कि कमिसनका सदस्य प्रिन्सिपल भैरवबहादुरले प्रायः चार्टरको मसौदालाई वैठकमा पेश गरेको देखिन्छ । एउटा अनौपचारिक वैठकमा चान्सलरको अवधि सकिएमा चान्सलरले श्री ५ महाराजधिराजको स्वीकृति लिई मनोनित गर्ने, पहिलो भाइस चान्सलरबाट मनोनित हुने र नियुक्तिका लागि श्री ५ महाराजधिराजबाट स्वीकृति बक्सिने, पहिलो भाइस चन्सलरको अवधी कालको अन्त्यमा भएमा सिनेटले भाइस चान्सलर पदको अलग्गै एउटै मात्र नाम चान्सलरका समक्ष पेश गर्ने र चान्सलरबाट स्वीकृति बक्सिने भन्ने सिफारिस भयो । त्यस्तै सिनेटको सदस्यमा सर्वोच्च न्यायालयको प्रधान न्यायाधीश सिनेटको एक्स अफिसियो मेम्वर हुने, शिक्षा/पब्लिक वर्क र स्वास्थ्यका डाइरेक्टरहरू सिनेटको एक्स अफिसियो मेम्बर हुने, अफिसिएटेड पहिला दर्जाका कलेजको डिपार्टमेन्टल हेडहरूबाट पालैसित सिनियोरीटिका आधारमा दुई जनाको मेम्वर हुने, सिनेटको सिफारिसमा प्रोफेसन/ व्यवसाथ/ शिक्षा/ मेडिसिन/इञ्जिनीयरिङ/टेक्नोलजी/विज्ञान र कानूनबाट दुई जना चान्सलरबाट मनोनित हुने, संस्कृत विद्वानहरूबाट सिनेटको सिफारिसमा दुई जना चान्सलरबाट मनोनित हुने, ओरिएन्टल अर्गेनबाट सिनेटको

सिफारिसमा चान्सलरबाट एक जना मनोनित हुने, विश्वविद्यालयका डिनहरू, विभागका हेडहरू, मेम्बर तथा रजिष्ट्रार सिनेटको सेक्रेटरी हुने तथा वाणिज्य र उद्योगबाट सिनेटको सिफारिसमा चान्सलरबाट दुई जना मनोनित हुने व्यवस्थाका लागि सिफारिश गरियो ।[१२५]

चार्टर तर्जुमाका क्रममा नै विश्वविद्यालयको भिजिटर श्री ५ महाराजधिराज हुन उचित देखिने र भिजिटरको नाम 'शाही भिजिटर' राख्ने प्रस्ताव गरियो । त्यस्तै भिजिटरले चार्टरबमोजिम विश्वविद्यालय चले-नचलेको निरीक्षण गर्ने तथा राष्ट्र संकटमा भएमा विश्वविद्यालयको सञ्चालनमा भिजिटरले आवश्यक परिवर्तन गर्न सक्ने अधिकार दिइने भयो ।

सिनेटको मिटिङ् र कन्भोकेसन चान्सलरको सभापतित्वमा गर्ने, विश्वविद्यालयको हरेक वैठकमा भाइस चान्सलरले सभापतित्व ग्रहण गर्ने र चान्सलरको अनुपस्थितिमा सिनेट र कन्भोकेसनको पनि सभापतित्व गर्ने व्यवस्था सिफारिस गरियो । कलेजहरू नीरिक्षण गर्ने अधिकारसमेत भाइस चान्सलरलाई नै दिइने भयो । सिनेटको कुनै मेम्बरले पद त्याग गर्ने भएमा चान्सलरसमक्ष राजीनामा गर्नुपर्ने भयो ।

सिन्डिकेट

'सिण्डिकेट' विश्वविद्यालयको एक्जिक्यूटिभ गभर्मेन्ट हुने जसमा १५ भन्दा बढी सदस्य नहुनु वेश हुने, भाइस चान्सलर सिण्डिकेटको एक्स अफिसियो मेम्बर च्येयरम्यान हुने तथा 'एक्स अफिसियो मेम्बर' मा विश्वविद्यालयका अध्यक्ष, फेकल्टिको सिनियर मेम्बर वा डिनहरू, विश्वविद्यालयका कलेजहरूको प्रिन्सिपलहरू तथा नेपाल सरकारको डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्सन् हुने भनियो । सिण्डिकेटको सदस्यमा पहिला दर्जाका एफिलिएटेड कजेजहरूका प्रिन्सिपलहरूमध्ये दुई जना, विश्वविद्यालयमा र एफिलिएटेड कलेजहरूका कर्मचारी बाहेक सिनेट

---

[१२५] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार २७ गतेको वैठकको निर्णय ।

मेम्बरमध्ये सिण्डिकेटले छानेका तीन जना प्रतिनिधिहरू, विद्यमान विश्वविद्यालय कमिसनका सदस्यहरूमध्येबाट चान्सलरले मनोनित गर्ने ३ देखि ५ जना, सिनिरियोरिटिका आधारमा विश्वविद्यालयका विभागका हेडहरूमध्ये दुई जना तथा सिनेट वा सिण्डिकेटको एक्स अफिसियो मेम्वरहरू सिण्डिकेटको साधारण मेम्बर हुने भनियो । त्यस्तै सिण्डिकेटको अधिकार र कामहरू स्टाच्युट्सबाट तोकिए बमोजिम हुने निर्धारण गरियो ।

मृत्यु, राजीनामा वा अरू कुनै कारणले सिण्डिकेटमा साधारण मेम्वरको ठाउँ खाली हुन गएमा सिनेटका मेम्वरहरूबाट सो ठाउँ पुर्ति गराउने भयो । यसरी ठाउँ पुर्ति गर्न आउने मेम्वरको अवधि सिनेटको अर्को साधारण सभासम्म मात्र हुने व्यवस्थाको प्रस्ताव गरियो । पहिलो सिण्डिकेटको अवधि ३ वर्षको हुने भयो । यस पटक भने विश्वविद्यालय सभाले विश्वविद्यालयको ध्येय/प्रियम्बललाई हेरफेर गरी नेपाली भाषामा तयार गर्ने जिम्मेवारी सभाका सदस्य लक्ष्मीप्रसाद देवकोटालाई दिइयो ।[१२६]

कोषाध्यक्ष भाइस चान्सलरको बिरामी, छुट्टी वा अरू कुनै कारणले कोषाध्यक्ष वा भाइस चान्सलर पद अल्पकालका लागि खाली हुन आएमा सिण्डिकेटले सो कुरा तुरुन्त चान्सलरमा रिपोर्ट गर्ने र चान्सलरले ती पद वा पदहरू पूर्ति गर्ने इन्तजाम गरिने भयो ।

भाइस चान्सलर (उपकुलपति)

विश्वविद्यालयको चान्सलरको अवधि असीमित समयका लागि हुनु उचीत ठहराउँदै चान्सलरले राजीनामा गरेमा आफ्नो उत्तराधिकारी मनोनित गर्ने अधिकार निजलाई नै दिइयो । यसका लागि शाही स्वीकृतिको जरुरत देखिएन । त्यस्तै विश्वविद्यालयमा प्रो-चान्सलर पनि हुनु पर्ने भयो । चान्सलरको अनुपस्थितीमा प्रो-चान्सलरले सिनेट र कन्भोकेसनमा सभापतिको आसन ग्रहण गर्ने भए । दुवैको अनुपस्थितीमा भाइस चान्सलरे सोको सभापतित्व ग्रहण गर्ने भए । श्री ५ महाराजधिराज शाही भिजिटर

---

[१२६] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार ३२ गतेको वैठकको निर्णय ।

नभइ लर्डरेक्टर वा तत् ब्रिटिश राजको विश्वविद्यालय सम्बन्धी उपाधिहरूको विचार गरी अर्कै नाम दिने तय गरिएको थियो ।

भाइस चान्सलर विश्वविद्यालयको मुख्य कार्यकारिणी र अकाडेमिक अफिसर हुने, उनी नै सिण्डिकेट तथा काउन्सिलको सभापति हुने र विश्वविद्यालयका सभाहरूमा सभापति हुने भए तापनि भाइस चान्सलरले बराबर मतदानको अवस्थामा मात्र मतदान गर्ने भए । सिनेट, सिण्डिकेट, अकाडेमिक काउन्सिल वा अरू कुनै बडीको सभा बोलाउने अधिकार भाइस चान्सलरको हुने र यही आधारमा उनले यी अधिकार विश्वविद्यालयका अरू कुनै अफिसरलाई हस्तान्तरणसमेत गर्न सक्ने भए । विश्वविद्यालय चार्टर, स्टाच्युट्स, रेगुलेसन, अर्डिनेन्सेज र रुल्स मुताबिक चलेको छ छैन भनी हेर्ने दायित्व भाइस चान्सलरलाई दिइयो ।[१२७]

सिनेट

कमिसनले पहिलो सिनेट को स्टाच्युट्स चार्टरसँग तयार गरिने, सिडुलबमोजिम हुने, पहिलो सिनेटले चार्टरसँग मिल्ने गरी सो सेडुलको स्टाच्यूट्स थप गर्ने र संशोधन गर्ने अधिकार हुने निर्धारण गऱ्यो । तर स्टाच्यूट्स झिक्ने, रद्द गर्ने अधिकार भने यसलाई नहुने बनाइयो ।

रेगुलेसन्स र अर्डिनेन्सेज संशोधन गर्ने, सहमत गर्ने र काट्ने अधिकारसमेत सिनेटलाई दिइयो । विश्वविद्यालयका लागि हिसाब राख्ने तरिका निधो गर्ने; वार्षिक रिपोर्ट, वार्षिक हिसाव र आर्थिक लगत उपर विचार गरी निर्णय गर्ने; विश्वविद्यालयको कोषाध्यक्षको अध्यक्षतामा हुने अर्थ कमिटीको सदस्यहरू सिनेटकै सदस्यहरू मध्येबाट बनाउने; भाइस चान्सलरको तलब, भत्ता र नोकरीको शर्तहरू निर्धारण गर्ने जस्ता कार्याधिकार सिनेटलाई दिइयो ।

[१२७] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन ७ गतेको वैठकको निर्णय ।

सिनेटले विश्वविद्यालय सम्बन्धी सबै कुराहरूको बारेमा स्टाच्युट्स बनाउने अधिकार राख्दथ्यो । यसका साथै यसले सिनेटमा प्रतिनिधित्व गर्ने सदस्यहरूको निर्धारण गर्नु परेमा सो निर्वाचन गर्ने तरिका निधो गर्ने, सिण्डिकेटको सदस्यहरूमध्ये निर्वाचन र निर्वाचित सदस्यहरू बारे सबै कुराहरू निधो गर्ने, फ्याकल्टिहरूको संगठन खारेज गर्ने र सिण्डिकेटका एक्स अफिसियो सदस्यहरू बाहेक फ्याकल्टीहरूको अरू प्रतिनिधित्व गराउने, फ्याकल्टिज, बोर्ड अफ स्टडिज र विश्वविद्यालयका तत्सम अरू अङ्गहरूको संगठन गर्ने र तिनीहरूको अधिकार र कर्तव्यहरूको निधो गर्ने, रेजिष्ट्रार र अरू अफिसर कर्मचारीहरू तथा प्रोफेसर, रिडर, लेक्चरर र इन्स्ट्रक्टरहरूको कामको निधो गर्ने जस्ता कार्यको दायित्व त्रिभुवन विश्वविद्यालय कमिसनले सिनेटको अख्तियारी भित्र राखेको थियो ।

कमिसनले प्रस्तावित चार्टरमा सिनेटलाई बाहिरीया कलेजहरूको एफिलिएसन र डिस्अफिलिएसनको निधो गर्ने, विश्वविद्यालयमा विद्यार्थीहरूको भर्ना र परीक्षा लिने, विश्वविद्यालयमा विद्यार्थीहरूको बसोबासको प्रबन्ध गर्ने, एक्जामिनरको नियुक्ती तथा उनीहरूको अधिकार र कर्तव्यहरू निधो गर्ने, डिग्री, डिप्लोमा, सर्टिफिकेट र अरू अकाडेमिक चिन्हहरू प्रदान र जफत गर्ने, विश्वविद्यालयको सर्वाङ्गिण अनुशासन कायम गराउने, अफिलिएटेड कलेजहरू तथा आफ्नो विद्यार्थीहरूको रेजिष्टार राख्ने तथा अफिलिएटेड कलेजमा विद्यार्थीहरूको ट्रान्सफर तथा विश्वविद्यालयको पढाइ सम्बन्धी विद्यार्थीहरूसँग लिने फि निर्धारण गर्ने जस्ता दायित्व दिएको थियो ।[१२८]

एकाडेमिक काउन्सिल

एकाडेमिक काउन्सिलमा निम्न लिखित व्यक्तिहरू सदस्य हुने प्रस्ताव गरियो;[१२९]

---

[१२८] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन १० गतेको वैठकको निर्णय ।

[१२९] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन ११ गतेको वैठकको निर्णय ।

क  भाइस चान्सलर एक्स अफिसियो                चेयरम्यान

ख  फ्याकल्टिका डिनहरू एक्स अफिसियो

ग  डिन नभएका युनिभर्सिटी प्रोफेसरहरू

घ  एफिलिएटेड कलेजका युनिभर्सिटी प्रोफेसरका लेभेलमा भएका प्रोफेसरहरूमध्येबाट सिनियोरिटिका आधारमा सात जना छानिने तथा

ङ  युनिभर्सिटीका रिडरहरूमध्येबाट सिनियोरिटीको आधारमा दुई जना छानिने,

एकाडेमिक काउन्सिलको अवधी तीन वर्षको लागि हुने, एक्स अफिसियो सदस्यहरू बाहेक अरू सदस्यहरूले जुन पदको आधारमा एकाडेमिक काउन्सिलको सदस्य भएका हुन् सो पद त्याग गरेका मितिदेखि एकाडेमिक काउन्सिलको सदस्यता हरण हुने प्रस्ताव गरियो ।

विश्वविद्यालयको आकाडेमिक बडी 'आकाडेमिक काउन्सिल' हुने र चार्टर, स्टाच्युट्स र अर्डिनेन्सेजको अधिनमा रही विश्वविद्यालय र कलेजहरूमा शिक्षा प्रदानको संगठन गर्ने, पाठ्यक्रम तयार गर्ने, विद्यार्थीहरूको अनुशासन कायम गर्ने, परीक्षा लिने, साधारण र अनररी डिग्रीहरू दिने अधिकार पनि अकाडेमिक काउन्सिललाई दिइयो ।[१३०] आकाडेमिक काउन्सिललाई उच्च शिक्षा र अनुसन्धानको प्रोत्साहन र प्रबन्ध गर्ने मुख्य जिम्मेवारी प्रस्ताव गरियो ।

फ्याकल्टि

विश्वविद्यालयमा तत्काल आर्टस्, साइन्स तथा ल फ्याकल्टि स्थापना गरिनाका साथै विश्वविद्यालयको स्टाच्यूटसबाट निर्धारित भए मुताबिक अन्य फ्याकल्टिहरू स्थापना गरिने योजना बनाइयो । यसरी स्थापना गरिएका सबै फ्याकल्टिहरू एकाडेमिक काउन्सिलको अधिनमा रही

---

[१३०] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन ५ गतेको वैठकको निर्णय ।

शिक्षा प्रदान गर्ने, पाठ्यक्रम र अनुसन्धानको कामहरू र स्टाच्यूट्स, अर्डिनेन्स, रेगुलेसनबाट निर्धारित भए बमोजिमका अन्य कामहरू फ्याकल्टिहरूले सम्पादन गर्ने भनियो । फ्याकल्टिका सदस्यहरूको संख्या र छानिने तरिका स्टाच्युट्स र अर्डिनेन्सेजले निर्धारित गरे बमोजिम हुने भयो ।

अर्थ

त्रिभुवन विश्वविद्यालय कमिसनले चार्टरमा उल्लेख गरेका कुराहरूका लागि विश्वविद्यालयको मातहतमा एक कोष रहने र सो कोषको नाम 'त्रिभुवन विश्वविद्यालय कोष' रहने भयो । कोषमा विश्वविद्यालयका लागि नेपाल सरकारबाट प्राप्त भएका सबै रकमहरू तथा चार्टर स्टाच्युट्स अर्डिनेन्सेज, रेगुलेसन्स र नियमहरूको पालना गर्नका लागि विश्वविद्यालयले लिएको ऋणको रकमका अतिरिक्त विश्वविद्यालयअन्तर्गत स्थापना भएको वा विश्वविद्यालयले पालेको विभाग वा संस्थाहरूबाट भएको आम्दानी रकमहरू र यो चार्टर र सो अन्तर्गत बनेका स्टाच्युट्स अर्डिनेन्सेज, रेगुलेसन्स र नियमहरूको आधारमा विश्वविद्यालयमा आम्दानी भएका रकमहरू राखिने भए । त्यस्तै कोषमा विश्वविद्यालयका निम्ति आएका गुठिहरूको नाफा, व्याजहरू र कुनै व्यक्ति वा संस्थाहरूबाट प्राप्त भएको चन्दा, दानका रकमका साथै विश्वविद्यालय सम्बन्धि प्रस्तावित चार्टर र सोअन्तर्गत बनेका स्टाच्युट्स, अर्डिनेन्स र रेगुलेसन्सको आधारमा भएका शुल्कका रकमसमेत जम्मा गरिने भयो ।

विश्वविद्यालय कोषलाई भने नेपाल सरकारका बैंक कानूनका आधारमा खडा भएको बैंक वा सिनेटले स्वीकृति दिएको सेक्यूरिटिजहरूमा राख्ने व्यवस्था गरियो ।

कानून कमिटी

कमिसनले २०१३ साल साउनको मध्यतिरसम्म विश्वविद्यालय अधिकार पत्र मसौदाको सबै अङ्गहरू तयार गरिसेको थियो । त्यसै कारण सो मसौदामा आवश्यक थपघट गरी आखिरी रूप दिनका लागि विशेषज्ञहरूको राय लिनु आवश्यक तथा उपयुक्त ठानेर कमिसनले

विशेषज्ञहरू संलग्न एउटा 'कानून कमिटी' समेत गठन गरेको थियो । त्रिभुवन विश्वविद्यालय ऐनलगायतलाई पूर्णता दिनका लागि गठन गरिएको कानून कमिटीमा कानुन मन्त्रालयका सेक्रेटरी नयन बहादुर, न्यायाधिस सिद्धिबहादुर, सरदार कृष्ण बहादुर तथा काजी माणिक लाल चार जनालाई संलग्न गरियो ।[१३१]

यो निर्णयका साथै कमिसनले विश्वविद्यालयलाई चाहिने स्टाच्यूट्सको तर्जुमा गर्ने बारे छलफल गर्‍यो भने मसौदा अधिकारपत्र कानून कमिटीको रायबाट सरकारमा पेश गर्नु भन्दा पहिले नै स्टाच्युटस पनि तयार भएमा उचीत हुने ठहरायो । २०१३ साल भदौ १८ गते को औपचारिक वैठकमा मसौदा कानून कमिटिमा छलफल भएको विषय र विश्वविद्यालय जस्तो संस्थालाई चाहिने अधिकार पत्र चार्टरको रूपमा हुनु पर्दछ भन्ने बेहोरा सभापति समक्ष जाहेर गरियो ।

त्रिभुवन विश्वविद्यालय कमिसनले यसपछि पनि चर्टरको मसौदा तयार गर्ने कार्यलाई निरन्तरता नै दिएको देखिन्छ । यसले आफ्नै किसिमबाट चार्टरको मसौदा तयार गरे तापनि सोलगायत विश्वविद्यालय सम्बन्धमा अझ जानकारी लिनका लागि पटना विश्वविद्यालयमा जानुपर्ने कमिसनले ठहर गरेको थियो । वैठकले यसका लागि पटना विश्वविद्यालयसँग विशेष सम्बन्ध भएका कमिसनका सदस्यहरू डाइरेक्टर शारदाप्रसाद र प्रिन्सिपल भैरव बहादुरहरूलाई पटना पठाउन सिफारिस गरेको थियो । दुई जना एक हप्ताका लागि पटना विश्वविद्यालय जान, बस्न र आउनका लागि एक जनाका लागि भा.रु.८४७/- रकम आवश्यक पर्ने कुरासमेत सभापति समक्ष जाहेर गरियो । त्यस्तै त्रिभुवन विश्वविद्यालय कमिसनको विधानमाथि पुनः विचारका साथ उचीत थपघट गरी प्रस्तावित नयाँ विधान अध्यक्ष श्री ५ मुमा बडा महारानीहरूका समक्ष पेश गरेको । यसरी सिफारिस गरिएको प्रस्तावित विश्वविद्यालय ऐनमा 'श्री ५ महाराजाधिराजबाट विश्वविद्यालयका लागि बक्सिने अधिकार पत्रको

---

[१३१] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन १४ र १६ गतेको वैठकको निर्णय ।

शीर्षक 'कानुन' नभइ हाललाई 'शाही चार्टर' (लालमोहर) को रूपमा यथाशीघ्र हुनु आवश्यक रहेको तथा विश्वविद्यालयको नाम 'त्रिभुवन विश्वविद्यालय' नै हुने' भनियो ।[१३२]

गभर्निङ बडी

विश्वविद्यालय प्रशासकीय परिषद्‌लाई 'कमिसन' नाम राखियो । त्रिभुवन विश्वविद्यालय कमिसन विश्वविद्यालयको पूर्ण तथा निर्माण उद्देश्य लिएर खडा भएको निर्माणात्मक आयोग रहेको कुरालाई स्वीकार गरियो ।

प्रशासकीय परिषद्, कमिसन वा कोर्ट वा सिनेटमा तीन वटा एक्स अफिसियो मन्त्रीहरू रहने भन्ने सुझाव दिइयो । प्रगतिशिल सिद्धान्तअनुसार एक विश्वविद्यालय जस्तो स्वशासित संस्था राजनैतिक र सरकारी हस्तक्षेपबाट अलगरही पूर्ण स्वतन्त्रता कायम राख्ने नै विश्वविद्यालयको आदर्शसँग संगत मानियो । त्यसैले विश्वविद्यालयको प्रशासकिय परिषद्‌मा मन्त्रीहरू वा राजनैतिक व्यक्तिको समावेश निषेध गर्नु नै उपयुक्त हुने कमिसनको ठहर रह्यो ।

सुविधाको प्रशासकिय परिषद्‌मा मुलुकको भौगोलिक, व्यवसायत्मक, औद्यौगिक, सामाजिक प्रतिनिधित्व संलग्न गराइने भएकाले एक राष्ट्रिय विश्वविद्यालयको हरेक विभाग तथा यस्ता प्रकारका प्रतिनिधि आवश्यक हुने निकायमा कमसेकम ३० जवानको संलग्नता हुनु उपयुक्त भएको कमिसनको दृष्टिकोण थियो । यसका साथै त्रिभुवन विश्वविद्यालयको स्थापनापछि नेपाल भित्रका सबै उच्च शिक्षण संस्थाहरू यही विश्वविद्यालयकाअन्तर्गत हुनु पर्ने पनि कमिसनले निर्णय गऱ्यो ।

त्रिभुवन विश्वविद्यालय कमिसनको वैठकहरूबाट सिफारिस गरिएको त्रिभुवन विश्वविद्यालयलाई पहिले एफिलिएटिङ विश्वविद्यालय

[१३२] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल कार्तिक ९ गतेको वैठकको निर्णय ।

बनाउनाका साथै टिचिङ र रेजिडेन्सियल बनाउने कार्यविधी र कार्यक्रम पारित गरियो ।[१३३]

विश्वविद्यालय अधिकार पत्रको मसौदामा विश्वविद्यालयमा श्री ५ मुमा बडामहारानीहरू तथा श्री ५ अधिराजकुमारहरूको स्थानका सम्बन्धमा पनि विस्तृत छलफल भएको देखिन्छ । यस सम्बन्धमा मौसुफहरूका प्रयासले त्रिभुवन विश्वविद्यालय स्थापना हुने भएकोले विश्वविद्यालयमा पछी पनि मौसुफहरूको निगाहा रहनु उचीत भएकाले उक्त मसौदामा चाहिँदो परिवर्तन गर्ने तथा विश्वविद्यालय सञ्चालनमा आउँदासम्म नेपालका कलेजहरूको सम्बन्ध पटना युनिभर्सिटीसँग भइरहेकाले अब चाँडैनै त्रिभुवन विश्वविद्यालयले तत्कालका लागि एफिलिएटिङ युनिभर्सिटीको रूपमा काम गर्नु पर्ने भन्ने सिफारिस गरिएको थियो ।

समग्रमा त्रिभुवन विश्वविद्यालय कमिसनले बडो मिहिनेतका साथ तयार गरेको भावि विश्वविद्यालयको ऐनको अन्तिम मसौदामा कतिपय परिमार्जन गरेरमात्र २०१६ सालमा 'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' जारी गरिएको देखिन्छ। वास्तवमा त्रिभुवन विश्वविद्यालय ऐन-२०१६ सोही कमिसनको प्रयासको परिणाम थियो ।

## भवन निर्माण

विश्वविद्यालय कमिसनले काम थालनी गर्दादेखि नै विश्वविद्यालयका लागि भवनको व्यवस्था गर्न लागेको थियो। यसका लागि २०१३ साल वैशाखको पहिलो हप्ताको वैठकमा विभिन्न कमिटीहरू गठन गर्ने क्रममा डाइरेक्टर खडगनरसिंह राणाको अध्यक्षतामा 'भवन निर्माण कमिटी' गठन गरिएको हो । यसको दुई महिनाजतिपछि भवन निर्माणसँग सम्बद्ध विभिन्न विषयलाई सभापति समक्ष जाहेर गर्ने निर्णय भयो ।[१३४]

[१३३] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार ५-७ तथा सोही असार १४ गतेको औपचारिक वैठकको निर्णय ।

[१३४] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल जेठ ३० गते वैठकको निर्णय ।

भवन निर्माणका लागि सबैभन्दा पहिला जमिन आवश्यक पर्ने कुरा स्वाभाविकै थियो । त्यसैले सर्वप्रथम जमिनको टुङ्गो लगाउनु पर्ने कुरालाई कमिसनले पहिलो प्राथमिकतामा राख्यो । यसका साथै भवनको नक्सा तथा लेआउट तयार गर्ने क्रममा ल्पान र डिजाइनका लागि अमेरिका, हिन्दुस्थान, जापान, स्वीट्जरलैण्ड, बेलायत, चीन र फ्रान्सका स्थापत्य कलाकारहरूबाट स्कीमहरू मगाउने र तिनीहरूमध्ये छानिएका स्कीमका विषेशज्ञ वा विशेषज्ञहरूलाई परामर्शका लागि कुनै एड प्रोग्रामअन्तर्गत नेपालमा बोलाउनु पर्ने कमिसनको ठहर रह्यो । त्यस्तै आधुनिक किसिमबाट भवनको डिजाइन गरे तापनि नेपालको संस्कृति, कला दर्शाउने र वैज्ञानिक आवश्यकताहरूको पुर्ति हुनुपर्ने कुरालाई विषेश महत्त्व दिइएको थियो ।

यसरी विश्वविद्यालयको लेआउट, ल्पान र डिजाइनको निधो भएपछि तत्कालका लागि के कस्ता भवन आवश्यक भएको हो सोको टुङ्गो लगाई सोहीबमोजिम निर्माणलाई नै प्राथमिकता दिन सल्लाह दिइयो । यस क्रममा तत्काल आवश्यक भवन निर्माणका लागि चाहिने सामग्री र साधनहरूको बन्दोबस्त गर्ने काम भवन निर्माणको डिजाइन ग्रुपको सिफारिसमा कमिसनबाट हुने भनियो । यी कामका लागि विभिन्न देशहरूसँग सम्पर्कका लागि सुविधा उपलब्ध गराउन, आवश्यक विशेषज्ञहरू बोलाउने र तिनीहरूलाई यातायात र बस्ने सुविधा, सामग्री र साधानको कोटाको सुविधा आदिका लागि कमिसनले नेपाल सरकारबाट मद्दत लिनुपर्ने स्वाभाविकै थियो ।

अध्ययनका क्रममा भवन निर्माण स्थलको क्षेत्रफल कमसेकम १,००० (एक हजार) रोपनी हुनु पर्ने, जमिन टुङ्गो लागेपछि त्यसको सरजमिन, नाप, नक्सा तुरुन्त गर्नु पर्ने, सो जमिनको दर्ता त्रिभुवन विश्वविद्यालयको नाममा गरिनु पर्ने र तत्काल भवन निर्माणको काममा आउने बाहेक बाँकी जमिन तत्कालका मोहिहरूलाई नै कमाउन दिनुपर्ने कमिसनको दृष्टिकोण थियो । त्यस्तै सो जमिनमा तत्काल मोहियानी हकको पूर्ति गर्ने काम र उभडिएका व्यक्तिलाई पुनर्वासको प्रबन्ध पनि कमिसनका तर्फबाट नै हुनुपर्ने भनियो ।

यी सन्दर्भलाई नै कमिसनले २०१३ साल असार १४ गतेको औपचारिक वैठकमा पेश गरेको थियो । वैठकमा विश्वविद्यालयलाई चाहिने हुनाले लुभुको जमिन विश्वविद्यालयको कार्यमा राखिदिने र कमिसनबाट रोजिएको जमिनमा त्रिभुवन विश्वविद्यालय निर्माण गर्ने, जमिन सट्टा भर्ना दिनुपर्ने अवस्थामा लुभुको सोही जमिन प्रयोग गरी नपुग भएमा नेपाल सरकारतर्फबाट राख्न लगाउने निर्णय गरियो ।

जहाँसम्म भवन निर्माणको सन्दर्भ हो, वैठकले त्यस बखत नेपालमा भएका विशेषज्ञहरूबाट नै विश्वविद्यालयको भवन निर्माण गराउनु उपयुक्त हुने सबैको राय भएकाले तत्काल उपलब्ध विशेषज्ञहरूलाई वैठकमा बोलाएर छिट्टै योजना र नक्साहरू तयार गर्न लगाउने, कथंकदाचित भवन योजना निर्माणका लागि विदेशबाट विशेषज्ञ मगाउनु परेमा सो सम्बन्धमा पछि नै विचार गरिने भयो । जुन ठाउँमा विश्वविद्यालय बनाउन निधो भएको छ सो ठाउँलाई चाहिने बाटो, बिजुली र पानीको बन्दोबस्तलगायतका लागि नेपाल सरकारबाट छिट्टै आवश्यक कार्य शुरु गर्न लगाउने निर्णयसमेत भयो ।

कमिसनले २०१३ साल कार्तिक ९ गतेको वैठकबाट एउटा डिजाइन र एस्टिमेटको काम तत्काल शुरु गर्नु पर्ने भएकाले निम्न लिखित व्यक्तिहरू संलग्न गरी भवन निर्माण कमिटी गठन गर्‍यो ।

श्री डाइरेक्टर खडग नरसिं राणा आयोजक

श्री डाइरेक्टर कुल रत्न

श्री डाइरेक्टर ज्यान बहादुर

श्री सूर्य जंग थापा

श्री वाल कृष्ण सम

श्री चन्द्रमान मास्के

श्री प्रयाग नारायण (इण्डियन एड प्रोग्राम अन्तर्गतको इन्जिनियर)

श्री डाइरेक्टर तिलक बहादुर

श्री डाक्टर भिम बहादुर र

इन्जिनीयरहरूको सिफारिसमा दुइ अनुभवी ओभरसियरहरू ।

कथंकदाचित विदेशी विशेषज्ञ तथा विदेशबाट डिजाइनरहरू मगाउनु परेमा कमिटीको सिफारिसबमोजिम गरिने भयो ।

भवन निर्माण कमिटी गठन गरिएको एक महिनाजतिपछि २०१३ साल मंसिर ५ गतेका दिन कमिसनका सेक्रेटरी डा. परासरनारायण सुवालसमेतको उपस्थितिमा भवन निर्माण कमिटीको वैठक बसेको देखिन्छ । कमिटीले भवन निर्माणसँग सम्बद्ध विविध विषयमा छलफल गरी केही महत्त्वपूर्ण निर्णय गरेको थियो जसमा मुख्यत:[१३५]

- आर्थिक अवस्थालाई मध्यनजर गर्दै विश्वविद्यालयका भवनहरू स्थायी तवरमा बनाइनु पर्ने,
- आवश्यकता र प्राप्यताअनुसार विदेशी विशेषज्ञहरूको सल्लाह लिएर सकभर स्वदेशी मालसामानको प्रयोगबाट भवन निर्माण र रेखदेखको काम नेपाली इञ्जिनीयरकै मातहतमा हुनुपर्ने,

भवनहरूको किसिम निम्न लिखित तीन दर्जाको गरिने;

| | |
|---|---|
| पहिलो दर्जा | शिक्षण स्थानहरू, लाइब्रेरी, हलहरू इत्यादि |
| दोस्रो दर्जा | स्टाफ क्वार्टर र होस्टलहरू |
| तेस्रो दर्जा | छाप्रो किसिमका साना भवनहरू |

- पहिलो र दोस्रो दर्जाका भवनहरू बज्रमा खडा हुनुपर्ने र तेस्रो दर्जाका भवनहरू माटोमा बन्ने तथा प्लीन्थ लेभल सबै भवनहरू बज्रमै बनाइनु पर्ने,
- गाह्रोहरूमा प्लास्टर नगरी राम्रो ईँटहरू लगाउने र परेमा प्वाइन्टीङ्ग गर्ने,
- ईंटको नाप र क्वालिटी बारे राम्रो प्रबन्ध गर्नुपर्ने,

---

१३५ त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल मंसिर ५ गतेको वैठकको निर्णय ।

- पहिलो दर्जाका भवनहरूमा भएसम्म फलामको बिमहरू लगाउनु पर्ने र आवश्यकताअनुसार रेंफेर्सड बज्र कंक्रिट, रेन्फोर्सड सिमेन्ट कंक्रिट र जाक आर्चको फ्लोरिङ्ग बनाइने,
- दोस्रो दर्जाको भवनहरूमा जाक आर्च र बुडेन डबाइस्टको फ्लोरिङ्ग हुने,
- पहिलो दर्जाको भूइ मार्बल, मोजैक, सिमेन्ट स्लाब वा ढुङ्गाले छापिने,
- पहिलो भवनहरू डाम्पप्रुफ गरिने र सो काम सिमेन्ट कंक्रिट वा कुनै कुनै ठाउँमा ढुङ्गाबाट गरिने,
- पहिलो दर्जाको भवनहरू र दोस्रो दर्जाको भूइ तल्लाको झ्याल चौकोस इत्यादि सबै सालको बन्नाइने तथा खापाहरू चाँपको लगाइने,
- दोस्रो दर्जाका भवनको माथिल्लो तल्लामा साल र सल्ला लगाउन सकिने,
- काठको डिजाइनहरू राख्ने भएमा टुनी र दारको काठहरू उपयोगमा ल्याउनु पर्ने,
- भवनहरूको उँचाइ माध्यमिक भए पुग्दछ तर विशेष हलहरूमा चाहिने जति उँचाइ राखिने,
- लिन्टेलहरू रेन्फोर्सड सिमेन्ट कंक्रिट र कुनै कुनै ठाउँमा रेन्फोर्सड ब्रिकवर्क कंक्रिटको बन्ने,
- झ्यालहरू सबै आधि झ्याल हुने र दोस्रो तल्लाको झ्यालहरू एक तहको मात्र हुने तथा सकभर ग्लासपेन लगाइने,
- भूइ तल्लाको झ्यालहरूमा सुरक्षा प्रबन्धका लागि फलामे ग्रिल वा त्यस्तै किसिमको बन्दोबस्त हुनुपर्ने,
- सोही वर्षको हिउँदमा नै यथाशीघ्र इँट बनाउने र चुन पोल्ने कामहरू शुरु गर्ने । सिमेन्ट र फलाम प्राप्त गर्ने काम पनि तुरुन्त शुरु गर्ने,

- भवन निर्माण स्थलमा पानीको बन्दोबस्त हुनुपर्ने, तत्कालका लागि वाग्मतीबाट पानी पम्प गरी निर्माण स्थालमा एक जल भण्डार बनाउनु पर्ने,
- सामानहरू राख्न र कर्मचारी बस्ने टहरा बनाउन कमसेकम पाँच सय वटा जस्तापाता, बाँस र सल्लाको काठहरूको बन्दोबस्त गरिनु पर्ने,
- भवन आवश्यकीय कमिटीबाट पेश भएको भवनहरूको साइजबाटमात्र मालसामानको लगत गर्दा धेरै फरक पर्न सक्दछ। सो लगत बनाउन डिजाइनको काम चाँडै गरिनु पर्ने,
- डिजाइनको काम गर्न पुरा समय काम गर्ने गरी एक ड्रफ्टम्यान, एक ओभर्सियर, एक कारिन्दा र एक इञ्जिनीयरको आवश्यकता पर्ने,
- उपरोक्त विभागलाई चाहिने सामानको लगत डाइरेक्टर कुल रत्नबाट तयार गरिने,
- पहिलो दर्जाको भवनहरूमा सबैजसो छत पिट्नु पर्ने र स्टाइलको हिसाबबाट जरुरत परेमा मात्र कुनै कुनै ठाउँमा छाना राखिने तथा
- दोस्रो दर्जाको भवनहरूमा केही भाग मात्र पिटी बाँकी जम्मैमा छाना राखिने तथा तेस्रो दर्जाको भवनहरूमा छाना मात्र हुने।

यो निर्णयको एक हप्तापछि २०१३ साल मंसिर १२ गतेका दिन डाइरेक्टर खड्गनरसिं राणाको अध्यक्षतामा बसेको त्रिभुवन विश्वविद्यालय भवन डिजाइन र स्टिमेट कमिटीको वैठकले आवश्यकीय कतिपय भवनको निर्माण सोही वर्ष सकाउनु पर्ने कुरामा विषेश जोड दिएको थियो। भवनहरूको निर्माण कार्य नसकिए तापनि प्लिन्थ लेभलसम्म त जसरी पनि सकाउनु पर्ने तथा आवश्यक साधनहरू पुरा मात्रामा प्राप्त भएमा आउँदो वर्षा भन्दा अघिनै धेरैजसो भवनहरू खडा भइ तयार गर्न पनि सम्भव

भएको जसका लागि डाइरेक्टर कुल रत्नले परेमा यो कामको अभिभारा लिन तयार रहेको आवश्वासन दिएका थिए ।[१३६]

वैठकमा भवन निर्माणको रेखदेखको काम छुट्टै गरी भवन डिजाइन र एस्टिमेट काम मात्रको प्रबन्ध गर्ने बारे छलफल हुँदा निम्न लिखित दुई तरिकाबाट काम हुनसक्ने देखियो;

क डिजाइन र एस्टिमेटको काम ठेक्कामा दिने र कुल लागतको सयकडा १ को रेटले मेहनाता दिने । सो काम साढे दुई महिनाको अवधिमा नेपालमा भएका इञ्जिनीयर तथा ओभरसियरबाट हुन सक्ने तथा

ख डिजाइन र एस्टिमेटको काम कमिसनअन्तर्गत आफ्नै स्टाफ खडा गरी गर्ने ।

वैठकमा विश्वविद्यालयको काममा पछिसम्म पनि ओभरसियर र इञ्जिनीयरको आवश्यकता भइरहने हुँदा कमिसनअन्तर्गत छुट्टै स्टाफ राखी काम चलाउनु उपयुक्त हुने र सो निर्माण यथाशीघ्र कमिसनबाट गराउनु पर्ने ठहर भयो । यसरी आफ्नै स्टाफ राख्ने भएमा तत्कालका लागि एक/एक इञ्जिनीयर, ओभरसियर, एक ड्राफ्टम्यान र क्लर्कको आवश्यकता पर्ने तथा केही काम शुरुहुनासाथ असिस्टेन्ट, इञ्जिनीयर र ड्राफ्टम्यान एक/एक जना, ट्रेसर दुई जना र चार जना एस्टिमेट र दुई पियनहरू थप गर्नु पर्ने देखियो । यस क्रममा डिजाइनिङ इञ्जिनीयर र असिस्टेन्ट इञ्जिनीयर भारतबाट झिकाउनु परेमा महिनाको भारु. १,५००/- र भारु. ५००/- पर्ने तथा सो गर्दा माथि उल्लेख भएका जम्मा स्टाफहरूलाई महिनाको भारु. १०,०००/- खर्च पर्न आउने हुनाले सो सम्बन्धमा कमिसनले निर्णय गर्नुपर्ने कुरा उक्त वैठकले ठहरायो ।

भवनको डिजाइन र एस्टिमेटको काम जुनसुकै तरिकाबाट हुने भए पनि कमिसनले त्यसका लागि चाहिने मसलन्द र सामानको तुरुन्त

[१३६] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल मंसिर १२ गतेको वैठकको निर्णय ।

बन्दोबस्त गरिदिनु पर्ने भयो । मसलन्द र सामानहरूको लागत (फर्निचर बाहेक) डा.कुलरत्नले पेश गरेबमोजिम तत्कालका लागि मोरु.४००/- चार सय लाग्ने देखियो । त्यस्तै दुई/तीन महिनाभित्र ५० लाख इँट र १०,००० मुरी चुन तयार गर्ने प्रबन्ध गर्नुपर्ने, चुन र इँट पोल्न चाहिने दाउराको निकासाका लागि वन मन्त्रालयसँग यथाशीघ्र सम्पर्क राख्नुपर्ने तथा काम शुरु गर्न निम्न लिखित मेसिनहरूको बन्दोबस्त गरिनुपर्ने कमिटीले माग गरेको थियो ।

क अन्दाजी भारु.७,०००/- मूल्य पर्ने एक हातबाट चल्ने इँट बनाउने ल्याण्डक्लिट मेसिन भारतबाट मगाउनु पर्ने,

ख माटो मुस्ने मेसिन (पगमिल) एक थान भारतबाट मगाउनु पर्ने, (मेसिनको साइज डा. कुलरत्नबाट लिने),

ग इँटा भट्टाको सामानहरू-नेपाल सरकारबाट प्राप्त हुनसक्ने,

घ पानी नेपाल सरकारबाट प्राप्त हुनसक्ने,

ङ बर्ज मिसाउने, गोरु लगाइ गर्ने,

च सुर्कि कुट्ने मेसिनहरू-१ क्लसट, ढुंगालाई पनि हुने, नेपालमा नै प्राप्य हुने सम्भावना छ । २ बलमिल-भारतबाट मगाउनु पर्ने,

छ कंक्रिट मिक्स्चर-नेपालमा नै पाइने ।

- उपरोक्त मेसिनमध्ये केहीलाई पावर चाहिने भएकोले तत्कालका लागि तुरुन्त अन्दाजी १५ घोडा पावर विजुली प्राप्य हुनुपर्ने,
- ट्युबवेल राख्नलाई समय लाग्ने भएकाले तत्कालका लागि दूधपोखरीबाट सिफ्ट सिस्टममा भए पनि पानी प्राप्त हुनुपर्ने (निर्माण स्थानमा नै एक जल भण्डारको आयोजना हुनुपर्ने),
- नेपालमा एक स्वीस इञ्जिनीयर आएको भन्ने बुझिएकाले उनका साथै अन्य विदेशी इञ्जिनीयरहरूलाई कन्सल्टीङ एक्सपर्टस्का रूपमा लिने,
- काठ, फलाम र सिमेन्टको अन्दाजी इष्टिमेट डा. कुलरत्नले तयार गर्ने तथा

- क्युरेटर चन्द्रमान मास्केले भवनको डिजाइनका दुई वटा स्केच पेश गरिसकेकाले त्यसरी नै नेपालको मौलिकता झल्काउने अरू स्केचहरू पनि गर्नका लागि मास्केलाई अनुरोध गरियो ।

२०१३ साल मंसिर ५ र १२ गतेका दिनमा भएको भवन डिजाइन र एस्टिमेट कमिटीको वैठकको निर्णयहरूमाथि विचार विमर्स हुँदा निम्न लिखित कुराहरू उचीत देखिन्छ भनी कमिसनका अध्यक्ष श्री ५ मुमा बडामहारानीहरू समक्ष जाहेर गर्ने निर्णय भयो;[१३७]

क भवन डिजाइन र एस्टिमेट कमिटीका सिफारिस उचीत भएकाले ती सुझावहरूको सिद्धान्तमा भवन निर्माणको कामहरू शुरु हुनु पर्ने,

ख भवन डिजाइन र एस्टिमेट कमिटीको सिफारिसहरू सबै उचीत देखिएकाले तदनुसार मालसामानहरूको प्रबन्ध यथाशीघ्र गरिनु पर्ने,

घ विश्वविद्यालयका भवनहरू निर्माणको काम एक दुई वर्षमा नसकिने र पछि पनि विश्वविद्यालयमा एक स्थायी 'बनाउने अड्डा' राखिनु पर्ने, शुरुमा पनि केही इञ्जिनीयर र ओभरसियरहरू निर्माणका लागि आवश्यक पर्ने भएकाले तत्काल डिजाइन र एस्टिमेट ठेक्कामा नदिइ कमिसनअन्तर्गत नै एउटा 'बनाउने स्टाफ टीम' को बन्दोबस्त गरिनु पर्ने । डिजाइनिङ इञ्जिनीयर, असिस्टन्ट इञ्जिनीयर र अरू स्टाफ भारतबाट मगाउँदा धेरै खर्च र समय पनि लाग्ने तथा असिस्टेन्ट इञ्जिनीयरको तत्काल आवश्यक नभएको अवस्थामा डिजाइनिङ् इञ्जिनीयरको हकमा तत्काललाई डाइरेक्टर कुलरत्नलाई नै नियुक्ति गर्ने ठहर गरियो ।

ङ अरू स्टाफको हकमा निम्न लिखित व्यक्तिहरू तुरुन्त भर्ना गर्नु उचीत ठहराइयो;

---

[१३७] त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल मंसिर १४ गतेको वैठकको निर्णय ।

| | | | | |
|---|---|---|---|---|
| १ ओभरसियर | जवान | १ महिनाके मोरु १७५/- देखि | | २००/- |
| २ ड्राफ्टम्यान | १ | | ७५/- | १००/- |
| ३ एस्टिमेटर | १ | | | ६०/- |
| ४ पियन | १ | | | ३०/- |

जम्मा १ महिनाको खर्च रु. ३९०/-

यी चार जवान स्टाफ भर्नागरी एक महिना काम गरी सकेपछि अरू एक ड्राफ्टम्यान, दुई ट्रेसर, तीन एस्टिमेटर र एक पियन भर्ना गर्ने पर्ने, निर्माणको काम शुरु भएपछि एक एसिस्टेन्ट इञ्जिनीयर नियुक्त गर्नु पर्ने,

च डिजाइन तथा एस्टिमेटको काम तुरुन्त शुरु हुनु पर्ने तथा त्यसका लागि आवश्यक स्टाफ महिनाको रु. ३९०/- र मसलन्द खर्च करिब मोरु. ४००/- को निकासा हुनुपर्ने सिफारिस गरियो ।

डाइरेक्टर खड्गनरसिं राणाको अध्यक्षतामा २०१३ साल मंसिर २० गते बसेको त्रिभुवन विश्वविद्यालयको भवन डिजाइन र स्टिमेट कमिटीको वैठकले डिजाइन र एस्टिमेटको काममा डाइरेक्टर कुल रत्नले पुरा समय दिन नसकेको र पछिसम्म पनि विश्वविद्यालयको काममा एक इञ्जिनीयर आवश्यक भएकाले तत्काल डिजाइन र एस्टिमेटको काम शुरु भएपछि आवश्यकता हुनासाथ एक एसिस्टेन्ट इञ्जिनीयर (नेपाली नागरिक) भर्ना गर्नुपर्ने ठहर गरेको थियो । वैठकले पूर्ण समयका लागि भर्ना हुने एसिस्टेन्ट इञ्जिनीयरको मासिक तलब मोरु. ३००/-तीन सय हुनु उचीत मानेको थियो ।

एसिस्टेन्ट इञ्जिनीयर, ओभरसियर, ड्राफ्टम्यान र एस्टिमेटरहरूलाई छान्ने काम डाइरेक्टरद्वय खड्गनरसिं राणा र कुल रत्नले गर्ने तथा विज्ञापनका माध्यमबाट योग्य उम्मेदवारको छनोट गर्ने निर्णय भयो । खर्चका सन्दर्भमा डिजाइन र एस्टिमेटको कामका लागि चाहिने टेवल, स्टुल, आलमारीहरूको लागि मोरु. ५००/- पाँच सय आवश्यक पर्ने सन्दर्भसमेत उठाइयो ।

पाँच वर्ष भित्र आर्टस र साइन्स कलेज, दुई होस्टल, स्टाफ क्वार्टरहरू (एउटा अलगै एक जहानलाई हुने गरी २० क्वार्टर र एक ब्लक

४ जहानलाई हुने गरी १७ ब्लक), क्लास लिनका लागि अवाश्यक पर्ने भवन तथा पुस्तकालय भवन निर्माण गर्नुपर्ने भयो । भवन भने आवश्यकीय विभागबाट तयार भएको लगतबाट ती भवनहरूलाई चाहिने कुल खर्चको लगत र पाँच वर्षमा हरेक वर्ष के कति काम हुन सक्ने हो त्यस्को अन्दाजी खर्चसमेतको लागत डा.कुल रत्नले तर्जुमा गर्ने तथा कुन कस्तो भवन कहिले जरुरत पर्ने हो भन्ने कुराहरू कमिसनबाट निर्णय गरिनु पर्ने भयो । उक्त वैठकमा भवनको स्टाइल दर्शाउने तीन वटा रफ स्केचहरू क्युरेटर चन्द्रमान मास्केले पेश गरेका थिए । डिजाइन र लेआउटको काम सकेपछि विश्वविद्यालय क्याम्प भवनहरूको मोडल तयार गर्ने कमिटीले निर्णय गऱ्यो ।

त्रिभुवन विश्वविद्यालय कमिसनले विश्वविद्यालयका भवन, कोठाको साइजलगायतका बारेमा डा.वरनसँग पनि सल्लाह गरेको थियो ।

२०१४ सालको हिउँदसम्म आइपुग्दा विश्वविद्यालयका लागि घर, बंगलाहरू निर्माणका लागि आवश्यक पर्ने सामग्री खरिद गर्न विश्वविद्यालय कमिसनले सार्वजनिक रूपमा टेण्डर सूचना जारी गरेको थियो । यसरी आह्वान गरेको टेण्डरमा १० लाख ईंट चिम्नी भट्टामा र ५ लाख ईंट ठाडो आवलमा पोल्नु पर्ने तथा १० हजार मुरी चुन पोली तयार गरी बुझाउनु पर्ने भनियो । यसका लागि आवश्यक पर्ने दाउरा सरकारी दरमा थानकोट जङ्गलमा पाइने व्यवस्था गरिएको थियो ।

इँटाको आकार पनि तोकिएको थियो । यसमा ईंटको साइज ९॥ X ४॥ X २ ॥ हुनु पर्ने र साँचोको भित्री साइज १२ ईन्च १ लैन, लमाई ५ ईन्च ३ लैन, चौडाई र उँचाईमा ३ ईन्च २ लैन हुनु पर्ने निर्धारण गरियो । विश्वविद्यालयका इन्जिनीयरले देखाएको विश्वविद्यालय नजिकको जमिनमा नै इँटा पार्नु पर्दथ्यो ।

चुन भने पोलेर तयारगरी गड्डा नै सरजमीनमा आफ्नै तर्फबाट बोकी ल्याई सरजमीनमै पानी हाली चाली भराई दिनु पर्ने तथा ईंट पोल्न र चुन पोल्न चाहिने ज्याभल, बोरालगायत आवश्यक सामान टेण्डरवालाले आफ्नै तर्फबाट व्यवस्था गर्नुपर्ने भयो ।

त्रिभुवन विश्वविद्यालय कमिसन, नं. ३, गेस्ट हाउस, त्रिपुरेश्वरका तर्फबाट एसिस्टेन्ट इञ्जिनीयरका नामबाट टेण्डर आह्वान गरिएको थियो । सूचनामा २०१४ साल माघ ८ गते दिनको ४ वजे भित्रमा पुग्नेगरी सिलटेण्डर पठाउनु पर्ने तथा त्यसको अर्कादिन अर्थात् माघ ९ गते रोज ४ का दिन २ बजे खोलिने उल्लेख गरियो ।[१३८]

भवनका सम्बन्धमा अमेरिकी सल्लाहकार डा.वरनसले त्रिभुवन विश्वविद्यालयले काठमाडौँको कुनै दरबार तुरुन्त लिइ काम चालु गर्नु पर्ने, भएमा अमेरिकी सहायताबाट चल्न लागेको 'टिचर्स ट्रेनिङ कलेज' लाई पनि बस्ने ठाउँ हुने सल्लाह दिएका थिए । यद्यपि त्रिभुवन विश्वविद्यालयका लागि नयाँ भवन निर्माण गर्ने निर्णय भइसकेको र तत्काल टिचर्स ट्रेनिङ्ग कलेजको काम शुरु हुने सम्भावना नभएकाले कमिसनलाई कुनै दरबार लिन जरुरत नपरेको कमिसनको निर्णय थियो । यदि टिचर्स ट्रेनिङ्ग कलेजलाई तुरुन्त भवनको जरुरत छ भने यसबारे सो कलेजलाई चाहिने भवनको लगत र सो कलेजबाट सुगमैसँग बेहोर्न सक्ने भवन सम्बन्धी चन्दाको रकम बारे जानकारी भएमा कमिसनले सकेको मद्दत दिने कमिसनतर्फबाट डा.वरनसलाई आश्वासन दिइयो ।[१३९] यसै सन्दर्भमा के पनि उल्लेख्य छ भने अमेरिकन इञ्जिनीयर टुप्लीले कीर्तिपुरको मोटामोटी आउटलाइन तयार गरेको र त्यसैको आधारमा निर्माण कार्य भएको हो भन्ने भनाइ पनि नपाइने होइन ।[१४०]

यति हुँदाहुँदै पनि सो विषय बारे विश्वविद्यालयको भवन तयार नभएसम्मका लागि कमिसनको मातहतमा एउटा दरबार भएमा टिचर्स ट्रेनिङ्ग कलेजलाई त्रिभुवन विश्वविद्यालय एक अङ्ग हुनेगरी तत्कालैदेखि चलाउने प्रबन्ध गर्न उचीत ठहरिएकाले र विश्वविद्यालयले टिचर्स ट्रेनिङ्ग काम केही मात्रामा तुरुन्त शुरु गर्न सक्ने थियो भन्ने बेहोरा सभापतिका

---

१३८ *गोरखापत्र,* वर्ष-५७, संख्या-१०८, २०१४ साल पौष २७ गते शुक्रबार ।

१३९ त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल भदौ १६ गते वैठकको निर्णय ।

१४० उप्रेती, पृ. ९९ ।

समक्ष जाहेर गरियो । सभापतिबाट पनि भवन लिने कुरालाई त्यति वास्ता दिएको पाइँदैन ।

## विविध सन्दर्भ

### आर्थिक सङ्कलन

त्रिभुवन विश्वविद्यालयका निम्ति चन्दा उठाउने उद्देश्यले कलेज अफ एजुकेसनअन्तर्गत नर्मल स्कूलका छात्रछात्राबाट २०१४ सालमा 'कोही किन बरबाद होस्' नाटक मञ्चन गरिएको थियो । उक्त कार्यक्रममा राजा महेन्द्रको पनि उपस्थिति रहेको थियो ।[१४१] यो कार्यक्रमबाट उठेको मोरु. १,००१/- त्रिभुवन विश्वविद्यालयलाई चन्दा दिइएको थियो ।[१४२]

### दीक्षान्त समारोह

२०१५ साल वैशाख १२ गते बी.एड.को डिग्री प्रदान गर्नका निम्ति कलेज अफ एजुकेसनले आयोजना गरेको प्रथम दीक्षान्त समारोह सुसम्पन्न भयो । समारोहमा निम्ति श्री ५ को सरकार तथा यु.एस.ओ.एम. शिक्षा सहयोगी कार्यक्रमका श्री ५ को सरकार तर्फका को मेनेजर प्रो.अमृतप्रसाद प्रधान सभापति चुनिए । कार्यक्रमका सभापतिले 'कमिटी अन हाइएर एजुकेसन' का तर्फबाट बी.एड.डिग्री पाउने विद्यार्थी राजेन्द्रकुमार रङ्गोडलाई डिग्री प्रदान गरेका थिए ।[१४३] पछि उनलाई दिल्ली विश्वविद्यालयले पनि सोही तहको डिग्री प्रदान गरेको थियो ।[१४४] यहाँ स्मरणीय के छ भने कलेज अफ एजुकेसन बी.एड.डिग्रीलगायत विभिन्न बोर्ड तथा विश्वविद्यालयको डिग्री तथा परीक्षालाई दिल्ली विश्वविद्यालयले

---

[१४१] त्रैलोक्यनाथ उप्रेती, "स्वागत भाषण", *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-१, अंक-९, २०१४ पौष, पृ. ४-५ ।

[१४२] *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अंक-५, २०१५ भदौ पृ. २९-३० ।

[१४३] "कलेज अफ एजुकेसनमा दीक्षान्त समारोह", *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अङ्क-१, २०१५ वैशाख, पृ. ३-९ ।

[१४४] राजेन्द्रकुमार रोङ्गोङ, 'डा पन्नालाल प्रधान', *डा.पन्नलाल प्रधान स्मृतिग्रन्थ,* काठमाडौँ: श्री दिनेशकुमार श्रेष्ठ, वि.सं. २०६४, पृ. १२१ ।

स्वीकृत गरेको कुरा जनाउ गर्दै उक्त विश्वविद्यालयको कार्यवाहक रजिष्ट्रारले अगस्त २७, १९५८ मा एउटा पत्र पठाएको थियो । पत्रमा कलेज अफ एजुकेसन, काठमाडौँ नेपालको 'बी.एड.डिप्लोमालाई बी.एड.डिग्री सरह' मान्यता दिएको देखिन्छ ।[१४५]

श्रमदान

कमिसनले त्रिभुवन विश्वविद्यालय स्थापनाको तयारीका क्रममा कीर्तिपुरमा भवन निर्माणस्थलको टुङ्गो लागेपछि प्रस्तावित विश्वविद्यालयका निम्ति श्रमदन कार्यक्रम आयोजना गरिएको थियो ।[१४६] सोहीअनुसार २०१५ साल जेठ २४ गतेका दिन 'शिक्षक शिष्य विश्वविद्यालय श्रमदान समिति' को आयोजनामा वीस हजार भन्दा बढी विद्यार्थीहरूले कीर्तिपुर नजिक विश्वविद्यालय निर्माण गरिने जमिनमा श्रमदान गरेका थिए । काठमाडौँ उपत्यकाका प्रत्येक स्कूल, कलेज, पाठशाला आदि शिक्षण संस्थाका शिक्षक तथा छात्रछात्राहरू सर्वप्रथम टुँडिखेलमा भेला भएका थिए । त्यहाँबाट 'विश्वविद्यालय चाँडै निर्माण होस्', 'छात्र-शिक्षक एकता कायम होस्' जस्ता नारा लगाउँदै विश्वविद्यालय निर्माण गरिने मैदानमा जुलुसका रूपमा आएका थिए । जुलुसमा काठमाडौँ उपत्यकाका १०० भन्दा बढी शिक्षण संस्थाका विद्यार्थी तथा शिक्षकहरूको अलावा अस्पतालका नर्स, डाक्टर तथा प्रसस्त मात्रामा दर्शकहरू पनि श्रमदानका निम्ति उपस्थित थिए ।[१४७]

शिलान्यास

२०१५ साल आषाढ ११ गतेका दिन श्री ५ मुमा बडामहारानीहरूबाट त्रिभुवन विश्वविद्यालयको शिलान्यास समारोह

---

[१४५] "कलेज कम्पाउण्डबाट", *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अंक-५, २०१५ भदौ, पृ. २९-३० ।

[१४६] *गोरखापत्र,* वर्ष-५८, संख्या-१६, २०१५ साल जेठ ८ गते वुधबार ।

[१४७] "त्रिभुवन विश्वविद्यालयः श्रमदान दिवस", *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अंक-२, २०१५ जेठ, पृ. ३१ ।

सम्पन्न भयो ।[१४८] यस अवसरमा कीर्तिपुरका जनताले विश्वविद्यालय निर्माणका निम्ति आफ्नो खुला छातीमा स्थान दिएकोमा उनीहरूको प्रशंसा गर्दै श्रमदानद्वारा सहयोग गर्ने विभिन्न टोलीहरू र तिनमा विशेष विद्यार्थी र शिक्षक वर्गलाई धन्यवाद दिइयो । विश्वविद्यालयका निम्ति त्यस बखतसम्म दुई लाख रुपियाँ खर्च भइसकेको र श्री ५ मुमा बडामहारानीहरूबाट कमिसनको तलव निम्ति वार्षिक अन्दाजी रु. ७५,०००/- (पचहत्तर हजार) खर्च भएको कुरा त्रिभुवन विश्वविद्यालय कमिसनका सचिव डा. परासरनारायण सुवालले बताएका थिए ।[१४९]

केन्द्रीय छात्रावास

अधिराज्यका विभिन्न ठाउँबाट राजधानी काठमाडौँमा आई पढ्ने छात्रहरूलाई सस्तो खाना, बस्ने र अरू पढ्ने लेख्ने इत्यादि सुविधा दिनका लागि एउटा 'केन्द्रीय छात्रावास' को व्यवस्था गरिएको थियो । केन्द्रीय छात्रावासको स्थापना २०१६ साल जेठ महिनामा भएको हो । साही दिनदेखि श्री ५ को सरकार तथा यु.एस.ओ.एम.को सम्झौताअनुसार छात्रावास सञ्चालनमा आएको थियो । छात्रावासको निजी भवन नभएकाले तत्कालका लागि 'लालदरबार' (वर्तमान होटल याक एण्ड यती) भाडामा लिएर सञ्चालन गरिएको र त्यस बखत जम्मा १६ जना विद्यार्थीले छात्रावासको सुविधा लिएको देखिन्छ ।[१५०]

समग्रमा

राणाकालीन नेपालमा प्राइमिनिष्टर चन्द्रशमशेरले 'त्रिभुवन-चन्द्र/त्रिचन्द्र' कलेज स्थापना गरेर मुलुकमा नै उच्च शिक्षाको थालनी गरेका थिए । इण्टरमिडियट र व्याचलर तहसम्म विभिन्न विषयहरू पढाइ गरिँदै आएको भए तापनि पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षासम्बद्ध

---

[१४८] *गोरखापत्र,* वर्ष-५८, संख्या-२१, २०१५ साल असार ९ गते सोमबार ।

[१४९] "त्रिभुवन विश्वविद्यालयको शिलान्यास", *नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अंक-३, २०१५ असार, पृ. २९-३० ।

[१५०] थापा (अध्यक्ष), पृ. ९४ ।

विषयहरू सम्बन्धन दिने भारतको पटना विश्वविद्यालयबाट नै सञ्चालन हुने गर्दथ्यो । कलेज स्थापनाको तीन दशकजति पछि राणाकालका अन्तिम प्राइमिनिष्टर मोहनशमशेर (चन्द्रशमशेरका छोरा) ले २००५ सालमा विश्वविद्यालय स्थापनाको पहल गरेको भए तापनि राजनीतिक परिवर्तका कारण उनको सो प्रयास तत्काल सफल हुन सकेन ।

राणाशासनको अन्त्यपछि शिक्षा विकासका लागि विभिन्न प्रयासहरू भए । यस क्रममा आयोग, समितिलगायत गठन गरियो भने तिनका प्रतिवेदनहरू सरकार समक्ष पेश गरिए । राजा त्रिभुवनको मृत्युको वार्षिकीको अवसर पारेर राजमाताद्वयले विश्वविद्यालय स्थापनाका लागि २०१२ सालमा एउटा समिति गठन गरे । 'त्रिभुवन विश्वविद्यालय कमिसन' नामकरण गरिएको समितिको अध्यक्षता राजमाताहरूद्वारा भयो । यसै कमिसनको अथक प्रयासबाट जमिन छनोट, मुआवजा वितरण, भवन निर्माणको थालनीका अतिरिक्त त्रिभुवन विश्वविद्यालय ऐनको मसौदा निर्माण, शिक्षक, कर्मचारीलगायतको व्यवस्थापन, पठन पाठनको विषय निर्धारणलगायत आवश्यक यावत् कार्य सम्पन्न भएको थियो । कमिसनबाट भएको यावत् तयारीका कारण नै 'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' जारी भएको ९ हप्ताजतिमा सञ्चालनमा रहेका कलेजहरूलाई सम्बन्धन प्रदान गर्दै स्नातकोत्तर तहमा पठन पाठन कार्य थालनी गर्न सम्भव भएको हो ।

यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालय कमिसनले पटना विश्वविद्यालयको फोटोकपी नै बनाउने गरी योजना तयार गरेको बेलायतबाट आएका शिक्षाविद्हरूले पनि पटना विश्वविद्यालय जस्तै बनाउन नहुने सल्लाह दिएका तथा कलेज अफ एजुकेशनको आई.एड.र बी.एड.लाई पनि प्रोजेक्टअन्तर्गत नै सर्टिफिकेट दिने काम गरेको सन्दर्भ पनि प्रकाशमा आएको पाइन्छ ।[१५१]

त्रिभुवन विश्वविद्यालय कमिसनले राजा महेन्द्र, राजमाताहरू, अधिराजकुमारहरू, प्राइमिनिष्टर, नेपाल सरकारका साथै अन्य सम्बन्धित निकायबाट आवश्यक सहयोग प्राप्त गरेको थियो । कमिसनको निरन्तर

---

[१५१] उप्रेती, पृ. ९३-९४ ।

प्रयासबाट विश्वविद्यालय स्थापना र सञ्चालनका लागि आवश्यक पूर्वाधर (ऐन) तर्जुमाका साथै विश्वविद्यालय भवन निर्माण क्षेत्रको चयन र भवन निर्माणको थालनी, शिक्षक कर्मचारीको व्यवस्थापन, पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, विद्यार्थी भर्ना, पठनपाठन एवम् परीक्षाको व्यवस्थालगायत यावत् कार्य गरेको थियो । कमिसनको सक्रियताबाट नै गठनको चार वर्षपछि २०१६ साल जेठ १३ गतेका दिन त्रिभुवन विश्वविद्यालय ऐन लागू गरियो । जेठी राजमाता कान्तिराज्यलक्ष्मीदेवी शाह विश्वविद्यालयको प्रथम 'कुलपति' तथा कान्छी ईश्वरी राज्यलक्ष्मीदेवी शाह प्रथम 'सह-कुलपति' भए । आरम्भमा विश्वविद्यालयको सम्पूर्ण खर्च उनीहरूले नै प्रदान गरेका थिए । पछि २०१८ साल पौष २७ गते निजहरूले आ-आफ्ना पदबाट अवकाश लिएकाले सोही दिनदेखि राजा महेन्द्र विश्वविद्यालयको कुलपति बनेका हुन् ।[१५२] यसप्रकार त्रिभुवन विश्वविद्यालयको जन्म २०१६ साल असार शुक्ल नवमी अर्थात् २०१६ साल असार ३० गते भएको देखिन्छ । उल्लेख्य सन्दर्भ के छ भने त्रिभुवन विश्वविद्यालयको स्थापनाका बखत मुलुकमा जम्मा १९ वटा सम्बन्धन प्राप्त कलेजहरू थिए भने विश्वविद्यालयमा रजिष्ट्रेशन गर्ने विद्यार्थीको संख्या २५०० जति भएको पाइन्छ ।[१५३]

* * *

---

[१५२] "त्रिभुवन विश्वविद्यालयको स्थापना एवं विकासमा राजपरिवारको देन", *त्रिभुवन विश्वविद्यालय: एक झलक,* त्रिभुवन विश्वविद्यालय बुलेटिन विशेषाङ्क-२०४०, पृ. ९-१२ ।

[१५३] क. "नेपालमा उच्च शिक्षाको विकासमा त्रिभुवन विश्वविद्यालय", *त्रिभुवन विश्वविद्यालय: एक झलक,* त्रिभुवन विश्वविद्यालय बुलेटिन विशेषाङ्क-२०४०, पृ. १९ ।

ख. एच. बि. उडले ई.सं. १९६२ मा नेपालमा उच्च शिक्षाका संस्थाको विवरण दिने क्रममा त्रिभुवन विश्वविद्यालयदेखि ठाकुरराम डिग्री कलेज-वीरगञ्ज सम्मका बारेमा जानकारी दिने काम गरेका छन् । यसबाट पनि सो सम्बन्धमा जानकारी लिन सकिन्छ । ह्युग बि. उड, *द डेभलोपमेण्ट अफ एजुकेशन इन नेपाल,* वासिङ्गटन: यु.यस. डिपार्टमेण्ट अफ हेल्थ, एजुकेशन एण्ड वेलफेयर, सन् १९६५, पृ. ७५-७६ ।

*दोस्रो : परिच्छेद*

# त्रिभुवन विश्वविद्यालयः प्रथम चरण

(२०१६-२०२८)

*दोस्रो : परिच्छेद*

# त्रिभुवन विश्वविद्यालयः प्रथम चरण
## (२०१६-२०२८)

"Study the past, If you would define the future."

-Confucius

## परिचय

२०१६ साल जेठ १३ गते बुधबारका दिन लालमोहर सदर भएपछि नेपालमा पहिलोपल्ट एउटा विश्वविद्यालय स्थापना गर्ने बाटो खुलेको हो । सो लालमोहरबाट 'त्रिभुवन विश्वविद्यालय ऐन २०१६' तयार भएको हो जसलाई ऐनमा नै "...यो दफा तुरुन्त प्रारम्भ हुनेछ । यस ऐनका अरू बाँकी दफाहरूमध्ये सबै वा केही दफाहरू श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएका मितिदेखि प्ररम्भ हुनेछ..." उल्लेख गरियो । त्यस्तै 'त्रिभुवन विश्वविद्यालय ऐन २०१६' नेपाल गजेट, भाग-२, खण्ड-९, संख्या-८ मा (२०१६ सालको ऐन नं. २), २०१६ साल जेठ २५ गतेका दिन प्रकाशित भएको थियो ।[1] त्यसै कारण यो ऐन सोही मिति अर्थात् २०१६ साल जेठ २५ गतेका दिनदेखि नेपाल अधिराज्यमा लागू भएको हो ।

प्रस्तुत परिच्छेदमा 'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' ले व्यवस्था गरेको प्रमुख विषयका बारेमा जानकारी दिँदै सोही ऐनका आधारमा स्थापना गरिएको नेपालको पहिलो विश्वविद्यालयको थालनीदेखि 'राष्ट्रिय शिक्षा पद्धतिको योजना-२०२८' (नयाँ शिक्षा योजना) पूर्व अर्थात् २०३० सालको पूर्वार्द्धसम्मका बारेमा चर्चा गरिएको छ । यस क्रमलाई 'प्राज्ञिक (पाठ्यक्रम, पठनपाठन, परीक्षा), व्यवस्थापनलगायत शीर्षकमा स्पष्ट पार्ने प्रयास भएको छन ।

---

[1] श्री ५ को सरकार, *नेपाल गजेट,* काठमाडौँः भाग-२, खण्ड-९, संख्या-८, २०१६ साल जेठ २५ गते, पृ. ५-४० ।

# प्राज्ञिक कार्य

## परिचय

आफूले उचित ठहराएका पाठ्यक्रम र शिक्षाका विभिन्न शाखाहरूमा शिक्षण कार्य र प्रशिक्षणका लागि र, ज्ञानको वृद्धि एवम् विकास र अनुसन्धानका लागि व्यवस्था गर्नु नै त्रिभुवन विश्वविद्यालयको एउटा प्रमुख कार्य भएको कुरा २०१६ सालको ऐनमा उल्लेख गरियो । यसका साथै नेपाल अधिराज्यभित्र 'स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेसन' भन्दा माथिल्लो तहको शिक्षण र प्रशिक्षण कार्य अधिनियममा तोकिएका विषयहरूमा विश्वविद्यालय कलेज वा सम्बद्ध कलेज वा मान्यता प्राप्त संस्थाहरूले मात्र गर्ने तथा पोष्टग्राजुएट शिक्षण, प्रशिक्षण र अनुसन्धान कार्यहरूको सञ्चालन विश्वविद्यालयले मात्र गर्ने अख्तियार त्रिभुवन विश्वविद्यालयलाई दिइएको थियो ।[२] यो ऐनको परिधिभित्र रहेर नै विश्वविद्यालयले पोष्टग्राजुएट तहको पठन पाठनलाई थालनी गरेको तथा अन्य कक्षा (इन्टरमिडिएट र डिप्लोमा) सञ्चालनमा रहेका कलेजका लागि पाठ्यक्रम निर्माण एवम् परीक्षा सञ्चालनको सम्पूर्ण कार्यसमेत यसले नै गर्ने भयो । प्रस्तुत परिच्छेदमा त्रिभुवन विश्वविद्यालय स्थापनादेखि उच्च शिक्षामा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागूपूर्व (२०१६-२०२९ साल) विश्वविद्यालयबाट भएका प्राज्ञिक कार्यका बारेमा चर्चा गरिएको छ । यस क्रममा विश्वविद्यालय सञ्चालनका लागि विभिन्न समिति तथा राष्ट्रिय योजना परिषद्/आयोगबाट निर्धारण गरिएका नीतिका सम्बन्धमासमेत चर्चा गरिएको छ ।

## त्रिभुवन विश्वविद्यालय ऐन

ऐनमा त्रिभुवन विश्वविद्यालयलाई 'नेपालमा शिक्षाप्रदान गर्ने र सम्बन्धन (एफिलिएशन) राख्ने एक विश्वविद्यालयको स्थापना र गठन गर्न बनेको ऐन' उल्लेख गरी स्पष्ट रूपमा दुई किसिमको काम गर्ने दायित्व दिइयो । जसमा पहिलो 'शिक्षा प्रदान गर्ने' र दोस्रो 'सम्बन्धन राख्ने'

---

[२] *ऐजन,* पृ. ८, ३७ ।

थियो । प्रस्तावनामा त्रिभुवन विश्वविद्यालयको औचित्य तथा कर्तव्यका बारेमा यस प्रकार स्पष्ट परियो;

> "नेपालका जनतालाई उच्च शिक्षा प्रदान गर्न, राष्ट्रको सांस्कृतिक परम्पराको संरक्षण र विकाश गर्न, कला एवं विज्ञानमा र अरू व्यावसायिक क्षेत्रमा ज्ञान र अनुसन्धानको वृद्धि गर्न र चरित्र निर्माण गर्न नेपालमा शिक्षा प्रदान गर्ने र सम्बन्धन राख्ने एक विश्वविद्यालयको स्थापना र गठन गर्नु वाञ्छनीय भएको,
>
> र श्री ५ मुमा बडामहारानी कान्ति राज्यलक्ष्मी देवी र श्री ५ कान्छा मुमा बडामहारानी ईश्वर राज्यलक्ष्मी देवीबाट विश्वविद्याल स्थापनाको प्रारम्भिक कार्यहरू समेत सम्पादन गर्न लगाइबक्सेको र सो विश्वविद्यालयको नाम त्रिभुवन विश्वविद्यालय राख्ने उत्कट अभिलाषा राखिबक्सेको,
>
> र नेपालका जनतालाई शिक्षाको निमित्त पर्याप्त सुविधा प्रदान गरिबक्सने दिव्य अभिलाषायुक्त आधुनिक प्रजातान्त्रिक नेपालका संस्थापक स्वर्गीय श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको पुण्य र स्थायी स्मारकको रूपमा सो विश्वविद्यालय रहनु उचित देखिएकाले,
>
> श्री ५ महाराजाधिराजबाट मन्त्रि-परिषद्का सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ"

परिच्छेद-९, धारा ६३ मा विभाजित यस ऐनमा क्रमशः विश्वविद्यालय, विश्वविद्यालयका पदाधिकारीहरू, विश्वविद्यालयका अधिकारी वर्गहरू, सम्बन्धन राख्ने र मान्यता प्रदान गर्ने, नाम दर्ता र डिग्री, पूरक व्यवस्था तथा अन्त्यमा अन्तरीम व्यवस्थाका बारेमा उल्लेख गरिएको छ ।

विश्वविद्यालय

चान्सलर, प्रो चान्सलर र भाइस चान्सलर एक/एक जना, सिनेटका सदस्यहरू तथा सिण्डिकेटका सदस्यहरू संलग्न संस्था नै विश्वविद्यालय हुने भयो । विश्वविद्यालयले उचित ठहराएको पाठ्यक्रम र शिक्षाका विभिन्न शाखाहरूमा शिक्षण कार्य र प्रशिक्षणका लागि र ज्ञानको वृद्धि एवम् विकास र अनुसन्धानका लागि व्यवस्था गर्नु, कलेज, विभाग, अनुसन्धान वा विशेष अध्ययन कार्यका संस्थाहरूको स्थापना, सञ्चालन र प्रबन्ध गर्नु, सम्बद्ध कलेज वा मान्यता प्राप्त संस्थाहरूमा शिक्षण कार्यको निर्देशन गर्नु, डिग्री, डिप्लोमा र अरू एकेडेमिक उपाधिहरू खडा गर्नु, शैक्षिक संस्थाहरूलाई विश्वविद्यालयको सुविधा प्रदान गर्नु र निजहरूबाट त्यस्तो सुविधा झिक्नु, सम्बद्ध कलेज र मान्यता प्राप्त संस्थाहरूको निरीक्षण गर्नु र तिनीहरूमा शिक्षण कार्य वा प्रशिक्षणको उचित स्तर कायम राख्न लगाउन आवश्यक कार्यवाही गर्नु, सम्बद्ध कलेज र मान्यताप्राप्त संस्थाका कामकाजहरूको नियन्त्रण गर्नु र ती कामकाजहरूमा आपसमा सामञ्जस्य ल्याउनु र त्यस्ता संस्थाहरूलाई आर्थिक सहायता दिनका लागि श्री ५ को सरकारमा सिफारिश गर्नु तथा उल्लिखित काम, कर्तव्य र अधिकारहरूसँग सम्बन्धित भएको वा नभएको जे भएता पनि विश्वविद्यालयको उद्देश्य पूर्तिका लागि आवश्यक भएका अरू काम कार्यहरू गर्नु र साधारणतः कला, विज्ञान र शिक्षा एवम् संस्कृतिका अरू विभिन्न शाखाहरूको वृद्धि र विकास गर्नुलगायत नै विश्वविद्यालयको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र राखिएको थियो ।

ऐनमा 'विश्वविद्यालयको सुविधा प्रदान' अन्तर्गत (क) नेपाल अधिराज्य भित्रका सबै शैक्षिक संस्थाहरूले यो दफा प्रारम्भ भएका मितिले अघिल्लो दिनसम्म विदेशी विश्वविद्यालयहरूबाट प्राप्त गरी राखेका सबै सुविधाहरू झिकिएको मानिने (ख) विदेशी विश्वविद्यालयहरूबाट सुविधा प्राप्त गरी राखेका नेपाल अधिराज्य भित्रका सबै शैक्षिक संस्थाहरूले यो दफा प्रारम्भ भएका मितिदेखि विश्वविद्यालयको सुविधा प्राप्त गरेको मानिने र सो मितिले अघिल्लो दिनसम्म त्यस्ता संस्थाहरूलाई विदेशी विश्वविद्यालयहरूबाट प्राप्त भइराखेका सबै सुविधाहरू मध्ये

विश्वविद्यालयले यो ऐनअन्तर्गत प्रदान गर्न मिल्ने सबै सुविधाहरू यथासम्भव त्यस्ता संस्थाहरूलाई प्रदान गर्ने र (ग) विश्वविद्यालयको अनुमति र श्री ५ को सरकारको स्वीकृति बिना नेपाल अधिराज्यभित्रका कुनै पनि शैक्षिक संस्थाले कुनै विदेशी विश्वविद्यालयबाट कुनै सुविधा प्राप्त गर्ने प्रयत्न गर्न वा विदेशी विश्वविद्यालयसँग कुनै प्रकारको सम्बन्ध राख्न नहुने कुरासमेत स्पष्ट पारियो ।

पदाधिकारी

ऐनमा चान्सलर, प्रो.चान्सलर (रहेमा), भाइस चान्सलर, कोषाध्यक्ष, रजिष्ट्रार, फ्याकल्टीका डीनहरू तथा विश्वविद्यालयका पदाधिकारी भनी परिनियमबाट घोषित गरिएका अरू व्यक्तिहरू नै विश्वविद्यालका पदाधिकारी हुने व्यवस्था गरियो । परिनियमअनुसार सिनेटको सिफारिसमा रोयल भिजिटरबाट विश्वविद्यालयको *'चान्सलर'* मनोनयन गरिने र कार्यकाल ५ वर्षको हुने प्रावधान राखिए तापनि श्री ५ जेठा मुमा बडामहारानी कान्ति राज्यलक्ष्मी देवी विश्वविद्यालयको प्रथम चान्सलर हुने तथा निजको कार्यावधि आजीवन रहने प्रवधान राखियो । त्यस्तै विश्वविद्यालयको *'प्रो. चान्सलर'* को मनोनयन परिनियमअनुसार सिनेटको सिफारिसले रोयल भिजिटरबाट गरिने तथा कार्यकाल पनि ५ वर्ष रहने भयो । यद्यपि श्री ५ कान्छा मुमा बडामहारानी ईश्वरराज्यलक्ष्मीदेवी विश्वविद्यालयको प्रथम चान्सलर हुने र निजको कार्यावधि आजीवन रहने व्यवस्था गरियो ।

सिनेटका उपस्थित सदस्यहरूको बहुमतले सिफारिस गरेका व्यक्तिलाई चान्सलरले *'भाइस चान्सलर'* नियुक्त गर्ने भए । यद्यपि त्रिभुवन विश्वविद्यालयको प्रथम भाइस चान्सलर पदमा श्री ५ को सरकारले सिफारिस गरेको योग्य व्यक्तिलाई चान्सलरबाट नियुक्त गरिने र पदावधि ५ वर्षको हुने भए तापनि पहिलो भाइस चान्सलरको पदावधि ३ वर्षको बनाइयो । त्यस्तै विश्वविद्यालयका लागि एउटा *'कोषाध्यक्ष'* को पद पनि सिर्जना गरियो । सिण्डिकेटका उपस्थित सदस्यहरूको बहुमतले सिफारिस गरेका व्यक्तिलाई चान्सलरको स्वीकृतिमा सिनेटले कोषाध्यक्ष पदमा नियुक्त गर्ने भए तापनि प्रथम कोषाध्यक्ष भने श्री ५ को सरकारको

सिफारिसमा चान्सलरबाट नियुक्त गरिने व्यवस्था भयो । तीन वर्षको कार्यकाल तोकिए तापनि अर्को दुई पटकसम्म एउटै व्यक्ति कोषाध्यक्ष बन्न सक्ने भयो । वैतनिक पदाधिकारी *'रजिष्ट्रार'* को नियुक्ति परिनियमअनुसार सिण्डिकेटबाट हुने प्रावधान राखिए तापनि पहिलो रजिष्ट्रार भने चान्सलरबाट नियुक्त गरिने भयो ।

अधिकारी वर्ग

सिनेट, सिण्डिकेट, एकेडेमिक काउन्सिल, फ्याकल्टिहरू, अध्ययन बोर्डहरू तथा विश्वविद्यालयका अधिकारी वर्ग भनी परिनियमबाट तोकिएका अन्य अधिकारीहरूलाई ऐनले 'अधिकारी वर्ग' परिभाषित गर्‍यो । संस्थागत रूपमा विश्वविद्यालयको सबैभन्दा शक्तिशाली निकाय *'सिनेट'* रह्यो । सिनेटमा पदेन, आजीवन, प्रतिनिधि, मनोनित र सम्मानित गरी पाँच किसिम (कक्षा १-५) का सदस्यहरू रहने व्यवस्था गरियो । चान्सलर, प्रो.चान्सलर (रहेमा), भाइस चान्सलर, कोषाध्यक्ष, फ्याकल्टीका डीनहरू, भूतपूर्व भाइस चान्सलरहरू, सर्वोच्च अदालतका प्रधान न्यायाधीश, श्री ५ को सरकारका विभिन्न विभागका डाइरेक्टर/प्रतिनिधि/विशेषज्ञलगायत पदेन सदस्य हुने भए । श्री ५ अधिराजकुमार द्वय हिमालयवीर विक्रम र बसुन्धरावीर विक्रम शाह तथा कम्तिमा तीनलाख नगद वा सो बराबरको जिन्सी प्रदान गर्ने व्यक्तिहरू आजीवन सदस्य हुने व्यवस्था गरियो । विश्वविद्यालय कलेजका विभागीय प्रमुखहरू, सम्बद्ध डिग्री कलेजका विभागीय प्रमुखमध्येबाट चार जना, नियमानुसार चन्दादाता तथा विश्वविद्यालयमा नाम दर्ता भई निर्वाचित पाँच जना रजिष्टर्ड ग्राजुएटहरूलाई प्रतिनिधि सदस्य बनाइयो । त्यस्तै कम्तिमा पचास हजारसम्म नगद वा जिन्सी प्रदान गर्ने व्यक्ति चान्सलरबाट मनोनित मनोनित सदस्य हुने भए । विश्वविद्यालय र शिक्षा सम्बन्धी सेवामा विशेष योगदान गर्ने तथा प्रतिष्ठित व्यक्तिहरूमध्येबाट सिण्डिकेटको सिफारिस एवम् सिनेटको स्वीकृतिअनुसार चान्सलरबाट मनोनित भएका व्यक्तिहरूलाई सम्मानित सदस्यका रूपमा सिनेटमा संलग्न गरिने भयो ।

विश्वविद्यालयको प्रमुख अङ्ग भएकाले सिनेटले पठन पाठन, पाठ्यक्रम, परीक्षा, अनुसन्धान, सम्बन्धन, फेलोसिप/स्कलरसिपलगायत

सम्पूर्ण प्राज्ञिक व्यवस्थापनको कार्य गर्ने भयो । त्यस्तै विश्वविद्यालयका लागि आवश्यक पर्ने प्रोफेसर, रिडर, लेक्चररलगायतको संख्या निर्धारण गर्ने, डिग्री, डिप्लोमालगायत प्राज्ञिक उपाधिहरू प्रदान गर्ने, परिनियम तर्जुमा, संशोधन तथा खारेज गर्ने, सिण्डिकेटबाट पेश गरिएका आम्दानी खर्चको वार्षिक बजेटसँग सम्बन्धित कार्य गर्ने सिनेटको कर्तव्य रह्यो । यी समस्त कार्यका लागि वर्षमा एक पटक चान्सलरले निर्धारित गरेको मितिमा सिनेटको वैठक बस्नु पर्ने व्यवस्था गरियो ।

विश्वविद्यालयको कार्यकारिणी अङ्गका रूपमा *'सिण्डिकेट'* लाई अख्तियारी दिइयो । भाइस चान्सलरको अध्यक्षताको सिण्डिकेटमा कोषाध्यक्ष, शिक्षा विभागका डाइरेक्टर पदेन सदस्य तथा नियमानुसार मनोनित एवम् निर्वाचित सदस्यहरू रहने व्यवस्था गरियो । सिण्डिकेटले मुख्यतः विश्वविद्यालयको कोष तथा सम्पत्तिको नियन्त्रण र सञ्चालन गर्ने, छापाखाना, प्रकाशन विभाग, सूचना विभाग, सेवा नियोजनालय आदि स्थापना एवम् सञ्चालन गर्नुपर्ने भयो । त्यस्तै यसलाई विश्वविद्यालयबाट सञ्चालन भएका कलेज, विभाग, विशेष अध्ययन-अनुसन्धान संस्थाहरू, प्रयोगशाला, पुस्तकालय, म्यूजियम र छात्रावास, सम्बद्ध कलेजको भौतिक अवस्था आदिको प्रबन्ध गर्नुपर्ने दायित्व दिइयो । अधिनियममा उल्लेख गरिएको शुल्क तथा अन्य दस्तूर निर्धारण गर्ने, लागू गर्ने र प्राप्त गर्ने तथा अधिनियम बनाउने, संशोधन गर्ने र खारेज गर्ने कार्य पनि यसबाट गरिने भयो ।

विद्यार्थीको प्रवेश र डिग्री प्राप्तगर्न आवश्यक पर्ने पाठ्यक्रम, शिक्षणस्तर, उनीहरूको आचरण सम्बन्धी नियमहरू, परीक्षाको कार्यप्रणालीसमेत सम्बन्धी नीतिलगायत समस्त एकेडेमिक कुराहरूमा *'एकेडेमिक काउन्सिल'* ले विनियमहरू बनाउन सक्ने भयो । विश्वविद्यालयले एजुकेसन, आर्ट्स, साइन्स, इञ्जिनीयरिङ्ग, टेकनलजी, एगृकल्चर, ल, मेडिसिन, कमर्श र परिनियममा तोकिएको अन्य फ्याकल्टी खडा गर्ने व्यवस्था गरियो । त्यस्तै प्रत्येक एक वा एक भन्दा बढी विषयहरूको निम्ति *'एक अध्ययन बोर्ड'* रहने व्यवस्था भयो ।

सम्बन्धन राख्ने र मान्यता दिने

विश्वविद्यालयसँग सम्बन्धन राख्न चाहने कलेजले नियमानुसार विस्तृत विवरणका साथ रजिष्ट्रार समक्ष आवेदन दिनुपर्ने व्यवस्था गरियो । यसरी आवेदन प्राप्त भएपछि सो उपर एकेडेमिक काउन्सीलले विस्तृत रूपमा जाँचबुझ गरी आफ्नो रायसमेत लिखित रिपोर्ट सिनेटमा पेश गर्ने र नियमानुसार सिनेटले पूर्ण वा आंशिक रूपमा मान्य भएमा कलेजसँग सम्बन्धन राखिएको शिक्षाको विषय र त्यसको पाठ्यक्रम तोकिदिने भयो । यसरी कुनै पाठ्यक्रमको सम्बन्धमा विश्वविद्यालयसँग सम्बन्धन राखिएको कुनै कलेजले अरू कुनै थप विषयको सम्बन्धन राख्न चाहेमा पनि नियामानुसारकै कार्यप्रणाली अपनाउनु पर्ने व्यवस्था गरियो । कुनै सम्बद्ध कलेजले नियमानुसारको व्यवस्था नगरेमा वा सम्बन्धन राख्दाको शर्तहरूको पालन नगरेमा वा शिक्षाको विकासमा हानिकार हुने किसिमको कुनै कामकार्य गरेमा त्यस्ता कलेजलाई सम्बन्धनद्वारा दिइएका अधिकारहरू पूर्ण वा आंशिक रूपमा झिक्न वा हेरफेर गर्न सिण्डिकेटले सक्ने भयो ।

नाम दर्ता र डिग्री

परिनियममा तोकिएको विषय र स्तरमा 'नेपाल स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेसन बोर्ड' ले लिएको 'स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेसन' वा सो परीक्षाको समान भनी एकेडेमिक काउन्सिलले तोकेको अरू कुनै योग्यता प्राप्त विद्यार्थीको नाममात्र विश्वविद्यालयको विद्यार्थीहरूको नामावलीमा दर्ता गर्न सकिने व्यवस्था गरियो । डिग्री, डिप्लोमा र परिनियममा तोकिएबमोजिमका अरू एकेडेमीक उपाधीहरू खडा गर्ने र प्रदान गर्ने अधिकार सिनेटलाई दिइयो । त्यस्तै उच्च योग्यता एवम् स्थान प्राप्त गरेका कारण कुनै व्यक्तिलाई विश्वविद्यालयको अनरेरी डिग्री वा अरू एकेडेमिक उपाधी प्रदान गर्न एकेडेमिक काउन्सिलका उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले ठहऱ्याई सिनेट छेउ सिफारिस गर्नु पर्ने भयो । त्यसरी सिफारिस गर्ने दुई तिहाइ सदस्यहरूको संख्या एकेडेमिक काउन्सिलका जम्मा सदस्यहरूको कम्तीमा आधि भएमा र त्यस्तो सिफारिसलाई सिनेटका उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले

समर्थन गरेमा र त्यसरी समर्थन गर्ने दुई तिहाइ सदस्यहरूको संख्या सिनेटका जम्मा सदस्यहरूको कम्तीमा आधि भएमा र त्यसमा चान्सलरको स्वीकृति प्राप्त भएमा सिनेटले त्यस्ता व्यक्तिलाई कुनै परीक्षा नलिई अनरेरी डिग्री वा अरू एकेडेमिक उपाधी प्रदान गर्नसक्ने व्यवस्था गरियो ।

विश्वविद्यालयको कार्य सीमा

ऐनले विश्वविद्यालयलाई निर्धारित काममात्र गर्ने अख्तियारी दियो । यस क्रममा यसले नेपाल अधिराज्यभित्र अधिनियममा तोकिएका विषयहरूमा 'स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेसन' भन्दा माथिल्लो तहको शिक्षण र प्रशिक्षण कार्य गर्नु पर्ने भयो जसको सीमा विश्वविद्यालय कलेज, सम्बद्ध कलेज वा मान्यता प्राप्त संस्थाहरू मात्र हुने व्यवस्था गरियो । त्यस्तै यसलाई नेपाल अधिराज्यभित्र पोष्ट ग्राजुयट शिक्षण, प्रशिक्षण र अनुसन्धान कार्यहरूको सञ्चालन मात्रको जिम्मेवारी दिइयो ।

यसले नेपाल अधिराज्यभित्र सञ्चालनमा रहेका जम्मा कलेज र शैक्षिक संस्थाहरूमध्ये कुन-कुन शैक्षिक विषयमा कुन-कुन कलेजलाई विश्वविद्यालय कलेज तुल्याउने वा सम्बद्ध कलेज बनाउने र कुन-कुन शैक्षिक संस्थाहरूलाई मान्यता प्रदान गर्ने भन्ने कुराको निर्णय र तिनीहरू उपर रहने नियन्त्रणको स्तर निर्धारण गर्ने भयो ।

प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल अधिराज्यभित्र सञ्चालनमा रहेका कलेज र शैक्षिक संस्थाहरूअन्तर्गत कुनै कलेजलाई विश्वविद्यालय कलेज तुल्याउने निर्णय सिनेटले गरेपछि सो कलेजलाई यो ऐनअन्तर्गत विश्वविद्यालयले स्थापना र सञ्चालन गरेको मानिने र त्यस्तो कलेजको हक, अधिकार, सुविधा सबै चल अचल सम्पत्तिलाई विश्वविद्यालयको नाममा नामसारी गरी विश्वविद्यालयको प्रयोजन र काममा लगाइने भयो ।

प्रस्तुत ऐन वा परिनियम एवम् अधिनियममा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल अधिराज्य भित्रका सबै शैक्षिक संस्थाहरूले ऐन लागू भएको मितिले अघिल्लो दिनसम्म विदेशी विश्वविद्यालयसँग सम्बन्धन राखेका नेपाल अधिराज्य भित्रका कलेजका कुनै छात्रले सो

विश्वविद्यालयको जाँचका निम्ति अध्ययन गरी रहेको वा सो जाँचको निम्ति योग्य रहेछ भने निजले सो जाँचको निम्ति पाठ्यक्रम पूरा गर्न पाउने भयो र परिनियममा तोकिएको अवधिको निम्ति तोकिएको तरीकाअनुसार विदेशी विश्वविद्यालयको पाठ्यक्रमअनुसार नै त्यस्ता छात्रहरूको क्षिक्षण कार्य, प्रशिक्षण र परीक्षाको व्यवस्था विश्वविद्यालयले गर्ने भयो ।

अन्तरीम व्यवस्था

विश्वविद्यालय स्थापना गरी काम चालू गर्न तत्काल दुई (२) वर्षसम्मको अन्तरीम समयका लागि यस ऐनमा उल्लेखित विश्वविद्यालय सम्बन्धी कामकाज *'विश्वविद्यालय परिषद्'* र *'विश्वविद्यालय कमिटी'* बाट गरिने भयो । सो अन्तरीम कालमा विश्वविद्यालय परिषद्ले ऐनमा उल्लेख भएका सिनेटको काम, कर्तव्य र अधिकार ग्रहण गरी सबै कामकाज गर्ने र विश्वविद्यालय कमिटीले ऐनअनुसार उल्लेखित सिण्डिकेटका सबै काम, कर्तव्य र अधिकार ग्रहण गरी कामकाज गर्ने भयो । अन्तरीम समयको अवधि २ वर्षको तोकिए तापनि आवश्यक परेमा चान्सलरले श्री ५ सरकारको स्वीकृति लिई अर्को १ वर्षसम्म बढाउन सक्ने व्यवस्था गरियो ।

अन्तरिम समयमा विश्वविद्यालयका अरू पदाधिकारी र अधिकारी वर्गहरूको काम, कर्तव्य र अधिकारहरू ऐनमा उल्लेख भएबमोजिम नै रहने, अन्तरीम समयमा विश्वविद्यालय परिषद् तथा विश्वविद्यालय कमिटीले गरेका कार्यहरू पछिआउने सिनेट र सिण्डिकेटले सकारी काम गर्नु पर्ने तथा अन्तरीम समयको अन्त हुनु अगावै विश्वविद्यालय परिषद्ले ऐनमा उल्लेख भएको *'सिनेट'* र *'सिण्डिकेट'* को गठन गर्नु पर्ने प्रावधान राखियो ।

विश्वविद्यालय परिषद्

त्रिभुवन विश्वविद्यालय ऐनले 'अन्तरीम व्यवस्था' अन्तर्गत 'विश्वविद्यालय परिषद्' को व्यवस्था गरेको थियो । परिषद्को सभापति चान्सलर हुनाका अतिरिक्त परिषद्मा प्रो चान्सलर, कोषाध्यक्ष, भाइस चान्सलरका साथै विश्वविद्यालयमा पठन पाठन हुने विषयहरू आर्टस्,

साइन्स, ल, इञ्जिनीयरिङ्ग, टेक्नोलजी, एगृकल्चर, एजुकेसन र मेडिसिन सम्बन्धी विषयको प्रतिनिधित्व हुने गरी चान्सलरबाट समय समयमा मनोनित हुने सात जवानसम्म सदस्य हुने व्यवस्था गरियो । तिनका अतिरिक्त शिक्षामन्त्री, शिक्षा सेक्रेटरी, श्री ५ को सरकारका शिक्षा डाइरेक्टर, श्री ५ को सरकारको अर्थ विषयका प्रतिनिधि, त्रिचन्द्र कलेजका प्रिन्सिपल तथा संस्कृत महाविद्यालयका प्रिन्सिपललाईसमेत परिषद्मा समावेश गरिने व्यवस्था थियो ।

विश्वविद्यालय कमिटी

अन्तरीम व्यवस्थाको अर्को मुख्य अङ्ग 'विश्वविद्यालय कमिटी' थियो । भाइस चान्सलर पदेन सभापति रहने कमिटीमा कोषाध्यक्षलाई पदेन सदस्य बनाउनाका साथै विश्वविद्यालय परिषद्का सदस्यहरू मध्येबाट चान्सलरद्वारा मनोनित हुने ४ जना सदस्य रहेन भए ।

प्रारम्भिक बाधा हटाउन श्री ५ को सरकारको अधिकार

'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' प्रारम्भ भएपछि विश्वविद्यालयका कुनै अधिकारी वर्गको प्रारम्भिक गठन वा पुनर्गठन वा ऐनका दफाहरू प्रारम्भिक रूपबाट लागू गर्ने सम्बन्धमा कुनै बाधा उपस्थित भएमा सो वाधा हटाउन श्री ५ को सरकारले आफूलाई आवश्यक लागेको कुनै काम आदेशद्वारा गर्न गराउन सक्ने व्यवस्था गरियो ।[३]

यहाँ उल्लेख्य के देखिन्छ भने माथिल्लो परिच्छेदमा चर्चा भए जस्तै 'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' भारतको 'पटना युनिभर्सिटी एक्ट-२०१७' बाट प्रभावित भएको पाइन्छ । पटना युनिभर्सिटी एक्ट-२०१७ अनुसार कलेज, सिनेट, सेण्डिकेट, एक्जुकेटिव काउन्सिल, फ्याकल्टिज, बोर्ड अफ स्टडिज, चान्सलर, भाइस चान्सलर, रजिष्ट्रार, कलेजहरूलाई सम्बन्धन दिने तथा फिर्ता लिने पद्धति, कलेजको नीरिक्षण, ननकलेजिएट स्टुडेण्ट, फिमेल क्याण्डिडट्स, बोर्ड अफ एक्जाम, कन्भोकेसन, युनिभर्सिटी

---

[३] *ऐजन,* पृ. ४० ।

लाइब्रेरीलगायत थुप्रै सन्दर्भलाई त्रिभुवन विश्वविद्यालय ऐन-२०१६ मा समावेश गरिएको देखिन्छ ।[४] यसका अतिरिक्त 'त्रिभुवन विश्वविद्याल कमिसिन' ले तर्जुमा गरेको परिच्छेद एकमा उल्लेख भएको ऐनको मसौदाका धेरै प्रावधान यो 'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' मा समावेश गरिएको पाइन्छ ।

## सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति

२००७ सालपछि नेपालले विभिन्न क्षेत्रमा गरेका प्रगतिहरूको सर्वेक्षण गर्दा शिक्षाको क्षेत्रमा अरूभन्दा विशेष प्रगति भएको देखिन्छ । यो प्रगति निश्चय नै जनताको शिक्षाप्रतिको बढ्दो रुचिको द्योतक थियो । शिक्षाको यो प्रगतिको आधुनिक र वैज्ञानिक ढङ्गमा संगठन र सञ्चालन गर्नका लागि श्री ५ बाट शिक्षामन्त्री विश्ववन्धु थापाको अध्यक्षतामा २०१८ साल वैशाख २५ गते १२ सदस्यीय 'सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति' गठन भयो । समितिले श्री ५ समक्ष बुझाएको प्रतिवेदनमा उल्लेख गरिएको उच्च शिक्षासँग सम्बद्ध सन्दर्भमा सम्पूर्ण देशमा एक प्रकारको शिक्षापद्धति लागू गर्ने, शिक्षाको माध्यम एउटै हुनुपर्ने, देशका सारा शिक्षाणसंस्था उपर श्री ५ को सरकारको निर्णय हुनुपर्ने र नेपाल अधिराज्यभर अविलम्ब लागू गर्नलाई एउटा शिक्षा व्यवहार विधिसमेत

---

४ The Patna University Act 1917 (An Act To Establish And Incorporate A University At Patna) (Passed by The Governor General of India in Council). This Act came into force on the Ist of October, 1917, pp. 1-79.
त्रिचन्द्र कलेज तथा त्रिभुवन विश्वविद्यालयको पटना विश्वविद्यालयसँग सम्बन्धका बारेमा अध्ययन गर्न २०७३ साल मंसिर-पौष महिनामा पटना विश्वविद्यालय, पटना विश्वविद्यालय पुस्तकालय, पटनास्थित ल कलेज पुस्तकालय, विहार स्टेट आर्काइभ्सलगायतमा अध्ययन गरिएको थियो । यस क्रममा पटना स्थित विहार स्टेट आर्काइभ्समा मात्र एक प्रति The Patna University Act 1917 प्राप्त गर्न सफल भइयो । सो एक्टलाई उक्त आर्काइभ्सले नियमानुसार शुल्क लिई फोटोकपी गरेर प्रमाणिकरणका लागि हरेक पृष्ठको अगाडि थालनीमा तथा पछाडि खाली पृष्ठमा छाप लगाएर आधिकारिक बनाएको छ । सो आधिकारिक एक्ट लेखकको सङ्कलनमा रहेको छ ।

तयार गर्नुपर्ने सिफारिस गरियो ।[५] त्यस्तै समितिले उच्च शिक्षा अर्थात् 'कलेज' लाई 'महाविद्यालय' र 'यूनिभर्सिटी' लाई 'विश्वविद्यालय' नामकरण गर्नुपर्ने तथा महाविद्यालयमा उत्तीर्ण भएका विद्यार्थीलाई 'शास्त्री' र विश्वविद्यालयमा अति उच्चशिक्षामा अर्थात् एम.ए.मा उत्तीर्ण भएकालाई 'आचार्य' उपाधि दिने सिफारिस गऱ्यो ।

मुलुकमा २००७ सालसम्म जम्मा महाविद्यालय १, विद्यालय २१, मिडिल स्कूल २०३ र पुस्तकालय जम्मा ३१ रहेकोमा त्यसपछिका ११ वर्षमा तिनको संख्या वृद्धिभई २०१८ सालसम्म आइपुग्दा महाविद्यालय-२७, विद्यालय-१३८, मिडिल स्कूल-३६८, पाठशाला-३१६३ र पुस्तकालय-१२२ सञ्चालनमा रहेको देखियो । त्यस्तै शीप सिकाउने उद्देश्यका साथ पछिल्लो समयमा सञ्चालनमा रहेका आधार शिक्षा प्रणाली २०१२ सालमा लगभग समाप्त भएको जानकारी पनि गराइयो । यसका साथै समितिले आफ्नो प्रतिवेदनमा तत्काल मुलुकमा सञ्चालनमा रहेका महाविद्यालयको स्थितिका सम्बन्धमासमेत यस प्रकार विवरण दिएको थियो । समितिको यो विवरणबाट आज भन्दा ५८ वर्ष अगाडि नेपालमा कस्ता किसिमका, कुन

---

५ विश्वबन्धु थापा (अध्यक्ष), *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट*, वि.सं. २०१८, पृ. १-२, ९, २६, ४४-४५, ४९-५२, ९२-९४, ११८-११९ । समितिमा राष्ट्रिय योजना परिषद्का सदस्य ध्रुवमानसिंह अमात्यलाई उपाध्यक्ष, शिक्षा सचिव कुलशेखर शर्मा र का.मु.शिक्षा सचिव लक्ष्मणप्रसाद रिमाललाई सदस्य सचिव तथा त्रि.वि.का उपकुलपति रणधीर सुब्बा, नेपाल एकेडेमीका उपकुलपछि बालचन्द्र शर्मा, शाही प्रेस सचिव रेणुलाल सिंह, संस्कृत महाविद्यालयका प्रिन्सिपल पद्मप्रसाद भट्टराई, धरणीधर कोइराला, वेदानन्द झा, रामहरि जोशी तथा श्रीमती चन्द्रा किरणलाई सदस्य बनाइएको थियो । समितिले कार्य सहजताका लागि उच्च शिक्षा, शिक्षक प्रशिक्षण, शिक्षा प्रशासन, प्राथमिक र माध्यमिक शिक्षा, समाज शिक्षा, सामाजिक एवम् सांस्कृतिक कार्यक्रम र संस्कृत शिक्षा सम्बन्धी सात उपसमिति गठन गरी काम गरेको थियो ।

उच्च शिक्षाका लागि भर्खरै अर्थात् दुई वर्ष पहिले त्रिभुवन विश्वविद्यालय स्थापना एवम् सञ्चालन हुँदै गरेको सन्दर्भमा गठन गरिएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले दतारुकताका साथ काम गरी सात हप्ता जतिको छोटो समयमा नै प्रतिवेदन तयार गरी २०१८ साल असार १५ गतेका दिन श्री ५ समक्ष बुझायो ।

तह तथा विषय अध्यापन गराउने कुन-कुन ठाउँमा महाविद्यालय (क्याम्पस/कलेज) सञ्चालनमा रहेछन् भन्ने स्पष्ट एवम् आधिकारिक जानकारीसमेत प्राप्त गर्न मद्दत मिल्दछ ।

महाविद्यालयको स्थिति: २०१८

| सरकारी कलेजको नाम | स्थापित मिति | एम ए उत्तीर्ण प्राध्यापक | बी.ए.वा सोसरह उत्ती.प्रा | | अंशिक समय काम गर्ने प्राध्यापक | बी.ए.वा सो सरहका | जम्मा छात्र छात्रहरू |
|---|---|---|---|---|---|---|---|
| १ त्रि-चन्द्र कलेज | १९७६ | ६३ | - | ९ | २७४ | १६०० | १६०० करिब |
| २ दरबार कलेज | २००९ | ८ | - | १ | २१ | १९७ | |
| ३ संस्कृत महाविद्यालय | २००९ | १६ | - | - | - | १३८ | |
| ४ पद्मकन्या कलेज | २००८ | १२ | - | ४ | ५९ | १४७ | |
| ५ पाटन कलेज | २०१५ | ७ | १ | ९ | - | १०७ | द्वितीय,चतुर्थनभएको |
| ६ कलेज अफ एजुकेशन | २०१३ | २४ | २ | १ | - | १०० | |

**सरकारी आर्थिक सहायता प्राप्त कलेज**

| | | | | | |
|---|---|---|---|---|---|
| १ धनकुटा डिग्री कलेज २०१२ | ५ | २ | - | ८ | ३६ |
| २ जनकपुर डिग्री कलेज २०१५ | ७ | - | ३ | १५ | १४१ |
| ३ पृथ्वीनारायण इण्टर कलेज,पोखरा-२०१७ | ३ | १ | १ | - | २६ |
| ४ त्रिभुवन डिग्री कलेज, पाल्पा-२०१५ | ५ | - | ५ | १५ | ५५ (पृ. ४३) |
| ५ भोला इण्टर कलेज, चैनपुर-२०१७ | २ | २ | - | - | १९ |
| ६ महेन्द्ररत्न महाविद्यालय, इलाम-२०१७ | २ | २ | १ | - | २६ |
| ७ नेपाल नेशनल कलेज, काठमाडौं-२००८ | १२ | - | ११ | ६९ | १८४ |
| ८ भक्तपुर इन्टर कलेज-२०१६ | ७ | - | २ | - | १८४ |
| ९ श्री एम.बी.बी.शाह इन्टरकलेज, दाङ-२०१६ | ३ | २ | १ | - | ६ |
| १० सरस्वती इन्टर कलेज, काठमाडौं-२०१६ | ९ | २ | ११ | - | ८६ |
| ११ पब्लिक कमर्स कलेज, काठमाडौं-२०१५ | ८ | - | ६ | - | १२२ |
| १२ महेन्द्र डिग्री कलेज, धरान-२०१२ | १० | १ | ३ | २७ | १०७ |
| १३ मोरङ डिग्री कलेज, विराटनगर-२०१३ | १३ | - | - | ५२ | २०६ |
| १४ महेन्द्र विन्ध्येश्वरी डिग्री, राजविराज-२०१४ | ८ | - | - | ५ | ७४ |
| १५ ल कलेज, काठमाडौं-२०११ | ८ | - | - | - | १६८ |
| १६ ठाकुरराम डिग्री कलेज, वीरगञ्ज- २००९ | ११ | २ | - | १९ | ८५ |
| १७ नारायण इन्टर कलेज ? ? | १२ | - | - | - | ९० |
| १८ पब्लिक साइन्स कलेज, काठमडौं ? | ८ | - | - | - | २२५ |

नेपाल अधिराज्यभरमा सञ्चालनमा रहेका स्वीकृत महाविद्यालयः २०१८

| | |
|---|---|
| डिग्री कलेज | १३ साइन्स र कमर्ससमेत |
| इन्टर कलेज | ९ साइन्स र कमर्ससमेत |
| संस्कृत महाविद्यालय | ३ |
| कलेज अफ एजुकेशन | १ |
| ल कलेज | १ जम्मा २७ |

कलेज अफ एजुकेसन

श्री ५ को सरकार तथा यू.एस.ओ.एम.को सम्झौताबमोजिम सन् १९५६ सेप्टेम्बरदेखि सञ्चालनमा रहेको कलेज अफ एजुकेसनमा एस.एल.सी.उत्तीर्ण भएका विद्यार्थीहरूलाई चार वर्षे बी.एड.तथा बी.ए.वा सो सरह भएकालाई एक वर्षे बी.एड.तालीम दिइने अधिराज्यभरीको एक मात्र शिक्षक-शिक्षण कलेज थियो । त्यसैले समितिले यस कलेजको सञ्चालनलाई निरन्तरता दिनु पर्ने आवश्यक ठहऱ्यायो ।

महाविद्यालयको आर्थिक अवस्था

समितिले सञ्चालनमा रहेका कलेजहरूको आर्थिक अवस्थालाईसमेत सूक्ष्मअध्ययन गरेको थियो । यस क्रममा श्री ५ को सरकारले महाविद्यालयलाई सालबसाली तथा महाविद्यालयको स्तर बढाउने रकमसमेत गरी बढीमा ने.रु.४३,९००/-(त्रिचालीस हजार नौ सय) सम्म सहायाता दिएको भए तापनि महाविद्यालयहरूको आर्थिक अवस्था सन्तोषजनक नभएको र कुनै वर्ष सरकारबाट आर्थिक सहायता दिइएन भने सबैजसो महाविद्यालयहरू बन्द हुने अवस्थामा पुग्ने स्थितिलाई समितिले आफ्नो प्रतिवेदनमा निकै सम्वेदनशील रूपमा लिएको थियो ।

साथै श्री ५ को सरकारबाट पनि विश्वविद्यालयको सिफारिसबिना कुनै पनि महाविद्यालयहरूलाई आर्थिक तथा अन्य सहायता दिन बन्द गर्नु पर्ने सन्दर्भलाई समितिले विशेष जोड दिएको थियो ।

त्रिभुवन विश्वविद्यालय

दुई वर्ष पहिले सञ्चालनमा आएको त्रिभुवन विश्वविद्यालयले २०१८ सालसम्म आइपुग्दा संस्कृत, संस्कृति, नेपाली, अङ्ग्रेजी, इतिहास, राजनीतिशास्त्र, गणित, भूगोल, व्यापारशास्त्र र अर्थशास्त्र गरी जम्मा १० विषयहरू स्नातकोत्तर (एम.ए.) तहमा पठन पाठन गरेको थियो । पठन पाठनमा नेपाली ३२ जना, कोलम्बो प्लानअन्तर्गतका २४ जना र अवैतनिक ३ जनासमेत जम्मा ५९ शिक्षकले जम्मा २६० जना विद्यार्थीहरूलाई अध्यापन गरेको कुरा समितिले औँल्याएको थियो ।

प्रमुख सिफारिस

माथि उल्लिखित परिवेशमा त्रिभुवन विश्वविद्यालयले अब अवलम्बन गर्ने पर्ने विषयलाई समितिले आफ्नो प्रतिवेदनमा विशेष जोड दिएको थियो । यसै सन्दर्भमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले त्रिभुवन विश्वविद्यालयले महाविद्यालयहरूलाई स्वीकृति प्रदान गर्दा विज्ञान, कृषि र प्राविधिक विषयहरू सम्बन्धी विशेष अध्ययन हुने महाविद्यालयहरूलाई अग्राधिकार दिनु पर्ने कुरालाई प्राथमिकतामा राखेको थियो ।

समितिले खास गरी उपत्यका र औद्योगिक केन्द्रहरूबाट टाढा रहेका पहाडी अञ्चलहरूमा तद्‌तद्‌ अञ्चलको परम्परा र प्राकृतिक साधनहरूसँग मेल खाने किसिमका बहुप्राविधिक (पोलिटेकनिक) विद्यालय र महाविद्यालयहरू खोल्नेतर्फ तदारुखसाथ सक्रिय कदम चाल्नु पर्ने तथा यस्ता महाविद्यालय प्रत्येक अञ्चलमा कम्तिमा एउटा हुनु पर्ने पनि सिफारिस गरेको थियो ।

कृषी, वन र औषधोपचार सम्बन्धी उच्च अध्ययनका लागि पनि देश काल सुहाउँदा महाविद्यालयहरू उपयुक्त स्थानहरूमा स्थापित गर्नेतर्फ यथाशीघ्र सक्रिय विचार पुऱ्याउनु पर्ने तथा सो सम्भव नभएसम्म ती विषयमा डिप्लोमा पाठ्यक्रम भएका शिक्षालयहरूको स्थापना गर्न सक्रिय कदम लिनु पर्ने कुरालाई जोड दिइयो ।[६]

---

[६] *ऐजन,* पृ.४९-५२ ।

संस्कृत शिक्षा

सरकारी सहायताविना पनि विशेष किसिमबाट शिक्षा दिई आकर्षक उपाधि प्रदान गर्न नेपाली राष्ट्रिय विद्यापीठ जस्ता सार्वजनिक प्रयत्नबाट चल्ने विद्यालयहरू देशको सामान्य बौद्धिक स्तर उच्च पार्दै गर्दा विश्वविद्यालयका कक्षाहरूमा पनि संस्कृत विषयको एक छुट्टै ऐच्छिक वर्ग (साहित्य, व्याकरण, ज्योतिष, न्याय, वेद र आयुर्वेद) को व्यवस्था गरिनु पर्ने कुरालाई जोड दिइयो ।

समितिले संस्कृत शिक्षाका निम्ति देशभरमा राखिएका गुठीको राष्ट्रियकरण गरी त्यसलाई संस्कृत पढाउने विद्याविषयको प्रचार र प्रोत्साहनका लागि नै खर्च हुने गरी एउटा छुट्टै केन्द्रीय गुठी सञ्चालक समिति गठन गर्ने, सबै गुठीको व्यवस्थापन र त्यसको आम्दानीको वितरण शिक्षाविभागमार्फत संस्कृत पढ्ने विद्यार्थीहरूमा छात्रवृत्ति दिने र संस्कृत वर्गका अतिरिक्त संस्कृत लिने विश्वविद्यालय तहसम्मका विद्यार्थीहरूलाई शुल्क माफी हुनुपर्ने तथा स्नातकपरीक्षा (शास्त्री) मा संस्कृतको विषयका साथ लिइने इच्छाधीन विषयहरूमा अङ्ग्रेजी पनि राख्नाका साथै संस्कृतका सबै विषयका परीक्षाहरू 'वाराणशी संस्कृत विश्वविद्यालय परीषा' भन्दा निम्न स्तरका हुन नहुने विषयलाई समितिले विशेष जोड दिएको थियो ।

समितिले संस्कृत महाविद्यालयहरूमा शास्त्रीय पढाइ चालु राख्दै उक्त महाविद्यालयहरूमा शास्त्रीय संस्कृत तथा प्राचीन संस्कृतितिर मात्र विशेष ध्यान दिई पढाउन पाउँदा शिक्षण स्तर बढ्दै जाने धारणा राखेको थियो । यस क्रममा नेपालको संस्कृतिको संरक्षण र प्रोत्साहनका निम्ति संस्कृत अध्ययन अत्यन्त आवश्यक भएकाले विद्यमान पठन पाठन व्यवास्थालाई यथावत् सञ्चालन गर्दै श्री ५ को सरकारबाट भविष्यमससमेत अध्ययन गर्ने छात्रहरूलाई नि:शुल्क पढाइ आदिको व्यवस्था गर्दै जन चाहनाअनुसारको संस्कृतका विषयहरू पढाउनु पर्ने कुरालाई सिफारिसमा प्राथमिकता दिइयो ।

महाविद्यालयको सुधार

समितिले सञ्चालनमा रहेका कतिपय महाविद्यालयमा केही सुधार गर्नुपर्ने सिफारिससमेत गरेको थियो । यस क्रममा त्रिचन्द्र कलेजमा सामान्य कला र विज्ञानको मात्र पढाइ गर्न लगाउने र कलाको पढाइका लागि त्रिचन्द्र कलेजको पुरानो भवन र विज्ञानका निम्ति नयाँ बनिरहेको भवनबाट काम लिन सकिने हुँदा त्यसतर्फ ध्यान दिन आवश्यक नभएको देखिन्छ । त्यस्तै त्रिचन्द्र कलेजमा पढाइ भइरहेको कला र विज्ञान बाहेक व्यावसायिक विषय वाणिज्य तथा बिजनेस एड्मिनिष्ट्रसन विषयमा छुट्टै उच्च शिक्षा प्रदान गर्ने प्रबन्ध गरिनु पर्ने समितिले आवश्यकता बोध गरेको थियो । यसैगरी पद्मकन्या कलेजमा होमसाइन्स (गार्हस्थ्य विज्ञान) को विस्तृत रूपमा पढाइको विशेष व्यवस्था गर्नाका साथै महिला शिक्षाका मुख्य अङ्गहरूसँग सम्बन्धित विषयमाथि नै जोड दिने गरी उक्त कलेजको पुनर्गठन हुनु जरुरी भएको सिफारिसमा औँल्याइयो ।

त्रिभुवन विश्वविद्यालयका लागि कीर्तिपुर ट्याङ्लाटारमा प्राप्त भइसकेका जमिनमा निर्माणशास्त्र, विज्ञान र अरू विषय सम्बन्धी भवनहरू तदारुखतासाथ बनाइनुपर्ने तथा प्राप्त भइनसकेका जमिन पनि प्राप्त गर्ने प्रबन्ध भई त्यहाँ पनि तदारुखसाथ आवश्यक भवन निर्माण गरी त्रिभुवन विश्वविद्यालय यथाशीघ्र सोही भवनमा सारिनु पर्ने, एउटै प्राध्यापकले एक भन्दा बढ्ता महाविद्यालय वा विश्वविद्यालयमासमेत शिक्षणका साथै प्रशासकीय कार्यको जिम्मेवारी लिनाले पठन पाठनको गुणस्तर घट्न जाने भएकोले यो व्यवस्थाको अबिलम्ब अन्त हुनु वाञ्छनीय रहेको भए तापनि केही दिनका लागि यसरी दुई वा बढी महाविद्यालयमा काम गर्नु परेमा शिक्षा मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य गरिनु पर्ने कुरालाई जोड दिइयो ।

त्यस्तै तत्काल विज्ञान र अन्य धेरै विषयहरूमा पनि नेपालमा उच्च ज्ञान र दक्षता भएका प्राध्यापकहरूको कमी भएकाले विदेशी सहायताअन्तर्गत वा अरू उचित उपायले केही वर्षका लागि विभिन्न विषयहरूमा उच्चतम योग्यता हासिल गरेका विदेशी प्राध्यापकहरूको सेवा प्राप्त गर्नेतर्फ यथाशीघ्र कदम चाल्ने, प्रत्येक परीक्षाको न्यूनतम उत्तीर्णाङ्क

चालीस प्रतिशत गरी प्रथम श्रेणीमा पास हुन न्यूनतम ६० प्रतिशत र विशिष्ट श्रेणीमा पास हुन न्यूनतम ७५ प्रतिशत अङ्क ल्याउनु पर्ने व्यवस्था गर्ने तथा राष्ट्रिय गौरवका लागि त्रिभुवन विश्वविद्यालयमा नेपालको इतिहास र संस्कृतिको विशेष अध्ययन र अनुसन्धानका निम्ति आवश्यक प्रबन्ध हुनु नितान्त आवश्यक भएको विषय समितिले औँल्याएको थियो ।[७]

## त्रिभुवन विश्वविद्यालय ऐन संशोधन

त्रिभुवन विश्वविद्यालयले २०१६ सालको ऐनलाई आवश्यकताका आधारमा समय समयमा संशोधन गर्दै आएको पाइन्छ जुन स्वाभाविक नै हो । त्यस ऐनलाई सोधन गर्ने क्रममा २०२२ सालमा तेस्रो संशोधन गरिएको थियो विश्वविद्यालयले स्थापना गरी वा सम्मिलित गरी स्वयम् सञ्चालन गरेको कलेजलाई ‘विश्वविद्यालय कलेज’ मानिने भयो । विश्वविद्यालयको अनुमति र श्री ५ को सरकारको स्वीकृति बेगर नेपाल अधिराज्य भित्रका कुनै पनि शैक्षिक संस्थाले कुनै विदेशी विश्वविद्यालयबाट कुनै मान्यता प्राप्त गर्न, सम्बन्धन राख्न वा त्यस्तो कुनै सुविधा प्राप्त गर्न प्रयत्न गर्न यो ऐनले निषेध गरिदियो । यसका साथै संशोधनका प्रमुख सन्दर्भ यस प्रकार रहे;[८]

सिण्डिकेट

सिण्डिकेट विश्वविद्यालयको कार्यकारिणी अङ्ग हुने जसमा निम्न लिखित सदस्य रहने:

१ भाइस चान्सलर पदेन सदस्य, एवं सभापति

२ कोषाध्यक्ष, पदेन सदस्य

३ श्री ५ को सरकारको शिक्षा मन्त्रालयको प्रमुख वा निजले खटाएमा उच्च शिक्षाका डाइरेक्टर

---

७ *ऐजन,* पृ. ४९-५२ ।

८ त्रिभुवन विश्वविद्यालय सनेटको २०२२ को वैठक पुस्तिका, ‘त्रिभुवन विश्वविद्यालय (तेस्रो संशोधन) ऐन, २०२२, पृ. ११-२५ ।

४ सिनेटका सदस्य भएका विश्वविद्यालय कलेज बाहेक अरु कलेजका प्रिन्सिपलहरू मध्ये चान्सलरबाट मनोनित १ जना प्रिन्सिपल

५ विश्वविद्यालय कलेजका डीनहरू मध्येबाट चान्सलरबाट मनोनित एक जना

६ सिनेटले आफु मध्येबाट सिफारिस गरेकोमा विचार भई चान्सलरबाट मनोनित भएका डीन वा प्रिन्सिपल नभएका ४ जना सदस्य

कार्यकाल

सिनेटका पदेन सदस्य बाहेक अरु प्रत्येक सदस्यको कार्य अवधि निज सदस्य भएको मितिले ५ वर्ष तोकिए तापनि कुनै पदमा बहाल रहेको हैसियतबाट मनोनित वा प्रतिनिधि भै आएका सदस्य सो पदमा बहाल हुञ्जेल सदस्य कायम रहने भयो ।

कार्य

संशोधित ऐनले सिण्डिकेटलाई देहायको कार्यको अख्तियारी दियो;

- सम्बद्ध कलेज र मान्यता प्राप्त संस्थाहरूको निरीक्षणको आवश्यक प्रबन्ध गर्नु, निर्देशन दिनु र तिनीहरूको स्तर कायम राख्नु, तिनमा रहेका शिक्षकहरूको नियुक्तिको उचीत शर्त र उचीत तलबको निम्ति प्रबन्ध गराउन आवश्यक निर्देशनहरू दिनु र त्यसपछि दिइएका निर्देशनहरूको उचीत पालन नभएमा तिनीहरूको सम्बन्धनको शर्तमा संशोधन वा आफुलाई उचीत लागेको अरु कारवाई गर्ने
- कलेज बाहेक अरु कुनै अनुसन्धान वा विशेष अध्ययन संस्थालाई मान्यता प्राप्त संस्था भनी मान्यता प्रदान गर्ने अधिकार एकेडेमि काउन्सिलको सिफारिसमा सिण्डिकेटलाई हुने
- एकेडेमिक काउन्सिलले आवेदनपत्र उपर विचार गर्ने निर्णय गरेमा आफुले अधिकार दिएको एक वा एक भन्दा बढी योग्य व्यक्तिहरू द्वारा स्थानिय जाँचबुझ गराउन सक्छ । त्यस्ता जाँचबुझसमेत गरी एकेडेमिक काउन्सिलले आवेदन पत्रलाई पूर्ण

वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्नेछ। आवेदन पूर्ण वा आंशिक रूपमा मान्य भएकोमा एकेडेमिक काउन्सिलले संस्थालाई मान्यता प्रदान गर्न चाहेको विषय र त्यसको पाठ्यक्रम तोकी त्यसको रिपोर्ट सिण्डिकेटमा पेश गर्ने

- कुनै मान्यता प्राप्त संस्थाले आफुले मान्यता प्राप्त गर्दाको शर्तहरूको पालन नगरेमा वा शिक्षाको विकासमा हानिकारक हुने किसिमको कुनै काम कार्य गरेमा त्यस्ता संस्थालाई मान्यता प्रदान गरी दिइ राखेको अधिकारहरू झिक्न वा जतिसुकै समयका लागि स्थगित गर्ने अधिकार एकेडेमिक काउन्सिलको सिफारिसमा सिण्डिकेटलाई हुने
- नियमानुसारको आवेदनपत्र प्राप्त भएपछि वा अवधि समाप्त भएपछि एकेडेमिक काउन्सिलले प्रस्तावको सूचना प्रस्ताव पेश गरेका कारणहरूको विवरण र आवेदनपत्र उपर विचारगरी आफुले अधिकार दिएको एक वा एक भन्दा बढी योग्य व्यक्तिहरूद्वारा निरीक्षण गराई र आवश्यक ठानेमा अरु जाँचबुझसमेत गराई मान्यता झिक्ने वा स्थगित गर्ने कुरामा आफ्नो सिफारिस सिण्डिकेटमा पेश गर्ने तथा
- तर एकेडेमिक काउन्सिलका जम्मा सदस्यहरूमध्ये कम्तीमा आधा सदस्यहरूको बहुमत नभै त्यस्तो मान्यता झिक्ने वा स्थगित राख्ने सम्बन्धी प्रस्ताव पास भएको नमानिने।

## सरकारी योजनामा उच्च शिक्षा

त्रिभुवन विश्वविद्यालय स्थापनापछि सरकारले उच्च शिक्षाअन्तर्गत के कस्ता कार्यक्रम कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा राष्ट्रिय योजना परिषद्/राष्ट्रिय योजना आयोगमार्फत अध्ययन गराउनाका साथै त्यसलाई दीर्घकालीन योजनामासमेत समावेश गर्नु स्वाभाविक नै हो। सरकारले तय गरेको नीतिका आधारमा नै विश्वविद्यालय शिक्षा अगाडि बढाइने व्यवस्था भएकाले त्रिभुवन विश्वविद्यालयले त्यस्ता नीतिलाई यथासम्भव लागू गरेको पाइन्छ। यहाँ उच्च शिक्षामा सरकारी

योजनाका सम्बन्धमा प्रकाश पारिएको छ जुन विश्वविद्यालयमा लागूसमेत गरियो ।

राष्ट्रिय शिक्षा योजना आयोगको सिफारिसमा २०१८ सालसम्म कलेजहरूको संख्या वृद्धि गर्ने लक्ष राखियो । प्रथम पञ्चवर्षीय योजनाअन्तर्गत शिक्षा सम्बन्धी योजना राष्ट्रिय शिक्षा नियोजन कमिसनको रिपोर्टमा आधारित गरिएको थियो ।

दोस्रो योजनामा उच्च शिक्षाको मुख्य उद्देश्य संगठन तथा व्यवस्थामा सुधार गर्ने तथा आर्थिक विकासका लागि आवश्यक आधारभूत आर्थिक स्थिति तयार गर्ने थियो । फलस्वरूप शिक्षामा पनि उपलब्ध सुविधाहरूलाई सुसंगठित तथा सुव्यवस्थित गरिने लक्ष राखियो । त्रिवर्षीय योजना २०१९-२०२२ मा त्रिभुवन विश्वविद्यालय भवन निर्माण, राष्ट्रिय अभिलेखालय भवन निर्माण आदि कामहरूका लागि खर्च गरिने भयो । त्यस्तै यस योजनाकालमा महाविद्यालयहरूको संख्या ३१ भएको उल्लेख पाइन्छ ।

मुलुकमा महाविद्यालयहरूको स्थापनामा मात्र जोड दिइएको र तिनलाई सुव्यवस्थित तथा सुसंगठित गर्नेतर्फ प्रयास नभएको एवम् नयाँ महाविद्यालयहरूको स्थापना गर्दा देशको आवश्यकतातर्फ पनि ध्यान नदिइएको सरकारी दृष्टिकोण थियो । त्यस्तै नयाँ कलेजहरू प्रायः आर्टस विषयको स्थापना गरिएकाले देशको प्राविधिज्ञहरूको मागको पूर्ति हुन नसक्ने एवम् शिक्षित बेकारीहरूको समस्या पनि उत्पन्न हुने अवस्था देखिने भएको योजनामा औंल्याइयो । यस्तो अवस्थामा दोस्रो योजनामा उच्च शिक्षामा उपलब्ध सुबिधाहरूको अध्ययन गरी यिनीहरूलाई सुसंगठन गर्नेतर्फ जोड दिइने एवम् देशभर सञ्चालनमा रहेका कलेजहरू र मुलुकको उच्च शिक्षाको आवश्यकताको तुलनात्मक दृष्टिकोणबाट अध्ययन गरी महाविद्यालयहरूको संख्या सीमित राख्ने लक्ष लिइयो ।[९]

---

[९] श्री ५ को सरकार, *त्रिवर्षीय योजना २०१९-२०२२,* नेपालः राष्ट्रिय योजना परिषद्, वि.सं. २०१९, पृ. २५१-२५३, २५६-२५८ ।

दोस्रो योजना कालमा त्रिभुवन विश्वविद्यालय स्थल कीर्तिपुरमा रसायन विभागको भवनलगायत विभिन्न भवन, कलेज अफ एजुकेसन भवन, पुस्तकालय भवनलगायत निर्माण कार्य सञ्चालन गरिनाका साथै विश्वविद्यालयमा पूरा समय पढाउने नेपाली प्राध्यापकहरूको संख्या वृद्धि गर्ने योजना लिइयो ।[१०]

तेस्रो पञ्चवर्षीय योजना

तेस्रो पञ्चवर्षीय योजना (२०२२-२०२७) को मुख्य उद्देश्य उच्च शिक्षाको स्तर वृद्धि गर्ने थियो । दोस्रो योजनाको अन्त्यसम्ममा कला र विज्ञान विषय पठन पाठन गरिने कलेजको संख्या २९ रहेता पनि वागमती अञ्चलमा मात्र १४ रहेको तथा जम्मा कलेजहरूमध्ये १८ मा विद्यार्थी संख्या १०० भन्दा कम रहेको देखिन्छ । केवल ५ वटा कलेजमा विद्यार्थीहरूको संख्या ३०० र सो भन्दा बढी रहेको उल्लेख पाइन्छ । अर्कातर्फ १४ मध्ये ११ अञ्चलमा मात्र कलेजहरू सञ्चालनमा रहेका थिए । यस परिवेशमा तेस्रो योजनाले उच्च शिक्षा कार्यक्रमलाई चार मुख्य भागमा बाँडेको थिया (१) विद्यमान कलेजहरूमा सुधार, (२) माध्यमिक स्कूल शिक्षक तालीम, (३) प्राथमिक शिक्षक तालीम र (४) त्रिभुवन विश्वविद्यालय । कलेज सुधार कार्यक्रमअन्तर्गत त्रिचन्द्र कलेजमा केही विषयहरूमा अनर्स कक्षाको व्यवस्था गर्ने जसका लागि आवश्यक सुविधाहरू उपलब्ध गराउने, परीक्षा भवनको निर्माण गरिने तथा अन्य कलेजहरूलाई भवन निर्माणका निम्ति सहायता दिइने भयो ।

यस योजना कालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत कला, विज्ञान, वाणिज्य सबै क्षेत्रको विस्तार गर्ने, विज्ञानका क्षेत्रमा रसायनशास्त्र, भौतिकशास्त्र, जीवविज्ञान, वनस्पतिशास्त्रमा एम.एस्सी.पढाइ चालू गर्ने तथा भवन र छात्रावास निर्माणको काम यथाशक्य छिटो पूरा गर्ने एवम् योजनाको अन्त्यसम्ममा कला कलेज, स्टाफहरू बस्ने घर, प्रशासन भवन निर्माण कार्य पूरा गर्ने, विश्वविद्यालय क्याम्प भित्र सडक, पानी, बिजुली,

---

[१०] श्री ५ को सरकार, *तेस्रो योजना २०२२-२०२७*, नेपालः राष्ट्रिय योजना परिषद्, आर्थिक योजना मन्त्रालय, वि.सं. २०२२, पृ. १२८ ।

प्राणयाम र रंगशालाको व्यवस्था गर्ने लक्ष लिइयो । त्यस्तै एम.एड.को पढाइ पनि चालु गरिने योजना रह्यो ।[११]

चौथो योजना

उच्च शिक्षामा बिगत योजनामा संख्यात्मक प्रगति भएको अर्थात् तेस्रो योजना (२०२७-२०३२) को शुरुमा २९ कलेजहरू सञ्चालनमा रहेकामा चौथो योजनको थालनीमा कलेजको संख्या ४० पुगेको थियो । एस.एल.सी.उत्तीर्ण गर्ने धेरैजसो विद्यार्थीहरू महाविद्यालयमा प्रवेश गर्ने र तिनको ठूलो संख्या कला विषयमा अध्ययन गरेको देखियो । यस प्रकारको साधारण शिक्षाबाट देशलाई खास फाइदा नहुने ठहर गरेर सरकारले चौथो योजना कालमा विद्यार्थीलाई गुणात्मक शिक्षा दिलाउनका लागि दीर्घकालीन लक्ष राखी त्रिभुवन विश्वविद्यालयलाई श्री ५ को सरकारबाट उच्च शिक्षा विस्तारमा ठोस नीति निर्धारित गरिदिने, योजना अवधिभित्र नयाँ कलेज खोल्नमा साधारणतः नियन्त्रण गर्ने, एस.एल.सी.पछि विभिन्न व्यावसायिक विषयहरूमा डिप्लोमा र डिग्री दिने संस्थाहरूको स्थापना गर्ने तथा विज्ञान शिक्षा सम्बन्धमा एक प्रभावकारी नीति निर्धारण गरी महाविद्यालयहरूमा विज्ञान पढाउने सुविधा बिस्तार गर्ने योजना बनाइयो ।[१२]

उच्च शिक्षामा प्रादेशिक सुविधा उपलब्ध गराउन चौथो योजनामा काठमाडौँ उपत्यका बाहिरका पाँचवटा कलेजहरूलाई प्रयोगशाला, पुस्तकालय र आवासीय सुविधासमेत सम्पन्न क्षेत्रीय कलेजमा परिणात गर्ने लक्ष लिइयो । त्यस्तै एक स्वशासित संस्था भएकाले श्री ५ को सरकारको नीति अनुरूप त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षा विकास कार्यक्रम तयार गरी लागू गर्ने जसका लागि आवश्यक आर्थिक सहायता भने श्री ५ को सरकारबाट दिने योजना बनाइयो । संस्कृत भाषा र ज्ञानको अन्वेषण र सदुपयोगका लागि योजनाकालमा संस्कृतका क्षेत्रमा आवश्यक

---

[११] *ऐजन,* पृ. १२५, १२७-१२८ ।

[१२] श्री ५ को सरकार, *चौथा योजना २०२७-२०३२,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०२७, पृ. २८२ ।

अनुसन्धान गर्न एउटा संस्कृत इन्स्टिच्यूटको व्यवस्था गर्ने योजनासमेत रह्यो ।[१३]

## त्रिभुवन विश्वविद्यालय

'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' जारी भएपछि पहिलो पल्ट २०१६ साल असार ३० गते मंगलबारका दिन राजदरबारमा विश्वविद्यालय परिषद्‌को पहिलो वैठक बसेको थियो । यसै वैठकले त्रिभुवन विश्वविद्यालय गठन गरेको थियो । उपकुलपति सुवर्णशमशेर ज.व.रा. पदेन सभापति रहेको सो समितिमा कोषाध्यक्ष खड्गनरसिं राणा (पदेन सदस्य), सरदार हंसमान सिंह (सदस्य), शिक्षा सचिव केशरबहादुर के.सी. (सदस्य) तथा शारदाप्रसाद उपाध्याय र भैरवबहादुर प्रधानलाई सदस्य बनाइएको थियो ।[१४]

त्रिभुवन विश्वविद्यालय ऐन लागू हुनासाथ चान्सलर श्री ५ मुमा जेठाबडामहारानी कान्तीराज्यलक्ष्मी शाहको सभापतित्वमा २०१६ साल असार ३० गतेका दिन राजदरबारमा 'त्रिभुवन विश्वविद्यालय परिषद्' को वैठक बसेको थियो । परिषद्‌को यो विशेष वैठकमा चान्सलर श्री ५ मुमा जेठाबडामहारानी कान्तीराज्यलक्ष्मी शाह, प्रो.चान्सलर श्री ५ मुमा कान्छाबडामहारानी ईश्वरीराज्यलक्ष्मी शाह, रोयल भिजिटर श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवलगायतको उपस्थिति थियो ।

वैठकमा २०१६ साल असार २८ गते भएको मन्त्रिमण्डलको निर्णयअनुसार त्रिभुवन विश्वविद्यालय ऐन २०१६ को प्रारम्भ हुन बाँकी रहेका सबै दफाहरू उक्त ऐनको परिच्छेद १ को दफा १ को उपदफा ३ मुताविक सोही असार ३० गतेदेखि प्रारम्भ गर्ने निर्णय भएको जानकारी दिइयो । त्यस्तै वैठकमा चान्सलर र प्रो.चान्सलर-श्री ५ मुमा बडामहारानीहरू जेठा कान्तीराज्यलक्ष्मी शाह र कान्छा ईश्वरीराज्यलक्ष्मी

---

[१३] *ऐजन,* पृ. २८३, २८५ ।

[१४] त्रिभुवन विश्वविद्यालय परिषद्‌को वैठक (२०१६/३/३०-२०१९/३/२५), निर्णय नं. ४ ।

शाह तथा प्रो.चान्सलरको विश्वविद्यालय कमिशनको विघटन र वैधानिक तवरमा त्रिभुवन विश्वविद्यालयको उद्घाटन सम्बन्धी निम्न सन्देश बक्सियो । मौसुफहरूबाट हुकुम भए बमोजिम सो सन्देश त्रिभुवन विश्वविद्यालयका रोयल भिजिटर श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट पढिएको थियो, जुन यस प्रकार रह्यो;[१५]

*"विश्वविद्यालय परिषद्को पहिलो वैठक-'स्व.त्रिभुवनको ५३ औं जन्म जयन्तीको अवसरमा आज त्रि.वि.एक नवीन युगमा पदार्पण गरेको, आजदेखि लागु हुने त्रि.वि.ऐन २०१६ अन्तर्गत चान्सलर तथा प्रो चान्सलरका हैसियतबाट अध्यक्षतामा त्रि.वि.परीषद्को प्रथम वैठक बस्न लागेको, विश्वविद्यालय परिषद्को पहिलो यस वैठकलाई नेपाली शिक्षाको इतिहासमा सर्वथा नवीन युगको प्रारम्भ सम्भी हामी हृदयदेखि नै यसको स्वागत गर्दछौं*

*कमिसन विघटन-स्व.त्रिभुवनको प्रथम वार्षिक पुण्य तिथीमा मौसुफको उत्कृट अभिलाशा परिपूर्ण होवोस् भन्ने उद्देश्यले त्रि.वि.को कल्पना लिई त्यसलाई साकार गर्ना निमित्त प्रारम्भिक कार्य गर्न एक कमिसन गठन गरेको थियौं । कमिसनबाट प्रारम्भिक कार्य सफलतापूर्वक सम्पन्न भएकोमा उक्त कमिसनलाई आज विघटन गरिएको*

*शिलान्यासको ठीक एक वर्षपछि आज (२०१६/३/३०/३) को शुभ दिवसमा त्रिभुवन विश्वविद्यालयले मूर्तरूप लिएको छ । तसर्थ, यो विश्वविद्यालय नेपाल आमा र उनका सन्तानका निमित्त समर्पण गर्दछौं । स्व.श्री ५ को भावनाको प्रतिक स्वरूप, मौसुफको जीवनको प्रतिनिधित्व गर्दै, यस विश्वविद्यालयले शिक्षा सधै जन सुलभ गरोस् ।*

---

[१५] त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/३/३०-२०१९/३/२५) ।

*सबैको सहयोगबाट स्थापना भएको त्रि.वि.को यस जन्म दिवसमा अब हाम्रो मनमा एउटै काम बाँकी रहेको छ । त्यो हो, विश्वविद्यालय भवनहरूको निर्माणका साथै, यहाँबाट उत्तीर्ण हुने छात्र छात्राको दीक्षान्त समारोह पनि यथाशीघ्र सम्पन्न होवोस्"*

परिषद्को सोही पहिलो वैठकले त्रिभुवन विश्वविद्यालय गठन गरेको थियो । उपकुलपति सुवर्णशमशेर ज.व.रा. पदेन सभापति रहेको सो समितिमा कोषाध्यक्ष खड्गनरसिं राणा (पदेन सदस्य), सरदार हंसमान सिंह (सदस्य), शिक्षा सचिव केशरबहादुर के.सी. (सदस्य) तथा शारदाप्रसाद उपाध्याय र भैरवबहादुर प्रधानलाई सदस्य बनाइएको थियो ।[१६] त्यस्तै वैठकले विश्वविद्यालयको परिनियम, अधिनियम र विनियमहरू पारित नभएसम्म सम्बन्धन कार्य, भवन निर्माण कार्य, विदेशी सहायता र चन्दाको कार्य र विश्वविद्यालय सञ्चालन सम्बन्धी अन्य आई पर्ने कार्य गर्ने अख्तियारी विश्वविद्यालय कमिटीलाई दियो ।[१७]

परिषद्को वार्षिक वैठक

त्रिभुवन विश्वविद्यालयको शिलान्यास २०१५ साल असार शुक्ल नवमीका दिन गरिएको थियो । त्यसको अर्को वर्ष सोही दिन अर्थात् २०१६ साल असार शुक्ल नवमीका दिन विश्वविद्यालय ऐन लागू भयो । त्यस्तै सोही २०१६ साल असार शुक्ल नवमीका दिन विश्वविद्यालय परिषद्को पहिलो वैठक बसेको थियो । त्यसैले विश्वविद्यालय परिषद्को उक्त पहिलो वैठकले हरेक वर्ष असार शुक्ल नवमीका दिन विश्वविद्यालय परिषद्को वार्षिक वैठक बस्ने निर्णयसमेत गरेको थियो ।[१८]

---

[१६] त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/३/३०-२०१९/३/२५), निर्णय नं. ४ ।

[१७] त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/३/३०-२०१९/३/२५), निर्णय नं. ५ ।

[१८] त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/३/३०-२०१९/३/२५), निर्णय नं. ६ ।

उल्लेख्य के छ भने त्रिभुवन विश्वविद्यालय ऐन २०१६ को परिच्छेद ९ दफा ६० (१) अनुसार विश्वविद्यालय स्थापना गरी काम चालु गर्न २ वर्षसम्मको अन्तरिम समयका लागि सो ऐनमा उल्लिखित विश्वविद्यालय सम्बन्धी कामकाज विश्वविद्यालय परिषद् र विश्वविद्यालय कमिटीबाट सम्पादन गरिने व्यवस्था मिलाइएको थियो ।[१९]

पठन-पाठन व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय ऐन जारी भएपछि २०१६ साल असार २० गतेदेखि रीत पूर्वक विश्वविद्यालयको काम शुरु गरिएको थियो ।[२०] विश्वविद्यालय कमिटीको २०१६ साल साउनको तेस्रो हप्तामा बसेको वैठकमा भाइस चान्सलर सुवर्णशमशेर (शिक्षामन्त्री) को आदेशलाई जानकारी गराइयो । भाइस चान्सलरको आदेश संलग्न भएको शिक्षा मन्त्रालयको उक्त पत्रमा "सन् १९५९ को पटना विश्वविद्यालयको सप्लिमेन्टरी परीक्षा र संस्कृत महाविद्यालयको बनारस विश्वविद्यालय र बिहार विश्वविद्यालयको १९५९ को सप्लिमेन्टरी परीक्षाहरूमा जाँच दिने छात्रहरूको शिक्षण कार्य, प्रशिक्षण र परीक्षाको व्यवस्था साविकबमोजिम हुनलाई त्रिभुवन विश्वविद्यालयले स्वीकृति दिएको छ" साथै "२०१६ साल साउन ३१ गतेसम्ममा सकिने कलेज अफ एजुकेसनको फाइनल परीक्षाहरूमा जाँच दिने छात्रहरूको शिक्षण कार्य, प्रशिक्षण र परीक्षाको व्यवस्था साविक बमोजिम हुनलाई त्रिभुवन विश्वविद्यालयले स्वीकृति दिएको छ" उल्लेख गरियो ।[२१]

---

[१९] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ५७ ।

[२०] त्रिभुवन विश्वविद्यालय परिषद्को माइन्यूट (२०१६ आषाढ ३०-२०१९ आषाढ २५), वार्षिक रिपोर्ट २०१७/३/२०, पृ. ५ ।

[२१] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २१ ।


यी दुई आदेशद्वारा स्थापनादेखि नै यसका भाइस चान्सलरले विश्वविद्यालयलाई निर्देशन दिने क्रमको थालनी भएको अर्थात् विश्वविद्यालय 'स्वायत्त संस्था' नरहेको स्पष्ट हुन्छ । त्यस्तै त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व नेपालमा सञ्चालित महाविद्यालयहरूको सम्बन्धन भारतका चार विश्वविद्यालय 'पटना विश्वविद्यालय', 'वाराणसेय संस्कृत विश्वविद्यालय', 'दिल्ली विश्वविद्यालय' 'बिहार विश्वविद्यालय' बाट भएको देखिन्छ । यद्यपि नेपालमा सञ्चालनमा रहेकामध्ये कुन महाविद्यालय कुन भारतका कुन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका थिए भन्ने जानकारी भने सो आदेशबाट स्पष्ट हुँदैन ।

यसै सन्दर्भमा 'वाराणसेय संस्कृत विश्वविद्यालय, वाराणसी' ले क्रमाङ्क-२५६, सं.-११७, को 'प्रथमा परीक्षा-१९६०' मा 'मोरङ ३ नं. ओखलढुङ्गा नेपालअन्तर्गत रावाभोर्लेनी' निवासी 'उपेन्द्रबहादुर वर्मा' ले संस्कृत, हिन्दी, सामाजिकशास्त्रम्, गणितम् फलित ज्यौतिषञ्च, तर्कसंग्रहः (दर्शनम्), विशेषयोग्यता विषयः दर्शनम् र अतिरिक्त अंग्रेजीसमेत जम्मा ७ विषय 'द्वितीय' श्रेणीमा उत्तीर्ण गरेको एउटा प्रमाणपत्र फेला परेको छ । वाराणसेय संस्कृत विश्वविद्यालय, वाराणसी (भारत) बाट हुलाक मार्फत पठाइएको उक्त प्रमाणपत्रको खाममा 'श्री उपेन्द्रबहादुर वर्मा, श्री पिण्डेश्वर संस्कृत महाविद्यालय, धरान, नेपाल, पो.(पोष्ट) जोगवनी, जि. (जिल्ला) पूर्णियाँ' उल्लेख गरिएको छ । उक्त प्रमाणपत्रका साथमा निज वर्माको लव्धाङ्कपत्रसमेत रहेको छ ।[२२] यसबाट सम्भवतः नेपालमा सञ्चालनमा रहेका कतिपय संस्कृत महाविद्यालयहरूको सम्बन्धन भारतको बनारसमा सञ्चालनमा रहेको 'वाराणसेय संस्कृत विश्वविद्यालय' बाट प्राप्त भएको जस्तो देखिन्छ । यसै गरी कतिपय संस्कृत महाविद्यालय भारतको 'विहार संस्कृत विश्वविद्यालय' बाटसमेत सम्बन्धन प्राप्त गरेको भन्ने बुझिन्छ भने संस्कृत बाहेकका अन्य सबैजसो महाविद्यालयहरू भारतको 'पटना विश्वविद्यालय' बाट सम्बन्धन प्राप्त भएको भन्ने पाइन्छ ।


---

[२२] यो प्रमाणपत्र, लव्धाङ्कपत्र तथा चिट्ठीको खामको ठेगानासमेतको मोबाइल तस्बिर नेपाली विषयका प्राध्यापक डा.माधव पोखरेलबाट प्राप्त भएको हो ।

त्यस्तै नेपालमा सञ्चालनमा रहेका कलेजमा अध्ययनरत विद्यार्थीको परीक्षा पटना विश्वविद्यालयले लिने गरेको एउटा उदाहरण सन् १९५९ जनवरी २९ को एउटा 'सर्टिफिकेट' बाट स्पष्ट हुन्छ । दरबार कलेजमा 'English, Nepali Composition, Principal Nepali, Civics, History' विषय लिएर 'Intermediate' तह उत्तीर्ण गरेको एउटा विद्यार्थीको सर्टिफिकेटबाट स्पष्ट हुन्छ । त्यसो त नेपालमा अध्ययनरत विद्यार्थीमध्ये पटना विश्वविद्यालयअन्तर्गतको कतिपय क्याम्पसको परीक्षा भने त्रिचन्द्र कलेजमा सञ्चालन हुने गरेको देखिन्छ । उदाहरणका लागि सन् १९५८ मार्च महिनामा 'Roll Nep. No. 124 Registered No. 890 of 1957' भएका एक विद्यार्थीलाई त्रिचन्द्र कलेजमा परीक्षा केन्द्र तोकिएको देखिन्छ । यसै गरी नेपालमा सञ्चालनमा रहेका विभिन्न क्याम्पस/महाविद्यालयमा अध्ययनरत विद्यार्थीलाई भारतका विभिन्न विश्वविद्यालयले परीक्षा लिने तथा उत्तीर्णपछि सर्टिफिकेट दिने गरेको देखिन्छ । यद्यपि यसका बारेमा अझ अनुसन्धान गर्नु पर्ने देखिन्छ । विस्तृत जानकारीका लागि ती सामग्री यहाँ दिइएको छः




**पिण्डेश्वर संस्कृत महाविद्यालय, धरानका विद्यार्थीको नाममा वाराणसेय संस्कृत विश्वविद्यालय, वाराणसीबाट पठाइएको पत्र ।**



प्रपत्रम्-क

सं० ११८

वाराणसेयसंस्कृतविश्वविद्यालयः

प्रथमा परीक्षा, १९६०

क्रमाङ्कः २५६

उपेन्द्र बहादुर वर्मा नामा,

श्री ध्वज वर्मा नाम्नः पुत्रः,

५ - ५ - १९४६ ईशवीयतिथौ समुत्पन्नः

(३ नं. ओखलढुंगा, नेपाल)

~~मोरंग~~ मण्डलान्तर्गत रावाभोर्लेनी निवासी १९६० वर्षे

अधोलिखितविषयेषु प्रथमपरीक्षायाम् द्वितीय श्रेण्यामुत्तीर्णः इति प्रमाणीकरोति।

१—संस्कृतम्

२—हिन्दी

३—सामाजिकशास्त्रम्

४—गणितम् फलितज्योतिषञ्च

५— तर्कसंग्रहः (दर्शनम्)

६—विशेषयोग्यताविषयः— दर्शनम्

७- अतिरिक्त अंग्रेजी

वाराणसी,


दिनाङ्कः जुलाई १, १९६१ ई०

एम० ए०, व्याकरणाचार्यः,

प्रस्तोता।

पिण्डेश्वर संस्कृत महाविद्यालय, धरानका विद्यार्थी वाराणसेय संस्कृत विश्वविद्यालय परीक्षामा उत्तीर्ण प्रमाणपत्र ।

*स्रोत- प्रा.डा.माधव पोखरेल, काठमाडौँ*



Patna University

I certify that Khadga Man Shrestha
of Durbar College passed the Intermediate
Examination in Arts, held in the month of March 1958,
and was placed in the Third Division.


Subjects of Examination:—

1. ENGLISH
2. Nepali Composition
3. Principal Nepali
4. Civics
5. History

PATNA UNIVERSITY
The 29th January, 1959.

Registrar.

**काठमाडौँ स्थित दरबार कलजेमा अध्ययनरत विद्यार्थीले पटना विश्वविद्यालयबाट इन्टरमिडियट तह उत्तीर्ण गरेको प्रमाणपत्र**



Note:—The result of the Examination of any candidate will be notified from the office of the undersigned as soon as the results of the Examinations are ready for publication, if either Rs. 2 for a telegram or Re. 1 for a letter conveying the information be paid in advance.

PATNA UNIVERSITY

ADMISSION CARD

Admit

Khadga Man Shrestha

Roll Nep No. 124 Registered No. 870 of 1957.

to the Intermediate Examination in Arts to be held on 17 MAR 1958

Centre:- Tri-Chandra College.

Registrar.

The Union Press, Patna.

**काठमाडौँ स्थित दरबार कलजेमा अध्ययनरत विद्यार्थीको पटना विश्वविद्यालयबाट सञ्चालित इन्टरमिडियट तहको परीक्षा केन्द्र त्रिचन्द्र कलेजमा तोकिएको**
Admission Card

*स्रोत : डा.खड्गमान श्रेष्ठ, कुलेश्वर, काठमाडौँ*

सम्बन्धनको सन्दर्भमा नै त्रिचन्द्र कलेजलाई 'पटना विश्वविद्यालय' बाट सम्बन्धन दिइएकाले त्यस विश्वविद्यालयअन्तर्गत पठन पाठन तथा परीक्षा सञ्चालन गरिने नेपालका सबैजसो महाविद्यालयका विद्यार्थीहरूको परीक्षा त्रिचन्द्र कलेजअन्तर्गत हुने गरेको पाइन्छ । यसरी पठन पाठन गरिने महाविद्यालयले पटना विश्वविद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक प्रयोग गर्नाका अतिरिक्त परीक्षा भने त्रिचन्द्र कलेज मार्फत लिइने भएकाले सम्भवतः ती महाविद्यालयलाई अन्य विश्वविद्यालयको सम्बन्धन आवश्यक नपरेजस्तो देखिन्छ । यद्यपि त्रिभुव विश्वविद्यालय स्थापनाका बखत मुलुकमा सञ्चालनमा रहेका महाविद्यालयको स्थापना, सम्बन्धन, पठन पाठन आदिका बारेमा विस्तृत रूपमा अनुसन्धानसमेत गर्नु पर्ने देखिन्छ ।

यसै सन्दर्भमा 'त्रिभुवन विश्वविद्यालय ऐन-२०१६' को दफा ५ अनुसार नेपाल अधिराज्य भरका शिक्षण संस्थाहरू त्रिभुवन विश्वविद्यालय बाहेक अरू विश्वविद्यालयसँग सम्बन्ध राख्न नमिल्ने भएको हो । यति हुँदा हुँदै पनि 'मटिहानी' र 'जनकपुर' का संस्कृत शिक्षालयले सन् १९६१ सम्म 'विहार संस्कृत विश्वविद्यालय' सँग सम्पर्क राखी सोही विश्वविद्यालयको पाठ्यक्रमअनुसार पठन पाठन गराउँदै आएका थिए । त्रिभुवन विश्वविद्यालय ऐन अनुसार सन् १९६३ देखि परीक्षाको माध्यम नेपाली र अङ्ग्रेजी मात्र रही हिन्दी नरहने भएको थियो । यस्तो अवस्थामा मटिहानी र जनकपुर संस्कृत महाविद्यालयहरूका विद्यार्थीलाई मर्का पर्ने थियो । त्यसैले उनीहरूको मर्कालाई ध्यानमा राखेर त्रिभुवन विश्वविद्यालयले सन् १९६३ एक वर्षका लागि साविकबमोजिम नै अन्य विश्वविद्यालयबाट परीक्षा दिलाउन अनुमति दियो । अर्को वर्ष सन् १९६४ देखि भने उनीहरूले त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रमअनुसार नेपाली माध्यममा यसै विश्वविद्यालयको परीक्षामा सामेल हुनु पर्ने व्यवस्था गरियो ।[२३]

---

[२३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २६ ।

जेहोस् त्रिभुवन विश्वविद्यालय ऐन २०१६ लागू भएपछि नेपाल अधिराज्य भित्रका सबै शैक्षिक संस्थाहरूले विदेशी विश्वविद्यालयहरूबाट प्राप्त गरी राखेका सबै सुविधाहरू झिकिएको मानिने प्रावधान भए तापनि भाइस चान्सलरको माथिको आदेशबाट ऐनको उक्त धाराअनुसार तत्काल काम नगरिएको स्पष्ट हुन्छ । हुनत व्यावहारिक भए तपानि त्रिभुवन विश्वविद्यालय कमिटीबाट गरिनु पर्ने यो व्यवस्था विश्वविद्यालयले निर्देशनबाट गर्न बाध्य हुनुपऱ्यो ।

त्यस्तै विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भइनसकेको 'कलेज अफ एजुकेशन' को फाइनल परीक्षाहरूमा संलग्न परीक्षार्थीहरूको शिक्षण कार्य, प्रशिक्षण र परीक्षाको व्यवस्था पनि साविकबमोजिम सञ्चालन हुनलाई त्रिभुवन विश्वविद्यालयले स्वीकृति दिएको आदेश जारी गरियो । माथि उल्लेख गरिए जस्तै यो आदेशसमेत विश्वविद्यालयको स्वायत्तताअनुसार भएन । यद्यपि कार्य भने उपयुक्त नै थियो । माथिको आदेशअनुसार कलेज अफ एजुकेसनमा परीक्षासमेत सञ्चालन भएको परिप्रेक्षमा डिग्री प्रदान गर्ने स्वीकृति दिनका लागि शिक्षा विभागबाट अनुरोध गरिए तापनि विश्वविद्यालय कमिटीले कलेजबाट डिग्री प्रदान गर्न नमिल्ने र स्वीकृति दिन पनि परिनियम, अधिनियम आदिलाई पर्खनु पर्ने भएकाले त्यस बखतसम्म विद्यार्थीको जाँच साबिकबमोजिम लिई सम्बन्धित अधिकारीबाट जो चाहिने जाँच पास भएको सर्टिफिकेट दिनेगरी काम चलाउन भनियो ।[२४]

विश्वविद्यालय स्थापना हुनासाथ कमिटीले सञ्चालनसँग सम्बद्ध विविध विषयमा आवश्यक सल्लाह लिनका लागि विदेशी विद्वान/विज्ञ संलग्न रहेको एउटा सल्लाहकार प्यानल (समिति) नै गठन गऱ्यो । प्रायः नेपालमा रहेका विभिन्न देशका विद्वानबाट सल्लाह लिएर उत्कृष्ट रूपमा विश्वविद्यालय सञ्चालन गर्ने कमिटीले योजना बनाएकाले यो समिति गठन गरिएको देखिन्छ । विदेशी अवैतनिक सल्लाहकारको प्यानलमा

---

[२४] त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २५ ।

आइ.ए.एम, यु.एन.ओ., यु.एस.ओ.एम., स्विस एड मिसन, फोर्ड फाउन्डेसन जस्ता संस्थासँग आवद्ध गरिए । यसरी त्रिभुवन विश्वविद्यालयलाई सल्लाह दिन देहायका सल्लाहकारहरू राखियो;[२५]

क १ आइ.ए.एम.डाइरेक्टर श्री एच लाल
२ आइ.ए.एम.का श्री एस.एस.भन्डारकर
३ आइ.ए.एम.का मुर्देश्वर
४ आइ.ए.एम.बाट सिफारिस गरी सोही संस्थाबाट पठाइएको व्यक्ति/व्यक्तिहरू

ख १ यु.एन.ओ.को रिप्रिजेन्टेटिव मि.हिम्स ओर्थ
२ निजले सिपफारिस गरेको यु.एन.ओ.भित्रको व्यक्ति/व्यक्तिहरू

ग १ यु.एस.ओ.एम.को डाइरेक्टर श्री रुस्सेल ड्रेक
२ यु.एस.ओ.एम.का एजुकेसन चीफ मि.बाइनर
३ ओरेगन कन्ट्राक्ट अन्तर्गतका डा.उड
४ यु.एस.ओ.एम.बाट सिफारिस भइ आएका यु.एस.ओ.एम.भित्रका व्यक्ति वा व्यक्तिहरू

घ १ स्विस एड मिसनका रिप्रिजेन्टेटिव मि.भेर्नर शुल्टेश
२ निजले सिफारिस गरेको स्विस एड मिसन भित्रका व्यक्ति/व्यक्तिहरू

ङ १ फोर्ड फाउन्डेसनका डाइरेक्टर कर्नल मेन्छनेवा राओ
२ फोर्ड फाउन्डेसबाट सिफारिस भइ आएका फोर्ड फाउन्डेसन भित्रका व्यक्ति/व्यक्तिहरू

[२५] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं.२४ ।

च	१ रेमरेन्ड डा.मारसल मोरान

२ निजले सिफारिस गरेका आफ्नो संस्था भित्रका व्यक्ति/व्यक्तिहरू

त्रिभुवन विश्वविद्यालयका अधिकारीवर्गहरू र सोअन्तर्गतका कमिटी तथा उप कमिटीहरूलाई आवश्यक परेका खण्डमा विश्वविद्यालय कमिटीको स्वीकृति लिएरमात्र उल्लिखित सल्लाहकार/विज्ञहरूसँग सम्पर्क राख्न एवम् परामर्श लिनसक्ने अख्तियारी दिइयो । यसबाट विश्वविद्यालयका पदाधिकारी विभिन्न समिति, उपसमितिका सदस्यहरूले व्यक्तिगत रूपमा उनीहरूसँग भेटगर्न भने प्रतिबन्ध लगाइयो जुन व्यावहारिक एवम् आवश्यकसमेत थियो ।

## उत्तराधिकारी विश्वविद्यालय

स्थापनाको तेस्रो वर्षसम्म पनि त्रिभुवन विश्वविद्यालयलाई नेपालका निम्ति पटना विश्वविद्यालयको 'उत्तराधिकारी विश्वविद्यालय' मानिएको कुरा त्रिभुवन विश्वविद्यालय कमिटीबाट निर्णय नै गराइएको पाइन्छ । पटना विश्वविद्यालयको उत्तराधिकारी विश्वविद्यालय भएकाले अन्य विदेशी विश्वविद्यालयबाट मान्यता प्राप्त गर्नलाईसमेत प्राज्ञिक कामहरूमा सोही विश्वविद्यालयको नियम अनुसरण गर्नु पर्दथ्यो । फलस्वरूप त्यस बखतसम्म पनि त्रिभुवन विश्वविद्यालयले परीक्षा लिने, डिग्री तथा सर्टिफिकेट दिनेलगायत आवश्यक सबै प्राज्ञिक कार्यहरू उत्तराधिकारी विश्वविद्यालयको हैसियतबाट गर्दै आएको थियो । त्यति मात्र नभएर यसले विदेशी विश्वविद्यालयहरूबाटसमेत सोही आधारमा मान्यता प्राप्त गरेको थियो ।[२६]

## अन्तरिम व्यवस्था

'त्रिभुवन विश्वविद्यालय ऐन २०१६' ले विश्वविद्यालय सञ्चालनको पहिलो दुई वर्षलाई 'अन्तरीम' समय तोकेको थियो । आवश्यक परेमा चान्सलरले श्री ५ को सरकारको स्वीकृति लिएर अर्को

---

[२६] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ५७ ।

एक वर्षसम्म अन्तरिम समय बढाउन सक्ने व्यवस्थासमेत सो ऐनबाट भएको थियो । भवनलगायत आवश्यक पूर्वाधार तयार गर्नका लागि नै विश्वविद्यालयमा अन्तरिम व्यवस्था लागू गरिएको थियो । यसै क्रममा अन्तरिम अवधीको दुई वर्ष २०१८ साल असार मसान्तमा समाप्त हुने भए तापनि अन्तरिम समय सकिनु अगाडि नै विश्वविद्यालय परिषद्ले 'सिनेट' र 'सिण्डिकेट' गठन गरिसक्नु पर्ने प्राबधानअनुसार आवश्यक परिनियम, अधिनियम इत्यादि पारित गरिएको थिएन । यस्तो अवस्थामा विश्वविद्याल कमिटीले अन्तरिम अवधि थप एक वर्ष लम्ब्याउन चान्सलर समक्ष जाहेर गर्नुका साथै श्री ५ को सरकारबाट स्वीकृतिका लागि अनुरोध गरिएको थियो । यस सम्बन्धमा श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट अन्तरिम अवधि एक वर्ष किन लम्बाउनु परेको हो र अन्तरिम अवधि बढाउनु नपर्ने गरी किन काम नभएको हो भनि सोधी पठाएकोमा विश्वविद्यालयका अधिकारी वर्ग गठन हुन परिनियम, अधिनियम इत्यादि पास हुन बाँकी नै रहेकाले अन्तरिम अवधि बढाउनु परेको भनी पुनः शिक्षा मन्त्रालयलाई जबाफ पठाइयो ।[२७] सोहीबमोजिम विश्वविद्यालय ऐन २०१६ को दफा ६०(३) अनुसार अन्तरिम अवधि दुई वर्ष नाघी पुनः २०१८ साल असार १४ बुधबारका दिन श्री ५ को सरकारबाट २०१८ असार मसान्तदेखि एक वर्षका निम्ति बढाउने स्वीकृति दिइयो । सरकारको स्वीकृतिका आधारमा चान्सलरबाट विश्वविद्यालयको अन्तरिम व्यवस्था एक वर्षको निम्ति बढाइयो । फलस्वरूप २०१९ साल असारसम्म ऐनको सोही दफाअनुसार तेस्रो वर्षसमेत अन्तरिम व्यवस्था भित्र आफ्नै विनियम तयार नभएसम्म यथावत् सञ्चालनमा रह्यो ।[२८]

उल्लेख्य के देखिन्छ भने सो अन्तरिम अवधि भित्र आफ्नै विनियम तयार नभएसम्म त्रिभुवन विश्वविद्यालयले पटना विश्वविद्यालयको विनियमलाई आधार मानी शिक्षण तथा परीक्षाको कार्य गर्दै आएको थियो ।

[२७] त्रिभुवन विश्वविद्यालय कमिटिको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २०७, २२१ ।

[२८] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ५७ ।

त्यस्तै त्रिभुवन विश्वविद्यालय ऐन २०१६ को परिच्छेद ९ दफा ६० (१) अनुसार विश्वविद्यालय स्थापना गरी काम चालु गर्न २ वर्षसम्मको अन्तरिम समयका लागि सो ऐनमा उल्लिखित विश्वविद्यालय सम्बन्धी कामकाज विश्वविद्यालय परिषद् र विश्वविद्यालय कमिटीबाट सम्पादन गरिने व्यवस्था मिलाइएको थियो ।[२९]

अन्तरिम कालको थप एक वर्षको अवधिपछि विश्वविद्यालयको अन्तरिम व्यवस्थाको अन्त गर्ने विषयमा विश्वविद्यालय कमिटीले आवश्यक तयारी गरेको थियो । हुनतः अन्तरिम समय अन्त हुनु अगावै विश्वविद्यालय परिषद्ले ऐनअनुसार सिनेट र सिण्डिकेटलगायत भाइस चान्सलर, कोषाध्यक्ष र डीनहरूको नयाँ नियुक्ति गर्नु पर्दथ्यो । यस सम्बन्धमा सल्लाह लिनका लागि कमिटीको वैठकमा श्री ५ को सरकारको एटर्नि जनरल शम्भुप्रसाद ज्ञवालीसँग पनि सल्लाह गरेको थियो ।[३०]

चान्सलर श्री ५

त्रिभुवन विश्वविद्यालय कमिसनको गठन २०१२ सालदेखि कमिसनको अध्यक्ष तथा विश्वविद्यालय स्थापनादेखि चान्सलर तथा प्रो.चान्सलर पद सम्हाल्दै आएका श्री ५ जेठा तथा कान्छा मुमा बडामहारानीहरूको सभापतित्वमा २०१८ साल पौष २७ गतेका दिन राजदरबारमा त्रिभुवन विश्वविद्यालय परिषद्को विशेष वैठक बसेको थियो । वैठकमा श्री ५ मुमा बडामहारानीहरबाट त्रिभुवन विश्वविद्यालयको सिनेटको सदस्यता तथा चान्सलर एवम् प्रो.चान्सलर पदसमेतबाट अवकाश लिने प्रस्ताव राखेका थिए । यसरी खाली हुन आएको चान्सलर र प्रो. चान्सलर पदमा मुमाबडामहारानी द्वयले श्री ५ महेन्द्रको नामसमेत सिफारिस गरेका थिए । त्रिभुवन विश्वविद्यालयको स्थापना एवम् विकासमा छ वर्षसम्म निरन्तर प्रयासरत मुमा बडामहारानीहरूले सो अवसरमा

---

२९ *ऐजन* ।

३० त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २२० ।

राखेको प्रस्ताव विश्वविद्यालयको इतिहासमा महत्त्वपूर्ण भएकाले यहाँ दिइएको छ;[३१]

> *"त्रिभुवन विश्वविद्यालयको जन्मकालदेखि नै यससंग हाम्रो हात्मीय सम्बन्ध भएकोले आज यसरी सम्बन्ध विच्छेद गर्नु पर्दा गहिरो दुःख लाग्नु स्वाभाविक नै हो, तापनि विश्वविद्यालयको शीघ्रतम उन्नति तथा दीर्घकालीन अभिवृद्धिलाई नै आफ्नो एकमात्र कर्तव्य तथा लक्ष संझेर हाम्रो व्यक्तिगत मोह त्यागी अब हामीले विश्वविद्यालयको सिनेटको सदस्यता, चान्सलर तथा प्रो.चान्सलर पद समेतबाट अवकाश लिनु मानसिव होला भन्ने विश्वाससाथ उक्त कार्यभारबाट अवकाश लिन आज यो प्रस्ताव राखेका छौं ।*
>
> *त्रिभुवन विश्वविद्यालयको जन्मकालदेखि नै हामीबाट यसको स्थापना एवं संचालनमा सक्रिय सहयोग गरेको सेवामा विदितै छ । विश्वविद्यालयले अहिलेसम्म गरेको प्रगतिमा सहयोग गर्ने सबैलाई हाम्रो हार्दिक धन्यवाद छ ।*
>
> *यसरी अवकाश प्राप्त गर्नुअघि, छोरा नानी श्री ५ महाराजाधिराजबाट त्रिभुवन विश्वविद्यालका चान्सलर एवं प्रो.चान्सलर पद ग्रहण गरियोस् भनने हाम्रो प्रस्तावलाई, विश्वविद्यालयको समुज्ज्वल भविष्य दृष्टिगत राखी, सिनेटका सबै सदस्यबाट अनुमोदन मिल्ने छ भन्ने हामी आशा र विश्वास राख्दछौँ"*

श्री ५ मुमाबडामहारानीहरूबाट राखिएको उक्त प्रस्ताबलाई परिषद्ले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो । त्यस्तै वैठकमा उपस्थित श्री ५ महेन्द्रबाट पनि चान्सलरको पद ग्रहण गर्न र श्री ५ को सरकार शिक्षा

---

[३१] त्रिभुवन विश्वविद्यालय परिषद्को माइन्यूट (२०१६ असार ३०-२०१९ असार २५), पृ.१-२ ।

मन्त्रीलाई पदेन प्रो-चान्सलर पदमा नियुक्त गर्नसमेत स्वीकृति दिइयो । यहीँ अर्थात् २०१८ साल पौष २७ गतेदेखि गणतन्त्र स्थापनापूर्वसम्म त्रिभुवन विश्वविद्यालयमा राजाहरू नै कुलपतिको दायित्वमा रहेका हुन् ।

विश्वविद्यालय परिषद्को उक्त विशेष सभामा मुमा बडा महारानीहरूको मुख्य भनाइ यस प्रकार रहयो;[३२]

- राजा त्रिभुवनको इच्छा अनुसार उनको नाममा विश्वविद्यालय स्थापना गरेको
- त्रिभुवनको प्रथम पुण्य तिथि २०१२ साल चैत्र १८ मा त्रिभुवन विश्वविद्यालयको स्थापनाको संकल्प अनुरूप आफ्नै अध्यक्षतामा त्रिभुवन विश्वविद्याल आयोग गठन गरेको जसले २०१८ साल पौष २७ (आजको दिनसम्म) काम गरेको ।
- सर्वप्रथम मित्रराष्ट्रका विशेषज्ञहरूको सल्लाहबाट योजनाको अङ्कन गरियो । विश्वविद्यालयको निम्ति स्थानको निर्धारण भयो ।
- विश्वविद्यालयको मुख्य स्थलसम्म पुग्न श्रमदानबाट बाटो बन्यो जसमा विद्यार्थीवर्गबाट अभूतपूर्व उत्साह र योगदान गरियो ।
- एक वर्ष मै भवनको शिलान्यास पनि भयो । आयोगले विश्वविद्यालय ऐनको मस्यौदा गऱ्यो र सरकारी स्वीकृति प्राप्त भयो ।
- विश्वविद्यालय परिषद्को गठन भयो ।
- २०१८ साल पौष २७ गतेसम्म विश्वविद्यालयले नेपाल अधिराज्यका २७ महाविद्यालयलाई सम्बद्ध गऱ्यो ।
- यसै अवधिभित्र विश्वविद्यालयको प्रथम दीक्षान्त समारोह सम्पन्न भयो जसमा ३१० जनालाई उपाधि प्रदान गरियो । नेपाली

---

[३२] त्रिभुवन विश्वविद्यालय परिषद्को विशेष वैठक २०१८/९/२७ ।

नागरिकले प्रथमवार आफ्नो राष्ट्रको विश्वविद्यालयको उपाधी प्राप्त गरेर निश्चय पनि इतिहास बनाएका छन् ।

- विश्वविद्यालयको जन्मदेखि मुमा बडामहारानीहरूबाट त्रिभुवन विश्वविद्यालय आयोगको अध्यक्ष पद तथा पछि विश्वविद्यालयको चान्सलर एवम् प्रो.चान्सलर पद ग्रहण गरियो । यस छोटो अवधिमा नयाँ कामको सृजना गर्नु पर्दा र नेपालको निम्ति विश्वविद्यालय निर्माण विलकुलै नवीन अनुभव भएकोले यसमा त्रुटिहरू हुन गए होलान् ।

- आज (२०१८ साल पौष २७) हामी यस विश्वविद्यालयको चान्सलर, प्रो.चान्सलर पद हाम्रा चिरंजीवी छोरा नानी श्री ५ महाराजाधिराजलाई बक्सन लागेका छौं । त्रिभुवन विश्वविद्यालयको जन्मकालेदेखि नै यससँग हाम्रो आत्मीय सम्बन्ध भएकोले यसरी सम्बन्ध विच्छेद गर्नु पर्दा गहिरो दुःख लाग्नु स्वाभाविक नै हो, तापनि, विश्वविद्यालयको शीघ्रतम उन्नती तथा दीर्घकालीन अभिवृद्धिलाई नै आफ्नो एक मात्र कर्तव्य तथा लक्ष संझेर हाम्रो व्यक्तिगत मोह त्यागी अब हामीले विश्वविद्यालयको सिनेटको सदस्यता, चान्सलर तथा प्रो चान्सलर पद समेतबाट अवकाश लिनु मनासिव होला भन्ने विश्वाससाथ उक्त कार्यभारबाट मुक्त भएका छौं ।

- छोरा नानी श्री ५ महाराजाधिराज यस राष्ट्रको प्रतीक भएकोले विश्वविद्यालयलाई छोरा नानीमा सुम्पेर हामीलाई यो विश्वविद्यालय नेपालका युगयुग सम्मन्का संतानलाई सुम्पेको संतोष प्राप्त भइरहेछ ।

- विश्वविद्यालयको दैनिक कार्य संचालनबाट हामी बाहिर भएता पनि हाम्रो जीवनकालसम्म हामी यसको भलाई र उन्नतीको चाहना गर्न छाड्ने छैनौं र हामीबाट हुन सक्ने सेवा हामी सदा प्रदान गरिनै रहने छौं ।

त्रिभुवन विश्वविद्यालयको इतिहासमा विश्वविद्यालय परिषद्को २०१८ साल पौष २७ गतेको विशेष सभामा प्रथम चान्सलर मुमा बडामहारानीहरूद्वारा दिइएको मन्तव्य महत्त्वपूर्ण देखिनाले त्यसलाई यहाँ यथावत् रूपमा दिइएको छ;[३३]

*"परिषद्का सदस्य महानुभावहरू,*

*प्रजातान्त्रिक भावना र विचारलाई प्रोत्साहित गर्न सक्ने नेपालीको आफ्नो एक विद्यार्जन केन्द्र बनोस् भन्ने श्री ५ महाराजाधिराज त्रिभुवनको सदिच्छा एवं कामनाको परिणामस्वरूप यो त्रिभुवन विश्वविद्यालयको जन्म भएको कुरा सबैलाई विदितै छ । मौसुफको जीवनकालमा पूर्ण हुन नसकेको त्यहि सपनालाई चरितार्थ गर्न सबेको सहयोग र सद्भावनाबाट हामीले मौसुफको प्रथम पुण्य तिथि २०१२ चैत्र १८ मा त्रिभुवन विश्वविद्यालयको स्थापनाको संकल्प उठायौं । यो संकल्प त्रिभुवन विश्वविद्याल आयोगका रूपमा सोही बेला हाम्रो अध्यक्षतामा गठन गरियो । त्यस बेलादेखि आजसम्मको यस अवधिमा आयोग गठन हुनासाथ सर्वप्रथम मित्रराष्ट्रका विशेषज्ञहरूको सल्लाहबाट योजनाको अङ्कन गरियो । विश्वविद्यालयको निमित्त स्थानको निर्धारण भयो । विश्वविद्यालयको मुख्या स्थलसम्म पुग्न श्रमदानबाट बाटो बन्यो जसमा विद्यार्थीवर्गले अभूतपूर्व उत्साह र योगदान गरियो । एक वर्ष मै भवनको शिलान्यास पनि भयो । आयोगले विश्वविद्यालय ऐनको मस्यौदा गऱ्यो र सरकारी स्वीकृति प्राप्त भयो । छोरा नानी श्री ५ महाराजाधिराजबाट शाही राजपत्र प्राप्त गरी विश्वविद्यालय परिषद्को गठन भयो । यस अवधिभित्र त्रिभुवन विश्वविद्यालयले नेपाल अधिराज्यका २७ महाविद्यालयलाई सम्बद्ध गऱ्यो ।*

---

३३ *ऐजन*।

*मित्रराष्ट्रका कैयन विश्वविद्यालयले यसलाई मान्यता प्रदान गरे । यसै अवधिभित्र विश्वविद्यालयको प्रथम दीक्षान्त समारोह सम्पन्न भयो जसमा ३१० जनालाई उपाधि प्रदान गरियो । नेपाली नागरिकले प्रथमवार आफ्नो राष्ट्रको विश्वविद्यालयको उपाधी प्राप्त गरेर निश्चय पनि इतिहास बनाएका छन् ।*

*त्रिभुवन विश्वविद्यालयको निर्माणमा श्री ५ को सरकारको सहयोगका अतिरिक्त समय समयमा गठन भएका विभिन्न आयोग एवं समितिहरूले समेत सहयोग प्रदान गरे । हाम्रा मित्रराष्ट्रहरूबाट पनि विभिन्न रूपमा सहायता प्राप्त भयो । यसरी, परोक्ष वा अपरोक्ष रूपबाट सहायता, सहयोग एवं सेवा प्रदान गर्ने सबै व्यक्ति, संस्था र राष्ट्रप्रति हामी आभारी छौं । मुख्यतः नेपलका विद्यार्थीवर्गले यस विश्वविद्यालयको निर्माणमा अद्योपान्त जुन उत्साह र सक्रिय सहयोग देखाएको छ, त्यसबाट हामी साह्रै प्रभावित भएका छौं र हामीलाई विश्वास छ त्यस वर्गको ममत्व विश्वविद्यालयलाई प्राप्त हुन्जेल यसको दिनोदिन उन्नती भइरहने छ ।*

*हुनत जुन वेगसाथ यसमा कार्य हुनु पर्ने हो त्यो आशा गरे अनुसार भएन । यसको मुख्य कारण दैनिक प्रगती भन्दा तीव्र हामी सबैको सदिच्छा पनि हुन सक्दछ तथापि, अरू कुनै कार्यबाट संतोष नभए पनि यसले जुन एक परम्पराको सृजना गरेको छ त्यो इतिहास रहिरहने एक परिच्छेद हो र हामीलाई आशा छ त्यो परम्परा फस्टाउँदै जाने छ ।*

*यो विश्वविद्यालयको जन्मदेखि नै हामीबाट त्रिभुवन विश्वविद्यालय आयोगको अध्यक्ष पद तथा पछि विश्वविद्यालयको चान्सलर एवं प्रो.चान्सलर पद ग्रहण गरियो । यस छोटो अवधिमा नयाँ कामको सृजना गर्नु पर्दा र नेपालको निमित्त विश्वविद्यालय निर्माण विलकुलै नवीन*

*अनुभव भएकोले यसमा त्रुटिहरू हुन गए होलान् । विश्वविद्यालय शिक्षा हासिल गर्ने पुन्य स्थल हो, त्यस कारण हामीबाट भएका त्रुटिहरू पनि हाम्रो निमित्त एक शिक्षा नै भएको छ । ती त्रुटिहरू हामीमा बिलाएर जाउन तथा तिनको पुनरावृत्ती न होओस् भन्ने हामी हृदयदेखि चाहन्छौं ।*

*विश्वविद्यालय राष्ट्रको ज्ञानको ज्योतिपुंज हो राष्ट्रलाई पूजने तथा पूजनीय बनाउने साधना यसेका आँगनमा परिपूर्ण हुन्छ र यहीँबाट राष्ट्रको भविष्यको निर्माण हुन्छ । विभिन्न विचारधाराको संगम स्थल बनेर विश्वविद्यालयले सदा भावी संततिको पथ प्रदर्शन गर्दछ । श्रृष्टिको आदिकालीन नियम अनुसार एक पिताको सपना डोऱ्याउन सक्ने हाथ छोराकै हुन्छ र यही नियममा श्रृष्ठि बढ्दै जान्छ । यिनै विचारलाई सर्वोपरी राखी आज हामी यस विश्वविद्यालयको चान्सलर, प्रो.चान्सलर पद हाम्रा चिरंजीवी छोरा नानी श्री ५ महाराजाधिराजलाई बक्सन लागेका छौं । त्रिभुवन विश्वविद्यालयको जन्मकालेदेखि नै यससँग हाम्रो आत्मीय सम्बन्ध भएकोले यसरी सम्बन्ध विच्छेद गर्नु पर्दा गहिरो दुःख लाग्नु स्वाभाविक नै हो, तापनि, विश्वविद्यालयको शीघ्रतम उन्नती तथा दीर्घकालीन अभिवृद्धिलाई नै आफ्नो एक मात्र कर्तव्य तथा लक्ष संझेर हाम्रो व्यक्तिगत मोह त्यागी अब हामीले विश्वविद्यालयको सिनेटको सदस्यता, चान्सलर तथा प्रो चान्सलर पद समेतबाट अवकाश लिनु मनासिव होला भन्ने विश्वाससाथ उक्त कार्यभारबाट मुक्त भएका छौं । छोरा नानी श्री ५ महाराजाधिराज यस राष्ट्रको प्रतीक भएकोले विश्वविद्यालयलाई छोरा नानीमा सुम्पेर हामीलाई यो विश्वविद्यालय नेपालका युगयुग सम्मन्का संतानलाई सुम्पेको संतोष प्राप्त भइरहेछ । राष्ट्रिय सम्पत्ति राष्ट्रको सबल बाहुमा परेपछि निश्चय नै यो प्रत्येक दृष्टिले छिटै*

*अवधिमा आफ्नो भरमा खडा हुन सक्ने छ । नयाँ चान्सलरका छत्रछायांमा विश्वविद्यालयलाई उन्नती गर्न कुनै किसिमको वाधा पर्न सक्ने छैन भन्ने हामीलाई दृढ विश्वास छ ।*

*अन्त्यमा, हामी यो आश्वासन पनि दिन चाहन्छौं कि विश्वविद्यालयको दैनिक कार्य संचालनबाट हामी बाहिर भएता पनि हाम्रो जीवनकालसम्म हामी यसको भलाई र उन्नतीको चाहना गर्न छाड्ने छैनौं र हामीबाट हुन सक्ने सेवा हामी सदा प्रदान गरिनै रहने छौं ।*

*श्री पशुपतिनाथले हाम्रो कामना पूर्ण गरुन् ।*

*जय नेपाल"*

मुमा बडामहारानीहरूलाई उपाधी

त्रिभुवन विश्वविद्यालय कमिटीको निर्णयअनुसार "नेपालमा शिक्षा विकास र विशेष गरी देशको एकमात्र आफ्नै किसिमको त्रिभुवन विश्वविद्यालय स्थापना गर्नमा त्रिभुवन विश्वविद्यालयका भूतपूर्व चान्सलर तथा प्रो-चान्सलर श्री ५ जेठा तथा कान्छा मुमा बडामहारानी सरकारहरू कान्ति राज्य लक्ष्मी शाह र ईश्वर राज्य लक्ष्मी शाह सरकारहरूबाट विशेष प्रयास तथा परिश्रम गरी बक्सी मौसुफहरूबाट शिक्षाको क्षेत्रमा उच्च योग्यता एवं स्थान प्राप्त गरिबक्सेकोले मौसुफहरूमा कुनै परीषा नलिई डाक्टर अफ लजको अनरेरी डिग्री प्रदान होस्" भन्ने प्रस्तावलाई २०१८ साल फागुन २६ गते शुक्रबारका दिन राजदरबारमा भएको त्रि.वि.परिषद्को विशेष वैठकले स्वीकृति प्रदान गरेको थियो । यसै सन्दर्भमा त्रि.वि.कमिटीको निर्णय नं. १७२ बमोजिम श्री ५ मुमा बडामहारानीहरूमा अनरेरी डिग्री ग्रहण होस् भनी दोहऱ्याई बिन्ति गर्ने निर्णय भयो र सो कुरा श्री ५ मुमा बडामहारानीहरूमा जाहेर गर्ने दायित्व

भाइस चान्सलर, रजिष्ट्रार र सरदार हंसमान सिंहलाई खटाइ पठाउने निर्णयसमेत गरिएको थियो ।[३४]

त्रिभुवन विश्वविद्यालय परिषद्को सिफारिसअनुसार श्री ५ मुमा बडा महारानी सरकारहरूबाट चान्सलरको कार्यभार श्री ५ महाराजाधिराजमा सुम्पेपछि चान्सलर श्री ५ महाराजाधिराजबाट शिक्षा मन्त्रीलाई प्रो-चान्सलर मनोनित गरिएको थियो । यो व्यवस्थासँगै त्रिभुवन विश्वविद्यालय ऐनमा संशोधनको आवश्यकता देखिएकाले ऐनमा २०२० सालमा दोस्रो संशोधन गरियो । यो संशोधनअनुसार श्री ५ महाराजाधिराज पदेन चान्सलर र शिक्षा मन्त्री पदेन प्रो-चान्सलर हुने व्यवस्था गरियो । यसको साथै सिनेटको गठनमा पनि केही हेरफेर भयो । यी संशोधनहरू विश्वविद्यालयको प्रगति र विकासका निमित्त आवश्यक मात्र होइन अनिवार्यसमेत भएको देखिन्छ । संशोधनपछि ऐनको '५६ क' मा शिक्षा नीतिको निर्देशन दिने सन्दर्भमा श्री ५ को सरकारको अधिकार यस प्रकार उल्लेख गरियो;

> *यस ऐनमा जे सुकै लेखिएको भए तापनि विश्वविद्यालयले अपनाउने उच्च शिक्षा सम्बन्धी नीतिको सम्बन्धमा श्री ५ को सरकारले आवश्यक परेमा निर्देशन दिनेछ र विश्वविद्यालयले त्यस्तो निर्देशनको पालन गर्नु पर्नेछ भन्ने दफाले अन्तराष्ट्रिय विश्वविद्यालीय उच्च शिक्षा जगतमा नराम्रो असर पार्ने सम्भावना देखाउँछ । विश्वविद्यालयको कार्यमा रेखदेख पुऱ्याउन श्री ५ को सरकारलाई ऐनको अरू दफाले अधिकार दिई रहेकोले यो दफा अनावश्यक देखिन्छ । सो दफा खारेज गर्न सिण्डिकेटले श्री ५ को सरकारको ध्यान आकर्षित गराइ सकेको छ ।*

---

[३४] त्रिभुवन विश्वविद्यालय परिषद्को माइन्यूट (२०१६ असार ३०-२०१९ असार २५), पृ. १ ।

उक्त नयाँ व्यवस्थाअनुसार विश्वविद्यालयमा कतिपय पदमा केही परिमार्जन गरियो । जसअनुसार;

चान्सलर - श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव

(२०१८ पौष २७ गतेदेखि)

प्रो-चान्सलर-माननीय शिक्षा मन्त्री कीर्तिनिधि विष्ट

(२०१९ असार १७ गतेदेखि)

भाइस चान्सलर- श्री रणधीर सुब्बा

कोषाध्यक्ष-श्री शारदाप्रसाद उपाध्याय

रजिष्ट्रार-प्रोफेसर जगतबहादुर सिं बुढाथोकी

फ्याकल्टि डीनहरू-सुर्यबहादुर शाक्य (आर्टस्-२०२० वैशाख १ गतेदेखि)

रामराज पन्त (ल-२०२० वैशाख १ गतेदेखि)

आशुतोष गांगुली (साइन्स-२०२० वैशाख १ गतेदेखि)

नरेशमान सिंह (कमर्स-२०२० वैशाख १ गतेदेखि)

यसका साथै कक्षा १ देखि ४ सम्मका सदस्यहरूको विवरणसमेत निर्धारण गरियो ।

यसको दुई वर्षको अनुभवबाट विद्यमान व्यवस्थालाई केही परिमार्जन गर्नुपर्ने महशुस गरी त्रिभुवन विश्वविद्यालय ऐनमा संशोधन गरियो । यो संशोधित ऐनले विश्वविद्यालयले स्थापना गरी वा सम्मिलित गरी स्वयम् सञ्चालन गरेको कलेजलाई 'विश्वविद्यालय कलेज' भन्ने परिभाषित गऱ्यो । सम्भवत: यस बखतसम्म पनि कतिपय शैक्षिक संस्थाले विदेशी विश्वविद्यालयबाट मान्यता लिएर कक्षा सञ्चालन गरेको जस्तो देखिन्छ । सोही परिवेशमा त्रिभुवन विश्वविद्यालयको अनुमति र श्री ५ को सरकारको स्वीकृति बेगर नेपाल अधिराज्य भित्रका कुनै पनि शैक्षिक संस्थाले विदेशी विश्वविद्यालयबाट कुनै मान्यता प्राप्त गर्न सम्बन्धन राख्न

वा त्यस्तो कुनै सुविधा प्राप्त गर्न प्रयत्न गर्न नहुने कुरालाई ऐनले अझ जोड दिनेकाम गऱ्यो । त्यस्तै अब सिण्डिकेटलाई विश्वविद्यालयको कार्यकारिणी अङ्ग बनाइयो । त्यसैकारण सो कार्यकारिणी अङ्ग अर्थात् सिण्डिकेटमा भाइस चान्सलर पदेन सदस्यका साथै सभापति, विश्वविद्यालयका कोषाध्यक्ष पदेन सदस्य हुनेभए । त्यस्तै सिण्डिकेटमा श्री ५ को सरकारको शिक्षा मन्त्रालयको प्रमुख वा निजले खटाएमा उच्च शिक्षाका डाइरेक्टर, सिनेटका सदस्य भएका विश्वविद्यालय कलेज बाहेक अरू कलेजका प्रिन्सिपलहरू मध्ये चान्सलरबाट मनोनित १ जना प्रिन्सिपल, विश्वविद्यालय कलेजका डीनहरू मध्येबाट चान्सलरबाट मनोनित एक जना तथा सिनेटले आफु मध्येबाट सिफारिस गरेकोमा विचार भई चान्सलरबाट मनोनित भएका डीन वा प्रिन्सिपल नभएका ४ जना सदस्य रहने व्यवस्था गरियो ।

सिनेटका पदेन सदस्य बाहेक अरू प्रत्येक सदस्यको कार्य अवधि निज सदस्य भएको मितिले ५ वर्षको तोकिए तापनि कुनै पदमा बहाल रहेको हैसियतबाट मनोनित वा प्रतिनिधि भै आएका सदस्य सो पदमा बहाल हुञ्जेलमात्र सिण्डिकेटको सदस्य कायम रहन भए ।

सम्बद्ध कलेज र मान्यता प्राप्त संस्थाहरूको निरीक्षणको आवश्यक प्रबन्ध गर्नु, निर्देशन दिनु र तिनीहरूको स्तर कायम राख्नु, तिनमा रहेका शिक्षकहरूको नियुक्तिको उचित शर्त र उचित तलबको निमित्त प्रबन्ध गराउन आवश्यक निर्देशनहरू दिनु र त्यसपछि दिइएका निर्देशनहरूको उचित पालन नभएमा तिनीहरूको सम्बन्धनको शर्तमा संशोधन वा आफुलाई उचित लागेको अरू कारवाई गर्नु नै सिण्डिकेटको मुख्य कार्य निर्धारण गरियो । त्यसो त कलेज बाहेक अरू कुनै अनुसन्धान वा विशेष अध्ययन संस्थालाई मान्यता प्राप्त संस्था भनी मान्यता प्रदान गर्ने अधिकार एकेडेमि काउन्सिलको सिफारिसमा सिण्डिकेटलाई नै दिइयो । कुनै मान्यता प्राप्त संस्थाले आफुले मान्यता प्राप्त गर्दाको शर्तहरूको पालन नगरेमा वा शिक्षाको विकासमा हानिकारक हुने किसिमको कुनै काम गरेमा त्यस्ता संस्थालाई मान्यता प्रदान गरी दिइ

राखेको अधिकारहरू झिक्ने वा स्थगित गर्ने अधिकारसमेत एकेडेमिक काउन्सिलको सिफारिसमा सिण्डिकेटलाई प्राप्त भयो ।[३५]

शिक्षक संख्या-२०२२ सालमा कला र विज्ञानतर्फ गरी विश्वविद्यालय सेवामा फुल टाइम-१३, पार्ट टाइम-७७ र मित्रराष्ट्रहरूबाट आएका-२४ जना प्राध्यापकहरू कर्यरत रहेको देखिन्छ ।

त्रिभुवन विश्वविद्यालय कलेज

विश्वविद्यालय ऐनमा सिनेटको सदस्यमा विश्वविद्यालय कलेजका एघार जना विभागीय प्रमुख, सिण्डिकेट सदस्यमा विश्वविद्यालय कलेजका दुई जना प्रिन्सिपल राख्ने उल्लेख गरिए तापनि अन्तरिम अवधि धेरै बाँकी नभएको अवस्थामा कमिटीले विश्वविद्यालयको आफ्नै कलेजहरू हुनु जरुरी ठहराएको थियो । हुनतः त्यस बखत एकेडेमिक काउन्सिलको काम त्रिभुवन विश्वविद्यालय कमिटीबाट हुँदै आएको थियो ।[३६] ऐनअनुसार एकेडेमिक काउन्सिल गठन नभएका कारण काउन्सिलको कार्य विश्वविद्यालय कमिटीबाट नै सञ्चालन गरिएको थियो । त्यस्तै विश्वविद्यालयको आफ्नो कलेजहरू नभएकाले ऐनअनुसार सिनेट सदस्यमा विश्वविद्यालय कलेजका ११ जना विभागीय प्रमुख तथा सिण्डिकेट सदस्यमा विश्वविद्यालय कलेजका प्रिन्सिपल २ जना राख्ने कार्य पनि हुन सकेको थिएन । अर्कातर्फ विश्वविद्यालयले निर्धारण गरेको अन्तरिम समय पनि धेरै बाँकी थिएन । यस्तो अवस्थामा विश्वविद्यालयले 'कलेज अफ आर्टस', 'कलेज अफ इकनमिक्स एण्ड विजनेस एड्मिनिष्ट्रेसन' र 'कलेज अफ साइन्स' यथाशीघ्र स्थापना गर्ने योजना बनाएको थियो ।

प्रस्तावित योजनामा कलेज अफ आर्टस्मा ९ विषय (नेपाली, संस्कृत, हिन्दी, अङ्ग्रेजी, इतिहास, भूगोल, राजनीतिशास्त्र, गणित र

---

[३५] त्रिभुवन विश्वविद्यालय सिनेटको २०२२ साल को वैठक पुस्तिका, 'त्रिभुवन विश्वविद्यालय (तेस्रो संशोधन) ऐन, २०२२, पृ.११-२५ ।

[३६] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २३१ ।

संस्कृति) समावेश गरिएको थियो । कलेज अफ इकनमिक्स एण्ड विजनेस एड्मिनिष्ट्रेसन अन्तर्गत त्यस बखत पठन पाठन सञ्चालन गरिएका अर्थशास्त्र र वाणिज्य विभागलाई समावेश गरिएको थियो । त्यस्तै कलेज अफ साइन्समा तत्कालका लागि फिजिक्स, केमिष्ट्रि, बोटनी र जुलोजी विभागहरू यथाशीघ्र सञ्चालन गर्ने योजना थियो । त्यसो त योजनामा विश्वविद्यालय सिण्डिकेटले एकेडेमिक काउन्सिलको सिफारिसमा आवश्यकताअनुसारका विभागहरू थप गर्न सक्ने प्रावधान पनि राखिएको थियो ।[३७]

यो योजना यथाशीघ्र कार्यान्वयन गर्न विश्वविद्यालय कमिटीले विशेष पहल गरेको थियो । कुलपति समक्ष योजना प्रस्तुत गरेको लगत्तै केही परिमार्जन तथा विस्तृत पार्दै कार्यान्वयन गर्न अत्यावश्यक भएकोले कुलपतिलाई पुनः अनुरोध गरिएको थियो । यस पटक कलेज अफ आर्टस् र कलेज अफ इकनमिक्स एण्ड विजनेस एड्मिनिष्ट्रेसनका सम्बन्धमा नयाँ निर्णय नगरी कलेज अफ साइन्सको सन्दर्भमा तत्कालका लागि 'कलेज अफ साइन्स' नै खोल्ने भए तापनि यसमा 'साइन्स टिचिङको न्यूक्लियस खडा गर्ने' योजना बनाइयो ।

जहाँसम्म विश्वविद्यालयका कलेजहरूको सन्दर्भ हो त्यस बखतसम्म सरकारी कलेजहरू विश्वविद्यालयमा हस्तान्तरण गर्ने विषयमा श्री ५ को सरकारले कुनै निर्णय गरिसकेको थिएन । विश्वविद्यालय ऐनले *'...विश्वविद्यालय स्थापना गरी काम चालू गर्नको लागि हाललाई २ वर्ष सम्मको अंतरीम समयका लागि यस ऐनमा उल्लेखित विश्वविद्यालय सम्बन्धी कामकाज विश्वविद्यालय परिषद् र विश्वविद्यालय कमिटीबाट हुनेछ. । यस अन्तरीम कालमा विश्वविद्यालय परिषद्ले यस ऐनमा उल्लेख भएका सिनेटको काम कर्तव्य र अधिकार ग्रहण गरी कामकाज गर्नेछ ...'*

[३७] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २०७ ।

भन्ने व्यवस्था गरेको थियो ।[३८] त्यसै कारण पनि विश्वविद्यालय कमिटीले सोही अन्तरीम समयमा नै ऐनले व्यवस्था गरेबमोजिम विश्वविद्यालय कलेजको स्थापना गर्ने कार्यलाई विशेष महत्त्वका साथ अगाडि बढाएको थियो । आवश्यक व्यवस्थापनमा केही समय लाग्ने भएकाले 'कलेज अफ साइन्स' खोल्न नसकिए तापनि कलेज अफ आर्टस् र कलेज अफ इकनमिक्स एण्ड विजनेस एड्मिनिष्ट्रेसन अबिलम्ब खोल्नु पर्ने भएकोले यसका लागि विश्वविद्यालय परिषद् समक्ष पहिले नै प्रस्ताव राखिएकोमा दोस्रो पटक पनि जोडदार रूपमा प्रस्ताव राखिएको थियो ।[३९] विश्वविद्यालयको अन्तरिम अवधिमा मात्र नभएर सोपछि पनि यो योजनालाई सोही रूपमा कार्यान्वयन गरिएको पाइँदैन ।

विश्वविद्यालय ऐन २०१६ ले स्पष्ट रूपमा 'विश्वविद्यालयले स्थापना वा सञ्चालन गरेको कलेज वा विश्वविद्यालयमा सम्मिलित भई विश्वविद्यालयले सञ्चालन गरेको कलेजलाई विश्वविद्यालय कलेज' भनिने प्रावधान राखेको थियो । त्रिभुवन विश्वविद्यालयमा कक्षा सञ्चालन गर्दैरहँदा विश्वविद्यालय कलेज खोल्नु पर्ने आवश्यकता देखा पऱ्यो । फलस्वरूप २०१९ सालमा पहिलो पल्ट 'त्रिभुवन विश्वविद्यालय कलेज' स्थापना गरियो । तत्काल विभिन्न ११ विभागहरू (१-नेपाली, २-हिन्दी, ३-अंग्रेजी, ४-संस्कृत, ५-संस्कृति, ६-इतिहास, ७-अर्थशास्त्र, ८-गणित, ९-भूगोल, १० -राजनीति र ११-वाणिज्य) अध्यापन गर्नेगरी विश्वविद्यालय कलेज स्थापना गरियो । यद्यपि समय समयमा सिण्डिकेट तथा एकेडेमिक काउन्सिलको सिफारिसका आधारमा अन्य विभागहरू पनि थप्ने योजना

---

[३८] श्री ५ को सरकार, *नेपाल गजेट,* काठमाडौँ: श्री ५ को सरकार, भाग-२, खण्ड-९, संख्या-८, २०१६ जेठ २५, पृ.३८-३९ ।

[३९] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २३१ ।

बनाइयो । विश्वविद्यालय कलेज स्थापनाका साथै यो सञ्चालनका लागि प्रिन्सिपलको व्यवस्थासमेत गरियो ।[४०]

सिण्डिकेटले विश्वविद्यालय कलेजका ज्येष्ठतम प्रोफेसर वा विभागीय प्रमुखमध्येबाट कलेजको प्रिन्सिपल नियुक्त गर्ने व्यवस्था गऱ्यो । डीन नियुक्ति प्रक्रियालाई आधार बनाएर नै प्रिन्सिपल नियक्तिमा ज्येष्ठता निर्धारण गर्ने तथा प्रिन्सिपल विश्वविद्यालयको एक अधिकारी हुने व्यवस्था भयो ।[४१]

विश्वविद्यालय सिण्डिकेट

२०१९ साल असार २७ गतेका दिन विश्वविद्यालय परिषद्को वैठकले विश्वविद्यालय ऐन २०१६ को दफा २० (१) अनुसार 'त्रिभुवन विश्वविद्यालय सिण्डिकेट' गठन गरेको थियो । सिण्डिकेटको गठन यस प्रकार गरिएको थियो;[४२]

| | |
|---|---|
| १ भाइस चान्सलर | रणधीर सुब्बा |
| २ कोषाध्यक्ष | शारदाप्रसाद उपाध्याय |
| ३ श्री ५ को सरकार शिक्षा मन्त्रालय (उच्च शिक्षा शाखा) का उप सचिव | उपेन्द्र दत्त |
| ४ विश्वविद्यालय कलेजका प्रिन्सिपल | |
| ५ सिनेटले आफुमध्येबाट सिफारिस गरेका ४ सदस्यहरू | |
| क श्री ५ को सरकार शिक्षा सह सचिव | श्यामकृष्ण भट्टराई |
| ख एटर्नी जनरल, श्री ५ को सरकार | शम्भुप्रसाद ज्ञवाली |

[४०] त्रिभुवन विश्वविद्यालय परिषद्को २०१९ साल असार २७ गतेको बैठकको निर्णय नं. ३ ।

[४१] *ऐजन* ।

[४२] त्रिभुवन विश्वविद्यालय परिषद्को विशेष वैठक २०१९/३/२७, निर्णय नं. २ ।

ग श्री ५ को सरकारको प्रेस सचिव रेणुलाल सिंह

घ श्री ५ को सरकार परराष्ट्र सचिव यदुनाथ खनाल

सिनेटले आफुमध्येबाट सिफारिस गरेका ४ जना सदस्यमध्ये कसैले सदस्यता इन्कार गरेमा कृष्णकान्त चौधरी (एस.टी.आर.कलेज) लाई राख्ने तथा माथि ४ नं. दफामा उल्लेखित विश्वविद्यालय कलेजको प्रिन्सिपललाई भने त्रिभुवन विश्वविद्यालय कमिटीले अन्तरीम अवधि समाप्त हुनु भन्दा अगावै अविलम्ब नियुक्त गर्ने निर्णयसमेत गरिएको थियो ।

## विभिन्न बोर्ड/समिति

सञ्चालनमा आएपछि विश्वविद्यालयले विषयसम्बद्ध बोर्ड/समितिको सहयोगबाट कार्यक्रमहरू अगाडि बढाउन अझ सहज हुने ठहर गर्‍यो । फलस्वरूप विश्वविद्यालयले भिन्नाभिन्नै विषयसँग सम्बद्ध विभिन्न नामबाट समितिहरू गठन गरेको थियो । यस्ता समितिमा ‘बोर्ड अफ स्टडिज’ देखि ‘पोष्ट ग्राजयएट काउन्सिल’ सम्म रहेका थिए जसका बारेमा यहाँ सामान्य जानकारी दिइएको छ ।

### बोर्ड अफ स्टडिज

अन्तरिम कालको अन्त्यसँगै विश्वविद्यालयमा पठन पाठन गरिने सबै विषयहरूको एक एकवटा ‘बोर्ड अफ स्टडिज’ गठन गरियो । बोर्ड अफ स्टडिजमा विभागीय प्रमुख, शिक्षक, विभिन्न डिग्री तथा इन्टरमिडिएट कलेजका शिक्षक एवम् शिक्षण भन्दा बाहिरका व्यक्तिलाई पनि समावेश गरिएको पाइन्छ । त्यस्तै बोर्ड अफ स्टडिजअन्तर्गत प्रायः विषयहरूमा ‘को-अप्ट सदस्य’ राख्ने व्यवस्था पनि गरियो । सो अवसरमा त्रिभुवन विश्वविद्यालयमा देहायअनुसार विभिन्न विषयका बोर्ड अफ स्टडिज गठन गरिएको थियो;[४३]

[४३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३२ ।

| | | |
|---|---|---|
| १ संस्कृत, प्राकृत र पाली | ८ जना | |
| २ नेपाली | ६ जना | कोअप्ट सदस्य ६ जना |
| ३ अङ्ग्रेजी | ७ जना | को-अप्ट सदस्य ३ जना |
| ४ हिन्दी र मैथिलि | ६ जना | |
| ५ नेवारी | ३ जना | को-अप्ट सदस्य ५ जना |
| ६ इतिहास | ६ जना | को-अप्ट सदस्य ५ जना |
| ७ इकनमिक्स | ६ जना | |
| ८ फिलसफी र लजिक | ४ जना (लजिक फिलसफिमा गाभीदिने) | |
| ९ एजुकेसन | ९ जना | |
| १० कमर्स | ७ जना | |
| ११ पोलिटिक्स | ७ जना | |
| १२ बोटानी (डिग्री कलेज) | ६ जना | |
| १३ जुलजी | ५ जना | |
| १४ फिजिक्स | ६ जना | |
| १५ केमिष्ट्रि | ७ जना | |
| १६. मेथमेटिक्स (स्टाटिस्टिक्स) | ७ जना | को-अप्ट ३ जना |
| १७ साइकलजी | ५ जना | |
| १८ जोग्राफी | ७ जना | |
| १९ ल | ५ जना | को-अप्ट ३ जना |

२० आरकियोलजी र न्यूमिस्मेटिक्स साथै कल्चर (५ जना, कोअप्ट-२ जना)

२१ एकाउन्टेन्सी र अक्टुरियल साइन्स ६ जना

त्यस्तै डोमेस्टिक साइन्स, म्युजिक र शास्त्रीय संस्कृतका निम्ति बोर्ड अफ स्टडिज यस प्रकार गठन गरियो;

| | |
|---|---|
| (क) गार्हस्थ विज्ञान | ७ जना |
| (ख) संगीत | ५ जना |

विश्वविद्यालयमा फिजिक्स, केमिष्ट्रि, बोटनी र जुलोजी विभाग २०२२ साल मंसिर १३ गतेदेखि खुलेको थियो ।[४४]

विश्वविद्यालयमा भविष्यमा पठन पाठन गर्न सकिने विभिन्न विषयको पाठ्यक्रम, पाठ्यपुस्तक आदिको व्यवस्थापन गर्न सहज होला भन्ने विश्वासमा त्यस्ता विषयमा पनि 'बोर्ड अफ स्टडिज' गठन गरियो । त्यस्तै कतिपय विषयका लागि तत्काल बोर्ड गठन नगरिएको भए तापनि बोर्डको अध्यक्ष यस प्रकार मनोनित गरिएको थियो;[४५]

| **विषय** | **अध्यक्ष** |
|---|---|
| फिलसफी | गोदत्त मान |
| एजुकेसन | डा.त्रैलोक्यनाथ उप्रेती |
| बोटानी | ब्रम्हीदत्त पाण्डे |
| जुलजी | शिवशंकर सिंह |
| फिजिक्स | फणिन्द्रप्रसाद लोहनी |
| केमिष्ट्रि | प्रसन्नमान सिंह |
| साइकोलजी | पन्ना लाल |
| इतिहास | बी.जे.हसरत |
| ल | रामराज पन्त |

---

[४४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ११८ ।

[४५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १४४ ।

बोर्ड अफ नेपलिज स्टडिज

विशेषतः नेपाल सम्बद्ध विषयहरूको गहन अध्ययन-अनुसन्धान गर्ने जस्ता विषयलाई मध्यनजर गर्दै विश्वविद्यालय एकेडेमिक काउन्सिलले 'बोर्ड अफ नेपलिज स्टडिज' गठनको सिफारिस गरेको थियो । यस बोर्डमा देहायका सदस्य राख्ने व्यवस्था गरियो ।[४६]

| | | |
|---|---|---|
| १ | उप कुलपति | अध्यक्ष |
| २ | त्रि.वि.संस्कृति विभागका प्रमुख | सदस्य |
| ३ | ,, संस्कृत ,, | ,, |
| ४ | ,, नेपाली ,, | ,, |
| ५ | ,, इतिहास ,, | ,, |
| ६ | सूर्य विक्रम ज्ञवाली | ,, |
| ७ | स्टेण्डिङ कमिटीले मनोनित गर्ने | ,, |
| ८ | रजिष्ट्रार | सचिव |

यस बोर्डमा कतिपय विषयमा विभागीय प्रमुखलाई नराखेर विभागका प्रतिनिधिलाई राख्ने काम पनि भएको थियो । यसअनुसार संस्कृति विभागबाट डा.प्रयागराज शर्मालाई, संस्कृत विभागबाट डा. हरिदेव मिश्रलाई, नेपाली विभागबाट वालकृष्ण पोखरेल र इतिहास विभागबाट डा. हितनारायण झालाई बोर्डमा राखियो । गठनका बखत नै यस बोर्डको प्रस्तावित नाम 'बोर्ड अफ नेपालीज स्टडिज' को सट्टा 'कमिटी अन नेपालीज स्टडिज' राखियो भने ३ वर्षको कार्यकाल तोकिएको थियो ।

---

[४६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २१ ।

नेपलोलोजी इन्स्टिच्यूट

'नेपलोलोजी इन्स्टिच्यूट' लाई क्रमशः बढाउँदै लैजाने सिद्धान्तलाई श्री ५ को सरकारले स्वीकृत गरेपछि विश्वविद्यालयले यस सम्बन्धमा योजना तयार गरेको थियो । यस क्रममा प्रारम्भिक कार्य शुरु गर्न तत्कालै आवश्यक पर्ने रकम रु. १,२०,०००/- (एक लाख वीस हजार) श्री ५ को सरकारबाट प्राप्त हुने बित्तिकै काम शुरु गर्ने भएको थियो । हुनतः स्थपनाका बखतमा नै विश्वविद्यालयले नेपलोलजीले गर्ने किसिमको काम राष्ट्रिय अभिलेखालयबाट पनि हुने कुरा बुझेको स्पष्ट गरेको थियो ।[४७]

२०२४ सालमा स्थापना गरिएको 'इन्ष्टिच्युट अफ नेपलोलजी' नाम एक वर्षपछि परिवर्तन गरी 'नेपाल अध्ययन संस्थान' गरिएको थियो । विश्वविद्यालयमा यो इन्ष्टिच्युट यस किसिमको पहिलो भएकाले नेपाल अध्ययन संस्थानको सुसंगठन तथा सञ्चालनका लागि विदेशबाट एक जना विशेषज्ञ सल्लाहकार आवश्यक पर्ने विश्वविद्यालयको ठहर थियो । यसका लागि श्री ५ को सरकार शिक्षा मन्त्रालयसँग अनुरोधसमेत गरियो ।[४८]

२०२६ साल असार महिनामा विश्वविद्यालयका प्रधानाचार्य सूर्यबहादुर शाक्यको अध्यक्षता माधवराज पाण्डे, हितनारायण झा, ताराप्रसाद जोशी, खड्गमान मल्ल र डा.जयमन्त मिश्र संलग्न 'नेपाल अध्ययन संस्थान' को त्रिभुवन विश्वविद्यालय स्मृति भवनमा बसेको बैठकले संस्थानको कार्यका वारेमा उल्लेख्य निर्णय गरेको थियो । सम्भवतः यो पहिलो बैठकले नेपाल अध्ययन संस्थाको कार्यक्रमलाई प्रकाशन र अनुसन्धानका दुई स्तरमा चलाउने निर्णय गरेको थियो । त्यस्तै यस संस्थानले विश्वविद्यालयमा प्राप्त भइसकेका वा उपलब्ध हुन सक्ने सामग्री

---

[४७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको बैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ५१ ।

[४८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको बैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.१०० ।

प्रकाशन गर्ने तथा आर्थिक वर्ष २०२६/०२७ मा नेपाली भाषा र साहित्यतर्फ 'प्राचीन नेपाली साहित्य', नेपाली प्रतिभाबाट लेखिएका संस्कृत ग्रन्थहरू 'राष्ट्रिय अभिलेखालयमा रहेका संस्कृत ग्रन्थहरू', नेपाली संस्कृतितर्फ 'धर्म, कला आदिका दृष्टिले नेपालका प्राचीन मन्दिर र मुर्तिहरू', नेपाली इतिहासतर्फ 'नेपालको वैदेशिक सम्बन्ध' विषयमा अनुसन्धान कार्य थालनी गर्ने निर्णय भएको थियो ।

यसका अतिरिक्त इतिहास शिरोमणि बाबुराम आचार्यको वृहत् ऐतिहासिक ज्ञानको संरक्षण गर्ने योजना पनि बनाइएको थियो । सोअन्तर्गत आचार्यको स्वीकृति प्राप्त गरी एक प्रश्नावलीका आधारमा उनबाट टेप रिकर्ड गराई प्राप्त जानकारीलाई यथावत् प्रकाशन गर्ने उल्लेख्य निर्णय पनि भएको थियो । यही निर्णयका आधारमा दुई वर्षजति पछि 'बाबुराम आचार्य र उहाँका कृति' प्रकाशित भएको देखिन्छ ।[४९] यो पुस्तक उक्त संस्थाबाट भएको कामको एउटा उदाहरण हो । स्मरणीय के छ भने त्यस बखत आचार्यका दुवै आँखाहरूले देख्न सक्दैनथे ।[५०]

नेपाल अध्ययन संस्थानको कार्य केही रूपमा शुरु भइसके तापनि यसलाई राम्रोसँग सञ्चालन गर्न एक जना लेक्चरर स्तरका प्रशाशकीय अधिकृतका अतिरिक्त ५ जना अनुसन्धान अधिकृत पदको शैक्षिक दरवन्दी खडा गरिएको थियो । अनुसन्धान अधिकृत पदहरू शैक्षिक दरबन्दीअन्तर्गत राखिने र ती पदमा रहने व्यक्तिहरूलाई मीन पचास विदाको सट्टा घर विदा दिने गरी अरू विदा भने शैक्षिक सेवामा रहे सरह नै दिने निर्णय गरिएको थियो । यसरी खडा गरिएको दरबन्दीमा (१) क श्रेणीको प्रोफेसर सरहको अनुसन्धान अधिकृत, (२) ख श्रेणीको रीडर सरहको अनुसन्धान

---

[४९] प्रयागराज शर्मा, *बाबुराम आचार्य र उहाँका कृति,* काठमाडौँ: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०२९ ।

[५०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ५ ।

अधिकृत, (३) लेक्चरर सरहको ग श्रेणीको अनुसन्धान अधिकृत (४) घ श्रेणीको टिचिङ्ग असिष्टेण्ट सरहको अनुसन्धान अधिकृत र (५) सुपरिन्डेन्ट सरहको अनुसन्धान सहायक एक/एक जना थिए ।[५१]

राष्ट्रभाषा परिषद्

त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ बमोजिम विश्वविद्यालय अन्तर्गत आई.ए.देखि एम.ए.सम्मका कला, विज्ञान, वाणिज्य इत्यादि सबै विषयका परीक्षालाई चाहिने सबै पुस्तक नेपाली भाषामा तयार गर्ने तथा आई.ए., बी.ए. र एम.ए.परीक्षामा नेपालीको स्तर कायम गर्ने उद्देश्यबाट 'त्रिभुवन विश्वविद्यालय राष्ट्रभाषा परिषद्' गठन गरिएको थियो । परिषद्का यी लक्ष्य र उद्देश्यहरू बुझेपछि विश्वविद्यालय सिण्डिकेटले यस परिषद्को गठनलाई स्वीकृति दिएको थियो ।[५२] यो स्वीकृतिसँगै परिषद्मा परराष्ट्र सचिव यदुनाथ खनाल, खाद्य, कृषि तथा भूमिसुधार सचिव कृष्णबम मल्ल र शिक्षा सहसचिव दीर्घराज कोइरालालाई समावेश गरियो । त्रिभुवन विश्वविद्यालयका कुलपतिको पदेन अध्यक्षतामा गठन गरिएको यस परिषद्मा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका का.मु.अध्यक्ष बालकृष्ण सम उपाध्यक्ष, मदन पुरस्कार पुस्तकालयका पुस्तकाध्यक्ष कमलमणि आचार्य दीक्षित कोषाध्यक्ष तथा सदस्यमा प्राध्यापक शेषराज रेग्मी, उपनिर्देशक भीमनिधि तिवारी, अर्थशास्त्र विशेषज्ञ भेषराज शर्मा, प्राध्यापक चूडानाथ भट्टराय, प्राध्यापक अम्बिकाप्रसाद अधिकारी, ताराप्रसाद जोशी, मोहनहिमांशु थापा, समालोचक रत्नध्वज जोशी, वैयाकरण गोपाल पाँडेलाई राखियो भने प्राध्यापक खड्गमान मल्ललाई सचिव बनाइयो ।

यहाँ स्मरणीय के छ भने बर्माको उत्तरी शान प्रदेश ल्पासो निवासी रामप्रसाद गौतमले त्यस प्रदेशमा बसोबास गरेका नेपालीहरूलाई त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए.दिलाउन त्यहाँ नै परीक्षाको

---

[५१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको बैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ७९ ।

[५२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१, अङ्क-८, २०२४ साल चैत्र, पृ. ८-९ ।

व्यवस्थापन गर्ने सम्बन्धमा रंगून स्थित शाही नेपाली राजदूतावास मार्फत् श्री ५ को सरकार समक्ष आवेदन पत्र पठाएका रहेछन् । शिक्षा मन्त्रालयले २०२३ साल वैशाख ६ गतेका दिनको पत्रका साथ आवश्यक कार्यार्थ त्यस पत्रलाई विश्वविद्यालयमा पठाएको थियो । यसरी प्राप्त हुन आएको पत्रका वारेमा केही गर्न नसकिने तथा 'नेपाल शिक्षा परिषद्' बाट केही हुन सक्ने सम्भावन देखेर विश्वविद्यालयले सोही सल्लाह शिक्षा मन्त्रालयलाई दिए तापनि यसका वारेमा कुनै निर्णय भने भएको पाइँदैन ।[५३] त्यसो त श्री ५ को सरकारको छात्रवृत्ति पाई भारत स्थित दुई जना प्रवासी नेपालीहरूलाई विश्वविद्यालयमा नेपाली विषयमा एम.ए.पढ्न दिइएको देखिन्छ । उनीहरूलाई भर्ना भएकै मितिदेखि मात्र हाजिरी गणना गर्ने गरी प्रवेश गर्न विशेष अनुमति दिइएको थियो ।[५४]

## पोष्ट ग्राजुएट काउन्सिल

कक्षा सञ्चालनसँगै विभिन्न विषयहरू (विभागहरू) मा शिक्षक थप गर्नका लागि उपयुक्त व्यक्ति सिफारिस गर्ने उद्देश्यका साथ 'पोष्ट ग्राजुएट काउन्सिल' गठन गरियो । काउन्सिलको गठनसँगै यसको सिफारिसका आधारमा विश्वविद्यालय कमिटीले शिक्षक नियुक्त गर्ने व्यवस्था गऱ्यो ।[५५] यसै काउन्सिलको सिफारिसअनुसार पहिलो पटक अर्थशास्त्र विभागमा नरबहादुर थापा र त्रैलोक्य मान, नेपाली विभागमा बद्रिनाथ भट्टराई र तीर्थ प्रसादलाई 'पार्ट टाइम लेक्चरर' तथा इतिहास

---

[५३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २०० ।

[५४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ११४ ।

[५५] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १७७ ।

विभागमा माधवराज पाण्डेलाई 'पार्ट टाइम लेक्चरर-अस्थायी' पदमा नियुक्त गरियो ।[५६]

यसका अतिरिक्त विश्वविद्यालयले काउन्सिलको सल्लाह/ सहयोगमा कक्षा सञ्चालन गर्ने निर्णयसमेत गरेको थियो । विश्वविद्यालयका भाइस चान्सलरलाई काउन्सिलको पदेन सभापति बनाइयो भने सभापति (भाइस चान्सलर) बाट विभागीय प्रमुखहरू मध्येबाट एक जनालाई उपसभापति बनाउने व्यवस्था गरियो । त्यस्तै सबै विभागका प्रमुखहरूलाई सदस्य बनाइयो ।[५७] विश्वविद्यालयमा पठन पाठन हुने सबै विषयका विभागीय प्रमुखलाई संलग्न गराइएपछि व्यवस्थापन एवम् कक्षा सञ्चालनमा कुनै अप्ठेरो नपर्ने कमिटीको ठहर रह्यो, जुन व्यावहारिक नै देखिन्छ ।

कलेज निरीक्षण कमिटी

विश्वविद्यालय ऐन २०१६ ले मुलुकभर सञ्चालनमा रहेका कलेजको शिक्षण स्तर, भौतिक सुविधा तथा वस्तुस्थितिको यथार्थ अवस्थाको जानकारी लिएर सोहीबमोजिम निर्देशन दिनुपर्ने दायित्व त्रिभुवन विश्वविद्यालयलाई दिएको थियो । सोही प्रयोजनका लागि विश्वविद्यालयले एउटा 'कलेज निरीक्षण कमिटी' गठन गरेको थियो जसमा सभापति भैरवबहादुर प्रधान, सदस्यहरूमा आशुतोष गांगुली, शाम्बदेव पाण्डे, रजिष्ट्रार परासरनारायण सुवाल, त्रिभुवन विश्वविद्यालय कमिटीका सदस्य शारदाप्रसाद उपाध्याय, श्री ५ को सरकार शिक्षा विभागबाट सदस्य एक जना तथा विज्ञानलाई प्रतिनिधित्व गर्ने गरी एक जना एसोसिएट सदस्य रहने भए । त्यस्तै सो निरीक्षण कमिटीमा सल्लाहकारका रूपमा इण्डियन

[५६] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २०१ ।

[५७] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३२ ।

एड. मिसनका एजुकेशन एड्भाइजर तथा यू.एस.ओ.एम. का एजुकेसन डिभिजन प्रमुख रहने भए ।[५८]

अन्य कमिटी

२०१८ साल वैशाख १५ सम्म विश्वविद्यालय कमिटीबाट गठन गरिएका धेरैजसो कमिटीहरूको काम सकिएको र कतिपय कमिटीले काम गर्न नै असमर्थ देखिएकाले त्यस्ता अवश्यक नभएका कमिटीलाई विघटन गरिएको थियो । अबदेखि 'विश्वविद्यालय ड्राफ्ट कमिटी' बाट प्रस्तुत स्टेच्युटस्, अर्डिनेन्स, रेगुलेसनको सिद्धान्तसँग मिल्ने गरी आवश्यक कमिटीको गठन तथा पुनर्गठन गर्ने अख्तियारी भने उपकुलपतिलाई दिइयो । त्यस्तै अनावश्यक ठानिएका कतिपय कमिटीलाई तत्कालै विघटन गरियो । यसरी विघटन गरिएका कमिटीमा सिनियर एकाउन्ट ल्कर्क छान्ने कमिटी, बी.एड.मोडरेसन बोर्ड, सेतो दरबार मुल्याङ्कन समिति, योजना तयार गर्ने कमिटी, त्रिभुवन विश्वविद्यालय टेच्युटस अध्ययन कमिटी, एकोमोडेसन एण्ड एसेस्मेन्ट कमिटी, कन्भोकेसन कमिटी, सिलेबस कमिटी तथा उपकमिटीहरू थिए । त्यस्तै आवश्यक भएका कतिपय किमिटीलाई तत्कालै उपकुलपतिले पुनर्गठन गरेका थिए । यसरी तत्काल पुनर्गठन गरिएका कमिटीमा नीरिक्षण कमिटी, सेलेक्सन बोर्ड, शिक्षकहरू छान्ने सेलेक्सन कमिटी, त्रिभुवन विश्वविद्यालय मनुस्कृप्ट कमिटी तथा त्रिभुवन विश्वविद्यालय पञ्चवर्षीय योजना कमिटी थिए । त्यस्तै यथावत् रूपमा कायम रहनेमा ड्राफ्टिङ् कमिटी, त्रिभुवन विश्वविद्यालय परीक्षा बोर्ड (सन् १९६१ आइ.ए., आइ.एस्सी., आइ.कम., बी.ए., बी.एस्सी. र बी.कम.को वार्षिक तथा पुरक परीक्षाको परीक्षाफल प्रकाशित नहुन्जेलसम्म मात्र), बोर्ड अफ एकाउण्ट, विकास समिति, यु.बी.सी., एस.ए.एस्सी/यु.बी.सी. तथा एस.टी.सी./यु.बी.सी थिए ।

नयाँ भर्ना गर्ने शिक्षकहरूको अन्तर्वार्ता, परीक्षा र छान्ने कामका निम्ति एउटा 'सेलेक्सन कमिटी' गठन गरियो । सिण्डिकेटको प्रतिनिधिको

[५८] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ९५ ।

अध्यक्षतामा रहने यो कमिटीमा सम्बन्धित विभागीय प्रमुख-सदस्य, सरदार नरेन्द्रमणि आचार्य दीक्षित (एजुकेसन मेम्बर, प्लानिङ)-सदस्य तथा एस.एस.भण्डारकरलाई सल्लाहकार बनाइयो । यसरी सेलेक्सन कमिटी गठन गरिए तपानि सो कमिटीको सिफारिस भने विश्वविद्यालय कमिटीलाई मञ्जुर नभएमा पुनः विचारार्थ सेलेक्सन कमिटीमा पठाउन सकिने भयो ।[५९]

स्थापनाको एक दशकमा अर्थात् २०२६ सालको भदौमा विश्वविद्यालयले उच्च शिक्षालाई अझ गुणस्तरीय एवम् विस्तार गर्नुपर्ने आवश्यकता महशुस गरेको थियो । यसका लागि विश्वविद्यालयले देहायका केही नयाँ व्यवस्था गऱ्यो ।[६०]

- नयाँ व्यवस्थाअनुसार प्रत्येक अञ्चलमा आर्टस्, साइन्स र कमर्स विषय पढाई हुने गरी आवश्यकताअनुसार कम्तिमा एउटा कलेज क्रमशः सुसंगठित पार्दे जानुपर्ने भयो । त्यस्तै श्री ५ को सरकार र विश्वविद्यालयले वाग्मती अञ्चल बाहेक आवश्यकताअनुसार सबै अञ्चलमा एक एकवटा कलेज छानेर त्यसलाई विभिन्न विषय पढाउन सक्ने तुल्याउन आवश्यक योग्य प्राध्यापक, पुस्तक, प्रयोगशाला, छात्रावास, कर्मचारी आवास, खेलकुद र अन्य भवन निर्माण गर्दै जाने कार्यक्रम विकसित गर्न सहायता दिइने भयो ।
- श्री ५ को सरकारले आई.ए., आई.एड., आई.कम., आई.एस्सी., बी.ए., बी.एस्सी., बी.कम., बी.एड. अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्नेभयो । जुन अञ्चलमा उल्लिखित किसिमको कलेज छैन त्यसमा विद्यार्थीहरूलाई छात्रवृत्ति दिइ नजिकको अञ्चलको कलेजमा पढाउने बन्दोवस्त गर्ने, कलेज भएको अञ्चलका विभिन्न जिल्लाका निम्ति पनि सोही

[५९] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १८८ ।

[६०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६) निर्णय नं. ६५ पछि उल्लेख गरिएको निर्णय ।

छात्रवृत्तिको बन्दोबस्त गर्ने, कुन अञ्चलमा कति र अञ्चल भित्रका जिल्लामा कति छात्रवृत्ति दिने भन्ने निर्णय एस. एल. सी. उत्तीर्ण विद्यार्थी संख्याको अनुपातमा निर्धारण गर्ने र यस्तो छात्रवृत्ति जेहेन्दार तथा गरिब विद्यार्थीलाई मात्र दिने घोषणा गरियो ।

- श्री ५ को सरकारले विश्वविद्यालयको सल्लाहअनुसार कलेजहरूलाई निश्चित कार्यका लागिमात्र काम तोकेर आर्थिक सहायता दिने तथा यसरी आर्थिक सहायता पाउने कलेजले आर्थिक सहयोग पाउनु अगाडि नै त्यसका निम्ति निर्धारित अनुपातमा अन्य स्रोतबाट रकम जम्मा गर्नुपर्ने भयो । सोहीअनुसार अञ्चल तथा जिल्ला विकास कोष र श्री ५ को सरकारका विभिन्न तहका पञ्चायतका प्रशासनबाट सञ्चालित रकम पनि वितरण गरिने भयो । श्री ५ को सरकारबाट कलेजहरूलाई दिइने सालवसाली र पटके सबै किसिमको आर्थिक सहायता विश्वविद्यालयको सिफारिसअनुसार दिइने भयो ।
- नयाँ कलेज खोल्न वा कलेजमा थप फेकल्टिको पढाई सञ्चालन गर्न वा थप विषयको पढाई सञ्चालन गर्न वा कलेजमा भएको फेकल्टि अन्तर्गतको अर्को प्रमाण पत्र वा डिग्रीको पढाई सञ्चालन गर्न वा इण्टरसम्म मात्र सम्बन्धन प्राप्त कलेजका सम्बन्धन प्राप्त स्तर भन्दा माथिल्लो स्तरको पढाई सञ्चालन गर्नु भन्दा अगाडि नै विश्वविद्यालयको स्वीकृति लिनु पर्ने व्यवस्था गरियो । यस्तो स्वीकृतिका निम्ति दिइने आवेदन सम्बन्धित अञ्चलाधीश मार्फत् विश्वविद्यालयमा पठाउनु पर्ने भयो । अञ्चलाधीशले विश्वविद्यालयको स्वीकृति बेगर माथि लेखिएका कार्यक्रम सञ्चालन गर्ने अनुमति दिन नसक्ने भए ।

माथिको व्यवस्थाअनुसार नै विश्वविद्यालय एकेडेमिक काउन्सिलको स्टैन्डिङ कमिटीको वैठक २०२७ साल असार १५ र १८ गते उपकुलपतिको अध्यक्षतामा त्रिभुवन स्मृति भवनमा बसेको थियो । वैठकले जोनल कलेजको स्थापना बारेमा विस्तृत प्रतिवेदन पेश गर्न विशेषज्ञ

संलग्न एउटा समिति गठन गर्ने निर्णय गर्दै तत्कालका लागि चौथो पञ्चवर्षीय योजनाअन्तर्गत अधिराज्यको पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलमा सबै सङ्कायहरू भएको एक/एक वटा सुसंगठित कलेजहरूको स्थापना गर्ने तथा त्यस्ता कलेजहरू कुन/कुन अञ्चलको कुन/कुन स्थानमा स्थापना गर्न मनासिव पर्ला तथा स्थानको प्राथमिकता कुन आधारमा कसरी दिने भन्ने विषयसँग सम्बद्ध प्रतिवेदन पेश गर्नुपर्ने भयो । त्यस्तै सो समितिलाई त्यस्ता कलेजहरूमा कुन/कुन संकायअन्तर्गत कुन विषयहरूको अध्यापन गराउने, विद्यार्थीहरूको संख्या कति राख्ने ? कलेजहरूको भवन, छात्रावास, खेलकूदका लागि मैदान, प्रयोगात्मक विषयहरूका लागि प्रयोगशाला, प्राध्यापक तथा अन्य कर्मचारीहरूको आवास आदि के कस्तो व्यवस्था गर्ने तथा कलेजको सञ्चालन, प्रशासन, प्राध्यापक तथा अन्य कर्मचारीहरूको नियुक्ति, सेवाका शर्तहरू आदि कसरी मिलाउने एवम् कलेजको खर्चका लागि कति रकम कहाँबाट उपलब्ध गराउने आदि विषयमा अध्ययन गरी बिस्तृत प्रतिवेदन पेश गर्ने दायित्व दिइएको यियो ।[६१]

**कक्षा सञ्चालन**

त्रिभुवन विश्वविद्यालयले सार्वजनिक सूचना जारी गरेर २०१६ साल असोज ४ गतेदेखि पोष्ट ग्राजुएसनका कक्षाहरू सञ्चालन गर्ने घोषणा गरेको थियो । यसरी पहिलो पटक पढाइ हुने विषहरूमा १- अङ्ग्रेजी भाषा र साहित्य, २- नेपालको इतिहास समावेश भएको सामान्य इतिहास, ३-अर्थशास्त्र, ४-पोलिटिकल साइन्स, ५-गणित, ६-संस्कृत र सांस्कृति एवम् ७-नेपाली भाषा र साहित्य तोकियो ।[६२] त्यस्तै विश्वविद्यालयमा प्रोफेसर, रिडर र लेक्चररहरू केही समयमात्र काम गर्ने आधारमा नियुक्त गरिए, जसमा शिक्षकहरूको संख्या ४० र एम.ए.मा पढ्ने विद्यार्थीको संख्या ८० थियो ।

---

६१ *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-३, अङ्क-१२, २०२७ साल साउन, पृ.८-९ ।

६२ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७३ ।

कक्षा सञ्चालनका क्रममा तत्कालका लागि दर्खास्त दिइ सकेका विद्यार्थीहरूको भर्ना शुरु गर्ने र अरू विद्यार्थीहरूलाई २०१६ साल कार्तिक २ गतेसम्म नियम बमोजिम दर्खास्त लिने सूचनासमेत जारी गरियो ।[६३] पहिलो सूचनाअनुसार भर्ना भएका विद्यार्थीको पढाई २०१६ साल असोज ४ देखि देहायका ७ विषयमा कक्षा सञ्चालन गरियो;[६४]

१ अङ्ग्रेजी भाषा र साहित्य

२ नेपालको इतिहास समावेश भएको सामान्य इतिहास

३ अर्थशास्त्र

४ पोलिकिल साइन्स

५ गणित

६ संस्कृत र सांस्कृति तथा

७ नेपाली भाषा र साहित्य

यहाँ उल्लेख्य के दखिन्छ भने विश्वविद्यालय सञ्चालन हुँदासाथ १९ कलेजहरूले यससँग सम्बन्धन राखेका थिए जसमा अध्ययन गर्ने विद्यार्थी संख्या २५०० जति थिए । उनीहरू सबैले विश्वविद्यालयमा आफ्नो नाम दर्ता गरेको देखिन्छ । सञ्चालनमा रहेका अधिकांश कलेजहरूको सम्बन्धन एक वर्ष पहिलेसम्म पटना विश्वविद्यालयसँग रहेको हुनाले छात्रहरूलाई मर्का पर्ला भन्ने विचारले सो वर्ष पटना विश्वविद्यालयमा नाम दर्ता भइसकेका छात्रहरूको नाम त्रिभुवन विश्वविद्यालयमा निःशुल्क दर्ता गरिएको थियो ।[६५]

---

[६३] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ६२ ।

[६४] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७५ ।

[६५] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), वार्षिक रिपोर्ट २०१६/२०१७ ।

२०१६ साल असोज ४ गतेका दिनदेखि उल्लिखित विषयहरूको पोष्ट ग्राजुएटको पढाइ चालु गरिने भएकाले विश्वविद्यालय कमिटीले श्री ५ को सरकार शिक्षा मन्त्रालयसँग विश्वविद्यालयलाई २०१६ र २०१७ सालका लागि प्राप्त भएको फन्ड यथाशीघ्र पठाइदिने व्यवस्थाका लागि अनुरोध गरेको थियो । त्यस्तै कोलम्बो प्लानअन्तर्गत नेपालमा पोष्ट ग्राजुएसनको अध्यापनमा सहायता दिन आएका विश्वविद्यालय शिक्षकहरूको सेवा पनि प्राप्त होस् भन्ने कमिटीले अनुरोध गरेको थियो । यसका अतिरिक्त विश्वविद्यालयले नै सरकारी इन्स्टिच्यूसनहरूको कुनै अध्यापकहरूलाई आंशिक आधारमा नियुक्त गर्न स्वीकृतिका लागि शिक्षा मन्त्रालयसँग अनुरोध गऱ्यो ।[६६]

विश्वविद्यालय ऐन २०१६ बमोजिम 'विश्वविद्यालयको अनुमति र श्री ५ को सरकारको स्वीकृति विना नेपाल अधिराज्यभित्रका कुनै पनि शैक्षिक संस्थाले कुनै विदेशी विश्वविद्यालयबाट कुनै सुविधा प्राप्त गर्ने प्रयत्न गर्न वा विदेशी विश्वविद्यालयसँग कुनै प्रकारको सम्बन्ध राख्न हुँदैन' भन्ने स्पष्ट उल्लेख भएको हुनाले यो ऐन लागुभएपछि नेपाल अधिराज्य भित्र पोष्ट ग्राजुएट शिक्षण, प्रशिक्षण र अनुसन्धान कार्यहरूको सञ्चालन विश्वविद्यालयलेमात्र गर्ने भएकाले अरू कुनै कलेज वा संस्थाबाट सो कार्य भइराखेको भए रोक्नलाई शिक्षा मन्त्रालयलाइ लेख्ने र यो भन्दा पहिले चालु भइराखेका पोष्ट ग्राजुएट कक्षाका विद्यार्थीको विवरण लिने काम पनि कमिटीबाट भयो । यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व सञ्चालनमा रहेका कुनै पनि महाविद्यालयबाट स्नातकोत्तर तहको पठन पाठन गरेको सूचना भने फेला परेको छैन । जेहोस् विश्वविद्यालयले भारतीय स्टाटयूटोरी युनिभर्सिटीका ब्याचलर्स डिग्री वा सो सरह योग्यता प्राप्त उम्मेदवारहरूलाई तीन हप्ताको म्याद दिएर पोष्ट

[६६] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७५ ।

ग्राजुएसन तहमा उल्लिखित विषयमा भर्ना हुनका लागिसमेत सार्वजनिक सूचना जारी गरियो ।[६७]

कक्षा सञ्चालन गर्ने माथिको निर्णय भन्दा अगाडि पनि विश्वविद्यालयले एउटा सूचना जारी गरेको थियो जसमा 'नेपाली' विषयलाई समावेश गरिएको थिएन । नेपाली विषयमा पोष्ट ग्रयाजुएट कक्षा सञ्चालन गर्न तत्काल सिलेवस नहुनु नै यसको प्रमुख कारण थियो । त्यसै कारण विश्वविद्यालय कमिटीले नेपाली विषयको सिलेबस बनाउन एउटा कमिटी गठन गर्ने तयारी गरेको[६८] केही दिनपछि अर्थात् २०१६ साल भदौ ५ गतेका दिन कमिटीले सोमनाथ शर्माको अध्यक्षतामा धरणीधर शर्मा, रामराज पन्त, तीर्थ प्रसाद, तारा प्रसाद तथा बद्री नाथलाई संलग्न गरी नेपाली भाषाको पोष्ट ग्राजुएट सिलेवस कमिटी गठन गर्‍यो जसमा केहीपछि सूर्य विक्रम ज्ञवालीलाई पनि समावेश गरियो ।[६९]

सोही सिलेवस कमिटीले सिलेबस तयार गरेपछिमात्र 'नेपाली भाषा र साहित्य' विषयको पढाइका लागि विद्यार्थी भर्ना गरिने भएकाले सोहीबमोजिम विश्वविद्यालयले सार्वजनिक सूचना गरेको हो । यद्यपि विश्वविद्यालय कमिटीले भर्खरै बनाइएको सो सिलेबस तत्काल एक टर्मका लागि मात्र लागू गर्ने निर्णय गर्‍यो । यसको मुख्य कारण हतारमा पहिलो पटक बनाइएको सिलेबस पूर्ण नहुनसक्ने तथा त्यसमा नेपाल एकेडेमीको पनि राय लिनुपर्ने आवश्यकता महशुस गरेर नै विस्तारमा अर्को वर्षका लागि परिमार्जन हुनसक्ने देखेर कमिटीले सो निर्णय लिएको देखिन्छ । जे होस् पहिलो वर्षमा नै विश्वविद्यालयले 'नेपाली भाषा र साहित्य' विषयलाई

---

[६७] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २९ ।

[६८] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३१ ।

[६९] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ४० ।

पनि पठन पाठन गऱ्यो जसका लागि विश्वविद्यालयमा एउटा 'नेपाली भाषा र साहित्य विभाग' नै स्थापना गरियो ।[७०]

माथि उल्लिखित विषयमा भर्नाका लागि सार्वजनिक सूचना जारी गरिसकेको परिवेशमा नेपाली भाषा र साहित्य विषय अध्ययन गर्ने विद्यार्थीलाई मध्यनजर गर्दै विश्वविद्यालयले भर्नाका लागि पूनः दोस्रो पटक सूचना जारि गरेको थियो । जसमा पहिले दर्खास्त दिइसकेका विद्यार्थीहरूको भर्ना शुरु गर्ने र अरू विद्यार्थीहरूको २०१६ साल कार्तिक २ गतेसम्म नियम बमोजिम दर्खास्त लिने जानकारी गराइयो ।

नेपाली भाषा र साहित्य विभागमा पठन पाठनका लागि केही शिक्षकहरूलाई नियुक्त गरियो । यसरी नियुक्त गरिएकामा अवैतनिक प्रोफेसर पदमा सोमनाथ शर्मा तथा विभागीय प्रमुख पदमा रामराज पन्तलाई रिडर तहमा र लेक्चरर पदमा तारा प्रसादलाई नियुक्त गरियो ।[७१]

पहिलो वर्षमा पठन पाठन गरेका विषयहरूका बारेमा त्रिभुवन विश्वविद्यालयल नै केही अस्पष्ट भएको देखिन्छ । पहिलो वर्ष पढाइने माथि उल्लिखित विषयको संख्या '७' उल्लेख गरियो । सोमध्ये नं. ५ मा उल्लेख गरिएको 'संस्कृत र सांस्कृति' विषय एउटै भएको मानेर विश्वविद्यालले पहिलो वर्ष ७ विषयमा मात्र कक्षा सञ्चालन गरेको देखिन्छ । यद्यपि केही समयको पठन पाठनपछि संस्कृत र संस्कृति विषयका सिलेबस कमिटीको सुझावअनुसार संस्कृत र संस्कृति विषयमा छुट्टाछुट्टै डिग्री प्रदान गरिने भयो भने तत्कालका लागि दुवै विभाग भने एक जना प्रमुखको मातहतमा राखियो । फलस्वरूप अब भने संस्कृत र संस्कृति एकै विषय हुन् भन्ने पूर्व

---

[७०] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ६२ ।

[७१] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ६२ ।

निर्णय स्वत: बदर भयो । त्यस्तै यो निर्णसँगै विश्वविद्यालयले थालनी गरेको पठन पाठनका विषयको संख्या यस प्रकार ८ रह्यो;[७२]

१-अङ्ग्रेजी भाषा र साहित्य

२-नेपालको इतिहास समावेश भएको सामान्य इतिहास

३-अर्थशास्त्र

४-पोलिटिकल साइन्स

५-गणित

६-संस्कृत

७-संस्कृति

८-नेपाली भाषा र साहित्य

## विश्वविद्यालयको पहिलो वर्ष

त्रिभुवन विश्वविद्यालयको सन् १९६० को आई.ए., आई.कम., आई.एस्सी., बी.ए., बी.एस्सी., बी.कम., एम.ए., र बी.एल. तहको वार्षिक तथा पूरक परीक्षाहरूमा जम्मा १८९३ विद्याथी सम्मिलित भए, जसमध्ये ८४१ जना उत्तीर्ण भएका थिए । अर्को वर्ष सन् १९६१ को वार्षिक परीक्षामा जम्मा १७५८ विद्यार्थी सम्मिलित भएका थिए । उल्लेख्य के छ भने विश्वविद्यालय सञ्चालनको पहिलो वर्ष स्नातकोत्तर तहको कुनै पनि परीक्षा नभएकाले अन्य महाविद्यालयमा अध्ययन गर्ने विद्यार्थीमात्रको आई.ए.तथा स्नातक तहको परीक्षा लिइएको र तिनकै संख्या माथि उल्लेख गरिएको हो । यहाँ स्मरणीय के छ भने विश्वविद्यालयले त्यस बखत प्रत्येक तहको दोस्रो वर्षमा एक पटक मात्र परीक्षा लिने गर्दथ्यो । त्यसै कारण पहिलो वर्ष स्नातकोत्तर तहमा परीक्षा सञ्चालन नभएको हो ।

[७२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १२९ ।

विश्वविद्यालयले पहिलो वर्ष सञ्चालन तथा सम्पादन गरेका मुख्य कार्यका सम्बन्धमा सम्बद्धलाई सूचित गर्नका लागि 'वार्षिक रिपोर्ट' तयार गरेको पाइन्छ । पहिलो एक वर्षको मुख्य कार्यका सम्बन्धमा आधिकारीक जानकारी पाइने तथा विश्वविद्यालयको इतिहासमा पहिलो महत्त्वपूर्ण दस्तावेजसमेत भएकाले त्यसमा संलग्न गरिएका प्रमुख सन्दर्भलाई यहाँ दिइएको छ;[७३]

- २०१६ साल असार २० गतेका दिनदेखि रित पूर्वक विश्वविद्यालयको काम शुरु भयो । रजिष्ट्रारको अफिसको गठनका साथै विश्वविद्यालयका पदाधिकारीहरूको नियुक्ति भै ऐनको परिच्छेद ९ मा जुटाएको अन्तरिम व्यवस्था अनुसार विश्वविद्यालय परिषद् र विश्वविद्यालय कमिटीको सहायताले विश्वविद्यालयका पदाधिकारीहद्वारा कार्य सञ्चालन भइ आएको,
- विश्वविद्यालयको स्थापना हुनासाथ अङ्ग्रेजी, नेपाली, इतिहास, गणित, राजनीतिशास्त्र, अर्थशास्त्र, संस्कृत र संस्कृति गरी जम्मा ८ विषयमा स्नातकोत्तरको अध्ययन चालु गरिएको जसमध्ये संस्कृत र संस्कृति विषयमा विशेष जोड दिइएको, किनभने, संस्कृत तथा संस्कृति कक्षाका दुई जना विद्यार्थीहरूलाई मासिक रु. १००/- का दरले छात्रवृत्ति र पुस्तक किन्न प्रति छात्र नेरु. ३००/- दिइएको,
- विश्वविद्यालयमा प्रोफेसर, रिडर र लेक्चररहरू केही समयमात्र काम गर्ने आधारमा नियुक्त भएका जसमा शिक्षकहरूको संख्या ४० र एम.ए.मा पढ्ने विद्यार्थीको संख्या ८० भएको,
- त्रिभुवन विश्वविद्यालय सम्बन्धन राख्ने विश्वविद्यालयसमेत भएकाले विश्वविद्यालयको स्थापना हुनासाथ नेपालका जम्मा १९ कलेजहरू यसको मातहतमा आए । एक वर्षको अवधिमा अन्दाजी २५०० छात्रहरूले यस विश्वविद्यालयमा आफ्नो नाम दर्ता गरेका,

---

[७३] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), वार्षिक रिपोर्ट २०१६/२०१७ ।

नेपालका कलेजहरूको सम्बन्धन एक वर्ष पहिलेसम्म पटना विश्वविद्यालयसँग रहेको हुनाले छात्रहरूलाई मर्का पर्ला भन्ने विचारले दोस्रो वर्ष पटना विश्वविद्यालयमा नाम दर्ता भइसकेका छात्रहरूको नाम त्रिभुवन विश्वविद्यालयले निःशुल्क दर्ता गराएको,

- २०१६ सालको आइ.ए., आइ.एस्सी., आइ.कम., बी.ए., बी.एस्सी., बी.कम. परीक्षाहरू पटना विश्वविद्यालयसँग निकटतम सम्पर्क राखी त्रिभुवन विश्वविद्यालयको मातहतमा भयो जसमा सम्मिलित विद्यार्थी विवरण यस प्रकार थियो;[७४]

| परीक्षा | परीक्षार्थी संख्या | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत | गतवर्ष पटना विश्वविद्यालयबाट उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| आई.ए. | ५९६ | २८५ | ४७.७ | ३३.६ |
| आई.एस्सी. | ३४३ | १०२ | २९.७ | ३०.५ |
| आई.कम. | १८१ | ८५ | ४६.९ | ५२ |
| बी.ए. | २४७ | १२६ | ५४.७ | ४१.९ |
| बी.कम. | ५२ | ३० | ५८ | ६० |

## कीर्तिपुरमा पठन पाठन

विश्वविद्यालयको त्रिपुरेश्वर स्थित कक्षा र प्रशासकीय कार्यालयहरू कीर्तिपुर स्थित क्याम्पसमा सार्ने प्रयास २०२३ सालदेखि भएको थियो । कक्षा कोठा, प्रशासनिक कक्षका अतिरिक्त बाटो, बत्ती, टेलिफोन आदिको काम चलाउ प्रबन्धपछि २०२४ साल फागुन महिनादेखि कमर्स र आचार्य बाहेक अरू सबै विषयको पढाई र सबै प्रशासकीय काम कीर्तिपुरमा सञ्चालन गरियो । त्यस्तै छात्राका निम्ति छात्रावास पनि सञ्चालन गरिएको थियो । त्यस्तै सोही वर्ष विद्यार्थीको जलपानका निम्ति क्याफ्टेरियाको प्रबन्ध पनि मिलाइएको थियो ।

[७४] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), वार्षिक रिपोर्ट २०१६/२०१७ ।

त्यस बखत भवन/कक्षा कोठाको पूर्तिका लागि विभिन्न साइजका ७० कोठा जतिको कटेज निर्माणाधिन रहेका थिए । यो निर्माण कार्य सकिएपछि कीर्तिपुरमा नै सबै कक्षाको पढाई सञ्चालन गर्न सकिने थियो । केही महिना भित्र १५० छात्रहरू अटाउने छात्रावासको निर्माण पनि पुरा गरिँदै थियो । यसका साथै भारतीय सहायता नियोगअन्तर्गत प्राप्त हुने सहायताबाट खेल मैदान, स्टुडेण्ट क्लब र विज्ञान तथा कलाका कक्षाहरूको निम्ति अरू थप भवन निर्माणको योजना पनि बनाइएको थियो ।[७५]

कमर्सका कक्षाहरूमा नियमित रूपका विद्यार्थी भन्दा बाहेक अन्य पनि रहेकाले तत्काल सो कक्षा कीर्तिपुरमा सार्न नमिलेको देखिन्छ । त्यस्तै पूरा समयका निम्ति नियुक्त भएका आचार्यका केही बाहेक अन्य सबै संस्कृत महाविद्यालयबाट आएर आंशिक रूपले काम गर्ने प्राध्यापक भएकाले उनीहरूको सुविधाका लागि आचार्यका कक्षाहरू पनि त्यस बखत कीर्तिपुरमा नसारिएको देखिन्छ । शिक्षकका कारणले मात्र कक्षा नसारिएको अवस्थामा केही समयपछि आचार्य कक्षाहरूमा पनि सबैजना पूरा समय काम गर्ने प्राध्यापकहरूको प्रबन्ध हुने आशा विश्वविद्यालयले लिएको थियो । भर्खर सञ्चालनमा आएको तथा आवश्यक भौतिक संरचना तयार भइनसकेकाले विज्ञानका कक्षाहरू भने तत्काल कीर्तिपुरमा सारिएन ।[७६]

विश्वविद्यालय सिण्डिकेटले २०२४ सालको तिहारपछि त्रिभुवन विश्वविद्यालय कलेज कीर्तिपुरमा सार्ने निर्णय गर्नुका साथै सञ्चालनमा रहेका प्राविधिक कलेजहरू पनि विश्वविद्यालय इलाका भित्रै राख्ने सिद्धान्त स्वीकृत गरिएको थियो ।[७७] यद्यपि विश्वविद्यालयले सञ्चालन गरेका बाहेक

---

[७५] त्रिभुवन विश्वविद्यालय कीर्तिपुर क्याम्पसको विकास सम्बन्धी प्रतिवेदन २०२४/२०२५, पृ. ११ ।

[७६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१, अङ्क-५-६, २०२४ साल पौष-माघ, पृ. १-२ ।

[७७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ५०, ५१ ।

अन्य कुनै पनि कलेजहरूलाई कहिले पनि कीर्तिपुरमा स्थानान्तरण गरिएन ।

**यातायात व्यवस्था**

विश्वविद्यालयको कक्षा सञ्चालन स्थल सरकारी गेष्टहाउस, त्रिपुरेश्वर भने २०१६ सालमा काठमाडौँ शहरको पायक पर्ने ठाउँमा रहेकाले विद्यार्थीहरूलाई यातायातको असुविधा थिएन । यसको आठ वर्षपछि तिनै कक्षाहरू कीर्तिपुर वर्तमान विश्वविद्यालय परिसरमा सारेपछि यातायातको असुविधा हुने नै भयो । विश्वविद्यालयमा पठन पाठनको थालनीदेखि नै विद्यार्थी भर्ना संख्या त्यति उत्साहजन नभएको अवस्थामा कीर्तिपुरमा पुऱ्याइएको कक्षामा विद्यार्थी संख्या झन् घट्न जाने सम्भावना थियो । त्यस्तै कक्षा सञ्चालनका लागि पूर्णकालीन शिक्षकको अभाव झेल्नु परेको विश्वविद्याललाई कीर्तिपुर पुऱ्याएपछि सो समस्य अझ बढी हुनजाने यथार्थता पनि छँदैथियो ।

यस्तो अवस्थामा विश्वविद्यालयले यातायातको व्यवस्था गर्ने नीति लियो । फलस्वरूप रु. ६१,०००/- (एक सट्ठी हजार) सम्म खर्च गरी विश्वविद्यालयलाई बस खरिद गर्ने सम्बन्धमा २०२३ सालको साउन महिनामा सिण्डिकेटबाट निर्णय गरिएको थियो । 'हिन्दुस्तान मोटर्स लि.' बाट तयार गरिएको बस 'भाजुरत्न एजेन्सि' मार्फत् खरिदको प्रक्रिया अगाडि बढाइयो ।[७८] बसको व्यवस्था नहुँदासम्म विश्वविद्यालयका कर्मचारीलाई त्रिपुरेश्वरबाट कीर्तिपुर ल्याउन र फिर्ता लैजान विश्वविद्यालयको ट्रक उपयोग गरिएको रहेछ । यसरी ट्रकबाट आवत जावत गर्दासम्म सो बापत कुनै भाडा लिइएको थिएन । बसको व्यवस्था भएपछि भने बसको सञ्चालन खर्च हेरी उनीहरूबाट खर्च लिने कार्य भयो । यातायातको सन्दर्भमा नै विश्वविद्यालयले सम्भवतः त्यस बखत नै भाइस चान्सलरलाई रु. २५,५००/- (पचीस हजार पाँच सय) खर्च गरी रसियन मास्कोभिच गाडी खरिद गरेको थियो । यातायातका लागि

---

[७८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. २६, ८७ र १२१ ।

विश्वविद्यालयबाट भएका प्रयासको फेहरिस्ता निकै लामो देखिन्छ । यद्यपि यहाँ विश्वविद्यालयले कक्षा सञ्चालनको थालनीदेखि नै काठमाडौँबाट कीर्तिपुर आउन-जानका लागि यातायात सेवा उपलब्ध गराउँदै आएको सन्दर्भ मात्र उदाहरणका लागि उल्लेख गरिएको हो ।

समग्रमा कीर्तिपुरमा कक्षा सञ्चालनका क्रममा शुरुदेखि नै विश्वविद्यालयले यातायातको व्यवस्था गरेको थियो जसले कुनै न कुनै रूपमा वर्तमानसम्म पनि निरन्तरता पाइरहेको देखिन्छ ।

## संस्कृत तथा संस्कृति विषय

विश्वविद्यालय कमिटीको निर्णयअनुसार वाराणसेय संस्कृत विश्वविद्यालय बा सो सरह मान्यता दिइ राखेको विश्वविद्यालयबाट आएका शास्त्रीलाई एम.ए.परीक्षामा प्रवेश गर्ने नियम बारे पुनः विचारार्थ सिलेबस कमिटी छेउ पठाएकोमा २०१६ साल मंसिर २९ गते पद्मप्रसाद भट्टराइको सभापतित्वमा भएको संस्कृत र संस्कृतिको सिलेबस कमिटीको वैठकमा पुनः विचार गरी कमिटी छेउ सिफारिस गरेको निर्णय उपर विचार गर्दा तत्कालका लागि आचार्य उत्तीर्ण गरेकालाई संस्कृत वा संस्कृतिको मात्र एम.ए.को परीक्षामा बस्न दिने तर शास्त्री मात्र उत्तीर्ण गरेको भए त्यस्ताले बी.ए.अङ्ग्रेजी उत्तीर्ण गरेको छ भने मात्र संस्कृत वा संस्कृतिको मात्र एम.ए.परीक्षामा बस्न दिइने भयो ।[७९]

थालनीमा एउटै विषयका रूपमा पठन पाठन गराइएको संस्कृत र संस्कृति विषयलाई अर्को वर्ष नै छुट्टा छुट्टै डिग्री प्रदान गर्ने निर्णय गरिए तापनि दुबै विषयलाई एकै प्रमुखको मातहत राखियो । यसरी एक वर्षपछि नै संस्कृत र संस्कृति दुई छुट्टा छुट्टै विषय भएको यथार्थतालाई विश्वविद्यालयले स्वीकार गऱ्यो ।[८०] त्यति मात्र नभएर कक्षा सञ्चालनको

---

[७९] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २२५ ।

[८०] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १२९ ।

दोस्रो वर्षका लागि पञ्चम वर्ष (त्यस बखत आइ.ए.तहलाई पहिलो र दोस्रो वर्ष, बी.ए.लाई तेस्रो र चौथो वर्ष तथा एम.ए. लाई पञ्चम र छैठौँ वर्ष भनिन्थ्यो) मा भर्ना हुनका लागि सम्बन्धित विषयमा त्यस वर्षका लागि मात्र बी.ए.परीक्षामा कमसेकम ३५ प्रतिशत अङ्क आवश्यक पर्ने प्रावधान हटाइयो । तर यसको अर्को वर्ष अर्थात् तेस्रो वर्षको भर्नाका लागि पुनः नयाँ नियम बनाइयो । यसअनुसार एम.ए.कक्षामा विद्यार्थी प्रवेश गर्दा शैक्षिक योग्यता नै मूल आधार हुने भएकाले २०१८ सालको पोष्ट ग्राजुएट कक्षामा भर्ना लिँदा विद्यार्थीहरूले बी.ए.मा लिएको र एम.ए.मा अफर गरेको विषयमा कमसे कम ४० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने नियमलाई कार्यान्वयन गरियो ।[८१] दोस्रो वर्ष केही खुकुलो नियम बनाइएकाले कमजोर विद्यार्थी भर्ना भएको र तिनबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने विश्वविद्यालयको उद्देश्यमा नकारात्मक असर परेका कारण नै विश्वविद्यालयले भर्नाका लागि निश्चित मापदण्डलाई कठोरताका साथ अख्तियार गरेको देखिन्छ ।

## विद्यार्थीको नाम दर्ता

विद्यार्थीको नाम दर्ताका सम्बन्धमा पटना विश्वविद्यालयमा रजिष्टर्ड भै सकेका विद्यार्थीलाई त्रिभुवन विश्वविद्यालयमा रजिष्टर्ड भएको मानिने व्यवस्था गरिएको थियो । यद्यपि सन् १९६० देखि नै त्रिभुवन विश्वविद्यालयले रजिष्ट्रेसनको काम शुरु गरिसकेकाले सोही वर्ष वा त्यस भन्दा पहिले पटना विश्वविद्यालयमा रजिष्टर्ड भएका नेपाली विद्यार्थीलाई नाम दर्ताको शुल्क नलाग्ने व्यवस्था गरियो । त्यस वर्षपछि पटना विश्वविद्यालयमा रजिष्टर्ड भएका विद्यार्थीले अन्य विश्वविद्यालयका सरह रजिष्ट्रेसन शुल्क र माइग्रेसन सर्टिफिकेट साथ रजिष्ट्रेसन फर्म र 'परमिसन फर माइग्रेसन' फर्म भर्नु पर्ने नियम बनाइयो ।[८२]

---

[८१] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ८, १० ।

[८२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ४ ।

नेपालमा भारतका पटनालगायत विश्वविद्यालयबाट सञ्चालन गरिएका महाविद्यालयहरूले सम्बद्ध विश्वविद्यालयका पाठ्यक्रम, पाठ्यपुस्तक लागू गरेकाले हिन्दी भाषालाई अनिवार्य गरिएको थियो । यस परिवेशमा त्रिभुवन विश्वविद्यालयले अनिवार्य हिन्दी विषयको सट्टा अनिवार्य नेपाली पत्र राख्ने कार्यलाई विशेष प्राथमिकता दिएको थियो । यस क्रममा विश्वविद्यालयले सन् १९६४ को परीक्षादेखि उक्त परीक्षाहरूको पाठ्यक्रममा अनिवार्य हिन्दीको सट्टा अनिवार्य नेपाली राख्ने र सन् १९६४ को पूर्वमध्यमाको परीक्षा पनि विश्वविद्यालयबाट लिने भएकोले सो परीक्षामा पनि अनिवार्य हिन्दीको सट्टा अनिवार्य नेपाली नै राख्ने निर्णय गऱ्यो ।[८३] यस भन्दा अगाडि भने पहिलेदेखि सञ्चालनमा रहँदै आएको हिन्दी भाषालाई नै मान्यता दिइयो । फलस्वरूप विश्वविद्यालयको कक्षा कोठामा पनि अङ्ग्रेजीपछि हिन्दी विषय (भाषा) प्रयोगमा ल्याइन्थ्यो ।

## पटना विश्वविद्यालयको सिलेवस

जहाँसम्म त्रिभुवन विश्वविद्यालयले पठन पाठन गर्न थालनी गरेका विषयहरूको सिलेबसको सन्दर्भ हो भर्खरै सिलेबस कमिटीले बनाएको नेपाली भाषा र साहित्य एउटा विषयका अतिरिक्त त्रिभुवन विश्वविद्यालयले अन्य विषयहरूको सिलेबस तथा नियमहरूलाई पटना विश्वविद्यालकै अनुसरण गरेको कुरा विश्वविद्यालय कमिटीको निर्णय नं. १४२ र १४३ मा स्पष्ट रूपमा उल्लेख गरियो । त्यस्तै सन् १९६० को परीक्षा पनि पटना विश्वविद्यालयलाई नै लिन लगाउने भएकाले सोही आधारमा अन्य विश्वविद्यालयहरूबाट अस्थायी रूपले मान्यता गराउने र पछि आफ्नै विश्वविद्यालयको अधिनियम र परिनियम तयार भएपछि पूर्ण रूपले मान्यता प्राप्त गरिने भयो । त्यस्तै सो १९६० को परीक्षामा प्राक्टिकलको परीक्षक त्रिभुवन विश्वविद्यालयकातर्फबाट पटना विश्वविद्यालयले नै नियुक्त गर्ने भयो ।[८४]

---

[८३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. २९ ।

[८४] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १४२, १४३ ।

## कक्षा कोठा

आफ्नै जमिन अर्थात् कीर्तिपुर, ट्याङ्गलाटारमा भवन तथा कक्षा कोठाहरू निर्माण गर्ने योजनाअनुसार काम हुँदै गरे तापनि तत्काल कक्षा सञ्चालनका लागि सो निर्माण कार्य पूरा हुन सकेको थिएन । यस्तो अवस्थामा त्रिभुवन विश्वविद्यालय कहाँ सञ्चालन गर्ने भन्ने सवाल त्यत्तिकै रहेको थियो । यहाँ स्मरणीय के छ भने चार वर्ष अगाडि गठन गरिएको त्रिभुवन विश्वविद्यालय कमिसनले काठमाडौँ त्रिपुरेश्वर स्थित श्री ५ को सरकारको गेष्ट हाउस नं. ३ लाई कार्यालयका रूपमा प्रयोग गर्दै आएको सन्दर्भ माथि परिसेकेको छ । त्यसैकारण कमिटीले तत्कालका लागि सोही गेष्ट हाउसलाई विश्वविद्यालय कार्यालय तथा कक्षाका रूपमा प्रयोग गर्ने निर्णय गरेको थियो । थालनीमा नै कक्षा सञ्चालनका लागि तत्काल आवश्यक पर्ने अन्य चार वटा कोठाहरू निर्माण गर्ने योजना बनाइयो ।[८५]

विद्यार्थी भर्नाका सम्बन्धमा पनि विश्वविद्यालयले एउटा सामान्य परिधि निर्धारण गरेको थियो । यसअनुसार शिक्षकहरूलाई २०१६ साल भदौ १६ देखि नियुक्त गर्ने यद्यपि कुनै विषयमा ३ जना भन्दा कम विद्यार्थी भएमा सो भर्नालाई रद्द भएको मानिने अर्थात् तीन जना भन्दा कम विद्यार्थी भर्ना भएको विषयमा पठन पाठन नगरिने भनियो ।[८६] त्यस्तै विश्वविद्यालय कमिटीले पोष्ट ग्राजुएट क्लासका विद्यार्थीलाई आवश्यक नोटहरू छपाएर दिने निर्णयसमेत गरेको थियो । यसरी दिइने नोटको छपाइ खर्च भने विद्यार्थीबाट नै लिने व्यवस्था गरियो ।[८७] अध्ययनका लागि छानिएका विद्यार्थीहरूको भर्ना शुल्क रु. १०/- तथा मासिक शिक्षण शुल्क

---

[८५] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३३ ।

[८६] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं.४७ ।

[८७] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७७ ।

रु. १०/- लिने गरी भर्नाको विज्ञापन दिइएको थियो ।[८८] यहाँ स्मरणीय के छ भने नेपालका कलेजहरूको सम्बन्धन एक वर्ष पहिलेसम्म पटना विश्वविद्यालयसँग रहेको हुनाले छात्रहरूलाई मर्का पर्ला भन्ने विचारले सो पहिलो वर्ष पटना विश्वविद्यालयमा नाम दर्ता गरिसकेका विद्यार्थीको नाम त्रि.वि.मा निःशुल्क दर्ता गरियो ।[८९]

कक्षा सञ्चालनको अर्को वर्ष १९६० को सेसनमा भने अङ्ग्रेजी र अर्थशास्त्र बाहेक अरू विषयमा छैठौँ वर्ष (एम.ए.दोस्रो वर्ष) को कक्षा सञ्चालन नगर्ने तथा सोही दुई विषयहरूमा मात्र १९६० को एम.ए.परीक्षा लिइने भयो ।[९०]

## वार्षिक क्यालेण्डर

विश्वविद्यालयसँग सम्बन्धित सबै कलेजहरूको एकेडेमिक सेसनमा निश्चितता ल्याउनका लागि विश्वविद्यालयका सबै परीक्षाहरू प्रत्येक वर्षको मंसिर महिनामा सञ्चालन गरी सोही पुष र माघ महिनाभित्र परीक्षाफल प्रकाशित गरिने भयो । त्यस्तै प्रत्येक वर्ष फागुन १ गतेदेखि सबै कलेजको एकाडेमिक सेसन प्रारम्भ गराइने व्यवस्था गरियो । यो समय तालिकाअनुसार नै एस.एल.सी. परीक्षा लिने समय र परीक्षाफल घोषित गर्ने समय मिलाउन पनि विश्वविद्यालयले श्री ५ को सरकारलाई अनुरोध गरेको थियो । यो समय तालिका सन् १९६७ को परीक्षादेखि लागू हुने तय भयो ।[९१]

---

[८८] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३० ।

[८९] त्रिभुवन विश्वविद्यालय परिषद्को माइन्यूट २०१६ असार ३०-२०१९ असार २५), वार्षिक रिपोर्ट २०१७/३/२०, पृ. ४ ।

[९०] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १९२ ।

[९१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. २५ ।

## विद्यार्थी हाजिरी

विश्वविद्यालयको कुनै पनि परीक्षामा नियमित परीक्षार्थीका रूपमा संलग्न हुन कमसे कम ७५ प्रतिशत हाजिर हुनु पर्ने विश्वविद्यालयको नियम थियो । सो मध्ये १५ प्रतिशतसम्म हाजिरी कम हुन गएमा त्यस्ता विद्यार्थीलाई साँच्चै मर्का परेको ठहरिएमा प्रिन्सिपलबाट सिफारिस भइ आएका खण्डमा मात्र सिण्डिकेटबाट अनुमति दिन सकिने व्यवस्था गरियो ।[९२] यस क्रममा सन् १९६२ वार्षिक परीक्षामा सामेल हुन निवेदन दिनेहरूमध्ये विभिन्न कलेजका विद्यार्थीहरूको सबैजसो विषयमा हाजिरी ७५ प्रतिशत नपुगे तापनि ६० प्रतिशत भन्दा बढी रहेको थियो । विश्वविद्यालयले १५ प्रतिशतसम्म हाजिरी नपुग्नेलाई माफी दिन सक्ने भएकाले सोहीअनुसार परीक्षामा सामेल हुन अनुमति दिइएको थियो । यसका अतिरिक्त अन्य सबै विषयमा हाजिरी पुगे तापनि भर्नाकुलर विषयमा मात्र नपुग्ने विद्यार्थीलाई पनि परीक्षामा सामेल हुने अनुमति दिइएको थियो ।

यसरी हाजिर नपुग्ने तर परीक्षामा बस्न दिइएका विद्यार्थीको विवरण यस प्रकार देखिन्छ;[९३]

| **कलेजको नाम** | **आइ. ए.** | **बी. ए.** | **आइ. कम.** | **बी. कम.** | **आइ. एस्सी.** | **बी. एस्सी.** |
|---|---|---|---|---|---|---|
| १ त्रिचन्द्र कलेज | ६२ | ५० | १० | १ | ८५ | २५ |
| २ नेपाल नेशनल | २२ | ११ | | | | |
| ३ पाटन कलेज | १० | ७ | | | | |
| ४ आर.आर.डिग्री कलेज | ४५ | | | | | |
| ५ एस.टी.आर.कलेज | ३० | ७ | | | | |
| ६ दरबार कलेज | ५ | ११ | | | | |

[९२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ५७।

[९३] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १५९ ।

| कलेजको नाम | आइ. ए. | बी. ए. | आइ. कम. | बी. कम. | आइ. एस्सी. | बी. एस्सी. |
|---|---|---|---|---|---|---|
| ७ मोरंग कलेज | १६ | | | | | |
| ८ एस.एम.बि.कलेज | ६ | | | | | |
| ९ सरस्वती इन्टर कलेज | ६ | | | | | |
| १० पृथ्वीनारायण कलेज | ४ | | | | | |
| ११ एम.आर.डिग्री कलेज | २ | ४ | | | | |
| १२ भक्तपुर कलेज | १० | | | | | |
| १३ भोला कलेज | २ | | | | | |
| १४ एम.भी.भी.एस.कलेज | १ | | | | | |
| १५ पद्मकन्या कलेज | २ | ९ | | | | |
| १६ पब्लिक कमर्स कलेज | | | २० | | | |
| १७ पब्लिक साइन्स कलेज | | | | | | |
| १८ मोरङ कलेज | १४ | | | | | |
| १९ ठाकुरराम कलेज | १ | १ | | | | |

## पठन पाठन

विश्वविद्यालयले ऐनअनुसार पठन पाठन सञ्चालन गरे तापनि समय क्रमसँगै कतिपय व्यावहारिक कठिनाइसमेत आएका थिए । त्यस्तो अवस्थामा ऐनका कतिपय प्रावधानलाई सरलीकृत गरी लागू गरिएको थियो । यस क्रममा विश्वविद्यालयले देहायका विषयमा पठन पाठन सञ्चालन गरेको देखिन्छ ।

संस्कृत

उल्लेख्य के छ भने विश्वविद्यालयले विभिन्न विषयमा यथाशक्य छुट्टा छुट्टै परीक्षा बोर्ड गठन गरेको पाइन्छ । यस क्रममा सन् १९६३ देखि भने संस्कृत (शास्त्रीय) परीक्षा जस्तै- मध्यमा, शास्त्री तथा आचार्य परीक्षाहरू त्रिभुवन विश्वविद्यालयबाट नै सञ्चालन गरिने भएको थियो । यसका लागि शारदाप्रसाद उपाध्यायको अध्यक्षतामा पद्मप्रसाद भट्टराई,

रामचन्द्र पौडेल र गोदत्तमान श्रेष्ठ सदस्य रहेको एउटा परीक्षा बोर्ड समेत गठन गरियो । आवश्यकताअनुसार बोर्डलाई तीन जनासम्म सदस्य थप गर्न सक्ने व्यवस्था मिलाइएको थियो । बोर्डलाई सन् १९६३ र १९६४ का संस्कृत (शास्त्रीय) विषयका सबै परीक्षाहरू सञ्चालन गर्ने अख्तियारी दिइएको थियो । यस बोर्डलाई पनि अन्य परीक्षा बोर्डहरूलाई जस्तै आवश्यक अधिकार दिइएको थियो । यसको साथै संस्कृत परीक्षा सञ्चालनार्थ आवश्यक पर्ने खर्च बोर्डको मागबमोजिम विश्वविद्यालयबाट उपलव्ध गराइने कुरा पनि बोर्डको गठनका समयमा नै विश्वविद्यालयले स्पष्ट गरेको थियो ।

त्रिभुवन विश्वविद्यालयमा सन् १९६३ सम्मका लागि 'वाराणसेय संस्कृत विश्वविद्यालय' को सन् १९६२ को पाठ्यक्रम नै अनुसरण गरिएको थियो ।[९४]

विश्वविद्यालयको पछिल्लो निर्णयअनुसार विभिन्न विषयका पाठ्यक्रमहरू परिवर्तन/परिमार्जन गर्ने निर्णय गरिएको भए तापनि सन् १९६५ का परीक्षाहरू विद्यमान पुरानै पाठ्यक्रमअनुसार सञ्चालन गरिएको थियो । त्यति मात्र नभएर अर्को वर्षदेखि नयाँ पाठ्यक्रम तयार गर्ने योजनासमेत विश्वविद्यालयको थियो ।[९५] २०१९ साल असार १० मा त्रिभुवन विश्वविद्यालय कमिटीको निर्णय नं. २२२/०१८ अनुसार विश्वविद्यालयमा एउटा मात्र परीक्षा बोर्ड हुनु पर्ने थियो । यद्यपि एउटा बोर्डले शास्त्रीय संस्कृत तथा आधुनिक अङ्ग्रेजीको परीक्षा सञ्चालन गर्न मुस्किल हुने देखिएकोले २०१९ साल साउन १४ मा गठन गरिए सरह छुट्टै बोर्ड गठन गरियो ।[९६] यहाँ उल्लेख्य के छ भने शैक्षिक सत्र २०२१/०२२

---

[९४] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १९२ ।

[९५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १७२ ।

[९६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २१ ।

का लागि मात्र एम.ए.नेपाली र संस्कृत विषयमा प्रोभिज्नल एड्मिसन दिइएको थियो ।[९७]

हिन्दी

२०१८ सालमा विश्वविद्यालयले हिन्दी विभाग खोल्ने निर्णय गरेको थियो । यसक्रममा खड्गमान मल्लको अध्यक्षतामा गठन गरिएको कमिटीबाट प्रस्तुत गरिएको हिन्दी विषयको मसौदा पाठ्यक्रमलाई सदर गरियो ।[९८]

आचार्य

सन् १९६४ को शैक्षिक सत्रमा आचार्यको पठन पाठन विश्वविद्यालयमा सार्ने र महाविद्यालयको परम्पराबमोजिम पठन पाठन भएमा प्रत्येक विषयलाई एक जना मात्र प्राध्यापक राख्ने व्यवस्था गरियो । त्यसो त तत्कालका लागि पठन पाठनको काम महाविद्यालय (राजकीय संस्कृत महाविद्यालय पुतलीसडक) मा नै सम्पादन गरिने भयो ।

यसका साथै राजकीय संस्कृत महाविद्यालयमा आचार्य तहमा सञ्चालन गरिएका ११ विषयमध्ये ‘सांख्य योग’ विषयमा विद्यार्थी नभएकाले सो बाहेकका १० विषय (वेद, व्याकरण, साहित्य, नव्यन्याय, प्राचीन न्याय, मीमांसा, वेदान्त, साधारण दर्शन, धो शास्त्र (?) र ज्योतिष) विश्वविद्यालयअन्तर्गत तत्कालका लागि राजकीय संस्कृत महाविद्यालय भवन, पुतली सडककामा नै सन् १९६४ देखि नै पढाई चालु गरियो ।[९९]

---

[९७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ८ ।

[९८] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ८० ।

[९९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ३४ ।

विज्ञान

विश्वविद्यालयले त्रिपुरेश्वरमा गर्रिदै आएको पठन पाठन कार्यलाई सन् १९६५ सेप्टेम्बरदेखि कीर्तिपुरमा सर्ने निर्णय गरेको थियो । त्यति मात्र नभएर सोहि शैक्षिक सत्रदेखि कीर्तिपुरमा नै विज्ञानअन्तर्गत केमेष्ट्रिको कक्षा सञ्चालन गर्ने तय पनि भएको थियो । यद्यपि कीर्तिपुर क्याम्पसमा पानी, विजुली र मोटर बाटोको सुव्यवस्था गर्न नसकेको तथा तत्काल सो व्यवस्था लागूहुने सम्भावना पनि नभएकाले सेप्टेम्बरमा विश्वविद्याल त्रिपुरेश्वरबाट कीर्तिपुरमा सारिने भएन भने । त्यस्तै पूर्व निर्धारित योजनाअनुसार केमेष्ट्रिको कक्षा सञ्चालन गर्न पनि सम्भव भएन ।

त्यसो त विश्वविद्यालयमा केमेष्ट्रीका साथै फिजिक्स, बोटानी र जुलोजीको पठन पाठन गर्नु हरेक दृष्टिबाट बाञ्छनीय भएको विश्वविद्यालयको ठहर थियो । त्यसैले विज्ञानका यी विषयको पढाइ सन् १९६५ देखि आरम्भ गर्न सम्भव छ/छैन, छ भने कुन ठाउँमा सम्भव छ, यसका लागि आवश्यक सरसामान जुटाउने, प्राध्यापकको व्यवस्था गर्ने र चाहिने अन्य सबै प्रबन्ध मिलाउनका लागि एउटा उप समिति गठन गरिएको थियो । उप कुलपति रुद्रराज पाण्डेको संयोजकत्वमा गठन गरिएको सिण्डिकेट सदस्यहरू (सूर्यबहादुर शाक्य र लवबहादुर प्रधान) को उच्च स्तरीय उप समितिले सो प्रयोजनका लागि योजना पेश गर्ने अख्तियार पाएको थियो ।[१००]

यो उपसमितिले त्रिभुवन विश्वविद्यालयमा यथाशक्य छिटो एम.एस्सी.का विभिन्न विषयको पठन पाठन शुरु गर्ने उद्देश्यका साथ काम गरेको थियो । यसले सर्व प्रथम कीर्तिपुरमा कक्षा सञ्चालनको सम्भाव्यता अध्ययन गरेको थियो । यस क्रममा उप समितिले कीर्तिपुरमा नव निर्मित केमेष्ट्रि भवनमा ग्यासको पाइप लाइन विच्छ्याउने तथा भवनको माथिल्लो तल्लामा पानी बाहिर जाने बाटो बनाउने प्रबन्ध तुरुन्त गरिदिन भारतीय सहायता नियोगलाई अनुरोध गरिएको, विश्वविद्यालयबाट सो भवनसम्म

[१००] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं.७ ।

जाने बाटो यथाशक्य छिटो बनाउने प्रयास भएको, भारतीय सहायता नियोगबाट विज्ञानका आवश्यक सरसामान प्राप्त भइ नसकेको, पानी र बत्तीको प्रबन्धका लागि प्रारम्भिक कारवाई सम्पन्न भएको तथा विज्ञानका विभिन्न विषयको पठन पाठन गराउने शिक्षकहरू झिकाउन भारतीय सहायता नियोगसँग अनुरोध गरिए तापनि यसका लागि निकै समय लाग्ने यथार्थता औंल्याइएको थियो । त्यस स्थितिमा सोही वर्ष कीर्तिपुरमा विज्ञानका कक्षा सञ्चालन गर्न मिल्ने अवस्था नरहेको तथा कीर्तिपुरमा नै पठन पाठन गर्ने हो भने त्यस वर्ष कक्षा शुरु नहुने यथार्थता रह्यो ।

अर्कातर्फ श्री ५ को सरकार शिक्षा मन्त्रालयले नेपाल अधिराज्यको विभिन्न ठाउँहरूमा खुलेका साइन्स कलेजहरूमा प्राध्यापकको ठूलो कमी दर्शाई, फिजिक्स, केमेष्ट्रि, बोटनी र जुलोजीमा तुरुन्त एम.एस्.सी.कक्षा चालु गर्न विश्वविद्यालयलाई निर्देशन दिएको थियो । त्यस्तै विश्वविद्यालयले पनि ती चार विषयमा तुरुन्त कक्षा चालु गर्नुपर्ने आवश्यकता महसुस गरेको थियो । त्यसै कारण त्रिचन्द्र कलेजमा विज्ञानको डिग्री सम्मका पठन पाठन सञ्चालन हुँदै आएकाले विद्यमान शैक्षिक सामग्री तथा प्रयोगशालामा आवश्यक कतिपय सामान/उपकरण थप गरेपछि एम.एस्सी.का कक्षाहरू सञ्चालन गर्न सकिने अवस्था थियो । त्यसो त यो प्रबन्ध अन्तरिम समय अर्थात् कीर्तिपुरमा उपर्युक्त प्रबन्धहरू नभएसम्मलाई मात्र थियो । सोही वर्ष कक्षाहरू सञ्चालन नगरेमा एक वर्ष नै वर्वाद हुने हुँदा सो नहोस् भन्ने उद्देश्य राखेर विश्वविद्यालयले त्रिचन्द्र कलेजमा एम.एस्सी. कक्षा सञ्चालन गर्न उचीत ठहराइएको थियो । त्रिचन्द्र कलेजमा एम.एस.सी.कक्षाहरू चालु हुँदा त्यसको प्रशासकीय व्यवस्था पूर्ण रूपबाट विश्वविद्यालयबाट गरिने तर ती कक्षा सञ्चालनको कार्य त्रिचन्द्र कलेजअन्तर्गत नरहने कुरा पनि विश्वविद्यालयले स्पष्ट पारेको थियो ।[१०१] समग्रमा विश्वविद्यालयले सन् १९६५ सेप्टेम्बरदेखि विज्ञानका चार विषयको स्नातकोत्तर तहको पठन पाठन त्रिचन्द्र कलेजमा थालनी गरेको देखिन्छ । यस प्रकार विश्वविद्यालयले प्राध्यापकहरूको व्यवस्था गरी

[१०१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३८ ।

२०२२ मंसिर १३ गते आइतवारदेखि फिजिक्स, केमेष्ट्रि, बोटानी र जुलोजीमा एम.एस्सी. कक्षाहरू सञ्चालन गर्ने निर्णय गरेको थियो । यी कक्षाहरू तत्कालका लागि त्रिचन्द्र कलेजमा सञ्चालन गर्ने निर्णय गरियो ।

एम.एस्सी.कक्षामा पढाउन पूर्णकालीन प्राध्यापकहरू नेपालमा उपलब्ध हुन नसक्ने र तत्काल विदेशबाट पनि सीमित संख्यामा प्राध्यापकहरू उपलब्ध हुन सक्ने अवस्था थियो । त्यसैले यसका लागि त्रिचन्द्र कलेज र पब्लिक साइन्स कलेजहरूबाट आंशिक प्राध्यापकहरू लिनु पर्दथ्यो । फलस्वरूप प्राध्यापकहरू छानी सिफारिस गर्न गठन गरिएको (उप कुलपति रुद्रराज पाण्डे, विश्वविद्यालय कलेजका प्रिन्सिपल सुर्यबहादुर शाक्य, उच्च शिक्षाका डाइरेक्टर लवबहादुर प्रधान र उपकुलपतिद्वारा मनोनित एक जना विशेषज्ञ समेत ४ सदस्य संलग्न एउटा सेलेक्सन कमिटी) को सिफारिसका आधारमा २०२२ साल मंसिर १३ गतेदेखि विभिन्न विभागमा देहायका व्यक्तिलाई आंशिक नियुक्ति गरियो ।[१०२]

| **विभाग** | **प्राध्यापकको नाम** |
|---|---|
| फिजिक्स (८ जना) | फणिन्द्रप्रसाद लोहनी, शंकरप्रसाद प्रधान, डा.बलराम जोशी, डा.नारायणहरी चौधरी, जगदीश्वरमान प्रधान, डा. चैतन्यबहादुर श्रेष्ठ, उमाप्रसाद श्रेष्ठ र सुरेशराज चालिसे |
| केमेष्ट्रि (७ जना) | प्रसन्नमान सिंह, डा.ध्रुवमानसिंह अमात्य, डा.शिवप्रसाद धौवडेल, डा.गोविन्दप्रसाद शर्मा काफ्ले, छविलाल गजुरेल, उमाप्रसाद त्रिपाठी र मोतिकाजि स्थापित |
| बोटनी (८ जना) | ब्रम्हीदत्त पाण्डे, डा.दिव्यदेव भट्ट, डा.अमृतराज शाक्य, सरस्वतीप्रसाद रिमाल, श्रीमती |

[१०२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १६ र ५९ ।

| | |
|---|---|
| | चन्द्रशोभा पाण्डे, शैलेन्द्रचन्द्र सिंह र सुश्री जनकदेवी |
| जुओलजी (७ जना) | शिवशंकर सिंह, द्विजराज उप्रेती, काजिमान वज्राचार्य, मधुसूदन शर्मा, दीर्घमान बानियाँ, चन्द्रप्रसाद गोर्खाली र सुश्री गीता पाठक |

सेलेक्सन कमिटीको सिफारसका आधारमा एम.एस्सी.तर्फका विभागका लागि लेबोरेटरी असिस्टेन्ट पदमा कृष्णचन्द्र राय, सिद्धिचरण श्रेष्ठ र भक्तलाल मानन्धरलाई नियुक्त गरियो ।[१०३] त्यसै वर्ष विश्वविद्यालयले विज्ञान विभागका विभिन्न विषयहरूका लागि देहाय बमोजिम दरबन्दी निर्धारण गऱ्यो ।[१०४]

| **केमेष्ट्रि** | **फिजिक्स** | **बोटनी** | **जुलोजी** |
|---|---|---|---|
| प्रोफेसर १ | प्रोफेसर १ | प्रोफेसर १ | प्रोफेसर १ |
| रिडर १ | रिडर १ | रिडर १ | रिडर |
| लेक्चरर १ | लेक्चरर १ | लेक्चरर १ | लेक्चरर १ |

ललितकला

स्थापनाको एक दशकपछि विश्वविद्यालयले ललितकला संकाय गठन गरेको थियो जसमा बालकृष्ण सम, लैनसिंह वांगदेल, केशव दवाडी, यज्ञराज शर्मा, चन्द्रकुमार, क्यूरेटर-नेपाल म्युजियम, डिग्री प्राप्त एक जना स्कल्पटर (उप कुलपतिले मनोनित गर्ने) र प्रो.रंगराव कादम्वरीलाई समावेश गरिएको थियो ।[१०५]

---

[१०३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ६२ ।

[१०४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३० ।

[१०५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १३ ।

तथ्याङ्कशास्त्र

देशको विकास कार्यमा तथ्याङ्क शास्त्रको अति जरुरी हुनुका साथै बी.एस्सी.मा तथ्याङ्कक शास्त्र लिई अध्ययन गर्ने विद्यार्थीहरूको संख्या पनि क्रमशः बढ्दै गइराखेकाले गणित विभागअन्तर्गत राखी २०२६ सालमा विश्वविद्यालयलमा तथ्याङ्क शास्त्रमा एम.ए., एम.एस्सी.पढाई चालु गर्ने निर्णय गरियो ।[१०६]

विश्वभाषा विद्यालय

राजधानी काठमाडौँमा एउटा 'विश्वभाषा विद्यालय' सञ्चालनमा रहेको थियो । विश्वविद्यालय सिण्डिकेटले त्यस विद्यालयलाई फ्रेन्च, जर्मन, रसियन, चाइनिज र नेपाली भाषामा सर्टिफिकेट तहको पठन पाठन सञ्चालन गर्न मान्यता दिने निर्णय गरेको थियो । यसरी विश्वभाषा विद्यालयलाई उल्लिखित भाषाको सर्टिफिकेट तहको पठन पाठन गर्ने अख्तियारी दिइए तापनि सोही विषय तथा तहको दोस्रो सेमेष्टरको अन्तमा हुने परीक्षा भने विश्वविद्यालयले लिने व्यवस्था गरियो ।[१०७]

बी.ए.अनर्स

विश्वविद्यालयले बी.ए.तहमा 'अनर्स' डिग्री पनि समावेश गरेको थियो । अनर्स डिग्री हासिल गर्न विद्यार्थीले सबै विषय उत्तीर्ण गरी अनर्स विषयमा कम्तिमा ४५ प्रतिशत अङ्क ल्याउनु पर्दथ्यो । विद्यार्थी सबै विषयमा उत्तीर्ण भई अनर्स विषयमा ६० प्रतिशत अङ्क ल्याएमा उसलाई पहिलो श्रेणीका साथ अनर्स डिग्री प्रदान गरिने भयो । त्यस्तै विद्यार्थीले सबै विषय उत्तीर्ण गरी अनर्स विषयमा ४५ देखिमाथि ६० प्रतिशत भन्दा तलको अङ्क ल्याएमा उसलाई दोस्रो श्रेणीका साथ अनर्स उत्तीर्ण गरेको डिग्री दिइने भयो । यदि कुनै विद्यार्थीले अनर्सका लागि परीक्षा दिएर सबै

[१०६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ७३ ।

[१०७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १०३ ।

विषयमा उत्तीर्णमात्र भयो तर अनर्सका लागि योग्य भएन भने उसलाई उत्तीर्ण मात्र भएको मानिने भयो । त्यस्तै सेकेन्ड क्लास अनर्स हुन कूल अङ्कको ४५ प्रतिसत हुनु अनिवार्य गरिएन भने अनर्सका निम्ति योग्य नहुनेले पास कोर्स जस्तो डिभिजन नपाउने व्यवस्था गरियो ।[१०८] बी.ए.अनर्सको यो व्यवस्था २०२२/०२३ सालको हो । विश्वविद्यालयबाट सन् १९६६ देखि अनर्स परीक्षा लिइएको थियो । साथै उत्तीर्ण भएका स्नातकहरूलाई विश्वविद्यालयबाट छापिएको प्रमाण पत्र दिइएको देखिन्छ ।[१०९]

पब्लिक एड्मिनिष्ट्रेसन

विश्वविद्यालयमा पठन पाठनको थालनीसँगै राजनीतिशास्त्र विभागअन्तर्गत पढाई हुँदै आएको पब्लिक एड्मिनिष्ट्रेसन कोर्सका निम्ति हरेक वर्ष फुलब्राइट प्रोग्रामअन्तर्गत एक जना प्राध्यापक झिकाई निजकोसमेत सहयोग लिएर उक्त विषयमा पठन पाठन चालु हुँदै थियो । तर २०२६ सालमा फुलब्राइटअन्तर्गत प्राध्यापक आउने निश्चित नभएको र हरेक वर्ष एउटै विषयको मात्रै प्राध्यापक पठाउन फुल ब्राइटलाई पनि असजिलो पर्ने बुझिएकाले अबदेखि अर्को व्यवस्था नभएसम्म विश्वविद्यालय कलेज राजनीतिशास्त्र विभागका प्रचण्डप्रसाद प्रधानको रेखदेखमा आर्थिक विकास तथा प्रशासन प्रशिक्षण केन्द्रबाट शिक्षक उपलब्ध गराउने र फुलब्राइटबाट राजनीतिशास्त्रमा ‘सिद्धान्त’ पढाउन सक्ने प्राध्यापक मगाउने निर्णय गरियो । आर्थिक विकास तथा प्रशासन प्रशिक्षण केन्द्रको स्थापना हुँदा भएको सम्झौताअनुसार उक्त केन्द्र र त्रिभुवन विश्वविद्यालयका बीच शिक्षकहरूको आदान प्रदान गर्नुपर्ने भएबमोजिम पनि अर्थशास्त्र र वाणिज्य शास्त्रमा केन्द्रबाट शिक्षकहरू उपलब्ध भइ नै रहेका थिए । यसै सिलसिलामा पब्लिक एड्मिनिष्ट्रेसन

---

[१०८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १७३ ।

[१०९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १४३ ।

कोर्सका साथै सो केन्द्रका अन्य कार्यक्रममासमेत मद्दत गर्न प्रचण्डप्रसाद प्रधानलाई अर्को आदेश नहुन्जेल सम्मका लागि उक्त केन्द्रमा काम गर्न खटाइने भयो ।[११०] यस क्रममा अमेरिकाको फुलब्राइट योजनाअन्तर्गत राजनीतिशास्त्रको प्राध्यापनका लागि विश्वविद्यालय कलेजमा आएका डा.एम.ब्राउनको विशेष सहयोगबाट विश्वविद्यालयमा 'डिप्लोमा इन पब्लिक एड्मिनिष्ट्रसन' को कक्षा सञ्चालन गरियो ।[१११]

**विद्यार्थी भर्ना**

त्रिभुवन विश्वविद्यालयको स्थापनासँगै स्नातकोत्तर तहको पठन पाठन २०१६ साल असोज ४ गतेदेखि चालु गरिने भएकाले इच्छुक विद्यार्थीलाई दरखास्त दिनका लागि तीन हप्ताको म्याद दिएर सार्वजनिक सूचना जारि गरियो ।[११२] त्यस्तै शिक्षकको नियुक्ति भदौ महिनाको १६ गतेदेखि गरिएकाले कक्षा सञ्चालनसम्म उनीहरूलाई आवश्यक तयारीमा संलग्न गरियो । कक्षा सञ्चालनसँगै विश्वविद्यालयले विद्यार्थी तथा शिक्षकका लागि केही व्यवस्था गरेको थियो । हरेक विषयको एउटा एउटा एसोसिएसन खोल्ने, पोष्ट ग्राजुएट छात्रहरूको एउटा एसोसिएसन खोल्ने, ट्युटोरियल र सेमिनार गर्न लाउने, एक्सटेन्सन लेक्चर गराउने, प्राध्यापकहरूको एक्सचेन्ज गर्ने र भिजिटिङ प्राध्यापकहरूको बन्दोबस्त गर्ने जस्ता व्यवस्था गरिएको थियो ।[११३]

त्रिभुवन विश्वविद्यालय कलेज (त्रिभुवन विश्वविद्यालय कलेजमा स्नातकोत्तर तहमामात्र पठन पाठन गरिने व्यवस्था थियो) मा पठन पाठन

---

[११०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १६३ ।

[१११] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२, अङ्क-११ २०२६ साल असार, पृ.२-३ ।

[११२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २९, ७३ ।

[११३] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २१५ ।

गराइएका विभिन्न विषयमध्ये सन् १९६० (२०१७ साल) मा अङ्ग्रेजी र अर्थशास्त्र दुई विषयको मात्र एम.ए.तहको परीक्षा सञ्चालन गरिएको थियो । अन्य विषयमा किन परीक्षा लिइएन भन्ने विषय प्रकाश पार्ने सामग्री भने फेला परेको छैन ।[११४] २०१९ सालको शैक्षिक सत्रदेखि विश्वविद्यालयले पोष्ट ग्राजुएट काउन्सिलको सिफारिसबमोजिम कक्षा कोठाको राम्रो व्यवस्था नभएसम्म हरेक कक्षामा ४० जना भन्दा बढता विद्यार्थी भर्ना नगर्ने नीति लियो ।[११५]

विश्वविद्यालयमा पहिलो वर्षमा सञ्चालित आठ विषयहरूमा अध्ययन गर्ने विद्यार्थीको संख्या जम्मा ८० जना भएको कुरा माथि उल्लेख भइसकेको छ । यीमध्ये कुन विषयमा कति विद्यार्थी थिए भन्ने विस्तृत विवरण भने फेला परेको छैन । यद्यपि पहिलो वर्षमा औसतमा प्रत्येक विषयमा जम्मा १० जना विद्यार्थी भएको देखिन्छ ।

स्थापनाको चौथो/पाँचौँ तथा नवौँ/दशौँ वर्षसम्म आइ पुग्दा विश्वविद्यालय कलेजमा नियमित रूपमा अध्ययन गर्ने विद्यार्थीको संख्या पनि त्यति उत्साह जनक देखिँदैन । शैक्षिक वर्ष २०२०-२१ को विद्यार्थी संख्या हेर्दा तुलनात्मक रूपमा सबै भन्दा बढी कमर्स विषयमा देखिन्छन । सो वर्ष पाँचौं वर्ष अर्थात स्नातकोत्तर पहिलो वर्षमा जम्मा भर्ना भएका ६१ जनामध्ये नियमित रूपमा ४६ जना अर्थात झण्डै ७५ प्रतिशतले नियमित रूपमा अध्ययन गरेको देखिन्छ । नियमित अध्ययन गर्ने जम्मा विद्यार्थीमध्ये २ जना अर्थात् जम्मा ४ प्रतिशत छात्रा देखिन्छन् । सोही वर्ष सोही विषयमा छैठौँ वर्ष अर्थात् कमर्स विषयको स्नातकोत्तर दोस्रो वर्षमा भर्ना भएकामध्ये ४८ प्रतिशत जति विद्यार्थी नियमित थिए जसमा एक जनासम्म पनि छात्राले अध्ययन गरेका थिएनन् ।[११६] यसको पाँच वर्षपछि

---

[११४] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १८६ ।

[११५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १० ।

[११६] त्रिभुवन विश्वविद्यालय, वार्षिक रिपोर्ट २०२०-०२१ ।

शैक्षिक सत्र २०२५/०२६ मा कमर्स (वाणिज्य) विषयमा भर्ना हुने विद्यार्थीको संख्या तुलनात्मक रूपमा बढी देखिन्छ । सो शैक्षिक सत्रको प्रथम वर्षमा १०२ जना तथा दोस्रोमा ६० जना विद्यार्थी भर्ना भएको देखिए तापनि नियमित अध्ययन गर्ने छात्र तथा छात्राको संख्या भने फेला परेको छैन । जेहोस् त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको वाणिज्य विषयमा क्रमशः विद्यार्थीको आकर्षण बढ्दै गए तापनि छात्राको संख्या भने नगण्य रहेको तल दिइएका विवरणबाट स्पष्ट हुन्छ ।

त्यस्तै शैक्षिक सत्र २०२०-०२१ मा मानविकी सङ्कायतर्फ विद्यार्थीको आकर्षणको विषय राजनीतिशास्त्र तथा अर्थशास्त्र रहेको देखिन्छ । त्यस शैक्षिक सत्रमा स्नातकोत्तर पहिलो वर्षमा राजनीतिशास्त्र विषयमा भर्ना भएका ४१ विद्यार्थीमध्ये ४० जना नियमित थिए जसमा छात्र १८ तथा छात्रा १२ जना थिए । त्यस्तै राजनीतिशास्त्रको दोस्रो वर्षमा जम्मा ३९ जना भर्ना भएकामा २६ जनाले नियमित रूपमा अध्ययन गरेका थिए जसमा २१ जना छात्र तथा ५ जना छात्रा थिए । त्यस शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थी संख्याका दृष्टिबाट हेर्दा संस्कृत, हिन्दी, नेपाली, भूगोल जस्ता विषयमा विद्यार्थी संख्या न्यून देखिन्छन् । भूगोल विषयमा दोस्रो वर्षमा भर्ना भएका ४ जनामध्ये एक जनाले पनि नियमित अध्ययन गरेनन् । त्यस्तै छात्रको संख्यामा छात्राको संख्या पनि निकै न्यून रह्यो । दोस्रो वर्षमा कमर्स, संस्कृत, इतिहास, गणित, हिन्दी, नेपाली र भूगोल विषयमा एक जनासम्म पनि छात्राले अध्ययन गरेका थिएनन् ।

शैक्षिक सत्र २०२५-०२६ मा पनि संस्कृत, एम.एड., हिन्दी, संस्कृति जस्ता विषय अध्ययनमा विद्यार्थीको आकर्षण उत्साहजनक देखिँदैन भने अर्थशास्त्र, राजनीतिशास्त्र, अङ्ग्रेजी, नेपाली, गणित जस्ता विषयलाई विद्यार्थीले बढी मन पराएको देखिन्छ ।[११७]

---

[११७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ७४ पछि वार्षिक रिपोर्ट २०२६/०२७ ।

| पाँचौं वर्ष २०२०-०२१ | | | | छैठौं वर्ष २०२०-०२१ | | | |
|---|---|---|---|---|---|---|---|
| विषय | भर्ना विद्यार्थी | नियमित छात्र | छात्रा | नियमित संख्या | भर्ना विद्यार्थी छात्र | नियमित छात्रा | नियमित संख्या |
| अंग्रेजी | २३ | ११ | ६ | २५ | ११ | ४ | |
| राजनीति शास्त्र | ४१ | १८ | १२ | ३९ | २१ | ५ | |
| अर्थशास्त्र | ३७ | १५ | ८ | ४३ | २५ | ७ | |
| कमर्स | ६१ | ४४ | २ | ४५ | २२ | - | |
| संस्कृत | ३ | १ | - | १ | १ | - | |
| इतिहास | १२ | ७ | ३ | ५ | २ | - | |
| गणित | १३ | ११ | - | १३ | ६ | - | |
| हिन्दी | ४ | ३ | १ | २ | १ | - | |
| नेपाली | ६ | ५ | १ | ३ | २ | - | |
| भूगोल | ३ | ३ | - | ४ | - | - | |
| संस्कृति | ८ | २ | ३ | ४ | १ | २ | |

शैक्षिक सत्र २०२५/०२६ मा विश्वविद्यालय कलेजका विद्यार्थी विवरण

| **विभाग** | **पाँचौं वर्ष** | **छैठौं वर्ष** |
|---|---|---|
| अंग्रेजी | ३५ | १३ |
| अर्थशास्त्र | १०० | ५१ |
| राजनीति शास्त्र | ५६ | ३६ |
| भूगोल | १२ | १५ |
| गणित | ५५ | १० |
| संस्कृति | १४ | ३ |
| संस्कृत | २ | ४ |

| | | |
|---|---|---|
| हिन्दी | ० | ३ |
| नेपाली | ५३ | २४ |
| एम.एड. | ० | ९ |
| इतिहास | २१ | १३ |
| वाणिज्य | १०२ | ६० |
| रशायन शास्त्र | २० | १५ |
| भौतिक शास्त्र | १२ | १४ |
| वनस्पति शास्त्र | १२ | १४ |
| जीव शास्त्र | १२ | १३ |
| जम्मा | ५०६ | २८८ |

स्नातकोत्तर तहमा जम्मा विद्यार्थी संख्या-७९४

उल्लिखित विवरणका अतिरिक्त विश्वविद्यालय क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीको संख्याका बारेमा जानकारी दिने सामग्री फेला नपरे तापनि विभिन्न मितिमा भएका परीक्षाहरूमा संलग्न भएको विद्यार्थीको विवरण भने फेला परेको छ । सोही विवरणबाटसमेत विश्वविद्यालयका विद्यार्थी संख्याका बारेमा जानकारी लिन सहज हुने देखिएकाले यहाँ राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनु पूर्व विश्वविद्यालय कलेजमा सञ्चालित विभिन्न विषयमा परीक्षा दिने विद्यार्थीको विवरण दिइएको हो ।

विश्वविद्यालयले पहिलो वर्षमा सञ्चालन गरेको ८ विषयहरूमा जम्मा शिक्षक संख्या ८० रहेको देखिए तापनि कुन विषयमा अध्ययन गर्ने विद्यार्थी संख्या कति थिए भन्ने विस्तृत जानकारी भने फेला परेको छैन ।[११८] त्यस्तै त्यसपछिका वर्षहरूमा पनि विद्यार्थी संख्याको जनाकारी दिने सामग्री फेला परेको छैन । एकै पटक सन् १९६७ (शैक्षिक सत्र

[११८] त्रिभुवन विश्वविद्यालय कमिटीको वार्षिक रिपोर्ट, वि.सं. २०१७, पृ. १ ।

२०२४-०२५) को परीक्षामा संलग्न भएका विद्यार्थीको संख्यामात्र फेला परेको छ । त्यसैगरी राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरिँदा पुरानो पद्धतिका आधारमा परीक्षामा सामेल भएका विद्यार्थीको विवरणसमेत फेला परेको छ । यी विवरणहरूबाट कमसे कम विद्यार्थी संख्याका बारेमा जानकारी पाउन सकिने देखिएकाले यहाँ दिइएको हो;[११९]

| **परीक्षार्थी** | **फर्म भर्नेको संख्या** | **परीक्षा दिनेको संख्या** |
|---|---|---|
| | एम.ए./एम.एस्सी. | |
| रसायन शास्त्र | १२ | १२ |
| भौतिक शास्त्र | ५ | ५ |
| जीव शास्त्र | ३ | ३ |
| बनस्पति शास्त्र | ८ | ८ |
| गणित | ५ | ३ |
| वाणिज्य | ४३ | ४० |
| राजनीति शास्त्र | ४६ | ४१ |
| इतिहास | १४ | १४ |
| अर्थशास्त्र | ४७ | ४२ |
| अंग्रेजी | २९ | २६ |
| नेपाली | २८ | २५ |
| संस्कृत | ३ | ३ |
| भूगोल | ४ | ४ |
| हिन्दी | ५ | ५ |
| संस्कृति | ३ | ३ |

११९ त्रिभुवन विश्वविद्यालय, नवौं वार्षिक प्रतिवेदन २०२४/०२५ ।

विश्वविद्यालयले सञ्चालन गरेको कला, वाणिज्य र विज्ञान (गणित) सङ्कायअन्तर्गत विभिन्न विषयका सन् १९६८ का स्नातकोत्तर परीक्षाहरू २०२५ कार्तिक २७ देखि काठमाडौँमा प्रारम्भ गरिएको थियो । सो परीक्षामा विभिन्न सङ्कायबाट संलग्न परीक्षार्थीहरूको संख्या यस प्रकार रह्यो ।[१२०] त्यस बखत विश्वविद्यालय कलेजमा विद्यार्थीको संलग्नता एवम् तिनको रुचीको विषयका बारेमा जानकारी लिन मद्दत पुग्ने ठानेर नै यहाँ विद्यार्थी विवरण दिइएको हो ।

| **संकाय** | **विषय** | **प्रथम** | **द्वितीय** | **दुवैखण्ड** | **जम्मा संख्या** |
|---|---|---|---|---|---|
| वाणिज्य | वाणिज्य | ५४ | ४३ | २ | ९९ |
| कला | अर्थशास्त्र | ८७ | ४१ | १० | १३७ |
| | हिन्दी | ६ | ६ | २ | १४ |
| | इतिहास | ११ | ७ | ४ | २२ |
| | संस्कृति | ४ | ६ | ० | १० |
| | संस्कृत | ४ | ३ | १ | ८ |
| | अंग्रेजी | ५० | १८ | ४९ | ११७ |
| | नेपाली | ३९ | २२ | ८ | ६९ |
| | राजनीतिशास्त्र | ६४ | ५० | १० | १२४ |
| | भूगोल | ९ | ११ | ० | २० |
| विज्ञान | गणित | ८ | ४ | २ | १४ |
| जम्मा | | ३३६ | २११ | ८८ | ६३५ |

[१२०] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-३, २०२५ साल कार्तिक, पृ. ८ ।

यी परीक्षार्थीमध्ये रेगुलर (नियमित) र प्राइभेट (वैयक्तिक) का संख्या निम्न रहे ।

| | प्रथमखण्ड | द्वितीयखण्ड | दुवैखण्ड | जम्मा संख्या |
|---|---|---|---|---|
| रेगुलर | १८८ | १३४ | ० | ३२२ |
| प्राइभेट | १४७ | ७४ | ९२ | ३१३ |
| जम्मा | | | | ६३५ |

**स्नातकोत्तर परीक्षा २०२८**

२०२८ साल माघ महिनामा सञ्चालित एम.ए.र एम.कम.को प्रथम, द्वितीय तथा दुवै खण्डका परीक्षाहरूका साथै २०२८ साल फागुन महिनामा लिइएको एम.एस्सी. प्रथम खण्ड र वैशाखमा लिइएको एम.एस्सी.द्वितीय खण्डको परीक्षाको प्रकाशित परिणामअनुसार ती विषयमा विद्यार्थी विवरण निम्न प्रकार रह्यो:[१२१]

| विषय | प्रथम खण्ड | द्वितीय खण्ड | दुवै |
|---|---|---|---|
| नेपाली | ३४ | ४६ | ३ |
| संस्कृति | ५ | ८ | १ |
| संस्कृत | ३ | ३ | १ |
| अंग्रेजी | ८ | १५ | १ |
| वाणिज्य | ८१ | ८१ | २ |
| भूगोल | ५ | ५ | ० |
| अर्थशास्त्र | ५७ | ६० | ३ |
| इतिहास | १४ | १९ | ६ |

[१२१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-१०, २०२९ साल जेठ, पृ. ४-५ ।

| | | | |
|---|---|---|---|
| हिन्दी | ३ | ० | १ |
| राजनीतिशास्त्र | ४४ | ३४ | ४ |
| गणित | १३ | १६ | ० |
| रसायनशास्त्र | १५ | १३ | |
| वनस्पतिशास्त्र | ९ | ६ | |
| प्राणीशास्त्र | ६ | १२ | |
| भौतिकशास्त्र | ९ | ८ | |

## आचार्य परीक्षा

२०२८ साल माघ र भदौ महिनामा विश्वविद्यालयबाट सञ्चालित आचार्य परीक्षामा संलग्न विद्यार्थी विवरण;

| | | | |
|---|---|---|---|
| साहित्याचार्य | १ | १ | |
| पूर्व मीमांसा | १ | १ | |
| शुक्ल यजुर्वेद | १ | २ | |
| नव्य व्याकरण | २ | | |
| साहित्य | २ | २ | १ |
| इतिहास पुराण | ३ | | ३ |
| दर्शन | | १ | |
| धर्मशास्त्र | २ | १ | |
| सिद्धान्त ज्यातिष | ४ | १ | |
| प्राचीन न्याय वैयाकरण | | | १ |
| साँख्य योग | | | १ |
| नब्य न्याय | | | १ |

सन् १९७४ (२०३०-०३१ शैक्षिक सत्र) मा लिइएको विभिन्न स्नातकोत्तर परीक्षाका आधारमा विद्यार्थी विवरण;[१२२]

| **विषय** | **प्रथमखण्ड** | **द्वितीयखण्ड** | **दुवैखण्ड** | **आंशिक** |
|---|---|---|---|---|
| नेपाली | २८ | ३५ | १० | २ |
| संस्कृत | - | १ | २ | - |
| इतिहास | १ | ८ | १ | १ |
| भूगोल | - | ३ | - | - |
| संस्कृत | ६ | ४ | १ | - |
| अर्थशास्त्र | ३३ | ४१ | ४ | ४० |
| राजनीतिशास्त्र | ५ | २१ | १ | २ |
| अंग्रेजी | १ | ६ | - | १ |
| हिन्दी | - | ३ | १ | - |
| वाणिज्यशास्त्र | १४ | ४५ | २ | ३ |
| वनस्पतिशास्त्र | - | ११ | - | - |
| रसायन शास्त्र | २ | - | - | - |
| अर्गानिक केमेष्ट्री | - | ३ | - | - |
| इनअर्गानिक केमेष्ट्री | - | ८ | - | - |
| भौतिक रसायन | - | २ | - | १ |
| भौतिकशास्त्र | - | ६ | - | - |
| विज्ञानशास्त्र | - | १२ | - | - |
| तथ्यांकशास्त्र | - | १४ | - | - |
| एम.ए.र एम.एस्सी.गणित | | ३ | २१ | १ (३+ १) |

[१२२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-१०, २०३१ साल साउन, पृ.८ ।

माथिका विवरणहरूबाट विश्वविद्यालयमा पठन पाठन हुने विषयहरूमा विद्यार्थीको आकर्षणका साथै तिनमा उनीहरूको संलग्नताका साथै विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या जानकारी लिनका लागिसमेत सहज हुन जाने देखिन्छ ।

विदेशी विद्यार्थी

यो समयाबधिमा विदेशी राजदूतावासमा काम गर्ने तथा अन्य विदेशी विद्यार्थीहरूले विश्वविद्यालयमा विशेषतः नेपाली, संस्कृति आदि विषय अध्ययन गर्ने अभिरुची लिएको देखिन्छ । उनीहरूलाई भर्ना गर्नका लागि विश्वविद्यालयले श्री ५ को सरकारको स्वीकृति लिनु पर्ने थियो । यस प्रक्रियाका लागि निश्चित नीति निर्माण गर्नु आवश्यक थियो । यस्तो नीति तर्जुमा गर्न केही समय लाग्ने भएकाले एकातिर त्यस प्रकारको आवश्यक नीति तर्जुमा गर्दै रहने तथा तथा अर्कातर्फ त्यस बखत विदेशी विद्यार्थीहरूले अध्ययनका लागि आवेदन दिएकाले अस्थायी व्यवस्था गरी त्यस्ता विद्यार्थीलाई पढ्न अनुमति दिइएको थियो ।[१२३]

**अनुसन्धान**

विश्वविद्यालय स्थापनाको मुख्य उद्देश्यमा 'अनुसन्धान' लाई पनि महत्त्वपूर्ण स्थान दिँदै त्यसको आवश्यकताको बोध गरिएको थियो । यसै सन्दर्भमा विश्वविद्यालय ऐन २०१६ ले "...कला एवं विज्ञानमा र अरू व्यावसायिक क्षेत्रमा ज्ञान र अनुसन्धानको वृद्धि गर्न..." विश्वविद्यालय स्थापना गरिएको कुरा स्पष्ट पारेको थियो ।[१२४] शिक्षकलाई अनुसन्धानमा प्रेरित गर्नका लागि स्थापना कालदेखि नै विश्वविद्यालयले पहल गरेको देखिन्छ । यसै क्रममा विश्वविद्यालय कमिटीले सुर्यबहादुर शाक्यले विद्यावारिधिका लागि पोष्टग्राजुएट अध्ययन काउन्सिलमा दिएको निवेदनअनुसार निजलाई विद्यावारिधि गर्न एउटा फेलोसिप उपलव्ध

---

[१२३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २०३ ।

[१२४] श्री ५ को सरकार, "त्रिभुवन विश्वविद्यालय ऐन, २०१६", *नेपाल गजेट*, काठमाडौँ: खण्ड-९, संख्या-८, २०१६ साल ज्येष्ठ २५ गते, पृ. ५-६ ।

गराउन इण्डियन एड मिसनसँग सम्पर्क राख्ने निर्णय गरेको थियो । यसका अतिरिक्त इण्डियन एड मिसनबाट त्यस प्रकारको फेलोसिप प्राप्त हुन नसकेमा बृटिश काउन्सिलको छात्रवृत्ति प्राप्त गर्नका लागि प्रयास गर्ने निर्णयसमेत गरियो ।[१२५] विश्वविद्यालयले शिक्षकलाई अनुसन्धान कार्यमा संलग्न गराउन प्रयास गरेको सम्भवतः यो पहिलो प्रयास थियो ।

पठन पाठनसँगै अनुसन्धानलाई पनि एक साथ सञ्चालन गर्नका लागि २०१९ सालमा 'बोर्ड अफ पोष्ट ग्राजुएट स्टडिज एण्ड रिसर्च' गठन गरियो । उपकुलपतिको अध्यक्षतामा गठन गरिएको यो कमिटीमा फ्याकल्टिका डीनहरू आशुतोष गांगुली, पद्मप्रसाद भट्टराई, नरेशमान सिंह र प्रसन्नमान सिंह; सिण्डिकेट सदस्यहरूमा यदुनाथ खनाल र रेणुलाल सिंह; विभागीय प्रमुखहरूमा सुर्यबहादुर शाक्य, गोकुल चन्द र रामराज तथा सिनेट सदस्य भने सिनेटबाट मनोनित गरिने व्यवस्था भयो । त्यसो त विभिन्न बोर्ड अथवा कमिटीहरूमा काम कार्वाई गर्न आवश्यक भएमा थप मेम्बर को-अप्ट गर्न सक्ने व्यवस्थासमेत गरियो । त्यस्तै आवश्यकताअनुसार विशेषज्ञ नियुक्त गर्ने र नेपाल बाहिरका सदस्यहरूले सदस्यता स्वीकार नगरेमा उपकुलपतिबाट अन्य कुनै विश्वविद्यालयबाट सदस्य नियुक्त गर्नसक्ने पनि भए । बोर्ड अफ स्टडिजको सदस्य को-अप्ट गर्ने अधिकार बोर्डहरू मै निहित गरियो ।[१२६]

सञ्चालनको केही वर्षसम्म विश्वविद्यालयमा पिएच.डी. (विद्यावारिधि) डिग्रीको रजिष्ट्रेसनका लागि दर्खास्त दिने कुनै निश्चित समय तोकिएको थिएन । त्यसैले यसका लागि जुनसुकै समयमा पनि दर्खास्त दिइने अवस्था थियो । फलतः सो प्रयोजनका लागि रिसर्च कमिटी आदिको वैठक पटक पटक गराइरहनु पर्ने थियो । त्यसैले एकेडेमिक काउन्सिलको वैठकमा पठाउनसमेत समयले नमिल्ने भएकाले पिएच.डी. रजिष्ट्रेसनका लागि दर्खास्त दिने समय हरेक वर्ष फागुन एक महिना

---

[१२५] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३०३ ।

[१२६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३१ ।

तोकियो । त्यस्तै रिसर्च कमिटीको पहिलो टर्म सेसनको थालनीदेखि अक्टोवरसम्म, दोस्रो नोभेम्बरदेखि जनवरीसम्म र तेस्रो फेब्रुअरीदेखि सेसनको अन्त्यसम्म निर्धारण गरियो ।

रिसर्च कमिटीमा उपकुलपति, फेकल्टि डीन र विभागीय प्रमुख रहने भए तापनि त्यस कमिटीको कुनै पनि सिफारिस सदर गराउन फेकल्टिलाई पठाउनु पर्ने व्यवस्था गरियो । फेकल्टिमा उपकुलपति नभएकाले रिसर्च कमिटीको सिफारिस केही गरी फेकल्टिमा स्वीकृत नभएमा नमिल्दो हुनेभयो । त्यसै कारण रिसर्च कमिटीमा फेकल्टिका डीन र विभागीय प्रमुख पनि रहेकाले त्यस कमिटीको सिफारिस फेकल्टिमा नपठाई सोझै एकेडेमिक काउन्सिलमा पठाउने व्यवस्था गरियो ।[१२७]

विद्यावारिधिका लागि विषय तथा गाइडको नाम सिफारिस गर्ने कार्य सम्बन्धित रिसर्च कमिटीबाट गरिन्थ्यो । सोही सिफारिसका आधारमा विश्वविद्यालय सिण्डिकेटबाट स्वीकृति दिने व्यवस्था मिलाइयो ।[१२८] उदाहरणका रूपमा यो पिएच.डी.का निम्ती लक्ष्मणबहादुर हमाललाई इकनमिक्स रिसर्च कमिटीले डा. वद्रीप्रसादलाई गाइड नियुक्त गर्न सिफारिस गरेअनुसार सिण्डिकेटबाट स्वीकृति दिइएको सन्दर्भ हो । त्यस्तै पीएच.डी.का निम्ति दर्खास्त दिनेहरूमध्ये 'जस्टिस एण्ड पञ्चायत पोलिटी' शीर्षकमा अनुसन्धान गर्न चाहने गीताकृष्ण खरेललाई मासिक रु.२००/- को वृत्ति २ वर्षका लागि दिइयो । निजलाई सो अनुसन्धानको गाइड गर्न वासुदेवचन्द्र मल्ल र डा.मोहमद मोहशिनलाई नियुक्त गरियो ।[१२९] यस सन्दर्भमा यो एउटा उदाहरण थियो ।

कतिपय विषयमा विद्यावारिधिको गाइड गर्ने अनुभवी व्यक्ति नेपालमा प्राप्त नभएमा भारतका विद्वानलाई नियुक्त गरिने प्रचलन पनि

---

[१२७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १०० ।

[१२८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १३९ ।

[१२९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १८८ ।

विश्वविद्यालयले थालनी गऱ्यो । यस क्रममा 'वेद पौरोहित्य' विषयमा विद्यावारिधिका निम्ति गाइड नियुक्त गर्ने विषयमा स्थानीय अनुभवी व्यक्ति उपलब्ध नभएको हुँदा वाराणसेय संस्कृत विश्वविद्यालयमा सो विषयमा एक जना अनुभवी व्यक्तिलाई नियुक्त गर्ने व्यवस्था मिलाइएको थियो ।[१३०]

विश्वविद्यालयमा विद्यावारिधि डिग्रीको रजिष्ट्रेसनका लागि निश्चित समय नतोकिएकाले जुनसुकै समयमा पनि दर्खास्त आउने र पटक पटक रिसर्च कमिटीको वैठक बस्नु पर्ने अवस्था थियो । फलस्वरूप ती दर्खास्तहरू निर्णयार्थ एकेडेमिक काउन्सिलको वैठकमा पठाउनसमेत समयले नभ्याउने स्थिति थियो । त्यसै कारण विश्वविद्यालयले २०२३/२०२४ शैक्षिक वर्षमा विद्यावारिधि डिग्रीको रजिष्ट्रेसनका लागि दर्खास्त दिने समय हरेक वर्ष फागुन एक महिना निर्धारण गरेको थियो ।

यस निर्णयअनुसार वर्षको एक पटकमात्र नाम दर्ता गर्न दिँदा कतिपय अनुसन्धातालाई अप्ठेरो भएको महशुस गरियो । त्यसैले विद्यावारिधिका लागि नाम दर्ता गर्न आवेदन दिने समय फागुन एक महिना निर्धारण गरिएको भए पनि अनुसन्धातालाई अझ सुविधा पुऱ्याउनका लागि वर्षको दुई पटक भदौ र फागुन महिनामा आवेदन दिन पाइने व्यवस्था गरियो ।[१३१]

विश्वविद्यालयले २०२४ सालदेखि अर्थशास्त्र, जीवशास्त्र, भूगर्भशास्त्र र हिन्दी विषयमा विद्यावारिधि गर्न स्वीकृति दिने कार्य गऱ्यो ।[१३२]

विश्वविद्यालय स्थापनाको ९ वर्षतिर विद्यावारिधिका लागि केही नयाँ व्यवस्था गरियो । यस क्रममा विद्यावारिधिको थेसिस जाँच्ने तीन जना

---

[१३०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.३५ ।

[१३१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.२५ ।

[१३२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष १, अङ्क १, २०२४ साल भदौ ३, पृ १० ।

परीक्षकमध्ये कुनै एक जनाले थेसिस पुनः दोहऱ्याई लेख्नु पर्ने सिफारिस गरेमा पुनः दोहऱ्याउन लगाउनु पर्ने भयो । तीन जनामध्ये एक जनाले थेसिस विद्यावारिधिका निम्ति उपयुक्त नभएको प्रतिवेदन दिएमा अर्को परीक्षक नियुक्त गरी जाँच्न लगाउने र निजले पनि उनुपयुक्त ठहराएमा सो थेसिस अस्वीकृत गरिने भयो । त्यस्तै पीएच.डी.का लागि स्वतन्त्र रूपले (कसैको गाइडेन्समा नरही) अनुसन्धान गर्ने उम्मेदवारहरूको थेसिस सम्बन्धित रिसर्च कमिटीबाट ठीक ठहराएपछि मात्र परीक्षकहरूको वोर्डमा जाँच्न सिफारिस गरी पठाउने व्यवस्था गरियो ।[१३३] त्यस बखत विश्वविद्यालयले विभिन्न विषयमा १९ जना शोधकर्ताहरूलाई अनुसन्धान गर्न स्वीकृति दिएको देखिन्छ जसमा राजनीतिशास्त्रमा-७, इतिहासमा-३, अर्थशास्त्रमा-३, नेपालीमा-२, भूगोलमा-१, संस्कृतमा-१ र प्राणिशास्त्रमा-२ जना थिए ।[१३४]

प्राध्यापनरत शिक्षकहरूलाई अनुसन्धान एवम् लेखनमा संलग्न हुनका लागि प्रेरित गर्ने उद्देश्यबाट विश्वविद्यालयले सूचना प्रकाशित गरी प्राप्त निवेदनका आधारमा शोधार्थीको विवरण अर्थात् नाम, शैक्षिक योग्यता, विभाग, अनुसन्धानको विषय, गाइडको विवरण आदि संलग्न गरी सार्वजनिक सूचना नै जारी गरिएको पाइन्छ । यस क्रममा कुनै शिक्षक कुनै शोधार्थीको विद्यावारिधिको गाइड तोकिएको छ वा ६, ८ वर्ष प्राध्यापन अनुभव भएको छ भने पनि त्यस्तालाई स्वतन्त्र रूपमा विद्यावारिधिका लागि अनुसन्धान गर्न दिइयो । यस पटक पनि गाइड प्रायः विश्वविद्यालय कलेजका शिक्षकलाई नै तोकियो भने राष्ट्रिय योजना परिषद्का सदस्यलाई पनि विषयअनुसार गाइड बनाउने व्यवस्था गरियो ।[१३५]

---

[१३३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.२५ ।

[१३४] *त्रिभुवन विश्वविद्याल बुलेटिन,* वर्ष-१, अङ्क-१२, २०२५ साल साउन, पृ. १ ।

[१३५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-३ अङ्क-५,६ २०२६ साल पौष, माघ, पृ.६-८ ।

विश्वविद्यालयको इतिहासमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गर्ने पहिलो अनुसन्धाता 'मोहन झा' भएको पाइन्छ । मोहन झा कोलम्बो योजनाअन्तर्गत प्राध्यापन कार्यको सहायतार्थ नेपालमा आएर विश्वविद्यालय कलेज अङ्ग्रेजी विभागमा प्राध्यापक बनाइएका थिए । झाले 'डन (Donne) को प्रणय कविता र अङ्ग्रेजी प्रणय काव्यको परम्परामा उनको स्थान' शीर्षकमा विद्यावारिधि गरेका थिए । त्रिभुवन विश्वविद्यालयबाट सर्वप्रथम पिएच.डी.को उपाधी प्राप्त गर्ने झाको सो उपाधीका सम्बन्धमा विश्वविद्यालयले 'श्री मोहन झा डाक्टर' शीर्षक दिएर नै सो सम्बन्धी समाचार गौरवका साथ सार्वजनिक गरेको थियो ।[१३६]

पठन पाठन सञ्चालनका साथै विश्वविद्यालयले आफ्ना शिक्षकहरूलाई विद्यावारिधिमात्र नभएर विषयगत अनुसन्धान कार्यमा संलग्न हुनसमेत प्रेरित गरेको थियो । यस क्रममा विश्वविद्यालय कलेज, नेपाली विभागका प्राध्यापक वासुदेव त्रिपाठी र चुडामणि उपाध्याय रेग्मीलाई लेख प्रकाशन गरे वापत एक/एक ग्रेड थप गरिएको थियो ।[१३७] त्यस्तै विश्वविद्यालय सिण्डिकेटले शिक्षकहरूलाई थप प्राज्ञिक कार्यमा क्रियाशील बनाउन प्रोत्साहन दिने उद्देश्य लिएको थियो । यस क्रममा नव नियुक्त तथा भविष्यमा नियुक्त गरिने प्राध्यापकहरूलाई ग्रेड वृद्धि आदि सुविधा दिने सम्बन्धमा उच्च तालिम प्राप्त भएका, डिग्री वा डिप्लोमा भएका एवम् मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कमसेकम एक शैक्षिक सत्र पढेर रितपूर्वकको डिग्री वा डिप्लोमाको अतिरिक्त शैक्षिक योग्यता हासिल गरेकालाई एक ग्रेड थप गरिने व्यवस्था भयो ।[१३८]

---

[१३६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-९, २०२६ साल वैशाख, पृ.९ ।

[१३७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १५८ ।

[१३८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. २३ ।

अनुसन्धान तथा लेखनलाई प्राथमिकता दिने क्रममा विश्वविद्यालयले आफ्ना शिक्षकलाई प्रकाशन गर्नसमेत प्रेरित गरेको थियो । यस क्रममा विश्वविद्यालय कलेज इतिहास विभागअन्तर्गत पीएच.डी उपाधिका लागि अनुसन्धान गरेका लुड्विग एफ.स्टिलरले उक्त उपाधिका लागि तयार पारेको 'The Unification of Nepal' शीर्षकको थेसिस प्रकाशित गर्ने अनुमति दिइएको थियो ।[१३९] त्यस्तै डा.मोहन भ्फाले पीएच.डी.का निम्ति पेश गरेको थेसिसलाई पनि प्रकाशित गर्ने अनुमति दिइयो ।[१४०] यी सामान्य उदाहरण हुन् ।

**एम.एड.कक्षा सञ्चालन**

शिक्षकहरूलाई तालिम दिने प्रयोजनका लागि स्थापना गरिएको 'कलेज अफ एजुकेसन' का बारेमा सामान्य जानकारी माथि परिसकेको छ । त्रिभुवन विश्वविद्यालय स्थापना पूर्वदेखि सञ्चालनमा रहेको यस कलेजले एम.एड.तहको पढाई चालु गर्ने विषयमा २०१९ साल साउन महिनामा यसका प्रिन्सिपलले लिखित रूपमा अनुरोध गरेका रहेछन् । सो सम्बन्धमा त्रिभुवन विश्वविद्यालय सिण्डिकेटले एम.एड.पढाई चालु गर्नका लागि कजेल अफ एजुकेसनको विद्यमान स्टाफ तथा शिक्षण सामग्रीबाट कतिसम्म सम्भव हुन्छ र के कति थप आवश्यकता पर्दछ भन्ने विषयमा अध्ययन गर्न एउटा विशेषज्ञ कमिटी गठन गरेको थियो । शारदाप्रसाद उपाध्यायको अध्यक्षतामा गठन गरिएको कमिटीमा दीर्घराज कोइराला र कृष्णराज अर्याललाई पनि समावेश गरिएको थियो । कमिटीलाई उक्त विषयमा अध्ययन गरी रिपोर्ट पेश गर्नुपर्ने अख्तियारी दिइयो ।[१४१]

---

[१३९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. ७४ ।

[१४०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १३३ ।

[१४१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २३ ।

स्मरणीय छ सन् १९६२ देखि आइ.एड. को पाठ्यक्रम चालु भई सकेकाले ४ वर्षे बी.एड.कोर्शमा भर्ना लिन बन्द गरिएको थियो । त्यस बखत दुई वर्षे बी.एड.कोर्स तयार गरिएको भए तापनि लागू हुने सेसनको निर्क्योल भने भएको थिएन । यो निर्क्योलको जिम्मा 'पोष्ट ग्राजुएट अध्ययन काउन्सिल' लाई दिइएको थियो ।[१४२]

प्रिन्सिपल त्रैलोक्यनाथ उप्रेतीले लेखेको पत्रमा विश्वविद्यालयले सन् १९६४ देखि आई.ए., आई.एस्सी.र आई.कम.उत्तीर्ण विद्यार्थीलाई दुई वर्षे बी.एड.मा भर्ना गर्ने अनुमति दिएकोमा सो अनुमति १९६२ देखि नै दिन अनुरोध गरिएको थियो । आई.ए., आई.एस्सी.र आई.कम.उत्तीर्ण गरेका विद्यार्थीलाई सन् १९६२ को सेसनदेखि नै दुई वर्षे बी.एड.मा भर्ना गर्दा आवश्यक पाठ्यक्रम तयार नभएको स्थितिमा विभिन्न उपायहरू अपनाउन सकिने प्रिन्सिपलको प्रस्ताव थियो । यस्ता उपायमा आई.ए., आई.एस्सी.र आई.कम.उत्तीर्ण विद्यार्थीलाई दुई वर्षे बी.एड.मा पढाउने अनिवार्य र ऐच्छिक विषयहरू उनीहरूले लिएको शिक्षाअनुसार पढाउन सकिने, ऐच्छिक विषयमा स्वास्थ र शारिरीक शिक्षामध्ये एक विषय थप्ने, १०० नम्बरको (क) समाज शास्त्र सर्वेक्षण वा हस्तकला र ललितकला सर्वेक्षण थप गर्ने प्रस्ताव गरिएको थियो । यसरी समाज शास्त्र, हस्तकला र ललितकलामध्ये आई.एस्सी.उत्तीर्ण भएकाले (क) बाट समाज शास्त्र सर्वेक्षण र आई.ए.वा आई.कम.उत्तीर्ण भएकाले (क) बाट विज्ञान सर्वेक्षण अध्ययन गर्न पाउने तथा यो १०० नम्बरको पेपर कलेजको आन्तरिक कुरा भएकाले यस विषयमा विश्वविद्यालयबाट परीक्षा नलिइने प्रिन्सिपलको लिखित प्रस्ताव थियो । त्यस्तै विद्यार्थीहरूले कलेजको आन्तरिक परीक्षामा अरू आवश्यकता पूर्ति गर्नुका साथै उक्त विषय उत्तीर्ण गरेपछि मात्र बी.एड.कक्षाको तेस्रोबाट चौथो वर्षमा जान पाउने व्यवस्था गर्न सकिने

---

[१४२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २०४ ।

भनियो ।[१४३] त्यस बखत त्रैलोक्यनाथ उप्रेती 'कलेज अफ एजुकेसन' का प्रिन्सिपल भएको स्मरणीय छ ।

यस सम्बन्धमा उल्लिखित विशेषज्ञ कमिटी गठन गरिए तापनि एक वर्षपछि नै २०२० साल जेठ महिनामा एम.एड.कक्षा सञ्चालनका साथै प्रिन्सिपल उप्रेतीको माथि उल्लिखित पत्रका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न जगतबहादुर सिं बुढाथोकी र 'सेन्ट्रल इन्स्टिच्यूट अफ एजुकेसन' (नेशनल काउन्सिल अफ एजुकेसनल रिसर्च एण्ड ट्रेनिंग) दिल्लीका प्रिन्सिपल पी.के.राय संलग्न एउटा एक्स्पर्ट कमिटीसमेत गठन गरियो ।[१४४]

अर्कातर्फ एम.एड.कक्षा सञ्चालनका लागि श्री ५ को सरकारले कलेज अफ एजुकेसन मार्फत रु.२०,०००/- (वीस हजार) प्रदान गरेको थियो । यद्यपि एम.एड.कक्षा सञ्चालन नभएकाले सो रकम खर्च भएको भने थिएन । त्यस्तै सोही प्रयोजनका लागि २०२१ सालमा पनि रु. १८,९२०/- स्वीकृत भइसकेको थियो । यसै परिवेशमा पठन पाठन सम्बन्धी आवश्यक पूर्वाधार पूरा भएपछि मात्र २०२२ साल भदौदेखि त्रिभुवन विश्वविद्यालयमा एम.एड.कक्षा सञ्चालन गर्ने निर्णय गरिएको थियो । एम.एड.कक्षा सञ्चालन गर्न विश्वविद्यालयले प्रोफेसर-१, रिडर-१ तथा लेक्चरर-२ जनाको पूर्णकालीन दरबन्दी स्वीकृत गरेको थियो ।

त्यस बखतसम्म कीर्तिपुरमा कलेज अफ एजुकेसनको भवन तयार भएको थिएन । त्यसै कारण शुरुमा एम.एड.को पञ्चम वर्ष (एम.एड.प्रथम वर्ष) का केही विषय कलेज अफ एजुकेसन, लाजिम्पाट काठमाडौं बेलुकी र केही त्रिभुवन विश्वविद्यालय, त्रिपुरेश्वरमा सञ्चालन गर्ने व्यवस्था

---

[१४३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ७०, ७१ ।

[१४४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ७० ।

मिलाइएको थियो । त्यस्तै तत्कालका लागि पूर्णकालीन प्राध्यापक उपलब्ध गर्न नसकिने देखिँदा सो वर्षका लागि रिडर-१ र लेक्चरर-२ जना आंशिक रूपमा नियुक्त गरिएको थियो । विश्वविद्यालयमा एम.एड.तहको पठन पाठन थालनी गरिएको वर्ष २०२१ का लागि जम्मा रु. १८,९२०/- खर्चको बन्दोबस्त मिलाइएको थियो ।[१४५] यस रकमबाट शिक्षक तथा कर्मचारीको तलब, मसलन्द खर्च तथा रु. ४,९८०/- पुस्तक खरिदसमेत गरिने योजना बनाइयो । यसरी लामो प्रयासको परिणाम स्वरूप विश्वविद्यालयमा २०२१ साल भदौ महिनादेखि मात्र एम.एड.तहको पठन पाठन थालनी गरिएको थियो ।

कलेज अफ एजुकेसनमा एम.एड.कक्षा सञ्चालन भएपछि भारतको बम्बै विश्वविद्यालयले आफ्नो विश्वविद्यालयबाट बी.एस.टी परीक्षा उत्तीर्ण भएकालाई त्रिभुवन विश्वविद्यालयको बी.एड.परीक्षामा सम्मिलित गराउन अनुमति दिनका लागि त्रिभुवन विश्वविद्यालयलाई अनुरोध गरेको थियो । यद्यपि बम्बै विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालयको बी.एस्सी.परीक्षालाई रेसिप्रोकल वेसिसमा समकक्षता दिई नसकेकाले उक्त विश्वविद्यालयबाट बी.एस्सी.उत्तीर्ण विद्यार्थीलाई त्रिभुवन विश्वविद्यालयको २०२६ सालको बी.एड.परीक्षामा सम्मिलित हुन नदिने निर्णय गरियो । बम्बै विश्वविद्यालयको उक्त बी.एस.टी. परीक्षालाई मान्यता नदिए तापनि सोही परीक्षा उत्तीर्ण गरी बी.एड. परीक्षामा सामेल हुन अनुमति माग्ने एक जना नेपाली विद्यार्थीलाई मात्र सो वर्षको बी.एड. परीक्षामा सामेल हुन विशेष अनुमति दिइयो ।[१४६]

---

[१४५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १०

[१४६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.१८३ ।

**विविध सन्दर्भ**

प्रमाण पत्रमा राजाको दस्तखत

विदेशका कतिपय विश्वविद्यालयबाट जारी गरिने शैक्षिक प्रमाणपत्रमा चान्सलर, प्रो-चान्सलर, भाइस चान्सलर आदिको हस्ताक्षर हुने प्रचलनका आधारमा त्रिभुवन विश्वविद्यालयले दिने प्रमाणपत्रमा पनि कुलपतिको हस्ताक्षर गर्ने गरिएको थियो । यस क्रममा प्रमाणपत्रमा पहिला वर्षमा कुलपति राजमाताको हस्ताक्षर गरिएको पाइन्छ । केही समयपछि धेरैजसो विश्वविद्यालयहरूमा उपकुलपतिको मात्र हस्ताक्षर हुने चलन भएको देखेर विश्वविद्यालय सिण्डिकेटको निर्णयअनुसार उपकुलपतिको मात्र हस्ताक्षर गरिने प्रचलन गरिएको देखिन्छ ।[१४७] यो सन्दर्भ २०१९-०२० शैक्षिक सत्रको हो ।

राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्

त्रिभुवन विश्वविद्यालय सञ्चालनमा रहेको आठौँ वर्ष अर्थात् २०२४ सालमा श्री ५ को सरकारले शिक्षा सम्बन्धी योजना, नीति, कार्यक्रममा आवश्यक सल्लाह दिनका लागि त्रिभुवन विश्वविद्यालयका उपकुलपति सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा १३ सदस्यीय 'राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्' गठन गरेको थियो । परिषद्का सदस्यहरूमा शिक्षा सचिव प्रद्युम्नलाल राजभण्डारी, श्री ५ को प्रेस सचिव रेणुलाल सिंह, चिफ इञ्जिनीयर कुलरत्न तुलाधर, त्रिभुवन विश्वविद्यालय कलेज भौतिक शास्त्र विभागका डा.बलराम जोशी, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र विभागका कृष्णप्रसाद शर्मा, कलेज अफ एजुकेसनमा मनोविज्ञान र शिक्षाका डा. पन्नालाल प्रधान, राजकीय संस्कृत महाविद्यालय र त्रिभुवन विश्वविद्यालय कलेजका डा.हरिदेव मिश्र, शिक्षाविद् धरणीधर कोइराला, त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार डा. त्रैलोक्यनाथ उप्रेती, ठाकुरराम

[१४७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १९ ।

कलेज, वीरगञ्जका प्रिन्सिपल जगतमोहन अधिकारी, कृषि विशेषज्ञ डा.कमलाभक्त राजभण्डारी तथा सचिवमा लवबहादुर प्रधानलाई मनोनित गरियो ।[१४८]

भारतीय वैंकमा खाता सञ्चालन

त्रिभुवन विश्वविद्यालयका परीक्षाहरूमा प्रति वर्ष भारतबाट सयकडौं भारतीय सम्मिलित हुने गरेका थिए । यस क्रममा उनीहरूले परीक्षालगायत आवश्यक शुल्कहरूका लागि विभिन्न किसिमबाट विश्वविद्यालयमा रकम पठाउनु पर्दथ्यो । यस प्रयोजनका लागि विद्यार्थीले भारतबाट विभिन्न वैंकहरूको ड्राफ्ट, पोष्टल आर्डर, इन्स्योंड क्यास आदिबाट तथा कतिपयले अन्जानका कारण मनिअर्डरबाट पनि रकम पठाउने गरेका थिए । यसरी पठाइने धेरैजसो ड्राफ्ट नेपालको वैंकको नाममा नहुने भएकाले तिनीहरूलाई क्यास गर्न निकै समय लाग्नुका साथै सोको हिसाब मिलाउन अप्ठेरो परेको थियो । त्यतिमात्र नभएर नेपालमा भारतीय पोष्टल आर्डर भुक्तानी गराउने व्यवस्था नै थिएन । भारतबाट इन्स्योर्ड क्यास पठाउँदा कैयनमा भित्र पैसा नभएको अवस्था पनि रह्यो । यस सम्बन्धमा इन्स्योर्ड क्यास पठाउनेसँग लामो लेखापढी गर्दा पनि समस्या नटुङ्गिनेलगायत थुप्रै असुविधाहरू विश्वविद्यालयले सामना गर्नु परेको थियो । त्यस्तै नेपालबाट कसैलाई पैसा फिर्ता पठाउनु पर्दा पनि त्यस्तै समस्या पर्दथ्यो । यसरी प्रत्येक वर्ष हजारौंको संख्यामा उपर्युक्त नना किसिमबाट पैसाको आदान प्रदानले एउटा समस्या नै खडा भएको विश्वविद्यालयको ठहर थियो ।

उक्त अप्ठारो तथा उल्लिखित असुविधा हटाउन भारतको एउटा प्रतिष्ठित वैंकमा विश्वविद्यालयको खाता खोलिदिँदा भारतबाट आउने रकम त्यसैमा जम्मा गरी, जम्मा गरेको रसिद मात्र विश्वविद्यालयमा पठाइ दिँदा सजिलैसँग काम चल्ने तथा कसैलाई रकम फिर्ता गर्नु परेमा पनि यहाँबाट सोही वैंकका नाममा चेक पठाइ दिए हुन्थ्यो । त्यसैले उपकुलपतिले

---

[१४८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष १, अङ्क १, २०२४ साल भदौ ३ गते, पृ. १२ ।

ठहराएअनुसार भारतको कुनै प्रतिष्ठित बैंकमा विश्वविद्यालयको एउटा खाता खोल्ने निर्णय गरिएको थियो ।[१४९]

सो निर्णय भएको अर्को वर्ष भारतीय विद्यार्थीहरूको शुल्कलगायत जम्मा गर्न तथा भारतका परीक्षकको पारिश्रमिक तथा अन्य भुक्तानी दिनका लागिसमेत 'स्टेट वैंक अफ इण्डिया', दिल्लीमा त्रिभुवन विश्वविद्यालयको नाममा एउटा चल्ति खाता खोल्ने काम भएको थियो । वैंकको खाता संयुक्त रूपमा विश्वविद्यालयका रजिष्ट्रार टी.एन.उप्रेती र सहायक रजिष्ट्रार के.पी.रेग्मीको नाममा सञ्चालन गरिएको थियो । त्यस्तै तत्कालका लागि त्यस वैंकमा भारु. १०,०००/-(दश हजार) जम्मा गरिएको थियो । समग्रमा स्टेट वैंक अफ इण्डिया, दिल्लीलाई त्रिभुवन विश्वविद्यालयले वैंक नियुक्त गरेको देखिन्छ ।

त्यस्तै विश्वविद्यालयले त्रिभुवन युनिवर्सिटी कै नामको चेक बुक छपाई पठाउन उक्त वैंकलाई लेखी पठाउने र सो छपाई खर्च वैंकले बेहोर्न अस्वीकार गरेमा विश्वविद्यालयबाट दिने व्यवस्था पनि गरिएको थियो ।[१५०] यसबाट प्रत्येक वर्ष भारतबाट त्रिभुवन विश्वविद्यालयमा परीक्षा दिन चाहने विद्यार्थीलाई निकै सहज हुन गयो भने विश्वविद्यालयलाई पनि सो सम्बन्धी झमेलामा पर्नु परेन ।

नेपाल राष्ट्रिय विद्यापीठ

नेपाल राष्ट्रिय विद्यापीठबाट प्रवेशिका परीक्षा उत्तीर्ण भएका विद्यार्थीलाई त्रिभुवन विश्वविद्यालयले स्थापनाको एक दशकजतिसम्म पनि इण्टरमिडिएट कक्षामा भर्ना हुन दिएको थिएन ।[१५१] फलस्वरूप त्यस्ता

---

[१४९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १६१ ।

[१५०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ४८ ।

[१५१] कृष्णप्रसाद पराजुली (सम्पा.), *नेपाल राष्ट्रिय विद्यापीठ,* तेस्रो सँगालो, २०२५ साल वर्षा, पृ. ३१-४१ । यस बखत विद्यापीठले साहित्यरत्न, विशारदलगायत

विद्यार्थीले विश्वविद्यालयमा उच्च शिक्षा अध्ययन गर्ने अवसरबाट बञ्चित हुनु परेको भन्दै २०२५ सालको अन्त्यमा विद्यापीठले विश्वविद्यालयले तोकेका केही विषयहरूमा सहमति जनाएको थियो । त्यस्ता विषयमा अब आइन्दा नेपाल राष्ट्रिय विद्यापीठले प्रवेशिका भन्दा माथिका परीक्षाहरू सञ्चालन नगर्ने, विद्यापीठको पढाई तथा परीक्षाको विषयको मुख्य माध्यम नेपाली भाषा गराउने र ३ देखि ५ वर्षसम्म विद्यापीठको प्रवेशिका परीक्षाको अङ्ग्रेजी, गणित र भूगोल विषयको परीक्षा विश्वविद्यालयको रेखदेखमा सञ्चालन गराउने आदि थिए ।

उक्त शर्तहरू मञ्जुर गरिसकेकाले विद्यापीठको २०२५ सालमा हुने प्रवेशिका परीक्षामा एस.एल.सी परीक्षाको अङ्ग्रेजी पत्र लिएर पास गर्ने विद्यार्थीलाई विश्वविद्यालयका सम्बन्धित कलेजहरूमा इण्टरमिडिएट तहमा प्रवेश दिइने भयो । साथै विद्यापीठबाट गत वर्षहरूमा लिइएको प्रवेशिका परीक्षामा उत्तीर्ण भएकाले पनि एस.एल.सी.को अङ्ग्रेजी पत्र लिएर उत्तीर्ण गरेकालाई विश्वविद्यालयअन्तर्गत सम्बद्ध कलेजहरूमा इन्टरमिडिएट कक्षामा प्रवेश दिइने विश्वविद्यालय सिण्डिकेटले निर्णय गऱ्यो ।[१५२] यो निर्णयसँगै नेपाल राष्ट्रिय विद्यापीठबाट प्रवेशिका परीक्षा उत्तीर्ण विद्यार्थीको विश्वविद्यालयमा उच्च शिक्षा हासिल गर्ने बाटो खुल्न गयो ।

चन्दा दाता सिनेट सदस्य

त्रिभुवन विश्वविद्यालय ऐन २०१६ दफा १७ कक्षा ४ (ख) अनुसार कम्तिमा ५० हजार रूपैया नगद वा सो बराबर जिन्सी प्रदान गर्ने प्रत्येक व्यक्ति सिनेटको सदस्य हुने प्रावधान थियो । यस्तोमा मकबुल अहमद लारीले रु. १,२५,०००/-(एक लाख पच्चीस हजार) चन्दा दिएकाले चन्दा दिएको मितिदेखि नै विश्वविद्यालय ऐनको दफा १७ कक्षा ५ का प्रतिबन्धात्मक वाक्यांश (ग) अनुसार १० वर्षका निम्ति विश्वविद्याल

परीक्षा सञ्चालन गरेको थियो । २०२४ सालको परीक्षाको नतिजा भने 'श्रीमान् सहायक उपकुलपतिज्यूको आदेशानुसार प्रकाशित गरिएको छ' भन्ने सूचनाका साथ प्रकाशन गरिएको थियो ।

[१५२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १८२ ।

सिनेटमा सदस्य पदमा मनोनित गरिएको थियो ।[१५३] त्रिभुवन विश्वविद्यालयको इतिहासमा सम्भवतः यो यस प्रकारको पहिलो प्रयोगसमेत गरिएको देखिन्छ ।

संस्कृत विश्वविद्यालय स्थापनाको पहल

विश्वविद्यालय ऐनअनुसार पोष्ट ग्राजुएट स्तरका कक्षाहरू त्रिभुवन विश्वविद्यालयले बाहेक अरूले सञ्चालन गर्न नपाउने भए तापनि श्री ५ को सरकारबाट दाङमा संस्कृत विश्वविद्यालय स्थापना गर्ने सिद्धान्त स्वीकृत गरिएको थियो । यसका लागि पृष्ठभूमि तयार पार्ने क्रममा शिक्षा मन्त्रालय तथा प्रस्तावित संस्कृत विश्वविद्यालय समितिको मागअनुसार जनता महाविद्यालय, दाङमा आचार्य कक्षा सञ्चालन गर्न विशेष अनुमतिका लागि विश्वविद्यालय सिण्डिकेटबाट कुलपति समक्ष जानकारी गराइएको थियो । सिण्डिकेटको उक्त निर्णयअनुसार कुलपतिबाट अनुमति प्राप्त भएको र सबै शर्त पुरा गराई ज्यादै चल्तिका ४ विषयहरूमा आचार्य कक्षा खोल्न शिक्षा मन्त्रालयले स्वीकृति दिएको थियो । यो सन्दर्भ शैक्षिक वर्ष २०२५-०२६ को हो । यसै सन्दर्भमा दाङबाट अनुरोध भएअनुसार विश्वविद्यालय कलेजका दुई जना आचार्य तर्फका प्राध्यापकहरूलाई आचार्य कक्षामा अध्यापन गर्न केही दिनका लागि दाङसमेत पठाइएको थियो । विश्वविद्यालयको इतिहासमा विश्वविद्यालय कलेजमा प्राध्यापनरत शिक्षकलाई अन्य कलेजमा पठाइएको सम्भवतः यो पहिलो घटना थियो ।[१५४]

कक्षा दिउसो सञ्चालन

बिहान बेलुका कक्षा सञ्चालन गर्दै आएका कतिपय महाविद्यालयहरूमा विश्वविद्यालयका विनियमअनुसार कमसे कम ५०

[१५३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २३७ ।

[१५४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ७४ पछि वार्षिक रिपोर्ट ।

मिनटको कम्तीमा ५० पीरिएडका कक्षा पूरा नगरिने भएकाले त्यस्ता महाविद्यालयहरूलाई सन् १९७० (२०२७ साल) सम्ममा दिउसो पूरा समय सञ्चालन गराउनु पर्ने विश्वविद्यालयले निर्देशन दिएको थियो । सो अवधिसम्ममा पनि विनियमानुसार चल्न नसकेका महाविद्यालयहरूलाई कोचिङ महाविद्यालय मात्रको स्वीकृति दिने तथा त्यस्ता महाविद्यालयमा तीन वर्ष तालिम पाइसकेका विद्यार्थीहरूलाई मात्र विश्वविद्यालय परीक्षामा बस्न दिने भयो ।[१५५] दिउसो कक्षा सञ्चालन गर्नु पर्ने विश्वविद्यालयको यो निर्णयबाट कम समय पठन पाठन गरेका कारण गुणस्तर शिक्षा आर्जन गर्न नपाएका महाविद्यालयहरूका विद्यार्थीलाई निकै फाइदा पुग्न गएको देखिन्छ ।

विश्वविद्यालयको छाप र श्लोक

त्रिभुवन विश्वविद्यालयको छाप र श्लोक तयार गर्नका लागि विश्वविद्यालयले आम प्रतियोगिता गराएको थियो । यसरी प्रतियोगिता गराइए तापनि उपयुक्त छाप र श्लोक प्राप्त नभएकाले सो तयार गर्न विश्वविद्यालयले विभिन्न संस्थाहरूलाई लेखेको पनि पाइन्छ ।[१५६] यति हुँदासमेत उपयुक्त छाप तथा श्लोक प्राप्त हुन नसकेपछि विश्वविद्यालयको छापको डिजाइन कमिटी समक्ष सिफारिस गर्न खड्गनर्सिं राणा र प्रद्युम्नलाल राजभण्डारीलाई जिम्मा दिइएको थियो ।[१५७] यसै अख्तियारीपछि उनीहरूले तयार गरेको छाप अर्थात लोगो तथा श्लोकलाई स्वीकार गरिएको जस्तो देखिन्छ ।

---

[१५५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१, अङ्क-१२, २०२५ साल साउन ।

[१५६] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ५४ ।

[१५७] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २०० ।

आइडेन्टीटी कार्ड तथा ब्लेजर

विश्वविद्यालय कलेजका विद्यार्थीहरूका लागि आइडेन्टी कार्ड बनाउन विश्वविद्यालयले भारतको रुड्की विश्वविद्यालयको कार्डको नमूना लिएको थियो । सोहि विश्वविद्यालयको आइडेन्टीटी कार्डको नमूनाबमोजिम नेपाली र अङ्ग्रेजी दुवै भाषा राखी स्थानीय प्रेसमा छाप्न दिने निर्णय गरिएको थियो । यसको तयारीका लागि विश्वविद्यालयका रजिष्ट्रारलाई जिम्मेवारी दिइयो । साथै नेपाल अधिराज्यभरका कलेजहरूमासमेत सोही किसीमको आइडेन्टीटी कार्ड लागू गराउन विश्वविद्यालयले श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई सिफारिस गरेको थियो ।[१५८]

यसका अतिरिक्त विश्वविद्यालयले विश्वविद्यालय कलेजका छात्रछात्रालाई ब्लेजर लगाउने नियम पनि बनाएको थियो । त्यसैले उनीहरूलाई आवश्यक ब्लेजर बनाउन भारत नयाँ दिल्लीको पायनियर कम्पनीसँग सम्पर्क गरिएको थियो । त्यस कम्पनीले सन् १२/६/१९६३ मा एउटा पत्रका साथ पठाएको नमूनालाई विश्वविद्यालयले स्वीकृत गरी सोही नमूना बमोजिम पहिलो पल्ट ५०० थान ब्लेजर बनाउन अर्डरसमेत दिइएको थियो ।[१५९]

बुलेटिन प्रकाशन

विश्वविद्यालयमा 'युनिभर्सिटी बुलेटिन' निकाल्ने आवश्यकता धेरै दिनदेखि महसूस भएको देखिन्छ । यस्तो बुलेटिनको अभावमा विश्वविद्यालयमा भए गरेका काम, यसको प्रगती, यसका योजना आदि अनेकौं महत्त्वपूर्ण विषयहरूमा सबैलाई जानकारी दिन नपाई विश्वविद्यालयको प्रचार कार्य हुन नसक्नु स्वाभाविक नै थियो । त्यसैले त्रिभुवन विश्वविद्यालयले पनि 'युनिभर्सिटी जर्नल' को प्रकाशन गराउने

---

[१५८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०५ ।

[१५९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ९८ ।

निर्णय गरेको हो । यसका लागि २०२३ साल असोज १ देखि सुपरिन्टेन्डेन्ट सरहको एक्ज्यूकेटिभ एडिटरको दरबन्दी-१, असिष्टेन्टको दरबन्दी-१ र टाइपिष्टको दरबन्दी-१ सिर्जना गरियो । त्यस्तै उपकुलपतिको तजबिजअनुसार विश्वविद्यालयका एक जना योग्य प्राध्यापकलाई मासिक रु. १००/-(एक सय) पारिश्रमिक दिई सम्पादन कार्यमा सम्लग्न गराउने निर्णयसमेत गरियो ।[१६०] फलस्वरूप अर्को २०२४ सालदेखि 'त्रिभुवन विश्वविद्यालय बुलेटिन' प्रकाशनको थालनी भयो जुन आजपयन्त निरन्तर रहेको छ ।

नेपाल वैंक लिमिटेड, विश्वविद्यालय उपशाखा

२०२५ साल वैशाख ३० गते बुद्ध जयन्तीको शुभ दिनमा विश्वविद्यालय हाता कीर्तिपुर भित्र नेपाल वैंक लिमिटेडको उपशाखा स्थापना गरिएको थियो ।[१६१] वैंकले विगत आधा शताब्दिदेखि वर्तमानसम्म निरन्तर सेवा दिँदै आएको छ ।

समग्रमा ८ विषयबाट पठन पाठन थालनी गरेको विश्वविद्यालयले १२/१३ वर्षको अवधिमा दुई दर्जन जति विषयमा स्नातकोत्तर तहको पठन पाठन गरियो । यसैगरी मुलुकका सबै विकास क्षेत्रमा कलेज स्थापना एवम् सञ्चालन गरियो जुन स्थापनाका बखतको तुलनामा दोब्बर जस्तै देखिन्छ । त्रिपुरेश्वर स्थित सरकारी अतिथि भवनक्षेत्रबाट थालनी भएको स्नातकोत्तर तहको पठन पाठन कार्य विस्तृत परिसरसमेतको भौतिक सुविधा सम्पन्न कीर्तिपुर परिसर (वर्तमान विश्वविद्यालय परिसर, कीर्तिपुर) मा सञ्चालन भयो । यस क्रममा विद्यार्थीका लागि छात्रावास, शिक्षकका लागि आवास, पुस्तकालयलगायत सुविधा प्राप्त हुन गयो ।

---

[१६०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ३५ ।

[१६१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१, अङ्क-९–१०, २०२५ साल वैशाख जेठ, पृ. ५ ।

यसै अवधिमा मुलुकको एक मात्र त्रिभुवन विश्वविद्यालयका अतिरिक्त संस्कृत शिक्षाका लागि छुट्टै विश्वविद्यालय स्थापनाको आवश्यकताको महशुस गरी दाङमा यसको तयारी थालियो ।

***

# पाठ्यक्रम, परीक्षा र दीक्षान्त समारोह

## परिचय

स्थापनादेखि 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' अर्थात् 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' पूर्वसम्मका १३ वर्षमा त्रिभुवन विश्वविद्यालयमा सञ्चालनमा रहेका पाठ्यक्रम, अनुसरण गरिएको परीक्षा पद्धति एवम् सम्पादन गरिएका दीक्षान्त समारोहका बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ । यथेष्ट सूचना प्राप्त नभए तापनि भेटिएका सीमित सामग्रीका आधरमा यी सन्दर्भ प्रस्तुत गरिएको हो ।

# पाठ्यक्रम

## परिचय

विश्वविद्यालयले शुरुका दिनमा पठन पाठनका लागि आवश्यक पाठ्यक्रम तर्जुमा गरेको पाइँदैन । यद्यपि नेपाली भाषा र साहित्य विषय भने विश्वविद्यालयका लागि नयाँ भएकाले एउटा समिति नै गठन गरेर त्यसको पाठ्यक्रम तयार गरिएको प्रसङ्ग यथा स्थानमा परिसकेको छ । यो बाहेक अन्य विषयको पठन पाठनको थालनी पटना विश्वविद्यालयको पाठ्यक्रमअनुसार भएको देखिन्छ । यस्तो अवस्थामा विश्वविद्यालयले नेपाली परिवेश एवम् आवश्यकताअनुसार पाठ्यक्रमलाई संशोधन तथा परिवर्तन गर्नु स्वाभाविक नै हो । विविध कारणबाट विश्वविद्यालयमा पटक पटक घोषित समयमा नयाँ पाठ्यक्रम लागू हुन सकेन । यद्यपि विश्वविद्यालयले क्रमशः आफ्नो पाठ्यक्रम तयार गरी लागू गरेका हो । यहाँ नयाँ शिक्षा लागुपूर्व विश्वविद्यालयले लागू गरेको पाठ्यक्रमको सामान्य जानकारी दिइएको छ ।

## पटना विश्वविद्यालयको पाठ्यक्रम

२०२६ साल फागुन ९, ११-१२ मा विश्वविद्यालय सिनेटको वार्षिक बैठक बसेको थियो । वैठकमा अन्य विषयका अतिरिक्त त्रिभुवन

विश्वविद्यालयको पटना विश्वविद्यालयसँग सम्बन्धका बारेमा छलफल गरियो । यस क्रममा "...विश्वविद्यालय स्थापना हुँदा पटना विश्वविद्यालयको पाठ्यक्रमलाई न अँगाली हाम्रो विश्वविद्यालयले बाहिरका विश्वविद्यालयबाट मान्यता प्राप्त गर्न गाऱ्हो पर्न जाँदा शुरुमा पटना विश्वविद्यालयको पाठ्यक्रम राखिएको हो तर यसमा विस्तार विस्तारै नेपाली पन ल्याउन हरेक वर्ष प्रयास गर्दै आएको छ र केही अंशमा ल्याउन पनि सकेका छौं । यो प्रयास जारी नै रहने छ ..." भन्ने विश्वविद्यालयका तर्फबाट जानकारी दिइएको थियो ।[१] यसबाट त्रिभुवन विश्वविद्यालयले पटना विश्वविद्यालयको पाठ्यक्रम अँगाल्नु बाध्यात्मक अवस्था रहेको स्पष्ट हुन्छ ।

## नेपाली भाषा र साहित्य

विश्वविद्यालय कमिटिले नेपाली भाषा र साहित्य विषयको पोष्ट ग्राजुएट कक्षाका निम्ति सिलेवस कमिटीबाट सिलेवस तयार गराएको थियो । यसरी तयार गरिएको सिलेबस तत्काल एक टर्मका निम्ति लागू गर्ने तथा सिलेबसका सम्बन्धमा नेपाल अकाडेमीको पनि राय लिने निर्णय गरिएको थियो ।[२]

## सिलेवस कमिटी

संस्कृत तथा संस्कृति विषय छुट्टाछुट्टै गरिएपछि तिनको पनि नयाँ सिलेबस आवश्यकताको महशुस गरियो । अझ पटना विश्वविद्यालयको सिलेबसमा नेपालसँग सम्बद्ध विषयहरू समावेश नभएकाले सो सम्बन्धमा नेपालसँग सम्बद्ध सन्दर्भहरू समावेश गर्नका लागि पनि आफ्नो छुट्टै नयाँ सिलेबस आवश्यकता भयो । सोही कारणबाट नै विश्वविद्यालय कमिटीले तत्कालका लागि खासगरी संस्कृत र संस्कृति, नेपालको इतिहास समावेश भएको सामान्य इतिहास तथा नेपाली भाषा र साहित्य विषयहरूको

---

१ त्रिभुवन विश्वविद्यालय सिनेटको वैठक (२०२६/११/९, ११-१२), पृ. १-६ ।

२ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ६२ ।

समन्वय गर्नुपर्ने आवश्यकता देखेर एउटा 'सिलेवस कमिटी' गठन गऱ्यो ।[३] पद्मप्रसाद भट्टराईको सभापतित्वमा गठन गरिएको सो कमिटीमा गोकुल चन्द, जगतमान वैद्य, योगीजी नरहरी नाथ, नेपाली इतिहास समावेश भएको सामान्य इतिहासको हेड अफ डिपार्टमेन्ट तथा नेपाली भाषा र साहित्यको हेड अफ डिपार्टमेन्टलाई समावेश गरियो । त्यस्तै एस.एस.भन्डारकर, के.एन.राणा तथा सोमनाथ शर्मालाई दर्शक (अब्जरभरका रूपमा) कमिटीमा राखियो ।

## दुई वर्षे बी.एड.

विश्वविद्यालयबाट स्वीकृत पाठ्यक्रमअनुसार २०१९/२०२० शैक्षिक सत्रदेखि दुई वर्षे बी.एड.शुरु गर्न अनुमति दिइएको थियो ।[४]

## पुरानो पाठ्यक्रम

विश्वविद्यालयले सन् १९६४ मा सञ्चालन गरिने विभिन्न परीक्षाका निम्ति नयाँ पाठ्यक्रम लागू गर्ने योजना बनाएको थियो । यद्यपि समयमा बनाउन नसकिएकाले विश्वविद्यालयद्वारा सञ्चालन गरिने सन् १९६२ का सबै परीक्षाका निम्ति पुरानो पाठ्यक्रमलाई निरन्तरता दिइयो ।[५] उल्लिखित निर्णय गरिए तापनि अर्को वर्षसमेत नयाँ पाठ्यक्रम तर्जुमा गरिएन । फलस्वरूप सन् १९६५ को परीक्षाहरूसमेत पुरानो पाठ्यक्रमका आधारमा नै लिने र सन् १९६६ देखि लागू हुनेगरी २०१९ साल असोज १४

---

३ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७१ ।

४ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २२ ।

५ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३० ।

देखि १८ गतेसम्म भएको अनौपचारिक प्राध्यापक सम्मेलनको निष्कर्षका आधारमा नयाँ किसिमको पाठ्यक्रम तयार गर्ने योजना बनाइयो ।[६]

## पाठ्य पुस्तक

एम.ए. नेपाली विषयका पाठ्य पुस्तकमध्ये दूर्लभ किसिमका पुस्तकहरू विश्वविद्यालयबाट छपाउने प्रबन्ध गरिएको थियो ।[७] यो २०२१/२०२२ सालको शैक्षिक सत्रको निर्णय हो । यसै क्रममा विश्वविद्यालयले दुई वर्षपछि पुस्तक लेखाउने कार्यलाई कार्यरूप दिएको देखिन्छ । यस क्रममा विश्वविद्यालयले शिक्षण र परीक्षाको माध्यम नेपाली गराउने तथा नेपाली भाषाको स्तर उठाउने उद्देश्य लिई ‘नेपाली राष्ट्रभाषा परिषद्’ बाट इन्टरमिडिएट कक्षाहरूको निम्ति नेपाली भाषामा पाठ्य पुस्तकहरू लेखाउने र प्रकाशित गर्ने सिलसिलामा ५१ वटा जति पुस्तकहरू लेखाएको देखिन्छ ।[८]

## गणित विषय

विश्वविद्यालय परिषद्को २०१८ साल पौष २७ को विशेष वैठकले गणित विभागलाई आर्टस् फेकल्टिमा पनि राख्ने निर्णय गरेको थियो ।[९]

## नेपाल शिक्षा परिषद्

नेपाल शिक्षा परिषद्को परीक्षालाई विश्वविद्यालयबाट मान्यता दिनुपर्ने आवश्यकता थियो । नेपाल शिक्षा परिषद्ले सञ्चालन गरेको नेपाली प्रवेशिका परीक्षाको नियमावली, सिलेवस, प्रश्नपत्र, पाठ्यक्रम, पुस्तक, परीक्षा सञ्चालन गर्ने तरिका र व्यवस्था, श्री ५ को सरकारबाट

---

६ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ११०, ११४, १४४ र १७२ ।

७ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १२८ ।

८ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१) ।

९ त्रिभुवन विश्वविद्यालय परिषद्को विशेष वैठक २०१८/९/२७, निर्णय नं. २ ।

प्राप्त गरेको मान्यता आदि पूर्ण विवरण २०२२ सालमा विश्वविद्यालयले अध्ययन गर्नुपर्ने निर्णय गरेको थियो ।[१०] यो अध्ययनपछि मात्र सो सम्बन्धमा निर्णय लिइने भयो । यसबाट त्यस बखतसम्म त्रिभुवन विश्वविद्यालयले सो परिषद्को शिक्षालाई मान्यता दिएको भने देखिँदैन ।

## शास्त्री तह

एकेडेमिक काउन्सिलको निर्णयानुसार शास्त्री परीक्षामा अनिवार्य नेपाली नलिई नेपालीमा एम.ए.दिन चाहनेहरूलाई शास्त्री वा बी.ए.भर्नाकुलर पुरानो कोर्स कायम गराई कार्यान्वित गरिने भयो ।[११] यो २०२२ सालको व्यवस्था हो । त्यस्तै सन् १९६४ को परीक्षादेखि उत्तर मध्यमा र शास्त्री परीक्षामा अनिवार्य हिन्दीको सट्टा अनिवार्य नेपाली पत्र राख्ने तथा सो वर्षको पूर्व मध्यमा परीक्षा पनि विश्वविद्यालयबाट लिइने भएकाले सो परीक्षामा पनि अनिवार्य हिन्दीको सट्टा अनिवार्य नेपाली नै राख्ने कार्य गरियो ।[१२]

## संस्कृत पाठ्यक्रम

उत्तरमध्यमा र शास्त्री प्रथम खण्डका परीक्षाका निम्ति पुरानो र नयाँ पाठ्यक्रम इच्छाधिन रूपमा लागू गर्दा पुरानो पाठ्यक्रमअनुसार उत्तरमध्यमाका प्रत्येक पत्रको पूर्णाङ्क ५० र शास्त्रीका पत्रहरूमा कुनै १००, कुनै ५०, कुनै ७० र कुनै ६० पूर्णाङ्कका पत्रहरू हुन गएका थिए । तर नयाँ पाठ्यक्रममा भने उत्तरमध्यमाका सबै पत्रहरू १०० पूर्णाङ्क र शास्त्रीका सबै पत्रहरू ५० पूर्णाङ्कका हुन गए । यसबाट एउटा खण्डको परीक्षामा बेग्ला बेग्लै पूर्णाङ्क भएका पत्रहरू हुँदा एकरूपता नहुनाले

---

[१०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ११ ।

[११] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ११ ।

[१२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. २९ ।

कठिनाई हुन गएको थियो । त्यसैले उत्तरमध्यमा प्रथम खण्ड र शास्त्री प्रथम खण्डका परीक्षाहरूका निम्ति तथा आचार्य प्रथम खण्डका लागि पनि केवल नयाँ पाठ्यक्रम लागू गरिने भयो । त्यस्तै उत्तरमध्यमा, शास्त्री र आचार्य द्वितीय खण्ड तथा उत्तरमध्यमा (सम्पूर्ण) का परीक्षाहरू सन् १९६६ का लागि मात्र पुरानो पाठ्यक्रम लागू गरिने भयो । जहाँसम्म आचार्य तृतीय खण्डको परीक्षा हो यसका लागि अर्को वर्ष अर्थात् सन् १९६७ को परीक्षासम्म मात्र पुरानो पाठ्यक्रम लागू गरिने तयारी गरियो । उत्तरमध्यमा र शास्त्री प्रत्येक खण्डका समस्त परीक्षाहरूका निम्ति पूर्णाङ्क र उत्तीर्णाङ्कहरूको नयाँ विनियमअनुसार नै गरिने तर आचार्यका निम्ति भने नयाँ विनियम तयार नभएकाले पुरानै पूर्णाङ्क र उत्तीर्णाङ्कको नियम लागू गर्ने व्यवस्था भयो ।[१३]

## पाठ्यक्रममा नयाँ व्यवस्था

विश्वविद्यालयको कुनै पनि पाठ्यक्रम साधारणतया तीन वर्ष प्रयोगमा ल्याई नहेरीकन नबदल्ने तथा आई.एस्सी.को परीक्षामा पूर्णाङ्क २०० को अतिरिक्त इच्छाधीन संस्कृत विषय लिन सक्ने व्यवस्था गरियो ।[१४]

विश्वविद्यालय एकेडेमिक काउन्सिलले २०२३ साल वैशाख १९ र २० गतेका दिन विज्ञान, गणित र अर्थशास्त्र विषयका पाठ्यक्रमलाई स्वीकृत गरेको थियो जसलाई विश्वविद्यालयले समर्थन दिएको देखिन्छ । यस क्रममा विज्ञान विषयमा-एम.एस्सी.फिजिक्स, केमिष्ट्रि, बोटानी तथा जुलोजी विषयहरूमा लागू गरिएका पाठ्यक्रमलाई नै निरन्तरता दिइने भयो । त्यस्तै एम.ए.र एम. एस्सी.को गणित विषयको पाठ्यक्रममा सन् १९६६ को परीक्षादेखि लागू हुने गरी स्पेसल पेपर हाइड्रो-मिकानिक्सको पाठ्क्रम समावेश गरियो । यसै गरी सन् १९६६ मा हुने एम.ए.को

---

१३ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३२ ।

१४ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ९, १५ ।

परीक्षामा अर्थशास्त्रको द्वितीय खण्डको इकोनोमेट्रिक्स र प्रथम खण्डको स्टाटिष्टिक्समा परिवर्तन गरिएको पाठ्यक्रमअनुसार नै परीक्षा लिइने भयो ।[१५]

विद्यमान कतिपय पाठ्यक्रमलाई संशोधन/परिवर्तन तथा लागू गर्ने सन्दर्भमा विभिन्न समयमा विभिन्न मितिहरू तोकिए तापनि विश्वविद्यालयले भरसक सन् १९६६ सम्मको परीक्षालाई पाठ्यक्रममा परिवर्तन नगर्ने नीति लिएको पनि देखिन्छ । त्यस्तै अर्को वर्ष अर्थात् सन् १९६७ को परीक्षाका लागि पनि हेरफेर नगरी नहुने विषयमा मात्र सम्बन्धित बोर्ड अफ स्टडिजको सुझावमा आवश्यक परिवर्नन गरिने भयो । पाठ्यक्रम सम्बन्धी अरू हेरफेरहरू गर्नु पर्ने भएमा सन् १९६८ को परीक्षादेखि मात्र लागू हुने गरी हेरफेरका लागि सुझाव पेश गर्न सम्बन्धित बोर्ड अफ स्टडिजहरूलाई विश्वविद्यालयले निर्देशन दिएको थियो ।[१६]

त्रिभुवन विश्वविद्यालयबाट लिइने सन् १९६९ को एम.ए, एम.एस्सी. र एम.कम. प्रथम खण्डको परीक्षा नयाँ पाठ्यक्रमानुसार र द्वितीय खण्डको परीक्षा साबिकै पाठ्यक्रमानुसार हुने व्यवस्था भयो । तर एम्.ए., एम.कम. र एम.एस्सी.(गणित) का दुवै खण्डको एकैचोटि परीक्षा दिने वैयक्तिक (प्राइभेट) परीक्षार्थीहरूले चाहिं साबिकै पाठ्यक्रमानुसार दिन पाउने व्यवस्था गरिएयो । साथै त्यस बखत विश्वविद्यालयको संशोधित विनियमानुसार सन् १९६९ को परीक्षादेखि एम.ए., एम.एस्सी. र एम.कम.को परीक्षामा उत्तीर्ण हुन प्रत्येक पत्रमा कम्तिमा २५ प्रतिशत अङ्क प्राप्त गरी पूर्णयोग (एग्रिगेट) मा ३६ प्रतिशत अङ्क हुनुपर्ने व्यवस्था गरियो । स्मरणीय छ, सन् १९६८ सम्म परीक्षार्थीहरूले मौखिक परीक्षा (भाइभा भोसे) र प्रयोगात्मक पत्रहरू बाहेक अरू बाँकी पत्रहरूमा

---

[१५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १६ ।

[१६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १६ ।

बेग्लाबेग्लै उत्तीर्णाङ्क प्राप्त नगरे तापनि पूर्णयोग (एग्रिगेट) को आधारमा उत्तीर्ण गरिने व्यवस्था थियो ।[१७]

उल्लेख्य के देखिन्छ भने विश्वविद्यालयले सन् १९७०/७२ को सत्रका निम्ति सन् १९६९/७१ सम्म लागू रहेकै पाठ्यक्रम लागू गर्ने निर्णय गरेको थियो ।[१८]

## ल्याटिन र जर्मन भाषा

२०२४ सालमा शैक्षिक सत्रको थालनीमा विश्वविद्यालयलले एम.एस्सी. परीक्षामा ल्याटिन र जर्मन भाषाको इच्छाधीन एक पत्र लिन सक्ने व्यवस्था गरेको थियो । अतिरिक्त इच्छाधीन यो विषय पूर्णाङ्क १०० को एक पत्र निर्धारण गरियो ।[१९]

## अङ्ग्रेजी विषय

अङ्ग्रेजी सहित शास्त्री पास हुने विद्यार्थीले आर्टस्का कुनै विषय लिएर एम.ए.गर्न चाहेमा निजले एम.ए.प्रथम खण्डको परीक्षा अगाडी सो विषयमा शास्त्री स्तरिय अथवा बी.ए.सरहको परीक्षा उत्तीर्ण गर्नुपर्ने भयो । त्यस्तै अङ्ग्रेजी सहित शास्त्री पास गर्नेले अङ्ग्रेजीमा एम.ए.को परीक्षा दिन चाहेमा निजले बी.ए.को स्पेसल अङ्ग्रेजी अथवा शास्त्रीको अतिरिक्त अङ्ग्रेजी (Optional English) विषय उत्तीर्ण गर्नुपर्ने व्यवस्था गरियो ।[२०]

अङ्ग्रेजी विषयको सम्बन्धमा विश्वविद्यालयअन्तर्गत आई.ए., आई.एस्सी., आई.कम., बी.ए., बी.कम. तहको सन् १९७१-१९७३ को सेसन अर्थात् सन् १९७३ को परीक्षाका लागि साधारण अङ्ग्रेजीको

---

१७ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-७, २०२५ साल फागुन, पृ. २-४ ।

१८ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १५७ ।

१९ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष १, अङ्क १, २०२४ साल भदौ ३, पृ १० ।

२० त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १६ ।

पाठ्यक्रम परिवर्तन गरिएको थियो । यस प्रकार नेपाल अधिराज्यका विभिन्न कलेजहरूमा सोही वर्षदेखि पहिलो र तेस्रो वर्षमा पढ्ने विद्यार्थीहरूका लागि साधारण अङ्ग्रेजीको नयाँ पाठ्यक्रमअनुसार पठन पाठन कार्य गरियो ।[२१] उल्लेख्य के देखिन्छ भने सो पाठ्यक्रम परिवर्तनको तयारी पहिले नै गरिए तापनि लागू भने नयाँ शिक्षा योजनामा भएको देखिन्छ ।

अङ्ग्रेजी विषयको सन्दर्भमा संयुक्त अधिराज्य ग्रेट ब्रिटेनबाट जी.सी.इ.(अर्डिनरी) उत्तीर्ण गर्नेलाई आई.ए., आई.एस्सी., आई.कम.को प्रथम वर्षमा भर्ना गर्न विश्वविद्यालयले स्वीकृति दिएको थियो । यद्यपि त्यस्ता विद्यार्थीले अङ्ग्रेजी लिटरेचर र लायङ्वेजमध्ये कमसेकम एउटा विषय उत्तीर्ण गरेको हुनुपर्ने भयो । यस क्रममा उसले कमसे कम पाँच विषय उत्तीर्ण गर्नुपर्ने भयो जसमध्ये एउटा अङ्ग्रेजी विषय हुनु पर्ने व्यवस्था गरियो ।[२२]

## डिसर्टेसन

विश्वविद्यालयले विनियमअनुसार एम.ए.,एम.एस्सी., एम.कम. प्रथम खण्डको परीक्षामा तोकिएको प्रतिशत अङ्कल्याई उत्तीर्ण हुने विद्यार्थीलाई मात्र डिसर्टेसन लेख्न दिने व्यवस्था गरेको थियो । यद्यपि २०२६/२०२७ सालमा विशेष परिस्थितिवश प्रथम खण्ड मा तीन पत्रकोमात्र परीक्षा भएको र बाँकी एक पत्रको परीक्षा द्वितीय खण्ड परीक्षासँगै लिने गरी विद्यार्थीलाई छैठौं वर्षमा प्रवेश गराइएको थियो । फलस्वरूप उनीहरूको प्रथम खण्डको परीक्षा नै पूरा भएको थिएन । माथिको विनियमअनुसार विद्यार्थी प्रथम खण्डको परीक्षामा तोकिएको प्रतिशतका साथ उत्तीर्ण हुन बाँकी भए तापनि विशेष अनुमतिपाई छैठौं वर्षमा प्रविष्ट भएकाले सो एक वर्षलाई विभागीय प्रमुखको अनुमति लिई

---

[२१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४ अङ्क-१०, २०२८ साल जेठ, पृ. ५ ।

[२२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १ ।

डिसर्टेसन लेख्न शुरु गरिसकेका र डिसर्टेसन लेख्न चाहनेलाई विशेष अनुमति दिइएको थियो ।[२३]

## इतिहास विषयको पाठ्य पुस्तक

इतिहास बोर्ड अफ स्टडिजको सिफारिसअनुसार सन् १९६९-७१ को सेसनदेखि लागू भएको बी.ए.इतिहासको प्रथम पत्रको पाठ्यक्रममा History of Nepal from the earliest time to fall of the Mallas अर्न्तगत बाबुराम आचार्यद्वारा लिखित 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी' पुस्तकको प्रथम भाग र सोही पत्रको History of Nepal from the time of Prithivi Narayan Shah अन्तर्गत उक्त पुस्तकको प्रथम, द्वितीय र तृतीय भाग राखिएको थियो । त्यस्तै सन् १९६८-७० को सेसनदेखि लागू भएको एम.ए.इतिहासको द्वितीय खण्डको प्रथम पत्रको पाठ्यक्रममा प्रस्तावित पुस्तक 'Political History of Modern Nepal' अन्तर्गत उपर्युक्त पुस्तक (प्रथम, द्वितीय र तृतीय भाग) समावेश गरियो ।[२४] विश्वविद्यालयलमा पाठ्य पुस्तक लागू गरिने प्रक्रियाको यो एउटा उदाहरणमात्र हो ।

## पञ्चायत विषय

पाठ्यक्रमको सन्दर्भमा नै सन् १९६९ को सेसनदेखि आई.ए., आई.एस्सी., आई.कम. र बी.ए., बी.एस्सी., बी.कम.विषयहरूमा नयाँ पाठ्यक्रम लागू गर्ने क्रममा एउटा नयाँ विषय थप गरियो । यस क्रममा गाउँफर्क राष्ट्रिय अभियानमा निर्दिष्ट सिद्धान्तअनुसार विश्वविद्यालयका इण्टर र वेचलर तथा सो सरहका अरू परीक्षाहरूमासमेत १०० पूर्णाङ्कको 'पञ्चायत विषय' अनिवार्य गरियो । शैक्षिक वर्ष १९७१ को परीक्षादेखि

---

[२३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १६५ ।

[२४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ४० ।

लागू हुने पञ्चायत विषयको पठन पाठन गराउन विश्वविद्यालयअन्तर्गतका सबै महाविद्यालयहरूलाई परिपत्रसमेत गरियो ।[२५] त्यस्तै इन्टरमिडियट र वेचलर तथा सो सरहका परीक्षाहरूका निम्ति तर्जुमा गरिएको पाठ्यक्रमको आधारमा पञ्चायतका सारा पक्षहरू समावेश गरी लेखिएका इन्टरमिडिएट स्तरको सर्वश्रेष्ठ पुस्तकका लेखकलाई रु.२,०००/- दुई हजार र स्नातक स्तरको सर्वश्रेष्ठ पुस्तकका लेखकलाई रु.३,०००/- तीन हजार पुरस्कार दिने गरी २०२५ साल असार महिनादेखि ६ महिनाको म्याद भित्र लेखकहरूलाई पुस्तक लेख्नसमेत दिइएको थियो ।[२६] यद्यपि कसले लेखेको पुस्तक सवैश्रेष्ठ ठहरियो भन्ने बारेमा जानकारी पाइएको छैन ।

## नेपाल परिचय

विश्वविद्यालयले उच्च शिक्षा कार्यक्रमअन्तर्गत प्रारम्भिक चरणमा २०२९ साल साउन १ गतेदेखि सबै इन्स्टिच्यूटको प्रमाणपत्र तहमा 'नेपाल परिचय' विषय लागू गर्ने निर्णय गरेको थियो । यस सम्बन्धी पाठ्क्रम बनाउने र पुस्तकहरू तयार पार्ने काम विश्वविद्यालय.अध्ययन संस्थानअन्तर्गत भएको थियो ।[२७]

समग्रमा प्रारम्भिक वर्षमा पटना विश्वविद्यालयको पाठ्यक्रम लागू गरेको त्रिभुवन विश्वविद्यालयले क्रमशः नयाँ पाठ्यक्रम बनाएर लागू गर्दै गएको देखिन्छ । सामान्यतया नेपाली, नेपाली संस्कृति, नेपालको इतिहास, नेपाल परिचय तथा पञ्चायत विषय नेपालसँग सम्बद्ध भएकाले तिनको पाठ्यक्रम छिटो तयार गरियो भने अन्य सैद्धान्तिकलगायत विषयहरूमा पुरानै पाठ्यक्रमलाई समय सापेक्ष रूपमा परिमार्जन गरियो । त्यस्तै कतिपय विषयको नयाँ पाठ्यक्रम बनाएर पुस्तकसमेत विश्वविद्यालयद्वारा लेखाउने, छपाउने कार्य भयो । यसै सन्दर्भमा उल्लेख्य के देखिन्छ भने

---

[२५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-१२, २०२६ साल साउन, पृ. ६ ।

[२६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ४ ।

[२७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-११, २०२९ साल असार, पृ. ९ ।

नेपालसँग असम्बन्धित अधिकांश विषयको पाठ्यक्रम एवम् पाठ्य पुस्तक भने पटना विश्वविद्यालयको पाठ्यक्रममा आधारित भएको देखिन्छ ।

त्रिभुवन विश्वविद्यालयले पठन पाठन थालनी गर्दा विभिन्न विषयको पाठ्यक्रम तथा पाठ्य पुस्तकहरू के कस्ता राखिएका थिए भन्ने सूचना भने फेला परेको छैन । निकै प्रयास गर्दासमेत सो सम्बन्धमा जानकारी पाउन सकिएन । विश्वविद्यालयको इतिहासमा कमसे कम थालनीमा सञ्चालन गरिएको पाठ्यक्रम तथा पाठ्य पुस्तक बारेमा सूचना दिनु उपयुक्त हुने भए तापनि हाललाई सो सम्भव नभएको हो ।

* * *

# परीक्षा व्यवस्था

## परिचय

त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व नेपालमा सञ्चालित प्रायः कलेजहरू पटना विश्वविद्यालयबाट सञ्चालित भएकाले पाठ्यक्रम, परीक्षा तथा नतिजालगायत त्यहाँकै व्यवस्था लागू गरिएको थियो । त्यस्तै त्रिभुवन विश्वविद्यालय पनि पटना विश्वविद्यालयको ऐनका आधारमा तर्जुमा गरिएको ऐनबाट सञ्चालनमा आएको थियो । यहाँसम्म कि विश्वविद्यालमा पठन पाठनको प्रारम्भिक चरणमा नेपाली बाहेक सबै विषयका पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षासँग सम्बद्ध कार्यहरू पटना विश्वविद्यालयको प्रत्यक्ष/परोक्ष निगरानी/सहयोगमा सञ्चालन गरियो जुन कुरा विश्वविद्यालय कमिटीबाटसमेत स्वीकार गरिएको थियो । प्रस्तुत परिच्छेदमा विश्वविद्यालय सञ्चालनको पहिलो चरण अर्थात् 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' पूर्व परीक्षा सञ्चालनका बारेमा चर्चा गरिएको छ ।

## परीक्षा व्यवस्थापन

विश्वविद्यालय स्थापनापूर्व नेपालमा सञ्चालनमा रहेका कलेजहरूले भारतका विभिन्न विश्वविद्यालयबाट सम्बन्धन लिएको देखिन्छ । यहाँसम्म कि त्रिभुवन विश्वविद्यालय स्थापनाको पूर्वसन्ध्यामा कलेज अफ एजुकेसनलाई दिल्ली विश्वविद्यालयको सम्बन्धन प्राप्त भएको सन्दर्भ उल्लेख भइसक्यो । यद्यपि त्रिभुवन विश्वविद्यालय स्थापनासँगै मुलुकमा सञ्चालनमा रहेका सबै महाविद्यालयहरू यसअन्तर्गत आएका हुन् । फलस्वरूप ती सबै महाविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको परीक्षा त्रिभुवन विश्वविद्यालयले सञ्चालन गर्न लाग्यो । विश्वविद्यालयले स्नातकोत्तर तहका कक्षा सञ्चालन गरेको भए तापनि पहिलो वर्षदेखि नै अन्य महाविद्यालयका इण्टरमिडिएट तथा ब्याचलर तहकोसमेत परीक्षा सञ्चालन गर्नु त्यति सहज थिएन । त्यसमाथि सामान्यतया पटना विश्वविद्यालयको पाठ्यक्रम पठन पाठन गरिनुका साथै शुरुका वर्षमा परीक्षासमेत सोही विश्वविद्यालयको प्रत्यक्ष संलग्नतामा सञ्चालन गर्नु

परेको थियो । स्थापनाका बखत विश्वविद्यालयले प्रत्येक तहमा दुई वर्षको पाठ्यक्रम पठन पाठन गरे तापनि दोस्रो वर्षमा एकै पटक पहिलो र दोस्रो दुई वर्षको परीक्षा लिने व्यवस्था गरेको कुरा स्मरणीय छ ।

मुलुकमा सञ्चालनमा रहेका सबै महाविद्यालय त्रिभुवन विश्वविद्यालय मातहतमा रहने व्यवस्था गरिएकाले तिनको पाठ्यक्रम, पाठ्यपुस्तक एवम् पठन पाठनको गुणस्तर कायम गर्नाका साथै परीक्षा लिने कार्यसमेत विश्वविद्यालयको अख्तियारीमा आएको थियो । यद्यपि त्रिभुवन विश्वविद्यालयल स्थापनापूर्वदेखि यहाँका महाविद्यालय सम्बद्ध भारतका विश्वविद्यालयहरू 'पटना विश्वविद्यालय', 'संस्कृत महाविद्यालय-बनारस विश्वविद्यालय' र 'विहार विश्वविद्यालय' को सन् १९५९ को सप्लिमेन्टरी परीक्षा दिने छात्रहरूको शिक्षण कार्य, प्रशिक्षण र परीक्षाको व्यवस्था साविकबमोजिम सञ्चालन गर्नका लागि त्रिभुवन विश्वविद्यालयले स्वीकृति दिएको थियो ।[२८]

## परीक्षा बोर्ड/समिति

त्रिभुवन विश्वविद्यालयले स्थापनाको पहिलो वर्षदेखि परीक्षा सञ्चालन गरेको थियो । विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको परीक्षा दोस्रो वर्षमा मात्र लिइने भए तापनि अन्य महाविद्यालयमा दुवै तहका दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीको सन् १९६० मा लिनु पर्ने परीक्षा भने विश्वविद्यालय स्थापनाको पहिलो वर्षमा नै सञ्चालन गर्नु परेको थियो । यसरी परीक्षा सञ्चालन गर्नु पर्ने भएकाले त्यसको व्यवस्थाका लागि विश्वविद्यालयले 'परीक्षा बोर्ड' गठन गरेको थियो । विश्वविद्यालयमा पठन पाठन गरिने विषय थप हुँदै जानु तथा महाविद्यालयको संख्या, तिनमा पठन पाठन हुने तह एवम् विषयसमेत थप हुँदै गएपछि प्रत्येक वर्ष विद्यार्थी संख्या बृद्धि हुँदै जानु स्वाभाविक नै थियो । यस्तो अवस्थामा विश्वविद्यालयले परीक्षा सञ्चालनका लागि आवश्यकताअनुसार पटक/पटक परीक्षा बोर्ड/समिति गठन गरेको थियो । यस क्रममा २०१६ साल

[२८] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २१, २५ ।

पौष १५ गतेका दिन दिउसो ४.०० बजे त्रिपुरेश्वर नं. ३ स्थित गेष्ट हाउसमा बसेको त्रिभुवन विश्वविद्यालय कमिटीको एघारौँ वैठकले परीक्षा सञ्चालन/व्यवस्थापनका लागि एउटा 'परीक्षा बोर्ड' गठन गरेको थियो । वैठकको माइन्यूटमा "१९६० को जांच सम्बन्धी व्यवस्था मिलाउन यौटा परीक्षा बोर्ड गठन गर्ने निर्णय भयो. यसका सदस्यहरू सर्ब श्री भैरवबहादुर प्रधान, श्री आशुतोष गांगुली र श्री सूर्यबहादुर शाक्य हुनेछन्. बोर्डका कन्भेनर रजिष्ट्रर हुनेछ. बोर्डको लागि चाहिने अधिकार र कार्यबिधी जम्मै कमिटी छेउ पेश गरी चाँडै निकासा गराइ लिइनेछ" उल्लेख गरिएको थियो ।[२९] यस प्रकार विश्वविद्यालयको इतिहासमा 'परीक्षा बोर्ड' गठन गरिएको यो नै पहिलो घटना थियो । अझ भन्ने हो भने वर्तमान 'त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय' को जन्म २०१६ साल पौष १५ गते भएको थियो । यस प्रकार रजिष्ट्रारको संयोजकत्वमा गठन गरिएको विश्वविद्यालयको पहिलो परीक्षा बोर्डमा भैरवबहादुर प्रधान, आशुतोष गांगुली र सूर्यबहादुर शाक्यलाई सदस्य बनाइएको थियो ।

दोस्रो वर्ष सन् १९६१ मा विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीकोसमेत परीक्षा सञ्चालन गर्नु परेको थियो । फलस्वरूप विश्वविद्यालयको एम.ए., बी.एल.र बी.एड.परीक्षा सम्बन्धी व्यवस्था बारे पोष्ट ग्राजुएट काउन्सिलबाट पारित विनियमको सिद्धान्तलाई आधार मानी एउटा 'बोर्ड अफ एक्जामिनेसन' गठन गरिएको थियो । यस बोर्डलाई सन् १९६१ को एम.ए., बी.एल. र बी.एड.को परीक्षा तथा १९६२ को एम.ए., बी.एल., बी.एड. तथा आए.ए., आइ.एस्सी., आइ.कम., बी.ए., बी.एस्सी. र बी.कम.को वार्षिक तथा पुरक परीक्षाहरू मात्र सञ्चालन गर्ने अख्तियारी दिइएको थियो । प्राध्यापक भैरवबहादुर प्रधानको अध्यक्षतामा गठन गरिएको बोर्डमा प्राध्यापकद्वय आशुतोष गांगुली र विधुभूषण दास सदस्य

---

[२९] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १६६ । २०१६ साल पौष १५ गतेका दिन दिउसो ४.०० बजे त्रिपुरेश्वर स्थित नं. ३ स्थित गेष्ट हाउसमा बसेको त्रिभुवन विश्वविद्यालय कमिटीको एघारौँ वैठकको निर्णय नं. १६६ मा सो निर्णय गरिएको थियो ।

तथा सचिवमा रजिष्ट्ररलाई जिम्मेवारी दिइयो ।[३०] त्यस्तै सन् १९६२ को एम.ए., बी.एल.र बी.एड.परीक्षा सञ्चालन गर्न भने नरेशमान सिंहको अध्यक्षतामा रामराज पन्त  र विधुभूषण दास सदस्य रहेको अर्को बोर्ड गठन गरियो । पहिलो बोर्डले सन् १९६२ को एम.ए., बी.एल र बी.एड. सम्बन्धी गरिसकेको जम्मै प्रारम्भिक कार्यहरू पछिल्लो बोर्डले सकारेर काम गर्नु पर्ने जिम्मेवारी दिइएको थियो ।[३१]

त्यस्तै सन् १९६३ मा आइ.ए., आइ.एस्सी., आइ.कम., बी.ए., बी.एस्सी. र बी.कम. परीक्षा सञ्चालन गर्न अर्को एउटा बोर्ड गठन गरियो । आशुतोष गांगुलीको अध्यक्षतामा नरेशमान सिंह र जगतबहादुर बुढाथोकी सदस्य रहेको बोर्डले उक्त परीक्षा सञ्चालन गर्ने अख्तियारी पायो ।[३२] यसै वर्ष पुरानो बोर्ड अफ एक्जामिनेसन बाट काम हुन नसकेकाले त्यसलाई विघटन गरी ब्राम्हीदत्त पाण्डेको अध्यक्षतामा त्रैलोक्यनाथ उप्रेति र मथुरादत्त पाण्डे संलग्न नयाँ 'एक्जामिनेसन बोर्ड' गठन गरिएको थियो । यसलाई शास्त्रीय संस्कृत परीक्षाहरू बाहेक सन् १९६३ मा विश्वविद्यालयले लिनै सबै परीक्षाहरू सञ्चालन गर्ने जिम्मेवारी दिइएको थियो । त्यस्तै सो वर्षको शास्त्रीय संस्कृत परीक्षा सञ्चालनार्थ पद्मप्रसाद भट्टराईको अध्यक्षतामा चुडानाथ भट्टराई र हरिदेव मिश्र संलग्न अर्को बोर्ड गठन गरियो ।[३३]

आधुनिक र संस्कृत परीक्षाका निम्ति दुई छुट्टा छुट्टै बोर्ड गठन गर्दा काममा अनावश्यक बाधा हुने भएकाले उपकुलपतिको अध्यक्षतामा

---

[३०] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १९० ।

[३१] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ६६ ।

[३२] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ६७ ।

[३३] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ७, १४ ।

एउटा अर्को परीक्षा बोर्ड गठन गरिएको थियो । बोर्डमा उपकुलपतिका अतिरिक्त सुर्यबहादुर शाक्य, डा.दिव्यदेव भट्ट, पद्मप्रसाद भट्टराई सदस्य र रजिष्ट्रारलाई सदस्य सचिव नियुक्त गरियो ।[३४]

त्यस्तै सन् १९६५ को परीक्षा सञ्चालन गर्न अर्को छुट्टै नयाँ परीक्षा बोर्ड गठन गरिएको थियो । उपकुलपति पदेन अध्यक्ष रहेको बोर्डमा डा.ध्रुवमानसिं अमात्य, डा.दिव्यदेव भट्ट, पद्मप्रसाद भट्टराई र डा.हरिदेव मिश्रलाई सदस्य तथा रजिष्ट्रारलाई पदेन सदस्य सचिव बनाइयो ।[३५] त्यस्तै १९६६ को विश्वविद्यालयका विभिन्न परीक्षाहरू सञ्चालन गर्न उपकुलपतिको अध्यक्षतामा हरिदेव मिश्र, रामचन्द्र पोखरेल र नरेशमान सिंह सदस्य तथा ध्रुवमान सिंह सदस्य सचिव रहेको परीक्षा बोर्डलाई जिम्मेवारी दिइएको थियो ।[३६] सन् १९६९ का परीक्षाहरू सञ्चालनार्थ उपकुलपतिको अध्यक्षतामा हरिदेव मिश्र, शेषराज रेग्मी र सरस्वतीप्रसाद रिमाल सदस्य भएको परीक्षा बोर्ड गठन गरिएको थियो । रजिष्ट्रारलाई बोर्डको सदस्य सचिव बनाइएको थियो ।[३७] सन् १९७१ को परीक्षा सञ्चालन गर्न गठन गरिएको परीक्षा बोर्डमा उपकुलपति-अध्यक्ष तथा सदस्यहरूमा नारायणहरि जोशी, चन्द्रधर उप्रेती, विद्यानाथ उपाध्याय र तोयनाथ पाण्डे तथा सदस्य सचिव भने कुलसचिवलाई मनोनित गरियो ।[३८]यस प्रकार राष्ट्रिय शिक्षा पद्धतिको योजनापूर्व प्रत्येक वर्ष तथा

---

[३४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १२७, १४५ ।

[३५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ९३ ।

[३६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ४८ ।

[३७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १६० ।

[३८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १५२ ।

विभिन्न विषयको परीक्षा सञ्चालनका लागि प्रायः छुट्टा छुट्टै परीक्षा बोर्ड गठन गरी तिनलाई नै जिम्मेवारी दिइएको देखिन्छ । पछिल्लो समय गठन गरिएका परीक्षा बोर्डको अध्यक्षता भने उपकुलपतिबाट भएको पाइन्छ ।

## परीक्षा सञ्चालन

विश्वविद्यालयले गठन गरेका परीक्षा बोर्डको व्यवस्थापनमा प्रत्येक वर्षको परीक्षा सञ्चालन गरिन्थ्यो । थालनीमा पटना विश्वविद्यालयअन्तर्गत परीक्षाका सबैजसो कार्य गरिए तापनि क्रमशः विश्वविद्यालय आफैले यो कार्य गरेको थियो । यस क्रममा विश्वविद्यालयले आवश्यकताअनुसार नयाँ नयाँ व्यवस्थाका साथ परीक्षा सञ्चालन गर्दै आयो जुन आवश्यक पनि थियो । यहाँ तिनै परीक्षाका विविध पक्षमा प्रकाश पारिएको छ ।

## पहिलो परीक्षा

स्थापनासँगै मुलुकभर सञ्चालनमा रहेका कलेजको विद्यार्थीको पहिलो (सन् १९६० देखिको) परीक्षा त्रिभुवन विश्वविद्यालयले लिने निर्णय गरेको थियो । सैद्धान्तिक रूपमा सो निर्णय गरिए तापनि १९६० को परीक्षा लिन पटना विश्वविद्यालयलाई अनुरोध गरियो । यस कार्यका लागि पटना विश्वविद्यालयसँग सम्पर्क राख्न रजिष्ट्रार परासरनारायण सुवाल र विश्वविद्यालय कमिटीका सदस्य शारदाप्रसादलाई पटना पठाइएको थियो ।[३९] सो परीक्षाका सम्बन्धमा विश्वविद्यालयले यस प्रकार व्यवस्था गऱ्यो;[४०]

- विद्यार्थीबाट परीक्षा, रजिष्ट्रेसनलगायत शुल्कहरू पटना विश्वविद्यालयले लिएको दरमा भारु. १००/- को ने.रु. १५०/-

[३९] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ८३, ६४ ।

[४०] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ८२, ८४, १४२, १६६ । १८७, १९२, १९६, २२५, २३८-२४०, २४८-२४९, २७८, २८८, २९३-२९४, २९६, ३३२, ३३४ ।

का दरले ने.रु.मा त्रिभुवन विश्वविद्यालयले नै लिने । कुनै परीक्षार्थीले त्यस्ता शुल्कहरू पटना विश्वविद्यालयलमा बुझाई सकेका भए सोको रसिद बुझाएमा परीक्षामा सामेल गराउने । रजिष्ट्रेसन, परीक्षालगायत शुल्क र परीक्षा फर्मको सङ्कलन सन् १९६० जनवरी १४ (२०१६ साल पौष ३० वृहस्पतिबार) सम्म गरिसकिने । यस सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले नै पटना विश्वविद्यालयसँग सम्पर्क राख्ने,

- यो निर्णयअनुसार विद्यार्थीको परीक्षा, रजिष्ट्रेसन शुल्कलगायत पटना विश्वविद्यालयले भा.रु. १००/- लिएकाले त्यसको ने.रु.१५०/- का दरले नेरु.मा त्रिभुवन विश्वविद्यालयले उक्त शुल्कहरू लिएको थियो । यस्तैमा सोही वर्ष नै नेपाल राष्ट्र वैंकले सटही दर भा.रु. १००/- को ने.रु. १६०/-बनाएको हुनाले अब उप्रान्त सरकारी सटही दरसँग मिल्नेगरी परीक्षा शुल्क भा.रु. १००/- को ने.रु. १६०/-का दरले लिने निर्णय गरियो । साथै सन् १९६० को एम.ए.परीक्षाको शुल्क भने ने.रु. १६०/- नै लिने,

- पटना विश्वविद्यालयमा रजिष्टर (नाम दर्ता) गरेका नेपाल अधिराज्य भित्रका कलेजका विद्यार्थीहरूलाई त्रिभुवन विश्वविद्यालयमा दर्ता भएको मान्ने । यसका लागि आवश्यक पुराना रेकर्डहरू विश्वविद्यालयले कलेजका प्रिन्सिपलहरूबाट र सोझै पटना विश्वविद्यालयबाट सङ्कलन गर्ने । नयाँ विद्यार्थीको रजिष्ट्रेसन भने त्रिभुवन विश्वविद्यालयले नै गर्ने,

- परीक्षा फर्ममा विश्वविद्यालयले पहिलो पल्ट ‘To The Registrar, Tribhuvan University’ छपाउनुका साथै प्राप्त भएका पटना विश्वविद्यालको फर्ममा आवश्यक संशोधन गर्ने,

- उत्तर पत्र (Answer Book) को कभरमामात्र त्रिभुवन विश्वविद्यालयको नाम छपाएर पटनाबाट नै झिकाउने,

- परीक्षार्थीले भरेका फर्म सङ्कलन पछि सम्पूर्ण रेकर्ड सहित फिर्ता झिकाउने गरी चेकिङ्ग गराउन पटना विश्वविद्यालयमा

पठाउने । नन कलेजिएट विद्यार्थीको पुरानो रेकर्डहरू सम्बन्धित कलेजका प्रिन्सिपलहरूबाट झिकाउने,

- त्रिभुवन विश्वविद्यालयमा सञ्चालित परीक्षाको उत्तर पत्र (Answer Book) पटना विश्वविद्यालय मार्फत् जाँच्न लगाउने तथा परीक्षाको नतिजा र मार्क्सहरूको टेबुलेसनसमेत सोही विश्वविद्यालयमा नै गराउने । परीक्षाफल प्रकाशनका लागि भने आवश्यक सबै रेकर्ड काठमाडौँमा झिकाउने,
- प्रयोगात्मक परीक्षाका लागि बाहिरबाट आउने परीक्षकलाई त्रिभुवन विश्वविद्यालयले साबिकबमोजिमको भत्ताहरू नै दिने,
- त्रिभुवन विश्वविद्यालयले नै सुपरिनटेन्डेन्ट र पटनाबाट झिकाइएका अब्जरभर नियुक्त गर्ने । उनीहरूलाई पनि त्रिभुवन विश्वविद्यालयले नै भत्ता दिने,
- सन् १९६० एक वर्षलाई काठमाडौँ शहरभित्र मात्र परीक्षा केन्द्रहरू राख्ने । आइ.ए.,आइ.एस्सी., आइ.कम., बी.कम, बी.एस्सी., बी.ए. परीक्षाहरूको केन्द्र त्रिचन्द्र कलेज, दरबार स्कूल र दरबार कलेजमा राखिएको तथा
- सोही वर्ष मात्र त्रिभुवन विश्वविद्यालयले परीक्षा लिने काम गरिदिए बापत परीक्षा शुल्क पटना विश्वविद्यालयलाई बुझाइदिने ।

त्यस पहिलो वर्ष सञ्चालन गरिने परीक्षाका सम्बन्धमा पटना विश्वविद्यालयसँग यस प्रकारको व्यवस्था गरिएको थियो[४१];

- परीक्षा फर्म र शुल्क पटना विश्वविद्यालयमा पठाउने । यसका साथै त्रिभुवन विश्वविद्यालयले छपाएका प्रवेश पत्रहरू पनि पटना पठाउने जसमा आवश्यक विवरण भरेपछि पटना विश्वविद्यालयले

[४१] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १८६ ।

फिर्ता पठाइदिने । त्यसरी भरिएको प्रवेश पत्रमा त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रको हस्ताक्षर रहने । प्रवेश पत्रमा 'रोल' नेपालको सट्टा 'काठमाडौँ' राख्ने । यस प्रकार तयार गरिएको प्रवेशपत्र त्रिभुवन विश्वविद्यालयले नै विद्यार्थीलाई वितरण गर्ने,

- अग्रभागमा त्रिभुवन विश्वविद्यालयको नाम छापिएको परीक्षाको उत्तर पुस्तिका पटना विश्वविद्यालयले नै उपलब्ध गराउने,
- पटना विश्वविद्यालयबाट तयार गरिएका प्रश्नपत्र तथा विद्यार्थी हाजिरी सिट सोही विश्वविद्यालयबाट नियुक्त अबजरभर हस्ते नेपाल पठाउने,
- परीक्षा केन्द्रका सुपरिन्टेन्डेन्टले परीक्षार्थीहरूबाट कापी जम्मा गरी त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई पठाउने र रजिष्ट्रारले पटना विश्वविद्यालयले नियुक्त गरेका परीक्षकहरूलाई पठाइ दिने,
- विद्यार्थीले हासिल गरेको अङ्क र जाँचीसकेका कापीहरू पटना विश्वविद्यालयमा पठाइ दिन प्रत्येक परीक्षकहरूलाई लेख्ने र परीक्षकहरूले पटना विश्वविद्यालयबाट नै मेहनताना पाउने,
- विद्यार्थीले हासिल गरेको अङ्क पटना विश्वविद्यालयले टेबुलेसन गर्ने र सो टेबुलेट गरेको अङ्क तथा जाँचेको कापी त्रिभुवन विश्वविद्यालयमा पठाइदिने । परीक्षाको परिणाम भने त्रिभुवन विश्वविद्यालयले नै प्रकाशित गर्ने तथा
- प्रयोगात्मक परीक्षाका लागि आवश्यक परीक्षक पटना विश्वविद्यालयले नै नियुक्त गर्ने तथा परीक्षाका लागि आवश्यक पर्ने लग टेबल र ग्राफ पेपर भने त्रिभुवन विश्वविद्यालयले नै व्यवस्था गर्ने ।

यस वर्ष प्रयोगात्मक परीक्षाका लागि अवाश्यक परीक्षकको नियुक्ति त्रिभुवन विश्वविद्यालयका तर्फबाट पटना विश्वविद्यालयबाट नै गर्ने व्यवस्था मिलाइयो ।

पहिलो वर्ष (२०१६ साल) को आइ.ए., आइ.एस्सी. ,आइ.कम., बी.ए.,बी.एस्सी.,बी.कम.परीक्षाहरू पटना विश्वविद्यालयसँग निकटतम संपर्क राखी त्रिभुवन विश्वविद्यालयको मातहतमा भयो । सो परीक्षामा सम्मिलित विद्यार्थी विवरण यस प्रकार थियो;[४२]

| परीक्षा | परीक्षार्थी संख्या | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत | गतवर्ष पटना वि. बाट उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| आई.ए. | ५९६ | २८५ | ४७.७ | ३३.६ |
| आई.एस्सी. | ३४३ | १०२ | २९.७ | ३०.५ |
| आई.कम. | १८१ | ८५ | ४६.९ | ५२ |
| बी.ए. | २४७ | १२६ | ५४.७ | ४१.९ |
| बी.कम. | ५२ | ३० | ५८ | ६० |

## प्राइभेट परीक्षा

स्थापनासँगै विश्वविद्यालयले प्राइभेट परीक्षा सम्बन्धी यस प्रकारको व्यवस्था गऱ्यो;

क शिक्षकहरूलाई मात्र साविकको नियमबमोजिम प्राइभेट भइ जाँच दिन लगाउने । यस्ता परीक्षार्थी पनि त्रिभुवन विश्वविद्यालयले मान्यता दिएको कुनै कलेजको टेष्ट परीक्षा उत्तीर्ण भएपछि मात्र विश्वविद्यालको परीक्षामा सामेल हुन पाउने,

ख कन्या उम्मेदवारहरूले सन् १९६१ र १९६२ को परीक्षासम्म कुनै विद्यालयको शिक्षक नभए पनि नेपाल एस.एल.सी.परीक्षा वा पटना विश्वविद्यालयको आइ.ए.परीक्षा पास गरेका खण्डमा

[४२] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), वार्षिक रिपोर्ट २०१६/२०१७।

तीन वर्षपछि मात्र प्राइभेटका रूपमा परीक्षा दिन पाउने । तर यस्ता कन्या उम्मेदवारहरूले पनि त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त कुनै कलेजको टेष्ट परीक्षा उत्तीर्ण गरेपछि मात्र विश्वविद्यालयको परीक्षामा सामेल हुन पाउने र

ग  सन् १९६१ को परीक्षामा प्राइभेट रूपमा परीक्षा दिनेहरूले १९६० को अक्टोबर ३१ तारिख तदनुसार २०१७ साल कार्तिक १५ गते भित्र विश्वविद्यालमा पुग्ने गरी रजिष्ट्रार समक्ष आफ्नो फोटो तथा नेरु. ५/- को शुल्क सहित दर्खास्त पठाउनु पर्ने व्यवस्था गरियो ।[४३]

यस प्रकारको निर्णय गरिएको भए तापनि पछिल्लो निर्णयबाट सन् १९६१ मा प्राइभेट परीक्षा दिने परीक्षार्थीले सो एक वर्षका लागि कुनै कलेजबाट टेष्ट परीक्षा उत्तीर्ण हुनु नपर्ने व्यवस्था गरियो ।[४४]

ननकलेजियट विद्यार्थी

परीक्षा बोर्डको सिफारिसमा उपकुलपतिबाट ननकलेजियट (प्राइभेट) भइ जाँच दिने देहायका विद्यार्थीलाई विभिन्न परीक्षामा परीक्षा दिने अनुमति दिइएको थियो । यसरी विश्वविद्यालयबाट पहिलोपल्ट परीक्षा दिने विद्यार्थीमा आइ.ए.-१८ जना, आइ.ए.पुरक-१ जना, बी.ए.-२२ जना, बी.ए.पुरक-२ जना, एम.ए. (वार्षिक परीक्षामा) -जम्मा १ जना  थिए । त्यस वर्ष शिवहरी आचार्य एक जनाले मात्र अर्थशास्त्र विषयमा एम.ए.प्राइभेट परीक्षा दिएको देखिन्छ ।[४५]

कामेश्वर सिंह संस्कृत विश्वविद्यालय दरभंगा तथा भूतपूर्व विहार संस्कृत समितिबाट उत्तीर्ण हुने नेपाली छात्रहरूका लागि २०२१ साल भदौ महिनामा सन् १९६६ सम्म मात्र त्रिभुवन विश्वविद्यालयबाट विशिष्ट

---

[४३] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ५७ ।

[४४] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ८२ ।

[४५] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १७९ ।

परीक्षाको प्रबन्ध मिलाइएको थियो । संस्कृत बाहेक अन्य विषयमा भने सन् १९७० सम्म प्राइभेट रूपबाट परीक्षा दिने सुविधा दिइएकाले परीक्षा बोर्डको २०२३ साल असार २९ गतेको सिफारिसअनुसार कामेश्वर सिंह विश्वविद्यालय तथा विहार संस्कृत समितिबाट उत्तीर्ण हुने विद्यार्थीहरूलाई पनि १९७० सम्म उक्त सुविधा दिइयो ।[४६]

प्राइभेट परीक्षा

सन् १९७० पछि एम.ए.,एम.एस्सी.,एम.कम.,आचार्य, बी.एल., बी.ए.(अनर्स) परीक्षाहरूमा प्राइभेट परीक्षा नगराइने भयो । यद्यपि बी.ए. (उत्तीर्ण),बी.कम.,आइ.ए.,आइ.कम.,उत्तर मध्यमा तथा शास्त्री परीक्षाहरूमा भने नेपाली नागरिकलाई मात्र सन् १९७५ सम्म प्राइभेट परीक्षामा बस्न दिइयो । उल्लेख्य के पनि देखिन्छ भने भारतबाट आउने प्राइभेट परीक्षार्थीहरूबाट वार्षिक रु. १,५०,०००/- (एक लाख पचास हजार) आम्दानी भइ राखेकोमा सो बन्द हुने हुँदा उक्त रकम घाटा पुर्तिका निम्तिसमेत श्री ५ को सरकारसँग बजेटमा थप रकम समावेश गरिदिन अनुरोध गरियो ।[४७]

त्रिभुवन विश्वविद्यालय विनियममा रेगुलर परीक्षा दिएको दुई वर्षपछिमात्र प्राइभेट भई द्वितीय खण्डको परीक्षा दिन पाउने स्पष्ट रूपमा व्यवस्था गरिएको थियो । एम.ए.प्रथम खण्ड परीक्षा कलेजबाट पास गरी दोस्रो खण्डको परीक्षा प्राइभेट भई परीक्षा दिन बीचको दुई वर्ष व्यतित भइ सक्नु पर्नेमा एम.ए.प्रथम खण्ड परीक्षा ननकलेजियट भई उत्तीर्ण गर्नेहरूलाई प्रथम खण्ड उत्तीर्ण गरेको दोस्रो वर्षमा नै एम.ए.द्वितीय खण्डको परीक्षा दिने विशेष अनुमति दिइयो ।[४८]

---

[४६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. २८ ।

[४७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १३७ ।

[४८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १९०, २५२ ।

नेपाली नागरिक तथा नेपालमा रहेका विदेशी कुटनैतिक सेवा, मिसन तथा संस्था आदिमा काम गर्ने व्यक्तिहरूका लागि मात्र इन्टर र व्याचलर स्तरको प्राइभेट विश्वविद्यालीय परीक्षा सन् १९७३ सम्मका लागि अवधि थप गरी अरूका लागि सन् १९७१ देखि बन्द गरियो । साथै माष्टर तहको प्राइभेट परीक्षा भने नेपाल अधिराज्यका स्वीकृत तथा मान्यता प्राप्त शिक्षण संस्थाहरूमा शिक्षक भै काम गर्नेहरूलाई सन् १९७३ सम्मका लागि अवधि थप गरी अरू सबैको लागि सन् १९७१ देखि बन्द गरियो ।[४९]

यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालय सिण्डिकेटले सन् १९७० पछि आचार्य बाहेक माष्टर्स तहमा प्राइभेट परीक्षा बन्द गर्ने तथा १९७१ देखि नेपाली नागरिकलाई मात्र प्राइभेट परीक्षा दिलाउने निर्णय गरे तापनि नेपाल आई कमसे कम एक वर्ष पेरोलमा रही काम गरिसकेका विदेशीलाई भने प्राइभेट परीक्षा दिने सुविधा दिइयो । यस्ता विदेशीमा डिप्लोमेटिक सर्विस तथा विदेशी मिसन वा संस्थामा काम गरिरहेका तथा विदेशी मिसन वा संस्था भन्ने Verbal amandent भएको, श्री ५ को सरकारको मान्यता प्राप्त शिक्षण संस्था वा कर्पोरेसनमा काम गरिरहेको तथा विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजमा काम गरिरहेको व्यक्ति भएको मानियो ।

अब भने सबै किसिमका प्राइभेट परीक्षार्थीले परीक्षा दिनु एक वर्ष पहिले नै विश्वविद्यालयमा नाम दर्ता गराई सक्नुपर्ने भयो । विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजको टेष्ट परीक्षामा उत्तीर्ण भई कलेज प्रिन्सिपलबाट सो उत्तीर्ण भएको प्रमाणित प्रमाण पत्र पेश गर्नेलाई मात्र विश्वविद्यालयको प्राइभेट परीक्षामा बस्न दिइने व्यवस्था गरियो ।[५०]

सन् १९७१ मा लिइने इन्टरमिडियट र व्याचलर परीक्षाका सम्बन्धमा ‘सबै किसिमका प्राइभेट परीक्षार्थीले परीक्षा दिनु एक वर्ष पूर्व नै विश्वविद्यालयमा नाम दर्ता गराई सक्नु पर्नेछ । र विश्वविद्यालयको

---

[४९] त्रिभुवन विश्वविद्यालय, वार्षिक प्रतिवेदन २०२५/०२६ ।

[५०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२६/४/२१-२०२७/३/२६) ।

सम्बन्धन प्राप्त कलेजको टेष्ट परीक्षामा उत्तीर्ण भई कलेज प्रिन्सिपलबाट सो उत्तीर्ण भएको प्रमाणपत्र पेश गर्नेलाई मात्र विश्वविद्यालयको प्राइभेट परीक्षामा बस्न दिइने' निर्णय तुरुन्त लागु हुनेछ भन्ने निर्णय भएकोमा सो वर्ष निर्णय भएको मिति र परीक्षा मितिमा एक वर्ष भन्दा कम समय रहन गएको हुनाले कलेजहरूले कुन कुन शर्तमा यस्ता प्राइभेट परीक्षाहरूको परीक्षा लिने हो विस्तृत स्कीम तयार हुनसमेत बाँकी भएकाले सो निर्णय सन् १९७१ को परीक्षाका निम्ति लागू गरियो ।[५१]

उल्लेख्य के देखिन्छ भने सन् १९७० सम्मको आइ.ए., आइ.कम., बी.ए., बी.कम., र बी.एल (दोस्रो भाषा) परीक्षामा अनुत्तीर्ण हुने गैर नेपाली .परीक्षार्थीहरूसमेतलाई सन् १९७१ एक वर्षका लागि मात्र पुरानो पाठ्यक्रमअनुसार परीक्षामा बस्न दिइयो ।[५२]

**परीक्षा शुल्क**

विश्वविद्यालयले पहिलो पल्ट सञ्चालन गरेको परीक्षामा परीक्षा शुल्कलगायत यस प्रकार व्यवस्था गरिएको थियो;[५३]

- सन् १९६० मा लिइने वार्षिक परीक्षाको फर्म र शुल्क सोही वर्षको फेब्रुअरी दोस्रो हप्ता भित्र पटना पठाउनु पर्ने थियो । यसका लागि आवश्यक पर्ने अन्दाजी ने.रु.१,१०,०००/- (एक लाख दश हजार) को सरकारी दरमा भा.रु.सटही गर्ने स्वीकृतिका लागि विश्वविद्यालयले श्री ५ को सरकारसँग अनुरोध गरेको थियो ।

---

५१ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १७१ ।

५२ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२७/४/१४-२०२८/३/१०) ।

५३ त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १८७, १९२, १९६, २२५, २३८-२४०, २४८-२४९, २७८, २८८, २९३-२९४, २९६, ३३२, ३३४ ।

- त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व कलेज स्तरको परीक्षा सञ्चालन प्रयोजनार्थ श्री ५ को सरकारले प्रत्येक वर्ष त्रिचन्द्र कलेजलाई केही रकम अनुदान दिँदै आएको रहेछ । आर्थिक वर्ष २०१६/०१७ सालको बजेटमा पनि सोही कामका लागि कलेजलाई ने.रु.३०,०००/- (तीस हजार) रकम छुट्याइएको थियो । तर सोही वर्षदेखि परीक्षा सम्बन्धी सबै काम त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन हुने भएकाले सो रकम विश्वविद्यालयलाई उपलब्ध गराउन श्री ५ को सरकार शिक्षा मन्त्रालयसँग अनुरोध गरियो ।

- हुनत, प्रयोगात्मक परीक्षाका लागि आवश्यक सर सामानहरू कलेजले उपलब्ध गराउनु पर्ने थियो । यद्यपि त्रिचन्द्र कलेजका विज्ञान विषयका विभिन्न विभागीय प्रमुखबाट सरसामान चाहिने फेहरिस्त तयार भएको र कलेजका प्रिन्सिपलबाट पनि त्यसलाई सिफारिस गरिएकाले त्यस वर्षको परीक्षा सञ्चालन गर्न विश्वविद्यालयले तपसिलबमोजिम रकम निकासा दिएको देखिन्छ ।

| **विभाग** | **नेरु.** | **भारु.** |
|---|---|---|
| १ केमिष्ट्री | २४४/- | १६००/- |
| २ फिजिक्स | ९११/- | १०००/- |
| ३ बोटानी | २२८/- | २००/- |
| ४ जुलोजी | ४१४/- | २५०/- |
| ५ भूगोल | ५००/- | ६००/- |
| ६ उक्त मालहरू ल्याउन | | |
| भाडा र भन्सार आदि | १००/- | ३००/- |
| जम्मा रकम रु. | २४७७/- | ३९५०/- |

## परीक्षार्थी विवरण

त्रिभुवन विश्वविद्यालयको सन् १९६० को आइ.ए., आइ.एस्सी., आइ.कम.परीक्षार्थीको परीक्षा फर्म थान ११८७ को फि दर भारु.४०/-ले

भा.रु. ४७,४८०/-

बी.कम. परीक्षा फर्म ३८८ को फि दर भारु. ५५/-ले

भा.रु. २१,३४०/-

पटना विश्वविद्यालय पठाउनु पर्ने जम्मा रकम

भा.रु. ६८,८२०/-

यो विवरणअनुसार त्यस वर्ष नेपालबाट विभिन्न विषयमा इन्टरमिडिएट तहको परीक्षामा सामेल हुने विद्यार्थी संख्या १,१८७ र स्नातक तह व्यवस्थापन विषयमा परीक्षा दिने परीक्षार्थीको संख्या ३८८ देखिन्छ । यो विवरणअनुसार स्नातक तहमा मानविकीतर्फ विद्यार्थी विवरण उल्लेख भएको पाइँदैन । परीक्षा खर्चको सन्दर्भमा पटना विश्वविद्यालयबाट आएका बाह्य परीक्षकहरूलाई बोर्डिंग, लजिङ्ग तथा सवारी भत्ता त्रिभुवन विश्वविद्यालयबाट नै दिनु पर्दथ्यो ।

## परीक्षा र पटना विश्वविद्यालय

सन् १९६० मा एम.ए.परीक्षामा सामेल हुने परीषार्थीहरू १२ जनाको भारु. १००/- का दरले जम्मा भारु. १,२००/- पटना पठाउन सटही गर्न भारु. १००/- को नेरु. १६०/- का दरले चाहिने रकम नेरु. १,९२०/- निकासा दिइएको थियो । सो रकम पटना पठाउन आवश्यक वैंकिग चार्ज भने पछि फाँटवारी पेश गरी सदर गराउने गरी निकाशा दिइएको थियो ।[५४] यो विवरणबाट सो वर्ष नेपालबाट १२ जना परीक्षार्थी एम.ए.परीक्षामा सामेल भएको देखिन्छ ।

---

[५४] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३३४ ।

फर्म तथा उत्तर पुस्तिका

सन् १९६० को एम.ए.परीक्षाको उत्तर पुस्तिका, रजिष्ट्रेसन फर्म, परीक्षा शुल्कलगायत पार्सल, पोष्ट र टेलिग्रामका माध्यमबाट पटना विश्वविद्यालयमा पठाइयो । यसका लागि भारतीय रूपैया नै पठाउनु पर्दथ्यो । त्यसैले पटना विश्वविद्यालय पठाइएको देहाएका रकमबाट विद्यार्थी संख्या तथा परीक्षा शुल्कका बारेमा जानकारी पाइन्छ ।[५५]

परीक्षार्थी तथा शुल्क

त्रिभुवन विश्वविद्यालयको सन् १९६१ को वार्षिक परीक्षाका परीक्षार्थीहरू[५६]

आइ.ए.-६७७ जना, आइ.एस्सी.-३८३ जना आइ.कम.-२६८
जम्मा- १३२८ जना

परीक्षा फि दर नेरु.६४/- जम्मा नेरु. ८४,९९२/-

बी.ए.-२८७ जना बी.एस्सी.-६३ जना तथा बी.कम.-८० जना
जम्मा-४३० जना

परीक्षा फि दर नेरु. ८८/- ले जम्मा
नेरु. ३७,८४०/- **जम्मा नेरु. १,२२,८३२/-**

जम्मा परीक्षा शुल्क मध्ये सयकडा ७० मात्र पटना विश्वविद्यालयमा पठाउनु पर्ने हुँदा उक्त नेरु. १,२२,८३२/- को सयकडा ७० ले नेरु. ८५,९८२/४० बाट भारु.सटही गरि हुन आउने सटही दर १६०/- का दरले भारु. ५३,७३९/-र सो ५३,७३९/-को पटना पठाउन वैंक वा ड्राफ्ट सटही गर्न वैंक कमिसन सयकडा /१३ (तेह्र नयाँ पैसा) ले चाहिने भारु. ६९/८६ समेत जम्मा भारु. ५३,८०८/८६ लाई सटही गर्न

[५५] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १४३ ।

[५६] त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको आदेश नं. ७/०१८ ।

चाहिने जम्मा नेरु. ८६,०९४/१८ त्रिभुवन विश्वविद्यालय कोष नं. १ बाट हिसाब नं. ३ मा ट्रान्सफर गरी उपरोक्त लेखिएबमोजिम भारु.सटही गरी वैंक ड्राफ्टसमेत सटही गरी पटना विश्वविद्यालमा पठाइएको देखिन्छ ।

सन् १९६१ को परीक्षा सम्बन्धी व्यवस्थापनका लागि रेक्टर शारदाप्रसाद उपाध्याय र एस. एस. भण्डारकरलाई पटना विश्वविद्यालयमा पठाइएको थियो ।[५७]

सोही बखत पटना विश्वविद्यालयसँग भएको वार्ताका आधारमा पटना विश्वविद्यालयले सन् १९६१ जनवरी १९ मा पठाएको पत्रमा परीक्षा शुल्क त्रिभुवन विश्वविद्यालयले उठाएर मेहनतानाका रूपमा सबै पटना विश्वविद्यालयलाई बुझाउने उल्लेख थियो । पटना विश्वविद्यालयको यो मागअनुसार त्रिभुवन विश्वविद्यालयलाई आर्थिक नोक्सानी हुने भएकाले यस सम्बन्धमा वार्ताका लागि एक पल्ट पुनः रेक्टर शारदाप्रसाद उपाध्यालाई पटना पठाइएको हो । हुनतः २०१७ साल मंसिर १६ गतेका दिन पठाएको पत्रमा त्रिभुवन विश्वविद्यालयले परीक्षा शुल्क उठाएर आवश्यक रकम मात्र पटना विश्वविद्यालयमा पठाउने उल्लेख गरेको थियो जसलाई पटना विश्वविद्यालयले अस्वीकार गरेको देखिन्छ ।[५८]

प्रयोगात्मक परीक्षा

सन् १९६० को वार्षिक प्रयोगात्मक परीक्षाका लागि परीक्षा बोर्डको सिफारिसअनुसार आशुतोस गांगुलीलाई परीक्षा केन्द्रका सुपरिन्टेन्डेन्ट नियुक्त गरिएको थियो ।

त्रिभुवन विश्वविद्यालयले परीक्षा सञ्चालन सम्बन्धमा पटना विश्वविद्यालयका कतिपय निर्णय लागू गरेको र कतिपयमा आफै व्यवस्था गरेको थियो । जस्तो इन्टरमिडिएट तहको डोमेस्टिक साइन्स प्रयोगात्मक

---

[५७] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १११ ।

[५८] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १९१ ।

परीक्षाका निम्ति पटना विश्वविद्यालयले इन्टरनल एक्जामिनर नियुक्त गरेको थियो । यसरी नियुक्त गरिएका व्यक्तिले स्वीकार नगरेकाले अर्को व्यक्ति नियुक्त गर्न पटना विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालयलाई नै अख्तियारी दिएको थियो ।

त्यस्तै बी.एस्सी. केमेष्ट्रि विषयको प्रयोगात्मक परीक्षाका लागि पटना विश्वविद्यालयले नियुक्त गरेका व्यक्ति परीक्षा लिन काठमाडौँ आउन सकेनछन् । त्यसैले पटना विश्वविद्यालयबाट वैकल्पिक रूपमा नाम दिइएको तथा त्रिचन्द्र कलेजका प्रिन्सिपलको सिफारिसमा परेका व्यक्तिलाई इन्टरनल एक्जामिनर नियुक्त गरियो ।

विश्वविद्यालयले पहिलो पल्ट सञ्चालन गरेको परीक्षाका क्रममा बी.ए.र बी.एस्सी.परीक्षाको गणित तेस्रो पत्रको 'एष्ट्रोनोमि' विषयबाट एउटा पनि प्रश्न नपरेकाले रजिष्ट्रारबाट पटना विश्वविद्यालयका रजिष्ट्रारलाई परीक्षार्थीहरूको मर्का उपर उचीत विचार गर्न अनुरोध गरिएको थियो । यद्यपि यस सम्बन्धमा के कस्तो व्यवस्था गरियो भन्ने स्पष्ट छैन ।

त्रिभुवन विश्वविद्यालयको सन् १९६१ को आइ.ए., आइ.एस्सी., आइ.कम., बी.ए., बी.एस्सी., बी.कम.परीक्षाको परीक्षाफलहरू परीक्षा बोर्डबाट सिफारिस भएपछि उपकुलपतिको आदेशअनुसार प्रकाशित गरिएको थियो ।[५९]

दोस्रो वर्षको परीक्षा

विश्वविद्यालय कमिटीले २०१६ सालदेखि पठन पाठन कार्य थालनी गरी अर्को वर्ष अर्थात् २०१७ सालमा पहिलो पल्ट परीक्षा लिएको थियो । यद्यपि यो परीक्षा सञ्चालन गर्ने काम त्रिभुवन विश्वविद्यालयले गरे तापनि सम्पूर्ण व्यवस्थापन पटना विश्वविद्यालबाट भएको कुरा माथि परिसकेको छ । यद्यपि दोस्रो वर्षमा सञ्चालन गरिने परीक्षाको सम्पूर्ण

[५९] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २५२ ।

व्यवस्था भने त्रिभुवन विश्वविद्यालयले नै गर्ने तथा यस क्रममा आवश्यक बन्दोबस्त, नियमलगायतको योजना तर्जुमा गर्ने दायित्व भने विश्वविद्यालयले पोष्ट ग्राजुएट अध्ययन काउन्सिललाई सुम्पिएको थियो ।[६०] सैद्धान्तिक रूपमा परीक्षा विश्वविद्यालयले नै सञ्चालन गर्ने निर्णय गरिएको भए तापनि पहिलो वर्षको परिपाटीलाई नै अवलम्बन गरियो । यस क्रममा उक्त काउन्सिलले दोस्रो वर्षमा सञ्चालन गर्ने परीक्षाको तयारी यस प्रकार गरेको देखिन्छ;[६१]

- कमर्स, नेपाली तथा नेपाल भाषा बाहेक अरू सबै विषयमा पटना विश्वविद्यालयका पेपर सेटरहरूलाई नै पेपर सेट गर्न दिइने भएकाले सो विश्वविद्यालयबाट यथाशीघ्र पेपर सेटर तथा एक्जामिनर झिकाउने,
- कमर्स परीक्षाका लागि कलकत्ता वा वनारस विश्वविद्यालय वा अरू कुनै विश्वविद्यालयका पेपर सेटरहरूलाई पेपर सेट गर्न दिने । यस सम्बन्धमा इन्डियन एड मिसनका एस.एस. भण्डारकरसँग सल्लाह लिने,
- आए.ए., आइ.एस्सी., आइ.कम., बी.ए., बी.एस्सी. र बी.कम.को परीक्षा सन् १९६१ को मार्च महिनाको तेस्रो हप्ताको सोमबारदेखि शुरु गर्ने,
- त्यस वर्ष पनि साबिकबमोजिम काठमाडौँमा मात्र परीक्षा केन्द्र राख्ने तथा
- आए.ए., आइ.एस्सी., आइ.कम., बी.ए., बी.एस्सी. र बी.कम.को परीक्षा शुल्क गत साल पटना विश्वविद्यालयले लिएको शुल्क ने.रु.१६०/- का दरले नै लिने ।

[६०] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ९ ।

[६१] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ५६ ।

## बी.एड. तह

जहाँसम्म कलेज अफ एजुकेसनले सञ्चालन गर्ने २०१६ सालको परीक्षाको सन्दर्भ हो, विश्वविद्यालय स्थापना भइसकेकाले कलेज अफ एजुकेसनलाई डिग्री प्रदान गर्न दिने व्यवस्था थिएन । यद्यपि त्रिभुवन विश्वविद्यालयले यसका लागि आवश्यक तयारी गर्न नभ्याएकाले त्यस बखतसम्मलाई साविकबमोजिम विद्यार्थीहरूको जाँच लिई सम्बन्धित अधिकारीबाट जो चाहिने जाँच पास भएको सर्टिफिकेट दिने गरी काम चलाउन कलेज अफ एजुकेसनलाई अख्तियारी दिइयो ।[६२]

यसै सन्दर्भमा सो वर्ष कलेज अफ एजुकेसनको फाइनल परीक्षाहरूमा सम्मिलित हुने विद्यार्थीको शिक्षण कार्य, प्रशिक्षण र परीक्षाको व्यवस्था साविकबमोजिम सञ्चालन गर्न विश्वविद्यालयले स्वीकृति दिएको थियो । परीक्षामा उत्तीर्ण भएर उपाधी (डिग्री) का लागि योग्य ठहरिएका विद्यार्थीलाई विश्वविद्यालयले डिग्री प्रदान गर्न नमिल्ने तथा सोको स्वीकृति दिन पनि परिनियम, अधिनियम आदि तयार भइसकेको थिएन । त्यसैले त्यस्ता परिनियम, अधिनियम आदि तयार नभएसम्मलाई साविकबमोजिम परीक्षा लिइ उत्तीर्ण भएका ११ जना विद्यार्थीलाई बी.एड.डिग्रीका लागि योग्य छन् भन्नेसम्मको प्रमाणपत्र दिइएको थियो । विश्वविद्यालय परिनियम तथा अधिनियम तयार भएपछि त्रिभुवन विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहमा डिग्री प्रदान गरिने निर्णय भएको थियो ।[६३]

विश्वविद्यालयले सन् १९६० को बी.एड.परीक्षा कलेज अफ एजुकेसनबाट पेश गरेको पाठ्यक्रमकै आधारमा लिने निर्णय गरेको थियो । सो परीक्षा सञ्चालन गर्न आवश्यक पर्ने सबै कार्य विश्वविद्यालयको परीक्षा बोर्डद्वारा गरियो । परीक्षाका लागि आवश्यक पेपर सेटरहरू र

---

[६२] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २१, २५ ।

[६३] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १८५ ।

परीक्षकहरूलाई नियुक्ति गर्ने अधिकार पनि सोही परीक्षा बोर्डलाई दिइयो । स्मरणीय के छ भने बी.एड.पठन पाठन विश्वविद्यालय कलेजमा नभएर कलेज अफ एजुकेसनमा हुने गर्दथ्यो ।

विश्वविद्यालयले पहिलो वर्षमा नै बी.एड.परीक्षा सञ्चालनको व्यवस्था गरेको थियो । यस क्रममा सन् १९६० को बी.एड.परीक्षाको मार्क टेबुलेट गर्न रेक्टरले आफ्नो तजबिजबाट टेबुलेटर नियुक्त गरेर उनीहरूलाई पटना विश्वविद्यालयको आधारमा मेहनतानासमेत दिइएको थियो ।[६४]

## सप्लिमेन्टरी परीक्षा

त्रिभुवन विश्वविद्यालयको अनुमति र श्री ५ को सरकारको स्वीकृति बिना नेपाल अधिराज्य भित्रका कुनै शैक्षिक संस्थाले विदेशी विश्वविद्यालयबाट कुनै पनि सुविधा प्राप्त गर्ने प्रयत्न गर्न वा विदेशी विश्वविद्यालसँग कुनै प्रकारको सम्बन्ध राख्न हुँदैन भन्ने कुरा ऐनमा स्पष्ट उल्लेख गरिएको थियो ।

यस्तो व्यवस्था गरिए तापनि २०१६ साल साउन ११ गते शुक्रवारका दिन उपकुलपतिको आदेशानुसार पटना विश्वविद्यालय, संस्कृत महाविद्यालय वनारस विश्वविद्यालय र विहार विश्वविद्यालयको सन् १९५९ को सप्लिमेन्टरी परीक्षाहरूका परीक्षार्थीको शिक्षण कार्य प्रशिक्षण र परीक्षाको व्यवस्था साविकबमोजिम गर्नका लागि विश्वविद्यालयले स्वीकृति दिएको थियो ।[६५] यो स्वीकृतिसँगै उल्लिखित भारतीय विश्वविद्यालयसँग सम्बद्ध नेपाली विद्यार्थीले तिनैबाट परीक्षा दिन पाउने भए ।

---

६४ त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ८१ ।

६५ त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १९४ ।

## संस्कृत एवम् एम.एड. परीक्षार्थी

२०२५ साल फागुन २ गतेदेखि संस्कृत र २०२५ साल फागुन १७ देखि एम.एड.को परीक्षा प्रारम्भ गरिएको थियो । परीक्षामा देहायको संख्यामा परीक्षार्थी संलग्न भएको देखिन्छ ।[६६]

उत्तर मध्यमा प्रथम खण्डदेखि विशिष्ट शास्त्री दोस्रो खण्डसम्मका परीक्षा केन्द्रहरू- काठमाडौँ, दाङ, धरान र जनकपुर ।

जम्मा परीक्षार्थी संख्या-३३६

एम.एड.परीक्षाको केन्द्र भने काठमाडौँमा मात्र राखियो जसमध्ये प्रथम खण्डमा ३ तथा द्वितीय खण्डमा २ जनासमेत जम्मा परीक्षार्थी संख्या ५ रहेको थियो ।

## परीक्षार्थी संख्या

मुलुकभर सञ्चालनमा रहेका कलेज तथा विश्वविद्यालय कलेजमा अध्ययनरत विद्यार्थी संख्याको छुट्टाछुट्टै विवरण नपाइने भएकाले तिनको एकिन संख्या थाहा पाइएको छैन । यति भए तापनि विश्वविद्यालयले विभिन्न वर्षमा सञ्चालन गरेकामध्ये कतिपय परीक्षाका लागि फर्म भर्ने र परीक्षा दिने विद्यार्थी संख्या फेला परेकाले त्यसबाटसमेत विभिन्न तहमा कूल विद्यार्थी संख्याका बारेमा जानकारी पाउन सकिने भएकाले उदाहरणका रूपमा यहाँ केही विवरण दिइएको छ ।

सन् १९६७ (२०२४/०२५ साल) को परीक्षार्थी विवरण;[६७]

| परीक्षा | फर्म भर्नेको संख्या | परीक्षा दिनेको संख्या |
|---|---|---|
| आइ.ए. | २०७२ | १९४१ |
| आइ.एस्सी. | ७७० | ७६० |
| आइ.कम. | १०९६ | १०५६ |

[६६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-७, २०२५ साल फागुन, पृ. ६ ।

[६७] त्रिभुवन विश्वविद्यालय, नवौं वार्षिक प्रतिवेदन २०२४/०२५ ।

| | | |
|---|---|---|
| बी.ए. | १२३१ | १०६८ |
| बी.एस्सी. | १८६ | १८५ |
| बी.कम. | ३०६ | २६९ |
| बी.एड. | ४० | ४० |
| बी.एल | ३९ | ३९ |

एम.ए./एम.एस्सी.

| | | |
|---|---|---|
| रसायन शास्त्र | १२ | १२ |
| भौतिक शास्त्र | ५ | ५ |
| जीव शास्त्र | ३ | ३ |
| बनस्पति शास्त्र | ८ | ८ |
| गणित | ५ | ३ |
| वाणिज्य | ४३ | ४० |
| राजनीति शास्त्र | ४६ | ४१ |
| इतिहास | १४ | १४ |
| अर्थशास्त्र | ४७ | ४२ |
| अंग्रेजी | २९ | २६ |
| नेपाली | २८ | २५ |
| संस्कृत | ३ | ३ |
| भूगोल | ४ | ४ |
| हिन्दी | ५ | ५ |
| संस्कृति | ३ | ३ |

त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित स्नातकोत्तर तहमा कला, वाणिज्य र विज्ञान (गणित) संकायअन्तर्गत विभिन्न विषयमा २०२५ कार्तिक २७ देखि काठमाडौँमा प्रारम्भ गरिएको परीक्षामा संलग्न परीक्षार्थी विवरण;[६८]

| **संकाय** | **विषय** | **प्रथम** | **द्वितीय** | **दुवैखण्ड** | | **जम्मा संख्या** |
|---|---|---|---|---|---|---|
| वाणिज्य | वाणिज्य | ५४ | ४३ | २ | | ९९ |
| कला | अर्थशास्त्र | ८७ | ४१ | १० | | १३७ |
| | हिन्दी | ६ | ६ | २ | | १४ |
| | इतिहास | ११ | ७ | ४ | | २२ |
| | संस्कृति | ४ | ६ | ० | | १० |
| | संस्कृत | ४ | ३ | १ | | ८ |
| | अंग्रेजी | ५० | १८ | ४९ | | ११७ |
| | नेपाली | ३९ | २२ | ८ | | ६९ |
| | राजनीतिशास्त्र | ६४ | ५० | १० | | १२४ |
| | भूगोल | ९ | ११ | ० | | २० |
| विज्ञान | गणित | | ८ | ४ | २ | १४ |
| जम्मा | | ३३६ | २११ | ८८ | | ६३५ |

यी परीक्षार्थीमध्ये रेगुलर (नियमित) र प्राइभेट (वैयक्तिक) का संख्या निम्न रह्यो ।

---

६८ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-३, २०२५ साल कार्तिक, पृ. ८ ।

| **प्रथमखण्ड** | | **द्वितीयखण्ड** | **दुवैखण्ड** | **जम्मा संख्या** |
|---|---|---|---|---|
| रेगुलर | १८८ | १३४ | ० | ३२२ |
| प्राइभेट | १४७ | ७४ | ९२ | ३१३ |
| जम्मा | | | | ६३५ |

परीक्षा केन्द्र

२०२० (सन् १९६४) देखि संस्कृत परीक्षातर्फ जनकपुरमा नयाँ परीक्षा केन्द्र खोली परीक्षार्थीहरूलाई सुविधा दिइयो । यस्तै दाङ केन्द्रमा अघिदेखि मध्यमासम्मको परीक्षा लिने गरेकोमा २०२० सालदेखि शास्त्रीसम्मको परीक्षा लिइयो । अङ्ग्रेजी परीक्षातर्फ मोरङ कलेजमा साइन्स प्राक्टिकल परीक्षाको केन्द्र स्थापना गरी सो क्षेत्रका परीक्षार्थीलाई सुविधा दिइयो ।[६९]

## परीक्षा सम्बन्धी नयाँ व्यवस्था

सञ्चालनको सातौँ वर्षमा आइपुग्दा विश्वविद्यालयले परीक्षाका सम्बन्धमा केही नयाँ व्यवस्था गरेको थियो । यस क्रममा विद्यार्थी संख्याको वृद्धिसँगै २०२३ सालमा काठमाडौँमा ७ वटा र २०२४ सालमा ९ वटा परीक्षा केन्द्रहरू निर्धारण गरियो । २०२३ सालसम्म काठमाडौँ उपत्यका बाहिर नेपालगञ्ज, वीरगञ्ज र विराटनगरमा १/१ का दरले जम्मा तीन वटा मात्र परीक्षा केन्द्रहरू सञ्चालन गरिएका थिए । अर्को वर्ष अर्थात् २०२४ सालमा पोखरामा पनि एउटा परीक्षा केन्द्र खोलियो । भारतीय सीमाना नजिक पर्ने नेपालगञ्ज परीक्षा केन्द्रमा भारतीय परीक्षार्थीहरूबाट परीक्षालाई दुषित गर्ने प्रयास गरेकाले २०२४ सालदेखि सबै प्राइभेट परीक्षार्थीलाई काठमाडौँ परीक्षा केन्द्रमा सम्मिलित गराइने एक वर्ष पहिले नै तय भएको थियो ।[७०]

[६९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२०/४/२०-२०२१/३/३१)

[७०] त्रिभुवन विश्वविद्यालय, नवौं वार्षिक प्रतिवेदन २०२४/०२५, पृ. २५ ।

परीक्षा सञ्चालनमा सहजता ल्याउनका लागि विश्वविद्यालयले प्राइभेट तथा नियमित विद्यार्थीहरूको परीक्षा छुट्टाछुट्टै लिने व्यवस्था मिलाएको थियो । यो नयाँ प्रणालीअनुसार आइ.ए., बी.ए., आइ.कम., बी.कम. तहको परीक्षा २०२६ साल पौष ६ गतेदेखि काठमाडौँ, विराटनगर र पाल्पा तानसेन केन्द्रहरूमा सञ्चालित गरिएका थिए । ती कला र वाणिज्यको इन्टर तथा व्याचलरका परीक्षाहरूमा सम्मिलित हुन २०७८ जना प्राइभेट परीक्षार्थीहरूलाई अनुमति प्रदान गरिए तापनि आइ.ए.मा १०७३, बी.ए.मा ७७३, आइ.कम.मा १४६ र बी.कम.मा ८६ जना परीक्षार्थीले आवेदन दिएका थिए ।

त्रिभुवन विश्वविद्यालयबाट अपनाइएको परीक्षा प्रणालीको नयाँ व्यवस्थाअनुसार २०२६ सालको इन्टरमिडिएट तथा व्याचलर तहको दोस्रो चरणका परीक्षाहरू माघ १६ देखि विभिन्न केन्द्रहरूमा शुरु गरिएका थिए । इन्टर तथा स्नातकको कला, वाणिज्य र विज्ञानका परीक्षाहरू उपत्यका भित्र ११ (काठमाडौँ ९, ललितपुर १ र भक्तपुर १) तथा पाल्पा, पोखरा, नेपालगञ्ज, वीरगञ्ज, जनकपुर, विराटनगर, धनकुटा, धरान, इलाम, राजविराजसमेत २१ केन्द्रहरूमा सञ्चालन गरियो ।

यस चरणका परीक्षाहरूमा सम्मिलित हुने नियमित परीक्षार्थीहरू यस प्रकार देखिन्छन्;

| | | |
|---|---|---|
| आइ.ए.-३००४ | बी.ए.- १००९ | आइ.एस्सी.-१०६८ |
| बी.एस्सी.-३१५ | आइ.कम.-१३७६ | बी.कम.-४१० |

सुरुआतका निम्ति स्नातकोत्तर परीक्षाहरूमा २० प्रतिशत अङ्क एसेसमेन्टको लागि राखियो । त्यस्तै अब एउटा उच्चस्तरीय कमिटी गठन गरी परीक्षा प्रणालीमा सम्भव हुनसक्ने सुधारहरू ल्याउन विश्वविद्यालयले योजना बनाएको थियो ।[७१]

विश्वविद्यालयबाट लिइने इन्टरमिडीयट तथा व्याचलर परीक्षामा कला, वाणिज्य तथा विज्ञानमा सामेल हुने परीक्षार्थी प्रतिवर्ष बढ्दै जानु

[७१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२५/४/२१-२०२६/३/३१) ।

स्वाभाविकै हो । विद्यार्थी संख्या वृद्धिको अनुपातमा भौतिक सुविधा वृद्धि हुन नसकेकाले परीक्षा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अप्ठेरो परेको थियो । सोही परिवेशमा २०२६ सालको  इन्टरमीडियट र व्याचलर तहका सबै परीक्षाहरू तीन पटक गरी सञ्चालन गरिएको हो । यसअनुसार वैयक्तिक (प्राइभेट) परीक्षार्थीका लागि २०२६ साल पौष ६ गतेदेखि, नियमित (कलेजियट) परीक्षार्थीका लागि २०२६ साल माघ १६ गतेदेखि र कारणवश यी दुवै परीक्षामा सामेल हुन नसक्ने वैयक्तिक एवम् नियमित परीक्षार्थीका लागि पुनः २०२७ साल जेठ महिनामा परीक्षा लिइने व्यवस्था गरियो । साथै अनर्सको परीक्षा माघ ५ गतेदेखि चालु गर्ने व्यवस्था मिलाइयो । नियमित परीक्षार्थीको सुविधाका लागि कलेजको पायक पर्ने स्थानलाई परीक्षा केन्द्र बनाइयो । गत वर्ष काठमाडौँ, पोखरा, वीरगञ्ज, नेपालगञ्ज र विराटनगरमा मात्र परीक्षा केन्द्र सञ्चालन गरिएकोमा त्यस वर्ष धरान, जनकपुर, राजविराज, इलाम, पाल्पामा पनि परीक्षा केन्द्र थप गरियो । वैयक्तिक परीक्षार्थीहरू (नेपाली) का लागि परीक्षा केन्द्र काठमाडौँ, विराटनगर र पाल्पा तानसेन तथा नेपाल अधिराज्य बाहिरका परीक्षार्थीलाई भने काठमाडौँमा मात्र परीक्षा केन्द्र तोकियो ।

काठमाडौँ उपत्यकाभित्रका सबै कलेजहरूको परीक्षा केन्द्र काठमाडौँमा तथा काठमाडौँ बाहिरका १६ कलेजहरूलाई निम्न ९ केन्द्रमा बिभाजन गरियो ।[७२]

| **परीक्षा केन्द्र** | **परीक्षामा संलग्न हुनु पर्ने कलेजहरू** |
|---|---|
| विराटनगर केन्द्र | महेन्द्र मोरङ कलेज-विराटनगर |
| वीरगञ्ज केन्द्र | ठाकुरराम कलेज-वीरगञ्ज; वीरेन्द्र इन्टर कलेज-भरतपुर |
| धरान केन्द्र | महेन्द्र कलेज-धरान; धनकुटा कलेज-धनकुटा; वीरेन्द्र इन्टर कलेज-चुहानडाँडा |

---

[७२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-३ अङ्क-२,३, २०२६ साल असोज, कार्तिक, पृ ६ ।

| | |
|---|---|
| राजविराज केन्द्र | महेन्द्र विन्देश्वरी कलेज-राजविराज |
| पाल्पा केन्द्र | त्रिभुवन कलेज-तानसेन |
| नेपालगञ्ज केन्द्र | श्री ५ महेन्द्र कलेज- नेपालगञ्ज; डोटी कलेज-डोटी; म.वि.वि.शाह कलेज-दाङ |
| पोखरा केन्द्र | पृथ्वीनारायण कलेज-पोखरा; लमजुङ कलेज-कुन्छा |
| जनकपुर केन्द्र | रामस्वरूप रामसागर कलेज-जनकपुरधाम |
| इलाम केन्द्र | महेन्द्ररत्न महाविद्यालय-इलाम; मेची महाविद्यालय-झापा |

उल्लेख्य के देखिन्छ भने कलेजका सञ्चालक समिति तथा विद्यार्थीहरूले पोखरा तथा इलाममा केन्द्र रहेमा परीक्षा शान्तिपूर्वक चलाउन सहयोग गर्ने लिखित आवश्वासन दिएकोले नै विश्वविद्यालयले ती दुई ठाउँमा परीक्षा केन्द्र राखिदिएको रहेछ ।[७३]

विश्वविद्यालयमा परीक्षा पद्धतिलाई समय सापेक्ष बनाउनु पर्ने सन्दर्भमा श्री ५ को सरकारको पनि विशेष जोड देखिन्छ । सरकारले चौथो योजनाबाट साधारणतया विद्यार्थीहरू जसरी भए पनि परीक्षा उत्तिर्ण गर्ने मात्र उद्देश्य लिने गरेकाले शिक्षाको मूल उद्देश्य नै पुरा नहुने परिवेशमा विद्यमान परीक्षा प्रणालीमा नै सुधार गर्नु पर्ने अवस्था आएको महशुस गरी यस क्रममा लघुकालीन र दीर्घकालीन कार्यक्रमहरू बनाई सोहीअनुसार परीक्षा प्रणालीमा सुधार गर्दै लैजाने कार्यक्रम बनाइयो । यस कार्यक्रमअन्तर्गत उन्नत प्रश्नपत्रहरूको विकास, उपयुक्त परीक्षा सञ्चालन गर्ने तरीकाको अवलम्बन र आधुनिक एवम् वैज्ञानिक तरीकाको मूल्याङ्कन

[७३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ४६ ।

पद्धति अपनाउने किसिमबाट परीक्षा नियन्त्रण कार्यालयलाई आवश्यक प्रबन्ध गर्न सहयोग गर्ने नीति लिइयो ।[७४]

## परीक्षार्थी विवरण

२०२६ सालमा पहिलो पल्ट सञ्चालन गरिएको तीन चरणको परीक्षामा संलग्न भएका परीक्षार्थी यस प्रकार देखिन्छ;[७५]

| | **पुस** | **माघ** | **ज्येष्ठ** |
|---|---|---|---|
| **आइ.ए.** | | | |
| फारम भर्ने | १३७५ | ३००५ | २४५८ |
| परीक्षामा सम्मिलित | ७८४ | २७१९ | १६४५ |
| अनुपस्थित | ८१४ | २८६ | ८१३ |
| उत्तीर्ण | २१६ | २४४ | २२८ |
| उत्तीर्ण प्रतिशत | २८.९५ | ८.२३ | १३.८८ |
| **बी.ए.** | | | |
| फारम भर्ने | ८४३ | १००९ | १४९८ |
| परीक्षामा सम्मिलित | ४०२ | ८७३ | ८८० |
| अनुपस्थित | ४११ | १३६ | ६१८ |
| उत्तीर्ण | १०० | २१० | १४१ |
| उत्तीर्ण प्रतिशत | २४.८७ | २४.०० | १६.०० |

[७४] श्री ५ को सरकार, *चौथो योजना २०२७-२०३२,* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०२७, पृ. २८४ ।

[७५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४, अङ्क-२,३, २०२७ साल असोज, कार्तिक, पृ. ८, ९ ।

| | | | |
|---|---|---|---|
| **आई.कम** | | | |
| फर्म भर्ने | १७७ | १३७६ | ६४४ |
| परीक्षामा सम्मिलित | १३१ | १३०० | ४८७ |
| अनुपस्थित | ४६ | ७६ | १५७ |
| उत्तीर्ण | ३९ | १४० | ७३ |
| उत्तीर्ण प्रतिशत | २९.९ | १०.७ (?) | १४.९८ |
| **बी.कम.** | | | |
| फर्म भर्ने | ९१ | ४१० | ४५९ |
| परीक्षामा सम्मिलित | ४५ | ३४७ | २९९ |
| अनुपस्थित | ४६ | ६३ | १६० |
| उत्तीर्ण | ५ | १०९ | ४१ |
| उत्तीर्ण प्रतिशत | ११.११ | ३१.४ | १३.७ |
| **आई.एस्सी** | | | |
| फर्म भर्ने | | १०६८ | १२७ |
| परीक्षामा सम्मिलित | | ८९४ | ५१ |
| अनुपस्थित | | १७४ | ७६ |
| उत्तीर्ण | | ३३९ | ८ |
| उत्तीर्ण प्रतिशत | | ३७.९१ | १५.६७ |
| **बी.एस्सी.** | | | |
| फर्म भर्ने | | ३१५ | ८२ |
| परीक्षामा सम्मिलित | | १०० | ३५ |
| अनुपस्थित | | २१५ | ४७ |

| | | |
|---|---|---|
| उत्तीर्ण | ७४ | १८ |
| उत्तीर्ण प्रतिशत | ७४.०० | ५१.४२ |

तेस्रो चरणको परीक्षा

२०२७ साल जेठ २५ गतेदेखि काठमाडौँ उपत्यकामा र विराटनगरसमेतका विभिन्न केन्द्रहरूमा सम्मिलित हुने कलेजियट र प्राइभेट सम्पूर्ण परीक्षार्थीहरूको संख्या यस प्रकार रह्यो;[७६]

| | |
|---|---|
| आइ.ए. | २४५० |
| बी.ए. | १४८० |
| आइ.कम. | ६६० |
| बी.कम. | ४६० |
| आइ.एस्सी. | १३० |
| बी.एस्सी. | ८५ |

स्मरण रहोस् २०२६ साल पौष र माघ महिनामा लिइएको परीक्षामा कारणवश सम्मिलित हुन नसकेका परीक्षार्थीहरूका लागि २०२७ जेठ महिनामा परीक्षा लिइएको थियो ।

त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित २०२६ सालको विज्ञानतर्फको स्नातकोत्तर परीक्षा (एम.एस्सी.) विश्वविद्यालय स्मृति भवन (कीर्तिपुर) मा सञ्चालन गरिएको थियो । भौतिकशास्त्र, रसायनशास्त्र, वनस्पतिशास्त्र र प्राणिशास्त्र गरी विभिन्न चार विशुद्ध विज्ञान विषयमा जम्मा ७३ जना विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित हुन अनुमति दिइएको

---

७६ *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-३, अङ्क-१०, २०२७ साल जेठ, पृ. ८, ९ ।

थियो । यसमा रसायनशास्त्र छैठौं वर्ष र भौतिकशास्त्र छैठौं वर्षका विद्यार्थीहरू समावेश गरिएको थिएन ।[७७]

नयाँ शिक्षा योजनाको पूर्वसन्ध्या अर्थात् २०२८ साल माघ महिनामा सञ्चालित एम.ए.र एम.कम.को प्रथम, द्वितीय तथा दुवै खण्डका परीक्षाहरूको साथै २०२८ साल फागुन महिनामा लिइएको एम.एस्सी. प्रथम खण्ड र वैशाखमा लिइएको एम.एस्सी.द्वितीय खण्डको परीक्षाको प्रकाशित परिणाम निम्न प्रकार रह्यो:[७८]

| **विषय** | **प्रथम खण्ड** | **द्वितीय खण्ड** | **दुवै** |
|---|---|---|---|
| १ नेपाली | ३४ | ४६ | ३ |
| २ संस्कृति | ५ | ८ | १ |
| ३ संस्कृत | ३ | ३ | १ |
| ४ अंग्रेजी | ८ | १५ | १ |
| ५ वाणिज्य | ८१ | ८१ | २ |
| ६ भूगोल | ५ | ५ | ० |
| ७ अर्थशास्त्र | ५७ | ६० | ३ |
| ८ इतिहास | १४ | १९ | ६ |
| ९ हिन्दी | ३ | ० | १ |
| १० राजनीतिशास्त्र | ४४ | ३४ | ४ |
| ११ गणित | १३ | १६ | ० |
| १ रसायनशास्त्र | १५ | १३ | |

[७७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-३, अङ्क-५,६, २०२६ साल पौष, माघ, पृ.२,५-६ ।

[७८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-१०, २०२९ साल जेठ, पृ. ४-५ ।

| | | | |
|---|---|---|---|
| २ वनस्पतिशास्त्र | ९ | ६ | |
| ३ प्राणीशास्त्र | ६ | १२ | |
| ४ भौतिकशास्त्र | ९ | ८ | |

२०२८ साल भदौ र माघ महिनामा विश्वविद्यालयबाट सञ्चालित आचार्य परीक्षाको परिणाम;

| | | | |
|---|---|---|---|
| १ साहित्याचार्य | १ | १ | |
| २ पूर्व मीमांसा | १ | १ | |
| ३ शुक्ल यजुर्वेद | १ | २ | |
| ४ नव्य व्याकरण | २ | | |
| ५ साहित्य | २ | २ | १ |
| ६ इतिहास पुराण | ३ | ३ | |
| ७ दर्शन | १ | | |
| ८ धर्मशास्त्र | २ | १ | |
| ९ सिद्धान्त ज्यातिष | ४ | १ | |
| १० प्राचीन न्याय वैयाकरण | | १ | |
| ११ साँख्य योग | | १ | |
| १२ नब्य न्याय | | १ | |

माथिका विवरणहरूबाट नयाँ शिक्षा योजना लागू हुनु भन्दा अगाडि विश्वविद्यालय कलेजमा सामाजिक विज्ञानका ११, विज्ञानका ४ तथा आचार्य विषयमा १२ विषयमा पठन पाठन हुँदै आएको तथा पछिल्लो समयमा ती विषयमा विद्यार्थी/परीक्षार्थी संख्या के कस्तो रहेछ भन्ने जानकारी प्राप्त गर्न मद्दत् मिल्ने देखिन्छ ।

**परीक्षा सम्बन्धी विविध**

त्रिभुवन विश्वविद्यालयले स्थापनादेखि 'राष्ट्रिय शिक्षा पद्धतिको योजना' पूर्व परीक्षा सञ्चालनका सम्बन्धमा चालेका कदम एवम् व्यवस्थापनका विविध पक्षलाई यहाँ दिइएको छ । यसबाट विश्वविद्यालयको परीक्षासँग सम्बद्ध पक्षहरूका बारेमा प्रकाशमा नआएका सन्दर्भमा जानकारी मिल्न सक्दछ ।

रिटोटलिङ

सन् १९६१ को सप्लिमेन्टरी बी.ए. परीक्षामा अनुत्तीर्ण हुने नेपाल नेशनल कलेजका एक जना (मदनदेव भट्टराई) र सोही वर्षको आइ.एस्सी.परीक्षामा अनुत्तीर्ण हुने त्रिचन्द्र कलेजका एक जना (सुश्री दान प्रभा तुलाधर) दुवैले अनुत्तीर्ण भएको भर्नाकुलर नेपाली विषयको उत्तर कपीमा मार्क रिटोटलिङ गराउन नियमअनुसार आवेदन दिएका रहेछन् । त्यस बखत ती कापीहरू विश्वविद्यालयमा नै रहेकाले सोही वर्षको सप्लिमेन्टरी परीक्षासम्म काम गर्न गठन भएको परीक्षा बोर्डबाट नै ती कपीहरू रिटोटलिङ गराउने व्यवस्थ मिलाइएको थियो ।[७९] त्रिभुवन विश्वविद्यालयको परीक्षा सम्बन्धी इतिहासमा रिटोटलिङको यो पहिलो घटना थियो । यसबाट विश्वविद्यालयले परीक्षा सञ्चालनको थालनीदेखि नै परीक्षार्थीलाई नियमानुसार रिटोटलिङको सुविधा दिएको देखिन्छ ।

विश्वविद्यालयको सन् १९६२ को वार्षिक परीक्षामा सामेल हुन निवेदन दिनेहरूमध्ये कलेजबाट सेन्ट अप भएर चार वर्ष भित्र तीन पटक फेल भइसकेका परीक्षार्थीको फर्म अस्वीकृत गरी फिर्ता पठाइ दिने निर्णय गरिएको थियो ।[८०] यसबाट सेन्ट अप परीक्षामा नै लगातार असफल

---

[७९] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १५८ ।

[८०] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १६० ।

भएका विद्यार्थी विश्वविद्यालयको परीक्षामा संलग्न हुन नपाउने व्यवस्था गरिएको स्पष्ट हुन्छ ।

प्रश्न पत्र तथा उत्तर पुस्तिका

सन् १९६१ का परीक्षाहरूमा पटना विश्वविद्यालयमा नभएका बी.ए.तहको डोमेस्टिक साइन्स र आइ.ए.तहको नेवारी विषयको पश्नपत्र त्रिभुवन विश्वविद्यालयबाट नै बनाइएको थियो । यसरी प्रश्न पत्र बनाउने शिक्षकलाई विश्वविद्यालयलबाट नै प्रचलित अधिनियमअनुसार मेहनताना दिने व्यवस्था मिलाइएको थियो ।[८१] यो निर्णयसँगै अन्य विषय अर्थात् पटना विश्वविद्यालयको पाठ्यक्रममा मिल्ने विषयको प्रश्नपत्र भने पटनाबाट नै बनाइने गर्दथ्यो ।

विश्वविद्यालय स्थापनाको तेस्रो वर्षमा आइपुग्दा हरेक परीक्षाको प्रथम श्रेणीमा प्रथम हुने परीक्षार्थीको उत्तर पुस्तिका यथाशक्य सदाका निम्ति सुरक्षित राख्ने तथा अन्य परीक्षार्थीको उत्तर पुस्तिका भने अर्को वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नहुन्जेल सुरक्षित राख्ने व्यवस्था मिलाइएको थियो ।[८२] परीक्षाफल घोषित भएपछि भने तीन महिनासम्म उत्तर पुस्तिका सुरक्षित राख्ने र तीन महिना नाघेमा सकभर त्यसको गोप्यता कायम राखि बिक्री गरिदिने र त्यसो हुन नसकेमा त्यसलाई पोली धुल्याई दिनु पर्ने भयो ।[८३]

मुलुकभर सञ्चालनमा रहेका परीक्षा केन्द्रबाट उत्तर पुस्तिकाहरू काठमाडौँमा जम्मा गरिन्थ्यो । त्यसपछिमात्र तिनलाई परीक्षणका लागि परीक्षककहाँ पठाउने व्यवस्था थियो । यो व्यवस्थाबाट काठमाडौँ उपत्यका भित्रका परीक्षा केन्द्रका उत्तर पुस्तिका समयमा नै परीक्षकहरू कहाँ

---

[८१] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १२ ।

[८२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०१९/४/१४-२०२०/३/९) ।

[८३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १०२ ।

पठाउने गरिएको थियो भने उपत्यका बाहिरका उत्तर पुस्तिकाहरू विश्वविद्यालयमा झिकाई सोझै परीक्षकहरूकहाँ जाँच्न पाठाउनु पर्ने भएकाले परीक्षाफल प्रकाशनमा अपेक्षकृत समय लाग्ने गरेको देखिन्छ ।

परीक्षाको माध्यम

सन् १९६२ सम्म परीक्षाको माध्यम पहिलेदेखि चलनमा रहेको अङ्ग्रेजी र हिन्दी भाषामात्र राखिएको थियो ।[८४] अर्को वर्ष सन् १९६३ देखि भने परीक्षाको माध्यम नेपाली र अङ्ग्रेजी मात्र राखियो ।[८५] यो व्यवस्थालाई विश्वविद्यालयले निरन्तरता दिएको पाइन्छ ।

वर्षमा एउटामात्र परीक्षा

विश्वविद्यालयले आइ.ए.वा सो सरह र बी.ए.वा सो सरहका एक भन्दा बढी परीक्षा एकै वर्षमा दिन नपाइने नीति लिएको थियो । यो सन्दर्भ २०१९ सालतिरको हो ।[८६]

महिला परीक्षार्थी

विश्वविद्यालयले महिलालाई उच्च शिक्षामा केही सहज पहुँच बनाउने प्रयास गरेको देखिन्छ । यसै सन्दर्भममा विश्वविद्यालयका आइ.ए.तथा बी.ए.परीक्षाहरूमा महिलाहरूलाई प्राइभेट परीक्षार्थीका रूपमा संलग्न हुने अवसर दिइएको थियो । विश्वविद्यालयले प्राइभेट रूपमा परीक्षा दिन नपाइने व्यवस्था गरे तापनि महिलालाई भने साविक बमोजिम जाँच दिने व्यवस्था कायम नै राखिएको थियो । त्यस्तै महिला विद्यार्थीहरूलाई आवश्यक योग्यता पुऱ्याउने परीक्षा उत्तीर्ण गरेको दुई वर्ष पछि नै

---

[८४] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ३८ ।

[८५] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १९२ ।

[८६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३१ ।

आइ.ए.तथा बी.ए.परीक्षाहरूमा सामेल गराउने व्यवस्था सन् १९६७ सम्मलाई कायम राखिएको देखिन्छ ।[८७]

पूर्वमध्यमा परीक्षा

शिक्षा मन्त्रालयको अनुरोध मुताविक सन् १९६४ को पूर्व मध्यमाको परीक्षा त्रिभुवन विश्वविद्यालयबाट नै लिने निर्णय गरियो ।[८८] उल्लेख्य के छ भने यस भन्दा अगाडि त्रिभुवन विश्वविद्यालयले सो तहको परीक्षा लिने गरेको थिएन ।

भर्नाकुलर विषयको उत्तीर्णाङ्क

सन् १९६६ को आइ.कम.परीक्षामा लागू भएको नियमबमोजिम आइ.ए.,आइ.एस्सी.मा जस्तै भर्नाकुलर विषयमा ५० अङ्कको नेपाली र ५० को नेवारी, हिन्दी, मैथिली, वैकल्पिक अङ्ग्रेजी आदि लिनेहरूका निम्ति नेपाली र अरू भाषामा संयुक्त रूपले ३० प्रतिशत अङ्क ल्याए पुग्ने व्यवस्था गरियो ।[८९]

स्नातकोत्तर तहमा एसेस्मेन्ट

२०२५ सालतिर आइपुग्दा सुरुआतका निम्ति स्नातकोत्तर परीक्षाहरूमा २० प्रतिशत अङ्क एसेसमेन्टका लागि राखिएको थियो । त्यस्तै मास्टर्स परीक्षाको कुनै विषयको कुनै पत्रमा (सैद्धान्तिक) कमसे कम २५ प्रतिशत अङ्क प्राप्त नगरी उत्तीर्ण नहुने व्यवस्था भए झैं इन्टर र व्याचलरमा कुनै विषयको कुनै पत्रमा (सैद्धान्तिक) कमसे कम २० प्रतिशत अङ्क प्राप्त नगरी उत्तीर्ण नहुने व्यवस्था गरियो ।[९०]

---

[८७] त्रिभुवन विश्वविद्यालय, वार्षिक रिपोर्ट २०२०-०२१ ।

[८८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ६४ ।

[८९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २०६ ।

[९०] त्रिभुवन विश्वविद्यालय, वार्षिक प्रतिवेदन २०२५/०२६ ।

आंशिक परीक्षा

२०२७ साल मंसिर महिनामा बसेको एकेडेमिक काउन्सिलको वैठकबाट गरिएका सिफारिसअनुसार आइ.ए., आइ.एस्सी., आइ.कम., आइ.एड, तथा बी.ए., बी.एस्सी., बी.कम., र बी.एड.परीक्षाहरूमा आंशिक परीक्षा पद्धति अपनाउन बनेको विनियम लागू गर्ने निर्णय गरिएको थियो । उक्त विनियम लागू गर्ने मिति र त्यस सम्बन्धी अरू विस्तृत विवरण तयार पार्ने जिम्मेवारी उपकुलपतिलाई दिइयो ।[९१]एकेडेमिक काउन्सिलको उक्त सिफारिसअनुसार उल्लिखित विषय तथा तहको परीक्षाहरूमा आंशिक परीक्षा पद्धति लागू गर्ने सम्बन्धमा सन् १९७२ को परीक्षादेखि आंशिक परीक्षा पद्धति पनि लागू गरिने भयो । यद्यपि सन् १९७१ को परीक्षामा सम्मिलित भएका परीक्षार्थीलाईसमेत यो अवसर दिइयो ।[९२]

आंशिक परीक्षा पद्धति लागू गरिए तापनि साबिकबमोजिम चलिआएको परीक्षा प्रणालीलाई भने कायमै राखियो । आंशिक परीक्षा पद्धतिमा विद्यार्थीले दिने परीक्षाको एक वा एकभन्दा बढी विषय पटक पटक गरी दिन पाउने व्यवस्था गरियो । कथंकदाचित् आंशिक परीक्षार्थी कुनै विषयमा अनुत्तीर्ण भएमा उसले अरू दुई पटकसम्म अनुत्तीर्ण भएको विषयमा परीक्षा दिन पाउने भयो । नियमानुसार अन्तिम विषय उत्तीर्ण भएको वर्षमा विद्यार्थीलाई श्रेणी सहित सर्टिफिकेट वा डिग्री प्रदान गरिने व्यवस्था गरियो । विश्वविद्यालयले हरेक वर्ष दुई पटक पौष र वैशाखमा परीक्षा लिने गरेको थियो ।[९३]

---

[९१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ९७ ।

[९२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १४३ ।

[९३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४, अङ्क-१०, २०२८ साल जेठ, पृ. ३-४ ।

## कर्मचारीलाई तालीम

स्थापनाको आठौँ वर्षतिर पुग्दा विश्वविद्यालयले परीक्षा सम्बन्धमा प्रशासकीय स्टाफलाई ट्रेनिङ दिने व्यवस्था गरेको थियो । यसै सन्दर्भमा परीक्षा (गोप्य) शाखाका धनबहादुर सिंहलाई परीक्षा सम्बन्धी व्यवस्था सिक्न विश्वविद्यालयले ६ महिनाका लागि दिल्ली विश्वविद्यालयमा पठाएको थियो । यसैगरी प्रत्येक वर्ष आवश्यकताअनुसार परीक्षासँग सम्बद्ध प्रशासकीय स्टाफलाई तालीमका लागि देश बाहिर पठाउने कार्य योजना बनाइयो ।[९४]

## परिक्षा बहिस्कार

कतिपय विद्यार्थीले विभिन्न कारण देखाएर विश्वविद्यालयको परीक्षाहरू बहिस्कार गरेको घटना पनि थुप्रै पाइन्छन् । यसको उदाहरणका लागि २०२६ साल मंसिर २४ गतेका दिन एम.ए. इतिहास प्रथम खण्डका रेगुलर परीक्षार्थीहरूले यूरोपको इतिहासको प्रश्न ज्यादै नै कडा, केही सिलेवस भन्दा बाहिरको र अरू प्रश्नहरू विशेषतया गत वर्षको दोहोरिएको भन्ने कारण बताई परीक्षा भवनमा कापी च्याती गडबडी गरी परीक्षा बहिष्कार गरेका रहेछन् । यस विषयमा विशेषज्ञको राय लिँदा निजहरूले भनेको कुनै कुरा पनि सत्य नठहरिएको तथा यसरी निराधार कुरामा परीक्षा बहिष्कार गरी अनुशासनहीन कारबाई गरेको हुँदा परीक्षा बोर्डको निर्णयअनुसार एम.ए.इतिहास प्रथम खण्डका बाह्र जना विद्यार्थीहरूको परीक्षा रद्द गरी उनीहरूलाई बाँकी पत्रहरूको परीक्षामासमेत बस्न दिइएनछ । यसरी परीक्षा बहिस्कार गर्नेमा तीन छात्रा र बाँकी नौ छात्रहरू थिए ।[९५]

समग्रमा त्रिभुवन विश्वविद्यालय सञ्चालनमा आएपछि भारतका विभिन्न विश्वविद्यालयका पाठ्यक्रम, पाठ्यपुस्तकको पठन पाठन एवम् परीक्षासमेत उनीहरूबाट नै लिइने लामो समयदेखिको परम्परा अन्त्य

---

[९४] त्रिभुवन विश्वविद्यालय, नवौं वार्षिक प्रतिवेदन २०२४/०२५, पृ. २५ ।

[९५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२६/४/२१-२०२७/३/२६), पृ. ६६ ।

भयो । हुनतः स्थापनाको दोस्रो वर्षदेखि परीक्षासमेत आफै सञ्चालन गर्ने निर्णय गरे तापनि यसका लागि केही वर्षसम्म पटना विश्वविद्यालयको सहयोग लिनु नै पऱ्यो ।

त्रिभुवन विश्वविद्यालयले राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पूर्व परीक्षा सञ्चालनमा विभिन्न प्रयोग गरेको थियो । प्राइभेट परीक्षा दिनका लागि छिमेक भारतबाट वर्सेनी ठूलो संख्यामा परीक्षार्थी आउने र तिनीहरूलाई सहज गराउन सीमाक्षेत्र नेपालगञ्जमा परीक्षा केन्द्र राख्ने काम पनि भयो । यद्यपि यसबाट परीक्षा सञ्चालनमा नै अवरोध सिर्जना हुन गएकाले विश्वविद्यालयले प्राइभेट परीक्षा केन्द्र राजधानी काठमाडौँमा मात्र राख्नु पऱ्यो ।

शिक्षण संख्या बृद्धिसँगै विद्यार्थीको चाप बढ्नु स्वाभाविक नै हो । फलस्वरूप पछिल्ला दिनमा विश्वविद्यालय कलेजलगायतमा विद्यार्थीहरूले विभिन्न बहानामा पठन पाठन अवरुद्ध गर्ने, परीक्षा बहिस्कार गर्ने जस्ता क्रमसमेत बढ्न गयो । यसबाट उच्च शिक्षामा सहज पठन पाठनको वातावरण नबन्ने अवस्थासमेत सिर्जना भएको पाइन्छ ।

* * *

# दीक्षान्त समारोह

## परिचय

विश्वविद्यालय स्थापनादेखि २०२९ सालसम्म प्रत्येक वर्ष दीक्षान्त समारोहबाट स्नातक/स्नातकोत्तर तहमा उत्तीर्ण विद्यार्थीलाई दीक्षित गरिएको थियो । दीक्षान्त समारोह मार्फत् औपचारिक रूपमा विद्यार्थीको नाम घोषणा गर्दै विद्वानहरूबाट सम्बोधन गराइयो । सन् १९६० देखि थालनी गरिएको दीक्षान्त समारोह १९७१ सम्म आइपुग्दा विश्वविद्यालयले कला, विज्ञान, वाणिज्य, संस्कृत र कानून विषयहरूमा ६४३९ स्नातक, १९५० स्नातकोत्तर र ३ जना विद्यावारिधि तयार गरेको देखिन्छ ।[९६] यहाँ पहिलोदेखि बाह्रौं दीक्षान्त समारोह सम्पादनसँग सम्बन्धित सन्दर्भको सामान्य चर्चा गरिएको छ ।

## पहिलो दीक्षान्त समारोह

त्रिभुवन विश्वविद्यालय कमिटिले पहिलो दीक्षान्त समारोह २०१७ साल फागुन महिनामा विश्वविद्यालय स्थल कीर्तिपुरमा गर्ने निर्णय गरेको थियो । यसका लागि आवश्यक पर्ने जति जमिनमा सम्बद्ध किसानलाई गहुँ बाली लगाउन दिन रोक्न आवश्यक व्यवस्थासमेत गर्नका लागि रेक्टरलाई अख्तियारी दिइयो । दीक्षान्त समारोहमा दीक्षान्त भाषणका लागि भारतका युनिभर्सिटी ग्रान्ट कमिसनका चेयरम्यान सी.डी.देशमुखलाई निमन्त्रणा गर्ने र सो मिलाउनका लागि इण्डियन एड मिसनका एस.एस.भण्डारकरलाई अनुरोध गरियो । पहिलो दीक्षान्त समारोहका क्रममा विश्वविद्यालय कमिटीले विभिन्न मितिमा देहायका तयारीहरू गरेको थियो ।[९७]

---

[९६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६ अङ्क-२,३ २०२९ साल असोज, कार्तिक, पृ. १-१५ ।

[९७] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ३४, ६४, ६५, १५२, १५३, १६८, १६९, १७६-१७९, १८४ र १९८ ।

विश्वविद्यालयको पहिलो दीक्षान्त समारोह सम्बन्धी कार्यविधिको प्रारूप तयार गर्नाका साथै त्यसको तयारीका लागि एउटा 'दीक्षान्त समारोह समिति' गठन गरियो । समितिलाई देहायका मुख्य दायित्व तोकियो;

- कीर्तिपुरमा दीक्षान्त समारोहको स्थल निश्चय गरी त्यहाँ आवश्यक बन्दोबस्त गर्ने । सो स्थलमा परेको जमिनमा बाली लगाई राखेको भए बालीको मुआबजा निम्ति विर्ता फाँटसँग सम्पर्क राख्ने,
- दीक्षान्त समारोहमा आमन्त्रीत हुने व्यक्ति/संस्थाहरूको लगत तयार गर्ने,
- दीक्षान्त समारोहको कार्यविधि तयार गर्ने,
- दीक्षान्त समारोहका निम्ति चाहिने सरसामानहरूको प्रबन्ध गर्ने,
- दीक्षान्त समारोह सम्बन्धी अन्य आवश्यक कार्वाइ गर्ने र सुझाव दिने,
- दीक्षान्त समारोह सम्बन्धी कार्यका निम्ति मूलसमितिमा आवश्यक सदस्य र सल्लाहकारहरू कोअप्ट गर्ने र आवश्यक सब कमिटी गठन गर्ने तथा
- दीक्षान्त समारोह सम्बन्धी खर्चको अन्दाजी लगत तयार गरी निकासाका निम्ति विश्वविद्यालयमा पेश गर्ने ।

विश्वविद्यालयका रेक्टरको अध्यक्षतामा गठन गरिएको उक्त समितिमा सूर्यबहादुर शाक्य, भैरबबहादुर प्रधान, परासरनारायण सुवाल र प्रो.वि.दासलाई सदस्य बनाइएको थियो ।

मोहर (Seal) तथा प्रमाणपत्र

श्री ५ मुमा बडा महारानीहरूबाट दिइएको डिजाइनबमोजिम विश्वविद्यालयको सील तयार गर्ने निर्णय गरिएको थियो । मुमा बडा

महारानीहरूबाट देहायअनुसारको विश्वविद्यालयको मोहर (Seal) लाई स्वीकृति गरिएको थियो;

आकार-षट्कोण, माथितिर फर्केको त्रिकोण आसमानि रङ्गको अंग्रेजीमा 'Tribhuban University Organised 1954 A.D. Incorporated 1959 A.D. Kathmandu, Nepal' लेखिने र तलतिर फर्केको त्रिकोण सिंदुर रङ्गको र नेपालीमा 'त्रिभुवन विश्वविद्यालय संगठित २०१२ वि.सं. स्थापित २०१६ वि.सं. काठमाडौँ नेपाल' लेखिने ।

विवरण- षट्कोणको बीचमा षड्दल (६ पत्र भएको) पद्म रहने र पद्मको मध्य स्थानमा रातो रङ्गको गोलाकार र स्वर्गीय श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेवको प्रतिक स्वरूप अङ्ग्रेजी वर्णमालाको 'टी' को मनोग्राम रहने

उक्त किसिमको मोहर र सो मोहरको एम्बोस (Emboss) गर्ने मेसिन र ब्लकसमेत बनाउन दिइएको थियो ।

त्यस्तै विश्वविद्यालयबाट दिइने डिप्लोमा तहको प्रमाण पत्र हैण्डमेड पेपरमा बनाउन रजिष्ट्रारलाई जिम्मा दिइयो । यसका साथै प्रमाण पत्रको नमूनालाई पनि स्वीकृत गरिएको थियो । त्यस्तै दीक्षान्त समारोह समितिबाट तयार हुने कार्यक्रम, प्रमुख अतिथि डा.सी.डी.देशमुखको दीक्षान्त भाषण र डिग्री पाउने उम्मेदवारहरूको नामवली छपाउने अख्तियारीसमेत रजिष्ट्रारलाई नै दिइयो । दीक्षान्त समारोह समितिको सिफारिसअनुसार दीक्षान्त समारोहको निमन्त्रणा पठाइने भयो । नेपालको जुन जुन देशसँग दौत्य सम्बन्ध कायम रहेको हो ती देशका प्रमुख विश्वविद्यालयका भाइस चान्सलरहरूलाईसमेत निमन्त्रणा पठाइने भयो । यसका लागि नामावली इत्यादि श्री ५ को सरकारको सम्बन्धित विभाग वा मन्त्रालयबाट सङ्कलन गरियो । त्यस्तै दीक्षान्त समारोहका लागि विभिन्न प्रकारका ६४ गाउन, ३५० गाउन र हुडसमेत भारु. ५ का दरले दत्तात्रय डण्डेकर एण्ड कं., बम्बैलाई अर्डर दिएबमोजिम सो बापत जम्मा भारु. १४,६५७/५०, नेरु. १६०/- का दरले भुक्तानी गरिने व्यवस्था मिलाइयो । उल्लेख्य के छ भने दीक्षान्त समारोह स्थल कीर्तिपुरको जमिनमा सम्बद्ध

किसानले गहुँबाली लगाइसकेकाले कार्यक्रमका लागि सो नष्ट गर्नु पर्ने भयो । सो बापत विश्वविद्यालयले किसानलाई मुआबजा दिनु परेको थियो । त्यस्तै दीक्षान्त समारोहका दिन प्रमुख अतिथि डा.सी.डी.देशमुखको सम्मानमा एक उद्यान गोष्टि पनि गर्ने निर्णय भएको थियो ।

मञ्च तथा प्रोसेसन व्यवस्थापन

मञ्चमा राजपरिवार, सिनेटका फेलोहरू तथा ए.डी.सी.मात्र बस्ने व्यवस्था मिलाइएको थियो ।

१ सम्माननीय अतिथिको आगमन-सी.डी.देशमुख

२ शाही फेलोहरूको सवारी-श्री ५ माहिला अधिराजकुमार हिमालय वीर विक्रम शाह र श्री ५ कान्छा अधिराजकुमार वसुन्धरा वीर विक्रम शाह

३ श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीको सवारी-

४ चान्सलर र प्रो.चान्सलरको सवारी-चान्सलर श्री ५ जेठा मुमा बडामहारानी सरकार र प्रो.चान्सलर श्री ५ कान्छा मुमा बडामहारानी सरकार

५ ग्रेसहलमा वैठक

६ दीक्षान्त पालमा प्रोशेसन

निम्न लिखित क्रममा प्रोसेसन दीक्षान्त पालमा जाने

| | |
|---|---|
| यदुनाथ खनाल | कुलरत्न तुलाधर |
| अर्थ मन्त्रालयको प्रतिनिधि | पदम प्रसाद |
| माननीय शिक्षा मन्त्री | शिक्षा डाइरेक्टर |
| नरेशमान | प्रसन्नमान सिंह |
| भैरवबहादुर प्रधान | आशुतोष गांगुली |
| सरदार हंसमान सिं | शिक्षा सेक्रेटरी |

रजिष्ट्रार

| | |
|---|---|
| रेक्टर | कोषाध्यक्ष |
| भाइस चान्सलर | सम्माननीय अतिथि |
| श्री ५ माहिला अधिराजकुमार | श्री ५ कान्छा अधिराजकुमार |
| (हिमालय वीर विक्रम शाह) | (वसुन्धरा वीर विक्रम शाह) |
| चान्सलर | प्रो-चान्सलर ए.डी.सी. |

(दीक्षान्त समारोहमा मास्टर्स अफ आर्टस्, बेचलर अफ आर्टस्, बेचलर अफ एजुकेसनः वेचलर अफ साइन्सः वेचलर अफ कमर्सः वेचलर अफ ल) लाई डिग्री प्रदान गरिएको थियो ।

डिग्री प्रदान

विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहका क्रममा कलेज अफ एजुकेसनका उम्मेदवारलाई डिग्री प्रदान गर्ने सम्बन्धमा विश्वविद्यालयका उपकुलपतिबाट २०१६ साल साउन १३ मा विशेष आदेश दिइएको थियो । आदेशअनुसार कलेज अफ एजुकेशनको २०१६ सालको फाइनल परीक्षा दिने विद्यार्थीको शिक्षण, प्रशिक्षण कार्य र परीक्षाको व्यवस्था साविकबमोजिम हुनलाई त्रिभुवन विश्वविद्यालयले स्वीकृति दिएको थियो । सो परीक्षामा उत्तीर्ण भई डिग्रीका लागि योग्य ठहरिएका उम्मेदवारहरूलाई डिग्री प्रदान गर्ने अनुमतिका लागि अनुरोध गरिए तापनि त्यस कलेज अफ एजुकेसनबाट डिग्री प्रदान गर्न नमिल्ने भएको र स्वीकृति दिन पनि परिनियम अधिनियम इत्यादिलाई पर्खनु पर्ने विश्वविद्यालयको ठहर थियो । यद्यपि उक्त परिनियम, अधिनियम इत्यादि तयार नभएसम्म साविकबमोजिम विद्यार्थीहरूको परीक्षा लिई सम्बन्धित अधिकारीबाट उत्तीर्ण भएको प्रमाणपत्र दिने गरी काम चलाउन दिने विश्वविद्यालयले निर्णय गरेको थियो । यस क्रममा कलेज अफ एजुकेसनबाट परीक्षा लिई उत्तीर्ण भएका निम्न उम्मेदवारलाई

'बी.एड.डिग्री का लागि योग्य छन्' भन्नेसम्मको प्रमाणपत्र दिइएको र त्रिभुवन विश्वविद्यालय.परिनियम तथा अधिनियम तयार भएपछि विश्वविद्यालयबाट डिग्री प्रदान गर्न अनुरोध गरी कलेज अफ एजुकेसनबाट २०१६ साल भदौ महिनाको २१ गतेका दिन लेखेको पत्रबमोजिम विश्वविद्यालयको प्रथम दीक्षान्त समारोहमा उक्त उम्मेदवारहरूलाई डिग्री प्रदान गर्ने निर्णय भएको थियो ।[९८] यसरी डिग्री प्राप्त गर्ने ११ जना विद्यार्थीमा पासंग गोपरमा, कमलसिंह थापा, सुन्दर श्यामभक्त माथेमा, राधाकृष्ण जोशी, केदारमान प्रधान, सरब ज्ञ(?) भक्त मल्ल, राम मोहिनी श्रेष्ठ, सुर्यबहादुर श्रेष्ठ, राधादेवी श्रेष्ठ, संघरत्न शाक्य र गजेन्द्रबहादुर प्रधानांग थिए ।


## प्रमाण पत्रमा अशुद्धी

त्रिभुवन विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहमा वितरण गर्न छापिएको डिप्लोमाको प्रमाण पत्रमा 'साल-वर्ष' मा 'त्रिभुवन विश्वविद्यालय स्थापित २०१६' हुनु पर्नेमा '२०१३' भई गलत छापिएको तथा कामको हतारले तत्काल सच्याउन नसकिने भएकाले सो वर्षको डिप्लोमाहरूमा सो भूल त्यसै रहन दिइ डिप्लोमा वितरण गरिएको तथा आगामी वर्षदेखि गलती सच्याउने कार्वाइ भएको थियो ।[९९] पहिलो वर्ष वितरण गरिएको प्रमाणपत्र यस प्रकार थियो;

---

[९८] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १८५ ।

[९९] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २११ ।



Tribhuban University

We, the Chancellor, Pro-Chancellor, Vice-Chancellor, and Fellows of the Tribhuban University

*Certify that*

[illegible] *of Durbar College having been examined for the Degree of* **Bachelor of Arts** *in V. Nepali P. Nepali History and placed in Third Class the Degree of*

**Bachelor of Arts**

*has been conferred on him at* **Kathmandu** *on Wednesday the 22nd March in the year One Thousand Nine Hundred and Sixty One.*

**In Testimony whereof are set the signatures of the said Chancellor & Pro-Chancellor and seal of the said University.**

कान्ती राज्य लक्ष्मी देवी शाह
Chancellor

ईश्वरी राज्य लक्ष्मी देवी शाह
Pro-Chancellor

Tribhuban University
Kirtipur, Kathmandu,
Nepal.

Date March 22 1961

Registrar

**सन् १९५१ मार्च २२ मा कीर्तिपुर, काठमाडौँमा आयोजित त्रिभुवन विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहमा दीक्षित विद्यार्थीलाई प्रदान गरिएको प्रमाणपत्र**




**त्रिभुवन विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहमा वितरण गरिएको प्रमाणपत्रमा रहेको विश्वविद्यालयको छाप**

स्रोत-डा.खड्गमान श्रेष्ठ, कुलेश्वर, काठमाडौँ, नेपाल ।

त्रिभुवन विश्वविद्यालयले पहिलो दीक्षान्त समारोका अवसरमा विद्यार्थीहरूलाई प्रदान गरेको ‘सर्टिफिकेट’ बाट स्थापनाकालमा त्रिभुवन विश्वविद्यालयबारे सामान्यतया प्रकाशमा नआएका महत्वपूर्ण जानकारी पाउन मद्दत मिल्दछ । यी मध्ये सर्टिफिकेटमा छापिएको विश्वविद्यालयको ‘छाप’ मा नै गलत मिति दिइएको सन्दर्भ माथि उल्लेख भइसक्यो । यसका अतिरिक्त यी सर्टिफिकेटमा ‘Chancellor’ तथा ‘Pro-Chancellor’ का तर्फबाट क्रमशः **कान्ती राज्य लक्ष्मी देवी शाह** तथा **इश्वरी राज्य लक्ष्मी देवी शाह** एवम् ‘Registrar’ मा **परासरनारायण** बाट हस्ताक्षर भएको थियो । उल्लेख्य के छ भने यो सर्टिफिकेटमा ‘Vice-Chancellor’ को दर्जाको उल्लेख नै नभएपछि उनको हस्ताक्षर हुनै कुरै भएन ।

सर्टिफिकेटको भाषा;

> *'We, the Chancellor, Pro–Chancellor, Vice-Chancellor, and Fellows of the Tribhuban University... ... In Testimony whereof are set the signatures of the said Chancellor & Pro-Chancellor and seal of the said university.'*

सर्टिफिकेटमा त्रिभुवनको नाम 'Tribhuban' लेखिएको छ भने विश्वविद्यालयको ठेगाना भने 'त्रिपुरेश्वर' नभनेर 'Tribhuban University, Kirtipur, Kathmandu, Nepal' उल्लेख गरिएको छ ।

यहाँ 'दरबार कलेज' का विद्यार्थीलाई 'Bachelor of Arts' तहमा V.Nepali, P.Nepali History मा उत्तीर्ण भएकाले उक्त सर्टिफिकेट दिइएको देखिन्छ ।

यसबाट त्रिभुवन विश्वविद्यालयले पहिलो वर्षमा माथि उल्लिखित दरबार कलेजका विद्यार्थीलाई जस्तै अन्य कलेजबाट उत्तीर्ण गर्नेलाई दीक्षान्त समारोहमा दीक्षित गरेको थियो । यद्यपि त्यस समारोहमा दरबार कलेजका अतिरिक्त कुन कुन कलेजका के कति विद्यार्थी सामेल थिए भन्ने स्पष्ट छैन ।

अनरेरी डिग्री

विश्वविद्यालय ऐन २०१६ को परिच्छेद ७ दफा ४२ मा "...उच्च योग्यता एवं स्थान प्राप्त गरेको कारणले कुनै व्यक्तिलाई विश्वविद्यालयको अनरेरी डिग्री वा अरू एकेडेमिक उपाधी पाउन निज योग्य र उपयुक्त व्यक्ति हो भन्ने एकेडेमिक काउन्सिलका उपस्थित सदस्यहरूको दुइ तिहाइको बहुमतले ठहऱ्याई सिनेट छेउ सिफारिश गरेमा र त्यसरी सिफारिश गर्न दुई तिहाइ सदस्यहरूको संख्या एकेडेमिक काउन्सिलका जम्मा सदस्यहरूको कम्तीमा आधि भएमा र त्यस्तो सिफारिशलाई सिनेटका उपस्थित सदस्यहरूको दुइ तिहाइ बहुमतले समर्थन गरेमा..."

अनरेरी डिग्री प्रदान गर्न सकिने उल्लेख थियो ।[100] यद्यपि त्यस बखत एकेडेमिक काउन्सिलको गठन नभएकाले काउन्सिलको काम विश्वविद्यालय कमिटीबाट नै गरिएको थियो । भूतपूर्व चान्सलर तथा प्रो. चान्सलर श्री ५ मुमा जेठा तथा कान्छा बडा महारानीहरूलाई विश्वविद्यालय स्थापना एवम् सञ्चालनमा उल्लेख्य योगदान दिएकोमा 'अनरेरी डिग्री' दिने सम्बन्धमा विश्वविद्यालय परिषद्बाट यथाशीघ्र विचार गरियोस् भनि चान्सलर समक्ष जाहेर गरिएको थियो;[101]

> *'नेपालमा शिक्षा विकास र विशेष गरी देशको एक मात्र आफ्नै किसिमको त्रि.वि.स्थापना गर्नमा त्रि.वि.का भूतपूर्व चान्सलर तथा प्रो.चान्सलर श्री ५ जेठा तथा कान्छा मुमा बडा महारानी सरकारहरू कान्ति राज्य लक्ष्मी शाह र ईश्वरी राज्य लक्ष्मी शाह सरकारबाट विशेष प्रयास तथा परिश्रम गरिबक्सी मौसुफहरूबाट शिक्षाको क्षेत्रमा उच्च योग्यता एवम् स्थान प्राप्त गरिबक्सेकोले मौसुफहरूमा कुनै परीक्षा नलिइ डाक्टर अफ लज को अनरेरी डिग्री प्रदान होस्'*

**दोस्रो दीक्षान्त समारोह**

विश्वविद्यालयले दोस्रो दीक्षान्त समारोह २०१८ साल फागुनको तेस्रो हप्तातिर गर्ने निर्णय गरेको थियो । योसँगै दोस्रो दीक्षान्त समारोहका लागि विभिन्न समयमा विश्वविद्यालयले आवश्यक विभिन्न निर्णयहरू

---

[100] श्री ५ को सरकार, *नेपाल गजेट,* काठमाडौँ: श्री ५ को सरकार, भाग-२, खण्ड-९, संख्या-८, २०१६ जेठ २५ गते, पृ. ३४ ।

[101] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १६३ ।

गरेको थियो ।[१०२] उक्त समयमा श्री ५ सरकारहरूलाई अनुकूल पर्ने नपर्ने बारे चान्सलर सरकारहरू तथा श्री ५ महाराजधिराज सरकार समक्ष अनुरोध गरिएको थियो । त्यस्तै दोस्रो दीक्षान्त समारोहमा दीक्षान्त भाषण दिन श्री ५ महाराजाधिराज सरकारमा अनुरोध गरिएको थियो ।

अनरेरी डाक्टर अफ लज

विश्वविद्यालयले यस दीक्षान्त समारोहमा श्री ५ महाराजधिराज सरकारमा तीन वटा अनरेरी डिग्री 'डाक्टर अफ लज, डाक्टर अफ साइन्स र डाक्टर अफ लेटर्स' तथा श्री ५ मुमा बडा महारानी सरकारहरूमा तथा श्री ५ अधिराजकुमार सरकारहरूमा पनि 'अनरेरी डिग्री डाक्टर अफ लज' दिने विश्वविद्यालय कमिटीले योजना बनाएको कुरासमेत श्री ५ सरकारहरू समक्ष जानकारी गराइएको थियो । यसका जवाफका लागि श्री ५ मुमा बडा महारानीहरूका निजी सचिवको पत्रअनुसार त्यस वर्ष शाही परिवारले अनरेरी डिग्री ग्रहण नगर्ने कुरा जानकारी गराइएको थियो । यद्यपि कमसे कम श्री ५ जेठा तथा कान्छा मुमा बडा महारानीहरूमा 'डाक्टर अफ लज' को अनरेरी डिग्री प्रदान गर्न पूनः अनुरोध गरिएको थियो ।

विश्वविद्यालय कमिटीले श्री ५ मुमा बडामहारानी कान्तिराज्यलक्ष्मी शाह र ईश्वरीराज्यलक्ष्मी शाहमा 'अनरेरी डाक्टर अफ लज' को डिग्री प्रदान गर्न पटक पटक निर्णय गरेको थियो । यद्यपि मुमा बडामहारनीहरूबाट तत्काल उक्त डिग्रीहरू ग्रहण गर्न अस्वीकार गरिएको थियो । यति हुँदाहुँदै पनि विश्वविद्यालय कमिटीले विश्वविद्यालय तर्फबाट उक्त सम्मान ग्रहण गर्न पुनः दोहऱ्याएर अनुरोध गरेको थियो ।

जहाँसम्म दीक्षान्त समारोह गर्ने दिनको सन्दर्भ हो श्री ५ मुमा बडा महारानीहरूका निजी सचिवको पत्रअनुसार २०१८ साल फागुन २८ गते गर्ने निर्णय गरियो ।

---

[१०२] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १०५-१०९, १३९-१४१, १७०-१७२ ।

दीक्षान्त समारोहका निम्ति आवश्यक डिप्लोमा छपाउने अख्तियारी रजिष्ट्रारलाई दिइयो भने त्यस्ता डिप्लोमा अङ्ग्रेजी र नेपाली दुवै भाषामा राखिएको थियो ।

दोस्रो दीक्षान्त समारोहका लागि देहायको व्यवस्था गरियो;[१०३]

- श्री ५ जेठा तथा कान्छा मुमा बडा महारानी सरकारहरूमा अनरेरी डिग्री टक्र्याउँदा भाइस चान्सलरले संयुक्त साइटेसन प्रस्तुत गर्ने,
- डिप्लोमा हातैले लेखाई मुमा बडा महारानी सरकारहरू दुवैको नाम राखी दुवै सरकारहरूमा अलग अलग चान्सलरबाट टक्र्याउन बिन्ति चढाउने,
- दीक्षान्त समारोहमा उपस्थित हुने स्नातकहरूमध्ये प्रथम श्रेणीकालाई मात्र मञ्चमाथि लगी डिप्लोमा दिने । अरूलाई आफ्नै सिटमा वितरण गर्ने तथा
- दीक्षान्त समारोह तथा सोही दिन हुने उद्यान गोष्ठीमा गत वर्ष निमन्त्रणा गरे जस्तै आवश्यक घटबढ गरी निमन्त्रणा गर्ने ।

त्यस्तै दीक्षान्त समारोहको कार्यक्रम पहिलो वर्षकै कार्यक्रममा आवश्यक हेरफेर गरिएको थियो ।

उल्लेख्य के छ भने त्रिभुवन विश्वविद्यालयको द्वितीय दीक्षान्त समारोहमा डिग्री लिने उम्मेदवारहरूले गाउनको धरौटी डिपोजिट गरेको उम्मेदवार जवान जम्मा २१६ थियो । अर्थात् यस वर्ष २१६ जना विद्यार्थीमात्र दीक्षान्त समारोह उपस्थित रहेको देखिन्छ ।

[१०३] त्रिभुवन विश्वविद्यालय कमिटी (२०१८/४/२४-२०१९/३/२४) ।

## तेस्रो दीक्षान्त समारोह

तेस्रो दीक्षान्त समारोहका लागि परामर्श दिन एउटा 'कन्भोकेसन कमिटी' गठन गरिएको थियो । कमिटीलाई दीक्षान्त समारोहको मिति तोक्ने, दिक्षान्त भाषण दिने व्यक्तिको निर्धारण गर्ने, सिनेट फेलो र स्नातकहरूको गाउन बनाउने र डिप्लोमा छपाउने विषयमा विश्वविद्यालय सिण्डिकेट समक्ष प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको थियो । उपकुलपति रणधीर सुब्बाको अध्यक्षताको कमिटीमा रेलुलाल सिं र सूर्यबहादुर शाक्यलाई सदस्य बनाइएको थियो ।[१०४]

कमिटीबाट भएको देहायका सिफारिशलाई विश्वविद्यालय सिण्डिकेटले सदर गरेको थियो;[१०५]

- दीक्षान्त भाषण दिन भारतका लागि अमेरिकी राजदूत डा.गेलब्रेथलाई अनुरोध गर्न कुलपतिमा जाहेर गर्ने । साथै निजलाई श्री ५ को सरकारको अतिथिका रूपमा राख्नका लागि कुलपतिमा जाहेर गर्ने,
- तेस्रो दीक्षान्त समारोह २०१९ साल चैत्र २१ देखि ऐ चैत्र २६ गते भित्रमा कुलपति सरकारलाई सुविधा भएको तिथिमा गर्ने,
- प्रो चान्सलरको गाउन बोटल ग्रीन भेलभेटमा ६ इन्च सिलभर लेस हाली बनाउन दिने । भाइस चान्सलरको गाउन बोटल ग्रीन भेलभेटमा ५ इन्च सिलभर लेस हाली बनाउन दिने र अरू सबै गाउनहरू साबिकै बमोजिम राख्ने । सो बनाउन दिल्ली वाला पायनियर कम्पनीलाई लेखापढी गर्ने,

---

[१०४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ६७ ।

[१०५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ९५, ९८ ।

- ग्राजुएट गाउन र हुडहरू बनाउने वारे वा भाडामा ल्याउने वारे पायनियर कम्पनी दिल्लीसँग लेखापढी गर्ने,

- डिप्लोमाहरूमा चान्सलर र प्रो.चान्सलरको सही नराख्ने केवल भाइस चान्सलरको मात्र दस्तखत राख्ने कुराको सन्दर्भमा चान्सलर सरकारमा जाहेर गरी त्यहाँबाट निकासा आए बमोजिम गर्ने तथा

- डिप्लोमा फर्महरू सहित अरू अरू ठाउँमासमेत प्रयोग भइ आएको अङ्ग्रेजी हरफमा TRIBHUBAN को सट्टा TRIBHUVAN राख्ने भन्ने कुरा पनि चान्सलर सरकारमा निकासाका लागि जाहेर गर्ने निर्णय गरियो ।

डी लिट उपाधी

विश्वविद्यालयले भारतका राष्ट्रपति सर्वपल्ली राधाकृष्णनलाई 'डी.लिट्.' डिग्री सम्बन्धी दीक्षान्त समारोहका बारेमा देहायको व्यवस्था गरेको थियो;[१०६]

- हनुमान ढोका गद्दी वैठक उपलब्ध भएमा, आमन्त्रितका लागि त्यहाँ पर्याप्त ठाउँ भएमा र प्राविधिकको रायमा सुरक्षालगायतका दृष्टिबाट उपयुक्त भएमा गद्दी वैठकमा नै गर्ने । यसका लागि श्री ५ को सरकारसँग अनुरोध गर्ने । त्यहाँ नहुने भएमा कीर्तिपुरमा नै दीक्षान्त समारोह गर्ने,

- दीक्षान्त समारोहमा सम्मानित अतिथिको आगमनका वारेमा चान्सलर श्री ५ महाराजाधिराज सरकारको सवारी र महामहिम सम्मानित अतिथिको आगमन एकै साथ हुनुपर्ने,

---

[१०६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ३०, ३४, ४० ।

- डी.लिट्. उपाधि दिने सम्बन्धमा हुने ग्रेस हलको वैठक कन्भोकेसन हुने दिन भन्दा अगावै गर्ने,

- प्रदान गरिने डी.लिट्.डिग्रीको शैक्षिक पोशाक सम्बन्धी विषयमा गाउनको र एकेडेमिक क्यापको कपडा शिल्क रङ्ग ष्कार्लेटरहेड, लेश ६" चौडा सुनौला र टासल पनि सुनौला हुने,

- प्रोशेसनको अर्डर जाने र फर्कने बेलाका लागि रिभर्स अर्डरबमोजिम गर्ने र प्रोसेसनमा सिण्डिकेट् सदस्य पछि डिनहरू र त्यसपछि सिनेटका अरू सदस्यहरूलाई राख्ने,

- प्रोसेसन पण्डालमा पुगिसकेपछि नेपाल र भारतको राष्ट्रिय धुन बजाउने । यसपछि वैदिक प्रार्थना गर्ने । वैदिक प्रार्थना गर्नेहरूको पोशाक लवेदा सुरुवाल पटुका र टोपि माखिबुट्टे चरेस छापको डमरकुमारी रहने,

- भाइस चान्सलरबाट हुने साइटेसन र चान्सलर सरकारबाट हुने हुकुमको भाषा नेपाली नै हुने,

- दिइने डिग्रीको आकार प्रकार र त्यसमा रहने दस्तखतका सम्बन्धमा वैठकमा प्रस्तुत गरिएको डिप्लोमाको आकार प्रकारलाई सदर गरी दस्तखतको हकमा चान्सलर सरकारकै बाहुली दस्तखत रहने तथा

- भाइस चान्सलरद्वारा साइटेसनपछि सम्मानित अतिथिलाई सम्बोधन भाषण दिनाका लागि अनुरोध गर्ने ।

महामहिमलाई प्रदान गर्ने डिग्री छाप्नका लागि मनोग्रामडाई बनाउन कलकत्ता स्थित थैकर स्पिंकलाई लेखिएको थियो । सर्टिफिकेटमा

लेखिने विषय नेपाली र अङ्ग्रेजी दुवै भाषामा राखियो । यो कार्यक्रम २०२० साल कार्तिक २१ (नोभेम्बर ७, १९६३) मा गरिएको थियो ।[१०७]

## चौथो दीक्षान्त समारोह

समारोहका विषयमा आवश्यक सिफारिस गर्न उपकुलपति रणधीर सुब्बाको अध्यक्षतामा 'कन्भोकेसन कमिटी' गठन गरिएको थियो । विश्वविद्यालय कलेजका प्रिन्सिपल सुर्यबहादुर शाक्यलाई समितिको सदस्य र रजिष्ट्रार जगतबहादुर सिं बुढाथोकीलाई सदस्य सचिव बनाइयो ।[१०८] कमिटीको सिफारिसलाई विश्वविद्यालयले सदर गर्दै कुलपति समक्ष जाहेर गरेको थियो । यस अनुसार;[१०९]

- दीक्षान्त कार्यक्रमका साथमा विश्वविद्यालयका तर्फबाट एउटा मेगेजिन प्रकाशित गर्ने,
- विश्वविद्यालयको चतुर्थ दीक्षान्त समारोहमा दीक्षान्त भाषण दिन नाम चलेको अङ्ग्रेज विद्वान वा प्रोफेसरलाई अनुरोध गर्ने । सो दीक्षान्त समारोह हुने बेलामा भारतमा वा नेपालमा त्यस्ता विद्वान प्राप्त हुने भएदेखि यस्तै एक जना इङ्गलैण्डका विद्वानलाई चीफ गेष्ट बनाउने,
- चतुर्थ दीक्षान्त समारोह सन् १९६४ एप्रिलको तृतीय सप्ताहमा कुनै राम्रो दिनमा निश्चित गर्ने,

[१०७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ६० ।

[१०८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ७३ ।

[१०९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ९१ ।

- दीक्षान्त सप्ताह मनाउने र 'टिचिङ्ग अफ ईङ्गलिस' तथा 'एक्सेस टु युनिभर्सिटी' विषयमा सिम्पोजियम गर्ने,
- दीक्षान्त सप्ताहको उपलक्षमा विद्यार्थी युनियनद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न लगाउने,
- दीक्षान्त समारोहमा भाग लिन चाहने स्नातकहरूले साविकबमोजिम नै फि र डिपोजिट सहित १९६४ मार्च मसान्तसम्ममा दरखास्त दिनु पर्ने तथा
- आवश्यक ग्राजुएट गाउनहरू दिल्ली स्थित पायनियरलाई नै अर्डर गर्ने ।

चान्सलरको स्वीकृतिबमोजिम संयुक्तराज्य ग्रेट ब्रिटेनका बर्मिगघम विश्वविद्यालयका भाइस चान्सलर सर रोवर्ट एट्किनलाई दीक्षान्त भाषण दिन निमन्त्रणा गर्ने । दीक्षान्त समारोह २०२० साल चैत्र ३० गते तदनुसार १२ अप्रिल १९६४ आइतवारका दिन दिनको ३ (तीन) बजे गरिएको थियो ।[११०] चान्सलर श्री ५ महाराजाधिराज सरकारबाट हुकुम बक्सेबमोजिम यस वर्षको दीक्षान्त समारोह नवनिर्मित मेमोरियल हलमा गर्ने सबैको आशा थियो तर कारणवश उक्त हल तयार नहुँदा साबिककै पण्डालमा गर्नु परेको थियो । चतुर्थ दीक्षान्त समारोहमा जम्मा ४६३ जना स्थानातकहरूलाई उपाधि प्रदान गरियो । जसमध्ये स्नातकोत्तर ११५ र स्नातक ३४८ थिए । विषयका दृष्टिले सो समारोहमा देहायअनुसारका विद्यार्थीको सहभागिता रह्यो ।

| | |
|---|---|
| माष्टर अफ आर्टस् | ८३ जना |
| माष्टर अफ कमर्स | १२ ,, |

[११०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १२१, १४७।

| | | |
|---|---|---|
| माष्टर अफ साइन्स | ७ ,, | |
| शास्त्री | १३ जना | **जम्मा ११५** |

| | |
|---|---|
| बेचलर अफ आर्टस् | १७८ जना |
| बेचलर अफ कमर्स | ७२ ,, |
| बेचलर अफ साइन्स | ४५ ,, |
| बेचलर अफ ल | ३३ ,, |
| बेचलर अफ एजुकेसन | १७ ,, |
| आचार्य | ३ ,, **जम्मा ३४८** |

यो वर्ष दीक्षान्त भाषण बर्मिंगघम विश्वविद्यालयका भाइस चान्सलर सर रवर्ट एटकिनले दिएका थिए ।

**पाचौँ दीक्षान्त समारोह**

सन् १९६५ मा हुने दीक्षान्त समारोह प्रबन्धका लागि उपकुलपतिको अध्यक्षतामा विश्वविद्यालयका कोषाध्यक्ष, विश्वविद्यालय कलेजका प्रिन्सिपल तथा प्रेस सचिव संलग्न भएको एउटा दीक्षान्त समारोह समिति गठन गरियो । दीक्षान्त भाषणका लागि श्री ५ लाई अनुरोध गरिएको थियो । विश्वविद्यालय सिण्डिकेटले यो पाँचौ दीक्षान्त समारोह २०२१ चैत्र २२ देखि उपरान्त गर्नका लागि कुलपतिसँग उपयुक्त समयका लागि अनुरोध गरेको थियो ।[१११]

दीक्षान्त समारोहका लागि गाउनहरू काठमाडौँदेखि दिल्ली फिर्ता लैजाँदा लागेको भाडा भरौटसमेत गरी श्री ए.नन्दा पायोनियर्सले पेश

[१११] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ४०, ५९ ।

गरेको विल भपाईअनुसार भुक्तानी दिनु पर्ने रु. ७३२/१५ तथा त्यस क्रममा ए.नन्दा पारस होटलमा बसेको दिन १२ को दिन १ को रु.३६/-का दरले रु.४३२/-समेत जम्मा रु.१,१६४/१५(एक हजार एक सय चौसट्ठी र पैसा पन्ध्र) गत सालको बाँकी रहन गएकोले चालु आर्थिक वर्षको बजेटबाट भुक्तानी दिइएको थियो ।[११२]

## छैठौँ दीक्षान्त समारोह

विश्वविद्यालयको छैठौं दीक्षान्त समारोहमा दीक्षान्त भाषणका लागि जापानबाट विशिष्ट व्यक्तिलाई आमन्त्रण गर्ने विश्वविद्यालयले योजना बनाएको थियो । विशेषतः जापानको टोकियो विश्वविद्यालयका भाइस चान्सलरलाई वा अन्य कुनै विद्वानलाई आमन्त्रण गर्न श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई अनुरोध गरिएको थियो ।

जापानी विद्वानसँग सम्बन्धित सन्दर्भमा टोकियो विश्वविद्यालयको डिपार्टमेन्ट अफ लिटरेचरका अध्यक्ष, बौद्ध धर्मका विशेषज्ञ श्री नाकामुराको नाम स्वीकृतिका लागि तथा समारोह २०२२ साल जेठ महिनाको पहिलो हप्तामा उपयुक्त दिन निर्धारणका लागि कुलपति समक्ष पेश गरिएको थियो । यसका साथै उपकुलपतिको अध्यक्षतामा विश्वविद्यालयका कोषाध्यक्ष रामानन्दप्रसाद सिंह तथा विश्वविद्यालय कलेजका दुई जना शिक्षक संलग्न एउटा कन्भोकेसन कमिटी गठन गरियो ।[११३]

## सातौँ दीक्षान्त समारोह

यस दीक्षान्त समारोहमा दीक्षान्त भाषण दिन संघीय जर्मन गणतन्त्रका एक जना विशिष्ट विद्वानलाई निम्त्याउन स्वीकृतिका लागि

---

[११२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १७१ ।

[११३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ९७, १३१ ।

चान्सलरसँग अनुरोध गर्ने र स्वीकृति प्राप्त भएपछि आवश्यक लेखापढी गर्ने निर्णय गरियो । जहाँसम्म दीक्षान्त समारोह गर्ने दिनको हकमा तत्काल विश्वविद्यालय क्याम्पस नजिकको बाटो निर्माण हुँदै गरेकाले सवारी चलाउन लायक हुनासाथ कक्षाहरू त्रिपुरेश्वरबाट कीर्तिपुरमा सार्ने र उक्त काममा केही समय लाग्ने देखिएकोले दीक्षान्त समारोह जुन १९६७ को मध्यतिर तदनुसार २०२३ आषाढ महिनाको शुरुमा गर्ने निर्णय भयो ।[११४]

यस सातौं दीक्षान्त समारोहमा पश्चिम जर्मनी स्थित बोन विश्वविद्यालयका प्रा.डा.जोसेफ दर्बोलाभबाट दीक्षान्त भाषण दिइएको थियो । सो अवसरमा श्री ५ बाट ८६५ लाई स्नातकोत्तर/स्नातकलाई उपाधि प्रदान गरिएको थियो जसमा एम एस्सी-६, एम.ए.-१२३, एम.कम.-३२ आचार्य-७ र बि.एड.-३३ उमेदवार थिए ।[११५]

## आठौँ दीक्षान्त समारोह

आठौं दीक्षान्त समारोहका लागि देहायका व्यवस्था गरिएको थियो;[११६]

- यो वर्ष गाउँफर्क अभियान प्रारम्भ भएको हुँदा दीक्षान्त भाषण दिन चान्सलरलाई अनुरोध गरिएको थियो । कथंकदाचित चान्सलरलाई अनुकुल नपरे क्यानाडा, अष्ट्रेलिया र पाकिस्तानमध्ये कुनै एक देशका विशिष्ट विद्वानलाई आमन्त्रण गर्न चान्सलरमा जाहेर गरियो । अन्त्यमा आठौं दीक्षान्त समारोह २०२५ जेठ २४

---

[११४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १११ ।

[११५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१, अङ्क-१, २०२४ साल भदौ ३ गते, पृ. ३-४ ।

[११६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ८२, १२४, १७४

गतेका दिन गरिने र दीक्षान्त भाषण दिन क्यानडाबाट डा.डण्टनलाई आमन्त्रण गरियो ।

- सातौं दीक्षान्त समारोहमा दीक्षान्त भाषण दिने व्यक्तिको भ्रमण खर्च भने आउने व्यक्तिको मुलुकको सरकारबाट बेहोर्ने लगाइएको थियो जुन उपयुक्त देखिएन । त्यसैले यस पटक निम्त्याइने प्रमुख अतिथिको भ्रमण खर्च विश्वविद्यालयबाटै बेहोर्ने व्यवस्था गरियो ।

यस दीक्षान्त समारोहका लागि गाउन र हुड यथावत् राखी एकेडेमिक क्यापको सट्टा पुरुषहरूलाई नेपाली कालो भादगाउँले टोपी लगाउन दिने । महिलाहरूले टोपी लगाउनु नपर्ने तर गाउनको भित्रपट्टी सबैले राष्ट्रिय उर्दी पोशाक लगाउनु पर्ने गरियो ।

यस आठौं दीक्षान्त समारोहको उपलक्षमा इतिहास विभागले देहायका कार्यक्रम गरेको थियो ।[११७]

इतिहास संघको वार्षिकोत्सव

२०२५ साल साउन ६ र ७ गते इतिहास संघको पाँचौं वार्षिकोत्सव २ दिनसम्म विभिन्न कार्यक्रमहरू सहित भव्य रूपमा मनाएको थियो । साउन ६ गते बिहानको सेसनमा इतिहास शिरोमणि बाबुराम आचार्यले समारोहको उद्घाटन गरे । संघको अध्यक्षको स्वागत भाषण र इतिहास विभागका प्रमुख डा. हितनारायण झा को प्रवचन पछि विभिन्न वक्ताहरूले नेपालको इतिहास वारे बोले । बक्तामा सर्व श्री फादर स्टिलर, डा.अनिता, धनवज्र वज्राचार्य र इश्वरराज अर्याल थिए ।

सोही दिन दिउँसोको सेसन नेपाल लोकसेवा आयोगका अध्यक्ष केशरबहादुर के.सी.को सभापतित्वमा भयो जसमा त्रिभुवन विश्वविद्यालय इतिहास विभागका प्राध्यापक र विद्यार्थीहरूले ऐतिहासिक लेखहरू पाठ

---

[११७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* २०२५ साल, पृ. ३७-३८, ४७ ।

गरे । लेख पाठ गर्नेमा सर्वश्री प्राध्यापक तल्सीराम वैद्य र इतिहासका विद्यार्थीहरू चन्द्रविक्रम बुडाथोकी, हेमन्त राणा र रविकान्त मानन्धर थिए ।

साउन ७ गतेको अन्तिम सेसन प्रोफेसर भैरवबहादुर प्रधानको सभापतित्वमा भएको थियो । उक्त सभामा मुख्य अतिथिका रूपमा सोभियत राजदूतावासका प्रथम सचिव रेडकोले नेपालको इतिहासमा पृथ्वीनारायण शाहको महत्वपूर्ण भूमिका र नेपाल-रुस सम्बन्ध वारे प्रकाश पारेका थिए । संघका महामन्त्रीले वार्षिक प्रतिवेदन पेश गरेका थिए । उक्त अवसरमा ऐतिहासिक चिजहरूको प्रदर्शनीको समेत आयोजना गरिएको थियो ।

प्रदर्शनी आयोजना

२०२३ साल पौष माघमा इतिहास विभागका प्रमुख डा.हितनारायण झा को नेतृत्वमा इतिहासका विद्यार्थीहरू अनुसन्धान सामग्रीको खोजमा सिम्रौनगढ, मकवानपुर र जनकपुरको भ्रमणमा गएको थियो । उक्त स्थानहरूमा पाइएको अभिलेख र अरू सामानहरूको प्रदर्शन त्रिभुवन विश्वविद्याल इतिहास विभागले आठौं दीक्षान्त समारोहको सिलसिलामा गरेको थियो । यसको उद्घाटन विश्वविद्यालयका उपकुलपति सरदार रुद्रराज पाण्डेले गरेको थिए । उक्त प्रदर्शनी एक हप्तासम्म चलेको थियो ।

सामाजिक सेवा कार्यक्रम

२०२५ सालको मीन पचासको विदामा विश्वविद्यालय कलेज इतिहास विभागबाट कीर्तिपुरको ऐतिहासिक सर्वेक्षण गरिएको थियो । यसअन्तर्गत त्यस ठाउँको इतिहास, धर्म, समुदाय र जाति, भाषा, आर्थिक अवस्था र घरेलु उद्योगहरू, चाडबाड एवम् ऐतिहासिक शिलालेखहरूको सर्वेक्षण गरिएको थियो । यस सर्वेक्षणबाट कीर्तिपुरको धेरै प्राचीन कालदेखिको विभिन्न विषयहरू वारे धेरै कुराहरूको जानकारी प्राप्त भएको छ । यस सम्बन्धमा त्यहाँ प्राप्य शिलालेखहरूको अझ विस्तृत अध्ययन

गरिँदैछ र यसबाट पनि धेरै कुराहरूको जानकारी प्राप्त हुने आशा गरिएको थियो ।

## नवौं दीक्षान्त समारोह

दीक्षान्त भाषणका लागि फ्रान्सका विद्वानलाई आमन्त्रण गर्ने तथा उक्त समारोह २०२६ जेठ महिनाको २४ गते गर्ने टुङ्गो लगाइयो । यद्यपि पूर्व निर्णयानुसार फ्रान्सबाट संस्कृति सम्बन्धी मन्त्री आण्डे मार्लोलाई निमन्त्रणा गरिएकोमा निर्वाचनका कारण उनी आउन नसक्ने भएपछि लंकाबाट प्रमुख अतिथि निम्त्याइयो । त्यस्तै गत वर्षको पोशाकलाई नै निरन्तरता दिइयो ।[११८]

विश्वविद्यालयको नवौं दीक्षान्त समारोह २०२६ जेठ २४ गतेका दिन सम्पन्न भयो । यसमा दीक्षान्त भाषण दिन विद्यालङ्कार विश्वविद्यालय, सिलोनका भाइस चान्सलर डा. करुन्दस बिजेसिरी गुणवर्द्धन आएका थिए । विशेष योग्यता देखाउने १२ जना स्नातकलाई विश्वविद्यालयका विभिन्न पदकहरू पनि प्रदान गरियो ।

दीक्षान्त समारोहमा बी.ए.-५५१, बी.एस्सी.-८१, बी.कम.-१६४, बी.एड.-४५, बी.एल.-४३, शास्त्री-४४ र आचार्य-२ जनालाई दीक्षित गरिएको थियो । त्यस्तै स्नातकोत्तरतर्फ एम.एड.-६, एम.एस्सी.-२१, एम.ए.-२२५, एम.कम.-३६ उमेदवार थिए । १ जनालाई विद्यावारिधि उपाधी प्रदान गरियो ।[११९]

## दशौं दीक्षान्त समारोह

दीक्षान्त समारोहमा दीक्षान्त भाषण दिन कुलपति समक्ष अनुरोध गरिएकोमा बाहिरका विद्वानलाई आमन्त्रण गर्न निर्देशन भएकाले फ्रान्सका आन्द्रे भार्ला अथवा सोभियत रुसबाट एक जना ख्याति प्राप्त वैज्ञानिकलाई

---

[११८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.१४७, १७३, १९८ र २०८ ।

[११९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-१०, २०२६ साल जेठ, पृ. १, ३-१० ।

आमन्त्रण गर्ने प्रयास गरियो । यस क्रममा फ्रान्सबाट आन्द्रे भाला नआउने भएकाले रुसबाट एक जना ख्यातिप्राप्त बैज्ञानिकलाई निम्त्याइयो ।

दीक्षान्त भाषण दिन आउने अतिथिलाई आतेजाते तथा काठमाडौँमा बस्ने समयको दैनिक खर्च आदि साबिक बमोजिम विश्वविद्यालयबाट नै बेहोरिने भयो । दशौँ दीक्षन्त समारोह २०२७ साल असार ४ गते हुने र प्रमुख अतिथीका रूपमा लुमुम्बा विश्वविद्यालय, रुसका प्रोफेसर डा.वाई.पी.टेरेलेट्रस्की आउने निश्चय भएको थियो ।[१२०]

दीक्षान्त समारोह त्रिभुवन विश्वविद्यालय स्मृति भवनमा आयोजना गरियो । यस समारोहमा स्नातक र स्नातकोत्तर उपाधि पाउने जम्मा उमेदवार १५६८ थिए । त्यस वर्ष स्नातकोत्तर तहका विभिन्न १७ विभागमा अध्ययन गर्ने विद्यार्थीको संख्या १००० जतिमध्ये विश्वविद्यालयबाट छात्रवृत्ति पाउनेको संख्या १०० र छात्रावासमा ११० विद्यार्थी बसेका थिए । विश्वविद्यालयमा कार्यरत प्राध्यापकको संख्या १३५ मध्ये ८१ पूरा समय र ३२ आंशिक काम गर्ने थिए । विश्वविद्यालयबाट स्थायी नियुक्ति लिई पूरा समय काम गर्ने प्राध्यापकको संख्या ७१ थियो । बाँकीको सेवा कुनै निश्चित अवधिका लागि श्री ५ को सरकार र अरू मित्र राष्ट्रहरूबाट उपलब्ध गराइएको थियो ।

दीक्षान्त समारोहमा विभिन्न उपाधि पाउने १,५६८ स्नातकमध्ये बी.ए.-६९९, बी.एस्सी.-१७५, बी.कम.-१९८, बी.एड-४७, बी.एल.-१७, शास्त्री-६७, बी.ए.अनर्स-२०, एम.कम.-३१, एम.ए.-२५५, एम.एस्सी.-४९, एम.एड.-२ र आचार्य-८ थिए । दशौं दीक्षान्त समारोहका प्रमुख अतिथि सोभियत रुसका डा.टेरलेट्स्की याकोव पेट्रोभिच लुमुम्बा विश्वविद्यालयको

[१२०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं.७८, ९५, १२८ र १५९ ।

सैद्धान्तिक भौतिकशास्त्र (Theoritical Physics) का प्राध्यापक एवम् विभागीय प्रमुख थिए ।[१२१]

## एघारौँ दीक्षान्त समारोह

एघारौँ दीक्षान्त समारोहमा दीक्षान्त भाषण दिन पाकिस्तानबाट मुख्य अतिथि बोलाउने तथा मार्च महिनातिर सो समारोह गर्ने वारे कुलपतिमा अनुरोध गरियो । कुलपतिको स्वीकृतिमा पाकिस्तानको चितागंग विश्वविद्यालयका उपकुलपति डा.अजिजर रहमान मल्लिक आउने भएका थिए । यद्यपि अन्तिम समयमा डा.अजिजर रहमान मल्लिक आउन नसक्ने जानकारी प्राप्त भएको थियो । समय कम भएकाले विदेशबाट कुनै विद्वान झिकाउन नभ्याउने अवस्था थियो । त्यसैले दीक्षान्त भाषण दिन प्रधान मन्त्री कीर्तिनिधि विष्टलाई अनुरोध गरियो ।[१२२]

२०२८ साल असार १८ गतेका दिन कीर्तिपुर स्थित त्रिभुवन स्मृति भवनमा आयोजित दीक्षान्त समारोहमा प्रधानमन्त्री कीर्तिनिधि विष्टले दीक्षान्त भाषण दिए । विश्वविद्यालयमा दीक्षान्त भाषण दिने उनी पहिलो प्रधानमन्त्री थिए । सो अवसरमा उपाधि प्राप्त गर्ने कुल विद्यार्थी संख्या ८३१ थियो । नयाँ शिक्षा लागु हुने पूर्वसन्ध्यामा इन्टर र व्याचलर स्तरका बयालीस महाविद्यालयहरू विश्वविद्यालयसँग सम्बद्ध रहेको सन्दर्भ सो अवसरमा उल्लेख गरिएको थियो ।

विश्वविद्यालय कलेजमा विभिन्न १७ विभागहरूमा १००० जति विद्यार्थी स्नातकोत्तर तहमा अध्ययनरत रहेका थिए । श्री ५ को सरकार, मित्रराष्ट्र भारत, अमेरिकाको विशेष सहयोग र विश्वविद्यालयको साधनसमेतबाट कीर्तिपुरमा १७ भवनहरू निर्माण गरिएको सो अवसरमा जानकारी दिइयो ।

---

[१२१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-३ अङ्क-१०, २०२७ साल जेठ, पृ.९ ।

[१२२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ५५, ९३, १३६ ।

सन् १९६० देखि १९६९ सम्म यस विश्वविद्यालयले कला, विज्ञान, वाणिज्य, प्रशिक्षण, कानून र संस्कृत विषयहरूमा ५,७६७ स्नातक, १५८१ स्नातकोत्तर शिक्षा प्राप्त गर्नेहरू र एक जना पिएच.डी.तयार गरी राष्ट्रलाई प्रदान गर्न सकेको तथा सो समारोहमा स्नातक र स्नातकोत्तर उपाधी पाउने जम्मा ८३१ विद्यार्थी भएको देखिन्छ ।[१२३]

१८ गते असार शुक्ल नवमी परेकाले विश्वविद्यालयको वार्षिकोत्सव र दीक्षान्त समारोह एकै दिन पर्नु सुखद संयोग थियो ।

## बाह्रौं दीक्षान्त समारोह

बाह्रौं दीक्षान्त समारोह २०२९ साल (सन् १९७१) कार्तिक २९ गते विश्वविद्यालय कीर्तिपुरमा सम्पन्न भएको थियो । विश्वविद्यालयको इतिहासमा पहिलो पल्ट यस दीक्षान्त समारोहमा विद्वान, कवि तथा नाटककार वालकृष्ण समलाई 'विशेष उपाधि' प्रदान गरिएपछि निजबाट नै दीक्षान्त भाषण भएको थियो । समारोहमा स्नातक, स्नातकोत्तर तथा पीएच.डी.उपाधि प्राप्त गर्नेको संख्या १०४३ थियो ।

यस अवसरमा उप कुलपतिले विश्वविद्यालय कलेजका साथै ४२ सम्बद्ध महाविद्यालय सञ्चालनमा रहेको, विश्वविद्यालय कलेजका १७ विभागहरूमा ६६४ विद्यार्थी अध्ययनरत रहेको र सन् १९६० देखि त्यस बखतसम्म विश्वविद्यालयले कला, विज्ञान, वाणिज्य, संस्कृत र कानुन विषयहरूमा ६४३९ स्नातक, १९५० स्नातकोत्तर र ३ जना विद्यावारिधि तयार गरेको जानकारी दिएका थिए ।[१२४] यसका अतिरिक्त २०२९ साल साउन १ गतेदेखि राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुरूप गठन हुने १३ मध्ये ७ प्राविधिक इन्स्टिच्यूटहरू गठन भै सिमेस्टर पद्धतिअनुसार सञ्चालनमा रहेको र २०३० साल साउन १ गतेसम्ममा बाँकी ६

---

[१२३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४, अङ्क-१०, २०२८ साल जेठ, पृ. २-१५ ।

[१२४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६ अङ्क-२,३ २०२९ साल असोज, कार्तिक, पृ. १-१५ ।

सञ्चालनमा रहने भएकाले एस.एल.सी.भन्दा माथि सबै किसिमको शिक्षा विश्वविद्यालयअन्तर्गत आएको उल्लेख गरियो ।

समग्रमा त्रिभुवन विश्वविद्यालयले 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' लागू पूर्वसम्म जम्मा १२ वटा दीक्षान्त समारोह सम्पन्न गरेको थियो । दीक्षान्त मन्तव्यका लागि सामान्यतया ख्यातिप्राप्त विद्वानहरुलाई प्रमुख अतिथि बनाउने क्रमको थालनी गरिए तापनि विश्वविद्यालयले अवस्था हेरी कुलपतिका अतिरिक्त मुलुकका प्रधानमन्त्री एवम् विद्वनसमेतलाई प्रमुख अतिथि बनाएको थियो । त्यस्तै यस अवसरमा सम्मानका लागि विभिन्न उपाधी दिने क्रमको थालनी पनि गरियो ।

पछिल्लो समयमा दीक्षान्त समारोहलाई गौरवको कार्यक्रम तथा विश्वविद्यालय कलेजको संयुक्त कार्यक्रमका रुपमा विभिन्न विभागसमेतलाई सहभागी गर्न लाग्यो । यस क्रममा आठौँ दीक्षान्त समारोहका 'इतिहास संघ' द्वारा आयोजित कार्यक्रमहरु विश्वविद्यालयको इतिहासमा उल्लेख्य एवम् नमूनायुक्त देखिन्छ ।

स्थापनादेखि 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' लागूपूर्वसम्मका १२ वर्षहरुमा विश्वविद्यालयबाट जम्मा ८००२ विद्यार्थीहरु दीक्षित भएका थिए जसमध्ये ३ जनाले विद्यावारिधि उपाधीसमेत हासिल गरेको देखिन्छ । नेपाल जस्तो मुलुकको एउटामात्र विश्वविद्यालयबाट छोटो अवधिमा यति धेरै विद्यार्थीले उच्च शिक्षा हासिल गर्नु उल्लेख्य मानिन्छ ।

* * *

# पुस्तकालय

"A library is the delivery room for the birth of ideas,
a place where history comes to life."
-Norman Cousins

## परिचय

त्रिभुवन विश्वविद्यालय स्थापना पूर्व मुलुकमा १२५ जति पुस्तकालय रहेको पाइन्छ[1] भने जम्मा १९ कलेजहरू सञ्चालनमा रहेको देखिन्छ ।[2] उल्लेख्य रूपमा नदेखिए तापनि ती कलेजमासमेत पुस्तकालय रहेका थिए । त्यसो त विश्वविद्यालय स्थापनाका क्रममा सार्वजनिक रूपको 'सेन्ट्रल लाइब्रेरी' सञ्चालनमा आइ सकेको थियो । यसै परिवेशमा त्रिभुवन विश्वविद्यालय कमिसनले विश्वविद्यालय स्थापनाका क्रममा पुस्तकालयलाई निकै महत्व दिएको सन्दर्भ माथिको परिच्छेदमा चर्चा भइसकेको छ । पठन पाठनको थालनीसँगै विद्यार्थीको आवश्यकताअनुसार विश्वविद्यालय सञ्चालन स्थान त्रिपुरेश्वरमा एउटा पुस्तकालय स्थापना गरिएको थियो । विश्वविद्यालय ऐनले पनि पुस्तकालयलाई महत्व दिएको थियो । विश्वविद्यालय सिण्डिकेटलाई पुस्तकालयको व्यवस्था गर्ने अख्तियारी दिइयो भने सम्बन्धन लिने कलेजले पनि अन्य भौतिक संरचनाका साथै उपयुक्त पुस्तकालयको व्यवस्था गर्नुपर्ने शर्तलाई अनिवार्य गरेको थियो ।[3]

---

१ शिव रेग्मी, "नेपालमा सार्वजनिक पुस्तकालय", *हाम्रो पुरुषार्थ,* वर्ष-२६, अङ्क-१, वि.सं. २०५५, पृ. ६२-६३ ।

२ त्रिभुवन विश्वविद्यालय, *त्रिभुवन विश्वविद्यालय: एक झलक* (त्रिभुवन विश्वविद्यालको २४ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित त्रि.वि.बुलेटिन विशेषाङ्क-२०४०), काठमाडौँः त्रिभुवन विश्वविद्यालय, पृ.१९ ।

३ श्री ५ को सरकार, *नेपाल गजेट,* भाग-२, संख्या-८, २०१६ साल जेठ २५ गते, पृ. १९, २९ ।

नयाँ भवन निर्माणपछि 'त्रिभुवन विश्वविद्याल पुस्तकालय' त्रिभुवन कलेज कीर्तिपुर परिसरमा सारियो । विश्वविद्यालयले स्थापना गरेको सोही पुस्तकालयको सञ्चालनका सम्बन्धमा यहाँ चर्चा गरिएको छ ।

## सेन्ट्रल लाइब्रेरी

त्रिभुवन विश्वविद्यालय स्थापना अगाडि नै विद्यार्थीहरूलाई अध्ययनको सुविधाका लागि लालदरबार (वर्तमान याक एण्ड यति होटल परिसर) मा 'सेन्ट्रल लाइब्रेरी' स्थापना एवम् सञ्चालनमा रहेको सन्दर्भ माथिको परिच्छेदमा परिसकेको छ । सेन्ट्रल लाइब्रेरी विश्वविद्यालयअन्तर्गत गराउने विषय यु.एस.ओ.एम.का एजुकेसन डिभिजनका प्रमुख मि. हारोल्ड वाइनर ले सन् १९६१ नबेम्बर २२ मा शिक्षा सचिवलाई लेखेको पत्रको बोधार्थबामोजिम उक्त लाइब्रेरी विश्वविद्यालयमा सार्ने विषयलाई सिद्धान्ततः विश्वविद्यालय कमिटीले स्वीकृत गरेको थियो ।[४] लाइब्रेरी स्थापनाको तेस्रो वर्षमा श्री ५ को सरकारको निर्णयानुसार १५,००० पुस्तक तथा सम्बद्ध कर्मचारीका साथ यसलाई त्रिभुवन विश्वविद्यालयमा हस्तान्तरण गरियो ।[५] २०१९ सालमा श्री ५ को सरकारले लालदरबार स्थित सेण्ट्रल लाइब्रेरी विश्वविद्यालयलाई हस्तान्तरण गरेको थियो ।[६]

विश्वविद्यालयमा हस्तान्तरण भएको सेन्ट्रल लाइब्रेरीका निम्ति २ वर्षका लागि लालदरबार बहालमा लिइएको थियो । त्यसमा एक वर्ष थप लिजमा लिइयो । यसका लागि लालदरबारको भाडा मासिक रु १,५००/- (एक हजार पाँच सय) तोकिएको थियो । सो रकममध्ये मासिक रु. ३००/-(तीन सय) घरधनीका तर्फबाट चन्दा स्वरूप प्रदान गरिने भएकाले विश्वविद्यालयले मासिक रु. १,२००/-(एक हजार दुई सय) मात्र नगद

---

[४] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ८१ ।

[५] कृष्णमणि भण्डारी, "त्रिभुवन युनिभर्सिटी सेण्ट्रल लाइब्रेरी", *त्रिभुवन विश्वविद्यालय ४४ औं वार्षिक दिवस विशेषाङ्क,* वि.सं. २०६०, पृ. ५३ ।

[६] त्रिभुवन विश्वविद्यालय, *त्रिभुवन विश्वविद्यालयको वार्षिक प्रतिवेदन,* वि.सं. २०२२-०२३, पृ. २१-२२ ।

बहाल तिर्ने भएको थियो ।[७] यसको तेस्रो वर्ष लालदरबारका घर धनीले बजार भाउ दिन दिनै बढ्दै गएकाले घर भाडामा पनि केही वृद्धिहोस् भनि आवेदन दिएका थिए । त्यसैका आधारमा निजले विश्वविद्यालयलाई मासिक रूपमा दिँदै आएको चन्दा रकम रु.३००/-मध्ये मासिक रु.१५०/-भाडामा थपगरी मासिक रु.१३५०/- भाडा कायम गरियो । नयाँ भाडा भने पहिले निजसँग भएको सम्झौता सकिएको मितिदेखि बढीमा एक वर्षका लागि लागू हुने सम्झौता गरियो ।[८]

सेन्ट्रल लाइब्रेरी त्रिभुवन विश्वविद्यालयलाई हस्तान्तरण गरेपछि त्यहाँ कार्यरत १५ जवान स्टाफलाई विश्वविद्यालयको सेवामा सारियो । अब उनीहरूले पनि विश्वविद्यालयका स्टाफले पाउने सहुलियत, सुविधा पाउने भए । श्री ५ को सरकारबाट खाईपाई आएको स्केलबमोजिम उनीहरूलाई विश्वविद्यालय कोषबाट २०१९ साल साउन महिनादेखि देहायअनुसारको तलब खुवाइएको थियो ।[९] यसबाट आज भन्दा ५७ वर्ष पहिले एउटा पुस्तकालयमा कुन तहका कर्मचारी राखिएको तथा के कस्ता सुविधा दिइएको रहेछ भन्ने पनि जानकारी मिल्ने भएकाले उक्त विवरण यहाँ दिइएको हो ।

| **पद** | **कार्यरत व्यक्ति** | **मासिक तलब रु.** |
|---|---|---|
| १ चिफ लाइब्रेरियन | नारायण भक्त | २७५/- |
| २ जु.लाइब्रेरियन | भीमप्रसाद श्रेष्ठ | १४०/- |
| ३ जु लाइब्रेरियन | कविवर बहादुर | १२०/- |
| ४ हेड् क्लर्क | मध्यानन्द शाक्य | १२०/- |

---

७ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९) , निर्णय नं. ३४ ।

८ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २८ ।

९ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३५ ।

| | | |
|---|---|---|
| ५ हेड क्लर्क | रामबहादुर वैद्य | १२०/- |
| ६ हेड क्लर्क | भैरवप्रसाद पराजुली | १२०/- |
| ७ सव एकाउन्टेन्ट | रामजीप्रसाद वाग्ले | १२५/- |
| ८ सिनियर क्लर्क | भरदप्रसाद उपाध्याय | ७५/- |
| ९ जु.क.टा. | शंकरानन्द वज्राचार्य | ७२/- |
| १० व.टा. | मोहनबहादुर बस्नेत | ७२/- |
| ११ मेक्यानिक्स | देवबहादुर नकर्मी | ८३/- |
| १२ पिउन | धर्मरत्न वज्राचार्य | ५४/- |
| १३ पिउन | सन्तबहादुर कार्की | ५४/- |
| १४ पिउन | सनत कुंवर क्षत्री | ५४/- |
| १५ स्विपर | भीम बहादुर | ४६/- |

उक्त सेन्ट्रल लाइब्रेरिका सम्बन्धमा लाइब्रेरि कमिटीको देहायका सिफारिसलाई विश्वविद्यालयबाट सदर गरियो;[१०]

- श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट विश्वविद्यालयलाई हस्तान्तरण गरिएको लालदरबार स्थित सेन्ट्रल लाइब्रेरीको नाम लाइब्रेरी कमिटीको सिफारिस बमोजिम 'त्रिभुवन विश्वविद्यालय पुस्तकालय' राख्ने,
- सेन्ट्रल लाइब्रेरीमा प्रमुखको दर्जा 'चीफ लाइब्रेरियन' भएकोमा सो नाम विश्वविद्यालय परिनियमअनुसार नमिल्दो हुन आएकाले अब उप्रान्त निजलाई 'असिष्टेन्ट लाइब्रेरिएन' दर्जा दिने,
- श्री ५ को सरकारले विश्वविद्यालयलाई सेन्ट्रल लाइब्रेरी हस्तान्तरण गर्दा भएको सम्झौता पत्रमा केही उल्लेख नभएकाले

---

[१०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ६७ पछि उल्लेख गरिएको ।

उक्त आर्थिक सहायता दिन विश्वविद्यालय बाध्य भएन । पब्लिक लाइब्रेरीहरूका निम्ति खरिद भएको पुस्तक थान १४९० विश्वविद्यालयका लागि उपयोगी नभएकाले तीनलाई वितरण गर्नका लागि शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने,

- सेन्ट्रल लाइब्रेरीको नकर्मि पदमा नियुक्त भै काम गरिराखेका देवबहादुर लाइब्रेरीका निम्ति उपयोगी नभएकाले निजलाई २०१९ साल कार्तिक १ देखि शिक्षा मन्त्रालयमा नै हाजिर हुन फिर्ता पठाइदिने,
- श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट विश्वविद्यालयलाई हस्तान्तरण गरिएको सेन्ट्रल लाइब्रेरीका निम्ति यु.एस.ओ.एम.र श्री ५ को सरकार, शिक्षा मन्त्रालायलाई विश्वविद्यालय तर्फबाट कृतज्ञता ज्ञापन गर्ने र
- सेन्ट्रल लाइब्रेरी, लालदरबार विश्वविद्यालयको अङ्ग भइसकेकाले सेन्ट्रल लाइब्रेरीको अन्दाजी रु. १०,०००/-दश हजार उक्त लाइब्रेरीको पहिलो लाइब्रेरियन मिस् ब्रिन्दा मल्लको नाममा नेपाल वैंकमा जम्मा भएकाले उक्त रकम विश्वविद्यालयको खातामा जम्मा गर्नेसमेत निर्णय भएको थियो ।[११]

विश्वविद्यालय पुस्तकालयका लागि भाडा लिएको लालदरबारको अवधि २०२३ साल माघसम्म रहेकोमा सोही भाडा दरमा नै अवधि बढाई लिने भएको थियो । यसका साथै लालदरबारबाट सो पुस्तकालय सक्दो छिटो विश्वविद्यालय हाता कीर्तिपुरमा ल्याउने निर्णयसमेत गरियो ।[१२]

विश्वविद्यालयलाई हस्तान्तरण हुनु भन्दा अगाडि सेन्ट्रल लाइब्रेरीले मोरङ, धरान, धनकुटा, जनकपुर कलेजहरूलाई करिव २,३००

---

[११] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं.२०१ ।

[१२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ५२, १७२ ।

किताब दिएको थियो । पुस्तकहरू फिर्ता माग्दा धेरैजसो कलेजले पाठ्यपुस्तकका रूपमा प्रयोग गरेकाले पुस्तकालय कमिटीको सिफारिसबमोजिम तिनलाई सम्बद्ध कलेजहरूलाई नै उपहार स्वरूप दिलाउने निर्णय गरियो ।[१३]

उल्लेख्य के छ भने त्रिभुवन विश्वविद्यालय कमिसनको सुझावअनुसार श्री ५ को सरकार तथा यु.एस.ओ.एम.बीचको सम्झौताबमोजिम सन् १९५७-०५८ देखि सञ्चालनमा रहेको सो केन्द्रीय पुस्तकालयमा २०१७ सालसम्म जम्मा १२२३४ पुस्तकहरू एकत्रित गरेको भन्ने भनाइसमेत नपाइने होइन ।[१४]

## विश्वविद्यालय पुस्तकालय

२०१६ साल असोज महिनामा कक्षा सञ्चालनका क्रममा सोही नं. ३ गेष्ट हाउस, त्रिपुरेश्वर परिसरको एउटा कोठामा पुस्तकालयको थालनी गरिएको थियो । काठका फल्याकलाई इँटामाथि अड्याएर त्यसमाथि पुस्तकहरू राखेर थालनी गरिएको पुस्तकालयमा स्थापनाका बखत जम्मा १,२०० (एक हजार दुई सय) पुस्तकहरू रहेको बताइन्छ ।[१५] पहिलो वर्ष विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या न्यून रहेकाले उक्त पुस्तक संख्या पनि कम भएको मानिँदैन । यसका साथै विश्वविद्यालयले पहिलो वर्षमा नै पुस्तक तथा पत्रपत्रिकामा रु. ५,०००/- खर्च गरेको थियो ।[१६] त्यस बखत पुस्तक खरिदमा खर्च गरिएको यो रकम पनि सानो र थोरै थिएन ।

---

[१३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २५१ ।

[१४] विश्वबन्धु थापा (अध्यक्ष), *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट,* वि.सं. २०१८, पृ. ९३ ।

[१५] भवेश्वर पंगेनी, *केन्द्रीय पुस्तकालयका पाँच दशक (वि.सं. २०१६-२०६६),* त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, वि.सं. २०६८, पृ. १४५-१४७ ।

[१६] चान्सलरको अध्यक्षतामा २०१७ साल असार ११ गतेका दिन बसेको विश्वविद्यालय परिषद्को विशेष वैठक, निर्णय नं. १ ।

## लाइब्रेरी कमिटी

विश्वविद्यालयले दोस्रो वर्षमा रेक्टरलाई लाइब्रेरी कमिटी गठनगर्ने अख्तियारी दिएको थियो ।[१७] यद्यपि तत्काल सो कमिटी गठन गरिएको देखिँदैन । यसको अर्को वर्ष अर्थात् २०१९ सालमा पहिलो पल्ट विश्वविद्यालयले ११ सदस्यीय 'लाइब्रेरी कमिटी' गठन गऱ्यो । विश्वविद्यालय सिण्डिकेट सदस्य यदुनाथ खनालको अध्यक्षतामा गठन गरिएको लाइब्रेरी कमिटीमा ल, कमर्स, साइन्स र आर्टस् फेकल्टिका डीन क्रमशः आशुतोष गांगुली, नरेशमान सिंह, प्रसन्नमान सिंह र पद्मप्रसाद भट्टराईका अतिरिक्त एकेडेमिक काउन्सिलका सदस्य सूर्यबहादुर शाक्य (पदेन) सदस्य बनाइए । त्यस्तै फिल्ड मार्शल केशर शमशेर राणा, सूर्यविक्रम ज्ञवाली र बुद्धिसागर पराजुली (अध्यक्ष, वीर लाइब्रेरी) लाई विशेषज्ञका रूपमा कमिटीमा संलग्न गरियो । कमिटीमा हाफेन रिक्टरलाई सल्लाहकार र विश्वविद्यालय लाइब्रेरीका लाइब्रेरियनलाई कमिटीको सदस्य सचिव बनाइयो ।[१८]

लाइब्रेरिलाई सुव्यवस्थित बनाउनका लागि उक्त कमिटीले गरेका देहायका सिफारिसलाई विश्वविद्यालयले स्वीकृत गरेको थियो । सो निर्णयमा भारतको पटना स्थित श्रीमती रहमानबाट विश्वविद्यालयले खरिद गरेको पुस्तकको जम्मा मूल्य भारु.२०,०००/- मध्ये दिन बाँकी भारु. १०,०००/-लाइब्रेरी फण्डबाट निकाशा दिने तथा विश्वविद्यालयका अध्यापकहरूको सिफारिसका आधारमा लिष्टबमोजिमका पत्रपत्रिकाहरू सेप्टेम्बर १९६२ देखि पुनः झिकाउन स्विकृति दिने काम भयो । त्यस्तै ल तथा साइन्स विषयका पत्रपत्रिकाहरू थप गर्न सम्बन्धित प्राध्यापकहरूको सुझाव लिई सिफारिस पेश गर्न लाइब्रेरी कमिटीलाई निर्देशन दिइयो ।[१९]

---

[१७] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १०९ ।

[१८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १८ ।

[१९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ६७ पछि उल्लेख गरिएको ।

कमिटीले पुस्तकालय व्यवस्थापनका क्रममा २०१९ साल चैत महिनामा गरेको देहायका सिफारिसलाईसमेत विश्वविद्यालयले स्वीकृति दिएको थियो;[२०]

- विश्वविद्यालय पुस्तकालयका कर्मचारीहरूलाई 'इन सर्भिस ट्रेनिङ' दिनलाई अफिसको काममा वाधा नपर्ने गरी र ओभर टायम मेहनताना नदिई व्याच मिलाएर ट्रेनिङ सम्पन्न गराउने,
- विभागीय अध्यक्षहरूको सल्लाह लिई टेक्स बुक र आवश्यक रेफरेन्स बुकसमेत जम्मा तीन हजार पुस्तक मात्र त्रिपुरेश्वरमा राखी अरू लालदरबारमा पठाउने,
- त्रिपुरेश्वर र लालदरबारमा टिकट कार्ड प्रणाली चलाउने र पुस्तक वर्गीकरण सम्बन्धमा त्रिपुरेश्वरमा चलाई आए बमोजिम डा.रंगनाथको कोलन क्लासिफिकेसन दुवै ठाउँमा चलाउने,
- लालदरबार स्थित विश्वविद्यालय पुस्तकालयमा विश्वविद्यालय अन्तर्गतका कलेजका शिक्षक र विद्यार्थी वर्ग बाहेक अरू बाहिरका व्यक्तिहरूलाई धरौटी रु.२५/-र वार्षिक शुल्क रु. १२/-लिई सदस्यता प्रदान गर्ने,
- तत्काल बाईण्डिङ गराउनु पर्ने पुस्तक थान ७५० लाई नेरु.२,०००/- सम्म खर्च गरी बाइण्डिङ गर्ने तथा अब उप्रान्त लाइब्रेरीमा नै एक वाइन्डरी खोल्न कदम चलाउने,
- इतिहास र राजनीतिशास्त्र विषयका किताबलाई विशेष ग्राह्यता दिई नेपाली, भूगोल र संस्कृत विषयमासमेत पुस्तकहरू किन्न जम्मा रु. ५,०००/- (पाच हजार) खर्च गर्ने तथा
- २०१८-२०१९ सालमा अर्डर गरिएका पुस्तकमध्ये सप्लाई हुने आशा गरिएका अन्दाजी १०० थान पुस्तकको मोल रु. २५००/- (दुई हजार पाँच सय) लाइब्रेरी फण्डबाट छुट्याउने ।

---

[२०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १९२ ।

२०१९ सालमा यदुनाथ खनालले सिण्डिकेटबाट राजीनामा दिएकाले निजको सिण्डिकेटको प्रतिनिधिका हैसियतमा विश्वविद्यालय लाइब्रेरी कमिटीको अध्यक्षको पद स्वतः रिक्त हुन गएकाले सो पदमा रेणुलाल सिंहलाई मनोनित गरियो । यद्यपि रेणुलाल सिंहले व्यस्त कार्यभार र समय अभावका कारण अध्यक्ष पदमा काम गर्न असमर्थता प्रकट गरेकाले विश्वविद्यालय कलेजका प्रिन्सिपल सूर्यबहादुर शाक्यलाई अध्यक्ष मनोनित गरियो ।[२१]

२०२२ सालसम्म आइपुग्दा लाईब्रेरी कमिटीका सदस्य केशरशमशेरको निधनबाट रिक्त रहेको स्थानमा बह्मशमशेर राणालाई राखिएको थियो । पुस्तकालयलाई उपहार स्वरूप पुस्तकहरू दिएको तथा अरू पनि धेरै सहयोग पाइने आषाबाट निजलाई कमिटीमा राखिएको देखिन्छ ।[२२]

**पुस्तकालय सम्बन्धी नयाँ व्यवस्था**

लाइब्रेरि कमिटीको देहायका सिफारिसलाई विश्वविद्यालयबाट सदर गरियो;[२३]

- नियमानुसार पुस्तक हराए बापत प्राप्त रकमबाट पुस्तक नै खरिद गर्ने,
- पुस्तकालयका निम्ति प्राप्त चन्दा पुस्तकालय कै निम्ति, बुक बैंकका निम्ति प्राप्त बुक बैंककै निम्ति र पुस्तकालयका अन्य कार्यका निम्ति प्राप्त चन्दा सोही प्रयोजनका लागि खर्च गर्ने,

---

[२१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १३२-१३३ ।

[२२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९२ ।

[२३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ११७ ।

- पुस्तकालय तथा बुक बैंकको दैनिक बढ्दो कामकाज सुचारु रूपले सञ्चालन गर्न आवश्यकताअनुसार विश्वविद्यालयका विद्यार्थीलाई काममा लगाउने । यसका लागि दैनिक रु. ३१/५० भन्दा बढी खर्च नहुने गरी प्रति घण्टा रु. १/५० का दरले मेहनताना दिने । यसका लागि विद्यार्थी छनोटको अख्तियारी भने लाइब्रेरीयनलाई नै दिइयो । विद्यार्थीलाई काम गराए बापतको मेहनताना रकमका लागि रु. ८,०००/- छुट्याउने,
- समय समयमा पुस्तकालयका लागि खरिद गरिने प्राचीन, अर्वाचीन आदि हस्तलिखित सामग्रीको मुल्याङ्कन तथा मूल्यको लेखाजोखा गर्नका लागि पुस्तकालय कमिटीको अध्यक्षकै अध्यक्षतामा एउटा सव कमिटी गठन गरिने भयो । सब कमिटीमा कुनै विशेषज्ञलाई बोलाउनु परेमा विश्वविद्यालय सेवामा नरहेकालाई प्रति वैठक रु. २०/- पारिश्रमिक दिनेसमेत व्यवस्था गरियो ।

## लालमोहर खरिद

पुस्तकालयलाई पठन सामग्री सम्पन्न गराउनका लागि स्थापनाकालदेखि नै विश्वविद्यालय सजग भएको देखिन्छ । विश्वविद्यालय स्थापनाको दोस्रो वर्ष इमानसिंह चेमजोङ र जोगमुनी बज्राचार्यले क्रमशः भारु. ३,०००/-र नेरु. १०६०/-मा आफूसँग भएका पुराना पाण्डुलिपि, लालमोहर, कागजात विश्वविद्यालयलाई बिक्री गर्ने प्रस्ताव राखेका थिए ।[२४] यो प्रस्तावपछि विश्वविद्यालयले पुस्तकालयमा उपयोगी हुने प्राचीन ग्रन्थ छान्न र मूल्याङ्कन गर्न एउटा कमिटी गठन गरेको थियो । पहिलो पटक गठन गरिएको कमिटीमा संलग्न व्यक्तिहरूका बारेमा जानकारी प्राप्त नभए तापनि विश्वविद्यालय कमिटीले त्यसलाई विघटन गरी नयाँ 'मनुस्कृप्ट मूल्याङ्कन कमिटी' गठन गरेको थियो । खड्गनरसिं

[२४] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१७/४/३१-२०१८/४/५), आदेश नं. १९ ।

राणाको अध्यक्षतामा गठन गरिएको सो कमिटीमा सोमनाथ शर्मा र सत्यमोहन जोशीलाई समावेश गरिएको थियो । इमानसिंह चेमजोङ र जोगमुनी बज्राचार्यले पुस्तकालयलाई पुराना पाण्डुलिपि तथा लालमोहरका कागजात बिक्री गर्न राखेको माथिको प्रस्तावका आधारमा विश्वविद्यालयले सम्भवतः यसै कमिटीको सिफारिसका आधारमा तत्कालका लागि भारु. १०,०००/- सम्मको पुराना मनुस्कृप्ट खरिद गर्ने निर्णय गरेको थियो ।[२५]

यसै सन्दर्भमा विश्वविद्यालय पुस्तकालयका निम्ति काठमाडौँ इलाका जुद्धसडक निवासी जोगमुनी बज्राचार्यले हरिवंश नाउँको ५१० पृष्ठको ताडपत्र बिक्रीलाई मूल्य नेरु.२,२००/-राखेर विश्वविद्यालयमा पेश गरेका रहेछन् । सो ताडपत्र २०१७ साल चैत १ गतेका दिनमा पुस्तकालयमा दाखिलसमेत गरिएको थियो । यद्यपि मुल्याङ्कन कमिटीबाट ताडपत्रको मोल निर्धारण नभइसकेकाले बज्राचार्यलाई तत्कालका लागि नेरु. ५००/- मोल बापत पेश्की उपलव्ध गराइएको थियो । यस क्रममा बज्राचार्यलाई मुल्याङ्कन कमिटीबाट ठहर भएको मूल्यमा चित्त बुझे बाँकी रकम लिने र नबुझे उक्त पेश्की रकम फिर्ता गर्ने लिखत पनि गराइएको थियो ।[२६]

उल्लेख्य के छ भने केही समयपछि विश्वविद्यालय लाइब्रेरिका निम्ति मनुस्कृप्ट कमिटी पुनर्गठन गरी प्रिन्सिपल पद्मप्रसाद भट्टराईको अध्यक्षतामा नयाँ कमिटी गठन गरियो । कमिटीमा नेपाल राष्ट्रिय पुस्तकालय-सिंहदरबारका अतिरिक्त वीर पुस्तकालय र विश्वविद्यालय पुस्तकालयका लाइब्रेरियनलाई समावेश गरियो ।

---

[२५] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १०६ ।

[२६] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १८९ र आदेश नं. ४४ पछि रहेको टिप्पणी ।

विश्वविद्यालय पुस्तकालयमा काम गरिराखेका वज्रयान भाषाका विशेषज्ञ जोगमुनि वज्राचार्य र किराँती भाषाका विशेषज्ञ इमानसिंह चेम्जोङ्गका सम्बन्धमा जोगमुनिको सेवा अबदेखि विश्वविद्यालयलाई नचाहिने भएकाले निजले सेवा गरेको हकमा धन्यवाद दिँदै परिनियमबमोजिम एक महिनाको अग्रिम सूचना साथ अवकाश दिने तथा इमानसिंह चेम्जोङ्गका हकमा पुनः एक वर्षका निम्ति निजको सेवा अवधि बढाउनेसमेत विश्वविद्यालयले निर्णय गरेको थियो ।[२७]

## लाइब्रेरी दरबन्दी

विश्वविद्यालयमा पठन पाठनका विषयहरूमा क्रमशः वृद्धि गरिँदै गएपछि सोहीअनुसार विद्यार्थी संख्या पनि बढ्ने नै भयो । नयाँ विषय प्रवेशसँगै सो सम्बन्धी पुस्तकहरू राख्नुपर्ने तथा थप विद्यार्थीलाई पुस्तकालय सेवा दिनु आवश्यक हुन गयो । यसै परिवेशमा पुस्तकालयमा कर्मचारीको संख्या वृद्धि गर्नु पर्‍यो । त्यसैले विश्वविद्यालयले २०२० साल मंसिर २० गते शुक्रवारका दिन पुस्तकालयका लागि नयाँ दरबन्दी कायम गरेको थियो । यस बखतसम्म लालदरबार तथा त्रिपुरेश्वर दुवै ठाउँबाट पुस्तकालय सुविधा दिइएको थियो । ती दुवै ठाउँमा सञ्चालनमा रहेका पुस्तकालयमा लाइब्रेरिएन एकसमेत जम्मा २१ जना कर्मचारिमध्ये हेड ल्कर्क २ जवान विश्वविद्यालयका अरू शाखामा सरुवा गरी बाँकी लाइब्रेरियन समेत १९ जवान आवश्यक भएको विश्वविद्यालयको ठहर थियो । ती कर्मचारीलाई देहायअनुसार कामको बाँडफाँड गरियो ।[२८]

---

[२७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २०४ ।

[२८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०३ पछि उल्लिखित ।

| **कामको शाखा** | | **दरबन्दी** | |
|---|---|---|---|
| लाइब्रेरियनको अफिस | | | |
| | लाइब्रेरियन | १ | |
| | हेड् ल्कर्क तथा सव एकाउण्टेन्ट | १ | |
| | ल्कर्क | १ | |
| एक्युजिसन सेक्सन | | | |
| | असिस्टेन्ट लाइब्रेरियन | १ | |
| | हेड ल्कर्क | १ | |
| | क्लर्क तथा टाइपिस्ट | १ | |
| सर्कुलेसन सेक्सन | | | |
| | हेड ल्कर्क | १ | |
| | ल्कर्क | २ | |
| पिउन, नाइट गार्ड, स्विपर र चेकर | | | |
| | पिउन (लालदरबार र त्रिपुरेश्वरको निम्ति १/१ | | २ |
| | नाइट गार्ड (ऐ.) | | २ |
| | चेकर (ऐ.) | | २ |
| | स्विपर | | १ |

उक्त दरबन्दी कायम गर्नुका साथै लाइब्रेरियनको पे-स्केल रु. ४००-३०-७०० निर्धारण गरियो ।

२०१९ सालसम्म असिष्टेण्ट लाइब्रेरियनले मात्र काम चलाई राखेकोमा सम्भवतः माथिको नयाँ दरबन्दीअनुसार २०२० सालमा एक जना लाइब्रेरियन नियुक्त गरियो । त्रिपुरेश्वर तथा लालदरबार दुवै ठाउँमा

पुस्तकालय सञ्चालन गरिए तापनि त्रिपुरेश्वरमा थप एउटा वाचनालय स्थापना गरिएको थियो । वाचनालय ३८ जना विद्यार्थी र ६ जना प्राध्यापक बसेर पढ्न मिल्ने हिसाबले व्यवस्थापन गरिएको थियो ।

पुस्तकालयमा जम्मा २४,४६५ पुस्तक, १२२ थान चल्ति पत्रिका, १,५०० पुराना व्यवसायिक पत्रिका र १२१ थान पाण्डुलिपि सङ्कलन गरिएका थिए । त्यस्तै दुवै ठाउँका पुस्तकालयमा जम्मा ८७३ सदस्य थिए । बिहान ९ देखि साँझ ५ बजेसम्म ८ घण्टा खुल्ने पुस्तकालयमा सालाखाला दैनिक १२० पाठक पढ्न आउने र ९५ पुस्तक इस्यु गरिन्थ्यो ।[२९]

विश्वविद्यालयले पीएच.डी. उम्मेदवारहरूको नाम दर्ताको थालनी गरेको भए तापनि पुस्तकालय भने आवश्यक अनुसन्धानमूलक सामग्री एकत्रित गर्न सामर्थ थिएन । केही रेफरेन्स पुस्तक, नेपाल विषयक दूर्लभ पुस्तक, आर्ट विषयका पुस्तकहरूका साथै पुराना व्यवसायिक पत्रिका र युनेस्को प्रकाशनहरू जे जति छन् सबै लालदरबार स्थित शाखामा राखी अनुसन्धातालाई अध्ययन सुविधाको प्रबन्ध मिलाएको थियो ।

पुस्तकालयका सबै स्टाफ फुर्सत हेरी क्लासिफिकेसन र क्याटलगिङको काममा लागे तापनि त्यस बखतसम्म १५,००० पुस्तकको क्याटलगिङ गर्न बाँकी भएको देखिन्छ ।

पुस्तक तथा पुराना पत्रिकाहरूसमेत नियमित रूपमा बाइण्डिङ गर्नुपर्ने भएकाले विश्वविद्यालय सिण्डिकेटले लाइब्रेरिमा नै बाइण्डरी खोल्ने निर्णय गरेको सन्दर्भ माथि परिसकेको छ ।

ओपन एक्सेसको प्रत्यक्ष फाइदाको कारण लालदरबार र त्रिपुरेश्वर दुवै ठाउँमा पुस्तकहरू खुल्ला दराजमा राखी पाठक वर्गलाई र्‍याकबाट पुस्तक झिकी पढ्ने सहुलियत दिइएको थियो । तर उक्त

---

२९ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१), परिच्छेद १५, पृ. ५५ ।

प्रणालीमा पुस्तक हराउने एक अवगुण भएकाले सेन्ट्रल लाइब्रेरी विश्वविद्यालयमा हस्तान्तरित हुनु भन्दा अगाडी हराएका पुस्तक थान २६० समेत गरी २०२० साल फागुन सम्ममा जम्मा ४४४ पुस्तक हराइ सकेको देखिन्छ । यो वर्ष सर्व प्रथम पुस्तकालयको दुवै शाखाहरूमा रहेका पुस्तकहरूको इन्भेन्टरी लिने काम गर्नाका साथै अर्को वर्षदेखि वार्षिक रूपमा स्टक इन्भेन्टरी लिने व्यवस्था गरियो ।

त्यस बखत विश्वविद्यालयमा बिहान कमर्स र साँझ संस्कृतको पढाइ सञ्चालन गरिएको थियो । त्यसैले सबै विषयका विद्यार्थीलाई सहज हुने गरी त्रिपुरेश्वर स्थित पुस्तकालयको समय बढाउने योजना थियो ।

देहायको तथ्याङ्कले पुस्तकालय सञ्चालनको प्रारम्भिक अवस्था स्पष्ट हुने भएकाले त्यसलाई यहाँ दिइएको हो;[३०]

| | **वर्ष २०१९-०२०** | **वर्ष २०२०-०२१** |
|---|---|---|
| पुस्तक संख्या | २२,८१६ | २४,९०९ (हराएको ४४४ समेत) |
| सदस्य संख्या | १,३१४ | ८७३ |
| पाठक संख्या | ३५,००० | ३४,००० |
| पत्र पत्रिका | १०६ | १२२ |
| पुस्तक इस्यु | २१,६१७ | १९,३०० (त्रिपुरेश्वरमा विद्यार्थीहरूलाई गएको ७०९५ समेत) |

---

३० *ऐजन*।

## लाइब्रेरियन, असिष्टेन्ट लाइब्रेरियन

लाइब्रेरी कमिटीको २०२५ साल पौष २२ गतेको निर्णयअनुसार विश्वविद्यालय पुस्तकालयको लाइब्रेरियनको पद २०२६ साल वैशाख १ देखि अपग्रेड गरी 'रिडर' सरह तुल्याइयो ।[३१]

विश्वविद्यालयले पुस्तकालय स्थापनासँगै एक जना असिष्टेन्ट लाइब्रेरियन नियुक्त गरेको थियो । यसरी नियुक्त गरिने व्यक्ति बी.ए.र डीप्लोमा इन लाइब्रेरीयनसिप वा सो सरहको योग्यता भएको हुनु पर्ने जसलाई मासिक तलब रु. २५०/- दिइने भयो । सो असिष्टेन्ट लाइब्रेरियन पद पूर्तिका लागि नियमानुसार सेलेक्सन बोर्डबाट अन्तर्वार्ता र सेलेक्सन गराई नियुक्त गर्ने प्रक्रियासमेत तोकिएको थियो ।[३२] असिष्टेन्ट लाइब्रेरियन पदमा पूर्णप्रसाद अमात्यलाई नियुक्त गरियो ।[३३] त्रिभुवन विश्वविद्यालय पुस्तकालयको इतिहासमा अमात्य नै पहिलो पुस्तकालय प्रमुख देखिन्छन् ।

## प्राविधिक पद

२०२७-०२८ सालमा आइपुग्दा विश्वविद्यालय पुस्तकालयमा देहायका प्राविधिक पद राख्ने निर्णय गरियो । यसरी विशेष दरबन्दी कायम गरिए तापनि तत्कालका लागि 'प्राविधिक प्रथम श्रेणी' को दरबन्दीमा कसैलाई नियुक्ति दिइने भएन ।[३४]

---

[३१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २५१ ।

[३२] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ५३ ।

[३३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३२ ।

[३४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २८ ।

| | |
|---|---|
| १ चीफ लाइब्रेरियन | एम.लिब.एस्सी.द्वितीय श्रेणी वा पुस्तकालय विज्ञानमा एम.ए.वा एम.एस्सी.भई<br>विश्वविद्यालय पुस्तकालय वा अनुसन्धान पुस्तकालयमा १० वर्ष काम गरेको वा लाइब्रेरी साइन्समा पीएच.डी.गरी उपरोक्त पुस्तकालयहरूमा ५ वर्ष काम गरेको |
| २ लाइब्रेरियन | एम.लिव.एस्सी.द्वितीय श्रेणी वा पुस्तकालय विज्ञानमा एम.ए.वा एम.एस्सी.भई<br>विश्वविद्यालय पुस्तकालय वा अनुसन्धान पुस्तकालयमा ५ वर्ष काम गरेको वा पुस्तकालय विज्ञानमा पीएच.डी.गरी उपरोक्त पुस्तकालयहरूमा ३ वर्ष काम गरेको |
| ३ असिष्टेण्ट लाइब्रेरियन | एम.लिव.एस्सी.द्वितीय श्रेणी वा पुस्तकालय विज्ञानमा एम.ए.वा एम.एस्सी.र<br>लाइब्रेरिमा काम गरेको अनुभव |
| ४ रेफरेन्स लाइब्रेरियन | एम.लिव.एस्सी.द्वितीय श्रेणी वा पुस्तकालय विज्ञानमा एम.ए.वा एम.एस्सी.र लाइब्रेरिमा काम गरेको अनुभव |
| ५पिरियोडिकल इन्चर्ज | बी.लिव.एस्सी.वा डिप.लिव. एस्सी. द्वितीय श्रेणी वा बी.ए.,बी.एस्सी.वा बी.कम.द्वितीय श्रेणी उत्तीर्ण |

**सेलेक्सन बोर्ड**

पुस्तकालयका लागि विभिन्न पद पूर्ति गर्ने प्रयोजनका लागि उपकुलपतिको अध्यक्षतामा एउटा सेलेक्सन बोर्ड गठन गरिएको थियो । तीन सदस्यीय बोर्डको सदस्यमा लाइब्रेरी किमिटी अध्यक्ष सूर्यबहादुर शाक्य

तथा लिण्डन क्लफलाई विशेषज्ञका रूपमा समावेश गरिएको थियो । यो सन्दर्भ २०२० सालको हो ।[३५]

## लाइब्रेरिमा आंशिक कार्य

विश्वविद्यालय लाइब्रेरिमा 'स्टुडेन्ट वेलफेयर बोर्ड' गठन गरिएको थियो । पुस्तकालयमा आंशिक रूपमा 'क्लरिकल' काम गर्नुपर्ने भएमा विश्वविद्यालयका विद्यार्थीलाई लगाउने व्यवस्था गरिएको थियो । यसरी काम गराउनु पर्ने भएमा साधारणतः स्टुडेन्ट वेलफेयर बोर्डको सल्लाहमा रजिष्ट्रारले तोकेको विद्यार्थीलाई सो काममा लगाउने व्यवस्था गरियो । २०१९ सालमा बनाइएको नियमाअनुसार त्यसरी विद्यार्थीलाई काम गराउँदा घण्टाको /६० (साठी पैसा) का दरले मसलन्द रकमबाट मेहनताना दिइने भयो । यद्यपि एक विद्यार्थीलाई मासिक मेहनताना रु.७५/-(पचहत्तर) भन्दा बढ्ता हुन नहुने प्रावधानसमेत राखियो ।[३६]

## स्वयम्सेवक सहयोग

विश्वविद्यालय.पुस्तकालयको कामकाजमा शिक्षा र तालिम पाएका पिसकोर भोलन्टियरहरूबाट राम्रोसँग काम चल्न सक्ने विश्वविद्यालयको ठहर थियो । त्यसैले विश्वविद्यालयले सोही योग्यताका स्वयम्सेवकका लागि सम्बद्ध निकायसँग सम्पर्क गरेको थियो । फलस्वरूप यस्ता दुई जना भोलन्टियर उपलब्ध हुन सक्ने भएको हुँदा पुस्तकालयमा रिक्त हुन आएको एउटा असिष्टेण्टको दरबन्दीमा अर्को व्यक्ति भर्ना नगरिने भयो । फलस्वरूप उक्त दरबन्दीबाट वचत हुन आएको मासिक रु. १३०/- मा रु. २०/- थप गरी रु. १५०/-मा दुई जना पिसकोर भोलन्टियरहरूलाई जनही रु.७५/- का दरले घर भाडा दिने निर्णय गरियो । घर भाडा रकम

---

[३५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०१ ।

[३६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३२ ।

भने उनीहरूले पुस्तकालयमा काम गर्न थालेको मितिदेखि दिइने व्यवस्था मिलाइयो ।[३७]

## रिजर्भ सेक्सन

बढी चल्तिका पुस्तकहरू विद्यार्थीले सहज रूपमा अध्ययन गर्न पाउन् भन्ने उद्देश्यले पुस्तकालयले एउटा छुट्टै 'रिजर्भ सेक्सन' राख्ने आवश्यकता महशुस गरेको थियो । रिजर्भ सेक्सनमा राख्नका लागि आवश्यक पुस्तक तथा पाठ्य सामग्री भने विभागीय अध्यक्ष तथा अन्य प्राध्यापकहरूको सल्लाह लिएर छनोट गरिने व्यवस्था मिलाइयो । रिजर्भ सेक्सन स्थापना तथा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाउन लाइब्रेरियनलाई जिम्मेवारी दिइयो ।

## प्राध्यापकलाई पुस्तक

पुस्तकालय सञ्चालन भएदेखि प्राध्यापकलाई एक शैक्षिक सत्रका लागि १० थान पाठ्यपुस्तक तथा एक महिनाका लागि अन्य ४ थान पुस्तक दिइँदै आएको देखिन्छ । प्राध्यापकलाई उपलब्ध गराइएको यो सुविधाका कारण पुस्तकालयमा विद्यार्थीका लागि भने पुस्तकको अभाव हुन गयो । त्यसै कारण अब भने प्राध्यापकलाई एक पटकमा तीन महिनाका लागि २ थान पाठ्यपुस्तकमात्र दिइने व्यवस्था गरियो । यसका अतिरिक्त ४ थान सहायक पुस्तक २ हप्ताका निम्ति दिइने व्यवस्था मिलाइयो । निर्धारित अवधिमा पुस्तकहरू फिर्ता नगरेमा पुस्तक फिर्ता नगरुञ्जेल सम्बन्धित प्राध्यापकको तलब रोक्का गरिने भयो ।

---

[३७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं १६७ ।

**पुस्तक पत्रपत्रिको क्लासिफिकेसन**

पुस्तकालयमा पुस्तक व्यवस्थापनका क्रममा 'कोलन क्लासिफिकेसन' अपनाएमा समय, खर्च र क्याटलग कार्डहरूको नोक्सानी हुने तथा 'ड्युवि डेसिमल क्लासिफिकेसन' बढी प्रचलन भएकाले विश्वविद्यालयका लागि ड्युवि डेसिमल क्लासिफिकेसन चलाउने निर्णय गरियो ।

**सरकारी प्रकाशन**

विश्वविद्यालय पुस्तकालयमा श्री ५ को सरकारको प्रकाशन अर्थात् पुस्तकहरूको ठूलो माग थियो । विभिन्न विषयको आधिकारिक जानकारी पाइने भएकाले पनि पुस्तकालयमा सरकारी प्रकाशनको माग मात्र नभएर आवश्यकतासमेत भएको हो । त्यसैकारण विश्वविद्यालयले नेपालमा प्रकाशित सबै पुस्तकहरूको २/२ प्रति र सो हुन नसकेमा कम्तिमा १/१ प्रतिसम्म भए तापनि पुस्तकहरू उपलब्ध गराउन श्री ५ को सरकारसँग अनुरोध गरेको थियो । यो २०२२/२०२३ को सन्दर्भ हो ।[३८]

यसका साथै नेपालमा प्रकाशित हुने समस्त पुस्तक तथा अन्य प्रकाशनहरू विश्वविद्यालय पुस्तकालयमा अनिवार्य रूपले दुई/दुई प्रति उपलब्ध गराउनु पर्ने नियम बनाउन श्री ५ को सरकारलाई अनुरोधसमेत गरिएको थियो ।[३९]

**तालिम**

विश्वविद्यालयले पुस्तकालयको सुसञ्चालनका लागि तालिम प्राप्त कर्मचारीको संख्या बढाउने क्रममा शिक्षा मन्त्रालय मार्फत् भारतमा

---

[३८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९२ ।

[३९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २४४ ।

पुस्तकालय विज्ञानमा तालिम लिन एउटा छात्रवृत्ति प्राप्त गरेको थियो । लाइब्रेरी कमिटीको सिफारिसअनुसार पुस्तकालयका एक जना हेड असिस्टेन्टलाई छात्रवृत्तिमा तालिम लिन पठाएको थियो ।[४०] यो विश्वविद्यालय पुस्तकालयको इतिहासमा पहिलो प्रयास देखिन्छ ।

**पुस्तकालय भवन**

२०२४ साल कार्तिक ६ गते नवनिर्मित पुस्तकालय भवन प्रधानमन्त्रीबाट उद्घाटन भएको थियो । श्री ५ को सरकार र भारतीय सहयोग नियोगको संयुक्त सहयोगबाट कीर्तिपुरमा निर्माण गरिएको पुस्तकालय भवनको प्रधान मन्त्री सूर्यबहादुर थापाबाट २०२४ साल कार्तिक ६ गते उद्घाटन भएको थियो । त्यसै बखत त्रिपुरेश्वर र लालदरबार स्थित पुस्तकालयलाई विश्वविद्यालय परिसर कीर्तिपुर स्थित नव नर्मित भवनमा सारियो । पुस्तकालय भवनको उद्घाटन समारोहमा भारतका महामहिम उपप्रधानमन्त्री मुरारजी देशाईको पनि उपस्थिति थियो ।[४१]

**पुस्तक अस्वीकृत**

कलेज अफ एजुकेसनले आफ्नो पुस्तकालयका ६,००० (छ हजार) थान जति पुस्तक विश्वविद्यालय पुस्तकालयलाई प्रदान गरेको थियो । यी पुस्तक व्यवस्थापनका लागि दिनको रु. २६/-भन्दा बढी खर्च नहुने हिसाबमा प्रति घण्टा रु. १/-का दरले मिहेनताना दिने गरी काम गराउन विश्वविद्यालयले निर्णय गरेको थियो । यस कामका लागि विश्वविद्यालयका

---

[४०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (सिण्डिकेट २०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९३ ।

[४१] क त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं.४२, त्रिभुवन विश्वविद्यालय नवौं वार्षिक प्रतिवेदन २०२४/२०२५, पृ. ८, २ ।
ख भवेश्वर पंगेनी, *केन्द्रीय पुस्तकालयका पाँच दशक (वि.सं. २०१६-२०६६)*, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, वि.सं. २०६८, पृ. १५६-१५८ ।

विद्यार्थीहरूलाई काममा लाइने व्यवस्था गरिएको थियो ।[४२] यद्यपि लाइब्रेरी कमिटीको सिफारिसअनुसार विश्वविद्यालयले तत्कालका लागि ती पुस्तकहरू अस्वीकृत गरी कलेजलाई नै फिर्ता दिएको थियो ।[४३] यसरी पुस्तक फिर्ता गर्नु पर्ने कारण के थियो भन्ने विषय स्पष्ट पार्ने सूचना भने फेला परेको छैन ।

विश्वविद्यालय स्थापनाको एक दशकजतिपछि पुस्तकालयमा तुलनात्मक रूपमा पुस्तकको संख्या निकै बृद्धि गरियो । १७०० जति पनि पाठकको संख्या नपुगेको पुस्तकालयमा ५०,००० (पचास हजार) पुस्तक सङ्कलन हुनु उल्लेख्य देखिन्छ । त्यस बखत जम्मा गरिएका पुस्तकमध्ये ३८,९२४ दर्ता भइसकेका थिए भने त्यस वर्ष अर्डर गरिएका जम्मा पुस्तक संख्या-४,००० थियो । योमध्ये २,३८३ अङ्ग्रेजी भाषाका तथा देवनागरी लिपिका १,६८७ समेत सो वर्षमात्र जम्मा ४,५५२ पुस्तक जम्मा गरिएका थिए । त्यसै वर्ष उक्त पुस्तकमध्ये खरिद गरिएका पुस्तकको संख्या २,११३ तथा उपहार प्राप्त पुस्तक संख्या २,४९३ थियो । बिहान ९ वजेदेखि बेलुका ६ बजेसम्म पुस्तकालय समय भएकाले वर्षमा पुस्तकालयमा पढ्न जाने पाठक संख्या ४१,८४२ पुस्तकालयको कुल सदस्य संख्या १,६२१ तथा उधारोमा गएका पुस्तक संख्या १४,२४४ भएको देखिन्छ ।[४४]

## पुस्तकालय शुल्क

त्रिभुवन विश्वविद्यालयअन्तर्गत पोष्ट ग्राजुएसन कक्षामा अध्ययन गर्ने विद्यार्थीसँग वार्षिक पुस्तकालय शुल्क रु. ५/- लिने तथा पछि

---

[४२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १८१ ।

[४३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २४४ ।

[४४] त्रिभुवन विश्वविद्यालय, नवौं वार्षिक प्रतिवेदन २०२४/२०२५, पृ. २९-३१ ।

फर्काउने गरी वार्षिक डिपोजिट रु. १०/- लिने व्यवस्था गरियो ।[४५] यो सन्दर्भ विश्वविद्यालय स्थापना वर्षको हो ।

## डकुमेण्टेसन सेण्टर

विश्वविद्यालय पुस्तकालय र 'आर्थिक विकास तथा प्रशासन केन्द्र' बीच समन्वय हुने गरी सो केन्द्रमा डकुमेण्टेसन सेण्टर स्थापना गरिएको थियो ।[४६] डकुमेण्टेसन सेण्टरमा अफिस समय बाहेक अरू समय पनि काम भएकाले विश्वविद्यालय पुस्तकालयका कर्मचारीहरूलाई विश्वविद्यालयको अफिस समय बाहेक अरू समयमा काम गर्न र सो बापत आर्थिक विकास तथा प्रशासन केन्द्रबाट मिहेनतानासमेत प्राप्त गर्न सक्ने गरी अनुमति दिइयो ।[४७] डकुमेण्टेसन सेण्टर स्थापनाको एक वर्षपछि सो सेण्टरका सबै पुस्तकहरू विश्वविद्यालय पुस्तकालयलाई नै हस्तान्तरण गराउनु पर्ने व्यवस्था मिलाएको थियो ।[४८]

समग्रमा विश्वविद्यालय स्थापनासँगै सानो संख्यामा अव्यवस्थित रूपमा भए तापनि विद्यार्थी एवम् प्राध्यापकलाई प्राज्ञिक खुराक दिने उद्देश्यबाट एउटा पुस्तकालय स्थापना गरिएको थियो । स्थापनाको छोटै समयमा अमेरिकी सरकारको सहयोगमा सञ्चालनमा रहेको 'केन्द्रीय पुस्तकालय' समेत विश्वविद्यालय पुस्तकालयमा समावेश गरियो । फलस्वरूप यसको व्यवस्थापन, सञ्चालन एवम् पुस्तक संख्याका दृष्टिबाट

---

[४५] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १५५ ।

[४६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १३४ ।

[४७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. १० ।

[४८] त्रिभुवन विश्वविद्यालय, प्राविधिक समिति वैठक २०३१/५/१०-१, निर्णय नं. १५ ।

निकै चुस्त हुनगयो । स्थापनाको आठौँ वर्षमा कीर्तिपुर स्थित आफ्नै भवनमा सरेपछि विश्वविद्यालय पुस्तकालय तुलनात्मक रूपमा व्यवस्थित हुन गयो ।

यहाँ स्मरणीय के पनि छ भने पछिल्लो चरणमा कीर्तिपुर स्थित विश्वविद्यालयको पुस्तकालयलाई 'केन्द्रीय पुस्तकालय' नामकरण गरिएको थियो । कतिपयमा अमेरिकी सरकारको सहयोगमा त्रिभुवन विश्वविद्यालय स्थापना पूर्व 'लालदरबार' मा स्थापना गरिएको 'केन्द्रीय पुस्तकालय' कीर्तिपुरमा सारेका कारण त्यसको नाम 'केन्द्रीय पुस्तकालय' रहन गएको भन्ने धारणा रहेको पाइन्छ । वास्तामा त्यस केन्द्रीय पुस्तकालय विश्वविद्यालयलाई हस्तान्तरण गरिएपछि स्वतः त्यसको नाम 'त्रिभुवन विश्वविद्यालय पुस्तकालय' भएको थियो । पछि त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षाको विकासमा क्षेत्रीय सन्तुलन कायम गर्ने योजनाका साथ मुलुकका सबै विकास क्षेत्रमा कम्तिमा एक/एक 'क्षेत्रीय पुस्तकालय' स्थापना गर्ने तथा कीर्तिपुर स्थित पुस्तकालय 'केन्द्रीय पुस्तकालय' का रूपमा विकास गर्ने अवधारणाअनुसार काम भएपछि मात्र यसलाई 'केन्द्रीय पुस्तकालय' नामकरण गरिएको हो । यसका सम्बन्धमा आउँदो परिच्छेदमा चर्चा गरिएको छ ।

* * *

# सम्बन्धन

## परिचय

त्रिभुवन विश्वविद्यालय ऐन २०१६ ले स्पष्ट रूपमा विश्वविद्यालयलाई दुई प्रमुख कार्य सुम्पिएको थियो जसमा एउटा 'सम्बन्धन (एफिलिएशन) राख्ने र मान्यता प्रदान गर्ने' थियो ।[1] यस क्रममा विश्वविद्यालयसँग सम्बन्धन राख्न चाहने कलेजले नियमअनुसार विस्तृत विवरणका साथमा रजिष्ट्रार समक्ष आवेदन पठाउनु पर्दथ्यो । यसरी आवेदन प्राप्त भएपछि विश्वविद्यालय सिनेटले आवश्यक ठानेमा अरू जाँचबूझसमेत गरी आबेदन पत्रलाई पूर्ण वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने आदेश निकाल्नु पर्दथ्यो । त्यस्तो आदेशमा आवेदनपत्र पूर्ण वा आंशिक रूपमा मान्य भएकोमा कलेजसँग सम्बन्धन राखिएको शिक्षाको विषय र त्यसको पाठ्यक्रम तोकिइन्थ्यो । आबेदनपत्र पूर्ण वा आंशिक रूपमा अमान्य भएकोमा त्यसको कारणहरू स्पष्ट रूपमा सम्बद्ध कलेजलाई जानकारी गराउनु पर्दथ्यो । कलेजको कुनै पाठ्यक्रमको सम्बन्धनमा विश्वविद्यालयसँग सम्बन्धन राखिएको कुनै कलेजले अरू कुनै थप विषयको पाठ्यक्रममा सम्बन्धन राख्न चाहेमा पनि उल्लिखित प्रक्रिया नै अपनाउनु पर्दथ्यो ।

कुनै मान्यता प्राप्त संस्थाले आफूले मान्यता प्राप्त गर्दाका शर्तहरू पालन नगरेमा वा शिक्षाको विकासमा हानिकारक हुने किसिमको कुनै कार्य गरेमा त्यस्ता संस्थालाई मान्यता प्रदान गरी दिइ राखेको अधिकारहरू झिक्न वा जतिसुकै समयका लागि पनि एकेडेमिक काउन्सिलले स्थगित गर्न सक्ने भयो । यस्तो अवस्थामा एकेडेमिक काउन्सिलका जम्मा सदस्यहरूमध्ये कम्तीमा आधा सदस्यहरूको बहुमत

---

[1] श्री ५ को सरकार, *नेपाल गजेट,* काठमाडौँः भाग-२, खण्ड-९, संख्या-८, २०१६ साल जेठ २५ गते, पृ. ५, २९-३३ ।

नभएमा भने त्यस्तो मान्यता झिक्ने वा स्थगित राख्ने सम्बन्धी प्रस्ताव पारित भएको मानिने भएन ।[२]

ऐनमा उल्लिखित प्रावधानका आधारमा 'सम्बन्धन' का सम्बन्धमा विश्वविद्यालयले तीन किसिमका काम गऱ्यो जसमा, (१) विद्यमान कलेजहरूलाई सम्बन्धन दिने, (२) प्रस्ताबित नयाँ कलेजलाई सम्बन्धन दिने तथा (३) कलेजका विद्यमान तह तथा विषयहरू थप गर्ने थिए ।

**सञ्चालनमा रहेका कलेज**

त्रिभुवन विश्वविद्यालय स्थापना हुँदा मुलुकमा उच्च शिक्षा (इन्टरमिडिएट तह र सो भन्दा माथि) सञ्चालन गर्ने महाविद्यालय/कलेजको संख्याका बारेमा एकरूपता पाइँदैन । कतै त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन राख्ने कलेजको संख्या १९ जसमा २,५०० जति विद्यार्थी अध्ययनरत रहेको भन्ने पाइन्छ[३] भने कतै विश्वविद्यालय स्थापना पूर्व मुलुकमा सरकारी स्तरका ५ र गैरसरकारी स्तरका १६ कलेजहरू सञ्चालनमा रहेको उल्लेख गर्दै २०१६ सालमा २५ शिक्षण संस्था र ५,००० (पाँच हजार) विद्यार्थी भएकोसमेत उल्लेख नपाइने होइन ।[४] यसरी नै त्रिभुवन विश्वविद्यालय स्थापनाका समयमा देशमा जम्मा २९ वटा कलेजहरू रहेका र तिनले भारतको पटना विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका थिए भन्ने भनाइसमेत पाइन्छ ।[५]

---

२ *ऐजन* ।

३ त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६ असार ३०-२०१९ असार २५), वार्षिक रिपोर्ट २०१७/३/२०, पृ. २ ।

४ राष्ट्रिय शिक्षा आयोग, *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९,* काठमाडौं: वि.सं. २०४९, पृ. ४४ ।

५ उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५,* काठमाडौं: उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, वि.सं. २०५५, पृ. ९१ ।

एउटा सरकारी प्रतिवेदनले विश्वविद्यालय सञ्चालनपूर्व काठमाडौंमा-९, पूर्वी पहाडमा-१, पश्चिम पहाडमा-१, पूर्वी तराईमा-६ तथा पश्चिम तराईमा-३ समेत मुलुकभर उच्च शिक्षाका कलेजको संख्या जम्मा २० रहेको उल्लेख गरेको छ । तीमध्ये त्रिचन्द्र, पद्‌मकन्या, कलेज अफ एजुकेसन, नेपाल राष्ट्रिय संस्कृत र पाटन कलेजहरू सरकारी थिए । नेपालमा पहिलो निजी क्षेत्रको कलेज २००८ सालमा काठमाडौं स्थापित 'नेपाल नेसनल कलेज' भएको देखिन्छ । यसपछि स्थापना गरिएका माथि उल्लिखित सरकारी बाहेक सबै निजी क्षेत्रबाट स्थापना एवम् सञ्चालनमा रहेका थिए । यद्यपि तिनलाई सरकारी सहयोग भने दिने गरिन्थ्यो ।

यहाँ उल्लेख्य के पनि देखिन्छ भने 'नेपाल राष्ट्रिय आयुर्वेद महाविद्यालय', 'नेपाल सङ्गीत महाविद्यालय', 'कृषी स्कूल', 'इञ्जिनीयरिङ्ग स्कूल' तथा 'नेपाल फरेष्ट्रि इन्स्टिच्यूट' जस्ता प्राविधिक विषयका शैक्षिक संस्थाहरूसमेत सञ्चालनमा रहेका थिए । तीमध्ये कतिपयले निम्न तहको र कतिले स्नातकोत्तर तहको शिक्षा दिन खोजेका थिए भन्ने पनि पाइन्छ । यी सबैलाई उच्च शिक्षाका शैक्षिक संस्था मान्ने हो भने त्रिभुवन विश्वविद्यालय स्थापना भन्दा अगाडि मुलुकमा जम्मा २५ महाविद्यालय एवम् तालीम संस्था सञ्चालनमा रहेको देखिन्छ जुन यस प्रकार थिए;[६]

| **महाविद्यालय/कलेज** | | **कार्यक्रम** |
|---|---|---|
| ***काठमाडौं*** | | |
| १ त्रिचन्द्र कलेज | (१९७५) | कला, विज्ञान, वाणिज्य (२०१० सालमा थप), (इन्टर र स्नातक-सरकारी) |
| २ पद्‌मकन्या | (२००८) | कला (इन्टर र स्नातक-सरकारी) |
| ३ ने.रा.संस्कृत | (२००९) | संस्कृत (शास्त्री-आचार्यको पढाइ २००७ सालपूर्व रानीपोखरी पाठशालाबाट |

६ शाही उच्च शिक्षा आयोग, *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०४०,* काठमाडौं: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ.४७७-४७९ ।

| | |
|---|---|
| | अनौपचारिक रूपमा चलेकोमा २००९ सालमा यो महाविद्यालय खुली उक्त पाठशाला विद्यालय स्तरमा सीमित रही यस नवस्थापित महाविद्यालयमा नै वेद, नव्य व्याकरण, नव्य न्याय, प्राचीन न्याय, मीमांसा, ज्योतिष, साहित्य आदि विषयमा औपचरिक रूपमा स्नातकोत्तर तहसम्म पढाइ थालिएको), (इन्टर, स्नातक र स्नातकोत्तर-सरकारी) (नेपाल राजकीय संस्कृत महाविद्यालय) |
| ४ कलेज अफ एजुकेशन (०१२) | शिक्षा (इन्टर र स्नातक-सरकारी) |
| ५ नेपाल नेसनल (२००८) | कला (केही विषयमा स्नातकोत्तर पढाइ चलाउन खोजिएको), (इन्टर र स्नातक) पहिलो प्राइवेट कलेज |
| ६ नेपाल ल (२०११) | कानून (स्नातक) |
| ७ पब्लिक साइन्स (२०१३) | विज्ञान (पछि 'अमृत साइन्स' नामकरण गरिएको), (इन्टर र स्नातक) |
| ८ पब्लिक कमर्स (२०१६) | वाणिज्य (इन्टर र स्नातक) |
| ९ पाटन (२०११) | कला (इन्टर र स्नातक-सरकारी) |

***पूर्वी पहाड***

| | |
|---|---|
| १ धनकुटा (२०१२) | कला (इन्टर र स्नातक) |

***पश्चिम पहाड***

| | |
|---|---|
| १ त्रिभुवन (पाल्पा) (२०१२) | कला (इन्टर र स्नातक) |

*पूर्वी तराई*

| | | |
|---|---|---|
| १ मोरङ | (२०१२) | कला, वाणिज्य (इन्टर र स्नातक) |
| २ पिण्डेश्वर (धरान) | (२००८) | संस्कृत (इन्टर र स्नातक-गुठी व्यवस्थाबाट सञ्चालित) |
| ३ महेन्द्र (धरान) | (२०१२) | कला, वाणिज्य (इन्टर र स्नातक) |
| ४ महेन्द्र विन्देश्वरी(सप्तरी) | (२०१४) | कला (इन्टर) |
| ५ ठाकुरराम (वीरगञ्ज) | (२००९) | कला (इन्टर र स्नातक) |
| ६ रा.रा.(जनकपुर) | (२०१४) | कला (इन्टर) |

*पश्चिम तराई*

| | | |
|---|---|---|
| १ म.वि.वि (दाङ) | (२०१५) | कला (इन्टर) |
| २ जनता (दाङ) | | संस्कृत (इन्टर र स्नातक) |
| ३ नारायण (नेपालगञ्ज) | (२०१४) | कला (इन्टर-पछि 'श्री ५ महेन्द्र कलेज' नामकरण भएको) |

विश्वविद्यालय स्थापनाको दुई वर्षमा नै शिक्षाको विकासका निम्ति गठन गरिएको समितिले त्रिभुवन विश्वविद्यालय स्थापनाका बखत सञ्चालनमा रहेका कलेजको नाम, स्थापना मिति, शिक्षक एवम् विद्यार्थी संख्याका बारेमा विस्तृत विवरण समेटेर सम्बद्ध निकायमा एउटा प्रतिवेदन पेश गरेको थियो । उक्त प्रतिवेदनले सरकारी कलेजको संख्या-६ र सरकारी आर्थिक सहायता प्राप्त कलेजको संख्या-१८ समेत जम्मा कलेजको संख्या २४ रहेको यस प्रकार उल्लेख गरेको पाइन्छ;[७]

[७] विश्वबन्धु थापा (अध्यक्ष), *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट, वि.सं. २०१८*, पृ. ४३-४५ ।

**कलेजको नाम स्थापित एम ए वी.ए.वा अंशिक समय बी.ए.वा जम्मा**

**मिति उत्तीर्ण सोसरह काम गर्ने सोसरहका छात्र**

***सरकारी*** **प्राध्यापक उत्ती.प्राप्राध्यापक छात्रहरू**

१ त्रि-चन्द्र कलेज १९७६ ६३ - ९ २७४ १६०० १६०० करिब

२ दरबार कलेज २००९ ८ - १ २१ १९७

३ संस्कृत महाविद्यालय २००९ १६ - - - १३८

४ पद्मकन्या कलेज २००८ १२ - ४ ५९ १४७

५ पाटन कलेज २०१५ ७ १ ९ - १०७

६ कलेज अफ एजुकेशन २०१३ २४ २ १ - १००

***सरकारी आर्थिक सहायता प्राप्त कलेज***

१ धनकुटा डिग्री कलेज २०१२ ५ २ - ८ ३६

२ जनकपुर डिग्री कलेज २०१५ ७ - ३ १५ १४१

३ पृथ्वीनारायण इण्टर कलेज,पोखरा २०१७ ३ १ १ - २६

४ त्रिभुवन डिग्री कलेज, पाल्पा २०१५ ५ - ५ १५ ५५

५ भोला इण्टर कलेज, चैनपुर २०१७ २ २ - - १९

६ महेन्द्ररत्न महाविद्यालय, इलाम २०१७ २ २ १ - २६

७ नेपाल नेशनल कलेज, काठमाडौँ२००८ १२ - ११ ६९ १८४

८ भक्तपुर इन्टर कलेज २०१६ ७ - २ - १८४

९ श्री एम.बी.बी.शाह इन्टरकलेज, दाङ २०१६ ३ २ १ - ६

१० सरस्वती इन्टर कलेज, काठमाडौं २०१६ ९ २ ११ - ८६

११ पब्लिक कमर्स कलेज, काठमाडौँ २०१५ ८ - ६ - १२२

१२ महेन्द्र डिग्री कलेज, धरान २०१२ १० १ ३ २७ १०७

१३ मोरङ डिग्री कलेज, विराटनगर २०१३ १३ - - ५२ २०६

१४ महेन्द्र विन्ध्येश्वरी डिग्री, राजविराज २०१४ ८- - ५ ७४

१५ ल कलेज, काठमाडौं २०११ ८ - - - १६८

१६ ठाकुरराम डिग्री कलेज, वीरगञ्ज २००९ ११ २ - १९ ८५

१७ नारायण इन्टर कलेज ? ? १२ - - - ९०

१८ पब्लिक साइन्स कलेज, काठमडौं? ८ - - - २२५

उपरोक्त नामावलीअनुसार जम्मा कलेजको संख्या २४ हुनुका साथै कपिलवस्तु र चुहानडाँडामा दुई इन्टर कलेज स्थापनामा रहेको उल्लेख गरिएकाले कलेजको संख्या २६ पुगे तपनि प्रतिवेदनमा स्पष्ट रूपमा "...हाल नेपाल अधिराज्यभरमा स्वीकृत म.वि.को संख्या २७ छ..." उल्लेख गरिनुबाट संख्यामा अस्पष्टता देखिन्छ । यसका साथै उक्त प्रतिवेदनले विद्यमान कलेजलाई यस प्रकार विभाजनसमेत गरेको पाइन्छ[८]

| | |
|---|---|
| डिग्री कलेज | १३ साइन्स र कमर्ससमेत |
| इन्टर कलेज | ९ साइन्स र कमर्ससमेत |
| संस्कृत महाविद्यालय | ३ |
| कलेज अफ एजुकेशन | १ |
| ल कलेज | १ जम्मा २७ |

यहाँ स्मरणीय के छ भने स्नातक तहको पठन पाठन सञ्चालन गरिने कलेजलाई त्यस बखत 'डिग्री कलेज' भन्ने गरिन्थ्यो ।

विश्वविद्यालय सञ्चालनका बखतका कलेजहरूको संख्या, तिनमा संलग्न शिक्षक, विद्यार्थी एवम् पठन पाठन गरिने विषय तथा तहका बारेमा माथिका दुई तालिकाबाट त्यति स्पष्ट हुन सकिँदैन । अर्कातर्फ सञ्चालनमा रहेको दोस्रो वर्ष विश्वविद्यालयबाट सञ्चालित परीक्षामा सामेल हुने

[८] *ऐजन,* ४३-४५ ।

विद्यार्थी संख्या तथा तिनको कलेजको विवरणलाई विश्वविद्यालय कमिटीले अभिलेखका रूपमा राखेको पाइन्छ । जसअनुसार मुलुकका १९ कलेजका विद्यार्थीहरू परीक्षामा सामेल भएका थिए । तिनमा १७ कलेजबाट आई.ए., ८ कलेजका बी.ए., २ कलेजका आई.कम., एउटा कलेज (त्रिचन्द्र) बाट बी.कम. तथा एउटा कलेज (त्रिचन्द्र) बाट आई.एस्सी. र बी.एस्सी. तहका थिए । यसरी परीक्षामा सामेल हुनेमध्ये विभिन्न तह र विषयमासमेत त्रिचन्द्रमा नै बढी विद्यार्थी देखिन्छन् भने सबै भन्दा कम पनि त्रिचन्द्रमा बी.कम.परीक्षा दिने एक जना तथा ठाकुरराम कलेजबाट आई.ए.र बी.ए.परीक्षा दिने एक/एक जना तथा एम.भी.भी.एस.कलेजबाट आई.ए.को परीक्षा दिने पनि एक जना विद्यार्थी भएको देखिन्छ । जेहोस् विश्वविद्यालय स्थापनाको पहिलो वर्ष जम्मा १९ महाविद्यालयबाट विद्यार्थीहरू परीक्षामा सामेल भएको देखिनाले विश्वविद्यालय स्थापनाका बखत मुलुकमा इण्टरमिडिएट र सो माथिका तहमा कक्षा सञ्चालन हुने जम्मा १९ वटा महाविद्यालय रहेको स्पष्ट हुन्छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर सञ्चालनमा रहेका कलेज, तिनमा पढाइ हुने विषय, तह एवम् विद्यार्थी संख्याको मोटामोटी अवस्थाका बारेमा जानकारी पाइने भएकाले सो सन्दर्भ माथि यथास्थानमा परेको छ ।[९]

सन् १९६० को आइ.ए., आइ.एस्सी., आइ.कम., बी.ए., बी.एस्सी., बी.कम. परीक्षाहरू पटना विश्वविद्यालयसँग निकटतम सम्पर्क राखी त्रिभुवन विश्वविद्यालयको मातहतमा सञ्चालन गरियो । सो परीक्षामा आइ.ए.मा-५९६, आइ.एस्सी.मा-३४३, आइ.कम.मा-१८१, बी.ए.मा-२४७, बी.एस्सी.मा-४२ तथा बी.कम.मा-५२ समेत जम्मा

[९] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ३, पृ. १५९ (पछि) ।

सम्मिलित विद्यार्थी संख्या-१४६१ थियो ।[१०] यद्यपि ती विद्यार्थीहरू कुन कुन कलेजबाट परीक्षामा संलग्न भएका थिए भन्ने जानकारी दिने सामग्री भने फेला परेको छैन ।

**विश्वविद्यालयको सम्बन्धन**

निश्चित मापदण्ड पूरा गरेपछि मात्र कलेजलाई सम्बन्धन दिइने कुरा त्रिभुवन विश्वविद्यालय ऐन-२०१६ मा उल्लेख गरिएको थियो । सम्भवतः सोहीअनुसार विश्वविद्यालय स्थापना हुँदा सञ्चालनमा रहेका कलेजहरूलाई विश्वविद्यालयअन्तर्गत राख्ने नीति अवलम्बन गरिएको थियो । यद्यपि त्यस्ता कलेजहरूको शिक्षण स्तरलगायत अध्ययनका लागि विश्वविद्यालय कमिटीले एउटा कमिटी गठन गरेको थियो ।

विश्वविद्यालयका ३ जना प्रोफेसरहरू भैरबबहादुर प्रधान, आशुतोष गांगुली र शाम्बदेव पाण्डेका अतिरिक्त रजिष्ट्रर परासर नारायण सुवाल, विश्वविद्यालय कमिटी सदस्य शारदाप्रसाद उपाध्याय, श्री ५ को सरकार शिक्षा विभागको सोही कमिटीबाट छानिने एक जना सदस्य र विज्ञानलाई प्रतिनिधित्व गर्ने गरी एक जना असोसिएट सदस्य कमिटीमा संलग्न गरियो । यस कमिटीलाई सल्लाह दिनका लागि इण्डियन एड. मिसनका एजुकेसन एडभाइजर र यु.यस.ओ.एम.का एजुकेसन डिभिजन चीफ दुई जनालाई सल्लाहकार बनाइएको थियो ।[११]

कतिपय कलेजमा तह थप गर्न तथा नयाँ कलेजलाई सम्बन्धन दिन श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट लिखित दबाब दिएका उदाहरणहरू पनि पाइन्छन् । विश्वविद्यालय सञ्चालनको पहिलो वर्षमा नै यस्तो अवस्था आएको देखिन्छ ।

---

[१०] त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६ असार ३०-२०१९ असार २५), वार्षिक रिपोर्ट २०१७/३/२०, पृ. ४ ।

[११] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ९५ ।

यस क्रममा 'नेपाल नेसनल कलेज' ले एम.ए. कक्षा चालु गर्ने अनुमतिका लागि अनुरोध गरेकाले शिक्षा मन्त्रालयले २०१६ साल माघ ६ गतेका दिन विश्वविद्यालयलाई एउटा पत्र पठाएको थियो । नेपाल नेसनल कलेजको एम.ए. कक्षा चालु गर्न पाउँ भन्ने निवेदनका सम्बन्धमा पुनः विचार गरिदिन शिक्षा मन्त्रालयले विश्वविद्यालयलाई लेखेको थियो । सो सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले 'विश्वविद्यालय ऐन २०१६' को सिद्धान्तअनुसार कुनै पनि संस्थालाई एम.ए.तह सञ्चालन गर्ने अनुमति दिन नमिल्ने भएकाले उक्त सम्बन्धमा पुन विचार गर्न नमिल्ने कुरा शिक्षा मन्त्रालयलाई जानकारी गराइएको देखिन्छ ।[१२]

यसै सन्दर्भमा विश्वविद्यालय ऐन २०१६ को दफा ५ (क) बमोजिम 'नेपाल अधिराज्य भित्र पोष्ट ग्राजुएट शिक्षण, प्रशिक्षण र अनुसन्धान कार्यको सञ्चालन विश्वविद्यालयले मात्र गर्ने छ' भन्ने उल्लेख भएकोमा उक्त कार्य अरू कुनै कलेज वा संस्थाबाट भइ राखेको भए सो रोक्नलाई शिक्षा मन्त्रालयलाई लिखित रूपमा अनुरोध गरियो । यद्यपि विश्वविद्यालय स्थापना पूर्व नै यस्ता कार्य भएका भए पोष्ट ग्राजुएट कक्षाका विद्यार्थीको विवरण लिने कार्य पनि विश्वविद्यालयबाट भएको थियो ।

जहाँसम्म पोष्टग्राजुएट तहका कक्षाहरू हो २०१६ को ऐनअनुसार विश्वविद्यालय हाता भित्र बाहेक अन्यत्र खोल्न पाइने थिएन । यद्यपि पछिल्लो समयमा श्री ५ को सरकारबाट दाङमा संस्कृत विश्वविद्यालय स्थापना गर्ने कार्यलाई सिद्धान्ततः स्वीकृत गरेको थियो । त्यसका लागि पृष्ठभूमि तयार पार्ने क्रममा श्री ५ को सरकार, शिक्षा मन्त्रालय तथा उक्त संस्कृत विश्वविद्यालय समितिको मागअनुसार जनता महाविद्यालय दाङमा आचार्य कक्षा खोल्न दिना निमित्त विशेष अनुमतिका लागि सिण्डिकेटले

[१२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १८१ ।

कुलपति श्री ५ महाराजाधिराज सरकारमा जाहेर गरेको थियो । सोहीअनुसार कुलपतिबाट विशेष अनुमति प्राप्त भएको कुरा अवगत गराई त्यस महाविद्यालयलाई न्याय, व्याकरण, साहित्य र धर्मशास्त्र विषयमा आचार्य कक्षा सञ्चालन गर्न स्वीकृति दिइएको थियो । यसका लागि शिक्षा मन्त्रालयले २०२६ साल भदौ २० गतेका दिन विश्वविद्यालयलाई एउटा पत्र लेखेको थियो । पत्रमा ज्यादै चल्तीका चार विषयहरूमा सबै शर्तहरू पूरा गराई आचार्य कक्षा खोल्न स्वीकृति दिने भनी भएको स्टेण्डिङ कमिटीको सिफारिसलाई विश्वविद्यालयले स्वीकृत गरेको थियो ।[१३] यसका साथै संस्कृत शिक्षालाई अझ सुसंगठित गरी सञ्चालन गर्न र सिफारिस पेश गर्नका लागि ९ जनाको एउटा समिति गठन गर्न उपकुलपतिलाई अख्तियारी दिइयो ।[१४] श्री ५ महाराजाधिराजको हुकुम प्रमाङ्गिबाट जनता महाविद्यालय दाङमा आचार्य कक्षा सञ्चालन गर्ने अनुमति दिइएको स्मरणीय छ ।

तत्काल संस्कृत विश्वविद्यालय सम्बन्धी नयाँ समिति गठन भएकाले पुरानो समितिलाई विघटन गरिएको थियो । त्यस्तैमा श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट आचार्य कक्षामा तीन जना मात्र विद्यार्थी भएको तथा सन्तोषजनक रूपले कक्षा सञ्चालन नभएको बुझिएकाले सो आचार्य कक्षाहरू सञ्चालन गराई राख्नु मन्त्रालयको रायमा उचीत नदेखिएको स्पष्ट गर्दै विश्वविद्यालयलाई सूचित गरिएको थियो । त्यति मात्र नभएर सो पत्रमा आचार्य कक्षा सञ्चालनार्थ श्री ५ को सरकारबाट अरू कुनै थप आर्थिक सहायतासमेत नदिइने हुँदा सोसमेतको विचार गरी आवश्यक कार्वाई गर्नका लागि विश्वविद्यालयलाई अनुरोध गरिएको थियो ।[१५] यस प्रकार विश्वविद्यालय ऐनमा उल्लेख नभए तापनि श्री ५ को

---

[१३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६) ।

[१४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६) ।

[१५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २१ ।

हुकुम प्रमाङ्गिबाट आचार्य तहको पठन पाठन गराउने प्रयास भने तत्कालका लागि सफल हुन सकेन । विश्वविद्यालयले तत्कालका लागि नियम बिपरित स्नातकोत्तर तहलाई सम्बन्धन दिनु परेन ।

कलेजलाई सम्बन्धन

विश्वविद्यालय ऐनले विभिन्न आधारहरू निर्धारण गरी तिनै आधारहरू पूरा गरेका खण्डमा मात्र नयाँ कलेजलाई सम्बन्धन दिने तथा सञ्चालनमा रहेका कलेजमा विषय एवम् तह थप गर्नुपर्ने व्यवस्था गरेको थियो । यद्यपि स्थापनासँगै सम्बन्धन दिनका लागि विशेषतः शिक्षा मन्त्रालयबाट विश्वविद्यालयमाथि दबाब दिइएका थुप्रै उदाहरणहरू रहे । फलस्वरूप विश्वविद्यालयले कतिलाई सशर्त सम्बन्धनसमेत दिन बाध्य भएको थियो भने कतिपय नयाँ नियम बनाउनु पऱ्यो । त्यस्तै कतिपयको सम्बन्धन खारेज गर्ने र कतिपयलाई सम्बन्ध नै नदिएका घटनाहरू देखिन्छन् ।

प्रोभिजनल सम्बन्धन

विश्वविद्यालय स्थापना हुनासाथ अर्थात् छ महिनामा नै इलाम जिल्लामा ‘श्री महेन्द्ररत्न महाविद्यालय (कलेज)’ खोल्नका लागि सम्बन्धितले शिक्षा मन्त्रालयमा पत्राचार गरेको र मन्त्रालयले पनि अनुमति दिएको अवस्था थियो । यस सम्बन्धमा श्री ५ को सरकार शिक्षा मन्त्रालयको २०१६ साल फागुन १७ गतेको पत्रअनुसार उक्त कलेज खोल्ने बारे पछि नियम, अधिनियम र परिनियमहरू तयार भएपछि त्यसैअनुसार हुने गरी विश्वविद्यालयले तत्काल दुई वर्षका लागि कलेज सञ्चालनको प्रोभिज्नल अनुमति दिनु परेको थियो ।[१६]

शिक्षा मन्त्रालयबाट तह थप एवम् नयाँ कलेज सञ्चालनका लागि विश्वविद्यालयलाई निर्देशन दिने गरेकाले विश्वविद्यालयले पनि

---

[१६] त्रिभुवन विश्वविद्याल कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २२७ ।

मन्त्रालयलाई विश्वविद्यालय ऐनका बारेमा जानकारी दिएको देखिन्छ । यसै सन्दर्भमा नयाँ कलेज खोल्न अनुमति दिनु भन्दा अगाडि शिक्षा विभागले त्रिभुवन विश्वविद्यालयसँग पूर्व सम्पर्क राखेर मात्र अनुमति दिने गरेमा पछि एफिलिएसनको काममा सुविधा पर्न जाने हुँदा अब उप्रान्त नयाँ कलेज वा भइ रहेको कलेजमा नयाँ पाठ्यक्रम शुरु गर्नु भन्दा पहिले विश्वविद्यालयसँग सम्पर्क राख्नु हुनेछ भनि शिक्षा विभागमा लेख्ने कार्य पनि विश्वविद्यालयबाट भएको थियो ।[१७] सम्भवतः विश्वविद्यालयसँग परामर्श नगरिकन शिक्षा मन्त्रालयबाट नयाँ कलेज सञ्चालनको अनुमति दिने कार्य भएकाले यस्तो पत्राचार गर्नु परेको थियो ।

अधिनियम तथा परिनियम पारित नभएसम्म श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट सिफारिस भइ आएका नयाँ खुलेका कलेजहरूलाई प्रोभिजनल मान्यता दिने विश्वविद्यालय कमिटीले निर्णय गरेको थियो । निर्णयअनुसार श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट सिफारिस भएका कलेजलाई प्रोभिजनल मान्यता दिई सम्बन्धन प्रदान गरियो । यसरी २०१७ सालमा शिक्षा मन्त्रालयको सिफारिसमा विश्वविद्यालयबाट प्रोभिजनल सम्बन्धन दिइने कलेजमा भोला कलेज-चैनपुर, डोटी कलेज-डोटी, त्रिभुवन इन्टर कलेज-पाल्पा तानसेन र नारायण इन्टर कलेज-नेपालगञ्जलाई डिग्री कलेजका निम्ति प्रोभिजनल स्वीकृति दिइयो भने पृथ्वीनारायण इन्टर कलेज-पोखरालाई अस्थायी स्वीकृति दिइयो ।[१८]

यसरी नै अर्को वर्ष अर्थात् २०१८ सालमा पनि श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट विभिन्न मितिमा नयाँ कलेजहरू स्थापना गर्नका लागि विश्वविद्यालयल समक्ष सिफारिस गरेको देखिन्छ । विश्वविद्यालयले पछि

[१७] त्रिभुवन विश्वविद्यालय कमिटिको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १९५ ।

[१८] त्रिभुवन विश्वविद्यालय कमिटिको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ३६, ९८, १३० र १६३ ।

निरीक्षणको रिपोर्टका आधारमा आवश्यक परेमा स्वीकृति झिक्ने गरी सो वर्ष पनि विभिन्न कलेजलाई प्रोभिजनल स्वीकृति दिएको र कतिपय कलेजमा नयाँ विषय थप गर्नसमेत प्रोभिजनल स्वीकृति दियो । यसरी प्रोभिजनल स्वीकृति पाउने कलेजमा कपिलवस्तु इन्टर कलेज-कपिलवस्तु, वीरेन्द्र इन्टर कलेज-आठराइ चुहानडाँडा, रत्नराज्य लक्ष्मी गर्ल्स कलेज-डिल्लीबजार काठमाडौँ थिए । त्यसरी नै भक्तपुर कलेजलाई डिग्री कक्षा चालु गर्न, ठाकुरराम कलेज-वीरगञ्ज र त्रिभुवन कलेज-पाल्पामा आइ.कम.कक्षा खोल्न तथा पब्लिक कमर्स कलेज-काठमाडौँमा बी.कम. कक्षा सञ्चालन गर्नसमेत प्रोभिजनल सम्बन्धन दिइयो ।[१९]

ऐनअनुसार आधारभूत आवश्यकता परिपूर्ति नगरेका कलेजहरूलाई पनि सरकारको निर्देशनका कारण सम्बन्धन दिन विश्वविद्यालय बाध्य भएको देखिन्छ । माथि उल्लेख गरिए जस्तै यस्तो बाध्यात्मक अवस्थामा विश्वविद्यालयले पनि निश्चित शर्त पूरा नहुँदासम्मका लागि प्रोभिजनल रूपमा सम्बन्धन तथा कक्षा एवम् तह थप गरिदिएको देखिन्छ । यसै क्रममा सन् १९६५-६६ को सेसनसम्म न्यूनतम शर्तहरू पुरा गर्नेगरी देहायका कलेजलाई तह र विषय सञ्चालनका लागि प्रोभिजनल सम्बन्धन दिइयो;

| | | |
|---|---|---|
| १ पाटन कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, नेवारी, सिविक्स, इतिहास, अर्थशास्त्र, संस्कृत र गणित |
| | बी.ए. | अङ्ग्रेजी, नेपाली, नेवारी, राजनीति शास्त्र, इतिहास, भूगोल, अर्थशास्त्र, संस्कृत र गणित |
| २ मोरङ कलेज | आई.कम. | अङ्ग्रेजी, नेपाली, हिन्दी, अर्थशास्त्र, अनि.भूगोल, बिजनेस मेथड एण्ड अफिस Org. Com. करस्पन्डेन्स एण्ड |

[१९] त्रिभुवन विश्वविद्यालय कमिटिको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २८ ।

| | | |
|---|---|---|
| | | सेल्सम्यानसिप, बुक किपिङ, Com. गणित, बैंकिङ, सिविक्स, सिविक्स र विमा |
| | बी.कम. | अङ्ग्रेजी, अर्थशास्त्र, मनि एण्ड बैंकिङ, बिजनेस अर्गनाइजेसन एण्ड एड्मिनिष्ट्रेसन, इकोनोमिक डेभलोपमेन्ट अफ स्पेसिफाइड कन्ट्रिज, बुक किपिङ एण्ड एकाउन्टेन्सी, अडिटिङ, इन्सोरेन्स स्टाटिस्टिक्स, करेन्सी एण्ड एड्भान्स बैंकिङ |
| ३ एस.टी.आर.कलेज | आई.कम. | अङ्ग्रेजी, नेपाली, हिन्दी, Com. भूगोल, अर्थशास्त्र, बिजनेस एण्ड अफिस Org. कमर्सियल करस्पन्डेन्स एण्ड सेल्सम्यानसिप, बुक किपिङ, Com. गणित, थेउरी एन्ड प्राक्टिस अफ बैंकिङ र सिविक्स |
| ४ त्रिभुवन कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, संस्कृत, सिविक्स, साइकोलजी, अर्थशास्त्र, र लजिक |
| | बी.ए. | अङ्ग्रेजी, नेपाली, राजनीति शास्त्र, अर्थशास्त्र, दर्शन, संस्कृत |
| | आई.कम. | अङ्ग्रेजी, नेपाली, अनि. भूगोल, अर्थशास्त्र, बिजनेस मेथड एण्ड अफिस Org., अनि. गणित, कमर्सियल करस्पन्डेन्स एण्ड सेल्सम्यानसिप, बुक किपिङ थेउरी एण्ड प्राक्टिस अफ बैंकिङ, सिविक्स र विमा |
| ५ महेन्द्र कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, संस्कृत, अर्थशास्त्र, सिविक्स, इतिहास |
| | आई.कम | अङ्ग्रेजी, नेपाली, अनि. भूगोल, अर्थशास्त्र, बिजनेस मेथड एण्ड अफिस Org., कमर्सियल करस्पन्डेन्स एण्ड सेल्सम्यानसिप, बुक किपिङ, थेउरी एण्ड प्राक्टिस अफ बैंकिङ, सिविक्स र अनि.गणित |

| | | |
|---|---|---|
| | बी.ए. | |
| | बी.कम. | |
| ६ पृथ्वीनारायण कलेज | आई.ए. | भूगोल |
| ७ रामस्वरूप राम सागर | बी.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, मैथली, इतिहास, अर्थशास्त्र, राजनीति शास्त्र र दर्शन |
| ८ धनकुटा कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, अर्थशास्त्र, इतिहास र सिविक्स |
| ९ महेन्द्र विन्देश्वरी कलेज | बी.ए. | |
| १० भक्तपुर कलेज | आई.ए. र बी.ए. | |
| ११ महेन्द्ररत्न महाविद्यालय | आई.ए. | |
| १२ रत्नराज्य लक्ष्मी कलेज | आई.ए. | |
| १३ डोटी इन्टर कलेज | आई.ए. | |
| १४ एम.बी.बी.कलेज | आई.ए. | |
| १५ वीरेन्द्र कलेज | आई.ए. | |
| १६ कपिलवस्तु कलेज | आई.ए. | |
| १७ भोला कलेज | आई.ए. | |

२०२०-०२१ सालमा विश्वविद्यालयबाट प्रोभिजनल मान्यता प्राप्त गरेका कलेज तथा तिनमा पढाइ हुने विषय तथा तह यस प्रकार रहेको थियो;[२०]

| कलेजको नाम र स्थान | प्रिन्सिपल/प्रो.इन्जाच | पढाई स्तर पढाइने विषय |
|---|---|---|
| १ त्रिचन्द्र कलेज, काठमाडौँ | फणिन्द्रप्रसाद लोहनी | डिग्री<br>कला, विज्ञान, वाणिज्य |

[२०] त्रिभुवन विश्वविद्यालयको वार्षिक रिपोर्ट २०२०-०२१ ।

| | | | |
|---|---|---|---|
| २ पाटन कलेज, पाटन | भैरवबहादुर प्रधान | ,, | कला |
| ३ पद्मकन्या कलेज, काठमाडौँ | श्रीमती अंगुरबाबा जोशी | ,, | कला |
| ४ नेपाल नेसनल कलेज, ,, | शंकरदेव पन्त | ,, | कला |
| ५ ठाकुरराम कलेज, वीरगंज | जगतमोहन अधिकारी | ,, | कला, वाणिज्य |
| ६ मोरंग कलेज, विराटनगर | गोपालप्रसाद शर्मा | ,, | कला, वाणिज्य, कानुन |
| ७ महेन्द्र कलेज, धरान | महाप्रसाद रिजाल | ,, | कला, वाणिज्य |
| ८ राजकीय संस्कृत महाविद्यालय, काठमाडौँ | पद्मप्रसाद भट्टराई | ,, | शास्त्रीय, संस्कृत |
| ९ जनता महाविद्यालय, दाङ | | इन्टर | शास्त्रीय, संस्कृत |
| १० पिण्डेश्वर महाविद्यालय,धरान | छविलाल शर्मा | इन्टर | शास्त्रीय, संस्कृत |
| ११ धनकुटा कलेज, धनकुटा | कालिप्रसाद रिजाल | डिग्री | कला |
| १२ महन्द्र विन्देश्वरी कलेज, राजविराज | शंकरदत्त झा | डिग्री | कला |
| १३ त्रिभुवन कलेज, पाल्पा | बनमालीप्रसाद लाकौल | ,, | कला, वाणिज्य |
| १४ जनकपुर कलेज, जनकपुर | इन्द्रनारायण ठाकुर | ,, | कला |

| | | |
|---|---|---|
| १५ पब्लिक साइन्स कलेज, काठमाडौँ | अमृतप्रसाद प्रधान | इन्टर विज्ञान |
| १६ पब्लिक कमर्स कलेज, काठमाडौँ | गोपालमान श्रेष्ठ | डिग्री वाणिज्य |
| १७ भक्तपुर कलेज, भक्तपुर | चन्द्रबहादुर श्रेष्ठ | डिग्री कला |
| १८ सरस्वती इन्टर कलेज, काठमाडौँ | शंकरराज पाठक | इन्टर कला |
| १९ डोटी इन्टर कलेज, डोटी | टंकराज ओझा | इन्टर कला |
| २० महेन्द्ररत्न महाविद्यालय, इलाम | के.एन्.शर्मा | इन्टर कला |
| २१ एम.बी.बी.कलेज, दाङ | रामसूरत त्रिपाठी | इन्टर कला |
| २२ पृथ्वीनारायण इन्टर कलेज, पोखरा | जी.जोन | इन्टर कला |
| २३ कलेज अफ एजुकेसन,काठ. | त्रैलोक्यनाथ उप्रेती | डिग्री शिक्षण |
| २४ नेपाल ल कलेज, काठ. | रामराज पन्त | डिग्री कानून |
| २५ वीरेन्द्र इन्टर कलेज | तेह्रथुम, आठराई, चुहानडाँडा | इन्टर कला |
| २६ कपिलवस्तु इन्टर कलेज | | इन्टर कला |
| २७ रत्नराज्य लक्ष्मी गर्ल्स कलेज, काठमाडौँ | कृष्णराज अर्याल | इन्टर कला |

शर्त बिनाको सम्बन्धन

नियमानुसार मापदण्ड पूरा गरेका कलेजलाई विश्वविद्यालयले कुनै किसिमको शर्त नराखी सम्बन्धन दिने गर्दथ्यो । हुनतः विश्वविद्यालय ऐनमा सम्बन्धनको दुई किसिम अर्थात् 'अस्थायी' र 'स्थायी' उल्लेख गरिए तापनि विश्वविद्यालयले दिएका सबै सम्बन्धनहरू अस्थायी प्रकृतिका देखिन्छन् । न्यूनतम आवश्यकता पूर्ति गरेका कलेजहरूलाई २०२०/०२१ शैक्षिक सत्रमा विश्वविद्यालयले देहायका तह र विषय बढाउन सम्बन्धन दिएको थियो ।[२१]

| कलेज | तह | विषयहरू |
|---|---|---|
| १ त्रिचन्द्र कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, नेवारी, सिविक्स, अर्थशास्त्र, भूगोल, |
| | | गणित, लजिक, साइकोलजि, संस्कृत र इतिहास |
| | बी.ए. | अंग्रेज, नेपाली, हिन्दी, नेवारी, इतिहास, प्राचीन इतिहास, संस्कृति, |
| | | राजनीति शास्त्र, अर्थशास्त्र, भूगोल, गणित, दर्शन र संस्कृत |
| | आई.एस्सी. | अङ्ग्रेजी, केमेष्ट्रि, बायोलजी, फिजिक्स, गणित, नेपाली, नेवारी, हिन्दी |
| | बी.एस्सी. | केमेष्ट्रि, जुलोजी, फिजिक्स, गणित, बोटनी |
| | आई.कम. | अङ्ग्रेजी, नेपाली, हिन्दी, नेवारी, Ele.अर्थशास्त्र, अनि.भूगोल, बिजनेस मेथड एण्ड अफिस Org., Com. करस्पन्डेन्स एण्ड सेल्सम्यानसिप, बुक किपिङ, Com. |

[२१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको बैठक (२०२०/४/२०-२०२१/३/३१) ।

| | | |
|---|---|---|
| | | गणित, थेउरी एण्ड प्राक्सिट अफ बैंकिङ, सिविक्स, गणित र विमा |
| | बी.कम. | अङ्ग्रेजी, अर्थशास्त्र, मनि एण्ड बैंकिङ, बिजनेस अर्गनाइजेसन एण्ड एड्मिनिष्ट्रेसन, इकोनोमिक डेभलोपमेन्ट अफ स्पेसिफाइड कन्ट्रिज, बुक किपिङ एण्ड एकाउन्टिङ, एड्भान्स एकाउन्टेन्सी, अडिटिङ, इन्सोरेन्स, स्टाटिस्टिक्स, करेन्सी एण्ड एड्भान्स बैंकिङ |
| २ पद्म कन्या कलेज | | |
| | आई.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, नेवारी, सिविक्स, इतिहास, अर्थशास्त्र, साइकोलजि, डोमेस्टिक साइन्स, संस्कृत र संगित |
| | बी.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, नेवारी, राजनीति शास्त्र, इतिहास, डोमेस्टिक साइन्स, अर्थशास्त्र, संस्कृति र संगित |
| ३ नेपाल नेसनल कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, सिविक्स, इतिहास, अर्थशास्त्र र संस्कृति |
| | बी.ए. | अङ्ग्रेजी, नेपाली, राजनीति शास्त्र, इतिहास, प्राचीन इतिहास र संस्कृति, अर्थशास्त्र र संस्कृत |
| ४ पब्लिक कमर्स कलेज | आई.कम. | अङ्ग्रेजी, नेपाली, हिन्दी, नेवारी, Ele.अर्थशास्त्र, अनि.भूगोल, बिजनेस मेथड एण्ड अफिस Org. Com. करस्पन्डेन्स एण्ड सेल्सम्यानसिप, बुक किपिङ, Com. गणित, थेउरी एण्ड प्राक्सिट अफ बैंकिङ, सिविक्स, गणित र विमा |

| | | |
|---|---|---|
| | बी.कम. | अङ्ग्रेजी, अर्थशास्त्र, मनि एण्ड बैंकिङ, बिजनेस अर्गनाइजेसन एण्ड एड्मिनिष्ट्रेसन, इकोनोमिक डेभलोपमेन्ट अफ स्पेसिफाइड कन्ट्रिज, बुक किपिङ एण्ड एकाउन्टिङ, comp. ल, एड्भान्स एकाउन्टेन्सी, अडिटिङ, स्टाटिस्टिक्स एण्ड इन्सोरेन्स |
| ५ मोरङ कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, सिविक्स, इतिहास, अर्थशास्त्र र साइकोलोजी |
| | बी.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, पोलिटिकल साइन्स, इतिहास, अर्थशास्त्र |
| ६ एस.टी.आर.कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, मैथली, सिविक्स, संस्कृत, अर्थशास्त्र |
| | बी.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, मैथली, राजनीति शास्त्र, अर्थशास्त्र, संस्कृत |
| ७ पब्लिक साइन्स कलेज | आई.एस्सी. | अङ्ग्रेजी, नेपाली, केमेष्ट्रि, फिजिक्स, बायोलोजि र गणित |
| ८ पृथ्वीनारायण कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, इतिहास, सिविक्स र अर्थशास्त्र |
| ९ महेन्द्र विन्देश्वरी कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, संस्कृत, मैथली, इतिहास, सिविक्स र अर्थशास्त्र |
| १० रामश्वरूप रामसागर कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, हिन्दी, संस्कृत, मैथली, अर्थशास्त्र, इतिहास, सिविक्स, साइकोलोजी र लजिक |
| ११ सरस्वती इन्टर कलेज | आई.ए. | अङ्ग्रेजी, नेपाली, सिविक्स, अर्थशास्त्र, इतिहास र संस्कृत |
| १२ राजकीय संस्कृत महावि. | मध्यमा | |
| | शास्त्री | |

| | |
|---|---|
| १३ पिन्डेश्वर संस्कृत महावि. | मध्यमा |
| १४ जनता महाविद्यालय | मध्यमा |
| १५ ल कलेज | बी.एल. |
| १६ कलेज अफ एजुकेसन | आई.एड. र बी.एड. |

**देहायका कलेजहरूलाई उल्लिखित तह तथा विषयहरू मात्र अध्यापनको सम्बन्धन दिइयो**

| | | |
|---|---|---|
| १ पृथ्वीनारायण कलेज, पोखरा | बी.ए. | अङ्ग्रेजी, नेपाली, अर्थशास्त्र र राजनीति शास्त्र |
| २ श्री ५ महेन्द्र कलेज, नेपालगञ्ज | आई.ए. | नेपाली, अङ्ग्रेजी, हिन्दी, अर्थशास्त्र, सिविक्स, संस्कृत, गणित र भूगोल |
| ३ मोरङ कलेज, विराटनगर | आई.एस्सी. | फिजिक्स, केमेष्ट्रि, बायोलजी र गणित |
| | बी.ए. | मनोविज्ञान |
| ४ एस.टी.आर.कलेज, वीरगंज | बी.कम. | सबै अनिवार्य विषय र एड्भान्स एकाउन्टिङ र अडिटिङ |

विश्वविद्यालयले कलेजहरूलाई 'मान्यता' तथा 'सम्बन्धन' दुवै दिएको पनि पाइन्छ । यद्यपि विश्वविद्यालय ऐनमा "...कलेज बाहेक अरू कुनै अनुसन्धान वा विशेष अध्ययन संस्थालाई मान्यता प्राप्त संस्था भनि मान्यता प्रदान गर्ने अधिकार एकेडेमिक काउन्सिललाई हुनेछ..." उल्लेख गरिएको थियो ।[२२] त्यसैले विश्वविद्यालयले के कस्तो अवस्थामा मान्यतासमेत दिएको थियो भन्ने स्पष्ट नभए तापनि सामान्यतया मान्यतालाई सम्बन्धनका रूपमा नै प्रयोग गरिएको हुनुपर्दछ । यसै

[२२] श्री ५ को सरकार, *नेपाल गजेट,* काठमाडौँ: भाग-२, खण्ड-९, संख्या-८, २०१६ साल जेठ २५ गते, पृ. ५, ३०-३१ ।

सन्दर्भमा २०२२/०२३ शैक्षिक सत्रका लागि विश्वविद्यालयले कतिपय कलेजलाई निश्चित तह तथा विषयहरू पठन पाठन गराउन मान्यता र सम्बन्धन दिएको थियो । त्यस बखत एकेडेमिक काउन्सिलको सिफारिसअनुसार यस प्रकार मान्यता तथा सम्बन्ध दिएको देखिन्छ;[२३]

- महेन्द्र रत्न पब्लिक कलेजलाई सन् १९६७ को परीक्षासम्मका लागि आइ.ए.स्तरको अस्थायी मान्यता र सम्बन्धन
- कमर्स कलेज पाटनलाई आई.कम.स्तरको सम्बन्धन र मान्यता दिने (विषय-सिभिक्स, इन्स्योरेन्स, गणित र सेल्सम्यानसिप)
- मेची महाविद्यालय झापालाई आई.ए.स्तरको तीन वर्षका लागि अस्थायी सम्बन्ध र मान्यता (विषय-नेपाली, अङ्ग्रेजी, इतिहास, नागरिक शास्त्र, अर्थ शास्त्र र प्रधान अङ्ग्रेजी)
- विश्वभाषा विद्यालयलाई फ्रेन्च, जर्मन, रसियन, चाइनिज र नेपाली भाषामा डिप्लोमाको मान्यता
- आनन्द कुटी साइन्स कलेजलाई आई.एस्सी.को अस्थायी सम्बन्धन र मान्यता (विषय-अङ्ग्रेजी, नेपाली, नेवारी, भौतिक शास्त्र, रसायन शास्त्र र गणित)
- त्रिचन्द्र कलेजलाई बी.ए.गणित र अर्थशास्त्रमा अनर्सको सम्बन्धन र मान्यता
- रत्नराज्य लक्ष्मी गर्ल्स कलेज, पुतली सडकलाई बी.ए.स्तरको थप सम्बन्धन र मान्यता (विषय-अङ्ग्रेजी, नेपाली, इतिहास, राजनीति शास्त्र, अर्थशास्त्र, मनोविज्ञान र गृह विज्ञान)
- पद्मकन्या कलेजलाई बी.ए.स्तरमा मनोविज्ञानको सम्बन्धन र मान्यता तथा

[२३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २१ ।

- एकेडेमिक काउन्सिलको निर्णयानुसार 'डिप्लोमा कोर्स इन ट्रान्सलेसन' (अनुवाद प्रवीण) खडा गर्ने

सम्बन्धनमा नयाँ व्यवस्था

विश्वविद्यालयले कलेजहरूलाई सम्बन्धन दिन थालेको आठ वर्षको अनुभवबाट विद्यमान नीति तथा प्रक्रियालाई केही परिमार्जन गरेको थियो । यस क्रममा २०२३/०२४ शैक्षिक सत्रदेखि कुनै पनि कलेजलाई नयाँ सम्बन्धन र मान्यता तथा थप सम्बन्धन र मान्यता दिँदा एकै पल्ट अस्थायी सम्बन्धन र मान्यता प्रदान नगरी पहिलो पटक तीन वर्षका लागिमात्र सम्बन्धन र मान्यता दिने नीति बनाइयो । त्यतिमात्र नभएर स्थायी सम्बन्धन र मान्यता प्राप्त भएका कलेजहरूमा प्रत्येक पाँच/पाँच वर्षमा जाँचबुझ गराउने व्यवस्था गरियो ।[२४]

त्यस्तै कुनै नयाँ कलेज खोल्न वा भइराखेको कलेजमा कुनै नयाँ विषय थप गर्नुपूर्व केही प्रारम्भिक आवश्यकता पूर्ति गर्नुपर्ने विश्वविद्यालय सिण्डिकेटले निर्णय गरेको थियो । यस्ता कार्यमा कलेज खोली कक्षा चालु गर्नु भन्दा ६ महिना पहिले रीतपूर्वक विश्वविद्यालयमा त्यसका लागि दर्खास्त दिनु पर्ने भयो । यसरी दर्खास्त प्राप्त भएपछि कलेज खुल्न लागेको क्षेत्रमा सो कलेजको आवश्यकता छ, छैन विचार गरी विश्वविद्यालयलाई ठीक लागेमा कलेज खोल्न स्वीकृति दिने व्यवस्था गरियो । यसरी स्वीकृति पाइसकेपछि मात्र कक्षा सञ्चालन गर्नुपर्ने भयो । स्वीकृति दिइएको एक वर्षपछि विश्वविद्यालयबाट स्थानीय जाँचबुझ गराएर न्यूनतम शर्तहरू पूरा भएमा मात्र सम्बन्धन दिने व्यवस्था गरियो ।[२५]

---

[२४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको बैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. २४ ।

[२५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको बैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १३ ।

जहाँसम्म विषय थपको सन्दर्भ हो विषय थप गर्न सम्बन्धन मागिएका कलेजको हकमा विश्वविद्यालयले २०२४ सालमा श्री ५ को सरकार र विश्वविद्यालयका प्रतिनिधि संलग्न एउटा आयोग गठन गर्ने निर्णय गरेको थियो । यसै आयोगले नयाँ कलेज खोल्न तथा विषय थप गर्नका लागि ठोस नीति निर्धारण गर्नसमेत श्री ५ को सरकारमा अनुरोध गरेको थियो ।[२६] यद्यपि त्यस किसिमको आयोग गठन गरिएको सन्दर्भ फेला परेको छैन ।

कलेजलाई सम्बन्धन दिने क्रममा निरीक्षण गर्नका लागि विश्वविद्यालयले २०२५ सालमा एउटा समय तालिका नै निर्धारण गरेको थियो । यसअनुसार हिउँदे विदा हुने कलेजहरूको जाँचबुझ मंसिर महीनासम्ममा र हिउँदे विदा नहुने कलेजहरूको जाँचबुझ पुष र माघ महिनामा सम्पन्न गराउने व्यवस्था गरियो । यसरी जाँचबुझ भइसकेपछि सम्बन्धन दिने ठहरिएमा पनि सरकारी आर्थिक सहायता दिलाउनेतर्फ तत्काल विश्वविद्यालयले विचार नगर्ने ठहर गरेको थियो । नियमानुसार शर्त पुगेका र ठाउँको आवश्यकता हेरी योग्य ठहरिएकालाई मात्र सम्बन्धन दिनेतर्फ विश्वविद्यालयले विचार गर्ने भएको थियो । हरेक कलेजको जाँचबुझका लागि ४/५ जना योग्य तथा अनुभवी प्राध्यापकहरू भएको जाँचबुझ टोली पठाउने र सोही टोलीले नेपाल अधिराज्यभरिका कलेजहरूको जाँचबुझ गर्ने व्यवस्था गरिएको थियो । त्यस्तो टोलीले थप सम्बन्धन मागेका कलेजहरूको जाँचबुझ गर्दा थप सम्बन्धनका विषयका साथै सम्बन्धन प्राप्त गरिसकेका कक्षा र विषयहरूको पनि जाँचबुझ गर्नु पर्दथ्यो ।[२७]

कलेज जाँचबुझका लागि सोही वर्ष अर्थात् २०२५ सालमा विश्वविद्यालयले कमिसनसमेत गठन गरेको थियो । विश्वविद्यालय

---

२६ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष १, अङ्क-१, २०२४ साल भदौ ३ ।

२७ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-२, २०२५ साल असोज, पृ. २-३ ।

एकेडेमिक काउन्सिलको स्ट्यान्डिङ कमिटीबाट गठन गरिएका तीन कमिसनलाई निरीक्षणका लागि यस प्रकार विभिन्न क्षेत्रमा खटाइएको थियो ।[२८]

***जाँचबुझ कमिशनका सदस्यहरू***

१ प्रो.जगतबहादुर बुढाथोकी

२ डा.हरिदेव मिश्र

| **कलेजका नाम** | **स्तर** |
|---|---|
| १ भोजपुर महाविद्यालय | आई.ए |
| २ षडानन्द संस्कृत महाविद्यालय, दिङ्ला | उत्तरमध्यमा |
| ३ भोला कलेज, चैनपुर | आई.ए. |
| ४ वीरेन्द्र इन्टर कलेज, चुहानडाँडा, दाङ | आई.ए. |
| ५ धनकुटा कलेज | आई.ए., बी.ए. |
| ६ महेन्द्रमोरङ कलेज | आई.ए.,आई.एस्सी.आई.कम.<br>बी.कम.,बी.ए.,बी.एल. |
| ७ आदर्श महाविद्यालय | आई.ए |
| ८ महेन्द्र कलेज, धरान | आई.ए.,आई.कम.बि.कम.,बी.ए. |
| ९ पिण्डेश्वर संस्कृत महाविद्यालय | उत्तरमध्यमा, शास्त्री |
| १० महेन्द्र विन्ध्येश्वरी कलेज | आई.ए., बी.ए. |
| ११ महेन्द्ररत्न महाविद्यालय, इलाम | आई.ए.,बी.ए. |

[२८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-२, २०२५ साल असोज, पृ. ३-४ ।

१२ लक्ष्मी महाविद्यालय आई.ए.

१३ मेची महाविद्यालय आई.ए., बी.ए.

१४ लक्ष्मीनारायण महाविद्यालय उत्तर मध्यमा, शास्त्री

***जाँचबुझ कमिसनका सदस्यहरू***

१ प्रो. चन्द्रधर उप्रेती

२ प्रो.युगलकृष्ण मल्ल

| **कलेजको नाम** | **स्तर** |
|---|---|
| १ डोटी इन्टर कलेज | आई.ए. |
| २ एम.बी.बी.एस.इन्टर कलेज | आई.ए.,बी.ए. |
| ३ जनता महाविद्यालय, दाङ् | उत्तरमध्यमा, शास्त्री |
| ४ महेन्द्र कलेज, नेपालगञ्ज | आई.ए., आई.एस्सी.,बी.ए. |
| ५ शहीद दशरथ इन्टर् कलेज, बैतडी | आई.ए. |
| ६ महेन्द्र इन्टर कलेज, डडेलधुरा | आई.ए. |
| ७ डोल्चा(?) जिल्लामा खोल्ने कलेज.................. | |
| ८ प्यूठानमा खोल्ने कलेज .................... | |
| ९ झापा गाउँमा खोल्ने कलेज.......... | |

***जाँचबुझ कमिसनका सदस्यहरू***

१ डा.पन्नालाल प्रधान

२ श्री विद्यानाथ आचार्य

| **कलेजको नाम** | **स्तर** |
|---|---|
| १ इन्टर कलेज, कुन्छा | आई.ए. |

| | |
|---|---|
| २ पृथ्वीनारायण कलेज, पोखरा | आई.ए., आई.एस्सी.,बी.ए. |
| ३ धवलागिरी महेन्द्र इन्टर कलेज, बाग्लुङ | आई.ए. |
| ४ गुल्मी इन्टर कलेज, तम्घास | आई.ए. |
| ५ त्रिभुवन कलेज, तानसेन | आई.ए., आई.कम, बी.ए. |
| ६ अमर महाविद्यालय, तानसेन | उत्तरमध्यमा |
| ७ भैरहवा इन्टर कलेज, भैरहवा | आई.ए., आई.एस्सी. |

२०२४ साल असार महिनामा एकेडेमिक काउन्सिलबाट पारित भएका प्रस्तावअनुसार देहायका कलेजहरूलाई कुनै पनि शर्तहरू नराखेर सम्बन्धन दिइयो ।[२९]

| कलेजको नाम | तह |
|---|---|
| १ रत्न राज्य लक्ष्मी गर्ल्स कलेज, पुतलीसडक | बी.ए. |
| २ श्री ५ महेन्द्र कलेज, नेपालगंज | आई.ए. |
| ३ सरस्वती कलेज, लैनचौर | आई.ए., बी.ए. |
| ४ धनकुटा कलेज, धनकुटा | आई.ए. |
| ५ भक्तपुर कलेज, | आई.ए. |
| ६ पिण्डेश्वर संस्कृत महाविद्यालय, धरान | उत्तरमध्यमा, शास्त्री |
| ७ महेन्द्र रत्न पब्लिक कलेज, काठमाडौँ | आई.ए., आई.कम. |
| ८ मेची महाविद्यालय, भद्रपुर, झापा | आई.ए. |

[२९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १५ ।

स्वीकृति झिक्ने कार्य

कुनै मान्यता प्राप्त संस्थाले आफूले मान्यता प्राप्त गर्दाको शर्तहरूको पालन नगरेमा वा शिक्षाको विकासमा हानिकारक हुने किसिमको कुनै काम गरेमा त्यस्ता संस्थालाई मान्यता प्रदान गरी दिएको अधिकारहरू झिक्न वा जतिसुकै समयको लागि स्थगित गर्न एकेडेमिक काउन्सिलले सक्ने प्रावधान ऐनमा उल्लेख गरिएको थियो । यसै प्रावधानका आधारमा कतिपय कलेजको स्वीकृति झिकिएको देखिन्छ । यस क्रममा श्री ५ को सरकार शिक्षा विभागको मिति २०१७/८/८/४ को सिफारिसका आधारमा नारायण इन्टर कलेजमा डिग्री क्लास चालु गर्न विश्वविद्यालयको मिति २०१७/१०/५/४ को पत्रानुसार स्वीकृति दिइएको थियो । तर उक्त कलेजबाट सन् १९६० तथा १९६१ को परीक्षामा आइ.ए.मा समेत एक जना पनि विद्यार्थी सामेल नभएकाले विश्वविद्यालयले सो दिइएको स्वीकृति झिक्नु पर्ने निर्णय गरेको थियो । यो निर्णयसमेत राखेर मन्त्रालयको रायका निम्ति विश्वविद्यालयले पत्राचार गरेको थियो । जवाफमा मिति २०१८/९/१३ मा श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट उक्त नारायण कलेज, नेपालगञ्जको स्वीकृति झिक्ने सहमती दिएकाले विश्वविद्यालयले कलेजको स्वीकृति तथा सम्बन्धन झिक्ने निर्णय गरेको थियो ।[३०] विश्वविद्यालयको इतिहासमा कुनै कलेजको सम्बन्धन/ स्वकिृति झिकिएको यो पहिलो घटना हो ।

कलेजको खारेजी

सम्बन्धन तथा स्वीकृति नलिइ कलेजहरू सञ्चालन हुनु हुँदैन भन्ने विषयमा विश्वविद्यालय निकै सचेत थियो । स्वीकृति प्राप्त नगरी कलेज सञ्चालन नगर्ने र स्वीकृति प्राप्त नगरेका कलेजमा श्री ५ को सरकारका कर्मचारीहरूले कुनै प्रकारले भाग नलिनका लागि

---

[३०] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १३० ।

विश्वविद्यालयले श्री ५ को सरकार मार्फत् पटक पटक परिपत्र पनि गरेको थियो ।

विश्वविद्यालय स्थापनासँगै मुलुकभर द्रुत गतिमा स्थापना गरिँदै आएका कलेजका कारण शिक्षाको स्तर नगिरोस्, भइरहेका कलेजहरू सुसञ्चालन होउन्, कलेज हुनुपर्ने ठाउँमा आवश्यक प्रबन्ध जुटेमा कलेज खुलोस्, उच्च शिक्षाको प्रसार व्यवस्थित रूपले होस् भन्ने जस्ता विषयमा विश्वविद्यालय निकै सचेत रहेको देखिन्छ । यस परिवेशमा जथाभावी कलेज/महाविद्यालयहरू नखुलोस् र खोल्दा विश्वविद्यालयको नियम पुऱ्याई मात्र खुलोस् भन्ने उद्देश्यले २०२२ र २०२५ सालमा नेपाल अधिराज्यका अञ्चलाधीशहरूलाई गृह मन्त्रालय मार्फत् परिपत्र गरिएको थियो । यसका साथै कलेज/महाविद्यालय खोल्ने सबैलाई पटक, पटक नियम नपुऱ्याई कलेज खोलेमा त्यसका सञ्चालकहरू नै जवाफदेही हुनुपर्ने कुरासमेत पत्र मार्फत् जानकारी गराइएको थियो । यद्यपि यसको बेवास्ता गरी कलेज खुल्दै रहे र विश्वविद्यालयले सम्बन्धन दिन मनाही पठाउँदै रह्यो । फलस्वरूप २०२५/०२६ सालमा १८ वटा कलेजहरूले विश्वविद्यालय एकेडेमिक काउन्सिलबाट मान्यता पाउन सकेनन् ।[३१]

यसका वावजुद विद्यार्थीहरूलाई भ्रममा पारी अनियमित तरिकाबाट कलेज चलाउने कार्य रोकिएन । विद्यार्थीहरूको मर्काको विचार गरी विश्वविद्यालयले एक दुई वर्षसम्म यस्ता मान्यता प्राप्त नगरेका कलेजमा पढ्ने विद्यार्थीहरूलाई मान्यता प्राप्त कलेजहरू मार्फत् परीक्षा दिलाएको थियो । तथापि विश्वविद्यालयले कलेज सञ्चालन नगर्नका लागि सूचना जारी गर्दा पनि त्यसलाई वास्ता नगरी कलेज सञ्चालन गरी विद्यार्थीहरूलाई धोखा दिने प्रवृत्ति बढ्दै गइराखेको हुँदा त्यस्तो प्रवृत्तिलाई रोक्नका लागि विश्वविद्यालयका उपकुलपति, प्रिन्सिपल, रजिष्ट्रारलगायतले

---

[३१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ७४ पछि वार्षिक रिपोर्ट ।

श्री ५ को सरकारका सम्बद्ध निकायमा पटक पटक छलफल गर्नु परेको देखिन्छ ।[३२]

विश्वविद्यालयले नयाँ कलेज खोल्न दिएका आवेदन प्राप्त भएका कलेजहरूमा निरीक्षण टोली पठाएर निरीक्षण गराउने र प्राप्त प्रतिवेदनका आधारमा कारवाही गर्ने प्रक्रिया थालनी गरिसकेको थियो ।[३३] विश्वविद्यालयले तयार गरेको आधारभूत आवश्यकता पूरा नगरेका कतिपय कलेजलाई सम्बन्धन नदिइएको उदाहरण माथि परिसकेको छ । यद्यपि विश्वविद्यालयले सम्बन्धन तथा स्वीकृति नदिए तापनि कतिपय कलेजहरू सञ्चालनमा रहेको देखिन्छ । नेपाल अधिराज्यभर सञ्चालनमा रहेका कलेजका विद्यार्थीको परीक्षा भने विश्वविद्यालयले नै सञ्चालन गर्दथ्यो । त्यसैले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नभएका कलेजमा अध्ययनरत विद्यार्थीलाई परीक्षा दिलाउन सहज थिएन । त्यसो त यस्ता कलेजमा अध्ययनरत विद्यार्थीप्रति विश्वविद्यालय सकारात्मक रहेको पाइन्छ ।

यस क्रममा २०२५/०२६ शैक्षिक सत्रमा सम्बन्धन तथा स्वीकृति प्राप्त नगरी खुलेका कलेजका द्वितीय (आई.ए.दोस्रो) र चतुर्थ (स्नातक दोस्रो) वर्षका विद्यार्थीलाई परीक्षामा सम्मिलित गराउने विषय विश्वविद्यालय सामु आइ परेको थियो । यस सम्बन्धमा एकेडेमिक काउन्सिलको 'स्टैण्डिङ कमिटी' ले निरीक्षण गरेपछि मात्र त्यस्ता कलेजलाई सम्बन्धन दिने वा नदिने भन्ने वारे विचार गर्ने सिफारिस गरेको थियो । यद्यपि अन्तिम वर्षमा पुगिसकेका विद्यार्थीहरूलाई मर्का नपरोस्

---

[३२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ४५ ।

[३३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ३१ ।

भनेर नै विश्वविद्यालयले देहायअनुसार निकटत सम्बन्धन प्राप्त महाविद्यालयहरूबाट परीक्षा दिलाउने व्यवस्था मिलाएको थियो ।[३४]

| स्वीकृति प्राप्त नभएका कलेजहरू | स्तर | परीक्षा दिलाइने निकटतम सम्बन्धन प्राप्त कलेजहरू |
|---|---|---|
| १ लुम्बिनी कलेज, बुटवल | आई.ए. | त्रिभुवन कलेज, तानसेन |
| २ आदर्श महाविद्यालय, विराटनगर | ,, | महेन्द्र मोरंग कलेज, विराटनगर |
| ३ भोला कलेज, चैनपुर | ,, | धनकुटा कलेज, धनकुटा |
| ४ धवलागिरी महेन्द्र इण्टर कलेज, वाग्लुङ | ,, | पृथ्वीनारायण कलेज, पोखरा |
| ५ भोजपुर महाविद्यालय, भोजपुर | ,, | महिन्द्र कलेज, धरान |
| ६ नेपाल कमर्स कलेज, पाटन | बी.कम. | त्रिचन्द्र कलेज, काठमाडौँ |
| ७ महेन्द्र माररेंग कलेज, विराटनगर | बी.एल. | नेशनल ल कलेज, काठमाडौँ |

पृथ्वीनारायण कलेज-पोखराको आई.एस्सी र रामस्वरूप रामसागर कलेज-जनकपुरधामको आई.कम.को तुरुन्तै जाँचबुझ गराई सम्बन्धन दिनेतर्फ छुट्टै कारवाई गरिएको स्मरणीय छ ।

सम्बन्धन नदिइने

पछिल्ला दिनमा कतिपय कलेजले विश्वविद्यालयसँग सम्बन्धनका लागि आवश्यक प्रक्रिया चलाउने गरेको देखिन्छ । नियमअनुसार कतिपय यस्ता कलेजको न्यूनतम शर्त पनि पूरा नभएको तथा उनीहरूबाट प्राप्त शैक्षिक तथ्याङ्कका आधारमा कतिपय कलेज तत्काल खोल्न आवश्यक नभएको विश्वविद्यालयको ठहर रह्यो । त्यसै कारण देहायकामध्ये आदर्श महाविद्यालय-विराटनगर बाहेक अन्य कलेजहरूलाई सम्बन्धन दिइएन । जहाँसम्म आदर्श महाविद्यालय-विराटनगरको सम्बन्धमा छलफल हुँदा मत लिनु पर्ने आवश्यकता देखिन गई मत लिँदा प्रस्तावको पक्षमा २३ र

[३४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ३२ ।

विपक्षमा १८ मत प्राप्त भएकाले बहुमतबाट प्रस्ताव पारित गरिएको देखिन्छ ।[३५] विश्वविद्यालयको इतिहासमा सम्भवतः यो पहिलो मत विभाजन प्रक्रिया थियो भने यति धेरै कलेजलाई सम्बन्धन नदिने निर्णय गरिएको पनि यो पहिलो घटना थियो ।

**सम्बन्धन नदिइएका कलेजहरू**

| नयाँ सम्बन्धन मागेका कलेजहरू | सम्बन्धन मागेको स्तर |
|---|---|
| १ लुम्बिनी कलेज, बुटवल | आई.ए.,आई.एस्सी. |
| २ सिद्धर्थ कलेज, भैरहवा | ,, ,, र बी.ए. |
| ३ आदर्श महाविद्यालय, विराटनगर | आई.ए. |
| ४ लक्ष्मी महाविद्यालय, शनिश्चरे, झापा | आई.ए. |
| ५ दशरथ इण्टर कलेज, पाटन, बैतडी | आई.ए. |
| ६ महेन्द्र इण्टर कलेज, दार्चुला | आई.ए. |
| ७ महेन्द्र इण्टर कलेज, डडेलधुरा | आई.ए. |
| ८ गुल्मी इण्टर कलेज, गुल्मी | आई.ए. |
| ९ कान्ती ईश्वरी राज्यलक्ष्मी गर्ल्स कलेज, प्याफल | आई.ए. |
| १० काभ्रे कलेज, बनेपा | आई.ए. |
| ११ आईडियल कमर्स कलेज, लैनचौर | आई.कम. |
| १२ षडानन्द संस्कृत महाविद्यालय, दिङ्ला | उत्तर मध्यमा |
| १३ याज्ञवल्क्य संस्कृत महाविद्यालय,जनकपुर | उत्तर मध्यमा |
| १४ अमर महाविद्यालय, पाल्पा | उत्तर मध्यमा |

[३५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको बैठक (२०२६/४/२१-२०२७/३/२६) ।

| **थप सम्बन्धन मागेका कलेजहरू** | **थप सम्बन्धन मागेको स्तर** |
|---|---|
| १ वीरेन्द्र इण्टर कलेज, चितवन | बी.ए. |
| २ मेची महाविद्यालय, भद्रपुर | बी.ए. |
| ३ एम.वी.वी.एस.इण्टर कलेज, दाङ | बी.ए., आई.एस्सी. |
| ४ डोटी इण्टर कलेज, डोटी | बी.ए. |

सम्बन्धन विच्छेद प्रक्रिया

प्राध्यापक तथा विद्यार्थी संख्या कम भएको, प्रयोगशालामा आवश्यक उपकरण एवम् पुस्तकालयमा पुस्तकहरू कमी भएकोलगायत कारणबाट पठन पाठन सञ्चालन गर्न असहज देखिएकाले कतिपय कलेजको सम्बन्धन हटाउने कारवाहीसमेत गरिएको थियो । यस क्रममा उल्लिखित निर्णयमा नै विश्वविद्यालयले देहायका कलेजलाई *‘सम्बन्धन किन विच्छेद गरिनु नपर्ने’* भनी स्पष्टिकरणसमेत सोधेको थियो;[३६]

| **कलेजको नाम** | **तह** | **स्पष्टिकरणको कारण** |
|---|---|---|
| १ महेन्द्र कलेज, धरान | बी.ए.,बी.कम. | प्राध्यापक तथा विद्यार्थी संख्या कम भएको |
| २ महेन्द्र विन्देश्वरी कलेज, राजविराज | बी.ए. | ,, |
| ३ रामस्वरूप रामसागर कलेज, जनकपुर | बी.ए. | ,, |
| ४ ठाकुरराम कलेज, विरगंज | बी.ए. | ,, |
| ५ त्रिभुवन कलेज पाल्पा | बी.ए. | ,, |
| ६ रत्नराज्य लक्ष्मी गर्ल्स कलेज | आई.ए., बी.ए. | गृहविज्ञानको सरसामानको कमी र विद्यार्थी कमी |

[३६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १५ ।

| | | |
|---|---|---|
| ७ महेन्द्र कलेज, नेपालगंज | बी.ए.,बी.एस्सी. | प्राध्यापक, विद्यार्थी तथा प्रयोगशालाको कमी |
| ८ धनकुटा कलेज | बी.ए. | विद्यार्थी र प्राध्यापक कमी |
| ९ भक्तपुर कलेज | बी.ए. | प्रयोगशालाको सरसामान र पुस्तकको कमी |
| १० पिण्डेश्वर संस्कृत महाविद्यालय | उत्तरमध्यमा, शास्त्री | प्राध्यापक नभएको |
| ११ एम.वी.वी.एस.इन्टर कलेज, दाङ | आई.ए. | विद्यार्थी र प्राध्यापकको कमी |
| १२ डोटी इन्टर कलेज | ,, | ,, |
| १३ महेन्द्र रत्न महाविद्यालय, इलाम | ,, | नेपाली योग्य प्राध्यापक नभएको |
| १४ महेन्द्र रत्न पब्लिक कलेज ,, | | प्रयोगशालामा सरसामान तथा प्राध्यापक कमी |

इन्टर कलेज-लमजुङलाई ६ महिनामा आवश्यक न्यूनतम शर्त पूरागर्ने गरी आई.ए तहको सम्बन्धन दिए तापनि यो शर्त पूरा नभएकाले सम्बन्धन झिकिएको थियो । त्यस्तै कतिपय सम्बन्धन प्राप्त कलेजले तह तथा विषय थपगर्ने माग गरे तापनि त्यसका लागि खासगरी प्राध्यापक तथा विषयगत पुस्तक नभएका कारण थप सम्बन्धन नदिने निर्णय गरियो । यसरी सम्बन्धन नदिइएका कलेजहरू यसप्रकार थिए;[३७]

| **कलेजको नाम** | **माग भएको तह** | **सम्बन्धन नदिनुका कारण** |
|---|---|---|
| १ जनता महाविद्यालय, दाङ | शास्त्री | प्राध्यापक तथा विषयगत पुस्तक नभएको |
| २ भक्तपुर कलेज | आई.ए. | एकै जनाले इतिहास र नेवारी दुवै पढाएको |
| ३ पिण्डेश्वरी संस्कृत महाविद्यालय | शास्त्री | वेदान्तमा प्राध्यापक नभएको |

[३७] *ऐजन* ।

| | | | |
|---|---|---|---|
| ४ त्रिचन्द्र कलेज, काठमाडौँ | बी.ए.,बी.एस्सी. | मनोबिज्ञान र भूगर्भशास्त्र(एस्सी)मा प्राध्यापक र सरसामान ज्यादै कम भएको |
| ५ अमृत साइन्स कलेज, ठमेल | आई.एस्सी. | नेवारीलाई १९६७ देखि १९७० सम्म सम्बन्धन दिने |

विश्वविद्यालय स्थापनाको नवौँ वर्ष अर्थात् २०२५ सालको थालनीमा विश्वविद्यालयबाट स्वीकृत प्राप्त ३३ महाविद्यालयहरू सञ्चालनमा रहेको देखिन्छ ।[३८] पाठकलाई सहजताका लागि तिनको नाम, ठेगाना, स्तर एवम् विषयकासाथ यहाँ विवरण दिइएको छ;[३९]

| **क्रसं.** **नाम** | **ठेगाना** | **स्तर** | **संकाय** |
|---|---|---|---|
| १ त्रि-चन्द्र कलेज | काठमाडौँ | आई.ए.,आई.एस्सी., आई.कम.,बी.ए., बी.एस्सी., बी.कम. | कला, विज्ञान, वाणिज्य |
| २ पद्मकन्या कलेज | ,, | आई.ए., बी.ए. | कला |
| ३ नेपाल नेसनल कलेज | ,, | आई.ए., बी.ए., आई.कम. | कला, वाणिज्य |
| ४ नेपाल ल कलेज | ,, | बी.एल. | ल (कानुन) |
| ५ पब्लिक कमर्स कलेज | ,, | आई.कम.,बी.कम. | वाणिज्य |
| ६ वाल्मीकि संस्कृत महाविद्यालय | ,, | मध्यमा, शास्त्री | कला |
| ७ सरस्वती कलेज | ,, | आई.ए., बी.ए. | कला |
| ८ रत्नराज्यलक्ष्मी गर्ल्स,कलेज | ,, | आई.ए., बी.ए. | कला |

३८ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१, अङ्क-९–१० २०२५ साल वैशाख ज्येष्ठ, पृ. १ ।

३९ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-७, २०२५ साल फागुन, पृ. ४-५ ।

९ अमृत साइन्स कलेज ,, आई.एस्सी. विज्ञान

१० महेन्द्ररत्न पब्लिक कलेज ,, आई.ए., आई.कम कला, वाणिज्य

११ आनन्दकुटी साइन्स कलेज ,, आई.एस्सी. विज्ञान

१२ कलेज अफ एजुकेसन, कीर्तिपुर आई.एड.,बी.एड. कला(?)

१३ पाटन कलेज, पाटन आई.ए., बी.ए., आई.एस्सी. कला, विज्ञान

१४ नेपाल कमर्स कलेज, पाटन आई.कम. वाणिज्य

१५ भक्तपुर कलेज, भक्तपुर आई.ए., बी.ए. कला

१६ धनकुटा कलेज, धनकुटा आई.ए., बी.ए. कला

१७ रामस्वरूप रामसागर डिग्री कलेज, जनकपुर धाम आई.ए., बी.ए. कला

१८ महेन्द्र विन्धेश्वरी कलेज, राजविराज आई.ए., बी.ए. कला

१९ महेन्द्र कलेज ,धरान आई.ए., बी.ए., आई.कम.,बी.कम., आई.एस्सी

कला, वाणिज्य, विज्ञान

२० महेन्द्रमोरङ कलेज, विराटनगर आई.ए., बी.ए.,आई.कम., बी.कम.,
आई.एस्सी. कला,वाणिज्य,विज्ञान

२१ ठाकुरराम कलेज,वीरगञ्ज आई.ए., बी.ए., आई.कम., बी.कम.,
आई.एस्सी. कला,वाणिज्य,विज्ञान

२२ त्रिभुवन कलेज, पाल्पा आई.ए., बी.ए. कला

२३ पृथ्वीनारायण कलेज, पोखरा आई.ए., बी.ए.,आई.एस्सी. कला, विज्ञान

२४ पिण्डेश्वरी संस्कृत महाविद्यालय,धरान मध्यमा, शास्त्री कला

२५ श्री ५ महेन्द्र कलेज, नेपालगञ्ज आई.ए., बी.ए.आई.एस्सी कला, विज्ञान

२६ डोटी इन्टर कलेज, शिलगढी, डोटी आई.ए. कला

२७ महेन्द्ररत्न इन्टर कलेज, इलाम आई.ए. कला

२८ महेन्द्रवीरविक्रम इन्टर कलेज, भरतपुर आई.ए. कला

| | | |
|---|---|---|
| २९ वीरेन्द्र इन्टर कलेज, चुहानडाँडा | आई.ए. | कला |
| ३० जनता महाविद्यालय, विजौरी,दाङ | मध्यमा | कला |
| ३१ मेची महाविद्यालय, झापा | आई.ए. | कला |
| ३२ वीरेन्द्र इन्टरमिडिएट कलेज,चितवन | आई.ए. | कला |
| ३३ इन्टर कलेज कुन्छा, लमजुङ | आई.ए. | कला |

अर्को वर्ष अर्थात् शैक्षिक सत्र २०२६/०२७ मा पनि कतिपय कलेजलाई सम्बन्धन, थप सम्बन्धन दिनाका साथै कतिपयको सम्बन्धन नविकरण गरियो जुन विश्वविद्यालयको नियमित प्रक्रियाअन्तर्गत नै पर्ने कार्य थियो । यस क्रममा देहायका कलेजहरूलाई कैफियतमा जनाएबमोजिम सम्बन्धन/थप सम्बन्धन तथा सम्बन्धनको नवीकरण गरियो ।[४०]

| **सम्बन्धन पाउने कलेजहरू:** | **विषय** | **कैफियत** |
|---|---|---|
| १ इण्टर कलेज, कुन्छा | आई.ए.(७ विषय) | ३ वर्षको अस्थायी सम्बन्धन दिने |
| २ ललितकला महाविद्यालय | आई.एफ.ए. (६ विषय) | ,, |

२ थप सम्बन्धन दिने कलेजहरू:

| | | |
|---|---|---|
| १ पाटन कलेज, पाटन | आई.एस्सी. (८विषय) | ,, |
| २ ठाकुरराम कलेज, विरगञ्ज | ,, ,, | ,, |
| ३ पृथ्वीनारायण कलेज, पोखरा | ,, ,, | ,, |
| ४ रामस्वरूप रामसागर, जनकपुर | आई.कम. (६ विषय) | |
| ५ त्रिभुवन कलेज, पाल्पा | आई.कम.(४ विषय) | ,, |
| ६ सरस्वती कलेज, लैनचौर | ,, (५ विषय) | ,, |
| ७ नेपाल कमर्स कलेज, पाटन | बी.कम. (६ विषय) | ,, |

[४०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६) ।

| | | |
|---|---|---|
| ८ महेन्द्र मोरंग, विराटनगर | बी.एल.(७ विषय) | ,, |
| ९ जनता महाविद्यालय, दाङ | शास्त्री (२ समुहका विषय) | ,, |

**थप विषयको सम्बन्धन पाउने कलेजहरू**

| | | |
|---|---|---|
| १ त्रिचन्द्र, काठमाडौं | बी.कम.(१ विषय) | ,, |
| | बी.एस्सी. | ,, |
| २ पब्लिक कमर्स, काठमाडौं | बी.कम.(१ विषय) | ,, |
| ३ भक्तपुर कलेज, भक्तपुर | आई.ए. (नेवारी) | ,, |
| ४ पृथ्वीनारायण, पोखरा | बी.ए. (भूगोल) | ,, |
| ५ श्री ५ महेन्द्र, नेपालगंज | आई.ए. (इतिहास) | ,, |
| ६ पद्मकन्या, वागवजार | आई.ए. (२ विषय) | ,, |
| ७ पण्डिेश्वरी संस्कृत महाविद्यालय | शास्त्री (क वर्ग प्राचीन न्याय) | ,, धरान |

**अस्थायी सम्बन्धन अवधि समाप्त भई पुनः सम्बन्धन अवधि थपिएका कलेजहरू**

| | | |
|---|---|---|
| १ आनन्दकुटी साइन्स, स्वयम्भू | आई.एस्सी. (९ विषय) | २०२७ सम्म सम्बन्धन अवधि थप्ने |
| २ वीरेन्द्र इण्टर कलेज, चितवन | आई.ए. (८ विषय) | ,, |
| ३ नेपाल नेशनल कलेज, पुतलिसडक | आई.कम. (६ विषय) | ,, |

देहायका कलेजलाई कैफियतमा लेखिएका शर्तहरू पूर्ति भएकालाई 'शो-कज' को सूचना हटाइयो भने शर्तहरू पूर्ति नगर्नेलाई एक वर्षको मौका दिइएको देखिन्छ ।

| | | |
|---|---|---|
| १ ठाकुरराम कलेज, वीरगंज | बी.ए.(६ विषय) | शर्त पूर्ति भएकोले 'शो कज' को सूचना हटाउने |
| २ त्रिभुवन कलेज, पाल्पा | ,, | ,, |
| ३ रत्नराज्य लक्ष्मी गर्लस् पुतलिसडक | आई.ए.,बी.ए.(२विषय) | ,, |
| ४ धनकुटा कलेज, धनकुटा | बी.ए.(६ विषय) | ,, |

| | | |
|---|---|---|
| ५ भक्तपुर कलेज, भक्तपुर | ,, | ,, |
| ६ एम.वी.वी.एस.इण्टर कलेज, दाङ | आई.ए.(७ विषय) | ,, |
| ७ महेन्द्र रत्न महाविद्यालय, इलाम | आई.ए. (७ विषय) | ,, |
| ८ महेन्द्र कलेज, धरान | बी.ए. (६ विषय) | ,, |
| ९ महेन्द्र कलेज, धरान | बी.कम.(३ विषय) | छात्र र प्राध्यापकको कमी भएकोले पूर्ति गर्न १ वर्षको मौका दिने |
| १० महेन्द्र विन्देश्वरी कलेज | बी.ए. (१० विषय) | प्राध्यापक नपुगेकोले १ वर्षको मौका दिने |
| ११ रामस्वरूप रामसागर, जनकपुर | बी.ए.(८ विषय) | ,, |
| १२ ठाकुरराम कलेज, | बी.कम.(अनि.र ३) | प्राध्यापक र विद्यार्थी कम भएकोले १ वर्षको मौका दिने |
| १३ श्री ५ महेन्द्र कलेज, नेपालगंज | बी.ए. (८ विषय) | ,, |
| | आई.एस्सी.(७ विषय) | ,, |
| १४ पिण्डेश्वर संस्कृत महाविद्यालय | शास्त्री (ख वर्ग, १) | प्रध्यापक नपुगेकाले १ वर्षको मौका दिने |
| | उत्तर मध्यमा (ख वर्ग, १) | ,, |
| १५ डोटी इण्टर कलेज, डोटी | आई.ए.(५ विषय) | ,, |
| १६ महेन्द्ररत्न पब्लिक, वसन्तपुर | आई.ए. (२ विषय) | पुस्तक, प्राध्यापक ,, |

समग्रमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा योजना) लागु हुनुपूर्व विश्वविद्यालयबाट सम्बन्धन प्राप्त उच्च शिक्षा संस्था यस प्रकार रहेको देखिन्छ;[४१]

---

[४१] शाही उच्च शिक्षा आयोग, *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०४०,* काठमाडौं: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ.४८०-४८२ ।

| सि.नं. | कलेजको नाम | जिल्ला |
|---|---|---|
| १ | महेन्द्र रत्न कलेज | इलाम |
| २ | मेची कलेज | झापा |
| ३ | मोरङ कलेज | मोरङ |
| ४ | महेन्द्र आदर्श महाविद्यालय | ,, |
| ५ | पिण्डेश्वर संस्कृत महाविद्यालय | सुनसरी |
| ६ | महेन्द्र कलेज | ,, |
| ७ | धनकुटा कलेज | धनकुटा |
| ८ | वीरेन्द्र कलेज, आठराई | तेह्रथुम |
| ९ | भोजपुर कलेज | भोजपुर |
| १० | महेन्द्र विन्देश्वरी कलेज | सप्तरी |
| ११ | सिराहा कलेज | सिराहा |
| १२ | रामस्वरूप रामसागर कलेज | धनुषा |
| १३ | याज्ञवल्क्य महाविद्यालय | ,, |
| १४ | लक्ष्मीनारायण महाविद्यालय | महोत्तरी |
| १५ | ठाकुरराम कलेज | पर्सा |
| १६ | वीरेन्द्र इन्टर कलेज | चितवन |
| १७ | बुटवल कलेज | रूपन्देही |
| १८ | सिद्धार्थ कलेज | ,, |
| १९ | त्रिभुवन कलेज | पाल्पा |
| २० | धौलागिरी महेन्द्र इन्टर कलेज | बाग्लुङ |
| २१ | जनता महाविद्यालय | दाङ |

| | | |
|---|---|---|
| २२ | महेन्द्र कलेज | ,, |
| २३ | श्री ५ महेन्द्र कलेज | बाँके |
| २४ | डोटी कलेज | डोटी |
| २५ | लमजुङ कलेज | लमजुङ |
| २६ | पृथ्वीनारायण कलेज | कास्की |
| २७ | भक्तपुर कलेज | भक्तपुर |
| २८ | पाटन कलेज | ललितपुर |
| २९ | नेपाल कमर्स कलेज | ,, |
| ३० | त्रिचन्द्र कलेज | काठमाडौँ |
| ३१ | पद्मकन्या कलेज | ,, |
| ३२ | बाल्कीकि महाविद्यालय | ,, |
| ३३ | ललितकला महाविद्यालय | ,, |
| ३४ | नेपाल नेसनल कलेज | ,, |
| ३५ | रत्न राज्यलक्ष्मी गर्ल्स कलेज | ,, |
| ३६ | नेपाल ल कलेज | ,, |
| ३७ | पब्लिक कमर्स कलेज | ,, |
| ३८ | महेन्द्र रत्न पब्लिक कलेज | ,, |
| ३९ | सरस्वती कलेज | ,, |
| ४० | कलेज अफ एजुकेसन | ,, |
| ४१ | आनन्दकुटी साइन्स कलेज | ,, |
| ४२ | अमृत कलेज | ,, |

१ कलेज अफ एजुकेसन विस्तार कार्यक्रम-पर्सा

२ नेपाल फरेस्ट्री इन्स्टिच्यूट-मकवानपुर

३ राष्ट्रिय व्यवसायिक प्रशिक्षण केन्द्र-सानो ठिमी

४ कृषि कलेज-ललितपुर

५ नेपाल राजकीय आयुर्वेद विद्यालय-काठमाडौं

६ नेपाल इन्जिनियरिङ इन्स्टिच्यूट-ललितपुर

७ त्रि.वि.कलेज

८ सङ्गीत महाविद्यालय

९ नर्सिङ स्कूल

१० युवक महाविद्यालय

११ आर्थिक विकास तथा प्रशासन केन्द्र

**विदेशी विश्वविद्यालयलाई मान्यता**

विश्वविद्यालयले शैक्षिक सत्र २०१७/०१८ मा भारत तथा पाकिस्तानका स्टेच्युटरी विश्वविद्यालयहरूका डिग्री, डिप्लोमा तथा परीक्षाहरूलाई रेसिप्रोकल (Reciprocal) मान्यता दिने निर्णय गरेको थियो । यस क्रममा सन् १९६१ जनवरी २५ को पत्रमा गोहाटी युनिभर्सिटीले मागे सरह त्रिभुवन विश्वविद्यालयले मान्यता दिएपछि मात्र रेसिप्रोकल वेसिसमा मान्यता दिने निर्णय गरियो ।[४२]

विदेशी विश्वविद्यालयका डिग्रीलाई मान्यता दिने र उनीहरूले पनि त्रिभुवन विश्वविद्यालयका डिग्रीलाई मान्यता दिने सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले २०२४ साल असार महिनामा देहायका निर्णय गरेको

[४२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २३० ।

थियो जसमा विनियमको संशोधनका साथै त्रिभुवन विश्वविद्यालयको समकक्षता मान्ने विश्वविद्यालय एवम् तिनमा पढाइ हुँदैआएका विषय संलग्न थिए ।[४३]

- संयुक्त अधिराज्य ग्रेट ब्रिटेनका जी.सी.इ.(अर्डिनरी) उत्तीर्ण गर्नेलाई आई.ए., आई.एस्सी., आई.कम.को प्रथम वर्षमा भर्ना गर्ने तर अङ्ग्रेजी लिटरेचर र लायङ्वेज दुवैमध्ये कमसेकम एकमा उत्तीर्ण भएकै हुनु पर्ने । साथै यसका लागि विद्यार्थी भने अङ्ग्रेजीसमेत कमसे कम पाँच विषयमा उत्तीर्ण भएको हुनु पर्ने,
- युनिवर्सिटी अफ दिल्लीको प्रि मेडिकल कोर्सलाई त्रिभुवन विश्वविद्यालयको आई.एस्सी.(वायलोजी ग्रुप) सरह समकक्ष मान्ने,
- गुजरात एस.एस.सी.बोर्डको एस.एस.सी.परीक्षालाई नेपाल एस.एल.सी.बोर्डको एस.एल.सी. परीक्षासित समकक्षता दिने तथा
- इण्डियन स्कूल सर्टिफिकेट परीक्षालाई विनियमअनुसार सिनियर केम्ब्रिज परीक्षालाई दिए सरहको समकक्षता दिने

यस क्रममा भारतका राजस्थान विश्वविद्यालय, जिवाजी विश्वविद्यालय, मार्थवाडा विश्वविद्यालय, रविशंकर विश्वविद्यालय, संवलपुर विश्वविद्यालय, पूना विश्वविद्यालय, गोरखपुर विश्वविद्यालय, वाराणसी संस्कृत विश्वविद्यालयका विभिन्न तहका डिग्रीलाई त्रिभुवन विश्वविद्यालयले रेसिप्रोकल रूपमा मान्यता प्रदान गरेको थियो । यसैगरी वर्मा विश्वविद्यालयको म्याट्रिकलाई नेपालको एस.एल.सी.परीक्षा तथा इन्टरमिडिएट परीक्षालाई विश्वविद्यालयको इन्टरमिडिएट परीक्षाहरू सरह

---

[४३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१,(१-२४३) ।

मान्यता दिइयो ।[४४] नेपाली शिक्षा परिषद्को प्रवेशिकामा एस.एल.सी.को अङ्ग्रेजी पत्र लिएर उत्तीर्ण गर्नेलाई विश्वविद्यालयका सम्बन्धित कलेजहरूमा इन्टर कक्षामा प्रवेश दिइयो । त्यस्तै 'विहार संस्कृत समिति' अथवा 'कामेश्वर सिंह संस्कृत युनिभर्सिटी' बाट पुरानो पाठ्यक्रममा आचार्य परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूलाई विनियमानुसार त्रिभुवन विश्वविद्यालयको एम.ए.परीक्षामा सम्मिलित गराउन सकिने व्यवस्था गरियो । वाराणसी संस्कृत विश्वविद्यालयका आचार्यलाई त्रिभुवन विश्वविद्यालयले पनि सोही तहको मान्यता प्रदान गऱ्यो ।

रेसिप्रोकल मान्यता दिने क्रममा प्रयाग संगित समितिको संगित आचार्य (एक वर्षको कोर्स) को प्रमाण पत्र प्राप्त व्यक्तिलाई कलेजमा संगितको प्राध्यापक नियुक्तिका लागि योग्य मानिने भयो । यसरी नै युनिवर्सिटी अफ इन्डिवराको पोष्ट ग्राजुयट डिप्लोमा परीक्षामा डिष्टिङ्कसन प्राप्त भएकालाई व्यक्तिगत योग्यताका आधारमा त्रिभुवन विश्वविद्यालयको एम.ए.समकक्ष मान्ने र मास्को स्टेट् युनिवर्सिटीको डिप्लोमा इन फिजिकल साइन्स परीक्षालाई व्यक्तिगत योग्यताका आधारमा त्रिभुवन विश्वविद्यालयको एम.एस्सी.सरह मानिने भयो ।

**समकक्षता**

संस्कृत परीक्षाहरूको समकक्षता वारे विश्वविद्यालय एकेडेमिक काउन्सिलको २०२० साल जेठ महिनामा भएको सिफारिसअनुसार देहायका परीक्षाहरू देहायका परीक्षाको समकक्षता मान्ने निर्णय गरियो ।[४५]

त्रिभुवन विश्वविद्यालयको पूर्व मध्यमा परीक्षाको समकक्ष मान्नेः

[४४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ६ ।

[४५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०८ ।

क वनारस संस्कृत विश्वविद्यालयको पूर्व मध्यमा परीक्षा

ख विहार संस्कृत समितिको पूर्व मध्यमा परीक्षा (नयाँ सेलेबस अनुसारलाई मात्र)

त्रिभुवन विश्वविद्यालयको उत्तर मध्यमा परीक्षाको समकक्ष मान्नेः

क वनारस संस्कृत विश्वविद्यालयको उत्तर मध्यमा परीक्षा

ख विहार संस्कृत समितिको उत्तर मध्यमा परीक्षा (नयाँ सेलेबस अनुसारलाई मात्र)

ग वनारस सरकारी संस्कृत कलेजको उत्तर मध्यमा परीक्षा

घ जयपुर सरकारी संस्कृत कलेजको शास्त्री परीक्षा

ङ पंजाव विश्वविद्यालयको शास्त्री परीक्षा

त्रिभुवन विश्वविद्यालयको शास्त्री परीक्षाको समकक्ष मान्नेः

क वनारस संस्कृत विश्वविद्यालयको शास्त्री परीक्षा

ख वनारसा हिन्दू विश्वविद्यालयको शास्त्री परीक्षा

ग जयपुर विश्वविद्यालयको शास्त्री परीक्षा

घ विहार संस्कृत समितिको शास्त्री परीक्षा (नयाँ सेलेबस अनुसारलाई मात्र)

ङ हरिद्वार गुरुकुल कङ्गडी इन्स्टिच्यूटको विद्यालङ्कार परीक्षा

विश्वविद्यालयले शैक्षिक सत्र २०२४/०२५ मा विभिन्न देशका देहायका ३१ विश्वविद्यालयका कतिपय विषयहरूलाई समकक्षता प्रदान गरेको थियो । यस्ता विश्वविद्यालयमा आग्रा युनिवर्सिटी, वनारण हिन्दू युनिवर्सिटी, गुजरात युनिवर्सिटी, जदवपुर युनिवर्सिटी, महाराजा सयजी राव युनिवर्सिटी अफ बरोडा, लखनउ युनिवर्सिटी, पंजाव युनिवर्सिटी, चंडिगढ, युनिवर्सिटी अफ अलावाद, युनिवर्सिटी अफ बम्बै, युनिवर्सिटी अफ कलकत्ता, युनिवर्सिटी अफ मद्रास, युनिवर्सिटी अफ पन्जाब, लाहोर, युनिवर्सिटी अफ सागर, विक्रम युनिवर्सिटी, गुहाटी युनिवर्सिटी, इन्टर

युनिवर्सिटी बोर्ड अफ इण्डिया, युनिवर्सिटी अफ डेक्कन, उत्कल युनिवर्सिटी, युनिवर्सिटी अफ राँची, युनिवर्सिटी अफ गोरखपुर, कर्नाटक युनिवर्सिटी, युनिवर्सिटी अफ राजस्तान, युनिवर्सिटी अफ रंगोन, युनिवर्सिटी अफ लण्डन, युनिवर्सिटी अफ दिल्ली, युनिवर्सिटी अफ मैसुर, मराठावाडा युनिवर्सिटी, द युनिवर्सिटी अफ जम्मु एण्ड कस्मिर, विहार युनिवर्सिटी थिए ।[४६]

विश्वविद्यालय एकेडेमिक काउन्सिले २०२५ साल असार/साउन महिनामा नेवाडा युनिवर्सिटी यु.एस.ए., उत्तर वंगाल विश्वविद्यालय, मगध युनिवर्सिटी, युनिवर्सिटी अफ राँची, लखनौ युनिवर्सिटी, युनिवर्सिटी अफ राजस्थान, शिवाजी युनिवर्सिटी, युनिवर्सिटी अफ मैसुर, वैन्कटेश्वर युनिवर्सिटीलाई रेसिप्रोकल मान्यता प्रदान गरेको थियो ।[४७]

यसरी नै शैक्षिक सत्र २०२७/०२८ मा विभिन्न विश्वविद्यालयको विभिन्न परीक्षालाई त्रिभुवन विश्वविद्यालयले विश्वविद्यालयको परीक्षासँग समकक्षता मान्यता दिएको थियो ।[४८] तिनमा गुरुकुल कांगडी विश्वविद्यालय, हरिद्वारको एम.ए.संस्कृत; उत्तर प्रदेश कृषि विश्वविद्यालय, वनारस हिन्दु विश्वविद्यालय, पंजाव विश्वविद्यालय, चंडिगढ, भारतका स्टाच्युटरी विश्वविद्यालय, पंजाव विश्वविद्यालय, पटियाला, राजपुताना विश्वविद्यालय, भारत सरकार, शिक्षा मन्त्रालयअन्तर्गत अल इण्डिया काउन्सिल फर टेक्निकल एजुकेसनको नेशनल डिप्लोमा इन कमर्स, रविशंकर विश्वविद्यालय; यु.एस.ए.का स्टेटहरूबाट १२ वर्षको स्कुल प्रोग्राम पुरा गरी 'बी' एभरेज ल्याई उत्तीर्ण हुने परीक्षालाई विनियमअनुसार सिनियर केम्ब्रिज परीक्षालाई दिए सरहको समकक्षता दिने थिए ।

---

[४६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१ (१-२४३), निर्णय नं. १५ख ।

[४७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ५८ ।

[४८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ६, ३८-४६ ।

नेपालका कतिपय विद्यार्थीले 'कामेश्वर सिंह संस्कृत विश्वविद्यालय' वा 'विहार संस्कृत समिति' बाट संस्कृत परीक्षा उत्तीर्ण गरेको देखिन्छ । ती शैक्षिक संस्थाको पुरानो पाठ्यक्रमअनुसार उत्तीर्ण विद्यार्थीलाई त्रिभुवन विश्वविद्यालयको संस्कृत परीक्षामा शैक्षिक सत्र २०२०/०२१ का लागि मात्र सामेल हुन दिइएको भए तापनि समकक्षताको मान्यता भने दिइएन । यति भए तापनि ती विश्वविद्यालयहरूबाट पूर्वमध्यमा प्रथम खण्डमा सामेल हुने परीक्षार्थीहरूले प्रथमाको परीक्षा भने दिन नपर्ने व्यवस्था गरिएको थियो ।[४९]

## आर्थिक सहायता वितरण

श्री ५ को सरकार शिक्षा मन्त्रालयको २०१८ साल मंसिर ७ गतेका दिन सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट कार्यान्वियन गर्न गठन गरिएको समितिले पेश गरेको प्रतिवेदनमा पब्लिक कलेजहरूलाई आर्थिक सहायता दिने कुरा उल्लेख गरिएको थियो । प्रतिवेदनमा विश्वविद्यालयले देशको अवस्था हेरी कलेजमा भएका स्टाफ, विद्यार्थी, भवन लगायतका आधारमा आर्थिक सहायता वितरणको सिफारिस गर्ने परेको थियो । पब्लिक कलेजहरूको अवस्थाका बारेमा विस्तृत विवरण प्राप्त नभए तापनि मोटामोटी सिद्धान्तका आधारमा सिफारिस प्राप्त भएमा आर्थिक सहायता निश्चित गर्न सजिलो हुने सरकारको निर्णय थियो । सोही कुरा श्री ५ को सरकारले विश्वविद्यालयलाई लिखित जानकारी गराएको थियो । सरकारले निर्धारण गरेको सोही सिद्धान्तका आधारमा नेपाल अधिराज्य भरका कलेजहरूलाई आर्थिक सहायता दिने बारे श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई शिफारिस गर्न विश्वविद्यालयका उपकुलपतिको अध्यक्षतामा शिक्षा सचिव वा निजले डेप्युट गरेको व्यक्ति, रेक्टर, दुई जना सदस्य तथा विश्वविद्यालयका रजिष्ट्रार सदस्य सचिव

---

[४९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १४६ ।

रहेको एउटा कमिटी गठन गरिएको थियो ।[५०] यसको अर्को वर्ष समितिमा हेरफेर गरी उपकुलपतिको अध्यक्षतामा विश्वविद्यालयका कोषाध्यक्ष, विश्वविद्यालय कलेजका प्रिन्सिपल, श्री ५ को सरकार, शिक्षा सह सचिव श्यामकृष्ण भट्टराई, श्री ५ को सरकार, शिक्षा उप सचिव केशरीराज पाण्डे र पदेन सचिव रजिष्ट्रार थिए । यसको गठन शैक्षिक सत्र २०२०/०२१ मा भएको हो ।[५१] समितिले सोही वर्ष देहायका कलेजहरूलाई आर्थिक सहायता दिन श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई सिफारिस गरेको थियो ।[५२] यो विवरणबाट शैक्षिक वर्ष २०२०/०२१ मा नेपालमा सञ्चालनमा रहेका कलेजहरूको संख्याका बारेमा जानकारी मिल्दछ । आर्थिक सहायता वितरण गरिने कलेजको नामको सूचीमा सरकारी कलेजको नाम नपरेकाले उल्लिखित कलेजहरू निजी/सामुदायिक क्षेत्रमा सञ्चालित भएको स्प्ट हुन्छ ।

१ नेपाल नेसनल कलेज

२ सरस्वती इन्टर कलेज

३ भक्तपुर कलेज

४ मोरंग कलेज

५ महेन्द्र कलेज

६ ठाकुरराम कलेज

७ धनकुटा कलेज

८ त्रिभुवन कलेज, पाल्पा

---

[५०] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १२२ ।

[५१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०६ ।

[५२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १२५ ।

९ राम स्वरूप राम सागर कलेज

१० पब्लिक कमर्स कलेज

११ महेन्द्र विन्देश्वरी कलेज

१२ नेपाल ल कलेज

१३ महेन्द्र रत्न महाविद्यालय

१४ महेन्द्र वीर विक्रम इन्टर कलेज

१५ पृथ्वी नारायण कलेज

१६ डोटी इन्टर कलेज

१७ पब्लिक साइन्स कलेज

१८ जनता महाविद्यालय

१९ कपिलवस्तु इन्टर कलेज

२० रत्न राज्य लक्ष्मी कलेज

२१ वीरेन्द्र इन्टर कलेज

आर्थिक वर्ष २०२३/०२४ को आर्थिक सहयोग वितरणका लागि आर्थिक सहायता सिफारिस समितिले केही आधार निर्धारण गरेको थियो । जसअनुसार त्यस वर्ष दुई किस्तामा आर्थिक सहायता दिने सिफारिस गरिएको थियो । दुई किस्तामा रकम दिइने भएकाले पहिलो किस्तामा कुल रकमको आधा र अर्को किस्तामा बाँकी आधा दिइने व्यवस्था मिलाइयो । समितिले देहायको सूचीअनुसार आर्थिक सहायता दिने सिफारिस गरेकाले सोहीबमोजिम दुई किस्तामा आर्थिक सहायता वितरण गरेको पाइन्छ ।[५३]

## *एक फेकल्टि भएका कलेज*

इन्टरमिडिएट आर्टस् कलेज रु. २०,०००/- डिग्री आर्टस कलेज रु. ३०,०००/-

[५३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १४९ ।

इन्टरमिडिएट साइन्सकलेज रु. ३०,०००/- डिग्री साइन्सकलेज रु. ४०,०००/-

इन्टरमिडिएट कमर्स कलेज रु. २०,०००/- डिग्री कमर्स कलेज रु. ३०,०००/-

***एक भन्दा बढी फेकल्टि भएका कलेज***

डिग्री आर्टस् तथा कमर्स रु ४०,०००/-

डिग्री आर्टस् तथा साइन्स रु. ६०,०००/-

डिग्री आर्टस, साइन्स तथा कमर्स रु. ७०,००/-

इन्टरमिडिएट आर्टस तथा कमर्स रु. ३०,०००/-

इन्टरमिडिएट आर्टस् तथा साइन्स रु. ५०,०००/-

इन्टरमिडिएट आर्टस्,साइन्स तथा कमर्स रु.६०,०००/-

आर्थिक वर्ष २०२३-०२४ मा पब्लिक कलेज तथा शिक्षण संस्थाहरूलाई श्री ५ को सरकारबाट दिइने आर्थिक सहायता दुई किस्तामा दिने समितिको सिफारिस थियो । पहिलो किस्तामा जम्मा २५ र दोस्रोमा जम्मा २४ कलेजहरूलाई आर्थिक सहायता दिइएको थियो । पब्लिक कलेजहरूलाई आर्थिक सहायताका निम्ति श्री ५ को सरकार, शिक्षा मन्त्रालयबाट छुट्याइएको बजेटमध्ये उक्त आर्थिक सहायता सिफारिस समितिको सिफारिसअनुसार आर्थिक सहायता दिइएको थियो । यसरी आर्थिक सहायता वितरण गरी बाँकी हुन आएको रकम विश्वविद्यालय पुस्तकालयको फण्डमा राखेर त्यसबाट आवश्यक पुस्तकहरू खरिदगरी कलेजहरूलाई वितरण गरियो । यसरी सिफारिस गरिएको आर्थिक सहायताको रकम सरकारले विश्वविद्यालयमार्फत कलेजहरूलाई वितरण गर्दथ्यो ।

२०२५ साल वैशाख ९ र १२ गतेका दिन 'कलेज आर्थिक सहायता सिफारिस समिति' को वैठक बसेको देखिन्छ । त्यस वैठकले पब्लिक कलेज तथा शिक्षण संस्थाहरूलाई आर्थिक वर्ष २०२४/०२५ सालमा श्री ५ को सरकारबाट दिइने आर्थिक सहायताका तपसिलमा तोकिएअनुसार वितरण गर्न श्री ५ को सरकार, शिक्षा मन्त्रालयमा सिफारिस गरेको थियो । यो वर्ष भने पहिलो वर्षमा जस्तो दुई किस्तामा

नभएर एक पटकमा नै आर्थिक सहायता वितरण गरिएको थियो । विश्वविद्यालय स्थापनाको नवौं वर्षमा आइपुग्दा मुलुकका पब्लिक कलेज, तिनले सञ्चालन गरेका कक्षाको तह तथा सरकारबाट दिइने आर्थिक सहयोग यस प्रकार देखिन्छ;[५४]

| कलेज | दिइने आर्थिक सहायता रु. |
|---|---|
| १ धनकुटा कलेज, धनकुटा | ३०,०००/- |
| २ महेन्द्र कलेज, धरान | ३५,०००/- |
| ३ महेन्द्र मोरंग कलेज, विराटनगर | ७०,०००/- |
| ४ महेन्द्र विन्देश्वरी कलेज, राजविराज | २५,०००/- |
| ५ रामस्वरूप रामसागर कलेज, जनकपुर | २५,०००/- |
| ६ नेपाल नेशनल कलेज, काठमाडौँ | ३०,०००/- |
| ७ अमृत साइन्स कलेज, ठमेल | ३५,०००/- |
| ८ पब्लिक कमर्स कलेज, रानीपोखरी | ३०,०००/- |
| ९ नेपाल ल कलेज, रानीपोखरी | २५,०००/- |
| १० सरस्वती कलेज, लैनचौर | ३०,०००/- |
| ११ रत्न राज्य लक्ष्मी गर्ल्स कलेज, पुतलीसडक | ३०,०००/- |
| १२ नेपाल कमर्स कलेज, पाटन | २०,०००/- |
| १३ महेन्द्र रत्न महाविद्यालय, इलाम | २०,०००/- |
| १४ आनन्दकुटी साइन्स कलेज, स्वयम्भू | ३३,०००/- |
| १५ भक्तपुर कलेज, भक्तपुर | २५,०००/- |
| १६ ठाकुरराम कलेज, वीरगञ्ज | ३५,०००/- |

[५४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १७३ ।

| | |
|---|---|
| १७ पृथ्वीनारायण कलेज, पोखरा | ३०,०००/- |
| १८ त्रिभुवन कलेज, पाल्पा | २५,०००/- |
| १९ म.वि.वि.शाह कलेज, दांग | २०,०००/- |
| २० जनता महाविद्यालय, दांग | २०,०००/- |
| २१ श्री ५ महेन्द्र कलेज, नेपालगञ्ज | ३५,०००/- |
| २२ वीरेन्द्र इन्टर कलेज, चुहानडाँडा | २०,०००/- |
| २३ विश्वभाषा विद्यालय, काठमाडौँ | २०,०००/- |
| २४ डोटी इन्टर कलेज, डोटी | २०,०००/- |
| २५ मेची महाविद्यालय, भद्रपुर, झापा | १०,०००/- |
| २६ महेन्द्र रत्न पब्लिक कलेज, काठमाडौँ | १५,०००/- |
| २७ वीरेन्द्र इन्टर कलेज, चितवन | २०,०००/- |

अबदेखि पब्लिक कलेजहरूलाई भवन निर्माण, प्रयोगशाला आदिका लागि दिइने आर्थिक सहायतासमेत विश्वविद्यालयको आर्थिक सहायता सिफारिस समितिको सिफारिसअनुसार नै वितरण गर्न शिक्षा मन्त्रालयसँग अनुरोध गरिने तथा आगामी वर्षदेखि कलेजहरूलाई आर्थिक सहायता दिँदा छात्र संख्याको पनि विचार गर्ने व्यवस्था मिलाइयो ।

आर्थिक सहायता वितरणका लागि पछिल्लो समय विश्वविद्यालयका उपकुलपतिको अध्यक्षतामा आर्थिक सहायता समिति गठन गरियो । समितिले २०२६ साल वैशाख २ गते सरकारी सहायता रकम वितरण गर्ने एउटा ठोस आधार तयार गरेको थियो ।

नवगठिन आर्थिक समितिले विश्वविद्यालयले मुलुकका सबै क्षेत्रमा उच्च शिक्षाको पहुँचलाई सहज बनाउने प्रयास स्वरूप हरेक अञ्चलमा कमसेकम एउटा कलेजको सर्वांगीण विकास गर्ने योजना बनायो । यसरी अञ्चलमा स्थापना गरिने कलेजले सकेसम्म बढी फेकल्टिहरूमा पढाइको प्रबन्ध गर्न सक्ने, त्यसको अध्ययन र अध्यापनको स्तर माथि उठ्ने र

अञ्चलको उच्च शिक्षाको जग बलियो हुनाका साथै त्यस क्षेत्रमा उच्च शिक्षाको विकासमा यसले पथ प्रदर्शन र नेतृत्व दिन सक्ने ठहर गरेको थियो । फलस्वरूप कलेजलाई आर्थिक सहायता वितरण गर्दा यसै सिद्धान्तलाई ध्यान राख्नु पर्ने कुरामा समितिले जोड दियो ।

अञ्चलमा विकास गरिने यस्ता कलेजमा सकेसम्म बढी फेकल्टि अर्थात् आर्टस्, साइन्स र कमर्सको व्यवस्था गरिने समितिको निर्णय थियो । त्यस्ता कलेजमा धरै भन्दा धेरै विद्यार्थी बस्न मिल्ने छात्रावास निर्माण गर्ने, अञ्चलका प्रतिभाशाली तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने र कलेजलाई आवश्यक भवन तथा पाठ्य सामग्री/उपकरण आदिको व्यवस्था गर्दै लैजानु पर्ने कुरामा समितिले जोड दियो । यसो भएमा मात्र निर्धारित कलेज सम्बन्धित अञ्चलको उच्च शिक्षाको केन्द्र बन्ने भएकाले टाढाटाढाका विद्यार्थीहरूलाई अध्ययन गर्न प्रोत्साहन मिल्ने र अनावश्यक ठाउँमा कलेज खोल्ने प्रवृत्ति घट्न जाने यथार्थतालाई सिद्धान्ततः समितिले अङ्गीकार गरेको थियो ।

यो सिद्धान्त लागू गर्दा अर्थाभाव, कतिपय अञ्चलमा कलेजमा पढ्ने विद्यार्थीको कमी हुन सक्नेलगायत विषयलाई दृष्टिगत गर्दै विभिन्न अञ्चलहरूमा क्रमशः लागू गर्ने योजना बनाइयो । यद्यपि त्यस बखत उच्च शिक्षामा सह्रानीय प्रगति गरिसकेका केही अञ्चलमा एक/एक कलेज छानेर त्यसको विकास गराउन एउटा योजना तयार गरिएको थियो ।

समग्रमा उल्लिखित शिद्धान्तका आधारमा नै कलेजहरूलाई आर्थिक वर्ष २०२५/०२६ को आर्थिक सहायता वितरण गरिएको थियो ।[५५] यस क्रममा विगतमा भन्दा कतिपय कलेजहरूलाई केही मात्रामा आर्थिक सहायताको रकममा थप गरियो भने कलेजहरूमा सञ्चालित फेकल्टि संख्या तथा तिनको आवश्यकता र प्रगति हेरी रकम थप गरिएको देखिन्छ ।

---

[५५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १९२ पछि रहेको 'आर्थिक सहायता समितिको वैठक', पृष्ठ अनुल्लिखित बाट ।

**राजदरबारमा शाखा कलेज**

श्री ५ को सरकार, शिक्षा मन्त्रालयको २०२३ साल वैशाख ६ गतेको पत्रमा उल्लेख भएअनुसार विश्वविद्यालयले पाटन कलेजको एक्स्टेन्सन (शाखा) का रूपमा राजदरबारमा एउटा कलेज खोल्न स्वीकृति दिने निर्णय गरेको देखिन्छ ।[५६] निर्णयअनुसार सो कलेज कहाँ स्थापना र सञ्चालन गरियो तथा कुन तह सञ्चालनमा रह्यो भन्ने विषयमा प्रकाश पार्ने कुनै पनि सामग्री फेला परेको छैन । त्यस्तै मुलुकमा सञ्चालनमा रहेका कलेजहरूको सूचिमासमेत राजदरबारमा सञ्चालनको स्वीकृति दिइएको कलेजको नाम कतै परेको पाइँदैन ।

समग्रमा विश्वविद्यालय ऐन २०१६ को परिच्छेद दुई ३(२) ले 'विश्वविद्यालय अबछिन्न उत्तराधिकारवाल एक स्वशासित र संगठित संस्था हुनेछ' उल्लेख गरेको छ ।[५७] कलेजहरूलाई सम्बन्धन दिने सन्दर्भमा ऐनअनुसार विश्वविद्यालयले काम नगरि प्रायः शिक्षा मन्त्रालयको निर्देशन एवम् राजाको हुकुम प्रमाङ्गिमा काम गर्नु परेको अवस्था रह्यो । विश्वविद्यालय स्थापनापछिका एक दशकमा मुलुकमा उच्च शिक्षाका निम्ति कलेजहरू स्थापना गर्ने लहर नै चल्यो । यद्यपि कतिपयले पठन पाठनका लागि न्यूनतम आवश्यकतासमेत पूरा गर्न सकेनन् । यस्तो अवस्थामा विश्वविद्यालयले कतिपय कलेजलाई सम्बन्धन नै दिन उपयुक्त ठानेन भने कतिपयलाई निश्चित समयसीमा निर्धारण गरी प्रोभिजनल सम्बन्धन दिनु पऱ्यो । त्यस्तै विद्यार्थीको पढाइलाई ध्यानमा राख्दै उनीहरूलाई सम्बन्धनप्राप्त कलेजहरूबाट परीक्षा दिने अवसर प्रदान गरे तापनि त्यस्ता कतिपय अवैधानिक कलेजलाई बन्द गर्नुपर्ने अवस्था पनि आयो ।

कलेजलाई सम्बन्धन दिने सन्दर्भमा नै विश्वविद्यालयले दुई तह अर्थात् इन्टरमिडियट र डिग्री अर्थात् बेचलर (स्नातक) तहका कक्षा

---

[५६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १३९ ।

[५७] श्री ५ को सरकार, *नेपाल गजेट,* काठमाडौँ: भाग-२, खण्ड-९, संख्या-८, २०१६ साल जेठ २५ गते, पृ. ७-८ ।

सञ्चालनका लागि मात्र सम्बन्धन दिएको थियो । हुनतः ऐनमा नै स्नातकोत्तर (एम.ए-मास्टर्स) तहको पठन पाठनको अख्तियारी विश्वविद्यालयलाई नै दिइएको थियो । सोही आधारमा स्थापनाको केही समयपछि यी तहको पठन पाठन विश्वविद्यालय कलेजबाट मात्र गरियो । यसै सन्दर्भमा स्थापना लगत्तै शिक्षा मन्त्रालयले नेपाल नेसनल कलेजलाई एम.ए.तह को सम्बन्धन दिन गरेको निर्देशनलाई विश्वविद्यालयले नियमानुसार सम्बन्धन दिन नमिल्ने जवाफ दिएर आफ्नै स्वायत्त हैसियत कायम राख्ने प्रयास गरेको थियो, जुन विश्वविद्यालयको इतिहासमा उल्लेख्य कदम देखिन्छ । यद्यपि विश्वविद्यालयले सो हैसियतलाई निरन्तरता दिन भने सकेको देखिँदैन । जहाँसम्म संस्कृत विश्वविद्यालय स्थापना गर्ने सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले ऐन बिपरित जनता महाविद्यालय दाङमा आचार्य कक्षा सञ्चालन गर्न दिएको सन्दर्भ हो, यसरी स्वीकृति दिइए तापनि आवश्यक पूर्वाधार नै नभएकाले कार्यान्वयन हुन नसकेको कटु यथार्थता देखिन्छ ।

सम्बन्धन प्रदान गरिएका कुनै पनि कलेजलाई स्थायी सम्बन्धन भने दिइएन । हुनतः ऐनमा स्थायी सम्बन्धनको प्रावधान राखिएको पनि पाइँदैन । जहाँसम्म विशेष अध्ययन संस्थानहरूको मान्यता हो सो पनि कुनै संस्थालाई दिइएको देखिँदैन । समग्रमा स्थापनाका बखत १९ कलेजहरू सञ्चालनमा रहेकोमा नयाँ शिक्षा योजनापूर्व विश्वविद्यालयबाट ४२ कलेजहरूलाई सम्बन्धन दिएर सञ्चालनमा रहेको देखिन्छ ।

* * *

# नियुक्ति

## परिचय

स्थापनासँगै त्रिभुवन विश्वविद्यालयले कक्षा सञ्चालनको तयारीका साथै शिक्षकको व्यवस्थापनसमेत गर्नु परेको थियो जुन स्वाभाविक नै हो । यस क्रममा विश्वविद्यालयको पहिलो रोजाइमा पूर्णकालीन योग्य शिक्षक थिए । विश्वविद्यालय स्थापना अगाडि कतिपय कलेजहरू पूर्णतः सरकारी स्तरबाट सञ्चालनमा रहेका थिए । यी कलेजहरूका शिक्षक सरकारी कर्मचारीका रूपमा शिक्षण कार्य गर्दथे । उनीहरूको सुविधा सरकारी कर्मचारी सरह नै थियो । विश्वविद्यालयले कक्षा सञ्चालनका लागि ती शिक्षकलाई पूर्णकालीन रूपमा राख्ने प्रयास गरेको थियो । यद्यपि अधिकांश सरकारी शिक्षकहरू विश्वविद्यालयमा पूर्णकालीन रूपमा पढाउन आउने इच्छा गरेनन् । त्यसैले विश्वविद्यालय आफ्नो प्रथम छनोटमा सफल हुन सकेन ।

सरकारी शिक्षक उपलब्ध नहुने भएपछि विश्वविद्यालयबाट योग्य व्यक्तिलाई पूर्णकालीन शिक्षक नियुक्त गर्ने प्रयास भयो । प्रारम्भिक दिनमा यो प्रयास पनि असफल रह्यो । फलस्वरूप परिस्थितिअनुसार शिक्षक नियुक्तिमा विश्वविद्यालयले सम्झौता गर्नुपर्ने अवस्था सिर्जना भयो । पूर्णकालीन शिक्षक फेला नपरेपछि कमसे कम प्रत्येक विभागमा एक जना विभागीय प्रमुखसम्म प्रोफेसर तहको पूर्णकालीन राख्ने नीति लिइयो । विश्वविद्यालयको यो प्रयास पनि सफल भएन । त्यति मात्र नभएर कोलम्बो प्लानबाट शिक्षणका लागि नेपाल आएका तथापी 'प्रोफेसर' नभएकालाई पनि विभागीय प्रमुख बनाउनु पर्ने अवस्था आयो । कक्षा सञ्चालनको थालनीदेखि नै विश्वविद्यालयले विदेशी शिक्षकको सहयोग लिनु पर्‍यो । यस क्रममा खासगरी कोलम्बो प्लानअन्तर्गत विदेशी (विशेषतः भारतीय) शिक्षकहरू ल्याउने काम गरियो भने नेपालमा उपलब्ध सरकारी शिक्षकहरूलाई पनि आंशिक रूपमा संलग्न गराउनु पर्‍यो । यो अवस्था विश्वविद्यालय सञ्चालनदेखि लामै समयसम्म रह्यो । यस

परिच्छेदमा विश्वविद्यालय स्थापनादेखि 'राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८' (नयाँ शिक्षा योजना) सम्म विशेषतः शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा चर्चा गरिएको छ ।

### शिक्षक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय कमिटीले तत्कालै माथि उल्लिखित विषयहरूमा पोष्ट ग्राजुएट कक्षा सञ्चालन गर्ने सार्वजनिक सूचना जारी गरेको भए तापनि शिक्षकको व्यवस्था भइसकेको थिएन । यस्तो अवस्थामा कमिटी समक्ष तत्कालका लागि आंशिक शिक्षकद्वारा नै कक्षा सञ्चालन गर्ने एउटा मात्र बिकल्प रह्यो । फलस्वरूप कमिटीले देहायका व्यक्तिलाई आंशिक शिक्षक नियुक्त गर्ने निर्णय गर्‍यो;[१]

| विषय र विभाग | विभागीय प्रमुखको नाम/दर्जा | थप शिक्षकको नाम/दर्जा |
|---|---|---|
| अङ्ग्रेजी | श्री यदुनाथ खनाल प्रोफेसर (प्रो.)<br>निज प्राप्य नभएमा सुर्य ब शाक्य रिडर (रि.) | सुर्यबहादुर शाक्य (रि.) निज विभागीय प्रमुख हुन गएमा शंकरदेव पन्त लेक्चरर (ले.) र निज प्राप्य नभएमा नारायण बहादुर (ले.) |
| पोलिटिक्स साइन्स | गेहराज (रि.) | यु.एन. सिन्हा (ले.) |
| नेपालको इतिहास | भैरव बहादुर प्रधान (प्रो.) | हित नारायण झा (ले) |
| इकनमिक्स | साम्भदेव पन्त (प्रो.) | नरेश मान (रि.) |
| म्याथमेटिक्स | ए.गंगुली (प्रो.) | नारायण बहादुर(रि.) निज प्राप्य नभएमा केशव देव (ले.) |
| संस्कृत र कल्चर | गोकुल चन्द (रि.) | पदम प्रसाद (प्रो.) |

१ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २८ ।

विश्वविद्यालय कमिटीले अङ्ग्रेजी, पोलिटिक्स साइन्स (पोलिटिकल साइन्स), नेपालको इतिहास, इकनमिक्स, म्याथमेटिक्स तथा संस्कृत र कल्चर विषयमा पोष्ट ग्राजुएट कक्षा सञ्चालन गरेको थियो । त्यस्तै शिक्षक नियुक्तिका सन्दर्भमा पनि विश्वविद्यालयले सम्बन्धितसँग अन्तिम वार्ता नगरी वैकल्पिक नाममा निर्णय गरेको थियो । यस क्रममा अङ्ग्रेजी विषयको विभागीय प्रमुखमा यदुनाथ खनालको नाम प्राध्यापकमा प्रस्ताव गरी निज प्राप्य नभएमा सूर्यबहादुर शाक्यलाई रिडरका साथ प्रमुख बनाउने निर्णय गरेको थियो । यस विषयको अन्य थप शिक्षकमा सुर्यबहादुर शाक्य (रिडर) निज विभागीय प्रमुख हुन गएमा शंकरदेव पन्त (लेक्चरर) र निज प्राप्य नभएमा नारायण बहादुर (लेक्चरर) बनाउने निर्णय गरिएको थियो ।

त्यस्तै पोलिटिकल साइन्सको विभागीय प्रमुखमा गेहराजलाई रिडरका रूपमा राखिएको थियो भने यु.एन.सिन्हालाई लेक्चरर नियुक्त गरिएको थियो । नेपालको इतिहासमा भैरवबहादुर प्रधानलाई प्रोफेसर र हितनारायण झालाई लेक्चरर नियुक्त गरियो । इकनमिक्समा साम्भदेव पन्तलाई प्रोफेसर र नरेशमान लाई रिडर नियुक्त गरियो । गणितमा ए.गंगुलीलाई प्रोफेसर तथा नारायणबहादुरलाई रिडर र निज प्राप्य नभएमा केशवदेवलाई लेक्चरर भनियो । संस्कृत र कल्चर विषयको विभागीय प्रमुखमा गोकुल चन्दलाई रिडर र पद्मप्रसादलाई प्रोफेसर नियुक्त गरियो ।[२] संस्कृत र कल्चर विषयमा रिडरलाई प्रमुख तथा प्रोफेसरलाई शिक्षकका रूपमा किन छानियो भन्ने स्पष्ट छैन ।

यो निर्णय गर्दासम्म पनि उल्लिखित शिक्षकले विश्वविद्यालयमा पढाउँछन् वा पढाउँदैनन् भन्ने एकिन भएको पाइँदैन । त्यसैकारण उक्त एक जनाले नभ्याएमा अर्कालाई नियुक्त गरिने विकल्पसमेत राखिएको देखिन्छ ।

त्यस्तै त्यस बखतसम्म नेपालमा पोष्टग्राजुएट तहको अध्ययन-अध्यापनमा सहायताका लागि कोलम्बो ल्यानअन्तर्गत विभिन्न विश्वविद्यालयका अध्यापकहरू आमन्त्रण गरिएको देखिन्छ । यसरी को

---

२ *ऐजन*।

आएका छन् तथा तिनीहरूको विषय एवम् विश्वविद्यालयमा पद (प्रोफेसर, रीडर आदि) के कस्ता छन् भन्ने विषय भने विश्वविद्यालयमा जानकारी थिएन । त्यसैले प्राध्यापनका लागि कोलम्बो ल्पानअन्तर्गत नेपालमा आएकाको पद उनीहरूको आफ्नो विश्वविद्यालयको पदअनुसार क्रमशः प्रोफेसर, एसोसिएट रिडर, एसोसिएट लेक्चरर आदि गरिने भए तापनि सामूहिक रूपमा सबैलाई त्रिभुवन विश्वविद्यालयका 'एसोसिएट युनिभर्सिटी टिचर्स' भनिने भयो । त्यस्तै २०१६ साल असोज ४ गतेदेखि त्रिभुवन विश्वविद्यालयमा तोकिएका विषयहरूको पढाई चालू हुने भएकाले सम्बद्ध विषयका लागि एसोसिएट युनिभर्सिटी टिचर्सहरूको नाम र पद विश्वविद्यालयमा पठाइदिन आइ.ए.एम.का एजुकेसन एड्भाइजर एस.एस. भन्डारकरसँग अनुरोध गरियो ।[३] यसबाट विश्वविद्यालय सञ्चालनको थालनीसँगै कोलम्बो ल्पानअन्तर्गतका शिक्षकलाई संलग्न गर्ने योजना बनाइएको देखिन्छ । यद्यपि पहिलो वर्षमा कोलम्बो ल्पानबाट के कति शिक्षकलाई कुन कुन विषयमा संलग्न गरियो भन्ने विवरण भने प्राप्त भएको छैन ।

विश्वविद्यालय कमिटीले शिक्षकहरूलाई २०१६ साल भदौ १६ गतेदेखि नियुक्त गरिने तथा सो नियुक्ति भने आगामी परिनियम, अधिनियम र बिनियमहरूबमोजिम पुनर्गठन हुने तथा कुनै विषयमा विद्यार्थीहरूको संख्या तीन जनाभन्दा कम हुन गएमा सो नियुक्ति रद्द भएको मानिने पूर्व जानकारी गराइयो ।[४] त्यस्तै कक्षा सञ्चालन गर्न पार्ट टाइम शिक्षकलाई मासिक तलब दर प्रोफेसर-रु.४००/-, रिडर-रु. २५०/- र लेक्चरर-रु. २००/-निर्धारण गरियो । यसका साथै विश्वविद्यालयमा कक्षा लिने शिक्षकले प्राइभेट वा ट्युसन गर्न नपाइने भयो ।[५] त्यस्तै विश्वविद्यालयका

---

[३] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७४ ।

[४] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ४७ ।

[५] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २७ ।

एम.ए.ल्कासमा पढाउने प्राध्यापकहरू कक्षा नभएको समयमा हाजिर हुनु नपर्ने तथा निजहरूलाई जाडो विदाको पनि साविकबमोजिम तलव दिइने भयो । यद्यपि पहिलो वर्ष डेढ महिनाको मिनपचास विदाको विद्यार्थीहरूसँग शुल्क लिइएन ।[६]

स्थापनाका बखत नै पठन पाठनका लागि आंशिक भन्दा पूर्णकालीन शिक्षक राख्नुपर्ने विषयलाई विशेष जोड दिइएको थियो । कथंकदाचित् विषयगत योग्य शिक्षक नपाइएमा कमसे कम विभागीय प्रमुख भने पूर्णकालीन हुनुपर्ने सिद्धान्त विश्वविद्यालयले लिएको थियो । त्यसै कारण पूर्णकालीन शिक्षकहरूलाई आकर्षित गर्नका लागि विश्वविद्यालयले उनीहरूको सुविधामा पनि झण्डै दोब्बर नै वृद्धि गरिदियो । जस्तो आंशिक प्रोफेसरलाई मासिक तलब रु. ४००/- निर्धाराण गरिएको थियो भने पूर्णकालीनलाई मासिक रु. ७००/- तोकियो । यसै गरी रीडरको रु. २५०/- र पूर्णकालीनलाई रु. ५००/- तथा लेक्चरर आंशिकलाई रु. २००/- थियो भने पूर्णकालीनलाई रु. ४००/- तोकियो । सो बाहेक विभागीय प्रमुख भएका प्रोफेसरलाई विभागीय भत्ता मासिक रु. १५०/- र विभागीय प्रमुख भएका रीडरलाई विभागीय प्रमुख भत्ता रु. १००/- तोकियो । त्यति मात्र नभएर विश्वविद्यालयले असल एकेडेमिक रेकर्ड भइ फष्ट क्लास एम.ए.वा पीएच.डी.डिग्री प्राप्त भएकाहरूलाई फुलटाइम नियुक्त गर्ने योजना बनाएको थियो । यसरी नियुक्त शिक्षकले दुइ वर्षसम्म ट्युटर भइ काम गरी सकेपछि मात्र लेक्चरर पदमा बढुवा गरिने भयो । पूर्ण कालीन ट्युटरहरूको मासिक तलब रु. ३५०/- निर्धारण गरियो ।[७]

विश्वविद्यालय स्थापनाको एक वर्षसम्ममा पनि पुरा समय काम गर्ने शिक्षक प्राप्त भएनन् । यदि पुरा समय काम गर्ने योग्य शिक्षक प्राप्त

---

६ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १००, १३२ ।

७ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २० ।

भएको भए विश्वविद्यालयले उनीहरूलाई नै पोष्ट ग्राजुएट तहका विभागहरूमा विभागीय प्रमुख बनाउने योजना बनाएको थियो । त्यसो त २०१६ साल असोज महिनादेखि विश्वविद्यालयमा पोष्टग्राजुएसन कक्षा सञ्चालन गरिँदा श्री ५ को सरकारका शिक्षकहरूलाई संलग्न गरिएको थियो । अन्यत्रबाट शिक्षकको व्यवस्था हुन नसकेका कारण उनै सरकारी शिक्षकहरूलाई नै पुरा समय काम गर्ने गरी दुई वर्षका लागि बेतलबी काजमा पठाइदिन विश्वविद्यालयले सरकारसँग अनुरोधसमेत गरेको थियो । यद्यपि सरकारले विश्वविद्यालयको अनुरोधअनुसार सरकारी शिक्षकलाई दुई वर्षका लागि काजमा पठाउन नमिल्ने जानकारी गरायो । एकातर्फ भर्खरै सञ्चालनमा आएको त्रिभुवन विश्वविद्यालयमा पठन पाठनका साथै विभाग सञ्चालनमा बाधा परेको अर्कातर्फ सरकारबाट पनि आवश्यक सहयोग प्राप्त नभएको अप्ठेरो अवस्थामा परेकाले सोही विषयमा पुनः विचार गर्नका लागि सरकारसँग अनुरोध गरियो ।[८]

त्रिभुवन विश्वविद्यालयले पहिलो वर्षमा नै कोलम्बो ल्पानबाट शिक्षकहरू मगाउने काम गरेको थियो । सरकारी शिक्षकका साथै अन्य योग्यता प्राप्त शिक्षकको अभावमा यसरी कोलम्बो प्लानअन्तर्गत आएका शिक्षकलाई भए पनि विभागीय प्रमुख नियुक्त गर्नु विश्वविद्यालयको बाध्यात्मक अवस्था देखिन्छ । यस क्रममा सम्भवतः नयाँ विभागका रूपमा हिन्दी विभाग खोल्ने र त्यस विभागको प्रमुख कोलम्बो ल्पानअन्तर्गत आएका प्रोफेसर राजनाथ पाण्डेलाई नियुक्त गर्ने विश्वविद्यालयको निर्णय थियो ।[९]

## सेलेक्सन कमिटी

विश्वविद्यालयले दोस्रो वर्षमा नै नयाँ भर्ना गरिने शिक्षकहरूको अन्तर्वार्ता, परीक्षा र छान्ने कामका निम्ति 'सेलेक्सन कमिटी' गठन गरेको

---

८ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १७३ ।

९ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ८० ।

थियो । विश्वविद्यालय सिण्डिकेटको एक जना प्रतिनिधिको अध्यक्षतामा गठन गरिएको कमिटीमा सम्बन्धित विभागीय प्रमुख, सरदार नरेन्द्रमणि आचार्य दीक्षित (एजुकेसन मेम्बर, प्लानिङ) र एस.एस.भण्डारकर (सल्लाहकार) सदस्य राखिएको थियो । गठनका बखतमा नै यदी यस कमिटीको सिफारिस विश्वविद्यालय कमिटीलाई मञ्जुर नभएमा पुन विचारार्थ सेलेक्सन कमिटीमा पठाउने व्यवस्था गरिएको थियो ।[१०]

राजनीतिशास्त्र विभागमा रिक्त रिडर पदको पूर्तिका लागि २०१९ सालमा उपकुलपतिको अध्यक्षतामा आर्टस् फेकल्टिका डीन, सिण्डिकेट सदस्य, कुलपतिबाट मनोनित विश्वविद्यालय सिनेटका सदस्यहरूबाट एक जना तथा बाहिरी विशेषज्ञ एक जना समेत जम्मा ५ सदस्यीय सेलेक्सन बोर्डको गठन गरिएको थियो । बाहिरी विशेषज्ञ मनोनित गर्ने अख्तियारी भने उपकुलपतिलाई दिइयो ।[११] त्यस्तै इकनोमेट्रिक्स विषयको लेक्चरर पदका लागि विज्ञापन गरी आवेदन गरेका उम्मेदवारहरू मध्येबाट स्थायी लेक्चरर पदमा नियुक्ति गर्न उपकुलपतिको अध्यक्षतामा एउटा सेलेक्सन बोर्ड गठन गरिएको थियो । ६ सदस्य भएको बोर्डमा आर्टस् फ्याकल्टिका डीन, अर्थशास्त्र विभागका प्रमुख, सिण्डिकेट सदस्य रेणुलाल सिंह, क्वीन टीन डब्लु लिंडसे (विशेषज्ञ) र कुलपतिबाट सिनेटका सदस्य मध्येबाट एक जनालाई संलग्न गरिएको थियो ।

त्यसो त विश्वविद्यालयमा इकनोमेट्रिक्स विषयमा पी.एचडी. गरि आएका के.पी.शर्माको सेवा अत्यन्त लाभदायक हुने देखिएकाले निजलाई अस्थायी लेक्चरर पदमा नियुक्त गर्ने अधिकार भाइस चान्सलरलाई दिइएको थियो ।[१२] विद्यमान व्यवस्थाबाट जुन विषयमा शिक्षकको आवश्यकता पर्‍यो सो विषयका लागि छुट्टै सेलेक्सन कमिटी गठन गरी शिक्षक छनोट गर्ने

---

१० त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५) ।

११ त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ११ ।

१२ त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १५ ।

कार्य झन्झटिलो हुन गयो । यद्यपि आवश्यकताअनुसार प्रत्येक पटक शिक्षक छनोटका लागि सेलेक्सन कमिटि गठन गरिनु विश्वविद्यालयको बाध्यात्मक स्थिति रहेको देखिन्छ जुन ६ वर्ष जति कायम रहेको देखिन्छ ।

## युनिवर्सिटी सर्भिस कमिसन

२०२२ साल फागुन महिनादेखि विश्वविद्यालयले पुरा समय काम गर्ने विभागीय प्रमुख तथा प्राध्यापकहरूको नियुक्तिलाई विशेष जोड दिएको थियो । शैक्षिक तथा प्रशासकीय सेवाहरूलाई सुसंगठित गरी यथाशक्य सुयोग्य व्यक्तिहरूलाई नियुक्त गर्ने उद्देश्यले २०२२ सालमा 'युनिवर्सिटी सर्भिस कमिसन' खडा गरियो । यो कमिसनको गठन भएपछि सबै विभागका स्थायी विभागीय प्रमुखहरू तथा अन्य प्राध्यापकहरूको नियुक्ति, बढुवा आदि काम कमिसनलाई नै सुम्पियो ।[१३] फलस्वरूप अब भने पहिलेजस्तो प्रत्येक विषयको शिक्षक छनोटका लागि प्रत्येक पटक सेलेक्सन कमिटी गठन गर्नु पर्ने झन्झट समाप्त भयो ।

यसै क्रममा 'युनिवर्सिटी सर्भिस कमिसन' ले सम्भवतः पहिलो पल्ट सोही वर्ष देहायका व्यक्तिलाई विभिन्न विषयमा लेक्चरर पदमा नियुक्तिका लागि सिफारिस गरेको र त्यसलाई विश्वविद्यालय सिण्डिकेटले समर्थन गरेको थियो ।[१४]

| **विषय** | **नियुक्त व्यक्ति** |
|---|---|
| गणित | -योगरत्न स्थापित, शंकरराज पन्त |
| पुराणेतिहास | -बाबुराम पोखऱ्याल |
| इतिहास | -हेमन्त राणा |
| राजनीति शास्त्र | -डा.जगदीशप्रसाद शर्मा |

[१३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ९२ ।

[१४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १७४ ।

अङ्ग्रेजी -डा.मोहनप्रसाद लोहनी

फिजिक्स -डा.आनन्दमान अमात्य

बोटनी -शैलेशचन्द्र सिंह, सुश्री सानुदेवी श्रेष्ठ

युनिवर्सिटी सर्भिस कमिसन खडा भएदेखि २०२७ सालसम्म सिफारिस भइसकेका तर नियुक्ति नदिई रोकिराखेका व्यक्तिहरूलाई सिफारिस भएकै पदमा नियुक्ति दिनलाई पुनः कमिसनका अध्यक्षसँग जान नपर्ने व्यवस्था गरियो ।[१५]

नयाँ शिक्षा योजना लागू भएपछि २०२९ सालमा कुलपतिबाट विश्वविद्यालय सेवा आयोगको अध्यक्ष पदमा भगवतीप्रसाद सिंहलाई मनोनित भएको थियो । आयोगको सदस्यमा प्रो यदुनाथ खनाल, लोक सेवा आयोगबाट दुर्गानन्दप्रसाद सिंह तथा का.मु.शिक्षाध्यक्ष, रजिष्ट्रार सदस्य सचिव र सम्बन्धित इन्स्टिच्यूटका डीन रहने व्यवस्था गरियो ।[१६]

## सरकारी शिक्षक

सरकारी शिक्षकले एउटा संस्थामा मात्र पढाउन पाउने श्री ५ को सरकारले निर्देशन दिएको थियो । यसै निर्देशनका आधारमा विश्वविद्यालयले पनि उनीहरूका लागि केही नियम बनाइदियो । जसअनुसार तत्कालका लागि काम चलाउ प्रबन्ध गर्न श्री ५ को सरकारको सेवामा रहेका केही शिक्षकहरू नियमअनुसार रिटायर हुने अवधिसम्मका लागि विश्वविद्यालयतर्फबाट तलब खुवाउने गरी काज खटाइयो । यसरी काजमा रहेका शिक्षक रिटायर हुँदा श्री ५ को सरकारको सेवामा अवच्छिन्न नोकरी गर्ने सरह सरकारबाट पेन्सन उपलब्ध गराउनुका साथै उनीहरूले काजमा खटिई आउने मितिमा खाइपाइ पाएको तलब र ग्रेड विश्वविद्यालयबाट दिइने भयो । त्यस्तै श्री ५ को सरकारको सेवामा

---

[१५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २४ ।

[१६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५ अङ्क-११ २०२९ साल असार, पृ. ८ ।

रही पेन्सन पाउने शिक्षकहरूलाई विश्वविद्यालयबाट प्रोभिडेन्ड फण्डको सुविधा भने नदिइने भयो ।[१७] यो प्रावधान २०१८/०१९ सालको हो ।

सामान्यतया योग्यता प्राप्त शिक्षकहरूलाई आकर्षण गर्न नसकिएको अवस्थामा आफ्नै पूर्णकालीन शिक्षक नभएसम्म सरकारी शिक्षकद्वारा नै पठन पाठन सञ्चालन गर्ने विश्वविद्यालयले प्रयास गरेको थियो । आफ्नो विद्यमान सेवा र सुविधा यथावत् रहने निश्चित भएमा मात्र सरकारी शिक्षकले काम गर्न रुची राख्ने यथार्थतालाई दृष्टिगत गरेर विश्वविद्यालयले सरकारी शिक्षकलाई उपलब्ध गराउने सुविधाका वारेमा ठोस निर्णय गरी सो वारेमा शिक्षा मन्त्रालयलाई जानकारी गराएको थियो । यस पटक भने विश्वविद्यालयमा आउने सरकारी शिक्षकलाई दुई किसिममा विभाजन गरियो । जसमा एउटा श्री ५ को सरकारमा लिएन पद राखी आउने र अर्को श्री ५ को सरकारको सेवाबाट त्यागपत्र दिई आउने व्यवस्था गरियो । यो व्यवस्था २०२२-०२३ सालको हो । नयाँ व्यवस्थाअनुसार सरकारी शिक्षकलाई दिइने सुविधा यस प्रकार तोकियो;[१८]

श्री ५ को सरकारको सेवामा लियन पद राखी आउने प्राध्यापक

- श्री ५ को सरकारबाट खाई पाई रहेकै पे स्केल अनुसारको तलव दिने,
- सो पे स्केलमा निजहरूले पाइसकेको वार्षिक वृद्धिमा योग्यता र अनुभव हेरी बढीमा चार ग्रेडसम्म थपिदिने,
- निजहरूले आफ्नो नोकरीको बाँकी अवधि श्री ५ को सरकारको नियमानुसार पुर गरी अवकाश पाउने भएमा वा बिचमा राजिनामा, मृत्यु आदि कारणले सेवामा नरहँदा श्री ५ को सरकारको सेवामा रहेसरह मानी निजहरूलाई श्री ५ को

[१७] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ८६ ।

[१८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ४४ ।

सरकारको नियमानुसार पेन्सन, उपादान आदि दिने । निजहरूलाई श्री ५ को सरकारको सेवामा रहेका अरू प्राध्यापक सरह प्रयोजनको सुविधा पनि दिने । त्यहाँ प्रमोसन हुँदा सोहीअनुसारको तलव विश्वविद्यालयबाट पनि दिने,

- विश्वविद्यालयमा आइसकेपछि निजहरूको रिक्त स्थानमा श्री ५ को सरकारले स्थायी मानिस भर्ना गर्ने व्यवस्था मिलाउने । पहिलो र दोस्रो वर्षको अवधिमा विश्वविद्यालयले निजहरूलाई राख्न नचाहने भएमा वा निजहरू बस्न नचाहेमा फर्काउनु पर्ने अवस्था आउने हुँदा ती दरबन्दीमा दुई वर्षसम्म श्री ५ को सरकारले अस्थायी भर्ना नगर्ने,
- कुनै प्राध्यापकलाई नोकरी अवधि पुरा नहुँदै कुनै कारणले विश्वविद्यालयले हटाउनु परेमा श्री ५ को सरकार र विश्वविद्यालयले आपसमा सर सल्लाह गरी यथोचित कारवाई गर्ने,
- लियनमा आउने प्राध्यापकहरूलाई विश्वविद्यालयमा प्रोफेसर वा रिडर वा लेक्चरर दर्जा नदिने । तर निजहरू विभागीय प्रमुख पदमा नियुक्त हुन सक्ने तथा
- निजहरूले विश्वविद्यालयको प्रोभिडेन्ट फण्डको सुविधा नपाउने ।

श्री ५ को सरकारको सेवाबाट त्यागपत्र दिई आउने प्राध्यापक

- त्यस्ता प्राध्यापकको शैक्षिक योग्यता, अनुभव र कार्य कुशलताको विचार गरी निजहरूलाई प्रोफेसर, रिडर वा लेक्चरर जुन पदका लागि योग्य ठहरिन्छ सो पदमा राख्ने र विश्वविद्यालयको पेस्केल दिने,
- विश्वविद्यालयको पे स्केल दिँदा निजहरूको योग्यता, अनुभव हेरी पेस्केल भित्रको केही ग्रेड शुरुमै थपि दिन सकिने र
- यस्ता कर्मचारीले विश्वविद्यालय परिनियम र अधिनियमअनुसार हरेक सुविधा पाउने ।

सरकारी शिक्षकलाई आकर्षण गर्न यस प्रकारको प्रयास गरिए तापनि विश्वविद्यालयमा पूरा समय काम गर्न आउने शिक्षकलाई भने थप सुविधा दिइने भयो । यस क्रममा श्री ५ को सरकारका 'क' श्रेणीका प्राध्यापकलाई निजले श्री ५ को सरकारबाट पाउने मासिक वेतनको अङ्कमा मासिक रूपमा रु. ३००/- (तीन सय) थपिने भयो । त्यस्तै श्री ५ को सरकारका 'ख' श्रेणीका प्राध्यापकलाई मासिक रु. २५०/- (दुई सय पचास) र 'ग' श्रेणीका प्राध्यापकलाई मासिक रु. २००/- (दुई सय) थपी दिने व्यवस्थासमेत गरियो ।[१९]

सञ्चालनको ७/८ वर्षसम्म पनि सरकारी प्राध्यापकलाई विश्वविद्यालय सेवामा आकर्षण गर्ने प्रयास जारी राखियो । यस सन्दर्भमा मन्त्रिपरिषद्ले २०२३ साल मंसिर महिनामा श्री ५ को सरकारका प्राध्यापकहरूलाई विश्वविद्यालय सेवामा जान प्रेरित गर्ने एउटा निर्णय गरेको थियो । सो निर्णयअनुसार विश्वविद्यालय सेवामा जान चाहने श्री ५ को सरकारका प्राध्यापक त्रिभुवन विश्वविद्यालय सेवा आयोगद्वारा छनोट भएमा उनीहरूको त्यस बखतसम्मको सेवा अवधिमा ५ वर्ष थप दिँदा पेन्सन पाउने भएमा पेन्सन दिने व्यवस्था गरियो । यसरी ५ वर्ष थप गर्दा पेन्सन नपाउनेलाई पनि ५ वर्ष थप गर्दा हुन आउने अवधिको उपादान दिने गरी सरकारी सेवा छाडी विश्वविद्यालय सेवामा जाने सुविधा दिइयो ।[२०]

सरकारी शिक्षकलाई पूरा समय काम गराउनका लागि विश्वविद्यालले निरन्तर प्रयास गरेको थियो । यस क्रममा अन्तरिम काल (२०१६-२०१९ साल) मा नियुक्त गरिएका तथा पछि सेलेक्सन बोर्डको

---

[१९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ५ ।

[२०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १२६ ।

सिफारिसमा नियुक्त गरिएका आंशिक लेक्चररहरूलाई एक महिनाको म्याद दिई पूरा समय कामकाज गर्न विश्वविद्यालयमा आउने अवसर दिइएको थियो । यसरी एक महिनाको म्याद भित्र पूरा समय कामकाज गर्न विश्वविद्यालयमा आउने अवसर दिइएका शिक्षकहरू अङ्ग्रेजी विभागमा-नारायणप्रसाद श्रेष्ठ, भूगोल विभागमा-उपेन्द्रमान मल्ल र मंगलराज जोशी, कमर्स विभागमा- ईश्वरीलाल श्रेष्ठ र रामप्रसाद राजबाहक, गणित विभागमा-केशवदेव भट्टराई, गोविन्ददेव पन्त र धूपरत्न बज्राचार्य, नेपाली विभागमा-वद्रिनाथ भट्टराई र ताराप्रसाद जोशी, संस्कृति विभागमा-गोविन्दबहादुर मानन्धर, इतिहास विभागमा-डा.हितनारायण झा, संस्कृत विभागमा-डा.हरिदेव मिश्र, रामचन्द्र पौडेल (पछि आचार्य विभागमा सारिएको) र जगन्नाथ जोशी (सेलेक्सन बोर्डद्वारा नियमानुसार नियुक्त भएको) तथा राजनीति शास्त्र विभागमा-खड्गभक्त सिंह थिए ।[२१]

उल्लिखित प्रयासबाटसमेत सरकारी सेवाका प्राध्यापकहरू विश्वविद्यालय सेवामा आउन अनिच्छुक देखिएकाले विश्वविद्यालयले नाम तथा विषय तोकेर नै विभिन्न विषयका प्राध्यापकहरूलाई पठाइ दिनका लागि श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई अनुरोध गर्नु परेको थियो । सिद्धान्तत: विश्वविद्यालयले पूरा समय काम गर्ने प्राध्यापकद्वारा कक्षा सञ्चालन गर्ने निर्णय गरे तापनि खासगरी नेपाली, संस्कृत र भूगोल तीन विषयमा विभागीय प्रमुख बनाउने प्राध्यापक प्राप्त नभएकाले ती तीन विषयका निम्ति क्रमश: ताराप्रसाद मैनाली, हरिदेव मिश्र र जगतबहादुर सिं बुडाथोकीलाई विश्वविद्यालयमा पूरा समय काम गर्ने गरी ३ देखि ५ वर्षसम्मका निम्ति काजमा पठाउन अनुरोध गरिएको थियो । त्यति मात्र नभएर आंशिक काम गर्नेको संख्या पनि घट्ने तथा गुणस्तरीय पठन पाठन हुने विश्वासका साथ विश्वविद्यालयले पूरा समय काम गर्ने गरी प्रसन्नमान सिंह अथवा शिवप्रसाद धौभडेल, शंकरप्रसाद पन्त, अर्मतराज शाक्य र

[२१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५ ।

चन्द्रप्रसाद गोर्खालीलाइसमेत काजमा पठाइदिनका लागि श्री ५ को सरकारसँग अनुरोध गर्नु पर्‍यो ।[२२]

सैद्धान्तिक रूपमा विश्वविद्यालय र सरकारसँग सम्बद्ध शिक्षकहरूलाई दिइने सुविधाहरू माथि उल्लेख भएअनुसार भए तापनि यो सहज रूपमा व्यवहारमा लागू भएको पाइँदैन । स्थापनाको पाँच वर्षसम्म पनि विश्वविद्यालय सेवाका लागि विद्वानहरूलाई त्यत्ति आकर्षण गर्न सकेको पाइँदैन । खास गरी विश्वविद्यालयमा 'मास्टर अफ आर्टस्' अन्तर्गतका कक्षा सञ्चालन गर्न फुल टाइम प्राध्यापक पदका लागि श्री ५ को सरकारमा लियन रहने गरी पठाइदिन शिक्षा मन्त्रालयसँग पटक पटक अनुरोध गरिएको थियो । फलस्वरूप विश्वविद्यालयमा कक्षा सञ्चालनका क्रममा आवश्यक पर्ने शिक्षक उपलव्ध गराउनका लागि श्री ५ को सरकारको सेवमा कार्यरत विषयगत शिक्षक तोकेर नै माग गर्नु परेको पनि देखिन्छ । खास गरी विश्वविद्यालयमा 'मास्टर अफ आर्टस्' अन्तर्गतका कक्षा सञ्चालन गर्न फुल टाइम प्राध्यापक पदका लागि श्री ५ को सरकारमा लियन रहने गरी पठाइदिन शिक्षा मन्त्रालयसँग पटक पटक अनुरोध गरिएको थियो । यस क्रममा देहायका शिक्षकहरूलाई माग गरिएको थियो । यसरी माग गरिएका शिक्षकमा नेपाली-शिवगोपाल रिसाल, संस्कृत-हरिदेव मिश्र र जगन्नाथ जोशी, संस्कृति-गोविन्दबहादुर मानन्धर, अङ्ग्रेजी-नारायणप्रसाद श्रेष्ठ, अर्थशास्त्र-नरेशमान सिं, वाणिज्य-रामप्रसाद राजवाहक, राजनीति शास्त्र-वासुदेव चन्द्र मल्ल र खड्गभक्त सिंह, इतिहास-रामचन्द्रबहादुर सिंह र हितनारायण झा, भूगोल-जगतबहादुर वुडाथोकी (हाल रजिष्ट्रर तर निजले सो पोष्ट छाडेमा भूगोल विभागमा श्री ५ को सरकारमा लियन रहेन गरी झिकाउने), उपेन्द्रमान मल्ल र मंगलराज जोशी तथा गणित विषयमा गोविन्ददेव पन्त थिए ।[२३]

---

[२२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ११६ ।

[२३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १२१ ।

श्री ५ को सरकारको सेवाबाट विश्वविद्यालयको कामकाजका निम्ति आएका कतिपयलाई एउटा मुख्य जिम्मेवारी दिइएको भए तापनि शिक्षकको अभावका कारण अर्को सहायक जिम्मेवारी पनि दिइएको देखिन्छ । जस्तो श्री ५ को सरकारको सेवाका (त्रिचन्द्र कलेजका) प्रो.जगतबहादुर सिंह बुढाथोकीलाई पाँच वर्षका लागि नेपाल शिक्षा सेवामा पदाधिकार रहने गरी २०१९ साउन १ देखि त्रिभुवन विश्वविद्यालयको रजिष्ट्रार पदमा नियुक्त गरिएको थियो । सो समयमा बुढाथोकीले रजिष्ट्रारका अतिरिक्त भूगोल विभागको अवैतनिक प्रमुखका रूपमा पनि काम गरेका थिए । त्यति मात्र नभई आफ्नो पाँच वर्षे कार्यकाल सकेको दिनदेखि लागू हुनेगरी बुढाथोकीलाई विश्वविद्यालयले पार्ट टाइम सेवामा भूगोल विभागको विभागीय प्रमुख पदमा नियुक्त गरिएको थियो । बुढाथोकीको पदावधि सकिएपछि भने कलेज अफ एजुकेसनका प्रिन्सिपल डा.त्रैलोक्यनाथ उप्रेतीलाई पदाधिकार नेपाल सरकारको शिक्षा सेवामा रहने गरी त्रिभुवन विश्वविद्यालयको रजिष्ट्रार पदमा नियुक्त गर्ने निर्णय गरिएको थियो ।[२४]

त्यस्तै स्थापनाको ८ वर्षमा श्री ५ को सरकारका प्राध्यापकलाई विश्वविद्यालय सेवामा आउनका लागि केही शर्त तोकेको थियो । विश्वविद्यालय सेवामा आउन चाहने सरकारी प्राध्यापकले विश्वविद्यालय सेवा आयोगमा आवेदन दिनु पर्ने र आयोगबाट छनोट हुनु पर्ने भयो । विश्वविद्यालय सेवा आयोगबाट छनोट भएका प्राध्यापकको त्यस बखतसम्मको सेवा अवधिमा ५ वर्ष थप गर्दा पेन्सन पाउने भएमा पेन्सन दिने तथा यसरी ५ वर्ष थप गर्दा पेन्सन नपाउनेलाई पनि थप गर्दा हुन आउने अवधिको उपादान दिने गरी सरकारी सेवा छोडी विश्वविद्यालयको

[२४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १४५-१४९ ।

सेवामा जान दिने २०२३ साल मंसिर २० गतेको मन्त्रिपरिषद्को वैठकबाट निर्णय भएको थियो ।[२५]

विश्वविद्यालयमा पूरा समय काम गर्ने प्राध्यापकहरूको व्यवस्थाका सम्बन्धमा विश्वविद्यालय सेवा आयोगको सिफारिसमा केही लेक्चरर नियुक्त गरिएको थियो । यद्यपि यसबाट पनि सबै विषयमा विभागीय प्रमुख बनाउन प्राध्यापकहरू उपलब्ध हुन नसकेकाले तत्कालका लागि नभई नहुने श्री ५ को सरकारको शिक्षा सेवामा रहेका केही प्राध्यापकहरूलाई ३ देखि ५ वर्षसम्मको अवधिका लागि कन्ट्रेक्ट वेसिसमा वा काजमा काम गर्न श्री ५ को सरकारबाट खटाउन अनुरोध गरियो ।[२६] यसरी माग गरिएका कतिपय सरकारी प्राध्यापकले विश्वविद्यालयमा पूरा समय काम गर्न आउन अनिच्छा राखेकोसमेत पाइन्छ । यस्तो अवस्थामा पठन पाठनका साथै विभागीय प्रमुखका रूपमा काम गर्नका लागि विषयगत शिक्षकको नाम तोकेर नै काजमा पठाइदिन विश्वविद्यालयले सरकारसँग अुनरोध गर्नुपऱ्यो । यो सन्दर्भ इतिहास विभागको रिडर पदमा नियुक्त भएका माधवराज पाण्डेको हो ।[२७]

शिक्षण कार्यका लागि मात्र नभएर विश्वविद्यालयको पदाधिकारीका रूपमा पनि सरकारबाट मानिसहरू मगाउने काम गरिएको थियो । यस क्रममा त्रिचन्द्र कलेजका भाइस प्रिन्सिपल सुरेन्द्र सिंहलाई श्री ५ को सरकार शिक्षण सेवामा पदाधिकार रहने गरी त्रिभुवन

[२५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १२६ ।

[२६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ५१ ।

[२७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ४ ।

विश्वविद्यालयको रजिष्ट्रार पदमा नियुक्त गर्न चान्सलर समक्ष अनुरोध गरियो ।[२८]

उच्च शिक्षामा नयाँ शिक्षा योजना लागू हुने पूर्वसन्ध्या अर्थात् स्थापनाको एक दशकसम्म पनि विश्वविद्यालय सरकारी सेवामा रहेका प्राध्यापकको भर पर्नुपर्ने अवस्था रह्यो । त्यसै कारण सरकारी सेवामा रहेका प्राध्यापकहरूलाई आकर्षित गर्नका लागि विश्वविद्यालयले २०२७/०२८ सालमा पनि विभिन्न सुविधा बढाएको थियो । यस क्रममा श्री ५ को सरकारको सेवाबाट लियनमा आएका प्राध्यापकहरूलाई प्रोफेसर तथा रिडर पदमा नियुक्ति दिँदा निम्नानुसार सुविधाहरू दिइने भयो । यो सुविधा भने यस्ता शिक्षकले श्री ५ को सरकारको सेवाबाट राजीनामा दिएको मितिदेखि प्रदान गरिने व्यवस्था थियो । त्यस्ता सुविधा यस प्रकार थिए;[२९]

- यसरी नियुक्ति दिँदा श्री ५ को सरकारको पे स्केलबमोजिम खाईपाई आएको तलब, तत्काल नियुक्ति दिइएको विश्वविद्यालयको पदको तलबको शुरु अङ्क भन्दा बढी भएमा त्यसमा नघट्ने गरी सम्बन्धित पदको पे स्केलको निकटतम ग्रेड थप दिने । यद्यपि श्री ५ को सरकारको पे स्केल बमोजिम खाई पाई आएको तलब विश्वविद्यालयमा नियुक्ति दिइएको पदको तलबको शुरु अङ्क भन्दा बढी भएमा त्यसमा नघट्ने गरी सम्बन्धित पदको पे स्केलको निकटतम ग्रेड थप दिने,

- अनुभवका आधारमा साधारणतया सम्बन्धित पे स्केलको दुई ग्रेड थप दिने,

---

[२८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. २४ ।

[२९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १५० ।

- विश्वविद्यालयमा प्राध्यापक आवासको कमी भएकाले श्री ५ को सरकारको सेवामा रहँदा सरकारी क्वार्टरमा बसेका प्राध्यापकहरूलाई विश्वविद्यालयबाट आवासको सुविधा उपलब्ध गराउन नसकेसम्मका लागि सो सुविधा यथावत् उपलब्ध गराई राख्न श्री ५ को सरकारमा अनुरोध गर्ने र

- लियनमा रहेका प्राध्यापकहरू श्री ५ को सरकारको सेवाबाट राजिनामा दिएर विश्वविद्यालय सेवामा संलग्न भएमा विश्वविद्यालयमा आंशिक काम गरेकै मितिदेखि त्यस्ता प्राध्यापकहरूको सेवा प्रोविडेण्ड फण्ड कट्टी तथा पेन्सनको निम्ति कार्यकाल गणना गर्ने ।[३०]

शिक्षक पठाउनका लागि सरकारसँग अनुरोध गर्ने सन्दर्भमा २०२५ साल असार १ देखि इतिहास विभागको रिडर पदमा नियक्त भएका माधवराज पाण्डेले १५ वर्ष सेवा नपुगेकाले श्री ५ को सरकारको सेवा छोडी पूरा समय विश्वविद्यालयमा काम गर्न असमर्थता व्यक्त गरेका थिए । त्यस बखत इतिहास विभागमा विभागीय प्रमुखको काम सम्हाल्ने कोही नहुँदा अन्य सरह निजलाई पनि तीन वर्षका निम्ति डेपुटेशनमा पठाउन श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई अनुरोध गरिएको थियो ।[३१]

नयाँ शिक्षा योजना थालनीको पूर्व सन्ध्यामा विश्वविद्यालयले श्री ५ को सरकार शिक्षा सेवाबाट लियनमा आएका प्राध्यापकहरूको अवधि निकट भविष्यमै समाप्त हुन लागेको हुँदा निजहरू फर्केपछि रिक्त हुने स्थानको पूर्ति गर्न विज्ञापन गरेको थियो । त्यसो त लियनमा रहेका प्राध्यापकले सरकारको सेवाबाट राजिनामा दिएमा विश्वविद्यालयमा

---

[३०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २५ ।

[३१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २४ ।

आंशिक काम गरेको मितिदेखि प्रोभिडेण्ट फण्ड कट्टी तथा पेन्सनका निम्ति गणना गरिने व्यवस्था भयो ।[३२]

हुनत नेपाल शिक्षा सेवमा पदाधिकार रहने गरी सरकारले विश्वविद्यालय सेवामा पठाएका कतिपयले विश्वविद्यालय सेवा छाडेर आफ्नो पुरानो शिक्षा सेवमा नै फर्केका थुप्रै घटनाहरू पाइन्छ । जस्तो उपकुलपतिको अनुरोधबमोजिम श्री ५ को सरकारले त्रिचन्द्र कलेजका प्रोफेसर जगतबहादुर सिं बुढाथोकीलाई २०१९ असार ३१ देखि ५ वर्षका लागि नेपाल शिक्षा सेवामा पदाधिकार रहने गरी विश्वविद्यालयको रजिष्ट्रार पदमा काम गर्न काजमा खटाएको थियो । तीन वर्षपछि बुढाथोकीले श्री ५ को सरकार शिक्षा मन्त्रालयमा आफ्नो पदमा झिकाउन शिक्षा सचिवलाई पत्र लेखेका थिए । पत्रअनुसार श्री ५ को सरकार शिक्षा मन्त्रालयले २०२२ साल असार १५ को निर्णयबाट जगतबहादुर सिं बुडाथोकीलाई आफ्नै साविकको पदमा फर्की काम गर्न पठाई दिने विश्वविद्यालयले निर्णय गरेको थियो ।[३३] आफ्नै पदमा फर्की गए तापनि विश्वविद्यालयले तत्कालै श्री ५ को सरकार शिक्षा मन्त्रालयसँग बुढाथोकीको माग गरेको थियो । उल्लेख्य के छ भने बुढाथोकी रजिष्ट्रार पदमा रहँदा पनि भूगोल विभागको अवैतनिक विभागीय प्रमुखका रूपमा कार्यरत रहेका थिए । यस बखत पनि रजिष्ट्रार पद छाडिसकेपछि पार्ट टाइम सेवामा भूगोल विभागको विभागीय प्रमुखमा राखिएको थियो ।[३४]

---

[३२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २, २५ ।

[३३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १४५ ।

[३४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १४६–१४७ ।

आचार्य विभाग स्थापना गरिएपछि कक्षा सञ्चालन गर्न आवश्यक प्राध्यापक आपूर्तिका लागि त्रिभुवन विश्वविद्यालयले राजकीय संस्कृत महाविद्यालय, काठमाडौँमा कार्यरत प्राध्यापकहरूलाई तत्काल आंशिक लेक्चरर पदमा नियुक्त गरेको थियो । यसका लागि श्री ५ को सरकार शिक्षा मन्त्रालयसँग अनुरोध गरियो । विश्वविद्यालयले न्याय (प्राचीन), धर्म शास्त्र र पूर्व मीमांसा, शुल्क यजुर्वेद, शांकर वेदान्त, साधारण दर्शन, नवव्याकरण, साहित्य र सिद्धान्त ज्योतिष विषय पढाउनका लागि क्रमशः लोकनाथ ढकाल, जुनानाथ शर्मा, सोमनाथ पौडेल, गोपालनिधि तिवारी, चूडानाथ भट्टराई, वोधराज पन्त, रामनाथ आचार्य र शेषराज रेग्मी (साहित्यमा दुई जना) तथा नयराज पन्तहरूलाई सम्भवतः पूर्णकालीन शिक्षकका रूपमा नियुक्त गर्न स्वीकृतिका लागि शिक्षा मन्त्रालयसँग अनुरोध गरेको थियो ।[३५]

युनिभर्सिटी सर्भिस कमिसनको सिफारिसअनुसार विश्वविद्यालयले शैक्षिक वर्ष २०२३/०२४ मा देहायका शिक्षकलाई नियुक्त गरेको देखिन्छ;[३६]

| | |
|---|---|
| १ जीव शास्त्र (जुलोजी) | त्रिलोकचन्द्र मजुपुरिया, युगलकृष्ण मल्ल र सुश्री जीवन मास्के |
| २ भूगोल | हर्षवहादुर गुरुङ र चन्द्रबहादुर श्रेष्ठ |
| ३ हिन्दी | रामदयाल प्रसाद |
| ४ वनस्पति शास्त्र (बोटानी) | डा.पी.एन.श्रीवास्तव र दयानन्द वज्राचार्य |
| ५ इतिहास | डा.ए.के.श्रीवास्तव र तुलसीराम वैद्य |

---

[३५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३५ ।

[३६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ११३ ।

स्थापनाकालमा शिक्षकको अभाव भएकाले त्यसको व्यवस्थापनका लागि विश्वविद्यालयले यथासम्भव उपाय खोजेको थियो । यस क्रममा योग्य स्नातकोत्तर उत्तीर्ण नभेटिएपछि तत्कालका लागि स्नातक उत्तीर्णलाई पनि नियुक्त गरिएको थियो । यसको एउटा उदाहरण पाटन कलेज थियो । पाटन कलेजले गृह विज्ञान पढाउने प्राध्यापक नियुक्ति गर्न न्यूनतम योग्यता एम.ए.राखी गोरखापत्रमा विज्ञापन प्रकाशित गरेको थियो । विज्ञापनका आधारमा कसैको दर्खास्त पर्न नआएकोले दोस्रो पटकको विज्ञापनमा न्यूनतम योग्यता ग्रेजुयट (गृह विज्ञान) राखियो । दोस्रो विज्ञापनअनुसार गृह विज्ञान लिई बी.ए.मात्र उत्तीर्ण भएको एक जना उम्मेदवारको मात्र दर्खास्त पर्न आएको थियो । गृह विज्ञान लिई स्नातकोत्तर उत्तीर्ण गरेको उमेदवार आवश्यक भएको भए तापनि स्नातक मात्र उपलब्ध हुन सकेको परिस्थितिको वोध गराई स्वीकृतिका लागि विश्वविद्यालयलाई २०२३ साल जेठ १२ गतेका दिन एउटा पत्र लेखेको थियो । आवश्यक प्रयासका बावजुद शिक्षक उपलब्ध हुन नसकेको र शिक्षकको अभावमा पढाईमा हानी पुऱ्याउन वान्छनीय नदेखिएकाले एक सेसनका लागि स्नातकबाट भए पनि काम चलाउनका लागि विश्वविद्यालयले स्वीकृति दिएको थियो ।[३७]

स्थापनाको आठौँ वर्षतिर विश्वविद्यालयले नभई नहुने विषयमा बाहेक अन्यमा आंशिक समय काम गर्ने प्राध्यापकको सेवा क्रमशः हटाउँदै लैजाने नीति लिएको थियो । त्यस्तै शिक्षण अनुभव प्राप्त गर्न चाहने तर विश्वविद्यालयको सेवामा नरहेका अरू सम्बद्ध कलेजका प्राध्यापकहरूलाई स्वयम् सेवकको रूपमा काम गर्ने मौका दिने योजना पनि विश्वविद्यालयले बनाएको थियो । यसका साथै कीर्तिपुरमा एम. एस्सी. पञ्चम वर्षको नयाँ कक्षाहरू पूरा समय काम गर्ने शिक्षकहरूबाट सञ्चालन गर्ने पनि

---

[३७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९८ ।

विश्वविद्यालयको योजना थियो ।[३८] यसै बखततिर सम्बन्धित छनौट कमिटीको सिफारिसअनुसार लुड्विग एफ.स्टिलरलाई इतिहास विभागको लेक्चरर पदमा २०२७ साल फागुन १३ देखि अस्थायी नियुक्ति दिइएको यहाँ स्मरणीय छ । स्टिलर त्रिभुवन विश्वविद्यालबाट एम.ए.तहमा इतिहास विषयमा 'थेसिस' लेख्ने पहिलो विद्यार्थी थिए भने उनी नेपाली होइनन् ।[३९]

नयाँ शिक्षा योजनाको पूर्वसन्ध्यामा आइपुग्दा विश्वविद्यालयले सरकारी शिक्षकहरूका सम्बन्धमा एउटा ठोस निर्णय गरेको थियो । श्री ५ को सरकारको सेवा लियनमा राखी विश्वविद्यालय सेवामा रहेका १४ जना शिक्षकहरू विश्वविद्यालय सेवामा रहन मञ्जुर भएमा राख्ने तर उनीहरू विश्वविद्यालय सेवामा रहन मञ्जुर नभए २०२८ साल फागुन महिनादेखि श्री ५ को सरकारको सेवामा नै फिर्ता पठाउने निर्णय गरियो । यसरी विश्वविद्यालय सेवामा रहन मञ्जुर नभएका श्री ५ को सरकारको सेवामा नै फिर्ता पठाइनेमा कतिपय विभागका प्रमुखसमेत रहेका पनि थिए ।[४०] स्थापनाको १२ वर्षसम्ममा त्रिभुवन विश्वविद्यालयले आवश्यक शिक्षक व्यवस्था गर्न केही हदसम्म सफल भएकाले २०२८ सालमा आएर लियनमा कार्यरत सरकारी सेवाका शिक्षकलाई फिर्ता पठाउने निर्णय गर्न सफल भएको हो । यो निर्णय त्रिभुवन विश्वविद्यालयलाई स्वायत्त बनाउनका लागिसमेत सहयोगी बनेको देखिन्छ ।

## सेवा कन्फर्म

शिक्षकहरू सन्तोषजनक तवरबाट पूर्णकालीन रूपमा काम गरुन् भन्नेसमेत उद्देश्यबाट नियुक्ति 'कन्फर्म' गरिएको देखिन्छ । नियुक्तिपछि

---

[३८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ५२ ।

[३९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ११५ ।

[४०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. २७ ।

एक वर्ष सन्तोषजनक रूपमा काम गरेका शिक्षकको नियुक्ति कन्फर्म गर्ने व्यवस्था भयो । सम्भवतः विश्वविद्यालयको इतिहासमा पहिलो पटक लेक्चररहरू सरस्वतिप्रसाद घिमिरे र खड्गमान मल्ल तथा इन्स्ट्रक्टरहरू वालकृष्ण पोखरेल र गम्भीरमान श्रेष्ठको नियुक्ति भएको एक वर्ष पुगेको तथा कार्य सन्तोषजनक देखिएकाले निजहरूको नियुक्ति कन्फर्म गरिएको थियो ।[४१] त्यस्तै शैक्षिक सत्र २०२६/०२७ मा शिक्षकहरू डा.कृष्णप्रसाद शर्मा, डा.पार्थिवेश्वरप्रसाद तिमिल्सीना, योगरत्न स्थापित, डा.शंकरराज पन्त, डा.मोहनप्रसाद लोहनी, हेमन्त शमशेर राणा, डा.रामलखन गुप्ता, विश्वनाथप्रसाद अग्रवाल र जयकृष्ण श्रेष्ठको सेवा पनि कन्फर्म गरिएको थियो ।[४२]

यसको अर्को वर्ष २०२८ सालमा पनि विश्वविद्यालय कलेजका कतिपय लेक्चरर र टिचिङ असिष्टेण्टहरूको सेवा स्थायी गरिएको थियो । विश्वविद्यालय कलेजका सम्बन्धित विभागीय प्रमुख तथा प्राचार्यको सिफारिसअनुसार लेक्चरर तथा टिचिङ असिष्टेण्टहरूको सेवा स्थायी गरिएको देखिन्छ । यसरी त्यस बखत स्थायी गरिनेमा तेजरन्त कंसाकार र युगेश्वरप्रसाद वर्मा-अङ्ग्रेजी (लेक्चरर), सुश्री गंगा श्रेष्ठ-गणित (लेक्चरर), महेन्द्रकुमार गिरी-जुलोजी (लेक्चरर), जनार्दन शर्मा-आचार्य (लेक्चरर) तथा सुवोधनारायण झालाई अर्थशास्त्र विभागमा टिचिङ असिष्टेन्ट पदमा स्थायी बनाइएको थियो ।[४३]

माथि उल्लेख गरिए जस्तै नियुक्ति 'कन्फर्म' तथा 'स्थायी' नियुक्तिमा के कस्तो समानता एवम् भिन्नता थियो भन्ने भने स्पष्ट पाइँदैन ।

---

[४१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १२ ।

[४२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १०९ ।

[४३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. ४ ।

नयाँ शिक्षा योजना लागू भएपछि विश्वविद्यालयले पूर्णकालीन शिक्षकबाट मात्र पठन पाठन गराउने योजना बनाएको थियो । त्यसैले सरकारी सेवाबाट लिएनमा आएकालाई पनि विश्वविद्यालय सेवामा रहन आग्रह गरिएको थियो । यस क्रममा विश्वविद्यालय सेवामा रहन मञ्जुर गरेकालाई सोही सेवामा राख्ने तथा सो सेवामा रहन नचाहनेलाई २०२८ साल फागुन महिनादेखि श्री ५ को सरकारको सेवामा फिर्ता पठाउने निर्णय गरिएको हो ।

## शिक्षकको अवकास

विश्वविद्यालयले पूरा समय काम गर्ने शिक्षकलाई विशेष प्राथमिकता दिँदै आंशिक सेवा गर्नेलाई क्रमश: अवकाश दिने नीति अवलम्बन गरेको थियो । यस क्रममा विश्वविद्यालय सिण्डिकेटले श्री ५ को सरकारबाट पूरा समय काम गर्ने प्राध्यापकहरू माग गरेकोमा सो सबै प्राप्त नभई विश्वविद्यालय कलेजका निम्ति पर्याप्त मात्रामा पूरा समय काम गर्ने प्राध्यापकहरू उपलब्ध हुन सकेन । त्यसैले सम्बन्धित विभागीय प्रमुखहरूको सल्लाह लिएर प्रिन्सिपलबाट पेश भएको रायबमोजिम तत्काल पठन पाठन गर्न देहायका प्राध्यापकहरूलाई राखी बाँकी आंशिकलाई मीनपचासको विदा पछि कलेज खुल्ने दिनदेखि अवकाश दिने निर्णय गरिएको थियो ।[४४] यो निर्णय विश्वविद्यालय स्थापनाको ८ वर्षमा भएको थियो ।

| **विषय/विभाग** | **राखिने शिक्षक** |
|---|---|
| क बोटनी | डा.दिव्यदेव भट्ट, सरस्वतीप्रसाद रिमाल र डा.अमृतराज शाक्य |
| ख केमेष्ट्रि | डा.शिवप्रसाद धौवडेल, प्रशन्नमान सिंह र डा.गोविन्दप्रसाद काफले (प्रशन्नमानको सेवा विश्वविद्यालयलाई उपलब्ध हुन नसके सुरेशराज शर्मालाई राख्ने) |
| ग जुलोजी | डा.चन्द्रप्रसाद गोर्खाली र द्विजराज उप्रेती |

[४४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ७६ ।

घ फिजिक्स फणिन्द्रप्रसाद लोहनी, डा.शंकरप्रसाद प्रधान र डा.चैतन्यबहादुर श्रेष्ठ

ङ अर्थशास्त्र डि.पि.नेपालीलाई अवकाश दिने

च गणित अंशिक काम गर्ने केशवदेव भट्टराई, गोविन्ददेव पन्त र धुपरत्न वज्राचार्यलाई अवकाश

छ इतिहास हाल आंशिक काम गर्ने डा.हितनारायण झा र रामचन्द्रबहादुर सिंह दुवैलाई राख्ने

ज नेपाली आंशिक काम गर्ने ताराप्रसाद जोशी, रोहिणीप्रसाद भट्टराई र चुडामणि शर्मा बन्धु

झ हिन्दी देवर्षि सनाठ्यलाई पूरा समय काम गर्ने वारे श्री ५ को सरकारसँग अनुरोध गर्ने

ञ भूगोल जगतबहादुर सिं बुडाथोकी र मंगलराज जोशी

ट संस्कृत डा.हरिदेव मिश्र

ठ राजनीति शास्त्र गणेशराज सिं

ड कमर्स र शिक्षा (हाल प्राध्यापकहरूको कमीले गर्दा उपरोक्त दुई विभागमा सबै नै आंशिक काम गर्नेलाई राख्ने)

ढ आचार्य यस विभागमा कसलाई राख्ने र कसलाई झिक्ने भन्ने वारे अर्को वैठकमा विचार गर्ने

## मित्र राष्ट्रबाट शिक्षक झिकाउने प्रयास

कतिपय शिक्षण तर्फका विभागहरूको अध्ययन तथा अध्यापनको स्तरोन्नती गर्न योग्य तथा अनुभवी प्रोफेसरहरूको आवश्यकता रहेको कुरा स्थापनादेखि नै विश्वविद्यालयबाट महशुस गरिएको थियो । यद्यपि त्यस्ता जनशक्ति मुलुकबाट पूर्ति हुनसक्ने सम्भावना नदेखेर विश्वविद्यालयले अङ्ग्रेजी भाषामा पढाउन सक्ने प्रोफेसरहरू मित्र राष्ट्रबाट झिकाउने व्यवस्थाका लागि श्री ५ को सरकार शिक्षा मन्त्रालयसँग अनुरोध गरेको थियो । ३ देखि ५ वर्षसम्मका लागि झिकाइने त्यस्ता प्रोफेसरहरू नेपालको वैदेशिक सहायताअन्तर्गत उपलब्ध हुन नसकेमा मात्र विश्वविद्यालयको

स्केलअनुसार तलब दिन सकिने कुरा पनि सरकारसँग स्पष्ट गरेको थियो ।[४५]

## भिजिटिङ प्रोफेसर

विश्वविद्यालयमा भिजिटिङ प्रोफेसर आमन्त्रण गर्नु तथा अन्य विश्वविद्यालयमा सोही हैसियतमा प्रोफेसर जानु उच्च शिक्षामा ज्ञान र अनुभव आदान प्रदान गर्ने परम्परा नै रहेको पाइन्छ । यस कार्यबाट आउने र जाने प्रोफेसर तथा विश्वविद्यालयलाई नै महत्त्वपूर्ण सहयोग मिल्न जाने हुन्छ । यद्यपि भर्खरमात्र सञ्चालनमा रहेको त्रिभुवन विश्वविद्यालयमा भने यसको थालनी गरिएको थिएन । यस्तैमा विश्वविद्यालय स्थापनाको ५/६ वर्षमा क्यानाडाको डलहौजी युनिवर्सिटी हली फायवराको इतिहास विभागका प्रमुख प्रोफेसर डा.पिटर वाइटे भिजिटिङ प्रोफेसरका रूपमा केही दिनका लागि त्रिभुवन विश्वविद्यालयमा आउन इच्छा गरेकाले निजलाई निम्त्याउँदा विश्वविद्यालय वा श्री ५ को सरकारतर्फबाट कुनै किसिमको खर्च बेहर्नु नपर्ने भएको रहेछ । आर्थिक भार पनि नपर्ने तथा डा.वाइटेलाई भिजिटिङ प्रोफेसरका रूपमा निम्त्याउँदा विश्वविद्यालयका अध्यापक र विद्यार्थीलाई फाइदा हुने भएकाले निम्त्याइएको देखिन्छ ।[४६] सम्भवतः विश्वविद्यालयको इतिहासमा डा.वाइटे नै पहिलो भिजिटिङ प्रोफेसर हुन् ।

## अनरेरी प्राध्यापक

२०२४ सालमा विश्वविद्यालयले कतिपय विदेशी प्राध्यापकलाई मानार्थ प्राध्यापक नियुक्त गरेको थियो । सम्भवतः पहिलो पटक यसरी नियुक्त हुनेमा डा. एस. पी. चटर्जी एम्. एस्सी., पिएच.डी. (लन्डन), डी.लिट् (पेरिस); डा.सत्यप्रकाश, रसायनशास्त्र विभागीय प्रमुख, इलाहावाद

[४५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १९१ ।

[४६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ८३ ।

विश्वविद्यालय र प्रोफेसर. पि. एन. मेहरा, बोटानी विभागीय प्रमुख, पंजाब विश्वविद्यालय, भारत रहेका थिए ।[४७]

## कोलम्बो प्लानका शिक्षक

एशिया र प्यासेफिक क्षेत्रमा आर्थिक सहयोग र सामाजिक विकासको उद्देश्यले जुलाई १, १९५१ मा श्रीलंकाको राजधानी कोलम्बोमा अष्ट्रेलिया, ब्रिटेन, क्यनडा, भारत, न्यूजील्याण्ड, पाकिस्तान र श्रीलंका संलग्न एउटा अन्तर्राष्ट्रिय संस्थाको गठन गरेका थिए, जसलाई 'कोलम्बो प्लान' नमकरण गरियो । क्रमशः नेपाललगायत सदस्य भएको कोलम्बो प्लानमा वर्तमानमा २७ देशहरू सदस्य रहेको देखिन्छ ।[४८] यो योजना लागू भएदेखि छ ठूला दाता राष्ट्रहरू अष्ट्रेलिया, ब्रिटेन, क्यानडा, जापान, न्यूजील्याण्ड र अमेरिकाले यस क्षेत्रका नेपाल, भारत, अफगानिस्तान, बर्मा, भूटान, फिलिपिन्स, श्रीलंकालगायत सदस्य राष्ट्रहरूलाई योजनाको प्रारम्भदेखि नै आर्थिक तथा प्राबिधिक सहयोग दिँदै आएका थिए ।[४९]

पठन पाठनको थालनीदेखि नै विश्वविद्यालयमा कोलम्बो प्लानबाट आएका शिक्षकलाई समावेश गर्ने प्रयास गरिएको देखिन्छ । त्यस्तै विश्वविद्यालयमा मात्र काम गर्ने गरी दुई वर्षका लागि बेतलवी काजमा शिक्षक पठाउन शिक्षा मन्त्रालयसँग पनि अनुरोध गरिएको थियो । यसरी कोलम्बो प्लानअन्तर्गत आएका योग्य शिक्षकहरूलाई विश्वविद्यालयले विभागीय प्रमुख नियुक्त गर्न सक्ने निर्णय गरेको थियो । त्यसो त सोही निर्णयमा सरकारी सेवाबाट आएका शिक्षकलाई विभागीय प्रमुख पनि बनाउन सकिने व्यवस्था थियो ।[५०] कोलम्बो प्लानबाट आएका योग्य शिक्षकलाई प्रमुख बनाएका खण्डमा सरकारी सेवाबाट आएका

---

४७ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष १, अङ्क १, २०२४ साल भदौ ३ ।

४८ http://www.colombo-plan.org. (April 1, 2019).

४९ *गोरखापत्र,* २०३० साल असार १७ गते आइतबार ।

५० त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २० ।

शिक्षकले विरोध गर्ने वातावरण नबनोस् भन्ने उद्देश्यबाट पनि विश्वविद्यालयले यो नीति लिएको हुनु पर्दछ ।

कोलम्बो ल्पानअन्तर्गत आएका अङ्ग्रेजी विभागका शिक्षकहरूमध्ये विभागीय प्रमुखबाट सिफारिस हुने चार जवान शिक्षकहरूको म्याद सन् १९६३ मार्चसम्मका निम्ति निकासा गराउने काम भएको थियो ।[५१] विश्वविद्यालयको इतिहासमा कोलम्बो ल्पानबाट आएका उनै पहिलो शिक्षक भएको पाइन्छ ।

स्थापनाको चार वर्षसम्म विश्वविद्यालयका लागि आवश्यक पर्ने प्राध्यापक उपलव्ध हुन सकेको देखिँदैन । यस्तो अवस्थामा विश्वविद्यालयले कोलम्बो ल्पानबाट आवश्यक शिक्षक माग गर्ने नीति लिएको थियो । यसरी कुनै विशेषज्ञ प्रोफेसर मगाउनु परेमा रिडर वा प्रोफेसर ग्रेडको मात्र माग गर्ने निर्णय भयो । लेक्चरर भने सकेसम्म नेपालमा नै (स्थानिय व्यक्ति) व्यवस्था गर्ने प्रयास रह्यो । कथंकदाचित प्राप्त हुन नसकेमा भने कोलम्बो ल्पानबाट नै यो पदका लागि पनि शिक्षक माग गरिने भयो ।[५२]

शैक्षिक सत्र २०२०-०२१ मा विश्वविद्यालयले देहायका आधारमा कोलम्बो ल्पानबाट शिक्षक मगाउने निर्णय गरेको थियो;[५३]

- अङ्ग्रेजी विभागमा एक जना प्रोफेसर र एक जना लेक्चरर कार्यरत रहे पनि लेक्चररको सट्टामा एक जना प्रोफेसर माग गर्ने । यसरी माग गरिने प्रोफेसरले Tragedy American Literature मा specialisation गरेको हुनु पर्ने,

---

[५१] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३०४ ।

[५२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ३ ।

[५३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ८८ ।

- राजनीतिशास्त्र विभागमा एक जना प्रोफेसर र एक जना लेक्चरर कार्यरत रहे तापनि लेक्चररको अवधि समाप्त भएपछि निजको म्याद थप नगर्ने र Anthropology or Sociology विषय पढाउनका निम्ति एक जना रिडर माग गर्ने,

- गणित विभागमा एक/एक जना प्रोफेसर र रिडर कार्यरत रहे तापनि रिडरको अवधि सकिएपछि सो ठाउँमा Statistice र Quantum Machanics मा Specialigation गरेको एक जना रिडर माग गर्ने,

- अर्थशास्त्र विभागमा कार्यरत एक जना प्रोफेसर भए तापनि प्लानिंगमा Specialigation गरेको एक जना रिडर माग गर्ने,

- भूगोल विभागमा applied geography मा Specialigation गरेको एक जना प्रोफेसर माग गर्ने,

- वाणिज्य विभागमा २ जना लेक्चरर कार्यरत रहेकोमा उनीहरूको सट्टामा Advanced Accounting मा specialization गरेको एक जना र Advanced Banking मा Specialization गरेको एक जना गरी जम्मा २ जना प्रोफेसर माग गर्ने र

- इतिहास विभागमा एक एक जना प्रोफेसर र रिडर, संस्कृति विभागमा कार्यरत एक जना प्रोफेसर र संस्कृत विभागमा कार्यरत एक जना प्रोफेसरबाट विभागको पठन पाठन सञ्चालन भएकाले थप माग नगर्ने ।

कोलम्बो प्लानअन्तर्गत पहिलो पटक सम्भवत डा. टि. चौधरी-अर्थशास्त्र (रिडर), एम.एस.जैन-इतिहास (प्राध्यापक) डा.जे.मिश्र-संस्कृत र भाषा विशेषज्ञ एस.सी.चौधरी नियुक्त भएको देखिन्छ । उनीहरूलाई २०२३

सालमा पुनः म्याद थप गर्न विश्वविद्यालयले श्री ५ को सरकारसँग अनुरोध गरेको थियो ।[५४]

हिन्दी विभागमा कोलम्बो प्लानअन्तर्गत आएका प्रोफेसर राजनाथ पाण्डेलाई विभागीय प्रमुख नियुक्त गरिएको थियो । त्यस्तै कक्षा सञ्चालन गर्न सोही प्लानबाट आएका एम. पाण्डे र लेक्चरर खड्‌गमान मल्ललाई लगाइयो । उनै खड्‌गमान मल्लको अध्यक्षतामा गठित कमिटीबाट तयार गरिएको हिन्दीको मसौदा पाठ्यक्रम विश्वविद्यालयले सदर गरेको सन्दर्भ उल्लेख्य छ ।[५५]

**शिक्षकलाई सुविधा**

विश्वविद्यालयमा कक्षाहरू सञ्चालन गरिए तापनि विषयगत योग्यता हासिल गरेका पूर्णकालीन अनुभवि शिक्षकको अभाव रहिनै रह्यो । फलस्वरूप विश्वविद्यालयले आशातीत उद्देश्य पूरा गर्न नसकेको देखिन्छ । यसै परिवेशमा स्थापनाको आठ वर्षमा शिक्षण सेवालाई आकर्षित बनाउने प्रयास स्वरूप शिक्षकलाई केही सुविधा उपलव्ध गराउने घोषणा गरिएको थियो । यसबाट योग्यता, प्रतिभा, कलेज र विश्वविद्यालयको अध्यापन अनुभव आदिको कदर हुनाका साथै विश्वविद्यालय सेवा पनि आकर्षक हुन जाने विश्वास लिइएको थियो ।[५६]

- त्रिभुवन विश्वविद्यालयमा एक वर्ष भन्दा बढी अस्थायी रूपले पूर्ण वा आंशिक काम गर्ने प्राध्यापकहरूलाई परीक्षण काल नराख्ने,

---

[५४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ४१ ।

[५५] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ८० ।

[५६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १८३ ।

- त्रिभुवन विश्वविद्यालयमा एक वर्ष भन्दा बढी काम गरिसकेका प्राध्यापकहरूलाई सो काम गरेको अनुभवका निम्ति वर्षको १ ग्रेड थप दिने,

- त्रिभुवन विश्वविद्यालय बाहेक अरू विश्वविद्यालयका स्नातकोत्तर कक्षाहरूमा पढाइ रहेका प्राध्यापकहरूलाई सो काम गरिसकेको अनुभवका निम्ति प्रति २ वर्षको १ ग्रेड थप दिने,

- स्नातक तहमा मात्र पढाउने प्राध्यापकहरूलाई विश्वविद्यालयको लेक्चरर पदका निम्ति योग्य हुन चाहिने न्यूनतम योग्यता पूरा गरेको वर्षदेखि बढी अध्यापन अनुभवको प्रति ३ वर्षको १ ग्रेड थप दिने,

- प्रतिभाशाली व्यक्तिलाई सिण्डिकेटले साधारणतया निम्न आधार मानी अधिकतम ४ ग्रेड सम्म थप्ने

  क एस.एल.सी.देखि मास्टर्स परीक्षासम्म सबै परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भएकालाई २ ग्रेड दिने

  ख मास्टर्स परीक्षामा प्रथम श्रेणीमा प्रथम भई पी.एच.डी. गरेकालाई ४ ग्रेड दिने

  ग एस.एल.सी.देखि मास्टर्स परीक्षासम्म प्रथम श्रेणी भई पी.एच.डी. गरेकालाई ४ ग्रेड दिने

  घ मास्टर्स परीक्षामा प्रथम श्रेणी भई पी.एच.डी. गरेकालाई ३ ग्रेड दिने

  ङ मास्टर्स परीक्षामा द्वितीय श्रेणी भई पी.एच.डी. गरेकालाई २ ग्रेड दिने

  च पी.एच.डी.का निम्ति पेश गरेको थेसिस बाहेक अरू रिसर्च पब्लिकेसन भएमा १ ग्रेड दिने

छ  उच्च तालिम प्राप्त भएको डिग्री वा डिप्लोमा भएकालाई १ ग्रेड दिने

- श्री ५ को सरकारको सेवामा रहेका प्राध्यापकलाई निजले खाइपाई आएको तलब निज नियुक्त भएको स्केलमा भ्याएसम्म दिने

उपरोक्त दफाका आधारमा विश्वविद्यालय सिण्डिकेटले अधिकतम १० ग्रेडसम्म थप दिन सक्ने व्यवस्था गऱ्यो ।

## दरबन्दी

विश्वविद्यालयमा कक्षा सञ्चालनको थालनीमा कतिपय विषयमा दुई जना र कतिपयमा तीन जना शिक्षकको दरबन्दी निर्धारण गरिएको सन्दर्भ माथि परिसकेको छ । समयक्रमसँगै नयाँ नयाँ विषयको पठन पाठन थालिएपछि स्वाभाविक रूपमा शिक्षक संख्यामा पनि वृद्धि हुँदै गयो । फलस्वरूप २०२२ साल असार ८ गतेका दिन विश्वविद्यालय सिण्डिकेटको निर्णयअनुसार शैक्षिक सत्र २०२२/०२३ का लागि विभिन्न विभागमा शिक्षकको दरबन्दी कायम गरिएको थियो । वैठकले विश्वविद्यालयमा सञ्चालनमा रहेका १२ विभागका लागि प्रोफेसर, रिडर र लेक्चररको दरबन्दी तोकेको थियो । यसका साथै दुई जना लेबोरेटरी कर्मचारीकोसमेत दरबन्दी निर्धारण गरियो । शिक्षकको दरबन्दी स्थायी र पूर्णकालीन थियो । यद्यपि फुलटाइम शिक्षक प्राप्त हुन नसकेमा मात्र स्वीकृत दरबन्दी संख्याको दोब्बरसम्म पार्टटाइम व्यक्ति भर्ना गर्न सकिने व्यवस्था गरियो । विश्वविद्यालयको इतिहासमा सम्भवतः शिक्षकको दरबन्दी यस प्रकार कायम गरिएको यो पहिलो अवसर थियो । देहायको दरबन्दी निर्धारण गरिएपछि इन्स्ट्रक्टर पद भने राख्न नपाइने व्यवस्था गरियो ।[५७]

## निर्धारित दरबन्दी

| **नेपाली विभाग** | | **अर्थशास्त्र विभाग** | | **भूगोल विभाग** | | **इतिहास विभाग** | |
|---|---|---|---|---|---|---|---|
| प्रोफेसर | १ | प्रोफेसर | १ | प्रोफेसर | १ | प्रोफेसर | १ |

[५७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १३३ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रिडर | १ | रिडर | १ | रिडर | १ | रिडर | १ |
| लेक्चरर | ३ | लेक्चरर | ४ | लेक्चरर | ३ | लेक्चरर | ३ |
| **राजनीति शास्त्र विभाग** | | **हिन्दी विभाग** | | **संस्कृत विभाग** | | **एम.एड** | |
| प्रोफेसर | १ | प्रोफेसर | १ | प्रोफेसर | १ | प्रोफेसर | १ |
| रिडर | १ | रिडर | १ | रिडर | १ | रिडर | १ |
| लेक्चरर | ३ | लेक्चरर | २ | लेक्चरर | ३ | लेक्चरर | २ |
| **कमर्स विभाग** | | **संस्कृति विभाग** | | **गणित विभाग** | | **अङ्ग्रेजी विभाग** | |
| प्रोफेसर | १ | प्रोफेसर | १ | प्रोफेसर | १ | प्रोफेसर | १ |
| रिडर | १ | रिडर | १ | रिडर | १ | रिडर | १ |
| लेक्चरर | ४ | लेक्चरर | ३ | लेक्चरर | ४ | लेक्चरर | ३ |

**लेबोरेटरी असिस्टेन्ट**

| | |
|---|---|
| कार्टोग्राफर | १ |
| डेमन्सट्रेटर ड्र्फ्टम्यान | १ |

माथिको दरबन्दी निर्धारण गरिए तापनि देहायका विषय तथा पदहरू पूर्तिका लागि आवश्यक प्रक्रिया पुरागरी नियुक्तिको सिफारिस गर्न युनिभर्सिटी कमिसनलाई सूचित गरियो ।[५८]

| **विभाग** | **पूर्ति गर्नु पर्ने पद** |
|---|---|
| अंग्रेजी | प्रोफेसर-१, रिडर-१ |
| अर्थशास्त्र | प्रोफेसर-१, रिडर-१ |
| राजनीति शास्त्र | प्रोफेसर-१ |
| भूगोल | प्रोफेसर-१, रिडर-१ |
| वाणिज्य | प्रोफेसर-१, रिडर-१ |

[५८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९५ ।

| | |
|---|---|
| गणित | रिडर-१ |
| संस्कृति | प्रोफेसर-१, रिडर-१ |
| इतिहास | प्रोफेसर-१, रिडर-१ |
| संस्कृत | प्रोफेसर-१, रिडर-१ |
| नेपाली | प्रोफेसर-१, रिडर-१ |
| आचार्य | प्रोफेसर-१, रिडर-१ |
| एजुकेसन | प्रोफेसर-१, रिडर-१ |
| भौतिक शास्त्र | प्रोफेसर-१, रिडर-१ |
| रसायन शास्त्र | प्रोफेसर-१, रिडर-१ |
| वनस्पति शास्त्र | प्रोफेसर-१, रिडर-१ |
| जीव शास्त्र | प्रोफेसर-१, रिडर-१ |

उक्त सूचनाको लगत्तै विश्वविद्यालये विभिन्न विषयका लागि लेक्चरको मात्र आवश्यकता ठहराएको थियो । त्यसैले सिण्डिकेटको निर्णयअनुसार देहायका विषय र संख्यामा लेक्चररको दरबन्दी निर्धारण गरी युनिवर्सिटी सर्भिस कमिसनबाट विज्ञापन गरिएको थियो ।[५९]

| **विभाग** | **संख्या** |
|---|---|
| इतिहास | २ |
| हिन्दी | १ |
| कमर्स | १ |
| अर्थशास्त्र | २ |
| एजुकेसन | १ |
| भूगोल | १ |

[५९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको बैठक (२०२३/४/८-२०२४/३/२५) ।

| | |
|---|---|
| आचार्य | १० |
| राजनीति शास्त्र | १ |
| संस्कृत | १ |
| फिजिक्स | ५ |
| केमेष्ट्रि | ५ |
| बोटानी | ५ |
| जुलोजी | ५ |

**विज्ञान विषयमा नियुक्ति**

उल्लेख्य के छ भने विश्वविद्यालयमा फिजिक्स, केमिष्ट्रि, बोटनी र जुलोजी विभाग २०२२ साल मंसिर १३ गतेदेखि सञ्चालनमा आएको थियो । सिण्डिकेटको २०२२ साल फागुन १२ गतेको वैठकले विश्वविद्यालयमा नयाँ खोलिएका साइन्सतर्फका फिजिक्स, केमिष्ट्रि, बोटनी र जुलोजी तथा एजुकेसन विभागहरूमा तल लेखिएअनुसार पार्ट टायम शिक्षक नियुक्त गर्ने निर्णय गरेको थियो ।[६०]

फिजिक्स विभाग-फणिन्द्रप्रसाद लोहनीलाई विभाग खुलेको मितिदेखि लागु हुने गरी कायम मुकायम रिडर र विभागीय प्रमुख पदमा नियुक्त गर्ने

केमिष्ट्रि विभाग-प्रसन्नमान सिंहलाई विभाग खुलेको मितिदेखि लागु हुने गरी कायम मुकायम रिडर र
विभागीय प्रमुख पदमा नियुक्त गर्ने

बोटानी विभाग-ब्राह्मीदत्त पाण्डेलाई विभाग खुलेको मितिदेखि लागु हुने गरी कायम मुकायम रिडर र
विभागीय प्रमुख पदमा नियुक्त गर्ने

६० त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ११८ ।

जुलोजी विभाग-शिवशङ्कर सिंहलाई विभाग खुलेको मितिदेखि लागु हुने
गरी कायम मुकायम रिडर र
विभागीय प्रमुख पदमा नियुक्त गर्ने

**एजुकेसन विभाग**

त्रिभुवन विश्वविद्यालयमा २०२२ साल कार्तिक ११ देखि एजुकेशन विभाग शुरु गरिएको थियो । विश्वविद्यालय सिण्डिकेटको निर्णयानुसार डा.त्रैलोक्यनाथ उप्रेतीलाई तीन महिनाका लागि यस विभागको विभागीय प्रमुखमा नियुक्त गरिएकोमा सो अवधि २०२२ साल माघ १० गते सकिएको थियो । यद्यपि त्यस बखत कलेजमा मिनपचास बिदा रहेकाले कलेज खुलेको २०२२ साल फागुन ६ गतेदेखि लागू हुने गरी डा.पन्नालाल प्रधानलाई सो विभागको कायम मुकायम रिडर तथा विभागीय प्रमुख पदमा नियुक्त गरियो ।[६१]

**शिक्षक विवरण**

२०२४ सालमा विश्वविद्यालय कलेजमा पूरा समय काम गर्ने, आंशिक समय काम गर्ने तथा तिनमा मित्रराष्ट्रबाट आएका शिक्षकसमेत कार्यरत थिए । तलको सूचीबाट विश्वविद्यालय कलेजमा पठन पाठन गरिएको जम्मा १७ विषयमा कार्यरत १४१ शिक्षकमध्ये मित्रराष्ट्रबाट आएका २३ जना तथा नेपाली पूरा समय काम गर्ने ८१ जना र आंशिक समय काम गर्ने ३७ जना रहेको यस प्रकार देखिन्छ ।[६२]

| **विभाग** | **पूरा समय काम गर्ने** | **आंसिक समय काम गर्ने** | **यसमध्ये मित्रराष्ट्रबाट आएका** |
|---|---|---|---|
| १ अङ्ग्रेजी | ६ | १ | ४ |

६१ त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ११८ ।

६२ त्रिभुवन विश्वविद्यालय, नवौं वार्षिक प्रतिवेदन, २०२४/०२५, पृ.७ क ।

| | | | |
|---|---|---|---|
| २ अर्थशास्त्र | ४ | - | २ |
| ३ राजनीति शास्त्र | ५ | २ | १ |
| ४ भूगोल | ३ | ३ | - |
| ५ वाणिज्य | ६ | २ | २ |
| ६ गणित | ४ | - | २ |
| ७ संस्कृति | ३ | - | - |
| ८ इतिहास | ३ | २ | - |
| ९ संस्कृत | ४ | - | २ |
| १० नेपाली | ५ | - | - |
| ११ हिन्दी | ३ | - | २ |
| १२ आचार्य | ७ | १३ | - |
| १३ शिक्षा | ४ | - | - |
| १४ फिजिक्स | ७ | २ | २ |
| १५ केमेष्ट्रि | ६ | ६ | ३ |
| १६ बोटानी | ६ | ४ | २ |
| १७ जुलजी | ५ | २ | १ |
| **जम्मा** | **८१** | **३७** | **२३** |

माथिको विवरणबाट शैक्षिक सत्र २०२४/०२५ मा कार्यरतमध्ये ५८ प्रतिशत जति शिक्षक पूर्णकालीन एवम् कूल शिक्षकको १७ प्रतिशत जति विदेशी संलग्न भएको देखिन्छ।

विश्वविद्यालय सञ्चालनको एक दशकमा विश्वविद्यालय संकाय सदस्यको विस्तृत योग्यतासमेत नाम (प्रो.-प्रोफेसर, रि-रिडर, ले-लेक्चरर) यस प्रकार देखिन्छ;[६३]

**कला संकाय**

अङ्ग्रेजी विभाग-प्रमुखः रि.सूर्यबहादुर शाक्य, प्रो.-रिक्त, प्रो-रवीन्द्र सहाय बर्मा

लेक्चरर-कमलप्रकाश मल्ल, नारायणप्रसाद श्रेष्ठ, मोहन झा, एच.एस.विश्वेश्वरैया

अर्थशास्त्र विभाग-प्रमुख रिडर कृष्णप्रसाद शर्मा,

प्रोफेसर-रिक्त, तारापद चौधरी

रिडर-वाचस्पति ठाकुर

लेक्चरर-बद्रीप्रसाद श्रेष्ठ, पार्थिवेश्वर तिमिलसिना, ओमकारलाल श्रेष्ठ

राजनीति शास्त्र विभाग-प्रमुखः रिडर वासुदेवचन्द्र मल्ल

प्रोफेसर-रिक्त

रिडर-धरमचन्द्र गुप्ता, डम्बरनारायण यादव, लोकराज बराल, गणेशराज सिं, खड्गभक्त सिं

संस्कृति विभाग-प्रमुखः रिडर हितनारायण झा

प्रोफेसर-रिक्त

लेक्चरर-प्रयागराज शर्मा, रामनिवास पाण्डे, विष्णुबहादुर श्रेष्ठ, प्रेमरमण उप्रेती

---

[६३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२ अङ्क-५, २०२५ साल पौष, पृ. ४-८ ।

इतिहास विभाग-प्रमुखः रिडर माधवराज पाण्डे

प्रोफेसर-रिक्त

लेक्चरर-तुल्सीराम वैद्य, त्रिरत्न मानन्धर, रामचन्द्रबहादुर सिं, फादर स्टिलर, हेमन्त राणा

भूगोल विभाग-प्रमखः रिडर जगतबहादुरसिं बुडाथोकी

प्रोफेसर-रिक्त

लेक्चरर-सूर्यलाल अमात्य, मोहननारायण श्रेष्ठ, हर्कबहादुर गुरुङ, उपेन्द्रमान मल्ल, मंगलराज जोशी, चन्द्रबहादुर श्रेष्ठ

शिक्षा विभाग-प्रमुखः रिडर पन्नालाल प्रधान

प्रोफेसर-रिक्त

लेक्चरर-राजेन्द्रकुमार रंगोङ्ग, हर्षनारायण धौभडेल, प्रियतोष दत्त राय

नेपाली विभाग-कायममुकायम प्रमुखः रिडर ताराप्रसाद जोशी

लेक्चरर-चुडामणि बन्धु, मोहन हिमांशु थापा, बल्लभमणि शर्मा दहाल, वासुदेव त्रिपाठी

संस्कृत विभाग-कायममुकायम प्रमुखः रिडर हरिदेव मिश्र

प्रोफेसर-रिक्त, जयमन्त मिश्र

लेक्चरर-सरस्वतीप्रसाद घिमिरे, विद्यानन्द शास्त्री

हिन्दी विभाग-कायममुकायम प्रमुखः प्रोफेसर सच्चिदानन्द चौधरी

प्रोफेसर-रिक्त

रिडर-रिक्त

लेक्चरर-सूर्यदेव सिंह 'प्रभाकर'

आचार्य विभाग-प्रमुखः हरिदेव मिश्र (उनको स्तर उल्लेख गरिएको छैन)

लेक्चरर-विद्यानाथ उपाध्याय, शिवराज आचार्य, राधाकृष्ण अधिकारी, रामेश्वर शर्मा, हरिप्रसाद शर्मा, खेमराज उपाध्याय, ऋषिराम शर्मा, दुर्गाप्रसाद दवाडी, रामचन्द्र पौडेल, लोकनाथ ढकाल, जुननाथ शर्मा, सोमनाथ पौडेल, गोपालनिधि तिवारी, चूडानाथ भट्टराई, बोधराज पन्त, रामनाथ आचार्य, शेषराज रेग्मी, नयराज पन्त, तोयनाथ पाण्डे, बदरीनाथ भट्टराई

**विज्ञान संकाय**

भौतिक विभाग-कायममुकायम प्रमुखः रिडर बलराम जोशी

प्रोफेसर-रिक्त

रिडर-करुणकर त्रिपाठी

लेक्चरर-गजेन्द्रमान सुवाल, केदारलाल श्रेष्ठ, देवेन्द्रराज मिश्र, चैतन्यबहादुर श्रेष्ठ, शंकरप्रसाद प्रधान, हरिनारायण भट्टाचार्य, रिचार्ड जे.ब्रेट (बी.ए.अनर्स-अक्स्फोर्ड), विष्णुमान श्रेष्ठ

गणित विभाग-कायममुकायम प्रमुखः प्रोफेसर सुरेशचन्द्र आर्य

रिडर-रिक्त, नरेन्द्रनाथ अग्रवाल

लेक्चरर-राममान श्रेष्ठ, मुरारीप्रसाद ओझा

रसायन विभाग-कायममुकायम प्रमुखः रिडर ध्रुवमानसिंह अमात्य

प्रोफेसर-रिक्त, के.सी.जोशी

लेक्चरर-कुमुदराज शर्मा, फाल्गुनराम, शिवप्रसाद धौवडेल, गोविन्दप्रसाद शर्मा काफ्ले, मोतिकाजी स्थापित, चित्तबहादुर तुलाधर, प्रसन्नमान सिं, जोन पट्ट (बी.ए.अनर्स, अक्सन), जे.पोले, फ्रेडरिक कार स्ट्रोङ्ग थर्ड

बनस्पति विभाग-कायममुकायम प्रमुखः रिडर ब्राह्मीदत्त पाण्डे

प्रोफेसर-रिक्त, अनन्तप्रसाद मेरहोत्रा,

रिडर-निरञ्जन पाल

लेक्चरर-सुनन्दा पाल, दयानन्द बज्राचार्य, रवीन्द्रकुमार सिंह चौहान, अमृतराज शाक्य, सरस्वतीप्रसाद रिमाल, शान्तिदेवी शर्मा, सैलेशचन्द्र सिंह

प्राणीशास्त्र विभाग-कायममुकायम प्रमुखः रिडर शिवशंकर सिंह

प्रोफेसर-रिक्त, सुरेशसिं

रिडर-सतिशप्रसाद भटनागर

लेक्चरर-त्रिलोकचन्द्र मुजपरिया, जीवन श्रेष्ठ, चन्द्रप्रसाद गोर्खाली, द्विजराज उप्रेती, युगलकृष्ण मल्ल, काजिमानन्द बज्राचार्य

**वाणिज्य संकाय**

वाणिज्य विभाग-रिडर रामप्रसाद राजवाहक

प्रोफेसर-रिक्त

रिडर-रामप्रसाद राजबाहक, रिक्त

लेक्चरर-जे.सी.ओभ्मा, कुंजरमणि शर्मा, खिलेन्द्रप्रसाद पाण्डे, ईश्वरीलाल श्रेष्ठ, अनन्तलाल कर्ण, उपेन्द्रबहादुर प्रधानाङ्ग

**पदाधिकारी**

विश्वविद्यालय सञ्चालनका साथै आवश्यक पदाधिकारी नियुक्त गरिनु स्वाभाविकै थियो । यस क्रममा यहाँ विश्वविद्यालयको प्रारम्भिक कालमा पदाधिकारी नियुक्तिको प्रक्रियाका बारेमा सामान्य चर्चा गरिएको छ ।

उपकुलपति

त्रिभुवन विश्वविद्यालयका प्रथम भाइस चान्सलर (उपकुलपति) सुवर्णशमशेर राणा भएको माथि चर्चा भइसकेको छ । निजले विश्वविद्यालयलाई कुनै सूचना नदिइ विदेश गएको र २०१७ साल माघ २३ गतेका दिन रेक्टरले उनलाई लेखेको रजिष्टर्ड चिट्ठीको पनि जवाफ दिएका रहेनछन् । यसरी तीन महिनासम्म पनि केही खबर नभएकाले भाइस चान्सलरको स्थान रिक्त हुनगएको बेहोरा चान्सलर समक्ष जाहेर गरिएको थियो ।

विश्वविद्यालय ऐनमा प्रथम भाइस चान्सलरको पदावधि ३ वर्ष उल्लेख भएकाले सो अवधि २०१९ साल असारमा सकिएको थियो । विश्वविद्यालय ऐन २०१६ को दफा ११(१) अनुसार 'प्रथम भाइस चान्सलरको पदमा श्री ५ को सरकारले सिफारिस गरेको योग्य व्यक्तिलाई चान्सलरबाट नियुक्त गरिने छ' भन्ने उल्लेख भएको तर प्रथम भाइस चान्सलर अनुपस्थित हुनाका साथै पदावधिसमेत सकिएकाले अर्को भाइस चान्सलरको व्यवस्थाका लागि विश्वविद्यालय कमिटीले चान्सलर समक्ष रिपोर्ट गरेको थियो ।[६४] सोही रिपोर्टका आधारमा विश्वविद्यालयमा दोस्रो भाइस चान्सलरका रूपमा २०१७ साल चैत्र १५ गतेका दिन रणधीर सुब्बालाई नियुक्त गरिएको थियो ।[६५]

रजिष्ट्रार

२०१६ साल असार ३० गते चान्सलरबाट रजिष्ट्रार पदमा डा.परासरनारायण सुवाललाई नियुक्त गरिएको थियो । उनको सेवा दुई वर्ष नाघिसकेको तथा कार्य पूर्ण रूपले संतोषजनक भएकाले निजको नियुक्ति

---

[६४] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १७४-१७५ ।

[६५] त्रिभुवन विश्वविद्यालय: एक झलक (त्रिभुवन विश्वविद्यालयको २४औं वार्षिकोत्सवको उपलक्षमा प्रकाशित) *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, विशेषाङ्क-२०४०, पृ. ५१ ।

स्थायी बनाइएको थियो ।[६६] यद्यपि केही समयपछि सुवालले पदबाट राजीनामा दिएकाले २०१९ साल साउन महिनादेखि प्रो. जगतबहादुर सिंह बुढाथोकीलाई रजिष्ट्रर पदमा नियुक्त गरियो ।[६७] केहीपछि विश्वविद्यालयले कलेज अफ एजुकेसनका प्रिन्सिपल डा. त्रैलोक्यनाथ उप्रेतीलाई नेपाल शिक्षा सेवामा पदाधिकार रहने गरी रजिष्ट्रार पदमा नियुक्त गऱ्यो ।[६८] सम्भवत: उपयुक्त व्यक्ति नभेटेका कारण सेलेक्सन बोर्डले राजेश्वरप्रसाद श्रीवास्तवलाई प्राथमिकता दिई असिष्टेन्ट रजिष्ट्रार पदमा गरेको सिफारिसलाई विश्वविद्यालयले सदर गरेको थियो ।[६९] अर्थात् श्रीवास्तवलाई असिष्टेन्ट रजिष्ट्रार बनाइयो । यो सन्दर्भ विश्वविद्यालय सञ्चालनको थालनीको हो ।

रेक्टर

विश्वविद्यालय कमिटीले २०१७ सालमा 'रेक्टर' पद खडा गर्ने, रेक्टरलाई मासिक रु ९००/- तलब दिने तथा उनी विश्वविद्यालयको पूर्णकालीन अफिसर हुने निर्णय गरेको थियो । साधारणत: रेक्टरले भाइस चान्सलरबाट हस्तान्तरण गरिएका काम सञ्चालन गर्नुका साथै भाइस चान्सलरको अनुपस्थितिमा उनले गर्ने जम्मै काम गर्नुपर्ने जिम्मेवारी दिइने व्यवस्था गरियो । त्यतिमात्र नभएर रजिष्ट्रारको अनुपस्थितिमा उनको काम पनि सञ्चालन गर्ने दायित्व रेक्टरलाई दिइयो । विश्वविद्यालय परिषद्ले शारदाप्रसाद उपाध्यायलाई रेक्टर पदमा नियुक्त गर्ने निर्णय गरेको

[६६] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ३६ ।

[६७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १ ।

[६८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १४९ ।

[६९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ४६ ।

थियो ।[७०] यद्यपि विश्वविद्यालय परिषद्को २०१८ साल साउन ७ गतेको वैठकमा सदर भएको रेक्टर पद माथि विचार हुँदा भाइस चान्सलर र कोषाध्यक्ष पूरा समय कामगर्ने भएकाले तत्कालका लागि रेक्टर पदको आवश्यकता नदेखिएकाले सो पद खारेज गरियो ।[७१]

डीन

विश्वविद्यालय परिनियम तथा अधिनियम लागू हुनु भन्दा पहिले अस्थायी रूपमा भैरवबहादुर प्रधान, आशुतोष गांगुली, प्रसन्नमान सिंह र नरेशमान सिंहलाई क्रमशः आर्टस्, ल, साइन्स र कमर्स फ्याकल्टिमा डीन नियुक्त गरिएको थियो । उनीहरूलाई दुई वर्ष अर्थात् २०१९ साल असार ३० गतेसम्मका लागि नियुक्त गरियो ।[७२] उक्त मितिमा समयावधि सकिएकाले विश्वविद्यालयले दुई वर्षका लागि प्रिन्सिपल सुर्यबहादुर शाक्य-आर्टस्, प्रो.आशुतोष गांगुली-साइन्स, प्रिन्सिपल रामराज पन्त-ल तथा नरेशमान सिंलाई कमर्स फेकल्टिको डीन नियुक्त गरेको थियो । उनीहरूको म्याद २०२२ साल वैशाख २८ गतेसम्म निर्धारण गरियो ।[७३]

२०२३/०२४ शैक्षिक वर्षको थालनीमा भने आर्टस् फेकल्टिका डीन गोकुलचन्द्र मलहोत्रा उमेरको हद पुगी विश्वविद्यालयबाट अवकाश प्राप्त गरेकाले विश्वविद्यालयका राजनीतिशास्त्र विभागका प्रमुख

---

[७०] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ५५ ।

[७१] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २२७ ।

[७२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २२५ ।

[७३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १८७ ।

वासुदेवचन्द्र मल्ल सबै विभागीय प्रमुखहरूमध्ये सिनियर भएकाले उनलाई नै दुई वर्षका लागि आर्टस् फेकल्टिको डीन नियुक्त गरिएको थियो ।[७४]

विश्वविद्यालयका विभिन्न फ्याकल्टिका डीनहरूको म्याद २०२२ साल वैशाख २८ गते सकिएकाले दुई वर्ष (२०२४ साल वैशाख मसान्तसम्म) का लागि आर्टस् फ्याकल्टिमा शाम्बदेव पाण्डे र कमर्स फ्याकल्टिमा नरेशमान सिंहलाई नियुक्त गरिएको थियो । विश्वविद्यालयमा प्रोफेसर तथा रिडर नभएका कारण ल फेकल्टि एवम् सिनियोरिटीका क्रमले रिडर जगतबहादुर सिंलाई दिनु पर्ने भए तापनि निज रजिष्ट्रार भएकोले विज्ञान फेकल्टिमा पनि त्यस बखत डीन नियुक्त गरिएन ।[७५]

केही समयपछि भूगोल विभागका विभागीय प्रमुख जगतबहादुरसिं बुडाथोकी साइन्स तर्फका विभागीय प्रमुखहरूमा सबैभन्दा जेष्ठ भएकाले निजलाई २०२२ साल कार्तिक २२ देखि २०२४ साल कार्तिक २१ सम्मका लागि साइन्स फ्याकल्टिको डीन नियुक्त गरियो ।[७६] बुडाथोकीको उक्त म्याद नसकिँदै फिजिक्स विभागका प्रमुख फणीन्द्रप्रसाद लोहनीलाई २०२३ साल जेठ २५ गतेदेखि दुई वर्षका लागि साइन्स फेकल्टिको डीन पदमा नियुक्त गरियो ।[७७]

वासुदेवचन्द्र मल्लको अवधि सकिएपछि ज्येष्ठता क्रमानुसार जगतबहादुर सिंह बुढाथोकी डीन हुनुपर्नेमा उनले डीन हुन स्वीकार नगरेको हुँदा त्यसपछिका डा.पन्नालाल प्रधानलाई डीन पदमा दुई वर्षका

---

[७४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ३७ ।

[७५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ११४ ।

[७६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ५५ ।

[७७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १७७ ।

लागि नियुक्त गरिएको थियो ।[७८] कमर्स विभागका विभागीय प्रमुख डा.रामप्रसाद राजवाहकलाई कमर्स फेकल्टीको डीन नियुक्त गरिएको थियो ।[७९]

विज्ञान फेकल्टिका डीन ब्राह्मीदत्त पाण्डेको पदावधि समाप्त भएकोले निजपछि जेष्ठतम विभागीय प्रमुख शिवशंकर सिंहलाई दुई वर्षको निमित्त डीन नियुक्त गरियो ।[८०] आर्टस् फेकल्टिको डीन डा.पन्नालाल प्रधानको अवधि समाप्त भई रिक्त स्थानमा ज्येष्ठताका आधारमा डा.ताराप्रसाद जोशीलाई दुई वर्षका निम्ति नियुक्त गरियो ।[८१] ब्रिटिश काउन्सिल मार्फत् ब्रिटेनबाट आएका डा.ह्युग पर्सेललाई अङ्ग्रेजी विभागको प्रोफेसर तथा विभागीय प्रमुख पदमा मासिक रु. १,५००/- खाने गरी २०२८ साल असोज २२ गतेदेखि दुई वर्षका लागि अस्थायी नियुक्ति दिइएको थियो ।[८२]

विश्वविद्यालयले शुरुदेखि नै जेष्ठतालाई विशेष महत्त्व दिएको कुरा माथिका नियुक्तिबाट स्पष्ट हुन्छ । त्यतिमात्र नभएर विश्वविद्यालयले पदाधिकारी नियुक्तिमा के कस्तो नीति अपनाएको थियो भन्ने जानकारीका लागि उदाहरणका रूपमा माथिका नियुक्तिको चर्चा गरिएको हो ।

---

[७८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ४० ।

[७९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १८८ ।

[८०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १६४ ।

[८१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ४९ ।

[८२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. ७६ ।

### डीन अफ स्टुडेन्ट परसोनेल

विश्वविद्यालयले एक दशकजतिपछि 'डीन अफ स्टुडेन्ट परसोनेल' को दरबन्दी सिर्जना गरेको थियो । यस पदमा विश्वविद्यालय कलेजका शिक्षकहरूमध्ये प्रोफेसर तहकालाई तीन वर्षको पदावधिका लागि नियुक्त गर्नुपर्ने व्यवस्था भयो । यद्यपि यस पदका लागि उपयुक्त प्रोफेसर पदका शिक्षक प्राप्त नभएकाले तत्कालका लागि रीडर तहका शिक्षकलाई सोहीअनुसार तलब दिने गरी नियुक्त गरेको देखिन्छ । काम सन्तोषजनक भएमा पुनः तीन तीन वर्षका लागि अवधि बढाउन सकिने कुरा समेत विश्वविद्यालयले निर्णय गरेको थियो ।[८३]

### विभागीय प्रमुख

विश्वविद्यालयमा पठन पाठन सञ्चालन हुने विषयको प्राज्ञिक नेतृत्वगर्ने अख्तियारी 'विभागीय प्रमुख' लाई दिइएको पाइन्छ । थालनीदेखि नै त्रिभुवन विश्वविद्यालय कमिटीले पूर्णकालीन प्रोफेसरलाई विभागीय प्रमुख बनाउने नीति लिएको थियो । अझ नेपाली विद्वानलाई यो पदमा नियुक्त गर्ने प्रयास भएको थियो । यद्यपि उपयुक्त व्यक्तिको अप्राप्यताका कारणबाट विदेशीालाईसमेत विभागीय प्रमुख बनाउनु परेको थियो ।

कक्षा सञ्चालनको थालनीसँगै प्रोफेसरहरू यदुनाथ खनाल, भैरवबहादुर प्रधान, साम्भदेव पन्त, ए.गांगुली, गोकुलचन्दलगायतलाई विश्वविद्यालयले विभागीय प्रमुख बनाउन सिफारिस गरेको थियो । यद्यपि नयाँ नयाँ विषयहरू थप गरिनु तथा उपयुक्त शिक्षक प्राप्त नहुनु जस्ता कारणबाट परिस्थितिअनुसार लेक्चररलाई पनि विभागीय प्रमुख बनाउनु परेको देखिन्छ । त्यतिमात्र नभएर उपयुक्त व्यक्तिको अभावमा एक जनालाई दुई विभागको प्रमुखसमेत बनाइयो भने कतिपय डीनलाईसमेत प्रमुख बनाउनु परेको थियो । यहाँ उदाहरणका लागि विश्वविद्यालय स्थापनादेखि शैक्षिक सत्र २०२५/०२६ सालसम्म के कस्तालाई विभागीय प्रमुख बनाइएको थियो भन्ने सामान्य जानकारीमात्र प्रस्तुत गरिएको छ ।

---

[८३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ७० ।

विश्वविद्यालयको अन्तरिम काल सकिएपछि २०२२ सालमा गणित विभागमा डा.एम.सी.आर्य तथा हिन्दी विभागमा एस.चौधरीलाई विभागीय प्रमुख नियुक्त गरियो । नेपाली विभागमा भने कार्यरत प्रोफेसर वा रिडर नभएकाले विभागीय प्रमुख नियुक्त गर्ने विषयमा तत्काल कुनै निर्णय गरिएन ।[८४] त्यस्तै हिन्दी विभागमा कोलम्बो ल्पानअन्तर्गत आएका प्रोफेसर राजनाथ पाण्डेलाई विभागीय प्रमुख नियुक्त गरिएको थियो । त्यस्तै हिन्दी विषयको कक्षा सञ्चालन गर्न सोही ल्पानबाट आएका एम. पाण्डे र लेक्चरर खड्गमान मल्ललाई लगाइयो ।[८५]

कोलम्बो प्लानअन्तर्गत आएका रिडर डा.आर.सी.चौधरीलाई गणित विभागमा अस्थायी विभागीय प्रमुख नियुक्त गरिएको थियो ।[८६] त्यस्तै कोलम्बो ल्पानअन्तर्गत आएका कमलेश्वरप्रसाद शर्मालाईसमेत हिन्दी विभागमा विभागीय प्रमुख नियुक्त गरिएको थियो ।[८७]

विश्वविद्यालयमा अङ्ग्रेजी विभाग स्थापनादेखि सूर्यबहादुर शाक्यले विभागीय प्रमुखको कामकाज गर्दै आएका थिए । २०२६ साल असोज १ देखि यस विभागको रिक्त प्रोफेसर पदमा ब्रिटिस काउन्सिलको फुल ब्राइट योजनाअन्तर्गत बेलायतबाट आएका डा.अलान डेभिसलाई दुई वर्षका लागि अस्थायी नियुक्ति गरियो ।[८८]

---

[८४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १२१ ।

[८५] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ८० ।

[८६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १२ ।

[८७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १२ ।

[८८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-३ अङ्क-२,३, २०२६ साल असोज, कार्तिक, पृ. ३ ।

विश्वविद्यालय कलेजका राजनीति तथा इतिहास विभागका विभागीय प्रमुखको रिक्त स्थान पूर्ति नभएसम्म आर्टस् फ्याकल्टिका डीन पद्मप्रसाद भट्टराईले नै उक्त विभागहरूमा विभागीय प्रमुखको कामसमेत गर्ने अख्तियारी दिइयो ।[८९] यसै गरी डा.रामप्रसाद राजवाहकलाई वाणिज्य विभागको का.मु.रिडर तथा का.मु.विभागीय प्रमुखमा नियुक्त गरिएको थियो ।[९०]

स्थापनाको एक दशकतिर त्रिभुवन विश्वविद्यालयमा विभागीय प्रमुख यस प्रकार देखिन्छन् ।[९१]

*विज्ञानतर्फ (का.मु.रीडर तथा विभागीय प्रमुख)*

| | |
|---|---|
| १ ब्राह्मीदत्त पाण्डे | वनस्पतिशास्त्र |
| २ शिवशंकर सिंह | जीवशास्त्र |
| ३ डा.बलराम जोशी | भौतिकशास्त्र |
| ४ डा.ध्रुवमानसिंह अमात्य | रसायनशास्त्र |

.....................................................

| | |
|---|---|
| १ डा.एस.सी.आर्य | गणितशिक्षा |
| २ डा.पन्नालाल प्रधान | शिक्षा (एजुकेसन) |
| ३ एल.डी.जोशी | वाणिज्य |

*कलातर्फ*

| | |
|---|---|
| १ वासुदेवचन्द्र मल्ल | राजनीतिशास्त्र |
| २ डा.हरिदेव मिश्र | संस्कृत तथा आचार्य |
| ३ ताराप्रसाद जोशी | नेपाली |

---

[८९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९) ।

[९०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३९ ।

[९१] *त्रिभुवन विश्वविद्याल बुलेटिन*, वर्ष-१, अङ्क-१२, २०२५ साल साउन, पृ. १६ ।

४ डा.चच्चिदानन्द चौधरी — हिन्दी
५ डा.हितनारायण झा — संस्कृति
६ डा.कृष्णप्रसाद शर्मा — अर्थशास्त्र
७ जगतबहादुरसिंह बुढाथोकी — भूगोल (यो सूचिमा इतिहास विषय उल्लेख छैन)

*संकाय प्रमुख (डीन)को नियुक्ति*

१ ब्राह्मीदत्त पाण्डे (विज्ञानतर्फ) — नियुक्ति मिति २०२५-१-१२
समाप्ति मिति २०२५-२-२४

२०२५–२–२५
२०२७–२–२४

२ वासुदेवचन्द्र मल्ल (कलातर्फ) — २०२३-५-६
२०२५–५–५ (पृ.३)

**कर्मचारी व्यवस्थापन**

विश्वविद्यालय सञ्चालनमा आएपछि स्वाभाविक रूपमा शिक्षकका साथै कर्मचारीको पनि आवश्यकता भयो । यसका लागि श्री ५ को सरकार गृह मन्त्रालयको 'ओ एण्ड एस' (?) विभागकोसमेत सिफारिस लिनु पर्ने व्यवस्था गरिएको थियो । यस क्रममा विश्वविद्यालय कमिटिको २०१७ साल मंसिर ७ गतेको निर्णयबाट गृह मन्त्रालयको सिफारिसबमोजिम कर्मचारी पूर्ति गर्ने निर्णय गरिएको थियो । पक्रिया पुरा गर्न केही समय लाग्ने भएकाले तत्कालका लागि अस्थायी रूपमा अत्यावश्यक कर्मचारी नियुक्त गरिएको थियो । ६ महिना भित्र ती पदहरूको विज्ञापन गराइ खुल्ला प्रतियोगिता गराउने तथा विद्यमान कर्मचारीको बढुवासमेत गरिने भएको थियो । यसका निम्ति विश्वविद्यालयले उपकुलपतिको अध्यक्षतामा श्री ५ को सरकारको शिक्षा सचिव तथा भैरवबहादुर प्रधान सदस्य रहेको एउटा 'कर्मचारी सेलेक्सन बोर्ड' समेत गठन गरेको थियो ।[९२]

---

[९२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४) निर्णय नं. १६ ।

यसको तत्कालैपछि सिण्डिकेटबाट नियुक्त गरिने अफिस कर्मचारीहरू भर्ना गर्न २०१९/०२० सालका निम्ति शिक्षा सहसचिव श्यामकृष्ण भट्टराईको अध्यक्षतामा प्रिन्सिपल सूर्यबहादुर शाक्य, रजिष्ट्रार जगतबहादुर बुढाथोकी र उपकुलपतिबाट मनोनित विशेषज्ञ रहेको ४ सदस्यीय बोर्ड गठन गरियो ।[९३]

२०२१ साल पौष २४ गते विश्वविद्यालयको प्रशासनतर्फ कायम गरिएका सबै दरबन्दीहरू स्थायी गरिएको थियो ।[९४] २०२३ सालमा विश्वविद्यालयमा कार्यरत कतिपय कर्मचारीले परीक्षण अवधिमा सन्तोषजनक काम गरेकाले उनीहरूको सेवा कन्फर्म गरिएको थियो । यसरी २०२२ साल फागुन र २०२३ साल असार महिनामा डेपुटि र असिस्टेन्ट रजिष्ट्रार, इन्टरनल अडिटर, सुपरिन्टेन्डेन्टदेखि स्टोरकिपरसम्मका १४ कर्मचारीको सेवा कन्फर्म गरिएको थियो ।[९५]

कर्मचारीका साथै खेलकुदका लागि नयाँ शिक्षाको पूर्वसन्ध्यामा इतिहास विभागका प्राध्यापक हेमन्त शमशेर राणालाई अनररी स्पोर्टस् टिचर बनाइएको थियो । खेलकुदका लागि साँझसम्म विश्वविद्यालय क्याम्पस मै रहनु पर्ने भएकाले स्थायी शिक्षकको नियुक्ति नभएसम्म विजुली, धारा आदिको लाग्ने महशुल मात्र आफैले तिर्ने गरी निजलाई विश्वविद्यालय कलेज भित्रको क्वार्टरमा निःशुल्क बस्ने सुविधासमेत दिइएको थियो ।[९६]

---

[९३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३२ ।

[९४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ७१ग ।

[९५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९६ ।

[९६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ९८ ।

समग्रमा विश्वविद्यालयले सञ्चालनको थालनीसँगै पूर्णकालीन शिक्षक राख्ने प्रयास गरे तापनि उपयुक्त जनशक्ति पाउन नसकेकाले लामो समयसम्म आंशिकबाट काम चलाउनु पऱ्यो । श्री ५ को सरकारका शिक्षकलाई विश्वविद्यालय सेवामा ल्याउनका लागि निकै पहल गरियो । यस क्रममा तुलनात्मक रूपमा निकै सुविधासमेत दिइएको थियो । यद्यपि सरकारी शिक्षकलाई विश्वविद्यालय सेवाले त्यति आकर्षण गर्न सकेन । यस्तो अवस्थामा कक्षा सञ्चालनका लागि विश्वविद्यालय ऐन, नियम विरुद्ध डीन, विभागीय प्रमुख तथा शिक्षकसमेत नियुक्त गर्नु पऱ्यो । यहाँसम्म कि स्नातक तह उत्तिर्णलाईसमेत विश्वविद्यालयको शिक्षकमा नियुक्त गर्नु पऱ्यो । यस कार्यमा विश्वविद्यालयलाई तत्कालीन सरकारलेसमेत त्यति सहयोग गरेको पाइँदैन । फलस्वरूप प्राज्ञिक क्षेत्रमा आशातित उपलब्धि हासिल गर्न नसकेको जस्तो देखिन्छ ।

* * *

# जमिन तथा भौतिक संरचना

## परिचय

त्रिभुवन विश्वविद्यालय स्थापनापूर्व नै यसका लागि आवश्यक पर्ने जमिनको बन्दोवस्तको कार्य हुँदै गरेको तथा यस अवधिमासमेत त्यसलाई निरन्तरता दिइएको थियो । जमिनको प्राप्तिसँगै क्रमशः अत्यावश्यक भौतिक संरचना (भवन, बाटो, पानी, बिजुली, रङ्गशाला आदि) निर्माण निर्माण गर्ने प्रक्रिया चलेको थियो । यद्यपि विश्वविद्यालयको इतिहास लेखनको यस अवधिमा यी दुवै कार्यलाई निरन्तरता दिएको पाइन्छ । प्रस्तुत परिच्छेदमा सोही सन्दर्भलाई उठाइएको छ ।

# जमिन

## परिचय

त्रिभुवन विश्वविद्यालय कमिसनले २०१३ सालमा नै 'त्रिभुवन विश्वविद्यालय' स्थापनाका लागि कीर्तिपुर स्थित ट्याङ्गलाटार जमिन उपयुक्त ठहराएर आवश्यकअनुसार अधिग्रहण गर्ने तथा भौतिक संरचना निर्माण गर्ने काम गर्दैरहेको सन्दर्भ माथि परिसकेको छ । यहाँ सो जमिन अधिग्रहणका सम्बन्धमा प्राप्त सामग्रीका अधारमा विश्वविद्यालय सञ्चालन भएदेखि 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' सम्मका क्रियाकलाप बारेमा चर्चा गरिएको छ ।

## जमिन अधिग्रहण

श्री ५ को सरकारले वाग्मती खोला, बल्खु खोला, कीर्तिपुरबाट कालिमाटी जाने मुल बाटो, कीर्तिपुर सहर भाजङ्गाल सीमाना भित्रको जमिन विश्वविद्यालय क्याम्पसका लागि छुट्याइएको सन्दर्भ माथिको परिच्छेदमा चर्चा भइसकेको छ । सोहीअनुसार निर्धारित क्षेत्रको जमिन

अधिग्रहण गर्ने कार्यलाई 'त्रिभुवन विश्वविद्यालय कमिसन' ले अगाडि बढाएको सन्दर्भसमेत चर्चा भइसक्यो ।

निर्माण हुँदै गरेको कलेज अफ एजुकेसन र केमेष्ट्रि बिल्डिङ उत्तरतर्फ भने अधिग्रहण गरिएको जम्मा २/४ हातमात्र जमिन बाँकी थियो । त्यसैले ती भवनहरू निर्माण गर्न जमिन नपुग हुन गएकाले उक्त चौहदी भित्र नै केही जमिन थप गर्नुपर्ने आवश्यकता रह्यो । यस कामका निम्ति सर्भे विभागबाट प्राविधिक झिकाई नापी तथा सर्भे गरी आवश्यक जमिन अधिग्रहण गर्नुपर्ने भयो । यसरी थप गरिने जमिनको मुआवजाका लागि श्री ५ को सरकारको कृषि विभागबाट विगत सालमा आएको रु. १,९६,६३७/३६ मुआवजाको हिसाबमा जम्मासमेत गरिएको थियो । सोही रकमले भ्याएसम्म विश्वविद्यालयका निम्ति छुट्याइएको चौहदीबाट थप जमिन अधिग्रहण गर्ने निर्णय गरियो ।[१]

विश्वविद्यालयका निम्ति २०१५/०१६ सालमा नै कीर्तिपुर स्थित जमिन छुट्याई चार किल्ला कायम गरिसकेको भएता पनि ती सबै अधिग्रहण गरिएका थिएनन् । उक्त चार किल्ला भित्र परेका तर अधिग्रहण नगरिएको कतिपय जग्गावालाले सो जग्गा अरूलाई बिक्री पनि गरेका रहेछन् । यसरी खरिद गरिएको जमिनमा नयाँ घरहरू बनाउन थालिएकाले विश्वविद्यालयमा भौतिक निर्माण कार्यमा समस्या हुन गएको थियो ।

सोही चौहद्दी भित्रको जमिन विश्वविद्यालयले अधिग्रहण गर्दा श्री ५ को सरकारबाट कायम गरिएको मुआवजाको दर भन्दा श्री ५ को सरकारअन्तर्गत कृषि विभागले वागवानी अनुसन्धान कार्यका निम्ति अधिग्रहण गर्दा बढी दरमा मुआवजा दिएको थियो । त्यसै कारणे सम्बन्धित पञ्चायतहरूबाट अधिग्रहण गरिने जमिनका अन्य किसानले पनि अघि देखिकै मुआवजा सोही दरमा पाउनु पर्ने माग गरेका थिए । यिनै कारणले

---

[१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १३३ ।

गर्दा विश्वविद्यालयले अधिग्रहण गरेका जमिनबाट पनि वार्षिक रूपमा उठ्नु पर्ने वाली उठ्न सकेको थिएन । गुठी एवम् विर्ताहरूको मुआवजा दिने तथा वालीको दर कायम गर्ने वारे पनि कतिपय कचिङ्गलहरू थिए । ती सबै बेहोरा मन्त्रीपरिषद् सचिवालयमा अवगत गराइएकाले तिनको यथाशीघ्र व्यवस्थापनका लागि विश्वविद्यालय क्रियाशील थियो ।[२]

श्री ५ को सरकारले विश्वविद्यालयलाई छुट्याएको जमिनको चार किल्ला भित्रको जमिनमध्ये २०२४ सालसम्म अन्दाजी ३,००० रोपनी अधिग्रहण गरियो भने अझ २०००-२५०० रोपनी अधिग्रहण हुन बाँकी थियो । सो अधिग्रहण भएको जमिनको साँध सीमाना केवल नक्साको भरमा मात्र रहेको थियो । साँध सीमाना निर्धारण नभएसम्म जमिन अरूले मिच्ने सम्भावना भएकाले सीमाना निर्धारण गर्नुपर्ने थियो । यसका लागि विश्वविद्यालयले श्री ५ को सरकारसँग अनुरोध पनि गरेको थियो ।

विश्वविद्यालयका लागि त्यस बखत अधिग्रहण गरिएको जमिन ५/६ वर्षपछि नपुग हुन जाने समितिको ठहर थियो । त्यसैले २०२४ सालको क्षतिपूर्ति रकमको दरबाट थप जमिन अधिग्रहण गर्ने काम भएमा थोरै रकममा प्राप्त हुने तथा ढीलो भएमा बढी खर्च लाग्ने यथार्थतालाई ध्यानमा राखेर समयमै छुट्याइएको चार किल्ला भित्रको सबै जमिन अधिग्रहण गर्नुपर्ने नितान्त आवश्यक रहेको समितिको सिफारिस थियो । त्यति मात्र नभएर उल्लिखित किल्ला भित्र जमिन बेचबिखन गर्न वा घर बनाउन नपाइने सूचना गरिएकोमा स्थानीय पञ्चायतले सो कुरा थाहा नपाएरहोला बेच विखन पनि भएको र नयाँ घरहरू पनि बनेका थिए । यो यथार्थता बुझेर त्यस बखत नै विश्वविद्यालयले स्थानीय पञ्चायतहरूलाई सूचना पठाइ बेच बिखन र नयाँ घरहरू बनाउन रोक लगाइएको थियो । यद्यपि त्यस्ता अनधिकृत क्षेत्रका जग्गावालाले घर बनाउन पाउँ भनी

---

[२] त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर कलेजको विकास सम्बन्धी प्रतिवेदन २०२४/२०२५, पृ. ११ ।

विश्वविद्यालयमा अनुरोध गर्न आउने गरेका थिए । यस क्रममा उनीहरूले यदि घर बनाउन नपाउने भए विश्वविद्यालयले जमिन खरिद गरि लेवस् भन्नेसमेत गरेका रहेछन् । कसै कसैले त जबर्जस्ती घर पनि बनाउँदै थिए । यस्तो परिस्थितिमा विश्वविद्यालयलाई पनि क्षतिपूर्ति दिन झन् धेरै रकमको आवश्यकता पर्ने हुनाले सो बाँकी जग्गा यथाशीघ्र अधिग्रहण गरी क्षतिपूर्ति दिने व्यवस्था गर्न समितिले सिफारिस गरेको थियो ।

२०२६/२०२७ सालमा विश्वविद्यालयले आफ्नो क्षेत्र भित्र परेको जमिन क्रमशः अधिग्रहण गर्दै जाने नीति लिएको थियो । सोअनुसार अधिग्रहण गरिएको क्याम्पस भित्रको जमिनबाट आम्दानी भएको रकम प्रयोग गरी छुट्याईएको बाँकी जमिन अधिग्रहण गर्दै जाने योजना बनाइयो । त्यस्तै अधिग्रहण गरिएको जमिनको आम्दानी राख्नका लागि एउटा कोष खडा गर्ने तथा सो रकमबाट पुगेसम्म अलि अलि गर्दै जमिन अधिग्रहण गर्ने नीति विश्वविद्यालयले लएको थियो ।[३]

आवश्यक थप जमिन अधिग्रहण गर्ने सम्बन्धमा २०२८ साल भदौ २० गतेका दिन त्रैलोक्यनाथ उप्रेती, सुरेन्द्र सिंह र केशवप्रसाद रेग्मीले विश्वविद्यालयमा एउटा प्रतिवेदन पेश गरेका थिए । प्रतिवेदनमा अधिग्रहण गरिएका जमिनको मुआवजा वितरण तथा थप जमिन अधिग्रहण गर्ने सम्बन्धमा देहायको सिफारिस गरिएको थियो ।[४]

- कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालय स्थापना हुने भएपछि तोकिएको चौहद्दी भित्रको जमिन विश्वविद्यालयको आवश्यकताअनुसार अधिग्रहण गर्ने गरी श्री ५ को सरकारबाट निर्णय गरिएको,

---

[३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ७९ ।

[४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. ४३ ।

- अधिग्रहण गरिने प्रति रोपनी जमिनको मुल्य किसिमअनुसार अब्बल, दोयम र सीम को क्रमश: रु.४००/-, ३७५/- र ३५०/- निर्धारित भयो । सो मुआवजामा चित्त नबुझेका जग्गावालाको मागअनुसार मुआवजा वृद्धि कमिसनको सिफारिसका आधारमा उपरोक्त दरमा ५० प्रतिशत वृद्धि गरियो । यसरी वृद्धि गरिएअनुसार प्रतिरोपनी अवल जमिनको रु. ६००/-, दोयमको रु. ५६२.५०/- र सीमको रु. ५२५/- हुने भयो । यस प्रकार वितरण हुने मुआवजाको रकमको ७५ प्रतिशत जग्गाधनीलाई र बाँकी २५ प्रतिशत जोताहा वा मोहीलाई दिने,

- अधिग्रहण गरिएकामध्ये धेरै जसोको मुआवजा वितरण भइसकेको भए तापनि दर्तावाला र मोहीयानीको निरोपण नभएका र अन्य प्रकारका वाधा अड्काउ परेका केहीको मुआवजा वितरण हुन सकेको थिएन । तिनको मुआवजा वितरण सम्बन्धमा निरोपण गर्न एउटा ट्रिव्युनल गठन गर्ने सम्बन्धमा श्री ५ को सरकारमा अनुरोध गरिएकोमा निकासा प्राप्त भइसकेको थिएन । यसका साथै अधिग्रहण गरिएकामध्ये गुठी तर्फको मुआवजा विषयमा गुठी संस्थानलाई लेखिएकोमा पनि निकासा नभएको,

- थप जग्गा अधिग्रहण गर्ने सम्बन्धमा २०२६ साल माघ ५ गतेको सिण्डिकेटको निर्णयअनुसार भूमि प्रशासन कार्यालयबाट फिल्डबुक र नक्सासमेत प्राप्त भइसकेको,

- नयाँ शिक्षा योजनाअन्तर्गतका विभिन्न इन्स्टिच्यूटमध्ये कीर्तिपुर क्याम्पसमा कतिवटा इन्स्टिच्यूट रहने र सो केका लागि के कति जमिन थप गर्नुपर्ने हो सो को निर्णय नभएको तथा

- उपरोक्तबमोजिम मुआवजा वितरण गर्न बाँकी रहेकाको फछ्र्योट गर्नाका साथै कीर्तिपुर क्याम्पसमा रहने नयाँ इन्स्टिच्यूटको आवश्यकताअनुसार मात्र थप जमिन अधिग्रहण गर्नु पर्ने ।

विश्वविद्यालय निर्माणका निम्ति श्री ५ को सरकारबाट २०१३ साल मंसिर ११ गते रोज २ मा एउटा विज्ञप्ति प्रकाशित गरिएको थियो । विज्ञप्तिअनुसार छुट्याइएको चार किल्ला भित्रको जमिनमध्ये केही अधिग्रहण भइसकेको र केही बाँकी रहेको थियो । उक्त ४ किल्लाभित्र कसैले नयाँ घर बनाउन र सरकारको स्वीकृति बेगर अरू कसैलाई कुनै प्रकारले लिन/दिन मनाही गरिएको थियो । तर विश्वविद्यालयले अधिग्रहण गर्न बाँकी रहेको उक्त ४ किल्ला भित्रको जमिनमा सम्बद्ध जग्गाधनीले बराबर खरिद/बिक्री गर्ने तथा पक्की एवम् कच्ची घरहरू निर्माण गरिँदै थियो । यस विषयमा स्थानीय पञ्चायतहरूसँग लेखापढी हुँदा, बल्खु डाँडा गाउँ बस्ने खगराज शर्मा र काठमाडौँ इलाका भोटेबहाल बस्ने शम्भुमान सिंहले उक्त विज्ञप्तिपछि नयाँ पक्की घर बनाएका रहेछन् । साथै काठमाडौँ इलाका बल्खु वडा नं. ९ बस्ने जगतबहादुर थापा क्षेत्रीले बल्खुमा आफ्नो पुरानो घर भत्काई नयाँ कच्ची घर बनाउन अनुमति मागेका थिए । खगराज शर्माले उचीत मुआवजा पाएमा आफ्नो पक्की घर विश्वविद्यालयलाई दिने भन्ने बेहोराको दर्खास्त पनि दिएका थिए । उक्त सम्बन्धमा विश्वविद्यालयले देहायअनुसार गर्ने निर्णय गरेको थियो;[५]

- विश्वविद्यालयको क्रमश: विकास हुँदै गएपछि, छुट्याइएको चार किल्ला भित्रको सबै जमिन विश्वविद्यालयलाई नै आवश्यक हुने तथा हाल उक्त चार किल्ला भित्र परेको कुनै पनि घर जग्गा विश्वविद्यालयलाई नचाहिने भनी छुट नदिने,
- उक्त चार किल्ला भित्र अब कसैलाई नयाँ पक्कि वा कच्ची घर वा कुनै किसिमको बसोबास बनाउन नदिने,
- उल्लिखित व्यक्तिहरूले बनाएका पक्की घर वा कुनै किसिमको बसोबास बनाउन नदिने र

[५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ९९ ।

- उक्त विज्ञप्ति अगाडी चार किल्लाभित्र बनेका घरहरू विश्वविद्यालयको आवश्यकता र सुविधाअनुसार पछि अधिग्रहण गर्दै जाने ।

२०१९ सालसम्म कीर्तिपुर स्थित विश्वविद्यालय कलेज परिसरमा अधिग्रहण भएको जमिनको परिमाण २५५६।।। (दुई हजार पाँच सय छपन्न रोपनी तीन आना) रहेको देखिन्छ । त्यस्तै आवादी जमिनमध्ये २०१९ साल चैत मसान्त सम्ममा कुत बापत रु. २०,२५४/७७ असुल भई लगतफाँट अड्डा जिम्मा दिइएको थियो ।[६]

## जमिन सम्बन्धी प्रतिवेदन र सरकारी निर्णय

विश्वविद्यालयका लागि अधिग्रहण गरिएको जमिनका बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि छत्रप्रसाद मैनाली र त्रैलोक्यनाथ उप्रेती दुई जना संलग्न एउटा समिति गठन गरिएको थियो । समितिले सो सम्बन्धमा विस्तृत अध्ययन गरी २०२४ साल असार १६ गतेका दिन विश्वविद्यालय समक्ष एउटा प्रतिवेदन प्रस्तुत गरेको थियो । प्रतिवेदनमा जमिन सम्बन्धी देहायका विषय उठाइएको पाइन्छ;[७]

गुठी जमिन

- गुठी र विर्ताका मोहिहरूले पनि रैकरका मोही सरह क्षतिपूर्ति पाएका थिए । फलस्वरूप पछि क्षतिपूर्ति वृद्धि हुँदा रैकरका मोहीलाई ५० प्रतिशत थप दिने गरी मन्त्रीपरिषद्बाट २०१८ साल असार १ गतेका दिन निर्णय भएकोमा गुठी तथा विर्ताका

---

[६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २०५ ।

[७] विश्वविद्यालय क्षेत्रमा अधिग्रहण गरिएको जमिन सम्बन्धी अध्ययन समितिले सिफारिसका साथ २०२४ साल असार १६ गते पेश गरेको प्रतिवेदन । यो प्रतिवेदन विश्वविद्यालय सिण्डिकेट वैठक पुस्तिका २०२४/४/२३-२०२५/३/३१ को निर्णय नं. ४५ पछि राखिएको छ ।

मोहीलाईसमेत रैकर सरह नै ५० प्रतिशत थप वृद्धि दिइएको थियो ।

- सो व्यहोरा पेश हुँदा क्षतिपूर्ति वितरण गर्न काठमाडौं मालका साविक हाकिमसँग कैफियत तलव गर्नु भन्ने उपकुलपतिबाट आदेश भएको थियो । सोही आदेशअनुसार लेखि पठाउँदा २०१३ साल वैशाख ३० गतेका दिनमा भएको आदेश विर्ता गुठीका मोहीलाई यति दिने भन्ने अङ्क नखोली रैकरका मोहीलाई दिए सरह रोपनी १ को ३ सय देखि ४ सयसम्म किसिमअनुसार दिने भन्ने उल्लेख भएको र पछि रैकरलाई ५० प्रतिशत थपको निर्णयमा पहिलेको उक्त आदेश खण्डन नभएको हुनाले साविक आदेशबमोजिम गुठी तथा विर्ताका मोहीलाईसमेत थप वृद्धि दिएको स्पष्टिकरण दिएका थिए । यस सम्बन्धमा रैकरका मोहीले पाएको ५० प्रतिशत वृद्धिअनुसार गुठी र विर्ताका मोहीले पाएको वृद्धि मनासिव भए मन्त्रीपरिषद्बाट समर्थन हुनुपर्ने समितिको दृष्टिकोण थियो । साथै यदि निर्णय बिपरित काम भएको भए यसरी गुठी र विर्ताका मोहीले थप पाई भएको हानी नोक्सानीको रकम श्री ५ को सरकारबाट असुल उपरको कारवाई हुनु पर्ने भनी समितिले सिफारिस गरेको थियो ।

- गुठीका मोहीलाई क्षतिपूर्ति दिएपछि त्यस्ता गुठीका जमिनमध्ये कति बाँझो छन्, कति किसानले चलन गरेका छन् भन्ने लगत लिइएको थिएन । यसरी गुठी जमिनको लगत नहुनाले आवादी गुठीका मोहीले राज गुठी र दुनियाँ गुठीमा तिर्नु पर्ने वाली नतिरेको पनि हुन सक्ने र बाँझो रहेका जमिनको गुठीवलाहरूले पाउने वाली अलपत्र भै राखेकोसमेत हुन सक्दथ्यो । समयमै विश्वविद्यालयलाई जमिन अधिग्रहण गर्ने वारेको श्री ५ को सरकारको विज्ञप्तिअनुसार अधिकृत गुठी जमिनको सट्टा भर्ना आदि दिने व्यवस्था गरिएको भए त्यस किसिमको समस्या

नआउन सक्दथ्यो । यस विषयमा विश्वविद्यालयको अनुरोधअनुसार २०२४ सालमा शिक्षा मन्त्रालयले भूमीसुधार विभागलाई हदबन्दी भन्दा बढी जमिनवालाहरूबाट प्राप्त हुन आएको जमिनमध्येबाट सो गुठीलाई सट्टा भर्ना दिने वारेको कारवाही हुँदै थियो । सोअनुसार विश्वविद्यालय क्याम्पसमा परेका गुठीको जग्गा नै गुठी संस्थान र अरू गुठीलाईसमेत सट्टा भर्ना दिने व्यवस्था हुनु नितान्त आवश्यक रहेको समितिले ठहर गरेको थियो ।

- विश्वविद्यालय क्याम्पस भित्र परेका जमिनको क्षतिपूर्ति गैकन पनि कतिपय जमिनको २०२३ सालसम्मको वाली उठेको थिएन । त्यसैले मालमा दाखिल नभएको वाली असुल उपर गर्न वाग्मती अञ्चलाधीशको कार्यालयबाट सरकारी बाँकी सरह असुल उपर गराउन समितिले सिफारिस गरेको थियो । यस्ता बाँकी वालीमा गुठी, विर्ता र रैकर जमिन थिए । २०२४ सालदेखि भने विश्वविद्यालयबाट अधिग्रहण भएका जमिनको वाली वारे नयाँ व्यवस्था गरिने योजना बनाइएको थियो । यद्यपि सो योजनाका सम्बन्धमा त्यस बखत कुनै निर्णय गरिएको थिएन । सो वर्ष अर्थात् २०२४ सालको धानवाली उठाउनका लागिसमेत समितिले वाग्मती अञ्चलाधीश कार्यालयबाट आवश्यक सहयोग लिनु पर्ने दृष्टिकोण राखेको थियो ।

- २०१९ सालमा विशेष पुलिस विभागबाट त्रिभुवन विश्वविद्यालयको अनुसन्धान भएको थियो । अनुसन्धानका सिलसिलामा ३ जना कर्मचारीलाई सस्पेन्ड गरिएको थियो । जसमध्ये एक जना जिन्सी फाँटतर्फका हाकिमको निधन भइसकेको थियो । ५ वर्षसम्ममा अनुसन्धानको नतिजा सार्वजनिक भएको थिएन । अनुसन्धानका मिसिलहरू कुनै वाग्मती अञ्चलाधीशको कार्यालयमा र कुनै विशेष पुलिस

विभागमा नै रहेकाले त्यसको यथासम्भव छिटो नतिजा निकाल्न लगाई विश्वविद्यालयको हुन गएको नोक्सानी भराउनु पर्ने समितिको ठहर थियो ।

विश्वविद्यालयलका निम्ति अधिग्रहण गरिएको कीर्तिपुरको तथा बडाकाजी पुष्पराज राजभण्डारीले अर्पण गरेको नैकापको जमिन 'सरस्वती गुठी' यवस्थापन गर्न श्री ५ को सरकार शिक्षा मन्त्रालयमा २०२६ साल असोज १२ र २०२६ साल माघ १५ गते वैठक भएको थियो । वैठकले देहायको निर्णय गऱ्यो;[८]

- क्षतिपूर्ति दिइएका कित्ताको साविक जग्गावालाहरूका नाउँमा भूमि प्रशासन कार्यालयमा रहेको लगत कट्टा गर्न सो फाँटवारीका साथ स्वीकृतिका निम्ति अर्थ मन्त्रालयलाई अनुरोध गर्ने । क्षतिपूर्ति दिन बाँकी रहेका कित्ताहरूको विश्वविद्यालयबाट क्षतिपूर्ति दिई लगत कट्टा गर्न भूमि प्रशासन कार्यालयलाई पत्र लेख्ने । सोही पत्रका आधारमा लगत कट्टा गर्ने व्यवस्था गर्नसमेत अर्थ मन्त्रालयलाई अनुरोध गर्ने,
- क्षतिपूर्ति दिन बाँकी रहेका कित्तामा अलग अलग कित्ताको अलग अलग कारणबाट क्षतिपूर्ति दिन नमिलेको विषयमा छानविन गरी कानूनको रित पुऱ्याई यथाशीघ्र क्षतिपूर्ति दिने,
- अधिग्रहण भएको गुठीका जमिनमा विश्वविद्यालयको पूर्ण स्वामित्व हुनुपर्ने । गुठीको व्यवस्था नभएमा सो जमिनको आयस्ताबाट चल्ने गुठीको धर्म लोप हुने हुँदा त्यस्ता जमिनको जम्मै सट्टा भर्ना दिलाउने व्यवस्था मिलाउन श्री ५ को सरकारलाई अनुरोध गर्ने र

---

८ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ९८ ।

- गुठी आयस्ताबाट देव कार्य गर्न विभिन्न गुठीका कामदारहरूको पाउने पारिश्रमिक वारे गुठी संस्थान र विश्वविद्यालयले सूची बनाई राय सहित पेश गरेपछि आवश्यक निर्णय हुने ।

विश्वविद्यालयले उल्लिखित जमिनमा परेका कठिनाइ उपर आवश्यक छानविन गरी त्यसको समुचित व्यवस्था मिलाउन एउटा अधिकार सम्पन्न ट्रेबुनल गठन गर्न श्री ५ को सरकारसँग अनुरोध गरेको थियो । वैठकले उक्त ट्रेबुनलमा मुख्य अञ्चलाधीशको कार्यालय, वाग्मती अञ्चलका प्रतिनिधि, काठमाडौँ जिल्ला भूमि प्रशासन कार्यालयका भूमि प्रशासक र त्रिभुवन विश्वविद्यालयका प्रतिनिधिलाई समावेश गर्ने सिफारिस गरेको थियो । यसलाई देहायका अख्तियारी दिइएको थियो;

- अधिग्रहण भइसकेका तर क्षतिपूर्ति दिन बाँकी रहेका कित्ताहरूमा आवश्यक छानविन गरी कानूनको रित पुऱ्याई क्षतिपूर्ति दिलाउने कारवाई गर्ने,
- एकको क्षतिपूर्ति अर्काले लगेको भन्ने उजुरीका सम्बन्धमा आवश्यक कारवाई गर्ने,
- क्याम्पसको नापी हुँदा खडा भएको फिल्ड बुक र नक्सा नमिलेकाले सोको उचीत व्यवस्था गरी दुरुस्त श्रेस्ता खडा गर्ने तथा
- गुठी संस्थान, विश्वविद्यालय र मालपोत विभाग भई क्याम्पसको गुठी जग्गाको लगत खडा गर्ने गराउने ।

विश्वविद्यालयबाट गुठी जमिन चलन गर्दा त्यसको आयस्ताबाट चल्ने गुठीहरूलाई असर परी धर्मलोप हुने सम्भावना हुँदा आयस्ताको बन्दोबस्त नगरी नहुने देखिन आयो । गुठी जमिनका निम्ति साविक विर्ताका जग्गाधनीहरूले पाए सरह नगदै क्षतिपूर्ति रूपमा गुठी संस्थानलाई दिने निर्णय भएको देखिन्छ ।

गुठीकै सन्दर्भमा बडाकाजी पुष्पराज, कृष्णप्यारी, मधुसुदनराज, पुरुषोत्तमराज, निरराज, जितकुमार, भरतराज, अम्मरराज, गोविन्दराज, रुक्मणी, केदारराज, ईश्वर राजभण्डारीसमेतका नाउँमा काठमाडौं मालमा लगत नं. १८/१९/२० मा दर्ता भएको साविक खेत रोपनी ५४ चवन्न र पछिल्लो नापीमा रोपनी १२५ (एक सय पच्चीस) कायम भएको थियो । त्यस जमिनको किसिमअनुसार वर्ष १ को कुत धान मुरी २७/६/६ सत्ताइस मुरी ६ पाथी ६ माना हुन आउँथ्यो । सो जमिनको मालमा बुझाउन पर्ने पोत रु. ६१/५६ (एकसट्ठी र पैसा छपन्न मात्र) लाग्दथ्यो । यो जमिन 'श्री त्रिभुवन विश्वविद्यालयमा शिक्षाको काममा अर्पण गरेको' लगतमा निवेदकहरूका नाउँबाट कट्टा गरी राज गुठीमा लगत सारी श्री ५ को सरकारमा आउने पोत त्रिभुवन विश्वविद्यालयबाट लिने भनि २०२४ साल वैशाख १२ गतेका दिन निर्णय भएको थियो । यद्यपि त्यसबाट विश्वविद्यालयले मोहीहरूबाट पाउनु पर्ने आयस्ता पाएको थिएन । सो विषयमा वाग्मती अञ्चलाधीशको कार्यालय तथा जिल्ला पञ्चायत कार्यालयबाटसमेत कोसिस गर्दा पनि मोहीहरूले नियमानुसारको कुत बुझाएका थिएनन् । त्यसैले कानुनअनुसार सबै मोहीहरूलाई मोहीयानीबाट निस्काशन गराउने कारवाई गर्ने गरी वैठकले सिफारिस गरेको थियो । सो जग्गाको जग्गाधनी प्रमाण पूर्जा त्यस बखतसम्म विश्वविद्यालयले पाएको थिएन । त्यसैले मालपोत विभागसँग साविक बमोजिमको आवश्यक लगत लिएर भूमि प्रशासन कार्यालयबाट शीघ्र जग्गाधनी प्रमाण पूर्जा लिनेसमेत वैठकले निर्णय गरेको थियो ।

त्यति मात्र नभएर नैकापको जमिन सम्बन्धमा २०२३ सालदेखि २०२६ सालसम्मको असूल गर्नुपर्ने मकै करिव २५२ मुरीको चालु बजार दरमा मोल रु. १८,९००/- भएको र सो २०२३ सालदेखिको बाली उपर गर्ने नालिस दिने म्याद गुज्री सकेकाले सो म्याद थाम्न श्री ५ महाराजाधिराज सरकारमा बिन्ति चढाउने निर्णयसमेत गरिएको थियो ।

उक्त बैठकमा दीर्घराज कोइराला-सचिव, शिक्षा मन्त्रालय, गणेशमान-गुठी प्रशासक, गुठी संस्थान, लक्ष्मणविक्रम अधिकारी-सहायक अञ्चलाधीश, वाग्मती अञ्चल, चुडामणि राज-का.मु.सचिव, कानुन मन्त्रालय, रामबहादुर के.सी.-उप निर्देशक, भूमि विभाग र विश्वविद्यालयका रजिष्ट्रार सुरेन्द्रसिंह के.सी. को उपस्थिति थियो ।

बडाकाजी पुष्पराजसमेतले विश्वविद्यालयमा अर्पण गरेको नैकाप गाउँ पञ्चायतअन्तर्गतका मोही आसामरु श्रेष्ठसमेतले कमाएको जमिनको २०२७ सालको नियमअनुसारको वाली नबुझाएकोले निज मोहीहरूको नाममा नालिस दिइएको थियो ।[९]

मुआवजा

२०२५ सालसम्म पाखो अब्बल जमिनको मुआवजा प्रति रोपनी रु. ५२५/- तोकिए तापनि पाखो दोयम, सीम र चाहार जमिनको कुनै दर तोकिएको थिएन । यस सम्बन्धमा विश्वविद्यालय सिण्डिकेटले २०२५ साल असोज २५ गतेका दिन पाखो अब्बलको तुलनामा दोयम, सीम र चाहारको दर क्रमशः रु. २०/-, २०/-घटाउँदै लैजाने नीति निर्धारण गर्न श्री ५ को सरकारमा अनुरोध गर्ने निर्णय गरेको थियो ।[१०] प्रस्तावित प्रति रोपनी यो दर क्रमशः दोयमको रु. ५०५/- सीम प्रति रोपनीको रु. ४८५/- र चाहार प्रति रोपनीको रु. ४६५/- थियो ।

---

[९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट बैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ११७ ।

[१०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट बैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय न. १०७ ।

विश्वविद्यालय भित्र परेको प्राणेश्वर गुठीको जमिनको बाली पाउँ भनि उमानाथ उपाध्यायले २०१७ सालमा विश्वविद्यालयमा एउटा निवेदन दिएका थिए ।[११] प्राणेश्वर गुठीसँग सम्बद्ध अन्य सन्दर्भ प्रकाशमा आएको पाइँदैन जुन अनुसन्धानको विषय हो ।

गुठी जमिनको छानविन

विश्वविद्यालयका लागि अधिग्रहण गरिएकोमध्ये रैकर र गुठी जमिनमा कतिपय कठिनाइ भएकाले मुआवजा वितरण गर्ने तथा वाली उठाउने काममासमेत अप्ठेरो परेको थियो । अर्कातर्फ गुठी जमिनको आयस्ताबाट चलाइँदै आएको पूजा आदि बन्द भई धर्म लोप हुन लाग्यो भन्ने भनाइ पनि आएको थियो । त्यसैले यी विषयहरू छानवीन गरी सबै कचिङ्गल हटाउन तथा भविष्यमा के गर्ने भन्ने सुझाव दिनका लागि विश्वविद्यालयले एउटा समिति गठन गर्न श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई अनुरोध गरेको थियो । समितिका लागि विश्वविद्यालयले प्रस्ताव गरेको नाम यस प्रकार थियो;[१२]

| | |
|---|---|
| श्री ५ को सरकार भूमि प्रशासनको प्रतिनिधि | एक |
| वाग्मती अञ्चलाधीश कार्यालयको प्रतिनिधि | एक |
| गुठी संस्थानको प्रतिनिधि | एक |
| श्री ५ को सरकार शिक्षा मन्त्रालयको प्रतिनिधि | एक |
| त्रिभुवन विश्वविद्यालयको प्रतिनिधि | एक |
| काठमाडौँ जिल्ला पञ्चायतको प्रतिनिधि | एक |

---

[११] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १८१ ।

[१२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १८० ।

सट्टा भर्ना

विश्वविद्यालयले कीर्तिपुरमा अधिग्रहण गरेकोमध्ये गुठी जमिनलाई रैकर जमिन सट्टा भर्ना दिने योजना बनाएको थियो । फलस्वरूप जमिन प्राप्त गरी यथाशीघ्र विश्वविद्यालयका नाममा हस्तान्तरण गर्नका लागि श्री ५ को सरकारमा जाहेर गर्न लगत फाँटलाई पत्र लेख्ने निर्णय गरेको थियो । यस विषयको बोधार्थ शिक्षा मन्त्रालयलाई दिने निर्णयसमेत भएको थियो ।

यस सम्बन्धमा श्री ५ को सरकारले आवश्यक उचीत कारवाई गरी जमिन प्राप्त गर्ने र सो जमिनलाई विश्वविद्यालयका नाममा हस्तान्तरण गर्न जाहेर गर्दै लगत फाँटलाई पत्र लेखिएको थियो । यस पत्रको बोधार्थ शिक्षा मन्त्रालयलाई दिइएको देखिन्छ ।[१३]

सरस्वती गुठी

विश्वविद्यालयलाई प्राप्त हुन अएको माथि उल्लिखित 'सरस्वती गुठी' का सम्बन्धमा वडाकाजी पुष्पराज भण्डारीसमेत १२ जनाले वर्ष १ को धान मुरी २७/६/६ कुत लागेको काठमाडौं मालमा पोत रु. ६१/५६ बुझाउनु पर्ने नयाँ नैकाप भन्ज्याङ्गको नैकाप पाखासमेत रोपनी ५४ चौवन्न रहेको थियो । सो जमिन पछिल्लो नापीबाट १२५ (एक सय पच्चीस) रोपनी ठहर भएको थियो । उक्त जमिन आफ्नो हक छाडी शिक्षाको काममा त्रिभुवन विश्वविद्यालयमा खर्च गर्ने गरी सरस्वती गुठी नामले राज गुठीमा दर्ता गर्नका लागि बडाकाजी पुष्पराज भण्डारीसमेतले श्री ५ को सरकारलाई निवेदन दिएका थिए । निवेदनमा सो जमिनको श्री ५ को सरकारमा अउनु पर्ने मालपोत विश्वविद्यालयबाट बेहोरिने वारे अर्थ मन्त्रालयले राय मागेकोमा श्री ५ को सरकारको नियम कानून बमोजिम

[१३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ७७ ।

लाग्ने मालपोत विश्वविद्यालयले तिर्न स्वीकार गरी उत्तर पठाइएको थियो ।[१४]

उक्त सरस्वती गुठीको वाली असुल उपर गर्ने सम्बन्धमा विश्वविद्यालयले कानुनी सल्लाहकारसँग सल्लाह लिएको थियो । कानूनी सल्लाहकार लक्षपाणी गौतमले पनि लिखित रूपमा विश्वविद्यालयलाई आफ्नो सल्लाह दिएका थिए । उनको सल्लाह (सरस्वती गुठीको वाली असुल उपर गर्ने) लाई क्रमशः छत्रप्रसाद मैनाली, त्रैलोक्यनाथ उप्रेती, सूर्यबहादुर शाक्य तथा अन्त्यमा रुद्रराज पाण्डेलेसमेतले २०२४ साल मंसिर १८ गतेका दिन सदर गरेका थिए । यसरी विधिवत रूपमा सदर गरिएको सल्लाहलाई विश्वविद्यालय सिण्डिकेटलेसमेत सदर गरेको थियो ।[१५] लक्षपाणी गौतमले विश्वविद्यालयको 'प्रपर्टि मानेज्मेण्ट कार्यालय' का अधिकृतका नाममा २०२४ साल असोज ६ गतेका दिन पेश गरेको सो सामग्रीमा देहायको सन्दर्भ पाइन्छ;

> *"बडाकाजी पुष्पराज राजभण्डारीसमेतले काठमाडौँ इलाका नैकाप बानियाँ गाउँ स्थित नैकाप पाखा जमिन श्री सरस्वती गुठीको नाममा राखेका थिए । उनीहरूले सो जमिन काठमाडौँ माल दोस्रामा नं. १८/१९/२० मा दर्ता गरेका थिए । साविक नैकाप अवल रोपनी ५४ रहेको सो जमिन पछिल्लो नापिबाट १२५ रोपनी भएको थियो । उक्त जमिन कमाउने मोहीहरू ६ नं. स. गो. ६ नं. ख. डोरबाट नैकाप स. नं.१ को कित्ता १०५ र ऐ सं वा. नं. ५ को कित्ता ५८*

---

[१४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ९८ ।

[१५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ७९ ।

*समेत जम्मा कित्ता १६३ को भूमि सम्बन्धी ऐन बमोजिम बाँकी असुल गरेको र मोहीहरूको नाम नामेसीको फाँटवारीसम्म पठाइएको देखिएको थियो । यस जमिनको कित्ता धेरै देखिएकाले एउटै मोहीले ३/४ कित्ता कमाएको पनि हुने हुँदा यो मोहीको यो यो कित्ता यति रोपनी भन्ने लेख्नु पर्नेमा सो केही लेखिएको थिएन । त्यसैले यो विवरणसमेत जानकारी गरी रोपनी तथा कित्ता खोली कवुलियत गराउन विश्वविद्यालयबाट सम्बन्धित मोहीहरूलाई सूचना दिइ सहयोग गर्न नैकापका प्रधानपञ्चलाई पत्रद्वारा अनुरोध गर्ने कानुनी सल्लाहकारको सल्लाह थियो ।"*

प्रधानपञ्चलाई लेखिने सो पत्रमा बडाकाजी पुष्पराज कहाँ वाली बुझाउने मोहीहरूसमेतले शिक्षाका निम्ति उक्त जमिन विश्वविद्यालयलाई अर्पण गरेकाले गत २०२३ सालको बाँकी धान नै लिई सो धान मौज्दात नुहनका लागि विश्वविद्यालय सिण्डिकेटबाट निर्णय गराएर सोही वर्षकोमात्र धान मुरी १ को रु. ६०/-का दरले नगदी र सर्भे डोरबाट पाएको अस्थायी जोताहा पुर्जी समेत ३ दिन भित्रमा विश्वविद्यालय प्रपर्टि म्यानेजमेण्ट कार्यालयमा हाजीर हुनका लागि गोरखापत्रमा पनि प्रकाश गराइयो । सूचनाअनुसार मोहीहरू हाजीर हुन आएपछि नयाँ लगत खडागरी कबुलियत गराई उक्त कित्ताहरूको ४ किल्लासमेत देखिने गरी सर्भे बाट ९ प्रति नक्सा उतार पनि लिई फाईल सामेल राखेर उक्त जमिनको २०२३ सालको मोल रु. ७५/६० जिल्ला पञ्चालयत कार्यालय मालमा धरौट रहेको नक्कल रसिदबाट देखिँदा सोसमेत सदर स्याहा गराई रसिद लिनु पर्ने कानुनी सल्लाहकारको राय थियो । यसलाई विश्वविद्यालय सिण्डिकेटबाट पनि सदर गरिएको माथि नै चर्चा भइसकेको छ ।

## जग्गाधनीको अनुरोध

विश्वविद्यालयले अधिग्रहण गरेको जमिनका धनीहरूले विश्वविद्यालयका रजिष्ट्रारका नाममा एउटा अनुरोध पत्र लेखेका थिए । विश्वविद्यालय सिण्डिकेट वैठक पुस्तिका २०२४/४/२३-२०२५/३/३१, निर्णय नं. ४५ पछि रहेको उक्त 'पीर मर्का परेको हटाई पाउँ भन्ने वारे' को पत्रमा देहायका सन्दर्भ उठाइएको थियो;

- कीर्तिपुरको ट्याङ्ला फाँटलगायत सरकारले तोकेको चार किल्ला भित्रको जमिनमध्ये भाजङ्गलको मुआवजा १ रोपनीको रु. ९००/- र अरूको १ रोपनीको रु. ५६२/५० दिइयो । यसरी मुआवजा वितरणमा असमानता गरियो भने शुरुदेखि उठाउनु पर्ने वाली नउठाई बाँकी रहेको वाली त्यस बखत पुरै उठाउने निर्णय गरिएको थियो । यसका अतिरिक्त जमिन अधिग्रहणमा परी मर्का पर्नेका निम्ति मर्काको विचार गरिदिने भनी पहिलेदेखि आश्वासन दिँदै आए तापनि जमिन नभएकालाई विश्वविद्यालयले त्यस बखतसम्म कुनै ध्यान नदिइएकाले यथाशीघ्र उल्लिखित आश्वासन पुरा गरिदिनु पर्ने माग राखियो ।[१६]

- विश्वविद्यालय निर्माणका लागि अधिग्रहण गरिएको जमिनमध्ये क-कस्को के-कतिको मुआवजा कुन मितिदेखि गएको छ सोही मितिदेखि वर्ष वर्षको वाली समयमा नै असुल गरिएन । फलस्वरूप २०१४ सालदेखिको मालपोत तिर्न मालमा जाँदा विश्वविद्यालयमा नै तिर्न पठाउने तथा उता विश्वविद्यालयमा जाँदा हालसम्म मालपोत उठाउनेतर्फ कुनै निर्णय नभएको भनी कुनै कारवाई गरिएन । तर २०२४/२०२५ सालमा पाकेको वाली घर भित्र ल्याउन लाग्दा बाटोमा रोकी जबरजस्ती जस्तो गरेर

---

[१६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ४५ पछि परेको निवेदन ।

२०१४ सालदेखि असुल उपर नगरेको मालपोत एकै पटक असुल उपर गर्ने प्रयास गरियो । यसबाट गरिब किसानलाई निकै मर्का पर्न गयो । त्यसैले विश्वविद्यालयमा परेको जमिनको वाली असुल उपर गर्ने ठोस काम २०२४/२०२५ सालमा मात्रै गरेको हुँदा त्यसदेखि अघिको बाँकी मालपोत माफ गरिदिनु पर्ने । सोही सालदेखिको मालपोत मात्र सरकारको नियमअुनसार असुल उपर गरेमा सम्बन्धित किसान मर्काबाट बच्ने,

- आवश्यक परेका बखत मात्र जमिन लिए हुनेमा विश्वविद्यालयलाई चाहिँदै नचाहिँदा पनि लिएर बाँझो राखिएको । विश्वविद्यालयलाई नचाहिएसम्म वाली लगाउन दिई चाहिने मालपोत लिएका खण्डमा विश्वविद्यालयलाई र कमाई खाने किसानलाई फाईदा हुने थियो । त्यसैले अब उप्रान्त विश्वविद्यालयलाई चाहिएमा तुरुन्त लिने गरी नचाहिएसम्म कुनै पनि जमिन बाँझो नराखी अघि बाँझो राख्न लगाएको जमिनसमेत जजस्को हो निजहरूलाई नै लाग्ने मालपोत लिई जग्गा अवाद गर्न दिने,

- कीर्तिपुरका जनताको जीवन यापनको मुख्य पेशा खेती भए तापनि उनीहरू यस पेशाबाट क्रमशः वञ्चित हुँदै गएका छन् । त्यसैले जमिन अधिग्रहणका कारण मर्कामा परेका जनतालाई सरकार र विश्वविद्यालयलबाट सहुलियत प्राप्त हुनुपर्ने हो । यस सम्बन्धमा पहिले पनि आश्वासन दिइएको थियो । त्यसका अतिरिक्त विश्वविद्यालयमा जमिन पर्ने जनतालाई सरकार तथा विश्वविद्यालयबाट संयुक्त निर्णय गरी त्यसको सूचना सरकार तथा गैर सरकारी अफिसहरूलाई जानु पर्ने हो । त्यस्तै विश्वविद्यालयमा जमिन पर्ने कसैलाई कुनै काममा सहुलियत आवश्यक भएमा कीर्तिपुरको पञ्चायतको सिफारिसका आधारमा विश्वविद्यालयबाट सहुलियतको पत्र दिने व्यवस्था गरिनु पर्ने,

## जमिनको तिरो

विश्वविद्यालय स्थल कीर्तिपुर भित्र परेको मुआवजा दिइसकेका विर्ता, रैकर र गुठी जमिनमध्ये कमाइरहेकासँग पहिलेकै दरमा २०१५ सालको बाली विर्ता फाँटबाट असुल गराए जस्तै २०१६ सालको बाली पनि विर्ता फाँटबाट नै असुल तहसिल गरी विश्वविद्यालयको नाममा आम्दानी बाँध्न लगाइयो । यद्यपि पहिले जिन्सी तिरी राखेकासँग प्रचलित बजार भाउमा नगद असुल गरी आम्दानी बाँध्न लगाउने र २०१६ सालमा कमाइ रहेका जग्गाधनीले विश्वविद्यालयलाई आवश्यक भएका बखत बिना रोकतोक छोडी दिनु पर्ने प्रावधानसमेत राखिएको थियो ।[१७]

## प्रोपर्टी म्यानेजमेन्ट अफिस

विश्वविद्यालयले अधिग्रहण गरेको जमिनको मुआवजा तथा वाली सम्बन्धी सम्पूर्ण स्याहा-श्रेस्ता (कागजपत्र) नगदी-जिन्सी आदि झंकेश्वरमान सिंह प्रधानसँग रहेको थियो । निज झंकेश्वरमानले श्री ५ को सरकारको सेवाबाट अवकाश पाएकाले निजसँग रहेका विश्वविद्यालयसँग सम्बन्धित कागजाद, नगद तथा जिन्सि बुझबुझारथ गरी लिन श्री ५ को सरकारले एउटा सरकारी कर्मचारी खटाएको थियो । तर उक्त चीजहरू विश्वविद्यालयको सम्पत्ति भएको हुँदा विश्वविद्यालयको कर्मचारीले निजबाट बुझी लिनुपर्ने विश्वविद्यालयको ठहर थियो । कीर्तिपुर क्याम्पसको २६ सय रोपनी जमिन भएको, लाखौं रुपैयाको लागतमा निर्माण गरिएका थुप्रै भवन रहेको तथा थुप्रै भौतिक संरचनाहरू भविष्यमा बन्ने अवस्थामा थिए । त्यस्तै विश्वविद्यालयमा विद्यमान मालसामान तथा भविष्यमा थपिँदै जाने समानको शुरुदेखि राम्रो संरक्षण, सुप्रबन्ध, सुरक्षा आदि गर्नु पनि त्यत्तिकै आवश्यक भएको विश्वविद्यालयले महशुस गरेको थियो । यसका लागि एउटा छुट्टै शाखा खडा गर्नु उपयुक्त हुने भएकाले

---

[१७] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १७१ ।

माथि उल्लिखित बुझबुझारथको काम तथा तत्सम्बन्धी अरू सबै कामका लागि 'प्रपर्टी म्यानेजमेन्ट अफिस शाखा' खडा गरिने भयो । यस शाखाको प्रमुखलाई 'प्रपर्टि म्यानेज्मेन्ट अफिसर' नामकरण गरियो ।

उक्त प्रपर्टि म्यानेजमेन्ट अफिसर पदमा विश्वविद्यालयका सबै कुराको शुरुदेखि जानकारी भएका एकाउण्ट अफिसर छत्रप्रसाद मैनालीलाई कायम मुकायम गरी नियुक्त गरियो ।[१८]

२०२२/०२३ सालसम्म आइपुग्दा विश्वविद्यालयले दीर्घकालीन योजनाको रूपरेखा तयार गर्नुपर्ने आवश्यकता महशुस गरेको थियो । यसका लागि विश्वविद्यालयले कुनै मित्र राष्ट्रबाट दुई किसिमको प्राविधिज्ञहरूको मद्दत खोजेको थियो । एउटा स्नातकोत्तर शिक्षाको दीर्घकालीन योजना तयार गर्न सक्ने सुयोग्य र अनुभवी शिक्षा विशारद र अर्को उक्त योजनालाई कार्यरूप दिन आवश्यक, भवन, बाटो ल्यान्डस्केलिङ्ग आदि सम्बन्धी विकासको पूर्ण ढाँचाको योजना तयार पार्नको लागि कुशल आर्किटेक्ट । यी दुई व्यक्ति युनाइटेड किङ्डमबाट झिकाउन श्रेयस्कर देखिनाले नेपाल स्थित व्रिटिश काउन्सिल मार्फत् यी दुई विज्ञ व्यक्ति झिकाई दिन श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई अनुरोध गरियो ।[१९]

## मोहियानी हक

२०२४ सालदेखिको वाली उठाउने सम्बन्धमा शिक्षण संस्थाहरूको जमिनमा जोताहाहरूको मोहियानी हक लाग्ने/नलाग्ने वारे स्पष्ट गराउनु पर्ने देखिन्थ्यो । त्यस्ता जमिनमा मोहियानी हक लाग्ने भएमा विश्वविद्यालय क्याम्पस भित्रको जमिनमा ज्यामी लगाएर विश्वविद्यालय

---

[१८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ५८ ।

[१९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १३७ ।

आफैले कमाउने तथा मोहियानी हक नलाग्ने भएमा अस्थायी मोहीबाट कमाउन दिने र निजहरूबाट भूमि सम्बन्धी ऐनअनुसार वाली लिने निर्णय गरियो ।[२०]

सम्भवतः यसै प्रतिवेदनका आधारमा २०२५ सालमा कारणवस धान नपाकेको हुनाले विश्वविद्यालयको जमिन कमाउनेहरूले अधियाँ गरी पाउँ भनी दिएको निवेदनको आधारमा बाली अधियाँ गरिएको थियो ।[२१]

अधिग्रहण गरिएको जमिनको २०२४ सालसम्मको बक्यौता वालीका सम्बन्धमा विश्वविद्यालयले स्थानीय पञ्चायतको सुझावका आधारमा देहायको व्यवस्था गरेको थियो ।[२२]

रैकर

- मुआवजा दिइएको सालदेखि २०२३ सालसम्मको वाली साविक दरमा लिने,
- वक्यौता वालीमा लाग्ने सुद मिनाहा दिने । सुद असुल भइसकेको कलममा पछि नयाँ वाली असुल गर्दा सुद कट्टा गरी दिने,
- बाँकी वाली एकमुष्ट बुझाउन नसकी किस्तामा बुझाउन माग गर्नेलाई पहिलो किस्ता २०२४ साल फागुन मसान्त, दोस्रो सोही चैत मसान्त, तेस्रो २०२५ साल वैशाख मसान्त र चौथो किस्ता २०२५ साल असार मसान्तसम्म बढिमा रु.१००/-को ४ किस्तामा चुक्ति गरी असुल उपर गर्ने ।

---

[२०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ८८ ।

[२१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ५५ ।

[२२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ७४ ।

विर्ता

- मोहीले कमाई साविक जग्गा धनीलाई तिर्ने गरी आएको वाली कुतको साल सालको बजार दर भाउअनुसार जिन्सिको नगदीमा परिणत गरी असुल गर्ने,
- मुआवजा लिई सकेका साविक विर्तावालले २०२४ सालमा कमाइ आएको साविक विर्ता जमिनको मोहीले विर्तावाललाई बुझाए सरहको वाली कुत साल सालको बजार दर भाउअनुसार जिन्सिको नगदीमा परिणत गरी असुल गर्ने,
- मोही लागेको साविक विर्ताको वाली कुत साविक विर्तावालले नै असुल गरी लगेको भनी मोहीले देखाएको कलममा साविक विर्तावालबाट उपरोक्त लेखियबमोजिम असुल गर्ने,
- साविक विर्ता जमिनको बाँकी वाली असुल गर्दा रैकरको तुलनामा ५/६ गुनासम्म पनि बढि हुनजाने हुनाले बढी म्याद दिन पर्ने भयो । त्यसैले २०२५ साल चैत मसान्तसम्ममा ४/४ महिनाको किस्ता गरी ४ किस्तामा स्थानीय पञ्चायतको सहयोगमा माथवर धन जमानी लि किस्ताबन्दीको फण्ड तोकी तोकिएको फण्डमा असुल गर्ने र
- विर्ताको वाली कुत असुल गर्दा सुद नली मिनाहा दिने ।

गुठी

- गुठी संस्थानमा दर्ता भएको राजगुठीको आवादी जमिनको २०२३ सालसम्मको जमिन कमाउने मोहीबाट वक्यौता वाली गुठी संस्थानले असुल उपर गर्ने,
- गुठी संस्थानमा दर्ता भएको राजगुठीमा विश्वविद्यालयको भवन, सडक, आदि निर्माणमा परी बाँभिएका जग्गाको गुठी संस्थानले पाउने वालीका हकमा २०१३ सालको निर्णयअनुसार श्री ५ को

सरकारबाट चाहिने व्यवस्था गर्नुपर्ने हुनाले त्यस्ता जमिनको वालीका सम्बन्धमा सरकारले आवश्यक व्यवस्था मिलाउने र

- दुनियाँ गुठीका हकमा उपरोक्त विर्ता जमिनमा लाग्ने नियमानुसारको रकम विश्वविद्यालयबाट नै असुल उपर गर्ने ।

२०२४ सालसम्म विश्वविद्यालय कलेज भित्र परेका जमिनबाट धान तथा मकै आम्दानी भएको थिएन । २०२५ सालदेखि धान, मकै जस्ता वाली उपर हुन आएको थियो । २०२५ सालमा हरेक खलामा गई काँचो धान नै उपर गर्नु परेबाट जम्मा धान ६५० मुरी १३ पाथी ५ माना उपर भएकोमा सो सुकाउँदा पछि ६४३ मुरी ४ पाथी मात्र बाँकी रहेको थियो । विश्वविद्यालयले यसरी आम्दानी भएको धान तथा मकै विक्री गर्ने निर्णय गरेको थियो । यस क्रममा मकै कृषि सप्लाई संस्थानले खरिद गर्ने भएकाले त्यहीँ बिक्री गर्ने र धानको हकमा सकेसम्म खाद्य संस्थान तथा अन्य सरकारी एजेन्सीलाई विक्री गर्ने र सो नभएमा बजार मूल्यमा अरूलाई बिक्री गर्ने निर्णय गरियो ।[२३] यो निर्णयको केही पछि विश्वविद्यालयले खाद्य संस्थानलाई प्रति मुरी रु.४७/-मा धान बिक्री गरेको थियो । सोही वर्ष अर्थात २०२५ सालमा नै विश्वविद्यालय सिण्डिकेटको पहिलेको निर्णयअनुसार धान प्रति मुरी रु. ४८/- मा विक्री गरिएको र ढुवानी वापत प्रति मुरी रु.१/-छुट दिइएको कुरा स्पष्ट गरिएको थियो ।[२४]

---

[२३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ८७।

[२४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १६० र २३४ ।

## हर्टिकल्चर सब स्टेसन

श्री ५ को सरकार कृषि विभागबाट २०१७ साल असार ४ गतेका दिन विश्वविद्यालयका नाममा एउटा पत्र लेखिएको थियो । पत्रअनुसार कीर्तिपुरमा हर्टिकल्चर सब स्टेसन तथा एग्रोनोमिका लागि जमिनको माग गरिएको थियो । सो मागअनुसार हर्टिकल्चर सब स्टेसनका लागि ६० रोपनी र एग्रोनोमिका लागि ३० रोपनीसमेत जम्मा ९० रोपनी जमिन माग गरिएको थियो । यसरी माग भएको अवस्थामा विश्वविद्यालयले पनि आफ्नो लेआउट प्लानमा बाधा नपर्ने गरी उपरोक्त ९० रोपनी जमिन एस.टी.सी. तथा यु.बी.सी.बाट छुट्याउन लगाइ कृषि विभागलाई सब स्टेसनहरू खोल्न दिएको थियो ।[२५] उक्त जमिनको मुआवजा रकम भने कृषि विभागबाट विश्वविद्यालयलाई उपलब्ध गराइएको थियो । यस क्रममा विश्वविद्यालयलाई कृषि विभाग हर्टिकल्चर सेक्सनबाट नगद रकम रु. १,९६,६३७/३६ (रु.एक लाख छयानब्बे हजार छ सय सैंतीस र पैसा छत्तिस) दिइएको थियो ।[२६]

समग्रमा २०१९ सालसम्म विश्वविद्यालय क्षेत्र कीर्तिपुरमा जम्मा २५५७ रोपनी तथा २०२४ सालसम्ममा ३,००० तीन हजार रोपनी जति अधिग्रहण गरिएको जमिनमध्ये रैकर, वीर्ता तथा गुठी जमिनको व्यवस्थापनमा विभिन्न अवरोधहरू आएको देखिन्छ । पहिलो त जग्गाधनीहरूले मुआवजा अपर्याप्त भएकोमा विभिन्न किसिमबाट आफ्ना मागहरू राखेका कारणबाट नै सम्भवतः पहिले दिने निर्णय गरिएको रकममा ५० प्रतिशत वृद्धि गरिएको पाइन्छ ।

---

[२५] त्रिभुवन विश्वविद्यालय कमिटी वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३६० ।

[२६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १५१ ।

यहाँ हेक्का राख्नु पर्ने सन्दर्भ के पनि छ भने विश्वविद्यालयले अधिग्रहण गर्ने क्षेत्रभित्र परेको भाजङ्गल इलाकाको जमिनको मुआवजा प्रति रोपनी रु. ९००/- दिएको विश्वविद्यालयले अन्य जमिनको मुआवजा प्रतिरोपनी अधिकतम रु. ५६२/५० दिनु कतिसम्म जायज थियो । यो व्यवहारबाट विश्वविद्यालय स्थापना पूर्व नै कीर्तिपुरका जग्गाधनीप्रति सरकारको दृष्टिकोण यथार्थपरक नरहेजस्तो भान पर्दछ जुन दीर्घकालसम्म छलफलको विषय बन्दै आएको देखिन्छ ।

यस प्रकार जग्गाधनीलगायत स्थानिय जनताको सहयोगबाट नै कीर्तिपुर स्थित 'ट्याङ्गलाटार' मा विश्वविद्यालय स्थापना एवम् सञ्चालन भएको हो । पठन पाठन एवम् निर्माण कार्यमा यहाँका जनताको सक्रिय सहभागिता जुटाउन सक्नु पनि विश्वविद्यालयको सफलताको एउटा पक्ष देखिन्छ ।

२०१४ सालदेखि त्रिभुवन विश्वविद्यालयका लागि ट्याङ्लाटार (कीर्तिपुर) को जमिन अधिग्रहण गरिए तापनि २०२८ सालसम्म यथार्थतामा कति जमिन अधिग्रहण गरियो, अधिग्रहण गरिएको जमिनमध्ये रैकर, गुठी, विर्ताको परिमाण कति थियो, वास्तवमा के कस्ता जमिनलाई के कति रकमका दरले मुआवजा वितरण गरियो, कसैलाई सट्टा जमिनसमेत वितरण गरियो/गरिएन, यसरी सट्टा जमिन दिइएको भए कहाँ, के कति, कस्तो जमिन दिइयो, अधिग्रहण गरिएको जमिनबाट के कति तिरो (नगद तथा जिन्सि) आम्दानी भयो र के कामका लागि के कति खर्च गरियो तथा जमिनधनीका माग तथा तिनको सम्बोधन के कसरी भयो आदि विषय प्रकाश पार्ने सामग्री फेला नपरेकाले सो सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

* * *

# भौतिक संरचना

## परिचय

२०१२ सालमा गठन गरिएको 'त्रिभुवन विश्वविद्यालय कमिसन' ले काठमाडौँको त्रिपुरेश्वरमा रहेको सरकारी गेष्टहाउस नं. ३ बाट कार्य सम्पादन गरेको थियो । विश्वविद्यालय स्थापनासँगै सोही गेष्टहाउसमा कक्षा सञ्चालन गरियो । यस क्रममा सोही परिसरमा केही कोठाहरू निर्माणसमेत गरिएका थिए । यद्यपि कमिसनले विश्वविद्यालय निर्माण स्थल कीर्तिपुरमा क्रमशः आवश्यक निर्माण कार्यलाई निरन्तरतासमेत दिँदै आएको थियो । विश्वविद्यालयमा पठन पाठनका नयाँ नयाँ कार्यक्रम थपिँदै जानाले पनि आवश्यक भौतिक संरचना बढ्दै जानु स्वाभाविक नै थियो । यहाँ उदाहरणका रूपमा विश्वविद्यालयमा भवनलगायत केही निर्माण कार्यका बारेमा चर्चा गरिएको छ ।

## सरकारी गेष्टहाउस

स्थापनासँगै काठमाडौँको त्रिपुरेश्वरमा रहेको सरकारी गेष्टहाउसमा थालनी गरिएको पठन पाठनका क्रममा सोही परिसरमा केही कोठाहरू निर्माण गरिएका थिए ।[२७] यसका साथै विश्वविद्यालय सञ्चालन गर्न असुविधा भएकाले कार्यालय एवम् कक्षाहरू सञ्चालनका लागि विश्वविद्यालयले उपयुक्त भवनको खोजी गरेको थियो । यस क्रममा उपयुक्त भवन खोजेर सिफारिस गर्न विश्वविद्यालयले खड्गनर्सिङ राणालाई अख्तियारी दिएको थियो ।[२८] यसरी विश्वविद्यालयले स्थापनाको एक वर्षपछि भवन प्राप्त गर्ने एउटा योजना बनाएको देखिन्छ ।

---

[२७] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३३ ।

[२८] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १९८ ।

विश्वविद्यालय निर्माण स्थल कीर्तिपुरमा तत्कालै स्थायी रूपले भवनहरू निर्माण नहुने तथा भवन तयार नहुँदासम्म २/३ वर्षका लागि उपयुक्त भवन अत्यावश्यक हुन गयो । यसका लागि काठमाडौँ सहरको मध्यमा सुविधाजनक ठाउँमा रहेको जनरल सुरशमशेर राणाको 'सेतो दरबार' विश्वविद्यालय सञ्चालनका लागि उपयुक्त रहेको देखियो । त्यसै कारण विश्वविद्यालयले सो सेतोदरबार किन्ने योजना बनाएको पनि थियो । यस क्रममा दरबारको परल मुल्य श्री ५ को सरकारसँग लिने, दुईदेखि तीन वर्ष कक्षा सञ्चालन गरेपछि सो दरबार सरकारलाई नै दिने प्रस्ताव विश्वविद्यालयले राखेको थियो । यसका साथै विश्वविद्यालय स्थल कीर्तिपुरमा भवन निर्माणका लागि आवश्यक प्रारम्भिक कार्यको गति बढाउने र भवन निर्माण सम्बन्धी मालसामानहरू सङ्कलन गर्ने योजनासमेत बनाइयो ।

श्री ५ को सरकारको प्रथम पञ्चवर्षीय योजनालाई भारत सरकारबाट प्राप्त रकममध्ये भारतीय रुपैयाँ २०,००,०००/- (वीस लाख) विश्वविद्यालय भवन निर्माण लगायतलाई छुट्याइएको विश्वविद्यालय कमिटीको निर्णयबाट स्पष्ट हुन्छ । विश्वविद्यालयले सोही रकमलाई प्राथमिकताका आधारमा सन् १९६० र १९६१ दुई वर्षमा देहायका कार्यका लागि खर्च गर्ने योजना बनाएको थियो;[२९]

सन् १९६० मा

भारु.

सेतो दरबारको मोल भुक्तान गर्न अन्दाजी

८,००,०००/-

(यसको यथार्थ मूल्य विशेषज्ञहरूको समितिद्वारा निर्धारण गरिने)

---

[२९] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३१२ ।

भवन सम्बन्धी सामग्री तथा भवन निर्माण सम्बन्धी प्रारम्भिक कार्यमा लाग्ने खर्च भुक्तानी गर्न २,००,०००/-

**जम्मा भारु. दश लाख १०,००,०००/-**

सन् १९६१ मा

विज्ञान महाविद्यालय भवन, पुस्तकालय भवन, इत्यादि निर्माणमा लाग्ने खर्चको भुक्तानी दिन १०,००,०००/-

(उक्त भवनहरूको सबिस्तार लगतको हिसाब हुँदै गरेको र तयार हुनासाथ पेश गरिने उल्लेख भएको)

**जम्मा भारु. दश लाख १०,००,०००/-**

यस प्रकार विश्वविद्यालयले सन् १९६० मा भारतीय रुपैया १०,०००,००/- (दश लाख) र १९६१ मा १०,०००,००/- (दश लाख) गरी दुई किस्तामा जम्मा भारु. २०,०००,००/- (वीस लाख) प्राप्त होस् भन्ने योजना बनाएको थियो । यसअनुसार सन् १९६० मा प्राप्त हुनुपर्ने रु. १०,०००,००/- तत्कालै आवश्यक थियो । त्यसै कारण पहिलो किस्ताको सो रकम प्राप्त गर्न यथाशीघ्र आवश्यक कारावाहीका निम्ति श्री ५ को सरकारसँग अनुरोध गरियो ।

विश्वविद्यालयले तयार गरेको उक्त योजनाअनुसार सेतो दरबारको मुल्याङ्कनका लागि विशेषज्ञहरूको एउटा समिति गठन गरियो । 'त्रिभुवन विश्वविद्यालय भवन र सम्पत्ति मूल्याङ्कन समिति' नामकरण गरिएको समितिमा नरेन्द्रमणि आचार्य दीक्षितलाई अध्यक्ष बनाइएको थियो । समितिका अन्य तीन सदस्यमा चीफ इञ्जिनीयर कुलरत्न तुलाधर, स्वीट्जरलैण्डका नागरिक आर्किटेक्ट आर.ओ.वाइजे र असिस्टेन्ट इञ्जिनीयर अंगुरमान तुलाधर थिए । समितिमा दुई जना सल्लाहकार राखिएको थियो जसमा एस.एस.भण्डारकर (श्री ५ को सरकारको उच्च शिक्षा सल्लाहकार, इण्डियन एड मिसन-सल्लाहकार) र मेम्बर इञ्जिनीयर

(इण्डियन एड मिसन) केशवानी थिए । कमिटीलाई सेतोदरबार र त्यहाँको सम्पत्तिको मुल्याङ्कन गरी विश्वविद्यालय कमिटी समक्ष प्रतिवेदन पेश गर्ने कार्यादेश दिइएको थियो । यस क्रममा उल्लिखित रकममध्ये पहिलो किस्ताको रु. १०,००,०००/-(दश लाख) मध्ये रु. ८,००,०००/- (आठ लाख) सेतोदरबारको मूल्य भनिएको र बाँकी रु. २,०००,००/- (दुई लाख) को खर्चको अनुमानित फाँटवारी यसप्रकार निर्धारण गरियो;[३०]

| | | |
|---|---|---|
| १ इन्स्टुमेन्ट खरिद (भारु.) | | १२,०००/- |
| क सर्भे गर्ने इन्स्ट्रुमेन्ट | ७,०००/- | |
| ख नक्सा गर्ने इन्स्टुमेन्टस् र सामान | ५,०००/- | |
| २ प्राविधिक एक्स्पर्टहरूको पारिश्रमिक | | १८,०००/- |
| ३ बनाउने माल सामान जम्मा गर्न | | |
| क लगभग १६,००० क्यू.फि काठ | १,००,०००/- | |
| ख लगभग १५ लाख इँट | ५०,०००/- | |
| ग लगभग ३,५०० मुरी चुन | २०,०००/- | |
| | | १,७०,०००/- |
| | **जम्मा भारु. २,००,०००/-** | |

३० त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३३९ ।

दुई वर्षको अध्ययन एवम् प्रयासपछि शैक्षिक सत्र २०१७/०१८ सम्म आइपुग्दा विश्वविद्यालयले तत्कालका लागि सेतो दरबार आवश्यक नभएको ठहर गरेर दरबारको मालिकलाई सोही जानकारी गराएको थियो ।[३१]

सन् १९६० मा श्री ५ को सरकार र इण्डियन एड मिसनबीच भएको सम्झौता अनुसार रु. ३२ लाख भवन निर्माण (केमिष्ट्रि भवन, लाइब्रेरी भवन, होस्टर र केही स्टाफ क्वार्टर), रेफरेन्स लेइब्रेरी र स्टुडेण्टसिपका निम्ति खर्च गरिने भएको थियो ।[३२]

## विकास बोर्ड

श्री ५ को सरकार तथा भारत सरकार बीचको सम्झौताअनुसार विश्वविद्यालय निर्माण कार्य सञ्चालन गर्न एउटा विकास बोर्ड पनि गठन गरिएको थियो । उपकुलपतिको सभापतित्वमा गठन गरिएको 'त्रिभुवन विश्वविद्यालय विकास बोर्ड' मा विश्वविद्यालयका कोषाध्यक्ष, रेक्टरका अतिरिक्त चीफ इञ्जिनीयर पी.डब्लु.डी., श्री ५ को सरकार अर्थमन्त्रालय तथा शिक्षामन्त्रालयका प्रतिनिधिलाई समावेश गरिएको थियो । त्यस्तै डाइरेक्टर, आइ.ए.एम.र एस.एस.भण्डारकर दुई जनालाई सल्लाहकार तोकियो भने विश्वविद्यालयका रजिष्ट्रारलाई बोर्डको सेक्रेटरी बनाइयो ।[३३]

---

[३१] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ४१ ।

[३२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१, (१-२०३), परिच्छेद १३ ।

[३३] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ११३ ।

## योजना समिति

विश्वविद्यालयको योजनावद्ध विकासका सम्बन्धमा सल्लाहका लागि श्री ५ को सरकारको सहयोगमा सन् १९६६ मा ब्रिटिश काउन्सिलबाट सर सवर्ट एटकिन र फोर्ड फाउण्डेसनबाट डा.मालकम विली आएका थिए । उनीहरूको सल्लाहसमेतका आधारमा १९६७ को मई महिनामा विश्वविद्यालयले एउटा 'योजना समिति' गठन गर्‍यो । समितिमा सूर्यबहादुर शाक्य, बद्रीप्रसाद श्रेष्ठ, डा.बलराम जोशी, डा.हरिदेव मिश्र, डा.दिव्यदेव भट्ट, कमलप्रकाश मल्ल, डा.रामप्रसाद राजवाहक, ब्राम्हीदत्त पाण्डे, जगतबहादुर सिंह बुढाथोकी र दीर्घराज कोइरालालाई समावेश गरिएको थियो । डा.पन्नालाल प्रधानलाई समितिको कार्यकारी सचिव बनाइयो ।

समितिलाइ फोर्ड फाउण्डेसनको सहयोगबाट डा.ल्पभले सल्लाहकारका रूपमा सहयोग गरेका थिए । त्यस्तै समितिलाई सघाउनका लागि केही कर्मचारी नियुक्त गरियो भने छुट्टै कार्यालयसमेत स्थापना गरियो । समितिले विश्वविद्यालय ऐनमा गर्नुपर्ने संशोधनको मसौदा तयार गर्नाका अतिरिक्त विश्वविद्यालयको पुनर्गठन, कीर्तिपुर क्याम्पस, विश्वविद्यालयको आर्थिक क्रियाकलाप, नेपालका कलेज र दीर्घकालीन योजना आदिका वारेमा अध्ययन गरी प्रतिवेदन तयार गरेको थियो ।[३४]

## भवन निर्माण कमिटी

विश्वविद्यालय सञ्चालनका साथै भवन निर्माणलगायत कामका निम्ति एउटा 'बिल्डिङ कमिटी' गठन गरिएको थियो । कमिटीको गठन, कार्यविधीलगायत काम, कर्तव्य र अधिकारसमेत विस्तृत रूपमा निर्धारण गरेर एउटा अख्तियारी पत्र नै तयार गरिएको थियो ।

---

[३४] त्रिभुवन विश्वविद्यालय, नवौं वार्षिक प्रतिवेदन २०२४/०२५, पृ. ११ ।

विश्वविद्यालय बिल्डिङ कमिटीमा रहने कमसेकम पाँच जना सदस्यहरू सिण्डिकेटबाट मनोनित गरिने जसमध्ये कमसे कम दुई जना सिनेटका मेम्बर तर सिण्डिकेटबाट बाहिरका हुनु पर्ने व्यवस्था गरियो । सोही व्यवस्थाअनुसार तत्कालका लागि सिण्डिकेटबाट दुई जना विश्वविद्यालय कमिटीका सदस्य भैरबबहादुर प्रधान र विश्वविद्यालय परिषद्का सदस्य आशुतोश गांगुलीलाई बिल्डिङ कमिटी सदस्यमा मनोनित गरिएको थियो ।

सो कमिटी गठन गरिएको केहीपछि कीर्तिपुरमा विश्वविद्यालय निर्माणका लागि आवश्यक सहयोग पुऱ्याउन उपकुलपतिको अध्यक्षतामा छुट्टै एउटा 'विश्वविद्यालय भवन निर्माण कमिटी' गठन गरिएको थियो । समितिमा श्री ५ को सरकारका चीफ इञ्जिनीयर कुलरत्न तुलाधर, चीफ इञ्जिनीयर ज्ञानप्रसाद शर्मा (सिनेट सदस्य), श्री ५ को सरकार अर्थ मन्त्रालयका सचिव वा निजको प्रतिनिधि सहसचिव कल्याण विक्रम अधिकारी (सिनेट सदस्य), चीफ कन्जरभेटर अफ फरेष्ट (श्री ५ को सरकार (सिनेट सदस्य), सिण्डिकेट सदस्य शारदाप्रसाद उपाध्याय, शिक्षा मन्त्रालयका सहसचिव श्यामकृष्ण भट्टराई (सिनेट सदस्य) तथा विश्वविद्यालयका रजिष्ट्रारलाई सचिव बनाइएको थियो ।[३५]

भारतीय सहायताअन्तर्गत बनाइने भवन सम्बन्धी विषयमा भवन निर्माण कमिटीमा एस. एस. भण्डारकर (आई.ए.एम.) लाई सल्लाहकार बनाइयो ।[३६] उल्लेख्य के पनि छ भने श्री ५ को सरकारका चीफ इञ्जिनीयर कुलरत्न तुलाधर श्री ५ को सरकार, पी.डब्लु.डी. भवन विभागबाट सरुवा भए तापनि विश्वविद्यालयको युवीसी/एसटीसी/युवीसी तथ अन्य कमिटीहरू जहाँ चीफ इञ्जिनीयर पी.डब्लु.डी.(भवन) भनी

---

[३५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १८ ।

[३६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९, निर्णय नं. ३२ ।

तोकिएको छ ती जम्मै स्थानमा तत्कालका लागि कुलरत्न तुलाधरलाई नै राखिएको थियो ।[३७]

भवन निर्माण व्यवस्था

कीर्तिपुरमा विश्वविद्यालय भवन निर्माणका वारेमा एस.टी.सी., यु.वी.सी. तथा एस.ए.एस.सी., यु.वी.सी.का अध्यक्षहरूको संयुक्त वैठकले भवन निर्माणका क्रममा गर्नुपर्ने कार्यका बारेमा विभिन्न चरणका कार्यलाई अगाडि बढाउनुपर्ने निर्णय गरेको थियो । यसका लागि आवश्यक पर्ने रकम सरकारबाट निकाशा हुनुपर्ने पनि वैठकको ठहर थियो । उक्त निर्णयअनुसार काम गर्नका लागि सर्वप्रथम विश्वविद्यालयका चान्सलर, प्रो-चान्सलर तथा रायल भिजिटर श्री ५ समक्ष जानकारी गराएर आवश्यक निकाशा लिनु पर्ने भएकाले जाहेर गरिएको देखिन्छ । यस्ता निर्णयमा देहायका सन्दर्भ परेका थिए ।[३८]

- विश्वविद्यालय स्थल, कीर्तिपुरमा भवन निर्माण शुरु गर्ने क्रममा अधिग्रहण गरिएको जमिनको मुआवजा वितरणका लागि तत्काल निकाशा गर्न अघिल्लो वर्ष नै श्री ५ बाट निर्देशन दिइएको रकम रु. ८ लाख ७७ हजार ७ सय १५ रु. २४ पैसा विश्वविद्यालयलाई उपलव्ध गराइएको थिएन । श्री ५ को सरकारले सो रकम आर्थिक वर्ष २०१८/०१९ को वजेटमा समावेश गरे तापनि निकाशा नभएकाले जमिनधनीलाई उपलव्ध गराइएन । मुआवजा नपाएकाले जमिनधनीले सो वर्षको हिउँदे वाली अर्थात् गहुँबालीसमेत लगाइसकेका थिए । किसानको गहुँबाली तयार नहुँदै सो क्षेत्रमा भवन निर्माण गरेका खण्डमा सो बालीका लागि

[३७] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २४६ ।

[३८] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ६५ ।

पनि थप रकम मुआवजा दिनुपर्ने हुन्थ्यो । त्यसैले सरकारले तत्काल उल्लिखित रकम निकाशा गरेका खण्डमा पनि त्यसै बखत भवन निर्माणको कार्य अगाडि बढाउन सहज भएन ।

- भवन निर्माण सम्बन्धी प्रारम्भिक कार्य जस्तो बाटो, पानी, विजुली आदि तयार पार्न प्रारम्भिक खर्चको निम्ति आर्थिक वर्ष २०१८/०१९ को विश्वविद्यालयको बजेटमा भारु. ७ लाख समावेश गरी श्री ५ को सरकारमा निकाशाका निम्ति अनुरोध गरिएको थियो । सो रकम निकाशा हुने विश्वासमा विश्वविद्यालयका अरू फण्डहरू जस्तै श्री ५ मुमा बडा महारानीहरूबाट प्रशासकीय भवनका निम्ति प्रदान गरेको रु. ४ लाख ८४ हजार र श्री ५ को सरकारबाट साल बसाली खर्चका निम्ति प्राप्त अनुदान मध्येबाटसमेत रु. १ लाख ७० हजार जति खर्च गरिएको थियो ।

- भारतीय सहायता नियोगअन्तर्गत भारत सरकारबाट प्राप्त सहायताबाट निर्माण गरिने केमेष्ट्रि भवनसमेत जमिनको मुआवजा वितरण भई नसिद्धिएकाले निर्माण कार्य स्थागित भएको थियो ।

- भवन निर्माण तर्फको खर्च सालबसाली अनुदानबाट बेहोर्नु परेकाले विश्वविद्यालयको शिक्षण तथा प्रशासकीय कामतर्फ जटिल आर्थिक सङ्कट आउने अवस्था भएको र

- तत्काल भवन निर्माण कार्य शुरु नहुने भएकाले त्यसका निम्ति भर्ना गरिएका कारिगर तथा कामदार त्यसै बस्नु पर्ने अवस्था थियो । उनीहरूलाई तुरन्तै खारेज गर्दा आवश्यक पर्दा अन्य कुशल कारिगर तथा कामदारहरू जम्मा गर्न समय लाग्ने हुनाले उनीहरूलाई यथावत् राख्ने र उनीहरूलाई काम नगरेका बखतको

तलब खुवाउन तुरुन्त अर्को बन्दोबस्त गर्नुपर्ने समितिको ठहर रह्यो ।

विश्वविद्यालयल कमिटीले कीर्तिपुरमा आवश्यक भवन निर्माणका क्रममा आर्थिक वर्ष २०१८/०१९ मा गरेका कार्यहरू र तत्काल सरकारबाट हुनुपर्ने सहयोग निर्धारण गरी माग गरेको थियो । भवन निर्माणका लागि विश्वविद्यालय कमिटीको देहायका निर्णयलाई चान्सलरमा जाहेर गर्नाका साथै र प्रो-चान्सलर शिक्षामन्त्री समक्ष पेश गरेको थियो ।[३९] यस निर्णयबाट विश्वविद्यालय भवन निर्माण सम्बन्धी विवरणको जानकारीसमेत मिल्दछ ।

- विश्वविद्यालय क्याम्पस निर्माण गर्न कीर्तिपुरमा ३६/३८ सय रोपनी जमिन अधिग्रहण गर्नु पर्ने योजना थियो । यस क्रममा २०१४ सालदेखि नै जमिन अधिग्रहण गर्ने काम शुरु गरिएको थियो । अधिग्रहण गरिएको जमिनको मुआवजा दिन रु. १६,०२,५५८/२४ आवश्यक भए पनि त्यस बखतसम्म सरकारबाट प्राप्त रु. ७,२५,०४३/- श्री ५ को सरकार लगत फाँट मार्फत् जमिनवालाहरूलाई वितरण पनि भइसकेको थियो । आवश्यक बाँकीमध्ये आधा भन्दा बढि आर्थिक वर्ष २०१८/०१९ को वजेटबाट विश्वविद्यालयलाई उपलब्ध गराउन सरकारबाट निकाशा पनि गरिएको थियो । अब आर्थिक वर्ष २०१९/०२० सालको बजेटबाट रु. ४,००,०००/- (चार लाख) निकाशा भएमा मुआवजा वितरणको काम सकिने र जमिन अधिग्रहणको काम पनि पूरा हुने,
- २/३ वटा घर तयार गरेर मात्र कीर्तिपुर क्याम्पसमा विश्वविद्यालय सार्न सकिँदैनथ्यो । श्री ५ ज्येठा र कान्छा मुमा

[३९] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १ ।

बडामहारानीबाट प्राप्त अनुदानबाट तत्काल प्रशासन भवन निर्माण गर्न सकिन्थ्यो । भारत सरकारबाट प्राप्त मद्दतबाट केमिष्ट्रि ब्लक र लाइब्रेरी ब्लक बन्न सक्दथ्यो । यी ३ घरका साथै टिचर्स क्वाटर र १/२ होस्टेल पनि बनाउनु आवश्यक थियो । २/३ घर खडा गरेपछि कीर्तिपुर क्याम्पसमा विश्वविद्यालय सार्न नसकिने तथा तत्काल त्यतिमात्र निर्माण गर्नु भनेको विश्वविद्यालयको रकम हानि नोक्सानी सिवाए अरू केही नहुने,

- उल्लिखित ३ घरका अतिरिक्त टिचर्स क्वाटर र होस्टेलहरूले पर्याप्त मात्रामा काम दिन सक्ने कुरा पनि थिएन । तिनबाट केही वर्षसम्म लिवरल आर्टस्, प्योरसाइन्स र हिमानिटिजका कक्षा सञ्चालन हुनसक्दथ्यो । मुलुकको राष्ट्रिय विश्वविद्यालयमा उल्लिखित विषयका अतिरिक्त टेक्निकल र टेक्नोलजिकल विषयहरू पठन पाठन गराउनु आवश्यक थियो । टेक्निकल र टेक्नलोजिकल शिक्षणलाई भवनहरू बाहेक विश्वविद्यालय क्याम्पसलाई चाहिने भूमि अधिग्रहण र प्रारम्भीक खर्चसमेत भवन निर्माण गर्नका लागि मोटामोटी रु. १,५०,०००,००/- (एक करोड पचास लाख) आवश्यक पर्ने कमिटीको ठहर थियो । त्यस बखतसम्ममा विश्वविद्यालयले क्याम्पस विकासका लागि सरकारी तथा भारतीय मद्दतबाट नेरु. ५०,००,००/- (पचास लाख) जति प्राप्त गरेको थियो । माथिको विवरणका आधारमा विश्वविद्यालयलाई अझ नेरु. १,००,००,०००/- (एक करोड) जति आवश्यक परेको,

- विश्वविद्यालय क्याम्पस निर्माण कार्य सरकारको राष्ट्रिय योजना परिषद्को त्रि-वर्षिय योजना भित्र समावेश हुनु पर्ने र यसलाई श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट विशेष ध्यान दिइनु पर्ने,

- प्रारम्भिक खर्च बापत श्री ५ बाट २०१७ साल मंसिर महिनामा नेरु. ७,००,०००/-(सात लाख) निकाशाको निर्देशन भए तापनि आर्थिक वर्ष २०१८/०१९ मासमेत सो रकम प्राप्त नुहुनु तथा
- राष्ट्रलाई पुरा फाइदा दिने किसिमको विश्वविद्यालय चाँडै नै सम्पन्न गराउनलाई राष्ट्रिय तथा राष्ट्रिय सहायताको अति आवश्यक देखिन्छ । सो उपलब्ध गराउनलाई त्यस बखतसम्म प्रचलनमा ल्याइएका प्रणालिका अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी क्षेत्रबाट चन्दासमेत उपलब्ध गराउने बाटो अपनाउनु उचीत हुने विश्वविद्यालयको ठहर थियो ।

समग्रमा श्री ५ को निर्देशनअनुसारको रकमसमेत समयमा निकाशा नभएको तथा राष्ट्रिय गौरवको विश्वविद्यालय भवन निर्माणका लागि सरकारले वास्ता नगरेको अवस्थामा सरकारी तथा गैर सरकारी क्षेत्रबाट चन्दा सहयोग लिएर भए तापनि यथाशीघ्र कीर्तिपुरमा विश्वविद्यालय क्याम्पस भवनलगायत निर्माण कार्य सम्पन्न गर्नुपर्ने कमिटीको ठहर कुलपतिमासमेत जाहेर गरियो ।

उल्लेख्य के पनि देखिन्छ भने कीर्तिपुरमा भारतीय सहायता नियोगअन्तर्गत बन्न लागेको केमिष्ट्री भवन तथा अन्य भवनका चारैतर्फ बाटोघाटोलगायत निर्माण गर्न आवश्यक जमिनलाई प्राथमिकता दिई मुआवजा वितरण गर्न श्री ५ को सरकारको लगत फाँट अड्डाका हाकिमको जिम्मामा विश्वविद्यालयका कोषाध्यक्षको आदेशअनुसार रकम उपलब्ध गराइएको थियो ।[४०]

[४०] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं.२११ ।

रकम व्यवस्थापन

आर्थिक वर्ष २०१७/०१८ को विश्वविद्यालयको बजेटमा समावेश भइसके तापनि टेम्पोररी बिल्डिङ, इन्टरनल रोड, पानी र विजुली तथा कामदारहरूको क्वाटर्स आदिका लागि आवश्यक पर्ने रकम रु. ६,०६,८५६/८२ (छ लाख छ हजार आठ सय छपन्न रुपैया पैसा बयासी मात्र) श्री ५ को सरकारबाट प्राप्त गर्न पुरक वजेटमा समावेश गरियो ।[४१]

जमिन

२०१९ साल जेठ १८ गते विहीवारका दिन वि.एस.ए.एस.सी, यु.वी.सी.र एस.टी.सी, यु.वी.सी.का अध्यक्षहरूको वैठकले विश्वविद्यालयको जमिनका सम्बन्धमा विभिन्न निर्णय गरेको थियो । विश्वविद्यालयले सदर गरेको सो निर्णयमा देहायको सन्दर्भ परेका पाइन्छ;[४२]

- अधिग्रहण गरिएको जमिनका कित्ताहरूको साविक लगत कट्टी गरी श्री ५ को सरकार लगत फाँटबाट विश्वविद्यालयका नाममा बहाली पुर्जिका साथै ती कित्ताहरू देखाइएको सर्भे नक्सा उपलव्ध हुनुपर्ने । तिनै कागजातका आधारमा विश्वविद्यालयतर्फबाट सम्बन्धित मोहिहरूको कबुलियत गराउने काम गर्दै जानु पर्ने । यसका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।
- अधिग्रहण गरिएको जमिन ठूलै परिमाणमा भएकाले सबै जमिन तत्काल नै बुझाउँदा कीर्तिपुर निवासिलाई ठुलो मर्का पर्न जाने तथा विश्वविद्यालयलाई पनि ठुलै आयस्ताको नोक्सानी हुने

[४१] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २१९ ।

[४२] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं.२१२ ।

कुरालाई हृदयङ्गम गरी निर्माण कार्यलाई आवश्यक पर्ने जमिन मात्र रैतिबाट छुटाई लिनु उपयुक्त हुने ।

- विश्वविद्यालय क्याम्पस भित्रको जमिनबाट कालिमाटी झिक्न (किसानले मलका रुपमा जमिनबाट कालिमाटी झिकेर खेत/बारीमा राख्ने गर्दथे) दिएमा खाडलहरू परी पछि निर्माण काममा धेरै दुःख हुनसक्ने भएकाले सो कार्य बन्द गर्ने । त्यसको सट्टा सम्बद्ध किसानहरूलाई विश्वविद्यालयबाट नै रासायनिक मल वितरण गराउने प्रबन्ध मिलाउने ।

यहाँ स्मरणीय सन्दर्भ के पनि देखिन्छ भने त्रिभुवन विश्वविद्यालय कमिसन विघटन भएपछि श्री ५ को सरकारले मुआवजाको रकम कम भयो भन्ने कीर्तिपुरका किसानहरूको उजुर उपर विचार गर्न त्रिपुरवर सिंहको अध्यक्षतामा एउटा समिति गठन गरिएको थियो । यद्यपि समितिले के कस्तो कार्य गरेको थियो भन्ने सम्बन्धमा जानकारी पाइएको छैन ।

विश्वविद्यालय भवन निर्माणका लागि आवश्यक काठ कटानी, चिरानी र ढुवानीका लागि हेटौंडा बजारमा बस्ने महन्तलाल श्रेष्ठलाई नियमानुसार ठेक्का दिइएको थियो । उल्लेख्य के छ भने विश्वविद्यालयका लागि आवश्यक पर्ने काठ हेटौंडाको जङ्गलबाट नै कटानी गर्नका लागि सरकारले अख्तियारी दिएको थियो ।[४३]

## आर्किटेक्ट नियुक्ति

विश्वविद्यालय भवनको डिजाइन गर्न आर.जे.वाइजेलाई आर्किटेक्ट पदमा नियुक्त गरियो । सम्झौताअनुसार निजलाई मासिक तलब भारु. २,०००/- तथा होम, ट्राभलिङ भत्ता भारु. ८००/- दिने गरी सम्झौतामा सही गरेको मितिदेखि तलब खान पाउने गरी एक वर्षसम्मका लागि

[४३] त्रिभुवन विश्वविद्यालय कमिटीको बैठक (२०१७/४/३१-२०१८/४/५) (उप कुलपतिको आदेश नं. १२/०१७), निर्णय नं. ४३ ।

नियुक्त गरियो । निजलाई पेट्रोल खर्च पनि लगबुक तयार गराई सोहीअनुसार दिइने भयो । आर्किटेक्ट वाइजेलाई बिल्डिङ फण्डबाट तलब दिने व्यवस्था मिलाइएको थियो । सम्झौताअनुसार निजलाई तलब र भत्ता गरी भारु. २,८००/- मध्ये भारु १,५००/-सम्म हार्ड करेन्सी सटही गरी दिनु परेकाले तत्काल ६ महिनाको तलब नै भारु.र हार्ड करेन्सीमा सरकारी दरमा नै सटही गरी राख्न शिक्षा मन्त्रालयलाई अनुरोध गरियो । आर्किटेक्ट आर.जी.वाइजेसँग मार्च १, १९६० (२०१६ साल फागुन १८ गते) उक्त सम्झौता गरिएको हो ।

बिल्डिङ कमिटी गठन गरिएपछि भवन सम्बन्धी सबै कुरा सोही कमिटीको स्टैन्डिङ टेक्निकल कमिटीको सिफारिसअनुसार कारबाहि गर्ने व्यवस्था मिलाइयो ।[४४]विश्वविद्यालयका आर्किटेक्ट आर.ओ.वाइजेसँगको सम्झौताअनुसार सन् १९६१ फरबरी २८ (२०१७ फाल्गुण १७) देखि निजको म्याद सकिने तर उनको काम नसकिएकाले निजको सेवा विश्वविद्यालयलाई चाहिने हुँदा अर्को वर्ष १९६२ फरवरी २८ (२०१८ फाल्गुण १७) सम्म म्याद थप गरियो ।[४५]

विश्वविद्यालय कमिटीले आर्किटेक्ट आर.जे.वाइजेको तलब र अरू आवश्यक भत्ता सम्बन्धी आर्थिक सहायताका निम्ती कुनै वैदेशिक सहायता वा संस्थासँग सम्पर्क राख्ने निर्णयअनुसार स्वीस सरकारसँग सम्पर्क राखियो । स्वीट्जरलैण्डका नागरिक आर.जे.वाइजेले बिगत २३ महिनामा सन्तोषजनक काम गरेकाले निजलाई पुनः दुई वर्ष म्याद थप गरियो ।[४६]

---

४४ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २१७, २२८, २३०, २३२, २७८ ।

४५ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २०८ ।

४६ त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक ((२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १७४ ।

आर्किटेक्ट आर.जे.वाइजेको कन्ट्राक्टको म्याद १९६१ फेब्रुअरी २८ मा सकिएर पटक पटक थप गरिँदै आएको थियो । तर विश्वविद्यालयको आर्थिक तथा अरू दृष्टिकोणबाट निजको सेवा त्यतिको उपयोगी नदेखिँदा बाँकी तलब भत्ता भुक्तान गरी सन् १९६२ नोबेम्बर १ देखि विश्वविद्यालय सेवाबाट अवकाश दिइयो ।[४७]

## भवन निर्माण कार्य

विश्वविद्यालय स्थल कीर्तिपुरमा भवन निर्माण कार्य २०१७ सालदेखि नै शुरु गरिएको थियो । भवन निर्माणका क्रममा सबैभन्दा पहिला प्रशासन भवन बनाउन लागिएको थियो । प्रशासनिक भवन निर्माणका क्रममा आवश्यकताअनुसार तत्कालै तीन वटा अस्थायी घरहरू पनि बनाउन लगाइएको थियो । यसका लागि एस.ए.एस.सी./ यु.वी.सी. 'University building committee' का चेयरम्यान खड्गनरसिं राणाको नाममा आवश्यक रकमसमेत निकाशा गरिएको थियो ।

उक्त निर्माण कार्यका निम्ति एस.टी.सी./यु.वी.सी. र एस.ए.एस.सी/यु.वी.सी.लाई मद्दत गर्न आवश्यक पर्ने बही बुझाउने हाकीम (बनाउने फाँट), सुपरभाइजिंग अफिसर, असिस्टेन्ट सुपरभाइजिंग अफिसर, पियन र अर्दली चार जना, सिकर्मी नाइके, लकर्मी नाइके तथा सब ओभरसिएर नियुक्त गरियो । सिकर्मी, लकर्मी र सब ओभरसिएर तीन जना श्री ५ को सरकारको 'सिंहदरबार घरकाज अड्डा' बाट र बाँकी कर्मचारी विज्ञापनबाट छनोट गरिने व्यवस्था भयो ।[४८]

---

[४७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ४८ ।

[४८] त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ७७ ।

विश्वविद्यालय भवन

त्रिपुरेश्वरबाट कक्षाहरू कीर्तिपुर कलेजमा यथाशक्य छिटो सार्ने योजनाअनुसार निर्माणाधिन भवनमा मात्र कक्षाहरू सञ्चालन गर्न पुग्ने ठाउँ थिएन । त्यसैले तत्कालका लागि अस्थायी टहरा बनाएर भए तापनि कक्षा सञ्चालन गर्ने निर्णय गरिएको थियो । यस क्रममा विश्वविद्यालयमा जम्मा गरिएको काठपात, मालसामान आदिलाई उपयोग गर्दै अरू आवश्यक सामग्री जुटाउन आर्थिक वर्ष २०२२/०२३ को निर्माण कार्यका लागि स्वीकृत बजेट रकम खर्चगरी टहरा बनाएर कक्षाहरू सञ्चालन गर्ने विश्वविद्यालय सिण्डिकेटले २०२२ सालमामा निर्णय गरेको थियो ।[४९]

यद्यपि टहराहरू पछिसम्म काम नलाग्ने हुनाले यसको सट्टामा स्थायी किसिमका कटेजहरू बनाई तिनलाई लामो समयसम्म शैक्षिक उपयोगमा ल्याउन सकिने स्थिति थियो । अत: श्री ५ को सरकार भवन विभागबाट प्राप्त डिजाइन तथा लगत एस्टिमेट स्वीकृत गरी त्यसैअनुसार एउटा विज्ञानको कक्षा सञ्चालन गर्न केमेष्ट्रि भवन बनाउने, अर्को आर्टस्का कक्षा सञ्चालन गर्न कलेज अफ एजुकेसन भवनको दक्षिण तर्फ र यी दुई भन्दा केहि सानो कटेज प्रशासकीय काम सञ्चालन गर्नका निम्ति त्रिभुवन स्मृति भवनको नजिकै निर्माण गरिने भयो । यी तीन कटेजहरू निर्माण गर्दा पहिलेदेखि रहेका ज्याल ढोकालगायत उपयोग गर्न सकिने सामानहरू उपयोग गर्ने योजना बनाइयो । उल्लिखित तीन कटेजहरू निर्माणका लागि लगत एस्टिमेट भएको रु. ४,५०,०००/-(चार लाख पचास हजार) विश्वविद्यालयले स्वीकृति गरेको थियो । यो रकममध्ये २०२२/०२३ आर्थिक वर्षको भवन निर्माण तर्फको रु. ४,००,०००/-(चार लाख) बाट निर्माण कार्य थालनी गरी नपुग रकम पूरक बजेट उपलब्ध भएपछि भुक्तानी दिने योजना बनाइयो । उल्लिखित रकम श्री ५

[४९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं.८९ ।

को सरकार भवन विभागको जिम्मामा दिएर सोही विभागबाट निर्माण कार्य गराउन अनुरोध गरिएको थियो ।

तत्कालका लागि पानीको सप्लाई कम भएकाले एउटै स्रोतबाट पूरा कलेजमा पानी उपलव्ध गराउन सम्भव थिएन । त्यसैले त्रिभुनव स्मृति भवन, लेबोरेटरी स्कूल र त्यस वरपरका ठाउँलाई कलेज नजिकमा रहेको इनारबाट तथा कलेज अफ एजुकेसन, लाइब्रेरी, केमेष्ट्रि भवन र होस्टेलमा पानी उपलब्ध गराउन ४०,००० (चालीस हजार) ग्यालन पानी अटाउने एउटा रिजर्भ्वायर निर्माण गर्ने निर्णय गरियो । श्री ५ को सरकार भवन विभागबाट प्राप्त सो रिजर्भ्वाएरको डिजाइन तथा लगत एस्टिमेटलाई पनि विश्वविद्यालयले स्वीकृत गरेको थियो । लगत एस्टिमेटअनुसार यसमा लाग्ने रु ४८,०००/- र चाहिने पाइपको अन्दाजी रु.२,०००/- समेत जम्मा रु. ५०,०००/- (पचास हजार) खर्च गरी रिजर्भ्वायर बनाउन स्वीकृत गरियो । उपरोक्त योजना बमोजिम पाइप, पम्प आदि सामान खरिद र निर्माण गर्न श्री ५ को सरकार नहर विभागले दिएको लगत एस्टिमेट करिव रु. ७५,०००/- लाई पनि विश्वविद्यालयले स्वीकृत गरेको थियो । यी निर्माणका कार्य सकभर श्री ५ को सरकारका सम्बन्धित विभागहरूको जिम्मामा दिने तथा कथंकदाचित त्यहाँबाट हुन नसके विश्वविद्यालयबाट नै गराउने निर्णय गरिएको थियो ।

कीर्तिपुर कलेज भित्र तत्कालका लागि दुई माइल जति बाटो बनाउन श्री ५ को सरकार सडक विभागको डिजाइन एस्टिमेट अनुसार रु. ५,११,०००/- (पाँच लाख एघार हजार) लाग्ने भएको थियो । यसका साथै त्रिभुवन स्मिृति भवन जाने बाटोसमेत निर्माण गर्नुपर्ने भएकाले त्यसका लागि रु. ३०,०००/- (तीस हजार) लाग्ने अनुमान गरियो । ती दुवै बाटो निर्माणका लागि करिव रु. ५,५०,०००/-(पाँच लाख पचास हजार) को लगत एस्टिमेट र डिजाइनलाईसमेत विश्वविद्यालयले स्वीकृति दिएको थियो । यो बाटो निर्माणका लागि विश्वविद्यालयसँग आवश्यक साधन नभएकाले सो बनाइदिन श्री ५ को सरकार सडक विभागसँग अनुरोध गर्ने

र सो कामलाई विश्वविद्यालयमा रहेको उक्त मौजदात् रकम पनि त्यस विभागको जिम्मामा दिइने भयो ।[५०]

कीर्तिपुर कलेज भित्र बाटो निर्माणका लागि श्री ५ को सरकार निर्माण सञ्चार तथा यातायात मन्त्रालय, सडक विभागलाई अनुरोध गरिएको थियो । यस क्रममा विभागले पहिले पठाएको नक्सामा उल्लेख गरिएको भन्दा राम्रो हुन सक्ने नयाँ स्पेसिफिकेसनको नक्सा विश्वविद्यालयमा पठायो । नयाँ स्पेसिफिकेसनबमोजिम काम सम्पन्न गर्न आधुनिक मेसिनरी र यन्त्रहरूको आवश्यकता पर्ने थियो । यद्यपि त्यस बखत पार्याप्त मात्रामा आधुनिक उपकरण नभएकाले विश्वविद्यालयबाट नै सडक निर्माणको कार्यको प्रबन्ध मिलाउन सडक विभागबाट अनुरोध गरियो । यस्तो अवस्थामा नेपालमा सडकहरू राम्रो र चाँडो बनाउन उपयुक्त साधन सम्पन्न एन.सी.सी.एन. सँग सडक निर्माणका लागि विश्वविद्यालयले सम्झौताको प्रयास गऱ्यो ।[५१]

अर्को वर्ष २०२३-२०२४ मा सन् १९६७ को अन्तसम्म उक्त सडक निर्माणको काम सम्पन्न गर्न सकिने सङ्केत दिएकाले यसका निम्ति एन.सी.सी.एन.सँग सम्झौता गर्ने निर्णय भएको थियो ।[५२] एन.सी.सी.एन. ले २०२४ साल साउन १८ मा विश्वविद्यालयलाई एउटा पत्र लेखेको थियो । पत्रमा पहिले नदेखिएका प्लाष्टिक सामग्री हटाउनु परेको, पहिलेको डिजाइनमा परिवर्तन गरिएको, बाहिरबाट झिकाइने सिमेण्टलगायत सामान कमी भएको र नियमित समय भन्दा अगावै वर्सात शुरु भएकाले

---

[५०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ९५ ।

[५१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १३२ ।

[५२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ६८ ।

सडक निर्माण ठेक्काको अवधिमा थप गर्न आग्रह गरिएको थियो । एन.सी.सी.एन.को उक्त माग उपयुक्त भएको तथा पानी परेका बखत सडक पिचको काम गर्न नमिल्ने विश्वविद्यालयको ठहर थियो । त्यसैले २०२४ साल असोज मसान्तसम्म सडक निर्माणको उक्त ठेक्काको म्याद थप गरियो ।[५३]

कलेज अफ एजुकेसन भवन

विश्वविद्यालय कलेज कीर्तिपुरमा बन्न लागेको कलेज अफ एजुकेसन तथा अन्य भवनहरूका निम्ति आवश्यक काठहरू विश्वविद्यालयले प्रचलित बजार मूल्यमा दिएको थियो ।[५४] यसका साथै विश्वविद्यालय कलेज कीर्तिपुरमा कलेज अफ एजुकेसनका भवन बनाउने बारे श्री ५ को सरकार उच्च शिक्षा विजनेस अफिसको २०१९ साल साउन ७ गतेको पत्र तथा रजिष्ट्रारले २०१९ साल साउन १२ गतेका दिन पठाएको उत्तरअनुसार विश्वविद्यालय कलेज भित्र नै कलेज अफ एजुकेसनको भवन रहनु उपयुक्त देखिएकाले सो भवन बनाउन आवश्यक जमिन लिजमा दिने विश्वविद्यालयले निर्णय गरेको थियो । यसका लागि आवश्यक बाटो, विजुली, डिजाइन आदि विषय लिज सम्झौतामा उल्लेख गरिने पनि निर्णय भयो ।[५५] अर्थात् त्रिभुवन विश्वविद्यालयले आफ्नो मातहतमा रहेको जमिन कलेज अफ एजुकेसन भवन निर्माणका लागि लिजमा उपलब्ध गराएको थियो ।

---

[५३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ४ ।

[५४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १६२ ।

[५५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १८ ।

कीर्तिपुरमा विश्वविद्यालयका लागि अधिग्रहण गरिएको जमिन आर्थिक वर्ष २०१९/२०२० सम्म विश्वविद्यालयको अधिकारमा आइसकेको देखिँदैन । यस्तो अवस्थाका वारेमा श्री ५ को सरकारलाई अवगत गराई पछी आवश्यक व्यवस्था गरिने भएकाले तत्काल कलेज अफ एजुकेसनको भवन निर्माणका सम्बन्धमा सरकारलाई व्यवस्था गर्न लेख्नेसमेत विश्वविद्यालय सिण्डिकेटले निर्णय गरेको थियो ।[५६] यसै क्रममा आर्थिक वर्ष २०२०/२०२१ मा यु.एस.ए.आई.डी.ले क्याम्पस भित्र कलेज अफ एजुकेसन र लेबोरेटरी स्कूल बनाउन जमिनको माग गरेको थियो । पूर्व अनुमति बेगर कुनै अर्को काममा नलगाउने शर्तमा विश्वविद्यालय सिण्डिकेटले एक सम्झौता गरी कलेज अफ एजुकेसनलाई जमिन उपलब्ध गराएको थियो । जमिन प्राप्तपछि त्यसमा भवन निर्माणको काम थालनी गरिएको थियो । सन् १९६५ को आखिरीसम्म यी भवनहरू पनि बनिसक्ने योजना बनाइयो ।[५७] त्यस्तै विश्वविद्यालय कलेज कीर्तिपुर हातामा निर्माण हुँदै गरेको कलेज अफ एजुकेसन तथा अन्य भवनहरूका निम्ति आवश्यक काठ प्रचलित बजारको दरमा विश्वविद्यालयले दिने निर्णय भएको थियो ।[५८]

प्रशासकीय भवन

श्री ५ मुमा बडामहारानीहरूबाट प्रशासकीय भवन निर्माणार्थ उपलव्ध गराएको रु.४,८४,०००/- काठ किन्न प्रयोग गरिएको सन्दर्भ माथि परिसकेको छ । यसरी खरिद गरिएको काठ त्यस बखत

[५६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १६९ ।

[५७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१, (१-२०३), परिच्छेद १३ ।

[५८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १६२ ।

विश्वविद्यालयका विभिन्न भवन निर्माणमा प्रयोग भएकाले त्यसबाट धेरैजसो रकम उपरसमेत भइसकेको थियो । त्यसैले उक्त रकमबाट विश्वविद्यालयले सोही वर्ष अर्थात् २०२७ सालमा नै निर्धारित प्रशासकीय भवन निर्माणको काम थालनी गरेको थियो ।[५९]

छात्रावास

भारतीय सहायता नियोगबाट निर्माण गरिने विश्वविद्यालय भवनका लागि आवश्यक काठसमेत विश्वविद्यालयले सहुलियत दरमा दिइएको थियो । यसका लागि आवश्यक पर्ने १०,००० क्यू.फिट काठ विश्वविद्यालयले दिने निर्णय गरिसके तापनि थप ७५०० क्यू.फिट काठको माग गरिएको थियो । यो थप माग गरिएको काठ भने विश्वविद्यालयले प्रचलित बजार भाउमा मात्र दिने भयो ।[६०] यसै सन्दर्भमा उल्लेख्य के देखिन्छ भने श्री ५ मुमा बडामहारानीहरूबाट प्रशासन भवन निर्माणका निम्ति दिइएको रकम रु. ४,८४,०००/- श्री ५ को सरकारले विश्वविद्यालयलाई उपलव्ध गराएको काठ कटानीमा लगाइएको थियो जसबाट त्यस बखत हेटौँडाको जंगलबाट २६७३६.१६ क्युविक फिट काठ कटानी गरी विश्वविद्यालय क्षेत्र कीर्तिपुरमा राखिएको थियो ।[६१]

विश्वविद्यालयमा छात्रावास निर्माण वारे वर्ल्ड युनिभर्सिटी सर्भिसको १२ अगस्त १९६४ को पत्रअनुसार होस्टल निर्माण गर्न एस.एफ. रु. ८५,००० को हार्दिक धन्यवाद साथ स्वीकार गर्ने निर्णय

---

[५९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ७४ ।

[६०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १५५ ।

[६१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१, (१-२०३), परिच्छेद १३ ।

गरेको थियो । साथै निर्माणका लागि नपुग रकम विश्वविद्यालयले बेहोर्ने भएको थियो ।[६२]

काठमाडौंमा छात्रका लागि छात्रावासहरू भए तापनि छात्राका लागि अभाव रहेको थियो । त्यसैले भारतीय सहायता नियोगबाट कीर्तिपुर क्याम्पसमा निर्मित छात्रावास छात्राहरूका लागि उपयोग गरिने भएको थियो ।[६३]

विश्वविद्यालय कलेज, कीर्तिपुरमा आचार्य पढ्ने विद्यार्थीहरूका निम्ति छात्रावास बनाउन वाग्मती अञ्चलाधीश कार्यालयबाट जमिन छुट्याइ दिन पत्राचार गरिएको थियो । त्यसैले आचार्य अध्ययनरत विद्यार्थीका लागि छात्रावास बनाउने सम्बन्धमा माष्टर प्लानमा मिल्ने गरी विश्वविद्यालयले आवश्यक जमिन उपलव्ध गराउने निर्णय गरेको थियो । यसका साथै सो छात्रावास भवन अञ्चलाधीश कार्यालयबाट नै निर्माण गरिदिनसमेत अनुरोध गरियो ।[६४]

२०२५/२०२६ सालमा विश्वविद्यालय कलेजमा निर्माण गरिएको पुरुष छात्रावासको नाम 'कान्ति छात्रावास' तथा कन्या छात्रावासको नाम 'ईश्वरी कन्या छात्रावास' राख्न मुमा बडामहारानीहरू समक्ष अनुरोध गरिएकोमा स्वीकृति प्राप्त भएपछि सोहीअनुसार नामकरण गरियो ।[६५]

---

६२ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ७८ ।

६३ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ८४ ।

६४ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ११० ।

६५ त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २२० ।

कन्या छात्रावासमा कलेज अफ एजुकेसनका छात्राहरूलाई स्थान दिइएको थियो । २०२५/०२६ मा छात्र छात्रावासमासमेत कलेज अफ एजुकेसनका विद्यार्थीहरूलाई स्थान दिनका लागि विश्वविद्यालयसँग अनुरोध गरियो । यस सन्दर्भमा कलेज अफ एजुकेसनको छात्रावास नबनेसम्म बढीमा एक वर्षका निम्ति विश्वविद्यालयका विद्यार्थीहरूलाई स्थान दिई रिक्त रहेको स्थानमा कलेज अफ एजुकेसनका विद्यार्थीहरूलाई पनि स्थान दिने निर्णय गरिएको थियो । यसका लागि विश्वविद्यालयले कलेज अफ एजुकेसनसँग सो सम्बन्धमा एउटा सम्झौता गर्नुपर्ने आवश्यकताको ठहर गरेको थियो ।[६६] यस प्रकार त्रिभुवन विश्वविद्यालयको छात्रावासमा कलेज अफ एजुकेसनमा अध्ययनरत विद्यार्थीलाईसमेत स्थान दिइएको देखिन्छ ।

कक्षा कोठा, प्रशासनिक कक्षाका अतिरिक्त बाटो, बत्ती, टेलिफोन आदिको काम चलाउ प्रबन्धपछि २०२४ साल फागुन महिनादेखि केही विषयको पढाई र सबै प्रशासकीय काम कीर्तिपुरमा सञ्चालन गरियो । त्यस्तै छात्राका निम्ति छात्रावास तथा विद्यार्थीको जलपानका निम्ति क्याफ्टेरियाको प्रबन्ध पनि मिलायो । यद्यपि भवन/कक्षा कोठाको पूर्तिका लागि विभिन्न साइजका ७० कोठा जतिको कटेज निर्माणाधिन रहेका थिए । केही महिना भित्र १५० छात्रहरू अटाउने छात्रावासको निर्माण पनि पुरा गरिँदै थियो ।[६७]

---

[६६] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २५५ ।

[६७] त्रिभुवन विश्वविद्यालय कीर्तिपुर क्याम्पसको विकास सम्बन्धी प्रतिवेदन २०२४/२०२५, पृ. ११ ।

प्राध्यापक आवास

काठमाडौँ स्थित युनाइटेड स्टेट्स एजुकेसन फाउन्डेसनले आग्रह गरेअनुसार विश्वविद्यालय हातभित्र अमेरिकन प्राध्यापका निम्ति आवास गृहहरू बनाउने निर्णय गरिएको थियो । सुन्दर र सुसज्जित घरहरूका निम्ति सो फाउन्डेसनले ५,००/-देखि रु. १,४००/- सम्म मासिक भाडा दिन तयार थियो । त्यसैले उक्त आवास गृह निर्माणका लागि बजेट छुट्याई निर्माण सम्बन्धी चाहिने व्यवस्था मिलाउने विश्वविद्यालयले निर्णय गरेको थियो । निर्माणका लागि फोर्ड फाउन्डेसनबाट पेश्की रकम उपलब्ध गराउने प्रयाससमेत भयो । त्यस्तै आर्थिक वर्ष २०२४/०२५ देखि विश्वविद्यालय क्याम्पसमा आर्टस् र साइन्स कलेज भवन, १२ वटा प्राध्यापक आवास गृह तथा तिनलाई जोड्ने सडकसमेतको निर्माणको योजना बनाइएको थियो । यसका लागि आवश्यक पर्ने वजेटको व्यवस्थाका लागिसमेत पहल गरियो ।[६८]

विश्वविद्यालयले प्राध्यापकलाई आवास गृहको निर्माण पनि गरेको थियो । २०२७ सालमा २० वटा आवास गृह निर्माण भएका थिए । तीमध्ये एउटा विश्वविद्यालयको मेडिकल अफिसरलाई, एउटा लाइब्रेरियनलाई र दुई वटा विश्वविद्यालका अतिथिहरूका निम्ति छुट्याइएको थियो । बाँकी १६ वटा आवास गृह देहायका शर्तमा प्राध्यापकलाई वितरण गर्ने व्यवस्था मिलाइयो ।[६९]

- विश्वविद्यालयमा पूरा समय काम गर्नेमध्ये सेवा स्थायी भइसकेका प्राध्यापकलाई मात्र दिने,

---

[६८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १७१, १८८ ।

[६९] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ६० ।

- सेवा स्थायी भइसकेकामध्ये जसको सेवाको अवधि लामो छ उसलाई प्राथमिकता दिने,
- काठमाडौँ र ललितपुरमा घर नहुनेहरूलाई प्राथमिकता दिने र
- आवास गृहको बहाल मासिक रु. ५०/- का अतिरिक्त पानी र बत्तीको महसुल लिने ।

श्री ५ को सरकारबाट त्रिपुरेश्वर स्थित बंगलाहरू विभिन्न समय सम्मका लागि विश्वविद्यालयललाई प्राप्त भएको थियो । तीमध्ये दश वर्षका निम्ति प्राप्त बंगलालाई विश्वविद्यालयको अतिथि गृह (गेष्ट हाउस) मा परिणत गरियो । त्यस बखत तीन वर्षलाई प्राप्त भएको बंगलामा कोठाहरू बारेर प्राध्यापकरुलाई एक/एक कोठासम्म भाडामा दिइएको थियो ।[७०]

सडक निर्माण

२०२४ साल तिर कलेज भित्र बाटो निर्माण गरियो जसलाई ९/१० लाख रुपैया खर्च लागेको थियो । यो विश्वविद्यालयको निजी बाटो थियो । यस बाटोबाट कीर्तिपुर, नगाउँ, मच्छेगाउँ आदि १२/१३ गाउँका जनता र स्थानीय पञ्चायतहरूले जिप गाडीदेखि ४/५ टनसम्मका गाडी गुडाउँथे । अझ कीर्तिपुरका ढुङ्गा खानिबाट वर्षमा १०/१२ हजार ट्रिप ठूला गाडी आवत जावत भै राख्दथे । त्यति मात्र नभएर विश्वविद्यालयका अतिरिक्त दैनिक ५०/६० वटा साना तिना गाडी चल्दथे । यसरी विश्वविद्यालयको निजी बाटोमा विश्वविद्यालय बाहिरका साना ठूला गाडी प्रयोग भएपछि सडकको अवस्था चाँडै नै बिग्रन जाने र विश्वविद्यालयलाई ठूलो नोक्सानी हुन जाने समितिको दृष्टिकोण थियो । त्यसो त उल्लिखित

[७०] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १५६ ।

गाउँमा जाने-आउने स्वदेशीका अतिरिक्त विदेशी पर्यटकहरू पनि प्रसस्त मात्रामा हुने हुँदा गाडी प्रयोग गर्न नदिनु पनि मनासिव थिएन । त्यसैले सो क्षेत्रमा जान सरकारले छिट्टै अर्को सडक बनाउनु पर्ने समितिले आवश्यकता देखेको थियो । त्यतिमात्र नभएर अर्को सडकको व्यवस्था नहुँदासम्म यस सडकबाट अरू सवारी प्रयोग गर्न दिनलाई सो सडकको मर्मत सम्भारको जिम्मेवारी श्री ५ को सरकारको सडक विभागको हुनु पर्ने समितिले राय दियो ।

रङ्गशाला

युनिवर्सिटी कलेजको माष्टर प्लानमा प्रतिकूल असर नपर्ने गरी कलेज अफ एजुकेसनका लागि फिजिकल डिमन्स्ट्रेसन र टेनिसकोर्ट-१ का लागि चाहिने जमिन दिने र सो कुन ठाउँमा कति पर्न आउँछ, त्यसको पूरा विवरण खोली सिण्डिकेटमा पेशगर्न रजिष्ट्रार जगतबहादुर सिं बुढाथोकी एक व्यक्तिको कमिटी खडा गरियो ।[७१]

श्री ५ युवराजाधिराज वीरेन्द्रको शुभ जन्मोत्सवको उपलक्षमा २०२७ साल पौष १२ गते शिक्षा मन्त्रीबाट रङ्गशालाको उद्घाटन गरिएको तथा विश्वविद्यालय क्याफेटेरिया भवनको शिलान्याससमेत सोही पौष १४ गते उपकुलपतिबाट गरियो ।[७२]

---

[७१] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १२५ ।

[७२] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ७४ ।

## हवाइ अड्डा

यु.एस.एड.ले त्रिभुवन विश्वविद्यालय परिसर, कीर्तिपुरमा एउटा हवाई अड्डा बनाउन चाहेको देखिन्छ । यसै सन्दर्भमा यु.एस.एड.का एक्जिक्यूटिव अफिसर चार्ल्स आर.विन्टरले १० अप्रिल १९६४ दिन विश्वविद्यालयमा एउटा अनुरोध पत्रसमेत पठाएका थिए । चार्ल्स विन्टरको त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा हवाई अड्डा (Ariport) बनाउने विषयको सो पत्र उपर विचार हुँदा विश्वविद्यालय कलेज भित्र सो एयरस्ट्रिप बनाउन नदिने निर्णय भएकाले सो अनुरोधलाई अस्वीकृत गरियो ।[७३]

## यातायात सेवा

२०२४/२०२५ सालसम्म रत्नपार्कदेखि विश्वविद्यालय कलेज, कीर्तिपुरसम्म एक/एक घण्टाको फरक पारी साझा यातायातको एउटा बस र अञ्चलाधीश अफिसको आदेशबाट अरू बसहरूले दैनिक रुटिन बाँधी एउटा बस सञ्चालन गरेको थियो । यो व्यवस्थाबाटसमेत बस सेवा अपर्याप्त भएकाले विश्वविद्यालयका तर्फबाट आफ्नै बस पनि दिनभरी चलाई राख्नु परेको थियो । यसबाट विश्वविद्यालयलाई दैनिक रूपमा आर्थिक नोक्सानी हुनाका साथै बस सेवालाई नियमित गराउनसमेत नसकिएको अवस्था थियो । ठूलै लागानी गर्दासमेत विद्यार्थी तथा प्राध्यापकलाई यातायात सेवामा कठिनाई परेको थियो । यातायात सेवाका सम्बन्धमा प्रधानमन्त्रीको प्रमुख सचिव श्यामकृष्ण भट्टराई, कायम मुकायम शिक्षा सचिव कृष्णबहादुर मानन्धर, रजिष्ट्रार र साझा यातायातका प्रतिनिधिबीचको वैठकबाट तत्कालका लागि एउटा निकाश निकालिएको थियो । यस अनुसार रु. १,००,०००/- (एक लाख) उपलव्ध गराएमा

[७३] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२०/४/२०-२०२१/३/३१ (१-२०३), निर्णय नं. १६० ।

साझा यातायातले ४ वटा पुराना बसहरू तुरुन्तै काममा लगाउन सक्ने भयो । त्यस्तै यातायातको स्थायी व्यवस्थाका लागि २ वटा नयाँ बस खरिद गर्न रु.२,००,०००/- (दुई लाख) चाहिने भन्ने साझा यातायातको प्रतिनिधिको राय भएकाले र सो तीन लाख रुपैया आर्थिक वर्ष २०२५/०२६ को वजेटमा थप व्यवस्था गर्न श्री ५ को सरकारबाट आश्वाससमेत प्राप्त भएको थियो । त्यसैले देहायका शर्तमा सोही आर्थिक वर्षमा रु. १,००,०००/- र अर्को २०२५/०२६ आर्थिक वर्षमा रु.२,००,०००/- साझा यातायातलाई ऋण दिने निर्णय गरिएको थियो ।[७४]

शर्तहरू:

- काठमाडौंदेखि विश्वविद्यालय कलेज कीर्तिपुरको रुटमा हरेक दिन कमसे कम ४ वटा बस चलाउने र विद्यार्थीको संख्या विचार गरी थप बस सेवा उपलब्ध गराउनु पर्ने,
- साझा यातायातलाई दश वर्षमा चुक्ता हुने गरी ऋण दिने । ऋण रकममध्ये पहिलो तीन वर्षसम्म व्याज नलाग्ने । चौथो वर्षपछि सयकडा ५ का दरले व्याज लिने र दश वर्षभित्र ऋण चुक्ता नभएमा त्यसपछि सयकडा १० का दरले व्याज लिने,
- ऋण सम्बन्धी सम्झौता वाग्मती अञ्चलका मुख्य अञ्चलाधीशको रोहवरमा गर्ने तथा
- उपकुलपति, कोषाध्यक्ष र रामानन्दप्रसाद सिंहले हेरेर सम्झौता गर्न लाउने ।

[७४] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १९२ ।

## थिसेन हाउस

विश्वविद्यालयले अनुसन्धान कार्यलाई महत्त्वका साथ अगाडि बढाउन विभिन्न किसिमबाट प्रयास गर्दै आएको थियो । यसै सन्दर्भमा २०२५/२०२६ सालमा छाउनी स्थित 'थिसेन हाउस' लाई पनि विश्वविद्यालय कीर्तिपुर भित्र सार्ने प्रयास गरियो ।

त्यस बखत सो थिसेन हासउबाट खुम्बु हिमालमा अनुसन्धान गरिएको थियो । जर्मनीको थिसेन फाउण्डेसनबाट प्राप्त आर्थिक सहायताबाट अनुसन्धान सञ्चालनमा रहेको थियो । यद्यपि थिसेन फाउण्डेसनबाटमात्र प्राप्त सहायताबाट उक्त अनुसन्धान कार्य लामो समयसम्म सञ्चालन गर्न नसकिने र गणतन्त्र जर्मन सरकारबाट सहायता लिनु पर्ने अवस्था आएको थियो । यसका साथै थिसेन हाउस त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा सार्नाका साथै त्यस संस्थाअन्तर्गत अनुसन्धान कार्यमा संलग्न अनुसन्धाताले विश्वविद्यालयसँग सम्बन्धित विभागको शिक्षण कार्यमा पनि यथाशक्य सहयोग गर्नु उपयुक्त हुने विश्वविद्यालयको दृष्टिकोण थियो ।

यस संस्थाका अधिकारीले संस्थालाई विश्वविद्यालयमा सारेका खण्डमा विश्वविद्यालयबाट यसको कार्यमा हस्तक्षेप हुन जाने आसङ्का राखेका थिए । त्यसै कारण विश्वविद्यालयबाट उनीहरूले गरेको कामको साधारण जनाकारी राख्ने बाहेक कुनै किसिमको हस्तक्षेप नगरिने आवश्वासन दिइएको थियो । यसका अतिरिक्त सो संस्था कीर्तिपुरमा सारिएमा त्यसका निम्ति आवश्यक जमिन, विजुली, पानी, बाटो, टेलिफोन आदिको व्यवस्था विश्वविद्यालयबाट हुने तथापि संस्थालाई आवश्यक पर्ने भवन, फर्निचर आदिको व्यवस्था भने संस्थाबाट नै हुनुपर्ने पनि विश्वविद्यालयले स्पष्ट गरेको थियो ।

समग्रमा त्रिभुवन विश्वविद्यालयको आर्थिक स्रोतबाट मात्र त्यस संस्थाबाट गरिएको अनुसन्धान सञ्चालन गर्न सम्भव नभएकाले गणतन्त्र जर्मन सरकार छेउ अनुरोध गरी संस्थालाई विश्वविद्यालय क्षेत्र कीर्तिपुरमा सार्न लगाई सञ्चालन गराउन उचीत भएको कुरा विश्वविद्यालयको धारणा रहेको थियो ।[७५] यद्यपि सो सम्बन्धमा थप जानकारी दिने सामग्री भने फेला पार्न सकिएको छैन ।

**भौतिक निर्माणमा सहयोग**

त्रिभुवन विश्वविद्यालय कमिसनको कतिपय काममा संलग्न भएको छिमेकी भारतले विश्वविद्यालयमा आवश्यक भौतिक संरचना निर्माणमध्ये कपितय निर्माण कार्यमा सहयोग गरेको पाइन्छ । यसै सन्दर्भमा भारतीय सहयोगबाट कीर्तिपुरमा केही भवनलगायत निर्माण भएका थिए जुन यस प्रकार छन्;

**रङ्गशाला-**श्री ५ युवराजधिराज को २६ औं शुभजन्मोत्सवको उपलक्ष्यमा शिक्षामन्त्री नरेन्द्रकुमार प्रधानले २०२७ साल पौष १२ गते श्री ५ को सरकार र भारतीय सहयोग नियोगको संयुक्त सहयोगबाट विश्वविद्यालय कलेज, कीर्तिपुर भित्र निर्माण गरिएको रङ्गशालाको उद्घाटन गरिएको थियो । सन् १९६८ मा सो रङ्गशाला निर्माण गर्ने निर्णय भएको थियो । रु. ३ लाख ८५ हजारको लागतमा पौने चार एकड जमिनमा निर्माण गरिएको रङ्गशालामा २५ हजार दर्शक अटाउने व्यवस्था गरिएको थियो ।[७६]

---

[७५] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ८१ ।

[७६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४ अङ्क-५ २०२७ साल पौष, पृ. २-३, ८-१३ ।

**भवन-** पुस्तकालय, केमेष्ट्री भवन, छात्रावासहरूको केही अंश, प्राध्यापक आवसगृह आदि भवनहरू भारतीय सहायताबाट खडा गरिएका हुन् । यसका अतिरिक्त भारतीय सौजन्यबाट गान्धीभवन, वनस्पतिशास्त्र विज्ञान भवन, स्टुडेन्ट क्लव र अन्वेषक आवास गृहको निर्माण पनि छिटै शुरु गरिने विश्वविद्यालयले योजना बनाएको थियो । यो सन्दर्भ २०२७ सालको हो ।[७७] त्यस्तै भारतीय सहयोगमा २०२८ सालमा गान्धीभवन, विज्ञान भवन, गवेषक आवासगृह र विद्यार्थी क्लबका निर्माण कार्यहरू भइरहेका थिए । नेपाल अध्ययन संस्थानका लागि लारी भवन निर्माणाधीन थियो । 'रत्न' छात्रावास बनिसकेको थियो । हेल्थ सेन्टरमा काम पनि चालु भई सकेको थियो । विश्वविद्यालयका तर्फबाट छात्रहरूको एउटा जलपान भवन (केफेटेरिया) को निर्माण आगामी आर्थिक वर्षमा सम्पन्न गरिने योजना बनाइएको थियो ।[७८]

## आर्थिक सहयोगको अपील

स्थापनाको एक दशक जतिपछि विश्वविद्यालयका उपकुलपतिले आर्थिक रूपमा सहयोग गर्न सार्वजनिक रूपमा अपील गरेका थिए । २०२५ सालमा उपकुलपतिले देशका श्रद्धालुहरूसँग सहयोगको अपील गरेका हुन् । यस क्रममा त्यस बखतसम्म विश्वविद्यालयलाई सहयोग गर्ने दाताहरूको नामावलीसमेत दिइएको थियो । त्यस्तै विभिन्न प्रयोजनका लागि राजा तथा राजपरिवारबाट विश्वविद्यालयलाई प्राप्त भएको रकमसमेत उल्लेख गरिएको थियो । जसअनुसार त्रिभुवन स्मृति भवनका

---

७७ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४ अङ्क-५ २०२७ साल पौष, पृ. २-३, ८-१३ ।

७८ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४ अङ्क-१०, २०२८ साल जेठ, पृ. २२ ।

लागि राजाबाट रु. ५,००,०००/- (पाच लाख), स्वर्गीय श्री ५ त्रिभुवनको प्रतिमा निर्माणका लागि रु. ६,५००/- (छ हजार पाँच सय), वेद (आध्यात्म उपनिषद् याज्ञिक विषय) को अध्ययन तथा अन्वेषणका लागि रु. ५२,५००/- (बाउन्न हजार पाँच सय) दिइएको थियो । त्यस्तै मुमा बडामहारानीरहरूबाट विश्वविद्यालयको प्रारम्भिक खर्च व्यवस्थाको पूर्ण अधिकार ग्रहण गर्नाका साथै प्रशासकीय भवनका लागि रु. ४,८४,०००/- (चार लाख चौरासी हजार) दिइएको थियो । आर्थिक सहायताको अपीलका क्रममा विश्वविद्यालयमा विभिन्न व्यक्तिले स्थापना तथा वितरण गर्दै आएका विभिन्न पुरस्कारको विवरण पनि सार्वजनिक गरिएको थियो ।[७९]

समग्रमा नयाँ शिक्षा योजनापूर्व सहयोग गर्ने दाता, राजा तथा राजपरिवारका सदस्यले दिएको रकम एवम् विभिन्न व्यक्तिले पुरस्कारका लागि विश्वविद्यालयमा राखिदिएको रकमका बारेमा सार्वजनिक जानकारी दिँदै आर्थिक सहयोगका लागि अपिल गरिए तापनि अपीलबाट के कस्तो सहयोग उपलव्ध हुन गयो भन्ने जानकारी भने सार्वजनिक भएको पाइँदैन । त्यस्तै विभिन्न प्रयोजनका लागि सोहीअनुरूपका भवनलगायत भौतिक संरचना निर्माण गर्नुपर्ने तर श्री ५ को सरकार, स्वदेशी एवम् विदेशी दाताहरूबाट प्राप्त सहयोगसमेत यथेस्ट नहुनाले आवश्यक निर्माण कार्यले गति लिन सकेको देखिँदैन । विश्वविद्यालय सञ्चालन हुनु अगाडिदेखि निर्माण कार्यको थालनी गरिएको भए तापनि आवश्यकताअनुसार यसको निरन्तरता हुनु स्वाभाविक देखिन्छ ।

---

[७९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२ अङ्क-३, २०२५ साल कार्तिक, पृ. २-४, ६ ।

विश्वविद्यालय सरकारको एउटा अङ्ग भएकाले यसको निर्माण तथा विकासमा सरकारको ध्यान जानु पर्ने आवश्यकता रहन्छ । यद्यपि विश्वविद्यालयका लागि आवश्यक पर्ने भवनलगायत भौतिक संरचनातर्फ सरकारले यथोचित सहयोग गरेको पाइँदैन ।

* * *

*तेस्रो : परिच्छेद*

# राष्ट्रिय शिक्षा पद्धतिको योजनाका एक दशक

(२०२९-२०३९)

## *तेस्रो : परिच्छेद*

# राष्ट्रिय शिक्षा पद्धतिको योजनाका एक दशक

## (२०२९-२०३९)

### परिचय

२०१६ सालदेखि सञ्चालनमा रहेको त्रिभुवन विश्वविद्यालयको संरचनालगायतलाई १२ वर्षपछि २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (राशिपयो) ले निकै परिमाज/परिवर्तन गरिदिएको थियो । यद्यपि राशिपयोको मध्यावधि तथा पूर्णावधि मूल्याङ्कन, विद्यार्थी आन्दोलनसमेतका कारण २०३६ तथा २०३९ सालमा गठन गरिएका ‘शाही आयोग’ तथा ‘शाही उच्च शिक्षा आयोग’ का प्रतिवेदनसमेतका आधारमा विद्यमान विश्वविद्यालय ऐन तथा नियमावलीहरूमा संशोधन गरिए । फलस्वरूप स्थापनाको २३/२४ वर्षमा आइपुग्दा हासिल भएको अनुभव तथा तत्कालको आवश्यकतासमेतका आधारमा पढ्ने, पढाउने, परीक्षा लिने, अनुसन्धान गर्नेलगायत यावत क्षेत्रमा निकै परिवर्तन भएको थियो । स्मरणीय के पनि देखिन्छ भने विश्वविद्यालय सञ्चालनको अनुभव, उच्च शिक्षाका क्षेत्रमा श्री ५ को सरकारको दीर्घकालीन योजना तथा सो सम्बन्धमा विभिन्न समिति, आयोगहरूको प्रतिवेदनसमेतका आधारमा परिमार्जनहरू हुँदै जानु स्वाभाविक नै हो । सोही परिवेशमा एक दशकको समयाबधिमा विश्वविद्यालयमा भएका ‘प्राज्ञिक कार्य’, ‘पाठ्यक्रम तथा परीक्षा’, ‘पुस्तकालय’ एवम् ‘विविध’ सन्दर्भका बारेमा प्राप्त सामग्रीका आधारमा प्रस्तुत तेस्रो परिच्छेदमा ‘राष्ट्रिय शिक्षा पद्धतिको योजनाका एक दशक (२०२९-२०३९)’ शीर्षकमा चर्चा गरिएको छ । सामग्रीको उपलब्धताका आधारमा नै लेखनको आकार निर्धारण भएको यहाँ स्मरणीय छ ।

# प्राज्ञिक कार्य

"To be ignorant of what occurred before you were born
is to remain always a child. For what is the worth
of human life, unless it is woven into the life of
our ancestors by the records of history?"

-Marcus Tullius Cicero

## परिचय

१३/१४ वर्षको अनुभवका साथै सरकारी योजनाका आधारमा 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' तर्जुमा भएको देखिन्छ । राशिप योजना २०२८ लागू भएपछिका दिनमा क्रमशः विश्वविद्यालय ऐन, नियमहरूको संशोधन, विभिन्न प्रतिवेदनको मूल मर्मलगायत सम्बन्धमा चर्चा गर्दै एक दशक जतिको अवधि अर्थात् २०३९ सालसम्म त्रिभुवन विश्वविद्यालयको प्राज्ञिक क्रियाकलापका बारेमा 'प्राज्ञिक कार्य' उपशीर्षकमा यहाँ चर्चा गरिएको छ । आज भन्दा झण्डै पाँच दशक अगाडि त्रिभुवन विश्वविद्यालय सञ्चालनका क्रममा लिइएको नीतिसँग त्यसपछिका नीति एवम् सोंचसमेतको तुलनात्मक अध्ययन गर्न सहज हुने ठानेर नै यहाँ तत्कालीन ऐन, नियम तथा प्रतिवेदनसमेतको सन्दर्भ समावेश गरिएको हो ।

## नीतिगत रूपमा नयाँ शिक्षा योजना

राजा महेन्द्रले प्रचलित शिक्षा प्रणालीप्रति असन्तोष व्यक्त गर्नु नै नयाँ शिक्षा प्रणाली लागू हुनु मानिन्छ जसका बारेमा माथिको परिच्छेदमा सामान्य चर्चा भइसकेको छ । फलस्वरूप राष्ट्रिय शिक्षा पद्धतिको योजनाको परिकल्पना, तर्जुमा र कार्यान्वयनमा राजाको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यस शिक्षा योजनाले विश्वविद्यालयको स्वरूप, उच्च शिक्षा प्रणाली र सम्पूर्ण शैक्षिक जगतमा नयाँ मोड ल्यायो । देशको

आवश्यकतासित सम्बद्ध गराई विश्वविद्यालयी शिक्षालाई अन्तर्राष्ट्रिय शैक्षिक चेतनासित परिचित गराउने काम सोही शिक्षा योजनाले शुरुआत गरेको पनि भनियो ।[१]

२०२६ साल माघ २० गतेका दिन चितवनको रामपुरमा भएको पञ्चायत विचार गोष्ठिमा राजा महेन्द्रको शिक्षा सुधार सम्बन्धी अभिव्यक्ति सम्बन्धमा आवश्यक निर्देशनहरू तयार पार्न एउटा 'उप समिति' गठन गर्न र सो उपसमितिले एक मिहना भित्र प्रतिवेदन प्रस्तुत गर्न वैठकले सिफारिस गरेको थियो । समितिलाई आवश्यक व्यक्तिहरूलाई सरसल्लाहका निम्ति को-अप्ट गर्न सक्ने अख्तियारीसमेत दिइयो । दिव्यदेव भट्टको संयोजकत्वमा गठन गरिएको समितिमा गोपालप्रसाद शर्मा, पियूषबहादुर अमात्य, शशीनारायण शाह, चन्द्रधर उप्रेती, ध्रुवमानसिंह अमात्य तथा हर्षनारायण धौभडेललाई संलग्न गरिएको थियो ।[२]

२०२७ साल फागुन २३ गतेका दिन बसेको त्रिभुवन विश्वविद्यालय सिनेटको वार्षिक वैठकमा *"...०२६ माघ २० गतेको दिन श्री ५ महाराजाधिराज सरकारबाट रामपुरमा भएको पंचायत विचार गोष्ठीमा बक्सेको शिक्षा सुधार सम्बन्धी भाषणमा हुकुम बक्सेको कुराहरूलाई कार्यरूपमा परिणत गर्ने तरिका र उपायहरूको खोजी गर्न त्रि.वि.का सम्बन्धित अंगहरूलाई आवश्यक निर्देशन दिइयोस् भनी त्रि.वि.सिनेटको गत वैठकमा पेश गरिएको प्रस्तावमा लेखिए बमोजिम आवश्यक निर्देशनहरू तयार पार्न एउटा उप समिति गठन गरेको र सो उप समितिले प्रस्तुत गरेको रिपोर्टमा विचार होस्..."* भन्ने उपसमितिका

---

[१] त्रिभुवन विश्वविद्यालय, *त्रिभुवन विश्वविद्यालय: एक झलक (त्रिभुवन विश्वविद्यालयको २४ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित त्रि.वि.बुलेटिन विशेषाङ्क-२०४०),* काठमाडौँ: वि.सं. २०४०, पृ. १३ ।

[२] त्रिभुवन विश्वविद्यालय सिनेटको २०२७ साल असार २९, ३१ तथा साउन १ गते बसेको साधारण वैठकको निर्णय नं. ३, पृ. ३-४ ।

संयोजक दिव्यदेव भट्टले प्रस्ताव राख्नुका साथै सो रिपोर्ट बारे विस्तृत रूपमा प्रकाश पारेका थिए । योसँगै उनले श्री ५ को सरकारबाट भरखरै प्रकाशित प्रस्तावित राष्ट्रिय शिक्षा पद्धतिको मस्यौदा योजना यस सन्दर्भमा झन् महत्त्वपूर्ण भएकाले त्यसमासमेत सिनेटमा विस्तृत छलफल होस् भन्ने विचार व्यक्त गरेका थिए ।

भट्टको प्रस्तावपछि सिनेटको सो वैठकलाई कमिटीमा परिणत गरिएको थियो (यहाँ उल्लेख्य के देखिन्छ भने कुनै विषयमा विस्तृत छलफल गर्नु परेका खण्डमा नियमानुसार 'त्रिभुवन विश्वविद्यालय सिनेट' लाई 'त्रिभुवन विश्वविद्यालय कमिटी' मा रूपान्तरण गरेर सञ्चालन गर्ने व्यवस्था रहेको थियो) । त्यसपछि कमिटीमा 'प्रस्तावित राष्ट्रिय शिक्षा पद्धतिको मसौदा योजना' माथि विस्तृत रूपमा छलफल भई प्रस्ताव सर्वसम्मतिबाट पारित भैसकेपछि कमिटीलाई सिनेटमा परिणत गरियो । कमिटीले प्रस्तावित मसौदा योजनामा सिनेट सदस्यहरूद्वारा व्यक्त सुझावहरू क्रमबद्ध रूपमा राखी विश्वविद्यालयका उपकुलपति मार्फत् श्री ५ को सरकार समक्ष पुऱ्याउन दिव्यदेव भट्टको अध्यक्षतामा चन्द्रधर उप्रेती र हर्षनारायण धौभडेल सदस्य रहेको तीन सदस्यीय समिति गठन गऱ्यो ।[३]

प्रस्तावित राष्ट्रिय शिक्षा पद्धतिको मसौदा योजनाको सकारात्मक एवम् नकारात्मक पक्षमा प्रधान न्यायाधीश रत्नबहादुर विष्टका अतिरिक्त यादवप्रसाद पन्त, वासुदेवचन्द्र मल्ल, रामप्रसाद राजबाहक, पीयूषबहादुर अमात्य, दिव्यदेव भट्ट, हर्कबहादुर गुरुङ, हरिदेव मिश्र, हर्षनारायण धौभडेल, वीरेन्द्रकेशरी उपाध्याय तथा चन्द्रधर उप्रेतीले विस्तृत रूपमा चर्चा गरेका

[३] त्रिभुवन विश्वविद्यालय सिनेटको २०२७ साल फागुन २३ र २४ गते बसेको साधारण वैठकको निर्णय नं. ७ (ख), पृ. ४-५ ।

थिए ।[४] त्रिभुवन विश्वविद्यालय सिनेटमा छलफलमा आएका प्रमुख सन्दर्भ यस प्रकार थिए;[५]

- विद्यमान शिक्षा पद्धति बदलिंदो परिस्थिति अनुकूल नभएको,
- मसौदामा सैनिक शिक्षाको आवश्यकता सम्बन्धमा कुनै उल्लेख नभएको,
- कार्यमूलक विचारधारा नभएको शिक्षा प्राप्त गर्ने विद्यार्थीले देशको सर्वाङ्गीण विकासमा बढी मात्रामा योगदान गर्न नसक्ने,
- शिक्षा र राज्यव्यवस्थाबीचको घनिष्ठ सम्बन्धलाई मजबूत बनाउन शिक्षामा सामाजिकीकरण र राजनीतिकरण सँगसँगै गर्नु पर्ने,
- पञ्चायती व्यवस्थामा व्यक्तिको विकासका निम्ति पनि शिक्षाको लक्ष्य हुनु पर्ने र शिक्षाको लक्ष्य शिक्षाकै निमित्त हुनु पर्ने,
- व्यक्तिको विकास र राष्ट्रको विकासमा समन्वय हुनु पर्ने,
- मसौदाले मुलुकको राष्ट्रिय शिक्षाको नीति र उद्देश्यलाई प्रष्ट पारेको तथा वर्तमान शिक्षाका समस्याहरूलाई समाधान गर्न यस मसौदाले इमान्दारीका साथ प्रयत्न गरेको,
- हाम्रो जस्तो मुलुकमा जहाँ साक्षरहरूको प्रतिशत ज्यदै कम छ, आम-शिक्षा (Mass Education) लाई नियन्त्रित गर्नु उचित नदेखिने,
- प्रस्तावित योजनामा शिक्षाको अवसर केही न केही मात्रामा सीमित हुन जाने,

---

४ *ऐजन,* पृ. १-३१ ।

५ त्रिभुवन विश्वविद्यालय सिनेटमा 'प्रस्तावित राष्ट्रिय शिक्षा पद्धतिको मसौदा योजना' माथि व्यक्त भएका विचारहरूको सारांश, २०२७ फागुन २४, पृ.१-६ । छलफलमा स्कूल शिक्षादेखि त्रिभुवन विश्वविद्यालय स्तरसम्मका सन्दर्भ उठाइएका थिए ।

- शिक्षाका मूलभूत उद्देश्यहरूका सन्दर्भमा प्रस्तावित योजनामा slite को महत्त्वलाई कमगर्ने प्रयास भएको देखिने,
- कुनै पनि विकासको क्रममा हामीले जन भावनालाई सही रूपमा सम्झनु पर्ने तथा जुन उद्देश्यहरू समाजको सामु छ त्यसलाई शिक्षा पद्धतिले सकारात्मक रूपले अङ्गाल्न सक्नु पर्ने,
- मसौदा योजनाको मूलभूत कुरा यसको लक्ष हो, जुन समाजलाई सेवा गर्नका लागि शिक्षा आएको तथा हिँजोसम्म शिक्षालाई उपभोग गर्ने वस्तु सम्झिएको ठाउँमा मसौदाले शिक्षालाई लगानीका रूपमा प्रस्टरूपबाट प्रस्तुत गरेको,
- शिक्षा नीति र उद्देश्य प्राप्तिका लागि विभिन्न आर्थिक र सामाजिक वर्गबीच शिक्षाद्वारा कसरी समन्वय ल्याउने भन्ने जटिल प्रश्न देखा परेको र यो प्रश्न शैक्षिक भन्दा बढी सामाजिक कुरा भएकाले यसका निम्ति विद्यमान समाजमा उचित व्यवस्था र वातावरण तयार गर्नु पर्ने आवश्यकता रहेको तथा
- मसौदा योजनाले एकातिर क्रान्तिकारी कदमको लक्ष राखेको तथा अर्का तिर उही पुराने पद्धतिमा केही थपघट गरी अगाडी बढाउन खोजिएको देखिने ।

शिक्षाको संगठन

मसौदाले नयाँ शिक्षामा उच्च शिक्षाको संगठनलाई यस प्रकार उल्लेख गरेको थियो;[६]

- विश्वविद्यालय सभाको दुई वैठकबीचको अवधिमा विश्वविद्यालयको काम कारवाईमा विश्वविद्यालय सभाले उपकुलपतिलाई आफ्नो अधिकार प्रत्यायोजन गर्ने हो कि के गर्ने हो सो मसौदामा स्पष्ट नभएको,

---

६ *ऐजन,* पृ.३-४ ।

- वर्तमानका एक भन्दा बढी सङ्काय भएका महाविद्यालयको गठन नयाँ योजनाअनुसार कसरी गरिने हो स्पष्ट उल्लेख नभएको,
- प्राविधिक सम्मेलनलाई संस्थागत रूप दिइनु पर्ने,
- विश्वविद्यालय सभामा विद्यार्थीको प्रतिनिधित्व हुनु राम्रो भएको,
- विश्वविद्यालयले विद्यार्थीको शैक्षिक उपलब्धिको आधारमा प्रमाण-पत्र वा उपाधि दिनु पर्दछ, नोकरी दिने हेतुले वा नोकरीको अवसरका हिसाबले प्रमाण-पत्र वा उपाधि प्रदान गरिनु नहुने,
- साधारणतया Institution कुनै विशेष शैक्षिक कार्यक्रमका निम्ति स्थापित गरिने र त्यसले कुनै खास क्षेत्रमा विशिष्ट स्थान लिने भए तापनि मसौदामा Institution को व्याख्या स्पष्ट नभएको,
- चालु पञ्चवर्षीय योजनाले अञ्चल स्तरीय महाविद्यालयको परिकल्पना गरेको भए तापनि नयाँ शिक्षामा कस्तो स्थिति हुने हो स्पष्ट नभएको,
- विद्यमान Institution हरूको स्थानमा बरु स-साना तर सुसंगठित ३ या ४ विश्वविद्यालयको स्थापना गर्नु बढी युक्तिसंगत देखिने,
- उच्च व्यावसायिक शिक्षामा Degree र Certificate तहको जनशक्ति तयार गर्ने, Diploma तहको जरुरत नभएको तथा
- इन्स्टिच्यूट अफ विजनेस एड्मिनिष्ट्रेसनलाई अनुसन्धान स्तरको बनाउनु पर्ने

मसौदा योजनामा शिक्षाका उद्देश्यहरू राम्रा रहे तापनि यसको प्राप्तिका लागि पाठ्यक्रममा राम्रो विषयहरूको समावेश नगरिएको टिप्पणी गरियो । यसको उदाहरण दिने क्रममा चरित्र निर्माणका लागि पाठ्यक्रममा नैतिक शिक्षा भएको हाम्रो परम्पराबाट उपलब्ध ज्ञानको समावेश हुनु पर्ने आवश्यकता रहेकाले संस्कृत शिक्षा प्राथमिकदेखि डिप्लोमा तहसम्म

समावेश हुनु पर्ने तथा पुरानो र वर्तमान ज्ञानको तुलनात्मक अध्ययन गरी जुन राम्रो हुन्छ त्यसलाई लिनु पर्ने विचार राखिएको पाइन्छ ।

राष्ट्रिय विकास सेवा

मसौदामा 'इन्स्टिच्यूट अफ नेसनल हेल्थ एण्ड वेलफेयर' को आवश्यकता रहेको, यसअन्तर्गत राष्ट्रिय सेवाको व्यापक कार्यक्रम र स्टुडेन्ट्स गाइडेन्स र काउन्सेलिङ्, मिलिटरी साइन्स आदि सञ्चालन गर्न सकिने सन्दर्भ उठाउँदै राष्ट्रिय विकास सेवाद्वारा विद्यार्थीहरूलाई काम गर्ने बानी बसाल्न सिकाउनु राम्रो भएको भनाइसमेत आएको थियो ।

अन्य विषय

- योजना कार्यान्वित हुँदा राष्ट्रिय स्तरको अन्य योजनामा के असर पर्छ त्यसलाई पनि विचार गर्नु पर्ने,
- चालु पञ्चवर्षीय योजनाअन्तर्गतको सामाजिक सेवाको पाँच वर्षको रकम यस मसौदा योजनाको एक वर्षमै खर्च हुने औसत अनुमान हुन आउने भएकाले योजनामा नै परिवर्तन गर्नु पर्ने हुन सक्ने,
- मसौदामा पाँच वर्षको लक्ष मात्र राखिएको भए तापनि योजना बनाउँदा दीर्घकालीन दृष्टिकोण अपनाउनु पर्ने,
- मसौदामा गुणात्मक वृद्धिको लक्ष राखिएको भए तापनि संख्यात्मक वृद्धिको कुनै लक्ष नराखिएको,
- विद्यमान शिक्षा व्यवस्थालाई पूरै फालेर जाने हो कि क्रमिक विकासको बाटो पहिल्याउने हो, स्पष्ट हुनु पर्ने,
- नयाँ शिक्षा योजना कार्यान्वयनमा आउँदा यसले विद्यार्थीहरूलाई मुलुक बाहिर खास गरेर छिमेकी मुलुकमा पढ्न उत्साहित गर्न सक्ने समस्या देखिने,

- शिक्षामा बढी लगानी गर्नुको मतलब अरू क्षेत्रमा कम लागानी गर्नु पर्ने स्थिति आउने,
- जनशक्तिलाई बढी उपयोगी बनाउन, उच्च, मध्यम र निम्न स्तरका जनशक्तिको प्रश्नमा मसौदामा उति सचेत रूपले ध्यान नदिइएको तथा उच्च स्तर जनशक्तिको अनुपातमा मध्यम स्तरको जनशक्ति तयार गर्न नसकिएको अवस्था रहेको,
- प्रस्तावित मसौदा योजनाअन्तर्गतका व्यावसायिक माध्यमिक विद्यालयबाट निस्केका विद्यार्थीहरूलाई स्वतन्त्र पेशा अपनाउन देशमा न्यूनतम वातावरण र अवसरहरूको सिर्जना गर्नेतर्फ योजना मसौदाका बखतदेखि नै गम्भीरता पूर्वक सोच विचार गर्नु पर्ने आवश्यकता रहेको भनाइ पाइन्छ ।[७]

समग्रमा माथिको विवरण प्रस्तावित राष्ट्रिय शिक्षा पद्धतिको योजना मसौदामाथि त्रिभुवन विश्वविद्यालय सिनेटमा सदस्यहरूद्वारा व्यक्त गरिएका दृष्टिकोण हुन् । यसबाट श्री ५ को सरकारले विभिन्न तह एवम् चरणमा सरोकारबालाबीच छलफल गराएर प्राप्त सुझावसमेतका आधारमा योजना तयार एवम् लागू गरेको देखिन्छ । जहाँसम्म उच्च शिक्षाको सन्दर्भ हो सो सम्बन्धमासमेत विस्तार पूर्वक छलफल गरिएको रहेछ । छलफलपछि आएको निष्कर्षलाई विश्वविद्यालयले सम्बद्ध निकायमा सिफारिस गरेको थियो जसका आधारमा 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' तर्जुमा गरिएको हो ।

## राष्ट्रिय शिक्षा समिति

श्री ५ बाट स्वयम्कै वा मौसुफले तोकेको व्यक्तिको निगरानी वा अध्यक्षतामा तोकिएका सदस्यहरूको एक 'राष्ट्रिय शिक्षा समिति' गठन गर्ने तथा अध्यक्ष एवम् सदस्यको कार्यकाल श्री ५ को इच्छाअनुसार हुने

---

७ *ऐजन,* पृ. ५-६ ।

व्यवस्था गरियो । राष्ट्रिय शिक्षा योजनाको सम्पूर्ण कार्यक्रमको प्रगतिको मूल्याङ्कन गर्ने, श्री ५ मा योजनाको प्रगति समय समयमा जाहेर गर्ने, योजनामा कुनै कुरा स्पष्ट गर्न आवश्यक परेमा स्पष्ट पार्ने, योजनाको कार्यान्वयन गर्दा आवश्यक थपघट तथा सुधार गरी मिलाउने तथा श्री ५ बाट योजना कार्यान्वयनका लागि बक्सेको अन्य काम गर्ने नै समितिको कर्तव्य तोकियो । राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले श्री ५ महेन्द्रबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइएको कुरा ऐनमा उल्लेख गरियो ।[८]

सोही मितिमा सरकारले राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुरूप विद्यालयहरूमा दिइने शिक्षाको व्यवस्था गर्नका लागि 'शिक्षा ऐन २०२८' सार्वजनिक गरेको थियो । यो ऐन भने विद्यालयहरूमा दिइने शिक्षाको प्रयोजनका लागि मात्र तर्जुमा गरिएको देखिन्छ ।[९]

## त्रिभुवन विश्वविद्यालय ऐन, नियम

विश्वबन्धु थापाको अध्यक्षताको 'सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट-२०१८', श्री ५ को सरकार योजना परिषद्/आयोगको सिफारिस/योजनालगायतका आधारमा त्रिभुवन विश्वविद्यालय ऐन २०२८ तर्जुमा गरिएको देखिन्छ । उल्लिखित योजनालाई समावेश गरिएको यस ऐनले मुलुकको उच्च शिक्षाका क्षेत्रमा हलचल नै ल्याएको थियो । यहाँ सोही ऐनमा उल्लेख गरिएका मुख्य सन्दर्भ चर्चा गरिएको छ;

२०२८ साल असोज ६ गतेका दिन सरकारले 'त्रिभुवन विश्वविद्यालय ऐन-२०२८' जारी गरेको थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजनाअन्तर्गत उच्च शिक्षा प्रदान गर्न विश्वविद्यालयको व्यवस्थाका लागि

---

८ श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौँ: श्री ५ को सरकार, भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३१ (क), २०२८ साल भदौ २४ गते, पृ. २५-२६ ।

९ *ऐजन,* पृ. २७-३२ ।

बनेको यो ऐन जारी गरिएको देखिन्छ। ऐनको प्रस्तावनामा *'...श्री ५ मुमा बडामहारानी कान्ति राज्य लक्ष्मी देवी र श्री ५ कान्छा मुमा बडा महारानी ईश्वरी राज्य लक्ष्मी देवीबाट विश्वविद्यालय स्थापना गर्ने उत्कृष्ट अभिलाषा राखिबक्से बमोजिम सर्वसाधारण जनतालाई शिक्षाको निमित्त पर्याप्त सुविधा प्रदान गरिबक्सने दिव्य अभिलाषायुक्त आधुनिक प्रजातान्त्रिक नेपाल अधिराज्यको संस्थापक स्वर्गीय श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवका पुण्य र स्थायी स्मारकको रूपमा त्रिभुवन विश्वविद्यालय स्थापना भएको हो।*

*आर्थिक, सामाजिक गतिशीलतालाई अझ बढी प्रोत्साहन दिन राष्ट्रिय विकासलाई चाहिने जनशक्तिको आवश्यकतालाई पूरा गर्न; देश र राजमुकुटप्रति भक्ति र श्रद्धाको भावना तथा राष्ट्रिय एकतालाई बढी सुदृढ गर्न, सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न र कला, विज्ञान र अन्य व्यवसायिक क्षेत्रमा ज्ञान र अनुसन्धानको वृद्धि गर्नुको साथै चरित्र निर्माण गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना अन्तर्गत उच्च शिक्षा प्रदान गर्न त्रिभुवन विश्वविद्यालयलाई बढी सक्षम बनाउन वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चालयको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ...'* उल्लेख गरियो।[१०]

यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय ऐन २०२८" रह्यो।

विश्वविद्यालय कायम रहने

त्रिभुवन विश्वविद्यालय ऐन २०१६ अन्तर्गत स्थापित त्रिभुवन विश्वविद्यालय यसै ऐनअन्तर्गत स्थापित भएको मानी कायमै रहने; विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुने, यसको कामको निमित्त आफ्नो एउटा छाप हुने, यसले चल अचल सम्पत्ति

---

[१०] श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौंः श्री ५ को सरकार, भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३३ (क), २०२८ साल असोज ६ गते, पृ. २।

प्राप्त गर्न, भोग गर्न धितो बन्धक राख्न बेच बिखन गर्नसमेत सक्ने भयो । यसले आफ्नो नामबाट नालेश, उजूर गर्न र यसउपर पनि सोही नामबाट नालेश उजूर लाग्न सक्ने व्यवस्था गरियो ।[११] विश्वविद्यालयको केन्द्रीय कार्यालय काठमाडौँमा रहने उल्लेख गरियो ।

विश्वविद्यालय सभा

विश्वविद्यालय सभामा चार किसिमका सदस्यको व्यवस्था गरियो- आजीवन सदस्य, पदेन सदस्य, मनोनित सदस्य र निर्वाचित सदस्य । सभामा अध्यक्षका अतिरिक्त यस प्रकार सदस्यको निर्धारण गरियो;

| | |
|---|---|
| १ कुलपति | अध्यक्ष |
| २ श्री ५ अधिराजकुमार हिमालय वीर विक्रम शाह | आजीवन सदस्य |
| ३ श्री ५ अधिराजकुमार वसुन्धरा वीर विक्रम शाह | ,, |
| ४ सह कुलपति | उपाध्यक्ष |
| ५ उप कुलपति | सदस्य |
| ५ सचिव, श्री ५ को सरकार शिक्षा मन्त्रालय | ,, |
| ६ डीनहरू | ,, |
| ७ शिक्षाध्यक्ष (रेक्टर) | सदस्य सचिव |
| ८ रजिष्ट्रार | सदस्य |
| ९ निर्वाचित प्राध्यापक प्रतिनिधि दुई जना (२) | ,, |
| १० निर्वाचित स्नातक प्रतिनिधि पाँच जना (५) | ,, |

[११] श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौँ: श्री ५ को सरकार, भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३३ (क), २०२८ साल असोज ६ गते, पृ. १-११ । ऐनको लालमोहरलाई २०२८ साल असोज ६ गते बुधवारका दिन सदर गरिएको थियो ।

११ कुलपतिबाट मनोनित श्री ५ को सरकारको सेवामा रहेका अधिकृत
चार जना (४) ,,

१२ कुलपतिबाट मनोनित व्यपारी वर्गबाट दुई जना (२) ,,

१३ कुलपतिबाट मनोनित पत्रकारहरू मध्येबाट दुई जना (२) ,,

१४ कुलपतिबाट मनोनित विद्यार्थीहरूबाट दुई जना (२) ,,

१५ कुलपतिबाट मनोनित चन्दादाताहरू मध्येबाट दुई जना (२) तथा ,,

१६ कुलपतिबाट मनोनित अन्य चार जना (४) ,,

विश्वविद्यालय संगठन

उच्च शिक्षाका लागि तोकिएको विषयहरूमा तोकिएको इन्स्टिच्यूटहरू रहने व्यवस्था गरियो । निर्धारित इन्स्टिच्यूटहको सामूहिकरूप नै 'विश्वविद्यालयको स्वरूप' हुने भयो । श्री ५ बाट कुनै इन्स्टिच्यूटलाई शाही इन्स्टिच्यूटको बडापत्र प्रदान भएमा सो इन्स्टिच्यूटले 'शाही इन्स्टिच्यूट' का रूपमा नाम धारण गर्न पाउने भयो ।

प्रत्येक इन्स्टिच्यूटमा एउटा फेकल्टी बोर्ड रहने; प्रत्येक इन्स्टिच्यूटको एउटा केन्द्रीय शिक्षण संस्था र आवश्यकतानुसार विभिन्न क्याम्पस (शाखा संस्था) हरू रहने; इन्स्टिच्यूटहरू विश्वविद्यालयको सामान्य रेखदेख तथा नियन्त्रणमा रहने व्यवस्था मिलाइयो ।

विश्वविद्यालयको काम, कर्तव्य र अधिकार

राष्ट्रिय शिक्षा समितिको नीति र निर्देशनलाई पालन गर्ने; श्री ५ को सरकारले निर्धारण गरेको जनशक्तिको आवश्यकतानुसार विभिन्न विषयमा विभिन्न तहका उच्च शिक्षाको व्यवस्था गर्ने; इन्स्टिच्यूटहरूको स्थापना, सञ्चालन र प्रबन्ध गर्ने; विश्वविद्यालयमा आवश्यक प्राध्यापक तथा प्रशासकीय पदको सृजना गर्ने; प्राध्यापक तथा प्रशासकीय कर्मचारीको नियुक्त गर्ने; स्नातकोपाधि (डिग्री), डिप्लोमा र सर्टिफिकेट

उपाधिहरू स्थापना गरी प्रदान गर्ने; सम्मानार्थ स्नातकोपाधि (अनरेरी डिग्री) वा अन्य शैक्षिक उपाधि प्रदान गर्ने; इन्स्टिच्यूटको निरीक्षण गर्ने र त्यसमा शिक्षण कार्य वा प्रशिक्षणको उचीत स्तर कायम राख्न लगाउने; इन्स्टिच्यूटहरूको कार्यहरूमा नियन्त्रण गर्ने र त्यस्तो कार्यहरूमा सामञ्जस्य ल्याउने विश्वविद्यालयको काम, कर्तव्य र अधिकारमा पर्ने भयो । त्यस्तै दान दातव्य ग्रहण गर्ने; फेलोसिप, ट्रेभलिंग फेलोसिप, स्कलरसिप, छात्रवृत्ति, पदक र पुरस्कारहरू स्थापना गर्ने; शुल्क र अन्य दस्तुर निर्धारण गर्ने; छात्रावासको व्यवस्था गर्ने; पेश भएको आय-व्ययको वार्षिक अनुमानलाई हेरफेर गरी वा नगरी स्वीकृति दिने; विश्वविद्यालयका इन्स्टिच्यूटहरूमा स्टाफका सदस्यहरूको सेवाका शर्तहरू निर्धारण गर्ने; विश्वविद्यालयको कोष तथा सम्पत्तिको व्यवस्था गर्ने; प्रयोगशाला, पुस्तकालय, संग्रहालय, शिक्षण र अनुसन्धान कार्यका निम्ति आवश्यक साधनको व्यवस्था गर्ने; छात्र कल्याण, प्राध्यापक निवास, छापाखाना, प्रकाशन, सूचना सेवा नियोजनालय, खेलकुद र व्यायाम गोष्ठिको व्यवस्था मिलाउने तथा तोकिएबमोजिम अन्य काम गर्ने विश्वविद्यालयको कामअन्तर्गत पर्दथ्यो ।[१२]

पदाधिकारी

विश्वविद्यालयका पदाधिकारीमा कुलपति, सहकुलपति, उपकुलपति, शिक्षाध्यक्ष (रेक्टर), रजिष्ट्रार र अन्य पदाधिकारीहरू रहने भए ।

श्री ५ विश्वविद्यालयको कुलपति हुने भए । यद्यपि निजले चाहेमा अन्य कुनै व्यक्तिलाई कुलपति पदमा मनोनित गर्न सक्ने प्रावधान राखियो । कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुने; निज उपस्थित रहेको अवस्थामा निजले सभाको वैठकमा र विश्वविद्यालयको

१२ *ऐजन,* पृ. ४-११ ।

दीक्षान्त समारोहमा अध्यक्षको आसन ग्रहण गर्ने; कुलपतिलाई विश्वविद्यालय वा विश्वविद्यालयसँग सम्बन्धित जुनसुकै विषय वा वस्तुका निरीक्षण वा जाँचबुझ गर्ने गराउने अधिकार हुने तथा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम विपरीतको विश्वविद्यालयको जुनसुकै कार्यलाई कुलपतिले लिखित आदेशद्वारा रद्द गर्न सक्ने भए ।

सहकुलपति

श्री ५ को सरकारको शिक्षा मन्त्री विश्वविद्यालयको सहकुलपति हुने भए । शिक्षा मन्त्रीको स्थान रिक्त भएको अवस्थामा कुलपतिबाट अन्य कुनै व्यक्तिलाई सहकुलपति पदमा नियुक्त गरिने र शिक्षामन्त्रीको स्थान रिक्त भएको अवस्थामा मात्र निजले सह कुलपति पदको काम सम्हाल्ने व्यवस्था गरियो । त्यस्तै कुलपतिको अनुपस्थितिमा सह कुलपतिले कुलपतिको कार्यभार सम्हाल्ने भए ।

उपकुलपति

विश्वविद्यालयको उपकुलपति पदमा नियुक्तिका लागि सिफारिस पेश गर्न कुलपतिबाट सभाको सदस्यहरूमध्येबाट तीन जनाको एक समिति गठन गरिने, सो समितिले कुलपति समक्ष उपकुलपतिको पदका लागि कम्तिमा तीन जनाको नामावली सिफारिश पेश गर्ने र यसरी पेश भएको सिफारिसउपर विचार भई कुलपतिबाट उपकुलपतिको नियुक्ति गरिने व्यवस्था भयो । चार वर्षको कार्यकाल हुने उपकुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने वैतनिक पदाधिकारी थिए । उप कुलपति विश्वविद्यालयको प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुने भए ।

कुलपति र सहकुलपति दुवैको अनुपस्थितिमा विश्वविद्यालयको दीक्षान्त समारोह र सभामा उपकुलपतिबाट अध्यक्षता गरिने व्यवस्था मिलाइयो ।

यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम तथा विनियमको पालन गर्नु/गराउनु उपकुलपतिको कार्तव्य हुनेभयो । त्यस्तै यसको

प्रयोजनका निम्ति उपकुलपतिको विचारमा तुरुन्त कुनै काम कारवाई नगरी नहुने आकस्मिक अवस्था आई परेको छ भन्ने लागेमा निजले उचित र आवश्यक देखेको काम कारवाई गर्न सक्ने तर त्यसको सूचना सकभर चाँडो सम्बन्धित पदाधिकारी वा अङ्गलाई दिनु पर्ने व्यवस्था गरियो । उपकुलपतिले सभाको निर्णय वा आदेशलाई कार्यान्वित गर्नुका साथै विश्वविद्यालयको सबै काम, कारवाईमा उनको सामान्य नियन्त्रण रहने भयो । त्रिभुवन विश्वविद्यालय सभामा पेश हुने सबै विषयहरू उपकुलपति मार्फत् नै पेश गरिने व्यवस्था मिलाइयो । उल्लिखित बाहेक विश्वविद्यालयमा शिक्षाध्याक्ष, रजिष्ट्रार, डीन तथा अन्य पदाधिकारीसमेतको व्यवस्था गरियो ।

उल्लेख्य के छ भने यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका विश्वविद्यालयका पदाधिकारीहरू यसै ऐन बमोजिमका पदाधिकारीहरू मानिने भए तापनि पहिले जस्तो कोषाध्यक्ष पद भने राखिएन । त्यस्तै यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको त्रिभुवन विश्वविद्यालको लेनदेन, कारोबार, ऋण, धनलगायत सम्पूर्ण अधिकार तथा दायित्व यस ऐनबमोजिमको विश्वविद्यालयको नै हुने भयो ।

विश्वविद्यालय सेवा आयोग

विश्वविद्यालय र इन्स्टिच्यूटको प्राध्यापक तथा प्रशासकीय कर्मचारीको नियुक्ति र बढुवाको सिफारिश गर्न ‘विश्वविद्यालय सेवा आयोग’ को व्यवस्था गरियो ।

महाविद्यालय वा शैक्षिक संस्थालाई इन्स्टिच्यूटमा परिवर्तन गर्ने

विश्वविद्यालय ऐन प्रारम्भ हुँदाका बखत नेपाल अधिराज्यमा चालू रहेका सम्बद्ध महाविद्यालय वा अन्य शैक्षिक संस्थालाई विश्वविद्यालले तोकिएबमोजिम इन्स्टिच्यूटमा परिवर्तन गर्ने भयो । इन्स्टिच्यूटमा परिवर्तन हुन नसकेमा सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्था तोकिएको अवधिसम्म कामय रहने प्रावधान राखियो । कथंकदाचित् तोकिएको अवधिपछि कायम

नरहेका महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने र त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको कुनै आर्थिक दायित्व पूरा गर्नुपर्ने भए विश्वविद्यालयले तोकेको समितिबाट सो आर्थिक दायित्व निर्धारण गराई त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्तिले भ्याएसम्मको त्यस्तो आर्थिक दायित्व पूरा गरी बाँकी सम्पत्ति विश्वविद्यालयले तोकिएबमोजिम कुनै इन्स्टिच्यूटको प्रयोजन र काममा लगाउन सक्ने भयो ।

प्रचलित नेपाल कानुनमा जुनसुकै करा लेखिएको भए तापनि इन्स्टिच्यूटमा परिवर्तन भएको सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्थाको सबै हक, अधिकार, सुविधा, चल अचल सम्पत्ति सम्बन्धित इन्स्टिच्यूटको हुने र सो इन्स्टिच्यूटकै प्रयोजन र काममा लगाइने व्यवस्था गरियो ।

राष्ट्रिय विकास सेवा

उच्च शिक्षामा अध्ययन गर्ने सबै विद्यार्थीहरूलाई कम्तिमा एक वर्ष राष्ट्रिय विकास सेवामा काममा लगाएपछि विश्वविद्यालयले स्नातकोपाधि (डिग्री) वा डिप्लोमा प्रदान गर्ने भयो ।

अञ्चल शिक्षा समिति

अञ्चलमा उच्च शिक्षाको व्यवस्थाका लागि जनप्रतिनिधिसमेतबाट तोकिएको सदस्यहरू भएको अञ्चल शिक्षा समिति रहने व्यवस्था गरियो ।

उच्च शिक्षा तथा प्रशिक्षण कार्य

नेपाल अधिराज्यभित्र उच्च शिक्षा तथा प्रशिक्षण कार्य तोकिएको विषयमा इन्स्टिच्यूटले मात्र गर्न पाउने भयो । यसको विपरीत विश्वविद्यालयको स्वीकृति बिना उच्च शिक्षण संस्था खोल्ने व्यक्तिलाई तोकिएका अधिकारीले बन्द गर्न र रु. पाँचहजारसम्म जरिवाना गर्न सक्ने अख्तियारी दिइयो ।

श्री ५ को सरकारको निर्देशन दिने अधिकार

राष्ट्रिय शिक्षा पद्धतिको योजनाअन्तर्गत विश्वविद्यालयले अपनाउने उच्च शिक्षाको नीति सम्बन्धमा श्री ५ को सरकारले समय समयमा विश्वविद्यालयलाई आवश्यक निर्देशन दिन सक्ने तथा यसरी दिइएको निर्देशन पालन गर्नु विश्वविद्यालयको कर्तव्य हुने कुरा ऐनमा स्पष्ट रूपमा उल्लेख गरियो ।

नियम बनाउने

यो ऐनको उद्देश्य कार्यान्वित गर्न विश्वविद्यालयले राष्ट्रिय शिक्षा समितिको स्वीकृति लिई नियम बनाउन सक्ने व्यवस्था गरियो । राष्ट्रिय शिक्षा समितिले दिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी विश्वविद्यालयलाई विभिन्न विषयहरूमा नियम बनाउने अधिकार दिइयो ।

सोअनुसार विश्वविद्यालय सभाले गर्ने कामको तरीका र सभाको वैठकको कार्यविधि; सभाले उपकुलपति र उपकुलपतिले आफूमुनिका अधिकृत वा पदाधिकारी वा अन्य कर्मचारीलाई अधिकार सुम्पने; विश्वविद्यालयका वैतनिक पदाधिकारी, शिक्षक र प्रशासकीय कर्मचारी हरूको सेवाका शर्तहरू; पाठ्यक्रम विकास केन्द्रको गठन र त्यसको काम, कर्तव्य र अधिकार; कुनै व्यक्तिलाई प्राध्यापकको मान्यता दिने वा नदिने अवस्था; छात्रहरूको प्रवेश, स्नातकोपाधि (डिग्री), डिप्लोमा र सर्टिफिकेट प्राप्त गर्न चाहिने कुरा, पाठ्यक्रम, शिक्षण स्तर र परीक्षा प्रणाली; उच्च शिक्षाको माध्यम; प्राध्यापक तथा छात्र निवास; विश्वविद्यालयको प्राध्यापक, छात्रहरू तथा कर्मचारीहरूको आचरण संहिता; विश्वविद्यालयतर्फबाट गरिने ठेक्का पट्टा वा कबुलियत सम्बन्धी शर्तहरू; विश्वविद्यालयको छाप चलाउने कार्यविधि; विभिन्न परीक्षाको पाठ्यक्रम तोक्ने; स्नातकको दर्ता गर्ने र दर्ता किताब राख्ने; विदेशमा अध्ययन गरी इन्स्टिच्यूटमा भर्ना हुने तथा साधारणतः विश्वविद्यालयले यो ऐनअन्तर्गत गर्नुपर्ने सबै काम

काजको सुव्यवस्था गर्ने आदि थिए । यसका अतिरिक्त विश्वविद्यालयले आफ्नो आन्तरिक काम कुराहरू व्यवस्थित गर्न यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधिनमा रही विनियम बनाउन सक्ने भयो ।

बचाउ र खारेजी

यस ऐनअन्तर्गत बनेका नियम र विनियममा लेखिए जति कुराहरूमा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुनबमोजिम हुने भयो भने त्रिभुवन विश्वविद्यालय ऐन २०१६ खारेज गरियो ।[१३]

## त्रिभुवन विश्वविद्यालय नियम

'त्रिभुवन विश्वविद्यालय ऐन-२०२८' सोही वर्षको असोज ६ गतेका दिन जारी गरिएको थियो । यसको ५ महिनाजतिपछि २०२८ साल फागुन २६ गते त्रिभुवन विश्वविद्यालय सभाले 'त्रिभुवन विश्वविद्याल नियम-२०२८' तर्जुमा गरेको थियो । सामान्यतया प्रकाशमा नपाइने यो 'नियम' ले उक्त ऐनलाई स्पष्ट पार्नाका साथै विश्वविद्यालयसँग सम्बद्ध विविध व्यवस्था गरेको थियो । यसै सन्दर्भमा यहाँ सो नियमले व्यवस्था गरेको मुख्य विषयको चर्चा गरिएको छ ।[१४]

---

१३ *ऐजन,* पृ. १०-११ ।

१४ कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा २०२८ साल फागुन २६ गतेका दिन त्रिभुवश्वविद्याल सभा बसेको थियो । यस सभाको कार्यावली नं. ३ अनुसार उपकुलपति त्रैलोक्यनाथ उप्रेतीले पेश गरेको *'त्रिभुवन विश्वविद्यालय ऐन २०२८ को दफा २१ को अन्तर्गत रही तयार गरिएका यसैसाथ संलग्न नियमहरू दफावार विचार गरी स्वीकृत होस्',* प्रस्तावलाई शिक्षा सचिव कृष्णबहादुर मानन्धरले समर्थन गरेपछि दफावार विचार गरी उपर्युक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरिएको थियो जसमा अध्यक्षका हैसियतले राजा वीरेन्द्रबाट हस्ताक्षरसमेत भएको थियो । कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा २०२८ साल फागुन २६ गतेका दिन त्रिभुवन विश्वविद्यालय सभाको मिनट्स ।

विश्वविद्यालय संगठन

विश्वविद्यालय ऐन प्रारम्भ हुँदाका बखत नेपाल अधिराज्यमा सञ्चालनमा रहेका सम्बद्ध महाविद्यालय वा अन्य शैक्षिक संस्थालाई विश्वविद्यालले तोकिएबमोजिम इन्स्टिच्यूटमा परिवर्तन गर्ने भयो । इन्स्टिच्यूटमा परिवर्तन हुन नसकेमा सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्था तोकिएको अवधिसम्म कामय रहने प्रावधान राखियो । कथंकदाचित् तोकिएको अवधिपछि कायम नरहेका सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने र त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको कुनै आर्थिक दायित्व पूरा गर्नुपर्ने भए विश्वविद्यालयले तोकेको समितिबाट सो आर्थिक दायित्व निर्धारण गराई त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्तिले भ्याएसम्मको आर्थिक दायित्व पूरा गरी बाँकी सम्पत्ति विश्वविद्यालयले तोकिएबमोजिम कुनै इन्स्टिच्यूटको प्रयोजन र काममा लगाउन सक्ने भयो ।

प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि इन्स्टिच्यूटमा परिवर्तन भएको सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्थाको सबै हक, अधिकार, सुविधा, चल अचल सम्पत्ति सम्बन्धित इन्स्टिच्यूटको हुने र सो इन्स्टिच्यूटकै प्रयोजन र काममा लगाइने व्यवस्था गरियो ।[१५]

---

यसै मिनट्सका साथमा ३७ पृष्ठको 'त्रिभुवन विश्वविद्यालय नियमहरू, २०२८' राखिएको छ । त्यति मात्र नभएर श्री ५ को सरकार राष्ट्रिय शिक्षा समितिका तर्फबाट सदस्य सचिवको नाममा २०२८ साल फागुन २६ गतेका दिन त्रिभुवन विश्वविद्यालयका उपकुलपतिका नाममा लेखिएको एउटा पत्रमा *"...श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव समक्ष मिति २०२८ फाल्गुण २६ गते वृहस्पतिवार दिऊंसो १२ वजे त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा बसेको राष्ट्रिय शिक्षा समितिको वैठकमा त्रिभुवन विश्वविद्यालय सभाको प्रथम वैठकबाट पारित त्रिभुवन विश्वविद्यालय नियमहरू विचारार्थ प्रस्तुत हुँदा उक्त नियमहरूलाई स्वीकृति प्रदान गरिएकोले सो व्यहोरा अनुरोध गरेको छु"* उल्लेख गरिएको छ । यो राष्ट्रिय शिक्षा समिति अन्तर्गत त्रिभुवन विश्वविद्यालय रहेको एउटा उदाहरण हुनसक्दछ । यो नियमहरूको सक्कल प्रतिको सबै पृष्ठहरूमा राजा वीरेन्द्रको छोटकरी हस्ताक्षर रहेको उल्लेख्य पक्ष देख्न पाइन्छ ।

१५ *ऐजन,* पृ. ८ ।

विश्वविद्यालय ऐनका आधारमा त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षाका लागि विभिन्न १३ विषयसँग सम्बद्ध १३ इन्स्टिच्यूटहरू स्थापना गरियो जसमा (१) कृषि विज्ञान र पशुविज्ञान-कृषि र पशुविज्ञान इन्स्टिच्यूट, (२) वन विज्ञान-वन विज्ञान इन्स्टिच्यूट, (३) इञ्जिनीयरिङ्ग-इञ्जिनीयरिङ्ग इन्स्टिच्यूट, (४) चिकित्साशास्त्र र जन स्वास्थ्य-चिकित्साशास्त्र इन्स्टिच्यूट, (५) व्यावहारिक विज्ञान र प्रविधि-व्यावहारिक विज्ञान र प्रविधि इन्स्टिच्यूट, (६) शिक्षाशास्त्र-शिक्षाशास्त्र इन्स्टिच्यूट, (७) विज्ञान-विज्ञान इन्स्टिच्यूट, (८) ललितकला-ललितकला इन्स्टिच्यूट, (९) मानविकी र सामाजिकशास्त्र-मानविकी र सामाजिक शास्त्रइन्स्टिच्यूट, (१०) व्यापार प्रशासन, वाणिज्यशास्त्र र जन प्रशासन-व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जन प्रशासन इन्स्टिच्यूट, (११) संस्कृत-संस्कृत इन्स्टिच्यूट, (१२) कानून-कानून इन्स्टिच्यूट एवम् (१३) नेपाल अध्ययन र एशियाली अध्ययन-नेपाल र एशियाली अध्ययन इन्स्टिच्यूट थिए । यी इन्स्टिच्यूटहरूको काम सम्बद्ध विषयमा अध्ययन, अध्यापन, प्रशिक्षण र अनुसन्धान गराउने थियो । तोकिएका विषय बाहेक अन्य इन्स्टिच्यूटअन्तर्गत पर्ने विषयहरू पनि सहायक विषयका रूपमा पढाउन सकिने व्यवस्था गरियो ।[१६]

महाविद्यालय वा अन्य शैक्षिक संस्थालाई इन्स्टिच्यूटमा परिवर्तन गर्ने सन्दर्भमा यस नियमले केही व्यवस्था गरेको थियो जसअनुसार २०१६ सालको त्रिभुवन विश्वविद्यालय ऐनअन्तर्गत सम्बद्ध महाविद्यालयहरू तथा मान्यताप्राप्त संस्थाहरू २०३० साल असार मसान्तसम्म मात्र कायम रहने, उल्लिखित महाविद्यालय तथा मान्यता प्राप्त संस्थाहरूले उपकुलपतिको पूर्व स्वीकृति बेगर ऋण लिन, दिन, आफ्नो चल वा अचल सम्पत्ति बेच बिखन गर्न, नामसारी गर्न, बकस दिन, दान दिन र धितो वा बन्धक राख्न वा नयाँ निर्माण कार्य गर्न नपाउने भए । त्यस्तै ती महाविद्यालयहरू तथा

[१६] त्रिभुवन विश्वविद्यलय ऐनको दफा ५ को उपदफा १ र ४ तथा दफा २८ (१) अनुसार, त्रिभुवन विश्वविद्यालय नियम २०२८, पृ. २-४ ।

मान्यता प्राप्त संस्थाहरूमा स्थायी प्राध्यापक वा कर्मचारी भर्ना गर्दा वा प्राध्यापक तथा कर्मचारीहरूको सेवाको शर्तमा कुनै हेरफेर गर्दा उपकुलपतिको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था गरियो । उल्लिखित महाविद्यालयले उपकुलपतिले तोकेको विषय र पाठ्यक्रमअनुसार तोकिएका उपाधिहरूको निम्ति पठन पाठन गर्नु पर्ने तथा महाविद्यालयहरू सम्बद्ध प्राध्यापकहरूले पनि इन्स्टिच्यूटका प्राध्यापकहरू सरह सभाका निम्ति हुने निर्वाचनमा भाग लिन पाउने व्यवस्था गरियो ।[१७]

२०३० साल फागुन २८ गतेका दिन विश्वविद्यालय प्राविधिक समितिले नेपाल र एशियाली अध्ययन संस्थान सम्बन्धी एउटा विनियम जारी गरेको थियो । परीक्षणका लागि जारी गरिएको यो विनियम भने २०३२ साल असार मसान्तसम्ममात्र लागू गरिने कुरा स्पष्ट पारियो । त्रिभुवन विश्वविद्यालयको अन्य संस्थान अथवा केन्द्रमा प्राध्यापक अथवा अनुसन्धान गर्ने व्यक्तिहरूलाई आवश्यक भएमा तोकिएको प्रोजेक्टमा तोकिएको अवधिसम्म काम गर्न नेपाल र एशियाली अध्ययन संस्थानमा ल्याउन सकिने भयो । यसरी आउने व्यक्तिहरूलाई पूर्ण अथवा आंशिक समयका निम्ति काजमा ल्याइने, पूर्ण समयका लागि आउने व्यक्तिले प्रोजेक्ट अवधिसम्म आफ्नो मूल संस्थामा गरेको काम गर्नु नपर्ने छुट दिइयो । उसलाई आवश्यक प्रोजेक्ट भत्ता प्रोजेक्टको काम हेरेर, भ्रमण भत्ता, भ्रमण खर्च र प्रोजेक्ट खर्चहरू स्वीकृत योजनाबमोजिम नेपाल र एशियाली अध्ययन संस्थाले उपलब्ध गराउने भयो ।

आंशिक समयका निम्ति आउने व्यक्तिहरूले भने आफ्नो मूल संस्थानको कार्य यथावत् नै गर्नु पर्ने भयो र अरू समय प्रोजेक्टमा लगाउन सक्ने भए । यसरी आंशिक रूपमा प्रोजेक्टमा सम्मिलित हुने व्यक्तिहरूको अध्यापन कार्य बढी भएको अनुभव भएमा आवश्यकता हेरी सम्बन्धित डीनको राय सल्लाहबाट केही घटाउन सकिने व्यवस्था गरियो ।

---

[१७] त्रिभुवन विश्वविद्यालय नियम २०२८, पृ. १०-११ ।

यस्ता व्यक्तिलाई चाहिने प्रोजेक्ट भत्ता, भ्रमण र प्रोजेक्ट खर्चहरू योजना बमोजिम स्वीकृत हुने भयो । यसरी ल्याइने कुनै पनि व्यक्तिलाई पूर्ण वा आंशिक समय के कसरी ल्याउने भन्ने कुरा त्यस्तो व्यक्तिले प्रतिदिन योजनामा बिताउनु पर्ने घण्टाका आधारमा संस्थानले निर्णय लिने भयो । यसरी कुनै पनि रूपले प्रोजेक्टअन्तर्गत आउने व्यक्तिहरूको प्रोजेक्ट अवधी गणना गर्दा दिनगन्तीका हिसाबले हुने र विदाको दिनसमेत यसमा गणना गरिने भयो । नेपाल र एशियाली अध्ययन संस्थानमा आएर काम गरेको अवधि बापत कुनै घर विदा वा भ्याकेसनको सुविधा भने दिइने भएन ।

अनुसन्धान प्रोजेक्ट बनाउने, सञ्चालन गर्ने, अन्तिम रिपोर्ट तयार गर्ने र योजनाको सम्पूर्ण जिम्मेवारी बहन गर्ने प्राध्यापकहरूलाई आफ्नो तलबको पचासदेखि शय प्रतिशतसम्म अतिरिक्त प्रोजेक्ट भत्ता दिन सकिने भयो । अनुसन्धान प्रोजेक्टमा सहायकका रूपमा काम गर्ने व्यक्तिलाई आफ्नो तलबको पच्चीसदेखि पचास प्रतिशतसम्म अतिरिक्त प्रोजेक्ट भत्ता दिन सकिने भयो भने प्रोजेक्टमा काम गर्न भनी सो संस्थानमा आउने व्यक्तिहरू एक पटकमा बढीमा ६ महिनाका लागि मात्र आउन पाउने भए । यदि कुनै प्रोजेक्ट लामो अवधिको भएमा त्यसलाई कतिपय चरणमा विभाजित गरिनु पर्ने र एउटा चरणको अवधि बढीमा ६ महिनासम्म हुन सक्ने भयो ।[१८]

## अञ्चल शिक्षा समिति

विश्वविद्यालय ऐन २०२८ ले अञ्चलमा उच्च शिक्षाको व्यवस्थाका लागि जनप्रतिनिधिसमेतबाट तोकिएको सदस्यहरू भएको 'अञ्चल शिक्षा समिति' रहने व्यवस्था गरेको थियो । सम्बद्ध अञ्चलको अञ्चलाधीशको अध्यक्षतामा अञ्चल सभाका सभापति उपाध्यक्ष हुने तथा जिल्ला पञ्चायतका सभापतिहरू, अञ्चलका प्रतिष्ठित व्यक्तिहरूमध्ये श्री

[१८] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० फागुन २८ गतेका दिनको बैठकको निर्णय नं. ३७ ।

५ को सरकारले मनोनित गरेको (बढीमा ६ जना), क्याम्पस प्रमुखमध्येबाट उपकुलपतिबाट मनोनित (बढीमा ४ जना) तथा प्राध्यापकहरूमध्ये उपकुलपतिबाट मनोनित (बढीमा ३ जना) सदस्य रहने अञ्चल शिक्षा समितिमा सदस्य रहेका क्याम्पस प्रमुखहरूमध्येबाट समितिले एक जनालाई सचिव मनोनित गर्ने व्यवस्था गरियो ।

समितिलाई सम्बद्ध अञ्चलमा उच्च शिक्षाको योजना र गतिविधि सम्बन्धमा आफूले उचित ठानेको कुरामा उपकुलपतिलाई सल्लाह वा उपकुलपतिले मागेको सुझाव दिने, विद्यमान इन्स्टिच्यूटका क्याम्पसहरूको सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत पहिल्याउने र आवश्यक रकम जुटाउने, इन्स्टिच्यूटका क्याम्पसमा प्राध्यापक, विद्यार्थी तथा कर्मचारीको हित वा क्याम्पस र जन जीवनमा समान्वय ल्याउन कुनै विशेष कार्यक्रमको सुविधाको व्यवस्था गर्न चाहेमा उपकुलपतिको स्वीकृति लिई सो सुविधा प्रदान गर्ने, अञ्चल उच्च शिक्षा कोष खडा गरी त्यस्को उचित सञ्चालनको व्यवस्था गर्ने तथा शिक्षा विषयमा गोष्ठी, सम्मेलन, प्रदर्शनी आदिको आयोजन गर्ने जस्ता अख्तियारी सुम्पिएको थियो ।[१९]

यस नियममा विश्वविद्यालय सभाका प्राध्यापक तथा स्नातक प्रतिनिधि सदस्यहरूको चुनाव, विश्वविद्यालय सभाका सदस्यहरू र निजहरूको कार्यावधि, सभाको वैठक र कार्यविधि, स्नातक दर्तालगायत विषय संलग्न गरिएका थिए ।[२०]

नयाँ शिक्षा योजना

'त्रिभुवन विवश्वविद्यालय ऐन २०२८' प्रारम्भ हुँदाका बखत नेपाल अधिराज्यमा चालू भैराखेका सम्बद्ध महाविद्यालय वा अन्य शैक्षिक संस्थालाई विश्वविद्यालयले तोकिएबमोजिम इन्स्टिच्यूटमा परिवर्तन गरिने

[१९] त्रिभुवन विश्वविद्यालय नियम २०२८, पृ. १२-१३ ।

[२०] *ऐजन,* पृ. १४-३५ ।

कुरा ऐनमा नै स्पष्ट गरियो । इन्स्टिच्यूटमा परिवर्तन हुन नसकेमा सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्था तोकिएको अवधिसम्म कामय रहने प्रावधान राखियो । कथंकदाचित् तोकिएको अवधिपछि कायम नरहेमा सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने र त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको कुनै आर्थिक दायित्व पूरा गर्नुपर्ने भए विश्वविद्यालयले तोकेको समितिबाट सो आर्थिक दायित्व निर्धारण गराई त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्तिले भ्याएसम्मको त्यस्तो आर्थिक दायित्व पूरा गरी बाँकी सम्पत्ति विश्वविद्यालयले तोकिएबमोजिम कुनै इन्स्टिच्यूटको प्रयोजन र काममा लगाउन सक्ने भयो । प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि इन्स्टिच्यूटमा परिवर्तन भएको सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्थाको सबै हक, अधिकार, सुविधा, चल अचल सम्पत्ति सम्बन्धित इन्स्टिच्यूटको हुने र सो इन्स्टिच्यूटकै प्रयोजन र काममा लगाइने व्यवस्था गरियो ।[२१] ऐनमा उल्लेख गरिएअनुसार त्रिभुवन विश्वविद्यालमा उल्लिखित १३ इन्स्टिच्यूट रहेन भए । राष्ट्रिय शिक्षा पद्धतिको योजनामा १६ इन्स्टिच्यूटको व्यवस्था गरिएको हो तापनि नेपाल अध्ययन संस्थानमा एशियाई अध्ययन संस्थान, कृषि विज्ञान इन्स्टिच्यूटमा पशु विज्ञान इन्स्टिच्यूट र व्यापार प्रशासन तथा वाणिज्यशास्त्र इन्स्टिच्यूटमा जनप्रशासन इन्स्टिच्यूट गाभिएकाले १३ इन्स्टिच्यूट मात्र रहने भएका हुन् ।[२२]

२०२८ साल फागुन २६ गतेदेखि त्रिभुवन विश्वविद्यालय ऐन २०२८ लागू गरियो । यसअनुसार विश्वविद्यालय सिनेट, सिण्डिकेट, एकेडमिक काउन्सिल, सेवा आयोग, फ्याकल्टीहरू, बोर्डअफ स्टडिज आदि खारेज गरिए भने 'त्रिभुवन विश्वविद्यालय सभा' गठन गरियो । उक्त

---

[२१] श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौँ: श्री ५ को सरकार, भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३३ (क), २०२८ साल असोज ६ गते, पृ. ८ ।

[२२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५ अङ्क-७, २०२८ साल फागुन, पृ. ५ ।

सभाको २६ गतेको बैठकमा पारित विश्वविद्यालयसम्बन्धी नियमहरू पनि २०२८ साल फागुन २६ गतेदेखि नै लागू गरिए ।[२३]

सभाको निर्णयानुसार त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारको नामबाट एउटा सूचना जारी गरिएको थियो ।[२४] सूचनामा 'त्रिभुवन विश्वविद्यालय ऐन २०१६' अन्तर्गतका त्रिभुवन विश्वविद्यालय कलेज, विश्वविद्यालसँग सम्बद्ध महाविद्यालयहरू तथा विश्वविद्यालयबाट मान्यता प्राप्त शैक्षिक संस्थाहरू 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' को दफा २० (२) अन्तर्गत, अन्यथा निर्णय भएमा बाहेक, २०३० असार मसान्तसम्म कायम रहने र अर्को निर्णय नभएसम्म उक्त महाविद्यालयहरूमा त्यस बखतसम्म सञ्चालनमा रहेका विनियमहरूअनुसार साविकै परीक्षा तथा उपाधिहरूको निम्ति पठन पाठन गराइने उल्लेख गरियो । त्यस्तै यसरी सञ्चालनमा रहेका महाविद्यालय तथा शैक्षिक संस्थाहरूले केही नियमहरू पालन गर्नु पर्ने भयो । यस्ता विषयमा उल्लिखित महाविद्यालय तथा मान्यता प्राप्त संस्थाहरूले उपकुलपतिको पूर्व स्वीकृति बेगर ऋण लिन-दिन, आफ्नो चल अचल सम्पत्ति बेच बिखन गर्न, नामसारी गर्न, बकस दिन, दान दिन र धितो वा बन्धक राख्न वा नयाँ निर्माण कार्य गर्न नपाउने भए । त्यस्तै ती महाविद्यालयहरू तथा मान्यता प्राप्त संस्थाहरूमा स्थायी प्राध्यापक वा कर्मचारी भर्ना गर्दा वा प्राध्यापक तथा कर्मचारीहरूको सेवाको शर्तमा कुनै हेरफेर गर्दा उपकुलपतिको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था गरियो । उल्लिखित महाविद्यालयले उपकुलपतिले तोकेको विषय र पाठ्यक्रमअनुसार तोकिएका उपाधिहरूको निम्ति पठन पाठन गर्नु पर्ने तथा महाविद्यालयहरू सम्बद्ध प्राध्यापकहरूले पनि इन्स्टिच्यूटका प्राध्यापकहरू सरह सभाको निम्ति हुने निर्वाचनमा भाग लिन पाउने व्यवस्था गरियो ।

---

[२३] *ऐजन ।*

[२४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५ अङ्क-७, २०२८ साल फागुन, पृ. १० ।

नयाँ शिक्षा योजनाअन्तर्गत विश्वविद्यालयमा उच्च शिक्षाका लागि गठन हुने १३ इन्स्टिच्यूट (अध्ययन संस्थान) हरू मध्ये कृषि र पशु विज्ञान, वन विज्ञान, इञ्जिनीयरिङ्ग, चिकित्साशास्त्र, व्यावहारिक विज्ञान र प्रविधि तथा शिक्षाशास्त्र गरी जम्मा ६ वटा इन्स्टिच्यूटहरू २०२९ साल साउन १ गतेदेखि सञ्चालन गरिने भएको जानकारी सार्वजनिक गरियो । त्यस्तै उल्लिखित इन्स्टिच्यूटअन्तर्गत पर्ने विभिन्न तालीम तथा अन्य संस्थाहरूबाट सञ्चालनमा रहेका पाठ्यक्रमहरूमा सामान्य परिवर्तन गर्ने र पाठ्यक्रममा एकरूपता ल्याउन ६-७ महिना भित्र स्थायी पाठ्यक्रम तयार गरिने योजना बनाइयो । विद्यमान परीक्षा प्रणालीलाई खारेज गरेर 'सेमेष्टर परीक्षा प्रणाली' अपनाउने तथा सो सेमेष्टर परीक्षा २०२९ साल साउन १ गतेदेखि नै सञ्चालन गरिने पनि सम्बद्ध सबैको जानकारीका लागि पूर्व सूचना प्रकाशन गरियो ।

यसै सन्दर्भमा श्री ५ को सरकारको मन्त्रालयहरूअन्तर्गत सञ्चालन भैराखेका उल्लिखित इन्स्टिच्यूट मातहत पर्ने विभिन्न तालीम सम्बन्धी संस्थाहरू २०२९ साल साउन १ गतेबाट त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालन गरिने भयो । नयाँ शिक्षा योजनाअन्तर्गत अरू बाँकी ७ इन्स्टिच्यूटहरू २०३० साल साउन १ गतेदेखि अर्थात् एक वर्षपछि मात्र सञ्चालन गरिने योजना बनाइयो ।[२५]

नयाँ शिक्षा योजनाअनुसार विश्वविद्यालय पूर्ववत् स्वशासित संस्था रहने भए तापनि विश्वविद्यालयको प्रकाशनले नै यस योजनामा उच्च शिक्षालाई नियोजित पार्ने प्रयास गरिएको अभिव्यक्त गरिएको पाइन्छ । उल्लेख्य के छ भने योजनाअनुसार विश्वविद्यालय सिनेट, सिण्डिकेट र एकेडेमिक काउन्सिलको सट्टा ५० सदस्यीय विश्वविद्यालय

---

[२५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५ अङ्क-९, २०२९ साल वैशाख, पृ. १-३ ।

सभाको व्यवस्था गरियो ।[२६] विद्यमान कलेजहरूको सट्टा विभिन्न विषयका इन्स्टिच्यूटहरू गठन हुने र सबै इन्स्टिच्यूटहरूको सामुहिक रूप नै त्रिभुवन विश्वविद्यालयको नयाँ रूप हुने भयो । त्यस्तै उच्च शिक्षाको पहिलो तह प्रमाणपत्र, दोस्रो डिप्लोमा र तेस्रो डिग्री तह कायम गरियो । सबै इन्स्टिच्यूटका डीनहरू र उपकुलपतिद्वारा मनोनित व्यक्तिहरू सम्मिलित एक 'प्राविधिक सम्मेलन' पनि संगठनको अङ्ग बनाइयो । यसले शैक्षिक कार्यक्रमहरूको मूल्याङ्कन गरी आवश्यक समन्वय स्थापित गर्दै नयाँ कार्यक्रमको तर्जुमा गरेर सभामा पेश गर्ने भयो ।[२७]

२०२९ साल साउन १ गतेदेखि ६ वटा इन्स्टिच्यूट सञ्चालन गरिने, तिनमा पर्ने विभिन्न तालीम तथा अन्य संस्थाहरूअन्तर्गत सञ्चलनमा रहेका पाठ्यक्रमहरूमा सामान्य परिवर्तन गर्ने र पाठ्यक्रममा एकरूपता ल्याउन ६-७ महिना भित्र स्थायी पाठ्यक्रम तयार गरिने लक्ष्य राखियो । उल्लिखित इन्स्टिच्यूटहरूमा सञ्चालनमा रहेका परीक्षा प्रणाली खारेज गरी २०२९ साल साउन १ गतेदेखि सेमेष्टर परीक्षा प्रणाली सञ्चालन गरिने व्यवस्था भयो । साथै श्री ५ को सरकारका विभिन्न मन्त्रालयअन्तर्गत सञ्चालनमा रहेका उल्लिखित इन्स्टिच्यूटअन्तर्गत पर्ने विभिन्न तालीम सम्बन्धी संस्थाहरू पनि सोही साउन १ गतेदेखि विश्वविद्यालयद्वारा सञ्चालन गरिने भए ।

शिक्षा योजनाअन्तर्गत अरू बाँकी ७ इन्स्टिच्यूटहरू भने अर्को वर्ष अर्थात् २०३० साल साउन १ गतेदेखि सञ्चालन हुने योजना बनाइयो ।[२८]

---

२६ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४, अङ्क-६,७ ,२०२७ साल माघ-फाल्गुण, पृ. १-३ ।

२७ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४, अङ्क-१२, २०२८ साल साउन, पृ. ६ ।

२८ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-९, २०२९ साल वैशाख, पृ. २-३ ।

नेपालमा उच्च शिक्षाका सम्बन्धमा चर्चा गर्दै कतिपयले 'त्रिभुवन विश्वविद्यालय ऐन २०१६' लागू गरिएपछि पाठ्यक्रम पटना विश्वविद्यालयकै राख्ने शर्तमा त्रिचन्द्र कलेजका साथै अन्य कलेजहरूलाई मान्यता प्राप्त भएको, सन् १९६२ मामात्र आफ्नै किसिमको पाठ्यक्रम र नियमहरू बनाइएको भए तापनि विश्वविद्यालयका ती नियमहरू भारतीय विश्वविद्यालयकै किसिमका भएकाले उच्च शिक्षामा जति विद्यार्थी आए ती सबैले हासिल गरेको शिक्षासित देशको मान्यता र आवश्यकताको कुनै सम्बन्ध नभएकाले एकातिर विद्यार्थीहरूमा फ्रस्टेसन आयो भने अर्कातर्फ देशको प्रगतिमा सहयोग गर्नु पर्ने शिक्षित जनशक्तिबाट सोबमोजिम काम हुन नसकेको परिवेशमा नयाँ शिक्षा योजनाअन्तर्गत उच्च शिक्षालाई देशको आकांक्षा र आवश्यकता अनुरूप प्रस्तुत गरिएको भनाइसमेत नपाइने होइन ।[२९] यस्ता भनाइको यथार्थताका सम्बन्धमा विविध कोणबाट छलफल हुँदै जान सक्दछ र गरिनु पर्ने पनि हुन्छ ।

सेमेष्टर प्रणाली

सेमेष्टर प्रणालीअनुसार सञ्चालन गरिएको पठन-पाठनको दुई वर्षको अनुभवका आधारमा त्यस प्रक्रियालाई २०३१ सालदेखि केही परिमार्जन गरियो । यसै अनुभवका आधारमा शिक्षण र परीक्षाको विषयमा प्रत्यक्ष तथा घनिष्ट सम्बन्ध रहिरहने कुरालाई ध्यानमा राखी यसतर्फ सकारात्मक पाइला चाल्ने, शैक्षिक दृष्टिबाट यस कुरालाई बढी लाभप्रद बनाउने, विद्यार्थीको प्रगति एवम् उपलब्धिको निरन्तर मूल्याङ्कन भइरहनु पर्ने र यस्तो मूल्याङ्कनबाट नै विद्यार्थीको अध्ययनको सही लेखाजोखा हुनसक्ने गराउने तथा शैक्षिक प्रखरता (Academic excellence) ल्याउने प्रयास गर्ने विषय नै सेमेष्टर प्रणालीको उद्देश्य निर्धारण गरियो ।

त्रिभुवन विश्वविद्यालअन्तर्गत शिक्षाका विभिन्न इन्स्टिटच्यूट (अध्ययन संस्थान) हरूमा पठन पाठन र परीक्षाको सञ्चालन सेमेष्टर

---

[२९] *ऐजन,* पृ. ३-४ ।

प्रणालीअनुसार गरिने र यो प्रणालीअनुसार प्रत्येक शैक्षिक वर्षमा बर्खे र हिउँदै सेमेष्टर गरी दुई सेमेष्टर गरिएको सन्दर्भमा वर्षे सेमेष्टर साउन १ गतेदेखि पौष १५ गतेसम्म र हिउँदै सेमेष्टर पौष १९ गतेदेखि जेठ ३० सम्म लागू गरियो ।

दुई नियमित सेमेष्टर बाहेक प्रत्येक क्याम्पसमा अतिरिक्त सेमेष्टरको पनि आयोजना गर्न सकिने प्रावधान राखियो । अतिरिक्त सेमेष्टर आवश्यकताअनुसार क्याम्पसका लागि विदाको समयमा आयोजना गरिने र यस्तो पठन पाठनको अवधि ४५ दिनको निर्धारण गरियो । यस्तो अतिरिक्त सेमेष्टरमा दिइने पाठ्यांश तथा परीक्षामा साधारणतः नियमित सेमेष्टरको कार्यभार भन्दा आधा मात्र कार्यभार हुने तथा यस्तो अतिरिक्त सेमेष्टरमा साधारणतः पुरा समय पढ्ने विद्यार्थीहरूलाई प्रवेश भने दिइने भएन । अतिरिक्त सेमेष्टरका सबै आवश्यक नियमहरू सम्बन्धित विद्यापरिषद्हरूलाई बनाउने भए ।[३०]

पाठ्यांश छनोट

प्रत्येक इन्स्टिच्यूटमा पठन पाठन गराइने पाठ्यांशहरू मख्यतः मूलक्षेत्रमा विद्यार्थीले मूलक्षेत्रका रूपमा अध्ययन गर्ने विषयका पाठ्यांश, सहायक क्षेत्रमा मूल क्षेत्रका निम्ति सहायक हुने विषयहरूका पाठ्यांशहरू, अनिवार्य क्षेत्रका अनिवार्य रूपले अध्ययन गर्नु पर्ने विषयका पाठ्यांश तथा ऐच्छिक क्षेत्रमा विद्यार्थीहरूले आफ्ना रुचि अनुसार छानेर लिने पाठ्यांशहरू रहने भए । साधारणतः यस्ता पाठ्यांशहरू आफ्ना मूल क्षेत्रको परिधिभत्र पर्न र नपर्न पनि सक्ने भए । यस क्षेत्रअन्तर्गतका पाठ्यांश मूल क्षेत्रभित्र नपर्ने भए स्नातक र स्नातकोत्तर स्तरमा एक तह मुनिको पाठ्यांशमा मात्र लिन पाइने गरियो । विभिन्न तहहरूका लागि विद्यार्थीले उल्लिखित चार

---

[३०] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख ३०, जेष्ठ १-५गतेको निर्णय नं. ७.१३ ।

क्षेत्रका पाठ्यांश के कति पढ्नु पर्ने हुन्छ सो सम्बन्धित इन्स्टिच्यूटको विद्यापरिषद्ले अन्तर्विषयक दृष्टिकोण राखी तोकेबमोजिम गरिने भयो ।

शैक्षिक सल्लाहकार

प्रत्येक क्याम्पसमा विद्यार्थीहरूलाई आफ्नो लक्षअनुसार पाठ्यांशको छनोट गर्ने कार्यमा सरसल्लाह दिनलाई शैक्षिक सल्लाहकार रहने व्यवस्था गरियो । विद्यार्थीले जुन विषय मूल विषयका रूपमा पढ्ने हो सामान्यतः सोही विषयका शिक्षक निजको शैक्षिक सल्लाहाकार हुने भए । प्रत्येक शैक्षिक सल्लाहाकारको रेखदेखमा सामान्यतः २० विद्यार्थी रहने र त्यसमा विद्यार्थीहरूको अध्ययन सम्बन्धी प्रगति विवरण हेरी तथा निजहरूसँग समय समयमा भेटी उनीहरूको शैक्षिक समस्याको सम्बन्धमासमेत समय समयमा सल्लाह, सुझाव दिनु पर्ने व्यवस्था गरियो ।

कार्यभार

विभिन्न इन्स्टिच्यूट (अध्ययन संस्थान) का विद्यार्थी परिषद्हरूले विभिन्न तहका अध्ययनका लागि आवश्यक पाठ्यांशहरूको कार्यभार र सो कार्यभार पुरा गर्नका निम्ति आवश्यक सेमेष्टर संख्याको निर्णय गर्ने, हप्तामा घटीमा ४२ घण्टाको कक्षा लिनु पर्ने भएता पनि सैद्धान्तिक सहायक (ट्युटोरियल) तथा प्रयोगात्मक कक्षासमेत गरी हप्तामा नियमित विद्यार्थीहरू उपस्थित हुनु पर्ने कक्षाको संस्था तह बढेअनुसार घट्दै जाने गरियो । विद्यार्थीहरूले आफ्ना कक्षाहरूमा नियमानुसार उपस्थित हुनु पर्ने र धेरै दिन अनुपस्थित रहने विद्यार्थीलाई शिक्षण समितिको राय लिएर क्याम्पस प्रमुखले सो सेमेष्टरका निम्ति पढाइबाट हटाउन सक्ने भए ।

विभिन्न तहहरूमा साप्ताहिक रूपमा अध्ययन भारको आधारमा विद्यार्थीहरूले प्रति सेमेष्टर साधारणतया प्रमाणपत्र तहमा २५० तथा स्नातक र स्नातकोत्तर तहमा २०० पूर्णाङ्क निर्धारण गरियो । यो न्यूनतम पूर्णाङ्क भन्नाले विद्यार्थीले लिनु पर्ने मूल क्षेत्र, सहायक क्षेत्र, अनिवार्य क्षेत्र र ऐच्छिक क्षेत्रमा तोकिएअनुसारको प्रतिशत कार्यभार तोकिएअनुसार पूरा

गर्नु पर्दथ्यो । आफूलाई आवश्यक हुने पूर्णाङ्कअनुसार पाठ्यांशहरू उपलब्ध हुन नसकेका खण्डमा न्यूनतम पूर्णाङ्क केही मात्रामा बढ्न सक्ने प्रावधान राखियो ।

स्नातकोत्तर तहमा विद्यार्थीले घटीमा ६० अङ्कको शोधप्रबन्ध (थेसिस) लेख्नु पर्ने तथा अनुसन्धान तहको उपाधि प्राप्त गर्नलाई न्यूनतम आवश्यकताहरूको जानकारी र निर्णय सम्बन्धित विद्यापरिषदबाट हुने गरियो ।

उपाधि

विश्वविद्यालयले सम्बन्धित इन्स्टिच्यूटहरू मार्फत् ऐन तथा नियममा तोकिएबमोजिम विभिन्न तहका उपाधिहरू प्रदान गर्नका लागि न्यूनतम व्यवस्थाहरू पूरा गर्नु पर्ने भयो । कुनै पनि तहको उपाधि प्राप्त गर्नका लागि घटीमा ४ सेमेष्टरसम्म अध्ययन गर्न आवश्यक हुने र एउटा उपाधी प्राप्त गरिसकेका व्यक्तिले सोही स्तरको अर्को उपाधि प्राप्त गर्नका लागि घटीमा २ सेमेष्टरसम्मको अध्ययन गर्नु पर्ने व्यवस्था गरियो । कुनै इन्स्टिच्यूटको कुनै तह पूरा गर्न अध्ययनमा लाग्ने न्यूनतम सेमेष्टर ४ भन्दा बढि तोकिएको रहेछ भने त्यस्तो तहको समाप्तिका निम्ति आवश्यक पूर्णाङ्कको निर्धारण, तोकिएको कार्यभार र तोकिएको न्यूनतम सेमेष्टर संख्याको आधारमा गरिने भयो । प्रत्येक तह उत्तीर्ण हुनका निम्ति निर्धारित न्यूनतम अङ्कको पाठ्यांशहरू लिई उत्तीर्ण नभएसम्म सो तहको उपाधि प्रदान नगरिने भयो ।

प्रवेश

कुनै तहमा प्रथम प्रवेश पाउनका लागि न्यूनतम आवश्यकतासम्बन्धी विद्यापरिषद्ले तोक्ने, प्रत्येक क्याम्पसमा प्रवेशका लागि आएका आवेदकहरूले प्रतियोगितात्मक प्रवेश परीक्षामा सम्मिलित भै उत्तीर्ण हुनु पर्ने, यस्ता परीक्षाको स्तर निर्धारण तथा सञ्चालनका निम्ति आवश्यक निर्देशन विद्यापरिषद् (Faculty Board) बाट समय समया

दिइने भयो । विश्वविद्यालयअन्तर्गतको इन्स्टिच्यूटहरूमध्ये कुनै एकबाट अर्कोमा प्रवेश गर्न चाहने विद्यार्थीहरूले पहिलो इन्स्टिच्यूटमा आफूले अध्ययन गरिसकेको पाठ्यांशहरूबाट प्राप्त गरेको अङ्कहरू प्रवेश दिने अर्को इन्स्टिच्यूटका उपयुक्त तहको उपाधि प्राप्त गर्नका लागि आवश्यक ठहरिएमा पाठ्यांशहरूसँग मिल्ने भए मात्र जोड्न पाउने व्यवस्था भयो ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका इन्स्टिच्यूट बाहेक अरू शिक्षण संस्थाबाट त्रिभुवन विश्वविद्यालय अन्तर्गतको कुनै इन्स्टिच्यूटको उपयुक्त तहमा प्रवेश हुन आउने विद्यार्थीहरूलाई प्रवेश दिँदा इन्स्टिच्यूटका पाठ्यांशहरूका घटीमा ७५ प्रतिशत कार्यभार बहन गर्ने गरी प्रवेश दिइने व्यवस्था गरियो । यसरी प्रवेश दिइएका विद्यार्थीले अध्ययन गरेको पाठ्यांशहरूमध्ये उपयुक्त ठहरिएका पाठ्यांशहरूमा निजहरूले प्राप्त गरेको अङ्कहरूले स्तर निर्धारण गर्ने तरिकाहरू विद्यापरिषद्ले निर्धारण गर्ने र सोअनुसार ठहरिने अङ्कहरूमध्येबाट सो तहका लागि आवश्यक कार्यभारको बढीमा २५ प्रतिशत मात्र स्थानान्तर गर्न पाइने भयो । यसरी स्थानान्तर गरिने अङ्कलाई इन्स्टिच्यूटमा प्राप्त गरेको अङ्कहरूसँग जोडी प्रदान गरिने उपाधिको श्रेणी निर्धारण गरिने व्यवस्था मिलाइयो ।[३१]

विद्यार्थीको नाम दर्ता

तहअनुसार कार्यभारको घटीमा ८० प्रतिशतसम्मका पाठ्यांशहरू लिने गरी नाम दर्ता गरेका विद्यार्थीलाई नियमित (Regular) अर्थात पूरा समय अध्ययन गर्ने विद्यार्थी मानिने र सो भन्दा कम कार्यभार लिनेलाई आंशिक विद्यार्थी (Part time student) मानिने भयो । कुनै पाठ्यांशमा नाम दर्ता गराएका विद्यार्थीहरूलाई कक्षा प्रारम्भ भएको दुई हप्ता भित्र क्याम्पस प्रमुखको अनुमति लिएर समान स्तरको अर्को पाठ्यांश फेर्न पाउने सुविधा दिइयो । यस्तो अनुमति पाउनासाथ आफ्नो नाममा त्यस पाठ्यांशलाई दर्ता भने गराउनु पर्दथ्यो ।

---

३१ *ऐजन* ।

कुनै विद्यार्थीले आफ्नो नाममा दर्ता गराएको कुनै पाठ्यांश छाड्न चाहेमा सो कक्षा प्रारम्भ भएको एक महिना भित्रै नियमानुसार निवेदन दिई सो पाठ्यांश छोड्ने स्वीकृति प्राप्त गर्न सक्ने भयो । यस्तो स्थितिमा निज विद्यार्थीले छोडेको पाठ्यांश पूरा नगरेको देखिएमा तथा सो पाठ्यांशको परीक्षा नदिएमा त्यसमा अनुत्तीर्ण भएको मानिने भयो ।

कुनै विद्यार्थीले कुनै पाठ्यांशको पढाई पूरा गरेको र आन्तरिक मूल्याङ्कनमासमेत उत्तीर्ण भएको तर कुनै असाधारण कारणले सेमेष्टर परीक्षामा बस्न नसकेको अथवा विशेष पाठ्यांश सम्बन्धी शैक्षिक काम (एसाइनमेण्ट) बुझाउन नसकेको रहेछ भने त्यस्तो परिस्थिति यथेष्ट रूपले सन्तोषजनक देखिएमा क्याम्पस प्रमुखले सो पाठ्यांशमा अपूर्ण (इनकम्प्लिट) भनि कैफियत जनाउने तथा त्यस्ता विद्यार्थीले सो पाठ्यांशका निम्ति पूनः दर्ता भने गराउनु नपर्ने व्यवस्था गरियो ।[३२]

## संशोधित नियम

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को मध्यावधि मूल्याङ्कनसमेतका आधारमा २०३२ साल मंसिर २९ गतेको त्रिभुवन विश्वविद्यालय सभाको असाधारण वैठकबाट विद्यमान नियमलाई संशोधन गरियो । संशोधनका क्रममा विभिन्न संरचनासमेतमा परिवर्तन गरिएको थियो । यस क्रममा २०३२ साल मंसिर २८ गतेसम्म कायम रहेको ‘प्राविधिक समिति’ अर्को दिन ‘कार्यकारिणी समिति’ मा रूपान्तरण भएको एउटा उदाहरण हो । यहाँ नियममा संशोधन गरिएको प्रमुख सन्दर्भ दिइएको छ;[३३]

---

३२ *ऐजन* ।

३३ २०३२ साल मार्ग २९ गते सोमवारका दिन त्रिभुवन स्मृति भवन, कीर्तिपुरमा बसेको त्रिभुवन विश्वविद्यालय सभाको असाधारण वैठकमा शिक्षाध्यक्षद्वारा पेश गरिएको “राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि सम्पन्न भएको मध्यावधि मूल्याङ्कन सम्बन्धी प्राप्त प्रतिवेदनको आधारमा त्रिभुवन

विश्वविद्यालय संगठन

श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट प्राप्त जनशक्ति अनुमानको आधारमा राष्ट्रिय पुनर्निर्माणको आवश्यकतालाई परिपुर्ति गर्न सक्षम जनशक्ति तयार गर्ने उद्देश्य कार्यान्वयनका लागि प्रत्येक अध्ययन संस्थानले तोकिएको काम र कर्तव्य प्रति विशेष ध्यान दिनु पर्ने व्यवस्था गरियो । यस्ता काम, कर्तव्यमा जुन प्रकारको जनशक्ति तयार गर्नु पर्ने हो त्यस्ता जनशक्तिले सम्बन्धित क्षेत्रमा गर्नु पर्ने कार्यलाई अत्यधिक व्यवहारिक ज्ञान, सीप र दक्षता प्रदान गर्न पाठ्यक्रम, अध्यावधि, अतिरिक्त कार्यकलापहरूको पुन निर्धारण तथा परिवर्तन गर्ने; उक्त उद्देश्यको प्रभावकारी परिपूर्तीका निम्ति अध्ययन संस्थानको अध्ययन अध्यापन कार्यक्रमको स्तरीकरण र स्तर वृद्धि गर्ने तथा यी कुरालाई लक्षित गरी प्रत्येक अध्ययन संस्थानको डीन कार्यालयमा एउटा कार्यक्रम योजना तथा मूल्याङ्कन इकाई स्थापना गरिने भयो । गठन गरिने यस्ता इकाईद्वारा सम्बन्धित निकायहरूसँग घनिष्ट सम्पर्क राखी अध्ययन संस्थानले तयार गर्नु पर्ने जनशक्तिको संख्यात्मक लक्ष निर्धारण गर्ने एवम् सो जनशक्तिले सम्बन्धित कार्य क्षेत्रमा गर्नु पर्ने कार्यहरूको वस्तुगत अध्ययन गरी पाठ्यक्रम र प्राध्यापनलाई बढी प्रासंगिक तुल्याउन निरन्तर विचार विमर्स गर्ने, अनुसन्धान गर्ने एवम् प्रयोग गरिरहने आवश्यकता भयो । यसका साथै ऐन नियम तथा विनियमको अधीनमा रही अध्ययन संस्थानहरूले अध्ययन अध्यापन कार्यसँग सम्बन्धित उत्पादन तथा व्यापार कार्यक्रम, व्यवसायिक सल्लाह तथा सेवा कार्यक्रमको व्यवस्था र सञ्चालनको काम पनि गर्न सक्नेभए ।

---

विश्वविद्यालको कार्यक्रमहरूलाई सुदृढिकरण गर्दै लैजान प्रचलित नियमहरूमा आवश्यक संशोधन गर्नु वाञ्छनीय भएको हुँदा 'त्रिभुवन विश्वविद्यालय नियम २०२८' मा गरिएको संशोधन" उल्लेख गरिएको थियो ।

२०३२ साल मार्ग २९ गते सोमवारका दिन त्रिभुवन स्मृति भवन, कीर्तिपुरमा बसेको त्रिभुवन विश्वविद्यालय सभाको असाधारण वैठकबाट पारित 'त्रि.वि.नियममा संशोधन', माइनुट, पृ. १-४८ ।

कार्यकारिणी समिति

त्रिभुवन विश्वविद्याल ऐन २०२८ को दफा ७ अन्तर्गत उपकुलपतिको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको गठन गरिने भयो जसमा रजिष्ट्रार सदस्य सचिव तथा शिक्षाध्यक्ष सदस्य रहने भए । समितिले कुनै इन्स्टिच्यूट वारे छलफल गर्दा सम्बन्धित डीन र अन्य व्यक्तिहरूलाईसमेत आवश्यकताअनुसार वैठकमा आमन्त्रण गर्न सक्ने भयो । त्यस्तै समितिले ऐन र नियमअन्तर्गत रही विश्वविद्यालयको आन्तरिक काम कुराहरूको व्यवस्था गर्न आवश्यक पर्ने विनियम बनाउन, संशोधन गर्न र खारेज गर्न तथा अरू समिति, बोर्ड, आयोग वा परिषद्बाट आएका विनियम स्वीकृत गर्न वा खारेज गर्न वा मन्तव्य सहित फिर्ता पठाउन सक्ने व्यवस्था भयो ।

कार्यकारिणी समितिको वैठक उपकुलपतिले तोकेको मितिमा बस्ने तथा वैठक बस्ने सूचना कम्तिमा ३ दिन अगाडी पठाइने भए तापनि आवश्यक परेमा उपकुलपतिले कुनै पनि बेला आकस्मिक वैठक बोलाउन सक्ने भए । प्रत्येक सदस्यले समितिको वैठकमा स्थान ग्रहण गर्नु भन्दा अघि उपस्थिति जनाउन राखिएको हाजिरी बहीमा सही गर्नु पर्ने भयो । त्यस्तै आवश्यक भएमा उपकुलपतिले सम्बन्धित व्यक्तिहरूलाई समितिको वैठकमा आमन्त्रित गर्न सक्ने, यस्ता व्यक्तिहरूले समितिको छलफलमा भागलिन पाउने भए तापनि मत दिन नपाउने व्यवस्था गरियो । यो नियम वा विनियमहरूमा अन्यथा लेखिएको बाहेक सबै कुराहरूको निर्णय बहुमतद्वारा हुने भयो ।

ऐनले आफ्नो विषय र क्षेत्रमा मौलिक अथवा गहकिलो योगदान दिएको, राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई सफल कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका प्रदान गरेको, श्री ५ बाट प्रशंसापत्र वा आदरपत्र प्राप्त गरेको तथा सिर्जनात्मक प्रतिभा भएको शिक्षकलाई विशिष्ट प्राध्यापक पदमा नियुक्त गर्न सकिने व्यवस्था गरेको थियो । कुलपतिबाट तोकिएको समितिको सिफारिसका आधारमा कुलपतिबाट नियुक्त गरिने विशिष्ट

प्राध्यापक पदमा एक पटकको नियुक्तिको अवधि ३ वर्षको हुने, विशिष्ट प्राध्यापकमा नियुक्त भएको व्यक्तिलाई विशेष उच्च स्केलको तलब दिइने तथा दुई पटकसम्म सो पदमा रहि काम गरेको व्यक्तिलाई आजीवन भत्ताको रूपमा तोकिएको रकम प्रदान गरिने कुरा ऐनमा उल्लेख गरियो ।

उपकुलपति

विश्वविद्यालयको प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारीको रूपमा उपकुलपतिले विश्वविद्यालयले गर्नु पर्ने कामको सम्बन्धमा ऐन, नियम तथा विनियमद्वारा अन्य कुनै अङ्ग, कार्यालय वा पदाधिकारीलाई प्रदान नगरिएका अवशिष्ट अधिकार प्रयोग गर्ने; उच्च शिक्षाको लघुकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम तयार गर्ने/गराउने र त्यस्तो कार्यक्रम तथा प्रगतिको मूल्याङ्कन गर्ने; विश्वविद्यालय र अन्य कुनै विदेशी संस्था वा अन्तर्राष्ट्रिय संस्थाका बीच आवश्यकताअनुसार सम्झौता गर्ने वा गर्न स्वीकृति दिने; विश्वविद्यालयको शिक्षक तथा कर्मचारीहरूको दरवन्दी खडा गर्ने/खारेज गर्ने; ऐन, नियम र विनियमहरूद्वारा आफुलाई प्राप्त भएको कर्तव्य र अधिकार आवश्यकतानुसार आफ्नो मातहतका पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्ने; विश्वविद्यालयको कोष, सम्पत्ती र लगानीको व्यवस्था गर्ने र त्यसको अन्तिम नियन्त्रण गर्ने एवम् आवश्यक परेमा आन्तरिक ऋण र बैंक ओभर ड्राफ्टको व्यवस्था गर्नेलगायत काम गर्ने भए ।

डीन/सहायक डीन

डीनको मुख्य काम इन्स्टिच्यूटलाई प्राविधिक तथा शैक्षिक नेतृत्व दिने तोकियो । इन्स्टिच्यूटको शैक्षिक पदाधिकारीका हैसियतमा डीनले मातहतका क्याम्पसको शैक्षिक क्रियाकलापमा रेखदेख तथा नियन्त्रण कायम गर्नु पर्दथ्यो । प्रत्येक इन्स्टिच्यूटको केन्द्रीय क्याम्पस (इन्स्टिच्यूटबाट बनाइएको एउटा केन्द्रीय क्याम्पस) को प्रमुखका रूपमा डीनले काम गर्नु पर्दथ्यो । इन्स्टिच्यूटअन्तर्गतका क्याम्पसमा पढाइको गुणस्तर निर्धारण गर्ने

तथा आवश्यक सुधार गर्ने जिम्मेवारी पनि डीनलाई नै तोकियो । त्यस्तै विद्यार्थीले अध्ययन गरेको विषयबाट भविष्यमा कुन प्रकारको व्यवसायमा जाने मौका पाउने हुन् सो कुराको जानकारी दिने दायित्व डीनलाई दिइएको थियो । आफ्नो इन्स्टिच्यूटअन्तर्गत सञ्चालनमा रहेका क्याम्पसको निरीक्षण गर्ने, शैक्षिक स्तर वृद्धिका लागि कार्यक्रम बनाउने, लागू गराउने; क्याम्पसको निरीक्षणमा देखिएका त्रुटी सुधार गर्न र त्रुटीपूर्ण काम गर्ने उपर कारवाही गर्न निर्देशन दिने; इन्स्टिच्यूटद्वारा सञ्चालित कार्यक्रमहरूको सामयिक मूल्याङ्कन गर्ने/गराउने; शिक्षाध्यक्ष वा रजिष्ट्रारबाट वा मार्फत् प्राप्त निर्देशन कार्यान्वयन गर्ने, आवश्यक बजेटको सिफारिस गर्ने तथा ऐन, नियम र विनियमहरूमा तोकिएको अन्य काम, कर्तव्य र अधिकारको पालना एवम् प्रयोग गर्ने जिम्मेवारी डीनलाई दिइयो ।

प्रत्येक इन्स्टिच्यूटमा केन्द्रीय क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासन सञ्चालन गर्नका लागि आवश्यकता हेरी एक वा एक भन्दा बढी सहायक डीनको व्यवस्था गरिएको थियो । सहायक डीनले इन्स्टिच्यूटको शैक्षिक कार्यक्रम निर्धारण र कार्यान्वयनको काम गर्नु पर्दथ्यो । त्यस्तै शिक्षण समितिहरूको सुझाव सङ्कलन गरी क्याम्पसमा पठन पाठनमा सुधार गर्न आवश्यक सल्लाह दिने; शिक्षण इकाइ तयार गराउने, शैक्षिक सामग्रीको व्यवस्था गर्ने, आन्तरिक मूल्याङ्कन तथा सेमेष्टर परीक्षाको प्रश्नपत्र तयार गराउने, साधारण तथा आर्थिक प्रशासनको सम्पूर्ण काम गर्ने एवम् डीनले तोकेको अन्य काम गर्नु पर्ने सहायक डीनको कर्तव्य थियो ।

### कार्यकारिणी समिति

त्रिभुवन विश्वविद्यालय नियमहरू २०२८ को परिच्छेद १३ 'प्राविधिक समिति' को सट्टा नयाँ संशोधित परिच्छेद १३ मा 'कार्यकारिणी समिति' कायम गरी तत्कालै लागू गरियो । उपकुलपतिको अध्यक्षतामा गठन गरिने कार्यकारिणी समितिमा शिक्षाध्यक्ष सदस्य तथा सदस्य सचिव

भने रजिष्ट्रार हुने व्यवस्था गरियो । कार्यकारिणी समितिले ऐन र नियमअन्तर्गत रही विश्वविद्यालयको आन्तरिक विषयको व्यवस्था गर्न आवश्यक विनियम बनाउन, संशोधन गर्न र खारेज गर्न तथा अरू समिति, बोर्ड, आयोग वा परिषद्बाट आएका विनियम स्वीकृत गर्न वा खारेज गर्न वा मन्तव्य सहित फिर्ता पठाउन सक्ने भयो ।

सेवा आयोग

कुलपतिबाट नियुक्त अध्यक्षको अध्यक्षतामा लोकसेवा आयोगको सदस्य, उपकुलपतिबाट मनोनित सदस्य, सम्बन्धित डीन वा कार्यकारिणी निर्देशक सदस्य रहने आयोको सदस्य सचिव भने रजिष्ट्रार हुने व्यवस्था गरियो ।

विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवाको सिफारिस गर्नु नै आयोगको मुख्य काम तोकियो । यस क्रममा आयोगले उम्मेदवारहरूको दरखास्त उपर विचार गर्नका निम्ति मूल्याङ्कन विधि अपनाउने, न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूमध्ये त्यस्तो विधिअनुसार तोकिएको न्यूनतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको परीक्षा लिने जस्ता काम गर्ने भयो । यस क्रममा आयोगले आफुमा नीहित कुनै अधिकार पदाधिकारी वा आयोगको सदस्य वा आफुले गठन गरेको कुनै समितिलाई विनियममा तोकिएबमोजिम प्रयोग गर्ने गरी सुम्पन सक्ने व्यवस्था गरिए तापनि शिक्षकतर्फ सहायक प्राध्यापक, सो सरह र सो भन्दा माथिका पदहरूमा र प्रशासनतर्फ सहायक प्रशासक, सो सरह र सो भन्दा माथिका पदमा नियुक्तिका लागि सिफारिस गर्ने काम प्रत्यायोजन गर्न भने नसक्ने व्यवस्था गरियो ।

विद्यापरिषद्

प्रत्येक अध्ययन संस्थानमा डीनको अध्यक्षता एउटा विद्यापरिषद् स्थायी समिति रहने व्यवस्था गरियो । विद्यापरिषद्मा क्याम्पस प्रमुखमध्येबाट एक जना, जनशक्ति खपत गर्ने कार्यालय प्रमुखमध्येबाट

एक जना, विषय समितिका प्रमुखहरूमध्येबाट एक जना तथा दक्ष व्यक्तिहरूमध्येबाट एक जना गरी जम्मा ५ जना सदस्य रहने व्यवस्था गरियो । सम्बद्ध अध्ययन संस्थान र जनशक्ति खपत गर्ने कार्यालयका बीचमा सम्पर्क कायम गर्ने, जनशक्तिको गुणस्तर र संख्याका निम्ति उत्पादन गर्ने संख्याको आवश्यकता र अध्ययन संस्थानको शैक्षिक तथा भर्ना कार्यक्रम बारे विचार विमर्श गर्ने तथा विद्या परिषद्को कार्यकारिणीका रूपमा परिषद्को वैठक नभएको अवस्थामा परिषद्ले गर्नु पर्ने काम गर्ने तथा सो काम परिषद्को वैठक भएको अवस्थामा प्रस्तुत गर्ने अख्तियारी विद्यापरिषद् स्थायी समितिलाई दिइयो ।

प्राविधिक सम्मेलन

त्रिभुवन विश्वविद्यालय नियमहरू २०२८ को परिच्छेद १९ को 'क्याम्पस संयोजक समिति' को सट्टा 'प्राविधिक सम्मेलन' व्यवस्था गरियो । उपकुलपतिको अध्यक्षतामा गठन गरिने प्राविधिक समितिमा शिक्षाध्यक्ष, रजिष्ट्रार, डीनहरू, श्री ५ को सरकारका शिक्षा सचिव, राष्ट्रिय शिक्षा आयोगका सचिव, राष्ट्रिय योजना आयोगका सचिव, अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू, क्यम्पस प्रमुखमध्येबाट उपकुलपतिद्वारा मनोनित ५ जना सदस्य रहने व्यवस्था गरियो । कार्यक्रम, योजना तथा मूल्याङ्कन शाखाका प्रमुखलाई प्राविधिक सम्मेलनको सचिव बनाइने भयो ।

सम्मेलनले उपकुलपतिको कार्यालयअन्तर्गत कार्यक्रम योजना तथा मूल्याङ्कन शाखाबाट प्रस्तुत प्रतिवेदनहरू उपर विचार विमर्श गर्ने, विश्वविद्यालयको सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श दिने, इन्स्टिच्यूट, अनुसन्धान केन्द्र तथा केन्द्रीय कार्यालयको चालू र प्रस्तावित कार्यक्रमहरूको विस्तृत छलफल गर्ने र कार्यक्रमहरूको मूल्याङ्कन गर्ने, इन्स्टिच्यूटहरूबीच समन्वय गर्ने तथा नयाँ कार्यक्रमहरू तर्जुमा र सञ्चालन गर्ने जस्ता मुख्य कार्य गर्ने भयो ।

पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रमको सम्पादन, परिमार्जन तथा विकास गर्ने, विद्यापरिषद् तथा विषय समितिलाई पाठ्यक्रम तर्जुमा कार्यमा परामर्श दिने, विभिन्न इन्स्टिच्यूटहरूद्वारा निर्धारित पाठ्यक्रमअनुसार पाठ्यपुस्तकहरू लेखाउने र प्रकाशन गर्ने, पाठ्यक्रमअनुसार उपयुक्त पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीको छनौट, निर्माण र विकास गराउने, सबै अध्ययन संस्थानहरूमा अनिवार्य रूपमा समान रूपले लागू गरिएका विषयहरू (जस्तै-नेपाली, नेपाल परिचय र अङ्ग्रेजी) को विषय समिति गठन गर्ने, पाठ्यक्रम ठीकसँग लागू भएको छ/छैन भनी मूल्याङ्कन गर्ने, अध्ययन संस्थानको विषय सुपरिवेक्षकहरूको निरीक्षण प्रतिवेदन अध्ययन गरी वा केन्द्रबाटै सोझै निरीक्षण गरी मूल्याङ्कन गर्नेलगायत जिम्मेवारी बहन गर्नका लागि पाठ्यक्रम विकास केन्द्रको व्यवस्था गरियो ।

शिक्षाध्यक्षको अध्यक्षतामा गठन गरिने पाठ्यक्रम विकास केन्द्रमा उपकुलपतिबाट मनोनित गरिने (डीनहरूमध्येबाट दुई जना र विषय समितिहरूका अध्यक्षमध्येबाट तीन जना, विषय समितिहरूका अध्यक्षमध्येबाट तीन जना), श्री ५ को सरकारको पाठ्यक्रम विकास केन्द्रको निर्देशक सदस्य एवम् पाठ्यक्रम विकास केन्द्रका निर्देशक सदस्य सचिव बनाइने भए ।

अध्ययन संस्थानहरूको पाठ्यक्रम स्वीकृत गर्न तथा सो सम्बन्धी शैक्षिकस्तर कायम राख्न पाठ्यक्रम विकास केन्द्रअन्तर्गत एउटा इकाई 'पाठ्यक्रम विकास परिषद्' गठन गरियो । अध्ययन संस्थानअन्तर्गत विभिन्न तहको उपाधि प्राप्त गर्नका लागि आवश्यक शैक्षिक स्तर निर्धारण गर्ने तथा अध्ययन संस्थानको पाठ्यक्रम स्वीकृत गर्ने र विषय समितिहरूलाई आवश्यक निर्देशन दिने नै परिषद्को मुख्य कार्य थियो ।

पाठ्यक्रम विकास केन्द्रका निर्देशकको अध्यक्षता रहने 'पाठ्यक्रम विकास परिषद्' मा केन्द्रअन्तर्गत गठित विषय समितिका अध्यक्षहरू,

पाठ्यक्रम विकास केन्द्रका निर्देशकबाट मनोनित विभिन्न अध्ययन संस्थानअन्तर्गत अध्ययन, अध्यापन विषयमा दक्षता भएका व्यक्तिहरू (पाँच जना), मानविकी तथा सामाजिकशास्त्र एवम् विज्ञान अध्ययन संस्थानका डीनहरूको प्रतिनिधि (दुई जना) तथा श्री ५ को सरकारका पाठ्यक्रम विकास केन्द्रका प्रमुख सदस्य रहने भए ।

विषय समिति

सम्बन्धित विषयको पाठ्यक्रम, पाठ्यांश, शिक्षण र मूल्याङ्कन विधि तयार गरी सिफारिस गर्ने; सम्बन्धित विषयहरूका निम्ति पाठ्य पुस्तक, पाठ्य सामग्री र सहायक सामग्री सिफारिस गर्ने; सम्बन्धित विषयको शिक्षण, अन्य शैक्षिक कार्यक्रम र परीक्षाको मूल्याङ्कन गर्ने र स्तर वृद्धिका निम्ति आवश्यक सिफारिस गर्ने तथा समग्रमा पाठ्यक्रम विकास परिषद्लाई विषय सम्बन्धी राय सल्लाह दिन प्रत्येक अनिवार्य तथा साझा विषयको 'विषय समिति' को व्यवस्था गरियो ।

पाठ्यक्रम विकास केन्द्रका निर्देशकले तोकेका व्यक्तिको अध्यक्षतामा रहने विषय समितिमा पाठ्यक्रम विकास केन्द्रका विशेषज्ञहरूमध्ये (तीन जना), सम्बन्धित डीन कार्यालयको सिफारिसमा निर्देशकद्वारा मनोनित (एक जना) तथा केन्द्रद्वारा मनोनित अन्य विशेषज्ञहरू (तीन जना) सदस्य रहने गरी 'विषय समिति' गठन गरियो ।

राष्ट्रिय विकास सेवा

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका अध्ययन संस्थानहरूमा स्नातकोत्तर तहमा अध्ययन गर्ने प्रत्येक विद्यार्थीलाई कम्तीमा एक शैक्षिक वर्ष राष्ट्रिय विकास सेवा समितिको निर्देशनमा राष्ट्रिय विकास सेवा निर्देशनालयले खटाएको ठाउँमा गई तोकिएबमोजिमको काम गरेपछि मात्र सो तहको उपाधि प्रदान गरिने व्यवस्था भयो । दुई भन्दा बढी सेमेष्टरको पाठ्यक्रम हुने तहमा पढ्ने विद्यार्थीले दोस्रो सेमेष्टरको अध्ययन समाप्त भएपछि तेस्रो सेमेष्टरमा प्रवेश पाउनु भन्दा अघि राष्ट्रिय विकास सेवामा

काम गरिसकेको हुनुपर्ने व्यवस्था गरियो । दुई सेमेष्टरको मात्र पाठ्यक्रम हुने तहमा पढ्ने विद्यार्थीले दोस्रो सेमेष्टर उत्तीर्ण भएपछि एक वर्ष राष्ट्रिय विकास सेवामा काम गरेपछि मात्र उपाधि पाउन योग्य हुनेभयो ।

राष्ट्रिय विकास सेवा को सञ्चालन र सुप्रबन्धको लागि 'राष्ट्रिय विकास सेवा समिति' यस प्रकार गठन गरिने भयो;[३४]

शिक्षाध्यक्षको अध्यक्षतामा गठन गरिने समितिमा त्रिभुवन विश्वविद्यालयका पाँच जना डीनहरू (१-मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान, २-शिक्षाशास्त्र अध्ययन संस्थान, ३-व्यापार प्रशासन वाणिज्यशास्त्र तथा जन प्रशासन अध्ययन संस्थान, ४-विज्ञान अध्ययन संस्थान र ५-संस्कृत अध्ययन संस्थान), शिक्षा मन्त्रालयका प्रतिनिधि (सह-सचिव), उपकुलपतिबाट मनोनित एक जना विद्यार्थी प्रतिनिधि सदस्य रहने समितिमा राष्ट्रिय विकास सेवाका निर्देशक सदस्य सचिव रहने व्यवस्था गरियो । राष्ट्रिय विकास सेवा कार्यक्रम सम्बन्धी नीति निर्देशन दिने, यस कार्यक्रमको वार्षिक कार्यक्रमलाई स्वीकृति दिने तथा स्वीकृत कार्यक्रमबमोजिम काम भए नभएको बारेमा मूल्याङ्कन तथा समीक्षा गरी निर्देशन दिने, कार्यक्रमको उपलब्धि, यसबाट परेका प्रभावहरू बारे निर्देशनालय तथा अन्य इकाईबाट समय समयमा अध्ययन अनुसन्धान गराउने जस्ता कार्य समितिको हुनेभयो ।

राष्ट्रिय विकास सेवा कार्यक्रमलाई योजनाको लक्ष र उद्देश्यअनुकूल राष्ट्रिय विकास सेवा समितिले स्वीकृत गरेको कार्यक्रमअनुसार सुव्यवस्थित तरिकाले कार्यान्वयन गर्न केन्द्रीय कार्यालयअन्तर्गत राष्ट्रिय विकास सेवा निर्देशनालय रहने र यसको प्रमुख निर्देशक रहने व्यवस्था गरियो । समग्रमा उल्लिखित कार्यका अतिरक्ति यसले ऐन, नियम तथा विनियमअन्तर्गत रही राष्ट्रिय विकास सेवाको लक्ष पूर्तिका लागि अन्य आवश्यक काम गर्ने भयो ।

---

[३४] *ऐजन,* पृ. ३८-४१ ।

पुस्तकालय

त्रिभुवन विश्वविद्यालय भित्र पुस्तकालय सम्बन्धी नीति निर्धारण गर्ने, पुस्तकालय संगठन र विकासको योजना तयार गरी कार्यान्वयन गर्ने र पुस्तकालयको व्यवस्था एवम् सञ्चालन सम्बन्धमा निर्देशन र नियन्त्रण गर्नका लागि 'केन्द्रीय पुस्तकालय समिति' गठन गरिने भयो । शिक्षाध्यक्षको अध्यक्षतामा गठन गरिने समितिमा केन्द्रीय पुस्तकालयको पुस्तकाध्यक्षलाई सदस्य सचिव बनाइने भयो भने सबै अध्ययन संस्थानका डीन, सबै अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक, दाताहरूमध्येबाट मनोनित (एक जना) तथा विद्यार्थी हित शाखाका प्रमुख सदस्य हुने भए ।

यस नियमावलीअनुसार कीर्तिपुर स्थित पुस्तकालय विश्वविद्यालयको 'केन्द्रीय पुस्तकालय' हुने र यस पुस्तकालयले डकुमेन्टेसन सेन्टरको पनि काम गर्ने भयो । पुस्तकालय समितिको नियन्त्रण र निर्देशनमा रही यसलाई केन्द्रीय कार्यालयको इकाइको रूपमा शिक्षाध्यक्षको कार्यालयअन्तर्गत कामको जिम्मा दिइयो ।

केन्द्रीय पुस्तकालय समितिलाई खासगरी पुस्तकालय तथा वाचनालयहरूको सुव्यवस्था गरी तिनीहरूको सुदृढिकरण तथा विस्तारमा विशेष ध्यान दिने, प्रत्येक क्याम्पसमा सम्बन्धित विषयवस्तु सम्बन्धी आवश्यक ग्रन्थहरूको संग्रहालय स्थापना गर्ने सम्बन्धमा न्यूनतम आधार तोक्ने, दुई/तीनवटा क्याम्पसहरूका निम्ति पाएक पर्ने ठाउँमा केन्द्रीय पुस्तकालयको शाखा स्वरूप सुव्यवस्थित पुस्तकालय तथा वाचनालयको व्यवस्था गर्ने, केन्द्रीय पुस्तकालयद्वारा शाखा पुस्तकालहरू र संग्रहालयहरूको व्यवस्था, रेखदेख, निरीक्षण गराउने र सोसम्बन्धी सुविधा आदिको सुप्रबन्धका निम्ति चाहिने तालीम प्राप्त जनशक्ति तयार गर्ने तथा प्रत्येक विकास क्षेत्रमा पर्ने गरी उपयुक्त स्थानमा शाखा पुस्तकालयको स्थापना, व्यवस्था एवम् सञ्चालन गर्ने जस्ता जिम्मेवारी दिइयो ।

अनुसन्धान परिषद्

त्रिभुवन विश्वविद्यालय भित्र हुने अनुसन्धान कार्यक्रमहरूलाई सुनियोजित रूपमा सञ्चालन गराउने र प्रोत्साहन दिने व्यवस्था गराउन केन्द्रमा एउटा 'त्रिभुवन विश्वविद्यालय अनुसन्धान परिषद्' रहने व्यवस्था गरियो । विश्वविद्यालयअन्तर्गत सञ्चालित अनुसन्धान कार्यक्रमको लेखाजोखा गर्न, समन्वय कायम राख्न तथा देश बाहिरका अनुसन्धानकर्ताहरूलाई नेपाल भित्र गरिने अनुसन्धान कार्यक्रममा स्वीकृति दिन एवम् विश्वविद्यालय अनुसन्धान परिषद्को सचिवालयको कामसमेत गर्न शिक्षाध्यक्षको कार्यालयअन्तर्गत अनुसन्धान शाखा राखिने भयो ।

विश्वविद्यालयको अनुसन्धान सम्बन्धी नीति निर्देशन तथा लक्ष निर्धारण गर्ने, विश्वविद्यालय भित्र गरिने अनुसन्धानको प्राथमिकता तोक्ने, अनुसन्धान लक्षअनुसारको नियम, प्राथमिकता र स्तर निर्धारण गर्ने, विभिन्न अध्ययन संस्थान, क्याम्पस तथा विश्वविद्यालयका अरू अनुसन्धान केन्द्रहरूको अनुसन्धान कार्यक्रम तथा कार्यहरूको मूल्याङ्कन गर्ने, शिक्षक तथा फेकल्टीलाई अनुसन्धान गर्न आवश्यक अवसर, आर्थिक सहायता, सुविधाहरू तथा प्रोत्साहन दिने, नेपाल सम्बन्धी अनुसन्धान कार्यको जानकारी राख्ने र समन्वय गर्ने, विश्वविद्यालय भित्र नेपाल सम्बन्धी अनुसन्धान कार्यहरूलाई प्रोत्साहित गर्ने एवम् विदेशी एजेन्सी तथा विदेशीहरूले गर्ने अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने जस्ता कार्यहरू सम्पादन गर्ने जिम्मा 'अनुसन्धान परिषद्' लाई दिइयो ।

शिक्षाध्यक्षको अध्यक्षतामा रहने परिषद्मा डीनहरूमध्ये शिक्षाध्यक्षबाट मानोनित (चार जना), कार्यकारी निर्देशकहरू, अनुसन्धानको क्षेत्रमा विशिष्टता राख्ने शिक्षाध्यक्षबाट मानोनित (चार जना) सदस्य एवम् अनुसन्धान शाखाका प्रमुखलाई सचिव बनाउने व्यवस्था गरियो ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित अनुसन्धान कार्यक्रमको लेखाजोखा गर्न, समन्वय कायम राख्न तथा देश बाहिरका अनुसन्धान

कर्ताहरूलाई नेपाल भित्र गरिने अनुसन्धान कार्यक्रममा स्वीकृति दिन र त्रिभुवन विश्वविद्यालय अनुसन्धान परिषद्को सचिवालयको कामसमेत गर्न शिक्षाध्यक्षको कार्यालयअन्तर्गत अनुसन्धान शाखा रहने व्यवस्था भयो ।

शिक्षकलाई राष्ट्रिय वस्तुस्थितिसँग बढी प्रासंगिक बनाउने क्रममा अनुसन्धानले केन्द्रीय भूमिका खेल्नु पर्ने गराउन र अनुसन्धान कार्यक्रमहरूलाई सुनियोजित रूपमा सञ्चालन गराउन र प्रोत्साहन दिन ठोस नीति निर्धारण गर्नका लागि सम्बन्धित निकाय तथा व्यक्ति विशेषहरूसँग सम्पर्क राखी एउटा स्पष्ट र विस्तृत कार्य योजना बनाउने कार्य अनुसन्धान शाखाको जिम्मा लागाइयो । त्यस्तै अध्ययन संस्थाहरूबाट सञ्चालन हुने शिक्षण प्रशिक्षणलाई बढी प्रभावकारी बनाउन अपनाइएका शिक्षण विधि, मूल्याङ्कन परिपाटी, सहायक र अतिरिक्त कार्यकलाप बारे विस्तृत समीक्षा गरी उक्त विधि र तरिकाहरू बारे आवश्यक अनुसन्धान र प्रयोग गराउने; राष्ट्रिय जन जीवन र अधिराज्यका वस्तुस्थितिका विभिन्न पक्षहरू बारे अन्वेषण गर्ने, गराउने; अधिराज्यका विभिन्न क्षेत्र तथा स्थानमा भएका र भैरहेका विकास परियोजनाबाट स्थानीय जनजीवनमा परेको प्रत्यक्ष प्रभावको गति, दिशा र प्रकार निर्धारण गर्ने, गराउने; राष्ट्रिय पुनर्निर्माण कार्यलाई सहायक हुने ज्ञान र विज्ञानका वर्तमान क्षितिजलाई विस्तार गर्न, गराउन सहायक हुने प्रयोगात्मक अन्वेषण एवम् अनुसन्धान कार्य गर्ने र गराउने जस्ता कार्यसमेत अनुसन्धान शाखाले नै गर्ने भयो ।

त्रिभुवन विश्वविद्यालयका विभिन्न इकाईहरू तथा विश्वविद्यालय बाहिरका स्वदेशी तथा विदेशी एजेन्सी वा व्यक्तिबाट हुने अनुसन्धान बारे नियन्त्रण र समन्वय राख्न कार्य टोली गठन गर्ने र सो टोलीद्वारा प्रस्तुत आवश्यक नीति, नियम र विनियमको मस्यौदा सम्बन्धित निकायमा पेश गर्ने; विदेशीहरूले नेपालमा गर्ने अनुसन्धान परियोजनाको स्वीकृतिमध्ये श्री ५ को सरकारसँग स्वीकृति लिनु पर्ने परियोजनाहरूका लागि राष्ट्रिय शिक्षा समितिबाट स्वीकृति पाएपछि र विश्वविद्यालयले आफ्नै तहमा स्वीकृति दिन सक्ने अरू अनुसन्धान परियोजनाहरूका लागि केन्द्रीय अनुसन्धान

परिषद्‌बाट स्वीकृति पाएपछि सम्बन्धित व्यक्ति वा संस्थालाई स्वीकृति दिने तथा विदेशीहरूले नेपालमा आएर अनुसन्धान गर्न चाहेमा अनुसन्धान गर्ने क्षेत्रमा जाँदा कुनै पनि अनुसन्धान परियोजनामा नेपाली पक्षका एक/एक विशेषज्ञ अनुसन्धान अधिकृत संलग्न गराउने व्यवस्था गर्ने दायित्वसमेत यसै शाखालाई दिइयो ।

अनुसन्धान सम्बन्धी विशेष पाठ्यक्रम विकास गरी सहायक प्राध्यापक तथा उपप्राध्यापक तहमा अनुसन्धान विधि आदि बारे गोष्ठिको योजना गरी सञ्चालन गर्ने, सहप्राध्यापक तथा प्राध्यापक तहका शिक्षकहरूका लागि माथिल्लो तहको अनुसन्धान विधि र तरिका बारे गोष्ठी सञ्चालन गर्ने; विभिन्न अध्ययन संस्थानहरूबाट भएको कार्य प्रगतिको मूल्याङ्कन गर्ने, अनुसन्धानकर्ताहरूका निम्ति तालीम र नियमित रूपमा अनुसन्धानका नयाँ विधिहरू बारे विचार गोष्ठीको आयोजना गर्ने, अनुसन्धान सम्बन्धी कार्यकलापको सामन्जस्य गर्ने र त्रिभुवन विश्वविद्यालयअन्तर्गतका निकायहरू तथा अन्य सरकारी वा गैरसरकारी क्षेत्रबाट सञ्चालन भएका अनुसन्धान परियोजनाहरूको विस्तृत अभिलेख राख्ने जिम्मेवारीसमेत अनुसन्धान शाखालाई दिइयो । यसै गरी यस शाखालाई त्रिभुवन विश्वविद्यालयका विभिन्न इकाईहरूले गरेका वा गरिरहेका अनुसन्धान परियोजनाहरू बारे समय समयमा गोष्ठी, प्रवचन र सेमिनारहरू सञ्चालन गर्ने एवम् 'प्रकाशन उपशाखा' खडा गरी पाठ्यक्रम विकास केन्द्रको सहयोगमा त्रिभुवन विश्वविद्यालय जर्नल प्रकाशनमा ल्याउने अख्तियारीसमेत दिइयो ।[३५]

## क्याम्पस वर्गीकरण

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएसँगै विश्वविद्यालय अन्तर्गतका कतिपय क्याम्पसहरूमा विभिन्न तह, विषय तथा अध्ययन गर्ने विद्यार्थी संख्या वृद्धि भएको पाइन्छ । त्यसो त कतिपय क्याम्पसमा भने

---

[३५] *ऐजन,* पृ. ४५-४८ ।

विद्यार्थी संख्या न्यून नै रहेका थिए । यस परिवेशमा विश्वविद्यालयले विद्यार्थी संख्या, शैक्षिक कार्यक्रमको तह तथा विविधताको आधारमा क्याम्पसको वर्गीकरण गरेको थियो । २०३२ सालको अन्त्यतिर मुलुकमा सञ्चालनमा रहेका क्याम्पसलाई देहायबमोजिम तीन श्रेणीमा वर्गीकरण गरियो;[३६]

'क' श्रेणी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ महेन्द्र मोरङ आदर्श क्याम्पस, विराटनगर | | बहुमुखी | मानविकी, | विज्ञान, | व्यापार प्रशासन | |
| २ रामस्वरूप रामसागर क्याम्पस, जनकपुर | | ,, | ,, | ,, | ,, | |
| ३ त्रिचन्द्र क्याम्पस, काठमाडौँ | | ,, | ,, | ,, | - | |
| ४ पद्मकन्या क्याम्पस, काठमाडौ | | - | ,, | - | - | |
| ५ कीर्तिपुर क्याम्पस, कीर्तिपुर | ,, | ,, | ,, | ,, | शिक्षा | |
| ६ पाटन क्याम्पस, पाटनढोका | ,, | ,, | | ,, | - | - |
| ७ ठाकुरराम क्याम्पस, वीरगञ्ज | ,, | ,, | | ,, | ,, | ,, |
| ८ पृथ्वीनारायण क्याम्पस, पोखरा | ,, | ,, | | ,, | ,, | ,, |
| ९ कानून क्याम्पस, भृकुटीमण्डप, काठमाडौँ | | | कानून अध्ययन संस्थान | | | |
| १० पुल्चोक क्याम्पस, ललितपुर | | | इञ्जिनीयरिङ्ग अध्ययन संस्थान | | | |
| ११ महाराजगञ्ज क्याम्पस, काडठमाडौँ | | | चिकित्साशास्त्र अध्ययन संस्थान | | | |
| १२ रामपुर क्याम्पस, चितवन | | | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान | | | |
| १३ हेटौंडा क्याम्पस, हेटौँडा | | | वन विज्ञान अध्ययन संस्थान | | | |
| १४ सानोठिमी क्याम्पस, भक्तपुर | | | शिक्षाशास्त्र अध्ययन संस्थान | | | |
| १५ अमृत क्याम्पस, लैनचौर | | | विज्ञान अध्ययन संस्थान | | | |

[३६] त्रिभुवन विश्वविद्यालय कार्यकारिणीको २०३२ फागुन २२ गतेको निर्णय नं. ३ ।

'ख' श्रेणी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ महेन्द्र क्याम्पस, धरान | ,, | ,, | | - | ,, | - |
| २ महेन्द्र विन्देश्वरी क्याम्पस, राजविराज | ,, | ,, | - | - | | - |
| कानून | | | | | | |
| ३ सरस्वती क्याम्पस, काठमाडौं | ,, | ,, | - | ,, | - | - |
| ४ रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौं | - | ,, | - | - | - | - |
| ५ त्रिभुवन क्याम्पस, तानसेन, पाल्पा | ,, | ,, | - | ,, | - | - |
| ६ महेन्द्र क्याम्पस, नेपालगञ्ज | ,, | ,, | ,, | ,, | - | - |
| ७ शंकरदेव क्याम्पस, काठमाडौं | - | - | - | ,, | - | - |
| ८ वाल्मिकी क्याम्पस, भृकुटिमण्डप, काठमाडौं | संस्कृत अध्ययन संस्थान | | | | | |
| ९ थापाथली क्याम्पस, थापाथली, काठमाडौं | इञ्जिनीयरिङ्ग अध्ययन संस्थान | | | | | |
| १० पाटन क्याम्पस, मिन भवन | - | - | - | ,, | - | - |

'ग' श्रेणी

| | बहुमुखी | मानविकी | विज्ञान | व्यापार | प्रशासन | शिक्षा | कानून |
|---|---|---|---|---|---|---|---|
| १ महेन्द्ररत्न क्याम्पस, इलाम | ,, | ,, | - | - | ,, | - | |
| २ मेची क्याम्पस, भद्रपुर, झापा | - | ,, | - | - | - | - | |
| ३ धनकुटा क्याम्पस, धनकुटा | ,, | ,, | - | - | ,, | - | |
| ४ भोजपुर क्याम्पस, भोजपुर | - | ,, | - | - | - | - | |
| ५ ललितकला क्याम्पस, काठमाडौं | - | ,, | - | - | - | - | |
| ६ भक्तपुर क्याम्पस, भक्तपुर | - | ,, | - | - | - | - | |
| ७ वीरेन्द्र क्याम्पस, भरतपुर | - | ,, | - | - | - | - | |
| ८ भैरहवा क्याम्पस, भैरहवा | - | ,, | - | - | - | | |
| ९ महेन्द्र क्याम्पस, बाग्लुङ | - | ,, | - | - | - | - | |
| १० महेन्द्र क्याम्पस, दाङ | - | ,, | - | - | - | - | |
| ११ डोटी क्याम्पस, डोटी | - | ,, | - | - | - | - | |

| | |
|---|---|
| १२ पब्लिक युथ क्याम्पस, काठमाडौं - - - | ,, - - |
| १३ पिण्डेश्वरी क्याम्पस, धरान - | संस्कृत अध्ययन संस्थान |
| १४ याज्ञवल्क्य लक्ष्मीनारायण क्याम्पस, मटिहानी | ,, |
| १५ महाबौद्ध क्याम्पस, महाबौद्ध, काठ | चिकित्साशास्त्र अध्ययन संस्थान |
| १६ नरदेवी क्याम्पस, नरदेवी, काठ | ,, |
| १७ नेपालगञ्ज क्याम्पस, नेपालगञ्ज | शिक्षाशास्त्र अध्ययन संस्थान |
| १८ सिराहा क्याम्पस, सिराहा | ,, |
| १९ महेन्द्ररत्न क्याम्पस, काठमाडौं | ,, |
| २० व्यावहारिक विज्ञान तथा प्रविधि क्याम्पस, धरान | व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान |
| २१ बुटवल क्याम्पस, बुटवल | शिक्षाशास्त्र अध्ययन संस्थान |
| २२ जनता क्याम्पस, दाङ | संस्कृत अध्ययन संस्थान |

माथिको वर्गीकरणअनुसार २०३२ सालमा विश्वविद्यालयअन्तर्गत जम्मा ४७ क्याम्पसहरू सञ्चालनमा रहेको देखिन्छ । यीमध्ये आधाजति क्याम्पसमा न्यून विद्यार्थी संख्या, कमजोर आर्थिक तथा भौतिक सुविधा एवम् शैक्षिक क्रियाकलाप कमजोर भएकाले तिनलाई तेस्रो वर्गमा राखिएको हो । यसबाट उच्च शिक्षाका लागि शिक्षण संस्था स्थापना गर्ने क्रम बढ्दो रहे तापनि तिनमा गुणस्तर कायम गर्नेतर्फ बेवास्ता गरिएको स्पष्ट देखिन्छ । यो वर्गीकरणबाट उत्कृष्ट क्याम्पसहरू एक तिहाइसमेत नभएको तथा मध्यम स्तरमा जम्मा १० क्याम्पसहरू रहेकालेसमेत क्याम्पसको गुणस्तर निकै कमजोर रहेको पुष्टि हुन्छ । जेहोस् विश्वविद्यालयबाट नै वर्गीकरण गरिएकाले तेस्रो श्रेणीका क्याम्पसहरूमा यथेष्ट सुधार गर्नु पर्ने अवस्था रहेको वास्तविकताबाट सम्बद्धलाई सचेत गराइयो जुन सकारात्मक सङ्केत पनि हो ।

कार्यक्रमको विविधता, जटिलता, आर्थिक भार तथा भौतिक र शैक्षिक उपलब्धि आदिका आधारमा विश्वविद्यालयले क्याम्पसहरूलाई तीन

श्रेणीमा वर्गीकरण गरिएको भए तापनि उल्लिखित अवस्थामा सुधार गरिएका खण्डमा कुनै पनि क्याम्पसको श्रेणीमा हेरफेर गर्न सक्ने अख्तियारी उप कुलपतिलाई दिइयो ।[३७] विश्वविद्यालयले यो वर्गीकरण दुई वर्षमात्र लागू हुने घोषणा गरेकाले सो अवधीमा आवश्यक सुधार/निर्माण गरेर माथिल्लो श्रेणीमा पुग्नका लागि अवसर दिइएको जस्तो देखिन्छ ।

२०३२ साल फागुन २२ गते बसेको कार्यकारिणी समितिको वैठकले क्याम्पसको वर्गीकरणका सम्बन्धमा नयाँ व्यवस्था गरेको थियो । सोअनुसार यसभन्दा पहिले निर्धारिण गरिएको क्याम्पस वर्गीकरण सम्बन्धी विनियममा केही संशोधन गरिएको थियो । संशोधनबमोजिम विद्यमान नियमअनुसार क्याम्पसलाई तीन वर्गमा विभाजन गरिएको भए तापनि अब भने दुई वर्ग ('क' र 'ख') मात्र कायम गरी 'ग' समूह खारेज गरियो । यसरी दुई वर्गमा विभाजन गरिएपछि धेरै विषयमा स्नातकोत्तर तहको कक्षा सञ्चालन हुने, केहि विषयमा स्नातकोत्तर तहको साथै अन्य कक्षाहरू सञ्चालन हुने तथा दुई वा दुई भन्दा बढी फ्याकल्टी अन्तरस्नातक तहको कार्यक्रम सञ्चालन भई घटीमा १५०० विद्यार्थी अध्ययन गर्ने क्याम्पसलाई 'क' वर्गमा राखियो । त्यस्तै उल्लिखित बाहेक बाँकी सबै क्याम्पस 'ख' वर्गमा परे । प्राविधिकतर्फका क्याम्पसहरूको वर्गीकरणका साथै पहिले 'क' समुहमा परेका क्याम्पसहरू भने यो संशोधनपछि पनि 'क' समुहमा नै रहने भए ।[३८]

## योजनामा उच्च शिक्षा

२०२८ सालको ऐनले विश्वविद्यालयलाई 'इन्स्टिच्यूट' (अध्ययन संस्थान) को समूहिक स्वरूपमा परिभाषित गरेकाले श्री ५ को सरकारको योजना एवम् विभिन्न उच्च शिक्षासँग सम्बद्ध आयोग/समितिले पनि सोही

---

[३७] त्रिभुवन विश्वविद्यालय कार्यकारिणीको २०३२ फागुन २२ गतेको निर्णय नं. ३ ।

[३८] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३२ साल फागुन २२ गते बसेको वैठकको निर्णय नं. २२३ ।

आधारमा अध्ययन/अनुसन्धान गरी सुधारका निम्ति सुझाव प्रस्तुत गरेको पाइन्छ । यसै सन्दर्भमा 'योजनामा उच्च शिक्षा' उपशीर्षकमा यहाँ त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न इन्स्टिच्यूटका सम्बन्धमा भएका योजनालगायतका बारेमा चर्चा गर्दै विद्यमान क्रियाकलपसमेतको चर्चा गरिएको छ ।

विश्वविद्यालयमा इन्स्टिच्यूट (अध्ययन संस्थान)

'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' ले उच्च शिक्षाका लागि तोकिएका विषयमा तोकिएका इन्स्टिच्यूटहरू (अध्ययन संस्थान) रहने व्यवस्था गऱ्यो । ऐनले निर्धारित इन्स्टिच्यूटहको सामूहिकरूप नै 'विश्वविद्यालयको स्वरूप' हुने परिभाषित गऱ्यो । श्री ५ बाट कुनै इन्स्टिच्यूटलाई शाही इन्स्टिच्यूटको बडापत्र प्रदान भएमा सो इन्स्टिच्यूटले 'शाही इन्स्टिच्यूट' का रूपमा नाम धारण गर्न पाउने भयो । प्रत्येक इन्स्टिच्यूटमा एउटा फेकल्टी बोर्ड रहने; प्रत्येक इन्स्टिच्यूटको एउटा केन्द्रीय शिक्षण संस्था र आवश्यकतानुसार विभिन्न क्याम्पसहरू (शाखासंस्था) रहने; इन्स्टिच्यूटहरू विश्वविद्यालयको सामान्य रेखदेख तथा नियन्त्रणमा रहने व्यवस्था गरियो ।[३९]

विश्वविद्यालय ऐन २०२८ प्रारम्भ हुँदाका बखत नेपाल अधिराज्यमा चालू रहेका सम्बद्ध महाविद्यालय वा अन्य शैक्षिक संस्थालाई विश्वविद्यालयले तोकिएबमोजिम इन्स्टिच्यूटमा परिवर्तन गर्ने भयो । इन्स्टिच्यूटमा परिवर्तन हुन नसकेमा सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्था तोकिएको अवधिसम्म कामय रहने प्रावधान राखियो । कथंकदाचित् तोकिएको अवधिपछि कायम नरहेका महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने र त्यस्तो महाविद्यालय वा शैक्षिक

[३९] श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौँ: श्री ५ को सरकार, भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३३ (क), २०२८ साल असोज ६ गते, पृ. १-११ । ऐनको लालमोहरलाई २०२८ साल असोज ६ गते बुधवारका दिन सदर गरिएको थियो ।

संस्थाको कुनै आर्थिक दायित्व पूरा गर्नुपर्ने भए विश्वविद्यालयले तोकेको समितिबाट सो आर्थिक दायित्व निर्धारण गराई त्यस्तो महाविद्यालय वा शैक्षिक संस्थाको सम्पत्तिले भ्याएसम्मको त्यस्तो आर्थिक दायित्व पूरा गरी बाँकी सम्पत्ति विश्वविद्यालयले तोकिएबमोजिम कुनै इन्स्टिच्यूटको प्रयोजन र काममा लगाउन सक्ने भयो ।

प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इन्स्टिच्यूटमा परिवर्तन भएको सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्थाको सबै हक, अधिकार, सुविधा, चल अचल सम्पत्ति सम्बन्धित इन्स्टिच्यूटको हुने र सो इन्स्टिच्यूटकै प्रयोजन र काममा लगाइने व्यवस्था गरियो ।[४०]

'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' ले उल्लिखित इन्स्टिच्यूटको व्यवस्था गरे तापनि विश्वविद्यालयमा कतिवटा इन्स्टिच्यूट तथा कुन कुन विषय कुन इन्स्टिच्यूट अन्तर्गत रहने भन्ने विषय भने स्पष्ट गरेको थिएन । 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' को आधारमा तर्जुमा गरिएको 'त्रिभुवन विश्वविद्यालय नियम २०२८' ले विश्वविद्यालय ऐन २०२८ का आधारमा त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षाका लागि विभिन्न १३ विषयसँग सम्बद्ध १३ इन्स्टिच्यूटहरू (अध्ययन संस्थान) स्थापना गरियो ।[४१]

---

[४०] *ऐजन,* पृ. ८ ।

[४१] कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा २०२८ साल फागुन २६ गतेका दिन त्रिभुवश्वविद्याल सभा बसेको थियो । यस सभाको कार्यावली नं. ३ अनुसार उपकुलपति त्रैलोक्यनाथ उप्रेतीले पेश गरेको *'त्रिभुवन विश्वविद्यालय ऐन २०२८ को दफा २१ को अन्तर्गत रही तयार गरिएका यसैसाथ संलग्न नियमहरू दफावार विचार गरी स्वीकृत होस्',* प्रस्तावलाई शिक्षा सचिव कृष्णबहादुर मानन्धरले समर्थन गरेपछि दफावार विचार गरी उपर्युक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरिएको थियो जसमा अध्यक्षका हैसियतले राजा वीरेन्द्रबाट हस्ताक्षरसमेत भएको थियो । कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा २०२८ साल फागुन २६ गतेका दिन त्रिभुवन विश्वविद्यालय सभाको मिनट्स ।

यी इन्स्टिच्यूटहरूको काम सम्बद्ध विषयमा अध्ययन, अध्यापन, प्रशिक्षण र अनुसन्धान गराउने थियो । तोकिएका विषय बाहेक अन्य इन्स्टिच्यूटअन्तर्गत पर्ने विषयहरू पनि सहायक विषयका रूपमा पढाउन सकिने व्यवस्था गरियो । यसरी विभाजन गरिएको इन्स्टिच्यूट यस प्रकार रहे;[४२]

१ मानविकी र सामाजिक शास्त्रइन्स्टिच्यूट

२ व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जन प्रशासन इन्स्टिच्यूट

३ शिक्षाशास्त्र इन्स्टिच्यूट

४ संस्कृत इन्स्टिच्यूट

५ कानून इन्स्टिच्यूट

६ ललितकला इन्स्टिच्यूट

७ व्यावहारिक विज्ञान र प्रविधि इन्स्टिच्यूट

८ विज्ञान इन्स्टिच्यूट

९ कृषि र पशुविज्ञान इन्स्टिच्यूट

---

यसै मिनट्सका साथमा ३७ पृष्ठको 'त्रिभुवन विश्वविद्यालय नियमहरू, २०२८' राखिएको छ । त्यति मात्र नभएर श्री ५ को सरकार राष्ट्रिय शिक्षा समितिका तर्फबाट सदस्य सचिवको नाममा २०२८ साल फागुन २६ गतेका दिन त्रिभुवन विश्वविद्यालयका उपकुलपतिका नाममा लेखिएको एउटा पत्रमा "*...श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव समक्ष मिति २०२८ फाल्गुण २६ गते वृहस्पतिवार दिऊंसो १२ वजे त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा बसेको राष्ट्रिय शिक्षा समितिको वैठकमा त्रिभुवन विश्वविद्यालय सभाको प्रथम वैठकबाट पारित त्रिभुवन विश्वविद्यालय नियमहरू विचारार्थ प्रस्तुत हुँदा उक्त नियमहरूलाई स्वीकृति प्रदान गरिएकोले सो व्यहोरा अनुरोध गरेको छु*" उल्लेख गरिएको छ । यो राष्ट्रिय शिक्षा समिति अन्तर्गत त्रिभुवन विश्वविद्यालय रहेको एउटा उदाहरण हुनसक्दछ । यो नियमहरूको सक्कल प्रतिको सबै पृष्ठहरूमा राजा वीरेन्द्रको छोटकरी हस्ताक्षर रहेको उल्लेख्य पक्ष देख्न पाइन्छ ।

४२ त्रिभुवन विश्वविद्यलय ऐनको दफा ५ को उपदफा १ र ४ तथा दफा २८ (१) अनुसार, त्रिभुवन विश्वविद्यालय नियम २०२८, पृ. २-४ ।

१० वन विज्ञान इन्स्टिच्यूट

११ इञ्जिनीयरिङ्ग इन्स्टिच्यूट

१२ चिकित्साशास्त्र इन्स्टिच्यूट

१३ नेपाल र एशियाली इन्स्टिच्यूट

ऐनमा उल्लेख गरिएअनुसार त्रिभुवन विश्वविद्यालयमा उल्लिखित १३ इन्स्टिच्यूट रहने भए । राष्ट्रिय शिक्षा पद्धतिको योजनामा १६ इन्स्टिच्यूटको व्यवस्था गरिएको हो तापनि नेपाल अध्ययन संस्थानमा एशियाई अध्ययन संस्थान, कृषि विज्ञान इन्स्टिच्यूटमा पशु विज्ञान इन्स्टिच्यूट र व्यापार प्रशासन तथा वाणिज्यशास्त्र इन्स्टिच्यूटमा जनप्रशासन इन्स्टिच्यूट गाभिएकाले १३ इन्स्टिच्यूट मात्र रहने भएका हुन् ।[४३]

इन्स्टिच्यूट प्रमुख

इन्स्टिच्यूटलाई डीनको नेतृत्वमा राखियो । डीनले नै यसको प्राविधिक तथा शैक्षिक नेतृत्व दिने भए । इन्स्टिच्यूटको शैक्षिक पदाधिकारीका हैसियतमा डीनले मातहतका क्याम्पसको शैक्षिक क्रियाकलापमा रेखदेख तथा नियन्त्रण कायम गर्नु पर्दथ्यो । प्रत्येक इन्स्टिच्यूटको केन्द्रीय क्याम्पस (इन्स्टिच्यूटबाट बनाइएको एउटा केन्द्रीय क्याम्पस) को प्रमुखका रूपमा डीनले काम गर्नु पर्दथ्यो । इन्स्टिच्यूटअन्तर्गतका क्याम्पसमा पढाइको गुणस्तर निर्धारण गर्ने तथा आवश्यक सुधार गर्ने जिम्मेवारी पनि डीनलाई नै तोकियो । त्यस्तै विद्यार्थीले अध्ययन गरेको विषयबाट भविष्यमा कुन प्रकारको व्यवसायमा जाने मौका पाउने हुन् सो कुराको जानकारी दिने दायित्व डीनलाई दिइएको थियो । आफ्नो इन्स्टिच्यूटअन्तर्गत सञ्चालनमा रहेका क्याम्पसको निरीक्षण गर्ने, शैक्षिक स्तर वृद्धिका लागि कार्यक्रम बनाउने, लागू गराउने;

---

[४३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-५ अङ्क-७, २०२८ साल फागुन, पृ. ५ ।

क्याम्पसको निरीक्षणमा देखिएका त्रुटी सुधार गर्न र त्रुटीपूर्ण काम गर्ने उपर कारवाही गर्न निर्देशन दिने; इन्स्टिच्यूटद्वारा सञ्चालित कार्यक्रमहरूको सामयिक मूल्याङ्कन गर्ने/गराउने; शिक्षाध्यक्ष वा रजिष्ट्रारबाट वा मार्फत् प्राप्त निर्देशन कार्यान्वयन गर्ने, आवश्यक बजेटको सिफारिस गर्ने तथा ऐन, नियम र विनियमहरूमा तोकिएको अन्य काम, कर्तव्य र अधिकारको पालना एवम् प्रयोग गर्ने जिम्मेवारी डीनलाई दिइयो ।[४४]

'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' लागू गरिएको एक दशकजतिमा त्रिभुवन विश्वविद्यालयमा विभिन्न आरोह/अवरोह हुन गए जुन मुलुकको राजनीतिक घटनावलीको परिणामसमेत थियो । यस क्रममा उच्च शिक्षालाई समय सापेक्ष एवम् सर्वसुलभ बनाउनका लागि विभिन्न योजनामार्फत् श्री ५ को सरकारले गरेको प्रयास, सञ्चालनमा रहेको 'नयाँ शिक्षा योजना' को मूल्याङ्कन तथा 'शाही आयोग' समेतको प्रतिवेदनका आधारमा यहाँ 'योजनामा इन्स्टिच्यूट' अन्तर्गत विभिन्न इन्स्टिच्यूटसँग सम्बद्ध सन्दर्भमाथि यथोचित प्रकाश पार्ने प्रयास भएको छ ।

### मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थान

यस अध्ययन संस्थानअन्तर्गतका क्याम्पसमा श्री ५ को सरकारको चौथो योजनासम्म स्थानीय आवश्यकताअनुसार प्रमाणपत्र र स्नातक दुबै तह कायम गरी अध्यापन गराउने व्यवस्था गरियो भने पाँचौं योजना अवधिमा साधारणतया नयाँ क्याम्पस थप नगरी बढी विद्यार्थीलाई अध्ययन सुविधा प्रदान गर्ने योजना बनाइयो । त्यस्तै केन्द्रीय क्याम्पस कीर्तिपुरमा

---

[४४] २०३२ साल मंसिर २९ गते सोमवारका दिन त्रिभुवन स्मृति भवन, कीर्तिपुरमा बसेको त्रिभुवन विश्वविद्यालय सभाको असाधारण वैठकबाट पारित 'त्रि.वि.नियममा संशोधन', माइनुट, परिच्छेद-८, पृ. १०-११ ।

स्नातकोत्तर तथा अनुसन्धान तहको अध्यापन यथावत चालू राख्ने एवम् योजना अवधिमा जम्मा ३४, २५० विद्यार्थीलाई भर्ना गर्ने लक्ष लिइयो ।[४५]

त्यस्तै यस अध्ययन संस्थानको मानविकी तथा सामाजिकशास्त्र सम्बन्धी आधारभूत, मध्यमस्तर र उच्चस्तरको जनशक्ति उत्पादन गर्ने क्रममा छैठौं योजनाकाल (२०३७-२०४२) मा प्रमाणपत्र, डिप्लोमा, स्नातकोत्तर तहको अध्यापनका साथै केन्द्रीय क्याम्पस, कीर्तिपुरमा स्नातकोत्तर तहमा अनुसन्धान तहको अध्ययन यथावत् चालू राख्ने तथा योजना अवधिको तेस्रो वर्षमा पूर्वाञ्चलमा डिग्री तहको एउटा क्याम्पस थप गरिने लक्ष राखियो ।

अन्य अध्ययन संस्थानले जस्तै यसले पनि योजनाकालमा मुलुकका दुई दर्जनजति विभिन्न क्याम्पसहरूमा शिक्षण भवन, छात्रावास, शिक्षक आवास भवन निर्माणको लक्ष लिएको थियो । त्यस्तै अध्ययन संस्थानअन्तर्गत विभिन्न क्याम्पसहरूबाट प्रमाणपत्र तहमा ७,३५०, स्नातकमा ४,०००, स्नातकोत्तर तहमा १,००० तथा अनुसन्धान तहमा २० जनाजति जनशक्ति उत्पादन गर्ने लक्ष लिइएको थियो ।[४६]

अर्कातर्फ शाही उच्च शिक्षा आयोगले मानविकी र सामाजिकशास्त्रका विभिन्न विषय-क्षेत्रमा मुलुकलाई अपेक्षित प्रबुद्ध, सिर्जनशील र कार्यसक्षम दक्ष जनशक्तिको सिर्जनाका साथै मानवीय सर्वाङ्गीण व्यक्तित्वको परिष्कारको प्रक्रियातर्फ लक्षित शैक्षिक-प्राज्ञिक निकायका रूपमा मानविक र सामाजिकशास्त्र सङ्कायलाई विकसित गर्ने गराउने नीतिगत लक्ष राख्दै यस सङ्कायअन्तर्गत पूर्वस्नातक (इन्टरमिडियट), स्नातक, स्नातकोत्तर र अनुसन्धान तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिने, मानविकी र सामाजिकशास्त्र उच्च

---

[४५] श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४८८ ।

[४६] श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-१),* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०७ ।

शिक्षालाई विद्यमान हाँकअनुरूप प्रखर र प्रभावकारी तुल्याउन यसको पूर्वस्नातक तहमा नै सामान्य पूर्वाधार बसाल्दै जाने नीतिगत लक्ष रहने र तदनुरूप विभिन्न तहका पाठ्यक्रम तथा शिक्षण प्रक्रिया स्थापित गर्ने व्यवस्थित प्रयाससमेत गरिने भयो ।

यस उच्च शिक्षाको पूर्वस्नातक तहमा विविधीकरणतर्फ नै जोड दिइने र त्यस क्रममा मानविकी, समाजशास्त्र र भाषा-साहित्य तीनवटै समूहको सन्तुलित अध्ययनको परिपाटीको सुदृढीकरण गरिने, सम्भव हुने क्याम्पसहरूमा अन्य सङ्कायका उपयोगी विषयको पठन पाठन समावेश गर्न सकिने, क्रमशः स्नातक, अनर्स (सम्मान) सहित स्नातक, स्नातकोत्तर र अनुसन्धान तहमा विशिष्टीकरणमा उत्तरोत्तर जोड दिइनुका साथै विभिन्न तहका विषयगत पाठ्यक्रममा तह अनुरूप सो विषयका अद्यावधिक ज्ञान र सीपको समावेश गर्ने र आवश्यक मात्रामा नेपालमूलक विषयवस्तु र पूर्वीय विषयगत ज्ञानकोसमेत समावेश गरिने कुरा प्रतिवेदनमा उल्लेख गरियो ।

यस क्रममा उच्च शिक्षाका प्रत्येक तहका विषयगत पाठ्यक्रम र शिक्षणप्रक्रियामा विषयगत सीप प्रदान गर्नेतर्फ उचित मात्रामा ध्यान दिँदै प्रायोगिक पक्षको अभ्यास बढाउँदै जाने, मुलुक र समाजको व्यापक तथा सर्वाङ्गीण विकासका आवश्यकतालाई दृष्टिगत गरी यस सङ्कायअन्तर्गत समावेश गरिएका विभिन्न विषयहरूको सन्तुलित प्राज्ञिक विकास गर्दै जाने, मानविकी, सामाजिकशास्त्र र भाषा-साहित्य यी तीन विषय क्षेत्रहरूको उच्च शिक्षाको गुणात्मक विकास गरी योग्य शिक्षकहरू र साधन पुऱ्याउन सकिने स्थिति विकसित भएपछि भविष्यमा सामाजिकशास्त्र, भाषा-साहित्य र मानविकी विषय क्षेत्रमा अलग अलग सङ्कायको विकास गर्ने नीतिगत लक्ष लिइयो ।[४७]

---

[४७] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन*, काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४५४-४५५ ।

व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थान

व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थानको मुख्य उद्देश्य व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन सम्बन्धी आधारभूत, मध्यम तथा उच्च स्तरको जनशक्ति तयार गर्नु हो । यस संस्थानबाट प्रमाणपत्रदेखि स्नातकोत्तर तहसम्मको अध्यापन कार्यक्रम सञ्चालन हुँदै आएकोमा पाँचौं योजना अवधि (२०३२-२०३७) मा दुई नयाँ क्याम्पसहरूको स्थापना गरिने तथा एउटाको स्तर वृद्धिको काम अधिकतम कार्यक्रमअन्तर्गत राखियो । योजनाकालमा यस अध्ययन संस्थानमा जम्मा १६,०५० विद्यार्थी भर्ना गर्ने योजनासमेत बन्यो ।[४८]

'राष्ट्रिय शिक्षा पद्धतिको योजना मध्यावधि मूल्याङ्कन २०३२' ले 'व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थानअन्तर्गतको आर्थिक विकास तथा अनुसन्धान केन्द्र' लाई पनि पुनः छुट्टै व्यक्तित्व प्रदान गर्ने सुझाव दिएको सन्दर्भ उल्लेख्य रह्यो ।[४९]

यस अध्ययन संस्थानले सञ्चालन गर्दै आएको प्रमाणपत्रदेखि स्नातकोत्तरसम्मको अध्यापन कार्य छैठौं योजनाकाल (२०३७-२०४२) मा पनि चालू राख्ने योजना रह्यो । यस योजनाकालमा संस्थानअन्तर्गत दुई नयाँ क्याम्पस स्थापना गर्नुका साथै अनुसन्धान तहसमेत थप गरिने भयो । योजनाकालमा प्रमाणपत्र तहमा ३,४००, स्नातकमा २,००० तथा स्नातकोत्तर तहमा १,५०० जनशक्ति उत्पादन गर्ने योजना बनाइयो । यसका साथै अनुसन्धान तह थप गरी यस अवधिमा २ जना अनुसन्धानसम्बन्धी जनशक्ति उत्पादन गरिने पनि योजना रहेको थियो । योजना अवधिमा विभिन्न क्याम्पसहरूमा छात्रावास, शिक्षकको अवास,

[४८] श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४८६-४८७ ।

[४९] शाही उच्च शिक्षा आयोग, *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौंः वि.सं. २०४०, पृ. १००-१०६ ।

शिक्षण भवन तथा कतिपय क्याम्पसका लागि जमिनको व्यवस्थासमेत गर्ने योजना बनाइयो ।[५०]

अर्कातर्फ शाही उच्च शिक्षा आयोगले भने विद्यमान व्यवस्थापन अध्ययन संस्थान खारेज गरी त्रिभुवन विश्वविद्यालयअन्तर्गत 'व्यवस्थापन तथा वाणिज्यशास्त्र सङ्काय' को व्यवस्था गरिनाका साथै व्यवस्थापन अध्ययन संस्थानअन्तर्गत सञ्चालन भइरहेको जनप्रशासन उच्च शिक्षाका निम्ति छिट्टै जनप्रशासन स्कूलको स्थापना गरिने भनियो । मुलुकका विभिन्न क्षेत्र र अन्तर्देशीय प्रकृतिकासमेत खासगरी उद्योग, व्यापार, वाणिज्य र अन्य व्यवसाय क्षेत्रका आधुनिकीकरण र विकासका क्रममा अपेक्षित व्यवस्थापन र वाणिज्यशास्त्रसम्बन्धी विषयगत ज्ञान र सीपको प्रखरताको सिर्जना र संवर्द्धनको प्रक्रियामा जोड दिई व्यवस्थापकीय र वाणिज्यशास्त्रीय दक्ष जनशक्तिको उत्पादन गर्नाका साथै उपर्युक्त विषयका प्राज्ञिक र प्रायोगिक अनुसन्धानका कार्यतर्फ लक्षित शैक्षिक-प्राज्ञिक निकायका रूपमा व्यवस्थापन तथा वाणिज्यशास्त्र सङ्कायलाई विकसित गर्ने नीति अँगालिने भयो ।

उच्च शिक्षाअन्तर्गत वाणिज्यशास्त्रतर्फ पूर्वस्नातक, स्नातक, सम्मान (अनर्स) सहित स्नातक, स्नातकोत्तर र अनुसन्धान तहका कार्यक्रमहरू रहनुका साथै यी कार्यक्रमहरूलाई विषयगत अन्तर्राष्ट्रिय प्रवृत्तिअनुरूप व्यवस्थापनतर्फ उन्मुख तुल्याउँदै लगिने, यस क्रममा तहगत श्रृङ्खलामा आबद्ध पाठ्यक्रमका आधारमा सञ्चालन गरिने योजना रह्यो । व्यवस्थापनतर्फ स्नातकोत्तर र अनुसन्धान तहहरू रहने, स्नातकोत्तर तह मुलुकका विभिन्न व्यवसायमा अपेक्षित व्यवस्थापकीय प्रखर ज्ञान र सीप प्राप्त गरेका दक्ष व्यवसायिक व्यवस्थापक जनशक्तिको परिपूर्ति गर्ने विशेष प्रयोजनका निम्ति विशिष्टीकृत पाठ्यक्रम र शैक्षिक प्रक्रियाका आधारमा

---

[५०] श्री ५ को सरकार, *छैठौँ योजना २०३७-२०४२ (भाग-१),* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०६-६०७ ।

सञ्चालन गरिनुका साथै यस तहमा कुनै पनि विषय क्षेत्रका विशेष प्रतिभाशाली स्नातकहरूलाई भर्ना गरिने जसको पाठ्यक्रम स्वयम्मा पूर्ण र विशेष प्रकृतिको हुने भए । आवश्यक शैक्षिक-प्राज्ञिक र भौतिक पूर्वतयारी गरी त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन तथा वाणिज्यशास्त्र सङ्कायअन्तर्गतको उपयुक्त देखिएको कुनै एक क्याम्पस वा विषयगत विभागमा यो कार्यक्रम सञ्चालन गर्ने लक्ष राखियो ।

माथिल्ला तहका शिक्षण कार्यमा विषयगत प्रखरता भएका शिक्षकहरूको व्यवस्था गर्ने र यस क्रममा प्रतिभाशाली शिक्षकहरूलाई विषयगत प्रखरता प्रदान गर्ने उच्चस्तरीय शिक्षण प्रशिक्षणको योजनाबद्ध व्यवस्था गराउनाका साथै उच्च शिक्षाका माथिल्लो स्तरमा व्यावहारिक ज्ञानसमेत दिनका लागि व्यवस्थापन क्षेत्रका विभिन्न पक्षमा कार्यरत विषयगत दखल भएका विशेषज्ञहरूलाई पनि शैक्षिक-प्राज्ञिक प्रक्रियामा सहभागी गराउने व्यवस्था गरिने भयो । व्यवस्थापन र वाणिज्यशास्त्र उच्च शिक्षाको स्नातकोत्तर तहमा व्यावहारिक पक्षको ज्ञान दिलाउन यी विषय पढ्ने विद्यार्थीलाई कुनै उद्योग वा वाणिज्य वा अन्य व्यवसायका निकायहरूमा केही समय काम गराई त्यस्ता औद्योगिक वा व्यापारिक निकायहरू सञ्चालन हुने तरिकाबारे जानकारी दिने व्यवस्था मिलाउँदै लैजाने प्रयास गरिनाका अतिरिक्त यस उच्च शिक्षाअन्तर्गत विषयगत बहुउद्देश्यीय व्यावसायिक सीपसमेत दिँदै जाने लक्ष राखियो । उच्च शिक्षाका क्षेत्रमा केही विशिष्टीकरण क्षेत्रहरूमा आवश्यकताअनुसार विशेष डिप्लोमा कार्यक्रमहरूको सञ्चालन गरिने भयो ।[५१]

व्यवस्थापन र वाणिज्यशास्त्र सङ्कायअन्तर्गत उच्च शिक्षाका माथिल्ला तहमा उत्तीर्ण भई आफ्नै उद्योग व्यवसायको स्थापना गर्नेतर्फ विशेष रुची र प्रवृत्ति भएका प्रतिभाशाली विद्यार्थीहरूलाई यस दिशामा

---

[५१] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन*, काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४५७-४५९ ।

ठोस कार्य गर्न अपेक्षित व्यावसायिक परामर्श, सूचना र मार्गदर्शन आदि प्रदान गर्ने प्रयोजनका निम्ति आवश्यक संस्थागत व्यवस्था गर्ने लक्षसमेत लिइयो ।

शिक्षाशास्त्र अध्ययन संस्थान

विद्यालयहरूका निम्ति आवश्यक पर्ने तालीम प्राप्त शिक्षक तयार गर्नु नै शिक्षाशास्त्र अध्ययन संस्थानको मुख्य उद्देश्य थियो । शिक्षाशास्त्र अध्ययन संस्थानका प्रमाणपत्र तहको तालीममा पूर्व व्यावसायिक विषय समावेश गर्ने, मानविकी र विज्ञानको डिप्लोमा तहको पाठ्यक्रममा 'शिक्षण विधि' को पाठ्यक्रम सम्मिलित गर्ने, पाँचौं योजना अवधि (२०३२-२०३७) मा सेवामा रहेका माध्यमिक शिक्षकहरूलाई 'अन द स्पट' तालीम र दुर्गम क्षेत्रहरूमा प्राथमिक शिक्षक तयार गर्नका लागि कार्यक्रम सञ्चालन गर्ने, केन्द्रीय क्याम्पसमा बी.एड. र एम.एड.को प्रशिक्षणका साथै अनुसन्धान कार्यक्रम पनि सञ्चालन गर्ने, सञ्चालनमा रहेका क्याम्पसहरूको सुदृढीकरण गर्ने, क्याम्पसहरूलाई आवश्यक भौतिक सुविधाको व्यवस्था गर्ने सिलसिलामा इलाम, धनकुटा, बुटवललगायत क्याम्पसमा भवन तथा छात्रावास निर्माण गर्ने योजना राखियो । फलस्वरूप योजनाको अन्त्यमा विभिन्न तहमा २६,६६० विद्यार्थी भर्ना गरिने लक्ष लिइयो ।[५२]

विद्यालयका लागि आवश्यक तालीम प्राप्त शिक्षक तयार पर्ने उद्देश्य लिएको यो संस्थानले छैटौं योजना अवधि (२०३७-२०४२) मा तालीम प्राप्त नगरेका शिक्षकहरूलाई यथाशक्य छिटो तालीम दिलाउनाका साथै तालीम प्राप्त नयाँ शिक्षक तयार गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने योजना बनाएको थियो । यस क्रममा सञ्चालनमा रहेका क्याम्पस, केन्द्र तथा कार्यक्रमहरू सुदृढ गर्ने, वीरेन्द्रनगर सुर्खेतमा नयाँ क्याम्पस भवन निर्माण गरी नेपालगञ्जमा सञ्चालनमा रहेको क्याम्पसलाई सुर्खेतमा

[५२] श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४८४-८५ ।

निर्माण गरिने भवनमा स्थान्तरण गर्ने, कार्यक्रमको आवश्यकताअनुसार अस्थायी घुम्ती (Mobile) केन्द्रहरूको स्थापना गर्ने, शिक्षक तालीम कार्यक्रमको प्रभावकारीता तथा शिक्षण प्रणालीको सफलता, प्रचलित कार्यहरूको मूल्याङ्कन तथा प्रविधि खोजी तथा नयाँ प्रवर्तन जस्ता कार्यमा निर्भर हुने हुनाले योजना अवधिमा खासगरी व्यवसायिक शिक्षाको प्रभावकारीताको अध्ययन, पिछडिएका वर्गका लागि प्रदान गरिएको शिक्षाको अध्ययन, शिक्षामा नयाँ प्रविधि तथा माध्यमको खोजी, शिक्षामा अर्थ व्यवस्था तथा परीक्षा प्रणाली विषयहरूमा अनुसन्धान कार्यक्रम सञ्चालन गरिने योजना बनाइयो । त्यस्तै छैठौं योजनाकालमा यस संस्थानअन्तर्गत सानोठिमी, इलाम, बुटवल र दाङमा शिक्षण भवन र छात्रावास निर्माण, कीर्तिपुर, ताहाचल, वीरगञ्ज, गोरखा र धनकुटामा शिक्षण भवन निर्माण गरिने योजनासमेत रह्यो ।[५३]

शाही उच्च शिक्षा आयोगले भने शिक्षाका विभिन्न पक्षहरूमा ज्ञान र सीपको प्रखरतामा विशेष जोड दिई मुलुकको शिक्षाका विभिन्न क्षेत्रमा अपेक्षित शैक्षिक दक्ष जनशक्तिको सिर्जनाका साथै शिक्षाका क्षेत्रमा प्राज्ञिक र प्रयोगात्मक अनुसन्धान, प्रवर्तन र प्रयोगहरू गर्नेतर्फ लक्षित शैक्षिक-प्राज्ञिक निकायका रूपमा शिक्षाशास्त्र सङ्कायलाई विकसित गर्ने नीतिगत लक्ष रहने तथा शिक्षाशास्त्र सङ्कायअन्तर्गत उच्च शिक्षामा पूर्वस्नातक, स्नातक, स्नातकोत्तर र अनुसन्धान तह रहने प्रतिवेदनमा उल्लेख गरेको थियो ।

शिक्षशास्त्र सङ्कायले शिक्षाको गुणस्तरको विकास गर्न र सो शिक्षालाई प्रभावकारी तुल्याउन दक्ष शिक्षक, दक्ष मुल्याङ्कन विशेषज्ञ आदि तयार पार्न आफ्नो शैक्षिक कार्यक्रम र तालीम कार्यक्रमहरूलाई प्रभावकारी रूपमा परिचालन गर्नेतर्फ ध्यान दिनाका साथै विद्यालीय शिक्षामा अपेक्षित

---

[५३] श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-१),* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०४-६०५ ।

गुणस्तर स्थापनाका निम्ति विद्यालय शिक्षकहरूलाई दिइनुपर्ने शिक्षण मूल्याङ्कन विधि आदिको तालीम प्रदान गर्ने नियमित र प्रभावकारी व्यवस्था गर्ने क्रममा अल्पकालीन तालीमको आयोजना श्री ५ को सरकारका निकायहरूबाट गरिने तथा उपाधीमूलक तालीम तथा विशिष्ट प्रवृत्तिका तालीम शिक्षाशास्त्र सङ्कायबाट प्रदान गरिने नीति अँगालिने भयो ।

उच्च शिक्षाका विभिन्न क्षेत्रका विषयगत निकायहरूसँग निकटतम संस्थागत सम्बन्ध र अन्तर्क्रियाको वातावरण स्थापित गरी उच्च शिक्षाका क्षेत्रमा पनि पाठ्यक्रम निर्माण, शिक्षण तथा मूल्याङ्कन विधि आदिका बारेमा अभिमुखीकरण कार्यक्रमको सञ्चालनतर्फ ध्यान दिनाका साथै विद्यालय शिक्षाका क्षेत्रमा अङ्ग्रेजी, गणित, विज्ञान विषयको औसत पठन पाठन अपेक्षकृत कमजोर रहेको परिप्रेक्ष्यमा यी विषयमा शिक्षणलाई प्रभावकारी तुल्याउन शिक्षण प्रशिक्षणको व्यवस्थातर्फ विशेष ध्यान दिइने तथा माध्यमिक विद्यालयको पाठ्यक्रममा व्यावसायिक विषयको पाठ्यांशभार घटाइएर १०० अङ्कको व्यावसायिक विषय मात्र अनिवार्य गराइएको परिप्रेक्ष्यमा व्यावसायिक शिक्षक तालीम कार्यक्रममा परिवर्तन ल्याउनु पर्ने कुरा प्रतिवेदनमा उल्लेख गरियो ।

यस सङ्कायअन्तर्गत शैक्षिक प्रयोगशालाका रूपमा एउटा उत्कृष्ठ विद्यालयको स्थापना गरी त्यसको प्रभावकारी प्रयोग गर्ने व्यवस्था गरिनुका साथै शिक्षाशास्त्र विषय पढाइने प्रत्येक क्याम्पसमासमेत उपर्युक्त प्रयोजनका निम्ति निकटतम उपयुक्त कुनै विद्यालयलाई यस्तो प्रयोगशालाका रूपमा विकसित गर्न आवश्यक व्यवस्था गरिने र त्यस्ता विद्यालयलाई सम्बन्धित क्याम्पसको विशेष सुविधा-सहुलियत पनि उपलब्ध गराइने भयो ।[५४]

---

[५४] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४५९-४६० ।

पाँचौ योजना अवधि (२०३२-२०३७) मा दाङस्थित केन्द्रीय क्याम्पस भवन निर्माण गर्ने, अधिकतम कार्यक्रमअन्तर्गत डीन कार्यालय भवनको निर्माण गर्ने, कृषि कार्यक्रमअन्तर्गत स्टोर तथा कुलो निर्माण गर्ने, अन्य क्याम्पसमा थप भौतिक सुविधा उपलव्ध गराउनाका साथै पाठ्यक्रममा सुधार गरिने एवम् योजना अवधिमा २२५ जना अनुसन्धान तथा ९७५ जना विभिन्न तहको अध्ययनमा संलग्न गराउने लक्ष लिइयो ।[५५]

यस अध्ययन संस्थानले संस्कृत विषयमा विभिन्न तहमा पठन पाठन गर्दै आएकोमा छैठौं योजना अवधि (२०३७-२०४२) मा पनि आधारभूत, मध्यम तथा उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने क्रममा प्रमाणपत्रदेखि अनुसन्धान तहसम्मको अध्यापन कार्य यथावत् चालू गर्ने योजना राखियो । योजनाकालमा पिण्डेश्वर क्याम्पस धरान र याज्ञवल्क्य क्याम्पस मटिहानीमा एक/एक शिक्षण भवन निर्माण गर्ने, केन्द्रीय क्याम्पस बेलझुण्डी दाङमा शिक्षण भवन, छात्रावास तथा शिक्षक आवास निर्माणको योजना बनाइयो । त्यस्तै योजना अवधिमा यस अध्ययन संस्थानका विभिन्न क्याम्पसहरूबाट प्रमाणपत्र तहमा २५०, स्नातकमा २५०, स्नातकोत्तर तहमा २५० जना र अनुसन्धान तहमा २१ जवान जनशक्ति उत्पादन गर्ने योजना बनाइयो ।[५६]

नेपालमा संस्कृत उच्च शिक्षाको निकै लामो र विशिष्ट परम्परा रहेको र आधुनिक साधारण उच्च शिक्षा व्यवस्थापनअन्तर्गत संस्कृत उच्च शिक्षाको परम्पराको संरक्षण र मुलुकका निम्ति अपेक्षित प्राज्ञिक पुनर्विकासको समुचित वातावरण उपलब्ध हुन नसक्ने देखिएकाले उक्त

---

[५५] श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४८९-९० ।

[५६] श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-१),* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०८ ।

प्रयोजनका निम्ति तत्काल साधारण उच्च शिक्षाअन्तर्गत रहेको संस्कृत अध्ययन संस्थानको हकमा यसलाई स्वतन्त्र अस्तित्व दिई एक छुट्टै विश्वविद्यालयको स्थापना गर्नु अति आवश्यक देखिएकाले राष्ट्रिय स्तरमा आवश्यक पूर्वतयारी गरी राजकीय संरक्षणमा अलग संस्कृत विश्वविद्यालयको स्थापना गरिने कुरा 'शाही उच्च शिक्षा आयोग २०३९' को प्रतिवेदनमा उल्लेख गरियो ।[५७]

यस आयोगले संस्कृत उच्च शिक्षाका निम्ति छुट्टै विश्वविद्यालय स्थापना गर्नु पर्ने सिफारिस गरेको थियो । यस क्रममा त्रिभुवन विश्वविद्यालयको संस्कृत अध्ययन संस्थानका क्याम्पसहरू तथा तिनका जनशक्ति र जायज्यथा-सम्पत्तिसमेत प्रस्तावित संस्कृत विश्वविद्यालय अन्तर्गत रहने, संस्कृत विश्वविद्यालयको स्थापनाका निम्ति राष्ट्रिय स्तरमा तयारी समितिको गठन हुनु पर्ने र यसले नै त्रिभुवन विश्वविद्यालयको प्रस्तावित आन्तरिक ढाँचालाईसमेत ध्यानमा राखी संस्कृत विश्वविद्यालयको ढाँचा निर्धारण गर्नुका साथै संस्कृत विश्वविद्यालय सञ्चालनको आर्थिक दायित्व श्री ५ को सरकारले बेहोर्ने कुरा प्रतिवेदन मार्फत् उठाएको थियो ।[५८]

कानून अध्ययन संस्थान

मुलुकमा आवश्यक पर्ने कानून व्यवसाय सम्बन्धी जनशक्ति तयार गर्नु यस अध्ययन संस्थानको मुख्य उद्देश्य थियो । पाँचौं योजना अवधि

---

[५७] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौं: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४६१ ।

[५८] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौं: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४० । (श्री ५ बाट २०३९ साल भाद्र १ गतेका दिन गठन गरिएको यस आयोगले २०४० साल साउन ८ गतेका दिन श्री ५ समक्ष उच्च शिक्षासम्बन्धी प्रतिवेदन पेश गरेको थियो । रणधीर सुब्बाको अध्यक्षताको आयोगमा मदनबहादुर प्रधान, जगतमोहन अधिकारी, बल्लभमणि दहाल सदस्य तथा मोहनप्रसाद लाखे सदस्य सचिव थिए । *ऐजन,* -प्रकाशकीय, पृष्ठ उल्लेख नगरिएको) ।

(२०३२-२०३७) मा यस संस्थानअन्तर्गत पूर्वी तथा पश्चिमी नेपालमा स्थापना हुने नयाँ क्याम्पसहरूमध्ये अधिकतम कार्यक्रमअन्तर्गत एउटा क्याम्पस स्थापना गर्ने तथा योजना अवधिभर प्रमाणपत्र तहमा ८०० तथा स्नातक तहमा ४०० गरी जम्मा १,२०० विद्यार्थी भर्ना गर्ने लक्ष लिइयो ।[५९]

मुलुकलाई आवश्यक कानून व्यवसायसम्बन्धी जनशक्ति उत्पादन गर्ने उद्देश्य अनुरूप संस्थानले छैठौं योजनाकाल (२०३७-२०४२) मा आधारभूत तथा उच्चस्तरीय कानूनी व्यवसायसम्बन्धी जनशक्ति उत्पादन गर्ने कार्यलाई निरन्तरता दिँदै मध्यमाञ्चल, पूर्वाञ्चलको पहाडी भेक तथा पश्चिमाञ्चलको तराई भेकमा एक/एक प्रमाणपत्र तहको तीन क्याम्पस थप गर्ने, पोखरा र राजविराजमा स्नातक तहमा स्तर वृद्धि गर्ने तथा काठमाडौंमा स्नातकोत्तर तहमा पढाइ सञ्चालन गर्नाका साथै छैठौं योजना अवधिमा प्रमाण पत्र तहका ३,६५० र स्नातक तहका १,०५० कानूनसम्बन्धी जनशक्ति उत्पादन गर्ने लक्ष लिइयो । त्यस्तै योजनाकालमा नेपाल ल क्याम्पसका लागि जमिनको व्यवस्था एवम् भवन निर्माण गर्नुका साथै पूर्वाञ्चलको पहाडी भेकमा र मध्यमाञ्चल तथा पश्चिमाञ्चलको तराई भेकमा प्रमाणपत्र तहका एक/एक शिक्षण भवन निर्माण गरिने लक्षसमेत रह्यो ।[६०]

'शाही उच्च शिक्षा आयोग २०३९' ले कानून उच्च शिक्षाको स्तरीय अध्ययन अध्यापन गराई देशका लागि आवश्यक पर्ने कानूनतर्फको जनशक्तिको पूर्ति र कानून विषयमा व्यावहारिक र प्राज्ञिक अनुसन्धानको विकाससमेत गर्न त्रिभुवन विश्वविद्यालयअन्तर्गत एउटा कानून सङ्कायको व्यवस्था गरिने तथा कानून उच्च शिक्षामा तत्कालका लागि स्नातक तह

---

[५९] श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४८९ ।

[६०] श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-१),* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०५ ।

मात्र रहने व्यवस्था गरिने भनियो । यस क्रममा सञ्चालनमा रहेका प्रमाणपत्र तह तत्कालका लागि खारेज गर्ने सिफारिस भयो । यस तहको जनशक्ति उत्पादनका लागि अन्य कुनै पनि विषय-क्षेत्रमा प्रवीणता प्रमाणपत्र (इन्टरमिडिएट) तह उत्तीर्ण व्यक्तिहरूका निम्ति एकवर्षे तालीम कार्यक्रम सञ्चालन गर्ने एवम् स्नातक तहमा भर्ना पाउनका लागि अन्य कुनै विषय क्षेत्रमा स्नातक तह उत्तीर्ण हुनुपर्ने अनिवार्यता कायम गर्नाका साथै यस कार्यक्रमको शैक्षिक अवधि कम्तीमा दुई वर्षको हुने भनियो ।

स्नातकोत्तर तह उत्तीर्ण कानून शिक्षकहरूको कमीको पूर्ति गर्न, मुलुक र समाजका निम्ति अपेक्षित कानून विशेषज्ञको बढ्दो आवश्यकताको परिपूर्ति गर्न, आवश्यक शैक्षिक-प्राज्ञिक तथा भौतिक समुचित पूर्वतयारीसमेत गरी कानून विषयको स्नातकोत्तर कार्यक्रमको सञ्चालन गर्ने नीतिगत लक्ष राखिएको कानून उच्च शिक्षा शैक्षिक र तहगत आवश्यकताअनुरूप नेपाल उन्मुखता, व्यवसायगत प्रयोगात्मक सीप र प्राज्ञिक-सैद्धान्तिक प्रखरताको प्राप्तितर्फ लक्षित रहने भयो । समग्रमा कानून उच्च शिक्षामा सैद्धान्तिक ज्ञानका साथै उल्लिखित प्रयोगात्मक ज्ञान दिने उद्देश्यले कानून विषय पढाइने क्याम्पसहरूमा कानूनको ‘लिगल क्लिनिक’ को व्यवस्था गर्नेतर्फ ध्यान दिइने योजना बनाइयो ।[६१]

ललितकला

यसका बारेमा कतै उल्लेख गरिएको पाइएन ।

व्यावहारिक विज्ञान र प्रविधि अध्ययन संस्थान

पाँचौ योजना अवधि (२०३२-२०३७) मा व्यावहारिक विज्ञान र प्रविधि अध्ययन संस्थानद्वारा सञ्चालनमा रहेका तथा सञ्चालन हुने उद्योगहरूका लागि आवश्यक जनशक्ति तयार पर्ने योजना बनाइयो । यस

---

६१ *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँः शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४६०-४६१ ।

केन्द्रले नेपालमा उत्पादन हुने वस्तुहरू र नेपालमा उपलब्ध हुने प्राकृतिक साधनहरूको प्रशोधन सम्बन्धी विषहरूमा प्रशिक्षण तथा अनुसन्धान कार्य गर्नुका साथै व्यावहारिक विज्ञान र प्रविधि सम्बन्धी तालीम प्रदान गर्ने, योजना अवधिमा केन्द्रले फुड टेक्नोलजी र ल्याव टेक्नोलजीको प्रमाणपत्र तहको तालीम कार्यलाई निरन्तरता दिने, प्राविधिक अध्ययन केन्द्र काठमाडौँको निर्माण कार्य र धरान क्याम्पसमा थप उपकरणको व्यवस्था गर्ने, योजना अवधिको अन्तसम्ममा जूट, डेरी तथा पेपर पल्प टेक्नोलजीमा प्रमाणपत्र तहको तालीम प्रदान गर्ने, योजना अवधिमा उद्योग प्रविधि सम्बन्धी ९०४ मध्यम स्तरीय जनशक्ति तयार गर्ने योजना लिएको थियो ।[६२]

अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र तहमा भौतिक विज्ञान, जीव विज्ञान तथा स्नातक र स्नातकोत्तर तहमा भौतिक विज्ञान, जीव विज्ञान, भू-विज्ञान र सामान्य विज्ञान समूहहरूमा विभाजन गरी साबिकबमोजिम सञ्चालनमा रहेका प्रमाणपत्र स्तरदेखि अनुसन्धान स्तरसम्मको अध्यापन कार्य छैठौँ योजना अवधिमा सञ्चालनमा रहने, प्रमाणपत्र तथा स्नातक तहमा सञ्चालनमा रहेको खाद्य प्रविधि र प्रयोगशाला प्रविधिका कार्यक्रमहरू पनि यथावत् सञ्चालन गरिने योजना छैटौँ योजनाकाल (२०३७-२०४२) मा रह्यो ।

यस योजना अवधिमा संस्थानका लागि बैज्ञानिक उपकरणहरूको व्यवस्था गर्नुका साथै विभिन्न सात क्याम्पसमा प्रमाणपत्र तह थप गरिने भएकाले तिनमा आवश्यक शिक्षण भवन, छात्रावास तथा शिक्षक आवास निर्माण गर्ने, सञ्चालनमा रहेका चारवटा क्याम्पसमा शिक्षण भवन तथा छात्रावासको निर्माण गर्ने तथा कीर्तिपुर क्याम्पस र महेन्द्र क्याम्पस, नेपालगञ्जमा शिक्षण भवन तथा शिक्षक आवास निर्माण गर्ने एवम् पाटन

---

[६२] श्री ५ को सरकार, *पाँचौँ योजना २०३२-२०३७*, नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४८२ ।

संयुक्त क्याम्पस र प्राकृतिक विज्ञान संग्रहालयमा जमिनको व्यवस्थापन गर्नुका साथै शिक्षण भवन र शिक्षक आवास निर्माण गर्ने योजना बनाइयो । त्यस्तै योजनाकालमा यस संस्थानअन्तर्गत विभिन्न क्याम्पसहरूबाट प्रमाणपत्र तहमा ३,९००, स्नातक तहमा १,५००, स्नातकोत्तर तहमा ७५० एवम् अनुसन्धान तहमा ३० जवान जनशक्ति उत्पादन गर्नेसमेत लक्ष लिइएको देखिन्छ ।[६३]

'पूर्णावधि मूल्याङ्कन २०३३' अनुसार विज्ञान अध्ययन संस्थानअन्तर्गत धरान क्याम्पसमा शैक्षिक सत्र २०३६-०३७ देखि खाद्य तथा प्रयोगशाला प्रविधिमा डिप्लोमा स्तरको पढाई शुरु गरिने भएको थियो । उक्त क्याम्पसमा २०३५ सालको साउने सत्रदेखि विज्ञान विषयको थप कक्षासमेत सञ्चालन गरी विद्यमान प्रमाणपत्र तहको खाद्य तथा प्रयोगशाला प्रविधिलाई चार सेमेष्टरबाट पाँच सेमेष्टर गरियो । फलस्वरूप अब उप्रान्त प्रविधिमा प्रमाणपत्र तथा स्नातक गर्न पाँच/पाँच सेमेष्टरको पढाई पूरा गर्नु पर्ने व्यवस्था गरियो । पहिले नै ४ सत्रको प्रमाणपत्र गर्नेहरूले प्रविधिमा नै स्नातक गर्न ६ सेमेष्टर पूरा गर्नु पर्ने र २०३५ सालमा चालू गरिएको ५ सत्रको प्रविधिमा प्रमाणपत्र गर्नेहरूले भने प्रविधिमा स्नातक गर्न ५ सेमेष्टरको मात्र पढाई पूरा गरे पुग्ने व्यवस्था गरियो ।[६४]

त्यस्तै २०३५ सालमा नै खाद्य प्रविधिमा राईस मिल, आयल मिल, नोडल मेशिन र पाउरोटी बनाउने प्रविधिको ज्ञान दिन थालिएको थियो । त्यस बखत यस क्याम्पसमा प्रयोगशाला प्रविधि र विशुद्ध विज्ञानका विषय लिएर १५० जना छात्रछात्राहरू अध्ययन गरिरहेका थिए भने उनीहरूलाई २३ जना शिक्षक शिक्षिकाहरूले पठन पाठन गराएका थिए ।

---

[६३] श्री ५ को सरकार, *छैठौँ योजना २०३७-२०४२ (भाग-१),* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०५-६०६ ।

[६४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-३, २०३५ साल साउन १५ गते, आइतवार, पृ.२,३ ।

सो क्याम्पसमा चिकित्साशास्त्र अध्ययन संस्थानका ६० जना छात्रछात्राहरूको प्रयोगात्मक कक्षा पनि सञ्चालनमा रहेको थियो । रु. ३६ लाखको लागतमा एक प्रयोगशाला भवन, १२ वटा शिक्षक आवास र एउटा पाहुन घर निर्माण कार्य सम्पन्न भएको थियो । २०३५ साल साउन महिनादेखि सञ्चालन भएको उक्त प्रयोगशाला भवनमा १३ वटा विभिन्न विषयका प्रयोगशाला कक्षा र शिक्षकहरूको अनुसन्धानका लागि ३ वटा साना खालका प्रयोगशाला कक्षा सञ्चालनमा रहेका थिए । उल्लेख्य के छ भने नेपालमा खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधि विषयको पढाई हुने सो एक मात्र क्याम्पस हो ।[६५]

यहाँका शिक्षकहरूले त्यस बखत धरान क्षेत्रको पानी र माटो तथा जङ्गली फलफूल तथा झारपातको विश्लेषण गर्ने काम शुरु गरेका थिए । यसका साथै सो क्याम्पसले फलफूल र सागपातको संरक्षण गर्ने विधिहरूको विभिन्न परीक्षण शुरु गरेको थियो जुन नेपालको सन्दर्भमा नौलो विषय थियो ।

विज्ञान अध्ययन संस्थान

विज्ञान अध्ययन संस्थानअन्तर्गत भौतिक विज्ञान, जीव विज्ञान, भू-विज्ञान तथा सामान्य विज्ञानलाई चार समूहमा विभाजन गरी साविकबमोजिम प्रमाणपत्र तहदेखि अनुसन्धान तहसम्मको अध्यापन कार्य सञ्चालन गरिनुका साथै जियो-केमिष्ट, जियो-फिजिक्स र जियो-लजिष्ट विषयमा उच्चस्तरीय जनशक्ति तयार गर्ने काम अधिकतम कार्यक्रमअन्तर्गत राखियो । त्यस्तै पाँचौं योजना अवधि (२०३२-२०३७) मा यस संस्थानअन्तर्गत जम्मा ८,४०० विद्यार्थी भर्ना गरिने भयो ।[६६]

---

६५ *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-२३, २०३५ साल पौष १४ गते, आइतवार, पृ.९ ।

६६ श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७*, नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४८८-८९ ।

यस अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र तहमा भौतिक विज्ञान, जीव विज्ञान तथा स्नातक र स्नातकोत्तर तहमा भौतिक विज्ञान, जीव विज्ञान, भू-विज्ञान र सामान्य विज्ञान समूहहरूमा विभाजन गरी साबिकबमोजिम सञ्चालनमा रहेका प्रमाणपत्र स्तरदेखि अनुसन्धान स्तरसम्मको अध्यापन कार्य छैठौँ योजना अवधि (२०३७-२०४२) मा सञ्चालनमा रहने, प्रमाणपत्र तथा स्नातक तहमा सञ्चालनमा रहेको खाद्य प्रविधि र प्रयोगशाला प्रविधिका कार्यक्रमहरू पनि यथावत् सञ्चालन गरिने योजना रह्यो ।

यस योजना अवधिमा संस्थानका लागि बैज्ञानिक उपकरणहरूको व्यवस्था गर्नुका साथै विभिन्न सात क्याम्पसमा प्रमाणपत्र तह थप गरिने भएकाले तिनमा आवश्यक शिक्षण भवन, छात्रावास तथा शिक्षक आवास निर्माण गर्ने, सञ्चालनमा रहेका चारवटा क्याम्पसमा शिक्षण भवन तथा छात्रावासको निर्माण गर्ने तथा कीर्तिपुर क्याम्पस र महेन्द्र क्याम्पस, नेपालगञ्जमा शिक्षण भवन तथा शिक्षक आवास निर्माण गर्ने एवम् पाटन संयुक्त क्याम्पस र प्राकृतिक विज्ञान संग्रहालयमा जमिनको व्यवस्थापन गर्नुका साथै शिक्षण भवन र शिक्षक आवास निर्माण गर्ने योजना बनाइयो । त्यस्तै योजनाकालमा यस संस्थानअन्तर्गत विभिन्न क्याम्पसहरूबाट प्रमाणपत्र तहमा ३,९००, स्नातक तहमा १,५००, स्नातकोत्तर तहमा ७५० एवम् अनुसन्धान तहमा ३० जवान जनशक्ति उत्पादन गर्नेसमेत लक्ष लिइएको देखिन्छ ।[६७]

विज्ञान शिक्षाको सन्दर्भ हेर्दा २०१३ साल असोज महिनामा तत्कालीन अमृत कलेजको स्थापना हुनु भन्दा पहिले नेपाल अधिराज्यमा त्रिचन्द्र कलेजमा मात्र विज्ञानको पठन पाठन गराइन्थ्यो । २०३४ सालमा देशको विभिन्न भागहरूमा अविस्थत ११ वटा क्याम्पसहरूमा विज्ञान

[६७] श्री ५ को सरकार, *छैठौँ योजना २०३७-२०४२ (भाग-१),* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०५-६०६ ।

विषयमा विभिन्न तह तथा विषयहरूको पढाई सञ्चालन हुँदै आएको थियो ।

त्यस बखत विज्ञानको प्रमाणपत्र तहमा मूलभूत विज्ञानको विषयहरूमा भौतिक र जीव गरी दुई समूहको पढाई सञ्चालन गरिएको थियो । यस क्रममा प्रमाणपत्र तहको पढाई सुदूर पश्चिमाञ्चल क्षेत्रको नेपालगञ्ज स्थित महेन्द्र क्याम्पसमा, महेन्द्रनगर स्थित सिद्धनाथ विज्ञान क्याम्पसमा तथा पश्चिमाञ्चल क्षेत्रको पोखरा स्थित पृथ्वीनारायण क्याम्पसमा हुन्थयो । त्यस्तै मध्यमाञ्चल क्षेत्रको काठमाडौं उपत्यकामा त्रिचन्द्र क्याम्पस, अमृत क्याम्पस तथा पाटन क्याम्पसमा र वीरगञ्ज स्थित ठाकुरराम क्याम्पस तथा जनकपुर स्थित रामस्वरूप रामसागर क्याम्पस समेत गरी जम्मा ५ वटा क्याम्पसहरूमा सञ्चालन गरिएको थियो । पूर्वाञ्चल क्षेत्रको विराटनगर स्थित महेन्द्र मोरङ क्याम्पसमासमेत गरी उपत्यका स्थित ३ वटा र उपत्यका बाहिर ६ गरी जम्मा ९ क्याम्पसहरूमा प्रमाणपत्र तहको पठन पाठन गराइएको थियो । २०३४ सालमा यी ९ वटै क्याम्पसहरूमा जम्मा १,४२७ विद्यार्थी अध्ययन गरिरहेका थिए जसमध्ये सुदूर पश्चिमाञ्चल क्षेत्रमा ११६, पश्चिमाञ्चाल क्षेत्रमा १०९, मध्यमाञ्चाल क्षेत्रमा १०४१ र पूर्वाञ्चल क्षेत्रमा १६१ विद्यार्थीहरू अध्ययनरत रहेको देखिन्छ ।

त्यस्तै स्नातक तहमा विज्ञानको आधारभूत विषयको पठन पाठन भने त्रिचन्द्र क्याम्पस, अमृत साइन्स क्याम्पस र महेन्द्र मोरङ आदर्श क्याम्पस गरी जम्मा ३ क्याम्पसहरूमा सञ्चालन भयो । यसका अतिरिक्त त्रिचन्द्र क्याम्पसमा जलवायु विज्ञान, भूगर्भशास्त्र तथा तथ्याङ्कशास्त्र जस्ता व्यावहारिक विज्ञान विषयहरूसमेतको पढाई सञ्चालन गरिँदै आएको थियो । मुलुकमा विज्ञान शिक्षकहरूको कमिलाई महसूस गर्दै पोखरा स्थित पृथ्वीनारायण क्याम्पसमा विज्ञानको शिक्षक हुन उपयुक्त किसिमको साधारण विज्ञानको पढाई पनि सञ्चालन गरिएको थियो । २०३४ सालमा स्नातक तहमा जम्मा ५१३ विद्यार्थीहरू अध्ययन रहेका थिए जसमध्ये

काठमाडौँका क्याम्पसहरूमा ४६१ र बाँकी ५२ जना विराटनगर क्याम्पसका थिए ।

स्नातकोत्तर तहमा विज्ञानका सबैजसो आधारभूत विषयहरूमा काठमाडौँ उपत्यका स्थित कीर्तिपुर केन्द्रीय क्याम्पसमा पढाई सञ्चालन गरिएको थियो । मुलुकको विकासका लागि आवश्यक पर्ने विभिन्न जनशक्तिलाई ध्यानमा राखी स्नातकोत्तर तहको पढाईमा केही विषय जस्तै त्रिचन्द्र क्याम्पसमा भूगर्भशास्त्र र कीर्तिपुर क्याम्पसमा वायुमण्डलीय भौतिक शास्त्रको पढाई सञ्चालन हुँदै गरेको थियो । त्यस बखत स्नातकोत्तर तहमा जम्मा १९३ विद्यार्थीहरू अध्ययनरत थिए ।[६८]

मुलुकको आधुनिकीकरण र विकासका क्रममा अपेक्षित दक्ष वैज्ञानिक जनशक्तिको उत्पादनका साथै विज्ञानका विभिन्न क्षेत्रमा प्राज्ञिक र प्रयोगात्मक कार्य गरी वैज्ञानिक चेतना र प्रखरताको सिर्जना र संवर्द्धनतर्फ लक्षित शैक्षिक-प्राज्ञिक निकायका रूपमा विज्ञान सङ्कायलाई विकसित गराउने नीतिगत लक्ष राख्दै विज्ञान उच्च शिक्षामा खासगरी पूर्वस्नातक, स्नातक, स्नातकोत्तर र अनुसन्धान तहका कार्यक्रम सञ्चालगन गरिने, प्राविधिकतर्फका शैक्षिक कार्यक्रम पनि विज्ञान सङ्कायअन्तर्गत नै सञ्चालित हुने, विज्ञानको पूर्वस्नातक तहमा प्रवेशका निम्ति एस.एल.सी.मा अङ्ग्रेजी, विज्ञान र इच्छाधीन गणित विषय लिएको हुनु पर्ने साथै एस.एल.सी.मा प्राप्त कूल प्राप्ताङ्कलाई पनि समुचित भार दिइने कुरा 'शाही उच्च शिक्षा आयोग २०३९' को प्रतिवेदनमा उल्लेख गरियो ।

मुलुकको विज्ञान उच्च शिक्षामा अद्यावधिक प्रवृत्तिहरूलाईसमेत समावेश गरी प्रखरता र गुणस्तरको स्थापना गर्ने क्रममा विद्यमान विज्ञान उच्च शिक्षाको समुच्चा तहगत अवधि अपर्याप्त देखिएकाले विद्यालय

[६८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-२६, २०३४ साल माघ २३ गते, आइतवार, पृ.४ ।

तहमा विज्ञान र गणित शिक्षाको आवश्यक सुदृढीकरणका सम्भावना र उपायहरूबारे अध्ययन हुनु पर्ने, उच्च शिक्षामा समुच्च तहगत अवधि बढाउने सम्भाव्यता र तरिकाबारे अधययन हुनुपर्ने, ३ वर्षे अनर्स (सम्मान) सहित स्नातक कार्यक्रमको अतिरिक्त व्यवस्था गरी सो उत्तीर्ण भएका विद्यार्थीहरूलाई स्नातकोत्तर तहमा प्राथमिकता दिने तथा देशका विभिन्न भेगमा विज्ञानका क्याम्पसहरूको विस्तार गर्ने लक्ष लिइने र भएका विज्ञानका क्याम्पसहरूमा पनि प्रयोगशालाको विस्तार तथा शैक्षिक सुदृढीकरण गरिनुका साथै नयाँ क्याम्पसहरूको विस्तार गर्दा छात्रसंख्या, स्थानीय अवस्थिति र शैक्षिक-भौतिक पूर्वाधारको राम्रो प्रबन्ध मिलाएर मात्र गर्ने कुरामा ध्यान दिइने भयो ।

विज्ञानका विशेष प्रतिभाशाली र अनुसन्धानरत शिक्षकहरूलाई उनीहरूको अनुसन्धान कार्यमा ठोस वैज्ञानिक योगदान गर्न प्रेरणाप्रद वातावरण तयार गर्न आवश्यक विशेष सुविधा-सहुलियतसमेत दिने नीति लिइनुका साथै विज्ञान सङ्कायअन्तर्गत प्राज्ञिक र नेपालमूलकसमेत प्रयोगिक अनुसन्धान आयोजनाको क्रमिक अभिवृद्धि गर्दै जाने र त्यस क्रममा अपेक्षित प्रयोगशालाहरूको पनि विकास गर्ने नीति लिइने भयो ।

सामान्य विज्ञानको जानकारी साधारण जनतालाई दिने उद्देश्यले विज्ञान सङ्ग्रहालयको स्थापना गरिने, प्राज्ञिक, प्राविधिक र राष्ट्रिय महत्त्वसमेतलाई दृष्टिगत गरी विज्ञान उच्च शिक्षामा पनि प्राविधिक सरह राष्ट्रिय लागानी गरिने, नेपालको विकासमा विज्ञान र प्रविधिले खेल्नु पर्ने वृहत् भूमिकालाई दृष्टिगत गर्दा भाविष्यमा श्री ५ को सरकारले छुट्टै विज्ञान र प्रविधि मन्त्रालयको स्थापना गर्नु वाञ्छनीय हुने कुरालाई उठाइयो । त्यस्तै प्रतिवेदनमा प्रविधि शिक्षणको सम्बन्धमा विज्ञानका साथै प्रविधिको उच्च शिक्षा दिइने धरानको हात्तीसार क्याम्पसलाई नमूना क्याम्पसका रूपमा विकसित गरिनाका सथै यस केन्द्रमा राष्ट्रिय स्थायी र सामयिक आवश्यकताअनुसार फुड टेक्नोलजीलगायत अन्य विविध उपयोगी प्रविधिबारे पनि अध्ययन, अध्यापन तथा प्रशिक्षणका साथै

अनुसन्धान कार्यक्रमहरू सञ्चालित गर्ने लक्ष राखिने, यस नमूना क्याम्पसलाई पूर्वाञ्चल क्षेत्रको उद्योगहरूका लागि प्रविधि केन्द्रको हैसियतले सेवा पुऱ्याउने लक्षतर्फ पनि उन्मुख गराइने तथा यस क्याम्पसमा देखा परेको शिक्षक कमीको परिपूर्ति गर्न विशेष सुविधा-सहुलियतसमेत दिई शिक्षकहरूलाई आकर्षित गर्दै विज्ञान शिक्षकहरूलाई प्रविधि शिक्षणको तालीम दिने व्यवस्थासमेत गरिने भयो।[६९]

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान

कृषि विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने कृषि प्राविधिकहरू तयार गर्ने उद्देश्यका साथ सञ्चालनमा रहेको 'कृषि तथा पशु विज्ञान अध्ययन संस्थान' ले कृषि विषयमा प्रमाणपत्र तहको र कृषि शिक्षामा डिप्लोमा तहको प्रशिक्षण सञ्चालन गर्दै आएको सन्दर्भमा पाँचौं योजना अवधि (२०३२-२०३७) मा कृषि विषयमा प्रमाणपत्र तथा डिप्लोमा तहको पढाइ सञ्चालन गर्ने, कृषितर्फ डिप्लोमा स्तर र सेवाकालीन कृषि तालीम कार्यक्रम यथावत् चालु राख्दै केही अनुसन्धान कार्यहरूसमेत गर्ने, लमुजङ, खुमलटार, त्रिपुरेश्वर, परवानीपुर तथा आठराइमा एक/एक वर्षे आधारभूत कोर्ष सञ्चालन गर्ने तथा समग्रमा योजनाको अन्त्यसम्म उच्चस्तरीय ३९६, मध्यमस्तरीय ६३८ तथा निम्नस्तरीय १०९३ कृषि प्राविधिकहरू उपलब्ध गराउने उद्देश्य लिइयो। त्यस्तै खुमलटार, आठराई, नेपालगञ्ज, परवानीपुर, जनकपुर, लमजुङ्ग तथा त्रिपुरेश्वर क्याम्पसका लागि भवन तथा छात्रावास निर्माण गरिने भयो।[७०]

संस्थानले प्रमाणपत्र तथा स्नातक तहमा प्रशिक्षण सञ्चालन गर्दै आएकोमा छैठौं योजना अवधि (२०३७-२०४२) मा कृषि विषयमा

---

[६९] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँः शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४५५-४५७।

[७०] श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४७८।

प्रमाणपत्र, डिप्लोमा तथा स्नातकोत्तर तहको पढाइ सञ्चालन गर्ने, योजना अवधिभरमा सुदूर पश्चिमाञ्चल र पूर्वाञ्चलमा नयाँ क्याम्पस स्थापना गरी प्रमाणपत्र तहको आधारभूत कोर्स सञ्चालन गर्ने, योजनाकालको दोस्रो वर्षमा बाग्लुङमा फलोद्यान क्याम्पस स्थापना गर्ने, योजनाकालमा देशका विभिन्न क्षेत्रका कृषकहरूलाई वागवानी र तरकारी खेतीमा तालीम दिने, कृषकहरूलाई बीज उत्पादन प्रविधिको ज्ञान दिने, कृषि प्रसार कार्य गर्ने, पशु पालनतर्फ कृषकहरूलाई छोटो अवधिको तालीम दिनाका साथै योजनाकालमा प्रमाणपत्र तहमा ४,८३२, स्नातकमा ४०७ र स्नातकोत्तर तहमा १८ कृषि प्राविधिकहरू उपलब्ध हुने अनुमान गरिएको देखिन्छ ।

यस संस्थानअन्तर्गतका विभिन्न क्याम्पसहरूको भौतिक सुविधा वृद्धि गर्नेतर्फ पनि कार्यक्रम राखिएको थियो । यस क्रममा रामपुर क्याम्पसमा आवश्यकताअनुसार अन्य निर्माण गरिने, लमजुङ तथा पक्लिहवा क्याम्पसका लागि जमिन खरिद गर्ने, बाग्लुङ क्याम्पस, पूर्वाञ्चल र सुदूर पश्चिमाञ्चलमा प्रस्तावित क्याम्पसहरूका लागि जमिन खरिद गरी भवन निर्माणसम्बन्धी कार्य गर्नाका साथै संस्थानका लागि वैज्ञानिक उपकरण तथा फर्निचरको पनि व्यवस्था गरिने योजना बनाइयो ।[७१]

कृषि क्षेत्रमा अपेक्षित दक्ष जनशक्तिको उत्पादन तथा कृषि-प्रसारलगायत ठोस अनुसन्धानात्मक कार्य गर्न सक्षम शैक्षिक-प्राज्ञिक निकायका रूपमा कृषि अध्ययन संस्थानलाई विकसित गराउने तथा कृषि अध्ययन संस्थानले तत्कालका लागि प्रमाणपत्र र स्नातक तहको शैक्षिक दक्ष जनशक्ति उत्पादन गर्ने 'शाही उच्च शिक्षा आयोग २०३९' को योजना रह्यो । त्यस्तै अब जे.टी.ए. तालीमलाई विश्वविद्यालयको शैक्षिक तहका रूपमा नराखी विशेष किसिमको तालीमको रूप दिइने भयो भने मुलुकको कृषि विकासका क्रममा श्री ५ को सरकारलाई आवश्यक हुने जनशक्ति

---

[७१] श्री ५ को सरकार, *छैठौँ योजना २०३७-२०४२ (भाग-१),* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०२-६०३ ।

आवश्यकताअनुरूप जे.टी.ए.तालीमको व्यवस्था गरिने सुझाव दिइयो । तत्कालका लागि रामपुर क्याम्पसलाई स्नातक तह र अनुसन्धान कार्यमा केन्द्रित गरी यसलाई प्रमुख केन्द्रका रूपमा विकसित गर्ने तथा भविष्यमा त्यहाँ स्नातकोत्तर कार्यक्रमकोसमेत सञ्चालन गर्ने नीतिगत लक्ष लिइयो ।

कृषि तथा पशुविज्ञान अध्ययन संस्थानका प्रमाणपत्र तहमा भर्नाका निम्ति एस.एल.सी.तहलाई पूर्वयोग्यताका रूपमा लिइने र स्नातक तहका विद्यार्थी भर्नामा चाहिँ कृषि प्रमाणपत्र र विज्ञान पूर्वस्नातक दुवैलाई पूर्वयोग्यताका रूपमा स्वीकारिनुका साथै यस अध्ययन संस्थानको शैक्षिक-प्राज्ञिक कार्यक्रममा पशुविज्ञान र तत्सम्बन्धी विशिष्टीकरणलाई पनि उचित प्राथमिकता दिइने, त्यस्तै कृषि इञ्जिनीयरिङ्ग, बागवानी, मत्स्यपालन, गृहविज्ञान, खाद्य पदार्थ, दुग्ध विकास आदि विषयगत विविधीकरण र विशिष्टीकरणतर्फ पनि यस अध्ययन संस्थानबाट उचित ध्यान दिइने एवम् शिक्षणका अतिरिक्त अनुसन्धान तथा कृषि प्रसार कार्यमा यस अध्ययन संस्थानको संलग्नता अनिवार्य गराइने भयो ।[७२]

वन विज्ञान अध्ययन संस्थान

वन विज्ञान अध्ययन संस्थानले वनसम्बन्धी आयोजना सञ्चालन गर्नाका साथै आवश्यक प्राविधिकहरू तयार गर्नुका साथै अनुसन्धान कार्य सञ्चालन गर्दै आइरहेको सन्दर्भमा पाँचौं योजना अवधि (२०३२-२०३७) मा रेञ्जर तथा फरेष्टर तालीम कार्यक्रममा विद्यार्थी भर्ना संख्या वृद्धि गर्ने, डिप्लोमा तहको पढाइ सञ्चालन गर्ने, माटो, जल तथा जीवजन्तु संरक्षण सम्बन्धी अनुसन्धान कार्यलाई निरन्तरता दिने, धनकुटा र सुर्खेतमा वनसम्बन्धी क्याम्पस स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने, केन्द्रीय क्याम्पस हेटौंडामा सञ्चालनमा रहेको छात्रावास भवन निर्माण कार्य पूरा गर्नाका साथै भण्डार, कक्षा कोठा, प्रयोगशाला तथा पुस्तकालय

---

[७२] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन*, काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४४६-४४७।

भवनसमेतको निर्माण गर्ने तथा पाँचौं योजनाकालमा संस्थानले उच्चस्तरीय १५ तथा मध्यमस्तरीय ८२२ वन प्राविधिकहरू उत्पादन गर्ने लक्ष लिएको थियो ।[७३]

संस्थानबाट वन तथा वन्यजन्तु संरक्षण, सम्बर्द्धन, सुव्यवस्था तथा विकासका निम्ति आवश्यक मध्यमस्तरीय दक्ष जनशक्तिको खाँचो पूरा गर्दै आएकोमा आर्थिक वर्ष २०३४/०३५ देखि भू तथा जल संरक्षणका लागि अवाश्यक मध्यमस्तरीय जनशक्ति उत्पादन पनि गरिँदै आएको थियो । यसै सन्दर्भमा दैनिक आवश्यकता पूर्तिदेखि बाढी, पैरो, भूक्षय, नदीकटान आदिबाट धनजनलाई जोगाउन वन्यजीवजन्तु तथा भूसंरक्षण सदुपययोग, नदी नियन्त्रण, जलाधार संरक्षणतर्फ लगानी बढाउनुका साथै प्रतिवर्ष बढ्दै गएका यस्ता आयोजनाको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने मध्यम तथा उच्चस्तरीय जनशक्ति पूर्ति गर्ने यस अध्ययन संस्थानको मूल उद्देश्य रहेको परिप्रेक्ष्यमा छैठौं योजना अवधि (२०३७-२०४२) मा हेटौडा क्याम्पसमा सञ्चालित प्रमाणपत्र तहको वन विज्ञान र भू तथा जल संरक्षण विषय चालू राख्ने, पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पोखरा क्याम्पसमा पढाई चालू गर्ने, वन विज्ञानका कर्मचारीहरूको गुणात्मक स्तर वृद्धिका लागि योजना अवधिमा विभागीय तालीमको थालनी गर्ने, सागरनाथ प्रोजेक्टअन्तर्गत कर्मचारीहरूलाई पनि तालीम दिनाका साथै माटो, जल संरक्षण, जीवजन्तु संरक्षणसम्बन्धी अनुसन्धान कार्य चालू राख्दै योजना अवधिमा प्रमाणपत्र स्तरका ८२५, स्नातक स्तरका ७० जवान वन प्राविधिक तथा १६० जनालाई विभागीय फरेष्ट तालीम दिने योजना बनाइयो । संस्थानअन्तर्गत भौतिक संरचनातर्फ योजनाकालमा हेटौँडा, खैरेनीटार तथा बुटवलमा भवन निर्माण तथा फर्निचरको व्यवस्था मिलाइने भयो ।[७४]

---

७३ श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४८० ।

७४ श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-1),* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०४ ।

नेपालको प्राकृतिक स्रोत र वातावरणलगायत वन सम्पदाको सुनियोजित संरक्षण र पुनर्विकाससमेतका निम्ति आवश्यक दक्ष प्राविधिक जनशक्तिको उत्पादन गर्न र राष्ट्रिय परिप्रेक्ष्यमा वनविज्ञानका विभिन्न विषय-क्षेत्रमा अनुसन्धान कार्यसमेत गर्न सक्षम शैक्षिक-प्राज्ञिक निकायका रूपमा वनविज्ञान अध्ययन संस्थानलाई विकसित गराउने नीति अँगालिने आयोगले नीति लिएको थियो । संस्थानले तत्कालका लागि उच्च शिक्षातर्फ प्रमाणपत्र तथा स्नातक (यस तहको शिक्षण अविध कम्तिमा ३ वर्षको हुने) तहको दक्ष जनशक्तिको उत्पादन गर्ने, राष्ट्रिय आवश्यकताको पूर्तिका निम्ति अपेक्षित अल्पकालीन तालीमहरूको सञ्चालन गर्न सक्ने जस्ता विषय 'शाही उच्च शिक्षा आयोग २०३९' ले सिफारिस गरेको थियो ।

वनविज्ञान प्रमाणपत्र तहमा भर्नाका निम्ति एस.एल.सी. तहलाई पूर्वयोग्यताका रूपमा लिइयो । भर्नाका क्रममा पछि गएर मुलुकका विभिन्न क्षेत्रका वन कार्यकर्ताका रूपमा काम गर्ने अभिवृद्धि भएका शिक्षार्थीहरूको छनौट गर्ने अभिप्रायले मुलुकका विभिन्न विकास क्षेत्रमा नै निर्धारित आधार र प्रक्रियाअनुरूप विद्यार्थी छनोट गर्ने नीति अँगाल्नु उपयुक्त हुने भनियो । त्यस्तै वनविज्ञानका स्नातक तहमा सामान्य विज्ञानको स्नातक तह र वनविज्ञान प्रमाणपत्र तह उत्तीर्ण व्यक्तिहरूलाई भर्ना लिई अलग अलग अवधिमा उनीहरूको वनविज्ञान स्नातक कार्यक्रम पूरा गरिने तत्कालीन व्यवस्थालाई खारेज गरी सामान्य विज्ञान पूर्वस्नातक तह उत्तीर्ण भएका र वनविज्ञान प्रमाणपत्र तह उत्तीर्ण भई सम्बन्धित कार्यक्षेत्रमा सेवारत रहेकाहरूलाई समान रूपमा वनविज्ञानका स्नातक तहको प्रवेश परीक्षामा भाग लिन पाउने अवसर दिइने तथा सो प्रवेश परीक्षाका आधारमा स्नातक तहमा भर्ना लिइने व्यवस्था गरिने भयो ।

वनविज्ञान अध्ययन संस्थानका शैक्षिक कार्यक्रममा भू तथा जलाधार संरक्षणलगायत विषयगत विशिष्टीकरणहरूको सुदृढिकरणका साथै राष्ट्रिय आवश्यकताअनुरूप वन्यजन्तु संरक्षण, वातावरण विज्ञान

जस्ता विभिन्न विशिष्टीकरणहरूका नयाँ क्षेत्रहरूको पनि क्रमिक विकास गर्ने नीतिगत लक्ष राखियो ।[७५]

इञ्जिनीयरिङ्ग अध्ययन संस्थान

इञ्जिनीयरिङ्ग अध्ययन संस्थानले इञ्जिनीयरिङ्ग तथा सम्बद्ध विषयहरूमा मध्यम तथा निम्न स्तरका प्राविधिक जनशक्ति उत्पादन गर्दै आएको सन्दर्भमा पाँचौं योजना अवधि (२०३२-२०३७) मा संस्थानको केन्द्रीय क्याम्पसमा सिभिल, इलेक्ट्रीकल, मेकानिकल, इञ्जिनीयरिङ्ग, सर्भेयर, ड्राफ्टसम्यान, इलेक्ट्रोनिक्स आदि विषयहरूमा प्रमाणपत्रहरूको प्रशिक्षण प्रदान गर्ने, मन्त्रालय, विभाग, संस्थान र निजी उद्योगबाट माग भएअनुसार मेकानिक्स, डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रीसियन आदिको छोटो अवधिको कालिगढ तालीम सञ्चालन गर्ने, इञ्जिनीयरिङ्ग क्षेत्रमा आवश्यक उच्च स्तरीय प्राविधिक जनशक्ति देशभित्रै उत्पादन गर्न योजना अवधिमा सिभिल इञ्जिनीयरिङ्ग विषयहरूमा डिप्लोमा स्तरको पढाइ सञ्चालन गर्ने जस्ता योजना बनाइयो । यस योजना अवधिमा व्यावहारिक विज्ञान र प्रविधि अध्ययन संस्थानअन्तर्गत रहेका थापाथली, बालाजु तथा विराटनगर क्याम्पसहरूलाई संस्थानअन्तर्गत ल्याउने, थापाथली क्याम्पसमा मेकानिक्स, अटोमेकानिक्स र इलेक्ट्रीसियन विषयमा र बालाजु तथा विराटनगर क्याम्पसहरूमा मेकानिक्स, अटोमेकानिक्स र इलेकट्रीसियन विषयमा बालाजु तथा विराटनगर क्याम्पसहरूमा मेकानिक्स र ओभरसियरको प्रशिक्षण प्रदान गर्ने, योजना अवधिमा धनकुटा, पोखरा र सुर्खेतमा बिजुली, प्लम्बिङ्ग, सिकर्मी जस्ता विषयहरूमा प्रशिक्षण प्रदान गर्न एक/एक वटा नयाँ क्याम्पस स्थापना गर्ने तथा योजनाको अन्त्यतिर यी क्याम्पसहरूमा सिभिल ओभरसियरको प्रमाणपत्र तहको तालीम सुरु गर्ने योजना बनाइयो । फलस्वरूप पाँचौं योजना अवधिमा यस संस्थानअन्तर्गतका विभिन्न क्याम्पसहरूबाट उच्चस्तरीय (डिप्लोमा-सिभिल

[७५] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौं: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४४९-४५० ।

इञ्जिनीयरिङ्ग) ६० जना, मध्यमस्तरीय (प्रमाणपत्र तह) २,८९७ र निम्न स्तरका (डकर्मी, सिकर्मी, मेकानिक्सलगायत) ३,९३० प्राविधिक जनशक्ति उत्पादन गर्ने योजना रह्यो । यसका अतिरिक्त योजना अवधिमा विभिन्न क्याम्पसका लागि भवन, वर्कसप, छात्रावास निर्माण एवम् आवश्यक उपकरणहरूको व्यवस्था गरिने भयो ।[७६]

संस्थानले इञ्जिनीयरिङ्ग तथा सम्बन्धित विषयहरूमा मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्दै आएको सन्दर्भमा छैठौं योजना अवधि (२०३७-२०४२) मा केन्द्रीय क्याम्पसमा सिभिल इञ्जिनीयरिङ्ग, इलेक्ट्रिकल इञ्जिनीयरिङ्ग, मेकानिकल इञ्जिनीयरिङ्ग, ड्राफ्टम्यान र इलेक्ट्रोनिक्स आदि विषयहरूमा प्रमाणपत्र तहको तथा सिभिल इञ्जिनीयरिङ्गमा डिप्लोमा तहको प्रशिक्षण प्रदान गर्ने कार्य चालु राख्ने योजना बनाइयो । यस योजना अवधिमा इलेक्ट्रीकल, इलेक्ट्रोनिक्स र आर्किटेक्चरमा डिप्लोमा तह खोल्ने, पूर्वाञ्चल विकास क्षेत्रका लागि इञ्जिनीयरिङ्ग प्राविधिक जनशक्ति तयार गर्न धरानमा पूर्वाञ्चल क्याम्पस स्थापना गर्ने योजनासमेत लिएको थियो । छैठौं योजना अवधिमा पूर्वाञ्चल क्याम्पसमा मध्य तथा निम्नस्तरको प्रशिक्षण कार्यक्रम थालनी गर्ने लक्ष लिइयो । त्यस्तै पश्चिमाञ्चल विकास क्षेत्रका लागि प्राविधिक जनशक्ति तयार गर्न पोखरामा पश्चिमाञ्चल क्याम्पस योजना थालनि गर्ने जसबाट योजना अवधिमा इञ्जिनीयरिङ्ग अध्ययन संस्थान अन्तर्गतका विभिन्न क्याम्पसहरूबाट निम्नस्तरका १३८, मध्यमस्तरका २,३९९ र स्नातक स्तरका २४१ जवान प्राविधिक जनशक्ति उत्पादन गरिने सरकारी लक्ष रह्यो ।[७७]

---

[७६] श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४७३-७५ ।

[७७] श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-१),* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०२-६०३ ।

इञ्जिनीयरिङ्ग अध्ययन संस्थानाका सम्बन्धमा 'शाही उच्च शिक्षा आयोग' लेसमेत विशेष ध्यान दिएको थियो । आयोगले देशका निम्ति आवश्यक दक्ष इञ्जिनीयरिङ्ग जनशक्तिको उत्पादन गर्नका साथै इञ्जिनीयरिङ्गका विभिन्न विषयमा अनुसन्धानात्मक कार्य गर्न र मुलुकको विकासका क्रममा अपेक्षित हुने प्रविधिगत प्रवर्तन र प्रवर्द्धनका लागि सक्षम शैक्षिक प्राज्ञिक निकायका रूपमा इञ्जिनीयरिङ्ग अध्ययन संस्थानलाई विकसित गर्ने, गराउने नीति अँगाल्ने, आउँदा केही वर्षसम्म इञ्जिनीयरिङ्ग व्यवसायमा अपेक्षित ट्रेड्सम्यान, टेक्निसियन र इञ्जिनीयरिङ्ग तीनवटै तहका जनशक्ति उत्पादनमा यो अध्ययन संस्थान संलग्न रहने तथा इञ्जिनीयरिङ्ग अध्ययन संस्थानले उच्च शिक्षातर्फ तत्कालका लागि प्रमाणपत्र (टेक्निसियन) तथा स्नातक (इञ्जिनीयर) दक्ष जनशक्तिको उत्पादन गर्ने सिफारिस गरेको थियो ।

त्यस्तै यसले तत्कालका लागि एस.एल.सी.मुनिको ट्रेड्सम्यान (कालिगढ) तालीम पनि दिने, भविष्यमा इञ्जिनीयरिङ्गको स्नातकोत्तर कार्यक्रमको सञ्चालन गर्ने नीतिगत लक्ष रहने, भविष्यमा स्नातक र स्नातकोत्तर तहमा मात्र केन्द्रीत हुने । त्यस अवस्थामा तत्कालको प्रमाणपत्र तहका प्राविधिक कार्यकर्ता तालीम कार्यक्रम राष्ट्रिय स्तरको प्राविधिक शिक्षा परिषद् (बोर्ड अफ टेक्निकल एजुकेसन) जस्तो संस्थाको सिर्जना गरी सो संस्थाअन्तर्गत र हालको एस.एल.सी.मुनिको ट्रेड तालीम कार्यक्रम चाहिँ राष्ट्रिय स्तरको 'बोर्ड अफ ट्रेड एन्ड भोकेसनल ट्रेनिङ' जस्तो संस्था खडा गरी सो संस्थाअन्तर्गत व्यवस्थित गर्नु पर्ने, प्रमाणपत्र तहमा भर्नाका निम्ति एस.एल.सी.तहलाई पूर्वयोग्यताका रूपमा लिइने तथा स्नातक तहमा भर्नाका निम्ति विज्ञान प्रमाणपत्र तह उत्तीर्ण भएका र इञ्जिनीयरिङ्ग प्रमाणपत्र तहमा उत्तीर्ण भई सम्बन्धित सेवा क्षेत्रमा कार्यरत रहेकाहरूलाई प्रवेश परीक्षामा समान रूपमा भाग लिनपाउने अवसर दिइने व्यवस्था गर्नु पर्ने ठहर गरेको थियो ।[७८]

---

[७८] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँः शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४४८-४४९ ।

त्यसो त 'पूर्णावधि मूल्याङ्कन २०३३' मा त्रिभुवन विश्वविद्यालय इञ्जिनीयरिङ्ग अध्ययन संस्थानअन्तर्गत पुल्चोक क्याम्पसमा २०३८ सालको शैक्षिक सत्रदेखि शुरु गरिने डिप्लोमा तहको सिभिल इञ्जिनीयरिङ्गमा २५६ जनाले प्रवेश परीक्षा दिएकोमा सो वर्ष जम्मा २४ जनालाई भर्ना लिइने भएको थियो । प्रवेश परीक्षामा सम्मिलित हुन सो अध्ययन संस्थानबाट प्रमाणपत्र वा सो सरहको तह पूरा गरी एक वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको हुनु पर्ने प्रावधान राखियो ।

सिभिल इञ्जिनीयरिङ्ग डिप्लोमा तहको उक्त तीनवर्षे कार्यक्रमको पहिलो दुई सत्रमा भौतिकशास्त्र, रसायनशास्त्र, ड्रइङ, निर्माण जस्ता इञ्जिनीयरिङ्गका आधारभूत विषयहरू पढाइने र त्यसपछिका अन्य सत्रमा इञ्जिनीयरिङ्गअन्तर्गतका साधारण विषयहरू पढाइने व्यवस्था थियो ।

भौतिक सुविधाको अभावमा तत्कालका लागि २४ जनालाई मात्र भर्ना लिइने र उक्त सुविधा उपलब्ध भएपछि प्रति शैक्षिक वर्ष १४४ जना विद्यार्थी लिने योजना बनाइयो । उक्त कार्यक्रममा खर्च हुने ७७ लाख डलरमध्ये ५७ लाख विश्वबैंकको ऋण सहयोग, १७ लाख संयुक्त अधिराज्यको समुद्रपार विकास मन्त्रालयबाट प्राविधिक सहयोगको रूपमा उपलब्ध गराउने र बाँकी रकम श्री ५ को सरकारले बेहोर्ने भएको थियो ।

सिभिल इञ्जिनीयरिङ्ग डिप्लोमाको पाठ्यक्रम निर्माण गर्न स्कट्ल्यैण्डको पैस्ले कलेज अफ टेक्नोलजीबाट आएको १२ सदस्यीय एक टोलीले उक्त कार्यक्रमका लागि पाठ्यक्रम तयार गर्न निकै सहयोग पुऱ्याएको थियो ।[७९]

---

[७९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१४, अङ्क-९, २०३८ साल भदौ २१ गते, आइतवार, पृ.१,२ ।

चिकित्साशास्त्र अध्ययन संस्थान

स्वास्थ्य सेवा विस्तार कार्यक्रमलाई आवश्यक पर्ने विभिन्न स्तरका स्वास्थ्य प्राविधिज्ञ तयार गर्नु चिकित्साशास्त्र अध्ययन संस्थानको उद्देश्य लिइयो । यस संस्थानअन्तर्गत सञ्चालनमा रहेका नर्स, अ.न.मि., अ.हे.ब., रेडियोग्राफर, ल्याबटेक्नीसियन, आयुर्वेद आदि मध्यम तथा निम्न स्तरका स्वास्थ्य प्राविधिकहरूको तालीम कार्यक्रम पाँचौं योजना (२०३२-२०३७) मा पनि सञ्चालन गर्ने, आर्थिक वर्ष २०३६/०३७ देखि आयुर्वेद क्याम्पसमा स्नातक तहको प्रशिक्षण गर्ने, प्रोफेसनल स्टाफ नर्सका लागि एक वर्षे पोष्टबेसिक विशेषज्ञ प्रमाणपत्र तालीम सञ्चालन गर्ने, स्नातक स्वास्थ्य कार्यकर्ता तयार गर्ने सम्बन्धमा 'डिप्लोमा इन हेल्थ साइन्स' को पढाइ गर्ने लक्ष लिइयो । यस प्रकार पाँचौं योजना अवधिमा विभिन्न क्याम्पसहरूबाट उच्चस्तरीय (डिप्लोमा इन हेल्थ साइन्स) ८० जना, मध्यमस्तरीय (प्रमाणपत्र तह) १,८८५ र निम्नस्तरीय २,७०५ स्वास्थ्य प्राविधिकहरू उत्पादन गरिने भयो ।

त्यस्तै योजना अवधिमा सुर्खेत, नेपालगञ्ज, पोखरा, तानसेन, भरतपुर, विराटनगर क्याम्पसहरूका लागि जग्गा अधिग्रहण गरी क्याम्पस भवन, छात्रावास निर्माण गर्ने, महाराजगञ्ज क्याम्पसको निर्माण कार्य चालू राख्ने, महाबौद्ध क्याम्पस, नरदेवी क्यम्पस र धनकुटा क्याम्पसका लागि भवन, छात्रावास भवन निर्माण गर्ने योजना बनाइयो ।[८०]

स्वास्थ्य सेवा विस्तार कार्यक्रमलाई आवश्यक पर्ने विभिन्न स्तरका स्वास्थ्य प्राविधिक उत्पादन गर्ने सरकारी उद्देश्यका साथ यस संस्थानले डिप्लोमा तहमा डाक्टर, नर्सिङ, मिडवाइफ, नर्स, कम्युनिटी नर्स विषयमा अध्ययन कार्यलाई छैठौं योजनाकालमा पनि चालू गर्ने योजना बनाइएको थियो । यस संस्थानमा मध्यमस्तरमा प्रमाणपत्र तहमा

---

[८०] श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२, पृ. ४७६-७७ ।

रेडियोग्राफी, ल्याब टेक्निसियन, आयुर्वेद (कविराज), नर्स, फर्मेसी टेक्निसियन, हेल्थ असिष्टेन्ट, सि.एम.ए., अ.न.मि., अ.हे.व. र निम्न स्तरमा अ.न.मि., अ.हे.व. आदि विषयमा अध्यापन कार्यक्रम चालू राख्ने, एकवर्षे अ.न.मि.अध्ययन कार्यक्रम प्रारम्भ गर्ने, शिक्षण-प्रशिक्षणका लागि विभिन्न संस्थानबाट विशेषज्ञ उपलब्ध गराउने, आयुर्वेद विषयमा डिप्लोमा तह शुरु गर्ने पूर्वाधारका रूपमा आयुर्वेद अस्पतालको स्तर वृद्धि गर्ने लक्ष लिएको थियो । छैठौं योजना अवधि (२०३७-२०४२) मा विभिन्न क्याम्पसहरूबाट प्रमाणपत्र स्तरका २,२०६ र स्नातक स्तरका मेडिकल डिप्लोमामा ६० तथा नर्सिङ डिप्लोमामा १०२ जवान स्वास्थ्य प्राविधिकहरू उत्पादन गरिने भयो ।

यस संस्थानअन्तर्गतका विभिन्न क्याम्पसहरूमा आवश्यकता अनुसार भौतिक सुविधा वृद्धि गर्ने क्रममा योजना अवधिमा आर्युवेद क्याम्पसका लागि जमिन खरिद गरी भवन निर्माण गर्ने, नर्स क्याम्पसका लागि भवन निर्माण गर्ने, केन्द्रीय क्याम्पस महाराजगञ्जमा शिक्षण अस्पताल निर्माण गर्ने, महाङ्काल हेल्थपोष्ट डेमोन्ट्रेसनसम्बन्धी कार्यक्रम सम्पादन गर्ने, धनकुटामा कम्यूनिटी मेडिसियन अक्जुलरी ट्रेनिङ सेन्टर स्थापना गरिनुका साथै योजना अवधिमा विभिन्न क्याम्पसका लागि आवश्यक वैज्ञानिक उपकरण एवम् फर्निचरको व्यवस्था गरिने योजना बनाइयो ।[८१]

'पूर्णावधि मूल्याङ्कन २०३३' ले त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र इन्स्टिच्यूटअन्तर्गत महाराजगञ्जमा सहायक स्वास्थ्य कार्यकर्ता तालीम, महाबौद्ध नर्सेज तालीम, विराटनगर, भरतपुर र नेपालगञ्जमा असिष्टेण्ट नर्स मिडवाइफ तालीमका साथै नरदेवीमा आयुर्वेदको अध्ययन सञ्चालनमा रहेको थियो । राशिपयोअनुसार उल्लिखित

---

[८१] श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-१),* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ६०३-४ ।

संस्थाहरू सबै क्याम्पसमा रूपान्तरण भएका थिए । महाराजगञ्जमा २०२९ साल पौष मसान्तसम्म प्रथम वर्षमा ८४ र द्वितीय वर्षमा ७८ जनाले सहायक स्वास्थ्य कार्यकर्ता तालीम हासिल गरिसकेका थिए । त्यस्तै नर्सेज क्याम्पस महाबौद्धमा प्रथम, द्वितीय, तृतीय र चतुर्थ वर्षमा क्रमशः ४१, ३१, १९ र ३१ जनालाई तालीम प्रदान गरिँदै थियो भने अ.न.मि.क्याम्पस विराटनगरमा प्रथम, द्वितीय, तृतीय वर्षमा क्रमशः ३२, १९, ११ जना, भरतपुर क्याम्पसमा प्रथम, द्वितीय, तृतीय वर्षमा क्रमशः २०, १८, १३ जना तथा नेपालगञ्ज क्याम्पसमा प्रथम, द्वितीय, तृतीय वर्षमा १५, १२, १७ जना अ.न.मि.वाइफले तालीम प्राप्त गर्दै थिए । नरदेवी क्याम्पस, काठमाडौँमा मध्यमा, शास्त्री र आचार्यका विभिन्न खण्ड गरी जम्मा ६६ जना विद्यार्थीहरू अध्ययनरत थिए ।[८२]

पूर्वीय र पाश्चात्य दुवै चिकित्सापरम्परालाई उचित महत्त्व दिई देशका निम्ति आवश्यक दक्ष स्वास्थ्य जनशक्तिको उत्पादन तथा स्वास्थ्य क्षेत्रका समस्याबारे अनुसन्धानात्मक कार्य गर्न सक्षम शैक्षिक-प्राज्ञिक निकायका रूपमा चिकित्साशास्त्र अध्ययन संस्थानलाई विकसित गर्ने गराउने नीति अँगालिने भयो । चिकित्साशास्त्र अध्ययन संस्थानले उच्च शिक्षातर्फ तत्कालका लागि प्रमाणपत्र र स्नातक तहका जनशक्ति उत्पादन गर्नाका साथै समुदाय चिकित्सा सहायक तालीम र अनमि तालीम जस्ता स्वास्थ्य जनशक्ति तालीमहरू पनि सञ्चालन गर्ने भयो । त्यसो त भविष्यमा समुचित पूर्वतयारीका साथ प्रथमतः सामान्य चिकित्सा स्नातकोत्तर कार्यक्रमको सञ्चालन गर्ने नीतिगत लक्ष रहने भयो । यस अध्ययन संस्थानका प्रमाणपत्र तहमा विज्ञान पूर्वस्नातक (आई.एस्सी.) बाट भर्ना लिने तत्कालको परिपाटी खारेज गरी सो तहमा भर्नाका निम्ति एस.एल.सी.लाई पूर्वयोग्यताका रूपमा स्वीकार गरिने भयो । सामान्य चिकित्साशास्त्रतर्फ स्नातक तहमा भर्नाका निम्ति विज्ञान पूर्वस्नातक

---

[८२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-६, २०२९ साल माघ, पृ २ ।

उत्तीर्ण भएका र चिकित्सा प्रमाणपत्र तह उत्तीर्ण भई स्वास्थ्य क्षेत्रमा कार्यरतलाई प्रवेश परीक्षामा समान रूपले भाग लिन पाउने अवसर दिइनु पर्ने 'शाही उच्च शिक्षा आयोग २०३९' को प्रतिवेदनले औंल्याएको थियो ।

त्यस्तै प्रतिवेदनमा आयुर्वेदीय सेवालाई स्वास्थ्यसेवाको अभिन्न अङ्गका रूपमा एकीकृत गरेर विशेष महत्त्व दिई विकसित गर्ने राष्ट्रिय नीतिअनुरूप आयुर्वेद चिकित्साको उच्च शिक्षाको पुनर्विकास गर्ने नीति लिनाका साथै आयुर्वेद उच्च शिक्षामा अपेक्षित भौतिक सुविधा, प्रयोगशाला र उपकरण तथा जडीबुटी उद्यान आदिको विकासतर्फ विशेष ध्यान दिनु पर्ने कुरालाई हृदयङ्गम गरियो । तत्कालका लागि आयुर्वेदतर्फ स्नातक कार्यक्रमसमेत सञ्चालन गरी उपयुक्त पूर्वाधार र पूर्वतयारीका साथ भविष्यमा स्नातकोत्तर कार्यक्रमकोसमेत सञ्चालन गर्ने नीतिगत लक्ष रह्यो ।

पाश्चात्य चिकित्सापरम्परा समेतको उपयोग गरी पूर्वीय पृष्ठभूमिमा आयुर्वेदतर्फका उच्च शिक्षाको पुनर्विकासका निम्ति आधारभूत विज्ञान र सामान्य चिकित्साका साथै संस्कृत पृष्ठभूमिसमेत वाञ्छनीय हुने परिप्रेक्ष्यमा यसका शैक्षिक-प्राज्ञिक कार्यक्रमहरूको निर्धारण र परिचालन गरिने, परम्परागत जडीबूटीमा आधारित आयुर्वेद उच्च शिक्षा र सिंहदरबार वैद्यखाना जस्ता निकायका बीच निकटतम सहभागिता कायम गरिनु पर्ने, औषधीविज्ञानको पुनर्विकास तथा प्रचार प्रसारतर्फसमेत यस विषयको अनुसन्धान उन्मुख हुने तथा चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतका विभिन्न निकायहरूमा आयुर्वेद तथा नर्सिङतर्फको पनि समुचित प्रतिनिधित्व हुनु पर्ने विषयलाई विशेष जोड दिइयो ।[८३]

[८३] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौंः शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४४७-४४८ ।

### चिकित्साशास्त्र-विद्यमान अवस्था

चिकित्साशास्त्र अध्ययन संस्थानले २०३५ सालको साउने सत्रदेखि सामान्य तथा सामुदायिक चिकित्सामा डिप्लोमा तहको पढाई शुरु गर्ने योजना बनाएको थियो । डिप्लोमा तहको अध्ययनका निम्ति चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत सामान्य चिकित्सामा विशारद गर्नेहरूका अतिरिक्त नर्सिङ्ग, आयुर्वेद, रेडियोग्राफी र फार्मेसीमा विशारद गर्ने विद्यार्थीहरूले पनि प्रवेश परीक्षा दिन सक्ने व्यवस्था गरियो । डिप्लोमा तहको पढाइ चार वर्षको हुने र पढाइ समाप्त गर्नेहरूलाई 'डिप्लोमा अफ डक्टर अफ जेनेरल एण्ड कम्युनिटी मेडिसिन' नामको डिग्री प्रदान गरिने भयो ।

मुलुकमा पहिलोपल्ट शुरु गर्न लागिएको चिकित्सा सम्बन्धी यस उच्च स्तरीय पढाईको मूल उद्देश्य देशको आवश्यकता र परिस्थिति सुहाउँदा चिकित्सकहरू तयार पार्ने रह्यो । २०३५ सालमा चिकित्साशास्त्र अध्ययन संस्थानमा उपलब्ध स्रोत तथा साधनबाट नै डिप्लोमा तहको पढाइ सञ्चालन गर्न लागिएकाले यस वर्ष १६ जना विद्यार्थी मात्र लिइने र पछि गएर संस्थानको आफ्नै अस्पताल तथा अन्य साधनहरू भएपछि एक सत्रमा ८० जनासम्म विद्यार्थीहरू भर्ना लिने लक्ष्य राखियो ।[८४]

### मान्यता प्रदान

त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानबाट प्रदान गर्ने स्वास्थ्य प्रयोगशाला विशारदको उपाधिलाई पंजाव विश्वविद्यालय चण्डिगढको 'पोष्ट ग्राजुयट इन्स्टिच्यूट अफ मेडिकल एजुकेसन एण्ड रिसर्च सेन्टर' ले मान्यता प्रदान गरेको थियो । उक्त इन्स्टिच्यूट स्वास्थ्य प्रयोगशाला सम्बन्धी पढाईमा सम्पूर्ण भारत कै सबैभन्दा राम्रो र स्तरीय पढाई भएको इन्स्टिच्यूट मानिन्थ्यो । यस इन्स्टिच्यूटले आइ.एस्सी गरेपछि

---

[८४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-४४, २०३५ साल जेठ २९ गते, आइतवार, पृ.३ ।

५ वर्षसम्म स्वास्थ्य प्रयोगशालामा रही काम गरेकाहरूलाई मात्र भर्ना लिने गरेकोमा अब चिकित्साशास्त्र अध्ययन संस्थानबाट स्वास्थ्य प्रयोगशालामा विशारद गर्नेहरूलाई भने तुरुन्तै भर्ना लिने प्राबधान राखेको थियो ।[८५]

शिक्षण अस्पताल

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल निकट भविष्यमा नै सञ्चालन गर्नुपर्ने अवस्थालाई मध्यनजर राखी विश्वविद्यालयले २०३९ सालमा केही नयाँ व्यवस्था गरेको थियो । यस क्रममा विविध प्रकारका रोगहरूको अन्वेषण, अनुसन्धान र तिनीहरूका निदानको माध्यम पहिचान गर्नाका साथै चिकित्साशास्त्र अध्ययन संस्थानबाट उत्पादित विभिन्न तहको जनशक्तिलाई व्यावहारिक ज्ञानको विकास गर्ने मौका प्रदान गरी तिनीहरूको कार्य दक्षातामा अभिवृद्धि गर्दै आम जनतामा उच्चतम स्वास्थ सेवा उपलव्ध गराउन चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत एउटा शिक्षण अस्पताल रहने व्यवस्था गरियो ।

विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका उद्देश्यहरूसमेत निर्धारण गरेको थियो । जसअनुसार चिकित्साशास्त्र अध्ययन संस्थनका विभिन्न शैक्षिक कार्यक्रमहरूका विद्यार्थीहरूलाई तालीम दिने, चिकित्सा वा सो सम्बन्धमा सेवा प्रदान गर्ने, विस्तार केन्द्र मार्फत् सामुदायिक स्वास्थ्य सेवा उपलव्ध गराउने, अध्ययन संस्थानको उद्देश्यानुकूल देश भित्रै रोगको निदान उपलव्ध गराउने तथा चिकित्सा शिक्षाको अनुसन्धान सेवामा आवश्यक सेवा पुऱ्याउने उद्देश्य राखियो । यी उद्देश्य हासिल गर्न एक 'त्रि.वि.शिक्षण अस्पताल सञ्चालन परिषद्' (Board of Executives) रहने व्यवस्था गरियो ।[८६]

---

[८५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१०, अङ्क-४४, २०३५ साल जेठ २९ गते, आइतवार, पृ.३ ।

[८६] त्रिभुवन विश्वविद्यालय कार्यकारिणिको २०३९ साल माघ ९ गते बसेको बैठकको निर्णय नं. १४१ ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल सञ्चालन परिषद्को अध्यक्षमा विश्वविद्यालयका उपकुलपति रहने तथा सदस्यहरूमा विश्वविद्यालयका शिक्षाध्यक्ष र रजिष्ट्रार, श्री ५ को सरकार स्वास्थ मन्त्रालयका सचिव, अध्यक्षले तोकेको सामाजिक तथा व्यावसायिक संस्थाहरूबाट दुई जना प्रतिनिधि, चन्दा दाताहरूमध्येबाट अध्यक्षबाट मानोनित एक जनाका अतिरिक्त चिकित्साशास्त्र अध्ययन संस्थानका डीनलाई सदस्य सचिव बनाइने भयो । शिक्षण अस्पताल सञ्चालन परिषद्का मनोनित सदस्यहरूको पदावधि २ वर्ष तोकियो ।

परिषद्को वैठक कम्तीमा वर्षको ४ पटक बस्नुपर्ने तर अध्यक्षले आवश्यक ठानेमा सो भन्दा बढी पटक पनि बस्न सक्ने भयो । परिषद्को वैठकको गणपूरक संख्या कुल सदस्य संख्याको पचास प्रतिशत गराइयो । परिषद्को वैठकको निर्णयहरू साधारण बुहमतमा हुने तथा अध्यक्षले निर्णयात्मक मत्र मात्र प्रयोग गर्न पाउने भए । परिषद्को वैठक बस्ने सूचना २४ घण्टा अगावै अध्यक्षको अनुमतिमा सदस्य सचिवले पठाउने, वैठकको सूचना पठाउँदा वैठकको कार्यावली पनि पठाउनु पर्ने, वैठकको मिनट्स अध्यक्षलाई दस्तखत गराई सदस्य सचिवले प्रमाणित गरी सदस्यहरूकहाँ पठाइने, अध्यक्षले आवश्यक ठानेमा परिषद्को वैठकमा सदस्य बाहेक अन्य व्यक्तिलाई आमन्त्रित गर्न सक्ने तर आमन्त्रित व्यक्तिले वैठकको छलफलमा भाग लिन पाउने भए तापनि मतदानमा भाग लिन नपाउने व्यवस्था गरियो ।

परिषद्ले शिक्षण अस्पतालको मूलभूत उद्देश्य अनुरूप तत्कालिन एवम् दीर्घकालीन नीति निर्धारण गर्ने, शिक्षण अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, शिक्षण अस्पतालको सञ्चालनका निम्ति आवश्यक पर्ने स्रोत उपलव्ध गराउने, शिक्षण अस्पतालका लागि अनुदान तथा दान दातव्य ग्रहण गर्ने, शिक्षण अस्पतालको उद्देश्य पूर्ति गर्न कुनै अन्य अस्पताल, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्था साथै मित्र राष्ट्रहरूबाट विभिन्न प्रकारको सहयोग जुटाउने प्रयास गर्ने, शिक्षण

अस्पतालको आन्तरिक कार्यविधि, आर्थिक कारोवार, सेवा, शर्त निर्धारण गर्ने, शैक्षिक, प्राविधिक एवम् प्रशासनिक कर्मचारीको दरवन्दी निर्धारण गर्ने, शिक्षण अस्पतालको चल अचल सम्पत्तिको संरक्षण, लगानीको व्यवस्था र आवश्यक परेमा आन्तरिक ऋण एवम् अन्य स्रोतको व्यवस्था गर्ने जस्ता कामको दायित्व परिषद्लाई दिइयो । यसै गरी यसले अधिराज्यको विभिन्न भागमा सामुदायिक सेवा प्रदान गर्न शिक्षण अस्पतालको विस्तार केन्द्रहरू स्थापना गर्न स्वीकृति दिने, चिकित्सा सम्बन्धी विविध पक्षमा अनुसन्धान गराउने, शिक्षण अस्पतालको प्रगतिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने तथा डीनको सिफारिसमा शिक्षण अस्पतालका निर्देशकको नियुक्ति गर्ने जस्ता कर्तव्य पूरा गर्नु पर्ने व्यवस्था गरियो । शिक्षण अस्पताल सञ्चालन परिषद् (Board of Executives) ले आफुमा निहित अधिकार आफु अन्तर्गतका कुनै समिति वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्ने पनि भयो ।

शिक्षण अस्पतालको सञ्चालन परिषद्को प्रत्यक्ष निर्देशन र नियन्त्रणमा उक्त परिषद्लाई आफ्नो काम, कर्तव्य पालन गर्न सहयोग पुऱ्याउन त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल व्यवस्थापन समिति (Hospital Management Committee) को पनि व्यवस्था गरियो । चिकित्साशास्त्र अध्ययन संस्थानका डीनको अध्यक्षताको यस समितिमा श्री ५ को सरकार स्वास्थ विभागका निर्देशक, शिक्षण अस्पतालका विभागीय प्रमुख (२ जना), काठमाडौं वीर अस्पतालका प्रमुख, त्रिभुवन विश्वविद्यालय योजना महाशाखाका प्रमुख सदस्य तथा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका निर्देशकलाई सदस्य सचिव बनाइने भयो ।

समितिले स्वीकृत दीर्घकालीन तथा अल्पकालीन योजना अनुरूपको कार्यक्रम तर्जुमा गरी स्वीकृतिका निम्ति परिषद्मा पेशगर्ने, स्वीकृत वार्षिक बजेट र कार्यक्रम सञ्चालनमा रेखदेख पुऱ्याउने, शैक्षिक तथा प्रशासनिक कर्मचारीहरूको दरबन्दी कायम गरी स्वीकृतिका निम्ति सञ्चालन परिषद्मा पेश गर्ने, शैक्षिक तथा प्रशासनिक कर्मचारीहरूलाई

तालीमको व्यवस्था गर्ने, अस्पतालको आन्तरिक कार्यविध, आर्थिक कारोवार, कर्मचारीको सेवा सम्बन्धी शर्तहरूसमेतको विनियम तयार पारी स्वीकृतिका निम्ति परिषद्मा पेश गर्ने, अस्पताललाई आवश्यक परेमा त्रिभुवन विश्वविद्यालय बाहिरका विशेषज्ञहरूलाई परिषद्ले तोकेको सेवा, शर्त र सुविधामा अस्पतालमा काममा लगाउने, शिक्षण अस्पतालको निर्देशकको नियुक्तिका निम्ति सिफारिस गर्ने तथा शिक्षण अस्पतालको निर्देशकको सिफारिसमा शिक्षण अस्पतालको उपनिर्देशक साथै अन्य अधिकारीहरूको नियुक्ति गर्ने जस्ता काम गर्ने भयो ।

अस्पतालको दैनिक काम सुव्यवस्थित रूपबाट सञ्चालन गर्न एक अस्पताल निर्देशक रहने व्यवस्था गरियो । चिकित्साशास्त्र अध्ययन संस्थानका डीनको सिफारिसमा शिक्षण अस्पताल सञ्चालन परिषद्ले अस्पताल निर्देशकको नियुक्ति गर्ने भयो । त्रिभुवन विश्वविद्यालय सेवामा रहेका अनुभवी तथा उच्च शैक्षिक विशिष्टता प्राप्त गरेको साथै अस्पताल सञ्चालन सम्बन्धी कार्यमा कुशल व्यक्तिलाई निर्देशक नियुक्त गरिने भयो ।

अस्पताल निर्देशक अस्पतालको प्रमुखको हुने, सामान्यतया पदावधि २ वर्षको हुने तथा शिक्षण अस्पताल सञ्चालन परिषद्ले आवश्यक ठानेमा अन्य सुविधाहरू पनि अस्पताल निर्देशकलाई प्रदान गर्न सक्ने भए । निर्देशकले अस्पतालका स्वीकृत तत्कालीन तथा दीर्घकालीन नीति र योजना कार्यान्वयन गर्ने, अस्पतालको आन्तरिक कार्यविधि, आर्थिक कारोवार, कर्मचारीहरूको सेवा शर्त सम्बन्धी नियमको तर्जुमा गर्ने, अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने साथै स्वीकृत कार्यक्रम र बजेट सञ्चालन गर्ने गराउने, सञ्चालन परिषद्बाट स्वीकृत योजना अनुरूप कार्यक्रमहरूको सञ्चालन गर्नका लागि आवश्यक आर्थिक तथा अन्य आवश्यक उपकरण उपलव्ध गर्न अन्य सरकारी, गैह्र सरकारी, विदेशी एवम् अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग प्रारम्भिक चरणमा सम्पर्क राख्ने, कर्मचारीहरूलाई उच्च अध्ययन वा तालिमका लागि विदेश पठाउन

मनोनयनको सिफारिस गर्ने जस्ता काम गर्ने भए । त्यसरी नै निर्देशकले अस्पतालको स्वीकृत अधिकृत स्तरको दरबन्दीमा सेवा आयोगको सिफारिसमा कर्मचारीहरूलाई नियुक्ति दिने, अस्पतालको स्वीकृत दरवन्दीमा आवश्यक भए कायम मुकायम मुकरर गर्ने, त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट प्रत्यायोजित अधिकार प्रयोग गरी अस्पतालको अधिकृत स्तर भन्दा मुनि सबै प्रकारका पदमा 'कर्मचारीहरूको सेवा शर्त' बमोजिम नियुक्ति गर्ने, अस्पतालका लागि बाहिरबाट विशेषज्ञहरू ल्याउन परेमा सो सम्बन्धी आवश्यक कार्यवाही गरि सेवा शर्तहरूको सुविधासमेत तयार गर्ने एवम् जनसाधारणको आवश्यकता प्रति सजग रही सेवाको स्तर बढाउँदै लैजाने दायित्वसमेत दिइएको थियो ।[८७]

परिषद्ले तोकेको ढाँचामा अस्पतालको अर्द्धवार्षिक एवम् वार्षिक प्रगति विवरण तयार गरी परिषद् समक्ष पेश गर्ने, अस्पतालका विभिन्न निकायहरूसँग समन्वय कायम गरि अनुसन्धान, प्रवचन, गोष्ठी आदि कार्यक्रम सञ्चालन गर्ने, अस्पतालका कुनै कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई प्रचलित नियमबमोजिम विभागीय कार्यवाही गर्ने, अस्पतालका उपनिर्देशक पदहरूमा नियुक्ति गर्न प्रत्येक पदका लागि प्राथमिकता क्रमानुसार ३ जना व्यक्तिहरूको नामको सूची तयार गरी नियुक्तिका लागि अस्पताल व्यवस्थापन समिति (Hospital Management Committee) मा पेश गर्ने अख्तियारसमेत निर्देशकलाई दिइयो । त्यस्तै विशेष अवस्था आइपरेमा अस्पताल निर्देशकले अस्पतालको हितका लागि कुनै पनि कर्मचारीलाई अस्पतालको काममा लगाउने र अन्य आवश्यक निर्णय गर्न सक्ने यद्यपि अस्पताल व्यवस्थापन समितिका अध्यक्षलाई त्यस्ता कारवाईको जानकारी गराउनु पर्दथ्यो ।

चिकित्साशास्त्रतर्फ सन् १९७८ (२०३५ साल) मा पहिलो पटक प्रशिक्षार्थीहरूलाई भर्ना लिइएको थियो । २०४० सालमा सो क्याम्पसमा

---

[८७] *ऐजन* ।

अध्ययन गर्ने विद्यार्थीहरूको संख्या १०० पुगेको तथा क्याम्पसको भावी निर्माण कार्यहरू सम्पन्न भइसकेपछि सम्भवतः क्याम्पसमा वढी मात्रामा विद्यार्थीहरूलाई भर्ना लिनेतर्फ विचार गरिने कुरासमेत सार्वजनिक गरिएको थियो ।

क्याम्पसको हाताभित्र निर्माण भइरहेको शिक्षण अस्पताल प्रायः पूरा भइसकेको, मित्रराष्ट्र जापानको आर्थिक तथा प्राविधिक सहायताबाट निर्मित सो शिक्षण अस्पतालको पहिलो चरणको योजना मुताविकको कार्य पूरा भै २०४० सालको मध्यतिरदेखि सेवा प्रदान गरिसकेको थियो ।

करिव ६ करोड ४० लाख रुपियाँको लागतमा पूरा भएको सो पहिलो चरणको कार्य २०३८ साल माघमा थालिएको थियो । निर्माण सकी त्रिभुवन विश्वविद्यालयलाई हस्तान्तरण भइसकेको सो पहिलो चरणको सेवामा बहिरङ्ग विभागअन्तर्गत रहनु पर्ने सबै प्रकारका जाँच पढतालको सुविधाका अतिरिक्त शल्य चिकित्सा सेवासमेत भएको आकस्मिक सेवा विभाग सञ्चालन भएको थियो ।

शिक्षण अस्पतालको दोस्रो चरणको निर्माण कार्य पनि करिव ९ करोड रूपैयाको लागतमा पूरा हुँदै गरेको र सो कार्य सम्पन्न भइसकेपछि यसमा अरू सुविधाको साथै ६ वटा शल्य चिकित्सा कक्ष रहने व्यवस्था गरिने योजना बनाइएको थियो । यसरी दुवै चरण पूरा भइसकेपछि शिक्षण अस्पताल आत्याधुनिक सुविधायुक्त ३०० शैय्या भएको अस्पताल हुने भयो ।[८८] नयाँ शिक्षण अस्पताल स्थापना भएपछि अध्ययन पूरा गर्ने क्रममा वीर अस्पताल, कान्ती अस्पतालमा घुम्दै हिँड्नु पर्ने बाध्यताबाट चिकित्साशास्त्रका विद्यार्थीलाई राहत मिल्न जानु स्वाभाविकै थियो ।

यहाँ उल्लेख्य के पनि छ भने चिकित्सा तथा प्राध्यापनमा राम्रै अनुभव बटुलिसकेका ‘समर्पित’ शिक्षकहरूका साथै श्री ५ को सरकारका

---

[८८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१६, अङ्क-२६, २०४० साल फागुन १८ गते विहिवार, पृ.४ ।

वरिष्ठ चिकित्सकहरूले पनि अतिथि प्राध्यापका रूपमा क्याम्पसमा आफ्नो सेवा प्रदान गर्नुका साथै स्वास्थ्य सम्बन्धी अन्तररष्ट्रिय संघ-संस्थाका तर्फबाट पनि क्याम्पसका लागि विभिन्न रूपमा सेवा उपलब्ध गराउँदै आएका थिए ।[८९]

चिकित्साशास्त्र सम्बन्धी पोष्ट ग्रेजुएट कक्षा क्याम्पसमा सञ्चालन गर्ने योजना रहेको तर यसलाई अन्तिम रूप दिन अझै बाँकी नै रहेको थियो ।

पहिलो डाक्टर

नेपालमा पहिलो पल्ट चिकित्साशास्त्र अध्ययन संस्थानबाट १२ जनाले एम.वी.वी.एस.परीक्षा उत्तीर्ण गरेका थिए । देशमा नै चिकित्सकहरू उत्पादन गर्ने उद्देश्यले २०३५ सालमा पहिलो पटक एम. वी. वी. एस. कार्यक्रममा विद्यार्थीहरूलाई चिकित्साशास्त्र अध्ययन संस्थानमा अध्ययन सुविधा उपलव्ध गराइएको थियो ।

२०४० सालसम्म आइपुग्दा चिकित्साशास्त्र अध्ययन संस्थानमा यस पाठ्यक्रमका विभिन्न समूहमा विद्यार्थीहरू अध्ययनरत थिए र संस्थानले अब प्रत्येक वर्ष चिकित्सकहरू उत्पादन गर्ने योजना बनाएको थियो । नेपालमा पहिलो पटक २०४० साल फागुन महिनामा यो परीक्षा सञ्चालन गरिएको थियो भने विद्यार्थीहरूको निष्पक्ष र स्वतन्त्र मूल्याङ्कनका लागि स्वतन्त्र वाह्य परीक्षकहरू निम्त्याइएको थियो । एम.वी.वी.एस. परीक्षाका लागि ‘अल इन्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्सेज’, ‘ग्राण्ड मेडिकल कलेज बम्बै’ र क्यानाडाको ‘कालगरी विश्वविद्यालय’ बाट परिष्ठ प्राध्यापकहरू आएका थिए ।

[८९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१६, अङ्क-२६, २०४० साल फागुन १८ गते विहिवार, पृ.४ ।

त्रिभुवन विश्वविद्यालयद्वारा पहिलो पल्ट सञ्चालन गरेको एम.वी.वी.एस. परीक्षामा सम्मिलित २० परीक्षार्थीहरूमध्ये १२ जना उत्तीर्ण भएका थिए । सम्बन्धित क्षेत्रकाअनुसार बरिष्ठ चिकित्सकहरूको सुपरीवेक्षणमा एक वर्ष काम गरेपछि ती विद्यार्थीहरू स्वतन्त्र रूपमा चिकित्सक भई काम गर्न पाउने व्यवस्था थियो । पाँच वर्ष अघि शुरु गरिएको एम.वी.वी.एस.कार्यक्रम नयाँ तथा समुदायमूलक कार्यक्रम भएको तथा यसबाट उत्पादन हुने जनशक्तिको गुणस्तरवारे अभिभावक तथा परिष्ठ चिकित्सकहरूले उत्सुकता देखाएको कुरासमेत अध्ययन संस्थानले सार्वजनिक गरेको थियो ।[९०]

चिकित्साशास्त्र अध्ययन संस्थानद्वारा २०४० सालमा सञ्चालित एम.वी.वी.एस.परीक्षामा उत्तीर्ण हुने १२ जना विद्यार्थीमा बाबुराम मरासीनी, आनन्दप्रसाद रेग्मी, निरन्जनकुमार शर्मा, मुक्तिनाथ शर्मा, अर्जुनराज पन्त, आनन्दकुमार श्रेष्ठ, गणेबहादुर सिंह, बालकुमार के.सी., विमलप्रसाद ण(?)काल, चन्द्रकान्त शर्मा, राधा शाह तथा मित्रलाल श्रेष्ठ थिए ।[९१] उनीहरू त्रिभुवन विश्वविद्यालयबाट पहिलो पल्ट एम.वी.वी.एस. परीक्षा उत्तीर्ण गर्ने विद्यार्थी थिए ।

नेपाल र एशियाली अध्ययन संस्थान

२०३० साल फागुन २८ गतेका दिन विश्वविद्यालय प्राविधिक समितिले नेपाल र एशियाली अध्ययन संस्थान सम्बन्धी एउटा विनियम जारी गरेको थियो । परीक्षणका लागि जारी गरिएको यो विनियम भने २०३२ साल असार मसान्तसम्ममात्र लागू गरिने कुरा स्पष्ट पारियो । त्रिभुवन विश्वविद्यालयको अन्य संस्थान अथवा केन्द्रमा प्राध्यापक अथवा

---

[९०] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१६, अङ्क-३३, २०४१ साल वैशाख ७ गते विहिवार, पृ. १, ४ ।

[९१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१६, अङ्क-३५, २०४१ साल वैशाख २१ गते विहिवार, पृ. १,२,५ ।

अनुसन्धान गर्ने व्यक्तिहरूलाई आवश्यक भएमा तोकिएको प्रोजेक्टमा तोकिएको अवधिसम्म काम गर्न नेपाल र एशियाली अध्ययन संस्थानमा ल्याउन सकिने भयो । यसरी आउने व्यक्तिहरूलाई पूर्ण अथवा आंशिक समयका निम्ति काजमा ल्याइने, पूर्ण समयका लागि आउने व्यक्तिले प्रोजेक्ट अवधिसम्म आफ्नो मूल संस्थामा गरेको काम गर्नु नपर्ने छुट दिइयो । उसलाई आवश्यक प्रोजेक्ट भत्ता प्रोजेक्टको काम हेरेर, भ्रमण भत्ता, भ्रमण खर्च र प्रोजेक्ट खर्चहरू स्वीकृत योजनाबमोजिम नेपाल र एशियाली अध्ययन संस्थाले उपलब्ध गराउने भयो ।

आंशिक समयका निम्ति आउने व्यक्तिहरूले भने आफ्नो मूल संस्थानको कार्य यथावत् नै गर्नु पर्ने भयो र अरू समय प्रोजेक्टमा लगाउन सक्ने भए । यसरी आंशिक रूपमा प्रोजेक्टमा सम्मिलित हुने व्यक्तिहरूको अध्यापन कार्य बढी भएको अनुभव भएमा आवश्यकता हेरी सम्बन्धित डीनको राय सल्लाहबाट केही घटाउन सकिने व्यवस्था गरियो । यस्ता व्यक्तिलाई चाहिने प्रोजेक्ट भत्ता, भ्रमण र प्रोजेक्ट खर्चहरू योजना बमोजिम स्वीकृत हुने भयो । यसरी ल्याइने कुनै पनि व्यक्तिलाई पूर्ण वा आंशिक समय के कसरी ल्याउने भन्ने कुरा त्यस्तो व्यक्तिले प्रतिदिन योजनामा बिताउनु पर्ने घण्टाका आधारमा संस्थानले निर्णय लिने भयो । यसरी कुनै पनि रूपले प्रोजेक्टअन्तर्गत आउने व्यक्तिहरूको प्रोजेक्ट अवधी गणना गर्दा दिनगन्तीका हिसाबले हुने र विदाको दिनसमेत यसमा गणना गरिने भयो । नेपाल र एशियाली अध्ययन संस्थानमा आएर काम गरेको अवधि बापत कुनै घर विदा वा भ्याकेसनको सुविधा भने दिइने भएन ।

अनुसन्धान प्रोजेक्ट बनाउने, सञ्चालन गर्ने, अन्तिम रिपोर्ट तयार गर्ने र योजनाको सम्पूर्ण जिम्मेवारी बहन गर्ने प्राध्यापकहरूलाई आफ्नो तलबको पचासदेखि शय प्रतिशतसम्म अतिरिक्त प्रोजेक्ट भत्ता दिन सकिने भयो । अनुसन्धान प्रोजेक्टमा सहायकका रूपमा काम गर्ने व्यक्तिलाई आफ्नो तलबको पच्चीसदेखि पचास प्रतिशतसम्म अतिरिक्त प्रोजेक्ट भत्ता दिन सकिने भयो भने प्रोजेक्टमा काम गर्न भनी सो संस्थानमा आउने

व्यक्तिहरू एक पटकमा बढीमा ६ महिनाका लागि मात्र आउन पाउने भए । यदि कुनै प्रोजेक्ट लामो अवधिको भएमा त्यसलाई कतिपय चरणमा विभाजित गरिनु पर्ने र एउटा चरणको अवधि बढीमा ६ महिनासम्म हुन सक्ने भयो ।[९२]

'राष्ट्रिय शिक्षा पद्धतिको योजना मध्यावधि मूल्याङ्कन २०३२' ले नेपाल र एशियाली अध्ययन संस्थानलाई अनुसन्धान केन्द्रमा परिणत गर्ने सुझाव दिएको थियो ।[९३]

प्राविधिक तथा साधारण अध्ययन संस्थान

उपरोक्त इन्स्टिच्यूट (अध्ययन संस्थान) ले निर्दिष्ट काम गर्दै आउँदा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' को पूर्णावधि मूल्याङ्कनमा समस्त इन्स्टिच्यूटलाई दुई भागमा विभाजन गर्नु पर्ने दृष्टिकोण आएको थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजनामा जम्मा १६ वटा अध्ययन संस्थान सञ्चालन गर्न सकिने व्यवस्था भए तापनि २०३६ सालसम्म जम्मा १२ वटामात्र अर्थात् १० वटा अध्ययन संस्थान र २ वटा अनुसन्धान केन्द्रहरूको स्थापना गरिएका थिए । राष्ट्रिय आवश्यकताअनुसार उपयुक्त जनशक्ति उत्पादन गर्नका लागि हरेक अध्ययन संस्थानअन्तर्गत विभिन्न स्थानमा क्याम्पसहरू स्थापना गरिए । २०३६ सालसम्म विभिन्न अध्ययन संस्थानअन्तर्गत स्थापना भएका क्याम्पसहरूको संख्या ७९ पुगेको तथा तिनमा जम्मा २४,१३२ विद्यार्थीहरू र १,६३१ शिक्षकहरू अध्ययन अध्यापन गरेका थिए ।[९४]

---

[९२] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० फागुन २८ गतेका दिनको बैठकको निर्णय नं. ३७ ।

[९३] शाही उच्च शिक्षा आयोग, *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौंः वि.सं. २०४०, पृ. १००-१०६ ।

[९४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-४४, २०३६ साल जेठ १३ गते, आइतवार, पृ. १,२

शिक्षण उद्देश्य तथा विषय स्वरूपका आधारमा उच्च शिक्षालाई साधारण र प्राविधिक शिक्षामा विभाजन गरिएअनुसार त्रिभुवन विश्वविद्यालयका उपरोक्त १० वटा अध्ययन संस्थानहरूलाई पनि यस प्रकार दुई वर्गमा विभाजन गरियो;

१ सामान्य अध्ययन संस्थानअन्तर्गत

क मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थान

ख विज्ञान अध्ययन संस्थान

ग व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थान

घ कानून अध्ययन संस्थान तथा

ङ संस्कृत अध्ययन संस्थान

२ प्रविधिक अध्ययन संस्थानअन्तर्गत

क चिकित्साशास्त्र अध्ययन संस्थान

ख इञ्जिनीयरिङ्ग अध्ययन संस्थान

ग कृषि तथा पशु विज्ञान अध्ययन संस्थान

घ वन विज्ञान अध्ययन संस्थान र

ङ शिक्षाशास्त्र अध्ययन संस्थान

परम्परागत धारणाअनुसार सामान्य शिक्षा, स्वास्थ्य र असल व्यक्ति हुनका लागि चाहिने ज्ञान र अन्य मानविय गणुहरूको विकास गर्नका लागि हो तथा प्राविधिक शिक्षाको उद्देश्य कुनै क्षेत्रमा विशेष प्राविधिक ज्ञान र सीप हासिल गर्नु गराउनु हो । तर, राष्ट्रिय शिक्षा

पद्धतिको योजनाअनुसार त्रिभुवन विश्वविद्यालयअन्तर्गतका अध्ययन संस्थानहरूको उपरोक्त वर्गीकरण उक्त धारणा अनुरूप गरिएन।[९५]

## सरकारी दृष्टिमा विश्वविद्यालय

श्री ५ को सरकारको नीति तथा विभिन्न आयोगबाट भएका प्रतिवेदनबाटसमेत सरकारले उच्च शिक्षालाई कुन दिशातर्फ लैजान चाहेको थियो भन्ने दृष्टिकोण देख्न सकिन्छ । त्यसैले यहाँ सो सम्बन्धमा प्रकाश पारिएको छ;

सरकारी योजना

पाँचौं योजना अवधि (२०३२-२०३७) मा स्नातकोत्तर तहको अध्ययनको सुविधा काठमाडौं उपत्यका बाहिर पनि उपलब्ध गराउने क्रममा अर्थशास्त्र तथा वाणिज्यशास्त्र विषयहरूमा उक्त तहको अध्ययनको व्यवस्था क्रमशः पोखरा तथा विराटनगरमा गरिनुका साथै गृहविज्ञान, मनोविज्ञान विषयहरूको अध्यापनको स्तर बृद्धि गरिएको भन्ने पाइन्छ।[९६]

पाँचौं योजनाको अन्त्यसम्ममा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका अध्ययन संस्थानहरू मातहत ७१ क्याम्पस, तालीम केन्द्र तथा तत्सम्बन्धी कार्यालयहरूको व्यवस्था भएको उल्लेख पाइन्छ भने विभिन्न कारणवश राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) मा उल्लेख भएका कतिपय लक्ष तथा कार्यक्रममा मेल नखाने किसिमका अनेक निर्णयहरू भए जसले गर्दा उक्त योजनामा निर्दिष्ट मार्गमा प्रशस्त असंगतिपूर्ण परिवर्तन भएको देखियो । जुन उद्देश्यले एस.एल.सी.परीक्षा उत्तीर्ण भई सकेपछि विश्वविद्यालयमा प्रवेश पाउन प्रवेश परीक्षाको व्यवस्था गरिएको थियो सो उद्देश्यको बिपरित एस.एल.सी.परीक्षा उत्तीर्ण गर्नासाथै उच्च शिक्षामा

---

[९५] *ऐजन*।

[९६] श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-१),* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७, पृ. ५८४ ।

प्रवेश पाउने अधिकार स्वतः हासिल गर्छ भन्ने धारणाबाट उत्प्रेरित भई प्रत्येक वर्ष विभिन्न भर्ना नीति अपनाउँदै आइयो । प्रवेश परीक्षा उत्तीर्ण हुनु पर्ने अनिवार्यता तथा त्यसको वजन भारमा क्रमशः उदार एवम् प्रभावहीन नीति अपनाउँदै अन्तमा प्रवेश परीक्षा नै खारेज गर्ने निर्णय भएबाट विद्यार्थी चापमा अत्यधिक वृद्धि भई त्रिभुवन विश्वविद्यालयका विभिन्न शैक्षिक कार्यक्रमहरूको स्तर वृद्धि र विस्तारमा एकातर्फ प्रतिकूल प्रभाव पर्न गएको तथा अर्कातर्फ क्षेत्रीय सन्तुलन कायम गर्न यसबाट सम्भव नहुने स्थिति देखा पऱ्यो । त्यस्तै प्रवेश परीक्षाका साथै अन्तिम कम्प्रिहेन्सीव परीक्षा पनि खारेज गरिएको हुनाले त्रिभुवन विश्वविद्यालयमा गुणात्मक एवम् न्यूनतम स्तर कायम गराउन अत्यन्त कठिन हुन गएको योजनाको ठहर रह्यो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले त्रिभुवन विश्वविद्यालयका विभिन्न अध्ययन संस्थानबाट प्रत्येक वर्ष उत्पादन हुने जनशक्तिलाई मुलुकको विकासमा लगाउने नीति लिए तापनि पाँचौं योजनामा सो पूर्ति हुन नसकेको तथा छैठौं योजनाको प्रक्षेपणले अझ अन्तर बढेर जाने लक्षण देखिएको कुरा योजनाविद्ले औंल्याएका थिए ।[९७]

यस्तो अवस्थामा छैठौं योजना (२०३७-२०४२) मा उच्च शिक्षातर्फ अध्ययन संस्थानहरूलाई प्राविधिक, व्यावसायिक तथा साधारण तीन समूहमा विभाजित गरी प्रथम दुई किसिमका अध्ययन संस्थानहरूको क्षमतामा विस्तार गर्ने कार्यलाई प्राथमिकता दिइने, उच्च शिक्षाका पाठ्यपुस्तक क्रमशः स्वदेशमा नै निर्माण गरी मुद्रण गर्ने नीतिअनुसार पाठ्यपुस्तकहरू मुद्रण गरी बिक्री गर्ने तथा पुस्तकालय व्यवस्थाको विकासमा जोड दिनाका साथै अनुसन्धान कार्यक्रमलाई स्थानीय आवश्यकताअनुसार सञ्चालन गर्ने योजना बनाइयो । छैठौं योजनाले सर्वप्रथम प्राविधिक अध्ययन संस्थान बाहेक व्यावसायिक समूह र साधारण

---

[९७] *ऐजन,* पृ. ५९९ ।

समूहको अध्ययन संस्थानहरू मातहतका क्याम्पसहरू निजीक्षेत्रबाट पनि तोकिएका शर्तहरू पालन गर्ने गरी खोल्न दिने योजना बनाइयो । यस क्रममा सरकारी आर्थिक दायित्वमाथि भर पर्ने परम्परालाई क्रमशः हटाउँदै जनसहभागिता र संलग्नताको सिद्धान्तलाई बढावा दिई साधारण शिक्षाको विस्तार गर्ने नीति लिइयो ।[९८]

फलस्वरूप सरकारले छैठौँ योजनामा त्रिभुवन विश्वविद्यालयको शैक्षिक स्तर वृद्धि गर्नेतर्फ आवश्यक अध्ययन एवम् अनुसन्धान गराउने, क्याम्पसमा भर्ना हुन चाहने विद्यार्थीको अत्यधिक चापलाई कमगर्न रेडियो, प्रकाशन, टेपहरू र पत्राचारको माध्यमबाट बर्मा, श्रीलंका, पाकिस्तान आदि देशहरूमा जस्तै खुल्ला शिक्षा पद्धतिद्वारा उच्च शिक्षा उपलब्ध गराउनु आवश्यक देखिएकाले त्रिभुवन विश्वविद्यालयअन्तर्गत वा अलग्गै यस्तो उच्च शिक्षाको प्रबन्ध र यस शिक्षाको सम्भावनाहरूबारे योजना अवधिमा अध्ययन र प्रयोगात्मक कार्यहरू सुरु गर्नाका साथै यस सम्बन्धमा आवश्यक कार्यनीति तथा कार्यक्रमहरू राष्ट्रिय शिक्षा समिति र त्रिभुवन विश्वविद्यालयले तयार गर्ने लक्ष राखियो । त्यस्तै छैठौँ योजना कालमा अर्को एउटा विश्वविद्यालय स्थापना गर्न प्रारम्भिक सम्भावनाको अध्ययन गराइने भयो ।

त्रिभुवन विश्वविद्यालयको बढ्दै गएको खर्च व्यवस्थापनका लागि शुल्क तथा सम्पत्तिबाट आर्जन हुने आम्दानी वृद्धि गर्ने, खासगरी प्राविधिक अध्ययन संस्थानहरूले उत्पादन कार्यबाट आय वृद्धिगरी बढी भन्दा बढी आवश्यकता पूर्ति गर्न सक्षम हुनु पर्ने सिद्धान्तलाई प्राथमिकता दिइयो । त्रिभुवन विश्वविद्यालयलाई श्री ५ को सरकारले दिँदै आएको खर्चमा क्रमशः कटौती गर्दै जाने तथा विश्वविद्यालयले पनि क्रमिक रूपमा आफ्नो आर्थिक क्षमता बढाउँदै लैजानु पर्ने यसको मुख्य उद्देश्य थियो ।

त्यसो त प्राविधिक अध्ययन संस्थाहरूमा विद्यार्थी भर्ना लिँदा देश विकासका लागि आवश्यक पर्ने जनशक्तिको आपूर्तिलाई विचार गरी भर्ना

---

[९८] *ऐजन,* ५८५-८७ ।

क्षमता बढाउने व्यवस्था गरिने, विशेषतः प्राविधिक र व्यावसायिक विषयका क्याम्पसहरूको विकासमा प्राथमिकता दिइने तथा विद्यार्थी संख्या, क्याम्पसहरूको भर्ना क्षमता आदिलाई विचार गरी साधारणतर्फका अध्ययन संस्थानहरूको विकास गर्ने पनि योजनामा उल्लेख गरियो । त्यस्तै मुलुकको भौगोलिक स्थिति र क्षेत्रीय विभिन्नतातर्फ विचार गर्दा जिल्ला र क्षेत्रीय तहमा जनशक्तिको खाँचो र पूँजीलाई सकभर सन्तुलन गर्न उच्च शिक्षाका साथै प्राविधिक विद्यालयहरूमा क्षेत्रीय दृष्टिकोण राख्नका लागि छैठौं योजनाकालमा प्रत्येक विकास क्षेत्रमा कृषि, चिकित्सा, इन्जिनीयरिङ्ग जस्ता अध्ययन संस्थानहरूको क्याम्पस स्थापना गर्ने भनियो । त्यस्तै योजना अवधिको अन्तसम्म त्रिभुवन विश्वविद्यालको विभिन्न अध्ययन संस्थानहरूमा प्रमाणपत्र तहमा भर्ना लिने जम्मा विद्यार्थी संख्याको अनुपातमा प्राविधिक, व्यावसायिक र साधारणमा क्रमशः ३०, ३५ र ३५ प्रतिशत पुऱ्याउने लक्ष लिइयो ।

छैठौं योजनाले उच्च शिक्षालाई प्राविधिक, व्यावसायिक र साधारण तीन समूहमा विभाजित गर्ने लक्ष राखेको थियो जसमा प्राविधिक शिक्षाअर्न्तगत इञ्जिनीयरिङ्ग अध्ययन संस्थान, कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, वनविज्ञान अध्ययन संस्थान, चिकित्साशास्त्र अध्ययन संस्थान तथा विज्ञान तथा प्रविधि अध्ययन संस्थान; व्यावसायिक शिक्षामा शिक्षाशास्त्र अध्ययन संस्थान, व्यवस्थापन अध्ययन संस्थान र कानून अध्ययन संस्थानलाई राखियो भने साधारण शिक्षामा मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान र संस्कृत अध्ययन संस्थान राखिए ।

समग्रमा राष्ट्रिय विकासका क्रममा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अनुसन्धान केन्द्रहरूले बढी सक्षम र उपयोगी भूमिका निभाउनु जरुरी भएको श्री ५ को सरकारले महशुस गर्नु स्वाभाविक नै देखिन्छ । त्यसैले अनुसन्धानसम्बन्धी कार्यहरू विशेषतः राष्ट्रिय आवश्यकता अनुकूल सञ्चालन गर्नेतर्फ जोड दिने योजना बनाइएको थियो । यसरी अनुसन्धान कार्यबाट आएका परिणाम सकेसम्म देशको विकासका क्रममा सहयोगी र

व्यावहारिक पक्षमा सुधार हुने किसिमको तुल्याउनेतर्फ त्यस्ता अनुसन्धान केन्द्रलाई सक्रिय बनाउँदै विश्वविद्यालय शिक्षाका निम्तिसमेत उपयोगी हुने खालका अनुसन्धानहरूतर्फ सम्बन्धित अनुसन्धान केन्द्रहरूलाई सक्रिय तुल्याउने तथा अनुसन्धान केन्द्रहरूले क्रमशः आर्थिक रूपले आत्मनिर्भर रहनु पर्ने नीतिसमेत अपनाउनका लागि छैठौँ योजनाले विशेष जोड दिएको थियो ।

छैठौँ योजना अवधिमा विभिन्न अध्ययन संस्थानहरूबाट कुल १,८६,१०७ (एक लाख छेयासी हजार एक सय सात) विद्यार्थी भर्ना गरी ७२,३०१ (बहत्तर हजार तीन सय एक) जना उत्पादन गर्ने यस प्रकार लक्ष लिइयो ।[९९]

| सि.नं. | संस्थाको नाम | भर्ना लक्ष | उत्पादन लक्ष |
|---|---|---|---|
| १ | इञ्जिनीयरिङ्ग अध्ययन संस्थान | ४,९८८ | २,७७८ |
| २ | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान | ६,४१० | ५,८०७ |
| ३ | चिकित्साशास्त्र अध्ययन संस्थान | ४,८९४ | ३,७३३ |
| ४ | वन विज्ञान अध्ययन संस्थान | १,३६५ | १,०५५ |
| ५ | शिक्षाशास्त्र अध्ययन संस्थान | २९,६०० | २७,७५५ |
| ६ | कानून अध्ययन संस्थान | १२,८०० | ४,७१० |
| ७ | विज्ञान तथा प्रविधि अध्ययन संस्थान | २३,६२५ | ६,१८० |
| ८ | व्यवस्थापन अध्ययन संस्थान | ३४,६७५ | ६,९०२ |
| ९ | मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थान | ६६,३५० | १२,६४० |
| १० | संस्कृत अध्ययन संस्थान | १,४०० | ७४१ |
| | **जम्मा** | **१,८६,१०७** | **७२,३०१** |

[९९] *ऐजन,* पृ. ५८५-६०२ ।

## मूल्याङ्कनमा राष्ट्रिय शिक्षा पद्धतिको योजना

मध्यावधि मूल्याङ्कन

राष्ट्रिय शिक्षा पद्धतिको योजना (राशिपयो) २०२८ विद्यालय तहमा पाँच वर्षमा र उच्च शिक्षातर्फ त्रिभुवन विश्वविद्यालयमा प्राविधिक र साधारण विषयका आधारमा दुई चरणमा लागू गरिएको थियो । यस क्रममा त्रिभुवन विश्वविद्यालय (उच्च शिक्षा) मा आर्थिक वर्ष २०२९/०३० र २०३०/०३१ दुई चरणमा तथा विद्यालय शिक्षातर्फ योजनाको तेस्रो चरण सञ्चालन हुँदै गर्दा मध्यावधि पूरा भएकाले राशिपयोको मूल्याङ्कन गरियो । 'मध्यावधि मूल्याङ्कन प्रतिवेदन २०३२' ले राशिपयो कार्यान्वयनका क्रममा उच्च शिक्षातर्फका संगठन एवम् व्यवस्थापन प्रणालीमा संशोधन गर्दै शैक्षिक पक्षको सुदृढीकरणका लागि दिएका विभिन्न सुझावको कार्यान्वयनका क्रममा उच्च शिक्षामा संगठन, व्यवस्थापन र शैक्षिक क्षेत्रमा प्रशस्त परिवर्तन गरियो । राशिपयोद्वारा निर्धारित उच्च शिक्षाका कार्यक्रम र संगठनात्मक ढाँचा, त्रिभुवन विश्वविद्याल ऐन २०२८ तथा राष्ट्रिय शिक्षा समिति र त्रिभुवन विश्वविद्यालद्वारा तिनको जे जस्तो कार्यान्वयन भयो त्यस परिप्रेक्ष्यमा केही मात्रामा योजनाकै गोरेटोमा र केही मात्रामा योजनको मूल ढाँचामा संशोधन एवम् परिवर्तनसमेत अपेक्षित हुने गरी उक्त मध्यावधि प्रतिवेदनले सुधारको सिफारिस गरेबाट उच्च शिक्षा परिचालन प्रक्रियामा उल्लेखनीय मोड आएको धारणा पाइन्छ । यसै सन्दर्भमा यहाँ मध्यावधि मूल्याङ्कनका प्रमुख बुँदालाई उल्लेख गरिएको छ;[१००]

- राष्ट्रिय शिक्षा समितिलाई अझ बढी सक्षम र प्रभावकारी बनाउन मध्यावधि मूल्याङ्कनले दिएका विभिन्न सुझावहरूमध्ये सो

---

[१००] शाही उच्च शिक्षा आयोग, *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौंः वि.सं. २०४०, पृ. १००-१०६ ।

समितिअन्तर्गत शिक्षामा नयाँ खोज र प्रवर्द्धनका लागि शिक्षा विकास तथा अनुसन्धान केन्द्रको स्थापना गर्ने,

- उच्च शिक्षाका क्षेत्रमा राशिपयोको कार्यान्वयनका क्रममा नियमद्वारा व्यवस्था गरिएको केन्द्रीय पदाधिकारीका साथै डीनहरूसमेत रहेको र आंशिक रूपमा योजना पूर्वको विश्वविद्यालय सिन्डिकेटको जस्तै भूमिका खेल्न पुगेको प्राविधिक समितिलाई खारेज गरी त्रिभुवन विश्वविद्यालयका विनयिमहरूको तर्जुमा गर्न विश्वविद्यालयका तीन केन्द्रीय पदाधिकारी भएको 'त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समिति' व्यवस्था गर्ने र केन्द्रीय पदाधिकारीहरूका साथै डीनहरूसमेत भएको प्राविधिक सम्मेलनको व्यवस्था गरी त्यसलाई शैक्षिक कार्यक्रमको तर्जुमा र समीक्षाको अभिभारा दिने,
- त्रिभुवन विश्वविद्यालयको केन्द्रीय प्रशासनमा सुधार र सुदृढीकरणको आवश्यकता रहेकाले विश्वविद्यालयमा रहेको योजना र मूल्याङ्कन महाशाखा विश्वविद्यालयका उपकुलपतिको मातहतमा राख्ने,
- राशिपयोमा उल्लेख भएअनुसार विश्वविद्यालय ऐन २०२८ मा विश्वविद्यालयमा विकेन्द्रित प्रशासन हुने, अध्ययन संस्थानहरूको सामूहिक स्वरूप नै त्रिभुवन विश्वविद्यालय हुने र अध्ययन संस्थानलाई आफ्नो शैक्षिक कार्यक्रमको सञ्चालनका लागि आवश्यक आर्थिक र प्रशासकीय अधिकारहरूसमेत दिई तिनले राम्रो विकास गरेमा शाही बडापत्र (रायल चार्टर) समेत दिन सकिने उल्लेख गरिएकोमा राशिपयोको मध्यावधि मूल्याङ्कन प्रतिवेदनले अध्ययन संस्थानका डीनका आर्थिक र प्रशासकीय अधिकारहरू झिकी विश्वविद्यालयको केन्द्र स्तरमा बढी अधिकार केन्द्रित हुने जस्तो व्यवस्था गऱ्यो, जसअन्तर्गत आर्थिक तथा

प्रशासकीय दृष्टिले विश्वविद्यालयमा खास दुई तह रहने भए- त्रिभुवन विश्वविद्यालय केन्द्र र क्याम्पस,

- डीनको आर्थिक र प्रशासकीय अधिकारहरू झिकी उनीहरूलाई अध्ययन संस्थानको शैक्षिक कार्यक्रममा गुणस्तर सम्बर्द्धनका निम्ति शैक्षिक नेतृत्वको अभिभारा सुम्पने,
- नेपाल र एशियाली अध्ययन संस्थान तथा व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान दुई अध्ययन संस्थानलाई अनुसन्धान केन्द्रमा परिणत गर्ने र व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थानअन्तर्गतको आर्थिक विकास तथा अनुसन्धान केन्द्रलाई पनि पुनः छुट्टै व्यक्तित्व प्रदान गर्ने जसले गर्दा विश्वविद्यालयको उच्च शिक्षा संगठनमा शिक्षण केन्द्रित अध्ययन संस्थान र अनुसन्धान गर्ने अनुसन्धान केन्द्र गरी दुई थरीका निकायहरू हुने,
- अध्ययन संस्थानका विद्यापरिषद्‌हरूलाई विशेष सक्रिय तुल्याउने,
- प्राविधिक अध्ययन संस्थानहरूका विस्तारका निम्ति इञ्जीनियरिङ्ग, चिकित्सा र कृषि-पशुविज्ञानतर्फ डिप्लोमा तहको कार्यक्रम चलाउने र कृषि-पशुविज्ञान तथा इञ्जीनियरिङ्गका कार्यक्रममा विषयगत विशिष्टीकरणका साथै प्रत्येक विकास क्षेत्रमा आवश्यकतानुसार इञ्जीनियरिङ्ग, चिकित्सा र कृषि-पशुविज्ञानका क्याम्पस खोल्ने,
- साधारण उच्च शिक्षातर्फको पर्याप्त आर्थिक दायित्व बहन गर्ने अञ्चल शिक्षा समितिहरूलाई अञ्चलको उच्च शिक्षासम्बन्धी कतिपय अधिकारहरू दिई प्रेरित गर्ने,

राशिपयोले अध्ययन संस्थानको केन्द्रीय क्याम्पसको व्यवस्था गरेकोमा प्रतिवेदनले यस प्रकार सुझाव पेश गरेको थियो;

- विश्वविद्यालयले केन्द्रीय स्तरबाट नै योजनामा निर्दिष्ट भएअनुसारका उत्कृष्ट केन्द्रहरू (सेन्टर अफ एक्सेलेन्स) सञ्चालन गर्ने,
- अध्ययन संस्थानका केन्द्रीय क्याम्पसलाई उत्कृष्ट र नमूना क्याम्पसको स्वरूप दिने र
- विश्वविद्यालयबाट राष्ट्रिय शिक्षा समितिको पूर्वस्वीकृति लिई यी उत्कृष्ट केन्द्रहरूको स्थापना हुने र यिनले शिक्षणविधि, शिक्षण स्तरवृद्धि, शैक्षिक नेतृत्व, व्यावहारिक र विकासमूलक अनुसन्धान र अन्य शैक्षिक क्रियाकलापबारे उत्कृष्ट र नमूनालायक कार्य गर्ने,
- अध्ययन संस्थानको स्वरूपलाई ध्यानमा राखी बहुमुखी क्याम्पसलाई क्रमशः एकमुखी तुल्याउने,
- क्याम्पस व्यवस्थापनको सुदृढीकरणका सन्दर्भमा क्याम्पसको विद्यार्थी संख्या, शैक्षिक कार्यक्रमको तह र विविधताका आधारमा तीन श्रेणीमा क्याम्पसहरूको वर्गीकरण गर्ने तथा 'क' र 'ख' श्रेणीका क्याम्पसहरूमा सहायक क्याम्पस प्रमुखको व्यवस्था गर्ने,
- त्रिभुवन विश्वविद्यालयको रजिष्ट्रारको कार्यालय र क्याम्पस व्यवस्थापनबीच आर्थिक र प्रशासनिक विषयमा सीधा सम्बन्ध स्थापित हुनु पर्ने,
- उच्च शिक्षाका क्षेत्रमा अपेक्षित भवन आदि भौतिक पक्षको विकाससम्बन्धी १० वर्षे योजना बनाई त्यसको कार्यान्वयनका लागि विश्वविद्यालय केन्द्रबाट आर्थिक स्रोत जुटाउनु पर्ने,
- अनुसन्धान कार्य र प्रकाशनलाई बढावा दिनु पर्ने,
- पाठ्यक्रमका विभिन्न पक्षमा सुधार गर्ने र विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रको सुदृढीकरण गर्ने,

- त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रअन्तर्गत विभिन्न अध्ययन संस्थानमा पढाइने अनिवार्य विषयको विषय समितिको व्यवस्था गर्ने र साझा विषयलाई पनि सो केन्द्रअन्तर्गत ल्याउने,
- शिक्षाध्यक्षको कार्यालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रलाई पाठ्यक्रम निर्माण, शिक्षणविधि, मूल्याङ्कनविधि र अनुसन्धानविधि आदिबारे प्रवर्त्तन गर्ने र तत्सम्बन्धी कार्यशाला, तालीम र गोष्ठी आदिको आयोजना गर्नाका साथै सो केन्द्रलाई पाठ्यक्रमानुसार पाठ्यपुस्तकहरूको विकास गर्ने दायित्व दिने,
- विश्वविद्यालयको अनुसन्धान नीतिको रूपरेखा तयार गर्नाका साथै त्रिभुवन विश्वविद्यालय अनुसन्धान शाखा र कार्यक्रमको सुदृढीकरण गर्ने,
- राष्ट्रिय विकास सेवा कार्यक्रमको सुदृढीकरण गर्ने,
- क्याम्पस पुस्तकालयको सुदृढीकरण र शाखा (क्षेत्रीय) पुस्तकालयको व्यवस्था गर्ने,
- शिक्षण सेवामा सुधार गर्ने,
- त्रिभुवन विश्वविद्यालय सेवा आयोगका कार्यप्रणालीमा सुधार ल्याउने र शिक्षकको कार्यसम्पादन मूल्याङ्कनका आधार स्पष्ट पार्ने,
- आफ्नो विषय-क्षेत्रमा मौलिक वा गहकिलो योगदान दिनेलाई विशिष्ट प्राध्यापकको रूपमा सम्मानित गर्ने,
- शैक्षिक-प्राज्ञिक नेतृत्व विकासका निम्ति नवनियुक्त शिक्षकहरूको अभिमुखीकरण गर्ने, स्तरीय बौद्धिक रचनात्मक शिक्षण गर्ने, कर्तव्यनिष्ठ शिक्षकलाई पुरस्कृत तथा सम्मानित गर्ने, विश्वविद्यालयका विभिन्न पदाधिकारीहरूको नियुक्ति वा सिफारिस गर्दा विशिष्ट शैक्षिक-प्राज्ञिक सिर्जनात्मक देन दिनेहरूमध्ये सर्वश्रेष्ठलाई छान्ने र विश्वविद्यालयका शिक्षकहरूलाई उच्च तालीमको अवसर दिन तत्कालै विस्तृत कार्यक्रम बनाउने,

- प्रवेश परीक्षामा ३० प्रतिशत अङ्क नल्याउनेलाई भर्ना नगर्ने, विषयगत अभिवृत्ति परीक्षा लिने, सामान्यतः जुन अञ्चल वा जिल्लाको विद्यार्थी हो त्यहीँका क्याम्पसमा नै भर्ना हुनु पर्ने, प्राविधिक अध्ययन संस्थानतर्फको भर्नामा विकास क्षेत्र र दुर्गम जिल्लाका निम्ति कोटा तोक्ने तथा
- उच्च शिक्षाको मूल्याङ्कन प्रणालीअन्तर्गत आन्तरिक मूल्याङ्कन र परीक्षाको निम्नलिखित प्रतिशत भार तोक्ने;

| | |
|---|---|
| क आन्तरिक मूल्याङ्कन | १० प्रतिशत |
| ख सत्रान्त परीक्षा | ४० प्रतिशत |
| ग केन्द्रीय परीक्षा | ५० प्रतिशत |

पूर्णावधि मूल्याङ्कन

राशिपयो २०२८ को पाँच वर्षे अवधि २०३३ सालमा पूरा भएपछि पूर्णावधि मूल्याङ्कनको प्रक्रिया थालिएको हो । यसै बीच २०३५-०३६ सालमा विद्यार्थी आन्दोलन र उच्च शिक्षा क्षेत्रको शैक्षिक सङ्कट पनि देखा परेको र विद्यार्थी समस्या सम्बन्धी शाही आयोग २०३६ को गठनका साथै यसले माग पूर्तिका क्रममा भूमिका खेलेको र प्रतिवेदन दिएको थियो । विद्यार्थी आन्दोलनका क्रममा राजा वीरेन्दबाट २०३६ साल जेठ १० गतेका दिन भएको जनमत संग्रहको घोषणाबाट विद्यार्थी आन्दोलन समाप्त भए तापनि क्याम्पसको शैक्षिक वातावरण, परीक्षा आदि स्वस्थ्य र सुचारु रूपमा सञ्चालन हुन सकेन । राशिपयोको पूर्णावधि मूल्याङ्कन प्रत्यक्ष-परोक्ष रूपमा शैक्षिक क्षेत्रमा देखा परेको अस्थिर वातावरणबाट प्रभावित नहुने सम्भावना नै रहेन । यसै सन्दर्भमा यहाँ पूर्णावधि मूल्याङ्कनमा उठाइएको मुख्य सन्दर्भ दिइएको छ;[१०१]

[१०१] त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुरको अभिलेख शाखामा २१० पृष्ठ जतिको लिथो गरिएको एउटा सामग्री फेला परेको छ । यसको अगाडीको शीर्षक, मिति, तयार गर्नेको नाम-विवरण, मिति आदि केही उल्लेख पाइँदैन,

उच्च शिक्षामा देखापरेका त्रुटी

पूर्णावधि मूल्याङ्कनको प्रतिवेदनमा जनशक्तिसँग सम्बद्ध विषयलाई उठाइएको छ । यस सन्दर्भमा जनशक्ति योजना व्यवस्थित हुन नसकेको, योजना आयोग र शिक्षा मन्त्रालयले सो गर्न नसकेको, सामाजिक चापले निकै मात्रामा प्रवेश परीक्षा र विद्यार्थी भर्नामा नियन्त्रक भूमिका खेलेको एवम् योजनामा लक्षित प्राविधिक र साधारण शिक्षाको अनुपात ६० र ४० प्रतिशत रहेको, मध्यावधि मूल्याङ्कनले स्पष्ट पारेको योजनाकालीन लक्ष अनुपात ४० र ६० प्रतिशत भएको तथा वास्तवमा २०२९-०३० र २०३५-०३६ सालको स्थितिको तुलना गर्दा सो अनुपात क्रमशः २८, ७२ र ३४ प्रतिशत देखिएको उल्लेख गरियो । त्यस्तै यति भए तापनि शिक्षाशास्त्र समावेश नगर्दा प्राविधिक अनुपात क्रमशः ११ र २९ प्रतिशत भएको अवस्थामा यस्तो लक्षगत अनुपातको कुरा नै त्यति व्यावहारिक नरहेको स्पष्ट गरियो ।

गुणस्तरयुक्त विद्यार्थी छनोट हुन नसकेको र बाह्य चापबाट प्रशस्त प्रभावित भएको हुँदा प्रवेश परीक्षाको सार्थकता नदेखिएको देखिन्छ । त्यस्तै राशिपयो लागू हुँदा पुरानो पाठ्यक्रमलाई सेमेष्टरमा टुक्राइएको, पाठ्यक्रममा निकै मात्रामा निरन्तर तथा छिटो छिटो र हचुवा परिवर्तन भएको जसबाट देश विदेशमा त्रिभुवन विश्वविद्यालयका पाठ्यक्रमबारे विश्वसनीयता डगमगाएको देखियो । पाठ्यांशको विषयवस्तु बढी हुँदा कक्षामा विशेष अभ्यासको अवसर कम रहेको, समयमा पाठ्यांश पूरा गर्ने समस्या रहेको, कतिपय पाठ्यपुस्तकको दुर्लभता देखिएको, योग्य शिक्षकको कमी रहेको (कक्षामा ठूलो संख्या रहेको र शिक्षकको ज्ञान वृद्धि र प्रशिक्षणको अवसरको कमी भएको अनि कोर्स रजिष्ट्रेसन र कोर्स साइकलका समस्याहरू पनि यस प्रसङ्गमा विचारणीय भन्दै पाठ्यक्रमका

---

सम्भवतः च्यातिएको हो । सामग्रीको थालनीमा कलमले 'रा.शि.प.प्रारम्भ भएदेखि उ.शि.को क्षेत्रमा भएका उपलब्धि र कमजोरीहरू सम्बन्धमा गठिन समितिको प्रारम्भिक प्रतिवेदन' लेखिएको छ । त्यसपछि 'विषय सूची' रहेको छ । यो सन्दर्भ सोही सामग्रीको पृ. ८८-९७ बाट लिइएको हो ।

द्रुतताले पाठ्यपुस्तक उत्पादनमा पनि बाधा परेको, पठन-पाठन विधिमा खास परिवर्नन हुन नसकेको एवम् अन्तर अध्ययन संस्थान पाठ्यक्रमका बीच समानस्तरको स्थापना गर्ने व्यवस्था नभई अन्तर अध्ययन संस्थान प्रवेशमा बाधा देखा परेको औँल्याइयो ।

समुच्चा रूपमा त्रिभुवन विश्वविद्यालयको स्पष्ट अनुसन्धान नीति र कार्यक्रम नभएको, अनुसन्धान केन्द्र, अनुसन्धान महाशाखा र अध्ययन संस्थानका अनुसन्धानका उद्देश्य, कार्यक्षेत्र र परिचालनको बारेमा समुचित व्यवस्थापन र सामन्जस्य नभएको देखियो ।

क्याम्पस प्रशासनका कारणसमेत पठन पाठन एवम् गुणस्तरीय शिक्षा दिने कार्यमा बाधा परेको सन्दर्भ उठाइयो । यस क्रममा धेरैजसो डीन, सहायक डीन र क्याम्पस प्रमुखहरू शैक्षिक कार्यक्रममुखी भन्दा बढी प्रशासनमुखी रहेको तथा प्रशासनले शिक्षकको विश्वास र शिक्षकले विद्यार्थीको विश्वास लिने प्रक्रिया नभएको, धेरैजसो बहुमुखी क्याम्पसको विद्यार्थी संख्या सम्हाल्नै नसकिने गरी बढेको जस्ता विषय उठाइयो ।

त्यस्तै योजनाद्वारा लक्षित अन्तर्विषयक दृष्टिकोणको कार्यान्वयन हुन नसकेको, अन्तर अध्ययन संस्थान स्तर शैक्षिक कार्यक्रममा समन्वय नभएको, राम्रो तयारी बिना क्याम्पसको तहवृद्धि र नयाँ कार्यक्रमको सुरुआत गरिएको, विषयगत स्नातकोत्तर र स्नातक विभाग खोलेर पनि त्यसलाई जनशक्ति र भौतिक दृष्टिले सुसज्जित नगरेको, धेरैजसो विद्यापरिषद् अध्ययन संस्थानका कार्यक्रम र योजनातर्फ नलागी पाठ्यक्रम हेरफेरमा बढी लागेको, प्राविधिक अध्ययन संस्थानले आफ्ना कार्यक्रमलाई अन्तरराष्ट्रिय मान्यता प्राप्त गराउन नसकेको तथा उच्च तहका शिक्षक र नयाँ शिक्षकबाट उस्तै काम लिने गरेको एवम् सुयोग्य शिक्षकको प्रतिभा र अनुभवको सदुपयोग गर्न नसकेको जस्ता कारणसमेत त्रुटीका रूपमा औँल्याइयो । यसैगरी केन्द्रीय पदाधिकारीहरूमा उचित सन्तुलन नभएको, केन्द्रीय कार्यालयका एकाइहरूको कार्य विवरण निर्धारण नगरिएको तथा विश्वविद्यालयमा संगठनात्मक जटिलतासमेत बाधक भनियो ।

आर्थिक अवस्थासमेत विश्वविद्यालय सञ्चालनमा अवरोधक पक्ष बन्न गयो । यस क्रममा शैक्षिक लगानीमा बृद्धि भए तापनि गुणस्तरको विकास नभएको एवम् उत्तीर्णता प्रतिशत पनि कम रहेको देखियो ।

विज्ञान र प्राविधिक अध्ययन संस्थानबाट आवश्यक मात्रामा शिक्षकको उत्पादन हुन नसकेको अर्थात् आफ्नै क्याम्पसलाई आवश्यक शिक्षकसमेत उत्पादन गर्नसमेत नसकेको, मेधावी विद्यार्थी भर्ना गरेर पनि परीक्षा परिणाम राम्रो नभएको, योजनाले माध्यमिक तहका व्यावसायिक शिक्षाका विद्यार्थी लिने निर्देशन दिएको भए तापनि त्यस्ता विद्यार्थीको पूर्वाधार कमजोर भई गुणस्तरमा ह्रास आएको, प्रमाणपत्र तहका शिक्षाबाट उच्च शिक्षाको पूर्वाधार र सीप प्राप्त नभएको तथा विज्ञान अध्ययन संस्थानमा रहेको प्रतिभाको सार्थक उपयोग गर्न नसकेको एवम् यस संस्थानमा लगानी पनि कम रहेका कारण विश्वविद्यालयमा यथोचित् प्रगति हुन नसकेको ठहर गरियो ।

मुख्य सुझाव

पूर्णावधि मूल्याङ्कनका क्रममा विश्वविद्यालयले चाल्नु पर्ने कदमका सम्बन्धमा सुझावसमेत दिइएको थियो । यस क्रममा देहायका सुझाव दिइएको देखिन्छ;[१०२]

- जनशक्ति आवश्यकताको अनुमानमा मात्र शिक्षा योजनालाई आधारित नगराई सामाजिक भागमासमेत आधारित गराउनु पर्ने, शिक्षामा जनसहभागितालाई बढावा दिने । साधारण शिक्षामा अनियन्त्रित विस्तार भएकोमा श्री ५ को सरकारले पूरा पूरा दायित्व लिईराख्न नसक्ने,

[१०२] त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुरको अभिलेख शाखा रहेको माथि उल्लेख गरिएको सामग्री, पृ. ९५-९७ ।

- परीक्षा प्रणालीमा स्थायी, सर्वमान्य र व्यावहारिक परिपाटी पहिल्याउने क्रममा छ महीने सेमेष्टर प्रणालीका सट्टा वार्षिक परीक्षाको सम्भाव्यता उपर विचार गर्ने,
- प्राविधिक, व्यावसायिक र साधारण शिक्षाका रूपमा उच्च शिक्षाको विभाजन गर्ने, यिनमा क्रमशः जनशक्ति अनुमान ४०, ४० र २० प्रतिशतका अनुपातमा राख्ने,
- विज्ञान र प्राविधिक अध्ययन संस्थानका अल्पकालीन र दीर्घकालीन योजना हुनु पर्ने,
- जनशक्ति उत्पादन, शिक्षक योग्यता वृद्धि, अनुसन्धान र भौतिक विकास वारे पनि योजना गरिनु पर्ने,
- प्रशासनिक खर्च कम गर्ने, विभिन्न एकाईको र शिक्षक कर्मचारीका विभिन्न तहको कार्य निर्धारण (जब डिस्क्रिप्सन) गरिनु पर्ने,
- त्रिभुवन विश्वविद्यालयका प्रमाणपत्र र डिग्रीलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउनु पर्ने,
- अनुसन्धान नीति र व्यवस्थामा पुनर्विचार गर्ने,
- सामान्यतया पाँच वर्ष नभई पाठ्यक्रममा परिवर्तन नगर्ने तथा पाठ्यक्रमलाई अन्तर अध्ययन संस्थान मान्यतातर्फ प्रयास गर्ने,
- बहुमुखी क्याम्पसलाई क्रमशः एकात्मक तुल्याउने तर्फ प्रयास हुनु पर्ने,
- डीन र क्याम्पस प्रमुखलाई शैक्षिक कार्यक्रममुखी बनाउने,
- कार्यक्रम सञ्चालन र त्यसमा गुणात्मक विकास भएको अध्ययन संस्थालाई शाही चार्टर (बडापत्र) दिने व्यवस्था गर्ने,
- उच्च शिक्षाको विभिन्न तहहरूका लागि तोकिएको कूल पाठ्यांश भारलाई स्नातकोत्तर, स्नातक र प्रमाणपत्र तहमा क्रमशः ५०, ६० र ७५ क्रेडिट भार दिने तथा

- प्राध्यापक, सहप्राध्यापक तहका शिक्षकहरूलाई क्रमशः रु. १०,०००/- र रु. ५,०००/- वर्षको एकमुष्ट आर्थिक सहुलियत दिनाका साथै सो सहुलियतबाट उनीहरूले के कस्तो अनुसन्धान, कृति वा शैक्षणिक कार्यहरू गरेका छन् त्यसको वार्षिक रूपमा मूल्याङ्कन गर्ने ।

**शाही आयोग**

२०३६ सालमा विद्यार्थीले विभिन्न माग राखी आन्दोलन गरेपछि श्री ५ बाट विद्यार्थी हडतालको प्रकृति, प्रक्रिया र यस सिलसिलामा विभिन्न ठाउँमा घटेका घटनाको निष्पक्ष जाँच गरी त्यसको समाधानका निम्ति सुझाव सहित प्रतिवेदन पेश गर्नका लागि न्यायिक समितिका अध्यक्ष तथा सर्वोच्च अदालतका न्यायाधीश धनेन्द्रबहादुर सिंहको अध्यक्षतामा २०३६ साल वैशाख १९ गते एउटा ५ सदस्यीय 'शाही आयोग' गठन गरियो । शाही आयोगका अन्य सदस्यहरूमा सर्वोच्चअदालतका न्यायाधीश सरदार ईश्वरीराज मिश्र, राष्ट्रिय पञ्चायतका उपाध्यक्ष लोकेन्द्रबहादुर चन्द, भूतपूर्व मन्त्री सुरेन्द्रबहादुर बस्नेत तथा त्रिभुवन विश्वविद्यालयका भूतपूर्व उपकुलपति सूर्यबहादुर शाक्य थिए ।

मन्त्रिपरिषद्लेसमेत त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पस तथा केही शिक्षालयहरूमा भएका विद्यार्थी हड्तालका सम्बन्धमा श्री ५ समक्ष जानकारी गराएको तथा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले पनि राष्ट्रिय पञ्चायतका सदस्य तथा वरिष्ठ पञ्च कार्यकर्ताहरूसमेत बसी विस्तृत छलफल गरी विद्यार्थीहरूको समस्या समाधानका निम्ति शाही आयोग गठन गर्नका लागि सिफारिस गरेकाले श्री ५ बाट उक्त शाही आयोग गठन गरिएको कुरा श्री ५ को प्रमुख सम्वाद सचिवालय, राजदरबारबाट प्रकाशित सूचनामा उल्लेख गरियो ।

यसरी गठन गरिएको शाही आयोगलाई आफ्नो कर्तव्य पालन गर्न आवश्यक पर्ने नेपाल कानूनका सबै अधिकार प्राप्त हुने र आवश्यकताअनुसार विशेष अदालत ऐन, २०३१ कोसमेत सबै अधिकार प्रयोग गर्न सक्ने अख्तियारी दिइयो । आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्ने तथा काम सकिएपछि आयोग स्वतः विघटन हुने भयो ।

त्यस्तै हडतालको सिलसिलामा पक्राउ परी कुनै फौजदारी मुद्दामा कारवाही नभएका विद्यार्थीहरूलाई तुरुन्त रिहा गर्नसमेत श्री ५ बाट निर्देशन दिइएको थियो ।

सो अवसरमा विद्यार्थीहरूलाई पूर्ववत् पठन पाठनका निम्ति उचित व्यवस्था मिलाई शैक्षिक संस्थाहरू खोल्ने व्यवस्था मिलाइनुका साथै विद्यार्थीहरूको हितसँग सम्बद्ध जायज मागहरूको सहानुभूतिपूर्वक छानवीन गरी सम्बन्धित निकायबाट आवश्यक कारवाई गराई पूरा गराउनसमेत श्री ५ बाट निर्देशन दिइएको थियो ।[१०३]

श्री ५ द्वारा गठन गरिएको 'शाही आयोग' को प्रतिवेदन फेला नपरेकाले सोसँग सम्बद्ध विस्तृत जानकारी पाउन सकिएन ।

## शाही उच्च शिक्षा आयोग

श्री ५ बाट २०३९ साल भदौ १ गतेका दिन राष्ट्रिय पञ्चायतका सदस्य रणधीर सुब्बाको अध्यक्षतामा ५ सदस्यीय 'शाही उच्च शिक्षा आयोग' गठन गरिएको थियो । सदस्यमा राष्ट्रिय पञ्चायत सदस्य मदनबहादुर प्रधानका अतिरिक्त जगतमोहन अधिकारी, बल्लभमणि दाहाल र सदस्य सचिवमा मोहनप्रसाद लाखे तोकिए ।

---

[१०३] त्रिभुवन विश्वविद्यालय बुलेटिन, वर्ष-११, अङ्क-४१, २०३६ साल वैशाख २३ गते, आइतवार, पृ.१ । विद्यार्थी आन्दोलनका क्रमसँगै २०३६ साल वैशाख १९ गतेका दिन श्री ५ वीरेन्द्रले सर्वोच्च अदालतका न्यायाधीश धनेन्द्रबहादुर सिंहको अध्यक्षतामा ५ सदस्यीय 'शाही आयोग' गठन गरेका थिए ।

विश्वविद्यालय सभाले अधिराज्यको उच्च शिक्षाका क्षेत्रमा देखा परेका र भविष्यमा पर्न सक्ने विविध समस्या तथा तिनका निराकरणका लागि एउटा 'शाही आयोग' गठन गर्न अनुरोध गरेको हुँदा विस्तृत प्रतिवेदन पेश गर्न श्री ५ बाट शाही उच्च शिक्षा आयोग गठन गरिएको रहेछ ।

आयोगलाई राष्ट्रिय शिक्षा पद्धतिको योजना प्रारम्भ भएदेखि उच्च शिक्षाका क्षेत्रमा भएका उपलब्धि र कमजोरीहरू केलाई राष्ट्रिय पञ्चायतको सामाजिक समिति, राष्ट्रिय योजना आयोग, त्रिभुवन विश्वविद्यालयलगायत उच्च शिक्षा सम्बन्धी विभिन्न निकायहरू, चौधै अञ्चलका शिक्षाविद्, शिक्षक, अभिभावक तथा पञ्चहरू समेतसँग सम्पर्क राखी छलफल गर्ने तथा तिनबाट प्राप्त सूचनासमेतका आधारमा देशको वृहत् हितका लागि अपनाउनु पर्ने उच्च शिक्षा वारे प्रतिवेदन तयार पार्ने अख्तियारी दिइएको थियो ।

यस कार्यका अतिरिक्त आयोगले उच्च शिक्षाको तत्कालीन अवस्थाको समीक्षा गरी उच्च शिक्षाको गुणात्मक सुधार वारे लिनु पर्ने नीति, उच्च शिक्षाका क्षेत्रमा सेवा गर्ने शिक्षकहरूको गुणस्तर प्रतिस्थापन गर्न अपनाउन पर्ने नीति, प्राविधिक, व्यावसायिक र साधारण विषयको उच्च शिक्षाका लागि अपनाउनु पर्ने नीति, अनुसन्धान सम्बन्धी नीति, उच्च शिक्षा प्रतिको राष्ट्रको आर्थिक दायित्व वारेको नीति, अन्तर्राष्ट्रिय जगतमा नेपालको उच्च शिक्षा प्रतिको मान्यता तथा विश्वास जस्ता पक्षका साथै उच्च शिक्षाको विकासमा जनअभिरुचि तथा जनसहभागिताको भूमिकालाईसमेत समष्टि रूपमा स्पष्ट नीति प्रस्तुत गर्नु पर्ने जिम्मेवारी दिइयो ।[१०४]

---

[१०४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१५, अङ्क-८, २०३९ साल भदौ ६ गते आइतवार, पृ. १,४ ।

आयोगले आफ्नो कार्य खँदिलो र सुचारु रूपमा सञ्चालन गर्न चाहिने अन्य आवश्यक सुझाव तथा कार्यविधि आफै निर्धारण गर्न सक्ने भयो ।

शाही उच्च शिक्षा आयोगका अध्यक्ष तथा राष्ट्रिय पञ्चायतका सदस्य रणधीर सुब्बाले २०४० साल साउन ८ गते राजदरबारमा आयोजित एक कार्यक्रमका बीच श्री ५ मा आयोगको प्रतिवेदन पेश गरेका थिए । सो अवसरमा शाही उच्च शिक्षा आयोगका अन्य सदस्यहरूकोसमेत उपस्थिति थियो ।

आयोगले २०४० साल साउन ९ गते आयोजित पत्रकार सम्मेलनमा आयोगको प्रतिवेदन तथा त्यससँग सम्बद्ध अन्य कतिपय पक्षवारे प्रकाश पार्दै आयोगका अध्यक्ष सुब्बाले आयोगले राष्ट्रिय नीतिअन्तर्गत उच्च शिक्षा सम्बन्धी नीति निर्माण गर्ने जस्ता कामका लागि एक उच्च स्तरीय र स्वतन्त्र राष्ट्रिय निकायको व्यवस्था गर्न सिफारिस गरेको बताएका थिए । त्यस्तै वर्तमान त्रिभुवन विश्वविद्यालय कायम रहने र संस्कृत उच्च शिक्षाका निम्ति छुट्टै विश्वविद्यालयको स्थापना गर्ने आयोगको सिफारिस रहेको कुरा बताउँदै उनले 'हालको संस्कृत विषयका क्याम्पसहरू संस्कृत विश्वविद्यालयअन्तर्गत रहने र बाँकी त्रि.वि. क्याम्पसहरू त्रि.वि.कै आङ्गिक (कन्स्टिटच्यूएण्ट) क्याम्पसका रूपमा रहने' बताए ।

आयोगले मुलुकको उच्च शिक्षालाई 'प्राविधिक उच्च शिक्षा' र 'साधारण उच्च शिक्षा' गरी दुई समूहअन्तर्गत व्यवस्था गरेको थियो ।

श्री ५ बाट आयोगलाई अधिराज्यको उच्च शिक्षा वारे अपनाउनुपर्ने नीति सम्बन्धी प्रतिवेदन तयार पार्ने अभिभारा दिएपछि आयोगले विभिन्न विषयहरूका १४ कार्यटोली गठन गरेको थियो । त्यस्तै देशका विभिन्न भागका र विषय क्षेत्रका लगभग ३७ सय व्यक्तिहरूसँग सम्पर्क राखी ११ महिनामा प्रतिवेदन तयार गरिएको थियो । आयोगको

प्रतिवेदन दुई भाग र १५ परिच्छेदमा विभाजन गरी पहिलो भागमा नेपालमा उच्च शिक्षाको विकास प्रक्रियाको समीक्षा गरिएको र दोस्रोमा तत्कालीन सन्दर्भमा देशको बृहत् हितका लागि अँगाल्नुपर्ने उच्च शिक्षा नीति सम्बन्धी सुझाव दिइएको जानकारी गराइयो ।[१०५]

## आयोगका मुख्य सिफारिस

त्रिभुवन विश्वविद्यालय सभाले अधिराज्यको उच्च शिक्षाका क्षेत्रमा देखा परेका र भविष्यमा पर्न सक्ने विविध समस्या तथा तिनको निराकरणका लगि एउटा शाही आयोग गठन गर्न श्री ५ समक्ष अनुरोध गरेको थियो । सोहीबमोजिम श्री ५ बाट २०३९ साल भाद्र १ गतेका दिन गठन गरिएको आयोगलाई अधिराज्यको उच्च शिक्षाबारे अपनाउनु पर्ने नीतिसम्बन्धी प्रतिवेदन तयार पार्ने अभिभारा सुम्पियो । सोही अभिभाराअनुसार आयोगले २०४० साल साउन ८ गतेका दिन श्री ५ समक्ष उच्च शिक्षासम्बन्धी प्रतिवेदन पेश गरेको थियो जुन मुलुकको उच्च शिक्षाका क्षेत्रमा दूरगामी प्रभाव पार्ने भएकाले यहाँ मुख्य सन्दर्भलाई दिइएको छ;[१०६]

प्रस्तावित राष्ट्रिय उच्च शिक्षाका उद्देश्य

- सत्य प्राप्तिका लागि निरन्तर सजग र साधनारत रही विभिन्न विषय-क्षेत्रमा नयाँ नयाँ उच्च ज्ञानको सिर्जना, विस्तार र प्रसार गरी त्यसको संवर्द्धन गर्ने,
- ज्ञानार्जनका प्रक्रियाबाट वस्तुगत समालोचना गर्न सक्ने र मानवीय तार्किक-बौद्धिक चेतनालाई परिष्कृत र समृद्ध पारी

---

[१०५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१६, अङ्क-२, २०४० साल साउन १५ गते आइतवार, पृ. २ ।

[१०६] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ड तथा पृष्ठ उल्लेख नगरिएको ‘प्रकाशकीय’ ।

वैकल्पिक मूल्य व्यवस्थाका बीच उचित छनौट र निर्णय गर्न समर्थ तुल्याउने,

- समाजको नयाँ पुस्तलाई निरन्तर रूपमा विभिन्न विषय-क्षेत्रमा उच्च ज्ञान प्रदान गर्ने र ज्ञानको त्यस प्रखरताका माध्यमबाट उनीहरूलाई आफ्नो व्यक्तित्वको सर्वाङ्गीण विकास गरी सुसभ्य र सुसंस्कृत हुन, बौद्धिक एवम् सिर्जनशील रहन र सामाजिक र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा नेतृत्व लिन सक्षम योग्य नागरिक तुल्याउने,
- समाजप्रति प्रतिबद्धताको भावना जागृत गराउने तथा उनीहरूमा उच्च मानवीय र चारित्रिक मूल्य, सामाजिक सचेतता र राष्ट्रको संरक्षण र बृहत् हितका परिप्रेक्ष्यमा राष्ट्र, राष्ट्रियता, राजसंस्था र राष्ट्रिय मूल्य र लक्ष्यप्रति जागरुक निष्ठाको धारणागत अभिवृद्धि गर्ने,
- बैद्धिक क्षमता, सिर्जनशीलता तथा कार्यदक्षता र सीप भएका प्रबुद्ध नागरिक तयार गरी राष्ट्रको आधुनिकीकरण र विकासका निम्ति बहुआयामिक आवश्यकता पूरा गर्न ज्ञान-विज्ञानको उन्नयन र विकास गर्ने,
- देशको गौरवमय संस्कृति र सभ्यताको सचेत उत्तराधिरकार अङ्गीकार गरी राष्ट्रिय प्राज्ञिक पुनर्विकासको दायित्व बहन गर्ने र देशका बौद्धिक, प्राज्ञिक परम्परालाई आधुनिक विश्वका महान् उपलब्धिहरूतर्फ पनि सचेत रही समृद्ध तुल्याउने,
- आधुनिक विश्व तथा यसका अन्तर्राष्ट्रिय परिप्रेक्ष्यप्रतिसमेत पूर्ण सचेत रही मानव सभ्यता र संस्कृति तथा विश्वजनीन मूल्यको व्यापक गुणात्मक संवर्द्धनका निम्ति शैक्षिक-प्राज्ञिक स्तरमा निरन्तर चिन्तनशील र सिर्जनशील रहने ।[१०७]

---

[१०७] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४३५-४३६ ।

उच्च शिक्षाको गुणात्मक सुधारको आधारभूत नीति

- उच्च शिक्षाका अवसरहरूको विस्तारका साथसाथै गुणस्तरको स्थापना र संवर्द्धनका निम्ति प्रयास गरिने,
- सामान्यतः उच्च शिक्षाका सबै तह र विषयक्षेत्रमा गुणस्तर प्राप्तिका निम्ति नीतिगत लक्ष्य राखी खासखास क्याम्पसमा विभिन्न विषय-क्षेत्र र तहमा गुणस्तरको प्रखरता प्राप्तिका निम्ति विशेष व्यवस्था गर्ने नीति अँगालिने,
- प्राविधिक उच्च शिक्षाका सबै विषय-क्षेत्र र तहहरूमा गुणस्तर र प्रखरता प्राप्त गर्न आवश्यक व्यवस्था गरिने,
- साधारणतर्फ उच्च गुणस्तर प्राप्तिका निम्ति मुलुकका विभिन्न भागका खासखास क्याम्पसलाई नमूना क्याम्पस र खासखास विषयगत विभागलाई विशिष्ट विभागका रूपमा विकसित गर्न विशेष व्यवस्था गरिने,
- हालको कीर्तिपुर क्याम्पसलाई साधारणतर्फको स्नातकोत्तर तथा अनुसन्धान तहको तहगत प्रखरतातर्फ लक्षित राष्ट्रिय स्तरको उत्कृष्ट केन्द्रका रूपमा विकसित गर्न 'स्नातकोत्तर शिक्षण तथा अनुसन्धान केन्द्र' (सेन्टर फर पोस्ट ग्रय्ाजुएट टिचिङ एन्ड रिसर्च) मा परिणत गरिने तथा
- खास भौगोलिक क्षेत्र वा खास तह र विषय क्षेत्रमा प्रखरता तथा गुणस्तर प्राप्तितर्फ लक्षित गरिएका शैक्षिक निकायहरूमा सो लक्ष्य प्राप्तिका निम्ति आवश्यक शैक्षिक-प्राज्ञिक र भौतिक पूर्वाधारहरूको व्यवस्थाका साथै अन्य आवश्यक सुधारहरूसमेत गरिने । ती निकायहरूलाई आफ्ना निर्दिष्ट विशेष प्रयोजन र प्रकृतिअनुरूप स्वस्फूर्त रूपमा विकसित हुँदै जान आवश्यक स्वायत्तता प्रदान गर्दै जाने नीति लिइने

प्रवेश व्यवस्था

प्राविधिक अध्ययन संस्थानहरूमा तोकिएको पूर्वयोग्यता भएकाहरूमध्येबाट प्रवेश परीक्षाका आधारमा विद्यार्थी भर्ना गरिने, साधारण उच्च शिक्षातर्फका उत्कृष्ट केन्द्र, नमूना क्याम्पस तथा विशिष्ट विभागहरूका विशेष प्रतिभाशाली विद्यार्थीहरूलाई प्रवेश दिइने तथा साधारणतर्फका अन्य उच्च शिक्षण संस्थाहरूमा तिनीहरूको मानवीय साधन-स्रोत र क्षमतालाई ध्यानमा राखी विद्यार्थी भर्ना गरिने ।

पाठ्यक्रममा सुधार

आयोगले अन्तर्राष्ट्रिय स्तरमा विकसित नवीनतम ज्ञान र सीपलाई दृष्टिगत गरी पाठ्यक्रममा अद्यावधिकता, स्तरीयता र प्रासङ्गिकता कायम गर्दै जाने नियमित प्रक्रिया बसालिने र नेपालमूलक विषयवस्तु समावेश गरिने, पाठ्यक्रमको प्रभावकारिता र गुणस्तरसम्बन्धी मूल्याङ्कन र अनुसन्धान गरी पाठ्यक्रममा आवश्यक परिमार्जन गर्दै जाने प्रक्रिया बसालिने, साधारणतर्फ स्नातक तहका विभिन्न विषयमा आवश्यकता अनुसार अनर्स (सम्मान सहित) पाठ्यक्रमहरूको प्रवर्त्तन गरिने तथा सम्बन्धित पाठ्यक्रममा विद्यालय तहलगायत उच्च शिक्षाको तहगत अवधिको पर्याप्तताबारे अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा समीक्षा गरी आवश्यक सुधार गरिने सुझाव दियो ।

शिक्षण विधिमा सुधार

शिक्षण विधिका सन्दर्भमा आयोगले शिक्षक-विद्यार्थी अनुपात कायम गर्ने लक्ष्य राखिने र ट्युटोरियल कक्षाहरूकोसमेत व्यवस्था गर्ने, शिक्षणमा व्याख्यान विधिका अतिरिक्त अभ्यासकार्य, समूह छलफल, कक्षा गोष्ठी, पुस्तकालय कार्य, गृहकार्य आदिको प्रयोगमा पनि जोड दिइने, स्नातक र स्नातकोत्तर तहका विषयगत आवश्यकताअनुसार टर्मपेपर, केस स्टडी, स्थलगत (फिल्ड) कार्य, शोधकार्य आदिलाई बढावा दिने नीति लिँदै शिक्षणस्तरको मूल्याङ्कनका निम्ति उपयुक्त व्यवस्था मिलाइने तथा

पठनपाठनका अभिन्न अङ्गका रूपमा शिक्षकद्वारा विद्यार्थीहरूलाई शैक्षिक मार्गदर्शन प्रदान गर्न विद्यार्थी सम्पर्क समय निर्धारण गर्ने र त्यसको पालन गर्ने व्यवस्था गरिने विषयलाई प्राथमिकता दिइयो ।

मुलुकको उच्च शिक्षाअन्तर्गत प्राविधिक उच्च शिक्षा (इञ्जिनीयरिङ्ग, कृषि तथा पशुविज्ञान, वनविज्ञान र चिकित्साशास्त्र) तथा साधारण उच्च शिक्षा (मानविकी र सामाजिकशास्त्र, विज्ञान, व्यवस्थापन र वाणिज्य, शिक्षाशास्त्र, कानून तथा संस्कृत) सञ्चालन गरिने भयो ।[१०८]

साधारण उच्च शिक्षा

आयोगले प्रतिवेदनमा साधारण उच्च शिक्षाको सामान्य नीतिको प्रस्ताव गर्दै साधारण उच्च शिक्षातर्फका अध्ययन संस्थानको खारेजी र सङ्काय तथा स्कूलको व्यवस्था गर्ने, माथि उल्लिखित ६ विषय क्षेत्रहरूमध्ये संस्कृत बाहेक अन्य ५ विषय क्षेत्रहरूमा अलग अलग सङ्कायको व्यवस्था गर्ने, विश्वविद्यालयका प्राज्ञिक परिषद्अन्तर्गत साधारण उच्च शिक्षाका क्षेत्रमा अपेक्षित शैक्षिक-प्राज्ञिक समन्वय कायम गरिने तथा प्रत्येक सङ्कायलाई देशको वास्तविकता र ज्ञानका प्रखरताका आवश्यकताहरूको पूर्ति गर्ने उद्देश्य लिई योजनाबद्ध रूपमा विकास गर्ने लक्ष राखिने उल्लेख गरेको थियो । यस क्रममा आयोगले साधारण उच्च शिक्षाअन्तर्गत केही विषय वा विषय समूहका निम्ति विशेष ‘स्कूल’ को स्थापना गरी प्राज्ञिक परिषद्का नीति निर्देशनमा तिनीहरूलाई आफ्नो स्वस्फूर्त शैक्षिक-प्राज्ञिक विकासको वातावरण उपलब्ध गराउने नीति अँगालिने योजना लिएको थियो ।

साधारण उच्च शिक्षाको नीतिगत लक्षमा आयोगले साधारण उच्च शिक्षाका विभिन्न सङ्काय र ‘स्कूल’ का विषय क्षेत्रअन्तर्गतका विषयहरूको विशेष प्रकृतिसमेतलाई दृष्टिगत गरी आउँदा वर्षहरूमा

---

[१०८] *ऐजन,* पृ. ४३७-४३९ ।

मुलुकको साधारण उच्च शिक्षालाई सम्बन्धित शैक्षिक-प्राज्ञिक कार्यक्रमहरूलाई तहअनुरूप गुणस्तर तथा विषयगत विशिष्टता र प्रखरता प्राप्त गर्न सक्षम हुने गरी सञ्चालित गर्नेतर्फ विशेष ध्यान दिइने, समाजको उच्च शिक्षा प्राप्त गर्ने आकांक्षाको परिपूर्तितर्फ सम्भव प्रयास गर्ने र यस काममा मुलुकका पिछडिएका भेग र समूहलाई सामाजिक न्यायअनुरूप अवसर दिने, नेपाल र नेपाली समाजका विविध आकांक्षा र आवश्यकताका सन्दर्भमा उपयोगी, प्रासङ्गिक र व्यवसायपरक हुने किसिमको विषयवस्तुगत ज्ञान र सीप प्रदान गर्नेतर्फसमेत सम्बन्धित विषय क्षेत्र वा विषयको शैक्षिक-प्राज्ञिक कार्यक्रमलाई उन्मुख तुल्याउँदै जाने, विषयगत तथा अन्तर्विषयक प्राज्ञिक र प्रयोगिक अनुसन्धानहरूसमेतको सर्वाङ्गीण विकासका निम्ति योगदान दिने, मुलुकको बौद्धिक-प्राज्ञिक परम्परालाई समृद्ध र गतिशिल तुल्याउने र विषयगत ज्ञानका क्षेत्रहरूमा नयाँ आयाम उघार्नेतर्फ पनि विशेष ध्यान दिने भन्ने जस्ता नीतिगत लक्ष राखेको थियो ।

आयोगले साधारण उच्च शिक्षाको सञ्चालन गर्न मूलतः यी तीन दृष्टिकोण लिएको देखिन्छ जसमा साधारण उच्च शिक्षाको क्षेत्रमा गुणात्मक सुधार गर्न विश्वविद्यालबाट सञ्चालित क्याम्पसहरूलाई बढीभन्दा बढी सुनियोजित गर्दै क्याम्पसको शैक्षिक र भौतिक स्थितिको आधारमा मात्र विद्यार्थी भर्ना गरी शिक्षक विद्यार्थीको वाञ्छनीय अनुपातसमेत कायम गर्दै पठन पाठनको गुणस्तर बढाउँदै जाने र विशेष प्रतिभाशाली विद्यार्थीहरूका निम्ति मुलुकका विभिन्न भागमा क्रमशः नमूना क्याम्पसहरूको व्यवस्था र उत्कृष्ट केन्द्रको स्थापना गर्ने उल्लेख गरियो । यस प्रकारका नमूना क्याम्पस र उत्कृष्ट केन्द्रहरूले भविष्यमा देशका विभिन्न भागमा स्थापित हुने विश्वविद्यालयका निम्ति पूर्वाधार प्रदान गर्न सकुन् भन्ने नीतिगत लक्ष राखियो ।

त्यस्तै नेपाली विद्यार्थीको उच्च शिक्षा प्राप्त गर्ने आकांक्षालाई पूरा गर्ने दृष्टिले साधारण उच्च शिक्षाका विषय क्षेत्रहरूमा निजी क्षेत्रका

क्याम्पसहरूको विस्तारको क्रम र सम्भाव्यतालाईसमेत दृष्टिगत गरी चालू नै राख्नुका साथै सम्भव विषय क्षेत्रमा पत्राचार, शिक्षा सम्पर्क, कक्षा रेडियो कार्यक्रमलगायत प्राइभेट परीक्षाका माध्यमसमेत अँगाली स्वाध्यायमूलक खुला उच्च शिक्षाको आवश्यक प्रवर्तन र उपयुक्त प्रयोगहरू गर्ने संस्थागत व्यवस्था बसाल्ने तथा साधारण उच्च शिक्षातर्फका प्रत्येक सङ्काय र स्कुलहरूको समुच्चा र तहगत एवम् विषयगत लक्ष र उद्देश्यहरूको स्पष्ट प्रतिपादन गरी तदनुरूप योजनावद्ध रूपमा शैक्षिक प्राज्ञिक कार्यक्रम सञ्चालन गर्ने नीति अँगालिने भयो ।[१०९]

साधारण उच्च शिक्षाः विशेष नीति

मानविकी र सामाजिकशास्त्रका विभिन्न विषय-क्षेत्रमा मुलुकलाई अपेक्षित प्रबुद्ध, सिर्जनशील र कार्यसक्षम दक्ष जनशक्तिको सिर्जनाका साथै मानवीय सर्वाङ्गीण व्यक्तित्वको परिष्कारको प्रक्रियातर्फ लक्षित शैक्षिक-प्राज्ञिक निकायका रूपमा मानविक र सामाजिकशास्त्र सङ्कायलाई विकसित गर्ने गराउने नीतिगत लक्ष राख्दै मानविकी र सामाजिकशास्त्र सङ्कायअन्तर्गत मानविकी र सामाजिकशास्त्र र भाषा साहित्यका विषयहरू समावेश गरिनुका साथै ललितकला तथा विश्वभाषा विषय क्षेत्रलाई छुट्टै दुई स्कूलका रूपमा सञ्चालन गरिने, यस सङ्कायअन्तर्गत पूर्वस्नातक (इन्टरमिडियट), स्नातक, स्नातकोत्तर र अनुसन्धान तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन हुने, मानविकी र सामाजिकशास्त्र उच्च शिक्षालाई आजका हाँकअनुरूप प्रखर र प्रभावकारी तुल्याउन यसको पूर्वस्नातक तहमा नै सामान्य पूर्वाधार बसाल्दै जाने नीतिगत लक्ष रहने र तदनुरूप विभिन्न तहका पाठ्यक्रम तथा शिक्षण प्रक्रिया स्थापित गर्ने व्यवस्थित प्रयाससमेत गरिने भयो ।

यस उच्च शिक्षाको पूर्वस्नातक तहमा विविधीकरणतर्फ नै जोड दिइने र त्यस क्रममा मानविकी, समाजशास्त्र र भाषा-साहित्य तीनवटै

[१०९] *ऐजन*, पृ. ४५०-४५२ ।

समूहको सन्तुलित अध्ययनको परिपाटीको सुदृढीकरण गरिने, सम्भव हुने क्याम्पसहरूमा अन्य सङ्कायका उपयोगी विषयको पठन पाठन समावेश गर्न सकिने, क्रमशः स्नातक, अनर्स (सम्मान) सहित स्नातक, स्नातकोत्तर र अनुसन्धान तहमा विशिष्टीकरणमा उत्तरोत्तर जोड दिइनुका साथै विभिन्न तहका विषयगत पाठ्यक्रममा तह अनुरूप सो विषय क्षेत्रका अद्यावधिक ज्ञान र सीपको समावेश गर्ने र आवश्यक मात्रामा नेपालमूलक विषयवस्तु र पूर्वीय विषयगत ज्ञानकोसमेत समावेश गरिने कुरा प्रतिवेदनमा उल्लेख गरियो ।

यस क्रममा उच्च शिक्षाका प्रत्येक तहका विषयगत पाठ्यक्रम र शिक्षणप्रक्रियामा विषयगत सीप प्रदान गर्नेतर्फ उचित मात्रामा ध्यान दिँदै प्रायोगिक पक्षको अभ्यास बढाउँदै जाने, मुलुक र समाजको व्यापक तथा सर्वाङ्गीण विकासका आवश्यकतालाई दृष्टिगत गरी यस सङ्कायअन्तर्गत समावेश गरिएका विभिन्न विषयहरूको सन्तुलित प्राज्ञिक विकास गर्दै जाने, मानविकी, सामाजिकशास्त्र र भाषा-साहित्य यी तीन विषय क्षेत्रहरूको उच्च शिक्षाको गुणात्मक विकास गरी योग्य शिक्षकहरू र साधन पुऱ्याउन सकिने स्थिति विकसित भएपछि भविष्यमा सामाजिकशास्त्र, भाषा-साहित्य र मानविकी विषय क्षेत्रमा अलग अलग सङ्कायको विकास गर्ने नीतिगत लक्ष रहने भयो ।

उच्च शिक्षाप्रति राष्ट्रको आर्थिक दायित्व

सरकारी पक्ष

मुलुकको आर्थिक अवस्था एवम् सीमित साधनमा विभिन्न क्षेत्रको दावी बढ्दै गएका कारणबाट शिक्षामा हाल गरिएको सरकारी लगानीमा वृद्धि गर्नसक्ने अवस्था नभए तापनि तत्कालीन प्रयासहरूमा कटौती गर्नु न्यायसङ्गत नभएकाले राष्ट्रिय शिक्षा पद्धतिको योजनाले निर्दिष्ट गरेबमोजिम नै अब पनि शिक्षामा सरकारी कूल बजेटको १० प्रतिशतमा नघटाई लगानी गर्ने र सो लगानीको कम्तीमा ३० प्रतिशत उच्च

शिक्षातर्फ छुट्याइनु पर्ने आयोगको ठहर थियो । आयोगले उच्च शिक्षा संस्थाहरूको सालबसाली चालू कार्यक्रमबाहेक थप कार्यक्रम गर्नेतर्फ सरकारी क्षेत्रबाट अगुवाइ भएको अवस्थामा त्यस्ता कार्यक्रमका लागि थप आर्थिक साधनसमेत उपलब्ध गराइनु पर्ने, शिक्षण संस्थालाई दिएको दानदातव्यको रकमलाई आयकरबाट छुट दिनु पर्ने, शिक्षण संस्थाको जग्गामा मोहियानी हक नलाग्ने कानूनी व्यवस्था हुनु पर्ने कुरालाई जोड दिएको थियो ।

आन्तरिक स्रोत परिचालन

उच्च शिक्षा संस्थाहरूले आन्तरिक साधन परिचालन गर्नेतर्फ शुल्क, जग्गाजमीन र अन्य सेवाबाट आम्दानीको अभिवृद्धि गर्ने दीर्घकालीन योजना बनाई त्यसको अबलम्बन गर्नु पर्ने सन्दर्भलाईसमेत प्रतिवेदनमा उठाइएको थियो । यस क्रममा नेपालमा खासगरी प्राविधिक उच्च शिक्षाको विकासमा मित्र राष्ट्रहरूलगायत अरू अन्तर्राष्ट्रिय संस्थाहरूले देखाएको रुचिलाई भविष्यमा पनि कायमै राख्ने वातावरणको सिर्जना गर्नुका साथै उच्च शिक्षाका अरू महत्त्वपूर्ण क्षेत्रमा प्राप्त हुन सक्ने सहयोगको पहिचान गरी सो प्राप्त गर्ने निरन्तर प्रयास गर्नु पर्ने अवस्थालाई औंल्याइयो ।

लगानीको प्राथमिकता

राशिप योजना कार्यान्वयनको क्रममा सम्बन्धन प्राप्त महाविद्यालयहरूलाई त्रिभुवन विश्वविद्यालय भित्र समावेश गर्दाको राष्ट्रिय प्रतिबद्धतालाई भविष्यमा पनि पूरा गरिने प्रतिबद्धताका साथ उच्च शिक्षा सञ्चालनमा मितव्ययिता तथा आर्थिक अनुशासनको पालना गर्ने, शैक्षिक-प्राज्ञिक दृष्टिले अनुत्पादक खर्चहरूलाई हतोत्साह गर्दै जाने लगानी नीतिको अबलम्बन गरिने, प्राविधिक शिक्षाको साथसाथै साधारणतर्फको स्नातकोत्तर र अनुसन्धानकार्यमा एवम् उत्कृष्ट केन्द्र, नमूना क्याम्पस र विशिष्ट विभागमा अपेक्षाकृत बढी लगानी गरिने, सबै प्राविधिक अध्ययन संस्थानहरूमा २५ प्रतिशतलाई छात्रवृत्ति दिने व्यवस्था खारेज गरी प्रत्येक

अध्ययन संस्थानको आवश्यकताअनुरूप छात्रवृत्ति संख्या तोक्ने परिपाटी बसालिने तथा आवश्यकता र सम्भव मात्रामा गरीब तथा जेहेन्दार छात्रवृत्ति र निःशुल्क शिक्षा अवसर (फ्रिसिप) को व्यवस्था गरिने कुरालाईसमेत आयोगले उठाएको थियो ।

आर्थिक व्यवस्थापन

विश्वविद्यालयका आङ्गिक क्याम्पसलाई विश्वविद्यालय सभाबाट पारित कूल बजेटको सीमाभित्र रही खर्चको आन्तरिक व्यवस्था मिलाउने अधिकार दिनाका परम्परागत आन्तरिक लेखा परीक्षणको साथसाथै कार्य सम्पादनमूलक परीक्षणको व्यवस्था मिलाइने, दीर्घकालीन आवश्यकता भएमा र समष्टि रूपमा कायम रहेका जनशक्ति अपर्याप्त भएको अवस्थामा मात्र शिक्षक-कर्मचारीको नयाँ दरबन्दी सिर्जना गरिने, सम्बन्धित विशेषज्ञ टोलीद्वारा सम्भाव्यताको विस्तृत अध्ययन गराई आवश्यक वित्तीय साधन र भौतिक-शैक्षिक सुविधाका साथै सक्षम शिक्षकको योजनाबद्ध पूर्वतयारी र पूर्वव्यवस्था गरेर मात्र कुनै अध्ययन संस्थान, क्याम्पस, विभागमा थप शैक्षिक कार्यक्रमको प्रवर्त्तन, विस्तार वा तहवृद्धि वा विद्यमान क्षमताभन्दा बढी विद्यार्थी भर्ना गर्ने नीति अँगालिने भयो ।[११०]

उच्च शिक्षमा जनसहभागिता

उच्च शिक्षाको विकास, विस्तार तथा उन्नयनका क्रममा जनसहभागिता एवम् जनअभिरुचिलाई अनिवार्य पूरक अङ्ग मान्ने र यसै रूपमा यसको विकास गर्दै लैजने व्यवस्था गरिनुका साथै यस क्रममा आर्थिक पक्षलाई पनि यथासम्भव परिचालन गर्दै भावनात्मक र अन्य पक्षमा सहयोग जुटाउने विशेष प्रयास गरिने तथा विश्वविद्यालयद्वारा सञ्चालित क्याम्पसहरूमा जनसहभागिता एवम् जनअभिरुचिको सञ्चार

---

[११०] *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँः शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. ४६५-४६७।

गर्न संस्थागत व्यवस्था गरिने क्रममा प्रत्येक क्याम्पसमा तोकिएबमोजिमको क्याम्पस विकास समितिको गठन गरिने कुरा आयोगले उल्लेख गऱ्यो ।

शाही उच्च शिक्षा आयोगले क्याम्पस विकास समितिको केही महत्त्वपूर्ण कार्तव्यसमेतको सिफारिस गरेको थियो । यस क्रममा आयोगले क्याम्पस विकास समितिलाई क्याम्पसको विकास, विस्तार तथा उन्नयनका निम्ति आवश्यक हुने योजना र कार्यक्रमको तर्जुमाका साथै भौतिक निर्माणका कामहरूको सुपरिवेक्षणमा सहयोग गर्ने, क्याम्पसको पठन पाठनको शैक्षिक वातावरण सुधार्ने र अनुशासन कायम गर्नेलगायत अरू प्राज्ञिक कुरामा समय समयमा क्याम्पसको वस्तुस्थितिको समीक्षा गर्ने र आवश्यक सुधारका निम्ति सुझाउ र सहयोग गर्ने, कीर्तिको आकाङ्क्षा राखी उच्च शिक्षा क्षेत्रमा सहयोग गर्ने दाताहरूको पहिचान गरी सहयोग जुटाउने र दाताको उचित कदर गर्ने, चल, अचल, नगदी, जिन्सी, चन्दा, दानदातव्य आदि प्राप्त गर्ने तथा छात्रवृत्ति, पदक, एकेडेमिक चेयर जस्ता खास प्रयोजनका निम्ति ट्रस्ट खडा गर्ने कार्यहरूमासमेत जनस्तरबाट स्रोत परिचालन गर्ने जस्ता दायित्व दिएको थियो । त्यस्तै स्थानीय समुदायका आवश्यकतालाई दृष्टिगत गरी क्याम्पसका शिक्षक र विद्यार्थीहरूका माध्यमबाट बौद्धिक-प्राज्ञिक प्रकृतिका र स्वयम्‌सेवाका कार्यहरूमा क्याम्पसलाई उन्मुख गर्दै लैजाने, सम्बन्धित क्याम्पसलाई नमूना क्याम्पस अथवा उत्कृष्ट केन्द्र बनाउनेतर्फ सचेष्ट रहने, क्याम्पसका लागि कर्मचारी नियुक्तिका निम्ति गठन गरिने समितिमा प्रतिनिधि पठाउने यद्यपि क्याम्पसको शैक्षिक कार्यक्रमको सञ्चालनमा क्याम्पस विकास समितिले हस्तक्षेप नगर्ने कुरासमेत स्पष्ट गरिएको थियो ।

यसै सन्दर्भमा आयोगले स्थानीय चन्दादाता, शिक्षाप्रेमी आदिबाट स्रोत साधन परिचालन गरी निजी स्तरबाट क्याम्पस सञ्चालन गरिने सन्दर्भलाई उठाउँदै शैक्षिक प्रखरताका आधारमा केन्द्रीय तहमा रहेको

सम्बन्धित निकायबाट यी क्याम्पसहरूलाई विशेष अनुदान दिइने उल्लेख गरेको थियो ।[१११]

प्रस्तावित संगठनात्मक स्वरूप

आयोगले उच्च शिक्षा निकायको व्यवस्थापन सम्बन्धमासमेत प्रतिवेदनमा उल्लेख गरेको थियो । यस क्रममा आयोगले राष्ट्रिय नीतिअन्तर्गत उच्च शिक्षासम्बन्धी नीति निर्माण गर्ने र तत्सम्बन्धी निर्देशन दिने, समीक्षा र सावधिक मूल्याङ्कन गर्ने, श्री ५ को सरकारलाई आवश्यक परामर्श दिने र साधन स्रोतको वितरण गर्ने जस्ता कामका लागि ख्यातिप्राप्त शिक्षाविद्को अध्यक्षतामा तोकिएका सदस्यहरू रहने गरी एक उच्चस्तरीय र स्वतन्त्र राष्ट्रिय निकायको व्यवस्था गर्नु पर्ने आवश्यकतालाई औँल्याएको थियो । यस क्रममा श्री ५ बाट उक्त उच्चस्तरीय निकायका अध्यक्ष र सदस्यहरूको नियुक्ति गरिने, अध्यक्ष र सदस्य सचिव यस निकायका पूरा समय काम गर्ने पदाधिकारी रहने, यस निकायले नीतिगत मार्गदर्शनबाहेक विश्वविद्यालयहरूको आन्तरिक मामलामा कुनै प्रकारको हस्तक्षेप नगर्ने तथा श्री ५ मा यस निकायले मुलुकको उच्च शिक्षाबारे सावधिक रूपमा प्रतिवेदन जाहेर गर्नु पर्ने व्यवस्थाका लागि सिफारिस गरेको थियो ।

श्री ५ बाट त्रिभुवन विश्वविद्यालयको कुलपतित्व ग्रहण गर्ने, उपकुलपति प्रमुख पदाधिकारी हुने, उपकुलपतिलाई शैक्षिक योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयनको क्षेत्रमा सहयोग गर्न एक सह-कुलपति हुने, विद्यमान केन्द्रीय स्तरको शिक्षाध्यक्ष पद खारेज हुने, उपकुलपतिलाई आर्थिक तथा प्रशासकीय काममा सहयोग गर्न रजिष्ट्रार रहनाका साथै यी पदहरू सावधिक हुने व्यवस्था गर्न आयोगबाट सुझाव दिइयो ।

---

[१११] *ऐजन,* पृ. ४६५-४६९ ।

प्रतिवेदनअनुसार शैक्षिक-प्राज्ञिक प्रखरता प्राप्तिका दिशामा विश्वविद्यालय उन्मुख हुनुपर्ने राष्ट्रिय आवश्यकताअनुरूप विश्वविद्यालयको नेतृत्व गर्ने केन्द्रीय पदाधिकारीको छनौट गर्दा उनीहरूको शैक्षिक योग्यता, शैक्षिक क्षेत्रको अनुभव, प्राज्ञिक विशिष्टता र प्रशासनिक क्षमतालाई आधार बनाएर निर्धारित प्रक्रियाका आधारमा कुलपतिबाट उपकुलपति, सहकुलपति र रजिष्ट्रारको नियुक्ति गरिनु पर्ने भयो ।

त्रिभुवन विश्वविद्यालयमा शैक्षिक-प्राज्ञिक वर्गको सहभागितामा आधारित निर्णय प्रक्रिया कायम गर्न आवश्यक उपायहरू अँगाल्नु पर्ने, विश्वविद्यालय सभाको गठनविधिमा आवश्यक सुधार गरी शैक्षिक-प्राज्ञिकवर्ग र क्याम्पस प्रमुखलाई बढी मात्रामा समावेश गर्नु पर्ने, विश्वविद्यालयको कार्यकारिणी निकायका रूपमा कार्यकारिणी परिषद्को व्यवस्था गरिने, विश्वविद्यालयको साधारण उच्च शिक्षातर्फको केन्द्रीय शैक्षिक-प्राज्ञिक निकायका रूपमा प्राज्ञिक परिषद्को व्यवस्था गरिने जसको सचिवालयका रूपमा प्रज्ञा केन्द्रको व्यवस्था गरिने भन्ने भयो ।

परीक्षा

बाह्य परीक्षा सञ्चालनका लागि परीक्षा समिति रहने भयो ।

प्रस्तावित आन्तरिक ढाँचा र कार्यप्रणालीको परिप्रेक्ष्यमा विश्वविद्यालयका केन्द्रीय शाखा, महाशाखा, निर्देशनालय आदि विद्यमान स्वरूप र आकार प्रकारमा आवश्यक नहुने भएको हुँदा परिवर्तित कार्यभार सुहाउँदो किसिमबाट केन्द्रीय कार्यालयको प्रशासनिक बन्दोबस्तमा आमूल परिवर्तन गर्नु पर्ने कुरालाई जोड दिँदै आयोगले (१) योजना तथा मूल्याङ्कन शाखा, (२) राष्ट्रिय विकास सेवा, (३) प्रज्ञा केन्द्र, (४) परीक्षा शाखा, (५) कर्मचारी प्रशासन शाखा, (६) आर्थिक प्रशासन शाखा र (७) सामान्य प्रशासन शाखा गरी सात शाखा मात्र रहने सिफारिस गऱ्यो ।

चिकित्सा, इञ्जिनीयरीङ्ग, कृषि तथा पशुविज्ञान र वनतर्फका प्राविधिक अध्ययन संस्थानलाई माथि प्राविधिक शिक्षामा उल्लेख

गरिएअनुसार शाही बडापत्र प्राप्त गरी भविष्यमा स्वतन्त्र अस्तित्व ग्रहण गर्नेतर्फ अग्रसर तुल्याउने गरी तत्कालका लागि त्रिभुवन विश्वविद्यालयको सामान्य नीतिनिर्देशनअन्तर्गत आवश्यक शैक्षिक, प्रशासकीय र आर्थिक अधिकारहरू दिई बढी स्वायत्तता प्रदान गरिने, यथेष्ट मात्रामा स्वायत्तता पाएपछि पाँच वर्षभित्रमा ती अध्ययन संस्थानहरूले गरेका काम र उपलब्धिको सावधिक मूल्याङ्कन गर्दै उपयुक्त ठहरिएका अध्ययन संस्थानलाई क्रमशः शाही बडापत्र दिँदै जाने व्यवस्था गर्नु पर्ने, प्राविधिक अध्ययन संस्थानहरूका प्रमुखहरूलाई 'शिक्षाध्यक्ष' (रेक्टर) भनिने तथा उनीहरूको नियुक्ति तोकिएबमोजिम कुलपतिबाट गरिने तथा रेक्टरको पद सावधिक हुने भनियो ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विद्यमान मानविकी तथा सामाजिकशास्त्र, विज्ञान, व्यवस्थापन र वाणिज्यशास्त्र, शिक्षाशास्त्र र कानूनतर्फका अध्ययन संस्थानहरू खारेज गरी तिनीहरूलाई साधारणतर्फका शैक्षिक-प्राज्ञिक सङ्कायमा परिणत गरिने तथा तिनीहरूको विद्यमान डीन कार्यालयहरू खारेज गरिने भयो ।

आयोगले त्रिभुवन विश्वविद्यालयअन्तर्गत साधारण उच्च शिक्षाका क्षेत्रमा ललितकला, विश्वभाषा र जनप्रशासनका अलग अलग स्कूलहरू स्थापित गर्ने कुरालाई जोड दियो ।

अध्ययन संस्थान र सङ्कायहरूका शैक्षिक-प्राज्ञिक निकायका रूपमा विद्यापरिषद्हरू रहने, स्कूलहरूका निम्ति चाहिँ प्राज्ञिक परिषद्बाट नै शैक्षिक-प्राज्ञिक मार्गदर्शन तथा नीति निर्देशन प्रदान गरिने, अध्ययन संस्थान वा सङ्कायको प्रत्येक विषय क्षेत्रहरूका निम्ति विषय समितिको व्यवस्था हुने तथा ती विषय समितिहरूलाई आफ्नो क्षेत्रका शैक्षणिक-प्राज्ञिक संवर्द्धनका निम्ति विशेष सक्रिय, अधिकारयुक्त र उत्तरदायी तुल्याउने नीतिसमेत अँगालिनुका साथै प्रत्येक सङ्कायका प्रमुख डीन हुने तथा सम्बन्धित सङ्कायका वरिष्ठ शिक्षकहरूमध्येबाट २ वर्षका लागि पालैपालो (रोटेसन) को आधारमा त्रिभुवन विश्वविद्यालय कार्यकारिणी

परिषद्बाट निजको नियुक्ति हुने व्यवस्थाका लागिसमेत आयोगले सिफारिस गरेको थियो ।

प्रतिवेदनका विविध सन्दर्भ

- अध्ययन संस्थान/सङ्कायमा रेक्टर/डीनका अध्यक्षतामा एउटा अनुसन्धान समिति रहने,
- स्कूलको नेतृत्व निर्देशकबाट हुने जसको नियुक्ति तोकिएको प्रक्रिया अनुसार ३ वर्षका लागि त्रिभुवन विश्वविद्यालय कार्यकारिणी परिषद्द्वारा गरिने, स्कूलको शैक्षिक-प्राज्ञिक कार्यक्रमको सञ्चालन गर्न प्रत्येक स्कूलमा निर्देशकको अध्यक्षतामा सम्बन्धित प्रत्येक विषयको प्रतिनिधित्व हुने गरी तोकिएबमोजिमका वरिष्ट शिक्षकहरू रहेको एक शैक्षिक समिति रहने, आवश्यकताअनुसार स्कूलमा विषय समिति र विषयगत वा विषयसमूहगत विभागहरू हुन सक्ने,
- शैक्षिक-प्राज्ञिक स्तरीकरणतर्फ उन्मुख तुल्याउन सकिने विशेष सम्भाव्यता भएका विभिन्न क्षेत्रका त्रिभुवन विश्वविद्यालय क्याम्पसहरूलाई उत्कृष्ट केन्द्र वा नमूना क्याम्पसका रूपमा र तिनका खास विभागलाई विशिष्ट विभागका रूपमा विकसित गर्ने लक्ष राखिनुका साथै उत्कृष्ट केन्द्र/स्कूल/नमूना क्याम्पस/क्याम्पसगत विशिष्ट विभागहरूलाई त्रिभुवन विश्वविद्यालयको नीति निर्देशन र विश्वविद्यालय सभाद्वारा स्वीकृत बजेट तथा सम्बन्धित शैक्षिक निकायहरूद्वारा निर्धारित पाठ्यक्रमलगायत शैक्षिक प्रक्रियाअन्तर्गत शैक्षिक कार्यक्रमको व्यवस्थापनमा बढी मात्रामा स्वायत्तता प्रदान गरिने,
- विद्यमान कीर्तिपुर क्याम्पसलाई राष्ट्रिय स्तरको उत्कृष्ट केन्द्रमा परिणत गरी यसलाई साधारण उच्च शिक्षातर्फको 'स्नातकोत्तर शिक्षण तथा अनुसन्धान केन्द्र' को रूप दिइनुका साथै यसको नेतृत्व तोकिएबमोजिम उच्च स्तरीय व्यक्तिद्वारा गरिने,

- शैक्षिक-प्राज्ञिक प्रखरता र गुणस्तरतर्फ लक्षित उपर्युक्त केन्द्रअन्तर्गत स्नातकोत्तर तथा विद्यावारिधितर्फका कार्यक्रम सञ्चालित हुने विषयगत विशिष्ट विभागहरू रहने जसमा तोकिएबमोजिमका विभागीय प्रमुख रहने,
- त्रिभुवन विश्वविद्यालयका आफ्ना अङ्गका रूपमा सञ्चालन भइआएका संस्कृत बाहेकका क्याम्पसहरू त्रिभुवन विश्वविद्यालयकै अङ्गका रूपमा रहने तथा
- प्रत्येक क्याम्पसका लागि तोकिएको प्रक्रियाअन्तर्गत कार्यकारिणी परिषद्बाट क्याम्पस प्रमुखको नियुक्ति गरिनुका साथै क्याम्पस प्रमुखको पदलाई अब सावधिक नराखी यस पदमा स्थायी रूपमा नियुक्ति दिइने भन्ने भयो ।[११२]

**नयाँ नामकरण**

श्री ५ बाट त्रिभुवन विश्वविद्यालय ऐन २०२८ (पहिलो संशोधन) अध्यादेश २०३० जेठ १२ गतेको मितिमा जारी भयो । अध्यादेशअनुसार डिग्री, डिप्लोमा, सर्टिफिकेटको सट्टा क्रमशः स्नातकोत्तर, स्नातक र प्रमाणपत्र तथा प्रोफेसर, रीडर, लेक्चरर र असिष्टेन्ट लेक्चररलाई क्रमशः प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक र सहायक प्राध्यापक नामकरण गरियो । यसका अतिरिक्त विश्वविद्यालयका इन्स्टिच्यूटहरूमा प्रशिक्षण कार्य गर्ने सबैलाई बोध गराउने गरी 'प्राध्यापक' शब्दको सट्टा 'शिक्षक' शब्दका प्रयोग गरिने भयो ।[११३]

त्यस्तै २०३९ सालको थालनीसम्म आइपुग्दा विश्वविद्यालयका विभिन्न अध्ययन संस्थानहरूबाट विभिन्न तहका लागि दिइने प्रमाणपत्रलाई देहायको नामकरण गरियो;[११४]

---

[११२] *ऐजन,* पृ. ४७१-४७३ ।

[११३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-१० २०३० साल जेठ, पृ. ३-४ ।

[११४] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३९ साल जेठमा बसेको बाह्रौं बैठकमा प्रस्तुत प्रस्ताव ।

## कृषि र पशु विज्ञान अध्ययन संस्थान

क प्राविधिक प्रमाणपत्र

| | | |
|---|---|---|
| कृषि विज्ञान प्रविण | Technician Certificate in Agriculture | C.Sc. (Ag.) |
| पशुविज्ञान प्रविण | Technician Certificate in Animal Science | C.Sc. (Ag.) |

ख स्नातक

| | | |
|---|---|---|
| कृषि शास्त्री | Bachelor's Degree in Agriculture | B.Sc. (Ag) |

## वनविज्ञान अध्ययन संस्थान

क प्राविधिक प्रमाणपत्र

| | | |
|---|---|---|
| वनविज्ञान प्रविण | Technician Certificate in forestry | C.Sc. (Forestry) |

## इञ्जिनीयरिङ्ग अध्ययन संस्थान

क. प्राविधिक प्रमाणपत्र

| | | |
|---|---|---|
| इञ्जिनीयरिङ्ग प्रविण | Technician Certificate in Engineering | C.E. |

ख. स्नातक

| | | |
|---|---|---|
| इञ्जिनीयरिङ्ग शास्त्री | Bachelor's Degree in Engineerin | B.E. |

## चिकित्साशास्त्र अध्ययन संस्थान

क प्रविधिक प्रमाणपत्र

| | | |
|---|---|---|
| १ चिकित्साशास्त्र प्रविण | Technician Certificate in Medicine | C.M.S. |

(आयुर्वेद, नर्सिंग, सामान्य चिकित्सा, हेल्थल्याव, फार्मेसी, रेडियोग्राफी)

ख. स्नातक

| | | |
|---|---|---|
| १ चिकित्साशास्त्र शास्त्री | Bachelor's Degree in Medicine | M.B.B.S. |
| | Bachelor's Degree in Nursing | B.N. |

## शिक्षाशास्त्र अध्ययन संस्थान

क. प्रविणता प्रमाणपत्र

शिक्षा प्रविण Proficiency Certificate in Education C.Ed.

ख.स्नातक

शिक्षाशास्त्री Bachelor's Degree in Education B.Ed.

स्नातकोत्तर

शिक्षाचार्य Master's Degree in Education M.Ed.

विज्ञान तथा प्रविधि अध्ययन संस्थान

क. प्राविधिक प्रमाणपत्र

विज्ञान प्रविण Technician Certificate in Science C.Sc.

ख. स्नातक

विज्ञान शास्त्री Bachelor's Degree in Science B.Sc.

प्रविधि शास्त्री Bachelor's Degree in Technology B.Tceh. (Food)

ग. स्नातकोत्तर

विज्ञानाचार्य Master's Degree in Science M.Sc.

Ph.D. Degree in Science Ph.D.

मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थान

क. प्रविणता प्रमाणपत्र

कला प्रविण Proficiency Certificate in Humanities and Social Science ( C.A.)

ख. स्नातक

कला शास्त्री Bachelor's Degree in Humanities and Social Science ( B.A.)

ग. स्नातकोत्तर

कलाचार्य Master's Degree in Humanities and Social Science ( M.A.)

विद्यावारिधि Ph.D. Degree in Humanities and Social Science ( Ph.D.)

महाविद्यावारिधि D.Litt. Degree in Humanities and Social Science ( )

ललितकला

क.ललितकला प्रविण Proficiency Certificate in Fine Arts ( C.F.A.)

ख. स्नातक शास्त्री Bachelor's Degree in Fine Arts ( B.F.A.)

व्यवस्थापन अध्ययन संस्थान

क. प्रविणता प्रमाणपत्र

व्यापार प्रशासन Proficiency Certificate in Business Administration ( C.B.A.)

ख स्नातक

व्यापार प्रशासन शास्त्री Bachelor's Degree in Business Administration ( B.B.A.)

ग स्नातकोत्तर

व्यापार प्रशासनाचार्य Master's Degree in Business Administration ( M.B.A.)

जनप्रशासनाचार्य Master's Degree in Public Administration ( M.P.A.)

संस्कृत अध्ययन संस्थान

क. प्रविणता प्रमाणपत्र

संस्कृत प्रविण Proficiency Certificate in Sanskrit ( प्रविण)

ख. स्नातक

संस्कृत शास्त्री Bachelor's Degree in Sanskrit (शास्त्री)

ग.स्नातकोत्तर

संस्कृताचार्य Master's Degree in Sanskrit (आचार्य)

Ph.D. Degree in Sanskrit

D.Litt. Degree in Sanskrit

कानुन अध्ययन संस्थान

क.प्रविणता प्रमाणपत्र

कानुन प्रविण Proficiency Certificate in Law ( C.L.)

ख. स्नातक

कानुन शास्त्री Bachelor's Degree in Law ( B.L.)

माथिका नामकरणका अतिरिक्त ‘सम्मानार्थ स्नातकोपाधि’ लाई देहायअनुसार नामकरण गरियो;

क महाविद्यावारिधि Doctor of Laws (Ll.D.)

ख महाविद्यावारिधि Doctor of Letters ( D.Litt.)

ग महाविद्यावारिधि Doctor of Science ( D.Sc.)

## विश्वविद्यालय सेवा वर्गीकरण

२०३७ सालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत तीन मुख्य समूह (१) शिक्षण, (२) प्रशासन तथा (३) पुस्तकालय सेवा रहेको थियो । कार्यक्षेत्रमा क्रमिक रूपमा व्यापकता तथा विविधता आएको र भविष्यमा पनि आउँदै गर्ने तथ्यलाई दृष्टिगत गर्दा विश्वविद्यालयमा विद्यमान सेवाको वर्गीकरण अपर्याप्त भएकाले सोसम्बन्धमा सुधार गर्न आवश्यक भएको ठानिएको थियो । फलस्वरूप विद्यमान विश्वविद्यालय सेवाअन्तर्गत नियुक्ति पाई काम गर्दैआएका र भविष्यमासमेत नियुक्ति पाउने विभिन्न तहका धेरै कर्मचारीहरू कामका दृष्टिले उल्लिखित कुनै पनि वर्गमा नपर्ने देखिएकाले व्यावहारिकतालाई विचार गरी विश्वविद्यालय सेवालाई देहायका समूहमा विभाजन गरियो;[११५]

| | |
|---|---|
| क शिक्षण सेवा समूह | शिक्षण र प्रशिक्षणमा कार्यरत कर्मचारीहरू |
| ख प्रशासन सेवा समूह | प्रशासनिक काममा कार्यरत कर्मचारीहरू |
| ग पुस्तकालय सेवा समूह | पुस्तकालय विज्ञानमा विभिन्न उपाधी प्राप्तगरी पुस्तकालयमा कार्यरत कर्मचारीहरू |
| घ आर्थिक सेवा समूह | आर्थिक अर्थात् आर्थिक प्रशासन, लेखापरीक्षण आदि कार्यमा कार्यरत कर्मचारीहरू |
| ङ प्राविधिक सेवा समूह | प्राविधिक कार्यमा कार्यरत कर्मचारीहरू |
| च विविध सेवा समूह | उपर्युक्त समूहहरूमा नपर्ने अर्द्धप्राविधिक तथा विशेष कामका निम्ति नियुक्त गरिएका कर्मचारीहरू |

[११५] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३७ साल मंसिर १ गतेको निर्णय नं. ७३ ।

उल्लिखित समूहका अतिरिक्त कार्यकारिणी समितिले देहायका समूहसमेत व्यवस्था गरेको थियो;

१ प्राविधिक तथा विविध सेवा समूहका शिक्षणतर्फका तहहरू रहने,

२ प्रचलित शिक्षणतर्फ रहेका तहभन्दा मुनिका प्राविधिक तथा विविध सेवा समूहअन्तर्गत अर्द्धप्राविधिक तथा विशेष कामका निम्ति स्थापितको हकमा कार्यकारिणी समितिले अन्य तहहरू कायम गर्ने,

३ नयाँ सिर्जना गरिएका पदहरूको समूहको वर्गीकरण कार्यकारिणी समितिले गर्ने तथा

४ प्रचलित कुनै समूहमा नपर्ने कर्मचारीहरूलाई कार्यकारिणी समितिले माथि उल्लिखित कुनै उपयुक्त समूहमा समावेश गर्ने व्यवस्था मिलाइयो ।

## विश्वविद्यालय सभा तथा कार्यकारिणी समिति

विश्वविद्यालयअन्तर्गत त्रिभुवन विश्वविद्यालय सभा तथा कार्यकारिणी समितिको सचिवालयका रूपमा 'नियम विनियम तर्जुमा शाखा' बाट सम्बद्ध विषयका कामहरू सम्पादन हुँदै आएको देखिन्छ । यस शाखाबाट नियमानुसार काम सञ्चालन हुँदै आएको भए तापनि कामअनुसार शाखाको नाम अनुपयुक्त ठहर गरी कार्यकारिणी समितिले यसको नाम 'त्रि.वि.सभा तथा कार्यकारिणी समितिको कार्यालय' राखेको थियो । यसका साथै नियम विनियम तर्जुमा शाखा सम्बन्धी प्रचलित विनियमसमेत खारेज गरी त्रि.वि. सभा तथा कार्यकारिणी समितिको कार्यालय सम्बन्धी देहायबमोजिमका विनियम लागू गर्ने ठहर गरियो ।[११६]

रजिष्ट्रारको कार्यालयअन्तर्गत त्रि.वि.सभा तथा कार्यकारिणी समितिको कार्यालय (Office of T.U.Council and Executive

[११६] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३९ साल माघ ९ गतेको निर्णय नं. १४३, १४४ ।

Committee) रहने, कार्यालयका प्रमुख पदको नाम कार्यकारिणी सचिव (Executive Secretary) हुने, कार्यकारी सचिव सहप्राध्यापक सरहको प्राविधिक समूहको हुने तथा त्रि.वि.सभा तथा कार्यकारिणी समितिको सचिवालयका रूपमा समितिले देहायबमोजिम काम गर्ने भयो;

- विश्वविद्यालय सभाको बैठक हुने स्थान र समय निर्धारणका निम्ति कारवाई गर्ने, प्रारम्भिक तथा अन्तिम कार्यावली तयार पार्ने, मिनट्स तयार पार्ने, बैठकको मिनट्स अनुमोदनका निम्ति राष्ट्रिय शिक्षा समितिमा पठाउने, अनुमोदन भई आएका निर्णयलाई कार्यान्वयनको मिति निर्धारण गरी परिपत्र गर्ने, विश्वविद्यालय सभाको बैठकमा उपकुलपतिले पेश गर्ने वार्षिक प्रतिवेदन तयार पार्ने तथा विश्वविद्यालय सभाको बैठक सम्बन्धी अन्य आवश्यक सबै कार्य गर्ने,
- विश्वविद्यालयबाट राष्ट्रिय शिक्षा समितिमा पेश हुने प्रस्ताव तयार पार्ने,
- विशेष तथा वार्षिक दीक्षान्त समारोह सम्बन्धी कार्य गर्ने,
- नियम तथा विनियमलाई अध्यावधिक बनाउने कार्य गर्ने,
- नियम तथा विनियमलाई परिमार्जन गर्न आवश्यक कारवाई गर्ने,
- नियम र विनियमको प्रकाशन सम्बन्धी कारवाई चलाउने,
- विभिन्न निकायहरूबाट प्रशासकिय निर्णय गराई काम गरिआएकोमा त्यस्ता निर्णयहरूलाई नियम तथा विनियमको रूप दिनेतर्फ कारवाई गर्ने,
- विश्वविद्यालयका विभिन्न निकायहरूबाट विनियममा उठाइएका समस्याहरूको समाधान गर्ने, नियम विनियमको व्यख्या गर्ने र स्पष्ट नभएमा स्पष्ट पार्न कारवाई गर्ने र
- त्रिभुवन विश्वविद्यालय केन्द्रीय पदाधिकारीहरूको निर्देशानुसार परिआउने अन्य कार्य गर्ने ।

विश्वविद्यालय सभा तथा कार्यकारिणी समितिको कार्यालयको प्रमुख कार्यकारी सचिव हुनका लागि 'सामाजिकशास्त्रअन्तर्गत कुनै पनि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी १० वर्ष शिक्षण अनुभव, जसमध्ये विश्वविद्यालयअन्तर्गत नियम विनियम तर्जुमा सम्बन्धी ८ वर्षको अनुभव प्राप्त व्यक्ति हुनुपर्ने भयो ।

## इन्स्टिच्यूटमा प्रथम डीन

त्रिभुवन विश्वविद्यालयका कुलपतिबाट श्री ५ बाट २०२९ साल असार ११ गतेका दिन विश्वविद्यालयका ७ वटा इन्स्टिच्यूटका लागि देहायका व्यक्तिहरूलाई २०२९ साल साउन १ गतेदेखि लागू हुने गरी डीन पदमा नियुक्त गरियो;[११७]

| | |
|---|---|
| कृषि र पशुविज्ञान इन्स्टिच्यूटमा | डा.कमलाभक्त राजभण्डारी |
| वनविज्ञान इन्स्टिच्यूटमा | ववनप्रसाद कायस्थ |
| इञ्जिनीयरिङ्ग इन्स्टिच्यूट | कुलरत्न तुलाधर |
| चिकित्साशास्त्र इन्स्टिच्यूट | डा.मोइन शाह |
| व्यावहारिक विज्ञान र प्रविधि इन्स्टिच्यूट | डा.परासरनारायण सुवाल |
| शिक्षाशास्त्र इन्स्टिच्यूट | डा.पन्नालाल प्रधान |
| नेपाल र एशियाई अध्ययन इन्स्टिच्यूट | डा.प्रयागराज शर्मा |

यसका साथै जगतमोहन अधिकारीलाई २०२९ साल साउन १ गतेदेखि लागू हुनेगरी कायम मुकायम रजिष्ट्रार नियुक्त गरियो ।

---

[११७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-११, २०२९ साल असार, पृ.९-१० ।

उल्लेख्य के छ भने त्रिभुवन विश्वविद्यालयमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' लागू भएपछि नयाँ व्यवस्थाअनुसार गठन गरिएको उल्लिखित इन्स्टिच्यूट तथा तिनमा नियुक्त प्रथम डीनहरू हुन् ।

## क्याम्पस विद्यार्थी परिषद्

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विद्यार्थीको हकहितका लागि एउटा 'परिषद्' को व्यवस्था गरेको थियो । सोहीअनुसार त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिले 'क्याम्पस विद्यार्थी परिषद्' को व्यवस्था गऱ्यो । यसका साथै समितिले 'क्याम्पस विद्यार्थी परिषद्को विधान' समेत तर्जुमा गरेको थियो । राष्ट्रिय उत्थानको हरक्षेत्रमा विद्यार्थी वर्गबाट भई रहेको योगदानलाई ध्यानमा राख्दै राष्ट्रिय शिक्षा योजना अनुरूप विश्वविद्यालयको तत्वावधानमा संगठित विभिन्न अध्ययन संस्थानअन्तर्गत अधिराज्य भरीको क्याम्पसहरूमा अध्ययन गर्ने प्रत्येक विद्यार्थीको बैद्धिक, मानसिक र शारीरिक विकास गराई तिनीहरूमा नैतिक चरित्र, परिश्रम गर्ने बानी, सिर्जनात्मक प्रवृत्ति तथा वैज्ञानिक ढङ्गले विचार गर्ने प्रवृत्तिको प्रस्फुटन गराउँदै राष्ट्रिय चरित्रको निर्माण गर्न तथा राष्ट्रिय उत्थानमा सघाउ पुऱ्याउन लगाउन प्रत्येक क्याम्पसमा बेग्ला बेग्लै विद्यार्थी परिषद् गठन गर्ने व्यवस्था भयो ।[११८]

क्याम्पस विद्यार्थी परिषद्को मुख्य उद्देश्य सम्बन्धित क्याम्पसका विद्यार्थीहरूको मानसिक र शारीरिक विकासका लागि सहयोग पुग्ने कार्य गर्ने, विद्यार्थीमा समाज सेवाको भवना जगाउने, विभिन्न क्याम्पसका विद्यार्थीहरूका बीचमासमेत आपसी सद्भवना एवम् सहयोग बढाउन चाहिने कार्यहरू गर्ने, विद्यार्थीहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ज्ञानको वृद्धि गर्ने, देश, नरेश, राष्ट्रियता र संस्कृति प्रति प्रेम र आस्था जगाउने तथा विद्यार्थीहरूमा आत्मविश्वासको भावना, स्वावलम्बन र सिर्जनात्मक प्रवृत्ति

---

[११८] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भाद्र ११-१३ मा बसेको वैठकको निर्णय नं. ६, पृ. १-८ ।

जगाउने जस्ता निर्धारण गरियो । सम्बद्ध क्याम्पसको नामबाट नै प्रत्येक क्याम्पस विद्यार्थी परिषद्को नाम रहने व्यवस्था गरियो ।

क्याम्पसका सबै विद्यार्थीहरू स्वतः विद्यार्थी परिषद्का सदस्य हुने व्यवस्था गरियो । तर कुनै सेमेष्टरमा विश्वविद्यालयका शिक्षकले नाम रजिष्टर गरेको रहेछन् भने त्यस्ता व्यक्तिहरू यो परिषद्को सदस्य हुन पाउने भएनन् । त्यस्तै प्रत्येक सेमेष्टरको सुरुमा सदस्यहरूले अनिवार्य रूपमा सदस्यता शुल्क भने तिर्नु पर्ने भयो ।

परिषद्का सदस्यले विश्वविद्यालयको नियम र विनियमको अधिनमा रही साधारण सभामा प्रस्ताव पेश गर्न, छलफलमा भाग लिन तथा मतदान गर्न पाउँथे । यस क्रममा कुनै सदस्यले विद्यार्थी हित सम्बन्धी प्रस्ताव साधारण सभामा प्रस्तुत गर्न चाहेमा निजले कम्तिमा ५ दिन अगाडि कार्यसमिति समक्ष आफ्नो प्रस्ताव सहितको लिखित अनुरोध पेश गर्नु पर्दथ्यो । परिषद्को उद्देश्य पूर्तिका लागि कार्यक्रमहरूको सुझाव गर्ने, त्यस्तो कार्यक्रमहरूमा भाग लिने तथा कार्य समितिका लागि कुनै चुनावमा भाग लिने र साधारण सभामा हुने कुनै पनि मतदान कार्यमा भाग लिने पनि परिषद्का सदस्यहरूको कर्तव्य हुन्थ्यो । यद्यपि नियमित नभएका विद्यार्थी भने परिषद्को कार्य समितिको उम्मेदवार हुन पाउँदैनथे ।

परिषद्को दैनिक कार्य सम्पादनका लागि ९ देखि ११ जनासम्म प्रतिनिधिहरूको एउटा कार्य समितिको व्यवस्था गरियो । साउने सेमेष्टर शुरु भएको साधारणतया ४५ दिन भित्र साधारण सभाबाट एक/एक जना सभापति, उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष तथा चारदेखि छ जनासम्म सदस्यहरू निर्वाचित हुने भए, जसको पदावधि १ वर्षको तोकियो ।

कार्य समितिले हरेक सेमेष्टरमा कम्तिमा एक पटक साधारण सभा बोलाउने, साधारण सभा समक्ष आफ्नो अवधि भरका लागि अनुमानित बजेट पेश गरी त्यसमा आवश्यक छलफल गराई स्वीकृति

गराउने, हरेक सेमेष्टरमा भएको आम्दानी खर्चको विवरण सभालाई जानकारी दिने, कार्यक्रमहरूको तर्जुमा गर्ने र अनुशासित ढङ्गले सञ्चालन गर्ने, साधारण सभाका सम्पूर्ण सदस्य संख्याको एक तिहाई सदस्यहरूले तथा कार्य समितिको दुई तिहाई सदस्यहरूले लिखित रूपमा कारणसमेत खोलि साधारण सभा बोलउन अनुरोध गरेमा संरक्षकको स्वीकृति लिई साधारण सभा बोलाउने जस्ता कार्यहरू गर्ने भयो । त्यस्तै कार्य समितिलाई आवश्यकता भएका बखत उपसमितिहरू तथा त्यसका लागि चाहिने कार्यविधिसमेत बनाई कार्यहरू गर्ने, विद्यार्थी परिषद्को सबै रकम बैंकमा राखी विद्यार्थी परिषद्मा कोष खडा गर्ने र नियमानुसार सञ्चालन गर्ने तथा कार्य समितिको अवधि पूरा हुनु भन्दा कम्तिमा १५ दिन अगाडी संरक्षकबाट नियुक्त गरिएका अडिटरद्वारा कार्य समितिको हिसाब किताब लेखा परीक्षण गराई साधारण सभा समक्ष पेश गरी अनुमोदन गराउने दायित्वसमेत थियो ।

सम्बन्धित क्याम्पस प्रमुख क्याम्पस विद्यार्थी परिषद्को संरक्षक हुने व्यवस्था गरियो । संरक्षकलाई परिषद्को विधानको उद्देश्यअनुसार काम गर्न लगाउने, विद्यार्थी तथा क्याम्पस हितलाई ध्यानमा राखी कार्य समितिको गतिविधिमा पूर्ण दृष्टि दिने, आवश्यक सरसल्लाह तथा निर्देशन दिने, आवश्यक भएमा कार्य समितिको वैठक तथा साधारण सभालाई सम्बोधन गर्ने, कार्य समिति तथा साधारण सभाको निर्णहरू विधान अनुरूप छ छैन हेरि कार्यान्वयनका निम्ति स्वीकृति दिने जस्ता कार्यको अख्तियारी दिइयो । उल्लेख्य के छ भने क्याम्पस विद्यार्थी परिषद्बाट परित गरिएका प्रस्ताव संरक्षकबाट अस्वीकृत भएमा स्वतः खारेज हुने भए । कार्य समितिका कुनै पदाधिकारी वा अन्य सदस्यले राजिनामा गरि वा अरू कुनै कारणवश कार्य समितिबाट हटेमा संरक्षकले मध्यावधि चुनाव गराई सो रिक्त पद पूर्ति गर्न सक्दथे ।

संरक्षकले क्याम्पसका शिक्षकमध्ये कुनै एकलाई विद्यार्थी परिषद्को सल्लाहकार नियुक्त गर्दथे । यस्ता सल्लाहकारले विद्यार्थी परिषद्को कार्य

समितिलाई सल्लाह दिने, कार्य समिति र साधारण सभाको निर्णयमा अन्तिम स्वीकृति दिने सम्बन्धमा संरक्षकलाई सल्लाह दिने र विद्यार्थीलाई समाज सेवामा क्रियाशिल राख्न प्रोत्साहन तथा प्रेरणा दिने कार्य गर्नु पर्दथ्यो ।

**विद्यार्थी भर्ना र कक्षा सञ्चालन**

२०३० साल असार मसान्तसम्म विश्वविद्यालय प्रशासनबाट विभिन्न महाविद्यालयहरूलाई क्याम्पसमा परिणत गर्ने, क्याम्पस प्रमुखहरूको नियुक्ति गर्ने तथा अन्य आवश्यक सबै व्यवस्था पूरा गरेर साउन १ देखि विश्वविद्यालयअन्तर्गतका सम्पूर्ण उच्च शिक्षालयहरूमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाअनुसार पठन पाठन कार्यको प्रारम्भ गरियो । सोही साउन २ गतेदेखि विभिन्न अध्ययन संस्थानअन्तर्गत अधिराज्यका सबै क्याम्पसहरूमा प्रवेशका लागि परीक्षा शुरु भयो । राशिपयो लागू गरिँदा अधिराज्यमा जम्मा ८२ क्याम्पस रहेको जसमध्ये काठमाडौं उपत्यकामा नै ३३ वटा सञ्चालनमा थिए । यो पहिलो वर्ष विद्यार्थीहरूको प्रवेशका निम्ति कुनै पनि क्याम्पसमा स्थानाभावको समस्या परेन अर्थात् प्रवेश परीक्षा दिने परीक्षार्थीहरू सबैले प्रवेश पाएका थिए । प्रवेश परीक्षा पुरा भएपछि साउन १४ गतेदेखि सबै क्याम्पसहरूमा सेमेष्टर प्रणालीअनुसार पठन पाठनको कार्य सञ्चालन गरियो ।[११९]

२०३० साल साउन १ गते देखि त्रिभुवन विश्वविद्यालयअन्तर्गत मुलुकभर रहेका क्याम्पसमा विद्यार्थी भर्ना खुलेको सूचनाका साथ सो सम्बन्धी विस्तृत विवरण सार्वजनिक गरिएको थियो । यस क्रममा अञ्चल, जिल्ला (स्थान), क्याम्पसको नाम, इन्स्टिच्यूट, विभिन्न तह तथा तिनमा

---

[११९] त्रिभुवन विश्वविद्यालय बुलेटिन, वर्ष-६, अङ्क-१२, २०३० साल साउन, पृ.१-२ ।

भर्ना लिइने विद्यार्थी संख्यासमेत तोकिएको थियो, जुन सबैको जानकारीका लागि यस प्रकार सूचना प्रकाशित गरिएको देखिन्छ छ;[१२०]

विद्यार्थी भर्ना सम्बन्धी विवरण

| क्र. सं. | अञ्चल | स्थान जिल्ला | क्याम्पस | इन्स्टिच्यूट | प्रमाण पत्र | स्नातक | स्नात कोत्तर | अन्य | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेची | इलाम | इलाम क्याम्पस | शिक्षा शास्त्र | ४२५ | - | - | - | ४२५ |
| | | ,, | महेन्द्ररत्न क्याम्पस | मा.सा.श. र सा.शास्त्र | २०० | ५० | | | २५० |
| | | झापा | मेची क्याम्पस | मा.सा.शा. | २०० | | | | २०० |
| २ | कोशी | धनकुटा | धनकुटा क्याम्पस | मा.सा.शा. | १०० | | | | १०० |
| | | ,, | | शि.शा. | ३४० | ८० | | | ४२० |
| | | सुनसरी | महेन्द्र क्याम्पस | मा.सा.शा. | ४०० | | | | ४०० |
| | | ,, | | व्या.प्र.वा.तथा ज.प्र. | १५० | | | | १५० |
| | | ,, | पिण्डेश्वर क्याम्पस | संस्कृत | ५० | ४० | | | ९० |
| | | मोरङ | विराटनगर क्याम्पस | चिकित्साशास्त्र | | | | ८० | ८० |
| | | ,, | महेन्द्र आदर्श क्याम्पस | मा.सा.शा. | ५०० | २५० | | | ७५०[१२१] |
| | | ,, | ,, | विज्ञान | १९८ | १०० | | | २९८ |
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | २०० | १०० | | | ३००[१२२] |
| | | ,, | विराटनगर क्याम्पस | इञ्जिनीयरिङ्ग | | | | १० | १० |
| | | सुनसरी | धरान क्याम्पस | व्या. वि. र प्र. | १०० | | | | १००० |

१२० *गोरखापत्र*, २०३० साल असार १४ गते विहिवार ।

१२१ आदर्श महाविद्यालय र मोरङ मोरङ कलेज दुवै एउटामा गाभिएको, आवश्यकताअनुसार एक्सटेन्सन कक्षा पनि चालउन दिन ।

१२२ आवश्यकतानुसार एक्सटेन्सन कक्षा पनि चलाउन दिन ।

| क्र. सं. | अञ्चल | स्थान जिल्ला | क्याम्पस | इन्स्टिच्यूट | प्रमाण पत्र | स्नातक | स्नात कोत्तर | अन्य | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सगरमाथा | भोजपुर | भोजपुर क्याम्पस | मा.सा.शा. | १०० | | | | १०० |
| | | सप्तरी | महेन्द्र विन्देश्वरी क्याम्पस | मा.सा.शा. | २०० | ५० | | | २५० |
| | | ,, | सिराहा क्याम्पस | शि.शा. | ४० | | | | ४० |
| ४ | जनकपुर | महोत्तरी | याज्ञवल्क्य लक्ष्मीनारायण क्याम्पस | संस्कृत | ८० | ४० | | | १२०[१२३] |
| | | धनुषा | रामस्वरुप रामसागर क्या. | मा.सा.शा. | ५०० | ८० | | | ५८० |
| | | ,, | ,, | विज्ञान | १२५ | | | | १२५ |
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | २०० | | | | २०० |
| ५ | बाग्मती | भक्तपुर | भक्तपुर क्याम्पस | मा.सा.शा. | १५० | ५० | | | २०० |
| | | ,, | सानोठिमी क्याम्पस | शि.शा. | २७० | ४७० | | | ७४० |
| | | ललितपुर | पाटन क्याम्पस | मा.सा.शा. | २५० | १५० | | | ४०० |
| | | ,, | ,, | विज्ञान | १८१ | | | | १८१ |
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | ३५० | १०० | | | ४५०[१२४] |
| | | ,, | पुल्चोक म्याम्पस | इञ्जिनीयरिङ्ग | ३२३ | २४६ | | | ५६९ |
| ५ | बाग्मती | काठमाडौं | पद्मकन्या क्याम्पस | मा.सा.शा. | ७५० | ३०० | | | १०५०[१२५] |
| | | ,, | ,, | विज्ञान | १६५ | | | | १६५[१२६] |

[१२३] याज्ञवल्क्य संस्कृत महाविद्यालय र लक्ष्मीनारायण संस्कृत महाविद्यालय दुवै एउटामा गाभिएको ।

[१२४] नेपाल कमर्स कलेज र पाटन कलेज दुवै एउटामा गाभिएको ।

[१२५] पद्‌म कन्या क्याम्पसमा छात्राहरूलाई मात्र प्रवेश दिइनेछ ।

[१२६] पद्‌म कन्या क्याम्पसमा छात्राहरूलाई मात्र प्रवेश दिइनेछ ।

| क्र. सं. | अञ्चल | स्थान जिल्ला | क्याम्पस | इन्स्टिच्यूट | प्रमाण पत्र | स्नातक | स्नात कोत्तर | अन्य | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ,, | सरस्वती क्याम्पस | मा.सा.शा. | ५०० | | | | ५०० |
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | ३०० | | | | ३०० |
| | | ,, | त्रिचन्द्र क्याम्पस | मा.सा.शा. | - | ६०० | | | ६००[१२७] |
| | | ,, | ,, | विज्ञान | ४८० | ६५० | | | ११३० |
| | | ,, | रत्नराज्यलक्ष्मी क्याम्पस | मा.सा.शा. | ४०० | | | | ४००[१२८] |
| | | ,, | महेन्द्ररत्न क्याम्पस | शि.शा. | ४४० | | | | ४४० |
| | | ,, | अमृत क्याम्पस | विज्ञान | ३४० | १५० | | | ४९० |
| | | ,, | विश्वभाषा क्याम्पस | मा.सा.शा. | | | | ३० | ३० |
| | | ,, | कीर्तिपुर क्यामपस | मा.सा.शा. | | | ५०० | | ५०० |
| | | ,, | ,, | विज्ञान | | | १२५ | | १२५ |
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | | | २०० | | २००[१२९] |
| | | ,, | बाल्मिकी क्याम्पस | संस्कृत | ८० | | ६० | ८० | २२०[१३०] |
| | | ,, | नेपाल ल क्याम्पस | कानून | ४० | | १८० | | २२०[१३१] |
| | | ,, | नेपाल तथा एशियाली अध्ययन क्याम्पस | नेपाल तथा एशियाली अध्ययन | | | | १५ | १५[१३२] |
| | | ,, | बालाजु | इञ्जिनीयरिङ | ३६ | | | | ३६ |

[१२७] मानविकी स्नातकोपाधिमा नियमित र एक्सेन्सन दुबै चलाउने गरी ।

[१२८] आवश्यक परेमा एक्सटेन्सन पनि चलाउने गरी ।

[१२९] दोस्रो सेमेष्टरदेखि शंकरदेव क्याम्पस काठमाडौँमा सर्ने ।

[१३०] आर्थिक वर्ष २०३१/०३२ मा दाङमा सार्ने (केन्द्रीय क्याम्पस मात्र) ।

[१३१] महेन्द्र मोरङ कलेजको कानून र नेपाल ल कलेज दुबै एउटामा गाभिएको ।

[१३२] अनुसन्धान ।

| क्र. सं. | अञ्चल | स्थान जिल्ला | क्याम्पस | इन्स्टिच्यूट | प्रमाण पत्र | स्नातक | स्नात कोत्तर | अन्य | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | क्याम्पस | | | | | | |
| | | ,, | त्रिपुरेश्वर क्याम्पस | ,, | १३६ | | | ६० | १९६ |
| | | ,, | थापाथली क्याम्पस | ,, | ७३ | | | ५० | १२३ |
| | | ,, | कीर्तिपुर क्याम्पस | शि.शा. | | ३६० | १४० | | ५०० |
| | | ,, | महाबौद्ध क्याम्पस | चिकित्साशास्त्र | ७४ | | | | ७४ |
| | | ,, | आयुर्बेद क्याम्पस | ,, | २५ | | | | २५ |
| | | ,, | महाराजगञ्ज क्याम्पस | ,, | २५० | | | | २५० |
| | | ,, | महाबौद्ध क्याम्पस | ,, | १५ | | | | १५ |
| | | ,, | शंकरदेव क्याम्पस | व्या.प्र.वा.तथा ज.प्र. | | ५०० | २०० | | ७००[१३३] |
| | | ,, | पब्लिक यूथ क्याम्पस | व्या.प्र.वा.तथा ज.प्र. | ५०० | | | | ५००[१३४] |
| | | ,, | ललितकला क्याम्पस | मा.सा.शा. | १०० | | | | १००[१३५] |
| | | | | | | | | | |
| ६ | नारायणी | मकवानपुर | हेटौंडा क्याम्पस | वन विज्ञान | ६० | | | | ६० |
| | | भरतपुर | वीरेन्द्र क्याम्पस | मा.सा.शा. | २०० | | | | २०० |
| | | चितवन | भरतपुर क्याम्पस | चिकित्साशास्त्र | | | | ५० | ५० |
| | | रामपुर | रामपुर क्याम्पस | कृ.र प.वि.इन्स्टिच्यूट | ४२५ | १७५ | | ५० | ६५० |
| | | पर्सा | ठाकुरराम क्याम्पस | मा.सा.शा. | २०० | ७० | | | २७० |
| | | ,, | ,, | विज्ञान | ११८ | | | | ११८ |

---

[१३३] स्नातकोपाधि स्तरमा नियमित र एक्सटेन्सन दुबै चलाउने गरी ।

[१३४] पब्लिक कमर्स कलेज र नेपाल युवक महाविद्यालय दुबै एउटामा गाभिएको । नियमित र एक्सटेन्सनमा दुबै चलाउने गरी ।

[१३५] ललित कला सम्बन्धी पठन पाठन गराइने ।

| क्र. सं. | अञ्चल | स्थान जिल्ला | क्याम्पस | इन्स्टिच्यूट | प्रमाण पत्र | स्नातक | स्नात कोत्तर | अन्य | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | १०० | ५० | | | १५० |
| | | ,, | वीरगञ्ज क्याम्पस | शि.शा. | ३४० | ८० | | | ४२० |
| ७ | गण्डकी | कास्की | पृथ्वीनारायण क्याम्पस | मा.सा.शा. | ४०० | १०० | | | ५०० |
| | | ,, | ,, | विज्ञान | १४९ | | | | १४९ |
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | ५० | | | | ५० |
| | | ,, | पोखरा क्याम्पस | शि.शा. | ३४० | | | ५० | ३९० |
| | | ,, | ,, | चिकित्साशास्त्र | - | - | - | - | -[१३६] |
| ८ | लुम्बिनी | पाल्पा | त्रिभुवन क्याम्पस | मा.सा.शा. | २०० | ५० | | | २५० |
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | १०० | ५० | | | १५० |
| | | रुपन्देही | भैरहवा क्याम्पस | मा.सा.शा. | १०० | | | | १०० |
| | | ,, | बुटवल क्याम्पस | शि.शा. | ४५० | ८० | | | ५३०[१३७] |
| | | ,, | ,, | इञ्जिनियरिङ्ग | | | | ४७ | ४७ |
| | | पाल्पा | पाल्पा क्याम्पस | चिकित्साशास्त्र | | | | २० | २० |
| ९ | धौलागिरी | बाग्लुङ्ग | महेन्द्र क्याम्पस | मा.सा.शा. | १०० | | | | १०० |
| १० | राप्ती | दाङ | महेन्द्र क्याम्पस | मा.सा.शा. | १०० | | | | १०० |
| | | ,, | जनता क्याम्पस | संस्कृत | ४० | ३० | | | ७० |
| ११ | भेरी | सुर्खेत | सुर्खेत क्याम्पस | शि.शा. | १०० | | | | १००[१३८] |
| | | बाँके | महेन्द्र क्याम्पस | मा.सा.शा. | १५० | ५० | | | २०० |

[१३६] पाल्पा क्याम्पससँग सम्बन्ध राखी कार्य सञ्चालन गर्ने ।

[१३७] हिउँदे सेमेष्टरदेखि चालू गर्ने ।

[१३८] २०३१-०३२ मा नेपालगञ्ज, बाँकेमा सारिने ।

| क्र. सं. | अञ्चल | स्थान जिल्ला | क्याम्पस | इन्स्टिच्यूट | प्रमाण पत्र | स्नातक | स्नात कोत्तर | अन्य | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ,, | ,, | विज्ञान | १०४ | | | | १०४ |
| | | ,, | ,, | व्या.प्र.वा.तथा ज.प्र. | ५० | | | | ५० |
| | | ,, | नेपालगञ्ज क्याम्पस | चिकित्साशास्त्र | | | | ५० | ५० |
| १२ | कर्णाली | जुम्ला | जुम्ला क्याम्पस | शि.शा. | | | | ४० | ४०[१३९] |
| १३ | सेती | डोटी | डोटी क्याम्पस | मा.सा.शा. | १०० | | | | १०० |
| १४ | महाकाली | - | - | - | - | - | - | - | [१४०] |

द्रस्ष्टव्य:

१ आठराई र कुन्छामा मानविकी तथा साकाजिक शास्त्र क्रमशः धनकुटा क्याम्पस र पृथ्वीनारायण क्याम्पसमा गाभिएका
छन् । यी ठाउँहरूमा प्राविधिक क्षेत्रको शिक्षा, कृषि जस्तै कार्यक्रम चलाउने बारेको सम्भाव्यता बारे विचार गर्ने ।

२ उपरोक्त क्याम्पस निर्धारण बमोजिम अर्को क्याम्पससँग गाभिएका महाविद्यालयहरू हाल दोस्रो वा चौथो वर्षमा कक्षाहरूमा पढिरहेका विद्यार्थीहरूको पढाई पूरा गराउन सम्बन्धित डीनले उपयुक्त व्यवस्था गर्नेछ ।

त्रिभुवन विश्वविद्यालय, संस्कृत अध्ययन संस्थानअन्तर्गत विभिन्न क्याम्पसमा अध्ययनका निम्ति प्रवेश चाहने विद्यार्थीहरूले प्रवेश लिन चाहेका क्याम्पसमा २०३० साल असार २७ गतेसम्म पुग्ने गरी आफुले पाएको प्रमाणपत्र, चरीत्रपत्र तथा लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपिसमेत संलग्न गरी आवेदन दिन सूचित गरिएको थियो । आवेदनमा भने मूल क्षेत्र वा लिने कुनै एक विषय र सहायक क्षेत्रबाट लिने कुनै एक विषय पनि खुलाउन भनियो । नमूनाका रूपमा संस्कृत अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयको सूचनामा (१) बाल्मीकि, रामशाहपथ काठमाडौं (२) जनता क्याम्पस, विजौरी, दाङ, राप्ती (३) याज्ञवल्क लक्ष्मीनारायण

[१३९] नयाँ खोलिने (विशेष तालीम) ।

[१४०] २०३१/०३२ मा शिक्षाशास्त्र क्याम्पस राख्ने सम्भाव्यताको अध्ययन गर्ने ।

क्याम्पस, मटिहानी क्याम्पसका लागि विभिन्न तह तथा विषयको स्वीकृतिका लागि आवेदन आह्वान गरेको देखिन्छ ।[१४१]

नयाँ शिक्षा पद्धतिको योजनाअनुसार पहिलो वर्ष उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीहरूको संख्या २०,६५० तथा दोस्रो वर्षमा सो संख्या वृद्धि भई २५ हजार पुग्ने विश्वविद्यालयले अनुमान गरेको थियो । नयाँ शिक्षा योजनाले उच्च शिक्षामा साधारण शिक्षा हासिल गर्ने ७५ प्रतिशत र प्राविधिक शिक्षा हासिल गर्ने २५ प्रतिशत मात्र निर्धारण गरेको भए तापनि दोस्रो वर्ष अर्थात् २०३२ सालदेखि प्राविधिक शिक्षालाई जोड दिँदै यो विषय अध्ययन गर्ने विद्यार्थीहरूको संख्या ४० प्रतिशत गराउने लक्ष्य राखेको थियो ।

२०३० सालदेखि राशिपयोअनुसार नयाँ पद्धतिबाट पठन पाठन थालिए तापनि योजना पूर्व अर्थात् २०२९ सालमा भर्ना भएर दोस्रो (इन्टरमिडिएट दोस्रो वर्ष) र चौथो (डिप्लोमा दोस्रो वर्ष) वर्षमा अध्ययनरत विद्यार्थीहरूको अध्ययन पूरा गराउनका लागि सम्बद्ध क्याम्पसहरूमा नै अध्ययनको व्यवस्था मिलाइयो ।

एक भन्दा बढी क्याम्पसहरू भएको ठाउँमा कामकाजमा सामन्जस्य र एकरूपता ल्याउने उद्देश्यले क्याम्पस प्रमुखहरूको समन्वय समिति गठन गरियो । यस किसिमको समन्वय समितिको अध्यक्ष भने वर्णानुक्रमअनुसार क्याम्पस प्रमुख रहने व्यवस्था गरियो ।

स्नातकोत्तर तह

राष्ट्रिय शिक्षा योजनाअनुसार शुरु भएको स्नातकोत्तर तहमा पहिलो सेमेष्टरमा व्यापार प्रशासन वाणिज्यशास्त्र र प्रशासन विषयमा ७१ जना विद्यार्थीहरूले प्रवेश पाए । त्यस्तै मानविकी तथा समाजशास्त्र अध्ययन संस्थान अन्तर्गत अर्थशास्त्रमा ६६, राजनीतिशास्त्रमा १९, नेपालीमा १०, अङ्ग्रेजीमा ७, इतिहासमा ५, भूगोलमा ४, हिन्दीमा ३ तथा

---

[१४१] *गोरखापत्र,* २०३० साल असार १९ गते मंगलवार ।

संस्कृतिमा २ जना विद्यार्थीले प्रवेश पाएका थिए । संस्कृत विषयको स्नातकोत्तर तह प्रथम सेमेष्टरमा एक जनाको पनि  आवेदन परेन । भर्नाका सन्दर्भमा नै विज्ञान अध्ययन संस्थानअन्तर्गत स्नातकोत्तर तह पहिलो सेमेष्टर अध्ययनका निम्ति रसायनशास्त्रमा २३, भौतिकशास्त्रमा ७, वनस्पतिशास्त्रमा १२, गणितमा १५ र तथ्याङ्कशास्त्र विषयमा २० जना विद्यार्थीहरू भर्ना भएर पढाई थालेका थिए ।

विभिन्न क्याम्पसमा पढ्ने विद्यार्थीहरूले नयाँ शिक्षा योजनाअनुसार सेमेष्टरका आधारमा शुल्क बुझाउनु पर्ने नियम बनाइयो जबकी यस भन्दा पहिले महिना महिनामा शुल्क बुझाउनु पर्दथ्यो । राशिपयोअनुसार प्रमाणपत्र तहमा एक सेमेष्टरका लागि कला र वाणिज्य तर्फ रु. १०२/५० तथा विज्ञानतर्फ रु. ११२/५० शुल्क निर्धारण गरियो । निर्धारित गरिएको यो शुल्क विद्यार्थीहरूले आफ्नो सुविधाअनुसार सेमेष्टरभरमा एकै पटक वा तीनपटक गरी बुझाउनु पर्दथ्यो ।

राशिपयोको पहिलो वर्ष २०३० साल साउन १ देखि विभिन्न संस्थान र क्याम्पसहरूमा प्रवेश भएका विद्यार्थीहरूको संख्या यस प्रकार रह्यो;[१४२]

[१४२] त्रिभुवन विश्वविद्यालय बुलेटिन, वर्ष-६, अङ्क-१२, २०३० साल साउन, पृ.२-८ ।

| सि.नं. क्याम्पसको नाम | प्रमाणपत्र | डिप्लोमा | डिग्री |
|---|---|---|---|
| *मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान* | | | |
| १ मेची क्याम्पस, भद्रपुर | ८९ | - | - |
| २ बागलुङ क्याम्पस, बागलुङ | ४५ | - | - |
| ३ वीरेन्द्र क्याम्पस, भरतपुर | ६४ | - | - |
| ४ भोजपुर क्याम्पस, भोजपुर | ५१ | - | - |
| ५ धनकुटा क्याम्पस, धनकुटा | १९ | - | - |
| ६ महेन्द्ररत्न क्याम्पस, काठमाडौँ | ३८ | १५ | - |
| ७ पृथ्वीनारायण क्याम्पस, पोखरा | १५९ | ३२ | - |
| ८ त्रिचन्द्र क्याम्पस, काठमाडौँ | - | २५ | |
| ९ रत्न राज्य लक्ष्मी क्याम्पस, काठमाडौँ | ४९३ | - | - |
| १० सरस्वती क्याम्पस, काठमाडौँ | १३३ | - | - |
| ११ पद्मकन्या क्याम्पस, काठमाडौँ | ५९२ | २४ | - |
| १२ पाटन क्याम्पस, ललितपुर | १६१ | ४९ | - |
| १३ भक्तपुर क्याम्पस, भक्तपुर | ५५ | १२ | - |
| १४ भैरहवा क्याम्पस, भैरहवा | ३९ | - | - |
| १५ त्रिभुवन क्याम्पस, पाल्पा | ५३ | १३ | - |
| १६ ललितकला क्याम्पस, भोटाहिटी, काठमाडौँ | ४ | - | - |
| १७ कीर्तिपुर क्याम्पस, कीर्तिपुर | - | - | ११६ |
| १८ डोटी क्याम्पस, डोटी | ४० | - | - |

***इञ्जिनीयरिङ्ग अध्ययन संस्थान***

| | | | |
|---|---|---|---|
| १ विराटनगर | अन्य | १५ | - |
| २ पुलचोक | प्रमाणपत्र | ९६ | - |
| ३ थापाथली | ,, | ५० | - |
| ४ ,, | अन्य | ३० | - |
| ५ त्रिपुरेश्वर | ,, | १०२ | - |
| ६ बालाजु | ,, | १२ | - |

नेपाल तथा एशियाली अध्ययन संस्थान केन्द्रीय क्याम्पस, कीर्तिपुरमा अनुसन्धानका निम्ति ९ जना भर्ना भए ।

***कानून अध्ययन संस्थान ल क्याम्पस, काठमाडौँ***

प्रमाणपत्र-८०

स्नातक-५३

***चिकित्साशास्त्र अध्ययन संस्थान***

| | | | |
|---|---|---|---|
| १ | महाबौद्ध | | ६० |
| २ | महाराजगञ्ज | | १११ |
| ३ | नरदेवी | भर्ना लिएको छैन | |
| ४ | नेपालगञ्ज | अन्य | १९ |
| ५ | पोखरा | ,, | २० |
| ६ | भरतपुर | ,, | २० |
| ७ | विराटनगर | ,, | ३७ |

***संस्कृत अध्ययन संस्थान***

| | | | |
|---|---|---|---|
| १ वाल्मिकी क्याम्पस | ६९ | ५१ | ६१ |
| २ याज्ञवल्क्य | ३० | १३ | |

***वाणिज्य शास्त्र अध्ययन संस्थान***

१ कीर्तिपुर क्याम्पस

पहिलो से. ५५

दो.,, ६७

एम.कम.छैटौं ४०

२ शंकरदेव क्याम्पस

प्र.सेमेष्टर १४६

प्र.एक्सटेन्सन(वि) ७०

३ पब्लिक युथ क्याम्पस

प्र.पत्र प्र.सेमेष्टर २१२

| | | | |
|---|---|---|---|
| ४ | सरस्वती क्याम्पस | प्र.सेमेष्टर | १०६ |
| ५ | पाटन क्याम्पस १२५ | २२ | - |
| ६ | रामस्वरूप रामसागर, जनकपुर | | ८२ |
| ७ | ठाकुराराम, वीरगञ्ज | ७२ | २७ |
| ८ | पृथ्वीनारायण क्याम्पस, पोखरा | | ३५ |
| ९ | त्रिभुवन क्याम्पस, पाल्पा | ६० | ३४ |
| १० | महेन्द्र क्याम्पस, नेपालगंज | | १८ |

*वन विज्ञान अध्ययन संस्थान*

| | | | |
|---|---|---|---|
| १ | केन्द्रीय क्याम्पस, हेटौंडा | जुनियर (प्र.सिमे.) ७६ | |
| | | विभागीय उमेदवार ७ | |
| | | जुनियर(तेस्रो सिमे.) ४२ | |
| | | सिनियर(प्र.सिमे.) १४ | |

*व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान*

| | | | |
|---|---|---|---|
| १ | धरान क्याम्पस | खाद्य प्रविधि | ३४ |
| | | प्रयोगशाला प्रविधि ३४ | |

शिक्षा शास्त्र इन्स्टिच्यूट

| | | |
|---|---|---|
| प्राथमिक शिक्षक प्रशिक्षण १९७५ | १७५२ | १४५ |
| निम्न माध्यमिक शिक्षक प्रशिक्षण १०५६ | १००४ | ६०९ |
| माध्यमिक शिक्षक प्रशिक्षण ७६२ | ७४८ | ३२२ |
| स्नातोत्तर शिक्षक प्रशिक्षण ८५ | ७२ | ७ |

| | | |
|---|---|---|
| चिकित्साशास्त्र अध्ययन संस्थान अनमि ८९ | ८८ | ८८ |
| अहेव ७८ | ७८ | ७८ |
| स्टाफ नर्स | | |
| महाबौद्ध क्याम्पस ३१ | ३१ | ३१ |
| शान्ता भवन १० | १० | १० |
| हेल्थ लेवटेक्निसियन)११ | ११ | ११ |

| | | | |
|---|---|---|---|
| आयुर्वेद आचार्य | ४ | ४ | ४ |
| शास्त्री | ८ | ८ | ८ |
| ,, मध्यमा | ३ | ४ | ४ |

कृषि तथा पशु विज्ञान इन्स्टिच्यूट

१/२ वर्षे सर्टिफिकेट कोर्स, सेवाकालीन तालिम, २ वर्षे कृषि शिक्षक डिप्लोमा, आई.एस्सी.कृषि (पुरानो पाठ्यक्रमअनुसार)

भर्ना सम्बन्धी नयाँ व्यवस्था

त्रिभुवन विश्वविद्यालयअन्तर्गत मानविकी तथा सामाजिकशास्त्र, विज्ञान र वाणिज्य, व्यापार तथा जनप्रशासन अध्ययन संस्थानहरूले आफ्ना संस्थानअन्तर्गतका क्याम्पसहरूमा २०३१ साल साउने सेमेष्टरका निम्ति विद्यार्थी भर्नाका लागि संख्या तोक्नुका साथै विद्यार्थी भर्ना सम्बन्धी एउटा कार्यपद्धति लागू गरेका थिए । यसअनुसार कुनै पनि विद्यार्थीले पढ्न चाहेको तह र विषय भएका क्याम्पस आफ्नै अञ्चलमा भएमा निजले सोही अञ्चलमा मात्र प्रवेशका निम्ति दरखास्त दिनु पर्ने भयो । यद्यपि कुनै विद्यार्थीलाई पालन पोषण गर्ने अभिभावकको नोकरीको स्थान परिवर्तन भै विद्यार्थीले अर्को अञ्चलको क्याम्पसमा पढ्न जानु पर्ने बाध्यता भएमा त्यस्ता विद्यार्थीका अभिभावकको नोकरी भएको ठाउँको क्याम्पसमा पनि प्रवेशका निम्ति दर्खास्त दिन पाएने भए ।

पढ्न चाहेको तह र विषय भएको क्याम्पस आफ्नो अञ्चलमा नभएको तर आफ्नो विकास क्षेत्रमा भएको खण्डमा प्रवेशका निम्ति विद्यार्थीले त्यस्ता क्याम्पसमा दरखास्त दिन पाउने भए । यद्यपि विकास क्षेत्रमा पनि पढ्न चाहेको तह र विषय भएको क्याम्पस छैन भने अन्य विकासक्षेत्रका क्याम्पसहरूमा पनि प्रवेश परीक्षाका निम्ति दरखास्त दिन सकिने भयो ।

कुनै अञ्चलमा आफूले पढ्न चाहेको तहको क्याम्पस एक भन्दा बढी भएमा विद्यार्थीले आफ्नो प्राथमिकताअनुसार विभिन्न क्याम्पसमा प्रवेश परीक्षा दिन पाउने भए ।

उल्लिखित तीन अध्ययन संस्थानअन्तर्गत काठमाडौँ उपत्यकाका क्याम्पसहरूमा तोकिएको सीटभन्दा ज्यादै बढी विद्यार्थीहरूको दरखास्त पर्ने भए तापनि उपत्यका बाहिरका क्याम्पसहरूमा थोरै विद्यार्थीहरूको दरखास्त परी भएका शैक्षिक सुविधा कतै निम्न मात्रामा उपभोग र कतै अति उपभोग गर्नु परेकाले शिक्षण कार्य उपयुक्त रूपमा सञ्चालन हुन नसकेकाले नै यस्तो व्यवस्था गर्नु परेको यथार्थता विश्वविद्यालयले सार्वजनिक गरेको थियो ।[१४३] यद्यपि यो प्रयासबाटसमेत विद्यार्थी भर्ना समस्या समाधान हुन सकेन ।

यसै क्रममा शैक्षिक वर्ष २०३१-०३२ मा विश्वविद्यालअन्तर्गतका अध्ययन संस्थानहरूमा विभिन्न तहमा विद्यार्थी भर्नासम्बन्धमा थुप्रै समस्याहरू देखापरेका थिए । यसरी भर्ना सम्बन्धमा देखापरेका यावत् समस्याहरूलाई यथाशक्य छिटो समाधान गर्दै शैक्षिक वर्ष २०३२-०३३ का निम्ति विश्वविद्यालयले अपनाउने भर्ना सम्बन्धी नीति तय गर्नु पर्ने अवस्था आयो । उल्लेख्य के छ भने यस्ता नीतिलाई राष्ट्रिय शिक्षा समितिमा पेश गर्नु पर्ने थियो । सोही परिवेशमा विश्वविद्यालयका सम्बद्ध निकायसमेतबाट विस्तृत छालफल गरी प्राविधिक समितिले विद्यार्थी भर्नाका सम्बन्धमा ठोस नीति अपनाएको थियो ।[१४४]

राशिपयोको दोस्रो वर्ष अर्थात् शैक्षिक वर्ष २०३२-०३३ का लागि विश्वविद्यालयले अख्तियार गर्ने विद्यार्थी भर्ना सम्बन्धी नीतिमा प्राविधिक

[१४३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-६ २०३० साल फागुन-चैत, पृ.८-९ ।

[१४४] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ १०-१३ गते बसेको वैठकको निर्णय नं. ३४ ।

अध्ययन संस्थानतर्फ सकेसम्म धेरै विद्यार्थीहरूलाई भर्ना लिने निर्णय गरियो । यसका लागि भौतिक सुविधाहरू बढाउने, विद्यमान भौतिक सुविधाहरूको अधिकतम उपयोग हुने गरी दुई वा दुई भन्दा बढी शिफ्टहरू सञ्चालन गर्ने, कृषि, वन आदि अध्ययन संस्थानमा भर्नाका सम्बन्धमा समयमै आवश्यक सूचना जारी गर्ने तथा सो सम्बन्धी प्रचार प्रसार गरी विद्यार्थीहरूलाई बढी प्रोत्साहनका साथ आकर्षण गरिने भयो । त्यस्तै गत वर्षमा जस्तै साउन महिनाको १ गतेदेखि विद्यार्थी भर्ना शुरु गरेर ८ गतेदेखि पढाइ सञ्चालन गर्ने समय तालिका निर्धारण गरियो । यसका लागि एस.एल.सी.को परीक्षाफल चैत्र महिनाको अन्त्यसम्म प्रकाशित गर्न लगाउने, विश्वविद्यालयका विभिन्न तहका परीक्षाफल पनि जेठ महिनाको २१ गते अगावै प्रकाशन गर्ने तथा प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहमा प्रवेश चाहने विद्यार्थीहरूको प्रवेश परीक्षा दुई पटक अर्थात असार १ गते र असार १५ गते गराइने भयो । दोस्रो पटकको परीक्षा भने विशेष गरी दुर्गम क्षेत्रबाट आएका तथा विशेष परिस्थितिका कारण पहिलो परीक्षामा सम्मिलित हुन नपाएका विद्यार्थीहरूको सुविधाका निम्ति मात्र गरिने भयो ।

त्यस्तै विश्वविद्यालयले प्रवेश परीक्षा दिनु पर्ने विषयहरू अझ व्यापक गराउने र प्रवेशार्थीहरूलाई वैकल्पिक विषयमा पनि परीक्षा दिन सुझाव दिने व्यवस्था गऱ्यो । प्रत्येक परीक्षाका प्रश्नहरूका हकमा उपत्यकाका सबै क्याम्पसमा एक विषयमा प्रश्नहरू एकै किसिमका बनाउने र प्रश्नपत्रका नमूना वा परीक्षामा प्रयोग गर्ने प्रश्नपत्रको जिम्मा सम्बन्धित डीन कार्यालयलाई नै दिइने भयो ।

प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत निर्धारण गरियो । यसका साथै अघिल्लो पटक उत्तीर्ण गरेको तहको परीक्षामा प्राप्त लब्धाङ्कसमेतको औसत लिएर प्रवेश परीक्षाको लब्धाङ्क निकाल्ने र सोहीअनुसार उत्तीर्ण भएका सबै विद्यार्थीहरूलाई भर्ना लिने नियम बनाइयो ।

परीक्षामा उत्तीर्ण नभएका कारण क्याम्पसमा प्रवेश नपाउने भएता पनि विकासका दृष्टिबाट पछि परेका एवम् बाटोघाटोको दुर्गमताले

पीडित जिल्लाका निवासीहरूलाई प्रत्येक अध्ययन संस्थानमा कम से कम एउटा सिट रिजर्भ राखियो । कथंकदाचित प्रवेश परीक्षामा उत्तीर्ण हुन नसके तापनि जिल्लाको अवस्था हेरी दुर्गम जिल्लाका विद्यार्थीलाई भर्ना लिन सकिने भयो । यद्यपि यस्ता विद्यार्थीले आइ.ए. वा बी.ए.जहाँ सुकै पढेको भए तापनि एस.एल.सी भने आफ्नै जिल्लाको स्कूलमा पढी उत्तीर्ण गरेको हुनु पर्ने नियम बनाइयो ।

विद्यार्थी भर्नामा क्षेत्रीयकरणको नीति यथावत् कायम राख्दै विभिन्न अञ्चलमा सञ्चालनमा रहेका क्याम्पसहरूको शैक्षिक स्तर बढाउनका लागि आवश्यक शिक्षक तथा भौतिक सुविधाहरू यथाशक्य छिटो समुचित मात्रामा जुटाउने एवम् क्षेत्रीयकरणको इकाई सकेसम्म अञ्चललाई नै मानिने भए तापनि आवश्यकताअनुसार कहीं कतै विकास क्षेत्रलाईसमेत त्यस्तो इकाई मानिने भयो ।[१४५]

उल्लेख्य के छ भने विश्वविद्यालयअन्तर्गतका सबै अध्ययन संस्थान र क्याम्पसहरूमा २०३१ साल साउन १५ देखि प्रमाणपत्र, डिप्लोमा र डिग्री तहका सबै कक्षाहरूमा पढाई शुरु गरिएको थियो । प्रवेशका सम्बन्धमा केही समस्या अर्थात कतिपय क्याम्पसमा विद्यार्थीको संख्या अत्यधिक भएकाले सोको व्यवस्थापनका लागि केही अप्ठेरो भए तापनि सबै क्याम्पसमा पहिलो वर्ष भन्दा बढी विद्यार्थी भर्ना लिने व्यवस्था गरिएको, बढी भीड भएका क्याम्पसहरूबाट प्रवेश चाहने विद्यार्थीहरूलाई कम भीड भएका क्याम्पसहरूमा अध्ययनको व्यवस्था गर्नेलगायत समयमा नै उचीत व्यवस्थापन गरिएकाले प्रवेश नपाउनेको संख्या नगण्य रह्यो ।[१४६]

---

[१४५] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भाद्र १०-१३ गते बसेको वैठकको निर्णय नं. ३४ ।

[१४६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-१० २०३१ साल साउन, पृ.५-६ ।

२०३१ साल साउन १ गतेदेखि संस्कृत अध्ययन संस्थानको केन्द्रीय कार्यालय दाङमा स्थापना गरियो ।[१४७]

विद्यार्थी भर्ना-२०३५

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएको आधा दशकपछि कीर्तिपुर बहुमुखि क्याम्पसमा सञ्चालित मानविकी तथा सामाजिकशास्त्र, विज्ञान, व्यापार प्रशासन, वाणिज्यशास्त्र, जनप्रशासन र शिक्षाशास्त्र अध्ययन संस्थानअन्तर्गत स्नातकोत्तर तहमा अध्ययन गर्न चाहने विद्यार्थीको संख्या तुलनात्मक रूपमा वृद्धि भएको देखिन्छ । विश्वविद्यालयबाट प्रकाशित प्रवेश परीक्षा परिणामले उक्त कुराको पुष्टि गरेको हो । २०३५ सालमा सञ्चालित प्रवेश परीक्षाको विवरणअनुसार हिन्दी विषयमा स्तातकोत्तर अध्ययन गर्नका लागि एक जना विद्यार्थी पनि आएको देखिँदैन भने संस्कृत विषयमा जम्मा एक जना विद्यार्थी थिए । मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत स्नातकोत्तर तहमा सबै भन्दा बढी विद्यार्थी अर्थशास्त्र विषयमा भर्ना हुनका लागि आवेदन दिएको देखिन्छ । आवेदन दिनेमध्ये ४८ प्रतिशत जतिमात्र (१५० जना) विद्यार्थीहरू प्रवेश परीक्षाका लागि योग्य ठहरिएका थिए । यस अध्ययन संस्थानका विषयहरूमध्ये विद्यार्थीको दोस्रो रोजाइमा राजनीतिशास्त्र पर्दथ्यो । यस विषयमा ८९ जना विद्यार्थी प्रवेश परीक्षामा सामेल भएकोमा जम्मा ६४ जना विद्यार्थीहरू उत्तीर्ण भएका थिए । यस विषयमा ७२ प्रतिशतजति विद्यार्थी प्रवेश परीक्षामा सफल भएको देखिन्छ । अझ यस अध्ययन संस्थानमा विश्वविद्यालय स्थापनाको पहिलो वर्षमा पठन पाठन गरिएका विषयहरू अर्थशास्त्र, राजनीतिशास्त्र, नेपाली, संस्कृति, इतिहास, अङ्ग्रेजी, संस्कृत, भूगोल तथा हिन्दी गरी जम्मा ९ विषयहरूमा स्नातकोत्तर तहमा कक्षा सञ्चालन भएको देखिन्छ । यी विषयहरूमा विद्यार्थीको भर्ना सम्बन्धी अवस्था यस प्रकार रह्यो ।[१४८]

---

[१४७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-१० २०३१ साल साउन, पृ.६ ।

[१४८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-९, २०३५ साल भदौ २५ गते, आइतवार, पृ.४ ।

मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान (स्नातकोत्तर)

| **विषय** | **आवेदक संख्या** | **प्रवेश परीक्षामा सामेल** | **प्रवेश परीक्षामा उत्तीर्ण** |
|---|---|---|---|
| १ अर्थशास्त्र | ३२४ | ३१५ | १५० |
| २ राजनीतिशास्त्र | ९५ | ८९ | ६४ |
| ३ नेपाली | ५५ | ५२ | ४३ |
| ४ संस्कृति | १८ | १८ | १७ |
| ५ इतिहास | ३३ | ३२ | २८ |
| ६ अंग्रेजी | १६ | १६ | ११ |
| ७ संस्कृत | १ | १ | १ |
| ८ भूगोल | ३७ | ३६ | ३२ |
| ९ हिन्दी | ० | ० | ० |
| **जम्मा** | **५७९** | **५५९** | **३४६** |

विश्वविद्यालयअन्तर्गत अर्को अध्ययन संस्थान विज्ञान अध्ययन संस्थान हो । यस अध्ययन संस्थानअन्तर्गत कीर्तिपुर बहुमुखी क्याम्पसमा भौतिकशास्त्र, रसायनशास्त्र, वनस्पतिशास्त्र, गणितशास्त्र, तथ्याङ्कशास्त्र तथा जलवायुशास्त्र ७ विषयहरूमा स्नातकोत्तर तहको पठन पाठन गरिएको थियो । यीमध्ये सबैभन्दा बढी ६१ विद्यार्थी प्राणीशास्त्रमा र कम विद्यार्थी जम्मा २ जना जलवायुशास्त्रमा अध्ययनका लागि प्रवेश परीक्षाबाट उत्तीर्ण भएका थिए । यसका अतिरिक्त सो वर्ष अर्थात् २०३५ सालमा

विज्ञान अध्ययन संस्थानअन्तर्गत कीर्तिपुर बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहमा विद्यार्थी भर्ना सम्बन्धी अवस्था यस प्रकार देखिन्छ;[१४९]

विज्ञान अध्ययन संस्थान

| **विषय** | **आवेदक संख्या** | **प्रवेश परीक्षामा सामेल** | **प्रवेश परीक्षामा उत्तीर्ण** |
|---|---|---|---|
| १ भौतिकशास्त्र | ६ | ५ | ५ |
| २ रसायन शास्त्र | ७ | ७ | ७ |
| ३ वनस्पति शास्त्र | ५७ | ५५ | ५५ |
| ४ प्राणी शास्त्र | ६२ | ६१ | ६१ |
| ५ गणित शास्त्र | १७ | १५ | १५ |
| ६ तथ्याङ्क शास्त्र | २६ | २६ | २६ |
| ७ जलवायु शास्त्र | ३ | ३ | २ |
| **जम्मा** | **१७८** | **१७२** | **१७१** |

यसैगरी व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थानमा भर्नाका लागि आवेदन दिने विद्यार्थी संख्या ३८६ मध्ये प्रवेश परीक्षामा सामेल ३८० भएकोमा उत्तीर्ण भने जम्मा १५० जना अर्थात् परीक्षा दिनेमध्ये ४० प्रतिशत जती उत्तीर्ण भएका थिए ।

अर्को शिक्षाशास्त्र अध्ययन संस्थानमा पनि सोही वर्षमा जम्मा ६० जनाले आवेदन दिए तापनि परीक्षामा ५० जना सामेल भएकामध्ये २६

[१४९] *ऐजन*।

जनाको मात्र अर्थात् परीक्षामा सामेलमध्ये ५२ प्रतिशत विद्यार्थी प्रवेश परीक्षामा सफल भएका थिए ।

कीर्तिपुर बहुमुखी क्याम्पसमा स्नातकोत्तर अध्ययन गर्नका लागि प्रवेश परीक्षा दिनेमध्ये सबै भन्दा बढी विद्यार्थी मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानमा रहेको देखिन्छ । यद्यपि यस अध्ययन संस्थानका उल्लिखित ९ विषयहरूमा प्रवेश परीक्षा दिनेमध्ये ६२ प्रतिशत जति विद्यार्थीमात्र उत्तीर्ण हुन सकेका थिए । उल्लेख्य के छ भने यो संकायका विभिन्न विषयमा भर्नाका लागि ५७९ जना विद्यार्थीले आवेदन दिएकामा परीक्षामा ५५९ सम्मिलित भएका र जम्मा ३४६ जना विद्यार्थीहरूमात्र उत्तीर्ण भएका थिए ।

त्यस्तै विज्ञान अध्ययन संस्थानका ७ विषयहरूमा अध्ययनका लागि प्रवेश परीक्षामा सामेल १७२ विद्यार्थीमध्ये १७१ जना उत्तीर्ण भएका थिए । यद्यपि जलवायुशास्त्र, भौतिकशास्त्र तथा रसायनशास्त्र विषयहरूमा भने न्यूनतम विद्यार्थी भएको देखिन्छ ।

समग्रमा यस वर्ष मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानमा ३४६, विज्ञान अध्ययन संस्थानमा १७१, व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थानमा १५० र शिक्षाशास्त्र अध्ययन संस्थानमा २६ जनासमेत जम्मा ६९३ विद्यार्थीले प्रवेश परीक्षा उत्तीर्ण गर्न सफल भएका थिए ।

२०३५-०३६ शैक्षिक सत्रमा कीर्तिपुर बहुमुखी क्याम्पसदेखि बाहिर मुलुकभरका क्याम्पसहरूको आँकडा पनि पाइएको छ । यसबाट राष्ट्रिय शिक्षा पद्धति योजनाको आधा दशकको दौरानमा तथा त्रिभुवन विश्वविद्यालय स्थापनाको दुई दशक जतिको समयावधिमा विभिन्न विषयमा विद्यार्थी भर्नाको अवस्था के कस्तो रह्यो भन्ने तुलनात्मक अध्ययन गर्न पनि सहज हुन्छ । यसै सन्दर्भमा माथिको विवरणबाट स्नातकोत्तर तहमा प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थी संख्याका बारेमा

जानकारी पाइन्छ भने यहाँ मुलुकभरका विभिन्न क्याम्पसहरूमा विभिन्न तहमा भर्ना हुने विद्यार्थीको संख्या उल्लेख गरिएको छ । यसबाट उच्च शिक्षामा विद्यार्थी भर्नाको अवस्था स्पष्ट हुन्छ ।

विज्ञान अध्ययन संस्थान

त्रिभुवन विश्वविद्यालय, विज्ञान अध्ययन संस्थानअन्तर्गत विभिन्न क्याम्पसहरूमा २०३५-०३६ शैक्षिक सत्रमा प्रमाणपत्र, स्नातक तथा स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरूको संख्या:[१५०]

| **क्याम्पस** | **प्रमाणपत्र** | **स्नातक** | **स्नातकोत्तर** |
|---|---|---|---|
| १ कीर्तिपुर क्याम्पस , कीर्तिपुर | - | - | ९७ |
| २ त्रिचन्द्र क्याम्पस, घण्टाघर | ४३९ | १९१ | ३ |
| ३ अमृत साइन्स क्याम्पस, लैनचौर | ३०७ | ८५ | - |
| ४ पाटन संयुक्त क्याम्पस, पाटनढोका | ७८ | - | - |
| ५ ठाकुरराम क्याम्पस, वीरगञ्ज | ८२ | - | - |
| ६ महेन्द्रमोरंग आदर्श क्याम्पस, बिराटनगर | १२८ | ४४ | - |
| ७ पृथ्वीनारायण क्याम्पस, पोखरा | ९४ | ४ | - |
| ८ रामस्वरूप रामसागर क्याम्पस, जनकपुर | १३१ | - | - |
| ९ महेन्द्र क्याम्पस, नेपालगञ्ज | ४७ | - | - |
| १० सिद्धनाथ क्याम्पस, महेन्द्रनगर | ३५ | - | - |
| ११ धरान क्याम्पस, धरान | | | |

[१५०] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-१०, २०३५ साल असोज ८ गते, आइतवार, पृ.३ ।

| | | | |
|---|---|---|---|
| प्रविधि क्याम्पस | ६० | - | - |
| विज्ञान क्याम्पस | ५५ | - | - |

संस्कृत अध्ययन संस्थान

संस्कृत अध्ययन संस्थानअन्तर्गत विभिन्न क्याम्पसहरूमा २०३५-०३६ शैक्षिक सत्रमा प्रमाणपत्र, स्नातक तथा स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरूको संख्या;[१५१]

| **क्याम्पस** | **प्रमात्रपत्र** | **स्नातक** | **स्नातकोत्तर** |
|---|---|---|---|
| १ पिण्डेश्वर क्याम्पस, धरान | १८ | १८ | - |
| २ याज्ञवल्क्य लक्ष्मीनारायण | | | |
| क्याम्पस, मटिहानी | २० | ११ | - |
| ३ बाल्मिकी क्याम्पस, भृकुटीमण्डप | २१ | ३५ | ३३ |
| ४ जनता क्याम्पस, दाङ | २२ | १० | ३ |

व्यापार प्रशासन वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थान

व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थानअन्तर्गत विभिन्न क्याम्पसहरूमा शैक्षिक सत्र २०३५/०३६ मा भर्ना भएका विद्यार्थीहरूको संख्या;[१५२]

| **क्याम्पस** | **प्र.प.तह** | **स्नातक** | **स्नातकोत्तर** | १ |
|---|---|---|---|---|
| महेन्द्रमोरंग आदर्श, विराटनगर | २८५ | ८८ | ९२ | |
| २ महेन्द्र, धरान | ११८ | ३३ | - | |
| ३ रामस्वरूप रामसागर, जनकपुर | २५८ | ४० | - | |

---

[१५१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-१५, २०३५ साल कार्तिक १९ गते, आइतवार, पृ.३ ।

[१५२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-१९, २०३५ साल मंसीर ११ गते, आइतवार, पृ.४ ।

| | | | |
|---|---|---|---|
| ४ पाटन क्याम्पस, मीनभवन | २४१ | ८५ | - |
| ५ पब्लिक यूथ, धोवीचौर | ३०८ | - | - |
| ६ सरस्वती, लैनचौर | ३३४ | - | - |
| ७ शंकरदेव, रामशाहपथ | १०२ | २०० | - |
| ८ कीर्तिपुर क्याम्पस, कीर्तिपुर | - | - | १५० |
| ९ ठाकुरराम, वीरगञ्ज | १६३ | २६ | - |
| १० पृथ्वीनारायण, पोखरा | ९६ | २२ | - |
| ११ त्रिभुवन, पाल्पा | १०५ | - | - |
| १२ महेन्द्र नेपालगंज | ३५ | - | - |
| १३ जनप्रशासन, डिल्लीबजार | - | ११६ | - |

चिकित्साशास्त्र अध्ययन संस्थान

त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत विभिन्न क्याम्पसहरूमा २०३५/०३६ साउने सत्रमा भर्ना भएका विद्यार्थीहरूको संख्या;[१५३]

| **क्याम्पस** | **निम्न** | **प्रमाणपत्र तह** | **स्नातक तह** |
|---|---|---|---|
| १ महाराजगंज | - | ७७ | २२ |
| २ महाबौद्ध | - | ७२ | - |
| ३ नरदेवी | - | २९ | - |
| ४ धरान | - | ५७ | - |
| ५ वीरगञ्ज | - | ३७ | - |

[१५३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-२२, २०३५ साल पौष ९ गते, आइतवार, पृ.४ ।

| | | | |
|---|---|---|---|
| ६ तानसेन | - | ६९ | - |
| ७ क्षेत्रपाटी विस्तार | २९ | - | - |
| ८ भरतपुर विस्तार | २४ | - | - |
| ९ विराटनगर विस्तार | ३१ | - | - |
| १० नेपालगञ्ज विस्तार | २३ | - | - |

कानून अध्ययन संस्थान[१५४]

| **क्याम्पस** | **निम्न** | **प्रमाणपत्र** | **स्नातक** |
|---|---|---|---|
| १ नेपाल ल, भृकुटीमण्डप | | ४९७ | १५९ |
| २ महेन्द्र विन्देश्वरी, राजविराज | | २०५ | - |
| ३ पृथ्वीनारायण, पोखरा | | १६४ | - |
| ४ महेन्द्र, नेपालगञ्ज | | ८८ | - |

**बालाजु क्याम्पस**

बालाजु यन्त्रालयको मेकानिकल प्रशिक्षण केन्द्रलाई २०३१-२०३२ आर्थिक वर्षदेखि त्रिभुवन विश्वविद्यालय व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको बालाजु क्याम्पसअन्तर्गत सञ्चालन गरियो । बालाजु यन्त्रालयको मेकानिकल प्रशिक्षण केन्द्र नेपाल औद्योगिक विकास कार्पोरेसन तथा स्वीस प्राविधिक सहायता संघ (साटा) को बीचमा भएको सम्झौताअनुसार २०१८ सालमा बालाजुमा स्थापित गरिएको थियो । त्रिभुवन विश्वविद्यालयअन्तर्गत मेकानिकल प्रशिक्षण केन्द्र सञ्चालन गर्ने

---

[१५४] *ऐजन* ।

सम्बन्धमा २०३१ साल असार महिनामा विश्वविद्यालय तथा साटा बीच सम्झौतासमेत गरियो ।

सम्झौताअनुसार विश्वविद्यालयलाई आवश्यक परेमा साटाबाट तालीमसँग सम्बद्ध सामग्री, प्राविधिक सहयोग तथा सरसल्लाहका साथै कमसे कम एक जना प्राविधिक शिक्षक उपलव्ध गराइने भयो । सोही वर्षदेखि सञ्चालन गर्नका लागि जनरल वर्कशप, मेकानिस्ट र फिटर मेकानिक्स विषयहरूमा प्रमाणपत्र तहको २ वर्षे पाठ्यक्रम निर्धारित गरियो भने क्याम्पसले प्रमाणपत्र तहमा वर्षैपिच्छे २० जना दक्ष कालीगडहरू तयार गर्ने योजना बनायो ।[१५५]

## राष्ट्रिय विकास सेवा

राष्ट्रिय शिक्षा योजनाअन्तर्गत स्नातक कक्षामा प्रवेश पाएका विद्यार्थीहरूले डिग्री प्राप्त गर्नु अगाडि एक वर्षका लागि राष्ट्रिय विकास सेवामा संलग्न हुनुपर्दथ्यो । सन् १९७३ (वि.सं.२०३० असार-साउन) जुलाई महिनापछि स्नातकोत्तर कक्षाका लागि प्रवेश लिएका विद्यार्थीहरूले यो सेवा कार्यक्रममा संलग्न भई काम गर्नु पर्ने व्यवस्था गरियो ।[१५६] शैक्षिक वर्ष २०३०/०३१ देखि अगुवाई कार्यक्रमको रूपमा शुरु भएको यो कार्यक्रम २०३१/०३२ देखि नियमित रूपमा सञ्चालन भएको थियो ।

### पहिलो राष्ट्रिय विकास सेवा कार्यक्रम

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले परिकल्पना गरेको 'राष्ट्रिय विकास सेवा' (रा.वि.से.) कार्यक्रमलाई त्रिभुवन विश्वविद्यालयले पहिलो पल्ट २०३१ साल भदौ महिनादेखि थालनी गरेको थियो । विश्वविद्यालय

---

[१५५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-१० २०३१ साल साउन, पृ.६ ।

[१५६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-५, २०३० साल फागुन-चैत, पृ. ७ ।

नियमानुसार स्नातकोत्तर तहको दोस्रो सेमेष्टर अध्ययन पूरा गरेका स्नातकोत्तरका ५१ छात्रा सहित भर्ना भएका २०० विद्यार्थीले पहिलो पल्ट राष्ट्रिय विकास सेवामा सहभागी हुने व्यवस्था गरिएको थियो । उनीहरूलाई कार्य क्षेत्रमा पठाउनु पूर्व असार र साउन दुई महिना विश्वविद्यालयले तोकिएको क्षेत्रमा गई गर्नु पर्ने कामका बारेमा परिचयात्मक कार्यक्रममा संलग्न गराएर तालीम दिने व्यवस्था गरिएको थियो ।

रा.वि.से.कार्यक्रमअन्तर्गत विद्यार्थीहरूले खटाइएको ठाउँमा गएर १० महिनासम्म काम गर्नु पर्दथ्यो । यस क्रममा सुरक्षासमेतका कारण छात्रालाई भने काठमाडौँ उपत्यकाका तीन जिल्लाहरूमा मात्र पठाउने व्यवस्था गरियो । रा.वि.से.कार्यक्रममा संलग्न हुने विद्यार्थीहरू कार्यक्रममा सम्मिलित भई सफल भएपछि मात्र तेस्रो सेमेष्टरको पढाईमा सम्मिलित हुन या उपाधि पाउन सक्ने प्रावधान राखिएकाले सो कार्यक्रममा असफल भएमा एक सेमेष्टर अवधिका लागि पुनः खटाइएको क्षेत्रमा गई काम गर्नु पर्दथ्यो ।

तोकिएको क्षेत्रमा सेवा गरेर फर्केपछि विद्यार्थीले प्रस्तुत गरेको अध्ययन प्रतिवेदन तथा सुपरिवेक्षकबाट प्राप्त भएको निरीक्षण प्रतिवेदनलगायतका आधारमा सफल वा असफल जनाउने गरी ग्रेडीङ् गर्ने व्यवस्था भयो । रा.वि.से.अन्तर्गत विद्यार्थीलाई सामुदायिक विकासमा चार प्रमुख क्षेत्र-शिक्षा, स्वास्थ्य, कृषि र निर्माण क्षेत्रमा विभाजन गरिएको थियो । यद्यपि पहिलो समूहका लागि भने शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिइयो । फलस्वरूप पहिलो पटक जाने विद्यार्थीहरूको कार्यक्रममा बढी भन्दा बढी शिक्षा क्षेत्र नै समेटिएको थियो ।

विद्यार्थीहरूलाई गाउँघरको स्तरमा खानपीन र बसोबासका लागि एक वर्षसम्म महिनाको रु. २००/-निर्वाह भत्ता दिनाका साथै सम्बद्ध

क्षेत्रमा जान र फर्कन लाग्ने खर्चका अतिरिक्त अन्य केही सुविधा पनि दिइएको थियो ।[१५७]

राष्ट्रिय विकास सेवा अगुवाई परियोजना

राष्ट्रिय विकास सेवाअन्तर्गत ठूलो संख्यामा विद्यार्थीहरूलाई एकै पटक जिल्लाहरूमा नपठाएर परीक्षणका रूपमा 'अगुवाई परियोजना' नामकरण गरी सिमित विद्यार्थीलाई एक/दुई वटा जिल्लामा पठाउने कार्यबाट थालनी गरिएको थियो । यस क्रममा रा.वि.से.को अगुवाई परियोजनाअन्तर्गत पहिलो समूहमा छानिएका १९ जना विद्यार्थीहरू मध्ये १२ जनाले मात्र कार्यक्रममा भाग लिएका थिए ।[१५८] राष्ट्रिय विकास सेवा गुरुयोजनाअन्तर्गत दोस्रो समूहलाई तीन समूहमा विभाजन गरी कास्की, चितवन तथा सिन्धुपाल्चोक जिल्लाहरूमा पठाइयो ।[१५९] यो टोली २०३० साल फागुन १५ गतेका दिन काठमाडौँबाट प्रस्थान गरेको ।

२०३० साल साउन महिनासम्ममा स्नातकोत्तर तहमा भर्ना भएर दोस्रो सेमेष्टर परीक्षामा उत्तीर्ण गरेका विद्यार्थीलाई २०३१ साल जेठ महिनादेखि अनिवार्य रूपमा रा.वि.से.कार्यक्रममा सम्मिलित गराइने भयो । दोस्रो पटक यस कार्यक्रममा विद्यार्थीहरूलाई सहभागी गराउने क्रममा विश्वविद्यालयले केही वर्षपछि डिप्लोमा तहका विद्यार्थीलाई पनि रा.वि.से.कार्यक्रममा संलग्न हुनु पर्ने व्यवस्था गरिने योजना भएको सामान्य जानकारी गराएको थियो ।

रा.वि.से.कार्यक्रमको दोस्रो अगुवाई परियोजनामा भाग लिने विद्यार्थीहरूको दुई टोली २०३१ साल कार्तिक महिनाको तेस्रो हप्तामा

---

[१५७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-८, २०३१ साल जेठ, पृ.४-५ ।

[१५८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-२, २०३० साल कार्तिक, पृ.४-५ ।

[१५९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-५, २०३० साल फागुन-चैत, पृ. ७ ।

कास्की तथा चितवन जिल्लातर्फ गएका थिए । ग्रामीण क्षेत्रमा गई काम गर्ने उक्त दुई मध्ये एउटा टोलीलाई कास्की जिल्लाको नाउडाँडा, धम्पुस, धिताल तथा ल्वाङ् घलेल फेदी गाउँ पञ्चायतमा र अर्कालाई चितवन जिल्लाको गुञ्जनगर, राधापुर, शिशुवार र पार्वतीपुर गाउँ पञ्चायत क्षेत्रमा १० महिनाका लागि पठाइयो ।[१६०]

टोलीका सदस्यहरू सम्बन्धित क्षेत्रमा पुगी स्थानीय प्रधानपञ्चसित सम्पर्क राखेर शिक्षा, स्वास्थ्य, कृषि र निर्माण सम्बन्धमा आ-आफ्नो सहयोग प्रदान गर्नु पर्दथ्यो । राष्ट्रिय विकास सेवा परिचयात्मक कार्यक्रम-दोस्रो समूहलाई २०३० साल पौष महिनामा त्रिभुवन स्मृति भवन, कीर्तिपुरमा परिचयात्मक कार्यक्रम सञ्चालन गरिएको थियो । यस पटक स्वेच्छाले १८ विद्यार्थीले भाग लिएका थिए ।[१६१]

सुविधा वृद्धि

रा.वि.से.कार्यक्रममा संलग्न हुने विद्यार्थीलाई पहिलो वर्ष विश्वविद्यालयले तोकेको भत्ता एवम् खर्च रकम अपुग भएको महशुस गरी दोस्रो वर्षदेखि सो रकममा केही थप गरिएको थियो । यस क्रममा विद्यार्थीलाई तोकिएको मासिक निर्बाह भत्ता रु. २००/-मा रु. १००/- थप गरी रु ३००/- पुऱ्याइयो भने मालसामान किन्न उपलब्ध गराइने भत्ता रु. ३५०/-मा रु. १५०/- थप गरी रु. ५००/-बनाइएको थियो । यसका साथै विद्यार्थीलाई भरसक पाएक पर्ने ठाउँमा काम गर्न दिने र विशेष सुरक्षाको प्रबन्ध गरिने व्यवस्थासमेत मिलाइयो ।[१६२]

२०३१ साल साउन महिनामा रा.वि.से.कार्यक्रममा सहभागी हुने सो वर्षको पहिलो समूहमा जम्मा १९५ जना विद्यार्थीमध्ये ५० जना जति

---

[१६०] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-३, २०३० साल मंसिर ।

[१६१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-४, २०३० साल पौष, पृ.४ ।

[१६२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-१०, २०३१ साल साउन, पृ.४-५ ।

छात्राहरू रहेको देखिन्छ ।[१६३] तीमध्ये विद्यार्थीहरूको पहिलो समूह सोही भदौ महिनाको २ गते नै कार्यक्षेत्रमा हिँडेको थियो । यस क्रममा पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गतको धनकुटा र सुनसरी जिल्लाका लागि २८ जना, पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गोर्खा, स्याङ्जा, लमजुङ, तनहुँ, रूपन्देही र कास्कीका लागि ४५ जना, सुदूर पश्चिमाञ्चल विकास क्षेत्र बाँके र सुर्खेत जिल्लाका लागि ४ जना गरी जम्मा ७७ जना विद्यार्थी त्यसतर्फ गएका थिए । ७२ जनाको दोस्रो समूह भदौ ६ गते मध्यमाञ्चल विकास क्षेत्रका मकवानपुर, काभ्रे, धनुषा, सिन्धुपाल्चोक र ललितपुरका लागि प्रस्थान गऱ्यो । यस वर्ष छात्राहरूलाई काठमाडौँ, ललितपुर तथा भक्तपुरमा मात्र खटाइएको थियो ।[१६४]

रा.वि.से.विद्यार्थीको दायित्व

रा.वि.से.मा डिग्री कोर्सका लागि अध्ययन गर्ने विद्यार्थीहरूले दुई सेमेष्टर पूरा गरेपछि दश महिनासम्म आफूलाई खटाइएको ठाउँमा गई सेवा गर्नु पर्ने प्राबधान थियो । उनीहरूले आफुलाई खटाइएको प्राथमिक, माध्यमिक वा उच्चमाध्यमिक विद्यालयका प्रधानाध्यापकको मातहतमा रही अध्यापन गर्नाको साथै आफु खटिएको गाउँको विस्तृत विवरण तथा आफुलाई तोकेको विषयमा शोध कार्य गर्नु पर्ने व्यवस्था गरियो । सम्बन्धित जिल्ला शिक्षा अधिकारीको मागबमोजिम विद्यार्थीहरूलाई राष्ट्रिय विकास सेवामा खटाइने तथा यथासम्भव हाईस्कुलमा खटाउने प्राबधान बनाइयो ।

२०३१ सालमा राष्ट्रिय विकास सेवामा जाने विद्यार्थीहरूलाई शिक्षण पद्धतिमा ८ दिन, खेलकुद, स्काउट र गृह विज्ञानमा ४ दिन, प्राथमिक चिकित्सामा १ दिन र शोधकार्य विषयमा ३ दिनको ओरियन्टेसन दिइएको थियो । राष्ट्रिय विकास सेवामा जाने विद्यार्थीहरू सो अवधिका

---

[१६३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-१०, २०३१ साल साउन, पृ.४-५ ।

[१६४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-११-१२, २०३१ साल भदौ-असोज, पृ.८-९ ।

लागि सम्बद्ध जिल्लाको जिल्ला शिक्षा अधिकारीको साधारण सुपरीवेक्षणमा रहनाका साथै त्रिभुवन विश्वविद्यालयको राष्ट्रिय विकास सेवा कार्यालयका अधिकृतद्वारा महिनामा कमसेकम एक पटक निरीक्षण गरिन्थ्यो ।

रा.वि.से.मा संलग्न विद्यार्थीहरूको शोध कार्यमा आवश्यक निर्देशन दिनका लागि सम्बद्ध संस्थानका विद्यार्थीका लागि तोकिएका सुपरीवेक्षकद्वारा बीच बीचमा सेवा गरेको ठाउँमा गई शोध कार्यमा आवश्यक निर्देशन दिने व्यवस्था गरियो । रा.वि.से.मा संलग्न भई सेवा गर्दा आफुलाई गाउँलेकै रूपमा लिन सम्बद्ध सबै विद्यार्थीहरूलाई अनुरोध गरी निर्देशनपत्रसमेत दिइन्थ्यो ।[१६५]

जिल्लाको श्रेणीअनुसार भत्ता

रा.वि.से. कार्यक्रमअन्तर्गत विभिन्न क्षेत्रमा गएर सेवा गर्ने विद्यार्थीहरूलाई २०३१-३२ देखि गाउँमा सामान्य किसिमले बसोबास र खानपीन गर्न मासिक प्रतिव्यक्ति रु. ३००/- निर्वाह भत्ता दिँदै आएकोमा २०३२-०३३ को कार्यक्रमदेखि अधिराज्यका दुर्गम स्थान भनी तोकिएका ११ जिल्लामा कार्यरत विद्यार्थीहरूलाई उक्त निर्वाह भत्ताको अतिरिक्त दुर्गम स्थान भत्ता ५० प्रतिशत बढी दिइएको थियो ।

रा.वि.से.कार्यक्रममा सम्लग्न हुने विद्यार्थी संख्या प्रतिवर्ष बढ्दै गएको र नेपाल अधिराज्यका विभिन्न दुर्गम तथा अति दुर्गम क्षेत्रहरूमा पनि उनीहरूलाई खटाइँदै आएकाले वैज्ञानिक दृष्टिबाट उक्त निर्वाह भत्तामा परिमार्जन गर्नु पर्ने अनुभव भएअनुसार विशेषज्ञहरूको राय मुताविक विभिन्न जिल्ला तथा जिल्ला भित्र पर्ने क्षेत्रका विशेष स्थानहरूलाई पाँच श्रेणीमा विभाजन गरियो । सो क्षेत्रहरूको श्रेणी विभाजनका आधारमा रा.वि.से.मा संलग्न भई विभिन्न गाउँ क्षेत्रहरूमा नियमानुसार काम गर्ने अवधिका निम्ति कार्यरत विद्यार्थीहरूलाई २०३४

---

[१६५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-११-१२, २०३१ साल भदौ-असोज, पृ.८-९ ।

साल माघ १ गतेदेखि र माघे सत्रमा सम्मिलित विद्यार्थीहरूलाई जिल्लाको श्रेणीअनुसार निर्वाह भत्ता दिने व्यवस्था गरियो ।

यस प्रकार 'क' श्रेणीको जिल्लामा जानेलाई मासिक रु. ४५०/-, 'ख' श्रेणीको जिल्लामा जानेलाई रु. ४०५/-, 'ग' श्रेणीका लागि रु. ३७५/-'घ' श्रेणीका लागि रु. ३४५/- तथा 'ङ' श्रेणीको जिल्ला अथवा गाउँ पञ्चायतमा जाने विद्यार्थीलाई रु. ३००/- प्रदान गरिने भयो ।[१६६]

ग्रामीण प्रविधि गुरुयोजना

रा.वि.से.कार्यक्रमलाई अझ प्रभावकारी बनाउने उद्देश्यले २०३५ सालदेखि 'ग्रामीण प्रविधि गुरुयोजना' नामक नयाँ कार्यक्रम सञ्चालन गरियो । सो पहिलो वर्ष सञ्चालन गरिने गुरुयोजनामा २५ जना विद्यार्थी संलग्न हुने व्यवस्था गरियो । यस कार्यक्रमको उद्देश्य 'ग्रामीण विकास' रह्यो जसअन्तर्गत विद्यार्थीहरूको समूहलाई बझाङ, सुर्खेत, रसुवा, जुम्ला, मनाङ, संखुवासभा र बाग्लुङमा पठाइएको थियो । कार्यक्रममा संलग्न हुने विद्यार्थीहरूलाई व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रमा तालीम दिने व्यवस्था गरियो । यस योजनामा सौर्य शक्ति, इन्धन विकास, निर्माण सामग्रीको उत्पादन, खाद्य संरक्षण, मौरी पालन, शुद्ध खाने पानीको व्यवस्था जस्ता कार्यहरू समावेश गरिएको थियो । यो कार्यक्रम सञ्चालनका लागि स्थानीय विकास विभागबाटसमेत सहयोग गरिने भयो । ग्रामीण प्रविधि गुरुयोजना सम्बन्धी तालीम विज्ञान अध्ययन संस्थानका विद्यार्थीहरूका लागि २०३५ साल माघ १९ गतेसम्म सञ्चालन गरिएको थियो भने अन्य अध्ययन संस्थानका विद्यार्थीहरूका लागि सोही वर्ष फागुनको पहिलो हप्तासम्म सञ्चालन गरिने भयो ।[१६७]

---

[१६६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१०, अङ्क-२५, २०३४ साल माघ १६ गते आइतवार, पृ.२ ।

[१६७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-२९, २०३५ साल माघ २८ गते, आइतवार, पृ.२,४ ।

जहाँसम्म विद्यार्थीको संलग्नता हो, २०३५ सालमा रा.वि.से.कार्यक्रममा सामेल भएका ७८५ जना विद्यार्थीमध्ये १३१ छात्रा तथा ४१ जना प्राइभेट विद्यार्थीसमेत रहेका थिए । यी विद्यार्थीहरूलाई ललितपुर जिल्लाका गोदावरी, मानभवन, सातदोबाटो, पुल्चोक, फर्पिङ, भक्तपुर जिल्लाको सूर्यविनायक, पोखराको शिशुवा तथा बाटुलेचौर र धरान केन्द्रमा पच्चीस दिनको तालीम सञ्चालन गरियो ।

६ वर्ष अघि अर्थात २०३० सालदेखि आरम्भ गरिएको रा.वि.से.कार्यक्रममा २०३५ सालसम्म पर्सा जिल्ला बाहेक नेपालका सबै जिल्लाहरूमा २,१८५ जना विद्यार्थीहरूले सेवा गरेका थिए ।

साधारण पढाई र सामुदायिक विकासको योजनालगायत विभिन्न निर्माण कार्यमासमेत प्रभावकारी रूपमा यी विद्यार्थीहरूको सेवा उपलब्ध गराउने तर्फ विभिन्न कदम सञ्चालन गरिँदै आउनुका साथै कार्यक्रमका लागि व्यापक पाठ्यक्रम तयार गर्ने काम पनि यसै अवधिमा सम्पन्न भएको थियो । पाठ्यक्रम भने परिवार नियोजन, स्वास्थ्य, कृषि तथा स्काउट जस्ता कार्यक्रमसँग सम्बन्धित संस्थाहरूबाट प्राप्त सुझाव र सल्लाहका आधारमा तयार पारिएको तथा कार्यक्रममा खासगरी कृषि, स्वास्थ्य र निर्माणमा जोड दिइयो ।

रा.वि.से.कार्यक्रमलाई अरू बढी प्रभावकारी र उपयोगी बनाउने सन्दर्भमा एउटै गाउँमा चार पाँच वर्षसम्म अटूट रूपमा विद्यार्थी उपलब्ध गराउने नयाँ कदम चाल्ने पनि योजना बनाइयो । फलस्वरूप एकपटक गएका विद्यार्थीहरूले शुरु गरेका कार्यलाई पछि जानेले पूरा गर्न सघाउ पुग्ने विश्वास लिइयो । सम्बन्धित जिल्ला अधिकारीहरूसित गाउँका आवश्यकता हेरी विद्यार्थीहरू खटाउन सुझावको पनि माग गरिएको थियो ।

२०३५ सालमा रा.वि.से.कार्यक्रमका लागि जिल्लाहरूमा जाने विद्यार्थीलाई उनीहरूको इच्छाअनुसार स्कूलमा पढाउने विषयलाई अङ्ग्रेजी,

नेपाली, गणित, विज्ञान र सामाजिक शिक्षासमेत जम्मा पाँच समूहमा विभाजन गरियो । त्यस्तै त्यस वर्ष रा.वि.से.कार्यक्रमका लागि छात्राहरूलाई धनुषा, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोक तथा काठमाडौँको इन्द्रायणी, कास्की तथा रूपन्देही जिल्लाहरूमा पठाइएको थियो । यस अघि छात्राहरूलाई गोरखा, लमजुङ र सुर्खेतसम्म पनि पठाइएको थियो ।

सन् १९७३/७४ मा पहिलोपल्ट १९ जना स्वयम् सेवकहरूले सिन्धुपाल्चोक, चितवन र कास्कीमा, दोस्रो वर्ष २१२ विद्यार्थीलाई २७ जिल्ला (सुदूर पश्चिम विकास क्षेत्रका ३ जिल्लामा, पश्चिमाञ्चल विकास क्षेत्रका ९ जिल्लामा, पूर्वाञ्चल विकास क्षेत्रका ४ जिल्लामा) विद्यार्थी पठाइएको थियो । त्यस्तै सन् १९७४/७५ मा दोस्रो समूहमा ८८ जना छात्रालगायत ४१६ तथा सन् १९७५/७६ मा देस्रो समूहमा ८५ जना छात्रासमेत ३५६ जना विद्यार्थीहरू रा.वि.से.कार्यक्रममा संलग्न भएका थिए । पछिल्लो समूहले चारवटा विकास क्षेत्रका ७२ जिल्लामा सेवा गरेका थिए ।[१६८]

उल्लेख्य के छ भने नयाँ कार्यक्रम विद्यार्थीहरूले विभिन्न स्कूलमा पढाउँदै आउने गरिएको विषयगत पठन पाठनको सट्टामा थालनी गरिएको थियो ।

पहिलो सुपरिवेक्षण

विश्वविद्यालयले रा.वि.से.को २०३५/०३६ समूहअन्तर्गत विभिन्न जिल्लामा कार्यरत विद्यार्थीहरूका निम्ति केन्द्र स्तरबाट गरिने सुपरिवेक्षण पहिलो पटक २०३६ सालको थालनीमा शुरु गरेको देखिन्छ । उल्लेख्य के छ भने रा.वि.से.अन्तर्गतका विद्यार्थीहरूको सुपरिवेक्षण केन्द्र स्तर, जिल्ला स्तर र गाउँपञ्चायत स्तरबाट गरिने व्यवस्था थियो । यसमध्ये केन्द्रस्तरको प्रथम सुपरिवेक्षण २०३६ सालको वैशाख महिनामा गरिएको, गाउँ स्तरको

[१६८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-२९, २०३५ साल माघ २८ गते, आइतवार, पृ.२,४ ।

सुपरिवेक्षण २०३५ सालको चैत्र महिनामा भएको र जिल्ला स्तरको भने २०३६ साल जेठ महिनामा गरिने योजना बनाइएको थियो । यस पछिका अन्य दुईवटा सुपरिवेक्षणहरू क्रमशः ३/३ महिनामा सञ्चालन गरिने व्यवस्था मिलाइयो ।[१६९]

केन्द्र स्तरको सुपरिवेक्षण रा.वि.से.निर्देशनालयका सुपरिवेक्षकबाट, जिल्लास्तरको सुपरिवेक्षण जिल्ला शिक्षा अधिकारी तथा सो मातहतका माध्यमिक विद्यालय निरीक्षकबाट र गाउँ पञ्चायत स्तरको सुपरिवेक्षण भने सम्बद्ध विद्यालयका प्रधानाध्यापकबाट गरिने व्यवस्था थियो । केन्द्रस्तरको सुपरिवेक्षणअन्तर्गत रा.वि.से.सुपरिवेक्षकहरूले विद्यार्थीहरूको कार्यकलापको मूल्याङ्कनका साथै यस कार्यक्रमलाई सुदृढ पार्ने दिशातिर विभिन्न सुझावहरूसमेत पेश गर्नु पर्दथ्यो ।

२०३६ सालमा रा.वि.से.कार्यक्रम

२०३६ सालको असोज महिनासम्म आइपुग्दा मुलुकको राजनीतिक परिवेशमा निकै परिवर्तन आइसकेको थियो । बदलिँदो सो परिस्थितिमा रा.वि.से.कार्यक्रम सञ्चालन यथावते हुन नसक्ने भयो । त्यसैले सो सम्बन्धमा विश्वविद्यालयले आफ्नो कार्यक्रमलाई निरन्तरता दिनका लागि त्रि.वि.नियममा आवश्यक संशोधन गरेको थियो । फलस्वरूप राष्ट्रिय विकास सेवा कार्यक्रम स्थगन भएका कारण निर्धारित शैक्षिक सत्रमा विद्यार्थीहरूलाई सो कार्यक्रममा भागलिन लगाउन नसकिएको परिप्रेक्षमा २०३६ साल फागुन २८ गते त्रि.वि.कार्यकारिणी समितिको वैठकले केही व्यवस्था गरेको थियो ।

यसअनुसार राष्ट्रिय जनमत संग्रहपछि रा.वि.से.कार्यक्रम पुनः सञ्चालन गरिने निर्णय भयो । त्यसपछि स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई तेस्रो सेमेष्टरको अवधि सकिएपछि मात्र रा.वि.से.कार्यमा

---

[१६९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-४२, २०३६ साल वैशाख ३० गते, आइतवार, पृ.२ ।

संलग्न गराइने भयो । स्नातकोत्तर तहमा प्राइभेट परीक्षा दिने विद्यार्थीहरूको हकमा भने उनीहरूलाई दास्रो खण्डको परीक्षामा सम्मिलित हुन दिइने भयो । त्यस्ता विद्यार्थीलाई रा.वि.से.कार्यक्रम पुनः चालु गरिएपछि सो कार्यक्रममा सम्मिलित गराउने निर्णय गरियो ।

त्यस्तै अन्य विश्वविद्यालयहरूबाट स्नातकोत्तर तह उत्तीर्ण गरी आएका विद्यार्थीहरूलाई रा.वि.से.कार्यक्रममा सम्मिलित गराउने सन्दर्भमा पनि एउटा ठोस नीति निर्धारण गरी अनुमोदनका लागि राष्ट्रिय शिक्षा समितिमा पठाइयो । निर्णयअनुसार रा.वि.से.कार्यक्रम चालु भएपछि अन्य विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरी आएका विद्यार्थीहरूलाई सो कार्यक्रममा सम्मिलित गराइने भयो । यद्यपि यो कार्यक्रम सञ्चालन हुनु अगाडि नै त्यस्ता विद्यार्थी कुनै सरकारी वा अर्द्धसरकारी कार्यालय, बैंक, संस्थान र विद्यालयहरूमा नियुक्ति पाईसकेका खण्डमा भने उनीहरूलाई रा.वि.से.कार्यक्रमबाट छुट दिइने भयो ।[१७०]

उल्लेख्य सन्दर्भ के देखिन्छ भने जनमत संग्रह घोषणापछिको परिवेशका कारण त्रिभुवन विश्वविद्यालयले रा.वि.से.कार्यक्रम स्थगन गरेको थियो । कार्यक्रम स्थगनका सम्बन्धमा तत्कालीन राजनीतिक वृत्त तथा विश्वविद्यालयबीच केही असमझदारी भएको पाइन्छ । यस सम्बन्धमा एकातिर बहुदलको प्रचार भयो भनेर स्थगन गरेको भन्ने कतिपय राजनैतिक नेता तथा केही पत्रपत्रिकाको आरोप रह्यो भने अर्कातिर राष्ट्रिय पञ्चायतमा माननीय सदस्यहरूबाट विश्वविद्यालयको यो निर्णयको औचित्यबारे प्रश्न उठाइएको रहेछ । यस सम्बन्धमा विश्वविद्यालयका उपकुलपति जगतमोहन अधिकारीले एउटा विज्ञप्ति प्रकाशित गरी विश्वविद्यालयको प्रत्यक्ष जिम्मेवारीमा सञ्चालन भएको रा.वि.से.कार्यक्रम दुबै पक्षबाट लाञ्छित हुन सक्ने सम्भावना र आशङ्काले गर्दा नै

[१७०] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३६ साल फागुन २८ को निर्णय नं. ३५, ३६ र ६८ ।

विश्वविद्यालयले यस कार्यक्रमको स्थगन सम्बन्धी निर्णय लिएको कुरा स्पष्ट गरेका थिए ।[१७१]

रा.वि.से. विशेष कार्यक्रम

२०३६ देखि २०३९ सालसम्म करीव ३ वर्षको अवधिमा रा.वि.से.कार्यक्रम स्थगित गरिएको थियो । तर २०३९ देखि पुनः विशेष कार्यक्रमका रूपमा चालू गरियो । उल्लेख्य के छ भने केही समयका लागि सञ्चालन गरिएको सो विशेष कार्यक्रम अर्को व्यवस्था नभएसम्मका निम्ति अस्थायी रूपमा लागू गरिएको भएपनि लामो समयसम्म सञ्चालनमा रह्यो ।

विशेष कार्यक्रमका रूपमा रा.वि.से. अन्तर्गत विद्यार्थीलाई एउटा कुनै विषय अथवा समस्यालाई लिएर अध्ययन अनुसन्धान गराउने सन्दर्भमा प्रश्नावली तयार गर्न, अन्तर्वार्ता लिन, सर्वेक्षण गर्न, तथ्याङ्कहरू सङ्कलन गर्न, समस्याको विभिन्न पक्षलाई केलाउन र समाधानसमेत पत्ता लगाई प्रतिवेदन (भिलेज प्रोफाइल) तयार पार्न लगाइने व्यवस्था गरियो ।[१७२]

रा.वि.से.निर्देशनालयकाअनुसार २०३९ सालमा सञ्चालन गरिने रा.वि.से. विशेष कार्यक्रममा त्रि.वि.अन्तर्गत स्नातकोत्तर तहको चौथो सत्र पूरा गरेका र सो सत्रको थेसिस दर्ता गरेका विद्यार्थीहरूका साथै स्नातकोत्तर तहमा प्राइभेट विद्यार्थीका रूपमा दुवै खण्ड पूरा गरेका, दुवै खण्डको परीक्षामा सामेल भएका, गत वर्षहरूमा रा.वि.से.मा सम्मिलित नभएका तर रा.वि.से.कार्यक्रममा संलग्न हुनु पर्ने तथा विदेशी

---

[१७१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१२, अङ्क-५, २०३६ साल साउन २० गते आइतवार, पृ.४ ।

[१७२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२१, अङ्क-६, २०४५ साल असोज १६ गते, पृ. ५-६ ।

विश्वविद्यालयबाट त्रि.वि.मा पठन पाठन भइरहेको कुनै विषयमा स्नातकोत्तर पूरा गरी आएका विद्यार्थीहरूलाई सम्मिलित गराइएको थियो ।

२०३९ साल मंसीर महिनादेखि सञ्चालन हुने यस विशेष कार्यक्रममा सामेल गराइने प्रत्येक विद्यार्थीले कमसेकम एक महिनासम्म कुनै गाउँमा बसेर गाउँको अध्ययन गरी रा.वि.से.मा संलग्न भएको ३ महिनासम्ममा १० क्रेडिट आवरको गाउँको विस्तृत अध्ययन तयार गरी बुझाउनु पर्ने व्यवस्था गरियो । गाउँको विस्तृत अध्ययनका लागि सहायक रूपमा विद्यार्थीलाई एक रूपरेखा (फर्म्याट) उपलब्ध गराइने र त्यसका आधारमा विद्यार्थीले गाउँको विस्तृत अध्ययन तयार गरेको हुनुपर्ने कुरा पनि निर्देशनालयले सूचित गरेको थियो ।

नयाँ शिक्षा योजना लागू भएदेखि त्रि.वि.ले स्नातकोत्तर तहका निम्ति अभिन्न अङ्गका रूपमा सञ्चालन गर्दै आइरहेको १० महिने रा.वि.से कार्यक्रम २०३६ सालदेखि स्थगित भएको थियो । रा.वि.से. निर्देशनालयले यो कार्यक्रम स्थगित भई नियमित रूपमा सञ्चालन नभएकोमा विद्यार्थीहरूका निम्ति स्नातकोत्तर अध्ययनका लागि लाग्ने समयलाई ध्यानमा राखी यो वर्ष गाउँमा बस्ने अवधि र काम घटाई विशेष कार्यक्रमका रूपमा सञ्चालन गरिएको स्पष्ट गरेको थियो । साढे सात लाख रुपियाँ खर्च हुने अनुमान गरिएको यस विशेष कार्यक्रममा सम्मिलित हुने प्रत्येक विद्यार्थीलाई त्रि.वि.ले पाँच सय रुपियाँ प्रदान गरेको थियो ।[१७३] २०३९ सालमा विशेष रा.वि.से.कार्यक्रममा १३ सय विद्यार्थीले भाग लिने विश्वविद्यालयको अपेक्षा थियो ।

त्रि.वि.ले रा.वि.से.कार्यक्रमलाई विशेष कार्यक्रमका रूपमा सञ्चालन गर्दै गयो । विशेष कार्यक्रमका रूपमा सञ्चालन हुने उक्त कार्यक्रममा सम्मिलित हुने विद्यार्थीहरूले कुनै पनि गाउँ पञ्चायत क्षेत्रमा

---

[१७३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१५, अङ्क-१६, २०३९ साल कात्तिक २१ गते आइतवार, पृ.२, ६ ।

बसी एक महिनासम्म अध्ययन गर्नुपर्ने प्राबधान राखिएको सन्दर्भ माथि परिसकेको छ ।

काठमाडौँ उपत्यका भित्रका स्नातकोत्तर पठन पाठन भएका क्याम्पसहरूमा अध्ययन गरी स्नातकोत्तर तहको अन्तिम खण्डको परीक्षामा सामेल भएका नियमित विद्यार्थीहरूलाई सम्बन्धित क्याम्पसमा निर्धारित फर्म भराई रा.वि.से.कार्यक्रममा सम्मिलित गराउने तथा उपत्यका बाहिरका स्नातकोत्तर तहको पठन पाठन हुने पृथ्वीनारायण क्याम्पस, रा.रा.क्याम्पस, महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस र जनता क्याम्पसमा स्नातकोत्तर अन्तिम खण्डको परीक्षामा सामेल भएका विद्यार्थीहरूलाई सम्बन्धित क्याम्पसमा नै निर्धारित फर्म भराई सोही क्याम्पसहरूद्वारा क्याम्पस सम्बद्ध क्षेत्रमा नै सो कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइयो ।

त्रि.वि.अन्तर्गत प्राइभेट रूपमा स्नातकोत्तर तहको दुवै खण्डको परीक्षामा सामेल भएका विद्यार्थीहरू भने रा.वि.से.निर्देशनालय, त्रि.वि.काठमाडौँमा उपस्थित हुनु पर्ने व्यवस्था गरियो । त्यस्तै विदेशी विश्वविद्यालयहरूबाट त्रि.वि.मा पठन पाठन भइरहेका कुनै पनि विषयमा स्नातकोत्तर तह पूरा गरी आएका नेपाली नागरिकहरूले पनि सोही निर्देशनालयमा नै उपस्थित हुनुपर्ने भयो ।

रा.वि.से.कार्यक्रममा सम्मिलित हुने विद्यार्थीहरूले आफूले गरेको अध्ययनका आधारमा रा.वि.से. निर्देशनालयबाट उपलव्ध गराइने फर्म्याटअनुसार पूर्णाङ्क १०० को भिलेज प्रोफाइल तयार गर्ने र अध्ययन पूरा गरेको दुई महिनाभित्र सो प्रोफाइल पेश गर्नु पर्ने भयो ।[१७४] यसरी रा.वि.से. विशेष कार्यक्रममा सम्मिलित भएका विद्यार्थीहरूलाई प्रतिव्यक्ति एक मुष्ठ रकम रु. ५००/- उपलव्ध गराउने व्यवस्था भयो ।

---

[१७४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१६, अङ्क-३८, २०४१ साल जेठ ११ गते विहिवार, पृ. १,२ ।

**अञ्चल शिक्षा समिति**

'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' ले अञ्चलमा उच्च क्षिाको व्यवस्थाका लागि जनप्रतिनिधिसमेतबाट तोकएको सदस्यहरू भएको अञ्चल शिक्षा समितिको व्यवस्था गरेको थियो ।[१७५] विश्वविद्यालय ऐनले सम्बद्ध अञ्चलमा सञ्चालित क्याम्पसको भौतिक सुविधाका साथै आर्थिक व्यवस्थापनको जिम्मेवारीसमेत अञ्चल शिक्षा समितिलाई दिएको थियो । सोही दायित्व बहन गर्ने क्रममा विभिन्न अञ्चलका अञ्चल शिक्षा समितिले क्याम्पसका लागि बजेट निर्माण तथा व्यवस्थापन गरेका थिए । यसै सन्दर्भमा यहाँ राजधानी रहेको वाग्मती अञ्चलका अतिरिक्त अन्य केही अञ्चल शिक्षा समितिद्वारा भएको व्यवस्थालाई नमूनाका रूपमा प्रस्तुत गरिएको छ ।

वाग्मती अञ्चल शिक्षा समिति

राशिपयोजनाअनुसार उच्च शिक्षामा सेमेष्टर प्रणाली लागू गरिएको परिवेशमा शैक्षिक वर्ष २०३२/०३३ मा उच्च शिक्षाका लागि कुल रु. १,६४,८९,२८०/५५ (एक करोड चौसट्ठी लाख, उनानब्बे हजार दुई सय अस्सी र पैसा पचपन्न) को अनुमानित वजेटलाई २०३१ साल माघ तेस्रो हप्ता बसेको वाग्मती अञ्चल शिक्षा समिमितको वैठकले पारित गरेको थियो ।

बजेटअनुसार शिक्षकहरूको तलबको ५० प्रतिशत रकम रु. ३८,८८,५१८/२१ (अडतीस लाख, अठासी हजार पाँच सय अठार र पैसा एक्काइस) त्रि.वि.ले बेहोर्ने र बाँकी रकम रु. एक करोड २६ लाख ७६२ रूपैया ३५ पैसा अञ्चल शिक्षा समितिले बेहोर्ने भयो । यो रकम छात्रावास, क्याफ्टेरिया, शिक्षकहरूको ५० प्रतिशत तलव, संचयकोष, छात्रवृत्ति, प्रशासन तथा परीक्षा आदिमा खर्च गरिने योजना बन्यो ।

---

[१७५] श्री ५ को सरकार, *नेपाल राजपत्र,* भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क ३३ (क), काठमाडौं: श्री ५ को सरकार, वि.सं. २०२८ असोज ६ गते, पृ. ९ ।

२०३२/०३३ शैक्षिक सत्रमा वागमती अञ्चलमा विभिन्न अध्ययन संस्थानमा कूल उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थी संख्या ११,५८८ हुने आँकलन गरियो । सोही अनुपातमा समितिले प्रति वर्ष प्रति विद्यार्थीका लागि औसत रकम रु.१०८७/३९ बेहोर्नु पर्ने देखियो ।[१७६] उल्लेख्य के देखिन्छ भने उक्त निर्णयमा यस अञ्चलमा सञ्चालनमा रहेका क्याम्पस तथा तिनलाई आवश्यक पर्ने रकमको विस्तृत विवरण भने दिइएको देखिँदैन ।

सेती अञ्चल शिक्षा समिति

सेती अञ्चल शिक्षा समितिको अध्यक्ष सेती अञ्चलाधीशको अध्यक्षतामा २०३१ साल कार्तिक महिनामा बसेको सेती अञ्चल शिक्षा समितिको वैठकले त्यस अञ्चल स्थित डोटी क्याम्पस सञ्चालन गर्न आर्थिक वर्ष २०३१-०३२ का लागि रु. १,४४,७८१/- (एक लाख चवालीस हजार सात सय एकासी) खर्चको बजेट स्वीकृत गरेको थियो । सो रकममध्ये रु. ३८,४७७/- विश्वविद्यालयबाट प्राप्त हुने र बाँकी रु. १,०६,३३४/-सेती अञ्चल शिक्षा समितिले पूरा गर्ने निर्णय गरियो । त्यस्तै समितिले उक्त क्याम्पसमा मानविकी र सामाजिकशास्त्र विषयमा प्रमाणपत्र तहसम्म मात्र पढाइ सञ्चालन भएकोमा चालु वर्षमा प्रमाणपत्र तहको परीक्षा पास गर्ने विद्यार्थीको सुविधाका लागि आगामी वर्षदेखि डिप्लोमा तहको पढाई सञ्चालन गर्न त्रि.वि.सँग स्वीकृति लिने निर्णय पूरा गर्ने प्रतिबद्धतासमेत जाहेर गरेको थियो । यसका अतिरिक्त सो समितिले छिट्टै क्याम्पसका लागि एउटा छात्रावास भवन निर्माण गर्ने योजना बनाएको थियो ।[१७७]

---

[१७६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-८, अङ्क-४ २०३१ साल माघ, पृ.८ ।

[१७७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-८, अङ्क-१, २०३१ साल कार्तिक, पृ. ३ ।

राप्ती अञ्चल शिक्षा समिति

२०३१ साल कार्तिक १० गते राप्ती अञ्चलाधीशको अध्यक्षतामा दाङको तुलसीपुरमा बसेको राप्ती अञ्चल शिक्षा समितिको वैठकले चालू वर्ष २०३१-०३२ का लागि रु. ४,७३,०५५/३१ (चार लाख त्रिहत्तर हजार पचपन्न रुपैया र एकतीस पैसा) को संशोधित बजेट पारित गरेको थियो । सो रकममध्ये दाङमा सञ्चालनमा रहेका जनता क्याम्पस र महेन्द्र क्याम्पसलाई रु. २, ८१, ९६९/-छुट्याइयो । समितिले मानविकी र सामाजिकशास्त्रतर्फ डिप्लोमा तहको परीक्षा सञ्चालन गर्न आवश्यक व्यवस्थाका लागि विश्वविद्यालयसँग र विज्ञान क्याम्पसका लागि श्री ५ को सरकारसँग माग गरेको थियो ।[१७८]

सगरमाथा अञ्चल शिक्षा समितिको

सगरमाथा अञ्चल शिक्षा समितिको २०३१ साल मंसिर महिनामा बसेको वैठकले आर्थिक वर्ष ०३२-०३३ का लागि विन्ध्येश्वरी क्याम्पस राजविराजलाई रु. २ लाख ८५ हजार तथा भोजपुर क्याम्पसलाई रु.१ लाख ९२ हजार दिने निर्णय गरेको थियो ।[१७९] त्यस्तै वैठकले भोजपुर क्याम्पसको पुस्तकालय निर्माणका लागि रु. ५ हजार र फर्निचरका लागि रु. २ हजारसमेत प्रदान गर्ने निर्णय गऱ्यो ।

उक्त समितिले दैनिक काम काजलाई बढी सुचारु रूपले सञ्चालन गर्न सहज परोस् भन्ने हेतुले सगरमाथा अञ्चलाधीशको अध्यक्षतामा ८ सदस्यीय एक उपसमिति पनि गठन गऱ्यो । उक्त उपसमितिको सचिवमा विन्ध्येश्वरी क्याम्पसका प्रमुख शंकरदत्त झा र सदस्यहरूमा जिल्ला पञ्चायत सप्तरी र सिरहाका सभापतिहरू, अञ्चल सभापति ज्ञानेन्द्रप्रसाद ढुंगाना, क्याम्पसका दुई प्राध्यापक शंकरप्रसाद र

[१७८] *ऐजन* ।

[१७९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-८ अङ्क-२ २०३१ साल मंसिर, पृ.४ ।

दीपक थिए । यो वैठकको अध्यक्षता सरगमाथा अञ्चलाधीशले गरेका थिए ।

### विद्यार्थी भर्ना बृद्धि

नयाँ शिक्षा योजना प्रारम्भ भएदेखि नै त्रिभुवन विश्वविद्यालयमा प्रवेश परीक्षाको परिपाटीको थालनी गरियो । उच्च शिक्षामा प्रवेश गर्न योग्य छ/छैन भन्ने कुरा निश्चित गर्नु नै प्रवेश परीक्षाको उद्देश्य थियो । तर पनि प्रवेश परीक्षाको मूलभूत आधार र उद्देश्यलाई कायम राखेर देशको वास्तवकिता अनुसार यस परीक्षाबाट विद्यार्थीहरूलाई अधिक लाभान्वित तुल्याउने विश्वविद्यलायको प्रयास रह्यो ।

२०३३ सालमा सामूहिक रूपमा प्रवेश परीक्षा लिइएको थियो भने २०३४ सालमा विकेन्द्रीकरणको आधारमा क्याम्पसहरूबाट नै प्रवेश परीक्षा लिने व्यवस्था गरियो । यस क्रममा प्रत्येक क्याम्पसहरूको प्रवेश परीक्षाको तालिका यसरी मिलाइयो कि विद्यार्थीहरूले आफूले चाहेको कुनै पनि विषयको क्याम्पसहरूमा भर्नाका निम्ति परीक्षा दिन सक्ने भए । फलस्वरूप इच्छुक विद्यार्थीहरूले तीन/चार क्याम्पसमा प्रवेश परीक्षा दिने अवसर पाए । यसै कारण विभिन्न क्याम्पसहरूमा प्रवेश परीक्षार्थीको संख्या निकै धेरै देखिनु स्वाभाविकै थियो । यस प्रक्रियाबाट विश्वविद्यालयलाई विद्यार्थीहरूको खास तथ्याङ्क लिन र त्यसबमोजिम विद्यार्थीहरूको विभिन्न क्याम्पसमा संयोजन गर्न निकै मुश्किल पर्ने भए तापनि विद्यार्थीहरू सुगमतासाथ भर्नाको प्रयास गर्न सकून् भन्ने अभिप्रायले यस किसिमको व्यवस्था गरिएको थियो ।

६० प्रतिशत जति विद्यार्थी उच्च शिक्षाका निम्ति काठमाडौं उपत्यकामा नै प्रवेश परीक्षा दिन आउने गरेको तथा बाँकी विद्यार्थी अधिराज्यका अन्य क्याम्पसमा परीक्षा दिने गरेको देखिन्थ्यो । यस स्थितिमा एकातिर काठमाडौं उपत्यकामा विद्यार्थीको चाप बढ्न गएको थियो भने अन्य क्याम्पसमा भर्ना लक्ष्यअनुसार विद्यार्थी संख्या न्यून हुने गर्दथे । यदि

विद्यार्थीहरूको काठमाडौंमुखी प्रवृत्तिलाई विचार गरेर यहाँ नै बढी सिट र सुविधाको व्यवस्था गर्ने हो भने शैक्षिक दृष्टिबाट काठमाडौंले मात्रै नेपालको रूप लिने तथा विकास क्षेत्रको आधारमा अरू विषय जस्तै उच्च शिक्षाको पक्षलाई पनि सन्तुलित रूपबाट विकसित गर्ने जुन सरकारको नीति छ त्यसमासमेत बाधा पर्नजाने यथार्थता थियो । फलस्वरूप विश्वविद्यालयले क्षत्रीय आधारमा उच्च शिक्षालाई विस्तार गर्ने तथा शैक्षिक दृष्टिबाट गर्न लागिएको सन्तुलित विकास प्रयासमा विचारणीय समस्या उपस्थित हुन गयो ।[१८०]

उच्च शिक्षामा विद्यार्थी भर्नाको चापलाई मध्यनजर गरी विश्वविद्यालयले २०३४ सालमा ५ देखि १० प्रतिशतसम्म स्थान बढाई प्रवेश परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूलाई क्याम्पसहरूमा भर्ना लिने प्रयास गरेको थियो । यस अगाडि अर्थात २०३३ सालमा अधिराज्यभरका क्याम्पसहरूमा ९,५०० (साढे नौ हजार) विद्यार्थीहरूलाई भर्ना लिइएको थियो भने २०३२ सालको प्रवेशिका परीक्षामा पुरानो र नयाँ पाठ्यक्रम गरी जम्मा १० हजार ७७३ विद्यार्थीहरू उत्तीर्ण भएका थिए । २०३४ सालमा प्राविधिक विषय खासगरी इञ्जिनीयरिङ्ग र चिकित्साशास्त्रमा पढ्न चाहने विद्यार्थीहरूको संख्यामा ठूलो वृद्धि भएकाले इञ्जिनीयरिङ्ग अध्ययन संस्थानअन्तर्गत पुल्चोक र थापाथली क्याम्पसमा गरी ७२० स्थान रहेकोमा अब ८०० विद्यार्थीहरूलाई भर्ना गरियो ।

प्रविधिक शिक्षातर्फ क्याम्पसहरूको कमी पूरा गर्न आर्थिक वर्ष २०३४-०३५ मा पोखरा, धरान र पाल्पा जिल्लाको तानसेनमा चिकित्साशास्त्र अन्तर्गत ३ वटा नयाँ क्याम्पसहरू खोली प्रमाणपत्र तहको पढाई शूरु गर्ने योजना बनाइयो । यसैगरी इञ्जीनियरिङ्गतर्फ आर्थिक वर्ष ०३५-०३६ को अन्त्यसम्ममा धरानमा प्रमाणपत्र तहको इलेक्ट्रोमेकानिकल तथा पोखरामा २ वर्षपछि प्रमाणपत्रको सिभिल इञ्जीनियरिङ्गको पढाई सुरु

---

[१८०] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-२, २०३४ साल साउन १६ गते, पृ. २ ।

गरिने विश्वविद्यालयको योजनासमेत रह्यो । २०३३ सालको तुलनामा २०३४ सालमा काठमाडौँ बाहिरका क्याम्पसहरूमा बढी विद्यार्थीहरूले दरखास्त दिएको भए पनि राजधानीमा बसी उच्च शिक्षा हासिल गर्ने प्रवृत्ति ज्यादै बढी पाइएकाले यहाँका क्याम्पसहरूमा निर्धारित स्थानभन्दा धेरै बढी विद्याथीहरूको दरखास्त परेको थियो ।

प्राविधिकतर्फ हरेक जिल्लाका एक जना विद्यार्थी लिइने गरेको तथा दुर्गम मानिएका १८ जिल्लाहरूबाट आउने विद्यार्थीहरूको पछि प्रवेश परीक्षा लिइने व्यवस्था गरियो । दुर्गम जिल्लाबाट आउनेहरूको पनि अगाडि नै प्रवेश परीक्षा लिँदा पिछडिएका जिल्लाका विद्यार्थीहरूलाई मर्का पर्ने भएकाले पछि प्रवेश गरीक्षा लिइने व्यवस्था गरिएको विश्वविद्यालयले पुष्टि गरेको थियो ।[१८१]

## अध्ययनमा नयाँ व्यवस्था

मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत विद्यापरिषद् र क्याम्पस प्रमुखहरूको वैठकले विभिन्न तहमा अध्ययन गर्न तथा परीक्षा दिनका लागि केही नयाँ व्यवस्था गरेको थियो । २०३८ सालको मंसिर महिनामा भएको यस्तो व्यवस्थाअनुसार वार्षिक परीक्षा प्रणालीअन्तर्गत बी.ए.स्तरमा अध्ययन गर्नु पर्ने दुई ऐच्छिक विषयमध्ये एउटा प्रमाणपत्र तहमा अध्ययन गरेको मुख्य विषय र अर्को चाहीँ प्रमाणपत्र तहको कुनै सहायक विषयबाट लिन पाउने व्यवस्था गरियो । यसैगरी विज्ञानमा गणति विषय लिई कुनै तह पार गरेकालाई मानविकीमा सो भन्दा माथिल्लो तहमा गणित विषय लिई नियमित रूपमा अध्ययन गर्न वा प्राइभेट परीक्षा दिन अनुमति दिइयो ।[१८२]

---

[१८१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१०, अङ्क-३, २०३४ साल साउन २३ गते आइतवार, पृ. १, २ ।

[१८२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१४, अङ्क-१९, २०३८ साल मंसीर २१ गते, आइतवार, पृ.१, ४ ।

त्यस्तै वाणिज्य वा व्यवस्थापन विषयबाट कुनै तह पार गरेकालाई मानविकीमा सो भन्दा माथिल्लो तहमा अर्थशास्त्र विषय लिई नियमित रूपमा वा प्राइभेट परीक्षामा सामेल हुने अनुमति दिइयो । त्यस्तै कानून र जनप्रशासन विषयबाट कुनै तह पार गरेकालाई मानविकीमा सो भन्दा माथिल्लो तहमा राजनीतिशास्त्र विषय लिई नियमित रूपमा वा प्राइभेट परीक्षा दिन अनुमति दिइयो ।

संस्कृत विषयमा कुनै तह पार गरेकालाई मानविकीमा सो भन्दा माथिल्लो तहमा संस्कृत विषय लिई नियमित रूपमा अध्ययन गर्न वा प्राइभेट परीक्षा दिन अनुमति दिइयो । त्यस्तै संस्कृत अध्ययन संस्थानबाट मानविकीतर्फ अध्यापन हुने कुनै विषयमा मानविकीको मूल विषयको क्रेडिट आवर बराबर सहायक विषय लिई अथवा तत्कालको अध्ययन पूरा गरेका विद्यार्थीलाई सोही विषयमा सो भन्दा माथिल्लो तहमा नियमित अध्ययन गर्न वा प्राइभेट परीक्षा दिन अनुमति दिइयो ।

शिक्षा शास्त्र विषयमा कुनै तह पार गरेकालाई मानविकीतर्फ अध्यापन हुने विषय मूल विषय लिई तह पार गरेको छ भने सो भन्दा माथिल्लो तहमा सोही विषय लिई नियमित रूपमा अध्ययन गर्न वा प्राइभेट परीक्षा दिन अनुमति दिइयो ।

अन्य अध्ययन संस्थानबाट प्रोफिसेन्सी प्रमाणपत्र वा सो सरहको तह पार गरेका विद्यार्थीहरूले मानविकीको स्नातक तह नियमित अध्ययन गर्न वा प्राइभेट परीक्षा दिन चाहेमा निजहरूले मानविकी प्रमाणपत्र तहको कुनै एक विषय वा तत्कालको पाठ्यक्रमअनुसार कुनै ऐच्छिक विषयमा प्रमाणपत्र तहको परीक्षा उत्तीर्ण गरेपछिमात्र माथिल्लो तहको नियमित अध्ययन गर्न वा प्राइभेट परीक्षा दिन पाउने भए ।

उल्लिखित दफाअनुसार तत्काल बी.ए.तहमा नियमित रूपमा अध्ययन गर्दा वा प्राइभेट परीक्षा दिँदा अध्ययन गर्नु पर्ने कुनै दुई ऐच्छिक

विषयमध्ये एक विषय प्रमाणपत्र तहमा अध्ययन गरेको हुनु पर्ने र अर्को बी.ए.को पाठ्यक्रमअर्न्तगतको कुनै एक विषय लिन सक्ने भए ।

## विद्वत् वृत्ति

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिले शिक्षाशास्त्र अध्ययन संस्थान तथा नेपाल र एशियाली अध्ययन संस्थानको विद्वत वृत्ति (Fellowship) सम्बन्धी विनियम तर्जुमा गरेको थियो । तत्कालै लागू गरिने उक्त विनियम जम्मा ३ वर्ष अर्थात् २०३३ सालसम्म मात्र कायम गरिने भयो ।[१८३]

स्नातकोत्तर विद्वत् वृत्ति मासिक रु. ३००/- का दरले बढीमा २२ महिनासम्म मात्र दिइने, विद्वत् वृत्ति शिक्षाशास्त्र इन्स्टिच्यूटमा सेवा गर्ने शिक्षकलाई सोही इन्स्टिच्यूटमा स्नातकोत्तर अध्ययन गर्दा मात्र दिइने र विद्वत् वृत्तिको संख्या उपकुलपतिले तोकेअनुसार हुने घोषणा गरियो । पूर्व सेवाकालीन स्नातकोत्तर विद्वत् वृत्ति मासिक रु. २००/- का दरले बढीमा २२ महिनासम्म शिक्षाशास्त्र इन्स्टिच्यूटमा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीहरूलाई मात्र दिइने तथा यो विद्वत् वृत्तिको संख्यासमेत उपकुलपतिले तोकेअनुसार दिइने भयो । विद्वत् वृत्ति पाउने विद्यार्थी स्वस्थ्य, अनुशासित, परिश्रमि, प्रत्येक सेमेष्टर परीक्षामा उत्तीर्ण भएको हुनु पर्ने तथा सो सेमेष्टर परीक्षामा उत्तीर्ण हुन नसकेमा अथवा पूरा गर्न नसकेमा विद्वत् वृत्ति रोकिनुका साथै अध्ययन पूरा नगरी आफु खुशी छाडेमा सम्बन्धित विद्यार्थीले नियमानुसार आफुले खाएको विद्वत् वृत्ति फर्काउनु पर्ने नियम बनाइयो ।

त्यस्तै नेपाल र एशियाली अध्ययन संस्थानबाट स्नातकोत्तर स्तरमा अनुसन्धानात्मक तालीम लिनेहरूलाई पनि बढीमा एक वर्षका लागि मासिक रु. २५०/- को विद्वत् वृत्ति दिने व्यवस्था गरियो । यस

[१८३] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भाद्र ११-१३ गते बसेको वैठकको निर्णय नं. १२ ।

अध्ययन संस्थानबाट दिइने विद्वत् वृत्तिको संख्यासमेत उपकुलपतिले तोकेअनुसार हुनुका साथै तालीममा लगनशील नभएमा वा तालीम पूरा गर्न नसकेमा विद्वत् वृत्ति रोकिने तथा अध्ययन पूरा नगरी आफु खुशी छाडेमा सम्बन्धित विद्यार्थीले नियमानुसार आफुले खाएको विद्वत् वृत्ति फर्काउनु पर्ने प्रावधान राखियो ।

उल्लिखित दुवै अध्ययन संस्थानबाट विद्वत् वृत्ति लिई स्नातकोत्तर उपाधि पाउने विद्यार्थीले त्रिभुवन विश्वविद्यालयले चाहेमा कम्तिमा ५ वर्षसम्म विश्वविद्यालयमा सेवा गर्नु पर्ने भयो ।

जहाँसम्म नेपाल र एशियाली अध्ययन संस्थानको सन्दर्भ छ यस अध्ययन संस्थानले 'डिग्री बाई डिजर्टेशन' को परीक्षाफलमा श्री क्यास्पर जे.मिलर एस.जे.लाई उत्तीर्ण घोषित गरेको थियो । मिलरले तयार गरेको शोध ग्रन्थलाई सो संस्थानले डिग्री परीक्षाका निमित्त स्वीकार गरी मिलरलाई उक्त परीक्षामा उत्तीर्ण घोषित गरेको हो ।[१८४]

## स्नातकोत्तर तह सञ्चालन

स्थापनादेखि 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' सम्म स्नातकोत्तर तहको पठन पाठन 'त्रिभुवन विश्वविद्यालय कलेज' कीर्तिपुरमा सञ्चालन गरिएको सन्दर्भ माथि परिसकेको छ । उच्च शिक्षालाई विकेन्द्रीत गराउने उद्देश्यले विश्वविद्यालयले आवश्यकता एवम् औचित्य हेरी अन्य क्याम्पसमासमेत स्नातकोत्तर तहका कक्षा सञ्चालन गर्ने नीति लिएको थियो । यो सन्दर्भ राशिपयोअन्तर्गत भएको हो ।

यसै क्रममा श्री ५ मुमा बडामहारानी सरकारको ५४ औं शुभजन्मोत्सवको अवसर पारेर त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत पाटन संयुक्त क्याम्पस, पाटन ढोकामा २०३८ साल भदौ ५ गते नेवारी भाषा स्नातकोत्तर तह (एम.ए.)

---

[१८४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१०, अङ्क-३, २०३४ साल साउन २३ गते आइतवार, पृ. २ ।

कक्षाको थालनी गरिएको थियो । यसै क्रममा एउटा समारोहमा विश्वविद्यालयका उपकुलपति डा महेन्द्रप्रसादले सो कार्यको उद्‌घाटन गरेका थिए । यो नेवारी भाषाको पहिलो एम.ए.कक्षा थियो ।[१८५]

अर्को वर्ष पृथ्वीनारायण क्याम्पस, पोखरामा २०३९ सालको शैक्षिक सत्रदेखि अर्थशास्त्र विषयमा स्नातकोत्तर तहको पढाई शुरु गरियो । स्नातकोत्तर तहको कक्षामा २० जना विद्यार्थी रहेको तथा काठमाडौँबाट अरू ५० जना विद्यार्थीहरू थपिने योजना रहेको कुरा क्याम्पसले जानकारी गराएको थियो । त्यस्तै क्याम्पसमा त्यस बखत मानविकी, विज्ञान, व्यापार, कानून र शिक्षाशास्त्र अध्ययन संस्थानका विभिन्न कक्षाहरूमा १,३७५ छात्र र २२२ छात्रा अध्ययन गरेका थिए ।[१८६]

त्यस्तै नेपाल कमर्स क्याम्पस, मीनभवन बानेश्वर र पब्लिक युथ क्याम्पस, धोविचौरमा २०३९ सालदेखि स्नातकोत्तर तहको पढाई सञ्चालन गरिएको थियो । दुवै क्याम्पसले ८०/८० जना विद्यार्थी भर्ना लिई सञ्चालन गरिने उक्त स्नातकोत्तर तहको कक्षा सञ्चालनार्थ सम्पूर्ण व्यवस्था मिलाउन पब्लिक युथ क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयले रु ४०,०००/- (चालीस हजार) रकम निकासा दिने तथा नेपाल कमर्स क्याम्पसलाई पुस्तकालयका लागि रु. २०,०००/- (वीस हजार) पुस्तकालय कोषबाट दिने निर्णय गरेको थियो ।

स्मरण रहोस् 'पाटन क्याम्पस' लाई २०३९ साल मंसीर २६ गतेदेखि 'नेपाल कमर्स क्याम्पस' नाम परिवर्तन गरिएको थियो ।[१८७]

---

[१८५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१४, अङ्क-९, २०३८ साल भदौ २१ गते, आइतवार, पृ.१ ।

[१८६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१५, अङ्क-२३, २०३९ साल पौष १८ गते आइतवार, पृ. ५ ।

[१८७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१५, अङ्क-२३, २०३९ साल पौष १८ गते आइतवार, पृ. १,२ ।

## कक्षा तीन सिफ्टमा

पाटन संयुक्त क्याम्पसमा २०३९ सालको शैक्षिक सत्रदेखि मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र तथा स्नातक तहमा रात्रि कक्षा पनि सञ्चालन गरियो । फलस्वरूप अब त्यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्रअन्तर्गत प्रभात, दिवा र रात्रि तीनवटै सिफ्टमा कक्षाहरू सञ्चालनमा आए । क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र तहमा ८७१ र स्नातक तहमा ४६८ तथा विज्ञान अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र तहमा १३२ गरी जम्मा १४७१ विद्यार्थीहरू अध्ययनरत थिए ।[१८८]

## कीर्तिपुर बहुमुखी क्याम्पस

२०२४ सालदेखि कीर्तिपुरमा स्नातकोत्तर तहका कक्षाहरू सञ्चालन गर्दै आएको त्रिभुवन विश्वविद्यालय कलेज २०३० साल साउन १ गतेदेखि क्याम्पसमा परिणत भएको हो ।

विश्वविद्यालयको एक मात्र तथा केन्द्रीय कार्यलयको तर्फबाटै केन्द्रीय क्याम्पसका रूपमा सञ्चालन हुँदै आएको यस क्याम्पसमा २०३५ सालमा मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान, व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जन प्रशासन अध्ययन संस्थान तथा विज्ञान अध्ययन संस्थान अन्तर्गतका स्नातकोत्तर स्तरका कक्षाका साथै शिक्षाशास्त्र अध्ययन संस्थानको दुवै स्नातक तथा स्नातकोत्तर स्तरको पढाई हुनाको साथै शिक्षकहरूलाई तालीमसमेत दिइन्थ्यो । २०३५ सालमा कीर्तिपुर बहुमुखी क्याम्पस विज्ञान अध्ययन संस्थानको केन्द्रीय क्याम्पसका रूपमा सञ्चालन भएको थियो ।

---

[१८८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१५, अङ्क-२३, २०३९ साल पौष १८ गते आइतवार, पृ. ५ ।

सुरुमा केही शिक्षक तथा थोरै मात्र विद्यार्थीहरू सहित त्रिपुरेश्वरको सरकारी अतिथीगृह रहेको ठाउँमा सञ्चालन भएको यस क्याम्पसले समयको गतिसँगै विकसित हुने मौका पाएको हो । यस क्रममा २०३५ सालमा ट्याङ्गलाफाँट कीर्तिपुरमा विश्वविद्यालयका लागि अधिग्रहण भैसकेको जमिन २,८५२ (दुई हजार पाँच सय बाउन्न) रोपनी १ आना पुगेको थियो ।

२०३५ सालमा क्याम्पसका चार संकायमा निम्नानुसारका विषयहरूको पढाइ हुन्थ्यो;

मानविकी तर्फ (स्नातकोत्तर स्तर मात्र)

१ भूगोल

२ इतिहास

३ नेपाली

४ प्राचीन इतिहास, संस्कृति तथा पुरातत्व

५ अङ्ग्रेजी

६ हिन्दी

७ संस्कृत

८ अर्थशास्त्र

९ राजनीतिशास्त्र

विज्ञानतर्फ

१ भौतिकशास्त्र

२ रसायनशास्त्र

३ वनस्पतिशास्त्र

४ प्राणीशास्त्र

५ गणित र

६ तथ्याङ्क

वाणिज्यतर्फ (दुईवटा विषय समितिहरू)

१ व्यावसायिक तथा अनुसन्धानात्मक विषय समिति र

२ लेखा तथा परिमाणात्मक विश्लेषण विषय समिति (व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जन प्रशासन) तर्फ स्नातकोत्तर स्तरको पढाइ गरिने

शिक्षाशास्त्र तर्फः

मूल विषय-अङ्ग्रेजी, नेपाली, गणित, राजनीतिशास्त्र, स्वास्थ्य शिक्षा, भूगोल, इतिहास, विज्ञान

सहायक विषय-अङ्ग्रेजी, नेपाली, गणित, राजनीतिशास्त्र, स्वास्थ्य शिक्षा, भूगोल, इतिहास, विज्ञान र अर्थशास्त्र

प्रोफेसनल विषय-शिक्षा

यस क्याम्पसमा निम्नानुसारको संकाय तथा शिक्षण समितिहरूका लागि मात्र बेग्ला बेग्लै भवनको व्यवस्था गरियो;

१ मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान संकाय

२ शिक्षाशास्त्र संकाय

३ विज्ञान संकाय तर्फ

१ भौतिकशास्त्र

२ रसायनशास्त्र

३ वनस्पतिशास्त्र

क्याम्पसमा १२५ सिट भएको कान्ति छात्रावास (केटाहरूका निमित्त) र ८० सिट भएको ईश्वरी कन्या छात्रावास (केटीहरूको निमित्त) तथा २५ परिवार शिक्षकहरू रहन सक्ने गवेषक आवासगृह एवम् २७ परिवारको क्षमता भएको शिक्षक आवासगृह सञ्चालनमा रहेका थिए ।

त्रिभुवन विश्वविद्यालय स्वास्थ्य केन्द्र, विश्वविद्यालय सेन्ट्रल क्याफ्टेरियाका साथै विद्यार्थी क्लब र स्टेडियमको पनि व्यवस्था गरिएको थियो ।

यसैगरी नेपाल र एशियाली अनुसन्धान केन्द्र, व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, आर्थिक विकास तथा प्रशासन केन्द्र, त्रिभुवन विश्वविद्यालय प्रेस, केन्द्रीय पुस्तकालय, राष्ट्रिय विकास सेवा निर्देशनालय, त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, कर्मचारी प्रशासन महाशाखा, अनुसन्धान महाशाखा, मेमोरियलहरू, प्रोपर्टी मानेजमेन्ट अफिस जस्ता कार्यालयहरू पनि कीर्तिपुर क्याम्पसमा सञ्चालनमा रहेका थिए । यसै क्याम्पसमा शुभराज्याभिषेक उद्यान र जाकिरहुसेन गुलाव उद्यान गरी दुई रमणीय बगैचाहरू पनि स्थापना एवम् सञ्चालन गरिएका थिए ।[१८९]

## विद्यार्थी आन्दोलन

२०२९ साल साउन २७ देखि त्रिभुवन विश्वविद्यालयका विद्यार्थीले आन्दोलन (हडताल) गरेका थिए । विभिन्न माग राखेर विद्यार्थीले हडताल गरेपछि विश्वविद्यालयले वार्ताद्वारा समस्या समाधान गरेको थियो । विश्वविद्यालयले आफ्ना मागलाई सम्बोधन गरेकाले विद्यार्थीले २०२९ साल भदौ २७ गतेदेखि हडताल बन्द गरेका थिए । यस सम्बन्धमा विश्वविद्यालयले एउटा विज्ञप्ति प्रकाशन गरेर २०२९ साल असोज ३ गतेदेखि पठन पाठन चालु गरिने जानकारी सार्वजनिक गरेको थियो । विद्यार्थीबाट गरिएका शैक्षिक मागहरूबारे राष्ट्रिय शिक्षा पद्धतिको योजनाको परिधिभित्र रही विश्वविद्यालयले यस प्रकार निर्णय गरेको थियो;[१९०]

---

[१८९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-३५, २०३५ साल चैत्र १२ गते, आइतवार, पृ. ३ ।

[१९०] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-१, २०२९ साल भदौ, पृ.६-७ ।

- हालसम्म बिहान वा राति कक्षा चलाउने वा नचलाउने विषयमा त्रिभुवन विश्वविद्यालयबाट महाविद्यालयहरूलाई कुनै निर्देशन दिएको छैन । तर २०३० साल साउन १ गतेदेखि इन्स्टिच्यूट गठन भई सोअन्तर्गतका क्याम्पसहरूमा राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुरूप आवश्यकता हेरी इन्स्टिच्यूटको साधनले भ्याएसम्म बिहान सबेरैदेखि राति अवेरसम्म कक्षा सञ्चालन गराउने व्यवस्था गर्न सकिने छ । २०३० साउन १ देखि नै इन्स्टिच्यूटहरूमा सेमेष्टर प्रणालीअनुसार अध्ययन, अध्यापन लागू गरिने छ र सोही प्रणालीअनुसार क्रेडिट आवर पूरा गरेपछि मात्र कुनै विद्यार्थीले पढाइ पूरा गरेको मानिने छ ।
- प्रचलित पुरानो पद्धतिअनुसार अध्ययन गरिराखेकाहरूलाई मात्र २०३२ सालसम्म प्राइभेट परीक्षा दिने सहुलियत दिइनेछ ।
- २०२९ साल भदौ ६ गतेदेखि निलम्बित गरिएका त्रिभुवन विश्वविद्यालय कलेजका १७ जना विद्यार्थीमाथिको निलम्बन आजकै मितिदेखि हटाइएको छ ।
- गत विद्यार्थी हडतालको सिलसिलामा साउन २७ गते यता थुनामा रहेका शिक्षण संस्थाहरूमा रजिष्टर्ड सबै विद्यार्थीहरूलाई छाडिदिन त्यस्ता विद्यार्थीका नाममा वारन्ट खारेज गर्न त्रिभुवन विश्वविद्यालयले श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालयबाट आवश्यक आश्वासन पाएको छ ।

विश्वविद्यालयले उपरोक्त विज्ञप्ति २०२९ साल भदौ २८ गतेका दिन प्रकाशित गरेको थियो ।

अर्को आन्दोलन

२०३६ साल चैत्र २६ गतेदेखि क्याम्पसका विद्यार्थीहरूले आन्दोलन गरेका थिए । आन्दोलन नरोकिएपछि विश्वविद्यालयले एउटा सार्वजनिक

सूचना जारी गरेको थियो । सूचनामा मुख्यतः देहायको सन्दर्भ परेका थिए;[१९१]

- उच्च शिक्षा तथा विश्वविद्यालयसँग कुनै सम्बन्ध नभएका कुरालाई लिएर २०३६ साल चैत्र २६ गते आइतवारका दिन उपत्यका स्थित क्याम्पसका विद्यार्थीहरूले एकाएक क्याम्पस प्रशासनलाई कुनै पूर्व सूचनासम्म पनि नदिई कक्षा र परीक्षा छोडेको, सोही दिनदेखि क्याम्पसको शैक्षिक कार्यक्रममा झन् झन् उग्र रूपमा वाधा अड्चन उत्पन्न गर्ने र वातावरण धमिल्याउँदै ल्याएको,
- हुल बाँधेर एउटा क्याम्पसबाट अर्को क्याम्पसमा गई परीक्षा कक्षा भित्र पसेर कापी, हाजीर कापी, मार्कसीट च्यात्ने कामदेखि शिक्षकहरूलाई धम्काउने, बेइज्जती गर्ने र ढुङ्गा मुढाले हिर्काउनेसम्म गरिएको, क्याम्पस भित्र लट्ठी, जन्जीर, फलामको डण्डी र हतियारले सुसज्जित भएर हुल बाँधेर हुलदङ्ग गर्ने, मारपीट गर्ने र छात्रावासमा एक समूहले आर्कामाथि हमला गर्न जाने जस्ता कार्यबाट तनाव, त्रास र आतङ्कको वातावरण सिर्जना गर्ने काम गरिएको, कक्षा र परीक्षामा बस्न चाहने बहुमत विद्यार्थीहरूलाई धम्की दिएर बस्न नदिने काममा विद्यार्थीहरू लागेको एक हप्ता हुन लागेको

यसै सिलसिलामा त्रिभुवन विश्वविद्यालयले एक प्रेस विज्ञप्ति प्रकाशित गरेर यो सबै निन्दनीय गतिविधिहरू प्रति खेद प्रकट गरी छात्रछात्राहरूलाई आफ्नो पठन पाठनको काममा शान्तिपूर्ण ढङ्गले सरीक हुन आव्हान गरेको रहेछ । विश्वविद्यालयका वरिष्ठ शिक्षकहरूले पटक पटक लिखित वक्तव्य प्रकाशित गरी विद्यार्थीहरूलाई अपील गरी आफ्ना

---

[१९१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-३८, २०३६ साल वैशाख २, आइतवार, पृ.६ ।

तर्फबाट व्याप्त चिन्ता व्यक्त गरेका थिए । यसको साथै विश्वविद्यालय प्रशासन तथा शिक्षकहरूका तर्फबाट सम्झाउने बुझाउने अनेकौं प्रयास हुँदै रहे । यही क्रममा क्याम्पस प्रशासनका तर्फबाट क्याम्पसमा पढ्ने सम्पूर्ण छात्रछात्राका सम्बन्धित अभिभावकहरूलाई घरघरमा पत्र पठाएर आफ्ना छोराछोरी भाइ बहिनीहरूलाई सम्झाएर पठाउन अपील गरे । यी सबै प्रयासका वावजूद पनि क्याम्पसको वातावरण विग्रँदै गएकोमा विश्वविद्यालयले खेद प्रकट गरेको थियो ।

यसरी एकाएक देखा परेका तनाव साम्य हुन सक्छ कि भन्ने एक अर्को प्रयासका रूपमा त्रिभुवन विश्वविद्यालयले २०३६ साल वैशाख २ गतेदेखि ७ गतेसम्म एक सप्ताहका लागि क्याम्पस बन्द राखी कक्षा तथा परीक्षाको कार्यक्रम सोहीबमोजिम पर सारेको घोषणा गरेको थियो ।

उपत्यकाका क्याम्पस बन्द

त्रिभुवन विश्वविद्यालयका उपत्यका स्थित क्याम्पसहरूमा देखिएको तनावपूर्ण स्थितिमा सुधार ल्याउने उद्देश्यले एक हप्तासम्म कक्षा तथा परीक्षाको कार्यक्रम पर सारेर विश्वविद्यालयका तर्फबाट शिक्षकहरू तथा क्याम्पस प्रमुखहरूले विद्यार्थीहरूलाई सम्झाउने बुझाउने अथक प्रयत्न गर्दा गर्दै पनि २०३६ साल वैशाख ९ तथा १० गते दुवै दिन विद्यार्थीहरूले कक्षा बहिष्कार गरेका थिए । यही सन्दर्भमा विश्वविद्यालयका सहकुलपति र उपकुलपति दुवैले विद्यार्थीहरूलाई शान्तिपूर्ण तवरले कक्षामा सरिक हुन अपील गरी कुनै समस्या भएका खण्डमा विश्वविद्यालयसँग कुरा गर्न आव्हान गरेका रहेछन् ।

गत हाप्ता क्याम्पस प्रशासनले सम्बन्धित क्याम्पसका छात्रछात्राका अभिभावकहरूलाई अपील गरी क्याम्पसमा बोलाएर कुराकानी गर्ने क्रम जारी राखेका रहेछन् । विश्वविद्यालयका शिक्षक वर्ग तथा क्याम्पसहरूले पनि पटक पटक सूचना, वक्तव्य, विज्ञप्ति र अपील प्रकाशित गरी विद्यार्थीहरूका यी गतिविधिहरू र त्यसबाट छात्रछात्रा,

अभिभावक तथा राष्ट्रलाई हुन सक्ने क्षति प्रति ध्यान आकर्षित गराउँदै आएको बावजूद पनि विद्यार्थीहरूले वैशाख ९ र १० गते फेरि कक्षा वहिष्कार गरेका थिए । एकातिर कसैसँग कुनै कुरा गर्न नचाहने र अर्कातिर क्याम्पसमा पोष्टर, पर्चा, नारा, सभा र जुलुसको आयोजना गरी सम्पूर्ण शैक्षिक मर्यादाको उपेक्षा गरी क्याम्पस भित्र र बाहिर उत्तेजनापूर्ण स्थिति सिर्जना गर्न थालेको अवस्थालाई मध्यनजर राख्दै विश्वविद्यालयले यसको भोलिपल्ट अर्थात् २०३६ साल वैशाख ११ गते मंगलवारदेखि अनिश्चित कालसम्मका लागि उपत्यका स्थित सबै क्याम्पसहरू बन्द गर्ने २०३६ साल वैशाख १० गतेका दिन दुःखद निर्णय गरेको जानकारी सार्वजनिक गरेको थियो ।[१९२]

विद्यार्थीका प्रमुख माग

विद्यार्थी हडतालका क्रममा देखापरेका मागहरू केलाएर छानवीन गरी नेपालको संविधानको परिधि भित्र रही क्याम्पस तहमा विद्यार्थी युनियन गठन गर्ने व्यवस्था गरिएको, प्रत्येक अध्ययन संस्थानले प्रवेशका निम्ति आवश्यक न्यूनतम शर्तहरू तोक्ने गरी विद्यमान प्रवेश परीक्षाको व्यवस्था खारेज गर्न आवश्यक व्यवस्था मिलाइने, कम्प्रिहेन्सिभ परीक्षालाई खारेज गर्ने, विद्यमान छात्रवृत्ति रकम वृद्धि गर्ने तथा विद्यार्थीहरूको अन्य मागमा सम्बन्धमा सम्बद्ध क्याम्पसमा सूचनाद्वारा जानकारी दिइने व्यवस्था भएको सूचना त्रिभुवन विश्वविद्यालयले २०३६ साल वैशाख ३१ गतेका दिन जारी गरेको थियो ।[१९३]

लगत्तै अर्थात् २०३६ साल जेठ १ गते विश्वविद्यालयले एउटा अपिलसमेत प्रकाशित गरेको थियो । ‘उपत्यकाका क्याम्पसहरू जेठ ८

---

[१९२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-४०, २०३६ साल वैशाख १६ गते, आइतवार, पृ.४ ।

[१९३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-४३, २०३६ साल जेठ ६ गते, आइतवार, पृ.१,२,३ ।

गतेदेखि खुल्ने' शीर्षकको सो अपिलमा *"गत केही सप्ताहदेखि त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पसमा रहेको असामान्य स्थितिले सर्वसाधारण विद्यार्थी वर्ग, अभिभावकहरू तथा राष्ट्रलाई के कति क्षति पुगेको छ भन्ने कुरा कसैबाट छिपेको छैन । ५ सप्ताहको पढाइको क्षतिले सम्पूर्ण शैक्षिक वर्ष खेर नजावस् भन्ने विश्वविद्यालयको मुख्य उद्देश्य रहेको तथा यस वर्ष कक्षामा रहेका विद्यार्थीहरूले विदेशी छात्रवृत्ति समेत उपभोग गर्न सकून् भन्ने हेतुले विश्वविद्यालयका शिक्षकहरूले एकातिर वर्षे विदा उपभोग गर्न नपाउने र अर्को तिर अतिरिक्त व्यय भारसमेत व्यहोरेर विश्वविद्यालयले परिवर्तित शैक्षिक कार्य तालिका प्रकाशित गरेको छ ।*

*त्रिभुवन विश्वविद्यालयबाट विद्यार्थीहरूका मागहरू सहानुभूतिपूर्वक केलाई पूरा गर्न सकिने सबै मागहरू पनि पूरा भै सकेको हुनाले काठमाडौँ उपत्यका भित्रका सबै क्याम्पसहरू यही २०३६ जेठ ८ गतेदेखि खुल्ने भएको कुरा सबैलाई यसै विज्ञप्तिद्वारा जानकारी दिइएको छ । सबै विद्यार्थीलाई आ-आफ्ना क्याम्पसमा उपस्थित भई पठन पाठनमा सम्मिलित हुन अपील गरिएको छ"* उल्लेख गरियो ।

यसका अतिरिक्त सोही दिन नै अर्को सूचनाद्वारा काठमाडौँ उपत्यका भित्रका सबै क्याम्पसहरू २०३६ सालजेठ ८ गतेदेखि खुल्ने तथा विद्यार्थीहरूको मागअनुसार गठन हुने क्याम्पस विद्यार्थी युनियनको निर्वाचन जति सक्यो चाँडै सम्पन्न गराउने हेतुले काठमाडौँ उपत्यका स्थित सबै क्याम्पसहरूमा निर्वाचनको मिति सोही २०३६ साल जेठ १३ गते निर्धारण गरिएको र निर्वाचन सम्बन्धी आवश्यक जानकारीका लागि २०३६ साल जेठ ४ गतेदेखि सम्बद्ध क्याम्पसमा सम्पर्क राख्नसमेत सूचित गरियो ।

त्यतिमात्र नभएर माथि उल्लिखित विज्ञप्तिको सिलसिलामा विद्यार्थीहरूका २४ मागमध्ये विश्वविद्यालयसँग सम्बन्धित अन्य मागहरूका सम्बन्धमा पनि सार्वजनिक सूचना जारी गरियो । (यसमा विद्यार्थीको

मागमध्ये नं. १, २, ५, ६, ८, ११, १४, १५, १८ र २२ सम्बन्धी माग र सो सम्बन्धमा विश्वविद्यालयले गरेको व्यवस्थाका बारेका बुँदागत रूपमा जानकारी दिइएको छ । यहाँ भने तीमध्ये मुख्यलाई उल्लेख गरिएको हो)

स्नातकोत्तर तहको शोधपत्र अनिवार्य राख्ने कुरा शिक्षा योजनाले नै उल्लेख गरेको तथा यसलाई अनिवार्य राख्नु पर्ने कुरामा सबै शिक्षक तथा फ्याकल्टी बोर्डको एकमत भएको तथा यस सम्बन्धी समयावधिलाई हडताल अगावै हटाइएको, २०३२ सालको विनियमअनुसार एक कोर्समात्र पुनः परीक्षा दिन पाइनेमा २०३४ साउने सेमेष्टरदेखि १० क्रेडिट आवरसम्मको पुनः परीक्षा दिन सक्ने छूट दिइएको, सेमेष्टरको निर्धारित क्रेडिटलाई शैक्षिक दृष्टिबाट धान्न नसकिने गरी पुनः परीक्षा दिने क्रेडिट सीमा तोकिएन भने प्रशासनिक दृष्टिकोणले मात्रै होइन शैक्षिक दृष्टिकोणले पनि व्यावहारिक नहुने तथा हरेक फ्याकल्टी बोर्डले आ-आफ्नो कार्यक्रमका लागि पूर्वावश्यक पाठ्यांश तोक्न सक्ने व्यवस्था रहेको जानकारी गराइको थियो ।[१९४]

२०३६ सालमा भएको विद्यार्थी आन्दोलनका सन्दर्भमा भूतपूर्व उपकुलपति जगतमोहन अधिकारीले शाही आयोगसँग २/४ पटक आफूले पनि भेट गरेको सन्दर्भ उठाएको पाइन्छ । तत्कालीन प्रधानमन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष, गृहमन्त्रीलगायतको उपस्थितिमा भएको छलफलमा आयोगबाट विश्वविद्यालयले प्रवेश परीक्षा, कम्प्रिहेन्सिभ परीक्षा आदिको खारेजीको एकतर्फी घोषणा गरोस् भन्ने विचार प्रस्तुत भएको सन्दर्भमा एक त प्रवेश परीक्षा विवादको विषय नभएको, यसबाट विद्यार्थी आन्दोलन साम्य नहुने तथा आन्दोलन राजनैतिक उद्देश्यबाट प्रेरित भएकाले राजनैतिक क्षेत्रको पहलकदमी आवश्यक भएको धारणा राखे तापनि आयोगको दृष्टिमा उल्लिखित प्रवेश परीक्षालगायत नै समस्याको जड भएकाले त्यसबाट नै समस्याको समाधान हुन्छ भन्ने थियो । फलस्वरूप

---

१९४ *ऐजन* ।

शाही आयोगको चाहना अनुरूप श्री ५ को सरकारको निर्देशनमा एक विज्ञप्ति प्रसारित गरिए तापनि स्थिति साम्य नभएकाले आखिरमा श्री ५ बाट नै समाधानको बाटो दिइएको अधिकारीको भनाइ छ ।[१९५]

उनको यो भनाइबाट विद्यार्थीले शैक्षिक एवम् प्राज्ञिक उद्देश्यबाट नभएर राजनीतिक विषयलाई अगाडि सारेर आन्दोलन गरेको कुरा त्यस बखत नै स्पष्ट भएको देखिए तापनि सरकारी पक्ष सो यथार्थतालाई स्वीकार गर्न तयार नभएको देखिन्छ ।

## पब्लिक क्याम्पस सञ्चालन अनुमति

यसै सन्दर्भमा उल्लेख्य पक्ष के पनि देखिन्छ भने २०३६ सालको विद्यार्थी आन्दोलन, सम्पूर्ण विद्यार्थीले उच्च शिक्षामा भर्ना पाउनै पर्छ भन्ने विद्यार्थीको माग र त्रिभुवन विश्वविद्यालयको भर्ना क्षमताको अभावमा जनसहभागिताका आधारमा पब्लिक क्याम्पसहरू सञ्चालन गर्न अनुमति प्रदान गर्ने सैद्धान्तिक निर्णय गरियो ।[१९६]

## चिनियाँ विद्यार्थी

त्रिभुवन विश्वविद्यालयले चिनियाँ विद्यार्थीलाई नेपाली भाषा अध्यापन गराउँदै आएको भए तापनि यसको थालनी कहिलेदेखि भएको थियो भन्ने जानकारी पाइएको छैन । यद्यपि २०३६ सालमा चिनियाँ विद्यार्थीलाई नेपाली भाषा पढाउने कार्यको थालनी भइसकेको देखिन्छ ।

[१९५] त्रिभुवन विश्वविद्यालय बुलेटिन (रजत जयन्ती विशेषाङ्क), वर्ष-१७, अङ्क-१, २०४१ साल असार २५ गते, पृ. ९-१० । जगतमोहन अधिकारी त्रिभुवन विश्वविद्यालयमा २०३४/७/१६ देखि २०३६/५/६ सम्म उपकुलपतिका रूपमा काम गरेका थिए । *त्रिभुवन विश्वविद्यालय: एक झलक (त्रिभुवन विश्वविद्यालयको २४ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित त्रि.वि.बुलेटिन विशेषाङ्क),* काठमाडौं: त्रिभुवन विश्वविद्यालय, वि.सं. २०४०, पृ. ५१ ।

[१९६] त्रैलोक्यनाथ उप्रेती, *विगतका पाना,* प्रकाशन स्थान अनुल्लिखित, श्रीमती सत्यवती उप्रेती, वि.सं. २०६१, पृ. १९६ ।

त्यतिमात्र नभएर त्यस्ता विद्यार्थीलाई विश्वविद्यालयले मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत नेपाली भाषा विषयमा वी.ए.सम्म अध्ययन गराउने व्यवस्था गरिसकेको थियो ।

यसरी नेपाली भाषा अध्ययन गरिरहेका ३ जना चिनियाँ विद्यार्थीहरूलाई अध्यापन गराउन तयार गरिएको पाठ्यक्रमअनुसारको पढाई पूरा गरेका विद्यार्थीहरूलाई उक्त मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थान विद्यापरिषद्को २०३७ साल मंसिर २७ को वैठकले यस अघि अध्ययन गरेका २ जना विद्यार्थीहरूलाई Diploma in advanced Nepali Language को प्रमाणपत्र दिने निर्णय गरे जस्तै हाल अध्ययन गरिरहेको ३ जना विद्यार्थीहरूलाई पनि सोहीबमोजिम २ वर्षको अध्ययन पूरा गरेपछि वार्षिक परीक्षा प्रणालीअनुसार विभागबाट नै योग्यता परीक्षा लिई वी.ए.सम्म नेपाली भाषा अध्ययन गरेको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था हुनु पर्ने सिफारिस भै आएबमोजिम निजहरूलाई सो कार्यक्रममा उल्लेख भएबमोजिम प्रमाण पत्र दिने निर्णय गरियो ।[१९७]

## क्याम्पस तथा विद्यार्थी विवरण (२०३६-०३८)

'राष्ट्रिय शिक्षा पद्धति योजना २०२८' को अन्त्य तथा वार्षिक परीक्षा प्रणालीको थालनीको क्रम अर्थात् २०३६-०३८ सालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालनमा रहेका क्याम्पस तथा कीर्तिपुर बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी संख्याबाट उच्च शिक्षाको विविध पक्षका बारेमा जानकारी पाउन सकिने भएकाले यहाँ सो विवरण दिइएको छ'

[१९७] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०४१ साल साउन १० गते वुधवार बसेको वैठकको निर्णय नं. २० ।

प्रमाणपत्र तह पठन पाठन हुने क्याम्पस (२०३६-०३७)[१९८]

| | |
|---|---|
| १ महेन्द्र रत्न क्याम्पस, इलाम | शिक्षा, मानविकी |
| २ मेची क्याम्पस, झापा | मानविकी |
| ३ तेह्रथुम क्याम्पस, चुहानडाँडा | शिक्षा |
| ४ धनकुटा क्याम्पस, धनकुटा | शिक्षा, मानविकी |
| ५ महेन्द्र क्याम्पस, धरान | मानविकी, वाणिज्य |
| ६ धरान (धनकुटा) क्याम्पस, इनरुवा, धरान | चिकित्सा (सामान्य चिकित्सा, समुदाय चिकित्सा सहायक) |
| ७ पिण्डेश्वर क्याम्पस, धरान | संस्कृत |
| ८ विज्ञान क्याम्पस, धरान | विज्ञान |
| ९ महेन्द्र मोरङ्ग आदर्श क्याम्पस, विराटनगर | मानविकी, विज्ञान, वाणिज्य |
| १० विराटनगर विस्तार क्याम्पस, विराटनगर | चिकित्सा (स्टफ नर्स) |
| ११ भोजपुर क्याम्पस, भोजपुर | मानविकी |
| १२ महेन्द्र विन्देश्वरी क्याम्पस, राजविराज | मानविकी, कानून |
| १३ सिराहा क्याम्पस, सिराहा | शिक्षा |
| १४ रामस्वरूप रामसागर क्याम्पस, जनकपुर | मानविकी, व्यापार, विज्ञान |
| १५ याज्ञवल्क्य लक्ष्मीनारायण क्यापस, मटिहानी | संस्कृत |
| १६ सानोठिमी क्याम्पस | शिक्षा |

[१९८] त्रिभुवन विश्वविद्यालय बुलेटिन, वर्ष-१२, अङ्क-४, २०३६ साउन १३ गते, आइतवार, पृ.३-६ ।

| | |
|---|---|
| १७ विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग | मानविकी |
| १८ बाल्मिकी क्याम्पस | संस्कृत |
| १९ शंकरदेव क्याम्पस, रामशाह पथ | वाणिज्य |
| २० रत्न राज्य लक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | मानविकी |
| २१ भक्तपुर क्याम्पस, भक्तपुर | मानविकी |
| २२ नेपाल ल क्याम्पस, रामशाह पथ | कानून |
| २३ पद्मकन्या क्याम्पस, बागबजार | मानविकी |
| २४ त्रिचन्द्र क्याम्पस, घण्टाघर | विज्ञान |
| २५ ललितकला क्याम्पस, भोटाहिटी | मानविकी |
| २६ सरस्वती क्याम्पस, लेखनाथमार्ग | मानविकी |
| २७ अमृत क्याम्पस, ठमेल | विज्ञान |
| २८ महाबौद्ध क्याम्पस | चिकित्सा (स्टाफ नर्स) |
| २९ नरदेवी क्याम्पस, नरदेवी | चिकित्सा(आयुर्वेद) |
| ३० पब्लिक युथ क्यामपस | वाणिज्य |
| ३१ महाराजगंज क्याम्पस | चिकित्सा (सामान्य चिकित्सा, रेडियोग्राफी, हेल्थ ल्याव, फर्मेसी) |
| ३२ थापाथली क्याम्पस | इञ्जिनीयरिङ्ग (अटो मेकानिक्स, जनरल मेकानिक्स) |
| ३३ महेन्द्ररत्न क्यामपस, ताहाचल | शिक्षा |
| ३४ पुल्चोक क्याम्पस, पुल्चोक | इञ्जिनीयरिङ्ग (सिभिल, |

| | |
|---|---|
| | आर्किटेक्चर, ड्राफ्टिङ, रेडियो इलेक्ट्रोनिक्स, इलेक्ट्रोनिक्स, इलेक्ट्रीकल इन्जिनियरिङ्ग, रेफ्रीजरेशन) |
| ३५ पाटन संयुक्त क्याम्पस, पाटनढोका | मानविकी, विज्ञान |
| ३६ पाटन क्याम्पस, मीनभवन | व्यापार |
| ३७ चिकित्साशास्त्र क्याम्पस वीरगंज | चिकित्सा (समुदाय चिकित्सा सहायक) |
| ३८ ठाकुरराम क्याम्पस, वीरगंज | मानविकी, व्यापार, विज्ञान, शिक्षा |
| ३९ वीरेन्द्र क्याम्पस, भरतपुर | मानविकी |
| ४० हेटौंडा क्याम्पस, हेटौंडा | वन |
| ४१ त्रिपुरेश्वर र खुमलटार तालीम केन्द्र | कृषि,पशु विज्ञान |
| ४२ गोरखा क्यामपस, गोरखा | शिक्षा |
| ४३ लमजुङ क्याम्पस, लमजुङ | कृषि |
| ४४ पृथ्वीनारायण क्याम्पस, पोखरा | मानविकी, विज्ञान, व्यापार, कानून, शिक्षा |
| ४५ तानसेन विस्तार क्याम्पस | चिकित्सा (सि.एन.एम.ए.) |
| ४६ समुदाय चिकित्सा सहायक कार्यक्र, तानसेन | चिकित्सा(समुदायक चिकित्सा सहायक) |

| | |
|---|---|
| ४७ बुटवल क्यामपस, बुटवल | शिक्षा |
| ४८ त्रिभुवन क्याम्पस, पाल्पा | व्यापार, मानविकी |
| ४९ भैरहवा क्याम्पस, भैरहवा | मानविकी |
| ५० पकलीहवा क्याम्पस, भैरहवा | कृषि |
| ५१ महेन्द्र क्याम्पस, वागलुङ | मानविकी |
| ५२ जनता क्याम्पस, विजौरी दांग, विजौरी | संस्कृत |
| ५३ महेन्द्र क्याम्पस, सुर्खेत | मानविकी |
| ५४ सुर्खेत क्याम्पस, सुर्खेत | चिकित्सा (समुदाय चिकित्सा सहायक) |
| ५५ महेन्द्रक्याम्पस, नेपालगंज | मानविकी, विज्ञान, व्यापार, कानून, शिक्षा |
| ५६ डोटी क्याम्पस, डोटी | मानविकी, शिक्षा |
| ५७ सिद्धनाथ क्याम्पस, महेन्द्रनगर | विज्ञान |

**स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी (२०३८)**

त्रिभुवन विश्वविद्यालयअन्तर्गत कीर्तिपुर बहुमुखी क्याम्पसमा २०३८ सालमा स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूको संख्या जम्मा २७४३ थियो । तिनमध्ये विभिन्न विषय तथा वर्षमा यस प्रकार देखिन्छ;[१९९]

व्यवस्थापन तर्फ प्रथम, तेस्रो र चौथो सत्रमा क्रमशः २०१, ११६, १३९

जम्मा ४५६

[१९९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१४, अङ्क-३१, २०३८ साल फागुन १० गते, आइतवार, पृ.३ ।

शिक्षाशास्त्र तर्फ प्रथम, तेस्रो र चौथो सत्रमा क्रमशः ४६, २१, १७

जम्मा ८४

विज्ञान शिक्षण समिति अन्तर्गत वनस्पति, प्राणी, रसायत, तथ्याङ्क, गणित तथा भौतिकशास्त्रमा क्रमशः ५४, ६३, २९, १६, १४ र १३ गरी

जम्मा १८९ (प्रथम वर्षमा)

तेस्रो सत्रमा १६७ र चौथो सत्रमा ७३ गरी विज्ञान स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरू जम्मा ४२९

विज्ञान, शिक्षाशास्त्र तथा व्यवस्थापनमा अध्ययन गर्ने कूल विद्यार्थी संख्याभन्दा मानविकीतर्फ अध्ययन गर्ने विद्यार्थीहरूको संख्या बढी थिए । मानविकीतर्फ अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास, संस्कृति, अङ्ग्रेजी, नेपाली, हिन्दी, संस्कृत, भूगोल तथा समाजशास्त्रमा स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्रछात्राहरू जम्मा १४१६

यसमध्ये प्रथम वर्षमा

| | |
|---|---|
| अर्थशास्त्रमा | ३५६ |
| राजनीतिशास्त्रमा | १८५ |
| इतिहासमा | ३५ |
| संस्कृतिमा | १६ |
| अंग्रेजी | ३५ |
| नेपाली | ४१ |
| हिन्दी | २ |
| संस्कृत | २ |
| भूगोल | ३८ |

समाजशास्त्र ५७

जम्मा ७६७

तेस्रो सत्रमा

जम्मा ३४९

चौथो सत्रमा

जम्मा ३००

मानविकीतर्फ हिन्दी, संस्कृत तथा समाजशास्त्र स्नातकोत्तर तहको तेस्रो तथा चौथो सत्रमा एक जना पनि विद्यार्थी थिएनन् ।

समग्रमा बढो उत्साह तथा तामझामका साथ विद्यमान शिक्षा पद्धति मुलुकका लागि अनुपयुक्त भएको घोषणा गर्दै लागू गरिएको 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' ले अङ्गिकार गरेको शिक्षा योजना (नयाँ शिक्षा योजन) त्रिभुवन विश्वविद्यालयमा लागू गरियो । त्यस्तै अञ्चलाधीशलाई सम्बद्ध अञ्चलमा सञ्चालित क्याम्पसको उन्नयनका लागि अख्तियारी दिइए तापनि कतिपय विद्यार्थी एवम् प्राध्यापकलाई नियन्त्रण गर्ने जस्ता क्रियाकलापमा संलग्न भएकाले त्यस्तै शिक्षा पद्धतिको चर्को विरोध हुन गयो । दुई चरणमा लागू गरिएको शिक्षा योजनाअनुसार विद्यार्थी भर्ना, परीक्षा प्रणाली (मूल्याङ्कन पद्धति) लगायत यावत् पक्ष मुलुकको आवश्यकताअनुसार नभएको कुरा 'योजना' को मूल्याङ्कनको प्रतिवेदनसमेतमा स्पष्ट रूपमा उल्लेख गरियो । यसै परिवेशमा शिक्षा पद्धतिका विरुद्धसमेत विद्यार्थीहरू आन्दोलित हुन पुगे ।

विद्यार्थी आन्दोलन, जनमत संग्रह तथा त्यसपछिको राजनीतिक वातावरणमा राजाद्वारा गठन गरिएको  आयोगको प्रतिवेदनसमेतका कारण 'सिमेष्टर प्रणाली' खारेज गरी २०२८ सालको नयाँ शिक्षा योजनापूर्व सञ्चालनमा रहेको वार्षिक पठन पाठन तथा परीक्षा प्रणाली लागू गर्नु पर्‍यो । यो नै नयाँ शिक्षा योजना असफल हुनुको प्रमुख परिणाम थियो ।

* * *

# पाठ्यक्रम, परीक्षा र दीक्षान्त समारोह

## परिचय

'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' अर्थात् 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' लागू भएदेखि एक दशकसम्म त्रिभुवन विश्वविद्यालयमा सञ्चालनमा रहेका पाठ्यक्रम, अनुसरण गरिएको परीक्षा पद्धति एवम् सम्पादन गरिएका दीक्षान्त समारोहका बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ । यथेष्ट सूचना प्राप्त नभए तापनि भेटिएका सीमित सामग्रीका आधरमा यी सन्दर्भ प्रस्तुत गरिएको हो ।

# पाठ्यक्रम

## परिचय

त्रिभुवन विश्वविद्यालय ऐन २०१६ लागू भएपछि पटना विश्वविद्यालयको पाठ्यक्रम राख्ने शर्तमा त्रिचन्द्र कलेजका साथै अन्य कलेजहरूलाई मान्यता प्राप्त भएको कुरा त्रिभुवन विश्वविद्यालयसम्बद्ध व्यक्तिबाट प्रकाशित भएको पाइन्छ । यसरी पटना विश्वविद्यालयको पाठ्यक्रमका आधारमा केही वर्ष पठन पाठनगरेपछि सन् १९६२ मा मात्र आफ्नै किसिमको पाठ्यक्रम र नियमहरू बनाइए तापनि ती नियमहरू भारतीय विश्वविद्यालयसँग सम्बद्ध थिए । फलस्वरूप उच्च शिक्षामा जति विद्यार्थी आए ती सबैले हासिल गरेका शिक्षासित देशको मान्यता र आवश्यकताको कुनै सम्बन्ध भएन भन्ने भनाइ पनि पाइन्छ । यसले गर्दा एकातिर विद्यार्थीहरूमा फ्रस्टेसन आयो भने अर्कातर्फ शिक्षित जनशक्ति जसको काम देशको प्रगतिमा सहयोग गर्नु हो त्यो पनि हुन सकेन । यी सबै कमजोरीहरूलाई हटाएर नयाँ शिक्षा योजनाअन्तर्गत उच्च शिक्षालाई

देशको आकाङ्क्षा र आवश्यकता अनुरूप प्रस्तुत गरिएको हो भन्ने भनाइ पनि पाइन्छ ।[1]

जेहोस् स्थापनाका बखत पटना विश्वविद्यालयको पाठ्यक्रमका आधारमा सबैजसो विषयको पठन पाठन सञ्चालन गरेको त्रिभुवन विश्वविद्यालयले क्रमशः पाठ्यक्रमलाई परिमार्जन गर्दै आएको थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि पनि यसतर्फ केही काम भएको देखिन्छ । त्यस्तै यसै समयमा विश्वविद्यालयको पठन पाठनमा कतिपय नयाँ विषयसमेत समावेश गरियो । नेपालसँग सम्बद्ध त्यस्ता विषयको पाठ्यक्रमसमेत निर्माण गरिनु स्वाभाविक नै हो । यसै सन्दर्भमा यहाँ राष्ट्रिय शिक्षा पद्धतिको योजनाको एक दशकजति समयावधिमा विश्वविद्यालयमा भएको पाठ्यक्रम संशोधन, निर्माण सन्दर्भमा प्राप्त सामग्रीका आधारमा चर्चा गरिएको छ ।

## नयाँ व्यवस्था

नयाँ ऐनअनुसार त्रिभुवन विश्वविद्यालयले २०२९ साल साउन १ गतेदेखि ६ वटा इन्स्टिच्यूट (कृषि र पशु विज्ञान, वन विज्ञान, इञ्जीनियरिङ्ग, चिकित्साशास्त्र, व्यावहारिक विज्ञान र प्रविधि तथा शिक्षाशास्त्र) सञ्चालन गरेको थियो । यी इन्स्टिच्यूटअन्तर्गत पर्ने विभिन्न तालीम तथा अन्य संस्थाहरूमा चालु भैराखेको पाठ्यक्रमहरूमा सामान्य परिवर्तन गरी सञ्चालन गर्ने र पाठ्यक्रममा एकरूपता ल्याउन ६-७ महिना भित्र स्थायी पाठ्यक्रम तयार गरिने योजना बनाइयो । यसका साथै उल्लिखित इन्स्टिच्यूटहरूमा विद्यमान परीक्षा प्रणाली खारेज गरी २०२९ साल साउन १ गतेदेखि सेमेष्टर परीक्षा प्रणाली सञ्चालन गरिने भयो ।[2] यसै क्रममा विश्वविद्यालयले सन् १९७३ को आई.ए., आई.एस्सी.,

---

[1] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-९, २०२९ साल वैशाख, पृ. ३ ।

[2] *ऐजन,* पृ.२-३ ।

आई.कम., बी.ए.,बी.कम.तहको साधारण अङ्ग्रेजी विषयको पाठ्यक्रम परिवर्तन थियो । फलस्वरूप नेपाल अधिराज्यका विभिन्न कलेजहरूमा २०२८ सालदेखि पहिलो र तेस्रो वर्षमा पढ्ने विद्यार्थीहरूका लागि साधारण अङ्ग्रेजीको नयाँ पाठ्यक्रमअनुसार पठन पाठन गरियो ।[३]

विश्वविद्यालयले उच्च शिक्षा कार्यक्रमअन्तर्गत प्रारम्भिक चरणमा सबै इन्स्टिच्यूटको प्रमाणपत्र तहमा 'नेपाल परिचय' विषय २०३० साल साउन १ गतेदेखि लागू गर्ने निर्णय गरेको तथा सोही सम्बन्धी पाठ्क्रम बनाउने र पुस्तकहरू तयार पार्ने काम विश्वविद्यालय अध्ययन संस्थानअन्तर्गत भएको थियो ।[४]

सेमेष्टर प्रणालीअनुसार पठन-पाठन सञ्चालन भएको दुई वर्षको अनुभवका आधारमा त्यस प्रक्रियालाई २०३१ सालदेखि केही परिमार्जन गरियो । यसै अनुभवका आधारमा शिक्षण र परीक्षाको विषयमा प्रत्यक्ष तथा घनिष्ट सम्बन्ध रहिरहने कुरालाई ध्यानमा राखी यसतर्फ सकारात्मक पाइला चाल्ने, शैक्षिक दृष्टिबाट यस कुरालाई बढी लाभप्रद बनाउने, विद्यार्थीको प्रगति एवम् उपलब्धिको निरन्तर मूल्याङ्कन भइरहनु पर्ने र यस्तो मूल्याङ्कनबाट नै विद्यार्थीको अध्ययनको सही लेखाजोखा हुनसक्ने गराउने तथा शैक्षिक प्रखरता (Academic excellence) ल्याउने प्रयास गर्ने विषय नै सेमेष्टर प्रणालीको उद्देश्य निर्धारण गरियो ।[५]

## पाठ्यक्रम, पाठ्याँश र पाठ्यभार

प्रत्येक सेमेष्टरको पठन पाठन समयको आधार मानि सोहीअनुसार पाठ्यक्रमको तर्जुमा गर्ने, पाठ्यक्रम बनाउँदा सम्बन्धित

---

[३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४, अङ्क-१०, २०२८ साल जेठ, पृ. ५ ।

[४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-११, २०२९ साल असार, पृ. ९ ।

[५] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख ३०, जेठ १-५ गतेको निर्णय नं. ७.१३ ।

विषय समितिले आ-आफ्ना विषयको लक्ष प्राप्तीका लागि आवश्यक पाठ्यक्रमको तर्जुमा गर्ने, त्यस्तो पाठ्यक्रमलाई सेमेष्टरको अवधिमा पठन पाठन गर्न सकिने गरी उपयुक्त पाठ्यांशमा विभाजन गरिने भयो ।

सेमेष्टरको अवधिभित्र कुनै पाठ्यांश पूरा गर्नालाई प्रति साता कक्षाका लागि दिनु पर्ने घण्टा, शैद्धान्तिक पाठ्यांशहरू बढिमा प्रति हप्ता ४ घण्टा (पिरियड) सम्मको हुने गरी त्यसलाई चाहिने विषयवस्तुलाई समावेश गर्ने किसिमबाट पाठ्यांशको निर्धारण गरिने भयो । यद्यपि एक विषयका लागि प्रत्येक सेमेष्टरमा प्रति हप्ता ४ भन्दा बढी घण्टा आवश्यक ठहरिएमा बढी हुन जाने पाठ्यांशलाई टुक्राउनु पर्ने भयो । परीक्षाका निम्ति कुनै पाठ्यांशलाई पूर्णाङ्क निर्धारण प्रतिसातामा सो पाठ्यांशका निम्ति सेमेष्टरमा दिइएको समय (घण्टा) का आधारमा हुने भयो । जस्तो सैद्धान्तिक पाठ्यांशमा त्यसको पूर्णाङ्क १० निर्धारण गरियो । त्यस्तै प्रति साता ३ घण्टा समय दिइएको पाठ्यांशको पूर्णाङ्क ३० गरियो । कुनै निर्धारित पाठ्यांशमा सहायकका रूपमा अभ्यास कक्षाको प्रबन्ध गरिएको छ भने उक्त कक्षाको निम्ति कुनै अङ्क नरहने भयो ।

पाठ्यांश सम्बन्धी कतिपय विषयको टुङ्गो भने विषय समितिको सिफारिसमा विद्यापरिषद्बाट लगाइने व्यवस्था गरियो । जस्तो कुनै पाठ्यांशको पठन पाठन गराउँदा सहायक (ट्युटोरियल) कक्षाहरूको निर्धारण गर्ने, प्रयोगत्मक कक्षाहरू हुने पाठ्यांशहरूका लागि सैद्धान्तिक पाठ्यांशहरूको अनुपातमा पूर्णाङ्क १/३ देखि १/२ सम्म राख्ने, कुनै पाठ्यांशअन्तर्गत विद्यार्थीहरूले गर्नु पर्ने समस्यामूलक कार्य (Project work) तथा शोध प्रबन्ध (Thesis) मा कार्यस्तरको साथै दिइने अङ्कको निर्धारण गर्ने, एउटै विषयअन्तर्गतका पाठ्यांशहरूको समानता निर्धारण गर्ने, तहअनुसार पाठ्यांशहरूलाई मूल, सहायक र ऐच्छिक क्षेत्रका रूपमा लिने/दिने कुराको निर्धारण गर्ने, विभिन्न इन्स्टिच्यूटमा लिइने एकै विषयका पाठ्यांशहरूको संकेताङ्क मिलाउने, कुन कुन पाठ्यांशलाई स्वाध्याय पाठ्यांश (reading course) का रूपमा लिन पाउने हो सो

निर्धारण गर्ने तथा आफ्नो मूल विषयका निम्ति कुन कुन विषयका पाठ्यांशहरू सहायक विषयका पाठ्यांशका रूपमा लिन उपयुक्त हुन्छ सो निर्धारण गर्ने जस्ता विषय विषय समितिको सिफारिसमा विद्यापरिषद्बाट निर्धारण गरिने व्यवस्था भयो ।[६]

## पाठ्यक्रम विकासमा संस्थागत प्रयास

विश्वविद्यालयमा पठन पाठन गरिने विषयहरूसँग सम्बद्ध पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धमा कार्य गर्नका लागि 'पाठ्यक्रम विकास केन्द्र' को व्यवस्था गरिएको थियो । त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालयअन्तर्गत निर्देशकको मातहतमा रहने पाठ्यक्रम विकास केन्द्र २०३० साल साउन १ गते स्थापना गरिएको थियो ।

'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' को मध्यावधि मूल्याङ्कनपछि यस केन्द्रको संगठन र जिम्मेवारीमा विशेष परिवर्तन गरियो । मूल्याङ्कनले यस केन्द्रलाई विविध जिम्मेवारी दिएको थियो र सोही अनुरूप केन्द्रले नेपाली, नेपाल परिचय र अङ्ग्रेजी जस्ता विषयका विषय समितिहरू र साझा विषयका साझा कार्य टोलीहरू गठन गऱ्यो । केन्द्रअन्तर्गत रहेका अनिवार्य विषय समितिहरूले तर्जुमा गरेका पाठ्यक्रमहरू तथा तिनै पाठ्यक्रममा आधारित शिक्षण सामग्री, नमूना प्रश्नपत्रहरू तयार गराई सम्बन्धित सबै अध्ययन संस्थानहरूमा अध्ययन अध्यापनका लागि पठाउँदै आएको थियो ।

अनिवार्य विषयहरूका पाठ्यक्रम तर्जुमा गर्ने काम बाहेक यस केन्द्रको अर्को प्रमुख कार्य उच्च शिक्षाका विभिन्न तहका पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरू र सन्दर्भ पुस्तक लेखाउनु पनि थियो । २०३४ साल साउन महिनासम्ममा नेपाली भाषामा १२ र अङ्ग्रेजी भाषामा ७ गरी जम्मा १९ वटा पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक प्रकाशित गरिसकेको

---

[६] *ऐजन* ।

थियो । २१ वटा पुस्तक प्रेसमा छापिँदै रहेको, ३९ पाण्डूलिपि मूल्याङ्कनका अवस्थामा रहेको तथा २७ वटा पाण्डूलिपि लेख्न केन्द्रले लेखकहरूसँग मञ्जुरनामा गरिसकेको थियो । केन्द्रले शैक्षिक गतिविधि, मूल्याङ्कन प्रणाली, पाठ्यक्रम निर्माण र परिमार्जनलाई सघाउ पुऱ्याउने उद्देश्यले 'पाठ्यक्रम विकास' नामक तीन महिने पत्रिकाको प्रकाशन पनि २०३४ सालदेखि गरेको थियो ।[७]

उल्लिखित बाहेक केन्द्रको अर्को महत्त्वपूर्ण काम विदेशी शिक्षण संस्थाहरूका विभिन्न परीक्षाहरूलाई पारस्परिक मान्यता दिने दिलाउने पनि थियो । नयाँ शिक्षा पद्धतिअन्तर्गत त्रिभुवन विश्वविद्यालयका विभिन्न परीक्षाहरूलाई विदेशी विश्वविद्यालयहरूमा मान्यता दिलाउने सिलसिलामा भारतको Association of Indian University बाट मानविकी र सामाजिकशास्त्र, विज्ञान र व्यपार प्रशासन र वाणिज्यका प्रमाणपत्र र स्नातक परीक्षाहरू, कृषि र पशु विज्ञानका प्रमाणपत्र र वन विज्ञानको सिनियर फरेष्ट्री परीक्षाहरूलाई भारतीय विश्वविद्यालयका सो सरहका परीक्षा सरह मान्यता प्रदान भैसकेको थियो । अन्य परीक्षाहरूका मान्यताका लागि भारत एवम् अन्य मुलुकका शिक्षण संस्थाहरूसित पनि केन्द्रबाट लेखापढी गरियो ।

अध्ययन अध्यापनमा आवश्यक सुधार ल्याउन केन्द्रको तत्वावधानमा विगत २ आर्थिक वर्षमा अनिवार्य विषयहरूका सम्बन्धित प्राध्यापक वर्गहरूलाई भेला गराई अलग अलग तीन ओटा राष्ट्रिय अधिवेशन सञ्चालन गरिएको थियो । साथै विज्ञानका विषयहरूमा भौतिकशास्त्र, रसायनशास्त्र र गणित विषयमा पनि बेग्ला बेग्लै तीन कार्यशाला गोष्ठीहरू आयोजना गरियो ।

---

७ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१०, अङ्क-२१, २०३४ साल पौष १७ गते आइतवार, पृ. ५ ।

आर्थिक वर्ष २०३३/०३४ मा केन्द्रबाट ३ सदस्यीय घुम्ती टोली गठन गरी सुदूर पश्चिमाञ्चाल र पश्चिमाञ्चल क्षेत्र भित्रका क्याम्पसहरूका शिक्षण र मूल्याङ्कन विधि वारे कार्यशाला सञ्चालन गर्न पठाइयो र २०३४ सालमा पनि केन्द्रंका विषय विशेषज्ञसमेत संलग्न ७ सदस्यीय घुम्ती टोली गठन गरी पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्र भित्रका विश्वविद्यालयका विभिन्न क्याम्पसहरूमा शिक्षण र मूल्याङ्कन पद्धति बारे कार्यशाला गोष्ठीको सञ्चालन गरिँदै थियो । उक्त टोलीले क्याम्पस क्याम्पसमा कार्यशाला सञ्चालनका साथसाथमा अनिवार्य विषयका पाठ्यक्रमहरूका के कस्ता समस्याहरू छन् तिनबारे पनि निरीक्षण गर्ने र सोही अनुभवका आधारमा विश्वविद्यालयलाई सुधारका उपाए सिफारिस गर्ने दायित्व दिइएको थियो ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयको परीक्षा प्रश्न भण्डार खडा गर्ने नीतिअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले पनि उक्त प्रश्न भण्डार खडा गर्ने सम्बन्धमा प्राथमिक चरणको कार्य २०३४ सालमा नै थालिसकेको थियो ।[८]

## बैकल्पिक अङ्ग्रेजी

पाठ्यक्रम विकास केन्द्रले २०३५ साल साउन महिनाको अन्त्यमा बैकल्पिक अङ्ग्रेजी विषय लागू गर्ने निर्णय गरेको थियो । यसअनुसार प्रमाणपत्र तहमा अनिवार्य नेपाली विषयको बैकल्पिक रूपमा अङ्ग्रेजी भाषा र साहित्य प्रथम (१४३) र अङ्ग्रेजी भाषा र साहित्य द्वितीय (१४४) का दुईवटा ५/५ पाठ घण्टाका पाठ्यांशहरू राख्ने तथा नयाँ पाठ्यक्रमअनुसार प्राइभेट परीक्षाको अनिवार्य अङ्ग्रेजी विषयको पाठ्यक्रम क्याम्पसमा पढाइने पाठ्यांश नै राखेको थियो । त्यस्तै अनिवार्य अङ्ग्रेजी विषयको पठन पाठनका निम्ति शिक्षक निर्देशन पुस्तिका तयार गर्न दुई छुट्टाछुट्टै समिति गठन गरियो । स्नातकतहमा पनि बैकल्पिक अङ्ग्रेजीको

---

[८] *ऐजन*।

व्यवस्था गर्ने सिलसिलामा पाठ्यक्रमको तर्जुमा गर्न एउटा कार्यटोली गठन गरिने व्यवस्था भयो ।

उपरोक्त दुवै तहका निम्ति तयार गरिएको बैकल्पिक अङ्ग्रेजी विषय भने गैरनेपाली विद्यार्थीहरूले मात्र लिन सक्ने व्यवस्था गरियो ।[९]

## विद्यापरिषद्

विश्वविद्यालयले विभिन्न तहका अध्ययनलाई अझ व्यावहारिक तथा सरल बनाउने उद्देश्यले २०३८ सालमा पाठ्यक्रमका सम्बन्धमा केही नयाँ व्यवस्था गरेको थियो । यस क्रममा विश्वविद्यालय कार्यकारिणी समितिले विभिन्न अध्ययन संस्थानअन्तर्गत सञ्चालित विभिन्न तहका अध्यापन कार्य दुई शैक्षिक वर्षमा सकिने गरी एउटा विनियमद्वारा पाठ्यक्रमको तर्जुमा गर्ने अख्तियारी विद्यापरिषद्लाई दिएको थियो ।[१०] फलस्वरूप सम्बन्धित विद्यापरिषद्ले आवश्यक ठानेमा उपकुलपतिको स्वीकृति लिई दुई वर्ष भन्दा घटी वा बढी अवधिको कार्यक्रमको पाठ्यक्रम पनि निर्धारित गर्न सक्ने भयो । यद्यपि यो विनियम प्रारम्भ हुनुभन्दा अघि सञ्चालित विषयका लागि उपकुलपतिको स्वीकृति लिन आवश्यक हुनेभएन । त्यस्तै कुनै पनि अध्ययन संस्थानमा पठन पाठनको विषय वा पत्रमा सैद्धान्तिक तथा प्रयोगात्मक पाठहरू तोक्ने काम र कुनै पाठ वा पत्र स्वाध्याय पाठका रूपमा लिन पाउने कुरा सम्बन्धित विद्यापरिषद्द्वारा तोकेअनुसार नै कार्यान्वयन गरिने भयो । उल्लेख्य के छ भने नियमित विद्यार्थीका रूपमा आफ्नो नाम कक्षामा दर्ता नगराई आफू खुसी अध्ययन गरेर परीक्षा दिन पाउने गरी तोकिएको कामलाई स्वाध्याय पाठ मानिने भयो ।

---

९ *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-७, २०३५ साल भदौ ११ गते आइतवार, पृ. २ ।

१० त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३८ साल फागुन ५ गतेको बैठकको निर्णय ।

प्रत्येक अध्ययन संस्थानको पाठ विवरण पुस्तिकामा तहअनुसार कम्तीमा सम्बन्धित पत्रमा समावेश हुने विषय वस्तुको विवरण, पाठ्यपुस्तक तथा अन्य पाठ्य सामग्रीको विवरण, पूर्णाङ्क र उत्तीर्णाङ्क एवम् सम्बन्धित पत्रको अध्यापनका लागि चाहिने जम्मा कक्षा संख्या, प्रति साता लिइने सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा र अवधिको निर्धारण जस्ता विषय समावेश गर्नु पर्ने निर्देशन दिइयो ।

समग्रमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' ले विश्वविद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तक व्यवस्थापनका लागि संस्थागत प्रयास गरिनु अर्थात् 'पाठ्यक्रम विकास केन्द्र' को व्यवस्था गर्नु सऱ्हानीय कार्य थियो । यद्यपि पाठ्यक्रम विकास केन्द्रबाट यथोचित कार्य सम्पन्न भयो वा भएन भन्ने विषयमा थप अनुसन्धान गर्नु पर्ने हुन्छ । त्यस्तै आवश्यकताअनुसार पाठ्यक्रम निर्माण, संशोधन, परिमार्जन एवम् परिवर्तनका लागि विद्यापरिषद्को व्यवस्था हुनु यस क्षेत्रका लागि अर्को उल्लेख्य कार्य थियो । त्यसो त राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएको एक दशकजतिमा विश्वविद्यालयले विद्यमान पाठ्यक्रमलाई समय सापेक्ष बनाउने कार्यमा के कति भूमिका निर्वाह गऱ्यो सोसमेत अनुसन्धानको विषय नै रहेको देखिन्छ ।

* * *

# परीक्षा व्यवस्था

## परिचय

कक्षा सञ्चालनको थालनीदेखि त्रिभुवन विश्वविद्यालयले सबै तहका विद्यार्थीको वार्षिक परीक्षा सञ्चालन गर्दै आएको थियो । १२ वर्षपछि २०२८ सालमा उच्च शिक्षामा लागू गरिएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले सेमेष्टर पद्धति लागू गर्नाका साथै प्रत्येक सेमेष्टर (६/६ महिना) मा परीक्षा सञ्चालन गरियो । यो पद्धति त्रिभुवन विश्वविद्यालयका लागि नौलो थियो । यद्यपि पुरानो पद्धति, वार्षिक परीक्षा तथा आंशिक परीक्षासमेत सञ्चालन गरियो । विद्यार्थीमा आएको असन्तोष तथा विभिन्न समिति/आयोगको सिफारिससमेतका आधारमा विश्वविद्यालयले पुनः वार्षिक परीक्षा पद्धति नै सञ्चालन गर्नु पर्‍यो । यस प्रकार २०२८ सालदेखि 'शाही उच्च शिक्षा आयोगको प्रतिवेदन' प्रकाशित हुँदासम्म अर्थात् २०४० साल साउन महिनासम्म परीक्षा सञ्चालन र सोसम्बद्ध विश्वविद्यालयको गतिविधिका बारेमा प्राप्त सूचनाका आधारमा यहाँ जानकारी दिने प्रयास भएको छ । साथै उच्च शिक्षामा परीक्षाका सम्बन्धमा श्री ५ को सरकारको नीति एवम् विभिन्न आयोग/समितिले परीक्षा सञ्चालनसँग सम्बद्ध विषयमा उठाएका प्रमुख सन्दर्भलाईसमेत यथोचित रूपमा उठाइएको छ ।

## परीक्षामा नयाँ पद्धति

'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' बमोजिम त्रिभुवन विश्वविद्यालयले २०२८ सालसम्म सञ्चालन गर्दै आएको परीक्षा प्रणालीलाई खारेज गरेर २०२९ साल साउन १ गतेदेखि नै 'सेमेष्टर परीक्षा प्रणाली' सञ्चालन गरिने कुरा सम्बद्ध सबैको जानकारीका लागि सार्वजनिक गरेको थियो ।[११] यद्यपि विश्वविद्यालयका विभिन्न विषयहरूलाई

---

[११] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५ अङ्क-९, २०२९ साल वैशाख, पृ. १-३ ।

इन्स्टिच्यूटमा परिणत गरिने समयसम्म सञ्चालनमा रहेका जुनसुकै महाविद्यालय वा शिक्षण संस्थामा अध्ययन गर्दैरहेका तर पढाई पूरा हुन बाँकी विद्यार्थीहरूको पढाई भने साविकको विनियमअनुसार नै पूरा गर्न दिइने व्यवस्था गरियो । साथै अध्ययन पूरा गरेका तर परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरूका निम्ति भने सन् १९७५ सम्म साविकको पाठ्यक्रमका आधारमा परीक्षा लिने व्यवस्था भयो । उत्तीर्ण विद्यार्थीहरूको हकमा भने सर्टिफिकेट भन्दा तल्लो तहको भएमा डीनबाट तथा सो भन्दा माथिल्लो तहको भएमा विश्वविद्यालयबाट नै प्रमाणपत्र दिइने व्यवस्था गरियो । यद्यपि यसरी दिइने प्रमाणपत्रमा 'पुरानो कोर्शबाट उत्तीर्ण भएको' जनाइने भयो ।[१२] त्यस्तै प्राइभेट परीक्षाको अवधि सन् १९७५ सम्म बढाइयो ।[१३]

विश्वविद्यालयका परीक्षा सञ्चालनका लागि विश्वविद्यालय प्राविधिक समितिले एउटा निश्चित प्रक्रिया अपनाएको थियो । यस क्रममा रजिष्ट्रारले समय समयमा दिएको निर्देशनबमोजिम सम्बद्ध इन्स्टिच्यूटका डीनलाई आफ्नो इन्स्टिच्यूटको परीक्षा सञ्चालन गर्ने जिम्मेवारी दिइयो । यसरी परीक्षा सञ्चालन प्रयोजनका निम्ति प्रत्येक डीनले आफ्नो अध्यक्षतामा एउटा परीक्षा बोर्ड गठन गर्ने भए । यस क्रममा सम्बन्धित क्याम्पस प्रमुखको सल्लाहबाट परीक्षा बोर्डको सिफारिसमा डीनले 'प्राश्निक' तथा 'परीक्षक' नियुक्त गर्ने, डीनले प्रश्नपत्रहरू तयार गराई क्याम्पसहरूमा पठाउने, क्याम्पस प्रमुखले डीनबाट प्रश्नपत्र प्राप्त गरी परीक्षा सञ्चालन गर्ने, डीनबाट नियुक्त परीक्षकहरूबाट उत्तर पुस्तिका जँचाउने, मार्क टेबुलेट गराउने, परीक्षाफल घोषित गर्ने र परीक्षाफलको एक प्रति रजिष्ट्रारलाई र अर्को प्रति डीनलाई पठाउनु पर्ने भयो भने क्याम्पस प्रमुखले सम्बन्धित प्राध्यापक अथवा शिक्षकहरूबाट नियमित

१२ त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल असोज २०-२१ र २४ गतेको निर्णय ।

१३ त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गतेको निर्णय नं. १६ ।

रूपमा आन्तरिक मूल्याङ्कन गराई त्यसको रेकर्ड राख्न लगाउने व्यवस्था भयो ।[१४]

उल्लेख्य के छ भने श्री ५ को सरकारको चौथो योजनामा साधारणतया विद्यार्थीहरू जसरी भए पनि परीक्षा उत्तीर्ण गर्ने मात्र उद्देश्य लिने गरेकाले शिक्षाको मूल उद्देश्य नै पूरा नहुने परिवेशमा विद्यमान परीक्षा प्रणालीमा नै सुधार गर्नु पर्ने अवस्था आएको महशुस गरी यस क्रममा लघुकालीन र दीर्घकालीन कार्यक्रमहरू बनाई सोहीअनुसार परीक्षा प्रणालीमा सुधार गर्दै लैजाने कार्यक्रम बनाइयो । यस कार्यक्रमअन्तर्गत उन्नत प्रश्नपत्रहरूको विकास, उपयुक्त परीक्षा सञ्चालन गर्ने तरीकाको अवलम्बन र आधुनिक एवम् वैज्ञानिक तरीकाको मूल्याङ्कन पद्धति अपनाउने किसिमबाट परीक्षा नियन्त्रण कार्यालयलाई आवश्यक प्रबन्ध गर्न सहयोग गर्ने नीति लिइयो ।[१५]

## परीक्षा व्यवस्थामा परिमार्जन

सेमेष्टर प्रणालीअनुसार सञ्चालन गरिएको पठन-पाठनको दुई वर्षको अनुभवका आधारमा त्यस प्रक्रियालाई २०३१ सालदेखि केही परिमार्जन गरियो । यसै अनुभवका आधारमा शिक्षण र परीक्षाको विषयमा प्रत्यक्ष तथा घनिष्ट सम्बन्ध रहिरहने कुरालाई ध्यानमा राखी यसतर्फ सकारात्मक पाइला चाल्ने, शैक्षिक दृष्टिबाट यस कुरालाई बढी लाभप्रद बनाउने, विद्यार्थीको प्रगति एवम् उपलब्धिको निरन्तर मूल्याङ्कन भइरहनु पर्ने र यस्तो मूल्याङ्कनबाट नै विद्यार्थीको अध्ययनको सही लेखाजोखा हुनसक्ने गराउने तथा शैक्षिक प्रखरता (Academic excellence) ल्याउने प्रयास गर्ने विषय नै सेमेष्टर प्रणालीको उद्देश्य निर्धारण गरियो ।

---

[१४] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख ३०, जेठ १-५ गतेको निर्णय नं. ७ ।

[१५] श्री ५ को सरकार, *चौथो योजना २०२७-२०३२,* नेपाल: श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०२७, पृ. २८४ ।

त्रिभुवन विश्वविद्यालअन्तर्गत शिक्षाका विभिन्न इन्स्टिच्यूट (अध्ययन संस्थान) हरूमा सेमेष्टर प्रणालीअनुसार पठन पाठन र परीक्षा सञ्चालन  गरिने र यो प्रणालीअनुसार प्रत्येक शैक्षिक वर्षमा बर्खे र हिउँदै सेमेष्टर गरी दुई सेमेष्टर गरिएको सन्दर्भमा वर्षे सेमेष्टर साउन १ गतेदेखि पौष १५ गतेसम्म र हिउँदे सेमेष्टर पौष १९ गतेदेखि जेठ ३० सम्म लागू गरियो ।

दुई नियमित सेमेष्टर बाहेक प्रत्येक क्याम्पसमा अतिरिक्त सेमेष्टरको पनि आयोजना गर्न सकिने प्रावधान राखियो । यस्तो अतिरिक्त सेमेष्टर आवश्यकताअनुसार क्याम्पसका लागि विदाको समयमा आयोजना गरिने र सो पठन पाठनको अवधि ४५ दिनको निर्धारण गरियो । यसरी अतिरिक्त सेमेष्टरमा दिइने पाठ्यांशमा तथा परीक्षामा साधारणतः नियमित सेमेष्टरको कार्यभार भन्दा आधा मात्र कार्यभार हुने तथा यस्तो अतिरिक्त सेमेष्टरमा साधारणतः नियमित हुन नसक्ने विद्यार्थीहरूलाई प्राथमिकता दिइने भयो । अतिरिक्त सेमेष्टरका आवश्यक सबै नियमहरू सम्बन्धित विद्यापरिषद्ले व्यवस्था गर्ने भए ।[१६]

मूल्याङ्कन प्रक्रिया

विभिन्न इन्स्टिच्यूटअन्तर्गत अध्ययन गर्ने विद्यार्थी सम्बन्धित विद्यापरिषद्ले तोकेबमोजिम परीक्षाहरू दिई उत्तीर्ण हुनु पर्ने प्रक्रिया शैक्षिक संस्थामा स्वाभाविक नै हो । यसरी विद्यार्थीलाई लिइने परीक्षाहरू साधारणतः 'आन्तरिक मूल्याङ्कन' तथा 'सेमेष्टर परीक्षा' थिए ।[१७] आन्तरिक मूल्याङ्कन सामयिक परीक्षाहरू र गर्न लगाइएको शैक्षिक कामहरू (Asignment) द्वारा गरिने तथा यसबाट उपलव्ध गरिएका अङ्कहरू खुला रहने व्यवस्था गरियो । सामयिक परीक्षाहरू गरिने पाठ्यांशमा सो परीक्षा

---

१६ त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख ३०, जेठ १-५ गतेको निर्णय नं. ७ ।

१७ *ऐजन* ।

तीन पटक गरिने तथा पाठ्यांशहरूमा लिइएका सबै सामयिक परीक्षा र गर्न लगाइएका शैक्षिक कार्यहरूमा प्राप्ताङ्कहरूको आधारमा आन्तरिक मूल्याङ्कन अङ्क निर्धारण गरिने भयो ।

कुनै विद्यार्थीले कुनै सामयिक परीक्षामा सामेल हुन नसकेको यथेष्ट कारण खुलाई निवेदन गरेमा कारण जायज लागेमा सम्बन्धित शिक्षकले अर्को परीक्षा हुनु भन्दा अगाडी पुनः परीक्षा लिन सक्ने, तर आखिरी सामयिक परीक्षामा सामेल नभएमा भने त्यस्ता विद्यार्थीले पुनः परीक्षा दिन भने नपाउने भए । सामयिक परीक्षा र गर्न लगाइएका शैक्षिक कामको प्रश्नपत्र, काम र प्रत्येक विद्यार्थीले प्राप्त गरेको अङ्कको एक प्रति परीक्षा भएको सात दिन भित्र क्याम्पस प्रमुख र डीन कार्यालयमा पठाउन पर्ने व्यवस्था गरियो ।

सेमेष्टर परीक्षा शुरु हुनु भन्दा एक हप्ता अघि प्रत्येक विद्यार्थीले पाठयांशमा प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको सामूहिक अङ्क सम्बन्धित शिक्षकले क्याम्पस प्रमुख र डीन कार्यालयमा पठाउनु पर्ने, आन्तरिक मूल्याङ्कनमा एक प्रतिशत भन्दा कम अङ्कको अन्तर भई अनुत्तीर्ण भएका विद्यार्थीलाई उत्तीर्ण भएको मानिने भए तापनि सो अङ्क यथावत् राखिने, आन्तरिक मूल्याङ्कन र सेमेष्टर परीक्षामा प्राप्त गरेका अङ्कहरूको कूल जोडमा भिन्नाङ्कसमेत प्राप्त गरेमा त्यस्तो भिन्नाङ्कलाई माथिल्लो पूर्णाङ्कमा बदलिने व्यवस्था गरियो ।

विश्वविद्यालयको विद्यापरिषद्ले आन्तरिक मूल्याङ्कनका सम्बन्धमा आवश्यक निर्देशन दिने, आन्तरिक मूल्याङ्कन र सेमेष्टर परीक्षाफलको बीचमा एक रूपता कायम गर्नका निम्ति समय समयमा आवश्यक निर्देशन दिनसक्ने व्यवस्था गरियो ।

प्रत्येक सेमेष्टर भित्र लिइने पाठ्यांशको र आन्तरिक मूल्याङ्कनको उत्तीर्णाङ्क प्रमाणपत्र तहमा ४० प्रतिशत हुने भए तापनि आन्तरिक

मूल्याङ्कनमा अनुत्तीर्ण हुने विद्यार्थीलाई सेमेष्टर परीक्षामा सम्मिलित गराइने भएन ।

इन्स्टिच्यूटअन्तर्गतका सबै क्याम्पसहरूमा सम्बन्धित इन्स्टिच्यूटका डीनको निर्देशनमा सेमेष्टर परीक्षाको आयोजना गरिने भयो । सम्बद्ध डीनले नै हरेक विषयमा पाठ्यांश अनुसारको पशनपत्र तयार गराउने, हरेक क्याम्पसमा क्याम्पस प्रमुखको अध्यक्षतामा परीक्षा समिति गठन गर्ने तथा सोही समितिलाई प्राश्निक नियुक्त गर्ने प्रश्नपत्र छपाउने, परीक्षा सञ्चालन गर्ने, उत्तर पुस्तिका जाँच गराउने तथा परीक्षाफल प्रकाश गर्ने कार्यको जिम्मेवारी दिइयो । त्यस्तै डीनले हरेक क्याम्पसमा हरेक विषयमा विषय समूहको मोडरेसन बोर्ड गठन गर्ने र यसरी गठन गरिएका प्रत्येक बोर्डमा क्याम्पसका सम्बन्धित शिक्षकहरूका अतिरिक्त अन्य क्याम्पस वा अध्ययन संस्थानका एक शिक्षक पनि समावेश गरिने भए तापनि विशेष परिस्थितिमा कुनै क्याम्पसको कुनै विषयको मोडरेसन त्यसै क्याम्पसबाट गराउने अधिकारसमेत डीनलाई नै दिइयो । मोडरेसन बोर्डले प्रश्नपत्रहरू स्तरयुक्त, विषयवस्तु र मोडेल अनुरूप छ, छैन हेर्ने तथा आवश्यक ठानेमा संशोधनसमेत गर्न सक्ने भयो ।

परीक्षण गरिएका उत्तर पुस्तिका सम्बद्ध बोर्डले पुनरावलोकन गर्ने र आवश्यक संशोधनका साथ परीक्षा बोर्डमा पेश गर्ने तथा त्यसैका आधारमा बोर्डले परीक्षाफल प्रकाशन गर्ने व्यवस्था मिलाइयो । यसरी परीक्षण भएर आएका उत्तर पुस्तिका परीक्षाफल प्रकाशनमा आइसकेपछि क्याम्पस प्रमुखले सम्बन्धित डीन कार्यालयमा पठाउने तथा डीनले विषय समितिका सदस्यहरूको टोली गठन गरी सो उत्तर पुस्तिकाको जँचाईको स्तरको लेखाजोखा गराउने भए ।

क्याम्पसमा सञ्चालन गरिएका परीक्षाको पूरा विवरण मोडरेसन बोर्डका बाहिरबाट नियुक्त गरिएका सदस्य तथा क्याम्पस प्रमुखबाट डीन कार्यालयमा बेग्ला बेग्लै पठाउने एवम् प्रत्येक अध्ययन संस्थानका डीनले आफूअन्तर्गतका क्याम्पसहरूको सेमेष्टर परीक्षाको विस्तृत विवरण परीक्षा

सिद्धिएको ४५ दिन भित्र रजिष्ट्रार कार्यालयमा पठाउनु पर्ने भयो । क्याम्पसमा परीक्षा सञ्चालनका क्रममा कुनै प्रकारको अनियमितता भएको ठहर हुन आएमा यदी यस्तो कार्य सामान्य रहेमा सम्बन्धित व्यक्तिहरूको ध्यान आकर्षित गराई भविष्यमा यस्तो अनियमितता दोहरिन नदिनेतर्फ कारवाई गरिने तथा गंभीर रूपका अनियमितता भएमा केन्द्रीय कार्यालयले तत् सम्बन्धी परीक्षा रद्द गर्न सक्ने भयो । क्याम्पसमा सञ्चालन हुने परीक्षाहरूमा अनियमितता हुन नपाओस् तथा उपरोक्तअनुसार कार्वाई गर्न नपरोस् भन्ने हेतुले क्याम्पसमा परीक्षा प्रारम्भ हुनु अगावै विस्तृत रूपमा सूचना दिनसमेत सम्बद्धलाई सचेत गरियो ।

अङ्क विभाजन

परीक्षा सञ्चालन गर्न सहज हुने गरी विश्वविद्यालयले सैद्धान्तिक, प्रायोगात्मक कक्षा तथा सेमेष्टर र आन्तरिक मूल्याङ्कनको पाठ्यांश एवम् तिनको उत्तीर्णाङ्कसमेत स्पष्ट गरिदिएको थियो । यसअनुसार सैद्धान्तिक कक्षामात्र हुने पाठ्यांशमा सेमेष्टर परीक्षा ८० प्रतिशत तथा आन्तरिक मूल्याङ्कन २० प्रतिशत, प्रयोगात्मक कक्षामात्र हुने पाठ्यांशमा शतप्रतिशत नै आन्तरिक मूल्याङ्कन गरिने तथा कुनै निश्चित कक्षाहरू नरहने पाठ्यांशहरू थेसिस अथवा प्रोजेक्ट रिपोर्टमा ६० प्रतिशत तथा सम्बन्धित विषयमा मौखिक परीक्षा ४० प्रतिशत निर्धारण गरियो । थेसिस अथवा प्रोजेक्ट रिपोर्टमा उत्तीर्णाङ्क प्राप्त गरेमात्र मौखिक परीक्षा लिइने तथा मौखिक परीक्षामासमेत बेग्लै उत्तीर्ण हुनु पर्ने भयो ।

आन्तरिक मूल्याङ्कन र सेमेष्टर परीक्षामा उत्तीर्ण हुनका लागि प्रमाणपत्र तहमा ४०, स्नातक तहमा ४५ तथा स्नातकोत्तर तहमा ५० प्रतिशत न्यूनतम अङ्क प्राप्त गर्नु पर्ने भयो । प्रयोगात्मक कक्षामात्र हुने कुनै पाठ्यांशको उत्तीर्णाङ्कको हकमा विषय समितिको सिफारिसमा विद्यापरिषद्ले उल्लिखित भन्दा बढी उत्तीर्णाङ्क निर्धारण गर्न सक्ने व्यवस्था गरियो ।

सम्पूर्ण परीक्षाहरूमा प्राप्त गरेको जम्मा अङ्कका आधारमा विद्यार्थीहरूको उपलव्धीलाई सामान्य पास, उच्च (मेरिट) तथा विशिष्ट (डिष्टिङ्गसन) गरी ३ श्रेणीमा विभाजित गरियो जुन यस प्रकार रह्यो;[१८]

| | सामान्य (पास), प्रतिशत | उच्च (मेरिट) प्रतिशत | विशिष्ट(डिष्टिङ्सन) प्रतिशत |
|---|---|---|---|
| प्रमाणपत्र तह | ४० र सो भन्दा माथि ६० भन्दा कम | ६० र सो भन्दा माथि ८० भन्दा तल | ८० र सो भन्दा माथि |
| स्नातक तह | ४५ ,, | ६५ ,, | ८० ,, |
| स्नातकोत्तर | ५० ,, | ७० ,, | ,, ,, |

अनुसन्धान उपाधी (Ph.D., D.Sc.) आदीमा उपर्युक्त श्रेणी विभाजन नगरि योग्यता पुऱ्याएका उम्मेदवारलाई श्रेणी बिनाको उपाधि प्रदान गरिने तथा योग्यता नपुगेकाहरूलाई अनुत्तीर्ण सरह मानिने भयो ।

कुनै पाठ्यांशमा कसैले उत्तीर्णाङ्क प्राप्त गर्न नसकेको तथा तहअनुसार न्यूनतम प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको रहेछ भने त्यस्ताले सो पाठ्यांश पुनः दोहऱ्याएर पढ्नु पर्ने भयो । यस क्रममा विद्यार्थीले प्रमाणपत्र (सर्टिफिकेट) तहमा २०, स्नातक (डिप्लोमा) तहमा २० तथा स्नातकोत्तर (डिग्री) तहमा २५ प्रतिशत न्यूनतम अङ्क पनि प्राप्त गर्न नसकेमा पुनः दोहऱ्याउनु पर्ने भयो । त्यस्तै कुनै विद्यार्थी सेमेष्टरका निम्ति दिइएको पाठ्यांशमा उत्तीर्णाङ्क प्राप्त नगरेको तर उल्लिखित न्यूनतम भन्दा बढी अङ्क प्राप्त गरेको भए (अर्थात सर्टिफिकेट तहमा २० देखि ३९ प्रतिशत भित्र, डिप्लोमा तहमा २० देखि ४४ प्रतिशत भित्र तथा डिग्री तहमा २५ देखि ४९ प्रतिशत भित्र अङ्क प्राप्त गरेको भए) उसले आउँदो सेमेष्टरमा लिन खोज्ने कुनै पाठ्यांशका निम्ति सो पाठ्यांश पूर्वावश्यक (Pre-requisite) घोषित गरिएको रहेछ भने माथिल्लो

---

[१८] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख ३०, जेठ १-५ गतेको निर्णय नं. ७ ।

पाठ्यांशमा अस्थायी (Provisional) प्रवेश मात्र पाउन सक्ने तथा सो पूर्वावश्यक पाठ्यांशमा कक्षा चलेको एक महिना भित्र पुनः परीक्षा दिई उत्तीर्ण हुनु पर्ने व्यवस्था गरियो । यसरी दिएको दोस्रो परीक्षामा पनि उसले उत्तीर्णाङ्क प्राप्त गर्न नसकेमा सो पाठ्यांशका निम्ति दिइएको प्रवेशलाई रद्द गरिने भयो । त्यतिमात्र नभएर सो पाठ्यांश आउँदो सेमेष्टरमा लिइने कुनै पनि पाठ्यांशका लागि पूर्वावश्यक घोषित गरिएको रहेनछ भने आउँदो सेमेष्टरको परीक्षा समयमा विद्यार्थीले उक्त पाठ्यांशको परीक्षा दिनु पर्ने भयो ।

विद्यार्थीलाई कुनै एउटा पाठ्यांशमा उत्तीर्ण हुनका लागि तीन पटक (तीन पटक भन्नाले प्रत्येक पटक सो पाठ्यांश दर्ता गराई एक सेमेष्टर परीक्षा र एक पुनः परीक्षा दिइएकोलाई एक पटक मान्ने र एउटा पाठ्यांश पूरा गर्न यस्तो तीन पटक मौका पाउने) भन्दा बढी परीक्षामा बस्ने मौका नदिइने व्यवस्था गरियो ।[१९]

विश्वविद्यालयले वर्षमा दुई पटक साउन र माघमा सेमेष्टर परीक्षा सञ्चालन गर्दै आएको तथा एउटा सेमेष्टर परीक्षाको ४५ दिनपछि सो सम्बन्धमा केन्द्रमा रिपोर्ट पठाउनु पर्ने भए तापनि धेरैजसो अध्ययन संस्थानहरूबाट ध्यान नदिइएका कारण सो सम्बन्धी निर्देशनअन्तर्गत लेखिएका सबै बुँदाहरू समय भित्र कार्यान्वयनका लागि डीन कार्यालयले सक्रियता अपनाउनु पर्ने कुरातर्फ विश्वविद्यालयले सबै डीनको ध्यान आकृष्ट गराउँदै प्रत्येक अध्ययन संस्थानको डीन कार्यालयले आफ्नो अध्ययन संस्थानअन्तर्गतका क्याम्पसहरूको आन्तरिक मूल्याङ्कन तथा सेमेष्टरको अन्तिम परीक्षाको मूल्याङ्कनको तलुनात्मक अध्ययन गरी केन्द्रीय कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने निर्देशनसमेत दिनु परेको देखिन्छ ।[२०]

---

१९ *ऐजन* ।

२० त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख २ गते बसेको वैठकको निर्णय नं. ४८ ।

त्यस्तै विश्वविद्यालयले पुरानो शिक्षा पद्धतिको परीक्षामा अनुत्तीर्ण विद्यार्थीले सेमेष्टरमा प्रवेश लिनु पर्ने र आन्तरिक मूल्याङ्कन सम्बन्धी नियम उनीहरूलाई पनि लागू हुने व्यवस्था गरेको थियो ।[२१]

नयाँ शिक्षा पद्धतिको परीक्षाहरूमा प्राप्त गरेको लव्धाङ्कलाई पुरानो शिक्षा पद्धतिको श्रेणीसँग समकक्षता मिलाउने सम्बन्धमा विश्वविद्यालय 'समान स्तर निर्धारण समिति' बाट भएको सिफारिसलाई लागू गरियो । फलस्वरूप विद्यार्थीले विश्वविद्यालयको नयाँ पद्धतिअनुसार हासिल गरेको लब्धाङ्कलाई २०३१ साल मंसिर १४ गतेदेखि लागू हुने गरी पुरानो पद्धतिको समकक्ष श्रेणी निर्धारण गरी उपकुलपतिको आदेशानुसार लागू गरियो जुन यस प्रकार रह्यो;[२२]

| स्तर | नयाँ पद्धतिको लव्धाङ्क | | पुरानो पद्धतिको समकक्ष श्रेणी |
|---|---|---|---|
| डिग्री (स्नातकोत्तर) | ५० देखि | ७० प्रतिशत भन्दा मुनि | द्वितीय श्रेणी |
| | ७० ,, | ८० ,, | प्रथम श्रेणी |
| | ८० ,, | र सो भन्दा बढी | डिस्टिङ्सन |
| डिप्लोमा (स्नातक) | ४५ देखि | ५५ प्रतिशत भन्दा मुनि | तृतिय श्रेणी |
| | ५५ ,, | ६५ ,, | ,, द्वितीय श्रेणी |
| | ६५ ,, | ८०,, | ,, प्रथम श्रेणी |
| | ८० ,, | र सो भन्दा बढी | डिस्टिङ्सन |

[२१] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गते बसेको वैठकको निर्णय नं. १३ ।

[२२] विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल माघ १४ गते बसेको वैठकको निर्णय नं. ४७ ।

| | | | | |
|---|---|---|---|---|
| सर्टिफिकेट (प्रमाणपत्र) | ४० देखि | ५० प्रतिशत भन्दा मुनि | | तृतिय श्रेणी |
| | ५० ,, | ६५ ,, | | ,, द्वितीय श्रेणी |
| | ६५ ,, | ८०,, | | ,, प्रथम श्रेणी |
| | ८० ,, | र सो भन्दा बढी डिस्टिङ्सन | | |

विद्यार्थीले ५ वर्ष भित्र एउटा तह पूरा गरिसक्नु पर्दथ्यो अर्थात् कुनै तहको उपाधि प्राप्त गर्नका लागि लिइएका पाठ्यांशहरूको अङ्क संचित गरी राख्ने (Credit accumulation) सुविधा कुनै पाठ्यांश लिएको वर्षदेखि ५ वर्षसम्म मात्र रहने भयो । सो ५ वर्ष भित्र उक्त तह पूरा गर्न नसकेमा ५ वर्ष भन्दा पूर्व संचित पाठ्यांशहरूको अङ्क रद्द हुने भयो । परीक्षाका सम्बन्धमा नै विश्वविद्यालयले कुनै तहको समाप्ति पछि विद्यार्थीले मागेमा नियमबमोजिम शुल्क लिई उसलाई सम्पूर्ण प्रगति विवरण दिन सक्ने नियमसमेत बनाइयो ।

शैक्षिक उपाधि

इन्स्टिच्यूटले प्रत्येक शैक्षिक वर्षका साथै सेमेष्टरको अन्त्यसम्ममा आफ्नो पाठ्यांश घण्टा पूरा गरिसकेका स्नातक र सो भन्दा माथिका विद्यार्थीहरूलाई उपाधि दिनका लागि असार शुक्ल नवमीका दिन हुने विश्वविद्यालय सभामा प्रस्ताव पेश गर्ने, सभामा इन्स्टिच्यूटका डीनहरूले आफ्नो इन्स्टिच्यूटबाट उपाधि प्राप्त गर्ने विद्यार्थीहरूको नामावली प्रस्तुत गरी निजहरूलाई उपाधि प्रदान गरियोस् भनी अध्यक्ष समक्ष निवेदन गर्ने, सभाको अनुमोदन प्राप्त भएमा अध्यक्षले त्यस्ता विद्यार्थीलाई उपयुक्त उपाधि प्रदान गर्ने स्वीकृति दिने र त्यस सम्बन्धी अभिलेखमा दस्तखत गर्ने भए । केन्द्रीय कार्यालयले सभाको निर्णयअनुसार उपाधि पाउने व्यक्तिहरूको उपाधि पत्र र पदकहरू भए सोसमेत तयार गरी सम्बन्धित इन्स्टिच्यूटमा पठाइ दिने, डीनहरूले त्यस्तो उपाधि तथा पदकहरू वितरण

गर्नका लागि आफ्नो इन्स्टिच्यूटबाट एक वा बढी क्याम्पसमा प्रत्येक वर्ष उपाधि वितरण समारोह आयोजना गर्ने नयाँ व्यवस्था गरियो ।[२३]

उपाधिहरूको नमूना तोकिएको ढाँचाअनुसार हुने, स्नातकोत्तर र विद्यावारिधिमा उपकुलपति, शिक्षाध्यक्ष र डीनको दस्तखत गरी विश्वविद्यालयको छापा लगाउने, स्नातक तहमा डीन र शिक्षाध्यक्षको दस्तखत गरी विश्वविद्यालयको छाप लगाइने तथा प्रमाणपत्र तहमा भने डीनको मात्र दस्तखत गरी विश्वविद्यालयको छाप लगाइने व्यवस्था गरियो ।

यो भन्दा पहिला विश्वविद्यालयले नियमानुसार उपाधि प्राप्त गर्ने विद्यार्थीहरूलाई एउटै समारोहबाट उपाधी वितरण गर्ने अर्थात् दीक्षान्त समारोह आयोजना गर्दै आएको कुरा यहाँ स्मरणीय छ ।

## पुरानो पद्धतिको परीक्षा परिणाम

पुरानो शिक्षा पद्धतिअनुसार २०२८ सालको हिउँदमा स्नातकोत्तर तहका विभिन्न खण्ड तथा विषयहरूको परीक्षा लिइएको थियो जसको परिणाम २०२९ साल वैशाख महिनासम्ममा प्रकाशित गरियो । पुरानो शिक्षा पद्धतिअनुसार नियमिततर्फ प्रथम खण्डको यो परीक्षा अन्तिम थियो अर्थात् यसपछि विश्वविद्यालय प्रवेश गर्ने विद्यार्थीले सेमेष्टर प्रणालीको परीक्षा दिनु पर्दथ्यो । स्मरणीय के छ भने त्रिभुवन विश्वविद्यालयले २०२९ साल फागुन महिनादेखि स्नातकोत्तर तहमा तथा २०३० साल साउनदेखि डिप्लोमा र सर्टिफिकेट स्तरमा सेमेष्टर प्रणाली लागू गरेको थियो ।[२४]

जेहोस् पुरानो शैक्षिक प्रणालीअन्तर्गत स्नातकोत्तर तहको अन्तिम परीक्षासमेत भएकाले त्यसको परिणामबाट सो तहमा सञ्चालनमा रहेका

---

[२३] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ १०-१३ गते बसेको वैठकको निर्णय नं. १८ ।

[२४] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-७, २०२९ साल फागुन, पृ. १-२ ।

विषय, तिनमा संलग्न विद्यार्थी संख्या आदिका बारेमा जानकारी पाइनुका अतिरिक्त सोही तहमा नयाँ शिक्षा पद्धतिका परीक्षार्थी संख्यालगायत बारेमा तुलनात्मक अध्ययन गर्ने आधारसमेत मिल्ने भएकाले सो परीक्षाको परिणामलाई यहाँ दिइएको छ;[२५]

**विभिन्न तहका परीक्षार्थी विवरण**

| **विषय** | **प्रथम खण्ड** | **द्वितीय खण्ड** | **दुवै** |
|---|---|---|---|
| नेपाली | ३४ | ४६ | ३ |
| संस्कृति | ५ | ८ | १ |
| संस्कृत | ३ | ३ | १ |
| अङ्ग्रेजी | ८ | १५ | १ |
| वाणिज्य | ८१ | ८१ | २ |
| भूगोल | ५ | ५ | ० |
| अर्थशास्त्र | ५७ | ६० | ३ |
| इतिहास | १४ | १९ | ६ |
| हिन्दी | ३ | ० | १ |
| राजनीतिशास्त्र | ४४ | ३४ | ४ |
| गणित | १३ | १६ | ० |
| रसायनशास्त्र | १५ | १३ | |
| वनस्पतिशास्त्र | ९ | ६ | |
| प्राणीशास्त्र | ६ | १२ | |
| भौतिकशास्त्र | ९ | ८ | |

[२५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-१०, २०२९ साल जेठ, पृ. ४-५ ।

माथिको परिणामबाट विश्वविद्यालयमा विज्ञान विषयमा पाँच तथा मानविकी तथा सामाजिकशास्त्र विषयमा १० विषयमा स्नातकोत्तर तहमा पठन पाठन गरिएको देखिन्छ । जहाँसम्म परीक्षार्थी संख्याको सन्दर्भ हो यस विवरणबाट प्रथम खण्डमा सबै भन्दा धेरै वाणिज्यशास्त्रमा ८१, अर्थशास्त्रमा ५७, राजनीतिशास्त्रमा ४४, नेपालीमा ३४ र अङ्ग्रेजीमा ८ जना परीक्षार्थी उत्तीर्ण भएका थिए । सबै भन्दा कम विद्यार्थी संस्कृत तथा हिन्दीमा ३/३ जना उत्तीर्ण भएका थिए । विज्ञानतर्फ रशायनशास्त्रमा १५ तथा गणितमा १३ जनाका अतिरिक्त अन्य विषयहरूमा ९/९ र ६ जना रहेको देखिन्छ ।

दोस्रो खण्डको परीणामअनुसार वाणिज्यशास्त्रमा नै सबै भन्दा बढी विद्यार्थी देखिन्छन् । यो विषयमा पहिलो खण्डमा जस्तै ८१ जना विद्यार्थी थिए । संख्यात्मक दृष्टिबाट त्यसपछि अर्थशास्त्र ६०, नेपाली ४६, राजनीतिशास्त्र ३४, अङ्ग्रेजी १५ तथा संस्कृतिमा ८ जना र संस्कृतमा भने ३ जनासम्म विद्यार्थी थिए । यस खण्डमा विज्ञानतर्फ भने पहिलो खण्डको तुलनामा बढी विद्यार्थी रहेको देखिन्छ ।

परीक्षाको उक्त नतिजाअनुसार दुवै खण्डमा उत्तीर्ण संख्या भने निकै कम अर्थात् सबै भन्दा बढी ६ जना र प्रायः विषयहरूमा १/२ जनामात्र रहेको तथा भूगोल विषयमा एक जनासम्म पनि नरहेको देखिन्छ ।

## नयाँ पद्धतिमा पहिलो परीक्षा

राष्ट्रिय शिक्षा पद्धतिको योजनाअनुसार विश्वविद्यालयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूले दुई वर्षमा सो तहको पढाई पूरा गर्नु पर्दथ्यो जुन पुरानो पद्धतिभन्दा फरक भने थिएन । यद्यपि राष्ट्रिय शिक्षा पद्धतिको योजनामा प्रत्येक सेमेष्टरमा परीक्षा लिइन्थ्यो जुन छ/छ महिनामा हुन्थ्यो । त्यस्तै सेमेष्टर प्रणालीअनुसार पहिलो ब्याचमा भर्ना भएका विद्यार्थीले २०३१ सालमा स्नातकोत्तर तह पूरा गरेका थिए । आज

भन्दा ४५ वर्ष पहिले विश्वविद्यालयमा सञ्चालित स्नातकोत्तर तहका विषय, तिनमा संलग्न विद्यार्थी एवम् परीक्षा उत्तीर्ण संख्याका बारेमा जानकारी पाइने भएकाले सो विवरण यहाँ दिइएको हो ।[२६]

| **विषय** | **प्रथमखण्ड** | **द्वितीयखण्ड** | **दुवैखण्ड** | **आंशिक** |
|---|---|---|---|---|
| नेपाली | २८ | ३५ | १० | २ |
| संस्कृत | - | १ | २ | - |
| इतिहास | १ | ८ | १ | १ |
| भूगोल | - | ३ | - | - |
| संस्कृति | ६ | ४ | १ | - |
| अर्थशास्त्र | ३३ | ४१ | ४ | ४० |
| राजनीतिशास्त्र | ५ | २१ | १ | २ |
| अङ्ग्रेजी | १ | ६ | - | १ |
| हिन्दी | - | ३ | १ | - |
| वाणिज्यशास्त्र | १४ | ४५ | २ | ३ |
| वनस्पतिशास्त्र | - | ११ | - | - |
| रसायन शास्त्र | २ | - | - | - |
| अर्गानिक केमेष्ट्री | - | ३ | - | - |
| इनअर्गानिक केमेष्ट्री | - | ८ | - | - |
| भौतिक रसायन | - | २ | - | १ |

[२६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-१०, २०३१ साल साउन, पृ. ८ ।

| | | | | |
|---|---|---|---|---|
| भौतिकशास्त्र | - | ६ | - | - |
| विज्ञानशास्त्र | - | १२ | - | - |
| तथ्याङ्कशास्त्र | - | १४ | - | - |
| एम.ए.र एम.एस्सी.गणित | ३ | २१ | १ | ३+ १ |

यो विवरणअनुसार २०३१ सालको प्रथम खण्डको परीक्षामा सामेलमध्ये सबै भन्दा बढी विद्यार्थी अर्थशास्त्र विषयमा ३३ जना रहे तापनि विज्ञानका ६ विषय, तथ्याङ्कशास्त्र, हिन्दी, भूगोल र संस्कृत जम्मा १० विषयमा एक जनासम्म पनि परीक्षार्थी रहेनन् । त्यस्तै इतिहास र अङ्ग्रेजी दुई विषयमा एक/एक जना मात्र, रसायनशास्त्रमा दुई तथा गणितमा तीन जना विद्यार्थी थिए । अर्थशास्त्रपछि नेपाली विषयमा बढी विद्यार्थी २८ जना थिए जुन तुलनात्मक रूपमा परीक्षामा संलग्न हुने ठूलै विद्यार्थी संख्या थियो भने वाणिज्यशास्त्रमा १४ विद्यार्थी थिए । सो बाहेक संस्कृति र राजनीतिशास्त्र विषयमा क्रमशः ६ र ५ जना विद्यार्थीले परीक्षा दिएका थिए ।

विश्वविद्यालयमा स्नातकोत्तर तहमा पठन पाठन हुने १९ विषयमध्ये दोस्रो खण्डको परीक्षामा रसायनशास्त्र बाहेक सबै विषयको परीक्षामा विद्यार्थीहरू संलग्न रहेका थिए । दोस्रो खण्डमा भने सबै भन्दा बढी परीक्षार्थी वाणिज्यशास्त्रमा ४५ थिए भने अर्थशास्त्रमा ४१ र नेपालीमा ३५ थिए । संख्यात्मक रूपमा सबै भन्दा कम परीक्षार्थी संस्कृतमा एक, भौतिक रसायनमा दुई, अर्गानिक केमेष्ट्रि, भूगोल र हिन्दीमा तीन/तीन, संस्कृतिमा चार तथा अङ्ग्रेजी र भौतिकशास्त्रमा ६/६ परीक्षार्थी थिए । अन्य ७ विषयमा ८ देखि २१ जना विद्यार्थी संख्या थिए ।

जहाँसम्म दुवै खण्डको परीक्षा दिने परीक्षार्थी संख्या भने नेपालीमा १० जना, अर्थशास्त्रमा ४ जना, संस्कृत र वाणिज्यशास्त्रमा दुई/दुई जना तथा इतिहास, संस्कृति, राजनीतिशास्त्र, वाणिज्यशास्त्र र गणितमा

एक/एक जना थिए  भने बाँकी विषयहरूमा एक जनासम्म पनि परीक्षार्थी थिएनन् ।

यसै गरी आंशिक परीक्षामा भने अर्थशास्त्रका ४०, गणितमा ४, वाणिज्यशास्त्रमा ३, नेपाली र राजनीतिशास्त्रमा दुई/दुई तथा इतिहास, अङ्ग्रेजी र भौतिक रसायन विषयमा एक/एक जना परीक्षार्थी थिए । बाँकी विषयहरूमा भने एक जना पनि परीक्षार्थी थिएनन् ।

समग्रमा विषयगत परीक्षार्थी संख्यालाई हेर्दा नेपाली, अर्थशास्त्र, वाणिज्यशास्त्र विषयहरूमा विद्यार्थीको आकर्षण देखिन्छ भने संस्कृत, हिन्दी, भूगोल, अङ्ग्रेजी, इतिहास आदि विषयहरूमा विद्यार्थीको आकर्षण कम देखिन्छ । त्यस्तै विज्ञान विषयमा पनि दोस्रो खण्डमा पिरीक्षार्थी संख्या केही आशालाग्दो देखिए तापनि पहिलो एवम् दुवै खण्डका परीक्षामा एक जनासम्म पनि परीक्षार्थी देखिँदैनन् ।

स्नातकोत्तर तहमा पुरानो पद्धतिमा मानविकी तथा सामाजिकशास्त्र विषयमा जम्मा १० विषय तथा विज्ञान विषयमा ५ समेत विश्वविद्यालयमा जम्मा १५ विषयमा पठन पाठन सञ्चालन गरिएकोमा नयाँ पद्धतिमा विज्ञान विषय विस्तार गरिएको देखिन्छ । विद्यार्थी संख्यालाई समग्रतामा हेर्ने हो भने पुरानो पद्धतिमा धेरैले स्नातकोत्तर तहको अध्ययन गरेको देखिन्छ जबकी नयाँ शिक्षा पद्धतिमा सो संख्या आधा जति पनि रहेन । जस्तो पुरानो पद्धतिमा वाणिज्यशास्त्र विषयमा ८१ जना सफल भएका थिए भने नयाँ शिक्षाको प्रथम खण्डमा सो संख्या घटेर १४ भएको थियो जुन पुरानोको तुलनामा जम्मा १७ प्रतिशत जतिमात्र हो । त्यस्तै पुरानो पद्धतिमा प्रथम खण्डमा दोस्रो बढी विद्यार्थी भएको विषय अर्थशास्त्र जसमा ५७ विद्यार्थी थिए । नयाँ पद्धतिमा भने अर्थशास्त्रमा ३३ जना अर्थात् ४३ प्रतिशत जति कम विद्यार्थी हो ।

नयाँ पद्धतिको पहिलो खण्डमा संस्कृत, हिन्दी, भूगोल र वनस्पतिशास्त्र विषयमा एक जनासम्म पनि विद्यार्थी देखिएनन् जबकी

पुरानो पद्धतिमा क्रमशः ३, ५, ३ र ९ जना विद्यार्थी देखिन्छन् । मानविकी तथा सामाजिकशास्त्र विषयका १० विषयहरूमा पुरानो पद्धतिको प्रथम खण्डमा जम्मा २५४ विद्यार्थी उत्तीर्ण भएका थिए भने नयाँ पद्धतिमा सोही विषयहरूमा जम्मा ८८ जना विद्यार्थीहरू थिए । यस दृष्टिबाट हेर्दा नयाँ पद्धतिमा पुरानोमा भन्दा ३४ प्रतिशत जति विद्यार्थी संलग्न रहेको देखिन्छ ।

यसरी राष्ट्रिय शिक्षा पद्धतिको योजनामा विद्यार्थी संख्यामा कमी रहनुको एउटा प्रमुख कारण यस पद्धतिमा विद्यार्थीहरू कक्षामा नियमित रूपमा उपस्थित रहनु पर्ने हुन सक्दछ ।

## आंशिक परीक्षा

२०२७ साल मंसिर महिनामा बसेको विश्वविद्यालय एकेडेमिक काउन्सिलको वैठकबाट आइ.ए., आइ.एस्सी., आइ.कम., आइ.एड., तथा बी.ए., बी.एस्सी., बी.कम., र बी.एड. परीक्षाहरूमा आंशिक परीक्षा पद्धति अपनाउन विनियम तर्जुमा गरी सिफारिस गरिएको थियो ।[२७] एकेडेमिक काउन्सिलको उक्त सिफारिसअनुसार उल्लिखित विषय तथा तहको परीक्षाहरूमा आंशिक परीक्षा पद्धति लागू गर्ने सम्बन्धमा सन् १९७२ को परीक्षादेखि आंशिक परीक्षा पद्धति पनि लागू गरिने भयो भने सन् १९७१ को परीक्षामा सम्मिलित भएका परीक्षार्थीलाईसमेत यो अवसर दिइयो ।[२८] विश्वविद्यालयको यो निर्णयबाट नयाँ शिक्षा पद्धतिमासमेत पुरानो पद्धतिमा अध्ययन गरेका विद्यार्थी परीक्षामा सामेल हुन पाउने भए ।

आंशिक परीक्षा पद्धतिमा विद्यार्थीले आफूले दिने परीक्षाको एक वा एक भन्दा बढी विषय पटक/पटक गरी परीक्षा दिन पाउने भए । आंशिक परीक्षा दिँदा सम्बन्धित कोर्षको सबै विषयको पूर्णाङ्कको आधामा नबढाई

[२७] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ९७ ।

[२८] त्रिभुवन विश्वविद्यालय सिण्डिकेट वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १४३ ।

पहिलो पटकमा परीक्षा दिन पाउने अर्थात् पूर्णाङ्क १००० रहने भयो भने ५०० भन्दा बढी पूर्णाङ्क हुने विषयहरूको परीक्षा एकै पटक दिन नपाइने भयो । जुन सुकै विषय भए तापनि त्यसको सबै पत्रहरूको परीक्षा दिनु पर्ने भयो । दुबै वर्षको एकेडेमिक सेसन पूरा नहुँदै आंशिक परीक्षा दिन चाहेमा माथि लेखिएअनुसार पूर्णाङ्कको ५० प्रतिशत भन्दा बढीमा परीक्षा दिन नपाइने भयो ।

कुनै विद्यार्थीले इण्टर स्तरको सम्पूर्ण विषयहरूमा नियमानुसार परीक्षामा सम्मिलित भई अनुत्तीर्ण भएमा उसले जुन विषयमा ३३ प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरी त्यस विषयअन्तर्गतका हरेक पत्रमा २० प्रतिशत वा बढी अङ्क प्राप्त गरेको रहेछ भने त्यस विषयमा पुनः परीक्षा दिनु नपर्ने गराइयो । त्यस्तै कुनै विषयमा ३३ प्रतिशत अङ्क प्राप्त गरेको तर सो विषयअन्तर्गतको कुनै पत्रमा २० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा सो २० प्रतिशत भन्दा कम अङ्क भएको पत्रमा पुनः परीक्षा दिनु पर्ने र यसरी पुनः परीक्षामा कमसेकम २० प्रतिशत अङ्क ल्याएमा उत्तीर्ण हुने भए । कुनै विषयअन्तर्गतको हरेक पत्रमा २० प्रतिशत वा त्यस भन्दा बढी अङ्क प्राप्त गरेको तर सो विषयमा ३३ प्रतिशत अङ्क प्राप्त नगरेमा सो पूरै विषयमा परीक्षा दिनु पर्ने गरियो ।

उल्लिखित प्रतिशत तथा प्राप्ताङ्क सैद्धान्तिक विषयहरूका लागि मात्र लागू हुने भयो । सोही विषयको सैद्धान्तिक र प्रयोगात्मक दुवै बेग्ला बेग्लै उत्तीर्ण हुनु पर्ने तथा सैद्धान्तिक विषयमा उत्तीर्णाङ्क ३३ प्रतिशत र प्रयोगात्मक विषयमा उत्तीर्णाङ्क ४० प्रतिशत गराइयो ।

आइ.ए.र सैद्धान्तिक विषयहरूमा पनि उत्तीर्णाङ्क ३३ प्रतिशत र प्रयोगात्मक विषयमा उत्तीर्णाङ्क ४० प्रतिशत गराइयो । कुनै विद्यार्थी स्नातक तहको सम्पूर्ण विषयहरूमा नियमानुसार परीक्षामा सम्मिलित भई अनुत्तीर्ण भएमा उसले जुन विषयमा ३५ प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरी त्यस विषयअन्तर्गत हरेक पत्रमा २० प्रतिशत वा बढी अङ्क प्राप्त गरेको रहेछ भने त्यस विषयमा पुनः परीक्षा दिनु नपर्ने भयो । कुनै

विषयमा ३५ प्रतिशत अङ्क प्राप्त गरेको तर त्यो विषयअन्तर्गतको कुनै पत्रमा २० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा सो २० प्रतिशत भन्दा कम अङ्क भएको पत्रमा पुनः परीक्षा दिनु पर्ने र यसरी पुनः परीक्षा दिँदा कमसे कम २० प्रतिशत अङ्क ल्याएमा उत्तीर्ण हुने भए । यद्यपि कुनै विषयअन्तर्गतको हरेक पत्रमा २० प्रतिशत वा त्यस भन्दा बढी अङ्क प्राप्त गरेको तर सो विषयमा ३५ प्रतिशत अङ्क प्राप्त नगरेमा सो पूरा विषयमा परीक्षा दिनु पर्नेभयो ।

उल्लेख्य के छ भने उल्लिखित नियमहरू सैद्धान्तिक विषयका लागि मात्र लागू हुने तथा सोही विषयको सैद्धान्तिक र प्रयोगात्मक दुवैमा बेग्ला बेग्लै उत्तीर्ण हुनु पर्ने तथा सैद्धान्तिक विषयमा उत्तीर्णाङ्क ३५ प्रतिशत र प्रयोगात्मक विषयमा उत्तीर्णाङ्क ४० प्रतिशत गरियो ।

बी.एड.का सैद्धान्तिक विषयहरूमा पनि उत्तीर्णाङ्क ३५ प्रतिशत र प्रयोगात्मक विषयहरूमा उत्तीर्णाङ्क ४० प्रतिशत कायम गरियो । त्यस्तै बी.ए. र बी.एस्सी. अनर्स परीक्षाको सैद्धान्तिक विषयमा उत्तीर्णाङ्क ४५ प्रतिशत र प्रयोगात्मक पत्र भएको विषयमा सैद्धान्तिक र प्रयोगात्मक परीक्षाका लागि अलग अलग ४५ प्रतिशत उत्तीर्णाङ्क रहने व्यवस्था भयो ।

आंशिक परीक्षामा सम्मिलित हुने विद्यार्थी कुनै विषयमा अनुत्तीर्ण भएमा अनुत्तीर्ण भएको विषयमा अरू दुई पटकसम्म परीक्षा दिने पाउने भयो । यसरी कुनै विषयमा तीन पटक अनुत्तीर्ण भए पछि त्यसमा पुनः परीक्षा दिन पाइने भएन । अनिवार्य विषयहरूमा यस्तो हुन गएमा फेकल्टी नै बदली परीक्षा दिनु पर्ने र ऐच्छिक विषय भएमा विषयमात्र बदले पुग्ने भयो ।

विश्वविद्यालयले लिँदै आएको साविकको कम्पार्टमेण्टल परीक्षा हटाइएयो भने आंशिक परीक्षा पद्धतिमा प्रोविजनल एड्मिसनसमेत गर्न नपाइने भयो । तर सन् १९७१ को परीक्षामा सम्मिलित भई अनुत्तीर्ण हुने

परीक्षार्थीले कम्पार्टमेण्टल परीक्षा दिन चाहेमा साविक विनियमअनुसार सन् १९७२ एक वर्षका लागि मात्र कम्पार्टमेण्टल परीक्षामा बस्न सकिने भयो ।

उल्लिखित परीक्षाहरू तत्काल लागू रहेको विनियम र पाठ्यक्रमअनुसार नै गरिने भयो ।

आंशिक परीक्षामा सम्मिलित हुँदै जुन वर्षको परीक्षामा अन्तिम विषयमा उत्तीर्ण हुन्छ त्यस वर्ष सो सम्पूर्ण परीक्षा उत्तीर्ण भएको मानिने र लब्धाङ्कअनुसार सर्टिफिकेट वा डिग्री प्रदान गर्ने व्यवस्था गरियो । त्यस्तै आंशिक परीक्षामा सम्मिलित हुने हरेक परीक्षार्थीको विश्वविद्यालयमा ट्रान्सकृप्ट राखिने व्यवस्था गरियो जसमा परीक्षार्थीले दिएका परीक्षाहरूको विवरण उल्लेख गरिने तथा परीक्षार्थीलाई सो ट्रान्सकृप्टसमेत उपलब्ध गराउन पनि सकिने व्यवस्था भयो ।

विश्वविद्यालयले प्रत्येक वर्ष दुई पटक परीक्षा सञ्चालन गर्ने भयो ।

आधार परीक्षा उत्तीर्ण भएको दुई एकेडेमिक सेसनपछि परीक्षा दिने विद्यार्थीले कुनै वर्षको पहिलो परीक्षा दिँदा अनुत्तीर्ण भएमा अनुत्तीर्ण भएको विषयमासमेत लगत्तै हुने दोस्रो परीक्षामा पनि सम्मिलित हुन पाउने भए । यद्यपि आधार परीक्षा उत्तीर्ण भएको एक एकेडेमिक सेसनपछि मात्र एक वा बढी विषयहरूमा सो वर्षको पहिलो परीक्षा दिई अनुत्तीर्ण भएमा लगत्तै पछिको दोस्रो परीक्षामा सम्मिलित हुन नपाइने भयो । आधार परीक्षा भन्नाले इण्टर परीक्षा दिनका लागि एस.एल.सी.वा त्रिभुवन विश्वविद्यालयले मान्यता दिएको सो सरहको परीक्षालाई जनाउँछ । त्यस्तै बेचलर परीक्षा दिनका लागि त्रिभुवन विश्वविद्यालको इण्टर परीक्षा वा त्रिभुवन विश्वविद्यालयले मान्यता दिएको सो सरहको परीक्षाहरूलाई आधार परीक्षा मानियो ।

इण्टर र बेचलर परीक्षाहरूमा एगृगेटमा कमसेकम ६० प्रतिशत अङ्क प्राप्त गर्ने प्रथम श्रेणी, कमसेकम ४५ प्रतिशत अङ्क प्राप्त गर्ने द्वितीय

श्रेणी तथा क्रमशः कमसेकम ३३ प्रतिशत अङ्क प्राप्त गर्ने तृतीय श्रेणी निर्धारण गरियो ।

उल्लिखित विषय भन्नाले त्रिभुवन विश्वविद्यालय विनियमअनुसार एउटै समुहमा अङ्क जोडी उत्तीर्ण हुने पत्र समूह जनाउँछ । आइ.कम.प्रथम समुहमा अङ्ग्रेजी प्रथम र द्वितीय पत्र एक विषय र यसै समूहको बाँकी अलग अलग विषय हुने भए ।

कुनै परीक्षाको बढीमा ५० प्रतिशत वा सो भन्दा कम अङ्कको परीक्षा दिनेलाई सम्बन्धित परीक्षाका लागि तोकिएको परीक्षा शुल्कको ५० प्रतिशत शुल्क लाग्ने र ५० प्रतिशत भन्दा बढी अङ्कको परीक्षा दिनेलाई सो परीक्षाको पूर्ण शुल्क लाग्ने तथा उक्त शुल्क हरेक पटक परीक्षा दिँदा बुझाउनु पर्ने भयो ।

विश्वविद्यालयले उत्तरमध्यमा र शास्त्री तहका परीक्षाहरूका लागिसमेत सन् १९७२ को परीक्षादेखि आंशिक परीक्षा लागू गरेको थियो । यस क्रममा उत्तरमध्यमा र शास्त्रीका सबै विषयहरू एकै पल्ट उत्तीर्ण हुन चाहिने अङ्क पूर्व प्रचलित नियमअनुसार नै यथावत् राखियो । उत्तरमध्यमा र शास्त्री तहका प्रत्येक परीक्षामा पूर्व आधार परीक्षा उत्तीर्ण गरेको पहिलो वर्षमा नै सम्बन्धित परीक्षाको ५० प्रतिशतसम्मको परीक्षा दिने प्रणाली (खण्डः परीक्षा दिने पद्धति) प्रचलित नै रहेको हुँदा एक प्रकारको आंशिक परीक्षा पद्धति कायम राखियो । उक्त परीक्षाहरू पहिलो पल्ट दिँदा प्रथम तथा द्वितीय दुवैमा खण्डमा निर्धारित एकै विषयहरूको परीक्षा दिनु पर्ने भयो अर्थात् प्रथम पटकमा आंशिक रूपमा एक/दुई विषयको मात्र परीक्षामा सम्मिलित हुन पाइने भएन ।

दुवै तहका परीक्षाहरूमा उत्तरमध्यमा परीक्षामा ३३ प्रतिशत अङ्क पाएको विषयमा र शास्त्री परीक्षामा ३५ प्रतिशत अङ्क प्राप्त गरेका विषयहरू उत्तीर्ण भएको मानिने भएकाले तिनमा पुनः परीक्षा दिन नपर्ने भयो । उत्तरमध्यमा तहका कुनै विषयमा ३३ प्रतिशत भन्दा कम र

शास्त्रीमा ३५ प्रतिशत भन्दा कम अङ्क पाएको परीक्षार्थी यी विषयहरूमा अनुत्तीर्ण मानिने भएकाले तिनीहरूले यी विषयहरूको परीक्षामा पुनः उत्तीर्ण हुनु पर्ने र पुनः उत्तीर्ण गर्ने उत्तीर्णाङ्क उत्तरमध्यमा तहमा ३३ प्रतिशत र शास्त्री तहमा ३५ प्रतिशत बनाइयो ।

उत्तरमध्यमाको कुनै विषयमा ३३ प्रतिशत र शास्त्रीमा कुनै विषयमा ३५ प्रतिशत अङ्क प्राप्त गरेको तर त्यस विषयअन्तर्गतको कुनै पत्रमा २० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा सो २० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको पत्रमा पुनः परीक्षा दिनु पर्ने, यसरी पुनः परीक्षा दिँदा कममा २० प्रतिशत अङ्क ल्याएमा उत्तीर्ण हुने भए ।

विश्वविद्यालयमा एकै वर्ष एउटै परीक्षा दुई पटक सञ्चालित भएका खण्डमा पहिलो परीक्षामा कुनै कक्षाको परीक्षामा सम्मिलित भई नियमानुसार केही विषयमा उनुत्तीर्ण भएमा सो अनुत्तीर्ण भएको विषयको परीक्षा मात्र त्यसै वर्षको दोस्रो परीक्षामा दिन पाइने भयो ।

प्रथम खण्डमा सम्मिलित भएर कुनै एउटा विषयमात्र अनुत्तीर्ण भएको परीक्षार्थीले अस्थायी रूपमा द्वितीय खण्डका कक्षाहरूमा अध्ययन गर्ने सुविधा पाउने तर एक भन्दा बढी विषयमा अनुत्तीर्ण छात्रले भने द्वितीय खण्डमा अस्थायी प्रवेश पाउने भएन । यद्यपि उसले त्यस पछिको परीक्षामा प्रथम खण्डको अनुत्तीर्ण एउटा नै विषयको परीक्षा र द्वितीय खण्डका सबै विषयहरूको परीक्षा पनि एकै पल्ट दिन पाउने व्यवस्था गरियो ।

प्रथम खण्डको विषयको परीक्षामा अनुत्तीर्ण भएमा द्वितीय खण्डको विषयहरूमा उत्तीर्णाङ्क भए तापनि उत्तीर्ण मानिने भएन । प्रथम खण्डको परीक्षा उत्तीर्ण भएपछि द्वितीय खण्डको परीक्षामा पनि उत्तरमध्यमा तहमा ३३ प्रतिशत र शास्त्रीमा ३५ प्रतिशत अङ्क पाएका विषयमा उत्तीर्ण भएको मानिने र त्यस भन्दा कम अङ्क पाउने छात्रले अनुत्तीर्ण भएका विषयहरूको मात्र परीक्षामा पुनः उत्तीर्ण हुनु पर्ने भयो ।

उत्तरमध्यमा तहमा कुनै विषयमा ३३ प्रतिशत र शास्त्रीको कुनै विषयमा ३५ प्रतिशत अङ्क प्राप्त गरेको भए तापनि त्यस विषयअन्तर्गतका कुनै पत्रमा २० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा सो २० प्रतिशत भन्दा कम अङ्क पाएको पत्रमा पुनः परीक्षा दिनु पर्ने, यसरी पुनः परीक्षा दिँदा कममा २० प्रतिशत अङ्क नपाएको विषयमा अनुत्तीर्ण मानिने भयो । उत्तरमध्यमा द्वितीय खण्डको एक विषयमा अनुत्तीर्ण भएको छात्रले शास्त्रीको प्रथम खण्डमा र शास्त्रीको द्वितीय खण्डको एक विषयमा अनुत्तीर्ण भएको छात्रले आचार्य प्रथम खण्डमा अस्थायी प्रवेश नपाउने भयो ।

पूर्व प्रचलित विनियमअनुसार सम्पूर्ण उत्तरमध्यमा परीक्षा एकै पल्ट दिन चाहने परीक्षार्थीले एक पल्ट सबै विषयमा सम्मिलित भइसकेपछि मात्र कुनै विषयमा अनुत्तीर्ण भएमा अनुत्तीर्ण भएको विषयमा आंशिक परीक्षा दिन पाउने भयो ।[२९]

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको निर्णय नं. १६/२०२९ ले सन् १९७५ सम्म प्राइभेट परीक्षाको अवधि बढाउन विनियममा आवश्यक संशोधन गरेको थियो । त्यस्तै नं. २/२०२९ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्स्टिच्यूटमा परिणत हुने बेलामा चालू रहेका कुनै महाविद्यालय वा शिक्षण संस्थामा अध्ययन गरिरहेका तर पढाई पूरा हुन बाँकी विद्यार्थीहरूको पढाई साविकको विनियमानुसार पूरा गर्न दिने तथा अध्ययन पूरा गरेका तर परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरूका निम्ति सन् १९७५ सम्म साविकै कोर्समा परीक्षा मात्र लिईदिने व्यवस्था गरियो ।

[२९] 'त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित हुने उत्तर मध्यमा र शास्त्री परीषाहरूको निम्ति सन् १९७२ को परीक्षा देखि लागू हुने आंशिक परीक्षा सम्बन्धी नियमहरू' उल्लिखित लिथो गरिएको दुई पृष्ठको सामग्री ।

यहाँ उल्लेख्य के पनि देखिन्छ भने विश्वविद्यालय कार्यकारिणी समितिले आंशिक परीक्षा प्रणालीको व्यवस्था लागू भएदेखि पुरानो (२०२८ सालसम्मको) पाठ्यक्रमअनुसार आंशिक परीक्षामा सम्मिलित भएर तह पार गर्न नसकेका परीक्षार्थीहरूले पुरानो पाठ्यक्रमअनुसार नै आंशिक परीक्षामा सम्मिलित हुन पाउने पुनः व्यवस्था गरेको थियो । पुरानो पाठ्यक्रमअनुसार आंशिक परीक्षा दिन पाउने व्यवस्था सन् १९८० को परीक्षादेखि लागू गरिएको थियो ।[३०]

## परीक्षा समिति

परीक्षालाई सहज ढङ्गबाट सञ्चालन गर्ने उद्देश्यले एउटा 'परीक्षा समिति' को गठन गरिएको थियो । २०३२ सालमा रजिष्ट्रारको अध्यक्षतामा गठन गरिएको समितिमा उपकुलपतिबाट मनोनित गरिएका ४ जना डीनहरू 'सदस्य' तथा परीक्षा शाखाका प्रमुख 'सचिव' व्यवस्था गरियो । समितिलाई सन् १९८० सम्म चालू रहने सबै प्राइभेट तथा कम्प्रिहेन्सिभ परीक्षाहरू सञ्चालन गर्नाका साथै सेमेष्टर परीक्षाहरूको रेखदेख गर्ने प्रमुख दायित्व दिइयो । यसका अतिरिक्त समितिले परीक्षाका निम्ति मोडरेसन समिति गठन गर्ने, प्राश्निक तथा परीक्षक नियुक्त गर्ने, परीक्षाको नतिजा प्रकाशन गर्ने, प्राइभेट परीक्षार्थीलाई परीक्षामा बस्ने अनुमति दिने, परीक्षामा अनियमितता भएको भन्ने ठहर भएमा त्यस्ता परीक्षा बदर गर्ने, परीक्षार्थीबाट कुनै अनुचित उपाय अवलम्बन गरेमा वा अनुशासन खिलाफ गरेमा उचित दण्ड दिने एवम् परीक्षा सञ्चालनसँग सम्बद्ध आवश्यक व्यवस्था गर्ने जिम्मेवारी दिइयो ।[३१]

---

[३०] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३६ साल कार्तिक ३० गतेको बैठकको निर्णय नं. ५ ।

[३१] २०३२ साल मार्ग २९ गते सोमवारका दिन त्रिभुवन स्मृति भवन, कीर्तिपुरमा बसेको त्रिभुवन विश्वविद्यालय सभाको असाधारण वैठकबाट पारित 'त्रिभुवन विश्वविद्यालय नियममा संशोधन', माइनुट, परिच्छेद-४५, पृ. ४५ ।

परीक्षामा सरलीकरण

विश्वविद्यालयले सेमेष्टर पद्धतिको परीक्षा धेरै नै जटिल भयो भन्ने विद्यार्थीहरूको गुनासोलाई ध्यानमा राखी २०३४ सालदेखि सेमेष्टरको अन्तिम आन्तरिक मूल्याङ्कन छुट भएमा पुनः सो मूल्याङ्कन परीक्षा दिन नपाउने विद्यमान व्यवस्थाको सट्टा अब छुट भएको परीक्षा पनि दिन सकिने व्यवस्था गरेको थियो । यसैगरी आन्तरिक मूल्याङ्कनमा अनुत्तीर्ण हुने विद्यार्थीहरूले कोर्स रजिष्ट्रेसन गराई कक्षामा पढ्नु पर्ने व्यवस्था हटाई आन्तरिक मूल्याङ्कनको परीक्षा मात्र दिए पुग्ने बनाइयो । अनुत्तीर्ण भएका विषयमा पुनः परीक्षा दिने सम्बन्धमा सेमेष्टरमा थप पाँच अध्ययन अवधि (क्रेडिट आवर) को परीक्षा दिन पाउने व्यवस्था रहेकोमा अब सो अध्ययन अवधि १० बनाइयो ।

कम्प्रिहेन्सिभ परीक्षा साविकमा जस्तै सञ्चालन गरिने तथा विद्यार्थीहरूको सुविधालाई ध्यानमा राखी सो परीक्षा वर्षमा दुई पटक गरिने नयाँ व्यवस्था मिलाइयो । त्यस बखत व्याक पेपर परीक्षा भइसकेको र कम्प्रिहेन्सिभ परीक्षाका लागि फर्म भर्ने म्यादसमेत थोरै भएकोमा त्यसबाट विद्यार्थीहरूलाई पर्ने मर्कातर्फ ध्यान आकृष्ट गर्दा चालू सेमेष्टर भित्र मेकअप परीक्षाहरू (आन्तरिक मूल्याङ्कन) दिई सेमेष्टर परीक्षा पूरा गर्ने विद्यार्थीहरूलाई आगामी कम्प्रिहेन्सिभ परीक्षामा सम्मिलित हुन पाउने गरी समय बढाइयो ।

त्यस्तै पुरानो पाठ्यक्रमअनुसारको आन्तिम परीक्षाको म्याद सन् १९७७ सम्म मात्र रहे तापनि सो परीक्षामा सम्मिलित हुने विद्यार्थीहरूले अनुत्तीर्ण विषयमा पुनः परीक्षा दिन पाउने व्यवस्था गरियो ।[३२]

## प्रवेश परीक्षा

विश्वविद्यालयले शैक्षिक वर्ष २०३५/०३६ का लागि विभिन्न अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र तहमा प्रवेश परीक्षा दिनेहरूको नतिजा प्रकाशित गरेअनुसार उक्त प्रवेश परीक्षाका लागि आवेदन दिने कूल

[३२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१०, अङ्क-१९, २०३४ साल पौष, पृ. २ ।

विद्यार्थी संख्या १३,५७७ मध्ये १२,१५३ जनालाई योग्यताक्रमको आधारमा प्रवेश दिइएको र बाँकी रहेका १,४२४ जना आवेदकहरूलाई पनि त्रिभुवन विश्वविद्यालअन्तर्गतका कुनै न कुनै क्याम्पस तथा कार्यक्रममा स्थान दिन सकिने व्यवस्था मिलाइएको देखिन्छ ।

ती आवेदकहरूमध्ये काठमाडौँ उपत्यका भित्रका क्याम्पसहरूमा आवेदन दिने ७,११९ तथा उपत्यका बाहिरका क्याम्पसहरूमा आवेदन दिने ६,४५८ थिए ।

विश्वविद्यालयले त्यस वर्ष प्रमाणपत्र तहमा एक जना विद्यार्थीले दशवटा अध्ययन संस्थानमा पनि प्रवेश परीक्षा दिन सक्ने व्यवस्था गरेको थियो र एक जना प्रवेश परीक्षार्थीले कम्तीमा ३ भिन्ना भिन्नै अध्ययन संस्थानमा आवेदन दिएका थिए ।[३३]

## प्रतिवेदनमा परीक्षा सन्दर्भ

विद्यमान परीक्षा प्रणालीका सम्बन्धमा सरकारी समिति तथा आयोगहरूसमेतले आ-आफ्नो दृष्टिकोण दिएको देखिन्छ । यसै सन्दर्भमा एउटा समग्रीले योजना पूर्व धेरै बाह्य परीक्षा हुने, योजनामा आन्तरिक मूल्याङ्कनका साथै मूलतः बाह्य परीक्षाको व्यवस्था भएको, विश्वविद्यालयबाट योजना लागू हुँदा पूरै आन्तरिक परीक्षाको प्रयोग भई २०३२ सालदेखि १० प्रतिशत आन्तरिक मूल्याङ्कन बाहेक ९० प्रतिशत बाह्य परीक्षा राखिएको, त्यतिखेर उत्तीर्ण प्रतिशत ३० देखि ३५ रहेको, जाँचको वातावरण दूषित भई परीक्षामा चोरी बढी भएको र परीक्षा निरीक्षणमा शिक्षकलाई धम्की दिइने स्थिति बढ्न लागेको तथा पुनः परीक्षामा परीक्षार्थीको ठूलो संख्या र अव्यवस्थित स्थिति देखा परेको जस्ता समस्या औंल्याइएको थियो ।[३४]

---

[३३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-५, २०३५ साल साउन २९ गते, आइतवार, पृ.४ ।

[३४] त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुरको अभिलेख शाखामा २१० पृष्ठ जतिको लिथो गरिएको एउटा सामग्री फेला परेको छ । यसको अगाडीको शीर्षक, तयार गर्नेको नाम-विवरण, मिति आदि केही उल्लेख

त्यस्तै विद्यार्थी आन्दोलनका क्रमसँगै २०३६ साल वैशाख १९ गतेका दिन गठीत 'शाही आयोग' को मुख्य निर्देशन र त्यस परिप्रेक्ष्यमा भएका प्रमुख कारवाहीहरू भएको सन्दर्भ उल्लेख गरिएको थियो । यस क्रममा त्रिभुवन विश्वविद्यालय ऐन २०२८ माथि २०३६ सालमा दोस्रो संशोधन भई प्रवेश परीक्षा खारेज गरियो तथा पूर्व योग्यताक्रमअनुसार विद्यार्थी भर्ना गर्ने व्यवस्था भयो । सेमेष्टर प्रणालीअनुसारको ५ वर्षको अवधिसम्म क्रेडिट सञ्चित हुने व्यवस्था खारेज भयो र एक सत्रमा पुनः परीक्षा दिने पाठ्यांश सीमा पनि खारेज गरियो भने कम्प्रिहेन्सिभ परीक्षा पूरै खारेज भयो ।

अन्तर अध्ययन संस्थान स्तरका शैक्षिक कार्यक्रममा विद्यार्थीहरूको प्रवेश सम्भाव्यता बारे विचार गर्न विश्वविद्यालयलाई निर्देशन दिइयो र प्रायः प्राज्ञिक औचित्य हेरी विश्वविद्यालयबाट यसतर्फ यथासम्भव व्यवस्था भयो भने स्नातकोत्तर शोधकार्यलाई ऐच्छिक तुल्याई त्यसका विकल्पका रूपमा अध्ययन पत्र लेख्ने वा वैकल्पिक पाठ्यांश लिन पाउने व्यवस्था गर्नुका साथै विद्यार्थी हित शाखासँग सम्बन्धित समितिहरूमा क्याम्पस विद्यार्थी युनियनकोसमेत प्रतिनिधित्व गराइने कुरा सिद्धान्ततः स्वीकृत गरियो ।

अघिल्लो सत्रका पाठ्यांश पछिल्लो सत्रका निम्ति पूर्वावश्यक भनी तोकिएबाट तिनमा अनुत्तीर्ण हुने विद्यार्थीहरू आगामी सत्रमा पढ्न नपाउने व्यवस्था चिकित्साशास्त्र, इञ्जिनीयरिङ्ग जस्ता विषयमा भएकोमा सो पूर्वावश्यकताको व्यवस्था खारेज गरियो भने क्याम्पसका माग सम्बद्ध क्याम्पसबाट छानबीन गरी पूरा गर्ने निर्देशन दिइएकोमा सम्भव माग पूरा

---

पाइँदैन, सम्भवतः च्यातिएको हो । सामग्रीको थालनीमा कलमले 'रा.शि.प.प्रारम्भ भएदेखि उ.शि.को क्षेत्रमा भएका उपलब्धि र कमजोरीहरू सम्बन्धमा गठिन समितिको प्रारम्भिक प्रतिवेदन' लेखिएको छ । त्यसपछि 'विषय सूची' रहेको छ । यो सन्दर्भ सोही सामग्रीको पृ. ८८-९७ बाट लिइएको हो ।

गर्ने प्रयास गरिनाका साथै आचार संहिताअन्तर्गत विद्यार्थीहरू उपर गरिएका अनुशासनात्मक कारबाही विश्वविद्यालयले फिर्ता लिनु पऱ्यो ।[३५]

यहाँ उल्लेख्य सन्दर्भ के पनि छ भने शाही उच्च शिक्षा आयोगको सिफारिसमा साधारण उच्च शिक्षातर्फ ८० प्रतिशत अङ्कभारको बाह्य परीक्षा र २० प्रतिशत अङ्कभारको क्याम्पस स्तरमा सञ्चालित सावधिक आन्तरिक परीक्षाको व्यवस्था गरिने, सावधिक परीक्षाको उक्त २० प्रतिशत अङ्क ५/५ महिनाको अन्तरमा वर्षमा २ पटक क्याम्पस तहबाट लिइएको परीक्षाको आधारमा दिइने, सावधिक परीक्षामा उत्तीर्ण नहुने विद्यार्थीलाई बाह्य परीक्षामा सम्मिलित हुन नदिइने, केन्द्रीय स्तरबाट निर्धारित परीक्षाबाहेक भारविहीन टेस्ट जस्ता अन्य परीक्षाहरू लिन सकिने भयो । त्यस्तै विश्वविद्यालयका प्राविधिक अध्ययन संस्थाहरूले आफ्नो परीक्षा प्रणाली आफै निर्धारण गर्ने र तिनको विषयगत प्रकृतिअनुरूप प्रत्येक विषयको बाह्य र आन्तरिक सावधिक परीक्षाको अङ्कभार तोक्ने भए । तत्कालका लागि केन्द्रीय कार्यालयको परीक्षा शाखाले प्राविधिक अध्ययन संस्थानहरूमा विशेष एकाइको स्थापना गरी बाह्य परीक्षा सञ्चालन गर्ने तथा क्रमशः यिनै अध्ययन संस्थाहरूलाई नै परीक्षा सञ्चालनको सम्पूर्ण अभिभारा दिइनुका साथै विश्वविद्यालय प्राज्ञिक परिषद्ले कुनै सङ्काय, विषय क्षेत्र, क्याम्पस, स्कूल वा विभागलाई परीक्षण र मूल्याङ्कन प्रणालीबारे विशेष व्यवस्थाको अनुमति दिन सक्ने तथा आंशिक परीक्षाअन्तर्गत पाँच वर्षभित्र सम्बन्धित तह उत्तीर्ण गर्ने सहुलियत दिइने भयो ।[३६]

## एम.वी.वी.एस.परीक्षा

विश्वविद्यालयले २०४० सालको अन्त्यमा पहिलो पटक चिकित्सा तथा सर्जरी विषयमा स्नातक (एम.वी.वी.एस.) तहको पहिलो समूहको

---

३५ *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. १३३ ।

३६ *ऐजन,* पृ. ४३८-४३९ ।

अन्तिम परीक्षा सञ्चालन गरेको थियो । परीक्षामा पाठ्यक्रम पूरा गरिसकेका २२ जना विद्यार्थीहरू सम्मिलित हुने तथा सो अन्तिम परीक्षापछि ती परीक्षार्थीहरूलाई एक वर्षको इन्टर्नशीप कोर्श पूरा गराई मात्र एम.वी.वी.एस.प्रमाणपत्र दिइने व्यवस्था गरियो । इन्टर्नशीप कोर्श अवधिमा परीक्षार्थीहरूलाई राजधानीका विभिन्न अस्पतालहरूमा संलग्न गराउने, वरिष्ठ चिकित्सक एवम् विशेषज्ञहरूको निरीक्षणमा प्रशिक्षण दिइने तथा ती सबै अभ्यासक्रम पश्चात तिनीहरू जिल्ला जिल्लाका अस्पतालहरूमा स्वतन्त्र रूपले काम गर्न योग्य हुने विश्वविद्यालयले व्यवस्था गरेको थियो । फलस्वरूप एक वर्षभित्रमा नेपालमा नै उत्पादन भएका चिकित्सकहरूले जनताका लागि आफ्नो सेवा उपलब्ध गराउने जसबाट राष्ट्रका लागि आवश्यक चिकित्सा सम्बन्धी चाहनालाई परिपूर्ति गर्नेतर्फ सघाउने भयो ।[३७]

## परीक्षा नियन्त्रण कार्यालय

सेमेस्टर परीक्षालाई वाह्यकरण गर्ने तथा २०२९ सालदेखि राष्ट्रिय शिक्षा पद्धतिको योजनाबमोजिम सञ्चालन हुँदै आएको सेमेष्टर परीक्षालाई २०३७ सालदेखि वार्षिक परीक्षा प्रणालीअनुसार यथावत रूपमा सञ्चालन गर्नेतर्फ विश्वविद्यालयले कारवाही चलाउँदै गरेको तथा २०३५ साल वैशाख २८ मा भएको राष्ट्रिय शिक्षा समितिको निर्णय नं. ४ लाईसमेत दृष्टिगत गरेर विश्वविद्यालयअन्तर्गतका विविध परीक्षाहरूको सुसञ्चालनको व्यवस्थाका लागि एउटा 'परीक्षा नियन्त्रण कार्यालय' स्थापना गरियो । त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३६ साल पौष २३ गतेको वैठकको निर्णय नं. २० को यो निर्णयसँगै सञ्चालनमा रहेको 'परीक्षा महाशाखा' लाई भने खारेज गरियो ।[३८]

---

[३७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१६, अङ्क-२६, २०४० साल फागुन १८ गते विहिवार, पृ.४ ।

[३८] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३६ साल पौष २३ गतेको बैठकको निर्णय नं. २० ।

उल्लेख्य के छ भने विश्वविद्यालयअन्तर्गतको 'परीक्षा महाशाखा' लाई खारेज गरी २०३६ साल पौष ३० गतेदेखि 'परीक्षा नियन्त्रण कार्यालय' खडा गरिएको थियो । विश्वविद्यालयले पहिलो पल्ट गठन गरेको यस कार्यालयको प्रमुख अर्थात् 'परीक्षा नियन्त्रक' (Controllor of Examinations) पदमा राजेश्वरप्रसाद श्रीवास्तवलाई नियुक्त गरियो ।[३९]

'परीक्षा नियन्त्रण कार्यालय' लाई रजिष्ट्रारको कार्यालयअन्तर्गत राखियो भने यस कार्यालयको प्रमुख 'परीक्षा नियन्त्रक' को नियुक्ति रजिष्ट्रारको सिफारिसमा उपकुलपतिबाट गरिने भयो । यसरी नियुक्त गरिने नियन्त्रकको कार्यावधि ५ वर्षको तोकियो ।

परीक्षा नियन्त्रकलाई परीक्षा सम्बन्धी नीतिहरूका सम्बन्धमा सुझाव एवम् सिफारिसहरू सहित योजना तयार गरी परीक्षा समितिमा पेश गर्ने, परीक्षा समितिबाट स्वीकृत भएबमोजिमको नीतिअनुसार परीक्षा सञ्चालन गर्ने, परीक्षाफल प्रकाशित गर्ने, परीक्षा केन्द्रमा भएका परीक्षाहरूको निरीक्षण गर्ने-गराउने, प्रमाणपत्र तथा अन्तिम अभिलेख तयार गराई वितरणको व्यवस्था गर्ने, दीक्षान्त समारोहको व्यवस्था गर्ने जस्ता कार्यको दायित्व दिइयो ।

त्यस्तै परीक्षा तथा रेकर्ड सम्बन्धी गोष्ठी सञ्चालन गर्ने, मूल्याङ्कन विधिमा वैज्ञानिकता र सरलता ल्याउने सम्बन्धमा अध्ययन गराई प्राप्त परिवर्तन वारे सिफारिस गर्ने, विभिन्न क्याम्पसमा भएका परीक्षा तथा परीक्षासम्बन्धी केन्द्रमा हुने उजुरी, निवेदन उपर कार्वाही गर्ने, विश्वविद्यालयमा भर्ना हुने विद्यार्थीहरूको दर्ता रेकर्ड कायम राख्ने, विभिन्न अध्ययन संस्थानका विभिन्न तहका नियमित तथा प्राइभेट परीक्षाका लागि आवश्यक पर्ने पाठ्यक्रम सम्बन्धित डीनबाट लिएर तयार गराउने एवम् केन्द्रीय स्तरमा रहने विद्यार्थी रेकर्डको संरक्षणका लागि आवश्यक व्यवस्था

---

[३९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१२, अङ्क-२५, २०३६ साल माघ ६ गते आइतवार, पृ.१ ।

मिलाउने जस्ता कार्य सम्पादन गर्ने अख्तियारीसमेत परीक्षा नियन्त्रकलाई दिइयो ।[४०]

परीक्षा नियन्त्रण कार्यालय गठन गरिएपछि विद्यमान परीक्षा महाशाखाका कर्मचारीहरू स्वतः परीक्षा नियन्त्रण कार्यालयका कर्मचारीहरूको भएको मानियो । त्यस्तै परीक्षा नियन्त्रक रजिष्ट्रारप्रति जिम्मेवार हुनेभए ।

## वार्षिक परीक्षा प्रणाली

एक दशकपछि २०३८ सालदेखि विश्वविद्यालयले पुनः वार्षिक परीक्षा प्रणाली लागू गरेको थियो । वार्षिक परीक्षा प्रणालीअन्तर्गत पूर्णाङ्क १०० भएको विषयमा स्नातकोत्तर तहका लागि ४ घण्टा र प्रमाणपत्र तथा स्नातक तहका लागि ३ घण्टाको परीक्षा लिइने भयो । त्यस्तै यो व्यवस्थामा आन्तरिक तथा वार्षिक परीक्षा छुट्टाछुट्टै उत्तीर्ण हुनुपर्ने गरियो । वार्षिक परीक्षा प्रणालीअन्तर्गत सञ्चालन हुने परीक्षाको प्रत्येक पत्र १०० पूर्णाङ्कको हुने भए तापनि परीक्षाको नतिजाका निम्ति भने ८० नम्बर मात्र गणना गरिने भयो भने प्राइवेट परीक्षाअन्तर्गत हरेक पत्रको पूर्णाङ्क १०० हुने भयो । यो वार्षिक परीक्षा प्रणालीमा कुनै पनि तहमा प्रथम वर्षको परीक्षामा सम्मिलित नभएका विद्यार्थीलाई दोस्रो वर्षको कक्षामा प्रवेश नदिइने भयो ।[४१]

विश्वविद्यालय कार्यकारिणी समितिले उच्च शिक्षामा वार्षिक परीक्षा प्रणाली लागू गर्ने निर्णय गरेपछि परीक्षालाई सुव्यवस्थित, प्राज्ञिक तथा मर्यादित बनाउनका लागि विनियम लागू गरेको थियो । 'वार्षिक परीक्षा सम्बन्धी विनियम' नाम दिइएको सो विनियम त्रिभुवन

[४०] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३६ साल पौष २३ गतेको बैठकको निर्णय नं. २० ।

[४१] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३८ साल कार्तिक ७ गतेको बैठकको निर्णय नं. ११ ।

विश्वविद्यालयअन्तर्गतका क्याम्पसका साथै निजी क्षेत्रमा सञ्चालित क्याम्पसहरूमा तत्कालै लागू गरियो ।[४२] विनियमले 'परीक्षा नियन्त्रण कार्यालय', 'परीक्षा नियन्त्रक' लगायतको परिभाषा गरेको थियो । त्यस्तै विनियमले त्रिभुवन विश्वविद्यालयले प्रत्येक वर्षमा एक पटक तोकेको समयमा तोके बमोजिम सञ्चालन गर्ने परीक्षालाई 'वार्षिक परीक्षा' भनी परिभाषित गऱ्यो । त्रिभुवन विश्वविद्यालयअन्तर्गत परीक्षा सञ्चालन गर्न गठन गरिएको 'परीक्षा नियन्त्रणको कार्यालय' लाई यसै विनियम बमोजिम गठन भएको मानियो भने सो कार्यालयको प्रमुख भने परीक्षा नियन्त्रक हुने भए ।

परीक्षा नियन्त्रण कार्यालयबाट त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालन हुने प्रइभेट तथा नियमित (रेगुलर) परीक्षाहरू सञ्चालन गर्ने, परीक्षाफल प्रकाशित गर्ने, उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र दिने, परीक्षार्थीहरूलाई ट्रान्सक्रिप्ट दिने तथा यस विनियममा तोकेको अन्य काम गर्ने जिम्मेवारी परीक्षा नियन्त्रण कार्यालयलाई दिइएको थियो । यस कार्यालयबाट त्रिभुवन विश्वविद्यालयका प्रमाणपत्र, स्नातक तथा स्नातकोत्तर तहको उपाधि प्रदान गर्न वार्षिक परीक्षाको माध्यमद्वारा अन्तिम मूल्याङ्कन गरिने, प्रमाणपत्र, स्नातक तथा स्नातकोत्तर तहलाई क्रमशः प्रोफिसियन्सी सर्टिफिकेट, व्याचलर तथा मास्टर्स नामाकरण गरिने, विभिन्न अध्ययन संस्थानअन्तर्गतको उपाधि प्राप्त गर्नका लागि तोकिए बमोजिमको परीक्षा लिइने जस्ता शैक्षिक कार्य सञ्चालन गरिन्थ्यो ।

त्यस्तै पाठ्यांश भारका सम्बन्धमा प्रत्येक शैक्षिक तहलाई वार्षिक खण्डमा विभाजित गरी सामान्यतः दुई वर्षे कार्यक्रमका लागि पाठ्यांशको भार प्रोफिसियन्सी सर्टिफिकेट, व्याचलर र मास्टर्स तहमा क्रमशः १०००, ९०० र ८०० अङ्क तोकियो । यी तीन तहका निम्ति क्रमशः १०, ९, र ८

[४२] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३८ साल फागुन ५ गतेको बैठकको निर्णय ।

पत्रहरू रहने निर्धारण गरिए तापनि कुनै अध्ययन संस्थानले आवश्यकता ठानेमा आफ्नो कार्यक्रममा बढीमा दुई पत्रसम्म थप गर्न सक्ने तथा दुई भन्दा बढी वा घटी कार्यक्रमका लागि माथि उल्लिखित अङ्क र पत्रमा समानुपातिक आधारमा पत्र संख्या र अङ्क तोकिने व्यवस्था गरियो ।

वार्षिक परीक्षा प्रणालीअन्तर्गत प्रत्येक शैक्षिक वर्षको मध्यतिर प्रत्येक क्याम्पसले एक आन्तरिक मूल्याङ्कन परीक्षा सञ्चालन गर्ने जसमा असफल वा अनुपस्थित विद्यार्थीलाई क्याम्पसको सुविधाअनुसार विनियमबमोजिम एक अर्को आन्तरिक मूल्याङ्कन परीक्षामा सम्मिलित हुने मौका प्रदान गरिने भए तापनि कुनै पत्रमा आन्तरिक मूल्याङ्कनमा अनुत्तीर्ण हुने विद्यार्थीलाई सो पत्रको वार्षिक परीक्षामा सम्मिलित गराइने भएन ।

प्रत्येक सैद्धान्तिक र प्रयोगात्मक पत्रमा ४० प्रतिशत उत्तीर्णाङ्क राखियो यद्यपि कुनै अध्ययन संस्थानअन्तर्गत उत्तीर्णाङ्कको उक्त प्रतिशतमा घटबढ रहेछ भने सोही बमोजिम गरिने भयो । शोधपत्र, टर्म पेपर आदिको मूल्याङ्कन भने सम्बन्धित अध्ययन संस्थानको विद्यापरिषद्ले तोकेअनुसार हुने भयो ।

कुनै परीक्षामा अनुपस्थित हुने विद्यार्थी सो पटकको परीक्षामा अनुत्तीर्ण भएको मानिने तथा वार्षिक परीक्षाको कुनै विषय वा पत्रमा प्राप्त अङ्कमा चित्त नबुझेमा निजले सो परीक्षाफल प्रकाशित भएको मितिले ३५ दिन भित्र तोकिएको दस्तुर बुझाई पुनर्योगका निम्ति आवेदन दिन पाउने भयो ।

कुनै परीक्षार्थीले पहिलो पटक परीक्षा दिंदा प्रथम खण्डका सबै विषयमा परीक्षा दिनु पर्ने तथा दोस्रो खण्डको परीक्षा दिंदा प्रथम खण्डको बाँकी र दोस्रो खण्डका सबै विषयहरूको परीक्षा दिनु पर्ने भयो । कुनै पत्रमा एक पटक उत्तीर्ण भइसकेपछि फेरी सोही विषयमा परीक्षा दिन पाइने भएन । सम्बन्धित विद्यापरिषद्ले तोकेको पाठ्यक्रमानुसारका सम्पूर्ण

विषयमा परीक्षा दिनु पर्ने तर कुनै समानान्तर विषय वा पत्रमा उत्तीर्ण भई सकेको कारणले मात्र सो विषय वा पत्रमा छुट दिइने भएन ।

तीनै तहका परीक्षाहरूको श्रेणी भने कुल प्राप्ताङ्कको ४० प्रतिशतमा पास (उत्तीर्ण), ५० प्रतिशतमा दोस्रो श्रेणी, ६५ प्रतिशत प्राप्त गरेमा प्रथम श्रेणी तथा कुल अङ्कको ८० प्रतिशत प्राप्त गरेमा विशिष्ट श्रेणी हुने व्यवस्था गरियो ।

यहाँ स्मरणीय के छ भने विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत धरान क्याम्पसमा सञ्चालित ४ वर्षे बी.एस्सी. खाद्य प्रविधि कार्यक्रममा २०३६ साल सउने सेमेष्टरमा प्रवेश पाएका विद्यार्थीहरूले २०३६ साउने र माघे सत्र सेमेष्टरमा गरेका र २०३७ सालदेखि वार्षिक परीक्षा प्रणाली लागू भएकाले सेमेष्टर प्रणालीअनुसार प्राप्त गरेको २ सेमेष्टरको प्राप्ताङ्कलाई वार्षिक प्रणालीअनुसारको प्रथम वर्षको प्राप्ताङ्क सरह मानिने भयो ।[४३]

परीक्षा समिति

उल्लिखित विनियमले एउटा 'परीक्षा समिति' को व्यवस्था गरेको थियो । रजिष्ट्रारको अध्यक्षतामा परीक्षा नियन्त्रक सदस्य सचिव रहनेगरी उपकुलपतिबाट तोकिएका अन्य ५ व्यक्तिहरूसमेत जम्मा ७ व्यक्तिहरू भएको एउटा परीक्षा समिति गठनको प्रावधान राखियो ।

परीक्षा समितिले 'प्रश्न व्यवस्थापन समिति' नियुक्त गर्ने, प्रश्न व्यवस्थापन समितिको सिफारिसमा प्राश्निक र परीक्षकहरू नियुक्त गर्ने, परीक्षा सञ्चालन गर्न आवश्यक सबै व्यवस्था गर्ने, परीक्षाफल प्रकाशित गर्ने, परीक्षा दिन आवेदन दिने उम्मेदवारलाई परीक्षामा बस्न पाउने-नपाउने निर्णय गर्ने, परीक्षामा परीक्षार्थीहरूबाट पालन गर्नुपर्ने नियम

[४३] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३९ साल माघ ९ गतेको बैठकको निर्णय नं. १३१ ।

तोक्ने, परीक्षामा परीक्षार्थीहरूबाट अनियमित उपाय अवलम्बन गरेको वा गर्न खोजेको अवस्थामा कारवाई गर्ने, आवश्यकताअनुसार सम्परीक्षक नियुक्ति गर्ने वा सम्परीक्षक मण्डल गठन गर्ने, गोप्यता भङ्ग गर्ने उपर कारवाई गर्ने जस्ता कार्य गर्दथ्यो ।

परीक्षा समितिको गणपुरक संख्या ४ मानियो भने समितिले बहुमतद्वारा निर्णय गर्ने भयो । समितिमा पदेन सदस्य बाहेक अन्यको अवधि २ वर्ष तोकियो ।

प्रश्न व्यवस्थापन समिति

वार्षिक परीक्षा प्रणालीको थालनीसँगै विश्वविद्यालयले परीक्षालाई सुसञ्चालन गर्ने क्रममा एउटा 'प्रश्न व्यवस्थापन समिति' समेतको व्यवस्था गरेको थियो । साधारणतया सम्बन्धित विषयमा ३ वर्ष परीक्षक भएको र कम्तीमा ४ वर्ष पढाएको अनुभव प्राप्त शिक्षकहरू मध्येबाट २ देखि ३ जवन शिक्षकहरू 'प्रश्न व्यवस्थापन समिति' मा नियुक्त गरिने भए । परीक्षा समितिले गठन गर्ने यो समितिका सदस्यहरूको पदावधि परीक्षा समितिले आवश्यकता ठानेको समयसम्म हुने भयो ।

प्रश्न व्यवस्थापन समितिले परीक्षा समितिले तोकेको मितिभित्र प्राश्निक र परीक्षकहरूको नामावली परीक्षा समितिमा प्रस्तुत गर्ने, प्राश्निकहरूबाट प्राप्त प्रश्नहरूलाई संशोधन गर्ने, कुनै कारणवश प्रश्नपत्रमा त्रुटि रहन गई परीक्षार्थीहरूलाई मर्का पर्न गएका खण्डमा त्यसका निम्ति आवश्यक कारवाई गर्न परीक्षा समितिलाई सिफारिस गर्ने, परीक्षकहरूको प्रतिवेदन अध्ययन गरी आवश्यक कारवाईका लागि परीक्षा समितिमा सिफारिस गर्ने तथा परीक्षा समितिले मागेका अन्य कुराहरूमा सुझाव दिने कार्य गर्नु पर्दथ्यो ।

परीक्षा नियन्त्रक

विश्वविद्यालय ऐन, नियम र विनियमको अधिन र परीक्षा समितिको निर्देशनमा रही परीक्षा नियन्त्रकले काम गर्नु पर्दथ्यो । यस

क्रममा नियन्त्रकले विद्यार्थीको नाम दर्ता गर्ने, स्थानान्तरण प्रमाणपत्र जारी गर्ने, परीक्षार्थीको नाम, थर, जन्म मिति सच्याउने, परीक्षा प्रवेश पत्र दिने, परीक्षा सञ्चालन गर्ने, लव्धांक तयार गर्ने र बाँड्ने, प्रमाणपत्र दिने, दीक्षान्त समारोहको व्यवस्था गर्ने, परीक्षा फर्म स्वीकृत वा अस्वीकृत गर्ने, परीक्षा मिति र कार्यक्रम प्रकाशित गर्ने जस्ता काम गर्ने, परीक्षा नियन्त्रण कार्यालयको रेखदेख गर्ने र आन्तरिक प्रशासन व्यवस्था मिलाउने तथा रेकर्डस् सुरक्षित साथ राख्ने र राख्न लगाउने जस्ता दायित्व परीक्षा नियन्त्रकलाई दिइयो । नियन्त्रकलाई परीक्षा केन्द्रको छनोट तथा केन्द्राध्यक्षको नियुक्ति गर्ने र परीक्षा सम्बन्धी सम्पूर्ण कार्य सिद्धिएपछि परीक्षाफल प्रकाशित गर्ने जिम्मासमेत सुम्पियो ।[४४]

त्यस्तै परीक्षा नियन्त्रकले प्रश्नपत्र तयार र संशोधन गर्ने व्यक्तिको नियुक्ति, प्रश्नपत्र र त्यसको संशोधन, प्रश्नपत्रको छपाई, परीक्षाफल प्रकाशित नभएसम्मको परीक्षाफल, परीक्षा केन्द्रहरूको प्रश्नपत्रहरूको वितरण, परीक्षकहरूको नियुक्ति, अङ्क टेबुलेसन तथा अन्य परीक्षाफलसम्बन्धी गोप्य कार्यहरू नितान्त गोप्य राख्नु पर्दथ्यो ।

## शैक्षिक कार्यक्रम

विश्वविद्यालयको प्रोफिसियन्सी सर्टिफिकेट, व्याचलर र माष्टर उपाधिहरूका लागि नाम दर्ता गर्ने विद्यार्थीहरूलाई सम्बन्धित अध्ययन संस्थानले तोकेबमोजिमको कक्षा, सहायक कक्षा र प्रयोगात्मक कक्षाको व्यवस्था गरी अध्ययन गराउने व्यवस्था गरियो । तोकिएको कक्षामा ७० प्रतिशत हाजिरी नपुगेका विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित गराइने भएन । यद्यपि क्याम्पसले उचित देखेको अवस्थामा सो सम्बन्धी आवश्यक प्रमाण बुझी ३ प्रतिशतसम्म हाजिरिको बन्देजमा छुट दिन सक्ने भयो । अनुत्तीर्ण विषयमा परीक्षा दिने विद्यार्थीहरूका लागि भने यो बन्देज लागू

[४४] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३८ साल फागुन ५ गतेको बैठकको निर्णय ।

नहुने भयो । एउटा क्याम्पसबाट अर्कोमा सरुवा भएका विद्यार्थीको हकमा दुवै क्याम्पसमा भएको हाजिरी जोडी गणना गरिने व्यवस्था गरियो ।

प्रत्येक कक्षाको समय कम्तीमा ५० मिनेटको हुने तथा प्रत्येक दुई कक्षाबीच कम्तीमा ५ मिनेटको अन्तर राख्नु पर्ने नियम बनाइयो । त्यस्तै एकै वर्षमा अन्तिम खण्डको दुई वार्षिक परीक्षा दिन नपाइने भयो । कुनै विद्यार्थीले यसरी दुई परीक्षा दिएको प्रमाणित भएमा पछिल्लो परीक्षाको परीक्षाफल रद्द हुने भयो ।

## नाम दर्ता

विश्वविद्यालयमा अध्ययन गर्ने वा प्राइभेट रूपमा परीक्षा दिने सबै विद्यार्थीको नाम परीक्षा नियन्त्रण कार्यालयमा एक पटक दर्ता गर्नु पर्दथ्यो । तोकिएबमोजिम नाम दर्ता नभएका विद्यार्थीलाई विश्वविद्यालयको विद्यार्थी मानिने भएन । कुनै विद्यार्थीले छली वा झुक्याई एक पटक भन्दा बढी नाम दर्ता गराएको कुरा थाहा भएमा परीक्षा समितिले पछि दर्ता भएको दर्ता नम्बर र सो को अघि दिएको परीक्षासमेत रद्द गर्ने तथा त्यस्ता परीक्षार्थीलाई अन्य थप सजाय पनि तोक्न सक्ने व्यवस्था गरियो । विश्वविद्यालयबाट मान्यता प्राप्त परीक्षा उत्तीर्ण गरेको व्यक्तिको नाम मात्र दर्ता गरिने भयो । दर्ता पुस्तिकामा नाम दर्ता गराउन चाहने व्यक्तिले तोकिएको शुल्क सहित आवेदन पत्र भरी नियमित विद्यार्थी भए आफ्नो क्याम्पस मार्फत् र प्राइभेट विद्यार्थी भए सोझै परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनु पर्ने भयो ।

## निर्वतन (विथड्रल)

विद्यार्थीले कुनै कारणले अध्ययन पूरा गर्न नसकेमा निजले सम्बन्धित क्याम्पसमा निर्वतन प्रमाणपत्रका लागि तोकेको शुल्क सहित आवेदन गर्न सक्ने र सो आवेदन दर्ता गराएको मितिसम्मको कुनै शुल्क, जरिवाना बाँकी रहेछ भने सोसमेत तिरी सकेपछि नियमानुसार निजलाई निर्वतन प्रमाणपत्र दिइने व्यवस्था गरियो । निर्वतन प्रमाणपत्र लिने

विद्यार्थीले क्याम्पसमा धरौटी रोखको रहेछ भने निजले सो फिर्ता नपाउने भनी आदेश भएकोमा बाहेक सो धरौटी फिर्ता पाउने तथा निर्वतन प्रमाणपत्र लिई सकेको विद्यार्थी पुनः क्याम्पसमा भर्ना हुन चाहेका खण्डमा भने भर्ना हुने समयमा नयाँ विद्यार्थी सरह शुल्क बुझाउनु पर्दथ्यो । यसै सन्दर्भमा कुनै सूचना नदिइ एक महिनासम्म लगातार कक्षामा अनुपस्थित रहेको विद्यार्थीको नाम सम्बन्धित क्याम्पस दर्ताबाट रद्द गर्न सकिने र निर्वतन प्रमाणपत्र नलिएसम्मको शुल्क निज विद्यार्थीले बुझाउनु पर्ने तथा कुनै विद्यार्थीले कुनै क्याम्पसमा तिर्नु पर्ने कुनै जिन्सी वा नगद नतिरे वा नवुझाएसम्म निजलाई परीक्षामा बस्न नदिने वा परीक्षाफल वा लव्धाङ्क वा उपाधि स्थगित गर्न सकिने भयो ।

**प्राईभेट परीक्षा**

मानविकी, व्यवस्थापन, कानून तथा संस्कृत अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र, स्नातक तथा स्नातकोत्तर तहमा मात्र प्राइभेट परीक्षाहरू सञ्चालन गरिने व्यवस्था भयो । प्राइभेट परीक्षाहरूमा प्रयोगात्मक पाठ्यांश भएको विषयको हकमा विश्वविद्यालयअन्तर्गतका क्याम्पस वा निजी क्षेत्रमा सञ्चालित क्याम्पसमा सम्बन्धित पाठ्यांशको अध्ययन पूरा गरेको प्रमाण पेश गर्नुपर्ने, प्रयोगात्मक पाठ्यांश भन्नाले मुटकोर्ट, सेमिनार, कोर्ट अब्जरभेसनलाई समेत बुझिने भयो ।

प्राइभेट परीक्षाअन्तर्गत हरेक पत्रको पूर्णाङ्क १०० हुने, विश्वविद्यालयअन्तर्गत क्याम्पस तथा निजी क्षेत्रमा सञ्चालित क्याम्पसका नियमित विद्यार्थीहरूले प्राइभेट परीक्षामा सम्मिलित हुन नपाउने, क्याम्पस तथा निजी क्षेत्रमा सञ्चालित क्याम्पसमा भर्ना भई अध्ययन गरिआएका तर विशेष अवस्था परी आफ्नो अध्ययन जारि गर्न नसकि क्याम्पस प्रमुखबाट वीथड्रल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थीले भने प्राइभेट परीक्षामा सम्मिलित हुन पाउने व्यवस्था गरियो । यद्यपि प्राइभेट परीक्षा दिने उम्मेदवारले आफु नियमित विद्यार्थी हुँदा आन्तरिक मूल्याङ्कन तथा वार्षिक

परीक्षाको खण्ड वा खण्डहरूमा प्राप्त गरेको अङ्कहरू प्राइभेट परीक्षामा जोडी लिन भने पाइने भयो ।

प्राइभेट परीक्षार्थीको पाठ्यक्रम तथा परीक्षा नियमित विद्यार्थी सरह नै हुने व्यवस्था गरियो ।

नेपाली नागरिक बाहेक अरू देशका नागरिकलाई प्राइभेट परीक्षामा सम्मिलित हुन भने यो व्यवस्थाले बन्देज लगाइदियो ।[४५]

## शैक्षिक वर्ष

विश्वविद्यालयले हरेक वर्षको साउन १ देखि असार मसान्तसम्मलाई एउटा शैक्षिक वर्ष मानेको थियो । हरेक तहलाई सोही निर्धारित न्यूनतम समयभित्र उत्तीर्ण हुने परीक्षार्थीहरूमध्येबाट पदक, छात्रवृत्ति वा पुरस्कारका निम्ति सिफारिस गरिने, वार्षिक परीक्षा प्रणालीको प्रथम खण्डको प्रथम परीक्षा २०३८ (१९८२) को मानिने तथा यसपछिको हरेक वार्षिक परीक्षा सोही क्रमानुसार राखिने, कुनै परीक्षाको अन्तिम विषय पूरा गरेको साल नै तह पूरा गरेको साल मानिने र प्रत्येक वर्ष असार शुक्ल नवमीको दिन सम्पन्न हुने विश्वविद्यालयको वार्षिक दिवसमा विश्वविद्यालय सभाबाट पारित भएको ग्रेस लिष्टमा समावेश विद्यार्थीहरूमध्येबाट नै विभिन्न पदक र छात्रवृत्तिका लागि सिफारिस गरिने व्यवस्था गरियो ।

यसै सन्दर्भमा उल्लेख्य के पनि छ भने पाठ्यक्रम परिवर्तन भएमा पुरानो पाठ्यक्रमअनुसार परीक्षा दिई अनुत्तीर्ण हुने विद्यार्थीहरूले लगत्तै पछि हुने अर्को वर्षको परीक्षामामात्र पुरानै पाठ्यक्रमअनुसार परीक्षा दिन पाउने भए । त्यसपछि त्यस्ता असफल परीक्षार्थीहरूले भने नयाँ पाठ्यक्रमअनुसार परीक्षा दिनु पर्ने व्यवस्था गरियो ।

---

[४५] *ऐजन* ।

## उत्तर पुस्तिका धुल्याउने

कुनै परीक्षाको परीक्षाफल प्रकाशित भएको मितिले ६ महिनासम्म सो परीक्षाको उत्तर पुस्तिकाहरू सुरक्षित राखिने र त्यसपछि धुल्याइने भयो ।[४६]

## सिनियर क्याम्ब्रीजका विद्यार्थी

विदेशी विद्यालयबाट सिनियर क्याम्ब्रीज उत्तीर्ण गरेर त्रिभुवन विश्वविद्यालयमा भर्ना हुन आउने विद्यार्थीहरूको हकमा सिनियर क्याम्ब्रीज परीक्षा वा भारतीय स्टाच्यूटरी शिक्षण संस्थाका १ वर्षे (१० + १ पद्धति अन्तर्गतका) प्रि युनिभर्सिटि वा हायरसेकेण्डरी वा सो सरहका परीक्षा र भारत, वंगलादेश तथा पाकिस्तानी स्टाच्यूटरी शिक्षण संस्थाका २ वर्षे (१० + २ पद्धति अन्तर्गतका) प्रि युनिभर्सिटि वा हायर सेकेण्डरी वा इण्टरमिडियट वा सो सरहका परीक्षाको प्रथम वर्ष उत्तीर्ण गरी आउने विद्यार्थीले यस विश्वविद्यालयको प्रमाणपत्र स्तरको दोस्रो वर्षमा प्रवेश लिन चाहेमा, पहिलेदेखि विश्वविद्यालयले दिई आएको सुविधा अनुरूप एक शैक्षिक वर्षसम्मको समयावधि छुट दिई, त्यस्ता विद्यार्थीलाई (प्राविधिक विषय र कानून विषयमा बाहेक) मानविकी र सामाजिकशास्त्र, व्यवस्थापन, संस्कृत, शिक्षाशास्त्र र साधारण विज्ञान फेकल्टी (अध्ययन संस्थान) को प्रमाणपत्र तह दोस्रो वर्षमा प्रवेश दिइने भयो ।

त्यस्तै स्नातक र स्नातकोत्तर तहमा पनि भारत, वंगलादेश र पाकिस्तानी स्टाच्यूटरी शिक्षण संस्थाबाट मानविकी र सामाजिकशास्त्र, साधारण विज्ञान, संस्कृत र व्यवस्थापन विषयमा स्नातक वा स्नातकोत्तर तहको प्रथम वर्ष परीक्षा उत्तीर्ण गरी सम्बन्धित फेकल्टीको सम्बन्धित तहको दोस्रो वर्षमा प्रवेश लिन चाहने विद्यार्थीलाई पनि एक शैक्षिक

[४६] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३८ साल फागुन ५ गतेको बैठकको निर्णय ।

वर्षसम्मको समयावधि छुट दिई, सम्बन्धित फेकल्टीको सम्बन्धित तहको दोस्रो वर्षमा प्रवेश दिइने तर यसरी प्रवेश लिने विद्यार्थीले सम्बन्धित विषय र तहका निम्ति निर्धारित सम्पूर्ण पाठ्यांशमा विश्वविद्यालयको नियमानुसारको आन्तरिक मूल्याङ्कन, प्रयोगात्मक परीक्षा र वार्षिक परीक्षासमेत दिई उत्तीर्ण हुनुपर्ने व्यवस्था गरियो ।[४७]

उल्लिखित नियमानुसार सम्बन्धित तहको दोस्रो वर्षमा प्रवेश लिने विद्यार्थीले सम्बन्धित तहको दुवै खण्डको वार्षिक परीक्षासमेत साथसाथै आन्तरिक मूल्याङ्कन र आवश्यकताअनुसार प्रयोगात्मक परीक्षासमेत अनिवार्य रूपमा दिनु पर्ने हुँदा सम्बन्धित तहको प्रथम वर्षको सबै परीक्षा दोस्रो वर्षको अध्ययन अवधि भित्रै दिनु पर्ने व्यवस्था गरियो । यद्यपि यस्ता विद्यार्थीका लागिमात्र आन्तरिक मूल्याङ्कन र प्रयोगात्मक परीक्षाको छुट्टै व्यवस्था गर्न सम्बन्धित क्याम्पसलाई कठिनाइ पर्ने हुँदा यसका लागि सम्बन्धित तहका प्रथम वर्षका विद्यार्थीहरूका निम्ति निर्धारित आन्तरिक मूल्याङ्कन र प्रयोगात्मक परीक्षाको समय तालीकाअनुसार त्यस्ता विद्यार्थीलाई पनि सो परीक्षा दिन प्रथम वर्षका विद्यार्थीहरूसितै सम्मिलित गराउने व्यवस्था गरिनु पर्ने भयो ।

## परीक्षा वर्ष निर्धारण

वार्षिक परीक्षा प्रणालीअन्तर्गत परीक्षा वर्ष निर्धारण गर्दा परीक्षा सञ्चालन जहिले भए तापनि सबै तहको प्रथम प्रवेश २०३७ साल मानेर समूहका हिसाबले प्रथम वर्षको परीक्षा २०३८ र द्वितीय वर्षको परीक्षा २०३९ को गरी एक-एक वर्षको अन्तर पारी निर्धारण गरिने भयो । हरेक सालको हरेक समूहको परीक्षा वर्ष यसरी नै निर्धारण गर्दैजाने निर्णय गरियो । त्यस्तै एउटा सालको परीक्षा अर्को सालमा सञ्चालन हुन जाने भई निश्चित समयमा सञ्चालन हुन नसक्ने भएकाले परीक्षा उत्तीर्ण साल

---

[४७] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३९ साल माघ ९ गतेको बैठकको निर्णय नं. १९३ ।

उल्लेख गर्न भ्रम नपर्ने गरी लव्धाङ्क र प्रमाणपत्रमा यो सालको यो परीक्षा उत्तीर्ण-'Psssed Examination of the Year' भनि उल्लेख गरिने भयो ।

स्नातकोत्तर तहमा एक सत्र थेसिस र अनिवार्य राष्ट्रिय विकास सेवा अथवा स्नातक तहमा अन्य ल्याब रिपोर्ट, फिल्ड रिपोर्ट जस्ता विभिन्न परीक्षाको न्यूनतम आवश्यकता पूरा गर्न विद्यार्थीले पेश गर्नु पर्ने रिपोर्टहरू अन्तिम वर्ष परीक्षापछि पेश गरेमा पनि अन्तिम वर्ष परीक्षा अवधी पूरा गरेको मानिने तर अन्तिम वर्ष परीक्षाको परीक्षाफल प्रकाशित भएको मितिले ३ महिना भित्र पेश गर्नेलाई मात्र नियमित विद्यार्थी मानिने भयो । नियमित विद्यार्थी भन्नाले क्याम्पसमा नियमित अध्ययन गरी आउने न्यूनतम अवधि भित्र एकै पत्रमा पनि अनुत्तीर्ण नभई, एकै पत्रको पनि परीक्षा नछाडी उत्तीर्ण भई आउने विद्यार्थी मानिने भए ।

हरेक वर्ष प्रदान गरिने विभिन्न पदक र छात्रवृत्ति पाउने विद्यार्थीहरूको नामावली तयार गर्दा र सिफारिस गर्दा २०३९ सालदेखि विक्रम सम्बतमा गरिने भयो ।

उपरोक्त दफाहरू वार्षिक परीक्षा प्रणालीमा शुरुदेखि लागु भएको मानिने ठहर भयो ।[४८]

* * *

---

[४८] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको बैठकको निर्णय नं. ६४ ।

# दीक्षान्त समारोह

## परिचय

दीक्षान्त समारोह भन्नाले त्रिभुवन विश्वविद्यालय ऐनको दफा ६ को खण्ड (च) अनुसार स्नातकोपाधि (डिग्री), डिप्लोमा र सर्टिफिकेट उपाधिहरू स्थापना गरी प्रदान गरिने उपाधिहरूको सम्बन्धमा विश्वविद्यालय सभाबाट स्वीकृति प्रदान गरिने कार्य वा ऐनको दफा ६ खण्ड (छ) अनुसार प्रदान गरिने विशेष उपाधि वा सम्मानार्थ स्नातकोपाधि भन्ने स्पष्ट उल्लेख गरिएको छ ।[४९] त्यस्ता उपाधी प्रदान गर्ने सम्बन्धमा सभाको अध्यक्ष तथा सदस्यहरूसमेत उपस्थित भै दीक्षान्त कक्षदेखि दीक्षान्त मण्डपसम्ममा हुने कार्यक्रमलाई नै 'दीक्षान्त समारोह' भनी स्पष्ट गरियो । त्यस्तै विशेष उपाधि वा सम्मानार्थ स्नातकोपाधि कुनै व्यक्तिलाई प्रदान गर्ने गरी सम्बन्धित नियमअनुसार विश्वविद्यालय सभाबाट पारित भई कुलपतिबाट स्वीकृत भएपछि त्यस्तो उपाधि प्रदान गर्नका लागि दीक्षान्त समारोहको आयोजना गर्ने व्यवस्था थियो ।

विनियमअनुसार आयोजना गरिएको समारोह दीक्षान्त कक्षमा प्रारम्भ गरिने तथा दीक्षान्त कक्षबाट सभाको अध्यक्ष एवम् सदस्यहरूको दीक्षान्त प्रोसेसन निर्धारित क्रममा दीक्षान्त मण्डपमा प्रवेश गर्ने, दीक्षान्त कक्षमा दीक्षान्त प्रोशेसन प्रस्थान गर्दा अध्यक्ष तथा सदस्यहरू र उपाधि पाउने व्यक्तिले तोकिएबमोजिमको पोशाक लगाउने, दीक्षान्त मण्डपमा अध्यक्षले कार्यक्रम प्रारम्भ गर्ने आज्ञा दिएपछि उपाधि पाउने व्यक्तिको वितरण सहित दिई शिक्षाध्यक्ष र अध्यक्षको समक्ष प्रस्तुत गर्ने, अध्यक्षबाट निजलाई त्यस्तो उपाधिको प्रतीक स्वरूप स्कार्फ लगाइ प्रमाण स्वरूप उपाधिपत्र दिने व्यवस्था भयो ।[५०]

---

[४९] श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौँ: श्री ५ को सरकार, भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३३ (क), २०२८ साल आश्विन ६, पृ. ४ ।

[५०] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ १०-१३ गते बसेको वैठकको निर्णय नं. १८ ।

अध्यक्षको आज्ञाअनुसार दीक्षान्त मण्डपको कार्यक्रम सकिएपछि दीक्षान्त प्रोसेसन निर्धारित क्रमअनुसार दीक्षान्त कक्षमा फर्केर विसर्जित हुने भयो ।

## एघारौं दीक्षान्त समारोह

२०२८ साल असार १८ गतेका दिन कीर्तिपुर स्थित 'त्रिभुवन विश्वविद्यालय स्मृति भवन' मा त्रिभुवन विश्वविद्यालयको एघारौं दीक्षान्त समारोह आयोजना गरियो । समारोहमा प्रधानमन्त्री कीर्तिनिधि विष्टले दीक्षान्त भाषण दिएका थिए । त्रिभुवन विश्वविद्यालयको इतिहासमा कीर्तिनिधि विष्ट दीक्षान्त भाषण दिने पहिलो प्रधानमन्त्री हुन् । सो अवसरमा उपाधि प्राप्त गर्ने कुल विद्यार्थी संख्या ८३१ थियो । उल्लेख्य के पनि छ भने असार १८ गते असार शुक्ल नवमी परेकोले विश्वविद्यालयको वार्षिकोत्सव र दीक्षान्त समारोह एकै दिन मनाइएको थियो ।[५१]

त्यस बखत इन्टर र व्याचलर तहका ४२ (बयालीस) महाविद्यालयहरू त्रिभुवन विश्वविद्यालयसँग आबद्ध रहेका थिए । त्यस्तै त्रिभुवन विश्वविद्यालय कलेजका विभिन्न १७ विभागहरूमा करीब १००० विद्यार्थीहरू स्नातकोत्तर तहमा अध्ययनरत थिए । श्री ५ को सरकार, मित्रराष्ट्र भारत तथा मित्रराष्ट्र अमेरिकाको विशेष सहयोग र विश्वविद्यालयको आफ्नै साधनबाटसमेत त्यस बखत १७ भवनहरू निर्माण गरिएका थिए ।

सन् १९६० देखि १९६९ सम्म एक दशकको अवधिमा विश्वविद्यालयबाट कला, विज्ञान, वाणिज्य, प्रशिक्षण, कानुन र संस्कृत विषयहरूमा ५,७६७ स्नातक, १५८१ स्नातकोत्तर तथा एक जनाले पिएच.डी. डिग्री हासिल गरिसकेका थिए ।

[५१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४, अङ्क-११, २०२८ साल असार, पृ.२-१५ ।

भारतको सहयोगमा गान्धी भवन, विज्ञान भवन, गवेषक आवासगृह र विद्यार्थी क्लबको निर्माण कार्यहरू हुँदै थिए । नेपाल अध्ययन संस्थानका लागि 'लारी भवन' निर्माणाधीन रह्यो । 'रत्न छात्रवास' बनिसकेको तथा हेल्थ सेन्टरमा काम पनि चालु थियो । विश्वविद्यालयका तर्फबाट छात्रहरूको एउटा जलपान भवन (केफेटेरिया) को निर्माण सम्पन्न गरिँदै थियो ।

सो दीक्षान्त समारोहमा स्नातक र स्नातकोत्तर उपाधी पाउने जम्मा ८३१ विद्यार्थी थिए ।

## बाह्रौं दीक्षान्त समारोह

बाह्रौं दीक्षान्त समारोहमा विद्वान, कवि तथा नाटककार वालकृष्ण समलाई 'विशेष उपाधि' प्रदान गरिएको थियो भने समद्वारा नै दीक्षान्त भाषण गराइयो जुन विश्वविद्यालयको इतिहासमा पहिलो घटना थियो । बाह्रौं दीक्षान्त समारोह २०२९ साल कार्तिक २९ गतेका दिन कीर्तिपुरमा सम्पन्न गरियो । दीक्षान्त समारोहमा सन् १९७१ मा स्नातक र स्नातकोत्तर उपाधी पाउने जम्मा विद्यार्थी संख्या १०४३ रह्यो ।[५२]

## दीक्षान्त समारोहसम्बन्धी नयाँ व्यवस्था

शिक्षामन्त्री तथा विश्वविद्यालयका प्रो. चान्सलर कृष्णराज अर्यालको अध्यक्षतामा २०३० साल चैत्र ३० गतेका दिन बसेको त्रिभुवन विश्वविद्यालय सभाले दीक्षान्त समारोह सम्बन्धमा नयाँ व्यवस्था गरेको थियो । यसअनुसार विश्वविद्यालयद्वारा वार्षिक रूपमा गरिँदै आएको दीक्षान्त समारोह अब विभिन्न अध्ययन संस्थानका डीनहरूद्वारा भिन्न भिन्नै रूपमा गरिने भयो । यस क्रममा पीएच.डी.तथा अन्य सबै उपाधिहरू परीक्षामा सफल भएका व्यक्तिहरूलाई प्रदान गर्ने व्यवस्था

---

५२ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-२,३, २०२९ साल असोज-कार्तिक, पृ.२-१५ ।

गरियो । यो निर्णयका साथै विश्वविद्यालय सभामा प्रो.चान्सलरले विभिन्न अध्ययन संस्थानका डीनलाई उपाधि प्रदान गर्न विधिवत् अनुमति प्रदान गरेका थिए ।[५३]

त्यस्तै विश्वविद्यालय प्राविधिक समितिले २०३० साल भदौं ११-१३ को वैठकबाट वार्षिक दीक्षान्त समारोह सम्बन्धमा केही नयाँ व्यवस्था गरेको थियो । सोअनुसार प्रत्येक वर्ष वैशाख मसान्त सम्ममा आफ्नो पाठ्यांश घण्टा पूरा गरी सकेका विद्यार्थीलाई उपाधि दिने प्रस्ताव विश्वविद्यालय सभाको असार शुल्क नवमीका दिन हुने सभामा पारित गरी दीक्षान्त समारोह सम्बन्धी ग्रेस पास गरिने भयो । ग्रेस पास भएपछि उपाधी तथा पदक तयार गरेर तिनलाई सम्बन्धित डीनकहाँ पठाई दिने र त्यसैका आधारमा डीनहरूले मंसिर महिनापछिको समय मिलाएर आ-आफ्नो अध्ययन संस्थानअन्तर्गतका क्याम्पसमा उपाधि वितरण समारोह अर्थात् दीक्षान्त समारोह गराउनु पर्ने भयो । उपाधि वितरण समारोहमा लगाउने पोशाक तथा रङ्ग भने तत्कालका लागि गत वर्षसम्म दीक्षान्त समारोहमा लगाइँदै आएको पोशाक नै प्रयोग गरिने व्यवस्था मिलाइयो । २०३० सालका लागि भने विश्वविद्यालयको वार्षिक वैठकमा ग्रेस पारित गराउने र पौष महिनामा दीक्षान्त समारोह गराउने व्यवस्था गरिएको थियो ।[५४]

यसका अतिरिक्त विश्वविद्यालय प्राविधिक समितिले २०३१ साल वैशाख ३०, जेठ १-५ मा उपाधी सम्बन्धमा विभिन्न व्यवस्था गरेको थियो । अब कुनै पनि तहको उपाधि प्राप्त गर्नका लागि घटिमा ४

---

[५३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-६, २०३० साल फागुन, चैत, पृ. ४ ।

[५४] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ५ गतेको निर्णय नं. १३ ।

सेमेष्टरसम्म अध्ययन गर्न आवश्यक हुने भयो । तर एउटा उपाधि प्राप्त गरिसकेका व्यक्तिले सोही स्तरको अर्को उपाधि प्राप्त गर्नका लागि भने घटिमा २ सेमेष्टरसम्मको अध्ययन गरे पुग्ने निर्णय गरियो । फलस्वरूप प्रत्येक तह उत्तीर्ण हुन निर्धारित न्यूनतम अङ्कको पाठ्यांश लिई उत्तीर्ण नभएसम्म सो तहको उपाधी प्रदान गरिने भएन ।[५५]

## तेह्रौँ दीक्षान्त समारोह

नयाँ शिक्षा आयोजना लागू भएपछि त्रिभुवन विश्वविद्यालयबाट स्नातक तथा स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेका विद्यार्थीलाई उपाधि प्रदान गर्ने परम्परागत प्रचलनको सट्टा नयाँ परिपाटी अपनाइएको सन्दर्भ माथि परिसकेको छ । यसअनुसार विभिन्न अध्ययन संस्थानहरूले आ-आफ्ना विषयसम्बन्धी दीक्षान्त समारोह नियमानुसार आ-आफ्नै किसिमले गर्ने व्यवस्था भयो । यस सिलसिलामा २०३१ साल जेठ महिनामा सबै अध्ययन संस्थानले आ-आफ्ना संस्थानमा दीक्षान्त समारोहको आयोजना गरेका थिए । गणनाका दृष्टिले यो तेह्रौँ दीक्षान्त समारोह थियो ।

कानून अध्ययन संस्थानअन्तर्गत सन् १९७२ मा बी.एल.परीक्षा उत्तीर्ण भएका ९३ जना विद्यार्थीहरूलाई शिक्षामन्त्री तथा विश्वविद्यालयका सहकुलपति कृष्णराज अर्यालले जेठ १९ गतेका दिन उपाधि वितरण गरेका थिए । दीक्षान्त भाषण दिने विशिष्ट अतिथि भूतपूर्व न्याय कानून मन्त्री शम्भुप्रसाद ज्ञवाली थिए । अर्को दिन जेठ २० गते व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थानद्वारा आयोजित उपाधि वितरण समारोहमा शिक्षामन्त्री तथा विश्वविद्यालयका सह कुलपतिले एम.कम.तथा बी.कम.गरी जम्मा २९७ जना विद्यार्थीलाई उपाधि प्रदान गरे । दीक्षान्त भाषण अर्थ राज्यमन्त्री डा.भेषबहादुर थापाले दिएका थिए ।

[५५] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख ३० तथा जेष्ठ १-५ गतेको निर्णय नं. ७, १० ।

२०३१ जेठ २४ गतेका दिन शिक्षामन्त्री तथा सह कुलपतिले संस्कृत अध्ययन संस्थानद्वारा आयोजित उपाधि वितरण समारोहमा शास्त्री तहका ४७ जना र आचार्यका १० जना विद्यार्थीहरूलाई उपाधि वितरण गरे । दीक्षान्त भाषण नायव बडागुरुज्यू प्रा.जुनानाथ पण्डितले दिए । अर्को दिन जेठ २५ गते शिक्षामन्त्री तथा सह कुलपति कृष्णराज अर्यालले शिक्षाशास्त्र अध्ययन संस्थानद्वारा आयोजित उपाधि वितरण समारोहमा बि.एड्.परीक्षाका ८९ जना विद्यार्थीलाई उपाधि वितरण गरे । दीक्षान्त भाषण भने त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति डा.त्रैलोक्यनाथ उप्रेतीले दिएका थिए ।

२०३१ साल जेठ २७ गते शिक्षामन्त्री तथा सहकुलपति कृष्णराज अर्यालले विज्ञान अध्ययन संस्थानद्वारा आयोजित उपाधि वितरण समारोहमा विज्ञानका ७९ स्नातक, ३६ स्नातकोत्तर र १ पिएच.डी.लाई उपाधि वितरण गरे । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.हर्कबहादुर गुरुङले दीक्षान्त भाषण दिएका थिए ।

सोही जेठ ३१ गते शिक्षामन्त्री तथा सहकुलपति कृष्णराज अर्यालले मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानद्वारा आयोजित उपाधि वितरण समारोहमा १७७ जना स्नातक र १०७ जना स्नातकोत्तर परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरूलाई उपाधि वितरण गरेका थिए । समारोहमा २५१ जना स्नातक तथा १४६ जना स्नातकोत्तर उत्तीर्ण विद्यार्थी भने उपस्थित रहेनन् । यो समारोहमा दीक्षान्त भाषण भने राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति सूर्यविक्रम ज्ञवालीले दिएका थिए ।

उपरोक्त सबै कार्यक्रम त्रिभुवन विश्वविद्यालय स्मृति भवनमा आयोजना गरिएको थियो । उल्लेख्य के छ भने सो दीक्षान्त समारोहमा दीक्षित हुने सबै विद्यार्थीहरू सन् १९७२ मा उत्तीर्ण भएका हुन् ।[५६]

---

[५६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-८ २०३१ साल जेठ, पृ. २-४ ।

**चौधौँ-सत्रौँ दीक्षान्त समारोह**

राष्ट्रिय शिक्षा पद्धतिको योजनामा विश्वविद्यालयमा सञ्चालित विभिन्न अध्ययन संस्थानद्वारा आ-आफ्नै किसिमले छुट्टाछुट्टै समय र स्थानमा दीक्षान्त समारोहको आयोजना गर्ने प्रचलन रहेको सन्दर्भ माथि परेको छ । यसै सन्दर्भमा चौधौँ दीक्षान्त समारोह २०३४ साल जेठ महिनामा आयोजना गरिएको पाइन्छ । मध्यमाञ्चल विकास क्षेत्रमा आयोजित सो चौधौँ दीक्षान्त समारोहमा प्रमुख अतिथि डा. तुलसी गिरीले २०३४ साल जेठ २३ गतेका दिन तथा पूर्वाञ्चल विकास क्षेत्रमा आयोजित दीक्षान्त समारोहलाई मातृकाप्रसाद कोइरालाले प्रमुख अतिथिका २०३४ साल जेठ २४ गतेका दिन सम्बोधन गरेका थिए ।

पन्ध्रौँ दीक्षान्त समारोह २०३५ साल असार २३ गतेका दिन आयोजना गरिएको थियो । त्रिभुवन विश्वविद्यालयका उपकुलपति जगतमोहन अधिकारीद्वारा स्वागत भाषणपछि प्रमुख अतिथि Dr. David L. Snellgrove ले सम्बोधन गरेका थिए । त्यसैगरी सोह्रौँ दीक्षान्त समारोह २०३५ साल माघ १९ गतेका दिन आयोजना गरियो जसमा प्रमख अतिथि Dr. Takeshi Mukaibo ले मन्तव्य व्यक्त गरेका थिए । सत्रौँ दीक्षान्त समारोह २०४० साल मंसिर २३ गते आयोजना गरिएको थियो जसमा प्रमुख अतिथि Dr. Hugh B. Wood ले सम्बोधन गरेका थिए ।[५७]

समग्रमा ‘राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८’ ले थालनी गरेको परीक्षा प्रणाली ‘सेमेष्टर’ एक दशक नहुँदै असफल हुन गयो । फलस्वरूप स्थापनादेखि २०२८ सालसम्म सञ्चालनमा रहेको पठन पाठन एवम् परीक्षा प्रणालीलाई नै विश्वविद्यालयले पुनः अवलम्बन गर्नु पर्ने अवस्था आयो । पूर्वाधार तयार नहुनु, नयाँ परीक्षा प्रणालीका बारेमा शिक्षक, सम्बद्ध कर्मचारी एवम् विद्यार्थीलाई यथोचित अभ्यस्त नगराउनु

[५७] त्रिभुवन विश्वविद्यालय, *त्रिभुवन विश्वविद्यालयः दीक्षान्त भाषणहरूको सङ्ग्रह (२०१७-२०७४)*, काठमाडौँ: त्रिभुवन विश्वविद्यालय, वि.सं. २०७५, पृ. १९१-२३९ ।

आदि नै यसको असफलताका कारण देखिन्छन् । जहाँसम्म २०२८ साल भन्दा अगाडि सञ्चालनमा रहेको वार्षिक परीक्षा नयाँ व्यवस्थाअनुसार एक वर्षसम्म मात्र सञ्चालन गरिने विश्वविद्यालयको पहिलो निर्णयलाई पटक पटक संशोधन गर्नु पऱ्यो । त्यस्तै केही समय प्राईभेट परीक्षामाथि रोक लगाइएको भए तापनि त्यो व्यवस्थासमेत दीर्घकालीन बन्न सकेन । समग्रमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' समय सापेक्ष नभएका कारण नै सफल नभएकाले त्यस योजनाअन्तर्गत सेमेष्टर परीक्षा पद्धतिसमेत सफल नभएकाले त्रिभुवन विश्वविद्यालयले पुन: वार्षिक परीक्षा प्रणाली अवलम्बन गर्नु परेको देखिन्छ ।

जहाँसम्म दीक्षान्त समारोहको सन्दर्भ हो, चौधौँदेखि सत्रौँसम्मका समारोहका सम्बन्धमा स्पष्ट जानकारी दिने सामग्री फेला परेको छैन । यी दीक्षान्त समारोह अध्ययन संस्थानहरूले सञ्चालन गरेको हो वा विश्वविद्यालय आफैले गरेको हो ? दीक्षान्त समारोहमा कुन अध्ययन संस्थानका कुन कुन विषयका कुन तहका कति विद्यार्थीको सहभागिता रह्यो ? कुन परिवेशमा समारोह आयोजनामा बिलम्ब हुन गएको थियो ? भन्ने जस्ता विविध विषयमा अझ विस्तृत अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

## सम्मानार्थ उपाधि

२०३१ साल असार ६ गते शिक्षामन्त्री तथा सहकुलपति कृष्णराज अर्यालको अध्यक्षतामा बसेको विश्वविद्यालय सभाले सम्मानार्थ Doctor of Laws, Doctor of Letters तथा Doctor of  Scienec उपाधि स्थापना गरेको थियो । यस क्रममा विश्वविद्यालयको पन्ध्रौं वार्षिक दिवसका अवसरमा २०३१ साल असार १४ गते (असार शुक्ल नवमी) का दिन कीर्तिपुर स्थित स्मृति भवनमा बसेको विश्वविद्यालय सभाले पारसमणि प्रधानलाई सम्मानार्थ Doctor of Letters को उपाधि प्रदान गर्ने निर्णय गरेको थियो ।[५८]

---

[५८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-९, २०३१ साल असार, पृ. ६-११ ।

विश्वविख्यात पूर्विय अध्ययनका विद्वान तथा रोमको आई.एस.एम.ई.ओ.(?) का संस्थापक तथा अध्यक्ष श्री जि.सि.टुचीले नेपाली इतिहासमा गरेको लामो र गहकिलो योगदानलाई कदर गर्दै नेपाल र एशियाली अध्ययन संस्थानद्वारा संस्थानको विद्यापरिषद्को सम्मति साथ उनलाई त्रिभुवन विश्वविद्यालयको विशेष उपाधि (Certificate of Merit) द्वारा सम्मानित गर्ने सिफारिस गरेको थियो । सोही वर्ष असोज २४ गते विश्वविद्यालय सभाको असाधारण वैठकले इटालीका प्रोफेसर टुचीलाई सम्मानार्थ 'विद्यामहावारिधि' (विशिष्ट) D. Litt को उपाधि प्रदान गर्ने निर्णय गर्‍यो । ज्ञान विज्ञानको कुनै पनि क्षेत्रमा मौलिक देन दिएका व्यक्तिलाई सम्मानार्थ उपाधि प्रदान गर्ने विश्वविद्यालयको नीतिअनुसार टुचीलाई उक्त विशिष्ट उपाधिले विभूषित गर्ने निर्णय गरिएको थियो । यसका साथै विश्वविद्यालय सभाले 'विद्यामहावारिधि' (विशिष्ट) D. Litt (Special), 'विद्यामहावारिधि' (विशिष्ट) D. Scc. (Special) डिग्रीको नामकरण पनि गरेको थियो ।[५९] त्रिभुवन विश्वविद्यालयले यसै किसिमको उपाधि यस भन्दा अघि नेपालका प्रशिद्ध नाटककार तथा विद्वान वालकृष्ण समलाई प्रदान गरेको स्मरणीय छ ।

त्यस्तै नेपाली भाषाको विकास, सम्वर्द्धन तथा प्रचार प्रसारमा प्रशंसनीय योगदान दिएका पारसमणि प्रधानलाई सम्मानार्थ उपाधि प्रदान गर्न प्राविधिक समितिको सिफारिससमेतका आधारमा निजलाई सम्मानार्थ Doctor of Letters को उपाधी प्रदान गर्ने विश्वविद्यालय सभाले निर्णय गरेको थियो ।[६०]

---

[५९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-११-१२, २०३१ साल भदौ, असौज, पृ. १-२ ।

[६०] त्रिभुवन विश्वविद्याल सभाको वैठक (२०२८/११/२६-२०३२/३/२७), २०३१ साल असार १४ गते शुक्रवार को निर्णय ।

## दीक्षान्त कार्यक्रम

सम्मानार्थ स्नातकोपाधि वा विशेष उपाधिसमेत वितरण हुने समारोहमा बाहेक अरू शैक्षिक उपाधि वितरण समारोह गरिनेमा कुलपति वा सहकुलपति वा उपकुलपति उपस्थित नभएमा शिक्षाध्यक्ष वा सम्बन्धित इन्स्टिच्यूटका डीनको अध्यक्षतामा पनि समारोह गर्न सकिने भयो । उपाधि वितरण समारोहमा सम्बन्धित इन्स्टिच्यूटका डीनले विद्यार्थीहरूको प्रस्तुतीकरण गर्ने र डीनको अध्यक्षतामा समारोह हुने भएमा क्याम्पस प्रमुखबाट विद्यार्थीको प्रस्तुतीकरण हुन सक्ने व्यवस्था गरियो । उपाधि वितरण समारोहमा अध्यक्षता गर्ने व्यक्ति र विद्यार्थी प्रस्तुत गर्ने पदाधिकारीले मात्र तोकिएबमोजिमको पोशाक लागउने भए तापनि उल्लिखित प्रोसेसनको कार्यक्रम गरिने भएन ।

उपाधि वितरण समारोहमा उपाधि प्रदान गर्नका लागि उपस्थित हुने स्नातक वा सो भन्दा माथिल्लो तहका विद्यार्थीहरूले कालो गाउन, भित्री कपडा कालो रङ्गको र बाहिरी कपडा सुनौला रङ्कको त्यसमा तीनकुने आकारबाट (मानविकी-गुलाबी, विज्ञान-खैरो, शिक्षा-गाढा निलो, संस्कृत-सेतो, कानून-गाढा रातो वा कलेजी तथा व्यापार प्रशासन-बैजनी) दुई इञ्च पट्टी राख्ने । स्नातकोत्तर तहका लागि अर्को दुई इञ्चको छुट्टै पट्टी र विद्यावारिधि (पीएच.डी.) का लागि अर्को दुई इञ्चको छुट्टै पट्टी रहने गरी पोशाक एवम् स्कार्फ निर्धारण गरियो । त्यस्तै दीक्षान्त समारोहमा सहभागी हुने पुरुषलाई भने भादगाउँले टोपि अनिवार्य गरियो ।[६१]

* * *

[६१] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ १०-१३ गते बसेको वैठकको निर्णय नं. १८ ।

# पुस्तकालय

## परिचय

शैक्षिक संस्थाका लागि आवश्यक पर्ने महत्त्वपूर्ण इकाइमा एउटा पुस्तकालय पनि हो । अझ उच्च शिक्षाका क्षेत्रमा वर्तमान नेपालमा पुस्तकालय बिहिन विश्वविद्यालयको कल्पनासम्म पनि गर्न नमिल्ला । यो सन्दर्भ त्रिभुवन विश्वविद्यालयको हो । विश्वविद्यालय स्थापनाको तयारीका क्रममा नै 'त्रिभुवन विश्वविद्यालय कमिसन' ले पुस्तकालय स्थापनाका लागि गरेको प्रयासको चर्चा माथिका परिच्छेदमा भइसकेको छ । त्रिभुवन विश्वविद्यालय ऐन २०२८ को धारा ६ मा 'विश्वविद्यालयको काम, कर्तव्य र अधिकार' अन्तर्गत दफा 'थ' मा पुस्तकालयको सन्दर्भ परेको छ । विश्वविद्यालयले शिक्षण तथा अनुसन्धान कार्यका निम्ति आवश्यक साधनको व्यवस्था गर्नु पर्ने कुरा यसमा स्पष्ट पारिएको थियो । यस्ता साधनमध्ये पुस्तकालयलाई 'महत्त्वपूर्ण साधन' अन्तर्गत राखियो ।[१] यसै सन्दर्भमा यहाँ भने 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' को एक दशकजति अवधिमा त्रिभुवन विश्वविद्यालयले पुस्तकालय विकासका लागि गरेको प्रयासका बारेमा चर्चा गरिएको छ ।

## एड्हक लाईब्रेरी कमिटी

पुस्तकालयलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्नु पर्ने आवश्यकताको महशुस गरी विश्वविद्यालयले एउटा 'एड्हक लाईब्रेरी कमिटी' गठन गरेको थियो । २०२९ सालमा गठन गरिएको यो कमिटीमा शिक्षाध्यक्ष सूर्यबहादुर शाक्यलाई अध्यक्ष तोकिएको भने यसमा उनका साथै ११ जनालाई संलग्न गरियो । डीन डा.कमलाभक्त राजभण्डारी, डीन

---

१ श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौंः भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३३ (क), २०२८, पृ. ४ ।

कुलरत्न तुलाधर, डीन डा.मोइन शाह, डीन डा.परासरनारायण सुवाल, डीन डा.पन्नालाल, डीन डा. प्रयागराज शर्मा, त्रिभुवन विश्वविद्यालय कलेजका प्रिन्सिपल, जीवशास्त्र विभागका प्रमुख डा.शिवशंकर सिंह, राजनीतिशास्त्र विभागका प्रमुख वासुदेवचन्द्र मल्ल तथा पुस्तकालयाध्यक्षलाई सो समितिमा संलग्न गरिएको थियो ।[२]

जहाँसम्म पुस्तकालय अध्यक्षको सन्दर्भ हो २०२९ साल चैत्र १२ गते बसेको विश्वविद्यालय सभाको वैठकले राष्ट्रिय शिक्षा समितिको २०२९ साल चैत्र ९ गतेको निर्णयानुसार विश्वविद्यालयको प्रशासन रजिष्ट्रारको कार्य क्षेत्र भित्र पर्ने र प्रशासकीय दरबन्दीको तलब स्केललाई रिडर तह भन्दा माथी नउकाल्ने निधो भएकोमा पुस्तकालय प्रमुखको तलब स्केल प्रशासनअन्तर्गत जनाई प्रोफेसर तोकिन गएकाले सो कुरा राष्ट्रिय शिक्षा समितिको पूर्वनिर्धारित सिद्धान्तसँग नमिल्दो हुन गएकाले विश्वविद्यालयले अर्को व्यवस्था नभएसम्म पुस्तकालयलाई तत्कालका लागि रजिष्ट्रारको कार्य क्षेत्र भित्र दर्शाउने र पुस्तकालय प्रमुखको तलब स्केल रिडर भन्दा नबढाउने निर्णय गरेको थियो ।[३]

त्यसको अर्को वर्ष २०३० साल असार २६ गते सोमवारका दिन बसेको विश्वविद्यालय सभाको वैठकले काठमाडौं उपत्यकाका निम्ति क्याम्पसका विद्यार्थीलाई एउटा केन्द्रीय स्थानमा पुस्तकालयको सुविधा दिलाउने उद्देश्यले त्रिचन्द्र कलेजमा पुस्तकालय राख्ने आयोजना गरिएकोले सो का लागि रु. १,८२,०००/- छुट्याइएको थियो ।[४]

---

[२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६ अङ्क-६ २०२९ साल माघ, पृ. २-३ ।

[३] त्रिभुवन विश्वविद्यालय सभाको २०२९ साल चैत्र २२ मा बसेको वैठकको निर्णय, पृ. ४-५ ।

[४] त्रिभुवन विश्वविद्यालय सभाको २०३० साल आषाढ २६ गते सोमवार बसेको वैठकको निर्णय ।

**विश्वविद्यालय पुस्तकालय**

राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ लागू हुनासाथ पुस्तकालयको पूर्व व्यवस्थालाई हटाएको सन्दर्भमा पुस्तकालय प्रमुखले विरोध गर्नुका अतिरिक्त पहिलेका नियमलाई निरन्तरता दिलाउन प्रयास गर्दै विश्वविद्यालयको मुटु पुस्तकालयको उन्नयनका लागि उचीत ध्यान दिन पर्ने माग गरेको पनि देखिन्छ । यस क्रममा २०२८ साल साउन महिनाको अन्त्यतिर देहायको सन्दर्भ उठाइएको थियो;[५]

> *"...पुस्तकालयमा भएका वुद्धि ज्ञान र अनुभवका सामग्रीहरूको राम्रो अध्ययन बिना खाली कुनै इन्स्टिच्यूटको पढाइले मात्र शिक्षाको उद्देश्य पूर्ति नहुने भएकोले पुस्तकालयलाई शैक्षिक संस्थाको अभिन्न अङ्ग सम्झी वर्तमान युगमा शिक्षा विकासको विचार विमर्स गर्नासाथ पुस्तकालय विकासको पनि विचार विमर्श गरिने कुरो यहाँलाई ज्ञातैछ । अन्यथा शिक्षा गुरूको अन्धो शिकाइ शिष्यको सुगा पढाइ मात्र हुन जान्छ । यसैले हामी कुनै पनि विश्वविद्यालय शैक्षिक संस्था आदिको अर्गनाइजेशन चार्टमा पुस्तकालयलाई मुख्य शाखाको हैसियतले महत्त्वपूर्ण स्थान दिइएको पाउछौं । विश्वविद्यालय पुस्तकालयको योग्य लााइब्रेरियनले पनि विश्वविद्यालयको अध्ययन र अनुसन्धान कार्यको उद्देश्य पूर्तिमा पुस्तकालयको तर्फबाट राम्रो सरसल्लाह र सुझाव पेश गरी ठूलो देन दिन सकिन्छ भन्ने सम्झी पुस्तकालयको लाइब्रेरियनलाई*

---

५ भवेश्वर पंगेनी, *केन्द्रीय पुस्तकालयका पाँच दशक (वि.सं. २०१६-२०६६)*, काठमाडौं: त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, वि.सं २०६८, पृ. १००-१०५ ।

*विश्वविद्यालयको मुख्य मुख्य सभाहरूमा सदस्य बनाइएको हामी पाउँछौं । जुनकुरा हामी अमेरिकाको प्रसिद्ध विश्वविद्यालयहरू...सबै ठाउहरूबाट दृष्टान्तको रूपमा पाउन सक्छौं...*

*...हाल त्रिभुवन विश्वविद्यालयको प्रकाशित अर्गनाइजेशन चार्ट नभए पनि विश्वविद्यालयको अधिनियमको परिच्छेद ७ को दफा १४ ले पुस्तकालयलाई महत्त्वपूर्ण स्थान दिइ पुस्तकालयको लाइब्रेरियनलाई अन्तरराष्ट्रिय अरू अरू विश्वविद्यालयहरूले जस्तै सोझै उपकुलपतिको अन्तर्गत राखिएको र त्रिभुवन विश्वविद्यालय ऐनको दफा १७ को उपदफा ख को नं. १७ ले पुस्तकालयको लाइब्रेरियनलाई विश्वविद्यालयको सर्वोच्च अङ्ग सिनेटको सदस्य बनाइएको साथै पुस्तकालयको लाइब्रेरियन एकेडेमिक काउन्सिलको सदस्य पनि रहेको कुरा यहांलाई विदितै छ । १९६८ मा त्रिभुवन युनिभर्सिटी प्लानिङ्ग कमिटिले बनाएको चार्टमा पनि लाइब्रेरी र लाइब्रेरियनलाई राम्रो स्थान प्रदान गरिएको थियो...*

*...राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ मा प्रकाशित विश्वविद्यालय अर्गनाइजेशन चार्टमा रेक्टर अन्तर्गत अरू अरू कार्यालयहरू उल्लेख गरिए पनि विश्वविद्यालयको मुख्य स्थायी महत्त्वपूर्ण (?) अङ्ग पुस्तकालयलाई कुनै उचित स्थान दिइएको देखिएन । पुस्तकालयको नाम उल्लेख भएको पाइएन । साथै पहिलेको सिनेटको काम गर्ने विश्वविद्यालय सभामा लाइब्रेरियन सदस्य देखिएन । पहिलेको एकेडेमिक*

*काउन्सिलले जस्तै शैक्षिक कार्यक्रमको मुल्याङ्कन गर्ने नया कार्यक्रमको तर्जुमा गर्ने उक्त योजनामा उल्लिलित प्राविधिक सम्मेलनमा भाग लिन पर्नेहरूमा लाइब्रेरियनलाई उल्लेख गरिएको छैन...*

*...विश्वविद्यालय संगठन चार्ट, विश्वविद्यालय भा, प्राविधिक सम्मेलन आदिमा पुस्तकालय र लाइब्रेरियनलाई अरू अरू मुलुकहरूले जस्तै त्रि.वि.को हाल लागु अधिनियम र परिनियमले जस्तै उचित स्थान दिलाउने जो चाहिने प्रवन्धको लागि अनुरोध गर्दछु । विभिन्न देशहरू र हाम्रो लागु अधिनियम र परिनियमको देखासिकी गरेर मात्र होइन राष्ट्रको खाचो पूर्ति गर्ने खालको आधुनिक युग सुहाउदो राष्ट्रिय शिक्षा पद्धति योजना, २०२८ को उद्देश्य पूर्तिको लागि लाइब्रेरी र लाइब्रेरियनलाई माथि उल्लेख गरिए बमोजिम स्थान दिलाउनै पर्ने ..."*

यो पत्र लेखिएको एक हप्ता पनि नपुग्दै पुनः 'त्रिभुवन विश्वविद्यालय पुस्तकालय' का लाइब्रेरियनले यसै सन्दर्भमा उपकुलपतिलाई अर्को पत्र लेखेको भेटिएको छ । पहिलेको पत्रको उल्लेखसमेत गरिएको यो पत्र 'त्रिभुवन विश्वविद्यालय पुस्तकालय' का लेटरहेडमा लेखिएको भए तापनि पत्रमा केन्द्रीय शिक्षण संस्थाहरू रहने र कुन कुन युनिभर्सिटी क्याम्पस बाहिर रहेका केन्द्रीय शिक्षण संस्थाहरूलाई विश्वविद्यालयका केन्द्रीय पुस्तकालय 'सेण्टर लाइब्रेरी' उल्लेख गरी त्यस्ता शिक्षण सस्थाका लागि राखिने पुस्तकालयको शाखाका संगठन, बराबर रेखदेख, पुस्तकालय कर्मचारीको नियुक्ति, तालीम आदि केन्द्रीय पुस्तकालयबाट नै गराउनु पर्ने सन्दर्भ उठाइएको थियो । त्यतिमात्र नभएर जसरी क्याम्पसको सुप्रबन्धको कुन कुन क्षेत्रमा विश्वविद्यालय प्रशासनको हात हुन्छ त्यसरी नै क्याम्पस पुस्तकालयको सुप्रबन्धमा विश्वविद्यालयको

केन्द्रीय पुस्तकालयको हात हुनु पर्ने माग राख्दै 'युनिभर्सिटी लाइब्रेरी अर्गनाइजेशन चार्ट' १ प्रति साथमा राखि उपकुलपतिलाई पत्र लेखिएको देखिन्छ ।[६]

उपकुलपतिलाई पछिल्लो पत्र लेखेको दुई दिनपछि त्रिभुवन विश्वविद्यालयअन्तर्गत विभिन्न इन्स्टिच्यूट एवम् क्याम्पसहरूमा सञ्चालित पुस्तकालयको व्यवस्थापन, सञ्चालन, तालिम, पुस्तक/सामग्री खरिदका लागि केन्द्रीय पुस्तकालयलाई अधिकार दिइनु पर्ने मागका साथ 'युनिभर्सिटी लाइब्रेरी अर्गनाइजेशन चार्ट' १ प्रति साथमा राखको उल्लेख गरी 'श्री ५ युवराजाधिराज सरकारका सह-सचिव नारायणपसाद श्रेष्ठ' का नाममा एउटा पत्र लेखिएको देखिन्छ । लाइब्रेरियनले लेखेको पत्रको पुछारमा 'यो पत्रमा भएको व्यहोराको पूर्ण विवरण लेखिएकाले श्री ५ युवराजाधिराज सरकारको जुनाफमा पनि जाहेर गरिदिन हुन अनुरोध छ' उल्लेख गरिएको पाइन्छ ।

समग्रमा त्रिभुवन विश्वविद्यालयले स्थापनादेखि नै पुस्तकालय व्यवस्थापन एवम् सञ्चालनका लागि आवश्यक पर्ने नीति, नियमलगायत तर्जुमा गर्ने निकायमा त्यसको प्रमुखलाई संलग्न गरिएको भए तापनि नयाँ शिक्षा पद्धतिको योजना-२०२८ ले यो व्यवस्थालाई वास्ता गरेका देखिँदैन । अर्कातर्फ यस योजनाले मुलुकका सबैजसो क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयमा समावेश गरेको थियो । भर्खरमात्र विश्वविद्यालयमा समावेश गरिएका क्याम्पसको पुस्तकालय व्यवस्थापनका लागि थुप्रै प्रयास गर्नु पर्ने आवश्यकता थियो नै । त्यस कारण ती पुस्तकालयसमेतको व्यवस्थापन गर्ने दायित्व पनि थपिएका बखत पुस्तकालय प्रमुखलाई नै बेवास्ता गरिएको जस्तो देखिन्थ्यो । पुस्तकालय जस्तो संस्थालाई विश्वविद्यालयका केन्द्रीय तहमा प्रतिनिधित्व नगराउन उपयुक्त नहुने कुरा उल्लेख गरेर तत्कालीन प्रमुखले विश्वविद्यालयका उपकुलपतिका अतिरिक्त

---

६ *ऐजन*।

युवराजसमेतलाई पत्रद्वारा जानकारी दिए तापनि उनको यो प्रयासलाई विश्वविद्यालयका तत्कालीन पदाधिकारीले वास्ता गरेको पाइँदैन । यद्यपि उनको प्रयास भने टुङ्गिएको थिएन । सम्भवतः सोही कारणबाट त्रिभुवन विश्वविद्यालयका लाइब्रेरीयनलाई २०२९ सालमा विश्वविद्यालय सभाको दस्यमा मनोनित गरिएको थियो ।[७]

त्रिभुवन विश्वविद्यालयको नीति नियम तर्जुमा गर्ने निकायमा प्रमुखलाई पूर्ववत् रूपमा राख्नका लागि तत्कालीन प्रमुखले जति पत्राचार गरे तापनि सम्बन्धित निकायले वास्ता गरेका पाइँदैन । हुनतः उनको प्रयासका कारण कुलपतिका हैसियतमा राजा वीरेन्द्रबाट उनलाई विश्वविद्यालय सभाको सदस्यमा मनोनित गरिएको देखिन्छ । यो मनोनयन संस्थागत रूपमा पुस्तकालय प्रमुखलाई नभएर केवल व्यक्तिलाई गरिएको जस्तो देखिन्छ । उनको प्रयास व्यक्तिलाई नभएर पुस्तकालय प्रमुखलाई विश्वविद्यालय सभा सदस्यमा सदस्यता दिइने व्यवस्था गरिनु पर्ने हुनुपर्दछ । उनलाई एक कार्यकालमात्र मनोनित गरियो जुन संस्थागत रूपमा कुनै औचित्यपूर्ण देखिँदैन भने उनको प्रयास पनि सफल भएन ।

पुस्तकालय प्रमुखको माथिका पत्रहरूमा उल्लेख गरिएको 'केन्द्रीय पुस्तकालय/सेण्ट्रल लाइब्रेरी' शब्दावलीको जहाँसम्म प्रसङ्ग छ, २०२८ सालमा त्रिभुवन विश्वविद्यालयले कीर्तिपुर स्थित पुस्तकालयलाई 'केन्द्रीय पुस्तकालय' नामकरण गरिसकेको थिएन । त्यसै कारण त्रिभुवन विश्वविद्यालयको पुस्तकालय प्रमुखबाट नै त्यस प्रकारको नमिल्ने सूचना सम्प्रेषण गर्नु वाञ्छनीय देखिँदैन ।

## अभिलेख शाखा

त्रिभुवन विश्वविद्यालय स्थापनाको १६ वर्ष जतिपछि विश्वविद्यालय सम्बद्ध महत्त्वपूर्ण लिखत (सामग्री), अभिलेख आदिको सुरक्षा

---

[७] *ऐजन,* पृ. १०३-१०४ ।

तथा सम्बर्द्धन गर्नु पर्ने आवश्यकताको महशुस गरिएको थियो । फलस्वरूप विश्वविद्यालय प्राविधिक समितिले २०३२ सालको मध्यतिर यसका लागि छुट्टै एउटा 'अभिलेख शाखा' स्थापना गरेको थियो ।[८]

प्रत्येक वर्ष त्रिभुवन विश्वविद्यालका विभिन्न कार्यालयबाट कारबाही भएका बेचल्तिका फाइलहरू अभिलेख शाखामा पठाउने तथा यसरी पठाइएका फाइलहरू प्राप्त भएपछि तिनको छानबीन गरी कानूनी दृष्टिकोणबाट निश्चित अवधि या सधैंका लागि सुरक्षित राख्नु पर्ने कागजहरू छुट्याई अभिलेखमा राख्ने तथा कानूनी दृष्टिकोणबाट आवश्यकता नदेखिए पनि ऐतिहासिक वा archive को दृष्टिकोणबाट महत्त्वपूर्ण कागजपत्रहरूसमेत अभिलेखमा राख्ने जिम्मेवारी अभिलेख शाखालाई तोकियो ।

अभिलेख शाखामा रहेका कागजपत्रहरू हेर्न र सो को प्रतिलिपि प्राप्त गर्न रजिष्ट्रारको स्वीकृति लिनु पर्ने तथा साधारणतया अभिलेखबाट कुनै कागज बाहिर लैजान नपाइने भयो ।

अभिलेख शाखालाई मुख्यतः त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय तथा अध्ययन संस्थानहरूबाट अभिलेख प्राप्त गर्ने, प्राप्त अभिलेखहरूको सुरक्षा, सम्भार तथा वर्गीकरण गरी राख्ने, अनावश्यक अभिलेख धुल्याउने, पुराना रेकर्ड तथा अभिलेखको आवश्यकता परेमा नियमानुसार उपलब्ध गराउने तथा प्राप्त अभिलेखहरूको वर्गीकृत क्याटलगहरू तयार गरी वर्षको एक पटक प्रकाशित गराउने जस्ता कार्यको अख्तियारी दिइयो ।

सामान्यतः अभिलेख शाखामा त्रिभुवन विश्वविद्याल स्थापनाका लागि गठन भएको कमिसनको मिनट्स, कमिसन सम्बन्धी महत्त्वपूर्ण कागजपत्रहरू, त्रिभुवन विश्वविद्यालका पुराना कागजपत्र तथा रेकर्डहरू,

---

[८] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३२ साल भदौ महिनाको बैठकबाट स्वीकृत 'त्रि.वि.अभिलेख सम्बन्धी विनियम, पृ. १-२ ।

त्रिभुवन विश्वविद्यालय सिनेट, सिण्डिकेट, एकेडेमिक काउन्सिलहरूको मिनट्स तथा विश्वविद्यालय सभा, प्राविधिक समितिका मिनट्स, त्रिभुवन विश्वविद्याल सम्बन्धी ऐन, नियम, परिनियम, विनियम तथा अन्य नियमहरू, रजिष्टर्ड ग्रेजुएट सम्बन्धी रेकर्ड, बहाल टुटेका विश्वविद्यालयका उपकुलपतिलगायत पदाधिकारी, शिक्षक तथा प्रशासकीय कर्मचारीहरूको नियुक्ति तथा व्यक्तिगत फाइलहरू, त्रिभुवन विश्वविद्यालय तथा विभिन्न अध्ययन संस्थानहरूको अचल सम्पत्ति सम्बन्धी कागजपत्र, त्रिभुवन विश्वविद्यालयलाई गरिदिएका दानपत्र, छात्रवृत्ति तथा पदक स्थापनार्थ दिएको चन्दा सम्बन्धी सक्कल कागजपत्रहरू, अनुसन्धान उपाधिका लागि स्वीकृत गरिएका थेसिसहरू, लेखा परीक्षण सम्पन्न भई विश्वविद्यालय सभाबाट फारख भएपछिको त्रिभुवन विश्वविद्यालय कोष सम्बन्धी क्यासबुक, लेजर आदि रेकर्डहरू, लेखा परीक्षकबाट प्राप्त भएको प्रतिवेदन, विभिन्न परीक्षाहरूको सक्कल रेकर्ड (परीक्षाफल प्रकाशित भएको ५ वर्षसम्म परीक्षा शाखामा रहने र त्यसपछि अभिलेख शाखामा राखिने), भवन आदिका विमा सम्बन्धी कागजपत्र, आम्दानी-खर्चको बजेटका लागि वर्गीकरणका सिद्धान्त, त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित मुद्दामामिलाका निर्णयहरू, विश्वविद्यालय सम्बद्ध तस्बिर, फिल्म, टेपरेकर्ड तथा अभिलेखमा राख्न उपयोगी अन्य सामग्रीहरू राख्नु पर्ने व्यवस्था मिलाइयो ।[९]

विश्वविद्यालयले 'अभिलेख शाखा' लाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि विश्वविद्यालय प्राविधिक समितिबाट २०३२ साल भदौ १०-१३ मा एउटा 'विनियम' समेतको तर्जुमा गरेको थियो ।[१०]

अभिलेखालयमा राख्न आवश्यक नपर्ने कागजपत्रहरू धुल्याउनका लागिसमेत निश्चित प्रक्रिया अपनाउनु पर्दथ्यो । यसरी धुल्याउँदा

---

[९] *ऐजन* ।

[१०] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ महिनाको वैठकको निर्णय नं. १५ ।

धुल्याइएका कागजपत्रहरूका बारेमा विस्तृत जानकारी रहोस् भन्नाका लागि तिनको पञ्जिकासमेत खडा गर्नु पर्दथ्यो ।

समग्रमा पुस्तकालयका रूपमा काम गर्ने अभिलेख शाखा भने पुस्तकालय भन्दा छुट्टै संस्थाका रूपमा स्थापना तथा सञ्चालन गरियो ।

उल्लेख्य के छ भने कीर्तिपुर क्याम्पसमा रहेको केन्द्रीय पुस्तकालयलाई २०३१ साल भदौ महिनादेखि 'कीर्तिपुर क्याम्पस संयोजक समिति' अन्तर्गत राखियो ।[११]

राष्ट्रिय शिक्षा पद्धतिको योजनाको थालनीसँगै विश्वविद्यालयले 'त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय' को एकस्टेन्सन पुस्तकालय त्रि-चन्द्र क्याम्पसमा स्थापना गर्ने सिद्धान्तलाई स्वीकृत गर्दै २०३० सालको मध्यतिर त्यसका लागि आवश्यक प्रारम्भिक कार्य शुरु गरेको थियो ।[१२]

## केन्द्रीय पुस्तकालय

स्थापनाको १४ वर्षसम्म त्रिभुवन विश्वविद्यालयअन्तर्गत पहिला त्रिपुरेश्वरमा तथा २०२४ सालमा कीर्तिपुरमा रहेको पुस्तकालयलाई २०२० सालदेखि सिनेटअन्तर्गत राखिँदै आएको थियो । यसको ७ वर्षपछि २०२७ सालदेखि यो परम्परा समाप्त भयो । यसै सन्दर्भमा विश्वविद्यालय अध्यादेश २०१६ ले पुस्तकालय प्रमुखलाई उपकुलपतिको प्रत्यक्ष उत्तरदायित्वमा राखेको थियो । राष्ट्रिय शिक्षा समितिको निर्णयानुसार रजिष्ट्रारको मातहतमा राखिएको र अन्त्यमा विश्वविद्यालय chart अनुसार यो पद रेक्टरको मातहतमा राखियो । त्यस्तै यस पुस्तकालयलाई 'त्रिभुवन विश्वविद्यालय पुस्तकालय' नामकरण गरिएको हो ।

---

११ *ऐजन* ।

१२ त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल कार्तिक महिनाको वैठकको निर्णय नं. १९ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाका क्रममा विश्वविद्यालयले २०३० सालमा पुस्तकालयका सम्बन्धमा एउटा विनियम तर्जुमा गरेको थियो । यस विनियमले इतिहासमा पहिलो पटक कीर्तिपुर स्थित विश्वविद्यालय पुस्तकालयलाई 'केन्द्रीय पुस्तकालय' नामकरण गऱ्यो । यसै विनियमले पुस्तकालय समितिको गठनको व्यवस्था गऱ्यो । यो समितिमा 'एडहक लाइब्रेरी कमिटी' लाई नै पुस्तकालय समिति बनाइएको हो वा अर्कै किसिमबाट यसको गठन गरिएको थियो भन्ने स्पष्ट पाइँदैन । पदेन सदस्य बाहेकका सदस्यहरूको कार्यावधि २ वर्षको हुने निर्धारण गरियो ।

पुस्तकालय उपसमितिले तयार पारेको विश्वविद्यालय केन्द्रीय पुस्तकालय सम्बन्धी विनियमलाई विश्वविद्यालय प्राविधिक समितिको २०३० साल पौष ४ गतेका दिन बसेको वैठकले स्वीकृत गरी यसलाई तत्कालै लागू गर्ने निर्णय गरेको थियो ।[१३]

विनियमअनुसार त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुरमा रहने, पुस्तकालयले त्रिभुवन विश्वविद्यालयका अन्य क्याम्पसमा रहेका पुस्तकालयहरूलाई प्राविधिक सरसल्लाह दिने, त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरूमा रहेका पुस्तकालयको केन्द्रीय क्याटलग राख्ने, विश्वविद्यालयमा अनुसन्धानलाई आवश्यक पुस्तकालय सेवाको व्यवस्था गर्ने, पुस्तकालय सम्बन्धी तालीमको सञ्चालन गर्ने, कीर्तिपुरमा रहेका क्याम्पसहरूको क्याम्पस पुस्तकालयकोसमेत काम गर्ने, त्रिभुवन विश्वविद्यालय बाहिरका अनुसन्धान गर्ने व्यक्तिहरूलाईसमेत पुस्तकालय सेवा उपलव्ध गराउन सक्ने तथा अन्य क्याम्पस पुस्तकालयलाई पुस्तकहरू सापटी दिन सक्ने 'त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय' लाई अख्तियारी दिइयो ।

[१३] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल पौष ४ गते बसेको तेस्रो बैठकको निर्णय नं. २३ ।

केन्द्रीय पुस्तकालय सञ्चालनमा निर्देशन एवम् सहयोगका लागि विनियममा नै 'पुस्तकालय समिति' समेतको व्यवस्था गरियो । पुस्तकालय समितिले पुस्तकालय समय निर्धारण गर्ने, सदस्यता र पुस्तक लेनदेनको शर्त निर्धारण गर्ने, पुस्तक खरिद नीति बनाउने, पुस्तकालयको सुविधा उपलब्ध गराउने शर्त निर्धारण गर्ने, सजाय, जरिवाना आदिको नीति निर्धारण गर्ने, सभावाट पारित बजेट विभाजन गर्ने, काम नलाग्ने पुराना पुस्तक, पत्रिका, अखबार हटाउने व्यवस्था गर्ने, प्राविधिक समितिले मागेको वा आफूले उचीत ठानेको कुरामा प्राविधिक समितिमा सुझाव पठाउने तथा पुस्तकालयको प्रगति र विकासका लागि अन्य आवश्यक कामकाज गर्ने जस्ता काम गर्ने भयो ।

समितिको अध्यक्षले वैठकको अध्यक्षता गर्ने, उपस्थित सदस्यहरूको बहुमतबाट प्रस्ताव पारित गरिने, समितिको वैठक कम्तिमा वर्षको २ पटक हुने, अध्यक्षको अनुपस्थितिमा वैठकको अध्यक्षता उपस्थित सदस्यहरूले छानेका सदस्यले गर्ने, समितिको गणपूरक संख्या सम्पूर्ण सदस्यताको ५० प्रतिशत हुने, आवश्यक भएमा अध्यक्षको अनुमतिले अरू व्यक्तिलाई समितिको वैठकमा आमन्त्रित गर्न सक्ने र वैठकको अन्तमा सदस्य सचिवले वैठकको निर्णयहरू पढेर सुनाउने तथा सदस्यहरूको सहमति भएपछि अध्यक्षले निर्णयमा दस्तखत गर्ने जस्ता कार्यविधिको निर्धारणसमेत गरियो ।[१४]

सो निर्णयको तत्कालै अर्थात् राष्ट्रिय शिक्षा पद्धतिको योजनाको पहिलो चरण सकिएपछि केन्द्रीय पुस्तकालय समितिको कार्यविधिलाई २०३२ साल चैत्र २२ गतेका दिन विश्वविद्यालयको कार्यकारिणी समितिबाट केही परिमार्जन गरियो ।[१५] फलस्वरूप अब केन्द्रीय पुस्तकालय

---

[१४] *ऐजन,* पृ. १-२ ।

[१५] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३२ साल चैत्र २२ गतेको वैठकको निर्णय, परिच्छेद-३०, पृ. ३०.१ ।

समितिका मनोनित सदस्यहरूको कार्यावधि ३ वर्षको गराइयो भने समितिको वैठक वर्षमा ३ पटक बस्नु पर्ने तथा आवश्यक भएमा अध्यक्षले जुन बखत पनि विशेष बैठक बोलाउन सक्ने यद्यपि विशेष बैठकको सूचना भने २४ घण्टा अगावै प्रत्येक सदस्यलाई दिनु पर्ने भयो । समितिको वैठक भने अध्यक्षको स्वीकृति लिई सदस्य सचिवले बोलाउने तथा वैठक बोलाउँदा बैठकको कार्यावलि सहित बैठक बस्ने ७ दिन अगावै हरेक सदस्य कहाँ सूचना पठाउनु पर्ने भए तापनि विशेष वैठकको कार्यावलि भने अगावै पठाउन आवश्यक नहुने भयो ।

पहिलेकै कार्यावलिअनुसार केन्द्रीय पुस्तकालय समितिको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत हुने तथा गणपूरक संख्याको अभावमा स्थगित भएको वैठक एक हप्ताभित्र पुनः बस्ने र यसरी बस्ने बैठकका लागि गणपूरक संख्या आवश्यक हुने भएन ।

## मध्यावधि मूल्याङ्कनमा पुस्तकालय

सरकारले दीर्घकालीन योजनामासमेत पुस्तकालयको सन्दर्भ उठाएको पाइन्छ । त्यस्तै राष्ट्रिय शिक्षा पद्धति योजनाको मध्यावधि मूल्याङ्कनका क्रममा पनि विस्तृत रूपमा पुस्तकालयका सम्बन्धमा उल्लेख गरिएको थियो । यहाँ यी दुवै सन्दर्भमा उल्लेख गरिएको पुस्तकालय सन्दर्भलाई दिइएको छ ।

राष्ट्रिय शिक्षा पद्धति योजनाको मध्यावधि मूल्याङ्कनका क्रममा खासगरी विश्वविद्यालयले कीर्तिपुर स्थित पुस्तकालयका सन्दर्भमा त्रिभुवन विश्वविद्यालयको निर्णय प्रक्रियासँग सम्बद्ध विभिन्न सन्दर्भ यस प्रकार उठाइएको पाइन्छ;

> *"...विश्वविद्यालय पुस्तकालय सम्बन्धी शिक्षा योजना लागू भएदेखि अहिलेसम्म भएको थरिथरिका निर्णयहरूले पनि निकै स्पष्ट गर्दछ । शुरूमा यो पुस्तकालय उपकुलपतिको मातहतमा थियो । योजना लागू भएपछि*

*पुस्तकालयलाई रजिष्ट्रारको मातहतमा राख्ने निर्णय भयो । त्यसपछि पुस्तकालयलाई शिक्षाध्यक्षको मातहतमा राखियो । त्यसपछि शिक्षाध्यक्षको कार्यक्षेत्रबाट यसलाई झिकेर मानविकी तथा समाजशास्त्र अध्ययन संस्थान केन्द्रीय क्याम्पस प्रमुखको अन्तरगत राखियो । त्यसपछि डीनहरूको समन्वय समितिको निर्णयले हालसालै उक्त क्याम्पस प्रमुखको कार्यक्षेत्रबाट पुस्तकालयको कर्मचारी प्रशासन तथा दरवन्दीलाई झिकेर नेपाल तथा एशियाली अध्ययन संस्थानको डीनको अधिनमा राखिएको पाइन्छ । पुस्तकालयको भौतिक साधन र सुविधा चाहिं कीर्तिपुर क्याम्पस समन्वय समितिको अन्तरगत रहेको देखिन्छ । यसरी विश्वविद्यालयको एक सुसम्पन्न पुस्तकालय सम्बन्धी नीति तथा प्रशासन जस्तो साधारण विषयमा पनि विश्वविद्यालय प्रशासनमा अस्पष्टता तथा नीति निर्देशन दिने कुरामा एकमत देखिँदैन । विश्वविद्यालयमा यथावत् सम्पन्न भएको संस्था संस्थान (जस्तै पुस्तकालय तथा (CEDA) को विषयमा केन्द्रीय प्रशासनले स्पष्ट तथा ठोश नीति निर्देशन दिन नसकेको ठाउँमा हुँदै नभएको शैक्षिक कार्यक्रम तर्जुमा गरी प्राविधिक शिक्षा जस्तो नौलो क्षेत्रमा शैक्षिक तथा प्रशासनिक नेतृत्व प्रदान गर्ला भन्ने आशा गर्नु समय आएको छैन कि भन्ने आशंका गर्नु परेको छ...”*

त्यतिमात्र नभएर उक्त प्रतिवेदनमा ‘पुस्तकालय तथा वाचनालयहरूको विकास’ उप-शीर्षक राखेर कीर्तिपुर क्याम्पस स्थित पुस्तकालयलाई विश्वविद्यालय केन्द्रीय पुस्तकालयको मान्यता दिइने, यस पुस्तकालयलाई  डकुमेन्टेशन सेन्टरको मान्यता दिइने, प्रत्येक क्याम्पसमा

सम्बन्धित विषयवस्तुका आवश्यक ग्रन्थको संग्रहालय स्थापना गर्ने सम्बन्धमा एउटा न्यूनतम आधार तोक्ने कुरा पनि परेको छ । त्यस्तै प्रत्येक २,३ क्याम्पसका निम्ति पाएक पर्ने ठाउँमा केन्द्रीय पुस्तकालयका शाखा एवम् सुव्यवस्थित पुस्तकालय तथा वाचनालयहरूको व्यवस्था गर्ने सन्दर्भ पनि उठाइएका थिए ।[१६]

पुस्तकालयलाई व्यवस्थित गर्ने सन्दर्भमा पनि प्रतिवेदनले केही सिफारिस गरेको थियो । केन्द्रीय पुस्तकालयले स्थापना गरिने संग्रहालय र शाखा पुस्तकालयहरूको व्यवस्था, रेखदेख, निरीक्षण र सो सम्बन्धी सुविधा आदिको सुप्रवन्धका निम्ति तालीम प्राप्त जनशक्ति तयार गर्ने कार्यहरू केन्द्रीय पुस्तकालयको कार्यक्षेत्र भित्र पर्ने सन्दर्भ उठाउँदै प्रतिवेदनमा केन्द्रीय पुस्तकालय र शाखा पुस्तकालयहरूको विकासमा सहयोग गर्न शिक्षाध्यक्षको अध्यक्षतामा सम्बन्धित डीनहरूसमेत भएको एउटा समिति गठन गरिने जसको सदस्य सचिव केन्द्रीय पुस्तकालयको पुस्तकाध्यक्ष रहनेछ उल्लेख गरियो ।

यो प्रतिवेदनले कीर्तिपुरमा 'केन्द्रीय पुस्तकालय' तथा अन्यत्र 'शाखा पुस्तकालय' एवम् 'क्याम्पस पुस्तकालय' गरी मुलुकमा तीन तहका पुस्तकालय स्थापनामा जोड दिएको थियो । केन्द्रीय पुस्तकालयलाई शिक्षाध्यक्षका मातहतमा तथा अन्य पुस्तकालयलाई केन्द्रीय पुस्तकालय प्रमुखको मातहतमा राख्ने व्यवस्थाको सिफारिश गरियो ।

त्रिभुवन विश्वविद्यालय पुस्तकालयलाई विश्वविद्यालयले 'कीर्तिपुर क्याम्पस संयोजक समिति' अन्तर्गत राख्ने निर्णय गरेकाले यो निर्णयले पुस्तकालय सञ्चालनमा विभिन्न अप्ठेरो पर्ने कुरा लिखित रूपमा उपकुलपतिलाई अनुरोध गरिएको थियो । यस्ता अप्ठेरोमा पुस्तकालयलाई

---

[१६] केन्द्रीय पुस्तकालयका लाइब्रेरियनको नाममा जाँचबुझ केन्द्र, राजदरबारबाट सहायक सचिव गोविन्ददास श्रेष्ठले मिति ०३१/०९/१० का दिन 'मध्यावधि मूल्यांकन प्रतिवेदन र आगामि योजनाको रूपरेखाका बारेमा प्रतिक्रिया पठाउन' का लागि लेखेको गोप्य तथा जरुरी पत्र, पृ.५-१४,१५; ७-७,७-८ ।

रेखदेख र निर्देशन दिने पहिले केन्द्रीय कार्यालय एउटा निकायको सट्टा अब 'कीर्तिपुर क्याम्पस संयोजक समिति', 'नेपाल र एशियाली अध्ययन संस्थान' तथा 'साधारण अध्ययन संस्थान समन्वय समिति' भएकाले क-कसको के भूमिका रहने हो स्पष्ट नभएको, सेडाबाट आएका कर्मचारीलाई पुस्तकालयको स्वीकृति बिना सरुवा गरिएकाले पुस्तकालयलाई कर्मचारी प्रशासनको अधिकारबाट वञ्चित गरिएको, पुस्तकालयका पुस्तक, पत्रिका बजेट सञ्चालन, पेटिक्यास रकम सञ्चालन, विदा रेकर्डलगायत सामान्य प्रशासनमा सहयोग गर्दै आएका कर्मचारीलाई कीर्तिपुर क्याम्पस संयोजक समितिमा काजमा खटाइ दिनु भन्ने पत्र नेपाल र एशियाली अध्ययन संस्थानबाट प्राप्त भइरहेको र प्राविधिक समितिको निर्णयानुसार सेडाको सहयोगमा सञ्चालित डकुमेण्टेशन पुस्तकालयलाई हस्तान्तरण गर्ने भएको, अर्कोतिर नेपाल र एशियाली अध्ययन संस्थानमा डकुमेण्टेशन सेण्टर रहेको भन्ने निर्णयले काम सञ्चालनमा बाधा परेको भन्ने उल्लेख गरेको देखिन्छ ।[१७]

यसका अतिरिक्त लाइब्रेरियनबाट पुस्तकालयका लागि आर्थिक प्रशासन र कर्मचारी प्रशासनको विश्वविद्यालयको सुरूदेखि पुस्तकालयमा रहेको अधिकार कायम रहनु पर्ने, यसमा क्याम्पस वा कुनैको अनावश्यक नियन्त्रणबाट पुस्तकालयको विकास हुन नसक्ने, विकेन्द्रीकरण प्रणालीलाई लागू गरिनु पर्ने जस्ता सन्दर्भसमेत उपकुलपतिलाई लेखिएको पत्रमा उठाइएको थियो ।

समग्रमा माथिको निर्णयले क्याम्पस संयोजक समिति, कीर्तिपुर क्याम्पस एवम् विश्वविद्यालय पदाधिकारीबीच पुस्तकालयको मनोमालिन्यसमेत बढाएको देखिन्छ ।

---

[१७] केन्द्रीय पुस्तकालयका लाइब्रेरियनले 'पुस्तकालय समस्या' विषयमा उपकुलपति सूर्यबहादुर शाक्यलाई मिति २०३१/१२/१२, पत्र संख्या-१०३१ मा लेखेको तीन पृष्ठ लामो पत्र ।

**क्षेत्रीय पुस्तकालय**

विश्वविद्यालयले केन्द्र अर्थात् कीर्तिपुरमा 'केन्द्रीय पुस्तकालय' स्थापना गरेपछि राजधानी बाहिरका पायक पर्ने विद्यार्थी संख्या, विषय तथा तहहरू बढी सञ्चालन गरिएका क्याम्पस एवम् सो क्षेत्रमा सञ्चालनमा रहेका क्याम्पसका विद्यार्थीहरूलेसमेत बढी भन्दा बढी लाभ लिन सकुन् भन्ने दृष्टिबाट २०३३ साल कार्तिक ५ गतेका दिन विश्वविद्यालय कार्यकारिणी परिषद्ले केही व्यवस्था गरेको थियो ।[१८]

यस क्रममा विद्यमान चार विकास क्षेत्रमा पर्ने क्याम्पसहरूलाई पुस्तकालय सुविधा प्रदान गर्ने अभिप्रायले पृथ्वीनारायण क्याम्पस पोखरा, महेन्द्र क्याम्पस नेपालगंज, ठाकुरराम क्याम्पस वीरगञ्ज र महेन्द्र मोरङ आदर्श क्याम्पस विराटनगरमा स्थापित पुस्तकालयको नाम 'त्रिभुवन विश्वविद्यालय क्षेत्रीय पुस्तकालय' तथा सो नामसँगै ठाउँको नामसमेत जोडेर 'त्रिभुवन विश्वविद्यालय क्षेत्रीय पुस्तकालय, पोखरा' आदि गरियो ।

यी चारवटै पुस्तकालयहरू त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय समितिको नीति र निर्देशनअन्तर्गत सम्बन्धित क्याम्पस प्रमुखको सोझै रेखदेख र प्रशासनमा रहने भए । यी पुस्तकालयहरूले सम्बन्धित विकासक्षेत्रअन्तर्गत पर्ने सबै क्याम्पसहरूलाई पुस्तकालय तथा पुस्तक लेनदेन सुविधा प्रदान गर्नाका साथै स्थानीय क्याम्पसको पूर्णतः क्याम्पस पुस्तकालयका रूपमा पनि यी पुस्तकालयहरूले सेवा प्रदान गर्नु पर्ने भयो ।

स्थानीय क्याम्पसका सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थीहरू र सम्बन्धित विकास क्षेत्रका क्याम्पसहरूले क्षेत्रीय पुस्तकालयहरूको

---

[१८] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३३ साल कार्तिक ५ गतेको वैठकको निर्णय नं. ५ ।

सदस्यता पाउने भए । शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूलाई सदस्यता दिँदा क्याम्पस प्रमुखको सिफारिस अनिवार्य गरियो ।

क्षेत्रीय पुस्तकालयबाट एक पटकमा शिक्षकलाई एक महिनाका लागि ४ पुस्तक तथा कर्मचारी र विद्यार्थीहरूलाई दुई हप्ताका लागि २ पुस्तक घरमा लैजाने सुविधा दिइने तथा अखबार, पत्रिका र रेफरेन्स पुस्तकहरू पुस्तकालयमा मात्र प्रयोग गराइने भयो ।

माथि नै उल्लेख भइसकेको छ, क्षेत्रीय पुस्तकालय स्थापनाको एउटा मुख्य उद्देश्य सम्बद्ध क्षेत्रका क्याम्पसहरूलाई पुस्तकालयको सुविधा दिनु थियो । त्यसैले यी पुस्तकालयबाट सम्बद्ध विकासक्षेत्रका अन्य क्याम्पसले 'अन्तर पुस्तकालय सापटी प्रणाली' अन्तर्गत पुस्तकहरू सापटी लिन पाउँथे । त्यसै कारण क्याम्पसको मागअनुसार नियमानुसार लाग्ने खर्चसमेत संलग्न गरी सुरक्षितसाथ पुस्तकहरू पठाउने काम क्षेत्रीय पुस्तकालयले गर्नु पर्दथ्यो भने तिनलाई तोकिएको समयभित्र सुरक्षितसाथ फर्काउने काम सम्बन्धित पुस्तक लिने क्याम्पसको थियो । यसरी क्याम्पसको मागअनुसार साधारणतः पुस्तकहरू ३ महीनाका लागि लोन दिइन्थ्यो ।[१९]

प्रत्येक क्षेत्रीय पुस्तकालयले आफूसित रहेका पुस्तहरूको 'प्रिण्टेड क्याटलग' तयार गरी सबै क्षेत्रीय पुस्तकालय तथा क्याम्पस पुस्तकालयहरूलाई दिनु पर्दथ्यो । यसका आधारमा नै क्याम्पसहरूले लोनका रूपमा पुस्तक माग गर्ने तथा क्षेत्रीय एवम् केन्द्रीय पुस्तकालयले सो सम्बन्धमा अन्य व्यवस्था गर्न सहज हुने भयो ।

## नेपाल राष्ट्रिय पुस्तक विकास समिति

पुस्तक खरिदका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयको 'पुस्तक खरिद विनियम-२०३३' भन्दा एक वर्ष जति अगाडि नै श्री ५ को सरकार

---

१९ *ऐजन*।

शिक्षा मन्त्रालयले एउटा 'नेपाल राष्ट्रिय पुस्तक विकास समिति (गठन) आदेश-२०३२' जारी गरेको थियो । शिक्षामन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा गठन गरिएको उक्त समितिमा शिक्षा मन्त्रालयका सचिव, सह-सचिव, उप-सचिवका अतिरिक्त सरकारबाट मनोनित अठार जनासम्म सदस्य राखिने प्रावधान थियो । यसरी मनोनित सदस्यमा पुस्तक बिक्रेता, मुद्रक, प्रकाशक, लेखक, अनुवादक, पुस्तकालय प्रतिनिधिलगायतलाई संलग्न गरिने कुरा उक्त आदेशमा उल्लेख गरिएको थियो । जनक शिक्षा सामग्री केन्द्रका मुख्य प्रशासकलाई यो समितिको सदस्य-सचिव तोकियो । सरकारले केन्द्रीय स्तरमा गठन गर्नका लागि बनाएको यो आदेशले मुलुकमा पुस्तकालयको विकासमा नभएर पुस्तक उद्योग तथा व्यापारसँग सम्बन्धित सरकारी तथा गैर सरकारी क्षेत्रलाई प्रोत्साहन तथा मजबुत गराउने उद्देश्य लिएको देखिन्छ । यद्यपि यो समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत "...सबै उमेरका पाठकहरूमा पुस्तक पढ्ने बानी बसाल्न र बढाउन पुस्तक मेला, पुस्तक साता, पुस्तकालय हप्ता, विज्ञापन आयोजना गर्नु तथा अरू सम्भव आम सञ्चारका माध्यम प्रयोग गरी यस्तै उपयुक्त कदम चाल्नु...पढ्ने बानी, पुस्तकको खांचो, पुस्तक उद्योग व्यवसाय आदि बारे सर्वेक्षण गरी गराई, पुस्तक विकास सम्बन्धी भए गरेको काम कारवाईको प्रचार समाचारपत्रहरू तथा पुस्तक उद्योग क्षेत्रसंग सम्बन्धित सबैछेउ पुऱ्याई दिनु..." जस्ता विषय तोकिएको थियो ।[२०] यति हुँदाहुँदै पनि पुस्तकालयका सम्बन्धमा यो समितिलाई कुनै दायित्व भने दिइएको थिएन ।

## पुस्तक खरिद

सम्भवतः नेपाल राष्ट्रिय पुस्तक विकास समिति गठन आदेशका आधारमा २०३३ सालमा त्रिभुवन विश्वविद्यालयले पुस्तक खरिद गर्नका

---

[२०] श्री ५ को सरकार, 'नेपाल राष्ट्रिय पुस्तक विकास समिति (गठन) आदेश-२०३२', *नेपाल राजपत्र,* भाग-३, काठमाडौंः २०३२ फागुन ४, पृ. ११-१२ ।

लागि एउटा विनियम तर्जुमा गरेको थियो । यसलाई तुरुन्त लागू गरिने कुरासमेत सोही विनियममा उल्लेख गरियो । यसमा विश्वविद्यालयको अध्ययन, अध्यापन र अनुसन्धान कार्यमा टेवा दिने सामग्री प्राथमिकताका साथ पुस्तकालयले खरिद गर्ने सन्दर्भमा प्रमुख प्रसङ्ग परेको देखिन्छ ।[२१]

पुस्तकालयलाई आवश्यक पुस्तक खरिद गर्ने अख्तियारी दिइएको सो पुस्तक खरिद विनियमले कीर्तिपुर क्याम्पस शिक्षण समितिका अध्यक्षहरू र विश्वविद्यालयका पदाधिकारीहरूको सिफारिशमा मात्र पुस्तक खरिद गर्नु पर्ने, खरिद गर्न लागिएका पुस्तक खरिद प्रक्रिया पुस्तकालयको नीति अनुरूप छ/छैन विचार गरी प्राप्त मागहरू सो पुस्तकालयका बूक सेलेक्शन कार्डमा सुसंगठित किसिमले उतारी क्रमबद्ध तरिकाले मिलाई पुस्तकालयको क्याटलग बुक रिसिभ ट्रेमा पुस्तकालयमा भए नभएको चेक गर्ने, पुस्तकालयमा नभएको भए अर्डर भएकोमा छ कि अर्डर गर्नेमा छ चेक गर्ने र भए जति हटाई बाँकी आवश्यक पुस्तकको सुसंगठित सूची बनाई पुस्तकालय प्रमुखले अर्डर गर्ने काम कार्वाही सम्बन्धित कार्यालयलाई खबर गर्ने, अर्डर पुस्तिका नदोहरियोस् र अर्डरबाट प्राप्त पुस्तक अर्डरअनुसारको हो /होइन राम्रो चेक होस् भन्नाखातिर पुस्तक अर्डर हुनासाथ अर्डर पुस्तक कार्डको बूक अर्डर ट्रे सुसंगठित क्रमबद्ध तरिकाले कायम गर्ने, अर्कोतिर अर्डर कागज र सूचिको फाईलको व्यवस्था गर्नु पर्दथ्यो ।

यसरी नियमानुसार अर्डर गरिएका पुस्तकहरू प्राप्त भएपछि अर्डर ट्रे र फाईलमा आवश्यक चेकिंगका साथ पुस्तक दर्ता किताबमा दर्ता गर्ने र दर्ता नम्बर बिलमा पनि उल्लेख गरी दर्ता गर्नेले बिलमा सहि गर्नुका साथै पुस्तक दखिला र दर्ता भएको प्रमाणित गर्न लाइब्रेरियनले बिलमा

---

[२१] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समतिबाट स्वीकृत-२०३३/११/३, परिच्छेद-३४, पुस्तक खरिद विनियम, पृ. ३४.१-३४.२ ।

सही गरी बिल भुक्तानीका लागि आर्थिक प्रशासन महाशाखामा पठाउने तथा यसरी प्राप्त हुन आएको विल, भौचरबमोजिम आर्थिक प्रशासन महाशाखाले भुक्तानी दिने व्यवस्था गरियो ।

उल्लिखित प्रक्रियाका साथै यसरी रकम भुक्तानी सम्बन्धमा माथि जुनसुकै कुरा लेखिएको भए पनि पुस्तकलगायत खरिद गर्दा साधारणतः व्यक्तिगत सङ्कलन वा व्यक्ति विशेषबाट पुस्तकालयका लागि सामाग्री खरिद नगर्ने, कुनै सामग्री/पुस्तक विशेष महत्त्वको छ भने पुस्तकालय समितिको सिफारिसबाट मात्र खरिद गर्ने, दुर्लभ पुस्तक र प्रकाशकको मूल्यमा नपाइने पुस्तक पुस्तकालय समितिको सिफारिसले मात्र खरिद गर्ने यद्यपि लेखकबाट लेखकको पुस्तक खरिद गर्दा भने यी नियम लागू नहुने व्यवस्था गरियो । त्यस्तै विनियममा कुन प्रक्रितिका पुस्तक कति संख्यामा खरिद गर्ने भन्नेसमेत उल्लेख गरिएको थियो । यस क्रममा रेफरेन्स पुस्तक एक प्रति, साधारण पुस्तक दुई प्रति, पाठ्यपुस्तक १० जना विद्यार्थीका लागि एक प्रतिका दरले विद्यार्थी संख्याका आधारमा तथा पत्रिका एक प्रतिमात्र खरिद गर्नु पर्ने भयो ।

कुनै पुस्तक/सामग्री बढी प्रति आवश्यक परेका खण्डमा सम्बद्ध विभागको सिफारिसका आधारमा खरिद गर्न सकिने भयो । यहाँ उल्लेख्य के पनि देखिन्छ भने पुस्तक खरिद गर्ने अख्तियारी भने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका लाइब्रेरियनलाई दिइयो ।

## दीर्घकालीन कार्यक्रम

त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको आदेशानुसार रजिष्ट्रारको कार्यालय तथा अभिलेख महाशाखामा कार्यरत कर्मचारीलाई २०३४ सालमा 'पुस्तकालय विकासको दीर्घकालीन कार्यक्रम' तर्जुमा गर्ने दायित्व सुम्पिएको थियो । यो दायित्वअनुसार विश्वविद्यालयमा 'पुस्तकालय विकासका लागि प्रस्तावित योजना' शीर्षकमा एउटा प्रतिवेदन पेश

गरिएको थियो । त्यसमा केन्द्रीय पुस्तकालयका सम्बन्धमा यसप्रकार उल्लेख गरियो;[२२]

> *"... विश्वविद्यालयका सबै अध्ययन संस्थान, क्याम्पसहरूलाई क्षेत्रीय र क्याम्पस पुस्तकालयहरूबाट प्रदान हुन सक्ने मुख्यतः अनुसन्धान कार्यक्रमहरूको उच्च स्तरको पुस्तकालय सेवा प्रदान गर्ने र कीर्तिपुरमा रहेका सबै अध्ययन संस्थान, क्याम्पसहरूका लागि आवश्यक पुस्तकालय सेवा प्रदान गर्ने यसको मुख्य कर्तव्य हुनेछ । आफ्नो उद्देश्य पूर्तिका लागि यसले दुर्लभ खर्चिलो अनुसन्धानका सामग्रीहरू सङ्कलन गर्ने, मागअनुसार कपिङ्, ट्रान्सलेशन, विव्लियोग्राफिकल, रेफरेन्स र इण्टर लाइब्रेरी लोन सेवा प्रदान गर्ने, क्याम्पस र क्षेत्रीय पुस्तकालयहरूमा काम नआएका बेचल्तिका तर भविष्यमा काममा आउन सक्ने सामग्रीहरू प्राप्त गरी सुरक्षित राख्ने कामहरू गर्नेछ..."*

यो प्रतिवेदन पेश गरिएको भए तापनि विश्वविद्यालयले भने यसलाई कार्यान्वयन गर्नेतर्फ कुनै वास्ता गरेन पाइँदैन ।

**पञ्चवर्षीय योजना**

केन्द्रीय पुस्तकालयका लाइब्रेरियनले त्रिभुवन विश्वविद्यालय योजना महाशाखाका प्रुमख समक्ष २०३६ साल जेठ ११ गतेका दिन 'पञ्चवर्षिय पुस्तकालय योजना' विषय राखेर एउटा पुस्तिका पेश गरेको पाइन्छ । यसको मसौदामा केन्द्रीय पुस्तकालयका कार्यक्षेत्रलाई स्पष्ट परिएको थियो । यस क्रममा विश्वविद्यालयअन्तर्गतका सबै अध्ययन

[२२] पंगेनी, माथि उल्लिखित, पृ ८५-८६ ।

संस्थान, अनुसन्धान केन्द्र, क्याम्पसहरूका केन्द्रीय अनुसन्धान पुस्तकालयको हैसियतले काम गर्ने, विश्वविद्यालयका कुनै पनि अध्ययन संस्थान, क्याम्पसको आवश्यकता र मागअनुसार अन्तर पुस्तकालय सापटी प्रणाली उपलव्ध गर्न सक्ने, राम्रो सामग्री सङ्कलनले सुसज्जित विश्वविद्यालयका मुख्य ज्ञान संक्रमणको भण्डार भई निश्चित सामग्री उपलव्ध केन्द्रको किसिमले काम गर्ने, कीर्तिपुर स्थित अध्ययन संस्थान, अनुसन्धान केन्द्र र शिक्षण समितिहरूका लागि प्रभावकारी मितव्ययी क्याम्पस पुस्तकालयको काम गर्ने तथा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय समितिको स्थायी कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयको पुस्तकालय महाशाखाका हैसियतले काम गर्ने विषयलाई उल्लेख्य मानियो ।

मसौदामा केन्द्रीय पुस्तकालयको कामको निर्धारणसमेत गरियो । यसअन्तर्गत विश्वविद्यालयका केन्द्रीय, क्षेत्रीय र क्याम्पस पुस्तकालयहरूसमेतको सङ्कलन समावेश हुने बहु पुस्तकालय पुस्तक पत्रिका सूची बनाउने, क्याटलगिङ्-क्लासिफिकेशन गर्न आवश्यक कार्य सहयोग सामग्रीहरू सबै पुस्तकालयहरूले राख्न सम्भव नहुने र केन्द्रीय सामग्री खरिद, क्याटलग क्लासिफिकेशनबाट मितव्ययी सेवा उपलव्ध हुने कुरा ध्यानमा राखी सेवामा वाधा नहुने खण्डमा अरू पुस्तकालयहरू सो काममा सक्षम नभएसम्म विश्वविद्यालयका अन्य पुस्तकालयहरूका लागि केन्द्रीय खरिद, क्याटलग, क्लासिफिकशेनका काम गर्ने जिम्मेवारीका लागि सिफारिस गरियो ।

केन्द्रीय, क्षेत्रीय वा क्याम्पस पुस्तकालय सङ्कलनमा रहेका सुरक्षा र प्रयोगका लागि माइक्रोफिल्म गर्नु पर्ने पुस्तक, पत्रिका, अखवार, दूर्लभ पुस्तक आदि सामगीहरूको बजारमा माइक्रोफिल्म किन्न नपाइने खण्डमा पुस्तकालयका तर्फबाट माइक्रोफिल्म गर्न माइक्रोफिल्म प्रोजेक्टको व्यवस्था गर्ने, पुस्तकालय विज्ञानमा तालीम चलाउने, विभिन्न अन्तर्राष्ट्रिय प्रसिद्ध पुस्तकालयहरूसित पारस्परिक सहयोग सम्बन्ध स्थापना गरी

विश्वविद्यालयका प्रकाशनहरू उक्त पुस्तकालयहरूमा निःशुल्क पठाइ दिने र उक्त पुस्तकालयहरूबाट सोही किसिमले निःशुल्क सामग्री पाउने गरी सामग्री आदान प्रदान गर्ने भनियो ।

यसरी नै पुस्तकालय गोष्ठी, सेमिनार आदिको आयोजना गर्ने, पुस्तक पत्रिकाहरूको वाइन्डिङका लागि आवश्यक खर्चिला मेशिनरी सामान र जनशक्तिको व्यवस्था सबै ठाउँमा हुन नसक्ने हुँदा केन्द्रीय वाइन्डिङ काम उपलव्ध गर्ने तथा क्षेत्रीय, क्याम्पस पुस्तकालयहरूमा रहेका तर विभिन्न कारणले पुस्तकालय सङ्कलनबाट हटाउन आवश्यक भएका सबै सामग्रीहरू कथंकदाचित भविष्यमा आवश्यक परे पाउन सकिने गरी राख्नका लागि केन्द्रीय भण्डारको व्यवस्था गर्ने कामसमेत केन्द्रीय पुस्तकालयले गर्न उपयुक्त हुने सिफारिस गरियो ।[२३]

माथि उल्लेख गरिएका कतिपय सन्दर्भ भने व्यवहारमा आएको पाइँदैन ।

## पुस्तक सङ्कलन

'पुस्तकालय' पुस्तक तथा पत्रपत्रिकाको सङ्कलन एवम् अध्ययन, अनुसन्धान स्थल हो । त्रिभुवन विश्वविद्यालयल स्थापनासँगै एउटा पुस्तकालयको स्थापना गरिएको थियो । विश्वविद्यालयले विभिन्न तहका लागि निर्माण गरेका पाठ्यक्रमका आधारमा पुस्तकालयले स्थापनादेखि नै आवश्यकताअनुसार पुस्तक, जर्नल, अखबार आदि सामग्री खरिद गर्दै आएको पाइन्छ । यसक्रममा स्थापनाको पहिलो वर्ष अर्थात् आर्थिक वर्ष २०१६/०१७ मा पुस्तक र जर्नल खरिदका लागि रु. ५०००/- छुट्याइएको पाइन्छ । यो रकममध्ये ने.रु. ५३४/३४ तथा भा.रु. ४,५६७/८४ बाट पुस्तक तथा जर्नल खरिद गरिएको थियो । त्यस्तै

[२३] *ऐजन* ।

आर्थिक वर्ष २०१७-०१८ मा रु. १९,६२०/८७ को पुस्तक एवम् जर्नल खरिद गरिएको देखिन्छ।[२४]

विश्वविद्यालयले स्थापनाको तेस्रो आर्थिक वर्ष २०१८-२०१९ मा पुस्तक, जर्नललगायत सामग्री सङ्कलनमा देहायको कदम चालेको थियो;[२५]

पुस्तक संख्या न्यून भएकाले बृद्धिका लागि ब्रिटिश काउन्सिलका प्रतिनिधि डब्लु लिन्डन ल्कफको सहयोगमा भारतका प्रमुख पुस्तक बिक्रेताहरूसँग सम्पर्क गरिएको थियो । यसक्रममा पटना-भारतका दिवंगत प्रोफेसर एस. रहमानको सङ्कलनका १,१०० पुस्तक रु. २०,०००/- मा खरिद गरियो । योसमेत पुस्तकालयमा पुस्तक संख्या ८१०० जति पुग्न गयो । यो सङ्कलनमध्ये उपहार स्वरूप १३२१ पुस्तक जम्मा भएको थियो ।

त्यस्तै पुस्तक खरिदका लागि भारतीय सहायता नियोगबाट प्राप्त हुने सहायता रु. ८०,०००/-, सेन्ट्रल लाइब्रेरीबाट विश्वविद्यालयमा हस्तान्तरण हुने रकम रु. १,८०,०००/- तथा विश्वविद्यालयले छुट्याएको रकम रु. ३८,३००/- समेत जम्मा रु. २,९३,३००/- छुटयाइएको थियो । पुस्तकालयका निम्ति रेफरेन्स पुस्तक खरिद गर्न भारत सरकारको सहायताअन्तर्गत सोही वर्षको जुन महिनामा रु. ५०,०००/ छुट्याइएको थियो । यसलाई प्रयोगमा ल्याउन उपकुलपतिको अध्यक्षतामा एउटा 'रेफरेन्स बुक कमिटी' गठन गरियो ।

---

२४ सूर्यबहादुर शाक्य, *इष्टाबिल्सिङ् एण्ड डेभ्लोप्मेण्ट अफ त्रिभुवन युनिभर्सिटी (१९५५-१९७३)*, काठमाडौं: रिसच डिभिजन-त्रिभुवन युनिभर्सिटी, सन् १९८४, पृ. २८७-२९३ ।

२५ त्रिभुवन विश्वविद्यालय ऐन २०१६, दफा ५८ बमोजिम त्रिभुवन विश्वविद्यालय कमिटिका् निर्देशनमा तयारगरी त्रिभुवन विश्वविद्यालय सिनेटको वार्षिक वैठकमा पेश गरिएको तृतीय वार्षिक रिपोर्ट २०१८-२०१९, (अप्रकाशित), पृ. ३०-३१ क, ख र ग ।

त्यस बखतसम्म पुस्तकालयमा विभिन्न विषयमा जम्मा ८३ थान पत्रपत्रिका सङ्कलन भएका थिए । यीमध्ये १२ भारतीय दूतावास र यू.एस.आइ एस. आदि स्रोतबाट सहयोग स्वरूप प्राप्त थिए । त्यस्तै पुस्तकालयले पुराना र नयाँ पत्रिकाहरूको एक वैज्ञानिक सूचि (क्याटलग) तयार गरिसकको थियो । पुस्तकालयमा १७५ भोलम जति पुराना पत्रिका जम्मा गरिएको थियो । त्यस बखत किराँत भाषा एवम् संस्कृति तथा वज्रयान आदि विषयका प्राचीन हस्तलिखित ग्रन्थ सङ्कलनको प्रयास गरिएको थियो । किराँत भाषामा मात्र ४० हस्तलिखित ग्रन्थ सङ्कलन गरिएको पाइन्छ ।

## पुस्तक दान गर्न आह्वान

पुस्तकालयले आवश्यकअनुसार पुस्तक खरिद गर्ने कुरा स्वाभाविक थियो । पुस्तकलगायत खरिद गर्नका अतिरिक्त आफ्ना सङ्ग्रहमा रहेका पुस्तक उपहार स्वरूप प्रदान गर्नका लागि विश्वविद्यालयका उपकुलपतिले पनि सार्वजनिक रूपमा नै आग्रह गरेका थिए । यस सन्दर्भमा उपकुलपति सरदार रूद्रराज पाण्डेले २०२५ सालमा विश्वविद्यालयका असक्षम छात्रछात्राहरूलाई आवश्यक पर्ने पुस्तकहरू दान गरी ग्रन्थ-भण्डार (बुक व्याङ्क) समृद्ध तुल्याउनका लागि बुद्धिजीवि तथा दानी विद्वानहरूकहाँ गई पुस्तक दानका निम्ति पनि आग्रह गर्नु पर्ने सल्लाह दिएका थिए । यस सन्दर्भमा उनले "...ग्रन्थहरू संकलनगरी विश्वविद्यालयको पुस्तकालय समृद्ध गर्ने विचारलाई पनि हामी स्वागत गर्छौं । कति सज्जनहरूबाट त केही ग्रन्थ पाइसकिएको समाचार पनि छ । कति पुस्तकपतिहरूलाई आफूसित भएका अमूल्य ग्रन्थहरूको संरक्षण कसले गरिदेला भन्ने परेको हुनसक्छ । त्यस्ता र अरु उदार हृदयका महानुभावहरूबाट पनि हामी विश्वविद्यालयका निमित्त पुस्तक प्रदान गरिने आशा गर्छौं । अनमोल पुस्तकहरूको सदुपयोग विश्वविद्यालयमा भन्दा

बढ्ता अन्त होओइन..." भन्ने अभिव्यक्ति दिएका थिए ।[२६] विश्वविद्यालयका उपकुलपति आफैले सार्वजनिक रूपमा पुस्तक सङ्कलकहरू समक्ष पुस्तक प्रदान गर्न आह्वान गर्नु पस्तकालयका लागि महत्त्वपूर्ण विषय थियो ।

यसै सन्दर्भमा उल्लेख्य प्रसङ्ग के छ भने पुस्तक दान गर्नका लागि उपकुलपतिले आह्वान गर्नु पहिले नै कतिपय दाताले पुस्तकालयलाई उपहार स्वरूप पुस्तक प्रदान गरिसकको देखिन्छ । जे होस्, विभिन्न व्यक्ति, संस्था, सरकार, नेपाल स्थित विभिन्न देशका राजदूत, ब्रिटिश काउन्सिललगायत दाताले स्थापनाकालदेखि नै पुस्तकालयलाई उपहारका रूपमा पुस्तकहरू प्रदान गरेको पाइन्छ । तिनका अतिरिक्त आफ्ना अमूल्य सङ्कलन प्रदान गरी पुस्तकालयलाई सघाउन सिंह शमशेर, सूर्यप्रसाद उपाध्याय, डा. ह्युग बि. उड आदिको सहयोग पनि व्यक्तिगत दाताका रूपमा पुस्तकालयको इतिहासमा उल्लेख्य मानिन्छ । यसरी उपहार स्वरूप पुस्तक प्रदान गर्ने कार्य आज पर्यन्त निरन्तर रहेको कुरा पुस्तकालयको रेकर्डबाट स्पष्ट हुन्छ । यहाँ उदाहरणका लागि पुस्तकालय स्थापनादेखि एक दशक जतिका समयावधिमा पुस्तक प्रदान गर्ने दाताको यथाशक्य विवरण दिने प्रयास भएको छ ।

पुस्तकालयलाई पुस्तक दान गर्नु असाध्यै सह्रानीय कार्य हो । यति हुँदाहुँदै पनि सम्पूर्ण दाताको पुस्तक दानका बारेमा जानकारी दिन सम्भव नभएकाले यहाँ पुस्तकालय स्थापनाका पछिल्ला समयमा कम्तिमा १०० थान पुस्तक प्रदान गर्ने दाताको चर्चा गरिएको हो ।

## पुस्तक दाता

उपकुलपतिको आह्वान भन्दा अगाडि नै पुस्तकालयलाई उपहार स्वरूप ४५७ थान पुस्तक तथा ३८ थान पत्रिका प्राप्त भएको देखिन्छ ।

---

[२६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२, अङ्क-१, २०२५ साल भदौ, पृ. २-३ ।

यसरी उपहार दिने दातामा 'वी.एन.वी.सी.-लण्डन; भारतीय राष्ट्रपति-राधाकृष्ण; बुक अफ दी मन्थ क्लब-अमेरिका; ब्रह्मशमशेर ज.व.रा; यू. एस.एड.-नेपाल; यू. एस. आइ. एस.-नेपाल; डवल डे कम्पनी-अमेरिका; सोभियत दूतावास- काठमाडौ ; टाइम-न्यूयोर्क; नेपाल औद्योगिक विकास कर्पोरेसन-काठमाडौँ; श्री ५ को सरकार प्रचार तथा प्रसार विभाग-सिंहदरबार; ब्रिटिश काउन्सिल-काठमाडौँ र पाकिस्तानी दूतावास-काठमाडौँ' भएको पाइन्छ ।[२७]

उपकुलपतिको आह्वानसमेतका कारण केही वर्षमा विभिन्न दाताबाट पुस्तक उपलव्ध भएको दखिन्छ । यस क्रममा भारतीय सहयोग मिसनबाट रेफरेन्स पुस्तकहरू प्रदान गर्ने सिलसिलामा मिसनका डेपुटी डाइरेक्टर वी.पी. सरकारले एक सेट 'इन्साइल्कोपेडिया अफ वर्ल्ड आर्ट' प्रदान गरेका थिए । त्यस्तै नेपाल वैङ्क लि. का सल्लाहकार गोविन्दराज राजभण्डारीले पुस्तकालयलाई ९ भोलमको १ सेट 'द सेकन्ड ग्रेट वार' नामक पुस्तक उपहार स्वरूप दिएका थिए । सोही महिनामा गुणराज खनालले आफ्ना पिता पं. हर्षनाथ उपाध्यायद्वारा लिखित टीका सहितको श्रीमद्भागवद् गीता उपहारका रूपमा पुस्तकालयलाई प्रदान गरेका हुन् भने बेलायतका लागि भूतपूर्व शाही राजदूत कालीप्रसाद उपाध्यायका कानून सम्बन्धी ४८ वटा पुस्तकहरू उनकी श्रीमतीले पुस्तकालयलाई प्रदान गरेकी थिइन् ।

अमेरिकन केमिकल सोसाइटी र चेष्टर सेक्सनबाट प्राप्त सन् १९३४ देखि १९६९ सम्मका 'केमिकल आवस्ट्राक्टस' नामक पत्रिका र अरु केमेष्ट्री सम्बन्धी पत्रिकाहरू यु.यस.आइ.यस. का कार्यकारी डाइरेक्टर जर्ज डेलिजियाले पुस्तकालयलाई हस्तान्तरण गरेका थिए । केमेष्ट्री अध्ययनका

[२७] त्रिभुवन विश्वविद्यालय वार्षिक प्रतिवेदन, २०२२-२३ साल, पृ. २१-२२ ।

लागि निकै महत्त्वपूर्ण उक्त सामग्री रु. ७,१५,२८०/- मूल्यका थिए ।[२८] यी सामग्री त्रिभुवन विश्वविद्यालय केमेष्ट्री विभागमा केही वर्ष अघि फुलब्राइट पाध्यापकका रूपमा आएका डा. हेनरी डी. विभरको प्रयासबाट उपलब्ध भएको देखिन्छ ।

नेपालका लागि अष्ट्रेलियाका राजदूत पेट्रिक शाले अष्ट्रेलियाई सरकारबाट त्रिभुवन विश्वविद्यालय पुस्तकालयका लागि प्राप्त शिक्षा, पुस्तकालय विज्ञान, साहित्य, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, भूगोल आदि विषयका विभिन्न ७७ पुस्तकहरू उपकुलपति त्रैलोक्यनाथ उप्रेतीको उपस्थितिमा पुस्तकालयलाई हस्तान्तरण गरेका थिए । त्यस्तै उनले अर्को वर्ष साहित्य, विज्ञान, सामाजिकशास्त्र आदि विभिन्न विषयका ७५ पुस्तकहरू उपकुलपति त्रैलोक्यनाथ उप्रेतीलाई हस्तान्तरण गरको देखिन्छ । त्यस्तै यु.एस. आई. एस. का निर्देशक क्रेष्ट ओवीले पुस्तकालयलाई विज्ञान तथा सामाजिकशास्त्र विषयका १५६ थान पुस्तक २०३० साल भदौ महिनामा हस्तान्तरण गरेका थिए भने नेपालका लागि इटलीका कार्यवाहक राजदूत दोमेनिको फिमियानीले सोही मंसिर महिनामा ६० थान एवम् सोही महिनामा नेपाल स्थित इजरायली दूतावासबाट इजरायलको राजनीति, इतिहास, संस्कृति, समाजशास्त्र आदि सम्बन्धी ४२ पुस्तक प्रदान गरियो ।

त्यसो त श्री ५ को सरकार सूचना विभाग; आर्थिक विकास तथा प्रशासन केन्द्र; डा. सूवर्ज-फूलव्राइट प्रोफेसर-रसायन विभाग; जापान नेपाल सोसाइटी; कोरियन दूतावास; वाग्मती अञ्चलाधीस कार्यालय; भारतीय सहयोग मिसन; व्रिटिश काउन्सिल; साउथ इष्ट एशिया इन्स्टिच्यूट- वेष्ट जर्मनी; अष्ट्रेलियन सरकार र चण्डेश्वरी सुवाल-चौकछे गल्ली, काठमाडौं बाटसमेत उपहारका रूपमा पुस्तकहरू प्राप्त भएका थिए ।

---

[२८] भवेश्वर पंगेनी, माथि उल्लिखित, पृ. १८०-१८२ ।

यस क्रममा इजरायली राजदूत एम. अफगारले जेनिस नेशनल एण्ड युनिभर्सिटी लाइब्रेरीका तर्फबाट पुस्तकालयका निम्ति २२८ पुस्तकहरू प्रदान गरेका थिए भने संयुक्त राज्य अमेरिकाका मेनेसोटा विश्वविद्यालयका प्राध्यापकका तर्फबाट पुस्तकालयलाई २०० थान पुस्तकहरू फोर्ड फाउण्डेशनअन्तर्गत आर्थिक विकास तथा प्रशासन केन्द्रका सल्लाहकार डा. डेटमेनले हस्तान्तरण गरेका थिए । त्यस्तै गुणराज भट्टराईले आफ्नो ठूलो सङ्कलन पुस्तकालयलाई उपहारमा दिएका थिए ।

## British Council

त्रिभुवन विश्वविद्यालय पुस्तकालयको British Council सँग राम्रो सम्बन्ध बनेका देखिन्छ । त्यहाँ सलग्न कर्मचारीबाट यस पुस्तकालयलाई नैतिक समर्थन भने आरम्भदेखि नै मिलेको थियो । यस पुस्तकालयले विदेशी रूपैया जगेर्ना गर्न सक्ने अवस्था थिएन । त्यसैले विदशी विनिमय खर्च गरेर पुस्तकालयका लागि अत्यावश्यक ब्रिटिश जर्नल खरिद गर्न गाऱ्हो थियो । British Council का प्रमुखहरूसँगको सुसम्बन्धका कारण पुस्तकालयका लागि आवश्यक जर्नललगायत पुस्तकहरू खरिदगरी काठमाडौँमा ल्याइदिनका लागि अनुरोध गरिएको पाइन्छ । यस अनुरोधअनुसार नेपाल ल्याइएका सामग्रीको मूल्य नेपाली रूपैयाँमा नै भुक्तानी दिने व्यवस्था मिलाइएको देखिन्छ । सरकारी निकायबाट पक्रिया पुऱ्याएर खरिद गर्दा समय बढी लाग्ने तथा झन्झट हुने भएकाले व्यवहारिक रूपमा यसबाट पुस्तकालयका लागि ठूलो सहयोग मिलको देखिन्छ । यसका अतिरिक्त British Council कै माध्यमबाट बेलायतमा रहेका नेपाली/विदशी जो सुकैसँग पनि नेपाल सम्बन्धी महत्त्वपूर्ण जानकारी दिने पुस्तक/जर्नललगायतका सामग्री भएका खण्डमा तिनलाई यस पुस्तकालयमा राख्नका लागि बिक्री गर्न आह्वानका साथै एउटा विज्ञापन नै प्रकाशित गरिएको थियो भन्ने भनाई पनि पाइन्छ । यो प्रयासबाट पनि केही महत्त्वपूर्ण सामग्री जम्मा गर्न सकिएको देखिन्छ ।

संयुक्त राष्ट्रसंघ डिपोजिटोरी लाइब्रेरी

संयुक्त राष्ट्रसंघका प्रकाशन पुस्तकालयमा राख्न सकेका खण्डमा विद्यार्थीलगायत अनुसन्धाता एवम् पाठकका लागि निकै सहयोगी हुन जान्थ्यो । यसका लागि पुस्तकालय प्रमुखको पहलमा उपकुलपतिले त्रिभुवन विश्वविद्यालयका लागि एउटा राष्ट्रसंघीय परियोजनाको प्रस्ताव राखेका थिए । यस सन्दर्भमा उनले *"...हाम्रा विद्यार्थीलाई राष्ट्रसंघ सम्बन्धी ज्ञान दिलाउन यस विश्वविद्यालयमा व्यवस्था मिलाउनु  अति आवश्यक छ । त्यसकारण हामीले स्थायी रूपमा राष्ट्रसंघ सम्बन्धी प्रदर्शन र पुस्तकालयको लागि अलग स्थान छुट्याउन चाहन्छौं । यी सुविधाहरूको व्यवस्था विश्वविद्यालय पुस्तकालय र विद्यार्थी केन्द्रले र आफ्नो छुट्टै भवन हुन सकेमा उत्तम हुनेछ..."* भन्ने आफ्नो दृष्टिकोण सार्वजनिक गरेका थिए ।

यो सुविधा प्राप्त गर्नका लागि नेपाल सरकार तथा नेपाल स्थित UNDP प्रतिनिधिको सिफारिशको आवश्यक पर्दथ्यो । यसका लागि सरकारको सम्बन्धित कर्मचारी तथा UNDP का आवासीय प्रतिनिधि Herbert H. Grantham सँग गरिएको अनुरोधकै परिणाम तत्कालीन शिक्षा सचिव प्रद्युम्नलाल राजभण्डारी तथा UNDP का आवासीय प्रतिनिधि Mr. Grantham ले आफ्ना सिफारिशका साथ  UN Depository का प्रमुख  Harry Wintom लाई विश्वविद्यालय पुस्तकालयलाई मान्यता दिन सिफारिश गरको देखिन्छ । फलस्वरूप सन् १९६५ मा उक्त सिफारिश गरिएको थियो । यसअनुसार आर्थिक वर्ष २०२२-०२३ मा नै त्रिभुवन विश्वविद्यालय पुस्तकालयलाई नेपालका निम्ति संयुक्त राष्ट्रसंघ डिपोजिटरी लाइब्रेरी बनाउन स्वीकति दिएको पाइन्छ । सदस्यस्ता प्राप्तसँगै संयुक्त राष्ट्रसंघ तथा यसका विभिन्न समितिहरूबाट प्रकाशन भएका सामग्रीहरू यस पुस्तकालयमा आउने कार्यको थालनी भयो । राष्ट्रसंघसँग सम्बन्धित विषयमा विश्वविद्यालयमा गरिने अध्ययन-अनुसन्धान कार्यका लागि यो सङ्कलन अत्यन्त उपयोगी हुने गरेका छ ।

२०२६ सालमा उपहारमा पुस्तक-७११ तथा पत्रिका-७०० प्राप्त भएको देखिन्छ । त्यस वर्षका दातामा इजरायली राजदूतावास; प्रा. एच. वी. उड-युनिभर्सिटी अफ अरिगन; टण्डन-प्रेसिडेन्ट ओटावा युनिभर्सिटी-क्यानाडा; संयुक्त राज्य अमेरिकाको मेनेसोटा विश्वविद्यालयको प्राध्यापकहरू; प्रिन्सेप शाह र श्री ५ को सरकार-सूचना तथा प्रसार मन्त्रालय थिए । यसै गरी २०२७-२०२९ सालमा विश्वविद्यालय पुस्तकालय र आर्थिक विकास तथा प्रशासन केन्द्रको संयुक्त प्रयासबाट त्रिभुवन विश्वविद्यालय पुस्तकालय भित्र 'डकुमेण्टेशन सेण्टर' नामक एक महत्त्वपूर्ण संग्रहको स्थापना भयो । यसबाट अब कुनै पनि पाठक र अन्वेषकका लागि नेपाल सम्बन्धी श्री ५ का सरकारका प्रकाशनहरू, विभिन्न रिपोर्टहरू र अन्य प्रकाशित सामग्रीहरू पठन पाठन गर्न सुविधा प्राप्त भयो ।

रुसी सहयोग

सन् १९७४ (वि.स. २०३१) मा काठमाडौँको राष्ट्रिय सभागृहमा विज्ञान सम्बन्धी पुस्तक प्रदर्शनिको आयोजना भएको थियो । यो प्रदर्शनिको आयोजना नेपाल स्थित रुसी राजदूतावासले गरको थियो । यहाँ महत्त्वपूर्ण पुस्तकहरू राखिएका थिए । खासगरी ती पुस्तकहरू विज्ञानका विभिन्न विधाका अध्ययन-अनुसन्धानमा संलग्न अनुसन्धाता, विद्यार्थी तथा प्राध्यापकहरूलाई ज्यादै उपयोगी एवम् महत्त्वपूर्ण थिए । यस्ता पुस्तकहरू पुस्तकालयमा राख्न सकेका खण्डमा सम्बन्धित सबैका लागि ठूलो सहयोग पुग्ने भए पनि खरिदका लागि बजेटको अभाव भएको कुरा पुस्तकालयकातर्फबाट रुसी राजदूत Boris E. Kirnavotsky लाई जानकारी गराइएको थियो । सम्भवतः सोही जानकारीका कारण राजदूतले पनि प्रदर्शनिमा राखिएका विज्ञान सम्बन्धी सम्पूर्ण पुस्तकलगायत सामग्री ७५ प्रतिशत कम मूल्यमा पुस्तकालयलाई उपलब्ध गराउने जानकारी दिएका थिए । यो उपयुक्त अवसरलाई गुम्न नदिने उद्देश्यबाट विश्वविद्यालय पदाधिकारीसँगको सहकार्यबाट ती सम्पूर्ण सामग्री खरिद

गरी पुस्तकालयमा राख्ने कार्य भएको थियो । यो सङ्कलन विश्वविद्यालयको विज्ञान सम्बन्धी विषयमा उल्लेख्य घटना एवम् पहिलो प्रयास थियो ।

सिह कलेक्शन

प्रधानमन्त्री चन्द्रशमशेरका छोरा सिंहशमशेर राणाले आफ्ना सङ्कलनमा रहेका ५,००० पुस्तकहरू त्रिभुवन विश्वविद्यालय पुस्तकालयलाई दिएका थिए । यो समर्पण समारोह त्रिभुवन विश्वविद्यालय दिवसका अवसरमा आयोजना गरिएको थियो । सन् १९७७ जुलाई २५ (वि.स. २०३४ साउन १०) का दिन विश्वविद्यालय दिवसका अवसरमा राजा वीरेन्द्र तथा रानी ऐश्वर्यले पुस्तकालयमा 'सिंह कलेक्सन' को उद्घाटन गरेका थिए । यस सङ्कलनमा सन् १८२४ मा प्रकाशित 'East India Company papers respecting the Nepal war' तथा सन् १८५२ मा प्रकाशित Oliphant Lawrence' को 'Journey to Kathmandu' जस्ता दूर्लभ पुस्तकहरू पनि संलग्न थिए । सिंहशमशेरले उक्त सङ्कलन निजी पुस्तकालयका रूपमा सन् १९०९ (वि.स. १९६६) देखि सिंहदरबारमा शुरू गरेको भनिन्छ । पुस्तक तथा तिनलाई राख्नका लागि दराजहरू बेलायतबाट ल्याइएको थियो । पुस्तक प्रदान गर्दा बेलायतबाट झिकाइएका दराजहरूसमेत पुस्तकालयलाई उपलव्ध गराइएको थियो ।

जनवादी गणतन्त्र चीनका राजदूत तुगुवेले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका लागि २०४२ वैशाख १८ गते एक समारोह बीच १६३ पुस्तकहरू उपहार स्वरूप उपकुलपति रामचन्द्रबहादुर सिंहलाई त्रिपुरेश्वर स्थित उनकै कार्यालयमा हस्तान्तरण गरेका थिए । यसरी प्राप्त पुस्तकहरू त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा तीन दिनसम्म प्रदर्शनसमेत गरिएको थियो ।

नेपालका राजनीतिकर्मी सूर्यप्रसाद उपाध्यायले सन् १९५४ पछिका समाचारपत्रका कटिङ्गस, नेपाल सम्बन्धी केही दूर्लभ पुस्तकहरू तथा अन्य विविध विषयमा आफ्ना सङ्कलनमा रहेका पुस्तकहरू सबैलाई

अध्ययन गर्न सहज होस् भन्ने चाहनाका कारण आफु पुस्तकालयमा आएर उपकुलपति महेन्द्रप्रसादलाई हस्तान्तरण गरेका थिए । उनले पुस्तक राख्नका लागि केही आलमारी पनि दिएका थिए । खासगरी २०११ सालदेखि अखबारहरूका कटिङस्, नेपाल सम्बन्धी केही दूर्लभ पुस्तक तथा अन्य विविध विषयका पुस्तकहरू सङ्कलन गरेका सूर्यप्रसाद उपाध्यायले ती सामग्री पुस्तकालयलाई समर्पण गरेका थिए । यस सन्दर्भमा पञ्चायती व्यवस्थाको चरम अवस्थामा नेपाली काग्रेसका नेता तथा विद्वान सूर्यप्रसाद उपाध्यायले पुस्तकालयलाई पुस्तक प्रदान गर्नु तथा विश्वविद्यालयले तिनलाई ग्रहण गर्नु केही अनिच्छुक भएको पनि पाइन्छ ।

सम्भवतः सोही कारणले गर्दा उपाध्यायले दिएको आलमारीसमेतका पुस्तकहरूलाई झण्डै एक दशकसम्म पुस्तकालयले processing समेत गरेको थिएन । आखिरमा २०५१ सालतिर अमरिकी विद्वानले लेखेको सामान्यतया नपाइने नेपालको राजनीतिक इतिहास सम्बन्धी पुस्तकको खोजीमा भौंतारिएका बखत प्रस्तुत पुस्तकका लेखक प्राध्यापक डा. भवेश्वर पंगेनीले तत्कालीन पुस्तकालय प्रमुखको अनुरोधमा ती सबै आलमारीका पुस्तकलाई विषयगत रूपमा छुट्याई क्याटलग बनाउने कार्यमा सघाएको हो । यसका लागि लगातार नौ दिन पुस्तकालय समय खर्चिनु परेको थियो ।

उड कलेक्सन

डा. ह्यूग बि. उड अमेरिकन-नेपाल एजुकेसन फाउण्डेसनका निर्देशक थिए । उनले नेपालमा शिक्षा विकासका लागि सन् १९५५ देखि उल्लेख्य योगदान गर्दै आएको सन्दर्भ माथिको परिच्छेदमा परिसकेको छ । उनमा पुस्तकालय विकासप्रति निकै उत्साह एवम् सहयोगी भावना थियो । नेपालको शिक्षा विकासका क्षेत्रमा लामो समयसम्म कार्यरत उडसँग पुस्तकहरूको राम्रो सङ्कलन थियो । उनले आफ्ना सम्पूर्ण सङ्कलन विश्वविद्यालय पुस्तकालयलाई उपहारका रूपमा दिएका थिए । प्राप्त पुस्तकहरूमध्ये उपयोगी पाठ्यपुस्तकहरू विभिन्न क्याम्पस पुस्तकालयलाई

पठाइयो भने महत्त्वपूर्ण सामग्री विश्वविद्यालय पुस्तकालयमा राखियो । यहाँ उनको सङ्कलनलाई उनकै नाममा छुट्टै पहिचान गर्ने किसिमबाट 'उड कलेक्सन' शाखा नामकरण गरी राखियो । यसरी छुट्टै राख्नुको मख्य उद्देश्य यो व्यवस्थाबाट अन्य विद्वानहरूले पनि नामसमेतका खातिर आफ्ना सङ्कलनहरू पुस्तकालयलाई दिन प्रेरणा लिन सकून् भन्ने भएको पाइन्छ ।

उपहारका रूपमा पुस्तकहरू पुस्तकालयलाई प्रदान गर्ने सिलसिलामा पारसमणि प्रधानले आफ्ना सङ्कलनमा रहेका सम्पूर्ण 'भारती' पत्रिका उपहारका रूपमा पुस्तकालयलाई दिएका थिए । त्यसैगरी नरेन्द्रमणि आचार्य दिक्षीतका सङ्कलनमा रहेका पुस्तकहरू उनका छोरा कुमारमणि तथा श्रीमती जयन्ती दिक्षीतले पुस्तकालयलाई हस्तान्तरण गरेका थिए ।[२९]

उपहारका रूपमा पुस्तक प्राप्त गरिएको उल्लिखित सन्दर्भ विश्वविद्यालय पुस्तकालय स्थापनाको चार दशक जतिकोमात्र हो ।

समग्रमा विश्वविद्यालयले सबै विकास क्षेत्रमा पुस्तकालय सेवा सहज रूपमा सञ्चालन हुन सकोस् भन्ने उद्देश्यबाट नै क्षेत्रीय पुस्तकालय स्थापना तथा सञ्चालन गरेको देखिन्छ । यसरी विकास क्षेत्रमा एक/एक क्षेत्रीय पुस्तकालयको स्थापनासँगै केन्द्र अर्थात् कीर्तिपुरमा सञ्चालनमा रहेको पुस्तकालयलाई स्वाभाविकै रूपमा 'केन्द्रीय' पुस्तकालय नामकरण गरियो । त्यतिमात्र नभएर 'त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय' लाई क्षेत्रीय पुस्तकालयहरूलाई आवश्यक विभिन्न किसिमको सहयोग

---

[२९] भवेश्वर पंगेनी, माथि उल्लिखित, पृ. १८३-१९८ । त्रिभुवन विश्वविद्यालय पुस्तकालयलाई उपहारका रूपमा पुस्तकहरू प्रदान गर्ने माथि उल्लिखित व्यक्ति तथा संघसंस्थाहरू प्रतिनिधिमूलक उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको हो । सबै दाताहरूको विस्तृत जानकारी दिन सम्भव भएन । तथापि पुस्तकालय स्थापनादेखि पुस्तक प्रदान गर्ने दाताहरूको नाम, पुस्तक प्रदान गरिएको मिति तथा पुस्तक संख्याका बारेमा एउटा विवरण प्रकाशित पाइन्छ । *ऐजन* ।

प्रदान गर्ने एकाइका रूपमा विकसित गर्ने प्रयाससमेत भएको पाइन्छ । सैद्धान्तिक रूपमा त्रिभुवन विश्वविद्यालयको पुस्तकालय सम्बन्धी यो प्रयास निकै आवश्यकीय भए तापनि यसको कार्यान्व्यन पक्ष के कस्तो रह्यो भन्ने विषयमा पनि गहन अनुसन्धान हुनु पर्ने देखिन्छ ।

***

# सम्बन्धन तथा नियुक्ति

## परिचय

'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' ले पहिले जस्तो क्याम्पस/महाविद्यालयलाई 'सम्बन्धन' दिने दृष्टिकोण राखेको थिएन । यद्यपि उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको चाहना एवम् उच्च शिक्षाका लागि जनसमूदायबाट समेत लगानी हुनु उपयुक्त ठहर गरेर पछिल्लो ऐन लागू भएको एक दशकमा नै निजी क्षेत्रबाट सञ्चालन गर्ने गरी कलेजलाई सम्बन्धन दिने कार्यको थालनी गरिएको हो ।

विश्वविद्यालयमा राष्ट्रिय शिक्षा पद्धतिको योजना अर्थात् शिक्षामा नयाँ पद्धति लागू भएपछि विश्वविद्यालयको विद्यमान संरचनामा केही फेरबदल आउनु स्वाभाविक नै हो । सोही परिवेशमा नयाँ संस्था, नयाँ पद एवम् तिनमा पदाधिकारी नियुक्त गरिए । यसरी भएका मुख्य नियुक्ति तथा सम्बन्धनसमेतका बारेमा उदाहरणका रूपमा यहाँ 'सम्बन्धन तथा नियुक्ति' शीर्षकमा चर्चा गरिएको छ ।

# सम्बन्धन

## परिचय

त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ ले स्पष्ट रूपमा 'नेपालमा शिक्षाप्रदान गर्ने र सम्बन्धन (एफिलिएसन) राख्ने' समेत मुख्य कार्यको दायित्व विश्वविद्यालयलाई दिएको थियो ।[१] त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ मा भने सम्बन्धनका बारेमा स्पष्ट रूपमा केही उल्लेख गरिएन । २०२८ सालको ऐनमा 'विश्वविद्यालयको संगठन' अन्तर्गत '...उच्च शिक्षाको लागि तोकिएको विषयहरूमा तोकिएको इन्स्टिच्यूटहरू

---

[१] श्री ५ को सरकार, नेपाल गजेट, काठमाडौँ: श्री ५ को सरकार, भाग-२, खण्ड-९, संख्या-८, २०१६ साल जेठ २५ गते, पृ. ५ ।

रहनेछन्...प्रत्येक इन्स्टिच्यूटको एउटा केन्द्रीय संस्था र आवश्यकतानुसार विभिन्न क्याम्पस (शाखा संस्था) हरू रहन सक्नेछन्...' उल्लेख गरिएको छ । त्यस्तै ऐनमा '...यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल अधिराज्यमा चालू भैराखेका सम्बद्ध महाविद्यालय वा अन्य शैक्षिक संस्थालाई विश्वविद्यालयले तोकिएबमोजिम इन्स्टिच्यूटमा परिवर्तन गर्नेछ... इन्स्टिच्यूटमा परिवर्तन हुन नसकेमा सम्बद्ध महाविद्यालय वा शैक्षिक संस्था तोकिएको अवधिसम्म कायम रहनेछन्...' भन्नेसम्म स्पष्ट पारिएको छ ।[२] यसबाट २०१६ सालमा विश्वविद्यालयलाई 'सम्बन्धन' दिने एउटा प्रमुख दायित्व दिइएको देखिन्छ भने २०२८ सालमा सञ्चालनमा रहेका महाविद्यालय वा शैक्षिक संस्थालाई नियमानुसार 'इन्स्टिच्यूट' मा परिवर्तन गर्ने अधिकार मात्र दिइएको देखिन्छ । फलस्वरूप विश्वविद्यालय स्थापनाको १२ वर्षमा नै नयाँ क्याम्पस स्थापना गर्ने कार्यलाई सिद्धान्ततः निरुत्साहित गरिएको थियो । यस १२ वर्षको समयावधिमा स्थापना गरिएका क्याम्पसहरूमध्ये धेरैजसो विद्यार्थी, शिक्षक एवम् आर्थिक तथा भौतिक अभावबाट उपयुक्त रूपमा सञ्चालन हुन नसकेका कारण विश्वविद्यालय ऐन २०२८ ले 'सम्बन्धन' को प्रावधान नै नराखेको जस्तो देखिन्छ ।

यद्यपि विद्यमान अध्ययन संस्थानअन्तर्गतका क्याम्पसहरूले अध्ययन गर्न चाहने जति विद्यार्थीलाई अवसर दिन नसक्नु, क्षेत्रिय दृष्टिबाट मुलुकभर क्याम्पसहरू सञ्चालन नगरिनु, सरकारले उच्च शिक्षाका लागि आवश्यक पर्ने आर्थिक तथा भौतिक सहयोग गर्न नसक्नु आदि जस्ता कारणहरूबाट पुनः समुदायलाई क्याम्पस खोल्ने अनुमति दिनु परेको देखिन्छ । सोही परिवेशमा प्रस्तुत परिच्छेदमा सरकारको दीर्घकालीन नीति, विभिन्न समिति/आयोगको सिफारिसमेतका आधारमा निजी क्षेत्रमा क्याम्पस/कलेज सञ्चालनको स्वीकृति दिइएको सन्दर्भ चर्चा गरिएको छ ।

---

[२] श्री ५ को सरकार, नेपाल राजपत्र, काठमाडौंः श्री ५ को सरकार, भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३३ (क), २०२८ साल असोज ६ गते, पृ.३-४, ८ ।

**विश्वविद्यालयसँग सम्बद्ध कलेज**

'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' पूर्व २०२७ सालमा मुलुकमा जम्मा ४९ महाविद्यालय तथा १७,२०० विद्यार्थी संख्या रहेको देखिन्छ ।[३] विश्वविद्यालय ऐन २०१६ अन्तर्गतका त्रिभुवन विश्वविद्यालय कलेज, विश्वविद्यालसँग सम्बद्ध महाविद्यालयहरू तथा विश्वविद्यालयबाट मान्यता प्राप्त शैक्षिक संस्थाहरू 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' को दफा २० (२) अन्तर्गत, अन्यथा निर्णय भएमा बाहेक २०३० साल असार मसान्तसम्म कायम रहने तथा अर्को निर्णय नभएसम्म उक्त महाविद्यालयहरूमा २०२८ साल फागुनसम्म चालू रहेका विनियमहरूअनुसार साविककै परीक्षा तथा उपाधिहरूका निम्ति पठन पाठन गराइने कुरा सार्वजनिक रूपमा सूचना जारी गरिएको थियो । यस क्रममा त्यस्ता महाविद्यालयहरू तथा मान्यता प्राप्त संस्थाहरूले उपकुलपतिको पूर्व स्वीकृति बेगर ऋृण लिन, दिन, आफ्नो चल अचल सम्पत्ति बेच बिखन गर्न, नामसारी गर्न, बकस दिन, दान दिन र धितो वा बन्धक राख्न वा नयाँ निर्माण कार्य गर्न नपाउने, स्थायी प्राध्यापक वा कर्मचारी भर्ना गर्दा वा प्राध्यापक तथा कर्मचारीहरूको सेवाको शर्तमा कुनै हेरफेर गर्दा उपकुलपतिको पूर्व स्वीकृति लिनु पर्ने, ती महाविद्यालयहरूमा उपकुलपतिले तोकेको विषय र पाठ्यक्रमअनुसार तोकेको उपाधिहरूका निम्ति पठन पाठन गर्नु पर्ने एवम् त्यहाँ कार्यरत प्राध्यापकहरूले पनि इन्स्टिच्यूटका प्राध्यापकहरू सरह सभाका निम्ति हुने निर्वाचनमा भाग लिन पाउने भएका थिए ।[४]

---

३ राष्ट्रिय शिक्षा पद्धतिको योजना प्रारम्भदेखि उच्च शिक्षाको क्षेत्रमा भएका उपलब्धि र कमजोरीहरू सम्बन्धमा गठित समितिको प्रारम्भिक प्रतिवेदन, वि.सं. २०४९, पृ.४ ।

४ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-७, २०२८ साल फागुन, पृ.१० ।

२०२९ साल साउन महिनादेखि विश्वविद्यालयमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाअनुसार विद्यार्थी भर्ना गरिएको थियो । यो योजना लागू हुँदा त्रिभुवन विश्वविद्यालय कलेजका साथै ४२ सम्बद्ध महाविद्यालयहरू सञ्चालित रहेको पाइन्छ ।[५] त्यसो त त्यस बखत विश्वविद्यालयसँग सम्बद्ध महाविद्यालयहरूको संख्या ५० वटा जति भएको भन्ने भनाई पनि नपाइने होइन ।[६] उल्लेख्य के छ भने त्यस बखत त्रिभुवन विश्वविद्यालय कलेजमा १७ विभागहरू सञ्चालनमा रहेका थिए । त्यस्तै सन् १९६० देखि राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू पूर्व विश्वविद्यालयले कला, विज्ञान, वाणिज्य, संस्कृत र कानून विषयमा ६४३९ स्नातक तह, १९५० स्नातकोत्तर तह र ३ जना विद्यावारिधि तयार गरिसकेको भन्ने पनि पाइन्छ ।[७]

२०३० साल असार मसान्तसम्म विश्वविद्यालय प्रशासनबाट विभिन्न महाविद्यालयहरूलाई क्याम्पसमा परिणत गर्ने, क्याम्पस प्रमुखहरूको नियुक्ति गर्ने तथा अन्य आवश्यक सबै व्यवस्था पूरा गरेर साउन १ देखि विश्वविद्यालयअन्तर्गतका सम्पूर्ण उच्च शिक्षालयहरूमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाअनुसार पठन पाठन कार्यको प्रारम्भ गरियो । सोही साउन २ गतेदेखि विभिन्न अध्ययन संस्थानअन्तर्गत अधिराज्यका सबै क्याम्पसहरूमा प्रवेशका लागि परीक्षा शुरु भयो । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू गरिँदा अधिराज्यमा जम्मा ८२ क्याम्पस रहेको जसमध्ये काठमाडौँ उपत्यकामा नै ३३ वटा सञ्चालनमा थिए ।[८]

---

[५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-२,३, २०२९ साल असोज, कार्तिक ।

[६] *त्रिभुवन विश्वविद्यालय: एक झलक,* त्रिभुवन विश्वविद्यालय बुलेटिन विशेषाङ्क (त्रिभुवन विश्वविद्यालयको २४ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित), २०४० साल साउन, पृ. २२ ।

[७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-२,३, २०२९ साल असोज, कार्तिक ।

[८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-१२, २०३० साल साउन, पृ.१-२ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाबमोजिम विश्वविद्यालयका १२ इन्स्टिच्यूटका ८२ क्याम्पसहरूमा शिक्षणकार्य गरिएको थियो यद्यपि योजना पूर्व भने विश्वविद्यालयसँग कलेजहरूको सम्बन्धन मात्र थियो । अब कलेजहरू क्याम्पसमा परिणत हुँदा प्रत्यक्ष रूपमै त्रिभुवन विश्वविद्यालयका अङ्ग भए । यसले गर्दा विश्वविद्यालय र क्याम्पसहरूका बीच घनिष्ट तथा आत्मीय सम्बन्धको विकास भएको थियो ।[९]

## विश्वविद्यालयको स्वीकृति

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू हुनासाथ विश्वविद्यालयबाट नयाँ क्याम्पसलाई सम्बन्धन दिने काम नगरिए तापनि सञ्चालनमा रहेका कतिपय तालिम संस्थालाई सम्बन्धन दिनाका साथै नयाँ विषय तथा तह थप्नका लागि सम्बन्धन/स्वीकृति दिइएको थियो ।

यसै क्रममा चिकित्साशास्त्र इन्स्टिच्यूटअन्तर्गत बुटवल र तानसेनमा क्याम्पसहरू स्थापना गर्न आवश्यक भएको र त्यसका लागि आवश्यक रकम तथा शिक्षकहरूसमेत उपलब्ध हुन सक्ने भएकाले उक्त कार्य 'यु.एन.मिसन टु नेपाल' को सहयोगबाट सम्पादन गर्न श्री ५ को सरकारको स्वीकृति भएमा २०३० साल साउन महिनादेखि बुटवल र तानसेनमा क्रमशः 'मिड्वाइफरीको प्रशिक्षण' र 'अ.न.मी.तालिम' दिने क्याम्पसहरू स्थापना गर्ने सिद्धान्त स्वीकृत गरिएको थियो । उक्त क्याम्पसहरू यु.एन.मिसन टु नेपालको सहयोगबाट खुल्ने योजना भएकाले सो सहयोग उपलब्ध गर्न श्री ५ को सरकारसँग स्वीकृति लिन आवश्यक कारवाई गर्दै श्री ५ को सरकार र उक्त मिसनबीच भएको सम्झौता कहिलेसम्म कायम रहने सो पनि बुझ्ने कार्य विश्वविद्यालयबाट भएको थियो ।[१०]

---

[९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७ अङ्क-२, २०३० साल कार्तिक ।

[१०] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको वैठकको निर्णय नं. १० ।

यसै सम्बन्धमा त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिले श्री ५ को सरकारको स्वीकृति भएमा युनाइटेड मिसन टु नेपालको सहयोगमा तानसेनमा 'चिकित्सा शास्त्र अध्ययन संस्थान' अन्तर्गत अ.न.मी.तालिम दिने क्याम्पस खोल्ने भन्ने सिद्धान्त स्वीकृत गरिएको तथा श्री ५ को सरकार, स्वास्थ्य विभागको २०२९ साल वैशाख १७ गतेको पत्रमा '...युनाइटेड मिसन पाल्पा अस्पताल २०३५/०३६ मा राष्ट्रियकरण गर्ने निर्णय भै रहेको हुँदा मिसनको सहयोगबाट स्थापना भएका सम्पत्तिसमेत राष्ट्रियकरण गरिने शर्तमा सहमति दिने गरी २०२९ साल चैत्र ६ गतेका दिन श्री ५ को सरकारको निर्णय भएको भन्ने कुराको सूचना प्राप्त भएको र युनाइटेड मिसन टु नेपालका कार्यकारिणी सचिव फ्राङ्क विलकक्सले 'The United Mission to Nepal recognizes that eventually the hospital and the proposed ANM School at Tansen will revert to two different authorities. The UNM pledges that should one authority, or the other, require appropriation before the other, we will not delay or protest the transfer because to their closely integrated relationship' भनी आफ्नो स्वीकृति जनाएको हुँदा अ.न.मी तालिम दिने क्याम्पस २०३० साल साउनदेखिनै तानसेनमा चालु गर्ने, यसका निम्ति आवश्यक प्रिलिमिनरी तालिम पनि यथाशीघ्र चालु गर्ने तथा उपरोक्त अस्पताल राष्ट्रियकरण गरिने बेला स्थापित अध्ययन संस्थानको क्याम्पसको सम्पत्ती विश्वविद्यालयलाई दिलाई दिन श्री ५ को सरकारलाई अनुरोध पनि गर्ने निर्णय गरेको थियो । यद्यपि २०२९ साल पौष २० गतेका दिन चिकित्साशास्त्र अध्ययन संस्थानका डीनले 'पोखरामा क्षेत्रीय अस्पताल बन्न लागेको र करिव १५० बेडको यस नयाँ अस्पतालमा मिडवाइफरीको बढी सुविधा हुने भएको तथा ५० बेडको बुटवल अस्पतालको मिडवाइफरी युनिटको काम घटदै गै रहेकाले पश्चिम क्षेत्रका अ.न.मी.को मिडवाइफरी तालिम दिने क्याम्पस बुटवलमा नबनाई पोखरामा बनाउन बेस हुन गएको हो' भनि सिफारिस गरेकाले सो अ.न.मी.अन्तर्गत मिडवाइफरी तालिम दिने क्याम्पस पोखरामा स्थापना

गर्ने निर्णय गर्नाका साथै यसका निम्ति अविलम्ब आवश्यक कार्वाई गर्ने निर्णय भएको थियो ।[११]

सम्बन्धन/स्वीकृति दिने सन्दर्भमा नै विश्वविद्यालय प्राविधिक समितिले इन्जिीनियरिङ्ग अध्ययन संस्थानअन्तर्गत घरेलु प्रशिक्षण शाखामा तालिम लिइरहेका प्रशिक्षार्थीहरूको शैक्षिक योग्यता ज्यादै निम्न भएको साथै कोही निरक्षर व्यक्तिहरूसमेतले प्रशिक्षण लिई रहेको र घरेलु तालिमको उद्देश्य केवल घरेलु उद्योगका निम्ति दक्ष तथा अर्द्ध दक्ष कामदारहरू मात्र उत्पादन गर्ने भएकाले उच्च शिक्षा दिने अध्ययन संस्थानहरूको उद्देश्यसँग मेल नखानुका साथै मुल अध्ययन संस्थानको कार्यक्रमसँग सम्बन्ध नै नभएको जस्तै होजियारी, सेरोमिक्स, लेदर वर्क्स आदिकोसमेत तालिम दिने गरी आएको हुँदा इन्जिीनियरिङ्ग अध्ययन संस्थानको कुनै पनि कार्यक्रमसँग सम्बन्ध नभएको हुँदा सो घरेलु तालिम केन्द्र, घरेलु विभागलाई नै फर्काउनु पर्ने कुराको सिफारिस राष्ट्रिय शिक्षा समितिमा पठाएको थियो ।[१२] फलस्वरूप उक्त मागलाई विश्वविद्यालयले अनुपयुक्त ठहरायो ।

बालाजु क्याम्पस

बालाजु यन्त्रालयको मेकानिकल प्रशिक्षण केन्द्र २०३१-०३२ आर्थिक वर्षदेखि विश्वविद्यालयको व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको बालाजु क्याम्पसअन्तर्गत सञ्चालन हुने भएको थियो । उक्त प्रशिक्षण केन्द्र नेपाल औद्योगिक विकास कार्पोरेसन तथा स्वीस प्राविधिक सहायता संघ (साटा) बीच भएको सम्झौताअनुसार २०१८ सालमा बालाजुमा स्थापित गरिएको थियो । मेकानिकल प्रशिक्षण केन्द्र

[११] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको वैठकको निर्णय नं. १८, १९ ।

[१२] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको वैठकको निर्णय नं. २० ।

विश्वविद्यालयअन्तर्गत सञ्चालन गर्ने सम्बन्धमा २०३१ साल असार २८ गते विश्वविद्यालय र साटा बीच एउटा सम्झौता भएको थियो । सोअनुसार विश्वविद्यालयलाई आवश्यक परेमा साटाबाट तालीमका सरसामान, प्राविधिक सहयोग र सरसल्लाहका साथै कमसे कम एक जना प्राविधिक शिक्षक उपलव्ध गराइने भयो ।

२०३१ सालदेखि उक्त क्याम्पसमा जनरल वर्कशप, मेकानिस्ट र फिटर मेकानिक्स विषयहरूमा प्रमाणपत्र तहको २ वर्षे पाठ्यक्रम निर्धारित गरिएको थियो । प्रमाणपत्र तहमा वर्षैपिच्छे २० जना दक्ष कालीगडहरू तयार गर्ने क्याम्पसको योजना रह्यो ।[१३]

मेकानिकल प्रशिक्षण केन्द्रलाई विश्वविद्यालयले व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको 'बालाजु क्याम्पस' भनी मान्यता प्रदान गर्नेसमेत काम गऱ्यो ।[१४]

## निजी क्षेत्रमा क्याम्पस

एकातिर उच्च शिक्षामा एस.एल.सी.उत्तीर्ण विद्यार्थीहरूको आकर्षण बढ्नु अर्कातिर सरकारले आवश्यकताअनुसार आर्थिक/भौतिक सुविधा उपलब्ध गराउन नसक्नुका कारण एक दशकमा नै विश्वविद्यालयले निजी क्षेत्रमा क्याम्पस सञ्चालन गर्नु पर्ने आवश्यकताको बोध गरेको थियो । यस क्रममा मुलुकको शिक्षा विकासमा जनसहभागिताको उल्लेख्य योगदान रहेको यथार्थतालाई ध्यानमा राखी विश्वविद्यालयले उच्च शिक्षाको क्षेत्रमा बढी भन्दा बढी जनसहयोगको परिचालन गर्ने हेतुले निजी क्षेत्रमा पनि क्याम्पसहरू खोल्नु पर्ने आवश्यकता रहेको सुझाव सरकारलाई प्रस्तुत गऱ्यो । विश्वविद्यालयको उक्त सुझावलाई राष्ट्रिय विकास परिषद्ले

---

१३ *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-१०, २०३१ साल साउन, पृ.६ ।

१४ त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल माघ १४ गते बसेको वैठकको निर्णय नं. ४७ ।

स्वीकृति प्रदान गरेको थियो । यसअनुसार निजी क्षेत्रमा क्याम्पसहरू खोल्नका लागि विश्वविद्यालयले पहिलो पटक २०३७ सालमा केही शर्तहरू राखेको थियो, जुन उच्च शिक्षालाई गुणस्तरीय बनाउनका लागि अत्यावश्क नै मानिन्छ ।[१५]

तत्कालका लागि निजी क्षेत्रमा मानविकी, वाणिज्य, कानून तथा संस्कृत अध्ययन संस्थानअन्तर्गत विश्वविद्यालयले तोकेका विषयहरू पढाउने गरी प्रमाणपत्र तहको क्याम्पस सञ्चालन गर्न अनुमति दिन सकिने भयो । यस्ता क्याम्पस सञ्चालन गर्नका लागि अञ्चलाधीशको अध्यक्षतामा इच्छुक व्यक्तिहरू र विश्वविद्यालयका प्रतिनिधि समावेश भएको सहयोग समिति रहने व्यवस्था गरियो ।

निजी क्षेत्रमा क्याम्पस खोल्ने प्रयोजनका लागि विश्वविद्यालयले मुलुकका जिल्लाहरूलाई पाँच वर्गमा विभाजन गरेको थियो । तिनमा शैक्षिक दृष्टिले अत्यन्त ज्यादै पिछडिएको, ज्यादै पिछडिएको, निकै पिछडिएको, केही पिछडिएको र उल्लिखित जिल्लाहरू भन्दा अन्य २८ जिल्लाहरू भनी क्रमशः क, ख, ग, घ र ङ वर्गमा विभाजन गरियो । 'क' वर्ग अर्थात् 'अत्यन्त ज्यादै पिछडिएको' जिल्लाहरूमा रसुवा, धादिङ, रुकुम, रोल्पा, सल्यान, हुम्ला, मुगु, डोल्पा, कालिकोट, जुम्ला, जाजरकोट, दैलेख, बाजुरा, अछाम, बझाङ र डडेलधुरासमेत १६ जिल्लाहरूलाई समावेश गरियो । त्यस्तै 'ख' वर्गमा पाँचथर, सोलुखुम्बु, दोलखा, रामेछाप, सुर्खेत, प्यूठान, दार्चुला र बैतडीसमेत ८ जिल्लाहरू थिए । 'ग' वर्ग अर्थात् शैक्षिक दृष्टिले निकै पिछडिएको जिल्लाहरूमा ताप्लेजुङ्ग, संखुवासभा, भोजपुर, तेह्रथुम, खोटाङ्ग, ओखलढुङ्गा, सिन्धुली, उदयपुर, सिन्धुपाल्चोक, मनाङ, म्याग्दी, वागलुङ्ग, दाङ्ग तथा डोटी जम्मा १४ थिए । 'घ' वर्गमा केही पिछडिएका जिल्लामा सिरहा, सर्लाही, रौतहट, गोर्खा, अर्घाखाँची, मुस्ताङ,

---

[१५] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१२, अङ्क-४५, २०३७ साल जेठ २६ गते, आइतवार, पृ.२,३,५ ।

वर्दिया, कैलाली र कञ्चनपुर ९ जिल्लाहरू थिए भने उल्लिखित ४७ बाहेक बाँकी २८ जिल्लालाई 'ङ' वर्ग अर्थात् उच्च शिक्षाका दृष्टिले सुविधा सम्पन्न मानिएको थियो ।

आवश्यक पूर्वाधार

विश्वविद्यालयअन्तर्गत एउटा क्याम्पसमा एउटामात्र अध्ययन संस्थानको कार्यक्रम सञ्चालनमा रहेको तथा प्रथम सत्रमा १२५ भन्दा बढी विद्यार्थी भर्ना भएका खण्डमा अर्को एक अध्ययन संस्थानको कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सकिने, २०० भन्दा बढी विद्यार्थी भर्ना भएका खण्डमा तेस्रो अध्ययन संस्थानको कार्यक्रम तथा २४० भन्दा बढी विद्यार्थी भर्ना भएका खण्डमा भने चौथो अध्ययन संस्थानको कार्यक्रम सञ्चालन गर्न दिन सकिने भयो ।

विश्वविद्यालयले निजी क्षेत्रमा क्याम्पस सञ्चालनका लागि जुटाउनु पर्ने रकमको अङ्कसमेत निर्धारण गरेको थियो । यस क्रममा पूरा समय काम गर्ने शिक्षकहरू राख्ने क्याम्पसको हकमा वार्षिक रु १,७५,०००/- र आंशिक शिक्षकमात्र राख्ने क्याम्पसले वार्षिक रु. ८०,०००/- रकम जुटाउनु पर्ने भयो । यसरी जम्मा गरिएको रकम भने क्याम्पस सञ्चालनका निम्ति आवश्यक शिक्षक/कर्मचारीको तलब; शैक्षिक सामग्री, मसलन्द र अन्य दैनिक खर्च; पाठ्यपुस्तक तथा आवश्यक सन्दर्भ पुस्तक, पत्रपत्रिकाहरू उपलब्ध गर्न तथा कम्तिमा चालू एक वर्षको कार्यक्रम सञ्चालन गर्न खर्च गर्ने उद्देश्य राखियो । त्यसो त उल्लिखित रकम एक वर्ष क्याम्पस सञ्चालन गर्ने प्रयोजनका लागि व्यवस्था गर्नु पर्ने भएकाले प्रति वर्ष क्याम्पस सञ्चालन गर्न आवश्यक पर्ने आय स्रोतको व्यवस्था भने सम्बद्ध क्याम्पस सञ्चालकले नै गर्नु पर्दथ्यो ।

नगद रकमका अतिरिक्त क्याम्पसका निम्ति आवश्यक भौतिक सुविधा (क्याम्पस भवन, छात्रावास, शिक्षक, कर्मचारी आवास भवन, खेलकुदका सामग्री) तथा आवश्यकताअनुसार क्याम्पस विस्तारका निम्ति

जमीनको व्यवस्थासमेत हुन सक्ने सम्भावना हुनु पर्ने भयो । यस क्रममा क्याम्पसका निम्ति आवश्यक भवनहरू बनाउन रकमको स्रोतको व्यवस्थासमेत भएको हुनु पर्ने व्यवस्था गरिनु पर्ने प्रावधान राखियो ।

जहाँसम्म शिक्षक तथा कक्षा सञ्चालनको सन्दर्भ छ, साधारणतया हप्ताको २० घण्टा पढाउँदा पूरा समय भार भएको भनी विभिन्न पाठ्यांशहरू पढाउन आवश्यक शिक्षकहरूको व्यवस्था गरिनु पर्ने भयो भने प्रयोगात्मक कक्षा सञ्चालन गर्न आवश्यक ठाउँ, सरसामान तथा औजारहरूको व्यवस्थासमेत गरिनु पर्दथ्यो जुन एउटा क्याम्पस सञ्चालनका लागि आधारभूत आवश्यकता नै हो । विश्वविद्यालयले शिक्षकहरूको आवश्यक न्यूनतम योग्यता, संख्या तथा अन्य शैक्षिक आवश्यकताहरू तोक्ने तथा क्याम्पसले सो पूरा गर्नु पर्ने व्यवस्था गरियो ।

माथिका आधारभूत आवश्यकता पूरा गरेपछि सो बिस्तृत विवरण उल्लेख गरेर क्याम्पस खोल्न चाहने समितिले विश्वविद्यालय समक्ष दरखास्त दिनु पर्ने तथा स्वीकृत भएमा क्याम्पस सञ्चालन गर्न सकिने भयो । यस्तो क्याम्पस शुरुमा स्थानीय माध्यमिक विद्यालयसँग संलग्न रहेर पनि सञ्चालन गर्न सकिने भए तापनि ५ वर्ष भित्र माथि उल्लेख गरिएका शर्त पूरा गरिसक्नु पर्ने प्राबधान राखियो । त्यसो त क्याम्पसले विश्वविद्यालयको नीति-निर्देशन तथा विश्वविद्यालयले तोकेको नियम-विनियम पालन गर्नु पर्दथ्यो किनभने अन्य व्यवस्था नभएसम्मका लागि तत्कालका लागि यस्तो क्याम्पसमा त्रिभुवन विश्वविद्यालयको नियम विनियमहरू लागू हुने व्यवस्था गरियो ।

निजी क्षेत्रमा खोलिने क्याम्पसलाई विश्वविद्यालयले अस्थायी स्वीकृति दिने र ५ वर्ष भित्र तोकिएको भौतिक सुविधाहरू जुटाउनु पर्ने शर्तहरू पूरा गरेपछिमात्र स्थायी स्वीकृति प्रदान गरिने शर्तसमेत राखिएको थियो । यसरी कुनै पनि क्याम्पस खोल्नका लागि वा खोल्न स्वीकृति पाएपछि क्याम्पस सञ्चालन, त्यसको विकास अथवा अरू जुनसुकै विषयको काम कुराका लागि कुनै पनि विदेशी संघ संस्था वा सरकारसित

त्रिभुवन विश्वविद्यालयको साथै श्री ५ को सरकारको लिखित स्वीकृति नलिई कुनै किसिमको सम्बन्ध राख्न, सहयोग वा अनुदान लिन नपाइने नियम बनाइयो ।

क्याम्पसको सञ्चालका लागि एउटा छुट्टै समिति गठन गर्नु पर्ने तथा क्याम्पस सञ्चालनसँग सम्बद्ध सम्पूर्ण अभिभारा सोही समितिको हुने भयो ।

नीजि क्याम्पस सम्बन्धमा विविध सन्दर्भ

निजी क्षेत्रमा सञ्चालन गरिने क्याम्पसलाई विश्वविद्यालयबाट केही आर्थिक सहयोग दिन सकिने भए तापनि सबै किसिमको आर्थिक व्यवस्था स्वयम् क्याम्पस समितिले नै गर्नु पर्ने भयो । यस्तो क्याम्पसले आयस्रोतको विस्तृत विवरणका साथै आय-व्ययको लेखा परीक्षण गराई सो को प्रतिवेदनसमेत विश्वविद्यालयलाई उपलब्ध गराउनु पर्ने भयो । कथंकदाचित क्याम्पस चल्न नसकी बन्द भएमा सो क्याम्पसको शिक्षक, कर्मचारी तथा विद्यार्थी सम्बन्धी कुनै पनि दायित्व विश्वविद्यालयले लिँदैनथ्यो ।

निजी क्षेत्रमा क्याम्पस खोल्ने क्रममा चन्दा उठाउने सम्बन्धमा विश्वविद्यालयले कुनै निर्देशन एवम् सल्लाह भने दिएको थिएन । यसको प्रमुख कारण यसरी चन्दा सङ्कलन गर्नका लागि सरकारी नीतिमा शंसोधन गर्नु पर्ने विश्वविद्यालयको ठहर थियो । त्यस्तै सञ्चालनमा रहेका क्याम्पसहरूलाई निजीकरण गर्नेतर्फ पनि विश्वविद्यालयले कुनै योजना बनाएन । यो कदम तत्कालका लागि व्यवहारिक नदेखिने तर grants in aid मा परिणत गर्नेतर्फ भने आवश्यकताअनुसार योजना बनाइने भयो । त्यस्तै विश्वविद्यालयले सकभर क्याम्पस नभएका वा पिछडिएका जिल्लामा निजी क्याम्पस खोल्नका लागि प्राथमिकता दिएको थियो ।

निजी क्षेत्रमा सञ्चालन गरिने क्याम्पसहरूले माथि उल्लेख गरिएका साथै पठन-पाठन सञ्चालन, परीक्षा, नियुक्ति, उपाधीलगायतमा

विश्वविद्यालयका नियम-विनियमहरू पालन गर्नु पर्दथ्यो । यस क्रममा क्याम्पसले विश्वविद्यालयमा भर्ना हुन आवश्यक पर्ने योग्यता सम्बन्धी, विदेशमा अध्ययन गरी अध्ययन संस्थानमा भर्ना हुने, उच्च शिक्षाको माध्यम, विद्यार्थीहरूको आचरण, उपाधिहरू, शिक्षक कर्मचारीको आचार संहिता, सेवाका शर्त, प्राईभेट परीक्षा, शिक्षक/प्रशिक्षकको न्यूनतम योग्यता, अभिलेख राख्ने र धुल्याउने सम्बन्धी विश्वविद्यालयका नियम तथा विनियम पालना गर्नु पर्दथ्यो । त्यसो त विश्वविद्यालयले अन्यथा तोकेमा बाहेक क्याम्पस सञ्चालनका निम्ति अन्य नियमको व्यवस्था भने क्याम्पस समितिले नै गर्न सक्नेभयो ।[१६]

निजी क्षेत्रमा क्याम्पस खोल्ने सम्बन्धमा माथि उल्लेख गरिएका शर्तहरू सार्वजनिक भएपछि विभिन्न किसिमका नकारात्मक टिप्पणीहरू भएको सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले सार्वजनिक रूपमा नै तिनलाई स्पष्ट गर्ने प्रयास गरेको थियो । यस क्रममा निजी स्तरबाट क्याम्पस खोल्न मद्दत पुऱ्याउने उद्देश्यले मात्र माथिका शर्तहरू राखिएको, निजी क्षेत्रमा क्याम्पस खोल्ने नीति स्वीकार गरिएपछि त्यस्ता शर्तहरू सम्बन्धित पक्षलाई प्रोत्साहित गर्ने दृष्टिबाट राखिएको उल्लेख गर्दै तिनबाट शैक्षिक स्तर बढ्ने, विश्वविद्यालयको प्रतिष्ठा सुरक्षित रहने तथा विद्यार्थीहरूको चरित्र निर्माण हुने कुरामा विश्वविद्यालयले जोड दिएको थियो ।

जहाँसम्म क्याम्पस सञ्चालक समितिमा अञ्चलाधीशको अध्यक्षताको कुरा हो, त्यो व्यवहारिक दृष्टिबाट र सुचारु रूपले क्याम्पस चल्न सकोस्, सहयोग जुटाउन सजिलो होस् भन्ने अभिप्रायबाट व्यवस्था गरिएको, क्याम्पसलाई श्री ५ को सरकारको पदाधिकारी राखेर नियन्त्रण गर्न खोजेको कदापि नभएको कुरालाई विश्वविद्यालयले स्पष्ट पारेको

---

[१६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१२, अङ्क-४५, २०३७ साल जेठ २६ गते, आइतवार, पृ.२,३,५ । विश्वविद्यालयले यो जानकारीलाई सार्वजनिक सूचनाका रुपमा २०३७ साल जेठ १९ गतेका दिन प्रकाशित गरेको देखिन्छ । त्यसो त त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले यो जानकारी दिएका हुन् ।

थियो । यसै सन्दर्भमा जिल्ला, अञ्चलमा क्याम्पस खोल्दा पर्ने व्यावहारिक कठिनाइलाई हटाउन सजिलो होला भनी अञ्चलाधीशलाई सञ्चालक समितिको अध्यक्षको रूपमा राखिएको उल्लेख गरियो ।

क्याम्पस सञ्चालन गर्न पूरा समय कामगर्ने शिक्षक राख्ने भएमा वार्षिक रु. १ लाख ७५ हजार र आंशिक शिक्षकमात्र राख्ने भए वार्षिक रु. ८० हजार जुटाउने कुरा शर्तमा उल्लेख गरिएको सन्दर्भमा यो रकम विश्वविद्यालयमा डिपोजिट गर्नका लागि नभई केवल क्याम्पस सञ्चालन गर्न जुटाउन पर्ने निजी क्षेत्रमा खोलिने क्याम्पसहरूलाई विश्वविद्यालयको विशेष अनुभव उपलब्ध गराइएको कुरा विश्वविद्यालयले स्पष्ट गरेको थियो । त्यतिमात्र नभएर यदि कुनै पनि शर्तले क्याम्पस सुचारु रूपले सञ्चालन गर्न वाधा या समस्या उपस्थित गराएको व्यवहारतः कसैलाई अनुभव भएमा त्यस्तो शर्तलाई संशोधन गर्न या हटाउन विश्वविद्यालय पछि नहट्ने कुरामा पनि प्रतिबद्धता व्यक्त गरियो ।

उच्च शिक्षाको विकासमा जनसहभागितालाईसमेत बढाउँदै लैजाने उद्देश्य राखी विश्वविद्यालयले निजी क्षेत्रमा क्याम्पस खोल्न दिने नीति अपनाएको विषयमा कुनै प्रकारको पूर्वाग्रह या नियन्त्रण कुनै दृष्टिबाट जसरी विश्वविद्यालयलले राखेको छैन त्यसैगरी सम्बन्धित क्षेत्र र पत्र-पत्रिकाहरूले पनि राख्ने छैनन् भन्ने अपेक्षा राखी यस विषयमा सबैको स्वस्थ सहयोग र सम्यक् दृष्टिकोण रहोस् भन्ने त्रिभुवन विश्वविद्यालयको चाहना रहेको स्पष्ट पारियो ।[१७]

## निजी क्याम्पस स्वीकृति

निजी क्षेत्रमा क्याम्पस सञ्चालनको अनुमति दिने घोषणा गरेको १० हप्ताजतिमा आफ्नो इतिहासमा पहिलो पल्ट त्रिभुवन विश्वविद्यालयले काठमाडौँ, स्याङ्जा र कञ्चनपुर (महेन्द्रनगर) जिल्लामा तीन वटा निजी

---

[१७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१२, अङ्क-४७, २०३७ साल असार ९ गते, आइतवार, पृ.२ ।

क्याम्पस सञ्चालनको स्वीकृति दिएको थियो । यहाँ स्मरणीय के छ भने सम्बद्ध अञ्चलाधीशको अध्यक्षतामा गठन गरिने क्याम्पस सञ्चालक समितिमा विश्वविद्यालयका तर्फबाट एक जना सदस्य मनोनित गरिने व्यवस्था थियो ।

विश्वविद्यालयले काठमाडौँमा स्थापित हुने 'रत्नज्योति बहुमुखी क्याम्पस' लाई 'मानविकी तथा सामाजिक शास्त्र' तर्फ अर्थशास्त्र, नागरिकशास्त्र, इतिहास, नेपाली, नेवारी र गणित ऐच्छिक विषयहरू तथा 'व्यवस्थापन' तर्फ वाणिज्यशास्त्र सम्बन्धी विषयहरू २०३७-०३८ आर्थिकवर्षदेखि सञ्चालन हुने गरी प्रमाणपत्र तहको अध्ययन 'शान्तिनिकुन्ज माध्यमिक विद्यालय', भगवतीवारीमा बेलुका सञ्चालन हुने गरि स्वीकृति दिएको थियो । वाग्मती अञ्चलाधीशको अध्यक्षतामा गठित रत्नज्योती क्याम्पस सञ्चालन सहयोग समितिमा विश्वविद्यालयको प्रतिनिधि सदस्यका रूपमा विश्वविद्यालय समन्वय महाशाखाका प्रमुख सरस्वतीप्रसाद रिमाललाई मनोनीत गरियो ।

त्यस्तै गण्डकी अञ्चल स्याङ्जा लिल्लाको वालिङ्गमा निजी क्षेत्रमा मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत अर्थशास्त्र, भूगोल, नागरिकशास्त्र र इतिहास ऐच्छिक विषय पढाउने गरी प्रमाणपत्र तहको 'श्री वालिङ्ग क्याम्पस' स्थापना गर्न विश्वविद्यालयले स्वीकृति प्रदान गऱ्यो । यस क्याम्पसको कक्षा वालिङ्ग स्थित 'पूर्णामृत भवानी व्यावसायिक माध्यमिक विद्यालय' को भवनमा बिहान सञ्चालन गरिने क्याम्पसको गण्डकी अञ्चलाधीशको अध्यक्षतामा गठित सहयोग समितिमा विश्वविद्यालयको प्रतिनिधि सदस्यका रूपमा पोखरा स्थित मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानका सहायक डीन जर्जजोनलाई मनोनीत गरियो ।

विश्वविद्यालयको इतिहासको तेस्रो निजी क्याम्पस कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र, नागरिकशास्त्र, गणित, भूगोल र इतिहास ऐच्छिक विषय पढाउने गरी प्रमाणपत्र तहको

'सिद्धनाथ मानविकी क्याम्पस' सञ्चालन गर्न स्वीकृति प्रदान गरियो । कञ्चनपुर महेन्द्रनगर स्थित 'वैजनाथ व्यावसायीक माध्यमिक विद्यालय' को भवनमा बेलुका सञ्चालन गरिने क्याम्पस महाकाली अञ्चलाधीशको अध्यक्षतामा गठित सञ्चालन सहयोग समितिमा विश्वविद्यालयको प्रतिनिधिका रूपमा सिद्धनाथ क्याम्पसका क्याम्पस प्रमुखलाई मनोनित गरिएको थियो ।[१८]

यस प्रकार त्रिभुवन विश्वविद्यालयले एक वर्षको अवधिमा मुलुकका विभिन्न स्थानमा तीन दर्जन जति निजी क्षेत्रमा सञ्चालन गरिने क्याम्पसलाई स्वीकृति दिएको थियो । यस क्रममा आर्थिक वर्ष २०३९/४० को सत्रदेखि मेची अञ्चलको पाँचथर जिल्लाको फिदिम स्थित फिदिम व्यावसायिक माध्यमिक विद्यालय, पाँचथरको भवनमा बिहान सञ्चालन हुनेगरी निजी क्षेत्रमा स्थापना हुने 'पाँचथर क्याम्पस' लाई स्वीकृति प्रदान गरेको थियो । प्रस्तुत त्रिभुवन विश्वविद्यालयको अनुसन्धान कार्यको समयावधिको सम्भवतः पाँचथर क्याम्पस अन्तिम निजी क्याम्पस हो जसलाई त्रिभुवन विश्वविद्यालयले स्वीकृति दिएको थियो । योसँगै विश्वविद्यालयबाट स्वीकृति प्राप्त निजी क्षेत्रका क्याम्पसहरूको संख्या ३६ पुगेको देखिन्छ ।[१९]

निजी क्याम्पस स्वीकृतिका नयाँ आधार

दुई वर्षको छोटो अवधिमा नै निजी क्याम्पस सञ्चालनको स्वीकृति दिइएको भए पनि सम्भवतः यस्ता सबै क्याम्पस विश्वविद्यालयले निर्धारण गरेका शर्त तथा नियम, विनियमअनुसार सञ्चालन हुन नसकेको हुनु पर्दछ । यसको मुख्य कारण आर्थिक कठिनाइ भएको देखिन्छ । त्यस्तै

---

१८ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१३, अङ्क-७, २०३७ साल भदौ २२ गते, आइतवार, पृ.२ ।

१९ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१५, अङ्क-२, २०३८ साल असार २७ गते, आइतवार, पृ.३ ।

विद्यार्थी संख्या यथेष्ट नहुनु, भौतिक सुविधा सम्पन्न नहुनुलगायत कारणसमेत थिए । यस्तो अवस्थामा दिइएको स्वीकृति खारेज गर्न पनि उपयुक्त नहुने तथा त्यस्ता क्याम्पसहरू सञ्चालन हुन पनि गाऱ्हो पर्ने अवस्था आयो । सोही यथार्थतालाई हृदयङ्गम गरेर विश्वविद्यालयले २०३९ सालमा विद्यमान शर्तहरूमा केही परिवर्तन गरेको थियो । फलस्वरूप निजी क्याम्पस सञ्चालन गर्ने स्वीकृति प्राप्त गर्नका निम्ति केही नयाँ आधारहरू निर्धारित गरिए ।

यसअनुसार पूरा समय काम गर्ने शिक्षकहरू रहने क्याम्पस सञ्चालनका लागि प्रस्तावित क्याम्पसको नाममा मुद्दती खातामा रु. ६,५०,०००/- (छ लाख पचास हजार) तथा आंशिक शिक्षकहरू रहने क्याम्पस सञ्चालनका हकमा रु. ३,२५,०००/- (तीन लाख पच्चीस हजार) जम्मा गर्नु पर्ने भयो । त्यस्तै पहाडी क्षेत्रमा कम्तिमा ५० जना, शहरी तथा अन्य क्षेत्रमा कम्तिमा १०० जना विद्यार्थी हुने सम्भावना रहनु पर्ने नयाँ शर्त लागू गरियो ।

नयाँ व्यवस्थामा तोकिएका आधारहरू पूरा गरेका र सञ्चालन गर्न सम्भाव्य देखिएका प्रस्तावित क्याम्पसलाई शुरुमा तीन वर्षका लागि अस्थायी स्वीकृति दिने र सो तीन वर्ष भित्र स्थायी स्वीकृतिका निम्ति निर्धारित शर्तहरू पूरा गरेमा स्थायी स्वीकृति दिने व्यवस्था गरियो । तीन वर्ष भित्र स्थायी स्वीकृतिका लागि निर्धारित शर्तहरू पूरा गर्न नसकेमा तीन वर्षमा पूरा भएको कार्यको प्रगति हेरी अरू दुई वर्ष थप म्याद दिन सकिने भयो । उल्लेख्य के छ भने विश्वविद्यालयले निर्धारण गरेका शर्तहरू पूरा नभएसम्म स्थायी स्वीकृति दिइने भएन ।

निजी क्षेत्रमा क्याम्पस सञ्चालन गर्न अस्थायी स्वीकृतिका लागि सिफारिश हुनु अगावै विद्यार्थी, शिक्षक, भौतिक, आर्थिक स्थिति/सुविधा

सम्बन्धी विवरणहरू विश्वविद्यालयले खटाएको टोलीले नीरिक्षणका साथै सङ्कलन गर्ने प्रावधान राखियो ।[२०]

वन विज्ञान डिप्लोमा

विश्वविद्यालयअन्तर्गत वन विज्ञान अध्ययन संस्थानले दुई वर्षे पाठ्यक्रममा २०३८ सालदेखि पहिलो पटक पोखरामा डिप्लोमा तहको पढाई सञ्चालनको स्वीकृति दिएको थियो । त्यस कार्यक्रममा पहिलो ब्याचमा ३० जना विद्यार्थीहरू भर्ना भएका थिए । यस अध्ययन संस्थानको निजी भवन नभएकाले तत्कालका लागि पृथ्वीनारायण क्याम्पसमा पढाई सञ्चालन गर्नु परेको थियो । यस संस्थानले आवश्यक भवन निर्माणार्थ स्थानीय हरियो खर्कमा करीव १६०० रोपनी जग्गा लिने क्रममा रहेको थियो । उल्लेख्य के छ भने यसअघि डिप्लोमा स्तरको वन सम्बन्धी अध्ययनका लागि विदेशमा जानु पर्ने भए तापनि अब भने सो बाध्यात्मक अवस्थाको अन्त्य भयो अर्थात् नेपालमा नै डिप्लोमा तहको अध्ययन गर्न पाइने भयो ।[२१]

विषय थप

मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत विद्यापरिषद् र क्याम्पस प्रमुखहरूको वैठकले विभिन्न क्याम्पसमा पठन पाठनको विषय थप तथा कतिपय क्याम्पसमा तह थप गरेको थियो । विषय थप गर्दा आवश्यक पर्ने शिक्षकको व्यवस्थापन भने क्याम्पस आफैले स्थानीय स्रोतबाट मिलाउनु पर्दथ्यो । यस क्रममा भैरहवा क्याम्पसमा प्रमाणपत्र तहमा अङ्ग्रेजी र इतिहास विषय थप गर्दा २०३८/०३९ शैक्षिकवर्ष भित्र शिक्षक थप गर्नु पर्ने भएमा क्याम्पसले स्थानीय स्रोतबाट

---

२० *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१४, अङ्क-४९, २०३९ साल असार १३ गते, आइतवार, पृ.१,२ ।

२१ *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१८, अङ्क-६, २०३८ साल मंसिर ७ गते, आइतवार, पृ.५ ।

व्ययभार व्यहोर्ने गरी इच्छधीन विषयका रूपमा अध्यापन सञ्चालन गर्न स्वीकृति दिइयो । त्यस्तै रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौँमा बी.ए.तहमा नेवारी विषय र त्रिभुवन क्याम्पस, पाल्पामा बी.ए.तहमा गणित, भूगोल र संस्कृति विषय थप अध्यापन गर्न स्वीकृति दिइयो । यसैगरी धनकुटा क्याम्पस, धनकुटाबाट प्रोफिसेन्सी प्रमाणपत्र र स्नातक तहमा भूगोल विषय पढाउन अनुमति माग गरिएकाले तत्कालका लागि प्रोफिसेन्सी प्रमाणपत्र तहमा विद्यार्थीहरूको पर्याप्त संख्या पुगेमा बी.ए.तहमा पछि मात्र अध्यापन स्वीकृति प्रदान गर्ने गरि स्वीकृति दिइयो ।[२२]

## स्नातक तहको स्वीकृति

त्रिभुवन विश्वविद्यालयले काठमाडौँ स्थित रत्नज्योति बहुमुखी क्याम्पस, पिपल्स क्याम्पस र ताहाचल क्याम्पसमा २०३९-०४० शैक्षिक सत्रदेखि तथा वीरगञ्ज स्थित हरिखेतान क्याम्पसमा २०४० सालको शैक्षिक सत्रदेखि मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान र व्यवस्थापन अध्ययन संस्थानमा स्नातक तहको कक्षा सञ्चालन गर्न अस्थायी स्वीकृति प्रदान गरेको थियो । उल्लिखित चारवटै क्याम्पसहरू निजी क्षेत्रमा सञ्चालित हुन् ।[२३]

## पहिलो विज्ञान क्याम्पस

विश्वविद्यालयले काठमाडौँमा निजी क्षेत्रमा स्थापना हुने 'सिद्धार्थ वनस्थली साइन्स क्याम्पस' लाई अस्थायी स्वीकृति प्रदान गरेको थियो । विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत प्रवीणता प्रमाणपत्र तहको उक्त क्याम्पसलाई 'सिद्धार्थ वनस्थली आवासीय माध्यमिक विद्यालय', बालाजु,

---

[२२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१४, अङ्क-१९, २०३८ साल मंसिर २१ गते, आइतवार, पृ.१, ४ ।

[२३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१५, अङ्क-२४, २०३९ साल पौष २५ गते आइतवार, पृ. ५ ।

काठमाडौँको भवनमा २०३९/०४० शैक्षिक सत्रदेखि बिहान सञ्चालन गर्न स्वीकृति दिइएको थियो । क्याम्पस सञ्चालनार्थ गठीत सहयोग समितिमा विज्ञान तथा प्रविधि अध्ययन संस्थानका सहायक डीन चित्तबहादुर तुलाधरलाई विश्वविद्यालयको प्रतिनिधि सदस्य मनोनित गरियो । विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत निजी क्षेत्रमा विज्ञान क्याम्पस सञ्चालन हुन लागेको यो पहिलो पटक भएको कुरा स्मरणीय छ ।

शिद्धार्थ वनस्थली साइन्स क्याम्पसलाई स्वीकृति दिएपछि विश्वविद्यालयबाट स्वीकृति प्राप्त गरेका निजी क्याम्पसको संख्या ३८ पुगेको थियो ।[२४]

समग्रमा २०३९ सालसम्म निजी स्तरमा १२ अञ्चलका ३० जिल्लामा ३८ वटा क्याम्पसहरू स्थापना गरिए जसलाई विश्वविद्यालयले सम्बन्धन दिएको थियो । तिनमा प्रमाणपत्र तहका ४६ र स्नातक तहका ८ शैक्षिक कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालयले स्वीकृति दिएको हो । ३८ मध्ये एउटालाई विज्ञान विषयमा प्रमाणपत्र तहका लागि सम्बन्धन दिइएको प्रसङ्ग माथि परिसकेको छ भने बाँकीलाई मानविकी तथा सामाजिकशास्त्र र व्यवस्थापन विषयको प्रमाणपत्र तथा स्नातक तहका लागि स्वीकृति दिइएको थियो । निजी क्षेत्रका यी क्याम्पसहरूलाई स्वीकृति दिइएपछि २०३९ सालसम्म विश्वविद्यालय क्याम्पस नपुगेका थप १५ जिल्लामा उच्च शिक्षाका लागि क्याम्पस सञ्चालन हुन पुगे । यी थप जिल्लामा पाँचथर, संखुवासभा, खोटाङ, सर्लाही, दोलखा, बारा, काभ्रे, तनहूँ, स्याङ्जा, कपिलवस्तु, गुल्मी, प्यूठान, सल्यान, रुकुम तथा बझाङ थिए ।[२५]

निजी क्षेत्रमा क्याम्पस खोल्नका लागि विश्वविद्यालयले जिल्लालाई विभिन्न पाँच भागमा वर्गिकरण गरेको आधारलाई हेर्ने हो भने उल्लिखित १५

---

२४ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१५, अङ्क-३०, २०३९ साल फागुन १५ गते आइतवार, पृ. ३ ।

२५ *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०, पृ. १४९ ।

मध्ये 'क' वर्गमा 'अत्यन्त ज्यादै पिछडिएको' १६ जिल्लामध्ये जम्मा तीन वटा जिल्ला-सल्यान, रुकुम र बझाङ; 'ख' वर्गमा 'ज्यादै पिछडिएको' ८ जिल्लामध्ये जम्मा तीन वटा जिल्ला-पाँचथर, प्यूठान र दोलखा; 'ग' वर्गमा 'निकै पिछडिएको' १४ जिल्लामध्ये जम्मा दुई जिल्ला-संखुवासभा र खोटाङ; 'घ' वर्गमा 'केही पिछडिएको' ९ जिल्लामध्ये जम्मा एउटा जिल्ला-सर्लाही तथा 'ङ' वर्ग अर्थात् 'क-घ' बाहेकका बाँकी २८ जिल्ला शैक्षिक दृष्टिले सम्पन्न मानिएका थिए । यी २८ मध्ये छ जिल्ला-बारा, काभ्रे, तनहूँ, स्याङ्जा, कपिलवस्तु तथा गुल्मीमासमेत नीजि क्षेत्रमा क्याम्पस सञ्चालनको स्वीकृति दिइयो ।

विश्वविद्यालयले दुर्गम क्षेत्रमा उच्च शिक्षालाई पुऱ्याउने नीतिका साथ जिल्लाको वर्गीकरण गरे तापनि निजी स्तरमा क्याम्पसको स्वीकृति दिने क्रममा सम्भवतः दुर्गमबाट भन्दा सुगम जिल्लाबाट माग बढेकाले सोही आधारमा स्वीकृति दिइएको देखिन्छ । यस आधारमा दुर्गम जिल्लालाई प्राथमिकतामा राखिए तापनि स्वीकृति दिइएकामध्ये ४० प्रतिशत अर्थात् ६ वटा क्याम्पसहरू सुगममा नै दिइएको थिए । त्यस्तै धरातलीय दृष्टिबाट अध्ययन गर्दा १५ मध्ये ३ जिल्ला तराई क्षेत्रका थिए भने बाँकी ८० प्रतिशत पहाडका थिए । त्यसो त विश्वविद्यालयले नीजि क्षेत्रमा पहिलो विज्ञान क्याम्पसको स्वीकृति काठमाडौंमा नै दिएको कुरा स्मरणीय छ ।

समग्रमा दुई वर्षको छोटा अवधिमा निजी क्षेत्रका ३८ क्याम्पसहरूलाई स्वीकृति दिँदा एउटा पनि क्याम्पस सञ्चालनमा नरहेका १५ जिल्लामा क्याम्पस सञ्चालनको स्वीकृति दिइनु पनि उच्च शिक्षाका क्षेत्रमा विश्वविद्यालयको ठूलै उपलब्धी मान्नु पर्दछ । यहाँ हेक्का राख्नु पर्ने के पनि देखिन्छ भने यसरी स्वीकृति प्राप्त गरेका क्याम्पस आर्थिक, भौतिक एवम् विद्यार्थीसमेतको अभावका कारण २/४ वर्षपछि बन्द हुने अवस्था आउन नपरोस् ।

***

# नियुक्ति

## परिचय

'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' ले त्रिभुवन विश्वविद्यालयको विद्यमान स्वरूपमा परिमार्जन गरेको थियो । विश्वविद्यालयलाई इन्स्टिच्यूटहरूको संयुक्त रूप परिभाषित गरेको उक्त ऐनअनुसार डीन, सहायक डीनलगायतको नियुक्ति गरियो । यहाँ सोही ऐन लागू भएको एक दशकजति समयावधिमा भएका केही नियुक्तिलाई उदाहरणका रूपमा उठाइएको छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाअनुसार सञ्चालनमा रहेका महाविद्यालय वा शैक्षिक संस्था (उच्च) लाई विश्वविद्यालयले तोकिएबमोजिम इन्स्टिच्यूटमा परिवर्तन गरेको थियो । त्यस्तै त्रिभुवन विश्वविद्यालय ऐन-२०२८ ले विश्वविद्यालयका पदाधिकारीका रूपमा 'कुलपति, सहकुलपति, उपकुलपति, डीन, शिक्षाध्यक्ष, रजिष्ट्रार र अन्य पदाधिकारी' लाई मानेको थियो ।[२६] यसैगरी सो ऐनले विश्वविद्यालय र इन्स्टिच्यूटको प्राध्यापक तथा प्रशासकीय कर्मचारीको नियुक्ति र बढुवाको सिफारिस गर्न 'विश्वविद्यालय सेवा आयोग' को व्यवस्था गरेको थियो । आयोगको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने कुरा सोही ऐनमा स्पष्ट रूपमा उल्लेख गरियो ।[२७]

## विश्वविद्यालय सेवा आयोग

त्रिभुवन विश्वविद्यालय ऐन २०२८ ले विश्वविद्यालय र इन्स्टिच्यूटको प्राध्यापक तथा प्रशासकीय कर्मचारीको नियुक्ति र बढुवाको सिफारिश गर्न एक 'विश्वविद्यालय सेवा आयोग' रहने व्यवस्था गरेको

---

[२६] श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौँ: श्री ५ को सरकार, भाग-२, अतिरिक्ताङ्क ३३(क), वि.सं.२०२८, पृ.३-४ ।

[२७] *ऐजन,* पृ.७ ।

थियो ।[२८] सोही ऐनका आधारमा २०२९ साल साउन ३० गतेका दिन श्री ५ बाट त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा भगवतीप्रसाद सिंहलाई तथा सदस्यमा प्रो. यदुनाथ खनाललाई मनोनित गरियो । त्यस्तै लोकसेवा आयोगबाट विश्वविद्यालय सेवा आयोगमा दुर्गानन्दप्रसाद सिंह रहे भने अन्य सदस्यमा का.मु.शिक्षाध्यक्ष, सम्बन्धित इन्स्टिच्यूटका डीन रहने भए । विश्वविद्यालयका रजिष्ट्रारलाई आयोगको सदस्य सचिव बनाइयो ।[२९]

**डीन/सहायक डीन**

२०२८ साल फागुन २६ गतेदेखि 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' लागू गरियो । यो ऐनअनुसार विश्वविद्यालय सिनेट, सिण्डिकेट, एकेडेमिक काउन्सिल, सेवा आयोग, फ्याकल्टीहरू, बोर्डअफ स्टडिज आदि खारेज गरिए भने 'त्रिभुवन विश्वविद्यालय सभा' गठन गरियो । त्यस्तै २०२८ साल फागुन २६ गते नै 'त्रिभुवन विश्वविद्यालय नियम २०२८' लागू भयो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) अन्तर्गत विश्वविद्यालयमा उच्च शिक्षाका लागि गठन हुने १३ इन्स्टिच्यूट (अध्ययन संस्थान) मध्ये कृषि र 'पशु विज्ञान', 'वन विज्ञान', 'इञ्जिनीयरिङ्ग', 'चिकित्साशास्त्र', 'व्यावहारिक विज्ञान र प्रविधि' तथा 'शिक्षाशास्त्र' गरी जम्मा ६ वटा इन्स्टिच्यूटहरू २०२९ साल साउन १ गतेदेखि सञ्चालन गरिने भएको जानकारी सार्वजनिक गरियो ।[३०]

---

[२८] *ऐजन* ।

[२९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५, अङ्क-१२, २०२९ साल साउन, पृ. ८ ।

[३०] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५ अङ्क-७, २०२८ साल फागुन, पृ. ५ ।

यो नयाँ व्यवस्थाअनुसारको तयारीका क्रममा श्री ५ बाट इन्स्टिच्यूट का डीनहरू र रजिष्ट्रारको नियुक्ति २०२९ साल असार महिनामा भयो।[३१] कुलपति श्री ५ बाट सोही असार ११ गतेका दिन अर्को महिना साउन १ गतेदेखि लागू हुनेगरी त्रिभुवन विश्वविद्यालयका ७ वटा इन्स्टिच्यूटहरूका लागि डीनहरू नियुक्त गरिएको थियो । यसरी नियुक्त गरिएका डीनमा

(१) कृषि र पशुविज्ञान इन्स्टिच्यूटमा -डा.कमलाभक्त राजभण्डारी,

(२) वनविज्ञान इन्स्टिच्यूटमा -ववनप्रसाद कायस्थ,

(३) इञ्जीनियरिङ्ग इन्स्टिच्यूटमा -कुलरत्न तुलाधर,

(४) चिकित्साशास्त्र इन्स्टिच्यूटमा -डा.मोइन शाह,

(५) व्यावहारिक विज्ञान र प्रविधि इन्स्टिच्यूटमा -डा. परासरनारायणसुवाल,

(६) शिक्षाशास्त्र इन्स्टिच्यूटमा -डा.पन्नालाल प्रधान तथा

(७) नेपाल र एशियाई अध्ययन इन्स्टिच्यूटमा -डा.प्रयागराज शर्मा थिए ।

नियुक्तिका क्रममा जगतमोहन अधिकारीलाई २०२९ साल साउन १ गतेदेखि नै लागू हुनेगरी कायम मुकायम रजिष्ट्रार नियुक्त गरियो ।

उल्लिखित नियुक्तिको एक वर्षपछि २०३० साल जेठ १८ गतेका दिन कुलपति श्री ५ बाट बाँकी पाँच इन्स्टिच्यूटहरूमा डीन नियुक्त गरिएको थियो । श्री ५ बाट यो नियुक्ति भने विश्वविद्यालयका उपकुलपति तथा राष्ट्रिय शिक्षा समितिको सिफारिसमा गरिएको कुरा विश्वविद्यालयले सार्वजनिक गरेको थियो । यसरी नियुक्त गरिनेमा (१) सामाजिकशास्त्र इन्स्टिच्यूटमा-उपेन्द्रमान मल्ल (२) विज्ञान इन्स्टिच्यूटमा-डा.शंकरप्रसाद प्रधान (३) व्यापार प्रशासन, वाणिज्य र जनप्रशासन इन्स्टिच्यूटमा-

[३१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-५ अङ्क-११, २०२९ साल असार, पृ. ९-१० ।

डा.प्रचण्डप्रसाद प्रधान (४) संस्कृत इन्स्टिच्यूटमा-अम्बिकाप्रसाद अधिकारी तथा (५) कानुन इन्स्टिच्यूटमा-ध्रुववरसिंह थापा क्षेत्री थिए ।[३२]

ऐनमा प्रत्येक इन्स्टिच्यूटको प्रमुखका रूपमा डीनको व्यवस्था गरियो । डीनको मुख्य काम इन्स्टिच्यूटलाई प्राविधिक तथा शैक्षिक नेतृत्व दिने तोकियो । इन्स्टिच्यूटको शैक्षिक पदाधिकारीका हैसियतमा डीनले मातहतका क्याम्पसको शैक्षिक क्रियाकलापमा रेखदेख तथा नियन्त्रण कायम गर्नु पर्दथ्यो । प्रत्येक इन्स्टिच्यूटको केन्द्रीय क्याम्पस (इन्स्टिच्यूटबाट बनाइएको एउटा केन्द्रीय क्याम्पस) को प्रमुखका रूपमा डीनले काम गर्नु पर्दथ्यो । इन्स्टिच्यूटअन्तर्गतका क्याम्पसमा पढाइको गुणस्तर निर्धारण गर्ने तथा आवश्यक सुधार गर्ने जिम्मेवारी पनि डीनलाई नै तोकियो । त्यस्तै विद्यार्थीले अध्ययन गरेको विषयबाट भविष्यमा कुन प्रकारको व्यवसायमा जाने मौका पाउने हुन् सो कुराको जानकारी दिने दायित्व डीनलाई दिइएको थियो । आफ्नो इन्स्टिच्यूटअन्तर्गत सञ्चालनमा रहेका क्याम्पसको निरीक्षण गर्ने, शैक्षिक स्तर वृद्धिका लागि कार्यक्रम बनाउने, लागू गराउने; क्याम्पसको निरीक्षणमा देखिएका त्रुटी सुधार गर्न र त्रुटीपूर्ण काम गर्ने उपर कारवाही गर्न निर्देशन दिने; इन्स्टिच्यूटद्वारा सञ्चालित कार्यक्रमहरूको सामयिक मूल्याङ्कन गर्ने/गराउने; शिक्षाध्यक्ष वा रजिष्ट्रारबाट वा मार्फत् प्राप्त निर्देशन कार्यान्वयन गर्ने, आवश्यक बजेटको सिफारिस गर्ने तथा ऐन, नियम र विनियमहरूमा तोकिएको अन्य काम, कर्तव्य र अधिकारको पालना एवम् प्रयोग गर्ने जिम्मेवारी डीनलाई दिइयो ।[३३]

[३२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६ अङ्क-१०, २०३० साल जेठ, पृ. ४ ।

[३३] २०३२ साल मंसिर २९ गते सोमवारका दिन त्रिभुवन स्मृति भवन, कीर्तिपुरमा बसेको त्रिभुवन विश्वविद्यालय सभाको असाधारण वैठकबाट पारित 'त्रि.वि.नियममा संशोधन', माइनुट, परिच्छेद-८, पृ. १०-११ ।

पदाधिकारीका सम्बन्धमा विश्वविद्यालय प्राविधिक समितिले २०२९ साल असोजमा प्रत्येक इन्स्टिच्यूटका डीनलाई आफ्नो काममा सहयोग गर्न आवश्यकता हेरी एक वा एक भन्दा बढी असिष्टेण्ट डीनको व्यवस्था गरेको थियो । डीनको सिफारिसमा सम्बन्धित इन्स्टिच्यूटका प्राध्यापकहरू मध्येबाट उपकुलपतिले असिष्टेण्ट डीनको नियुक्त गर्ने व्यवस्था गरियो । यसरी नियुक्त गरिएका असिस्टेण्ट डीनको पदावधि बढीमा दुई वर्षको हुने तथा सम्बन्धित डीनले प्रत्यायोजन गरेबमोजिम निजको काम, कर्तव्य र अधिकार हुने, डीनको उनुपस्थितिमा उपकुलपतिबाट मनोनित असिष्टेण्ट डीन वा अन्य कुनै प्राध्यापकले कायम मुकायम डीन भई काम चलाउने तथा डीनले असिष्टेण्ट डीनको अनुपस्थितिमा बढीमा तीन महिनाका लागि असिष्टेण्ट डीनको का.मु.भई काम गर्ने गरी कुनै प्राध्यापकलाई नियुक्त गर्न सक्ने व्यवस्था पनि गरियो । समग्रमा असिष्टेण्ट डीन डीनप्रति उत्तरदायी हुनु पर्ने भयो ।[३४]

## विषय समिति

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएको एक वर्ष पनि नपुग्दै शैक्षिक गुणस्तर वृद्धिसमेतका लागि विश्वविद्यालयले ‘विषय समिति’ गठन गर्नु पर्ने आवश्यकतालाई जोड दिएको थियो । यस क्रममा विश्वविद्यालयको प्राविधिक समितिले विषय समितिलाई व्यवस्थित एवम् चुस्त बनाउनका लागि एउटा विनियम नै तर्जुमा गरेको थियो ।[३५] अब भने प्रत्येक इन्स्टिच्यूटमा मूल विषयका रूपमा पढाइने प्रत्येक विषय वा विषय समूहका लागि एउटा विषय समिति राखिने भयो ।

---

[३४] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल असोज २०-२१, २४ गते बसेको बैठकको निर्णय ।

[३५] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको बैठकको निर्णय ।

केन्द्रीय क्याम्पस र अन्य क्याम्पसमा सम्बद्ध विषय पढाउने प्राध्यापकहरू मध्येबाट डीनले मनोनित गरेको बढीमा १० जना सदस्य रहने भए भने अन्य इन्स्टिच्यूटहरूमा सो विषय पढाउने प्राध्यापकहरू मध्येबाट बढीमा ७ जना तथा सम्बन्धित क्षेत्रमा काम गर्ने व्यक्तिहरूमध्येबाट ३ जनालाई सदस्यका रूपमा डीनले मनोनित गर्ने भए । त्यस्तै विषय समितिका अध्यक्षले आवश्यक ठानेमा डीनको अनुमति लिई अन्य व्यक्तिलाई वैठकमा आमन्त्रित गर्न सक्ने व्यवस्था पनि गरियो । यहाँ उल्लेख्य के पनि देखिन्छ भने समग्र सदस्यहरू मध्येबाट डीनले एक जनालाई 'अध्यक्ष' मनोनित गर्ने भए ।

दुई वर्षको कार्यकाल हुने विषय समितिको वैठक वर्षमा कम्तीमा एक पटक बस्नु पर्ने तथा वैठकको गणपुरक संख्या सदस्य संख्याको आधा हुने, विषय समितिमा सबै निर्णय बहुमतद्वारा हुने भएकाले मत लिँदा सदस्यको समान मत भएमा अध्यक्षले निर्णायक मत दिने तथा मतदानबाट निर्णय गरिएकोमा सो सम्बन्धमा भएको छलफलको सारांशसमेत फेकल्टि बोर्डमा पठाउनु पर्ने व्यवस्था गरियो ।

सम्बन्धित विषयका पाठ्यक्रम, पाठ्यांश, शिक्षण र मूल्याङ्कन विधि तयार गरी सिफारिस गर्ने, सम्बन्धित विषयका निम्ति पाठ्यपुस्तक, पाठ्यसामग्री र सहायकसामग्री सिफारिस गर्ने, सम्बन्धित विषयको शिक्षण, अन्य शैक्षिक कार्यक्रम र परीक्षाको मूल्याङ्कन गर्ने एवम् स्तर वृद्धिका निम्ति आवश्यक सिफारिस गर्ने विषय समितिलाई मुख्य दायित्व दिइयो । यसका साथै समितले डीन वा फेकल्टि बोर्डले दिएको निर्देशन पालन गर्ने, सम्बन्धित विषयको अध्ययन, अध्यापन र अनुसन्धानको स्तर वृद्धिका निम्ति आवश्यक सिफारिस गर्ने जस्ता कार्य पनि गर्नु पर्दथ्यो ।[३६]

---

[३६] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको बैठकको निर्णय ।

**सरकारी शिक्षक/कर्मचारी**

त्रिभुवन विश्वविद्यालय सञ्चालनदेखि नै श्री ५ को सरकारको सेवामा रहेका कतिपय शिक्षक तथा कर्मचारीहरूलाई विश्वविद्यालको काममा संलग्न गरिएको सन्दर्भ माथिका परिच्छेदमा परिसकेको छ । विश्वविद्यालयमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भइसकेपछि पनि सरकारी सेवाका शिक्षक तथा कर्मचारीको सेवालाई कसरी समायोजन गर्ने भन्ने विषय पूर्ववत् कायम रहेको पाइन्छ । यसै सन्दर्भमा विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गतेको बैठकले श्री ५ को सरकारको सेवाबाट आउनेलाई मिल्ने पदमा नियुक्ति दिने सम्बन्धमा विशेष व्यवस्था गरेको थियो ।[३७]

कर्मचारी

सो व्यवस्थाअनुसार अब सरकारी तथा गैरसरकारी महाविद्यालयका कर्मचारीहरूलाई विभिन्न पदमा समावेश गर्दा विश्वविद्यालयको नियमानुसार न्यूनतम योग्यता नपुगेकाहरूलाई पनि एक पटकलाई स्वतः विश्वविद्यालय सेवामा ल्याइने भयो । यसरी श्री ५ को सरकारको सेवाबाट विश्वविद्यालय सेवामा आउने कर्मचारीमा ड्राइवर, हेडचौकिदार र हेडपियनलाई रु. ४०/- तथा चौकिदारलाई रु.३०/- मासिक भत्ता दिइने भयो ।

श्री ५ को सरकारको पियन, पाले र सो सरहका दरबन्दीमा काम गर्नेलाई विश्वविद्यालयको ८०-३-९५ इ.वि.५-१२० स्केलको पियन, चौकिदार, बगैंचे, कुचिकार र सो सरहका पदमा, साधारण तथा प्राविधिक सेवाका खरिदार एवम् सो सरहका पदमा काम गर्नेलाई विश्वविद्यालयको १६०-६/५०-१९२/५० इ.वि.७/५०-२३० को टाइपिष्ट कम क्लर्क तथा असिस्टेण्ट स्टोरकिपर र सो सरहका पदमा, साधारण तथा प्राविधिक

---

[३७] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गते बसेको वैठकको निर्णय नं. १० र १७ ।

सेवाका ना.सु.र सो सरहका पदमा काम गर्नेहरूलाई विश्वविद्यालयको २५०/-१३/५०-३१७/५० इ.वि.१६/५०-४०० को हेडअसिष्टेन्ट पदमा, मुखिया र सो सरहका तथा प्राविधिक, राजपत्र अनङ्कितर्तफका चतुर्थ तथा तृतीय श्रेणीमा काम गर्नेलाई विश्वविद्यालयको १२०-५-१४५ इ.वि.७-१८० को दरबन्दीमा एवम् श्री ५ को सरकारमा राजपत्राङ्कित तृतीय श्रेणीमा काम गर्नेलाई विश्वविद्यालयको ४००-१८-४९० इ.वि.२२-६०० को सुपरिण्टेण्डेण्ट र सो सरहको पदमा समावेश गर्ने व्यवस्था भयो ।

गैरसरकारी महाविद्यालयतर्फ काम गर्नेहरूको हकमा निजहरूले खाइपाई आएको तलबको आधारमा उपरोक्त व्यवस्थाबमोजिम मिल्दो पदमा दिइएको सुविधा दिने गरी समावेश गरिने भयो ।[३८]

विश्वविद्यालयका कर्मचारीहरूलाई भए सरह नै गैरसरकारी महाविद्यालय र श्री ५ को सरकारको सेवाबाट विश्वविद्यालय सेवामा आउने कर्मचारीहरूलाईसमेत न्यूनतम योग्यता नपुगे तापनि एक तह माथिको पदका निम्ति प्रतियोगितामा भाग लिन पाउने सुविधा दिइयो । यस क्रममा असिष्टेण्ट वा टाइपिष्ट कम क्लर्क र सो सरहको पदमा कम्तिमा २ वर्ष काम गरेका कर्मचारीले हेडअसिष्टेण्ट र सो सरहको पदमा, हेडअसिष्टेण्ट र सो सरहको पदमा कम्तिमा ३ वर्ष सेवा गरेको भए सुपरिण्टेण्डेण्ट र सो सरहको पदमा, सुपरिटेण्डेण्ट र सो सरहको पदमा कम्तिमा ५ वर्ष काम गरेको भए असिष्टेण्ट रजिष्ट्रार र सो सरहको पदमा तथा असिष्टेण्ट रजिष्ट्रार र सो सरहको पदमा कम्तिमा ५ वर्ष काम गरेको रहेछ भने उसले डेपुटी रजिष्ट्रार र सो सरहको पदको प्रतियोगितामा संलग्न हुन पाउने भए । अर्थात् उल्लिखित तहमा तोकिएअनुसारको अवधिसम्म कार्यरत रहेकालाई एक तह माथिको पदमा प्रतियोगितामा भाग लिने सुविधा दिइयो ।

---

[३८] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गते बसेको वैठकको निर्णय नं. १० र १७ ।

शिक्षक

विश्वविद्यालय सेवामा जान चाहने सरकारी प्राध्यापकहरूलाई श्री ५ को सरकारले विशेष सुविधाको व्यवस्था गरेको थियो । यदी सरकारी प्राध्यापकहरूलाई विश्वविद्यालय सेवा आयोगले छानेका खण्डमा त्यस्ता प्राध्यापकहरूले गरेको सेवा अवधिमा पाँच वर्ष थप दिँदा पेन्सन पाउने भएमा पेन्सन दिने श्री ५ को सरकारले निर्णय गरेको थियो । यसरी ५ वर्ष थप दिँदा पनि पेन्सन नपाउने प्राध्यापकहरूलाई उनीहरूले काम गरेको वर्षमा ५ वर्ष थप गर्दा हुन आउने अवधिको उपादान दिने व्यवस्था गरियो । यस्तो उपादान पाउने प्राध्यापकहरूलाई सरकारी सेवा छाडी विश्वविद्यालय सेवामा जान पाउने सुविधाकोसमेत व्यवस्था गरियो ।[३९]

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिले शिक्षकहरूको साप्ताहिक कार्यभार साधारणतया प्रमाणपत्र र स्नातक तहका लागि हप्तामा १८ देखि २१ पिरियड, प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहका लागि १५ देखि १८ सम्म तथा स्नातकोत्तर तहका लागि १२ देखि १५ पिरियडसम्म निर्धारित गऱ्यो ।

निर्धारित पिरियड पढाउनुका साथै प्रत्येक शिक्षकले अनुसन्धान, विद्यार्थी सल्लाह, क्याम्पसमा आइपरेका र क्याम्पस प्रमुखले लगाएका अन्य कामहरू पनि गर्नु पर्दथ्यो । प्रयोगात्मक विषयको पिरियड्को हकमा विज्ञान र मानविकीमा सैद्धान्तिक विषयको पिरियड् र प्रयोगात्मक विषयको पिरियड् बराबर हुने तर इञ्जीनियरिङ्गतर्फ सैद्धान्तिक विषयको दुई पिरियड बराबर प्रयोगात्मक तीन पिरियड मानिने व्यवस्था गरियो । प्रत्येक तहमा शिक्षकहरूलाई उल्लिखित भन्दा बढी काम गर्नु

---

[३९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-८, २०३१ साल जेठ, पृ. ६ ।

परेमा प्रत्येक हप्ता एक अतिरिक्त सैद्धान्तिक पिरियड् लिए बापत मासिक थप पारिश्रमिक दिइने भयो ।[४०]

## नियुक्ति प्रक्रिया

त्रिभुवन विश्वविद्यालय सेवा आयोगले राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि पहिलो पल्ट २०३० सालमा विज्ञान अध्ययन संस्थान, व्यापार प्रशासन वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थान तथा मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक तथा सहायक प्राध्यापक पदहरूका लागि विज्ञापन प्रकाशित गरेको थियो । त्यस क्रममा आयोगले धेरै जना उमेदवार भएकाले सबैको सुविधालाई मध्यनजर गर्दै विकास क्षेत्रअन्तर्गत अनुकूल परेका विभिन्न ठाउँहरूमा अन्तर्वार्ता लिने व्यवस्था गरेको थियो । यसै क्रममा विज्ञापन गरिएका पदहरूमध्ये उपप्राध्यापक र सहायक प्राध्यापक पदहरूको धरान स्थित त्रिभुवन विश्वविद्यालय व्यावहारिक तथा प्रविधि अध्ययन संस्थानमा, वीरगञ्जस्थित ठाकुरराम क्याम्पस र भैरहवा स्थित क्याम्पसमा छुट्टाछुट्टै मितिमा अन्तर्वार्ता गरिएको थियो । तुलनात्मक रूपमा कम उमेदवार भएको प्राध्यापक तथा सहप्राध्यापकको अन्तर्वार्ता भने विश्वविद्यालय सेवा आयोगको कार्यालय काठमाडौँको त्रिपुरेश्वरमा गरियो ।[४१]

त्रिभुवन विश्वविद्यालयको डेढ दशक जतिको इतिहासमा शिक्षकहरूको अन्तर्वार्ता काठमाडौँ उपत्यका बाहिर लिइएको यो पहिलो घटना थियो भने यसबाट सम्बद्ध परीक्षार्थीलाई सुविधा पुग्नु स्वाभाविकै हो ।

---

[४०] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गते बसेको वैठकको निर्णय नं. १४ र १५ ।

[४१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-६, २०३० साल फागुन-चैत, पृ. ४-५ ।

विश्वविद्यालयले पछिल्लो समयमा अनुभवलाई पनि नियुक्तिका लागि विशेष योग्यता मानेको थियो । यस क्रममा विभिन्न अध्ययन संस्थानका प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक वा डेमोन्स्ट्रेटर भै २०२८ साल फागुन २६ गते भन्दा अघि (नयाँ शिक्षा योजना लागूपूर्व) देखि पूरा सयम काम गर्दै आएका व्यक्तिहरूलाई सम्बद्ध पदमा न्यूनतम योग्यता पुगेपछिका सेवा अवधिका आधारमा सहायक प्राध्यापक वा उपप्राध्यापक पदमा सेवा आयोगद्वारा छानविन गरी सिफारिस भएबमोजिम नियुक्ति गरिने कुरा प्राविधिक समितिले निर्णय गरेको थियो ।[४२]

## सेवा-शर्त

विश्वविद्यालय सभाले २०२९ साल कार्तिक २४-२६ गतेको बैठकबाट 'त्रिभुवन विश्वविद्यालय सेवा शर्त' सम्बन्धी नियमहरू पारित गरेको तथा त्यसलाई राष्ट्रिय शिक्षा समितिबाट स्वीकृतसमेत गरिएकाले सो नियमहरू २०३० साल जेठ ११ गतेदेखि लागू भएको घोषणा गरियो ।[४३]

कृषि र पशुविज्ञान अध्ययन संस्थानको प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक पदका लागि आवश्यक न्यूनतम योग्यता सम्बन्धी विनियम २०३० साल जेठ ११ गतेदेखि र सहायक प्राध्यापक पदका लागि आवश्यक न्यूनतम योग्यता सम्बन्धी विनियम २०३० साल वैशाख १५ देखि लागू गरियो । त्यस्तै विश्वविद्यालयअन्तर्गतका (१) मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थान (२) विज्ञान अध्ययन संस्थान (३) व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थान (४) संस्कृत अध्ययन

---

[४२] त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ १०-१३ गते बसेको वैठकको निर्णय नं. ४ ।

[४३] विश्वविद्यालयका सहकुलपति शिक्षा मन्त्रीको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय स्मृति भवन, कीर्तिपुरमा २०२९ कार्तिक २४-२६ गते बसेको त्रिभुवन विश्वविद्यालय सभाको वैठकको निर्णय, पृ. १-४ ।

संस्थान (५) इन्जिनीयरिङ्ग अध्ययन संस्थान (६) वन विज्ञान अध्ययन संस्थान तथा (७) चिकित्साशास्त्र अध्ययन संस्थानहरूको प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापक पदका लागि आवश्यक न्यूनतम योग्यता सम्बन्धी नियमहरू २०३० साल असार ११ गतेदेखि लागू गरिएको थियो ।

तलबमान

२०२९ साल चैत्र २२ गते शिक्षामन्त्री विश्वविद्यालयका प्रो चान्सलर ज्ञानेन्द्रबहादुर कार्कीको अध्यक्षतामा बसेको विश्वविद्यालय सभाको असाधारण वैठकले विश्वविद्यालयका प्राध्यापक तथा प्रशासकीय कर्मचारीहरूको तलव स्केल निर्धारण गरेको थियो । यसअनुसार शिक्षणतर्फ प्रोफेसर, रीडर, लेक्चरर तथा असिष्टेन्ट लेक्चररको मासिक तलबमान क्रमशः रु.११००-४०-१५००, रु.८००-४०-१२००, रु. ६००-२७-७३५ तथा असिष्टेन्ट लेक्चरर रु.४७५-२५-६०० तथा प्रशासनतर्फ डेपुटी रजिष्ट्रार, लाइब्रेरियन र सो सरह पदलाई मासिक रु. ८००-३५-११५०, असिष्टेन्ट रजिष्ट्रार, असिष्टेन्ट लाइब्रेरियन र सो सरहलाई रु. ६००-२७-७३५ तथा सबैभन्दा कम पिउन, चौकीदार, बगैंचे, कूचिकार र सो सरहलाई मासिक रु. ८०-३-९५ तलब तोकियो । उल्लेख्य के छ भने डेपुटि रजिष्ट्रार, लाइब्रेरियनदेखि चौकीदार आदिसम्म कर्मचारीको पदलाई ९ वर्गमा विभाजन गरियो ।[४४]

## स्थायी शिक्षक

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि मुलुकभर उच्च शिक्षा सञ्चालन गर्दै आएका शिक्षण संस्था/क्याम्पस/कलेज त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेका थिए । फलस्वरूप विश्वविद्यालयले त्रिभुवन

---

[४४] विश्वविद्यालयका प्रो.चान्सलर शिक्षा मन्त्रीको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय स्मृति भवन, कीर्तिपुरमा २०२९ साल चैत्र २२ गते बसेको त्रिभुवन विश्वविद्यालय सभाको वैठकको निर्णय, पृ. १-५ ।

विश्वविद्यालय ऐन २०१६ अन्तर्गत विश्वविद्यालबाट सम्बन्धन प्राप्त गरेका महाविद्यालयहरू तथा त्रिभुवन विश्वविद्यालय ऐन २०२८ अन्तर्गत गठन भएका इन्स्टिच्यूटहरूका अङ्ग भई गाभिने संस्थाहरूमा स्थायी नियुक्ति पाएका व्यक्तिलाई 'स्थायी शिक्षक' भएको परिभाषित गऱ्यो ।[४५]

समग्रमा विश्वविद्यालय स्थापना कालमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि प्रायः उपकुलपतिको अध्यक्षतामा अस्थायी प्रकृतिको 'सेलेक्सन कमिटी' गठन गरिन्थ्यो । जुन विषय एवम् पद पूर्तिका लागि विज्ञापन गरिन्थ्यो सोही पूर्तिपछि सो समिति भङ्ग हुन्थ्यो । 'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' का क्रममा तर्जुमा गरिएको 'त्रिभुवन विश्वविद्यालय ऐन २०२८' तथा 'नियम' ले भने पहिलो पल्ट 'विश्वविद्यालय सेवा आयोग' गठन गऱ्यो जसको पहिलो आयुक्त (अध्यक्ष) भगवतिप्रसाद सिंहलाई बनाइयो । त्यस्तै यसै समयावधिमा पहिलो पल्ट नै 'शिक्षक' का लागि सोवा र शर्तको व्यवस्था गर्नाका साथै तलबमानसमेतको निर्धारण गरियो जुन सम्बद्धलाई कार्य क्षेत्रमा लाग्न अझ प्रेरित गर्ने विश्वास लिइएको थियो ।

* * *

---

४५ *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-८, २०२९ साल चैत्र, पृ. ६-१४ ।

# विविध सन्दर्भ

## परिचय

'राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८' लागू भएपछि एक दशकजतिमा त्रिभुवन विश्वविद्यालयमा भएका सामान्य जस्तो देखिने तर सम्बद्ध क्षेत्रमा उल्लेख्य रहेका केही सन्दर्भ जसलाई माथिका परिच्छेदमा समेट्न सकिएन तिनलाई प्रस्तुत 'विविध सन्दर्भ' शीर्षकमा यहाँ दिइएको छ । यसबाट सामान्यतया प्रकाशमा नपाइने त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध स-साना तर महत्त्वपूर्ण जानकारी लिन चाहने जिज्ञाशुलाई मद्दत पुग्ने विश्वास लिइएको छ ।

## वीरेन्द्र शुभराज्याभिषेक उद्यान

श्री ५ वीरेन्द्रको राज्याभिषेक २०३१ साल फागुन १२ गतेका दिन सम्पन्न भएको थियो । यसै शुभराज्याभिषेकको अवसर पारेर दोस्रो दिन फागुन १३ गते बिहान त्रिभुवन विश्वविद्यालय कीर्तिपुर क्याम्पसको ठीक मध्य भागमा 'वीरेन्द्र शुभराज्याभिषेक उद्यान' को संस्थापनको एक अपूर्व चहल पहल थियो । शुभराज्याभिषेकको सुखद अवसरमा सम्मिलित हुन आएका करीव ६० देशका शाही अतिथिहरूले कीर्तिपुरको मनोरम भूमिमा प्रवेश गरेका थिए । शुभराज्याभिषेक समारोह कार्यक्रमअन्तर्गत विश्वविद्यालयद्वारा वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको थियो ।

विश्वविद्यालयले निर्माण गरेको उक्त उद्यानमा सर्वप्रथम शुभराज्याभिषेक समितिका अध्यक्ष श्री ५ अधिराजकुमार ज्ञानेन्द्रले लालीगुराँसको विरुवा रोपी वृक्षारोपण कार्यको थालनी गरे र श्री ५ अधिराजकुमारी कोमल, श्री ५ अधिराजकुमार धीरेन्द्र एवम् श्री ५ अधिराजकुमारी प्रेक्ष्याबाट धूपीका विरुवाहरू रोपण भयो ।

यस क्रममा अस्ट्रेलियाका गवर्नर जनरल सर जोन कर, श्रीलंकाका राष्ट्रपति श्री विलियम गोपल्लवा र पाकिस्तानका राष्ट्रपति

फजल इलाही चौधरीले काइयोको विरुवा रोपे । यसै गरी जापानका युवराज अकिहितो, डेनमार्कका राजकुमार हेनरिक, लाओसका युवराज माङ सामाङ्, भुटानकी राजकुमारी आशी डी डब्ल्यु वाङचुक तथा थाइलैण्डका राजकुमार भानुबन्धु युगालाले पनि काइँयोको विरुवा रोपेका थिए ।

सोही अवसरमा बंगलादेशका उपराष्ट्रपति श्री सैयद नजरुल इस्लाम, प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाका उपराष्ट्रपति काङ् ब्राङ उड, जर्मन प्रजातान्त्रिक गणतन्त्रका राष्ट्रपरिषद्का उपाध्यक्ष डा.हेनरिक होम्यान, भारतका उपराष्ट्रपति श्री बी.डी.जत्ती र सोभियत संघको सुप्रिम सोवियतको प्रेसिष्यिमका उपाध्यक्ष श्री तुरावाई कुलातोभले पनि काइँयोका बिरुवा रोपे ।

यस्तै युगोस्लाभियाका प्रेसिडियन्सीका सदस्य श्री भी जार्कोभिच तथा चीनका उपप्रधानमन्त्री श्री चेन सी लियन र अन्य विभिन्न मित्रराष्ट्रहरूका मन्त्री स्तरका अतिथिहरू र प्रतिनिधिहरूले पनि विभिन्न जातका विरुवाहरू लगाए ।

जापानी ढाँचाको उक्त उद्यान ३७ एकड क्षेत्रमा फैलिएको थियो ।[४६]

## डेरी, पोल्ट्र र तरकारी उत्पादन गरिने

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर क्याम्पसअन्तर्गत मूल ढोकाको पूर्व भागमा रहेको अन्दाजी ५० रोपनी जमीनमा डेरी, पोल्ट्र र तरकारी उत्पादनको आयोजना गरिने भएकाले यसका लागि इच्छुक निजी पूँजीवालालाई अवसर प्रदान गर्ने निर्णयअनुसार विज्ञापन प्रकाशित

[४६] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-८, अङ्क-५, २०३१ साल फागुन, पृ १०-१२ ।

गरियो ।[४७] यद्यपि यस कार्यका लागि कसलाई छनोट गरिएको थियो तथा के कस्ता कामहरू भए भन्ने जानकारी भने पाइएको छैन ।

## मतदान गर्न चन्दा रकममा कटौति

२०२७ साल असार २९-३१ र साउन १ गते शिक्षामन्त्री तथा प्रो. चान्सलर नरेन्द्रकुमार प्रधानको अध्यक्षतामा बसेको त्रिभुवन विश्वविद्यालय सिनेटको वैठकले विश्वविद्यालयलाई रकम प्रदान गरी सिनेटको सदस्यता र त्यसको आधारमा मतदान गर्न पाउने कार्यका निम्ति निर्धारित गरिएको रकम रु. ५०,०००/- (पचास हजार) बाट घटाई १०,०००/- (दश हजार) गर्ने निर्णय गरेको थियो ।[४८] यस बाट त्यस बखत विश्वविद्यालयलाई ५० हजार दिने दाताको अभाव रहेको देखिन्छ । त्यस्तै सो रकम कम गरी १० हजार बनाइएपछि के कति दाताले रकम दिएका थिए भन्ने जानकारीसमेत पाइएको छैन ।

## पुस्तकालयमा कामगर्न आह्वान

विश्वविद्यालयले छुट्टै कर्मचारीको व्यवस्था गर्न नसकेको तथा काम गर्नु पनि पर्ने भएको अवस्थामा त्रिभुवन विश्वविद्यालय पुस्तकालयले विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीको सहयोगमा पुस्तकालयको काम गर्ने योजना बनाएको थियो । यस क्रममा पुस्तकालय (कीर्तिपुरमा) कामकाजमा विद्यार्थीहरूको सहयोग लिने उद्देश्यअनुसार प्रतिघण्टा रु. १.५० (एक रुपैया पचास पैसा) पारिश्रमिक दिने गरी विश्वविद्यालयका केही विद्यार्थीहरूलाई कामकाजमा लगाइने व्यवस्था गरिएको थियो । यसका लागि विश्वविद्यालयले सार्वजनिक सूचनासमेत प्रवाह गरेको देखिन्छ ।[४९] यद्यपि पुस्तकालयको आह्वानमा कति विद्यार्थी सम्पर्कमा

---

[४७] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-७, अङ्क-७, २०३१ साल वैशाख, पृ ३ ।

[४८] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-३, अङ्क-१२, २०२७ साल साउन, पृ ८ ।

[४९] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-४, अङ्क-१०, २०२८ साल जेठ, पृ ४ ।

आए, कतिलाई के कस्ता काम लगाइयो तथा यो कार्यलाई कहिलेसम्म निरन्तरता दिइयो एवम् किन बन्द गरियो भन्ने जस्ता विषय भने प्रकाशमा आएको पाइँदैन ।

## इटन छात्रवृत्ति

काठमाडौँ १८ फागुन, श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकको उपलक्षमा वीरेन्द्र युवराज हुँदा बेलायतको इटन कलेजमा अध्ययन गरेको समयका केही सहपाठीहरू तथा त्यस कलेजका केही शिक्षकहरूसमेत मिली त्रिभुन विश्वविद्यालयअन्तर्गत पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रभित्र पर्ने क्याम्पसहरूमा पालैपालो गरी उपलब्ध गराउने गरी एउटा छात्रवृत्ति उपलब्ध गराइएको थियो । उक्त छात्रवृत्तिद्वारा आर्थिक दृष्टिले असहाय एक जना विद्यार्थीलाई वार्षिक रु. १,२००/- तथा पुस्तक आदि खरीद गर्न रु.३००/- दिन सकिने तथा छात्रवृत्तिको 'इटन छात्रवृत्ति' नामकरण गरियो ।[५०] यद्यपि यसको कार्यान्वयनका सम्बन्धमा कुनै पनि जानकारी दिने सामग्री फेला परेको छैन ।

## नयाँ नामकरण

कुलपति श्री ५ बाट त्रिभुवन विश्वविद्यालयको (पहिलो संशोधन) अध्यादेश २०३० जेठ १२ गतेको मितिमा जारी गरिएको थियो । अध्यादेशअनुसार डिग्री, डिप्लोमा, सर्टिफिकेटको सट्टा अब क्रमशः स्नातकोत्तर, स्नातक र प्रमाणपत्र नामकरण गरिने भयो ।

त्यस्तै प्रोफेसर, रीडर, लेक्चरर र असिष्टेन्ट लेक्चररलाई क्रमशः प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापक गरी रूपान्तरण गरियो भने विश्वविद्यालयका इन्स्टिच्यूटहरूमा प्रशिक्षण कार्य

---

५० *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-८, अङ्क-५, २०३१ साल फागुन, पृ ६ ।

गर्ने सबैलाई बोध गराउने गरी 'प्राध्यापक' शब्दको सट्टा 'शिक्षक' शब्दको प्रयोग गरिने भयो ।[५१]

## शिक्षा विकासका निम्ति सहयोग

सिराहा जिल्लाको भाडर गाउँ निवासी श्री सूर्यनारायण मरवैता यादव र श्री सत्यनारायण मरवेता यादवले शिक्षा विकासमा उल्लेखनीय योगदान गरी जनसहभागिताको एक महत्त्वपूर्ण एवम् प्रेरक उदाहरण प्रस्तुत गरेको देखिन्छ । सिराहामा एउटा क्याम्पस स्थापना गर्नका निम्ति लाग्ने सम्पूर्ण खर्च आफ्नै तर्फबाट गरिदिने इच्छा देखाएकाले विश्वविद्यालयले स्वीकृति प्रदान गरेको थियो ।

क्याम्पस स्थापनाका निम्ति आवश्यक सम्पूर्ण योजना सम्पन्न गर्न मरवेता यादवद्वयले २० लाख ९० हजार ५ सय रुपैया खर्च गर्ने जसमध्ये क्याम्पस भवनमा रु.१५,९३,७२०/-, छात्रावास भवनमा रु.४,५६,७८०/-, स्नानागारमा रु. ३०,०००/-र पालेघर निर्माणमा रु. १०,०००/- खर्च गर्ने लक्ष्य राखियो । भवन निर्माण कार्यहरूका साथै यादवहरूले क्याम्पसका निम्ति थप आवश्यक जमीन २ विघा १० कट्ठा प्रदान गरी क्याम्पसको हाताभित्र पर्खाल तथा बाटो निर्माण गरिने भएका थिए ।

निर्माण कार्य पूरा भएपछि सो क्याम्पसमा तत्काल व्यापार प्रशासन, वाणिज्यशास्त्र तथा जनप्रशासन अध्ययन संस्थानअन्तर्गत वाणिज्यशास्त्रको प्रमाणपत्र तहको पढाई शुरु गरिने र क्याम्पसको नामकरण 'श्री सूर्यनारायण-सत्यनारायण मरवैता क्याम्पस' राखिने विश्वविद्यालयले निर्णय गरेको थियो ।

क्याम्पसको निर्माणका निम्ति विश्वविद्यालयले दाताहरूलाई नक्सा उपलब्ध गराउने र दाताहरूले नक्साबमोजिम निर्माण कार्य यथाशीघ्र पूरागरी उल्लिखित जग्गा जमीनसमेत विश्वविद्यालयलाई सुम्पने निर्णय

---

[५१] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-६, अङ्क-१०, २०३० साल जेठ ।

भएको थियो । त्यस बखत सिराहामा शिक्षाशास्त्र अध्ययन संस्थानअन्तर्गत प्रमाणपत्र तहको कक्षामात्र सञ्चालनमा थियो ।

उपरोक्त क्याम्पस निर्माण सम्बन्धी कार्य २०३६ साल कार्तिक महिनादेखि शुरु गरी एक वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।[५२]

यो शिक्षा विकासका क्षेत्रमा व्यक्तिबाट भएको एउटा उल्लेख्य उदाहरण हो ।

## विक्री भण्डार

कार्तिक २८, त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा.त्रैलोक्यनाथ उप्रेतीले विश्वविद्यालय हाताभित्र स्थापना गरिएको 'त्रिभुवन विश्वविद्यालय विक्री भण्डार' को उद्‌घाटन एक समारोहका बीच गरेका थिए ।[५३] विश्वविद्यालय कलेज कीर्तिपुरमा अध्ययरत विद्यार्थी, कार्यरत शिक्षक तथा कर्मचारीलाई सुलभ रूपमा अत्यावश्यक सामग्री उपलब्ध गराउने उद्देश्यका साथ आज भन्दा आधा शताब्दि अगाडि उद्‌घाटन गरिएको विक्री भण्डर कुनै रूपमा वर्तमानमा समेत सञ्चालनमा रहेको पाइन्छ ।

## पुस्तक प्रकाशन

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिले पाठ्‌यपुस्तक प्रकाशनसँग सम्बद्ध कार्य गर्नु पर्ने आवश्यकता महशुस गरेको थियो । यस क्रममा २०३७ साल फागुन १४ को निर्णयानुसार डा.राजेन्द्रकुमार रंगोगको

---

[५२] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-११, अङ्क-११, २०३५ आश्विन ८ गते, आइतवार, पृ.५, ६ ।

[५३] *त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-३, अङ्क-२-३, २०२६ साल असोज, कार्तिक, पृ ७ ।

संयोजकत्वमा 'पुस्तक प्रकाशन सुधार कार्यटोली' गठन गरेको थियो ।[५४] कार्यटोलीले पेश गरेको प्रतिवेदनमा आवश्यक संशोधनका साथ देहायबमोजिमको पुस्तक प्रकाशन सम्बन्धी विनियम पारित गरेका थियो;

लेखकको योग्यता

लेखक विश्वविद्यालयको शिक्षक भएमा आफूले पढाउने गरेको विषयमा कम्तीमा ५ वर्ष पढाइसकेको शिक्षकलाई बढी ग्राह्यता दिएर पुस्तक लेखाउने व्यवस्था गरियो । त्यसो त पुस्तकका लेखक प्राध्यापन पेशादेखि बाहिरको भएका खण्डमा तिनको शैक्षिक योग्यता भने विश्वविद्यालयअन्तर्गत प्राध्यापनका लागि आवश्यक न्यूनतम योग्यता पुगेको हुनुपर्ने भयो । अनुभवका हकमा भने प्रवीणता प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहहरूका लागि कम्तीमा क्रमशः ५, ७ र ९ वर्ष ससम्बन्धित क्षेत्रमा निरन्तर काम गरिसकेको हुनुपर्ने भनियो । कथंकदाचित् पुस्तक लेख्ने व्यक्ति प्राध्यापक पेशाका निम्ति चाहिने शैक्षिक योग्यता नपुगेको भएमा निजले सम्बन्धित क्षेत्रमा प्रशस्त लेखरचनाहरू प्रकाशित गरिसकेको, परियोजना कार्यहरू (प्रोजेक्ट वर्क्स) गरिसकेको, अनुसन्धान कार्य सम्पन्न गरिसकेको तथा स्तरीय पुस्तकहरू वा कृतिहरू प्रकाशित गरिसकेको हुनु पर्ने भनियो । यीमध्ये कुनै पनि एक शर्त पूरा गर्ने विद्वान व्यक्तिलाई निजको कार्यको स्तर र अनुभव हेरी प्रवीणता प्रमाणपत्र, स्नातक वा स्नातकोत्तर तहहरूमध्ये कुनै पनि तहका लागि पुस्तक लेख्ने अनुमति प्रदान गर्न सकिने भयो । यस्तो अनुमति प्रदान गर्ने वा नगर्ने कुराको निर्णय गर्ने र प्रदान गर्ने भए कुन तहको पुस्तक लेख्न प्रदान गर्ने भन्ने कुराकोसमेत निर्णय गर्ने अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित गरियो ।

---

[५४] त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३७ साल फागुन १४ गतेको बैठकको निर्णय, निर्णय नं. १५५ ।

पाण्डुलिपि

पुस्तकको पाण्डुलिपि नेपाली वा अङ्ग्रेजी भाषामा लेखिएको हुनुपर्ने, प्रवीणता प्रमाणपत्र तहका निम्ति लेखिएको पाण्डुलिपिहरूमा नेपाली भाषामा लेखिएको पाण्डुलिपिलाई प्राथमिकता दिइने, पाण्डुलिपि पाठ्यक्रम विकास केन्द्रबाट निर्धारित खाका (फर्म्याट) लाई आधार गरी लेखिएको हुनुपर्ने, दायाँ, वाँया र फेदमा कम्तीमा १/१ सेन्टिमिटरको किनारा छोडी कागजको एकापट्टि मात्र सफासित लेखिएको वा टाइप गरिएको पाण्डुलिपि मात्र प्रकाशनतर्फ विचारार्थ स्वीकृत गरिने व्यवस्था भयो । त्यस्तै एकैनासको कागज प्रयोग गरी राम्ररी बन्धन (वाइन्डिङ) भएको पाण्डुलिपि मात्र स्वीकृत गरिने, तालिका, चित्र इत्यादिसमेत भएको पाण्डुलिपिमा तालिका, चित्र इत्यादि ठीक ठाउँमा ठीकसित लेखिएको वा राम्ररी टाँसिएको हुनु पर्ने भयो ।

लेखकले आफ्नो पाण्डुलिपिको ३ प्रति तयार पारी सो ३ प्रतिमध्ये २ प्रति पाठ्यक्रम विकास केन्द्रमा बुझाई बाँकी १ प्रति आफुसित राख्नुपर्ने, विषय मूल्याङ्कन र भाषा सम्पादनका कामहरूबाट धेरै केरमेट वा थपघट भएमा त्यस्तो पाण्डुलिपिबाट हातले लेखी वा टइप गराई साफी गरिएको १ प्रति तयार पारी पाठ्यक्रम विकास केन्द्रमा बुझाउनु पर्ने, पुस्तकको पाण्डुलिपिले कम्तीमा ५० पूर्णाङ्कको एक पत्रलाई पूरै ढाकेको हुनुपर्ने, १०० पूर्णाङ्कको पत्रलाई सम्पूर्ण ढाक्ने गरी लेखिएको पाण्डुलिपि प्रवीणता प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहका हिसावले कम्तीमा क्रमशः २५०, ३०० र ३५० पृष्ठको हुनुपर्ने व्यवस्था गरियो । त्यस्तै ७५ वा ५० पूर्णाङ्कको पत्रलाई सम्पूर्णतया ढाक्ने गरी लेखिएको पाण्डुलिपिको न्यूनतम पृष्ठसंख्या माथि उल्लेख गरिएको पृष्ठको अनुपातमा हुनुपर्ने, ५० भन्दा घटी अङ्कमा लेखिएको पाण्डुलिपि स्वीकृत नगरिने भयो ।

पाण्डुलिपिमा समर्पण, भूमिका, विषयसूची इत्यादि, चित्रहरूको तालिका, चार्टहरूको तालिका, नक्साहरूको तालिका इत्यादि र प्राविधिक शब्दसूची, सन्दर्भ सामग्री सूची इत्यादिको गिन्ती भने उल्लिखित न्यूनतम

पृष्ठ संख्याभित्र गरिने भएन । त्यस्तै मूलपाठ (टेक्स्ट) भित्र परेको अभ्यास सामग्री (एक्सरसाइज म्याटेरियल्स) को गिन्ती भने उल्लिखित न्यूनतम पृष्ठसंख्याभित्र गरिने भए तापनि पाठ्यावली (सिलेवस) र परीक्षाहरूका प्रश्नपत्रहरूको गिन्ती उक्त न्यूनतम पृष्ठ संख्याभित्र पर्ने गरि गरिने भएन ।

एक ब्याचमा कम्तीमा २०० विद्यार्थीले पढ्ने पत्रमा लेखिएको पुस्तकको पाण्डुलिपि मात्र प्रकाशनतर्फ विचारार्थ स्वीकृत गरिने तर विश्वविद्यालयको कुनै शैक्षिक उपाधिका लागि तयार पारिएको शोधग्रन्थ प्रकाशनका लागि साधारणतया स्वीकृत नगरिने भयो । यद्यपि कुनै शोधग्रन्थ विश्वविद्यालयको कुनै तहको पठन पाठन वा अनुसन्धान कार्यका लागि ज्यादै उपयोगीसिद्ध भएमा त्यस्ता शोधग्रन्थ उपकुलपतिको विशेष आदेश लिई छपाउन सकिने व्यवस्था गरियो ।

प्राथमिकता

विषयवस्तु र भाषाका दृष्टिले पुस्तक बजारमा उपलव्ध नहुनाले पठन पाठनमा ठूलो समस्या परेका पत्रहरू छानी त्यस्ता पत्रहरूमा पुस्तक लेखाउने तर्फ प्राथमिकता दिइने नीति लिइयो भने यस क्रममा प्रवीणता प्रमाणपत्रतर्फ विज्ञान र प्राविधिक अध्ययनहरूका निम्ति लेखिएका पुस्तकलाई प्राथमिकता दिने नीति अख्तियार गरियो ।

प्रकाशन योजना

पुस्तक प्रकाशनको आवश्यकताको सम्बन्धमा पाठ्यक्रम विकास केन्द्रले त्रिभुवन विश्वविद्यालयका सबै अध्ययन संस्थानहरू र क्याम्पसहरूसँग समन्वय कायम गरी अध्ययन संस्थानहरूसित परामर्श गरेर ठूलो समस्या परेका पत्रहरूलाई प्राथमिकता दिई पुस्तक लेखाउने सम्बन्धमा एक निश्चित योजना तयार गरी तदनुरूप पुस्तकहरूको प्रकाशन गरिने नीति लिइयो । यस्तो योजना प्रत्येक ३/३ वर्षमा छुट्टाछुट्टै तयार गरिनु पर्ने तथा योजना तयार भई पुस्तकहरू लेखाउने पत्रहरूको

निर्धारण भएपछि तदनुरूप विज्ञापन प्रकाशित गराई पुस्तक लेख्न इच्छुक व्यक्तिहरूबाट आवेदनहरू आमन्त्रित गर्नु पर्ने भयो ।

छनोट समिति

उल्लिखितबमोजिम विज्ञापन भई तदनुसार एकै पत्रमा लेखिई आएका पाण्डुलिपिहरूको छनौट सम्बन्धित विषयविद्हरूको छनौट समितिबाट प्रतिस्पर्धात्मक आधारमा गराइने तथा छनौट समितिले सबभन्दा राम्रो ठहऱ्याउनाका साथै प्रकाशनयोग्य भनी सिफारिस गरेको पाण्डुलिपिलाई मात्र प्रकाशनार्थ स्वीकृति गरिने भयो । लेखकले पाण्डुलिपि पेश गर्दा आफूले प्रयोग गरेको प्रासंगिक पुस्तक वा अन्य कुनै स्रोत उल्लेख गर्नुपर्ने व्यवस्था गरियो । प्रतिस्पर्धाका लागि आएका पाण्डुलिपिहरू कुनै पनि प्रकाशनयोग्य भनी सिफारिस नभएमा त्यस्ता पाण्डुलिपिहरूका लेखकहरूलाई उनीहरूले चाहेमा त्यही पत्रमा संयुक्त रूपमा पुस्तक लेख्ने अनुमति दिन सकिने भयो । छनोट समितिका सदस्यहरूको मनोनयन सम्बन्धित अध्ययन संस्थान र आवश्यक परेमा सम्बन्धित विषयको पढाई हुने अन्य अध्ययन संस्थानहरूसमेतको सिफारिसका आधारमा गरिने भयो । यद्यपि अनिवार्य क्षेत्रभित्र पर्ने पत्रहरूका हकमा, पाण्डुलिपिहरूको प्रतिस्पर्धात्मक छनोट पाठ्यक्रम विकास केन्द्रबाट गठिन छनौट समितिले गर्नुपर्ने व्यवस्था गरियो ।

पाण्डुलिपि छनौट समितिमा ३ जना सदस्यहरू रहने जसमध्ये २ जना सम्बन्धित विषयका विशेषज्ञ र १ जना भाषा विशेषज्ञ हुने भए । छनौट समितिले प्रकाशनयोग्य भनी सिफारिस नगरेको पाण्डुलिपिका लेखकहरूलाई प्रमाणपत्र (सर्टिफिकेट) र पारिश्रमिक प्रदान गरिने भयो यद्यपि सिफारिस नगरिएको पाण्डुलिपिलाई छनौट समितिले पारिश्रमिकयोग्य भनी सिफारिस नगरेमा पारिश्रमिक प्रदान गरिने भएन ।

अनुवाद

पुस्तकहरू प्रकाशन गर्दा मौलिक पुस्तकहरूका साथै अनुदित पुस्तकहरू पनि प्रकाशित गरिने भए तापनि अनुदित पुस्तक एक स्तरीय पाठ्यपुस्तक सिंगैको अथवा स्तरीय पाठ्यपुस्तकहरूका अध्याय वा अध्यायांशहरूको अनुवाद हुन सक्ने गरियो । अनुदित पुस्तकले सम्बन्धित पत्रलाई पूरै ढाकेको हुनुपर्ने भयो भने अनुवाद गर्ने कामको जिम्मा सम्बन्धित कार्यमा विशेष दक्षता भएको व्यक्ति वा व्यक्तिहरूको टोलीलाई दिइने र अनुदित पुस्तकहरूको प्रकाशनको सम्बन्धमा प्रवीणता प्रमाणपत्र तहका लागि विशेष ग्राह्यता दिइने तथा प्रवीणता प्रमाणपत्र तहका लागि १ वर्षमा जुन संस्थामा पुस्तक प्रकाशित गरिने हो त्यसको १० प्रतिशत अनुदित पुस्तकको रूपमा प्रकाशित गरिने भयो ।

रीडिंग्स (पाठ्यपुस्तक)

सम्बन्धित विभागसँग सरसल्लाह गरी पठन पाठनमा ज्यादै उपयोगी हुने पाठ्यपुस्तकहरूलाई प्रकाशन गरिने नीति लिइयो । यस क्रममा अङ्ग्रेजी भाषामा तयार हुने पुस्तहरूमा रीडिंग्सका रूपमा लेखिएका (अर्थात् अङ्ग्रेजीमा लेखिएका स्तरीय पाठ्यपुस्तकहरूका अध्याय वा अध्यायांशहरूको सङ्कलन सम्पादनका रूपमा तयार भएका) पुस्तकहरूको पनि प्रकाशन गरिने भयो । रीडिंग्समा समाविष्ट गरिने सामाग्रीहरू र तिनको भाषाको स्तर सम्बन्धित तहका विद्यार्थीहरूको आवश्यकताका दृष्टिले उपयुक्त र सरल हुनुपर्ने, रीडिंग्स तयार गर्दा मूल पुस्तकको भाषा सम्बन्धित तहका विद्यार्थीहरूका हिसाबले कठिन ठहरिएमा मूल शैलिमा नोक्सान नपर्ने गरी आवश्यकतानुसार त्यसको सरलीकरण गर्न सकिने तथा रीडिंग्सले सम्बन्धित पत्रलाई पूरै ढाकेको हुनुपर्ने भयो भने रीडिंग्स तयार गर्ने जिम्मा भने विषय विशेषज्ञ वा विशेषज्ञहरूको टोलीलाई दिइने भयो । त्यस्तै रीडिंग्सहरूको प्रकाशन प्रवीणता प्रमाणपत्र तहका लागि मात्र गरिने नीति अख्तियार गरियो ।

विषय मूल्याङ्कन

पाण्डुलिपिको विषय मूल्याङ्कनका निम्ति गठित हुने विषय विशेषज्ञ समितिमा सम्बन्धित विषयका विशेषज्ञ कम्तिमा २ जना सदस्य रहने, पाण्डुलिपिको विषय मूल्याङ्कन पूर्व निर्धारित आधारहरूमा गरिने र विषय विशेष समितिले प्रकाशनयोग्य भनी सिफारिस गरिएको पाण्डुलिपिलाई मात्र भाषा सम्पादन तर्फको कारवाईमा लगिने भयो ।

भाषा सम्पादन

पाण्डुलिपिको भाषा सम्पादनको काम पाठ्यक्रम विकास केन्द्रअन्तर्गत रहेका नेपाली भाषा उपसमिति वा अङ्ग्रेजी भाषा उपसमितिको सदस्यहरूमध्ये कम्तीमा १ जनाबाट गराइने भयो । पाण्डुलिपिको भाषा सम्पादन पूर्व निश्चित आधारमा गरिने र भाषा सम्पादकले भाषागत दृष्टिले प्रकाशनयोग्य भनी सिफारिस गरेपछि मात्र पाण्डुलिपिलाई प्रकाशन तर्फ कारवाईमा लगिने व्यवस्था गरियो ।

दोस्रो संस्करण

प्रकाशित पुस्तकको पहिलो संस्करणका प्रतिहरूको बिक्रीबाट त्यस संस्करणमा छापिएका सम्पूर्ण प्रतिहरूको १० प्रतिशत बाँकी रहेको प्रमाणित भएपछि मात्र दोस्रो संस्करण प्रकाशित गर्नेतर्फ कारवाही थालिने, दोस्रो संस्करण प्रकाशित गर्नुभन्दा अघि पुस्तकको पहिलो संस्करणमा लेखकले आवश्यक संशोधन, परिमार्जन इत्यादि कामहरू गर्नुपर्ने तर यस्तो कामका लागि अलग्गै पारिश्रमिक नदिइने तथा दोस्रो संस्करणका लागि पहिलो संस्करणमा नयाँ पृष्ठहरू थप गर्नुपरेमा थप हुने पृष्ठहरूका निम्ति छुट्टै पारिश्रमिक नदिइने भयो ।

प्रकाशन अधिकार

पाठ्यक्रम विकास केन्द्रले तयार गराएका पुस्तकहरूको प्रकाशन स्वेदशी तहमा संस्थागत प्रकाशक र निजी क्षेत्रका प्रतिष्ठित प्रकाशकहरूबाट पनि गराउन सकिने भयो । अङ्ग्रेजी भाषामा लेखिएका पुस्तकहरू तिनको प्रकृति र प्रयोजन हेरी विदेशी प्रकाशक संस्थाहरूलाईसमेत प्रकाशनार्थ दिन सकिने तथा पाठ्यक्रम विकास केन्द्रले तयार गराएको कुनै पनि पुस्तक स्वदेशी वा विदेशी संस्थाले प्रकाशित गर्ने भएमा सो पुस्तक प्रकाशनको सर्वाधिकार (कपीराइट) पाठ्यक्रम विकास केन्द्रकै अधिनमा रहने गरियो ।

पाठ्यक्रम विकास केन्द्रले तयार गराएको पुस्तक स्वदेशी वा विदेशी प्रकाशन संस्थाले प्रकाशित गरेमा सो संस्थाले नियम बमोजिम विश्वविद्यालयलाई रोयल्टी दिनुपर्ने भयो । पुस्तकको दोस्रो, तेस्रो आदि क्रमिक संस्करण पाठ्यक्रम विकास केन्द्रले आफै प्रकाशित गरेमा प्रत्येक नयाँ संस्करणमा लेखकलाई बिक्रीको २० प्रतिशत रोयल्टी प्रदान गरिने तथा दोस्रो, तेस्रो आदि संस्करण स्वदेशी वा विदेशी प्रकाशकबाट प्रकाशित भएमा सो प्रकाशकबाट विश्वविद्यालयलाई प्राप्त हुने रोयल्टीको ५० प्रतिशत लेखकलाई प्रदान गरिने भयो । रोयल्टीका हकमा पुस्तकका लेखकलाई निजले चाहेमा निजले पाउने रकम वा त्यस रकम बराबरका हिसाबले सम्बन्धित पुस्तकका प्रतिहरू लिन सक्ने प्रावधानसमेत राखियो ।

* * *

# सन्दर्भ सामग्री सूची

## अप्रकाशित सामग्री

### त्रिभुवन विश्वविद्यालय कमिसन

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१२ साल चैत्र २३ गतेको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१२ साल चैत्र २९ गतेको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल वैशाख १ गतेको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल वैशाख ११ गतेको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल वैशाख २७ गतेको वैठकमा पेश गरिएको प्रतिवेदन ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल जेठ ८ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल जेठ १२ गतेको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल जेठ ३० गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार ५-७ तथा सोही असार १४ गतेको औपचारिक वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार २१ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार २३ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार २७ गतेको वैठकमा पेश गरिएको जमिन सम्बन्धी विवरण ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असार ३२ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन २ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन ५ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन ७ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन १० गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन ११ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन १४ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन १५ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन १६ गतेको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल साउन १८-१९ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल भदौ १२ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल भदौ १५ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल भदौ १६ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल असोज १३ र १५ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल कार्तिक ९ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल मंसिर ५ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल मंसिर १२ गतेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कमिसनको २०१३ साल मंसिर १४ गतेको वैठकको निर्णय ।

**त्रिभुवन विश्वविद्यालय परिषद्**

त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/३/३०-२०१९/३/२५, निर्णय नं. ४ ।

त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/३/३०-२०१९/३/२५, निर्णय नं. ६ ।

त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/३/३०-२०१९/३/२५, निर्णय नं. ५ ।

त्रिभुवन विश्वविद्यालय परिषद्को माइन्यूट (२०१६ असार ३०-२०१९ असार २५), वार्षिक रिपोर्ट २०१७/३/२०

त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २५ ।

त्रिभुवन विश्वविद्यालय परिषद्को माइन्यूट (२०१६ असार ३०-२०१९ असार २५)

चान्सलरको अध्यक्षतामा २०१७ साल असार ११ गतेका दिन बसेको विश्वविद्यालय परिषद्को विशेष वैठक, निर्णय नं. १ ।

त्रिभुवन विश्वविद्यालय परिषद्को विशेष वैठक २०१८/९/२७ ।

त्रिभुवन विश्वविद्यालय परिषद्को २०१९ साल असार २७ गतेको बैठकको निर्णय नं. ३ ।

त्रिभुवन विश्वविद्यालय परिषद्को विशेष वैठक २०१९/३/२७, निर्णय नं. २ ।

त्रिभुवन विश्वविद्यालय परिषद्को माइन्यूट २०१६ असार ३०-२०१९ असार २५), वार्षिक रिपोर्ट २०१७/३/२०

त्रिभुवन विश्वविद्यालय परिषद्को वैठक (२०१६ असार ३०-२०१९ असार २५), वार्षिक रिपोर्ट २०१७/३/२०

त्रिभुवन विश्वविद्यालय परिषद्को विशेष वैठक २०१८/९/२७, निर्णय नं. २ ।

**त्रिभुवन विश्वविद्यालय कमिटी**

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं.२४ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २९ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ४० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं.४७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ५४ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ६२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७४ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ७७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ८३, ६४ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ९५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं.१००, १३२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १२९ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०) निर्णय नं. १४२, १४३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १५५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १६६ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १७१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १७७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १७९ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १८१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १८६ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १९२ ।

त्रिभुवन विश्वविद्यालय कमिटिको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १९५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. १९८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २०० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २०१ ।

त्रिभुवन विश्वविद्यालय कमिटिको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २०७, २२१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २१५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २२५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २२७।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), वार्षिक रिपोर्ट २०१६/२०१७।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. २१७, २२८, २३०, २३२, २७८।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३०३।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३०४।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३१२।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ८२, ८४,

१४२, १६६। १८७, १९२, १९६, २२५, २३८-२४०, २४८-२४९, २७८, २८८, २९३-२९४, २९६, ३३२, ३३४।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३३९।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१६/४/१९-२०१७/३/२०), निर्णय नं. ३६०।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ८, १०।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ९।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ४।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), आदेश नं. १९।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २० ।

त्रिभुवन विश्वविद्यालय कमिटिको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ३६, ९८, १३० र १६३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ३८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ४१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ५३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ५५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ५६ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ५७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ७७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ८१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ८२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १०६ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १०९ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १११ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ११३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १४३ ।

त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको आदेश नं. ७/०१८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १७३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १८५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १८८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १८५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १९० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १९१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १९२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १९४ ।

त्रिभुवन विश्वविद्यालय कमिटी (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. ३४, ६४, ६५, १५२, १५३, १६८, १६९, १७६-१७९, १८४ र १९८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५) निर्णय नं. ४३ ।

(उप कुलपतिको आदेश नं. १२/०१७),

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. १८९ र आदेश नं. ४४ पछि रहेको टिप्पणी ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २०३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २०८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २११ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २१९ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २३० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २४६ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१७/४/३१-२०१८/४/५), निर्णय नं. २५२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वार्षिक रिपोर्ट, वि.सं. २०१७, पृ. १ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४) निर्णय नं. १६ ।

त्रिभुवन विश्वविद्यालय कमिटिको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ३६ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. ५७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. ६५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. ६६ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. ६७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. ८० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. ८६ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. १२२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. १३० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. १५८ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. १५९ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. ३, पृ. १५९ (पछि) ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. १६० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. १६३ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक ((२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. १७४ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४),
निर्णय नं. १०५-१०९, १३९-१४१, १७०-१७२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १७५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. १९२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २०४ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २०७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं.२११ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं.२१२ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २२० ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २२५ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २२७ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१८/४/२४-२०१९/३/२४), निर्णय नं. २३१ ।

त्रिभुवन विश्वविद्यालय कमिटीको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ७, १४ ।

**त्रिभुवन विश्वविद्यालय सिण्डिकेट**

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ११ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४ २०२०/३/९), निर्णय नं. २६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ३५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ४८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ६७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ६७ पछि उल्लेख गरिएको ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ९५, ९८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १०२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. ११०, ११४, १४४ र १७२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १२७, १४५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १३२-१३३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १५१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १६९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १७२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १८७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९) ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. १९२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं.२०१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २०४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०१९/४/१४-२०२०/३/९), निर्णय नं. २०५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१, (१-२०३), परिच्छेद १३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. २९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ३०, ३४, ४० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), परिच्छेद १५, पृ. ५५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ६० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ६४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ७०, ७१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ७३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ८८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ९१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ९३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. ९८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०३ पछि उल्लिखित ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १०८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १२१, १४७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १२५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १४६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १५५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१ (१-२०३), निर्णय नं. १६० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१), निर्णय नं. १६२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२०/४/२०-२०२१/३/३१)

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ३४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ४६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ४८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ४०, ५९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ७१ग ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ७७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ७८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. ११४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १२१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १२५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १२८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १३३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १४५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १४६–१४७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १४९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२१/४/२०-२०२२/३/३०), निर्णय नं. १५१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं.७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १६ र ५९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ३९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ४० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ४४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ५५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ६२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं.८९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ९२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ९५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १०३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ९७, १३१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. ११८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १३२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १३३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १३७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १३९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १६१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं १६७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १७१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १७३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १७४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १७७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. १९८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २०० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२२/४/७-२०२३/३/२८), निर्णय नं. २०६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. २४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. २५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. २८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ३५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ३७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ४१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ४८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ५८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ६८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ८३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ८४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ९८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ९९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १०० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १११ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ११३ ।

त्रिभुवन विश्वविद्यालय सण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. २६, ८७ र १२१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १२६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १३९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १४३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १४९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. ५२, १७२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १८३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १७१, १८८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५), निर्णय नं. १९१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२३/४/८-२०२४/३/२५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१ (१-२४३), निर्णय नं. १५ख ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं.४२,

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ५० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ५१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ५२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ७४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ७६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ७९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ८८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ११४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ११६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १५६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १६० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १७३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. ८२, १२४, १७४

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १८१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १८८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३-२०२५/३/३१), निर्णय नं. १९२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२४/४/२३ २०२५/३/३१), निर्णय नं. ४५ पछि परेको निवेदन ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.२५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ३१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ३२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.३५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ५८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ७४ पछि वार्षिक रिपोर्ट २०२६/०२७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ८१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ८७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय न. १०७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. ११० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १३७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १८० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १८२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं.१८३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १८८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १९२ पछि रहेको 'आर्थिक सहायता समितिको वैठक', पृष्ठ अनुल्लिखित बाट ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २०३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १४७, १७३, १९८ र २०८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २२० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १६० र २३४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २३७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २४४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २५१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. १९०, २५२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१), निर्णय नं. २५५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२५/४/२१-२०२६/३/३१) ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. २४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ४० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ४५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ५५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६) निर्णय नं. ६५ पछि उल्लेख गरिएको निर्णय ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), पृ. ६६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ७३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ७९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ९८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १०९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. ११७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १३३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १५२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १५७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं.७८, ९५, १२८ र १५९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १६३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १६४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १६५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२६/४/२१-२०२७/३/२६), निर्णय नं. १७१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १२ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २१ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २, २५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. २८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ४६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ४९ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ६, ३८-४६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ६० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ७० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ७४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ९७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ९८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ११५ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ११७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १३४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. ५५, ९३, १३६ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १४३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १५० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२७/४/१४-२०२८/३/१०), निर्णय नं. १५८ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. ४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. १० ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. २३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. २७ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. ४३ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. ७४ ।

त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको वैठक (२०२८/४/२१-२०२८/११/२), निर्णय नं. ७६ ।

**त्रिभुवन विश्वविद्यालय सिनेट**

त्रिभुवन विश्वविद्यालय सिनेटको २०२०/३/१६ को वैठकको निर्णय ।

त्रिभुव विश्वविद्यालय सिनेटको २०२०/७/२० को वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय सनेटको २०२२ को वैठक पुस्तिका, 'त्रिभुवन विश्वविद्यालय (तेस्रो संशोधन) ऐन, २०२२

त्रिभुवन विश्वविद्यालय सिनेटको निर्णय (२०२३/३/१३–२०२६.११.९), प्रस्तव नं. ८ ख

त्रिभुवन विश्वविद्यालय सिनेटको निर्णय (२०२६/११/९, ११-१२)

त्रिभुवन विश्वविद्यालय सिनेटको २०२७ साल असार २९, ३१ तथा साउन १ गते बसेको साधारण वैठकको निर्णय नं. ३

त्रिभुवन विश्वविद्यालय सिनेटको २०२७ साल फागुन २३ र २४ गते बसेको साधारण वैठकको निर्णय नं. ७ (ख)

त्रिभुवन विश्वविद्यालय सिनेटमा 'प्रस्तावित राष्ट्रिय शिक्षा पद्धतिको मसौदा योजना' माथि व्यक्त भएका विचारहरुको सारांश, २०२७ फागुन २४

**त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समिति**

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३२ साल फागुन २२ गते बसेको वैठकको निर्णय नं. ३ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३२ साल फागुन २२ गते बसेको वैठकको निर्णय नं. २२३ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३२ साल चैत्र २२ गते बसेको वैठकको निर्णय, परिच्छेद-३० ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३३ साल कार्तिक ५ गते बसेको वैठकको निर्णय नं. ५ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समतिबाट स्वीकृत-२०३३/११/३, परिच्छेद-३४, पुस्तक खरिद विनियम ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३६ साल कार्तिक ३० गते बसेको बैठकको निर्णय नं. ५ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३६ साल पौष २३ गते बसेको बैठकको निर्णय नं. २० ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३६ साल फागुन २८ गते बसेको वैठकको निर्णय नं. ३५, ३६ र ६८ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३७  साल मंसिर १ गते बसेको वैठकको निर्णय नं. ७३ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३७ साल फागुन १४ गते बसेको वैठकको निर्णय, निर्णय नं. १५५ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३८ साल कार्तिक ७ गते बसेको बैठकको निर्णय नं. ११ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३८ साल फागुन ५ गते बसेको बैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३९ साल जेठमा बसेको वाह्रौं वैठकमा प्रस्तुत प्रस्ताव ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३९ साल माघ ९ गते बसेको बैठकको निर्णय नं. १३१ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणि समितिको २०३९ साल माघ ९ गते बसेको बैठकको निर्णय नं. १४१ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३९ साल माघ ९ गतेको बसेको वैठकको निर्णय नं. १४३, १४४ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०३९ साल माघ ९ गते बसेको बैठकको निर्णय नं. १९३ ।

त्रिभुवन विश्वविद्यालय कार्यकारिणी समितिको २०४१ साल साउन १० गते वुधवार बसेको वैठकको निर्णय नं. २० ।

**त्रिभुवन विश्वविद्यालय प्राविधिक समिति**

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको वैठकको निर्णय नं. १० ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको वैठकको निर्णय नं. १८, १९ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको वैठकको निर्णय नं. २० ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ५ गते बसेको वैठकको निर्णय नं. १३ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ मा बसेको वैठकको निर्णय नं. ६ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गते बसेको वैठकको निर्णय नं. १२ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गते बसेको वैठकको निर्णय नं. १० र १७ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गते बसेको वैठकको निर्णय नं. १३ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल भदौ ११-१३ गते बसेको वैठकको निर्णय नं. १४ र १५ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल असोज २०-२१ र २४ गते बसेको वैठकको निर्णय ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०२९ साल मंसिर २३ गते बसेको वैठकको निर्णय नं. १६ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल कार्तिक महिनाको वैठकको निर्णय नं. १९ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० साल पौष ४ गते बसेको तेस्रो बैठकको निर्णय नं. २३ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३० फागुन २८ गतेका दिनको बैठकको निर्णय नं. ३७ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख २ गते बसेको वैठकको निर्णय नं. ४८ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख ३०, जेठ १-५ गते बसेको वैठकको निर्णय नं. ७ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल वैशाख ३०, जेठ १-५ गते बसेको वैठकको निर्णय नं. ७.१३ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ १०-१३ गते बसेको वैठकको निर्णय नं. ४ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ महिनाको वैठकको निर्णय नं. १५ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ १०-१३ गते बसेको वैठकको निर्णय नं. १८ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल भदौ १०-१३ गते बसेको वैठकको निर्णय नं. ३४ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३१ साल माघ १४ गते बसेको वैठकको निर्णय नं. ४७ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको २०३२ साल भदौ महिनाको बैठकबाट स्वीकृत 'त्रिभुवन
विश्वविद्यालय अभिलेख सम्बन्धी विनियम

**त्रिभुवन विश्वविद्यालय सभा**

विश्वविद्यालयका सहकुलपति शिक्षा मन्त्रीको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय स्मृति भवन, कीर्तिपुरमा २०२९ कार्तिक २४-२६ गते बसेको त्रिभुवन विश्वविद्यालय सभाको वैठकको निर्णय

विश्वविद्यालयका प्रो.चान्सलर शिक्षा मन्त्रीको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालय स्मृति भवन, कीर्तिपुरमा २०२९ साल चैत्र २२ गते बसेको त्रिभुवन विश्वविद्यालय सभाको वैठकको निर्णय

त्रिभुवन विश्वविद्याल सभाको वैठक (२०२८/११/२६-२०३२/३/२७), २०३१ साल असार १४ गते शुक्रवार को निर्णय ।

त्रिभुवन विश्वविद्यालय सभाको २०२९ साल चैत्र २२ मा बसेको वैठकको निर्णय

त्रिभुवन विश्वविद्यालय सभाको २०३० साल असार २६ गते सोमवार बसेको वैठकको निर्णय

२०३२ साल मंसिर २९ गते सोमवारका दिन त्रिभुवन स्मृति भवन, कीर्तिपुरमा बसेको त्रिभुवन विश्वविद्यालय सभाको असाधारण वैठकबाट पारित 'त्रिभुवन विश्वविद्यालयनियममा संशोधन', माइनुट, परिच्छेद-८

**विविध सामग्री**

'त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित हुने उत्तर मध्यमा र शास्त्री परीक्षाहरूका निम्ति सन् १९७२ को परीक्षादेखि लागू हुने आंशिक परीक्षा सम्बन्धी नियमहरू' उल्लिखित लिथो गरिएको दुई पृष्ठको सामग्री ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुरको अभिलेख शाखामा २१० पृष्ठ जतिको लिथो गरिएको एउटा सामग्री फेला परेकोछ । यसको अगाडीको शीर्षक, तयार गर्नेको नाम-विवरण, मिति आदि केही उल्लेख पाइँदैन, सम्भवतः च्यातिएको हो । सामग्रीको थालनीमा कलमले 'रा.शि.प.प्रारम्भ भएदेखि उ.शि.को क्षेत्रमा भएका उपलब्धि र कमजोरीहरू सम्बन्धमा गठिन समितिको प्रारम्भिक प्रतिवेदन' लेखिएको छ । त्यसपछि 'विषय सूची' रहेको छ ।

केन्द्रीय पुस्तकालयका लाइब्रेरियनले ‘पुस्तकालय समस्या’ विषयमा उपकुलपति सूर्यबहादुर शाक्यलाई २०३१ साल चैत्र १२ गते, पत्र संख्या-१०३१ मा लेखेको तीन पृष्ठ लामो पत्र ।

## प्रकाशित सामग्री

### सरकारी प्रकाशन

श्री ५ को सरकार, *नेपाल गजेट,* काठमाडौंः श्री ५ को सरकार, भाग-२, खण्ड-९, संख्या-८, २०१६ ज्येष्ठ २५

श्री ५ को सरकार, *नेपाल गजेट,* काठमाडौंः भाग-२, खण्ड-९, संख्या-८, २०१६ साल जेठ २५ गते

श्री ५ को सरकार, *नेपाल राजपत्र,* काठमाडौंः श्री ५ को सरकार, भाग-२, खण्ड-२१, अतिरिक्ताङ्क-३१ (क), २०२८ भदौ २४

श्री ५ को सरकार, *त्रिवर्षीय योजना २०१९-२०२२,* नेपालः राष्ट्रिय योजना परिषद्, वि.सं. २०१९

श्री ५ को सरकार, *तेस्रो योजना २०२२-२०२७,* नेपालः राष्ट्रिय योजना परिषद्, आर्थिक योजना मन्त्रालय, वि.सं. २०२२

श्री ५ को सरकार, *चौथा योजना २०२७-२०३२,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०२७

श्री ५ को सरकार, *पाँचौं योजना २०३२-२०३७,* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३२

श्री ५ को सरकार, *छैठौं योजना २०३७-२०४२ (भाग-१),* नेपालः श्री ५ को सरकार राष्ट्रिय योजना आयोग, वि.सं. २०३७

The Patna University Act 1917 (An Act To Establish And Incorporate A University At Patna) (Passed by The Governor General of India in Council). This Act came into force on the Ist of October, 1917

**प्रतिवेदन**


कलेज अफ एजुकेसन, *नेपालमा शिक्षा: नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण,* काठमाडौँ: सन् १९५६

थापा, विश्वबन्धु, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट, वि.सं. २०१८

शाही उच्च शिक्षा आयोग, *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०४०,* काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं. २०४०

राष्ट्रिय शिक्षा पद्धतिको योजनाको मध्यावधि मूल्याङ्कनपछिको 'सिंहावलोकन तथा सुझवहरु' लिथो गरिएको २०८ पृष्ठ भएको सामग्री, वि.सं.२०३५ (यो लिखतको अगाडिको पाना नभएकाले अन्य जानकारी प्राप्त हुन सकेन) (अप्रकाशित)

शाही उच्च शिक्षा आयोगद्वारा गठित अनुसन्धान कार्य टोलीको प्रतिवेदन, काठमाडौँ: शाही उच्च शिक्षा आयोग, वि.सं २०३९ (अप्रकाशित)

राष्ट्रिय शिक्षा पद्धतिको योजना प्रारम्भदेखि उच्च शिक्षाको क्षेत्रमा भएका उपलब्धि र कमजोरीहरु सम्बन्धमा गठित समितिको प्रारम्भिक प्रतिवेदन, वि.सं. २०४९ (अप्रकाशित)

राष्ट्रिय शिक्षा आयोग, *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन: २०४९,* काठमाडौँ: राष्ट्रिय शिक्षा आयोग, वि.सं. २०४९

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५,* काठमाडौँ: उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, वि.सं. २०५५

विश्वविद्यालय क्षेत्रमा अधिग्रहण गरिएको जमिन सम्बन्धी अध्ययन समितिले सिफारिसका साथ २०२४ साल असार १६ गते पेश गरेको प्रतिवेदन । यो प्रतिवेदन विश्वविद्यालय सिण्डिकेट वैठक पुस्तिका २०२४/४/२३-२०२५/३/३१ को निर्णय नं. ४५ पछि राखिएको छ (अप्रकाशित)

त्रिभुवन विश्वविद्यालय सिनेटको २०२२ को वैठक पुस्तिका, 'त्रिभुवन विश्वविद्यालय (तेस्रो संशोधन) ऐन, २०२२

त्रिभुवन विश्वविद्यालयको वार्षिक प्रतिवेदन २०२०-०२१ ।

त्रिभुवन विश्वविद्यालय, *त्रिभुवन विश्वविद्यालयको वार्षिक प्रतिवेदन,* वि.सं. २०२२-०२३

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर कलेजको विकास सम्बन्धी प्रतिवेदन २०२४/२०२५

त्रिभुवन विश्वविद्याल, नवौं वार्षिक प्रतिवेदन २०२४/०२५ ।

त्रिभुवन विश्वविद्यालय, वार्षिक प्रतिवेदन २०२५/०२६ ।

Hugh B. Wood, *Recommendations for Education in Nepal,* Kathmandu: Bureau of publicatios, College of Education, 1959 AD

Ghana Shyam Rizal, *History of Education in Nepal(1851-1951),* A Dissertation submitted to the Faculty of Humanities and Social Sciences Tribhuvan University in Fulfilment of the Requirement for the Degree of Doctor of Philosophy, 1987 AD.

Tribhuvan University an Overview of its Programmes, Kathmandu: Research Division, Tribhuvan University, 1978 AD

**पटना युनिभर्सिटी, मिनट्स**

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः निर्णय नं. १४६, सन् १९१९ जुलाई २५

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः निर्णय नं. १७५, १९१९ सेप्टेम्बर २४ ।

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः निर्णय नं. ३७, सन् १९१९ नोभेम्बर ४

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः सन् १९२२ अगस्त ३, निर्णय नं. ६

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९२२ अक्टोवर १४, निर्णय नं. २

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९२५ अक्टोबर २७, निर्णय नं. १७५

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९२९ अगस्त १७, निर्णय नं. ५५

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९३५, सेप्टेम्बर १४, निर्णय नं. १४५

पटना युनिभर्सिटी, *मिनट्स अफ द सिण्डिकेट,* पटनाः १९३५ सेप्टेम्बर १४, निर्णय नं. १४६

पटना युनिवर्सिटी, मिनट्स अफ द सिण्डिकेट, पटनाः *१९५४-५५,* १९५५ फेब्रुअरी १४ (अर्डिनरी मिटिङ), निर्णय नं.२५६

**पुस्तक**

http://www.colombo-plan.org. (April 1, 2019)

इरिक्सन, वालफ्रेड, "लाइब्रेरिज इन नेपाल", *विल्सन लाइब्रेरी बुलेटिन, न्यूयोर्कः भोलम-३५, सन् १९६१*

एच. बि. उड, *द डेभलोपमेण्ट अफ एजुकेशन इन नेपाल,* वासिङ्गटनः यु.यस. डिपार्टमेण्ट अफ हेल्थ, एजुकेशन एण्ड वेलफेयर, ई.सं. १९६५

*एजुकेसनल क्वाटर्ली,* भोलम-२, नं.-२, सन् जुन १९५८

उड, ह्युग बी., *नेपाल डायरी,* ओरेगनः अमेरिकन नेपाल एजुकेसन फाउण्डेसन, सन् १९८७

उड, ह्यु.बी. र अरु, *नेपालमा शैक्षिक प्रगतिको ६ वर्ष (श्री ५ को सरकार शिक्ष मन्त्रालय र युनाइटेड स्टेट अपरेसन मिसनको निम्ति काम गरिरहेको ओरेगन विश्वविद्यालयको सामुहिक प्रयासबाट विकास गरिएको योजनाको एक विवरण सन् १९५३-१९५९),* काठमाडौंः प्रकाशन विभाग, कलेज अफ एजुकेसन, सन् १९५९

उप्रेती, त्रैलोक्यनाथ, *विगतका पाना,* प्रकाशन स्थान अनुल्लिखित, श्रीमती सत्यवती उप्रेती, वि.सं. २०६१

गौतम, माधवप्रसाद (सम्पा.), *महामना हरिहरगौतम स्मृतिग्रन्थ,* काठमाडौंः दधिराम मरासिनी स्मृति प्रतिष्ठान, वि.सं. २०६५

झा, नारायण, *नेपालको शैक्षिक दर्पण,* प्रकाशन स्थान अनुल्लिखित, श्रीमती जगतारिणीदेवी झा, वि.सं. २०४४

ढकाल, शिव, *अभिलेखका पानाहरु,* प्रकाशन मिति अनुल्लिखित, श्रीमती निता घिमिरे र श्रीमति मन ढकाल, वि.सं. २०६१

देवकोटा, गृष्मबहादुर, *नेपालको राजनीतिक दर्पण,* काठमाडौंः ध्रुवबहादुर देवकोटा, वि.सं. २०३६ (द्वितीयावृत्ति)

Negro, Piero Del (ed.), *The University of Padua (Eight Centuries of History),* Padova: Signum Padova Editrice s.a.s., 2003 A.D.

पराजुली, कृष्णप्रसाद (सम्पा.), *नेपाल राष्ट्रिय विद्यापीठ,* तेस्रो सँगालो, २०२५ साल वर्षा

पाण्डे, रुद्रराज (सम्पा.),*नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण,* काठमाडौंः कलेज अफ एजुकेसन, सन् १९५६

पासा, वासु, *फर्केर हेर्दा,* पासा प्रकाशन, वि.सं.२०५५ (द्वितीय संस्करण)

पंगेनी, भवेश्वर, *केन्द्रीय पुस्तकालयका पाँच दशह (वि.सं. २०१६-२०६६),* त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, वि.सं. २०६८

................, *डा.के.आई.सिंह र नेपालको राजनीति (वि.सं. २००७-२०१७),* नयाँदिल्लीः एड्रोयट पब्लिसर्स, सन् २००५

................, "धवलपुस्तकालयः पुस्तक पढ्ने दलानका रूपमा", *पथ प्रदर्शक,* पाल्पाः धवल पुस्तकालय, वि.सं. २०६६

................, *पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलनः २००७,* तौलिहवाः शोभादेवी भोलानाथ ट्रष्ट, वि.सं. २०५३

................, "चन्द्रशमशेरका पालमा भारतमा पठाइएका विद्यार्थीहरूको छात्रवृत्ति सम्बन्धी व्यवस्था", *प्राचीन नेपाल,* संख्या-१४५, २०५७ साल असार

................, *शिक्षाको इतिहास,* काठमाडौँः शहीद स्मारक कलेज, वि.सं. २०७३

................, "त्रिभुवन विश्वविद्यालय स्थापना सन्दर्भ र पहिलो दीक्षान्त समारोह", *त्रिभुवन विश्वविद्यालयः दीक्षान्त भाषणहरुको सङ्ग्रह ( २०१७-२०७४*), काठमाडौँः त्रिभुवन विश्वविद्यालय, वि.सं. २०७५

*बालागुरु षडानन्द सम्बन्धी अभिलेख तथा कागजात,* काठमाडौँः आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान, वि.सं. २०७०

भण्डारी, कृष्णमणि, "त्रिभुवन युनिभर्सिटी सेण्ट्रल लाइब्रेरी", *त्रिभुवन विश्वविद्यालय ४४ औं वार्षिक दिवस विशेषाङ्क,* वि.सं. २०६०

माथेमा, दयारामभक्त, *अनुभव र अनुभूति,* काठमाडौँः दया फाउण्डेसन, वि.सं. २०७३

मुरलीपुत्र, "जितजंग", *नेपाली,* वि.सं. २०३०, वैशाख-असार

रेग्मी, शिव, "नेपालमा सार्वजनिक पुस्तकालय", *हाम्रो पुरुषार्थ,* वर्ष-२६, अङ्क-१, वि.सं. २०५५

रोङ्गोङ, राजेन्द्रकुमार, 'डा पन्नालाल प्रधान', *डा.पन्नलाल प्रधान स्मृतिग्रन्थ,* काठमाडौँः श्री दिनेशकुमार श्रेष्ठ, वि.सं. २०६४

वर्न, चार्ल्स डी., "नेपालको लागि कस्तो युनिभर्सिटी",*नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-१, अंङ्क-५, २०१४ भदौ

शर्मा, गोपीनाथ, *नेपालमा शिक्षाको इतिहास (भाग १),* काठमाडौँः मकालु प्रकाशन गृह, २०६९ (दोस्रो संस्करण)

Shakya, Soorya Bahadur, *Establishing and Development of Tribhuvan University (1955-19730),* Kathmandu: Research Division, Tribhuvan University, 2009 AD (Second Printing)

Haynes, Nick and Clive B. Fenton, *Building Knowledge: An Architectural History of the University of Edinburgh,* Edinburgh: Historic Environment Scotland (nd)

**पत्रिका/अखबार**

त्रिभुवन विश्वविद्यालय बुलेटिन

*त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष १, अङ्क १, २०२४ साल भदौ ३ गते

*त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष १, अङ्क १, २०२४ साल भदौ ३ गते

*त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१, अङ्क-१, २०२४ साल भदौ ३ गते

*त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१, अङ्क-५-६,२०२४ साल पौष-माघ

*त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१, अङ्क-८, २०२४ साल चैत्र

*त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-१, अङ्क-९–१०, २०२५ साल वैशाख जेठ

*त्रिभुवन विश्वविद्याल बुलेटिन,* वर्ष-१, अङ्क-१२, २०२५ साल साउन

*त्रिभुवन विश्वविद्यालय बुलेटिन,* वर्ष-२, अङ्क-१, २०२५ साल भदौ

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२ अङ्क-२, २०२५ साल असोज
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२ अङ्क-३, २०२५ साल कार्तिक
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२ अङ्क-५, २०२५ साल पौष
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२ अङ्क-७, २०२५ साल फागुन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२ अङ्क-९, २०२६ साल वैशाख
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२ अङ्क-१०, २०२६ साल जेठ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२, अङ्क-११ चैत्र, २०२६ साल असार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२ अङ्क-१२, २०२६ साल साउन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-३ अङ्क-२,३, २०२६ साल असोज, कार्तिक
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-३, अङ्क-५,६ २०२६ साल पौष, माघ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-३ अङ्क-१०, २०२७ साल जेठ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-३, अङ्क-१२, २०२७ साल साउन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-४, अङ्क-२,३, २०२७ साल असोज, कार्तिक
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-४ अङ्क-५ २०२७ साल पौष
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-४, अङ्क-६,७ ,२०२७ साल माघ-फागुन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-४, अङ्क-१०, २०२८ साल जेठ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-४, अङ्क-११, २०२८ साल असार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-४, अङ्क-१२, २०२८ साल साउन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-५, अङ्क-७, २०२८ साल फागुन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-५ अङ्क-९, २०२९ साल वैशाख
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-५, अङ्क-१०, २०२९ साल जेठ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-५ अङ्क-११ २०२९ साल असार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-५, अङ्क-१२, २०२९ साल साउन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-६, अङ्क-१, २०२९ साल भदौ

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-६ अङ्क-२,३ २०२९ साल असोज, कार्तिक
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-६ अङ्क-६ २०२९ साल माघ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-६, अङ्क-७, २०२९ साल फागुन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-६, अङ्क-८, २०२९ साल चैत्र
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-६, अङ्क-१०, २०३० साल ज्येष्ठ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-६, अङ्क-१२, २०३० साल साउन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-२, २०३० साल कार्तिक
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-४, २०३० साल पौष
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-६ २०३० साल फागुन-चैत
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-५, २०३० साल फागुन-चैत
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-७, २०३१ साल वैशाख
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-८, २०३१ साल जेठ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-९, २०३१ साल असार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-१०, २०३१ साल साउन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-७, अङ्क-११-१२, २०३१ साल भदौ-असोज
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-८, अङ्क-१, २०३१ साल कार्तिक
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-८ अङ्क-२ २०३१ साल मंसिर
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-८, अङ्क-४ २०३१ साल माघ
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-८, अङ्क-५, २०३१ साल फागुन
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-२, २०३४ साउन १६ गते
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-३, २०३४ साउन २३ गते आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-१९, २०३४ साल पौष
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-२१, २०३४ साल पौष १७ गते आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-२५, २०३४ माघ १६ गते आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-२६, २०३४ माघ २३ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१०, अङ्क-४४, २०३५ साल जेठ २९ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-५, २०३५ साल साउन २९ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-७, २०३५ साल भदौ ११ गते आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-९, २०३५ साल भदौ २५ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-१०, २०३५ साल आश्विन ८ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-१५, २०३५ साल कार्तिक १९ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-१९, २०३५ साल मंसीर ११ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-२२, २०३५ साल पौष ९ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-२९, २०३५ साल माघ २८ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-३५, २०३५ साल चैत्र १२ गते, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-३८, २०३६ साल वैशाख २, आइतवार
*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-४०, २०३६ साल वैशाख १६ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-४१, २०३६ साल वैशाख २३ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-४२, २०३६ साल वैशाख ३० गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-४३, २०३६ साल जेठ ६ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-११, अङ्क-४४, २०३६ साल जेठ १३ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१२, अङ्क-४, २०३६ साल साउन १३ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१२, अङ्क-५, २०३६ साल साउन २० गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१२, अङ्क-२५, २०३६ साल माघ ६ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१२, अङ्क-४५, २०३७ साल जेठ २६ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१२, अङ्क-४७, २०३७ साल असार ९ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१३, अङ्क-७, २०३७ साल भदौ २२ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१५, अङ्क-२, २०३८ साल असार २७ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१४, अङ्क-९, २०३८ साल भदौ २१ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१४, अङ्क-६, २०३८ साल मंसिर ७ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१४, अङ्क-१९, २०३८ साल मंसीर २१ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१४, अङ्क-३१, २०३८ साल फागुन १० गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१४, अङ्क-४९, २०३९ साल असार १३ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१५, अङ्क-८, २०३९ साल भदौ ६ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१५, अङ्क-१६, २०३९ साल कार्त्तिक २१ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१५, अङ्क-२३, २०३९ साल पौष १८ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१५, अङ्क-२४, २०३९ साल पौष २५ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१५, अङ्क-३०, २०३९ साल फागुन १५ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, विशेषाङ्क (त्रिभुवन विश्वविद्यालयको २४ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित), २०४० साल साउन

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१६, अङ्क-२, २०४० साउन १५ गते, आइतवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१६, अङ्क-२६, २०४० साल फागुन १८ गते, विहिवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१६, अङ्क-३३, २०४१ वैशाख ७ गते, विहिवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१६, अङ्क-३५, २०४१ वैशाख २१ गते, विहिवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-१६, अङ्क-३८, २०४१ साल जेठ ११ गते, विहिवार

*त्रिभुवन विश्वविद्यालय बुलेटिन* (रजत जयन्ती विशेषाङ्क), वर्ष-१७, अङ्क-१, २०४१ साल असार २५ गते

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*, वर्ष-२१, अङ्क-६, २०४५ साल असोज १६ गते

**गोरखापत्र**

*गोरखापत्र,* भाग-४८, २००५ साल भदौ १० गते ।

*गोरखापत्र,* भाग-४८, २००५ साल भदौ १२ गते ।

*गोरखापत्र,* भाग-४८, २००५ साल भदौ १३ गते ।

*गोरखापत्र,* भाग-४८, २००५ साल भदौ २२ गते सोमबार ।

*गोरखापत्र,* भाग-४८, २००५ साल भदौ २६ शुक्रबार ।

*गोरखापत्र,* भाग-४८, २००५ साल असोज २१ गते ।

*गोरखापत्र,* २००६ साल माघ १७ गते सोमबार ।

*गोरखापत्र,* भाग-५०, २००६ साल माघ २१ ।

*गोरखापत्र,* वर्ष-५५, संख्या-१४०, २०१२ साल चैत्र २० गते सोमबार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-२, २०१३ साल वैशाख ४ गते सोमबार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-५, २०१३ साल वैशाख १३ गते बुधबार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-३२, २०१३ साल असार ११ गते सोमबार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-४७, २०१३ साल साउन २४ वुधवार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-५१, २०१३ साल भदौ २ शुक्रवार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-८६, २०१३ साल मार्ग १३ वुधवार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-८७, २०१३ साल मार्ग १५ शुक्रवार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-९१, २०१३ साल मार्ग २९ गते शुक्रवार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-९४, २०१३ साल पौष ७ गते शुक्रवार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-९७, २०१३ साल पौष १४ शुक्रवार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-१३१, २०१३ साल चैत्र १४ गते बुधबार ।

*गोरखापत्र,* वर्ष-५६, संख्या-१३४, २०१३ साल चैत्र २१ गते वुधबार ।

*गोरखापत्र,* वर्ष-५७, संख्या-१८, २०१४ साल ज्येष्ठ १४ गते सोमबार ।

*गोरखापत्र,* वर्ष-५७, संख्या-४१, २०१४ साल साउन २५ गते शुक्रबार ।

*गोरखापत्र,* वर्ष-५७, संख्या-६५, २०१४ साल भदौ ३१ गते सोमबार ।

*गोरखापत्र,* वर्ष-५७, संख्या-८४, २०१४ साल कार्तिक २८ गते वुधबार ।

*गोरखापत्र,* वर्ष-५७, संख्या-१०८, २०१४ साल पौष २७ गते शुक्रबार ।

*गोरखापत्र,* वर्ष-५७, संख्या-१२८, २०१४ साल फागुन १७ गते शुक्रबार ।

*गोरखापत्र,* वर्ष-५८, संख्या-१०, २०१५ साल वैशाख २५ गते वुधबार ।
*गोरखापत्र,* वर्ष-५८, संख्या-१६, २०१५ साल ज्येष्ठ ८ गते वुधबार ।
*गोरखापत्र,* वर्ष-५८, संख्या-२१, २०१५ साल असार ९ गते सोमबार ।
*गोरखापत्र,* २०३० साल असार १४ गते विहिवार ।
*गोरखापत्र,* २०३० साल असार १७ गते आइतबार ।
*गोरखापत्र,* २०३० साल असार १९ गते मंगलवार ।
*गोरखापत्र, (शनिवारीय परिशिष्ट),* २०५६ कात्तिक २० गते शनिवार

**नेपाल शिक्षा**

*नेपाल शिक्षा,* (नेपाल शिक्षा विभागको मासिक मुखपत्रिका), काठमाडौँः आधार साहित्य समिति, संख्या-१,
ठेली-१, २००५ साल असोज १५
*नेपाल शिक्षा,* काठमाडौँः आधार शिक्षा समिति, ठेली-१, संख्या -१०, २००६ साल असार १५
*नेपाल शिक्षा,* काठमाडौँः आधार साहित्य समिति, ठेली-२, संख्या-१, २००६ साल असोज १५

**नवीन शिक्षा**

*नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-१, अङ्क-९, २०१४ पौष
*नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अङ्क-१, २०१५ साल वैशाख
*नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अङ्क-२, २०१५ ज्येष्ठ
*नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अङ्क-३, २०१५ असार
*नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अङ्क-५, २०१५ भदौ
*नवीन शिक्षा मासिक पत्रिका,* वर्ष-२, अङ्क-७, २०१५ कार्तिक

* * *